CC-0. Digitized by eGangotri and MIDF- Delhi

॥ श्रीः ॥

अनन्त

(श्रीगीतातात्पर्य-ग्रन्थमालायां चतुर्थपुष्पम्)

गीता-तात्पर्य

श्रीमद्भगवद्गीता

[illegible], [illegible], [illegible] [illegible] [illegible] सहित

लेखक—

स्वामी [illegible]

गीतातत्त्वान्वेषाश्रम, सरस्वती-

[illegible], [illegible], [illegible], नेपाल

श्रीविक्रम सम्वत् २०१५

विजयादशमी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री रामेश्वर-शर्मा भट्टराइ
2074

श्रीः

तत्सत्

(श्रीगीताध्ययनग्रन्थमालाको चतुर्थ पुष्प)

गीता-तात्पर्य

श्रीमद्भगवद्गीता—

अवतरणिका, अन्वयार्थ, सरलार्थ तथा तात्पर्य सहित

लेखक तथा प्रकाशक

स्वामी ईश्वरानन्द,

गीता-प्रचार-आश्रम, सरस्वती-

अखडा, स्वयम्भूः, काठमाण्डू, नेपाल

श्रीविक्रम सम्वत् २०१५

विजयादशमी

खिस्ताब्द १९५८

मूल्य

भा.रु. ७)

सजिल्द ,, ८)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण २०००

मुद्रक—श्री परेशनाथ घोष, सरला प्रेस, वाराणसी-१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समर्पण

हे प्रभो ! तपाईंको लीला अपरम्पार छ । कहाँ विश्व-रूप तपाईंका हृदयको वाङ्मय 'गीता', कहाँ यो तुच्छ नगण्य व्यक्तिको बुद्धि ! परन्तु तपाईं अघटित-घटना-चातुरी शक्तिका साथ विश्वका अणु-अणुमा पसी सबैलाई कठपुतली जस्तै नचाएर असम्भवलाई पनि सम्भव गराएर रायोलाई पर्वत र पर्वतलाई रायो गराउनुहुन्छ । तपाईंको कृपा भयो भने लाटो वाचाल हुन्छ, लँगडो पर्वत नाघ्द छ । ज्यादा के तपाईंको एक भृकुटी-भङ्गमा विश्वकै सृष्टि-स्थिति-प्रलय हुन्छ । अतएव हे विश्वनियन्ता ! तपाईं बाहेक मेरो न केही शक्ति छ, न सत्ता ! केवल आज्ञा-पालन मात्र गरेको छु। यसमा मेरो केही पनि छैन, जो जति छ त्यो सबै तपाईं कै हो, तपाईंकै प्रेरणाद्वारा भएको हो; तपाईंको कृति तपाईं-लाई नै समर्पण गर्दछु ।

* ॐ तत्सत् *

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्षिप्त विषय

विषय	पृष्ठ
(१) गीता तात्पर्यको विषय-सूची	क-ढ
(२) भूमिका	१-१०
(३) श्रीमद्भगवद्गीताकी प्रशस्तमहिमाशालिनी प्रस्तावना	११-१४
(४) गीता-माहात्म्य	१५-१८
(५) गीतापाठ-विधि	१९
(६) न्यास-ध्यान	२०-२४
(७) गीता-तात्पर्य	१-७२६
(८) कुमाऊँ भाषामें दोशब्द	१
(९) हिमालयको टाकुरो	२-३
(१०) दृढ धारणा	३
(११) उद्गार	४-५
(१२) सम्मति	६
(१३) सहायकहरूको नामावली	७-१०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोक्सिया शर्मा

विषय-सूचि

(१)

अर्जुनविषादयोग नाम गरेको

पहिलो अध्याय

विषय	पृष्ठ
१ गीताको पूर्व प्रसङ्ग	१
२ सञ्जयका प्रति धृतराष्ट्रको प्रश्न	२
३ (कुरुक्षेत्रको अर्थ, धृतराष्ट्रले कुरुक्षेत्रलाई 'धर्मक्षेत्र' विशेषण दिनाको तात्पर्य)	३
४ संजयको उत्तर	४
५ (धृतराष्ट्रको भावना, युधिष्ठिर र अर्जुनको सल्लाह, व्यूह रचना)	,,
६ दुर्योधनको द्रोणाचार्यसँग युद्धविषयक वार्तालाप (दुर्योधनको दुष्टाशय)	५
७ पाण्डव-सैन्यको वर्णन	६
८ (महारथी आदिको लक्षण)	७
९ कौरव-सैन्यको वर्णन	८
१० (अक्षौहिणी-प्रमाण, महाभारत युद्धमा सेनाको संख्या)	१०
११ सेनापति भीष्मको रक्षाको निम्ति आदेश	,,
१२ (शिखण्डीद्वारा भीष्मका प्रति शङ्का	११
१३ भीष्मको शंखनाद	,,
१४ कौरव-सेनामा रणवाद्य-घोष	१२
१५ श्रीकृष्ण र अर्जुनद्वारा दिव्य शंखनाद	१३
१६ पाण्डवहरूका शंखका नाम	,,
१७ पाण्डवहरूको शंखनादले कौरवहरूको मुटु थर्क्यो (हृषीकेशको अर्थ)	१५
१८ अर्जुनद्वारा कौरव-सैन्यको निरीक्षण	१६
१९ ('गुडाकेश'को अर्थ)	१९
२० आफ्ना सम्बन्धीहरूलाई देखेर अर्जुनलाई अत्यन्त करुणा हुन्छ, उनी थर्थरी कामूदछन् र खेदले व्याकुल हुन्छन्	२०
२१ शोकाकुल अर्जुनको शारीरिक र मानसिक दशा	२१
२२ अर्जुनको आफ्ना बन्धुवर्ग-कुल-कुटुम्बसँग युद्ध नगर्ने विचार	२५
२३ (आततायीको लक्षण)	२७
२४ लोभ पापको मूल हो	२८
२५ कुल-नाशको परिणाम	२९
२६ अर्जुन आफ्नू पहिलो विचारलाई आँफै धिक्कार दिन्छन्	३२
२७ (महायुद्धमा भविष्यको भीषण चित्र तथा कुलधर्म-जातिधर्मको उपयोग)	३२
२८ अर्जुनद्वारा धनुर्वाण-त्याग	३५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साङ्ख्ययोग नाम गरेको

दोस्रो अध्याय

विषय	पृष्ठ
२९ संजयद्वारा विषयको अवतारणा	३६
३० श्रीकृष्णको ओजस्वी वचन	३७
३१ (आर्यको लक्षण)	३८
३२ अर्जुनद्वारा गुरुवर्गका साथ युद्ध नगर्ने विचार	३९
३३ दोस्रो अध्यायका प्रतिपाद्य विषयहरू	४६
३४ गीतोपदेश प्रारम्भ—अर्जुनलाई शोक-रहित हुने उपदेश	४६
३५ (पण्डितको लक्षण)	४७
३६ भीष्म, द्रोण तथा कौरवादिका निम्ति किन शोक नगर्नु ? यसको उत्तर	४७
३७ शरीर र आत्माको विश्लेषणद्वारा मृत्युको स्वरूप-निर्णय	४८
३८ (आत्माको पूर्वजन्म तथा पुनर्जन्म शास्त्रयुक्ति-प्रमाणद्वारा सिद्ध)	४९
३९ पूर्वोक्त आत्मविचारबाट शोक नभए तापनि शरीर-वियोगबाट शोक अवश्य हुन्छ, यसको उत्तर	५०
४० (विषयको अस्थिरता प्रतिपादन)	५१
४१ द्वन्द्वहरूलाई सम देख्नाले फाइदा	५१
४२ द्वन्द्वहरू अन्तःकरणका धर्म हुन्, आत्माका होइनन्	५२
४३ दार्शनिक विचारबाट हेर्दा पनि शोक-मोह केही चीज होइनन्	५२
४४ (विषयहरूको क्षणभङ्गुरता तथा मिथ्यात्व-सिद्धि)	५३
४५ सद्वस्तुको विवरण	५४
४६ (सद्वस्तुको नाश नहुनामा प्रमाण)	५५
४७ आत्मा अविनाशी छ, देहादि क्षण-भङ्गुर छन् भन्ने ज्ञान भएपछि साँचो कर्तव्यको उदय हुन्छ	५५
४८ (प्रत्यक्षादि षट् प्रमाण-निरूपण)	५६
४९ आत्मविचारबाट शोक नभए पनि मार्नेलाई हिंसाको पाप अवश्य लाग्ला ! यसको समाधान	५८
५० आत्मा षड्भाव-विकाररहित छ	५९
५१ आत्मा नमर्ने भए 'मृत्यु' भन्ने व्यवहार कसमा हुन्छ ? यसको उत्तर	६१
५२ आत्माको नाश कुनैद्वारा पनि हुँदैन	६२
५३ निर्गुण-निराकार आत्मा	६३
५४ भौतिकवादको विचारबाट पनि आत्म-नाशको विषयमा शोक गर्ने ठाउँ छैन	६४
५५ साङ्ख्यदर्शनका युक्तिबाट पनि आत्मा अशोच्य सिद्ध हुन्छ	६६
५६ दुर्विज्ञेय आत्मा	६७
५७ सांख्य ज्ञानको उपसंहार	६८
५८ (धर्माधर्म या कर्तव्याकर्तव्यविवेचन)	६९
५९ स्वधर्मको शिक्षा	७०
६० क्षत्रिय राजाको कर्तव्य	७१
६१ यस युद्धबाट पराङ्मुख भएमा अर्जुन-लाई हुने दुष्परिणाम	७३
६२ अरूले निन्दा गरे पनि भीष्म-द्रोणादि महारथीहरूले मेरो करुणा देखेर प्रशंसा गर्नेछन् भन्ने अर्जुनको विचार भूल हो	७६
६३ युद्ध गरे शिष्टबाट निन्दा; नगरे शत्रु-बाट निन्दा; यस्तो दुवैतिर पाशो देख्नु उल्टो विचार हो	७७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
६४ अर्जुनको सामयिक कर्तव्य युद्धै हो, यसमा कर्मयोगका युक्तिहरू	७८
६५ (साधक-बाधक प्रमाणद्वारा सामयिक कर्तव्यको निर्णय)	७९
६६ कर्मयोगको महत्त्व	८०
६७ शुद्ध बुद्धिको र मलिन बुद्धिको वैलक्षण्य	८२
६८ वासनामयी या विक्षिप्त बुद्धिको विवरण	८३
६९ (मीमांसामतको आलोचना)	८४
७० अर्जुनलाई निष्काम हुने उपदेश	८५
७१ (सकाम कर्मप्रतिपादक वेदवचनको तात्पर्य)	८६
७२ सकाम कर्म त्यागेपछि मुमुक्षुले स्वर्गादि सुखबाट वञ्चित हुन पर्ला ! यसको समाधान	८७
७३ (विश्वका साना-ठूला सबै आनन्दहरूको ब्रह्मानन्दमै अन्तर्भाव हुन्छ)	८८
७४ कर्मयोगको अनुष्ठान-विधि	८९
७५ कर्मयोगको लक्षण	९०
७६ सकाम कर्मको निकृष्टता	९१
७७ (कर्म र बुद्धिको मधुर-मिलन नै कर्मयोग हो)	९२
७८ कर्मयोगको अर्को लक्षण	९३
७९ समत्व बुद्धियोगको अन्तिम फल	९४
८० निर्मल कुशाग्र-बुद्धि कहिले हुन्छ, यसको अवधि	९५
८१ ज्ञानको अवधि	९६
८२ (समत्वबुद्धियोगद्वारा विवेक-प्रज्ञा उत्पन्न भएपछि 'स्थितप्रज्ञ' हुन्छ)	,,
८३ 'स्थितप्रज्ञ'का विषयमा अर्जुनको जिज्ञासा	९७
८४ स्थितप्रज्ञको लक्षण	९८
८५ 'स्थितप्रज्ञ'को बोल-चाल	९९
८६ 'स्थितप्रज्ञ'को रहन-सहन	१०१
८७ किन्तु केवल बाहिरबाट इन्द्रिय रोकेर मात्रै विषयको आत्यन्तिक निवृत्ति हुँदैन	१०२
८८ इन्द्रिय-स्वभाव	१०३
८९ इन्द्रिय वश भएपछि मात्र 'स्थितप्रज्ञ' हुन्छ	१०४
९० (वासुदेवको चिन्तन इन्द्रिय-विजयमा सहायक हुन्छ)	१०५
९१ इन्द्रिय निरुद्ध छन् भने मन चञ्चल भएर पनि के हानि छ ? यसको उत्तर	१०६
९२ (विषय-चिन्तनको भीषण परिणाम)	१०६
९३ 'स्थितप्रज्ञ'को आचार-व्यवहार	१०८
९४ विरुद्ध शब्दद्वारा कर्मयोगको समर्थन	१०९
९५ अयुक्त (कर्मयोगरहित) पुरुषको दुर्दशा-वर्णन	११०
९६ कर्मयोगी र कर्मभोगीको स्थिति परस्परमा रात र दिन जस्तै उल्टो छ	११२
९७ 'स्थितप्रज्ञ' योगीको स्थिति	११३
९८ शान्ति-प्राप्तिका साधनहरू	११५

(३)

कर्मयोग नाम गरेको

तेस्रो अध्याय

विषय	पृष्ठ
९९ तृतीय अध्यायको प्रस्तावना	१२०
१०० कर्म र ज्ञानमा कुन श्रेष्ठ छ भन्ने अर्जुनको प्रश्न	१२१
१०१ भगवान् ज्ञान र कर्मको अधिकार-भेद छुट्याएर शङ्का-समाधान गर्नुहुन्छ	१२२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१०२ कर्म नगर्नु नैष्कर्म्यको लक्षण होइन	१२४
१०३ कर्म नगरी कोही पनि एक छिन रहन सक्तैन	१२५
१०४ बाहिरी कर्मको त्याग निष्कर्मता होइन, दम्भ हो	१२६
१०५ मनद्वारा नियन्त्रित इन्द्रियद्वारा कर्म गर्ने श्रेष्ठ छ	१२६
१०६ कर्म गर्नु र नगर्नुमा गर्नु नै श्रेष्ठ छ	१२७
१०७ यज्ञार्थ कर्म बन्धनका कारण हुँदैनन्	१२८
१०८ ('यज्ञ' शब्दको व्यापक अर्थ)	१२९
१०९ जगत्का साथ यज्ञको सम्बन्ध	१३०
११० कर्मचक्र	१३२
१११ आत्माराम ज्ञानी मात्र कर्मचक्रबाट मुक्त हुन्छन्	१३६
११२ (ज्ञानका सात भूमिका)	१३८
११३ कर्मकर्त्तव्यतामा पूर्वजहरूको आदर्श	१४१
११४ लोकमा श्रेष्ठ व्यक्तिको देखासिकी गर्नै चलन हुन्छ	१४२
११५ (मूर्ख या स्वार्थीहरूको आचार 'शिष्टाचार' होइन)	१४३
११६ पूर्वोक्त विषयमा भगवान् आफ्नै उदाहरण दिनुहुन्छ	,,
११७ (समाजका श्रेष्ठ व्यक्तिका ऊपर सामाजिक उन्नतिको उत्तरदायित्व हुन्छ)	१४४
११८ लोकसंग्रहको विधि	१४५
११९ ज्ञानी र अज्ञानीको फरक भावमा हुन्छ, कर्ममा हुँदैन	१४७
१२० कर्मकालमा कर्मयोगीको भाव यस्तो हुन पर्दछ	१५०
१२१ प्रकृतिको प्रबलता	१५२
१२२ कर्म गर्दा ख्याल राख्नुपर्ने कुरा	१५३
१२३ परधर्मको अनुष्ठान भन्दा स्वधर्ममा मर्नु असल छ	१५६
१२४ (धर्म-परिवर्तन नै जाति या वस्तुको नाश हो)	,,
१२५ अनर्थमा प्रेरणा गर्ने को हो ? भन्ने अर्जुनको प्रश्न	१५७
१२६ कामरूपी श नै अनर्थ-प्रवृत्तिको कारण हो	१५८
१२७ काम किन शत्रु हो, यसमा तीन दृष्टान्त	१५९
१२८ काम रहने ठाउँ	१६१
१२९ उपर्युक्त दशामा मनुष्यको कर्तव्य	१६२
१३० २।५७ श्लोकमा रहेको 'पर' शब्दको व्याख्या	१६३
१३१ यस प्रसङ्गको अन्तिमोपदेश	१६४

(४)

ज्ञानकर्मसंन्यासयोग नाम गरेको

चौथो अध्याय

विषय	पृष्ठ
१३२ चौथो अध्यायको अवतरणिका	१६६
१३३ श्रीभगवान्द्वारा कर्मयोगको परंपरा उपदेश	,,
१३४ परंपराका विषयमा अर्जुनको शङ्का	१६८
१३५ अवतारवादबाट अर्जुनका प्रश्नको उत्तर	१६९
१३६ जीव भए सर्वज्ञ हुनु नपर्ने, ईश्वर भए जन्मनु नपर्ने ? यस शङ्काको उत्तर	१७०
१३७ जन्मरहित परमेश्वरको कहिले केको निम्ति मायाद्वारा जन्म हुन्छ ? यसको उत्तर	१७१
१३८ (अवतारवादको रहस्य)	१७२
१३९ यो मोक्ष-पन्था अनादि परंपरा चलेर आएको हो	१७६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१४० सबैले परमेश्वरको सेवा गर्दछन् तापनि आ-आफ्नू भावनानुसारै फल हुन्छ	१७७
१४१ जताबाट पनि परमेश्वरतिरै गइन्छ भने किन लोकहरू नाना मार्गमा लाग्दछन्? यसको कारण	१७९
१४२ गुण-कर्मद्वारा चार वर्णको सृष्टि	१८०
१४३ (पहिले चार वर्ण कसरी भए, चार वर्णको रहस्य के हो, अहिले किन कर्मानुसार वर्ण बन्दैनन्, इत्यादिको प्रामाणिक विवेचन)	१८०
१४४ परमेश्वर सगुण भावबाट 'कर्ता' भए तापनि निर्गुण भावबाट 'अकर्ता' हुनाले निर्लिप्त हुनुहुन्छ	१८७
१४५ सिद्धान्त स्थिर गरेर अर्जुनलाई उपदेश	१८८
१४६ कर्मतत्त्व-विवेचनको प्रारम्भ	१८९
१४७ कर्ममा अकर्म दृष्टि, अकर्ममा कर्म दृष्टि	१९०
१४८ (उक्त विषयमा कर्मपरक, ज्ञानपरक, भक्तिपरक अर्थ)	,,
१४९ कर्मतत्त्वज्ञातालाई कर्महरू लिप्त नहुनमा कारण	१९३
१५० (आपद्धर्मको स्वरूप)	१९६
१५१ (मीमांसकहरूको यज्ञ र गीतोक्त यज्ञको अन्तर तथा गीताको 'यज्ञ' शब्दमा लोकहितको समावेश)	१९८
१५२ ब्रह्मार्पणयज्ञ	१९९
१५३ ब्रह्मार्पणयज्ञकै साधनरूप लाक्षणिक यज्ञहरूको वर्णन	२००
१५४ दैवयज्ञ	,,
१५५ ज्ञानयज्ञ	,,
१५६ साधनरूप योगयज्ञ	२०१
१५७ अनासक्तियोगयज्ञ	,,
१५८ साध्यरूप आत्मसंयम योगयज्ञ	२०४
१५९ प्राणायामयज्ञ	२०५
१६० प्राणवशीकरण यज्ञ	२०६
१६१ यज्ञरहित जीवन व्यर्थ छ	२०७
१६२ उक्तानुक्त अनेक यज्ञहरूमा श्रेष्ठ यज्ञ	२०९
१६३ ज्ञान प्राप्त गर्ने उपाय औ ज्ञानको स्वरूप	२१०
१६४ (गुरु कस्तो हुन पर्दछ यसको सदृष्टान्त विवेचन)	२१२
१६५ ज्ञानको महत्त्व	२१३
१६६ ज्ञानको अधिकारी	२१६
१६७ ज्ञानको अनधिकारी	२१७
१६८ विषयको उपसंहार	२१८

(५)

कर्मसंन्यासयोग नाम गरेको

पाँचौं अध्याय

विषय	पृष्ठ
१६९ पाँचौं अध्यायको प्रस्तावना	२२०
१७० संन्यास र कर्मयोगमा कुन श्रेष्ठ छ भन्ने अर्जुनको प्रश्न	२२०
१७१ कर्मसंन्यासभन्दा कर्मयोग श्रेष्ठ छ भन्ने श्रीभगवान्को उत्तर	२२१
१७२ असली संन्यासी को हो ? यसको उत्तर	२२२
१७३ फलदृष्टिबाट सांख्य र योग भिन्न छैनन्	२२३
१७४ एउटाको अनुष्ठानले दुवैको प्राप्तिमा कारण	२२३
१७५ फलदृष्टिबाट एउटै भए तापनि अनुष्ठान गर्न सजिलो ज्ञानयोग भन्दा कर्मयोग छ	२२४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१७६ योगनिष्ठाबाट गएपछि अन्तमा सांख्य-निष्ठाको फल अनायासै मिल्दछ	२२६
१७७ तत्त्वज्ञानीको विचार	२२६
१७८ कर्तापनाको अभिमान भए पनि कर्महरू लिप्त नहुने उपाय	२२८
१७९ कर्तृत्व-अभिमान बराबर भए तापनि त्यही कर्मले कोही छुट्दछन्, कोही बाँधिन्छन्	१२९
१८० कर्मयोगको सिद्धावस्थाको स्थिति	२३०
१८१ आत्मा-(ब्रह्म)-को निर्लिप्ततामा शास्त्रीय सिद्धान्त	२३१
१८२ सबै अनादि अज्ञानले ढाकिएपछि मुक्त को हुन्छ ? यसको उत्तर	२३३
१८३ जीवन्मुक्तको लोकव्यवहार	१३५
१८४ (समताको अर्थ, समदर्शन अथवा आध्यात्मिक समता हो, भौतिक या बाह्य समता होइन)	२३६
१८५ समदर्शी मुनिको आचार-व्यवहार	२३८
१८६ संसारमा सुखी को हो ? यसको उत्तर	२४१
१८७ अतएव बाह्य सुखको कामना त्यागेर अन्तःसुखको परिशीलन गर्नु नै निर्वाण-प्राप्तिको उपाय हो	२४२
१८८ मुक्तिका अव्यर्थ साधनहरू	२४३
१८९ ध्यानयोगको स्थिति	२४५
१९० प्रकरणको उपसंहार	१४६

(६)

ध्यानयोग नाम गरेको

छैटौं अध्याय

विषय	पृष्ठ
१९१ छैटौं अध्यायको प्रस्तावना	२४८
१९२ कर्मफलको त्यागी नै संन्यासी र योगी पनि हो	,,
१९३ साधन र साध्यावस्थाको कर्तव्य	२५०
१९४ योगारूढको लक्षण	२५१
१९५ योगारूढ भएपछि मात्रै साँचो आत्मोद्धार हुन्छ यस विषयमा प्रेरणा	२५२
१९६ कसरी आफ्नू शत्रु पनि, मित्र पनि आँफू नै हुन्छ ? यसको उत्तर	,,
१९७ जसले आफ्नू आत्मालाई बन्धु गराएको छ, त्यही साँचो योगी हो । उसको आचरण	२५४
१९८ अङ्गसहित ध्यानयोगको विवेचनारम्भ	२५७
१९९ आसन र आसनमा बस्ने विधि तथा योगीको शारीरिक र मानसिक स्थिति	२५९
२०० योगाभ्यासको फल	२६०
२०१ योगाभ्यासका सहकारी साधनहरू	२६१
२०२ योग-युक्तावस्थाको लक्षण	२६२
२०३ योगयुक्त चित्तको उपमा	२६३
२०४ समाधि अवस्थाको स्वरूप	२६४
२०५ कस्ता प्रकारले योगाभ्यास गर्नु ? यसको उत्तर	२६७
२०६ (समाधिका ४ चार विघ्न र तिनबाट बच्ने उपाय)	२६८
२०७ निर्विकल्प समाधिको परिणाम	२७०
२०८ 'त्वम्' पदार्थको निरूपण अर्थात् आत्मदर्शनको व्याख्या	२७२
२०९ 'तत्' पदार्थको निरूपण अर्थात् परमात्म-दर्शनको व्याख्या	२७३
२१० जीव र ईश्वरको एकता	२७४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
२११ जीवन्मुक्त सर्वश्रेष्ठ योगीराजको लोक-व्यवहार	२७५
२१२ योगसिद्धिका विषयमा अर्जुनको शंका	२७८
२१३ श्रीभगवान् अर्जुनको प्रश्नलाई समर्थन गरेरै त्यसको अनुरूप उत्तर दिनुहुन्छ	२७९
२१४ योगसिद्धिका विषयमा अर्जुनलाई अर्को शङ्का हुन्छ	२८२
२१५ भगवान् अर्जुनका शंकाको समाधान गर्नुहुन्छ	२८४
२१६ (योगभ्रष्ट योगीको विशेष विवरण)	२८८
२१७ तपस्वी, ज्ञानी, कर्मीभन्दा योगी श्रेष्ठ छ, अतः अर्जुनलाई योगी हुने प्रेरणा	२८९
२१८ योगीहरूमा पनि सबैभन्दा श्रेष्ठ योगी	२९०

(७)

ज्ञान-विज्ञानयोग नाम गरेको

सातौं अध्याय

विषय	पृष्ठ
२१९ सातौं अध्यायको प्रस्तावना	२९५
२२० श्रीभगवान्द्वारा ज्ञान-विज्ञानको प्रस्तावना	२९६
२२१ ज्ञानको दुर्लभता	२९७
२२२ पूर्वसूचित ज्ञान-विज्ञानको विषय प्रारम्भ	२९८
२२३ परमात्मा मणिहरूमा सूत्र जस्तै व्यापक हुनुहुन्छ	३००
२२४ उक्त व्यापकतामा उदाहरणहरू अर्थात् संक्षिप्त विभूति-वर्णन	३०१
२२५ संक्षिप्त विभूतिको उपसंहार	३०५
२२६ जीव प्रायः अज्ञानी हुनाको कारण	३०६
२२७ दुस्तर माया र त्यसबाट तर्ने उपाय	,,
२२८ (मायाको प्रसङ्गमा माहामाया, दुर्गा, भगवतीको रहस्य-वर्णन)	३०८
२२९ मायाले नै गर्दा जीव ईश्वरदेखि पराङ्मुख हुन्छ	३०९
२३० चार प्रकारका भक्तहरू	३१०
२३१ यी चार भक्तमा श्रेष्ठ भक्त	३११
२३२ ज्ञानी भक्तको मूल मन्त्र	३१४
२३३ विभिन्न देवी-देवताको उपासना गर्नाको कारण	३१५
२३४ मन्दबुद्धिहरूलाई (श्रीकृष्णमा) भ्रान्ति	३१८
२३५ भूल हुनाको कारण	३२०
२३६ परमेश्वर सर्वज्ञ हुनुहुन्छ	३२१
२३७ (परमेश्वरलाई कसैले नजान्ने कारण)	३२२
२३८ जीवलाई भुलाउने मायाका विभिन्न भावहरू	३२३
२३९ उक्त मोहबाट को छुट्न सक्छ ? यसको उत्तर	३२४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(८)

अक्षरब्रह्मयोग नाम गरेको

आठौं अध्याय

विषय	पृष्ठ
२४० अध्यायप्रतिपाद्यविषयको सूचना	२२७
२४१ अर्जुनका सात प्रश्न	,,
२४२ प्रश्नका क्रमशः उत्तरहरू	३२९
२४३ अन्तकालको स्मृति-अनुसार गति	३३१
२४४ ब्रह्मोपासनाको फल	३३४
२४५ परमात्माको स्वरूप औ त्यसलाई पाउने साधन	३३५
२४६ ॐ कारोपासना	३३७
३४७ भगवच्चिन्तनको फल	३४०
२४८ परमात्मप्राप्ति भएपछि के हुन्छ ? यसको उत्तर	३४१
२४९ समय तोकिएको हुनाले ब्रह्मलोक पनि अनित्य छ	३४३
१५० (युग-महायुग-मन्वन्तर आदिको मान)	३४४
·५१ ब्राह्म दिनमा भूतहरूको उत्पत्ति तथा ब्राह्मरात्रिमा भूतहरूको प्रलय	३४६
२५२ (चार प्रकारका प्रलयहरूको वर्णन)	३४७
९५३ परमात्मप्राप्ति भएपछि फेरि फर्कन पर्दैन	३४८
२५४ उक्त परमधाम-प्राप्तिको साधन	३५०
२५५ शुक्ल-कृष्ण दुई गतिको वर्णन	३५१
१५६ (शुक्ल र कृष्ण गतिको रहस्य)	३५३
२५७ अध्यायको अन्तिम सार	३५५

(९)

राजविद्या-राजगुह्ययोग नाम गरेको

नवौं अध्याय

विषय	पृष्ठ
२५८ अध्यायको प्रतिपाद्य विषय	३५८
२५९ राजविद्याको प्रशंसा	,,
२६० (राजविद्याको अर्थ औ गोप्य राख्नाको तात्पर्य)	३६०
२६१ परमेश्वर सबैको व्यापक आधार हुनुहुन्छ, आफू कसैको आधारमा हुनुहुन्न	३६१
२६२ भूतहरू परमेश्वरको आधारमा कसरी रहेका छन् ? यसमा दृष्टान्त	३६२
२६३ सृष्टि-प्रलयको रहस्य	२६३
२६४ ईश्वरको असङ्गता	३६५
२६५ श्रीकृष्णका प्रति भ्रान्त मानवदृष्टि	३६६
२६६ भगवद्भजन प्रकार	३६८
२६७ (नवधा उपाय)	३७०
२६८ परमात्माको विश्वतोमुख भाव	३७१
२६९ अज्ञानी सकाम कर्मीहरूको दुरवस्था	३७४
२७० निष्काम भक्तहरू यस्ता हुन्छन्	३७६
२७१ अरू देवताको पूजा पनि भगवान्कै हो	३७८
२७२ विभिन्न देव-पूजाको र ब्रह्मोपासनाको पृथक् २ फल	३७०
२७३ परमात्माको उपासना अनन्त फलप्रद भएर पनि विल्कुल सजिलो छ	३८२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
२७४ भक्तको कर्तव्य	३८३
२७५ (परमेश्वरलाई अर्पण गरेका कर्म-फलको परिणाम)	३८४
२७६ परमेश्वरमा पक्षपात छैन	३८७
२७७ भक्तिको महत्त्व	३८८
२७८ भगवद्भक्तिमा मनुष्यमात्रको अधिकार छ	३९१
२७९ (वैदिक कालमा कन्याहरूको पनि व्रत-बन्ध 'गायत्रीदीक्षा' वेदाध्ययन)	३९२
२८० भक्ति दर्शनको सारांश	३९५

(१०)

विभूतियोग नाम गरेको

दशौं अध्याय

विषय	पृष्ठ
२८१ अध्यायप्रतिपाद्यविषयको सूचना	३९७
२८२ अर्जुनका प्रति संक्षिप्त विभूति-वर्णनको उपक्रम	३९७
२८३ भगवान् जगत्को आदिकारण तथा लोकमहेश्वर हुनुहुन्छ	४००
२८४ पूर्वोक्त विभूति-रहस्य-ज्ञानको महत्त्व	४०१
२८५ भजनको स्वरूप	४०३
२८६ भजनको परिणाम	४०४
२८७ अर्जुनको विस्तृत विभूति जान्ने इच्छा	४०७
२८८ श्रीभगवान्द्वारा विभूतिवर्णनारम्भ	४११
२८९ समस्त विभूतिको केन्द्र	४१२
२९० स्थूल विभूतिहरू	४१३
२९१ (जपयज्ञको विवेचन)	४१६
२९२ (नराणां च नराधिपम्—राजा र राज्यको उत्पत्ति, प्रयोजन, कर्तव्य तथा राजा र प्रजाको पारस्परिक कर्तव्य)	४१८
२९३ कालःकलयतामहम्	४२६
२९४ (पवनः पवतामस्मि)	४२७
२९५ (स्रोतसामस्मि जाह्नवी)	४२८
२९६ (अध्यात्मविद्या)	४२९
२९७ (वाद)	,,
२९८ (अकार)	४३०
२९९ (स्त्रीहरूमा विभूति)	,,
३०० (द्यूतं छलयतामस्मि)	४३२
३०१ (नीतिरस्मि जिगीषताम्)	४३४
३०२ विभूति-वर्णनको उपसंहार	४३५
३०३ यहाँ न बताइएका विभूतिहरूलाई पनि जान्ने उपाय	४३६
३०४ अवयवीरूप अपरिच्छिन्न विभूति	४३७

(११)

विश्वरूपदर्शनयोग नाम गरेको

एघारौं अध्याय

विषय	पृष्ठ
३०५ अध्यायको प्रतिपाद्य विषय	४३९
३०६ अर्जुनको विश्वरूपदर्शन-लालसा	,,
३०७ श्री भगवान्द्वारा स्वीकार	४४२
३०८ दिव्यदृष्टि-प्रदान	४४५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
३०९ अर्जुनले देखेको विराट्रूपको सञ्जय-द्वारा वर्णन	४४६
३१० विराट्रूप देखेर अर्जुनको उद्गार	४४९
३११ विराट्लाई देखेर कृष्णको विषयमा अर्जुनको अनुभव	४५२
३१२ विराट्को भयावह रूपको वर्णन	४५३
३१३ विराट्रूपमा रहेको संहारकालीन-दृश्यका विषयमा दृष्टान्त	४६०
३१४ विराट्का प्रति 'तपाईं को हुनुहुन्छ ?' भन्ने अर्जुनको प्रश्न	४६२
३१५ विराट्को सामयिक उत्तर	४६३
३१६ सिद्धान्त बताएर कर्तव्यको उपदेश	४६४
३१७ द्रोण, भीष्मादि कालपक्व भएकाछन्	४६५
३१८ अर्जुनद्वारा विराट्स्वरूपको स्तुति	४६८
३१९ अर्जुन अज्ञान अवस्थामा गरेको अपराधको क्षमा माग्दछन्	४७३
३२० अर्जुनको चतुर्भुजरूप हेर्ने इच्छा	४७७
३२१ अर्जुनलाई विराट् भगवान्बाट आश्वासन	४७८
३२२ विश्वरूपको अर्जुनका प्रति अन्तिम वचन	४८०
३२३ सञ्जय धृतराष्ट्रलाई अगाडिको घटना सुनाउँदछन्	४८१
३२४ भगवान्को शान्त रूपलाई देखेर अर्जुनको उद्गार	४८२
३२५ विश्वरूपको महत्त्व	,,
३२६ गीताशास्त्रको निष्कर्ष	४८५

(१२)

भक्तियोग नाम गरेको

बाह्रौं अध्याय

विषय	पृष्ठ
३२७ बाह्रौं अध्यायको प्रतिपाद्य विषय	४८८
३२८ ज्ञानी श्रेष्ठ छ कि भक्त ? भन्ने अर्जुनको प्रश्न	,,
३२९ "ज्ञानी र भक्त दुवै अन्तमा मैमा आएर मिल्दछन् तापनि अनन्यभक्त नै मेरो विशेष प्रियछ यस्तो भगवान्को उत्तर	४८९
३३० (ज्ञानमार्गको अपेक्षा भक्तिमार्ग सरल छ)	४९१
३३१ भक्तका प्रति भगवान्को कृपा दृष्टि	४९२
३३२ भगवान्को आदेश	४९३
३३३ भगवत्प्राप्तिका विभिन्न साधनहरू	४९४
३३४ (भक्तिको उत्कृष्टता तथा कर्म र उपासनाको समन्वय)	४९६
३३५ सिद्धावस्थामा पुगेका भक्तको प्रशान्त-स्थिति	४९८
३३६ प्रकरणको उपसंहार	५०१

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(१३)

क्षेत्रक्षेत्रज्ञविभागयोग नाम गरेको

तेह्रौं अध्याय

विषय	पृष्ठ
३३७ ज्ञानकाण्डको प्रस्तावना	५०५
३३८ तेह्रौं अध्यायको प्रतिपाद्य विषय	,,
३३९ क्षेत्र र क्षेत्रज्ञको अर्थ	५०६
३४० क्षेत्रज्ञ नै परमात्मा हुन्	५०७
३४१ प्रस्तावित क्षेत्र-क्षेत्रज्ञको वर्णन	५०८
३४२ क्षेत्र-क्षेत्रज्ञको विस्तार अरू ग्रंथमा छ	५०९
३४३ क्षेत्रको लक्षण	५१०
३४४ (क्षेत्रको साङ्गोपाङ्ग विवेचन)	५११
३४५ (भूत-व्यष्टि-सात्त्विक-कार्य (कोष्टकमा)	५१३
३४६ (भूत-व्यष्टि-राजस-कार्य)—,, ,,	,,
३४७ (भूत-समष्टि-सात्त्विक कार्य ,, ,,	५१४
३४८ (भूत-समष्टि-राजस-कार्य) ,, ,,	,,
३४९ (सोपाधिक-व्यष्टि-समष्टि-चेतन) ,,	५१५
३५० ज्ञानका बीस साधन	५१६
३५१ 'ज्ञेय' तत्त्वको निरूपण	५१९
३५२ 'ज्ञेय' तत्त्वको सविशेष-निर्विशेष भाव	५२०
३५३ उक्त विषयमा अधिकार तथा फल	५२५
३५४ प्रकृति-पुरुषको विवेचनारम्भ	५२६
३५५ विकारहरूको आरम्भक कारण र पुरुषको संसारदशा	५२८
३५६ वास्तवमा असङ्ग पुरुष सुख-दुःखको भोक्ता संसारी हुनमा निमित्त	५२९
३५७ वास्तमा पुरुष असङ्ग छ	५३०
३५८ मुक्तिको साधन ज्ञान	५३१
३५९ आत्मतत्त्वसाक्षात्कारका विविध उपायहरू	५३३
३६० अतिमन्दाधिकारीको निम्ति ज्ञान-सिद्धिको उपाय	५३४
३६१ समस्त सृष्टि क्षेत्र-क्षेत्रज्ञको संयोगबाट उत्पन्न भएको छ	५३५
३६२ सम्यक् दर्शनको स्वरूप	५३६
३६३ सम्यक् दर्शनको फल	५३७
३६४ क्रियाशील प्रकृति भिन्न आत्मा निर्विकार	५३८
३६५ विभिन्न क्षेत्रको अभिन्न आधार	५३९
३६६ आत्मा निर्लिप्त हुनमा कारण	५४०
३६७ निर्लिप्तताका विषयमा आकाशको दृष्टान्त	५४१
३६८ सूर्यको दृष्टान्त	५४२
३६९ समग्र अध्यायको फलवर्णनपूर्वक प्रसंगको उपसंहार	५४४

(१४)

गुणत्रय विभागयोग नाम गरेको

चौधौं अध्याय

विषय	पृष्ठ
३७० चौधौं अध्यायको प्रतिपाद्य विषय	५४६
३७१ वर्णन गरिने विषयको प्रशंसा	,,
३७२ ईश्वराधीन प्रकृति-पुरुषबाट संसार-सृष्टि-वर्णन	५४८
३७३ गुणबन्धन-रहस्य-वर्णन	५५०
३७४ प्रत्येक गुणको बाँध्ने भिन्न-भिन्न विधि	५५१
३७५ गुण-अनुसारको कार्य	५५४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
३७६ दुईगुणलाई दबाएर एक गुण प्रबल भएको परिचय	५५५
३७७ रजोगुणको स्वभाव	५५६
३७८ तमोगुणको स्वभाव	५५७
३७९ मरणकालीन प्रबल गुणानुसार गति	५५८
३८० गुणानुसार कर्मका भिन्न २ फल	५५९
३८१ गुणसम्बन्धद्वारा हुने प्राणीको स्थिति	५६१
३८२ त्रिगुणको स्वरूपज्ञानद्वारा बन्धन-मुक्तिको रहस्य	५६२
३८३ कसरी परमात्मभाव हुन्छ यसको खुलासा वर्णन	५६३
३८४ गुणा-तीत-(मुक्तात्मा)-को लक्षण, आचार, गुणातीत हुने उपाय	५६४
३८५ लक्षणविषक प्रश्नको उत्तर	५६५
३८६ आचारविषक दोस्रो प्रश्नको उत्तर	,,
३८७ कसरी यी तीन गुणलाई नाघ्द छ ? यो तृतीय प्रश्नको उत्तर	५६८
३८८ श्रीकृष्णको सेवाद्वारा ब्रह्मरूप प्राप्तिमा कारण	५६९

(१५)

पुरुषोत्तमयोग नाम गरेको

पन्ध्रौं अध्याय

विषय	पृष्ठ
३८९ पन्ध्रौं अध्यायको प्रतिपाद्य विषय	५७०
३९० संसार-वृक्ष वर्णनारम्भ	,,
३९१ अश्वत्थवृक्षका अरू अवयवहरू	५७५
३९२ संसारवृक्षको अनिर्वचनीयता तथा यसलाई छेदन गर्नें उपाय र छेदन गरिसकेपछि गर्नें कर्तव्य	५७६
३९३ कस्ता मनुष्यहरू पूर्वोक्त पदमा जान्छन्	५७९
३९४ परमेश्वरको धाम	५८१
३९५ जीव र ईश्वरको अंशांशी भाव वर्णन	५८२
३९६ कहिले आकर्षण गर्दछ ?	५८३
३९७ इन्द्रियहरूको नाम र प्रयोजन	५८५
३९८ जीवको स्वरूप केवल ज्ञाननेत्रले मात्र देखिन्छ	,,
३९९ संक्षिप्त विभूति ००	५८७
४०० निरुपाधिक आत्माको निरूपण	५९२
४०१ 'पुरुषोत्तम' यस नामको अर्थ	५९४
४०२ पुरुषोत्तम नामको अर्थ गर्नाको फल	५९५
४०३ अध्यायको माहात्म्य वर्णन	५९६

(१६)

दैवासुरसंपद्विभागयोग नाम गरेको

सोह्रौं अध्याय

विषय	पृष्ठ
४०४ सोह्रौं अध्यायको प्रतिपाद्य विषय	५९८
४०५ दैवी संपद्का गुणहरू	५९९
४०६ आसुरी संपद्का गुणहरू	६००
४०७ दुवै संपदाको विभिन्न परिणाम	६०२
४०८ जम्मा संपदा दुईटै मात्र छन्	६०३
४०९ आसुरी सम्पदाको विस्तृत वर्णन	६०४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
४१० आसुरी जीवको कामावस्था	६०७
४११ ,, ,, लोभावस्था	६०९
४१२ ,, ,, क्रोधावस्था	६११
४१३ ,, ,, मोहावस्था	६१२
४१४ यिनीहरूको अनेक जन्म-जन्मान्तरमा पनि उद्धार हुन कठिन छ	६१६
४१५ समस्त आसुरी संपदाका मूल तत्त्वहरू	६१७
४१६ अशास्त्रीय विधि त्याज्य छ	६१९
४१७ कर्तव्या-कर्तव्यको संदेहमा शास्त्र प्रमाण को प्रबलता	६२०

(१७)

श्रद्धात्रयविभागयोग नाम गरेको

सत्रौं अध्याय

विषय	पृष्ठ
४१८ सत्रौं अध्यायको प्रतिपाद्य विषय	६२२
४१९ अर्जुनको प्रश्न	,,
४२० स्वाभाविक श्रद्धाको तीन विभाग	६२३
४२१ देव पूजादि कार्यबाटअन्तःकरणमा रहेको तीन प्रकारको श्रद्धाको अनुमान	६२५
४२२ प्रकारान्तरबाट आसुर जीवको परिचय	६२६
४२३ आहारा, यज्ञ, तप, दानको पनि तीन-गुणबाट भएको भेद वर्णन	६२८
४२४ सात्त्विक आहारा	६२९
४२५ राजस आहारा	६३०
४२६ तामस आहारा	,,
४२७ (विशेष वक्तव्य)	६३१
४२८ सात्त्विक यज्ञ	६३२
४२९ राजस यज्ञ	,,
४३० तामस यज्ञ	६३३
४३१ शारीरिक तप	६३४
४३२ वाङ्मय तप	६३०
४३३ मानस तप	६३५
४३४ सात्त्विक तप	६३६
४३५ राजस तप	६३७
४३६ तामस तप	,,
४३७ सात्त्विक दान	६३८
४३८ राजस दान	६३९
४३९ तामसदान	,,
४४० समस्त कर्म तथा उपासनाको सामान्य प्रायश्चित्त 'ॐ तत्सत्' यो भगवन्नामोच्चारणद्वारा हुन्छ	६४२
४४१ उक्त मन्त्रको प्रत्येक पदको रहस्य तथा विनियोग	६४३
४४२ अध्यायको उपसंहार	६४६

(१८)

मोक्षसंन्यासयोग नाम गरेको

अठारौं अध्याय

विषय	पृष्ठ
४४३ अठारौं अध्यायको प्रतिपाद्य विषय	६४९
४४४ संन्यास र त्यागको विषयमा अर्जुनको प्रश्न	,,
४४५ त्यागको विवरण	६५०
४४६ त्यागमा मतमतान्तर	६५३
४४७ त्यागमा अन्तिम निर्णय	६५४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
४४८ यज्ञ, दान, तपरूप कर्म कस्तो भावनाले गर्नु यसको उत्तर	६५५
४४९ तामस त्याग	६५७
४५० राजस त्याग	,,
४५१ सात्त्विक त्याग	६५८
४५२ सात्त्विकत्यागद्वारा परिपक्व विचार-भएका महापुरुषको लक्षण	६५९
४५३ साँच्चैको त्यागी	६६०
४५४ त्यागी र अत्यागीको भेद	६६१
४५६ कर्म-उत्पत्तिका पाँच कारण	६६२
४५७ ('दैव' शब्दको विवरण)	६६५
४५८ आत्मालाई अकर्ता देख्नाको फल	६६६
४५९ (गीताको अनुसार ज्ञानी र अज्ञानीको विपरीत दृष्टिकोणको विवेचना)	६६७
४६० कर्मका प्रेरक र आश्रय	६६९
४६१ उपर्युक्त ती सबैको त्रिगुणानुसार भेद-वर्णन	६७०
४६२ अद्वैतवादीको सात्त्विक ज्ञान	६७१
४६३ द्वैतवादीको राजस ज्ञान	,,
४६४ मूर्खहरूको तामसज्ञान	६७२
६६५ सात्त्विक कर्म	६७३
६६६ रासज कर्म	६७५
६६७ तामस कर्म	६७६
६६८ क्रमप्राप्त कर्ताका तीन भेदमध्ये सात्त्विक कर्ता	,,
६६९ राजस कर्ता	६७७
६७० तामस कर्ता	६७८
६७१ सात्त्विकी बुद्धि	६८०
६७२ राजसी बुद्धि	६८१
६७३ तामसी बुद्धि	,,
६७४ सात्त्विकी धृति	६८२
६७५ राजसी धृति	६८३
६७६ तामसी धृति	६८४
६७७ सात्त्विक सुख	६८६
६७८ राजस सुख	६८७
६७९ तामस सुख	६८८
६८८ यावत् प्राकृतिक वस्तु हरूको त्रिगुणात्मक भाव	६८९
६८९ तीनै काण्डको कर्मभूमि देखिलिएर ज्ञानभूमि पर्यन्तको पर्यवेक्षण	६९०
६९० चार वर्णका कर्महरू	६९०
६९१ चार वर्ण (वर्ग) को आवश्यक	६९२
६९२ स्व-स्व कर्मको अनुष्ठानद्वारा सिद्धि-प्राप्ति	६९३
६९३ स्वभाव-नियत कर्म गरेर कसैलाई पनि पाप लाग्दैन	६९४
६९४ स्वभाव-नियत-कर्म सदोष भए पनि अत्याज्य छ	६९५
६९५ (कौशिक ब्राह्मणको कथा)	६९६
६९६ स्वभाव-नियत कर्म गर्दै जाँदा अन्तमा साधक नैष्कर्म्य स्थितिमा पुग्दछ	६९८
६९७ ब्रह्मविद्या-उत्पत्तिको साधन-ध्यान योग	६९९
६९८ पराभक्तिको उत्पत्ति	७०१
६९९ पराभक्तिको फल	७०२
७०० कर्तव्यको अन्तिमोपदेश	७०३
७०१ स्वभाव नियत कर्महरूलाई त्याग्न उचितछैन	७०५
७०२ जगत् केवल प्रकृतिको मात्र अधीनमाछैन, किन्तु प्रकृतिको सञ्चालक ईश्वरको अधीनमा पनि छ	७०७
७०३ गीताशास्त्रको उपसंहार	७१०
७०४ गुह्यतरज्ञानोपदेशका अनन्तर गुह्यतम ज्ञानोउपदेश	७११
७०५ (तीन प्रकारको शरणागति र प्रत्येकको उदाहरण)	७१३
७०६ शास्त्र-संप्रदायविधि	७१५
७०७ गीताप्रचारको महत्त्व	७१६
७०८ गीताध्ययनको फल	७१७
७०९ गीताश्रवणको फल	७१८
७१० गीता सुनेर अर्जुनलाई तत्त्वज्ञान भयोकि भएन यसको जाँच	७१९
७११ अर्जुनको सफल उत्तर	७२०
७१२ श्रीकृष्ण र अर्जुनको संवाद समाप्त, संजय र धृतराष्ट्रको संवाद प्रारम्भः	७२१
७१३ सञ्जयले हस्तिनापुरमा वसेर कुरुक्षेत्रको वृत्तान्त जान्नाको कारण	७२२
७१४ सञ्जयको गीता-श्रवणजन्य आत्माभिनन्दन	,,
७१५ सञ्जयको विराट दर्शनजन्य आत्माभिनन्दन	७२४
७१६ संजय धृतराष्ट्रको अन्तर्दुराशा बुझेर आफ्नू विचार व्यक्त गर्दछन्	,,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नराणां च नराधिपम्

श्री ५ महाराजाधिराज—महेन्द्रवीरविक्रमशाहदेव

नेपाल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

यद्यपि संस्कृत साहित्यमा गीताहरू धेरै छन्, तथापि ती अनेक विषय-विस्तृत वैदिक दर्शनका एक-एक अङ्गका मात्र प्रतिपादक हुनाले तिनबाट विश्वका समस्त मानवलाई समान रूपले आ-आफ्नू धर्म-निर्णय गर्न गाह्रै पर्ला। चाहे जुनसुकै गीता होओस् तापनि

गीताको अर्थ

व्याकरणको रीतबाट गीताको सामान्य अर्थ हुन्छ—गाइएको अर्थात् कहिएको। यो सामान्य अर्थले अखबारका कुनै तथ्यहीन समाचाररहरू अथवा कसैको ईर्ष्यापूर्ण प्रलाप या वनमा घाँसेहरूले गाएको भयाउरे गीत पनि गीता नै हुनसक्तछन्, किनकि ती पनि कसैले कहिएका या गाइएका छन्; परन्तु यहाँ विचारणीय विषय के छ भने जुनसुकै गीतामा पनि भगवान् या कुनै ऋषि-महर्षि आदि महान् आत्माले जिज्ञासु मुमुक्षुलाई उसको अधिकारानुसार उपदेश गरेको पाइन्छ, यस कारण खालि कहिएको या गाइएको भन्ने अर्थलाई मात्र नलिएर अजहल्लक्षणाबाट ज्ञानका कुरा कहिएकोलाई 'गीता' भन्ने प्रसिद्धि छ। कुनै गीतामा ब्रह्मविज्ञान, कुनैमा भक्तिविज्ञान, कुनैमा योगविज्ञान, कहीं कर्मविज्ञान तथा कहीं यिनैको अन्तर्गत विभिन्न साधन-विज्ञानहरूको वर्णन भएको छ। तात्पर्य के हो भने जुनसुकै गीतामा पनि ज्ञानोपदेश अवश्य भएको छ, यसै कारण 'गीता' भन्नेबित्तिकै ज्ञानको शिक्षा दिने ग्रन्थ भन्ने बोध साधारण जनतामा पनि व्याप्त छ। किन्तु ती अरू गीताको अपेक्षा श्रीमद्भगवद्गीताको मौलिकता, प्राचीनता तथा सार्वभौमिकता सर्वोच्च भएर विश्वमा विख्यात छ।

श्रीमद्भगवद्गीताको काल महाभारतकाल हो, यसमा केही विवाद छैन। महाभारतको युद्ध भएको ३६ वर्षपछि प्रभास क्षेत्रमा मूसल-पर्व भएको हो। भगवान् श्रीकृष्णको वैकुण्ठारोहण भएपछि कलियुग लागेको इतिहास श्रीमद्भागवतमा छ।[1] ज्योतिषको

गीताको कालनिर्णय

गणनाअनुसार कलियुगको प्रारम्भ भएको विक्रम संवत् २०१५ सम्म ५०५९ वर्ष हुन्छन्, यसमा द्वापरको शेष ३६ वर्ष जोड्दा ५०९५ पाँच हजार पन्चानब्बे वर्ष भए।

वर्तमान कालमा गीताले मानव-धर्मको निष्पक्ष एवं सर्वाङ्गीण उपदेशद्वारा विश्वविजय गरेको छ। आज हामी दुनियाँका विख्यात प्राचीन तथा अर्वाचीन महापुरुषहरूका धार्मिक उपदेशमा गीताकै छायाँ पाउँदछौं। यसबाट के थाहा हुन्छ भने गीताको उदय भएदेखि नै

गीताको सार्वभौमिकता

यसको ज्ञान-ज्योति अनेकौं रूप-रूपान्तरबाट विश्वमा विकीर्ण भएको (छरिएको) रहेछ। ब्रह्माण्डका यस्ता कुनै धर्महरू सर्वमान्य छैनन् जसमा गीताको उदार धर्मले स्थान नपाएको होओस्। विभिन्न धर्ममा यदि धर्मको चुरो खोज्ने हो भने साम्प्रदायिक आवरण (पर्दा) पन्छाएर हेरेपछि गीता-धर्मकै तत्त्व पाइन्छ। साँच्चै भनौं भने युगारम्भको उषाकालमा आएर सत्य, अहिंसा, त्याग, सर्वत्र-

---

१—यस्मिन् कृष्णो दिवं यातस्तस्मिन्नेव तदाहनि। प्रतिपन्नं कलियुगमिति प्राहुः पुराविदः॥
(आ० मा० १२—२—३२)

ऐतिहासिक पुरातत्त्ववेत्ता विद्वान्हरू भन्दछन् कि जुनदिन भगवान् श्रीकृष्णचन्द्र आफ्नू परम धाममा प्रस्थान गर्नुभयो त्यसै दिनदेखि कलियुग प्रारम्भ भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समवेदना आदि सार्वभौम धर्मको दुन्दुभि गीताले नै पहिले बजाएको थियो। जहिलेदेखि संसारको अगाडि गीता प्रकट भयो त्यसै दिनदेखि नै यसको स्वरूपका विषयमा विद्वान्हरूमा नाना तर्कना हुन थाले; किनभने गीताको स्वरूप नै जसले जे भावले हेऱ्यो उस्तै देखिन्छ। कंसको रङ्गशालामा कृष्णलाई दर्शकहरूले जसरी आ-आफ्ना भावनानुसार अलग-अलग देखेका थिए त्यस्तै उहाँको वाङ्मय गीताको विषयमा पनि छ। बडे-बडे धुरन्धर विद्वान्हरूले टीका लेख्न थाले। आ-आफ्ना विचारानुसार कसैले कर्मपरक, कसैले भक्तिपरक, कसैले ज्ञानपरक औ कसैले योगपरक अर्थ गरे। अझसम्म पनि यो प्रवाह रोकिएको छैन, यसले भन्न सकिन्छ—यो प्रवाह भविष्यमा पनि चली नै रहने छ। प्राचीन र अर्वाचीन संस्कृत तथा विश्वका विभिन्न भाषामा विभिन्न विचारका टीकाहरू देखेर के अनुमान हुन्छ भने गीताले सामाजिक, धार्मिक तथा नैतिक क्षेत्रमा ठूलो खल-बल मचाएको रहेछ।

गीतालाई एउटा क्रान्तिकारी ग्रन्थ पनि भन्न सकिन्छ, किनभने यसले मानवलाई हरेक क्षेत्रमा नयाँ चेतना, नयाँ स्फूर्ति, नयाँ विचार उत्पन्न गराएर उसको मस्तिष्कलाई एउटा उच्चकोटिको मानवीय दृष्टिकोणमा बदल्दिन्छ। उसका हृदयमा *"क्लैब्यं मा स्म गमः"* *"क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ"* *"हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्"*

गीतामा विचार-क्रान्ति

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" *"पण्डिताः समदर्शिनः"* इत्यादि गीताका वचनहरू साकार भएर नाच्न लाग्दछन्। उसले हेर्दा संसार स्वार्थले उभिएको नभएर त्याग र सद्भावनाले उभिएको देखिन्छ। कुशाग्र बुद्धिको उदयले तात्कालिक कर्तव्यहरू ऐनामा झैं स्पष्ट देखिन थाल्दछन्। कर्म-संकट या धर्म-संकटले उसलाई पथ-भ्रान्त पार्न सक्दैन। अतएव ऊ साँच्चैको 'नेता' हुन सक्दछ, किनभने गीतामा धार्मिक सामाजिक, तथा राजनैतिक तीनै विषयको समन्वयात्मक सिद्धान्तबाट प्रबल विचार-क्रान्ति उत्पन्न गराएको छ; नत्र स्वयं युद्धबाट विरक्त भएका अर्जुन यतिको धर्म-प्रवचन-ज्ञान-वैराग्योपदेश सुनेर फेरि युद्धमा प्रवृत्त हुने थिएनन्।

समस्त धर्मको मूल वेद हो। मनुले पनि भन्नु भएको छ—*"वेदोऽखिलोधर्ममूलम्।"* 'धर्म' पनि उसैको नाम हो जसबाट समाजको धारण-पोषण भएर अन्तमा सबैको समान रूपले कल्याण होओस्। वैशेषिक दर्शनको सूत्र छ—*"यतोऽभ्युदयनिःश्रेयसहेतुः स धर्मः"*—

गीतामा समन्वयवाद

जसबाट यस लोकको उन्नति र परलोकको मोक्ष सिद्ध हुन्छ त्यसैको नाम 'धर्म' हो। धर्म-निर्णयको उद्देश्यले सबै ऋषि-महर्षिहरूले वेदको अध्ययन गरेर आ-आफ्ना पवित्र विचारलाई विश्वको अगाडि राखिदिएका छन्। सबैको उद्देश्य एउटै समाज-कल्याण भए तापनि विभिन्न विचार शैलीहरू परस्परमा बाझिए जस्तो देखिनु स्वाभाविकै हो। यस विषयलाई झल्काउने महाभारत वनपर्वमा यक्ष-युधिष्ठिर-संवादको एउटा प्रसिद्ध श्लोक छ—

श्रुतयो विभिन्नाः स्मृतयो विभिन्ना
नैको मुनिर्यस्य वचः प्रमाणम्।
धर्मस्य तत्त्वं निहितं गुहायां
महाजनो येन गतः स पन्था॥

अर्थात् श्रुतिहरू नाना छन्, स्मृतिहरू पनि धेरै छन्, मुनिहरू पनि अनेक छन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसको वचनलाई प्रमाण मान्नु ? धर्मको तत्त्व अन्धकारमा छ, त्यस कारण महापुरुषहरू जुन बाटो गए त्यही धर्म-मार्ग हो। यो विचार-पद्धति गीता उत्पन्न हुनुभन्दा पहिलेको हो। अहिले पनि जहाँ गीताको आलोक पुगेको छैन अथवा पुगेर पनि जहाँ उदाएका सूर्यलाई नदेख्ने लाटाकोसेरा जस्ता मानिस छन् त्यहाँ यसै-(विचार-पद्धति)-बाट आ-आफ्ना कर्तव्यको निर्णय गर्नु पर्दछ। वास्तमा यो विचार सार्वकालिक होइन, किन्तु जुन वेला कर्तव्यको संशय हुन्छ त्यस वेलाको निम्ति मात्र हो। यसको मूल तैत्तिरीयोपनिषद् शिक्षाध्यायमा छ—

अथ यदि ते कर्म विचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात्, ये तत्र ब्राह्मणाः संमर्शिनः। युक्ता आयुक्ताः। अलूक्षा धर्मकामाः स्युः। यथा ते तत्र वर्तेरन्। तथा तत्र वर्तेथाः। तै० १-११-३४

गुरुकुलमा समावर्तन कर्म समाप्त भएपछि आचार्य निष्णात छात्रहरूलाई दीक्षान्त भाषणको अन्तमा भन्नुहुन्छ—यदि तिमीहरूलाई धर्मको विषयमा या आचरणको विषयमा कर्तव्याकर्तव्यको संकट उपस्थित भयो भने त्यस देशका विचारवान्, स्वतन्त्र, कोमल स्वभावका, धर्म चाहने यस्ता ब्राह्मणहरूले त्यस विषयमा जसो गर्ने गरेका छन्, तिमीले पनि त्यसै गर्नु।

आर्य जातिमा यस प्रकारको सुन्दर शिक्षा-पद्धतिको अभाव हुँदै गएपछि कर्तव्याकर्तव्य-विचारिणी शास्त्र-संस्कृता बुद्धिको पनि अभाव हुँदै गयो र उही "*महाजनो येन गतः स पन्था*"—को आधारमा खालि अन्धानुकरण गर्ने चलन मात्र बाँकि रह्यो (गी०३।२१)। लोकको यस्तो प्रवृत्तिलाई देखेर श्रेष्ठ पुरुषले आदर्श र शिष्टाचार बिगार्न हुँदैन, लोक-संग्रही हुनपर्दछ भन्ने कुरामा भगवान्ले जोर दिनुभएको छ (गी०३।२५)। परन्तु अति मन्दमतिहरूलाई कुन शिष्टाचार हो, कुन अशिष्टाचार ? तथा कुन आदर्श हो, कुन अनादर्श ? कुन कुरा अनुकरणीय छ औ कुन त्याज्य छ ? यी कुरा थाहा हुँदैनन्; केवल पुतलीले बत्तीलाई राम्रो देखेर हाम्फालेर प्राण दिए झैं चहकिलो कुरा देख्नेबित्तिकै आफ्ना धर्म, संस्कृति, सभ्यता औ सदाचार आदिको आहुति दिन थाल्दछन्।

यी उपर्युक्त विवरणबाट स्पष्ट बुझिन्छ कि कुनै एउटा धर्मशास्त्र या दर्शन अथवा सबै धर्म र दर्शनसहित साङ्ग वेदकै अध्ययन गरेर पनि धर्मको तत्त्व निकाल्नु सजिलो छैन। किनभने दार्शनिक महर्षिहरू कोही भन्दथे—सकाम कर्मबाटै 'भुक्ति-मुक्ति' दुवै मिल्दछन्; कोही भन्दथे—यज्ञ-यागादि सबै झुट्टा हुन्, तत्त्व-चिन्तनबाटै जीवात्मालाई चिर शान्ति मिल्दछ; कोही भन्दथे—सबै कर्मलाई त्यागेर केवल ब्रह्मचिन्तन गरेमात्र आत्मकल्याण हुन्छ; कोही भन्दथे—योगाभ्यासमात्र गरे पुग्दछ, अरू केही चाहिँदैन; कोही भन्दथे—भक्ति-मार्गमा लागेपछि अरू कुनै धर्म-कर्मको आवश्यकता रहँदैन; कोही भन्दथे—उपर्युक्त सबै कुरा झुट्टा हुन्, खाऊ, पिऊ, मजा गर, यही जीवनको सार हो, मरेपछि आँफै मुक्ति मिल्दछ; इत्यादि।

उपर्युक्त नाना मुनिका मतहरू आ-आफ्ना क्षेत्रमा सबै ठीक भएर पनि यिनको परस्पर सामञ्जस्य नभएकोले एकदेशी जस्तै थिए। यस परिस्थितिमा आत्मकल्याणको निम्ति छट्पटाएको मानव कसको शरण लेओस् ! सकाम कर्ममात्र गर्ने हो भने मनुष्य केवल विषय-वासनाको दास भइरहन्छ; यज्ञ-यागादि सबै छोडेर तत्त्व चिन्तनमात्र गरोस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने धर्म-कर्म सबै लुप्त हुन्छन्; सबै त्यागेर ब्रह्मचिन्तनमात्र गरोस् भने व्यवहार चौपट हुन्छ; योगाभ्यासमै लागेर सबैले ब्रह्मचर्यव्रत लिने हो भने भावी सृष्टि नै बन्द होला ! फेरि सबै निष्क्रिय भक्तमात्रै भए भने लोक-सेवा कसले गर्ला ! केवल खानु, पिउनु, सुत्नु, अन्तमा बूढो भएर मर्नु त पशु-योनिमा पनि मिल्दछ, मानव-सृष्टिको रहस्य के हो ? इत्यादि तर्क-वितर्क गर्दागर्दै अन्तमा किंकर्तव्यविमूढता आउनु स्वाभाविकै हो। अतएव त्यस वेला सर्वसाधारण मानवमात्रको निम्ति एउटा यस्तो धर्म-तत्त्वको अभाव थियो जसबाट मानवसृष्टिको परम्परा बढ्दै जाओस् र अन्तमा आत्मालाई चिर शान्ति पनि मिलोस्। उक्त अभावपूर्तिको निम्ति नै गीता-शास्त्रको प्रादुर्भाव भएको हो। यसको अर्थ त्यस वेलासम्म विश्वमा यो ज्ञान प्रकट नभएको हुनाले सबै पथभ्रान्त थिए भन्ने होइन; किन्तु हिंड्ने मान्छे नभएपछि जसरी घाँसले बाटो छोप्दछ त्यसै गरी अनुष्ठानकर्ताको अभावले यो विद्या लुप्त भएको थियो। यो कुरा गीता अ०४, श्लो०१ देखि ३ सम्म भगवान्ले नै भन्नुभएको छ। विलुप्त मानवधर्मका व्यवस्थापक ईश्वरीय दिव्य विभूतिहरू प्रकट भएर समय-समयमा पथ-प्रदर्शन गरेको साक्षी विश्वको इतिहास छ। श्रीभगवान्ले समग्र वेद-उपनिषद्को सार खिंचेर कर्म-संकटमा परेका अर्जुनलाई जुन मानव धर्मको विस्तृत वक्तव्य दिनुभयो त्यही 'गीता' भयो। यसैले समग्र वेद-उपनिषद्को सार खिंचेर उपदेश दिंदाखेरी एक-एक विषयका प्रतिपादक नाना मुनिका मतहरूको वेदको अनभिप्रेत सार गीतामा स्वयं काट-छाँट हुनगएको छ।

जैमिनि मुनिको सिद्धान्त थियो—स्वर्ग-प्राप्ति गर्नु नै आत्मकल्याण हो, यसको निम्ति सकाम यज्ञ-यागादि नै गर्नुपर्दछ। यसमा गीताको सिद्धान्त छ—यज्ञ-यागादि कर्म त अवश्यै गर्नुपर्दछ, तर स्वर्गादि फलको निम्ति होइन, विश्वकल्याणको निम्ति; किनभने स्वर्ग अस्थायी भएकोले त्यसको प्राप्ति साँच्चैको आत्म-कल्याण होइन। आत्म-कल्याण मोक्ष भएपछि हुन्छ, मोक्ष ज्ञानले मिल्दछ।

कपिल मुनिको सिद्धान्त थियो—यज्ञ-यागादि गर्दा हिंसा हुने हुनाले यसबाट आत्म-कल्याण हुँदैन, त्यस कारण यी सब कुरा छोडेर तत्त्व-चिन्तन गर्नुपर्दछ; प्रकृति-पुरुषको विवेक भएपछि पुरुष स्वतन्त्र हुन्छ, स्वतन्त्र हुनु नै 'मुक्ति' हो। यसमा गीताको समालोचना छ—ज्ञानको निम्ति तत्त्व-चिन्तन अवश्यै गर्नुपर्दछ, तर साथै यज्ञ-दान-तपरूप कर्महरूलाई पनि त्याग्न हुँदैन, किनकि यसबाट चित्त शुद्धिका साथै विश्वकल्याण पनि हुन्छ; प्रकृति-पुरुषको विवेक-(भेदज्ञान)-बाट मुक्ति मिल्दैन, किन्तु 'मुक्ति' ब्रह्मको अद्वैत ज्ञानबाट हुन्छ।

व्यास आदि अनेकौं मुनिहरूको मत थियो—ब्रह्मभिन्न सबै वस्तु झुट्टा हुनाले स्वप्न-प्रपञ्च, मृगतृष्णाको जल, डोरीमा देखिएको सर्प जस्तै छ, त्यस कारण सबै कर्मलाई सर्वात्मना त्यागेर ब्रह्म र आत्माको ऐक्यचिन्तनमा लागिरहोस्। यसमा गीताको सिद्धान्त छ—सर्वात्मना कर्मको त्याग कुनै हालतमा पनि हुन सक्दैन; शरीर छन्जेल म केही पनि गर्दिन भन्नु खालि हठमात्र हो; आखिर प्रकृतिले ज्ञानीलाई पनि कर्म गराएरै छोड्दछ; त्यस कारण ज्ञानीले पनि लोक-संग्रहको निम्ति कर्म गर्नैपर्दछ।

नारद, शाण्डिल्य, गर्ग आदि महर्षिहरूको सिद्धान्त थियो—भक्ति स्वतन्त्र पुरुषार्थ हो; भक्ति मिलेपछि लौकिक, वैदिक कर्महरूको आवश्यकता रहँदैन; परमेश्वरमा अत्यन्त अनु-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राग-(प्रेम)-को नाम 'भक्ति' हो; त्यो अनन्य अर्थात् एउटैको हुनपर्दछ; भक्तिको सिद्धावस्थामा पनि सेव्य-सेवकभाव रहेकै हुन्छ; इत्यादि। यस विषयमा गीताको सिद्धान्त छ—भक्ति स्वतन्त्र पुरुषार्थ होइन, किन्तु ज्ञानको साधन हो; किनकि गीताको अनुसार ज्ञाननिष्ठा र कर्मनिष्ठा दुई मात्र निष्ठा छन्; भक्तिनिष्ठा साध्य-साधनका अभेद दृष्टिले ज्ञाननिष्ठाकै अन्तर्गत मानिन्छ। भक्ति मिलेपछि पनि भक्तले परमेश्वरार्पण-बुद्धिले या लोकसंग्रहको दृष्टिले लौकिक-वैदिक कर्महरू गर्नैपर्दछ। अत्यन्त अनुरागको नाम 'भक्ति' भन्ने कुरा ठीक छ, तर 'अनन्य'-को अर्थ एउटै देवताको मात्र भक्ति गरेर अरूको अनादर गर्नु होइन, किन्तु सबै देवतामा आफ्नै इष्टदेवता देख्नु हो। भक्तिको सिद्धावस्था या परा भक्ति र ब्रह्मज्ञानमा फरक छैन—दुवै एउटै हुन्। त्यस कारण त्यस अवस्थामा पुगेपछि परमेश्वरसँग प्रेम गर्नेहरू परमेश्वरदेखि भिन्न हुँदैनन्, किनकि प्रेमको पूर्णता अद्वैतमै हुन्छ।

बृहस्पति[1] आदि मुनिहरू भन्दथे—दृश्यमान (देखिएको) लोकदेखि अर्को लोक छैन, यसैले पाप र पुण्य पनि छैनन्; त्यस कारण परलोक-प्राप्तिको निम्ति यस लोकका भोगहरूलाई त्याग्नु मूर्खता हो; आत्मा भन्ने केवल भौतिक वस्तुको मिश्रणको परिणाम हो, कुनै स्थायी तत्त्व होइन। यसमा गीताको सिद्धान्त छ—आत्मा अनादि-अनन्त वस्तु हो, त्यो चैतन्यस्वरूप छ औ समस्त ब्रह्माण्डका अणु-अणुमा व्याप्त छ; यसैको चित् सत्ताले समस्त भौतिक जगत् अनुप्राणित भएर नियमितरूपले चेष्टा गरिरहेको छ। आत्मा नित्य भएपछि परलोक र पुण्य-पापहरू पनि स्वतः सिद्ध हुन्छन्। कर्मानुसार प्राप्त भोगहरूलाई पनि त्याग्न पर्दैन, किन्तु तिनीहरूको आसक्तिमात्र त्यागे पुग्दछ।

एवंप्रकार गौतम, कणाद आदि ऋषिहरू भन्दथे—ईश्वर जगत्को कर्ता हो, त्यो जीवदेखि भिन्न छ। यस विषयमा गीताको भनाइ छ—ईश्वर वस्तुतः जगत्को सृष्टिकर्ता होइन, प्रकृति हो; केवल प्रकृतिलाई जीवित राख्ने मात्र काम ईश्वरको हो; वास्तवमा जीव ईश्वरदेखि भिन्न छैन।

योगदर्शनका आचार्य पतञ्जलि मुनि गीताउत्पत्तिको समयभन्दा अर्वाचीन भए तापनि यसको परंपरा प्राचीन कालदेखि नै थियो। योगदर्शनको अनुसार अष्टाङ्ग योगको अभ्यासद्वारा चित्तवृत्ति रोकिएपछि या प्राणायामद्वारा प्राणको गति रोकिएपछि निर्विकल्प समाधि सिद्ध हुन्छ र जीव अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश यी पाँच क्लेशबाट मुक्त हुन्छ, यति भएपछि जीवको पुरुषार्थ पूर्ण हुन्छ; जीव ईश्वर होइन। यसमा गीताको भनाइ छ—जुन निर्विकल्प समाधिको अन्तिम लक्ष्य ब्रह्म छैन त्यो 'जड समाधि' हो, त्यसबाट आत्मालाई चिर शान्ति मिल्दैन; क्षेत्रज्ञ आत्मा नै परमात्मा हो, यही ज्ञान मुक्तिको साधन हो।

अरू कुनै मुनिहरूको मत थियो—सबै कुरा त्यागेर आमरण कठोर तपस्याद्वारा शरीरलाई सुकाउनपर्दछ। यसमा गीताको आज्ञा छ—बाह्य वस्तुहरू केही पनि त्याग्नपर्दैन; मुख्य त्याग्नुपर्ने कुरा फलासक्ति र स्वार्थभावना हो; भोक-भोकै बसेर कठोर तपस्याद्वारा शरीरलाई सुकाउनुभन्दा मिताहारद्वारा शरीर र इन्द्रियलाई संयममा राखेर मर्यादित रूपले विषय भोग्नु 'अनासक्तियोग' हो।

गीतालाई कोरा कर्म, कोरा भक्ति र कोरा ज्ञान बिल्कुल मन पर्दैन; किन्तु अधिकार-

---

१ देव-पुरोहितदेखि भिन्न चार्वाक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसार कोही कर्ममार्गमा, कोही भक्तिमार्गमा औ कोही ज्ञानमार्गमा रहे तापनि आफ्ना-आफ्ना मार्गलाई अङ्गी बनाएर अरूलाई त्यस मार्गको पूरक (अङ्ग) बनाउनपर्दछ भन्ने यसको आशय छ। किनभने ज्ञानहीन कर्मको महत्त्व मूढ, पशुले गरेजत्तिकै छ, भक्तिहीन कर्म गर्नेवाला भाराको टट्टू जस्तै हुन्छ। एवंप्रकार जुन भक्तिमा कर्महरू परमेश्वर प्रीत्यर्थ हुँदैनन् त्यो भक्ति 'लँगडो' र ज्ञान (सर्वत्र भगवद्दर्शन) नभएको भक्ति 'मूढ' तथा 'तामसी' कहिन्छ। एवंप्रकार ज्ञान पनि भगवद्भक्ति तथा कर्मयोगरहित छ भने प्रयोगमा नआएको सिद्धान्त जस्तै हुन्छ। अतः श्रीभगवान्ले गीतामा १ अध्यायदेखि ६ अध्यायसम्म कर्मलाई प्रधान र ज्ञान र उपासनालाई गौण; ७ अध्यायदेखि १२ अध्यायसम्म उपासनालाई प्रधान र कर्म र ज्ञानलाई गौण; १३ अध्यायदेखि १८ अध्यायसम्म ज्ञानलाई प्रधान र कर्म र उपासनालाई गौण गराएर सार्वभौम धर्म-तत्त्वको उपदेश दिनुभएको छ। आ-आफ्ना विषयको प्रधानताले पहिलो 'कर्मकाण्ड', दोस्रो 'उपासनाकाण्ड' तेस्रो 'ज्ञानकाण्ड' कहिन्छ। गीतालाई केवल ब्रह्म-ज्ञानको मात्र र केवल भक्तिको एवं केवल कर्मको मात्र प्रतिपादक बताउनेहरू केवल आ-आफ्ना दृष्टिकोणलाई मात्र उपस्थित गराउँदछन्। वास्तवमा गीताको आशय कर्म-उपासना-ज्ञान तीनोटैको समन्वयात्मक रूप छ, किनकि गीता निखिल वैदिक धर्मको सार हो।

गीता-धर्म

लोकमा 'धर्म' शब्दले पूजा-पाठ आदिको अनुष्ठानलाई मात्र बुझाएको छ, तर गीतामा 'धर्म' शब्दको अर्थ 'कर्तव्य कर्म' यस्तो व्यापक अर्थमा गरिएको छ। यस्तो अर्थ भएपछि गीता-धर्म कुनै साम्प्रदायिक धर्म नभएर व्यापक धर्म हुनजान्छ। यसैले गीता एउटा मानवमात्रको पथप्रदर्शक धर्मग्रन्थ मानिन्छ। अथवा यसलाई कर्मको दृष्टिबाट 'कर्तव्यशास्त्र' भने पनि हुन्छ, किनकि 'कर्तव्य' र 'धर्म' यी दुई शब्द गीतामा एउटै अर्थमा प्रयुक्त भएका छन्। एवंप्रकार व्यावहारिक दृष्टिकोणबाट यसलाई 'नीतिशास्त्र' पनि भन्नसकिन्छ, किनकि गीतामा आएका 'धर्म' शब्दहरू व्यावहारिक नीति-परक छन्; वास्तवमा नीति नै धर्म हो, धर्म नै नीति हो, यसमा केही सन्देह छैन। यसैगरी यसलाई सामाजिक दृष्टिकोणबाट 'समाजशास्त्र' पनि भन्नसकिन्छ, किनभने गीतामा व्यक्ति-गत स्वार्थलाई साह्रै नै तुच्छ देखाएर सामूहिक कल्याणको निम्ति कर्मफल-त्यागमा प्रेरणा दिएको छ। पुनश्च, गीताकै परिभाषाबाट अर्को नामकरण गर्ने हो भने त्यो नाम हो—यज्ञ-विधायक शास्त्र; किनकि गीताको अनुसार प्राणीमात्रले स्वार्थ त्यागेर गरिएका जुनसुकै कर्महरू पनि 'यज्ञ' हुनसक्दछन्। प्राचीन कालदेखि रहेको गीताको अर्को एउटा नाम छ—'योगशास्त्र।' गीतामा आएको 'योग' शब्द स्वयं विविध अर्थमा प्रयुक्त भएर योगवाही समेत भएको हुनाले चमत्कारपूर्ण छ। 'योगवाही'-को अर्थ हो—जसका साथमा सम्बन्ध गरायो उसैका गुणहरूको विकाश गर्ने। आयुर्वेदिक योगवाही रसायनहरू जस्तो अनुपानका साथ प्रयोग हुन्छन् उस्तै गुण दिन्छन्। गीताको 'योग' शब्द पनि ठीक यस्तै छ। जस्तैः—'सांख्य,' 'कर्म', 'भक्ति', 'ज्ञान' भन्दा साधारण अर्थको मात्र बोध हुन्छ, यिनको पछाडि 'योग' शब्द जोड्दा 'साङ्ख्ययोग', 'कर्मयोग', 'भक्तियोग', 'ज्ञानयोग' भएर यिनै विषयको उत्कर्ष-बोधक हुन्छ। गीतामा यस्ता अरू योगहरू पनि आएका छन्, जस्तैः—ब्रह्मयोग, ध्यानयोग, आत्मसंयमयोग; इत्यादि। यही रीतले कुनै कर्मको उच्च लक्ष्य भएमा 'योग' शब्द जोडे हुन्छ, जस्तैः—खेती गर्दा केवल आफ्नै स्वार्थमात्र छैन र विश्वरूप परमात्माको उद्देश्यले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ भने त्यो 'कृषियोग' हुन्छ। यसैगरी हरेक कार्य—यदि ती कार्य त्यागबुद्धिले गरिएका छन् भने—कर्मयोगकै अन्तर्गत-शाखा भएर नाना 'योग' हुन जान्छन्। यसरी गीतामा विस्तृत योग बताएको हुनाले यसलाई प्रत्येक अध्यायको अन्तमा *'योगशास्त्रे'* भनेको छ। वास्तवमा यो 'योगशास्त्र' नै हो। त्यस कारण गीताको अनुसार कर्तव्यपरायणता, त्याग, समदर्शन, अहिंसा, सत्य, अस्तेय, तथा अपरिग्रह आदि कतिपय उच्च मानवीय गुणहरूको पूर्ण विकाश भएको व्यक्ति नै योगी हो औ योगी हुनु नै मानवजीवनको सर्वोच्च लक्ष्य हो। यसै कारण भगवान्‌ले-(गीता ६।४६)-तपस्वी, कर्मी र ज्ञानीभन्दा पनि योगी श्रेष्ठ हो भनेर अर्जुनलाई मा योगी बन्ने आज्ञा दिनुभएको छ; किनकि योगी भएपछि त्यो धार्मिक, नैतिक, सामाजिक, याज्ञिक सबै स्वयं हुन्छ। वास्तवमा यी भिन्न २ परिभाषामात्र हुन्, स्थिति एउटै हो औ यही स्थिति नै 'गीताधर्म' को सजीव स्वरूप हो।

'योग' शब्दमा भ्रान्ति

यता धेरै कालदेखि वैदिक परम्परा-अनुसार शिक्षापद्धतिको अभाव हुँदै गएकोले गीताको शब्द र अर्थमा पनि भ्रान्ति हुनथाल्यो। 'योगी' को 'य' कारको उच्चारण प्रायः लोकभाषामा 'ज' कारबाट पनि हुन्छ। त्यस कारण योगीको उच्चारण 'जोगी' हुनलाग्यो र 'जोगी' भन्नेबित्तिकै भेषधारी संन्यासी, नाथ (कानफट्टा) आदि लिइन थाले। यो कुरा अवश्य हो कि गृहत्यागी संन्यासीहरू कोही हठयोग, कोही राजयोग गर्दथे तथा नाथ सम्प्रदायका प्रवर्तक गुरु गोरखनाथजी हठ-योगको विकाश गर्ने हुनुहुन्थ्यो, यसैले 'योगी'-(जोगी)-को अर्थ घरद्वार त्यागेको 'फकीर' भन्ने अर्थमा रूढ (प्रसिद्ध) हुनथाल्यो। दुर्भाग्यले गर्दा सर्वसाधारण नर-नारी र अलिकति पढे-लेखेका पण्डितहरू पनि भ्रमवश के भन्नथाले भने गीता त 'जोगशास्त्र' हो, त्यसमा हरेक ठाउँमा जोगी हुनलाई मात्र प्रेरणा गरेको छ, त्यस कारण त्यो जोगीलाई मात्र काम लाग्दछ, गृहस्थ र केटा-केटीले पढ्न हुँदैन, राम्ररी पढ्न सकेन भने बहुलाउँछ, सक्यो भने घर-द्वार नै छोडेर जोगी हुन्छ; इत्यादि। यो विचार उत्पन्न भएपछि गीता एउटा भया-नक रूपमा देखिनथाल्यो, जो विचार हामीलाई पतन गराउने घोर अविद्या थियो। गीता-लाई एउटा पवित्र ग्रन्थ मानेर पनि बहुलाइएला, जोगी भइएला भन्ने डरले केवल नेपालीले मात्र होइन, सारा हिन्दू जातिले यसबाट आँफूलाई बचाउनथाल्यो। ज्यादाभन्दा ज्यादा कुनै यज्ञ-महोत्सव आदिमा ब्राह्मणहरूद्वारा पाठ गराउने, गीताका पुस्तक दान गर्ने र मर्ने वेलामा सुनाउने सम्म मात्र यसको काम (उपयोग) बाँकि रह्यो। बुझ्नपर्दथ्यो कि युद्धको निम्ति प्रेरणा गर्ने भगवान् कृष्णले गीताको उपदेश दिएको अर्जुनलाई फकीर तुल्याउन होइन होला! फेरि गीताको अन्तमा मेरो चित्त बुझ्यो, तपाईंको आज्ञा पालन गर्दछु भने-पछि अर्जुनले युद्ध नै गरे, फकीर बनेको कुरा महाभारतमा कहीं पनि आएको छैन। अँ, अर्जुनको बाणले जयद्रथको शिर उडाएर समन्तपञ्चक क्षेत्रमा तपस्या गरिरहेको उसैको बाबुको काखमा खसालिदिएको कथा अवश्य छ। यस स्थितिमा घर-गृहस्थी त्यागेर जोगी (संन्यासी या फकीर) बनाउने तात्पर्य गीताको कसरी होला? अस्तु।

यस प्रकारको भ्रान्त धारणाले मात्र होइन, अर्को झन् नराम्रो दुर्विचारले पण्डित तथा गण्यमान्य जनहरू आक्रान्त थिए, जसले गर्दा उनीहरूले गीताको रहस्यलाई बुझेर त्यसको मार्मिक तत्त्वको प्रचार गर्ने चेष्टा गरेनन्, झन् उल्टो स्वास्नीमान्छेले र मतवाली जातले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता पढ्नै हुँदैन भनेर आँफू पनि नपढ्ने र अरूको पनि बुद्धिभेद गराइदिनथाले। वर्तमान कालमा स्वामी विवेकानन्द तथा स्वामी रामतीर्थ जस्ता विश्वविख्यात महात्मा-हरूले विदेशमा गएर गोरण्ड-(यूरोपियन र अमेरिकन)-हरूलाई गीता पढाउनु-भयो; यसैको फलस्वरूप डा० एनीवेसेन्ट जस्ता यूरोपियन भद्र महिलाहरूले पनि अंग्रेजीमा गीताको अनुवाद गरे। यहाँसम्म गीताको प्रचार भयो कि विश्वमा कुनै यस्तो सभ्य भाषा रहेन जसमा गीताको अनुवाद नभएको होओस्। अहिले विश्वभरमा गीताको ज्ञान-दुन्दुभि सर्वत्र बजेको छ। यस्तो हुँदाहुँदै पनि यसले गीता पढ्न हुँदैन, उसले गीता पढ्न हुँदैन, पढे बहुलाइन्छ, घर-बार त्यागिन्छ आदि भनिरहनु कहाँ-सम्मको कूपमण्डूकता हो! के यूरोप, अमेरिकामा गएर गीताधर्मको प्रचार गर्ने स्वामी विवेकानन्द आदि आर्यधर्मका विद्वान् थिएनन्, जसले अनधिकारी हरूलाई गीता पढाए! यस विषयमा गीताका ऋषि स्वयं व्यासले गीता माहात्म्यमा भन्नुभएको छ—

अधिकार र अनधिकार

गीतासु न विशेषोऽस्ति जनेषूच्चावचेषु च।
ज्ञानेष्वेव समग्रेषु समा ब्रह्मस्वरूपिणी॥

अर्थात् गीताको पठन-पाठन गर्न तथा ज्ञान-सम्पादन गर्न नीच जात र उच्चजात भन्ने केही विशेषता छैन, किनकि गीता ब्रह्मस्वरूपिणी हुनाले सबैमा सम छन्। श्रीमद्भाग-वतमा पनि लेखिएको छ—

स्त्री-शूद्र-द्विज-बन्धूनां त्रयी न श्रुतिगोचरा।
कर्म श्रेयसि मूढानां श्रेय एवं भवेदिह।
तेन भारतमाख्यानं कृपया मुनिना कृतम्॥

स्त्री, शूद्र र अधम ब्राह्मणहरू वेदका अधिकारी नभएकाले कल्याणकारी शास्त्रोक्त मार्गको ज्ञानबाट वञ्चित छन्, यस कारण यस-(वेद)-बाट उनीहरूको पनि कल्याण होओस् भनेर व्यास मुनिले कृपया महाभारत बनाइदिनुभयो। यो स्मरणीय छ कि गीता पनि महा-भारतकै अङ्ग हो। यस विषयमा अधिकार र अनधिकारको कुरा केवल वेदका आनुपूर्विक शब्दमा मात्र हो, अर्थमा होइन; किनकि वेदको शब्दलाई छोडेर अर्थलाई न छोडिकन महाभारत बनेको छ। यसैले महाभारत अर्थतः पाँचौं वेदले प्रसिद्ध छ। यस विषयमा समझदार व्यक्तिको निम्ति यत्तिकै पर्याप्त छ।

कोही के भन्दछन् भने गीता पाँच हजार वर्षको पुरानो भएकोले आजको परि-वर्तनशील एवं प्रगतिशील मानव-समाजको निम्ति बेकम्मा छ, किनकि त्यस वेलाकोभन्दा आजको समाज धेरै अघि बढिसकेको छ; इत्यादि। परन्तु यस्ता कुरा जसले गीताको राम्ररी मनन गरेका छैनन् उनीहरू मात्र गर्दछन्; किनकि गीतामा राम्रो गोता लगाएर हेर्ने हो भने यसमा जुन-जुन मानव-धर्मको उपदेश जुन सत्यको आधारमा दिएको छ त्यसको आवश्यकता त्यतिखेरभन्दा आज ज्यादा छ। वस्तुहरू पुराना अवश्य हुन्छन्, किनकि पुरानो हुनु द्रव्यको स्वभाव हो, तर सत्य कहिल्यै पुरानो हुँदैन। गीता एउटा मानवीय सत्य धर्मको पथप्रदर्शक व्यवहार-दर्शन हुनाले विश्वमा मानव जातिको अस्तित्व रहँदासम्म यो कहिल्यै पुरानो हुनेछैन। त्यस्ता सिद्धान्त

पुरानो र नयाँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाँडै नै पुराना हुन्छन् जो केवल तात्कालिक समाजको परिस्थितिको आधारमा बनेका छन्, यसैले ती परिस्थितिमा अलिकति मात्र परिवर्तन हुनेबित्तिकै जग खलबलिएको घर झैं धराशायी हुन्छन्। अतः पुराना जति सबै खराब र नयाँ जति सबै असल भन्नु 'अन्धगोलाङ्गुल' न्याय हो।

धेरै सज्जनहरूको धारणा के छ भने गीता उमेर ढल्किएपछि पढ्ने ग्रन्थ हो। अपशोचको कुरो छ कि जसमा संसारमा आएर मनुष्यले कस्तो आचरण गर्नपर्दछ औ उसको शील-सभ्यता कस्तो हुनपर्दछ इत्यादिको समाधान भएको छ, त्यसलाई सबै काम सिद्धयाएर परलोकबाट निमन्त्रणा मिलिसकेपछि पढ्नु कहाँसम्मको बुद्धिमत्ता हो! यसको अर्थबूढा-बूढीले पढ्नै हुँदैन भन्ने होइन, किनकि बाल्य कालमा पढ्ने ज्ञान भएन त बूढेस कालमा भए पनि जुन दिनदेखि गीताको विषयमा भ्रान्ति छुटेर पढ्नैपर्ने रहेछ भन्ने ज्ञान हुन्छ त्यस दिनदेखि पढ्न थाल्नु सर्वोत्तम हो। किन्तु बाल्य कालदेखि नै पढ्न पाएको भए यो लोक पनि, परलोक पनि सुध्रने थियो। वास्तवमा जसले यो लोक सुधार्न सकेको छ, परलोक पनि उसैको सुध्रन्छ। किनभने जीवनभर जसले जस्तो व्यवहार गरेको छ, त्यसैको अमेट चित्र उसको अन्तःकरणमा अङ्कित भएको हुन्छ र अन्तमा जति गरे पनि धेरै दिनदेखिको वासना नै प्रबल भएर त्यसैको अनुसार उसलाई सद्गति या दुर्गति मिल्दछ। भगवान्‌ले अर्जुनलाई 'मलाई सम्झँदै युद्ध गर' (८—७) भन्नाको तात्पर्य पनि यही हो। अस्तु, हामीले जति भूल गरे तापनि भविष्यमा फेरि त्यो भूल नदोहोरियोस् भनेर देशका बालक-बालिकाहरूलाई कर्तव्यपरायण गराउन आफ्ना शिक्षालयहरूमा गीताको अध्ययन अनिवार्यरूपले राख्नुपर्दछ। त्यसो भएपछि मात्र देशमा साँच्चैका कर्मवीर देशभक्तहरू निक्लनेछन्। जहाँ गीताको विशुद्ध वातावरण रहन्छ त्यहीं दिव्य महापुरुषहरूको पदार्पण हुन्छ। जहाँ जमीन उर्वरा (मलिलो) हुन्छ त्यहीं बीजहरू पनि फस्टाएर पूर्ण सफल हुन्छन्। चाहे काम हजारौं, लाखौं किन न होऊन्, जबसम्म काम गर्ने योग्य कर्मठ व्यक्ति हुँदैन तबसम्म कुनै कामको पनि महत्त्व हुँदैन। गीता एउटा महान् कर्मठ व्यक्ति तयार पार्ने कर्मशाला हो, जहाँबाट निष्णात भएको व्यक्तिको मस्तिष्कमा ज्ञान, हृदयमा भक्ति (प्रेम), प्रत्येक इन्द्रियमा कर्म व्याप्त भएको हुन्छ। यस्तै व्यक्तिहरूको बहुमत भएपछि मात्र राष्ट्र वास्तविक उन्नतिमा जानसक्नेछ।

गीता पढ्ने समय

यस गीता तात्पर्यमा प्रत्येक अध्यायको पहिले त्यस अध्यायको प्रतिपाद्य विषय र पूर्वाध्यायका साथ प्रसङ्ग-सङ्गति लेखिएको छ, जसद्वारा पूर्व-अध्यायमा के कुरा भएको थियो, अब यस अध्यायमा के कुरा हुन्छ भन्ने स्पष्ट बुझिन्छ। फेरि प्रायः श्लोकैपिछे श्लोक प्रारम्भ हुनुभन्दा पहिले अवतरणिका अर्थात् श्लोकले जे कुरा भन्ने हो त्यसको संक्षेप लेखिएको छ। यो अवतरणिका दुई-चार श्लोकसम्म एउटै कुरा छ भने पहिलो श्लोकमा मात्र लेखिएको हुन्छ। यस पछि मूल श्लोक बूढा-बूढीहरूले समेत पाठ गर्न सकून् भनेर ठूला अक्षरमा राखिएको छ। श्लोकदेखि तल साना अक्षरमा अन्वयार्थ—श्लोकका प्रत्येक पदको अर्थ दुई लाइन गराएर बायाँपट्टि संस्कृतका पद, दाहिने पट्टि तिनको अर्थ—लेखिएको छ। यदि राम्ररी गीता पढ्ने हो भने यसलाई कण्ठ गरी श्लोकमा ती पद कहाँ छन्, याद गर्नुपर्दछ। यसदेखि तल सरलार्थ (सोझो अर्थ) छ,

गीतातात्पर्य-विवरण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो श्लोकको अर्थ छोट्करीमा बुझ्न सजिलो छ । सबैभन्दा पछि तात्पर्य लेखिएको छ । यही तात्पर्य नै गीता-तात्पर्यको विशेषता हो ।

यसमा प्रायः अहिलेसम्म प्रकाशित भएका मुख्य-मुख्य संस्कृत तथा हिन्दी टीकाहरूको मनन गरेर उनीहरूको समेत ग्राह्य तत्त्व ली सन्दिग्ध स्थलमा विभिन्न टीकाकारहरूको समालोचनापूर्वक अन्तिम निर्णय गरिएको छ। एवंप्रकार ठाउँ-ठाउँमा सामयिक ज्ञातव्य विषयमा पनि शास्त्रीय सिद्धान्त दिइएको छ । ठाउँ-ठाउँमा संस्कृतका कठिन शब्दको यथासंभव टिप्पणी पनि राखिएको छ । समस्त उपनिषद्को सारभूत गीताका मन्त्रहरूको जुनजुन उपनिषद्का साथ सम्बन्ध छ ती उपनिषद्को उद्धरण पनि यथाशक्य दिइएको छ ।

यस गीतातात्पर्यको प्रचार भविष्यमा पनि नरोकियोस् , अरू संस्करण पनि वरा-बर निक्लँदै रहून् तथा अनधिकारीहरूको हातमा परेर यसको दुरुपयोग पनि हुन नपाओस् भनेर यसको लागतमात्र मूल्य राखिएको छ । किनकि अहिलेसम्म जति ग्रन्थरत्नहरू अमूल्य वितरित भए ती सबै आज दुष्प्राप्य छन् । ग्रन्थ प्रकाशित गर्दा प्रेसको असावधानीबाट मात्राहरू छुट्नु र संशोधकको दृष्टिदोषबाट पनि अशुद्धि रहनु स्वाभाविक हो । अतः गुणग्राही सज्जनहरूले त्यसलाई सच्याएर पढ्नुहोला । अरु पनि पहिला संस्करणमा रहेका त्रुटिहरूको सुधार दोस्रो संस्करणमा हुनेछ ।

धन्यवाद

यो गीता-तात्पर्य श्रीकृष्णार्पण भएर धेरै दिनसम्म पाण्डु-लिपीमा रहेको थियो । उनै आनन्दकन्द श्रीकृष्णचन्द्रका प्रेरणाबाट यसलाई प्रकाशित गर्न जो-जो उदार सज्जन तथा भद्रमहिलाहरूले स्वशक्ति-अनुसार श्रद्धापूर्वक अर्थदान गर्नुभएको छ, अन्तमा म उहाँहरूलाई हजारौं शुभाशीर्वादपूर्वक धन्यवाद दिन्छु । पुनश्च, मुद्रण-समयमा आवश्यक सहयोग दिनुभएकोमा काशी-निवासी श्री १०८ स्वामी ब्रह्मानन्दजी महाराज (महन्त) तथा श्री १०८ स्वामी महेश्वरानन्दजी महाराज-(महन्त)-का प्रति कृतज्ञता प्रकट गर्दछु । ॐ तत्सत्

सर्वेषां शुभाकाङ्क्षी—स्वामी ईश्वरानन्द,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐतत्सत्

वेदे वेदान्तराशौ स्मृतिवरनिचये दर्शने चेतिहासे,
व्यासोक्ते सत्पुराणे सुकृतिकृतिचये सर्वराद्धान्तसिन्धौ ।
स्नाता धीर्यस्य सारग्रहणपरवशा शुद्धसत्त्वाभिरामा,
सोऽयं राराजते श्रीयतिवरतिलको मण्डलेशोमहेशः ॥



कनखल-हरिद्वार-वास्तव्य-श्रोत्रिय-ब्रह्मनिष्ठ-श्रीमत्परमहंस-परिव्राजकाचार्य-
दार्शनिक-सार्वभौम-विद्यावारिधि-न्यायमार्तण्ड-वेदान्तवागीश-
श्री १०८ स्वामी महेश्वरानन्द जी महाराज महामण्डलेश्वर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमद्भगवद्गीताकी प्रशस्त-महिमाशालिनी प्रस्तावना

(लेखक—श्रीमत्परमहंस परिव्राजकाचार्य-श्रोत्रिय ब्रह्मनिष्ठ पूज्यपाद स्वामी महेश्वरानन्दजी महाराज महामण्डलेश्वर)

अद्वैतबोधाब्जसहस्ररश्मिः ,
शान्तेर्लतायाः किल कल्पवृक्षः ।
संसारसंतापविनाशचन्द्रः ,
कृष्णः सदाऽऽह्लादकरो ममास्तु ॥

श्रीमद्भगवद्गीताका प्रवक्ता-जगद्गुरु-भगवान् श्रीकृष्ण, अद्वैत-ब्रह्म-बोधरूपी कमलका विकासक-असंख्य-विद्योतमान-किरणोंवाला साक्षात् सूर्य हैं, शाश्वत-शान्तिरूपी-नितान्त स्पृहणीयलताका आश्रयभूत-स्तुत्यतम कल्पवृक्ष हैं, एवं असार-अनिर्वचनीय-संसारके विविध-सन्तापोंका विनाशक-दर्शनीयतम-प्रियतम चन्द्रमा हैं—ऐसा परमप्रेमास्पद-आनन्द निधि-सर्वात्मा नारायण, मेरे लिये गीताज्ञान प्रदान कर सदा आह्लाद-प्रद बनें ।

वार्ष्णेयब्रह्मशैलादृजुशतपथगा ज्ञानविज्ञानकूला,
पार्थस्य प्रार्थनातश्चिरममृतवहा प्रत्यगानन्दसिन्धुम् ।
सम्प्राप्तार्थप्रवाहप्रपतितविततात्थ्यमुन्मूलयन्ती
गीता स्फीता निमङ्क्तुः सकलकलिमलं स्वर्धुनीयं धुनीते ॥

यह श्रीमद्भगवद्गीता, अतीव-निर्मल-प्रवित्रतम-श्रीगंगाजी है, भक्त-सखा-एवं शिष्य रूप-अर्जुनकी प्रार्थनासे जिसका श्रीकृष्ण रूपी-ब्रह्मशैल से प्रादुर्भाव हुआ है, जो-सरलतम-सैकड़ों-साधन रूपी मार्गों पर गमन कर रही है । जिसके ज्ञान एवं विज्ञानरूपी रमणीय तट हैं, जो चिरकालसे ज्ञानमयी भक्तिरूपी सुधाका वहन कर रही है, और जो शब्दादि-अर्थ रूपी-अनादि प्रवाहमें पतित एवं विस्तृत-संसाररूपी अश्वत्थ वृक्ष का समूल-उन्मूलन करती हुई, प्रत्यगभिन्न-ब्रह्मानन्द-सिन्धु में सम्मिलित हो जाती है—ऐसी गीता-गंगा, अपने में डुबकी लगानेवाले भगवदनुरागी सज्जन के कलिके समस्त कल्मषोंका विध्वंस कर देती है ।

श्रीमद्भगवद्गीताकी सबसे बड़ी यही महिमा मानी जाती है कि—वह अद्वय-तत्त्व ज्ञानके एवं अनन्यभक्ति के उपदेश द्वारा-मानवको समदर्शी बनाकर शोक रहित बना देती है । इस लिये श्रीभगवान् कहते हैं कि—जिसके पावन-हृदयमें गुरु एवं ईश्वरकी कृपासे पारमार्थिक-अद्वय-तत्त्वको अवगाहन करने वाली—एवं उसमें ही सदा परिनिष्ठित रहने वाली-पण्डा (विशिष्ट-बुद्धि) समुदित हो गई है-ऐसे पण्डितजन (*'पण्डिताः समदर्शिनः'* ५।१८) समदर्शी हो जाते हैं—सर्वत्र अन्दर-बाहर-सम-अविभक्त-प्रत्यगभिन्न-अद्वय-ब्रह्मका ही दर्शन करते रहते हैं—अतएव समदर्शन के प्रभाव से ही वे (*नानुशोचन्ति पण्डिताः'* २।११) कभी शोक करते

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ही नहीं। और गीताके उपसंहारमें भी श्रीभगवान् ने अर्जुन को सबका सार रूप से फल सहित यही उपदेश दिया है कि—(*मामेकं शरणं व्रज, मा शुचः, १८।६६*) तू मुझ-एक के ही शरणापन्न हो जा, अर्थात् तू मुझ एक का ही सर्वत्र दर्शन कर, चिन्तन कर, एवं उसमें ही तू तन्मय बन जा, मैं तुझे समस्त-मोहादि कल्मषों से मुक्त कर दूँगा, अतः तू शोक मत कर। इस प्रकार उपक्रमोपसंहार न्याय से गीता का नितान्त स्पृहणीय-प्रधानतम उद्देश्य ज्ञान होता है—शोक निवृत्ति तथाच श्रीमद्भगवद्गीताका पावन-उपदेश, अधिकारी मानवको पूर्वोक्त पाण्डित्य प्रदान द्वारा शोक-महासागर से पार करके अद्वयानन्द पूर्ण-ब्रह्म निर्वाण-धाम में प्रतिष्ठित करके अमृत-अभय-बना देता है। इसलिये महाभारत में कहा है कि—

'शोकस्थानसहस्राणि, भयस्थानशतानि च।
दिवसे दिवसे मूढ-माविशन्ति न पण्डितम्॥

प्रतिदिन शोक के सहस्रों एवं भय के सैकड़ों प्रसंग उपस्थित होते रहते हैं, परन्तु वे सब प्रसंग, मूढ़-मानव में प्रविष्ट होकर उसे व्यथित-दुःखी बनाते रहते हैं, समदर्शी-पण्डित में वे प्रविष्ट नहीं हो सकते हैं, अतः उन प्रसंगों से वे समदर्शी सन्तजन, जलकमलवत् सदा निर्लिप्त ही बने रहते हैं।

अर्जुन भी प्रथम अपनी मूढतावशात् ऐसे ही शोक एवं भय के जनक-प्रसंगों रूपी-दलदल में फँस गया था, परम कृपालु श्रीभगवान् ने अपने शरणापन्न-प्रिय-सखा अर्जुन को तत्त्वज्ञानमयी-अनन्य-भक्ति की निष्ठा द्वारा इससे निकालकर उसे मोह-शोकरहित सर्वथा निर्भय बना दिया था। यह आप—

'नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाऽच्युत !।' (१८।७३)

हे भगवन् ! अच्युत ! आप की कृपा से मेरा मोह अर्थात् तज्जन्य शोक भी सर्वथा नष्ट हो गया है, और मुझे उस-परमार्थ-अद्वय-ब्रह्मतत्त्व की ध्रुवा स्मृति प्राप्त हो गयी है।—इस अर्जुन के वचन से ही जान सकते हैं।

यह भगवद्गीता समस्त-उपनिषदों की सारभूता होने के कारण साक्षात् ब्रह्म विद्या है, 'एकमेवाद्वितीयं ब्रह्म' का—जिसमें सजातीय, विजातीय एवं स्वगत रूप त्रिविध भेदों का नितान्त अभाव है—जो प्रतिपादन करे, वह ब्रह्मविद्या कहलाती है, अतएव श्री भगवान् कहते हैं कि—

'मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय !।' (७।७)

हे अर्जुन ! मुझ परमात्मा से व्यतिरिक्त कुछ भी नहीं है। किन्तु *'वासुदेवः सर्वम्'* (७।२९) सब कुछ वासुदेव ही है।

पुनश्च—

'ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणाहुतम्।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना॥ (४।२४)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्नि में हवन समर्पण करने की क्रिया ब्रह्म है, हवि ब्रह्म है, अग्नि ब्रह्म है, हवन-कर्त्ता-पुरुष ब्रह्म है, इस प्रकार के सभी कर्म एवं कर्म के कर्त्ता आदि सभी कारक भी ब्रह्म ही हैं, ब्रह्मभिन्न कुछ भी ज्ञातव्य एवं लब्धव्य नहीं है, सर्वत्र अन्दर बाहर ब्रह्म ही ब्रह्म है, अब इस मन की वृत्तियाँ कहाँ जायेंगी, कहीं भी नहीं जा सकतीं, क्योंकि—इनका तदन्य-कोई अवलम्बन ही नहीं रहा, एकमात्र ब्रह्म ही अवलम्बन रह गया, इसलिये ये समग्र-वृत्तियाँ ब्रह्माकार ही हो गईं, अन्य कोई भी आकार इनमें नहीं रहा, इस प्रकार निखिल-वृत्तियों की अखण्ड-ब्रह्माकारता ही ब्रह्मकर्म-समाधि है, यही ब्रह्मविद्या है, इसके द्वारा ब्रह्म-भाव की ही—जो सदा प्राप्त है—अप्राप्तत्व-भ्रम की निवृत्ति द्वारा प्राप्ति होती है।

इसी ही ब्रह्मविद्या से अनादि-अनिर्वचनीय-अविद्याकी तथा तज्जन्य-मोह-शोकादि की निवृत्ति हो जाती है, और यह जीवात्मा, स्वतः सिद्ध-स्वस्वरूपभूत-अद्वयानन्द को प्राप्त कर कृतकृत्य, धन्य, एवं महान् बन जाता है।

इस प्रकार भगवद्गीता ब्रह्मविद्याका प्रधानतम-साधन रूप से अनन्य भक्ति का भी गौरव शाली उपदेश देती है कि—

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन !।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुञ्च परन्तप !॥ (११।५४)

हे अर्जुन ! अधिकारी मानव, अनन्य-भक्ति के द्वारा ही सच्चिद्घन-अद्वयानन्दरूप-मुझ भगवान् को वस्तुतः जानने के लिए साक्षात्कार करने के लिए एवं उसमें अभेद भाव से प्रविष्ट होने के लिए समर्थ होता है।

यह लोक में भी देखा गया है कि—जिसमें प्रगाढ-प्रीति होती है, उसमें ही चित्त की एकाग्रता बनी रहती है और प्रचुर- एकाग्रता ही साक्षात्कार की साधिका होती है, यह बात इस श्रुति द्वारा भी समर्थित है—

दृश्यते त्वग्र्यया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः। (क० उ० १।२।१२)

सूक्ष्म-दर्शी-जन, अपनी एकाग्र एवं सूक्ष्म (निर्मल) बुद्धि द्वारा ही उस परमतत्त्व का साक्षात्कार करते हैं।

और इस अनन्य-भक्ति का साधन है, भगवदर्पण-भाव एवं कर्तृत्वाभिमानाभाव पूर्वक निष्कामकर्मयोग, इसका भी गीता में प्रचुरवर्णन है। इस प्रकार, कर्मयोग, भक्तियोग एवं ज्ञानयोगरूप प्रधानतम योगत्रय का वर्णन करती हुई भगवद्गीता, काण्डत्रयात्मिका कही जाती है। इसलिये यह सर्वतीर्थमयी गंगा की भाँति सर्व शास्त्रमयी मानी जाती है। अतएव यह अन्यान्य-दार्शनिक, सामाजिक, राजनैतिक, वैज्ञानिक-मनोवैज्ञानिक प्रभृति अनेकविध तत्त्वों का भी संक्षेपरूपसे वर्णन करती हुई अपने पूर्वोक्त-टाइटिल (बिरुद) को चरितार्थ बनाती है। इसलिये इस महामहिमाशालिनी भगवद्गीता का प्रचार-प्रसार, केवल आर्यावर्त-भारत में ही सीमित नहीं रहा है, किन्तु तदितर, यूरोप अमेरिका आदि बाहर के अनेक देशों में भी हो गया है, अतएव विदेशों के असंख्य-विचारशील मानव भी इस दिव्य-अनुपम-सुधाका रसास्वादनकर अपने जीवन को सफल एवं धन्य बनाकर इसके प्रचुर-गौरव की प्रशंसामयी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुन्दुभि बजा रहे हैं और गीता प्रवक्ता-भगवान् श्रीकृष्ण के जगद्गुरुत्व विशेषण को सिद्ध कर रहे हैं।

यद्यपि भगवद्गीता पर देववाणी संस्कृत-भाषा में अनेक विध-भाष्य टीका व्याख्यान आदि विद्यमान हैं, परन्तु उनसे संस्कृत-अनभिज्ञ जनसाधारण को कुछ विशेष लाभ नहीं मिलता, अतः आर्यावर्त की अनेक-अवान्तर-प्राकृत-भाषाओं में जैसे भगवद्गीता के व्याख्यान जनसाधारण के लिए विद्वानों के द्वारा प्रसिद्ध होते रहते हैं, वैसे *आर्यावर्त की एक माननीय-नेपाली भाषा में भी—नेपाल की राजधानी काठमाण्डु के प्रसिद्ध-सरस्वती मठ के अध्यक्ष-आदरणीय विद्वान्-स्वामीजी श्री ईश्वरानन्दजी महाराज द्वारा—इसका विशद व्याख्यान प्रकाशित हो रहा है, यह एक स्तुत्य-प्रयास, नेपाल की धार्मिक- जनता के लिए अभिनन्दनीय ही होगा ? इसमें कुछ संदेह नहीं हो सकता।* इसमें श्रीस्वामीजी ने अन्वयार्थ, एवं सरलार्थ के साथ तात्पर्यार्थ का भी संयोजन कर सुवर्ण में सुगन्ध योगकी भाँति इसकी उपादेयता का महत्त्व और भी अभिव्यक्त कर दिया है। इसलिये श्री स्वामी ईश्वरानन्द जी का यह गीता व्याख्यान-प्रकाशन प्रयत्न सर्वथा स्तुत्य एवं धन्य वादार्ह ही है। अन्तमें श्रीनेपाल के अधिष्ठाता भगवान् श्री-पशुपतिनाथ से यही करबद्ध प्रार्थना है कि—श्रीस्वामीजी के इस प्रकार परोपकारमय-धार्मिक प्रचारके उत्साह को सदा बनाये रक्खें, और समग्र नेपाल में इस ग्रन्थका विशेष रूपसे आदर एवं प्रचार हो, तथा नेपालकी वीर-धीर जनता इस वीरप्रवर एवं धीराग्रसर-श्रीकृष्ण एवं अर्जुन की संवादमयी भवद्वेषिणी-अद्वैतामृतवर्षिणी-अतिधन्या गीतावाणी का बड़ी श्रद्धा के साथ रसास्वादन कर अपने देवदुर्लभ-मानवजीवन को एवं अपने अतिप्रिय-यशस्वी राष्ट्र को समुन्नत बनायें।

हरिः ॐतत्सत्, शिवोहं शिवः सर्वम्, शुभं भूयात् सर्वेषाम्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ श्री ❀

ॐ तत्सत्

अथ

गीता माहात्म्य

श्री गणेशायनमः

धरोवाच—

भगवन् ! परमेशान ! भक्तिरव्यभिचारिणी
प्रारब्धं भुज्यमानस्य कथं भवति हे प्रभो ! ॥२॥

श्री भगवान् विष्णुसँग पृथिवी प्रश्न गर्दछिन्—हे भगवन् ! हे परमेश्वर ! हे प्रभो ! प्रारब्ध भोगिरहेका प्राणीहरूलाई तपाईंको अव्यभिचारिणी भक्ति कसरी हुन्छ ? ॥१॥

विष्णुरुवाच—

प्रारब्धं भुज्यमानो हि गीताभ्यासरतः सदा ।
स मुक्तः स सुखी लोके कर्मणा नोपलिप्यते ॥ २ ॥

श्री विष्णु भगवान् आज्ञा गर्नुहुन्छ—हे पृथिवी ! प्रारब्ध भोगिरहेको छ तापनि यदि सदा गीताको अभ्यासमा दत्त-चित्त छ भने त्यो लोकमा जीवन्मुक्त हो, त्यो सुखी हो, त्यो कुनै कर्मबाट पनि लिप्त हुँदैन ॥ २ ॥

महापापादि पापानि गीताध्यायी करोति चेत् ॥
क्वचित्स्पर्शं न कुर्वन्ति नलिनीदलमम्बुवत् ॥ ३ ॥

गीताको अध्ययन गर्नाले यदि ब्रह्महत्या आदि महापाप गऱ्यो भने पनि ती पापले ऊ विल्कुल छोइँदैन, जस्तै पानीमा रहेर पनि कमल-पत्र पानीले भिज्दैन ॥ ३ ॥

गीतायाः पुस्तकं यत्र यत्र पाठः प्रवर्तते ।
तत्र सर्वाणि तीर्थानि प्रयागादीनि तत्र वै ॥ ४ ॥

जहाँ गीताको पुस्तक रहन्छ औ जहाँ नित्य गीताको पाठ हुन्छ त्यहाँ प्रयाग आदि सम्पूर्ण तीर्थहरू रहन्छन् ।

सर्वे देवाश्च ऋषयो योगिनः पन्नगाश्च ये ॥
गोपाला गोपिका वापि नारदोद्धवपार्षदैः ॥
सहायो जायते शीघ्रं यत्र गीता प्रवर्वते ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँ गीताको अध्ययन चलिरहेको छ त्यहाँ सम्पूर्ण इन्द्रादि देवता, भृगुआदि महर्षिगण, शुक-सनकादि सिद्ध योगीहरू, शेष, वासुकी आदि नागहरू, गोपालहरू तथा गोपिनीहरू, नारद, उद्धवादि पार्षदहरूका साथ रहन्छन् र ती अध्ययनकर्तालाई भगवत्प्राप्तिमा चाँडै नै सहायक हुन्छन् ॥ ५ ॥

यत्र गीताविचारश्च पठनं पाठनं श्रुतम् ॥
तत्राहं निश्चितं पृथ्वि ! निवसामि सदैव हि ॥ ६ ॥

हे पृथ्वि ! जहाँ गीताको अध्ययन-अध्यापन तथा श्रवण हुन्छ त्यहाँ म निश्चितरूपले सदा-सर्वदा नै रहन्छु ॥ ६ ॥

गीताश्रयेऽहं तिष्ठामि गीता मे चोत्तमं गृहम् ॥
गीताज्ञानमुपाश्रित्य त्रींल्लोकान्पालयाम्यहम् ॥ ७ ॥

म गीताको आश्रयमा रहन्छु, गीता मेरो उत्तम घर (वैकुण्ठ) हो । गीताको ज्ञानलाई लिएर म स्वर्ग-मर्त्य-पाताल तीनै लोकलाई पालन गर्दछु ॥७॥

गीता मे परमा विद्या ब्रह्मरूपा न संशयः ॥
अर्धमात्राक्षरा नित्या स्वानिर्वाच्यपदात्मिका ॥ ८ ॥

गीता मेरो अर्धमात्रा, अक्षर, नित्य, अनिर्वाच्य-(अवाङ् मनस गोचर)-स्वरूप एवं ब्रह्मरूप परम विद्या हो, यसमा केही संशय छैन ॥ ८ ॥

चिदानन्देन कृष्णेन प्रोक्ता स्वमुखतोऽर्जुनम् ॥
वेदत्रयी परानन्दा तत्त्वार्थज्ञानसंयुक्ता ॥ ९ ॥

ऋक्-यजु-सामरूप अर्थात् तीनै वेदको साररूप, उत्कृष्ट आनन्ददायक, तत्त्वको अर्थ-ज्ञानले युक्त जुन गीता सत्-चित्-आनन्दस्वरूप श्रीकृष्णले अर्जुनलाई आफ्नै मुखले भन्नुभएको हो ॥ ९ ॥

योऽष्टादशजपो नित्यं नरो निश्चलमानसः ॥
ज्ञानसिद्धिं स लभते ततो याति परं पदम् ॥ १० ॥

जो मनुष्यले एकाग्र मन गराएर प्रतिदिन अठारै अध्यायको पाठ गर्दछ त्यसले ज्ञानरूपी सिद्धिलाई पाउँदछ र त्यस पछि परम पदमा जान्छ ॥ १० ॥

पाठेऽसमर्थः सम्पूर्णे ततोऽर्धं पाठमाचरेत् ॥
तदा गोदानजं पुण्यं लभते नात्र संशयः ॥ ११ ॥

अठारै अध्याय पाठ गर्न नसके त्यसको आधा—नौ अध्यायमात्र गरे पनि प्रतिदिन एउटा गाईदान गरेको पुण्य मिल्द छ; यसमा केही सन्देह छैन ॥ ११ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिभागं पठमानस्तु गंगास्नानफलं लभेत् ॥
षडंशं जपमानस्तु सोमयागफलं लभेत् ॥ १२ ॥

प्रतिदिन एक तिहाइ अर्थात् छ अध्याय पाठ गऱ्यो भने गङ्गास्नान गरेको पुण्य मिल्दछ । षष्ठांश अर्थात् तीन अध्यायको प्रतिदिन पाठ गर्नाले 'सोमयाग' गरेको पुण्य मिल्द छ ॥ १२ ॥

एकाध्यायं तु यो नित्यं पठते भक्तिसंयुतः ॥
रुद्रलोकमवाप्नोति गणो भूत्वा वसेच्चिरम् ॥ १३ ॥

जसले भक्तिपूर्वक प्रतिदिन एक अध्यायको पाठ गर्दछ भने यसवाट शङ्कर भगवान् खुशी भएर त्यसले धेरै कालसम्म रुद्रलोकमा उहाँको पार्षद भएर वस्न पाँउँदछ र अन्तमा कैवल्य मुक्तिको भागी हुन्छ ॥ १३ ॥

अध्यायं श्लोकपादं वा नित्यं यः पठते नरः ॥
स याति नरतां यावन्मन्वतरं वसुन्धरे ! ॥ १४ ॥

हे पृथिवी ! जो मनुष्य एक अध्याय अथवा एक श्लोक, यो पनि नसके एक श्लोकको ¼ चौथा हिस्सा अर्थात् आठ अक्षर—जस्तै 'धर्मक्षेत्रे कुरुक्षेत्रे, यत्तिमात्र भने पनि प्रतिदिन पाठ गर्दछ, त्यो जहाँसम्म पृथिवीमा मन्वन्तर अर्थात् चौध मनुको पालो रहन्छ त्यहाँसम्म मनुष्य नै भएर जन्मिरहन्छ ॥ १४ ॥

गीतायाः श्लोकदशकं सप्तपञ्चचतुष्टयम् ॥
द्वौ त्रीनेकं तदर्धं वा श्लोकानां यः पठेन्नरः ॥ १५ ॥
चन्द्रलोकमवाप्नोति वर्षाणामयुतं ध्रुवम् ॥

जसले मनुष्य गीताका दश श्लोक, सात श्लोक, पाँच श्लोक, चार श्लोक, दुई श्लोक, तीन श्लोक, एक श्लोक अथवा आधा श्लोकको प्रतिदिन पाठ गर्दछ, त्यसले चन्द्रलोकमा गएर दश हजार वर्षसम्म निश्चितरूपले वस्न पाउँदछ ॥ १५ ॥

गीतापाठसमायुक्तो मृतो मानुषतां व्रजेत् ॥
गीताभ्यासं पुनः कृत्वा लभते मुक्तिमुत्तमाम् ॥ १६ ॥

गीताको पाठ गर्दागर्दै या सुन्दासुन्दै प्राणमुक्त भयो भने जस्तै कुकर्मी भए तापनि पुनर्जन्ममा मनुष्य नै भएर जन्मन्छ र फेरि गीताको अभ्यास गरेर उत्तम अर्थात् कैवल्य मुक्ति पाउँदछ ॥ १६ ॥

गीतेत्युच्चारसंयुक्तो म्रियमाणो गतिं लभेत् ॥
गीतार्थश्रवणासक्तो महापापयुतोऽपि वा ॥ १७ ॥
वैकुण्ठं समवाप्नोति विष्णुना सह मोदते ॥ १८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राण जाने वेलामा 'गीता' यत्तिमात्र उच्चारण गरेर पनि मर्नेले उत्तम गति पाउँदछ। गीताको अर्थ सुन्नमा मन लगाउने मनुष्यले अघि महापाप आदि गरेको छ तापनि विष्णुलोकमा गएर श्री विष्णुका साथ आनन्दपूर्वक रहन्छ ॥

गीतार्थं ध्यायते नित्यं कृत्वा कर्माणि भूरिशः ॥
जीवन्मुक्तः स विज्ञेयो देहान्ते परमं पदम् ॥ १९ ॥

मनुष्यले धेरै कर्महरू गरेर पनि यदि निरन्तर गीताको अर्थ चिन्तन गर्दछ भने त्यसलाई जीवन्मुक्त जान्न उचित छ, किनकि देह छुटेपछि त्यो परम पदमा जान्छ अर्थात् मुक्त हुन्छ ॥

गीतामाश्रित्य बहवो भूभुजो जनकादयः ॥
निर्धूतकल्मषा लोके गीता याताः परं पदम् ॥ २० ॥

गीताको ज्ञानलाई लिएर धेरै जनकादि राजाहरू निष्पाप भएर परमपदमा गएका लोकमा विख्यात छन् ॥

गीतायाःपठनं कृत्वा माहात्म्यं नैव यः पठेत् ॥
वृथा पाठो भवेत्तस्य श्रम एव ह्युदाहृतः ॥

जसले गीताको पाठ गरेर माहात्म्यको पाठ गर्दैन, त्यसले गरेको त्यो पाठ व्यर्थ छ औ केवल परिश्रम मात्र हो ॥

एतन्माहात्म्यसंयुक्तं गीताभ्यासं करोति यः ।
स तत्फलमवाप्नोति दुर्लभां गतिमाप्नुयात् ॥

जसले यो माहात्म्य सहित गीताको पाठ गर्दछ त्यसले माथि बताइएका फलहरूलाई पाउँदछ र अन्तमा दुर्लभ गतिलाई पाउँदछ ॥

सूत उवाच—

माहात्म्यमेतद्गीताया मया प्रोक्तं सनातनम् ॥
गीतान्ते च पठेद्यस्तु यदुक्तं तत्फलं लभेत् ॥

इति श्रीवाराहपुराणे श्रीगीतामाहात्म्यं सम्पूर्णम् ॥

नैमिषारण्य क्षेत्रमा अठासीहजार सौनकादि ऋषिहरूका प्रति सूतजी भन्नुहुन्छ— मैले तपाईंहरूलाई सुनाएको यो गीताको परंपरा चलिआएको माहात्म्य जसले गीताको अन्तमा पाठ गर्दछ त्यसले यथोक्त फल पाउँदछ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीतापाठविधिः

प्रातःकालमा उठेर स्नान गरी शुद्ध भएर नित्य कर्मबाट निवृत्त हुनु र कुश, मृगचर्म या कम्बल आदि पवित्र आसनमा पूर्वतिर मुख फर्काई बस्नू। त्यस पछि यथालब्ध पुष्पादिले पुस्तकको पूजा गरी, नपाए केवल मानसिक पूजा गरेर, तीन पल्ट 'ॐ तत्सत्' यो मन्त्र पढ्नू र पहिले अगाडि लेखिएको विधिपूर्वक न्यास गर्नू अनि अञ्जलि-पुट बाँधेर अर्धनिमीलित नासाग्र-दृष्टि गरी ध्यानका श्लोकहरू पढ्नू र त्यसको अर्थमा मन लगाउनू। यस पछि जति सकिन्छ, गीताको पाठ गर्नू। पाठ गरिसकेपछि सके सबै, नसके तीन-चार श्लोकमात्र भए पनि माहात्म्य पाठ गर्नू र अन्तमा उही 'ॐ तत्सत्' यस मन्त्रलाई तीन बार उच्चारण गरेर पाठ गरेको सबै उनै श्रीकृष्णका पद-पङ्कजमा 'श्रीकृष्णार्पणमस्तु' भनेर समर्पण गरिदिनू र उठ्नू। परदेशमा या कुनै कर्म-संकट परेमा स्मरणमात्र गरेर मनमनै गीताका एक-दुई श्लोकहरूको पाठ गरे पनि व्रत पूर्ण हुन्छ, भङ्ग हुँदैन।

धेरै सज्जनहरूले न्यास-ध्यान नगरिकन केवल गीताको मात्र पाठ गर्नु हुन्छ, किन्तु धर्मशास्त्रमा लेखिएको छ—

अविदित्वा ऋषिं छन्दो दैवतं योगमेव च।
योऽध्यापयेज्जपेद्वापि पापीयाञ्जायते तु सः॥

अर्थात् जो मन्त्रको ऋषि, छन्द, देवता, विनियोगलाई नजानिकन जपाउँदछ या जप्दछ त्यो अत्यन्त पापी हुन्छ। श्रुतिमा पनि लेखिएको छ—"यो ह वा अविदितार्षेयच्छन्दोदैवतब्राह्मणेन मन्त्रेण याजयति वाऽध्यापयति स्थाणुं वार्च्छति गर्तं वा प्रतिपद्यते" (आर्षेयब्राह्मण १)। अर्थात् जो ऋषि, छन्द, देवता आदि नजान्ने ब्राह्मण या नजानिएको मन्त्रद्वारा यज्ञ गराउँदछ या यस्ता मन्त्रहरूको अनुष्ठान गर्ने आज्ञा दिन्छ अथवा स्वयं जप्दछ या अनुष्ठान गर्दछ त्यो स्थाणु (ठूटो) या गर्त-(खाल्टो)-मा जान्छ अर्थात् त्यसलाई पुण्यको सट्टा पाप लाग्दछ। तात्पर्य के हो भने सबै कर्मको आफ्नू-आफनू बेग्ला-बेग्लै विधि हुन्छ; जुनसुकै कर्मको पनि विधि र अङ्ग पुरा नभै त्यो कर्म साङ्गोपाङ्ग हुँदैन, साङ्गोपाङ्ग नभै अदृष्ट (फल) उत्पन्न हुँदैन, फल उत्पन्न नभएपछि फल-त्याग पनि हुँदैन। किनकि भएको फलको नै त्याग हुन सक्दछ, नभएको फलको हुँदैन। यस कारण व्यावहारिक या पारमार्थिक जुनसुकै कर्ममा पनि विधि अवश्य चाहिन्छ।

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ न्यासः

[1]ॐ अस्य श्रीभगवद्गीतामालामन्त्रस्य भगवान् वेदव्यास ऋषिः। अनुष्टुप् छन्दः। श्रीकृष्णपरमात्मा देवता। अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे, इति [2] बीजम्। सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज, इति[3] शक्तिः। अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः, इति[4] कीलकम्॥

अथ करन्यासः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः [5]इत्यङ्गुष्ठाभ्यां नमः। नचैनं क्लेदयन्त्यापो न शोषयति मारुतः, इति[6] तर्जनीभ्यां नमः। अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च, इति[7] मध्यमाभ्यां नमः।

---

(१) यो श्रीमद्भगवद्गीतारूपी माला-मन्त्र अर्थात् सात सय श्लोकका मन्त्रहरूको माला हो। यस मन्त्रमालाका ऋषि श्रीभगवान् वेदव्यास हुनुहुन्छ। मन्त्रलाई ज्ञानरूपी नेत्रले देख्नेलाई 'ऋषि' भन्दछन्। वेदव्यासले कुरुक्षेत्रको युद्धमा श्रीकृष्णले अर्जुनलाई गरेको गीताको उपदेश त्यसैबेला आफ्नै आश्रममा बसेर लिपिबद्ध गर्नुभएको थियो; यसैले उहाँ गीताको 'ऋषि' हुनुहुन्छ। यस माला-मन्त्रमा प्रायः अनुष्टुप् छन्द छन्। यस माला-मन्त्रका देवता अर्थात् आराध्य इष्ट श्रीकृष्ण परमात्मा हुनुहुन्छ।

(२) बीज—"तिमीले जसका प्रति शोक गर्न उचित थिएन उनैका निम्ति शोक गऱ्यौ औ बुद्धिमान्का जस्ता कुरा गर्दछौ! (२।११)" यही बिउबाट गीताशास्त्ररूपी वृक्ष खडा भएको छ, किनकि आफ्ना-बन्धुवर्गलाई युद्धमा देखेर अर्जुनले शोक गरे, यो देखेर श्रीकृष्णले तिम्रो शोक अनुचित छ भन्न लाग्नुभयो। यस विषयलाई लिएर जो समग्र वेद-उपनिषद्को प्रमाण उपस्थित गराउनुभयो त्यही 'गीता' भयो।

(३) शक्ति—"सबै धर्म छोडेर म एउटैको शरणमा आऊ (१८।६६)" यो गीताशास्त्रको 'शक्ति' हो, किनकि सर्वशक्तिसम्पन्न श्रीभगवान्को आश्रय लिएपछि कुनै पनि दुर्बलताहरू रहन पाउँदैनन्।

(४) कीलक—'म तिमी-(मानव)-लाई सबै पापबाट छुटाइदिउँला। (१८।६६)" यो 'कीलक' हो। दुष्ट दस्युहरूलाई रोक्ने 'कीलक' कहिन्छ। भगवान् आफ्ना भक्तका पापरूपी दुष्ट, दस्युहरूलाई यसरी रोकिदिनुहुन्छ जसरी कमल-पत्रले पानीलाई रोक्दछ।

(५) यति भनेर दुवै हातका चोर औंलाको टुप्पाले बूढी औंलाका टुप्पा छुन्।

(६) यति भनेर बूढी औंलाको टुप्पाले चोर औंलाका टुप्पा छुन्।

(७) यति भनेर बूढी औंलाको टुप्पाले माझ औंलाका टुप्पा छुन्॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः, [1]इत्यनामिकाभ्यां नमः। पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः, इति[2] कनिष्ठिकाभ्यां नमः। नाना विधानि दिव्यानि नाना वर्णाकृतीनि च, इति[3] करतलकरपृष्ठाभ्यां नमः। इति करन्यासः॥

अथ हृदयादि न्यासः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः, इति[4] हृदयाय नमः। न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः, इति[5] शिरसे स्वाहा। अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च, इति [6]शिखायै वषट्। नित्यः सर्वगतः स्थाणुरचलोऽयंसनातनः, इति[7] कवचाय हुम्। पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः इति[8] नेत्रत्रयाय वौषट्। नाना विधानि दिव्यानि नाना वर्णाकृतीनि च, इति[9] अस्त्राय फट्॥ श्रीकृष्णप्रीत्यर्थे पाठे विनियोगः॥

श्रीगीता देवीको ध्यान

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितां पुराणमुनिना मध्ये महाभारतम्।
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी-
मम्ब! त्वामनुसंदधामि भगवद्गीते! भवद्वेषिणीम्॥ १॥

हे आमा! हे भगवद्गीते!! तपाईं कस्ती हुनुहुन्छ भने स्वयं भगवान् नारायण-(कृष्ण)-ले अर्जुन-(नर)-लाई उपदेश गरिएकी, पुराणमुनि व्यासले संपादन गरिएकी, अद्वैतरूपी अमृतको वर्षा गराउने, षट् (६) ऐश्वर्यले युक्त भएकी, अठार अध्याय (अङ्ग) भएकी तथा संसारका दुःख-शोक-भयलाई नाश गर्ने यस्ती, तपाईंको म ध्यान गर्दछु॥१॥

---

(१) यति भनेर बूढी औंठाले साँहिली औंलाका टुप्पा छुनू।

(२) यति भनेर बूढी औंठाले कान्छी औंलाका टुप्पा छुनू।

(३) दुवै हात घोप्टो पारी पहिले बायाँ हत्केलामाथि दाहिने हत्केला अनि दाहिने हत्केला-माथि बायाँ हत्केला राखेर छोड्दिनू।

(४) यति भनेर दाहिने हातका पाँचै औंलाले छातिमा छुनू।

(५) पाँचै औंलाले शिरमा छुनू।

(६) पाँचै औंलाले टुपी छुनू।

(७) दाहिने हातले बायाँ कुम, बायाँ हातले दाहिने कुम छुनू।

(८) पाँचै औंलाले दुई आखिभौंको बीचमा छुनू।

(९) दाहिनेहातका साँहिली र कान्छी औंलालाई बूढ़ी औंलाले दबाएर चोर औंलो र माझ औंलो ठडयाई दाहिने तर्फबाट शिरमा वरि-परि घुमाएर बायाँ हातको हत्केलामा शब्द आउने गरी पिट्नू।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीव्यास मुनिको ध्यान

नमोऽस्तु ते व्यासविशालबुद्धे !
फुल्लारविन्दायतपत्रनेत्र !
येन त्वया भारततैलपूर्णः
प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥ २ ॥

फुलेका कमलपत्र जस्तै नेत्र भएका तथा ठूलो बुद्धि भएका हे व्यासजी ! तपाईंलाई नमस्कार छ, जो तपाईंले महाभारतरूपी तेलले भरिएको गीताज्ञानरूपी बत्ती बालिदिनुभयो ॥

श्रीकृष्णको ध्यान

प्रपन्नपारिजाताय तोत्रवेत्रैकपाणये ॥
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः ॥ ३ ॥

शरणागतको निम्ति कल्पवृक्ष समान, एक हातमा घोडाहाक्ने वेतको छडी र अर्को हातमा [1]ज्ञानमुद्रा धारण गर्नुभएको, गीतारूपी अमृतलाई दुहुने, यस्ता भक्तको दुःखलाई कर्षण गर्ने भगवान् श्रीकृष्णलाई नमस्कार छ ॥

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ॥
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥ ४ ॥

सबै उपनिषद्हरू गाईरूप थिए, यिनलाई दुहुने गोपालनन्दन श्रीकृष्ण हुनुहुन्थ्यो, अर्जुन बार-बार जिज्ञासा गरेर त्यो गाईको दुधलाई पगार्ने बाच्छो थिए, दुहिएको गीतामृतरूपी दुध हो, यसलाई जसको बुद्धि निर्मल छ उनैले पिउँदछन् या पिउन सक्दछन् ॥४॥

वसुदेवसुतं देवं कंसचाणूरमर्दनम् ॥
देवकीपरमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥ ५ ॥

वसुदेवका छोरा वासुदेव, कंस र चाणूरलाई मर्दन गर्ने, देवकीलाई परम आनन्द दिने, जगत्का गुरु श्रीकृष्णलाई नमस्कार छ ॥ ४ ॥

भीष्मद्रोणतटा जयद्रथजला गांधारनीलोत्पला ।
शल्यग्राहवती कृपेण वहनी कर्णेन वेलाकुला ॥
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी ।
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तकः केशवः ॥ ६ ॥

---

१ बूढी औंलाको टुप्पा र चोर औंलाको टुप्पा जोडी ठाडो पारेर अगाडी फर्काए पछि 'ज्ञान मुद्रा' हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाण्डवहरूले यस्तो नदी तरेर पार भए; जसका भीष्म र द्रोण दुई किनारा थिए, जयद्रथ जल थियो, शकुनि नीलकमल थियो, शल्य ग्राह थियो, कृपाचार्य प्रवाह थिए, कर्ण लहरी थियो, अश्वत्थामा र विकर्ण भयङ्कर मकरहरू थिए, दुर्योधन भुँवरी थियो, यस नदी-बाट पारलगाउने कर्णधार (माँझी) स्वयं भगवान् श्रीकृष्ण हुनुहुन्थ्यो ॥६॥

पाराशर्यवचः सरोजममलं गीतार्थगन्धोत्कटम् ।
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम् ॥
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा ।
भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसिनः श्रेयसे ॥ ७ ॥

व्यासको वाणी सुन्दर कमल हो, गीताको अर्थ त्यस कमलको तीव्र सुगन्ध हो । नाना प्रकारका दृष्टान्त त्यसका केसरहरूहुन् । हरिकथाका बीच-बीचमा आएका सम्बोधनरूपी सूर्यको प्रकाशले त्यो कमल फक्रेको छ । लोकमा सज्जनरूपी भँवराले बार-बार त्यस कमलको मकरन्द-(रस)-लाई खूब पान गर्दछन् । यस्तो महाभारतरूपी कमल कलिकोमल-(राग-द्वेष आदि)-लाई नाश गर्न खोज्नेहरूलाई कल्याण देओस् । ॥ ७ ॥

मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ॥
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥ ८ ॥

जसको कृपाले लाटोलाई पनि वाचाल गराउँदछ औ लँगडोलाई पर्वत नघाउँदछ, यस्ता परमानन्दस्वरूप माधव-(लक्ष्मीपति)-लाई म नमस्कार गर्दछु ॥ ८ ॥

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै—
र्वेदैःसाङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो-
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥ ९ ॥

जसलाई ब्रह्मा, वरुण, इन्द्र, रुद्र तथा वायु आदि देवताहरूले दिव्य स्तोत्रद्वारा स्तुति गर्दछन् औ जसलाई सामवेदका गायकहरू अङ्ग, पद, क्रम, उपनिषद् सहित वेदहरूद्वारा गाउँदछन् तथा जसलाई योगीहरू ध्यानमा स्थित भएर त्यसमा गएका अर्थात् अन्तर्मुख भएका मनले देख्दछन् । एवंप्रकार जसको अन्त्य सुर-असुर-गण कसैले पनि पाउन सक्तैनन्; यस्ता स्वयंप्रकाश वासुदेव भगवान्लाई नमस्कार छ ॥ ९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वंशीविभूषितकरान्नवनीरदाभात्
पीताम्बरादरुणबिम्बफलाधरोष्ठात्
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्
कृष्णात्परं किमपि तत्त्वमहं न जाने

जसको हातमा वंशी सुशोभित छ, जसको कान्ति नयाँ बादल जस्तै श्यामसुन्दर छ, जसले पीताम्बर पहिरेको छ, जसको तल्लो ओठ पाकेको गोल कांक्री जस्तै रातो छ, जसको मुखमण्डल पूर्ण चन्द्र जस्तै सुन्दर छ, तथा जसका नेत्र कमल पत्र जस्तै मनोहर छन् यस्ता भगवान् श्रीकृष्णचन्द्रदेखि पर कुनै पनि तत्त्व छैन।

वन्दे कृष्णार्जुनौ वीरौ नरनारायणावुभौ।
धार्तराष्ट्रकुलोत्पन्नगजारोहणवल्लभौ॥

माहाभारतको युद्धविजयद्वारा दुर्योधनादिका हात्तीमा चढ्नलाई अति उत्सुक, नर-नारायणका अवताररूप श्रीकृष्ण र अर्जुन दुवै वीरलाई म नमस्कार गर्दछु।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्वामी ईश्वरानन्द

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सारथ्यमर्जुनस्यादौ कुर्वन् गीतामृतं ददौ ।
सर्वलोकोपकाराय तस्मै कृष्णाय ते नमः ॥

सुब्बा होमनाथ केदारनाथ
बाराणसीको सौजन्यताबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

श्रीमद्भगवद्गीता

गीता-तात्पर्य सहित

पाहिलो अध्याय

यः सदा काशते मेऽन्तर्हृदयाकाशमण्डले ।
नित्यस्फुरणरूपेण तं भजे कृष्णमीश्वरम् ॥१॥

अनादि प्रवाह रूप यो संसारमा जब-जब धर्मको ह्रास र अधर्मको वृद्धि हुन्छ त्यस-त्यस वेला अमित-ज्ञान-ऐश्वर्य-तप-बल-तेज-शक्ति-सम्पन्न श्रीभगवान्को अवतार हुन्छ । उहाँ समस्त भूत-भौतिकको ईश्वर, नित्य, शुद्ध, बुद्ध, मुक्त-स्वभाव र जन्म-रहित हुनुहुन्छ, तथापि त्रिगुणात्मिका-वैष्णवी-मायालाई स्वाधीन गरेर त्यसद्वारा लोकलाई अनुग्रह गर्ने हेतुले देहधारीको जस्तो रूप लिनुहुन्छ । स्वयं भगवान्ले गीतामा भन्नुभएको छ—

अजोऽपिसन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥
(४–६)

यद्यपि म जन्मरहित, अविनासी तथा सकल-प्राणीको ईश्वर छु, तथापि आफ्नी-प्रकृतिलाई स्वाधीन गरेर आफ्नै मायाद्वारा प्रकट हुन्छु । अतएव श्रीमन्नारायणले कृष्णावतार लिएर धर्मका बाधक हुनाले पृथ्वीका भार नरराक्षसहरूलाई दमन गरेर अनादिकालदेखि चली आएको वेदोक्त जुन् निवृत्तिर प्रवृत्ति धर्मको स्थापना गर्नुभयो, त्यही धर्मको संसारमा प्रचार गर्ने हेतुले अविद्या-काम-कर्मादिले विवेक-विज्ञान-दृष्टि आच्छन्न भएका तथा शोक-मोहरूपी समुद्रमा डुबेका अर्जुनलाई विमल-ज्ञानको उपदेश दिनुभयो । किनकि सत्पात्रमा दिएको विद्याको नै सत्क्षेत्रमा परेको बीज झैं सफल भएर परंपरया वृद्धि हुँदैजान्छ । यही उपदेशलाई श्रीकृष्ण-द्वैपायन (व्यास) ले महाभारत भीष्मपर्वका माझमा ७०० सातसय श्लोकले युक्त गीतालाई नक्षत्र-मण्डलमा चन्द्रमा झैं स्थापना गर्नुभयो । गीताको यो विषय भीष्मपर्वका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५ अध्यायदेखि ४२ अध्याय पर्यन्त वर्णन गरिएको छ। यसको पूर्ववृत्तान्त यस्तो छ—युद्ध प्रारम्भ हुनुभन्दा पहिले व्यासले गएर धृतराष्ट्रलाई—'राजन् ! तिमीलाई युद्धको दृश्य हेर्ने इच्छा भए म दिव्य-दृष्टि दिन्छु' भन्नुभयो, तर आफ्नै साम्ने आफ्ना वंशको नाश हेर्न धृतराष्ट्रले उचित ठानेनन्। अतः धर्मात्मा सञ्जयलाई सो दिव्य-दृष्टि मिल्यो। यसैका प्रभावले सञ्जय हस्तिनापुरबाटै कुरुक्षेत्रमा भएका सबै घटनाहरू देख्दथे औ संवाद पनि सुन्दथे। सञ्जय धृतराष्ट्रकै सल्लाहकार मन्त्री हुन्, यिनैले भीष्मपितामहजी रणमा पछारिनुभएपछि समाचार सुनाए। अनि धृतराष्ट्रले प्रारम्भदेखि नै सम्पूर्ण घटना जान्ने इच्छा गरे। यो कृष्णार्जुन संवाद पनि सबै धृतराष्ट्रलाई सञ्जयले सुनाए। यसैको नाम 'गीता' हो। जुन कुरो गाइएको अथवा कहिएको हुन्छ उसलाई 'गीता' भन्दछन्। श्रीभगवान्द्वारा गाइएको अर्थात् कहिएको हुनाले यसको नाम 'श्रीमद्भगवद्गीता' रहेको हो। गीता सम्पूर्ण वेद, उपनिषद्को सार हुनाले प्रत्येक अध्यायका अन्तमा पनि 'इति श्रीमद्भगवद्गीतासूपनिषत्सु' भन्ने शब्द छ। यसमा व्यासले नै भन्नुभएको छ—

"सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्॥

सम्पूर्ण उपनिषद् गाई, दुहुने गोपालनन्दन कृष्ण, बाच्छो अर्जुन हुन्। यो गीतामृतरूपी महान् दूधलाई पिउने निर्मल बुद्धि भएका सज्जनहरू हुन्। संस्कृतव्याकरणमा उपनिषद् शब्द स्त्री-लिङ्ग मानिएको छ, यसैका विशेषण रूपले गीता शब्दको पनि स्त्री-लिङ्गमा नै व्यवहार भएको छ। यसैले प्राचीन र अर्वाचीन विद्वान्हरुले अम्ब, (आमा) गीता-माता आदि शब्दको प्रयोग गरेका छन् र साथै स्त्री-विग्रहमा पूजा पनि हुन लागि-रहेछ। यसलाई पढेर यसको रहस्य बुझ्न सक्ने योग्य अधिकारी कस्तो हुन पर्दछ ? यो कुरा देखाउनको निम्ति प्रथमाध्यायमा अर्जुनको अत्यन्त उदार हृदयको मर्म-स्पर्शी वर्णन गरिएको छ। अब सबभन्दा पहिले आद्योपान्त-वृत्तान्त सुन्ने इच्छा भएका धृतराष्ट्र अध्यायको प्रारम्भ-श्लोकले सञ्जय संग सोध्नुहुन्छ—

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ! ॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सञ्जय !	=	हे सञ्जय !	मामकाः	=	मेरा पुत्र दुर्योधनादि
धर्मक्षेत्रे	=	धर्मक्षेत्ररूपी	पाण्डवाः च एव	=	तथा पाण्डु-पुत्र युधिष्ठिरादिले
कुरुक्षेत्रे	=	कुरुक्षेत्रमा	किम्	=	के
समवेताः	=	बटुलियेका	अकुर्वत ?	=	गरे ?
युयुत्सवः	=	युद्धको इच्छागर्ने			

सरलार्थ

धृतराष्ट्र सोध्नुहुन्छ—हे सञ्जय ! धर्मक्षेत्ररूपी कुरुक्षेत्रमा लड्ने इच्छाले एकत्र भएका मेरा छोराहरु र पाण्डुका छोराहरूले के गरे ?

तात्पर्य

वैशम्पायन मुनि भन्नुहुन्छ—हे जनमेजय ! यस्ता प्रकारले पाण्डवहरुको विजयको कारण धेरै प्रकारबाट सुनेर आफ्ना पुत्रहरुको राज्य भ्रष्ट हुन्छ कि भन्ने आशङ्काले चिन्तित भएका धृतराष्ट्रजी आत्तिएर सञ्जय संग सोध्नुहुन्छ ।

हस्तिनापुरको चारै-पट्टिको भूमी कुरुक्षेत्र भनिन्छ। त्यसैको एक खण्डमा ऐले वर्तमान दिल्ली सहर बसेको छ । अघि 'कुरु' नाम गरेका कौरव-पाण्डवका पूर्वज राजाले यज्ञका निम्ति सुनको हलोले त्यस भूमीलाई जोतेका हुनाले 'कुरुक्षेत्र' नाम रहेको हो । पछि देवराज इन्द्रले राजा कुरुलाई यस्तो वरदान दिए—"जो यस भूमीमा तपस्या या युद्ध गर्दा प्राण त्याग्ला त्यसलाई विशेष सद्गति मिल्नेछ" यसैले यो धर्मभूमी कुरुक्षेत्र कहिन्छ औ यसैले प्राचीनकालदेखि अर्वाचीन कालसम्म पनि यो ठाउँ युद्ध-क्षेत्र भैरहेको नै थियो । यसका विषयमा जावाल-श्रुतिमा लेखिएको छ—"यदनुकुरुक्षेत्रं देवानां देवयजनं सर्वेषां भूतानां ब्रह्मसदनम्" (१) शतपथ श्रुतिमा पनि लेखिएको छ—"कुरुक्षेत्रं वै देवयजनम्" दुवै श्रुतिबाट यही कुरा बुझिन्छ कि—राजा कुरुले यज्ञ गर्नुभन्दा पहिलेदेखि नै कुरुक्षेत्र देवताहरूको यज्ञस्थल रहेछ । यसैले यसलाई धर्मक्षेत्र भन्ने विशेषण दिएको छ । धृतराष्ट्रले विशेषण सहित कुरुक्षेत्रको नाम लिनाको तात्पर्य यस्तो छ—महाभारतमा लेखिएको छ कि—युद्ध-प्रारम्भ हुनुभन्दा पहिले धृतराष्ट्रले संजयलाई पठाएर पाण्डवहरुलाई युद्ध तथा राज्यबाट वैराग्य उत्पन्न हुने उपदेश गर्न लगाउनुभयो । ऐले त्यही आशयलाई लिएर सोध्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ—धर्म-भूमीमा गएपछि धार्मिक-उपदेसको केही प्रभाव पऱ्यो कि परेन ? वास्तवमा यो धर्मोपदेश पाण्डवहरुलाई राज्यबाट वञ्चित गराउने कूटनीति मात्र थियो । हँ, यो कुरा सत्य हो कि—धर्म-भूमीमा गएपछि मनुष्यको केही न केही धार्मिक भाव अवश्य जागृत हुन्छ । सम्भव छ, अर्जुनको युद्धबाट पराङ्मुख हुने इच्छा पनि यही कारणबाट भयो होला । नत्र अर्जुनले पहिले निश्चय गरेर पछि कमजोरी देखाउने थिएनन् । जे होस् , धृतराष्ट्रले आफ्ना छोराहरुलाई मामका (मेरा) शब्दको प्रयोग गरेबाट स्पष्ट बुझिन्छ कि—पाण्डवका प्रति उनको स्नेह छैन ।

सञ्जय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसंगम्य राजा वचनमब्रवीत् ॥२॥

अन्वयार्थः

तु	=	किन्तु	दृष्ट्वा	=	देखेर
राजा	=	राजा	आचार्यम्	=	आचार्यका
दुर्योधनः	=	दुर्योधनले	उपसङ्गम्य	=	समीपमा गएर
तदा	=	त्यस वेला	वचनम्	=	वचन
व्यूढम्	=	व्यूहाकारमा सजाएको	अब्रवीत्	=	भने
पाण्डवानीकम्	=	पाण्डवहरुको सैन्यलाई			

सरलार्थ

सञ्जय भन्नुहुन्छ—किन्तु राजा दुर्योधनले त्यसवेला व्यूहाकारमा सजाएको पाण्डवको सेनालाई देखेर गुरु द्रोणाचार्यका समीपमा गएर यी वचन भन्न लागे ।

तात्पर्य

बाहिरबाट पाण्डवहरूका प्रति जति सुकै प्रेम र सहानुभूति देखाए तापनि आफ्ना छोराहरूले मात्र अकण्टक राज्य-सुख भोगुन् भन्ने अनुचित अभिलाषा धृतराष्ट्रजीको हृदयमा छ । यसैले पाण्डवहरूको राज्यमा अधिकार गर्नु अन्याय हो भन्ने जानी-जानी पनि दुर्योधनको दुराग्रहलाई रोक्नसक्नुहुन्न, तथापि दुर्योधनमा धर्म-बुद्धिको उदय भए सबैको लागि बेस हुने थियो भन्ने भावना छ । यो सबै मतलब सञ्जयले पनि राम्ररी नै बुझेका छन् । अतएव युद्ध-प्रारम्भको घटना वर्णन गर्दै भन्दछन्—धर्मोपदेश र धर्मभूमिको प्रभाव न पाण्डवमा पऱ्यो, न तपाईंका छोरा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूमा पऱ्यो, उल्टो पाण्डवको व्यूह-रचनालाई देखेर दुर्योधनले गम्भीर तथा शान्त-मुद्रामा रहनुभएको द्रोणाचार्यलाई नाना तरहले उत्तेजित गर्नथाल्यो। यही भाव श्लोकमा रहेको 'तु' शब्दले देखाएकोछ। महाभारतमा लेखिएको छ कि—पहिला दिन कौरवपक्षि भीष्मद्वारा पतत्त्री व्यूहको[1] निर्माण भयो। पतत्त्री भनेको चरोहो, जसरी चरो लड्दा-खेरी आकाशमा उडेर मौका-अनुसार घुमी-घुमी चारैतिरबाट चुचाले ठुङ्दछ त्यस्तै यो व्यूह पनि चराको जस्तो आकार भएकोले जता पनि मुख फर्काउन हुन्छ। यिनीहरूको यो व्यूहलाई देखेर युधिष्ठिरले अर्जुनलाई भने—हे अर्जुन! बृहस्पति-को कथन छ कि—आफ्नु सेना धेरै छ भने फिंजाएर हम्ला गर्नु, थोरै छ भने एकट्ठा भएर हम्ला गर्नु। हाम्रो सेना शत्रु-सेना भन्दा धेरै नै कम छ। अतः हामीले सूची-मुखाकार अर्थात् सियाको टुप्पो जस्तो व्यूह बनाउनपऱ्यो। धर्मराजको यो आज्ञा सु-नेर अर्जुनले धृष्टद्युम्नद्वारा वज्रव्यूह रचना गर्न लगाए। यो व्यूह तिखारिएको हुनाले शत्रुसेनामा आक्रमण गर्न र आक्रमण विफल गराउन अत्यन्त उपयोगी थियो ॥२॥

यहाँ देखि ११ श्लोकसम्म दुर्योधन द्रोणाचार्यसँग युद्धविषयक वार्तालाप गर्दछ—

पश्यैतां पाण्डुपुत्राणामाचार्य! महतीं चमूम्।
व्यूढां द्रुपद-पुत्रेण तव शिष्येण धीमता ॥३॥

अन्वयार्थः

आचार्य!	=	हे आचार्य!	व्यूढाम्	=	व्यूहाकारमा सजाएको
तव	=	तपाईको	एताम्	=	यो
धीमता	=	बुद्धिमान	पाण्डुपुत्राणाम्	=	पाण्डव हरुको
शिष्येण	=	चेलो	महतीम्	=	ठूलो
द्रुपद-पुत्रेण	=	राजा द्रुपदको छोरो (धृष्टद्युम्न) ले	चमूम्	=	सेनालाई
			पश्य	=	हेर्नु होस्

सरलार्थ

हे आचार्य! तपाईको बुद्धिमान चेलो राजा द्रुपदको छोरो धृष्टद्युम्नले पाण्डवको सैन्यलाई व्यूहाकारमा सजाएको छ, हेर्नुहोस्।

तात्पर्य

गुरुका अपेक्षा सबै शिष्य बराबरी हुन्छन्, त्यसमा पनि सुपात्र र ग्रहण[2], धारण[3]-

(१) सेना को विशेष सजावट को नाम व्यूह हो (२) लिन (३) अड्याउन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा पटु[1] हुनाले पाण्डवहरू नै विशेष प्रिय होलान् कि भन्ने आशङ्का दुर्योधनलाई छ, यसैले आचार्य का हृदयमा क्रोध उत्पन्न गराउने चेष्टाले सेना-संचालक धृष्टद्युम्न-को नाम नली द्रुपद-पुत्र भनेका छन्। कारण के भने राजा द्रुपदको र द्रोणा-चार्यको आघदेखिको विरोध थियो। आघदेखिको द्वेषी राजा द्रुपदको छोरो तपाईंसँगै धनुर्विद्या सिकेर आज तपाईलाई नै मार्न तयार भएको छ; यस्ता चेलाको धृष्टता कदापि क्षम्य छैन भन्ने दुर्योधनको आशय हो। चेलो आखिर चेलै हो भन्ने कदाचित् आचार्यले ठान्नुहोला भनेर 'धीमता' शब्दको प्रयोग गरेको छ अर्थात् चेलो हो तापनि त्यो बुद्धिमान छ र त्यसदेखि सदा सावधान रहनपर्दछ ॥३॥

पाण्डव-सैन्य-वर्णन—

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

अन्वयार्थः

अत्र	=	यस सेनामा	युयुधानः	=	सात्यकि
महेष्वासाः	=	ठूला धनुर्धारी	विराटः च	=	औ राजा विराट्
युधि	=	युद्धमा	महारथः	=	महारथी
भीमार्जुनसमाः	=	भीम र अर्जुन तुल्य	द्रुपदः च	=	राजा द्रुपद
शूराः	=	वीरहरू			

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान्।
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥

अन्वयार्थः

धृष्टकेतुः	=	धृष्टकेतु	पुरुजित्	=	पुरुजित्
चेकितानः	=	चेकितान	कुन्तिभोजः च	=	कुन्ति का पिता
वीर्यवान्	=	बलवान्	नरपुङ्गवः	=	नरश्रेष्ठ
काशिराजः च	=	काशिका राजा	शैब्यः च	=	शैब्य

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्।
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

(१) चतुर।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

विक्रान्तः	=	पराक्रमी	द्रौपदेयाः च	=	द्रौपदीका ५ पुत्र
युधामन्युः च	=	युधामन्यु	सर्व एव	=	सब
वीर्यवान्	=	बलशाली	महारथाः	=	महारथी
उत्तमौजाः च	=	उत्तमौजा	(सन्ति)	=	छन्
सौभद्रः	=	सुभद्रापुत्र अभिमन्यु			

सरलार्थ

यस युद्धमा भीमसेन र अर्जुन जत्तिकै बलिया ठूला धनुर्धारी वीरहरु यी हुन्—युयुधान, विराट, महारथी-द्रुपद, धृष्टकेतु, चेकितान, बलवान्-काशीराज, राजा-पुरुजित्, कुन्तिका पिता, नर-श्रेष्ट शैब्य, पराक्रमी-युधामन्यु, बलशाली-उत्तमौजा, सुभद्रापुत्र-अभिमन्यु, औ द्रौपदीका पांचै छोरा यी सबका सब महारथी छन्।

तात्पर्य

प्रस्तुत युद्धमा धृष्टद्युम्न वाहेक अरू पनि ठूला २ महान् धनुर्धारी वीरहरू छन् भनेर दुर्योधनले १७ जनाको नाम समेत गनेर देखाएको छ। यिनको वीरता र युद्धकौशलका विषयमा भीम र अर्जुनको बल प्रसिद्ध हुनाले ती दुईको उदाहरण दिएर वीरताको परिमाण देखाएको छ। युद्धमा अतिरथी, महारथी, रथी तथा अर्ध रथी यी ४ प्रकारका वीरहरू हुन्छन्। यिनमा असङ्ख्य सेनासँग एक्लै युद्ध गर्ने वीर-लाई अतिरथी, १०००० दशहजार सेनासँग एक्लै लड्ने योद्धालाई महारथी, १-१ जोडा बनेर अर्थात् यउटासँग मात्र लड्ने लडाकालाई रथी तथा यसभन्दा कम अर्थात् दुई जना भएर यउटासंग लड्नसक्नेलाई अर्धरथी भन्दछन्। यिनी हरूको लक्षण युद्ध-शास्त्रमा लेखिएको छ—

एको दशसहस्राणि योधयेद्यस्तु धन्विनाम्।
शस्त्रशास्त्रप्रवीणश्च महारथ इति स्मृतः॥
रथस्त्वेकेन यो योद्धा तन्न्यूनोऽर्धरथः स्मृतः।
अमितान्योधयेद्यस्तु संप्रोक्तोऽतिरथस्तु सः॥

महारथी उपाधि उसलाई मिल्दछ जो शस्त्र र अस्त्रविद्यामा कुशल भएर १०००० दशहजार धनुर्धारीसँग एक्लै टिकेर लडन शक्तछ औ साथै धनुर्वेद संहिता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अन्यान्य धर्म-शास्त्रमा पनि निपुण छ । असंख्य योद्धाहरूसँग लड्ने अति-रथी, यउटासँग लड्ने रथी, यसभन्दा कम योग्यताको अर्धरथी हुन्छ ॥६॥

कौरव-सैन्य-वर्णन—

अस्माकन्तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ! ।
नायका मम सैन्यस्य संज्ञार्थं तान् ब्रवीमि ते ॥७॥

अन्वयार्थः

तु	=	किन्तु	नायकाः	=	नेताहरू छन्
द्विजोत्तम !	=	हे आचार्य !	तान्	=	तिनीहरूलाई
अस्माकम्	=	हामीहरूका	निबोध	=	जान्नुहोस्
ये	=	जो	ते	=	तपाईंलाई
विशिष्टाः	=	श्रेष्ठ	संज्ञार्थम्	=	जनाउनको निम्ति
मम	=	मेरा	तान्	=	तिनीहरूलाई
सैन्यस्य	=	सेनाका	ब्रवीमि	=	भन्दछु

सरलार्थ

किन्तु हे आचार्य ! हामीहरूपट्टि पनि जो मुख्य २ योद्धा तथा सेनाध्यक्ष-हरू छन् तिनीहरूलाई हेर्नु होस् । तपाईंलाई सूचना दिनको निम्ति तिनीहरू-का नाम भन्दछु ।

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिरतथैव च ॥ ८ ॥

अन्वयार्थः

भवान्	=	तपाईं	कृपः च	=	कृपाचार्य
भीष्मः च	=	भीष्मजी	अश्वत्थामा	=	द्रोण पुत्र
कर्णः च	=	कर्ण	विकर्णः च	=	विकर्ण
समितिञ्जयः		युद्ध विजयी	तथा एव च	=	औ त्यस्तै
			सौमदत्तिः	=	भूरिश्रवा

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥ ९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अन्ये च	=	अरू पनि	त्यक्तजीविताः	=	जीवन त्यागेका
बहवः	=	धेरै	नानाशस्त्रप्रहरणाः	=	अनेक शस्त्रास्त्रले सुसज्जित
शूराः	=	वीरहरू	सर्वे	=	सबै
मदर्थे	=	मेरो निम्ति	युद्धविशारदा (सन्ति)	=	युद्ध कलामा निपुण छन्

सरलार्थ

तपाईं, भीष्मपितामहजी, कर्ण, युद्धविजयी-कृपाचार्य, अश्वत्थामा, विकर्ण तथा भूरिश्रवा यी हाम्रा पक्षका मुख्य २ योद्धाहरू हुन् । यी बाहेक अरू पनि अनेक वीरहरू छन् जो सबै मेरो निम्ति ज्यु-ज्यान समेत दिन तयार र अनेक शस्त्रास्त्रले सुसज्जित तथा युद्धकलामा प्रवीण छन् ॥ ८-९ ॥

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥ १० ॥

अन्वयार्थः

भीष्माभिरक्षितम्	=	भीष्मले रक्षागरिएको	भीमाभिरक्षितम्	=	भीमले रक्षागरिएको
अस्माकम्	=	हामीहरूको	एतेषाम्	=	यिनीहरूको
तत्	=	त्यो	इदम्	=	यो
बलम्	=	सैन्य	बलम्	=	सैन्य
अपर्याप्तम्	=	अपरिमित छ	पर्याप्तम्	=	परिमित छ
तु	=	किन्तु			

सरलार्थ

वीर-केसरी भीष्मद्वारा सञ्चालित ११ अक्षौहिणी संख्या भएको हाम्रो यो सेना उनीहरुलाई जित्न पर्याप्त (यथेष्ट) छ । किन्तु स्थूल बुद्धि भएको भीमसेनद्वारा हाँकिएको त्यो यिनीहरुको ७ अक्षौहिणीको सेनाले हाम्रो समता गर्नसक्तैन ।

तात्पर्य

यो श्लोकमा रहेको पर्याप्त शब्दको विषयमा टीकाकार हरुको मतभेद छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्याप्तको सोझो अर्थहो 'चाहिए जति पुग्नु', तर यहाँ यो अर्थ मिल्दैन । किनभने दुर्योधनका सेना ११अक्षौहिणी छन्, पाण्डवहरुका ७अक्षौहिणी मात्र। त्यस कारण प्रसङ्गानुसार पर्याप्त शब्दको अर्थ 'थोरै' अपर्याप्तको 'धेरै' हुन्छ । अर्को कुरा स्मरणीय यो छ कि--दुर्योधनले आफ्नू सेनाको बडाइ गर्नलाग्दा असमर्थ या नपुग कदापि भन्ने छैन । किनभने आफ्नू कमजोरी भए पनि लुकाएर आडम्बर देखाउने चलन यिनीहरुको हुन्छ । एक अक्षौहिणी[1] सेनामा २१८७० हात्तीका सवार २१८७० रथका सवार ६५६१० घोडसवार १०९३५० पैदल गरी जम्मा २१८७०० सैन्य रहन्छन् । यस दिसावले कौरव-पक्षमा जम्मा २४०५७०० र पाण्डव तर्फ १५३०९००दुवैपट्टि गरेर जम्मा संख्या३९३६६००महाभारतका युद्धमा प्रमाणित हुन्छ । पूर्वश्लोकमा 'व्यूढां द्रुपद पुत्रेण' भनेर यहां फेरि 'भीमाभिरक्षितम्' भन्नाले पूर्वोत्तर विरोध जस्तो देखिन्छ, परन्तु पाण्डव सैन्यको वज्रव्यूह रच्ने धृष्टद्युम्न भए तापनि व्यूहको अगाडि व्यूह-रक्षक रूपले भीम नै थिए, यसैले दुर्योधनलाई भीम नै अगाडि देखिएका छन् । अर्को कुरा दुर्योधनलाई भीमदेखि विशेष भय र इर्ष्या छ ॥१०॥

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥ ११ ॥

अन्वयार्थः

सर्वेषु च	=	सम्पूर्ण	सर्वेएव हि	=	सबै
अयनेषु	=	स्थानमा	भवन्तः	=	तपाईंहरुले
यथाभागम्	=	विभागानुसार	भीष्मम् एव	=	भीष्मलाई नै
अवस्थिताः	=	रहेका	अभिरक्षन्तु	=	रक्षा गर्नुहोला

सरलार्थ

तपाईंहरू सबैले युद्धका सबै मोर्चाहरुमा आफ्ना २ ठाउँमा रहेर सबैतिरबाट भीष्मजीको नै रक्षा गर्नुहोला ।

---

१ अक्षौहिणीप्रमाण—अक्षौहिण्याः प्रमाणं तु खागाष्टैकद्विकैर्गजैः ।
रथैरेतैर्हयैस्त्रिघ्नैः पञ्चघ्नैश्च पदातिभिः ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

व्यूहको सेना-प्रवेश-द्वार या मोर्चालाई अयन भन्दछन्। सेनापतिको आज्ञा-वाहेक आफ्नू ठाउँ छोडेर अन्यत्र नजानु, सेना-पतिको रक्षा गर्नु सैनिकको युद्ध-कालीन कर्तव्य हुन्छ। किनकि—जथाभावि हिंड्नाले व्यूह टुट्दछ। सेनापति युद्धमा अगाडि बढ्दैजाँदा शत्रुले धोका दिएर मार्न पनि सक्दछन्। सेनापति मरे-पछि सेना रानो नभएका माहुरी जस्तै भएर तितर-वितर हुन्छन्। यद्यपि भीष्मदेव कालदेखि पनि अजेय हुनुहुन्छ तथा उहाँ नै स्वयं सबैको रक्षक हुनुहुन्छ, उहाँलाई कसैले रक्षा गर्नु बाघलाई स्याललले रक्षा गर्नु जस्तो मात्र हो तथापि यहाँ रक्षा गर्नु भन्नाको तात्पर्य के भने भीष्मको प्रतीज्ञा छ कि—शिखण्डी स्त्री हुना ले म त्यसका उपर शस्त्र प्रहार गर्नेछैन त्यसकारण शिखण्डीका एकतर्फी शस्त्र-अस्त्र-बाट घात हुने संभावना थियो। भीष्मपर्वमैं अर्कोठाउँमा दुर्योधनले भनेको छ—

"अरक्षमाणं हि वृको हन्यात् सिंहं महाबलम्।
मा सिंहं जम्बुकेनेव घातयेथा शिखण्डिना॥

(म.भा. भी.१५-१४-२०)

रक्षा नगरेपछि महाबलिष्ट-सिंहलाई पनि साधारण-वृकले मार्दछ, त्यसकारण स्याल जस्तै शिखण्डीबाट सिंह जस्तै भीष्मको घात न गराऊ ॥११॥

तस्य संजनयन्हर्षं कुरुवृद्धः पितामहः।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान्॥ १२॥

अन्वयार्थः

प्रतापवान्	=	प्रतापी	उच्चैः	=	उच्चस्वरले
कुरुवृद्धः	=	कौरव वृद्ध	सिंहनादम्	=	गर्जना
पितामहः	=	भीष्मदेवले	विनद्य	=	गरेर
तस्य	=	दुर्योधनको	शङ्खम्	=	शङ्ख
हर्षम्	=	उत्साहलाई	दध्मौ	=	बजाए
सञ्जनयन्	=	उत्पन्नगराउँदै			

सरलार्थ

प्रतापशाली-कुरुकुल-वृद्ध-भीष्मजीले दुर्योधनको चित्तमा उत्साह उत्पन्न गराउन उच्चस्वरले गर्जेर शङ्ख बजाउनु भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

दुर्योधनले द्रोणाचार्यका साथ ऐलेसम्मको यत्तिको वार्तालाप गरेर पनि आचार्यले केही जवाफ दिनु भएन। किनकि अघिदेखि नै दुर्योधनको अधर्म-नीतिमा आचार्यको अनुमति थिएन, विनाशकारी यस युद्धदेखि पनि उहाँ प्रतिकूल हुनु-हुन्थ्यो, यसैले जवाफ केही पनि दिनुभएन। दुर्योधन केहीक्षण अकमक्क भयो, विशेष सवाल-जवाफ गर्न सकेन र भीष्मको रक्षाका निम्ति योद्धाहरुलाई अह्रायो। भीष्म कुरुवंशीमा वृद्ध हुनाले उहाँलाई दुर्योधनको हृदयको भाव थाहा थियो औ पितामह हुनाले आत्मीयता पनि थियो। यसैले दुर्योधनको भयनाश र हर्षोत्साह उत्पन्न हुने गरी गर्जना पूर्वक सङ्ख-ध्वनि गर्नु भयो। प्राचीनकालमा लडाइँ हुनुभन्दा पहिले युद्धारम्भको सूचना-रूपले शङ्खवजाउने प्रणाली थियो, अब उसका ठाउँमा विगुल वज्दछन् ॥१२॥

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥ १३ ॥

अन्वयार्थः

ततः	=	त्यहाँपछि	अभ्यहन्यन्तः	=	वजे
शङ्खाः च	=	शङ्खहरू	सः	=	त्यो
भेर्यः च	=	नगराहरू	शब्दः	=	ध्वनि
पणवानक-गोमुखाः	=	ढोल मृदंग नृसिंहहरू	तुमुलः	=	प्रचण्ड
			अभवत्	=	भयो
सहसा एव	=	तुरुन्तै			

सरलार्थ

भीष्मजीले यसरी शङ्खध्वनि गरेपछि कौरव-सैन्यमा शङ्ख, नगरा, ढोल, मृदंग, तथा नृसिंह आदि युद्धका सबै बाजाहरू एकदम् वजे, जसको शब्द घनघोर भयो।

तात्पर्य

युद्धकालीन कर्तव्य यो हुन्छ कि—सेनापतिको सूचना नभएसम्म कसैले पनि युद्ध प्रारम्भ गर्न हुँदैन। यसैले श्लोकमा 'ततः' शब्द दिएकोछ। युद्धका एकसाथ वजे-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का बाजाहरूको प्रचण्ड ध्वनिले पनि पाण्डवहरुलाई कुनै किसिमको क्षोभ भएन, किनकि उनीहरू न्यायपक्षमा थिए। जहाँ अन्याय हुन्छ त्यहाँ भय-क्षोभ हुन्छन् ॥१३॥

पाण्डवहरूको शंखनाद—

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥ १४ ॥

अन्वयार्थः

ततः	=	त्यहाँपछि	स्थितौ	=	बसेका
श्वेतैः	=	सेता	माधवः	=	श्रीकृष्ण
हयैः	=	घोडाहरूले	पाण्डवः च एव	=	तथा अर्जुनले पनि
युक्ते	=	युक्त भएको	दिव्यौ	=	अलौकिक
महति	=	ठूलो	शङ्खौ	=	शङ्खहरू
स्यन्दने	=	रथमा	प्रदध्मतुः	=	उच्च स्वरले बजाए

सरलार्थ

कौरव सैन्यमा रणभेरी बजेपछि अग्निले दिएको, सेताघोडाले युक्त रथमा बसेर श्रीकृष्ण र अर्जुन दुवैले उच्चस्वरले दिव्य शङ्खहरू बजाए।

तात्पर्य

कौरवपट्टिबाट रणसूचक शङ्खनाद भएपछिमात्र पाण्डवहरुले बजाउँदा यो बुझिन्छकि—युद्धको प्रेरणा कौरवपट्टिबाटै भएको रहेछ। पाण्डव-पक्षमा यउटा विलक्षणता यो छ कि – सबै युद्धमा सेनापतिले पहिले रण-सूचक-शङ्ख बजाएपछिमात्र अरू सैन्यले बजाउनपर्दछ, सारथीले पहिले बजाउने चलन छैन। तर यहाँ श्री कृष्णले रणस्वीकार शङ्ख बजाएपछिमात्र पाण्डवहरूले बजाए। यसबाट पाण्डव हरू श्रीकृष्णकै आज्ञानुसार प्रवृत्त भएका रहेछन् भन्ने बुझिन्छ। वास्तवमा हो पनि। अतः श्रीकृष्ण केवल अर्जुनको एउटा रथ हाक्ने सारथी मात्र हुनुहुन्न, किन्तु समस्त पाण्डव-सेना हाक्ने सारथी हुनुहुन्छ। विश्व-नियन्ताको निम्ति यो केही आश्चर्यको कुरो होइन ॥१५॥

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः।
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥ १५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

हृषीकेशः	=	श्रीकृष्णले	वृकोदरः	=	भीमसेनले
पाञ्चजन्यम्	=	पाञ्च जन्य	पौण्ड्रम्	=	पौण्ड्रनाम गरेको
धनञ्जयः	=	अर्जुनले	महाशङ्खम्	=	ठूलो शङ्ख
देवदत्तम्	=	देवदत्त	दध्मौ	=	बजाए
भीमकर्मा	=	भयङ्कर कर्म गर्ने			

सरलार्थ

श्रीकृष्णले पाञ्चजन्य, अर्जुनले देवदत्त, उग्रकर्म गर्ने भीमसेनले पौण्ड्र नाम गरेको महाशङ्ख बजाए ।

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥ १६ ॥

अन्वयार्थः

कुन्तीपुत्रः	=	कुन्तीका छोरा	नकुलः	=	नकुल
राजा	=	राजा	सहदेवः च	=	तथा सहदेवले
युधिष्ठिरः	=	युधिष्ठिरले	सुघोष मणिपुष्पकौ	=	सुघोष र मणिपुष्पक
अनन्तविजयम्	=	अनन्तविजय	दध्मौ	=	बजाए

सरलार्थ

कुन्तिपुत्र राजा युधिष्ठिरले अनन्त विजय, नकुलले सुघोष र सहदेवले मणि पुष्पक नामगरेको शङ्ख बजाए ।

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥ १७ ॥

अन्वयार्थः

परमेष्वासः	=	महान् धनर्धारी	धृष्टद्युम्नः	=	धृष्टद्युम्नः
काश्यः च	=	काशिका राजा	विराटः च	=	विराट
महारथः	=	महारथी	अपराजितः	=	अजेय
शिखण्डीः च	=	शिखण्डी	सात्यकि च	=	सात्यकि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ! ।
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक्पृथक् ॥१८॥

अन्वयार्थः

पृथिवीपते !	=	हे राजन् !	सर्वशः	=	सबैले
द्रुपदः	=	द्रुपद राजा	पृथक्-पृथक्	=	बेग्ला-बेग्लै
द्रौपदेयाः च	=	द्रौपदी का ५ पुत्र	शङ्खान्	=	शङ्खहरू
महाबाहुः	=	महाबाहु	दध्मुः	=	बजाए
सौभद्रः च	=	अभिमन्यु			

सरलार्थ

एवं प्रकार ठूला धनुर्धारी-काशीराज, महारथी-शिखण्डी, धृष्टद्युम्न, राजा-विराट्, दुर्जय-सात्यकि, राजा-द्रुपद, द्रौपदीका पाँचै पुत्र, तथा वीर-अभिमन्यु, हेराजन्! यी सबैले आफ्ना-आफ्ना शङ्ख बजाए ।

तात्पर्य

'हृष्-प्रसन्नहुनु' यस धातुबाट 'हृषीक' शब्द बनेको छ, हृषीक × ईश=हृषीकेश यस्तो पदच्छेद गरेमा हृषीकको अर्थ हुन्छ इन्द्रिय, किनकि इन्द्रिय प्राणीलाई आनन्द दिन्छन् , ईशको अर्थ हो प्रेरक, हृषीकेश=इन्द्रिय प्रेरक (अन्तर्यामी) यस्तो अर्थ हुन्छ। किन्तु हृषी × केशः = हृषीकेश यस्तोपदच्छेद गरेमा हर्षितकेश अर्थात् हर्षले जसका केश ठाडा-ठाडा छन् , यस्तो अर्थ हुन्छ । पाण्डव-पक्षका मुख्य-मुख्य वीरहरुका शङ्खका नामहरू बताउनाले यो सूचित हुन्छ कि—जस पक्षमा नामी शङ्खहरू छन्, त्यसपक्षको विजय अवश्यम्भावी छ ॥१५।१६।१७।१८॥

पाण्डवहरूको शङ्खध्वनिको प्रभाव—

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सः	=	त्यो	व्यनुनादयन्	=	शब्दायमान गराउँदै
तुमुलः	=	प्रचण्ड	धार्तराष्ट्राणाम्	=	कौरवहरूका
घोषः	=	शङ्खनादले	हृदयानि	=	हृदयलाई
नभः च	=	आकाश र	व्यदारयत्	=	चिऱ्यो
पृथिवीञ्च एव	=	पृथिवीलाई पनि			

सरलार्थ

पाण्डव-पट्टिको रणवाद्यघोषले आकाश र पृथ्वी गुञ्जायमान भयो। जुन शब्दलाई सुनेर कौरव र उनका सैन्यको छाती चिरियो ॥

तात्पर्य

कौरवहरू अधर्मी, अन्यायी तथा आत्याचारी हुनाले तिनको नैतिक पतन भैसकेको थियो, यसैले पाण्डवहरूको शङ्खनाद सुन्नासाथ भयविह्वल भए, तिनको छाती चिरियो अर्थात् मुटु थक्यो। यही पराजयको लक्षण हो। आखिर 'यतो धर्मस्ततोजयः' जुन पक्षमा धर्म छ त्यस पक्षको विजय अवश्यम्भावी छ ॥१९॥

अर्जुन शत्रुसैन्यलाई हेर्दछन्—

अथ व्यवस्थितान् दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः।
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषीकेशं तदा वाक्यमिदमाह महीपते !।

अन्वयार्थः

महीपते !	=	हे राजन् !	प्रवृत्ते (सति)	=	भैसकेपछि
अथ	=	शङ्खनाद भएपछि	धनुः	=	गाण्डीव धनुलाई
कपिध्वजः	=	ध्वजामा हनुमान भएका	उद्यम्य	=	उचालेर
पाण्डवः	=	अर्जुनले	तदा	=	त्यसवेला
धार्तराष्ट्रान्	=	कौरवहरूलाई	हृषीकेशम्	=	श्रीकृष्णलाई
व्यवस्थितान्	=	सुसज्जितभएका	इदम्	=	यो
दृष्ट्वा	=	देखेर	वाक्यम्	=	वचन
शस्त्रसम्पाते	=	शस्त्र प्रहारगर्नेसमय	आह	=	भने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥
यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन् रणसमुद्यमे ॥२२॥

अन्वयार्थः

अच्युत !	=	हे कृष्ण !	मध्ये	=	माझमा
यावत्	=	जबसम्म	मे	=	मेरो
अहम्	=	म	रथम्	=	रथलाई
योद्धुकामान्	=	युद्धको कामनाले	स्थापय	=	अड्याउनुहोस्
अवस्थितान्	=	उपस्थित भएका	(यतः)	=	किनभने
एतान्	=	यिनीहरुलाई	अस्मिन्	=	यस
निरीक्षे	=	हेर्दछु	रणसमुद्यमे	=	युद्धव्यापारमा
(तावत्)	=	तबसम्म	मया	=	मैले
उभयोः	=	दुवै	कैःसह	=	कोसँग
सेनयोः	=	सेनाका	योद्धव्यम्	=	लड्न उचितछ

सरलार्थ

हे राजन् ! दुवै सेनापट्टि रण-सूचक शङ्खनाद भइसकेपछि अर्जुनले कौरवलाई युद्धका निम्ति तयार देखेर शस्त्र छोड्ने बेलामा हातमा धनु उचालेर श्रीकृष्णलाई यी कुरा भने—"हे कृष्ण ! जबतक म युद्धका इच्छाले यहाँ उपस्थित भएका यिनीहरुलाई राम्ररी हेर्दछु तबतक दुवै सेनाका बीचमा मेरो रथलाई लगेर अड्याइदिनुहोस्, किनकि यस युद्धमा मैले को सँग भिड्न मनासिब छ ॥

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

दुर्बुद्धेः	=	दुष्टबुद्धि भएको	युद्धे	=	युद्धमा
धार्तराष्ट्रस्य	=	दुर्योधनको	समागताः	=	आएका (छन्)
प्रियचिकीर्षवः	=	हित गर्न चाहने	(तान्)	=	ती
ये	=	जो	योत्स्यमानान्	=	योद्धागणलाई
एते	=	यिनीहरू	अहम्	=	म
अत्र	=	यहाँ	अवेक्षे	=	हेर्दछु

सरलार्थ

दुर्बुद्धि दुर्योधनलाई मदद दिन जो यिनीहरू यहाँ आएका छन् ती लडाकु-वीरहरूलाई म हेर्दछु ॥

तात्पर्य

यसरी युद्ध थर्कने शङ्खनाद सुनेर पनि उनीहरू हटेनन् , झन् तयार भए। पसबाट दुर्योधनको अन्तरात्मा-विरुद्ध—विशेष हठ साबित हुन्छ। अर्जुनले पनि यसरी तयार भएका कौरवहरूलाई देखेर वीरतापूर्वक हातमा गाण्डीव धनु उचाले। परन्तु विचार नगरिकन र कृष्णको सल्लाहा नली अर्जुन केही पनि काम गर्दैनथे, यसैले पहिले विचार परामर्शका निम्ति कौरवपक्षिका योद्धाहरूलाई हेर्ने इच्छा गरेका हुन्। यो उनको महान् नीति-कुशलता हो। महाभारतका युद्धमा समस्त भारत र भारतदेखि बाहिरका समेत कोही कौरवपक्षि कोही पाण्डवपक्षि सामेल भएका थिए। यी मध्ये कोही आफ्ना सम्बन्धी तथा मित्रहरू पनि थिए। अर्जुन-लाई उत्सुकता पनि छ कि—कौरवपक्षि को-को आएका रहेछन् ? यसैले सेनाका माझमा रथ अड्याउन लगाएका हुन्। प्राचीनकालमा द्वन्द्वयुद्ध (१ का साथ १ आपसमा जोडी मिलाएर राजी-खुसी सँग भिडनु) को चलन थियो। यसैले रणक्षेत्रमा गएर वीरहरूले आफ्नू प्रतियोगीलाई चुन्दथे । अर्जुनको पनि यो भाव श्लोकबाट स्पष्ट बुझिएको छ ॥२०-२१-२२-२३॥

संजय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ! ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ।२४।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ ! पश्यैतान्समवेतान्कुरूनिति ।२५।

अन्वयार्थः

भारत !	=	हे धृतराष्ट्र !	महीक्षिताम् (प्रमुखतः)	=	राजाहरूका अगाडि
एवं	=	यस्ता प्रकारले	रथोत्तमम्	=	उत्तम रथलाई
गुडाकेशेन	=	अर्जुनले	स्थापयित्वा	=	अड्याएर
उक्तः	=	भनेपछि	पार्थ !	=	हे अर्जुन !
हृषीकेशः	=	श्रीकृष्णले	एतान्	=	यी
उभयोः	=	दुवै	समवेतान्	=	एकत्रित भएका
सेनयोः	=	सेनाका	कुरून्	=	कौरवहरूलाई
मध्ये	=	बीचमा	पश्य	=	हेर
भीष्मद्रोणप्रमुखतः	=	भीष्म र द्रोणका अगाडि	इति	=	यस्तो
सर्वेषाम् च	=	तथा सम्पूर्ण	उवाच	=	भन्नुभयो

सरलार्थ

सञ्जय भन्दछन्, हे भरतवंशोत्पन्न धृतराष्ट्रजी ! अर्जुनले यस्तो भनेपछि श्रीकृष्णले दुवै सेनाको माझमा उत्तम रथलाई अड्याएर भीष्म, द्रोण तथा सबै राजाहरूका अगाडि यस्तो भन्नु भयो—हे पार्थ ! जम्मा भएका यी कौरव-हरूलाई हेर।।

तात्पर्य

'भारत' सम्बोधन यहाँ सञ्जयले धृतराष्ट्रलाई गरेका हुन् । अघि यशै वंश-का पूर्वज भरत नामका राजा थिए, उनको राज्य हिमालयदेखि लिएर समुद्र पर्यन्त थियो, उनैका नामले आज यो देश 'भारत' कहलाएको छ । यो संबोधन-गीतामा अर्जुनलाई कृष्णले बारम्बार दिनुभएको छ । महाभारतमा युधिष्ठिर आदि अरूलाई पनि यो सम्बोधन दिएको छ । अर्जुनको एउटा विशेष नाम छ 'गुडाकेशः' गुडाका + इश यस्तो पदच्छेद गरेमा गुडाका माने निद्रा, आलस्य, प्रमाद ; यिनलाई 'इश' अर्थात् जित्नेहुनाले गुडाकेश । गुडा + केश यस्तो पदच्छेद-गरेमा घुँघुरिएका केश भएका भन्ने अर्थ हुन्छ ।।२४-२५।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रापश्यत्स्थितान्पार्थः पितॄनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥
श्वशुरान् सुहृदश्चैव सेनयोरुभयोरपि ।

अन्वयार्थः

अथ	=	त्यसपछि	भ्रातॄन्	=	भाइहरू
पार्थः	=	अर्जुनले	पुत्रान्	=	पुत्रहरू
उभयोः	=	दुवै	पौत्रान्	=	नातिहरू
सेनयो अपि	=	सेनामा पनि	तथा	=	त्यस्तै
तत्र	=	त्यहाँ	सखीन्	=	साथिहरू
स्थितान्	=	रहेका	श्वशुरान्	=	शशुराहरू
पितॄन्	=	कान्छा बाबुहरू	सुहृदः च एव	=	तथा मित्रहरूलाई पनि
पितामहान्	=	बाजेहरू	अपश्यत्	=	देखे
आचार्यान्	=	आचार्यहरू			
मातुलान्	=	मामाहरू			

सरलार्थ

श्रीकृष्णले यस्तो भनेपछि अर्जुनले दुवै सेनापट्टि खडा भएका भूरिश्रवादि काकाहरू, भीष्म-सोमदत्तादि बाजेहरू, द्रोण-कृपादि आचार्यवर्ग, शल्य-शकुनि-आदि मामाहरू, दुर्योधनादि भाइहरू, लक्ष्मणादि पुत्रहरू, लक्ष्मणादिका पुत्र नातिहरू, अश्वत्थामा-जयद्रथादि साथिहरू, द्रुपदादि शशुराहरू तथा कृतवर्मा-भगदत्तादि मित्रहरूलाई देखे ।

तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥
कृपया परयाऽऽविष्टोविषीदन्निदमब्रवीत् ।

अन्वयार्थः

स	=	ती	दृष्ट्वा	=	देखेर
कौन्तेय	=	अर्जुनले	परया	=	अत्यन्त
तान्	=	ती	कृपया	=	करूणाले
सर्वान्	=	सबै	आविष्टः	=	युक्त भएर
बन्धून्	=	आत्मीय जनहरूलाई	विषीदन्	=	खेद गर्दै
			इदम्	=	यो वचन
अवस्थितान्	=	तत्पर भएका	अब्रवीत्	=	भने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

एवं प्रकार अर्जुनले दुवै सेनापट्टि खडा भएका आफ्ना ती बन्धुवर्गलाई देखेर उनीलाई साहै करुणा लाग्यो र दुःखित भएर यी कुरा भने ।

तात्पर्य

अर्जुन स्वधर्मयुद्धमा प्रवृत्त थिए तापनि युद्ध क्षेत्रीको अत्याज्य धर्म हो भन्ने शास्त्र छँदाछँदै हिंसा महान् अधर्म हो भन्ने विपरीत बुद्धि उनमा आयो । यी सबै मेरा आत्मीय जनहरू हुन् यिनको हिंसा कसरी गर्नु ? इत्यादि अज्ञानबाट उत्पन्न-ममताजन्य चित्तको भाव यहाँ 'कृपा' शब्दले जनाएको छ । यो कृपा कोमल-वृत्ति भएर पनि वीर क्षत्रियका निम्ति त्याज्य छ । क्षत्रिय वीरले युद्धमा कोमलपना देखाउनु त्यत्तिकै शोभा दिंदैन, जत्तिको स्त्री-जातिलाई कोमलताले शोभा दिन्छ ॥२७॥

शोकाकुल अर्जुनको शारीरिक र मानसिक दशा—

अर्जुन उवाच

दृष्ट्वेमं स्वजनं कृष्ण ! युयुत्सुं समुपस्थितम् ॥२८॥
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	दृष्ट्वा	=	देखेर
समुपस्थितम्	=	उपस्थित	मम	=	मेरा
युयुत्सुम्	=	युद्धगर्नचाहने	गात्राणि	=	अङ्गहरू
इमम्	=	यी	सीदन्ति	=	सिथिल हुन्छन्
स्वजनम्	=	आत्मीय जनलाई	मुखं च	=	मुख पनि
			परिशुष्यति	=	सुक्दछ

वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥
गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

मे	=	मेरो	त्वक् च एव	=	छाला पनि
शरीरे	=	शरीरमा	परिदह्यते	=	पोल्दछ
वेपथुः च	=	कम्प	अवस्थातुं च	=	टिक्न पनि
रोमहर्षः च	=	तथा रोमाञ्च	न शक्नोमि	=	सक्दिन
जायते	=	हुन्छ	मे	=	मेरो
हस्तात्	=	हातवाट	मनः	=	मन
गाण्डीवम्	=	गाण्डीव धनु	भ्रमति इव च	=	घुमे जस्तै हुन्छ
स्रंसते	=	खस्दछ			

सरलार्थ

अर्जुन भन्दछन्—हे कृष्ण ! युद्ध गर्ने इच्छाले डटेका यी आफन्तहरूलाई देखेर मेरा हात-गोडा लुला हुन्छन्, मुख पनि शुक्तछ ॥२७॥ मेरो शरीर कामिरहेछ, रौं पनि ठाडा२ भइरहेछन्, छाला भतभति पोल्दछ, हातवाट गाण्डीव धनु फत्रक खस्दछ, म यहाँ वस्न सक्दिन, मेरो मन पनि घुमिरहे जस्तो छ ।

निमित्तानि च पश्यामि विपरीतानि केशव ।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

अन्वयार्थः

केशव !	=	हे कृष्ण !	स्वजनम्	=	आत्मीयजनलाई
निमित्तानि च	=	शकुनहरू पनि	हत्वा	=	मारेर
विपरीतानि	=	उल्टा	श्रेयः	=	कल्याण
पश्यामि	=	देख्दछु	न अनु पश्यामि	=	देख्दिन
आहवे च	=	युद्धमा			

सरलार्थ

हे केशव ! शकुनहरू पनि उल्टा (वामनेत्रस्पुरणादि) देख्दछु, अत एव यस युद्धमा आफ्ना वन्धु वर्गलाई हत्या गरेर म कल्याण देख्दिन ।

तात्पर्य

शोक, मोह, कृपा अथवा करुणा मनका धर्म हुन् । यिनको वेग ज्यादा भएपछि मानसिक शक्ति दुर्वल हुन्छ । अनि यसको प्रभाव शरीरका रक्तवाही नाडीमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दछ अनि तुरुन्तै अङ्गप्रत्यङ्गका प्रत्येक अणुको ओज-शक्ति नष्ट हुन्छ। मनको कठिन समस्या हल गर्न नसकेर यदि यो अवस्था धेरैदिनसम्म रह्यो भने मनुष्य अपस्मार (हिष्टिरीया) को शिकार हुन्छ र अन्तमा त्यसको मरण पनि हुन्छ। अवधूत गीतामा लेखिएको छ—

"चित्ताक्रान्तं धातुबद्धं शरीरं नष्टे चित्ते धातवो यान्ति नाशम्।
तस्माच्चित्तं सर्वतो रक्षणीयं स्वस्थे चित्ते बुद्धयः संभवन्ति॥"

चित्तले धातुलाई समातिरहेको छ, यही धातुद्वारा शरीर सर्वतः बाँधिएको छ। चित्तको नाश अर्थात् अवस्था विग्रनेबिचिकै शरीरका बन्धनरूप धातुहरू खुकुलिन्छन्;—चित्तको अवस्था विग्रनाले यस्तो दुष्परिणाम हुन्छ—त्यस कारण चित्तलाई चारैतिरबाट रक्षा गर्नुपर्दछ। चित्त स्वस्थ भएपछि मात्र कर्तव्याकर्तव्यलाई प्रकाश गर्ने व्यवसायात्मिका बुद्धिको उदय हुन्छ। शरीर शिथिल हुनु, मुख सुक्नु, कम्प हुनु, रोमाञ्च हुनु, मन भ्रान्त हुनु इत्यादि मूर्च्छाका पूर्वरूप प्रबल मनोविकारका लक्षण हुन्। साथै वामनेत्र-स्फुरणादि अपशकुन पनि हुनथाले जसलाई अर्जुनले भावी अशुभ-सूचक ठाने। यद्यपि यी सबै लक्षण अर्जुनका पराजयका थिएनन्, मोहग्रस्त चित्तका थिए। अर्जुनलाई यो निश्चय छ कि—म गाण्डिव धनु लिएर समरमा अगाडि बढेपछि एउटा पनि बँच्नसक्तैन। यसैले उनी भन्दछन्—'यस युद्धमा आत्मीय जनलाई मारेर म कल्याण देख्दिन'। अर्जुनको यो वचनको तात्पर्य के भने युद्ध क्षत्रियको स्वधर्म हो तापनि युद्धमा मर्नेलाई मात्र शास्त्रमा सद्गति लेखिएको छ, मार्नेलाई छैन। कर्म यस्तो गर्नुपर्दछ जसबाट अन्तमा आत्मकल्याण होओस्। भगवान् भक्तको दुःखलाई कर्षण गर्ने हुनाले 'कृष्ण', केशी आदि दैत्यलाई मार्ने हुनाले 'केशव'[१] हुनुहुन्छ। अतः अर्जुनको शोकरूपी दैत्यलाई पनि मारेर अवश्य पनि उनको दुःखलाई कर्षण गर्नुहुनेछ, यसमा केही सन्देह छैन॥ २८-२९-३०-३१॥

यहाँ देखि ३५ सम्म अर्जुनको मोहजनित भाव व्यक्त भएको छ—

न काङ्क्षे विजयं कृष्ण! न च राज्यं सुखानि च।
किं नो राज्येन गोविन्द! किं भोगैर्जीवितेन वा॥३२॥

---

१ 'केशव'को अर्को अर्थ गी० ता० पृ० ७२३ मा छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	नः	=	हामीलाई
विजयम्	=	विजय	राज्येन	=	राज्यले
न काङ्क्षे	=	चाहन्न	किम्	=	के हुन्छ
राज्यम् च	=	राज्य र	भोगैः	=	भोगहरूले
सुखानि च	=	सुखहरू पनि	वा	=	अथवा
न	=	चाहन्न	जीवितेन	=	बाँच्नाले
गोविन्द !	=	हे गोविन्द !	किम्	=	के हुन्छ

सरलार्थ

हे कृष्ण ! म विजय, राज्य तथा सुख केही पनि चाहन्न । किनभने हे गोविन्द ! हामीलाई राज्यले के हुन्छ ? भोगहरूले के हुन्छ ? अथवा बाँच्नाले पनि के हुन्छ ?

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥
आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

अन्वयार्थः

येषाम्	=	जसका	तथा एव च	=	त्यस्तै
अर्थे	=	निम्ति	पितामहाः	=	बाजेहरू
नः	=	हामीहरूलाई	मातुलाः	=	मामाहरू
राज्यम्	=	राज्य	श्वशुराः	=	ससुराहरू
काङ्क्षितम्	=	चाहिएको छ	पौत्राः	=	नातीहरू
भोगाः	=	भोगहरू	श्यालाः	=	सालाहरू
(काङ्क्षिताः)	=	चाहिएका छन्	तथा	=	तथा
सुखानि च	=	सुखहरू पनि	सम्बन्धिनः	=	अरू कुटुम्बहरू
(काङ्क्षितानि)	=	चाहिएका छन्	प्राणान्	=	प्राणलाई
ते	=	ती	धनानि च	=	धनलाई पनि
इमे	=	यिनीहरू	त्यक्त्वा	=	त्यागेर
आचार्याः	=	गुरुहरू	युद्धे	=	युद्धमा
पितरः	=	काकाहरू	अवस्थिताः	=	खडा छन्
पुत्राः	=	छोराहरू			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जसका निम्ति हामीलाई राज्य, भोग, तथा सुखहरू चाहिएका छन् तिनै यी आचार्य, काका, भतिजा, बाजे, मामा, ससुरा, नाती, साला तथा अरू सम्बन्धी-गण प्राण र धनको पनि आशा छोडेर युद्धमा आएका छन् ।

तात्पर्य

अर्जुनको भन्नाको आशय के हो भने धन, दौलत, राज्य चाहिएको कसको निम्ति ? आफ्ना मान्य वर्ग र कुटुम्बलाई भरण-पोषण गर्नको निम्ति ; किनकि "अप्यकार्यशतैः कृत्वा भर्तव्या मनुरब्रवीत्"—हजारौं कुकर्म गरेर पनि जसलाई भरण-पोषण गर्नु-पर्दछ भन्ने मनुको आज्ञा छ, आज उनै सब ज्यु-धनको आशा छोडेर यहाँ आएका छन् , तिनै सबै मरिहालेपछि हामीलाई के चाहियो?॥३२-३३-३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ! ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किन्नु महीकृते ॥३५॥

अन्वयार्थः

मधुसूदन !	=	हे कृष्ण !	हेतोः अपि	=	निमित्त पनि
घ्नतः अपि	=	मार्दछन् भने पनि	हन्तुम्	=	मार्न
एतान्	=	यिनीहरूलाई	न इच्छामि	=	चाहन्न
त्रैलोक्यराज्यस्य	=	तीनै लोकका राज्यको	महीकृते	=	पृथ्वीका निम्ति
			किन्नु ?	=	के कुरा ?

सरलार्थ

हे भगवन् ! यिनीहरू मलाई मार्दछन् भने पनि मारून् , तर म पृथ्वीको ता के कुरा ? स्वर्ग, मर्त्य, पाताल तीनै भुवनको रजाइँ मिल्छ भने पनि मार्न चाहन्न ।

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ! ।
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

जनार्दन !	=	हे कृष्ण !	एतान्	=	यी
धार्तराष्ट्रान्	=	कौरवहरूलाई	आततायिनः	=	अत्याचारीहरूलाई
निहत्य	=	मारेर	हत्वा	=	मारेर
नः	=	हामीहरूलाई	अस्मान्	=	हामीहरूलाई
का	=	के	पापम् एव	=	पापमात्रै
प्रीतिः	=	प्रसन्नता	आश्रयेत्	=	लाग्ला
स्यात्	=	होला			

सरलार्थ

हे जनार्दन ! कौरवहरूलाई मारेर हामीलाई के आनन्द होला ?, यी अत्याचारीहरूलाई मार्नाले हामीलाई खालि पापै मात्र लाग्नेछ ।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ! ॥३७॥

अन्वयार्थः

तस्मात्	=	त्यस कारण	हि	=	किनभने
वयम्	=	हामीहरू	माधव !	=	हे माधव !
स्वबान्धवान्	=	आफ्ना बन्धु	स्वजनम्	=	आत्मीयजनलाई
धार्तराष्ट्रान्	=	धृतराष्ट्रका छोराहरूलाई	हत्वा	=	मारेर
			कथम्	=	कसरी
हन्तुम्	=	मार्न	सुखिनः	=	सुखी
नार्हाः	=	योग्य छैनौं	स्याम	=	होउँला

सरलार्थ

त्यस कारण आफ्ना बन्धु दुर्योधनादिलाई हामीले मार्न उचित छैन, किनभने हे माधव ! आत्मीयजनलाई मारेपछि हामी कसरी सुखी होउँला ?

तात्पर्य

शास्त्रमा आततायीको लक्षण यस्तो लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ।
क्षेत्रदारापहर्ता च षडेते ह्याततायिनः ॥
(शुक्रनीति)

अरू पनि—

उद्यतासिर्विषाग्निभ्यां शापोद्यतकरस्तथा ।
आथर्वणेन हन्ता च पिशुनश्चापि राजनि ॥
भार्यारिक्थापहारी च रन्ध्रान्वेषणतत्परः ।
एवमाद्यान्विजातीयात्सर्वानेवाततायिनः ॥

अर्काको घरमा आगो लगाइदिने, विष हाल्ने, हतियार लिएर मार्न आउने, धन हरण गर्ने, स्त्री हरण गर्ने, सरापदिने, अथर्वमन्त्रबाट मारण प्रयोग गर्ने, राजालाई चुक्ली लगाउने, स्त्रीको धन हरण गर्ने, अर्काको छिद्र खोज्ने इत्यादि सबै आततायी हुन् । आततायीका विषयमा मनुस्मृतिमा लेखिएको छ—

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम् ।
आततायिनमायान्तं हन्यादेवाविचारयन् ॥
नाततायीबधे दोषो हन्तुर्भवति कश्चन ।
(८-३५१)

आततायी गुरु, बालक, वृद्ध अथवा विद्वान् ब्राह्मण कोही होस्, जो आततायी भएर आउँदछ त्यसलाई विचारै नगरी मारदेओस् । आततायीलाई मारेकोमा मार्नेलाई केही दोष छैन । कौरव हरूमा सबैजसो आततायीका लक्षणहरू मिल्दछन् । एक-एक लक्षण मिलेमा त मार्नु भन्ने शास्त्रको आज्ञा छ भने सबका सब लक्षण मिलदा पनि झन् झझ उल्टो अर्जुन भन्दछन् कि-यी आततायीलाई मार्नाले हामीलाई खालि पापै मात्र लाग्नेछ । यसको तात्पर्य के भने—'अरू धर्मशास्त्रमा लेखिएको छ "स एव पापिष्ठतमो यः कुर्यात् कुलनाशनम्" (सबैभन्दा अत्यन्त पापी त्यही हो जो आफ्नू कुलको नाश गर्दछ) इत्यादि वाक्यका आधारमा आफ्नू कुलको आँफैले नाश गर्नु ठूलो पाप मान्दछन् यदि कुनै विदेशी राजा अथवा असुर आततायी भएर दिल्लीको साम्राज्यगद्दीमा बसेको भए अर्जुन अवश्य उसलाई मार्न तत्पर हुने थिए। यो कुरा "स्वजनं हि कथं हत्वा" "पापमेवाश्रयेदस्मान्' आदि उक्तिबाट स्पष्टै झल्केको छ । यस विषयमा मधुसूदन सरस्वतीले लेख्नुभएकोछ—'आततायीलाई मार्नु भन्ने अर्थशास्त्रभन्दा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैलाई पनि नमार्नु (नहिंस्यात्) भन्ने धर्मशास्त्र बलवान् हुनाले "पापमेवा श्रयेदस्मान्" भनेका हुन् । तर यो अर्जुनको मोहग्रस्त विचारको पूर्वपक्षमात्र हो, त्यस कारण दुष्ट-निग्रहद्वारा देशमा शान्ति कायम गर्नु नै मुख्य धर्म हो । यही उपदेश गीता-शास्त्रद्वारा भगवान्ले दिनुहुनेछ, अर्जुनले पनि बुझ्ने छन् ॥ ३५-३६-३७ ॥

लोभ पापको मूलहो—

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

अन्वयार्थः

यद्यपि	=	हुनत	दोषम्	=	दोष लाई
लोभोपहतचेतसः	=	लोभले भ्रष्टबुद्धि भएका	मित्रद्रोहे च	=	तथा मित्र द्रोहमा
			पातकम्	=	पापलाई
एते	=	यी कौरवहरू	न पश्यन्ति	=	देख्दैनन्
कुलक्षयकृतम्	=	वंशनाश गरेको			

सरलार्थ

यद्यपि यिनीहरू लोभले भ्रष्टबुद्धि भएका हुनाले कुलनाश गरेको दोष र मित्रद्रोह गरेको पाप देख्दैनन् ॥

तथापि

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ! ॥३९॥

अन्वयार्थः

जनार्दन !	=	हे कृष्ण !	अस्मात्	=	यस
कुलक्षयकृतम्	=	वंशनाश गरेको	पापात्	=	पापबाट
दोषम्	=	दोषलाई	निवर्तितुम्	=	छुट्न
प्रपश्यद्भिः	=	देख्ने	कथम्	=	कसरी
अस्माभिः	=	हामीहरूले	न ज्ञेयम्	=	न जान्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

तथापि हे जनार्दन ! कुलनाश गरेको दोषलाई देखी-देखी पनि हामीले यस पापबाट छुट्न कसरी न जान्नु ।

तात्पर्य

अर्जुनको भनाइ छ कि कुलको नाश भएपछि कुलको सभ्यता, संस्कृति, धर्म सबै नष्ट हुन्छन्, जसका यी नष्ट हुन्छन् त्यो कुल या जाति जिउँदो ठहर्दैन। त्यस कुलमा बाँकि रहेका निर्जीव जस्ता व्यक्तिहरूको भविष्य पनि अन्धकारमय हुन्छ। धर्मोपदेशकहरूको नै अभाव भएपछि कुलमा धर्मको अनुशासन केही पनि रहँदैन। त्यसको फल कुलमा उच्छृङ्खलता, अनाचार, अधर्म, अधःपतन आदि दुर्गुणहरू अनिवार्य हुन्छन्। यिनै कुलनाशद्वारा हुने दोषलाई अर्जुनले देखे। यदि कदाचित् भगवान् भन्नु होला कि—जस्तो तिम्रा उनीहरू बन्धु हुन्, उस्तै तिमी पनि त उनीहरूका बन्धु हौ। यो विचार उनीहरूले पनि गर्नुपर्दछ। उनीहरूले नगरेपछि तिमीले पनि त्यस्तै व्यवहार गर्नुपर्दछ; जस्तो उनीहरूले तिमीसँग गर्दछन्। यसैको जवाफ अर्जुनले यी श्लोकमा दिएका छन्। यो कुरा बिल्कुल ठीक हो कि—दुष्ट, दुष्टकार्यमा, पापी, पापमा प्रवृत्त भयो भन्दैमा एउटा सज्जन र धर्मात्मा व्यक्तिले पनि उसको बराबरि गर्नु कुनै बुद्धिमत्ता होइन। अन्धो खाल्टामा लडेको देखेर कुनै आँखा देख्ने व्यक्ति त्यही खाल्टामा पर्नजाँदैन। लोभले गर्दा मनुष्यको धर्माधर्म या कर्तव्याकर्तव्य विवेक नष्ट हुन्छ, आत्मपतनको कारण थाहा पाउँदैन। यसैले विद्वान्हरू लोभलाई पापको मूल भन्दछन् ॥३८-३९॥

कुलनाशको परिणाम

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

अन्वयार्थः

कुलक्षये	=	कुलनाश भएपछि	कुलधर्माः	=	कुलका धर्महरू
सनातनाः	=	परंपराबाट चलिआएका	प्रणश्यन्ति	=	नाश हुन्छन्
			उत	=	अनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मे नष्टे	= धर्म नष्ट भएपछि	कुलम्	= कुललाई
अधर्मः	= अधर्मले	अभिभवति	= चारैतिरबाट दबाउँछ
कृत्स्नम्	= सम्पूर्ण		

सरलार्थ

कुल नाश भएपछि सनातन कुलधर्महरू नाश हुन्छन् अनि धर्मनाश भएपछि समग्र कुललाई अधर्मले प्रभावित गराउँछ ।

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्ण संकरः ॥४१॥

अन्वयार्थः

कृष्ण !	= हे कृष्ण !	वार्ष्णेय !	= हे वार्ष्णेय !
अधर्माभिभवात्	= अधर्मले कुल ग्रस्त भएपछि	स्त्रीषु दुष्टासु	= महिलासमाज दुष्ट भएपछि
कुलस्त्रियः	= कुलका स्त्रीहरु	वर्ण संकरः	= खचर
प्रदुष्यन्ति	= दूषित हुन्छन्	जायते	= उत्पन्न हुन्छ

सरलार्थ

हे कृष्ण ! कुलमा अधर्म फैलिएपछि कुलीन स्त्री-वर्गमा पनि स्वाभाविक उच्छृङ्खलता आउँछ, यसो भएपछि खचर सन्तानहरू उत्पन्न हुन्छन् ।

संकरो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

अन्वयार्थः

कुलघ्नानाम्	= कुलघातीका	एषाम	= यिनीहरूका
कुलस्य च	= कुलको	पितरः	= पितृहरू
संकरः	= वर्ण संकर	लुप्तपिण्डोदक-क्रियाः	= श्राद्ध तर्पण क्रिया लोप भएर
नरकाय एव	= नरकको कारण	पतन्ति	= खस्दछन्
(भवति)	= हुन्छ		
हि	= किनभने		

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

कुलघातीका कुलमा उत्पन्न भएको वर्ण-संकर केवल नरकको हेतु हुन्छ ; यिनका पितृहरू श्राद्ध-तर्पण-क्रिया लुप्त भएर नरकमा खस्दछन् ।

दोषैरेतैः कुलघ्नानां वर्णशङ्करकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

अन्वयार्थः

कुलघ्नानाम्	=	कुलघातीका	जातिधर्माः	=	जातिका धर्म
वर्णसङ्करकारकैः	=	वर्ण सङ्कर गराउने	शाश्वताः	=	सनातन
एतैः	=	यी	कुलधर्माः च	=	कुलका धर्महरू पनि
दोषैः	=	दोषहरूले	उत्साद्यन्ते	=	नाश गराइन्छन्

सरलार्थ

वर्ण संकर बनाउने कुलघातीका यी दोष हरूले जातिधर्म र परंपरादेखि चलिआएका कुलधर्म पनि नाश हुन्छन् ।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन !।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

अन्वयार्थः

जनार्दन !	=	हे जनार्दन !	अनियतम्	=	धेरै कालसम्म
उत्सन्नकुलधर्माणाम्	=	कुलधर्म नष्ट भएका	वासः	=	बास
मनुष्याणाम्	=	मनुष्यहरूको	भवति	=	हुन्छ
नरके	=	नरकमा	इति	=	यस्तो
			अनुशुश्रुमः	=	सुनेका छौं

सरलार्थ

हे जनार्दन ! कुलधर्म नाश भएका मनुष्यहरूको धेरै कालसम्म नरकमा वास हुन्छ भन्ने कुरा (गुरुहरूकामुखबाट) हामीले सुनेका छौं ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू पहिलो विचारलाई आँफै धिक्कार दिन्छन्—

अहो वत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

अन्वयार्थः

अहो	=	अहो !	यत्	=	जो
वत	=	अफशोच !!	राज्यसुख-लोभेन	=	राज्य सुखका लोभले
वयम्	=	हामी			
महत्पापम्	=	ठूलो पाप	स्वजनम्	=	आत्मीय जनलाई
कर्तुम्	=	गर्न	हन्तुम्	=	मार्न
व्यवसिताः	=	निश्चय गरेका	उद्यताः	=	तयार भएका

सरलार्थ

अहो ! अफशोच !! हामी सबैले ठूलो पाप गर्ने निश्चय गरेका, जो कि राज्यसुखका लोभले आफ्नै परिवारलाई मार्न तत्पर भएका !!!

तात्पर्य

महाभारतको युद्ध संसारका महायुद्धमा एउटा महायुद्ध हो, जसको रणक्षेत्र कुरुक्षेत्र थियो। यसमा १८ अक्षौहिणी ३९३६६०० जनसंख्याको बलिदान १८ दिनमा भएको थियो। यसैबाट अनुमान गर्न सकिन्छ कि त्यो युद्ध कत्रो भीषण रहेछ। युद्धमा भाग लिने युवकहरु नै हुन्छन् जो राष्ट्रका मुख्य सम्पत्ति हुन्। यी सबै मरेपछि बाँकि बुढा र बालक तथा विधवाहरू मात्र बँच्दछन्। अर्जुनको भनाइको आशय पनि यही हो कि-महायुद्धमा युवकहरू सबै मरेपछि केवल बुढा, बालक र स्त्रीहरूबाट राष्ट्रको रक्षा हुनसक्तैन; राष्ट्रीय सभ्यता, जातीय संस्कृति तथा कुल-परंपरागत सदाचार सबै नष्ट हुन्छन्। राष्ट्रीय सभ्यता नष्ट भएपछि राष्ट्र हरेक प्रकार बाट हीन दशामा पुग्दछ। जातीय संस्कृति नष्ट भएपछि जातिकै समूल नाश हुन्छ। कुलक्रमागत सदाचारको लोप भएपछि कुलमा उच्छृङ्खलता फैलिन्छ र कुलको पतन हुन्छ। एवं प्रकार आफ्नू राष्ट्रीय सभ्यता र जातीय संस्कृति कुलक्रमागत-सदाचार तथा आफ्नूपूर्व इतिहासमा गौरव मान्ने कोही पनि हुँदैन। भवि-ष्यमा युवक हुने बालकहरुलाई पनि शुभ संस्कार नमिलेपछि सभ्यताहीन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन जान्छन्, जो हाम्रा सन्तान भनिन लायक पनि रहने छैनन्। विधवाको संख्या पनि धेरै भएपछि र तिनको रक्षक र शिक्षकको समेत अभाव भएपछि तिनमा स्वाभाविक दोषहरू उत्पन्न हुन्छन्। अन्ततो गत्वा कुलमा वर्णसङ्कर प्रजाको उत्पत्ति अनिवार्य हुन्छ। जो पितृहरूलाई समेत अधःपतन गराउनामा कारण हुनेछ। यसरी कुलमा रक्त-सङ्कर भएपछि कुलको शुद्धता, परंपरागत सदाचार, आर्य-हरूको वैदिक सभ्यता आदि सबै नष्ट हुनेछन्। राज्य सुखका निम्ति यत्रो महान् अनर्थ गर्नु साहै अनुचित हो ! यही भविष्यको भीषण चित्रलाई देखेर अर्जुन अत्यन्तै व्याकुल भए। मनुस्मृतिमा पनि लेखिएको छ—

यत्रत्वेते परिध्वंसा जायन्ते वर्णदूषकाः।
राष्ट्रिकैः सह तद्राष्ट्रं क्षिप्रमेव विनश्यति॥
(मनु० १०-६१)

जहाँ वर्णदूषक वर्ण-सङ्कर उत्पन्न हुन्छन् त्यहाँ राष्ट्रवालाका साथै राष्ट्र चाँडै नै नाश हुन्छ।

अर्जुनको उक्त विचार पनि बिल्कुल ठीक हो। किनकि समाज सुधारका दृष्टिले जत्तिको कुलाभिमान तथा जात्याभिमानले काम दिन्छ त्यत्तिको देशाभिमानले दिंदैन। एवंप्रकार देश सुधारको काम जत्तिको देशाभिमानले दिन्छ त्यत्तिको विश्वाभिमान अर्थात् 'वसुधैव कुटुम्बकम्' [संसारका मनुष्यमात्रलाई आफ्नै परिवारमान्नु] ले दिंनसक्दैन, त्यसकारण समाजको पूर्णावस्थामा पनि जाति-धर्म र कुल-धर्मको आवश्यकता अवश्य रहन्छ। यिनै स्तरबाट क्रमशः चढ्दै विश्वाभिमानका उच्चस्तरमा पुग्नपर्दछ। यसैलाई गीतामा आध्यात्मिक परिभाषाबाट 'सर्वत्र समदर्शन योग' भनिएको छ (६-२९) यो उच्च लक्ष्य राख्नाले एउटा समाज या राष्ट्रले आफ्नू भलाइका निम्ति अर्को समाज या राष्ट्रलाई मनपरि गर्न चाहँदैन, गर्दैन। अत एव विश्वका प्रत्येक समाजलाई यो बोध हुनपर्दछ कि—आफ्ना स्तरबाट हामीले उन्नति लाभ गर्दै प्रगतिशील भएर अन्तमा मानव सङ्घसँग गएर नदीहरू समुद्रमा मिले झैं मिल्नु छ। अस्तु,

अर्जुनको विचार एकदम् ठीक भएर पनि यो भारतीय महायुद्ध अनिवार्य छ अर्थात् अनेकौं दृष्टा-दृष्ट कारणबाट भएको हुनाले केवल अर्जुन एउटाले युद्धभूमि त्याग्दैमा युद्ध रोकिने छैन। सैकडौं सन्धिका चर्चाहरू निष्फल भैसकेका छन्। अतः भगवान् कृष्णले अर्जुनलाई निमित्त बनाएर धर्मनीतिकै विजयद्वारा अवश्य लोकमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उच्चआदर्श राख्नुहुनेछ। किन्तु धर्मको सूक्ष्मगति र कर्मको गहनतत्त्व ऐले अर्जुनले बुझेका छैनन्, उनको चित्तमा व्यामोह छ। अतः गीता सुन्नुपर्ने आवश्यकता छ॥ ४०-४१-४२-४३-४४-४५ ॥

युद्ध ता प्रारम्भ भयो, अब केवल तिम्रा उपर शस्त्रप्रहार हुन मात्र विलम्ब छ, तिमी के गर्दछौ ? यसको जवाफ अर्जुन दिन्छन्—.

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥

अन्वयार्थः

यदि	=	यदि	रणे	=	युद्धमा
शस्त्रपाणयः	=	हातमा शस्त्र लिएका	हन्युः	=	मारून्
धार्तराष्ट्राः	=	कौरवहरूले	तत्	=	त्यो
अप्रतीकारम्	=	उपाय नगर्ने	मे	=	मेरो निम्ति
अशस्त्रम्	=	शस्त्ररहित	क्षेमतरम्	=	अतिकल्याणकारक
माम्	=	मलाई	भवेत्	=	होला

सरलार्थ

यदि हातमा शस्त्र लिएका कौरवहरूले प्रतीकार शून्य, निःशस्त्र मलाई युद्धमा मारे भने त्यो मानु मेरा निम्ति साहै असल हुनेछ।

तात्पर्य

कुलनाश र भावी कुपरिणामका आशङ्काले अर्जुन विह्वल भए, क्षत्रियधर्मलाई एकदम् बिर्से। उनले यस्तो विचार गरे कि—यस्तो महापाप गर्ने निश्चयको प्रायश्चित्त प्राणान्तै हो। अर्को विचार—निःशस्त्र शत्रुका उपर शस्त्रप्रहार गर्नु धर्मशास्त्रविरुद्ध छ। यदि कौरवहरूले निःशस्त्र अर्जुनमाथि शस्त्रप्रहार गरे भने धर्मविरुद्ध तथा युद्धनीति-विरुद्ध चेष्टा गरेकोमा यस लोकमा निन्दा र परलोकमा दुर्गति कौरवहरूलाई नै हुन्छ, मर्नेवाला अर्जुनलाई यस लोकमा कीर्ति परलोकमा पनि स्वर्ग छ। यसैले अर्जुन भन्दछन् 'निःशस्त्र मलाई सशस्त्र कौरवहरूले मारे भने मेरो निम्ति साहै असल छ'।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सञ्जय उवाच

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे अर्जुनविषादयोगो नाम प्रथमोऽध्यायः ॥ १ ॥

अन्वयार्थः

अर्जुनः	=	अर्जुनले	विसृज्य	=	फालेर
संख्ये	=	युद्धमा	शोकसंविग्नमानसः	=	शोकले व्यथित चित्तभएका
एवम्	=	यस्तो	रथोपस्थे	=	रथका पछाडि
उक्त्वा	=	भनेर	उपाविशत्	=	बसे
सशरम्	=	वाणसहित			
चापम्	=	धनुलाई			

सरलार्थ

सञ्जय भन्दछन्—अर्जुनले युद्धका बीचमा यस्तो भनेर धनु-काण फालदिए औ शोकले खिन्नचित्त भएर रथका पछाडि बसे ॥

तात्पर्य

कर्तव्य त्याग 'त्याग' होइन, प्रमाद या जडत्व हो । यो तमोगुणको कृपा-बाट हुन्छ, अर्जुनको ऐले यही हाल छः यसैले कर्तव्याकर्तव्यको निर्णय गर्न न-सकी व्याकुल भए, टिक्न नसकी रथमा बसे ॥ ४७ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्णको र अर्जुनको संवादमध्ये अर्जुनविषाद-योग नाम गरेको पहिलो अध्याय समाप्त भयो ।

———

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सत्

दोस्रो अध्याय

'अहिंसा परमो धर्मः' हिंसा नगर्नु नै ठूलो धर्म हो भन्ने विचारले युद्ध विमुख भएका अर्जुनको वृत्तान्त सुनेर युद्धै नगरी आफ्ना पुत्रहरूलाई अकण्टक राज्य मिल्ने भयो, यस्तो दुराशा-ग्रस्त धृतराष्ट्रको विचारलाई परिवर्तन गराउन सञ्जय अगाडि-को घटना भन्न प्रारम्भ गर्दछन्—

सञ्जय उवाच

तं तथा कृपयाऽऽविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥ १ ॥

अन्वयार्थः

मधुसूदनः	=	कृष्णले	विषीदन्तम्	=	शोक गर्ने
तथा	=	त्यस प्रकार	तम्	=	ती अर्जुनलाई
कृपया	=	कृपाले	इदम्	=	यो
आविष्टम्	=	व्याप्त	वाक्यम्	=	वचन
अश्रुपूर्णाकुलेक्षणम्	=	आँसुले पुर्ण हुनाले आकुलनेत्र भएका	उवाच	=	भन्नुभयो

सरलार्थ

संजय धृतराष्ट्रलाई भन्दछन्—त्यसरी आँखाभरि आँसु पारी अत्यन्त करुणा-ले विलाप गर्ने अर्जुनलाई श्रीकृष्णले यो वचन भन्नुभयो ।

तात्पर्य

सैन्य हेर्ना साथ अर्जुनले ती सैन्यमा आफ्ना बन्धुहरूलाई देखेर उनमा यो मेरा हुन् भन्ने ममत्व-बुद्धि आयो, यसैकारण उनका हृदयमा आफ्ना बन्धुहरूका प्रति अपार करुणाको लहरी उठिन थाल्यो, यसैलाई यहाँ 'कृपा' भनिएको छ । कृपालाई कर्ता र अर्जुनलाई कर्म बनाएकोले यो कृपा अर्जुनको स्वाभाविक वृत्ति ठहर्छ, विषादलाई कर्म र अर्जुनलाई कर्ता बनाएकोले विषाद आगन्तुक सिद्ध हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आँखामा आँसु, हृदयमा कृपा र विषाद भएकोले शोकको अत्यन्तै तीव्रता प्रमाणित हुन्छ। भगवान् कृष्ण मधुसूदन अर्थात् 'मधु' नामक दैत्यलाई संहार गर्ने हुनुहुन्छ, अत एव अर्जुनको हृदयभित्र रहेको शोकरूपी दैत्यलाई पनि अवश्य संहार गर्नुहुनेछ, यसमा केही सन्देह छैन ॥ १ ॥

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ! ॥ २ ॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	कश्मलम्	=	कालुष्य
अनार्य-जुष्टम्	=	अनार्य जनले सेवा गरिने	विषमे	=	सङ्कट कालमा
			त्वा	=	तिमीलाई
अस्वर्ग्यम्	=	स्वर्ग लाभको विरोधी	कुतः	=	कहाँबाट
			समुपस्थितम्	=	प्राप्त भयो ?
अकीर्तिकरम्	=	अपकीर्ति गराउने			
इदम्	=	यो			

सरलार्थ

श्री भगवान्ले भन्नुभयो—हे अर्जुन ! यस्तो प्रतिकूल अवस्थामा तिमीलाई यो अनार्यजनसेव्य, अस्वर्गप्रद तथा कीर्तिनाशक व्यामोह कहाँबाट आयो ?

तात्पर्य

यसरी शोक-विह्वल भएका अर्जुनलाई देखेर भगवान्ले भन्नुभयो—अर्जुन ! यो सङ्कट कालमा तिमीलाई यो कालिमा कहाँबाट आयो ? वास्तवमा समय पनि अवश्य सङ्कटमय थियो, किनकि दुवैतिरबाट रण-स्वीकारसूचक शङ्खध्वनि भैसकेर शस्त्र छुट्न तयार थिए। यस्तो प्रतिकूल समयमा अर्जुनले म युद्ध गर्दिन भनेर जवाफ दिंदा श्रीकृष्णलाई साहै फसाद पऱ्यो। यसैले यो र अगाडिका श्लोकमा अर्जुनलाई उत्तेजित गराउने गरी प्रेरणापूर्वक जोसिला शब्दमा भन्नुभएको छ। आततायीका प्रति गरेको धर्मविरुद्ध करुणा 'करुणा' होइन; यसैले भगवान् यसलाई कालुष्य शब्दले व्यवहार गर्नुहुन्छ। अनार्य-जुष्ट, अस्वर्ग्य, अकीर्तिकर यी तीन विशेषण यही करुणा या कश्मलका हुन्। शास्त्रमा आर्यको लक्षण यस्तो लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"कर्तव्यमाचरन्कर्म अकर्तव्यमनाचरन् ।
तिष्ठति प्रकृताचारे स वै आर्य इति स्मृतः ॥

जो कर्तव्यमा, परायण र अकर्तव्यमा पराङ्मुख रहन्छ तथा सदाचारमा अडिएर रहन्छ त्यसैलाई 'आर्य' भन्दछन् । आर्य अर्जुनको पनि क्षत्रियोचित कर्तव्य स्वधर्म-युद्धबाट पराङ्मुख नहुनु हो । त्यस कारण यो कालुष्य आर्य-जन असेव्य छ एवं परत्रमा स्वर्ग नमिल्ने हुनाले अस्वर्ग्य र यस लोकमा बदनाम हुने हुनाले अकीर्तिकर पनि छ ॥ २ ॥

क्लैब्यं मा स्म गमः पार्थ ! नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ! ॥ ३ ॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	परन्तप !	=	हे शत्रुतापन !
क्लैब्यम्	=	नामर्दीपनामा	क्षुद्रम्	=	तुच्छ
मा स्म गमः	=	प्राप्त नहोऊ	हृदयदौर्बल्यम्	=	हृदयको दुर्बलतालाई
एतत्	=	यो			
त्वयि	=	तिमीमा	त्यक्त्वा	=	त्यागेर
न उपपद्यते	=	शोभा दिंदैन	उत्तिष्ठ	=	उठ

सरलार्थ

हे पार्थ ! नामर्द नहोऊ, तिमी जस्तो वीरलाई यो सोभा दिंदैन । हे शत्रुतापन ! हृदयको क्षुद्र दुर्बलतालाई त्यागेर युद्धका निम्ति खडा होऊ ।

तात्पर्य

वास्तवमा यो अर्जुनका निम्ति बहुतै सर्मको कुरो हो—युद्ध-क्षेत्रमा आएर कायरका झैं पिठ फर्काएर भाग्नु । हुनत अर्जुन 'नर' थिए, नामर्द थिएनन्; केवल धर्माधर्मको विवेचन गर्न नसकेर मात्र यिनको यो दशा भएको हो । यसैले भगवान् यस दशालाई केवल हृदयको तुच्छ दुर्बलता मात्र भन्नुहुन्छ । 'परन्तप' सम्बोधनबाट तिमी शत्रुलाई तपाउने वीर हौ भन्ने ध्वनि निस्कन्छ ॥ ३ ॥

अर्जुन भगवान्को गूढ अभिप्रायलाई नबुझेर स्वधर्मलाई अधर्म ठानी जवाफ दिन्छन्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्जुन उवाच

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन !
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ! ॥ ४ ॥

अन्वयार्थः

मधुसूदन !	=	हे मधु दैत्य-लाई मार्ने ?	भीष्मम्	=	भीष्म
अरिसूदन !	=	हे शत्रुसंहारक !	द्रोणं च	=	तथा द्रोणलाई
अहम्	=	म	इषुभिः	=	बाणहरूद्वारा
संख्ये	=	युद्धमा	कथम्	=	कसरी
पूजार्हौ	=	पूजनीय	प्रतियोत्स्यामि	=	शत्रु बनेर लड्ँ ?

सरलार्थ

अर्जुनले भने—हे कृष्ण ! म कसरी पूज्य भीष्म र द्रोणसँग युद्धमा शत्रुरूपले बाणद्वारा लड्नशक्तछु ?

तात्पर्य

अर्जुन विवेकी तथा समझदार व्यक्ति थिए, क्षत्रियको कर्तव्य युद्धबाट पछि नहट्नु हो भन्ने पनि जान्दथे, परन्तु उनका हृदयको भाव के भने—भीष्म र द्रोण जस्ता पूज्य बाजे तथा गुरु—जसका कृपाले आँफूमा त्यत्तिको योग्यता भएको छ—आज उनैलाई राज्य-सुखका लोभले कसरी बाण-प्रहार गर्नु ! जसका साथ हुङ्कार-तुङ्कार गर्न पनि पाप छ ! मधुसूदन र अरिसूदन एकै पल्ट दुई सम्बोधन अर्जुन-को हृदयमा रहेको व्याकुलताका सूचक हुन् ॥ ४ ॥

त्यस कारण—

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्षमपीह लोके ।
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

महानुभावान्	=	महात्मा	अर्थकामान्	=	धनको इच्छा भएका
गुरून्	=	गुरुहरूलाई	गुरून्	=	गुरुहरुलाई
अहत्वा हि	=	नमारिकन	हत्वा	=	मारेर
इहलोके	=	यस संसारमा	इहएव	=	यसै लोकमा
भैक्ष्यम् अपि	=	भिक्षान्न पनि	रुधिर-प्रदिग्धान्	=	रगतले मुछिएका
भोक्तुम्	=	खान	भोगान्	=	भोगहरूलाई
श्रेयः	=	कल्याण छ	भुञ्जीय	=	भोग्नेछु
तु	=	किन्तु			

सरलार्थ

बरू यो संसारमा भिक मागेर खान असल छ, किन्तु महानुभाव गुरुहरूलाई मार्न असल छैन। धनको इच्छा भएका गुरुहरूलाई मारेर मैले भोगेको भोग उनकै रगत पिएजत्तिकै छ।

तात्पर्य

अर्जुनको आशय के भने—यदि भीष्म र द्रोणलाई छाडेर अरूसँग युद्ध गरून्, यो पनि असंभव छ; किनकि सबै-भन्दा ठूला महारथी यिनै छन्, यिनैलाई अघि लगाएर कौरवहरू आएका छन्, त्यसकारण पहिले नै युद्ध यिनैसँग हुन्छ। अतः अर्जुन भन्दछन्-यस्ता पूजनीय महानुभाव गुरहरूलाई मारेर अनित्य-भौतिक-सम्पत्ति एकत्रित गर्नुभन्दा बरू भिक्षा मागेर खाउँला। यो उमेर सम्म कन्दमूल र भिक्षाबाट निर्वाह भयो भने शेष जिन्दगी पनि यही किसिमबाट कट्न सक्छ। यसका निम्ति गुरु-हत्या गर्नु अत्यन्तै अनुचित छ। अहो! अर्थको कामना भएका गुरुहरूलाई त्यही अर्थको निम्ति मारेर त्यो भोग भोग्नु तिनै गुरुहरूको रगत खानु बराबर छ।।

कुनै टीकामा 'अर्थकामान्' शब्दको अर्थ—'अर्थ' शब्दले धर्म, काम, मोक्षको समेत उपलक्षण मानेर शिष्यलाई यिनै ४ पुरुषार्थ सम्पादन गर्ने गुरु भन्ने गरेको छ, तर महाभारत भीष्मपर्वमा लेखिएको छ कि युधिष्ठिर युद्ध हुनुभन्दा पहिले द्रोण, शल्य तथा कृपाचार्यलाई नमस्कार गर्न र युद्धको आज्ञा लिन गएका थिए। त्यसवेला शिष्टसम्प्रदायको उचित पालन गर्ने युधिष्ठिरको प्रशंसा गर्दै सबैले आँफूहरू कौरवपट्टि भएर लड्नाको कारण यही बताए—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थस्य पुरुषो दासो दासस्त्वर्थो न कस्यचित् ।
इति सत्यं महाराज ! बद्धोऽस्म्यर्थेन कौरवैः ॥
(म० भा० भी० ४३-३५)

पुरुष अर्थको दास हुन्छ, अर्थ कसैको दास हुँदैन । यो कुरा सत्य हो । हे राजन् ! कौरवहरूले हामीलाई अर्थबलले बाँधेका छन् । यही कारणले यहाँ उनीहरूलाई 'अर्थकामान्' भनेको हो ॥५॥

न चैतद्विद्मः कतरन्नोगरीयो
यद्वा जयेम यदिवा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम-
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

अन्वयार्थः

नः	=	हामीलाई	जयेयुः	=	जित्छन्
कतरत्	=	कुन्	एतत् च	=	यो पनि
गरीयः	=	श्रेष्ठ छ	न विद्मः	=	जान्दैनौं
यत् वा	=	न जाने	यान्	=	जसलाई
जयेम	=	हामी जित्छौं	हत्वा	=	मारेर
यदि वा	=	अथवा	न जिजीविषामः	=	बाँच्नचाहन्नौं
नः	=	हामीलाई	प्रमुखे	=	अगाडि
धार्तराष्ट्राः	=	कौरवहरू	ते एव	=	तिनै
			अवस्थिताः	=	खडा छन्

सरलार्थ

हामीलाई भिक्षा र युद्धमा कुन कार्य श्रेष्ठ छ ? यो थाहा छैन; फेरि न जाने हामीले उनीहरूलाई जित्छौं या उनीहरूले हामीहरूलाई जित्छन् ? यो पनि थाहा छैन । वस्तुतः जसलाई मारेर हामी बाँच्न चाहन्नौं तिनै कौरवहरू साम्नेमा युद्धका निम्ति खडा छन् ।

तात्पर्य

अर्जुनलाई ठूलो कर्म-संकट परेको छ । किनभने युद्ध गरून् त गुरुवर्गसँग अनुचित व्यवहार गर्नुपर्दछ, न गरून् त शत्रुहरूले रण-क्षेत्रमा आएर हाँक दिएपछि पिठ फर्काउने कर्तव्य होइन । यस्ता प्रकारले एकातिर शिष्टाचार विरोध अर्कातिर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्तव्यको त्याग, फेरि आफ्नै बन्धुवर्गसँग लड्नुपर्ने हुनाले कुलनाशद्वारा कुलधर्मको हानि ; यसरी तीनतिरबाट पासो परेको छ, कर्तव्यको ठीक निर्णय नभएसम्म यो पासो काटिने छैन ॥६॥

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसंमूढचेताः ।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

अन्वयार्थः

कार्पण्यदोषोपहत-स्वभावः	=	अज्ञानदोषले स्वभाव नष्ट भएको	तत्	=	त्यो
धर्मसंमूढचेताः	=	धर्मनिर्णयका विषयमा मूढबुद्धि भएको (म)	मे	=	मलाई
त्वाम्	=	तपाईंसँग	ब्रूहि	=	भन्नुहोस्
पृच्छामि	=	सोद्धछु	अहम्	=	म
यत्	=	जुन्	ते	=	तपाईंको
निश्चितम्	=	निश्चित	शिष्यः	=	चेलो हुँ
श्रेयः	=	कल्याण	त्वाम्	=	तपाईंको
स्यात्	=	होला	प्रपन्नम्	=	शरणमा परेको
			माम्	=	मलाई
			शाधि	=	शिक्षा दिनुहोस्

सरलार्थ

अज्ञान दोषले मेरो स्वाभाविक वृत्ति नष्ट भयो, कर्तव्याकर्तव्य निर्णयमा असमर्थ छु। अतः तपाईंसँग म सोध्दछु, मेरो निम्ति जुन् यथार्थ कल्याणकारक छ त्यो भन्नुहोस् । म तपाईंको शिष्य हुँ, तपाईंको शरणागत मलाई शिक्षा दिनुहोस् ॥

तात्पर्य

लोकमा कञ्जुसलाई 'कृपण' भन्दछन् । त्यस्तै तुच्छ-हृदय हुनाले अज्ञानी 'कृपण' कहिन्छ । गार्गीलाई याज्ञवल्क्यले भन्नुभएको छ—यो वा एतदक्षरं गार्ग्यविदित्वा अस्माल्लोकात्प्रैति स कृपणः' (बृ. ३-८-१०) हे गार्गी ! जो मनुष्य यस अक्षरलाई नजानी यस लोकबाट लोकान्तरमा जान्छ त्यो कृपण हो । अतः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञानी नै यहाँ 'कृपण' शब्दले कहिएको छ। 'कृपण' शब्दको यस्तो अर्थ गरेपछि 'शिष्यस्तेऽहं' यसको पनि राम्रो सङ्गति मिल्नजान्छ। किनकि अज्ञानी नै ज्ञानप्राप्तिका निम्ति शिष्य-भावले गुरुको शरण पर्छ। अजर-अमर आत्माको अज्ञानले नै अर्जुनलाई 'यी सबै मेरा बन्धुवर्गहरू मारिएपछि मैले बाँच्नु धिक्कार छ' यस्तो ममतारूपी दोष उत्पन्न भयो जसले गर्दा उनी आफ्नू क्षात्र धर्मबाट पराङ्मुख भए, उनलाई ठूलो व्यामोह भयो, आफ्नू कर्तव्यको निर्णय गर्न नसकेर श्रीभगवान्सँग शिष्य-भावले सोधे। 'नापुत्राय नाशिष्याय' [श्वे. ६-२२] यस श्रुतिले अपुत्र र अशिष्यलाई रहस्य ज्ञान नभन्नु भनेकोले अर्जुन भगवान्का सखा थिए तापनि त्यस भावलाई छोडेर शिष्य-भावमा प्राप्त भएका हुन्। यसबाट 'तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम्' (मुं० १-२-१२) 'भृगुर्वै वारुणि वरुणं पितरमुपससार अधिहि भगवो ब्रह्मेति' [तै. ३-१] इत्यादि श्रुतिले ज्ञानप्राप्तिको परंपरा आदर्श देखाउँदछन् ॥७॥

न हि प्रपश्यामि ममापनुद्या-
द्यच्छोकमुच्छोषणमिन्द्रियाणाम्।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

अन्वयार्थः

हि	=	किनभने	यत्	=	जो
भूमौ	=	पथ्वीमा	मम	=	मेरो
असपत्नम्	=	शत्रुरहित	इन्द्रियाणाम्	=	इन्द्रियहरूको
ऋद्धम्	=	धनधान्यसम्पन्न	उच्छोषणम्	=	शोषणकारी
राज्यम्	=	राज्य	शोकम्	=	शोकलाई
सुराणाञ्च	=	तथा देवताहरूको	अपनुद्यात्	=	निवारण गरोस्
आधिपत्म्	=	प्रभुत्व	(तत्)	=	त्यो
अवाप्य अपि	=	पाएर पनि	न प्रपश्यामि	=	देख्दिन

सरलार्थ

किनकि यदि समस्त पृथ्वीको ऐश्वर्य युक्त निष्कण्टक राज्य अथवा स्वर्गको इन्द्रपदवी मिले पनि इन्द्रियलाई सुकाउने मेरो यो तीव्र शोक हटाउने कुरा म केही देख्दिन ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

मेरो यो तीव्र शोक निवृत्त गर्ने वस्तु कुनै संसारमा पनि छैन, यस्तो अर्जुन भन्दछन् । "तिमी क्षत्रिय ह्यौ, युद्धमा विजय पाएपछि उत्तम सुखकर राज्य मिल्नेछ, आफ्नू क्षत्रियोचित कर्तव्य पालनबाट परलोकमा पनि स्वर्गादि सुख पाउनेछौ ; अतः शोक गर्नाको केही प्रयोजन छैन" भन्ने भगवान्को सम्भव-भनाइको उत्तरमा अर्जुन भन्दछन्—समस्त पृथ्वीको चक्रवर्ती निष्कण्टक राज्य तथा देवराज इन्द्रको इन्द्रत्व पदवीले पनि यो शोक हटाउन सक्तैन, जुन शोक मलाई ऐले भैरहेको छ। अर्जुनको यस युक्तिमा 'तद्यथेह कर्मचितो लोक क्षीयते एवमेवामुत्र पुण्यचितो लोकः क्षीयते' [छा. ९-१-६] जस्तै यहाँ कर्मद्वारा सम्पादित सस्यादिलोक (खेती) क्षय हुन्छ [खाएर सकिन्छ] त्यस्तै पुण्यले बनेका स्वर्गादि लोक पनि भोगद्वारा क्षय हुन्छन् भन्ने श्रुति र 'यत्कृतकं तदनित्यम्' जो जन्य हुन्छ त्यो अनित्य हुन्छ भन्ने युक्तिको आभास स्पष्ट झल्केको छ। अतएव यस लोक-परलोकका कुनै पनि भोग आत्यन्तिक सुखदायक छैनन् , किन्तु स्वसत्ता कालमा पनि भोगको परतन्त्रादिले र विनाशकालमा विच्छेदले अपरिहार्य शोकजनक छन् ; त्यस कारण शोक निवृत्तिको कारण केवल युद्ध छैन । यस प्रसङ्गबाट अर्जुनमा ज्ञानको साधन 'इहामुत्रार्थफलभोगविराग' पनि देखिन्छ ॥ ८ ॥

यस पछि अर्जुनले के गरे ? भन्ने धृतराष्ट्रको उत्सुकतापूर्ण आकाङ्क्षा भएको देखेर सञ्जय भन्दछन्—

सञ्जय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तपः ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ॥९॥

अन्वयार्थः

परन्तपः	=	शत्रुतापन	न योत्स्ये	=	म युद्ध गर्दिन
गुडाकेशः	=	आलस्यहीन अर्जुनले	इति	=	यस्तो
			गोविन्दम्	=	भगवान्लाई
हृषीकेशम्	=	श्रीकृष्णलाई	उक्त्वा	=	भनेर
एवम्	=	यस्तो	तूष्णीम्	=	चुप
उक्त्वा	=	भनेर	बभूव ह	=	भए

१. यस लोकका र परलोकका विषय भोगमा वैराग्य हुनु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सञ्जय भन्दछन्--शत्रुतापन गुडाकेश अर्जुनले श्रीकृष्णलाई एवं प्रकारका कुराहरू सुनाएर अन्तमा म लड्दिन भनी चूप-चाप भए ॥

तात्पर्य

अर्जुनको नाम 'गुडाकेश'हो। गुडाका+ईश अर्थात्' गुडाका' भनेको निद्रा, आलस्य, त्यसलाई 'ईश' भनेको जित्न समर्थ। गुडा × केश यस्तो पदच्छेद गरेमा 'गुडा' भनेको अङ्गुष्ठ र तर्जनीको संयोग अर्थात् बुढी औंला र चोर औंलाका टुप्पा जोड्दा जो गोल छिद्र पर्दछ,त्यस्तै घुँघुरिएका केश हुनाले गुडाकेश भन्ने अर्थ हुन्छ। अर्जुन शत्रुलाई तपाउने आलस्यहीन भएर पनि त्यसबेला त्यसरी निश्चेष्ट हुनु त्यो तिनको स्वाभाविक वृत्ति होइन, किन्तु आगन्तुक हो भन्ने कुरा श्लोकमा रहेको 'ह' शब्दले बुझाउँदछ ॥९॥

यस्ता प्रकारले युद्धबाट पराङ्मुख भएका अर्जुनलाई पनि भगवानले उपदेशद्वारा उत्तेजित गराउने कोसिस गर्नुभयो भन्ने वृत्तान्त, धृतराष्ट्रको दुराशा निवारण गर्दै सञ्जय भन्न लागे—

तमुवाच हृषीकेशः प्रहसन्निव भारत !
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ॥१०॥

अन्वयार्थः

भारत !	=	हे राजन् !	तम्	=	अर्जुनलाई
हृषीकेशः	=	श्रीकृष्णले	प्रहसन्निव	=	उपहास गरे झैं
उभयोः	=	दुवै	इदम्	=	यो
सेनयोः	=	सेनाको	वचः	=	वचन
मध्ये	=	बीचमा	उवाच	=	भन्नुभयो
विषीदन्तम्	=	विषादगर्ने			

सरलार्थ

हे महाराज ! श्रीकृष्णले शोक गर्ने अर्जुनलाई दुवै सेनाको माझमा हाँसो गरे झैं यो कुरा भन्नुभयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यदि अर्जुनले अगावै युद्ध नगर्ने विचार गरेको भए त्यस्तो नराम्रो देखिने थिएन । अमुक-अमुकसँग युद्ध हुनेछ भन्ने पनि त उनलाई पैले नै थाहा थियो ! ऐले केवल उनीहरूको मुख देखेर मात्र व्यामोह भयो । यसैले भगवान् यस व्यामोहलाई हटाउने विचारले केही उपहास गरे झैं भन्नलाग्नुभयो । यो उपहास अर्जुनको साँच्चै नै हाँसो उडाएको होइन, केवल कृपा कटाक्ष मात्र हो । यही कुरा जनाउन श्लोकमा 'इव' शब्दको प्रयोग गरेको छ ॥१०॥

अर्जुन युद्धरूपी स्वधर्ममा प्रवृत्त भए कै थिए, किन्तु स्थूल-सूक्ष्म शरीर र यी दुईको कारण अविद्या यी ३ उपाधिको अविवेकद्वारा उत्पन्न भएको सर्वजनसाधारण व्यामोह एउटा र अर्को युद्धरूपी स्वधर्मलाई हिंसादि दोष प्रचुर देखेर अधर्म ठान्नाले भएको अर्जुनकै करुणादि दोषद्वारा उत्पन्न असाधारण व्यामोह तथा यिनै २ प्रकारका व्यामोहद्वारा उत्पन्न तीव्र शोक यी सबै मिलेर अर्जुनका कर्तव्यपथका कण्टक बने । अब कारण रूप २ प्रकारका व्यामोहको निवृत्ति नभएसम्म कार्यरूप शोकको निवृत्ति हुने छैन, उक्त २ प्रकारका व्यामोहको निवृत्ति भएपछि भने 'कारणनाशात् कार्यनाशः' यस नियमले विना प्रयासै हट्नेछ । यस अभिप्रायले श्रीभगवान्ले सर्वजनसाधारण व्यामोह [आत्माको अज्ञान] हटाउन ११ देखि ३० सम्म सांख्य अर्थात् ज्ञानयोगका युक्तिबाट स्थूल, सूक्ष्म, कारण शरीरमा निर्लिप्त, अजर अमर शुद्धात्माको उपदेश दिनुभएको छ । दोश्रो असाधारण व्यामोह [युद्धरूप स्वधर्ममा अधर्म बुद्धि] हटाउन ३८ सम्म स्वधर्म सम्बन्धी कर्तव्योपदेश दिनुभएको छ । यसदेखि अगाडि यही कर्तव्यलाई कर्मयोगका सिद्धान्तबाट बताएर अन्तमा दुवै निष्ठाको उपसंहार स्थितप्रज्ञको ब्राह्मी-स्थितिमा गर्नुभएको छ । यिनै यस अध्यायका प्रतिपाद्य विषय हुन् ।

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥११॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

त्वम्	=	तिमीले	भाषसे	=	बोल्दछौ
अशोच्यान्	=	शोक गर्न अयोग्यलाई	पण्डिताः	=	ज्ञानीहरू
			गतासून्	=	मृतव्यक्तिलाई
अन्वशोचः	=	शोक गऱ्यौ	अगतासून् च	=	तथा जीवित व्यक्तिलाई
प्रज्ञावादान् च	=	किन्तु ज्ञानीहरूका जस्ता वचन	न अनु शोचन्ति	=	शोक गर्दैनन्

सरलार्थ

श्री भगवान् भन्नुहुन्छ--तिमी जसको शोक गर्न मनासिब छैन उसको शोक गर्दछौ, कुरा भने पण्डितका जस्ता गर्दछौ। पण्डितहरू मर्ने-बाँच्ने कुरामा शोक गर्दैनन्।

तात्पर्य

संसारका वस्तुहरू प्राणी-अप्राणी सबै क्षण-प्रध्वंसी र परिणामशील छन्, चैतन्य तत्त्व शिवाय जगत्मा अरू कुनै पनि पदार्थ चीरस्थायी छैनन्। यस्ता दृष्ट-नष्ट वस्तुहरू बराबर उत्पन्न हुँदै नष्ट हुँदै गर्दछन्; जस्तै समुद्रमा तरङ्गहरू उत्पन्न हुँदै नष्ट हुँदै गर्दछन्। किनभने यिनीहरूको निजी स्वभावै यही हो। यस दशामा अज्ञानी जनहरू हर्ष र शोकका उर्लंदा लहरीमा उचालिंदै पछारिंदै रहन्छन्; किन्तु पण्डित जन घबडाउँदैनन्। किनभने सत्-असत्लाई विश्लेषण गर्ने बुद्धिको नाम "पण्डा" हो, यस्तो बुद्धि जसलाई मिलेको छ ऊ पण्डित भनिन्छ। पण्डितहरूलाई विश्वप्रकृतिको उक्त अकाट्य नियम थाहा छ, यसैले संसारका प्रत्येक पदार्थलाई अशोच्य ठहऱ्याउँछन्। यसरी संसारका हरेक वस्तु नै अशोच्य भएपछि त्यसभित्रका प्राण-इन्द्रिय-शरीर पनि अशोच्य नै ठहरिन्छन्। अतः शरीमा प्राण रहनु या जानु (जीवन-मृत्यु) यी पनि विश्व-प्रकृतिकै नियमानुसार भई नै रहन्छन्। यस्तो अकाट्य नियमलाई प्रत्यक्ष देखेर पनि शोकले छाती पिट्नु एकदम् मूर्खता हो। माथि कहिएका "कथं भीष्ममहं संख्ये (२-४) यदिमामप्रतीकार" (१-४६) इत्यादि वक्तृत्वले अर्जुनलाई पण्डित (बुद्धि जीवी) सिद्ध गर्दछन् र साथै अशोच्यका प्रति गरेको शोकले केवल वाचनिक पाण्डित्य मात्रलाई सिद्ध गर्दछ। यसैले भगवान् भन्नु हुन्छ—कुरा छन् तिम्रा पण्डितका जस्ता, काम छ तिम्रो मूर्खको जस्तो॥११॥

भीष्म, द्रोण तथा कौरवादिका निम्ति किन शोक नगर्नु? यसको उत्तर—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न त्वेवाहं जातु नाशं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥

अन्वयार्थः

अहम्	=	म	जनाधिपाः	=	राजाहरू
जातु	=	कहिल्यै	(न आसन्)	=	थिएनन्
न तु एव आसम्	=	छँदै थिइन	न	=	यो पनि होइन
न	=	यो कुरा होइन	अतः परम्	=	भविष्यमा पनि
त्वम्	=	तिमी	वयम्	=	हामी
न आसीः	=	थिएनौ	सर्वे	=	सबै
न	=	यो पनि होइन	न भविष्यामः	=	हुनेछैनौं
इमे	=	यी	एव च न	=	यो पनि होइन

सरलार्थ

अघि (पूर्व जन्ममा) म थिएँ, तिमी थियौ, यी राजाहरू पनि थिए, पछि (पुनर्जन्ममा) पनि हामी सबै हुनेछौं ।

तात्पर्य

आत्मा नित्य र अमर छ, शरीरको नाश हुँदा उसको नाश हुँदैन । अतएव अघि भूत कालमा पनि शरीरको नाश भएर आत्माको नाश भएको थिएन । ऐले वर्तमान कालमा पनि शरीरको नाश हुँदैमा आत्माको नाश हुँदैन । पछि भविष्यत्कालमा पनि शरीरको नाश भएमा आत्माको नाश हुने छैन । त्यस कारण आत्मा त्रिकाल अबाध्य सच्चिदानन्द स्वरूप छ । एवं प्रकार भीष्म-द्रोण तथा राजा हरूको पनि शरीर नाशवान् छ ; आत्मा अजर, अमर छ । ती शरीर नाश हुँदैमा आत्माको नाश हुँदैन । त्यस कारण तिनीहरूका निम्ति अर्जुनले शोक गर्नु व्यर्थ छ ॥१२॥

शरीर र आत्माको विश्लेषणद्वारा मृत्युको स्वरूप-निर्णय—

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा	=	जस्तै	तथा	=	त्यस्तै
देहिनः	=	आत्माको	देहान्तरप्राप्तिः	=	अर्को देहको प्राप्ति हुन्छ
अस्मिन्	=	यस			
देहे	=	देहमा			
कौमारम्	=	कुमार	तत्र	=	त्यस विषयमा
यौवनम्	=	यौवन	धीरः	=	धीर पुरुष
जरा	=	वृद्धावस्था			
(भवति)	=	हुन्छ	न मुह्यति	=	मोहित हुँदैन

सरलार्थ

जस्तै जीवात्माका यो शरीरमा कुमार, यौवन, वृद्धावस्था हुन्छन् त्यस्तै अर्को देह मिल्दछ ; त्यसमा धीर व्यक्ति मोहित हुँदैन ।

तात्पर्य

जस्तै यस देहमा आत्माको कुमार, यौवन, वृद्धावस्था हुन्छन् त्यस्तै अर्को देह पनि मिल्दछ अर्थात् कुमारादि अवस्थाको परिवर्तन हुँदै जाँदा स्थूल शरीरको भेद भए तापनि आत्माको भेद हुँदैन । किनकि बालक-अवस्थामा गरेका क्रीडाहरू वृद्धावस्थामा पनि सम्झिन्छन् । यदि अवस्थाभेदले आत्माको भेद हुने-भए पहिले २ गरेका व्यवहारहरू पछि वृद्धावस्थामा सम्झिनु नपर्ने हो । वस्तुस्थिति त यस्तो छ कि—जसलाई जुन् विषयको अनुभव हुन्छ त्यसैलाई त्यस विषयको स्मृति हुन्छ, एउटाले वस्तुको अनुभव गर्ने अर्कोलाई त्यसको स्मृति हुने हुँदैन। 'उही म हुँ' भन्ने यो बलीयो प्रत्यभिज्ञा* कदापि भ्रम हुनसक्दैन । अतएव जसरो अवस्था-रूपले देह बदलिंदा पनि नमरूञ्जेल उही आत्मा रहन्छ त्यसरी नै वर्तमान देह बदलिंदा पनि जन्मान्तरमा आत्मा उही रहन्छ । हुनत जन्मान्तरमा 'उही म हुँ' भन्ने प्रत्यभिज्ञा सबैलाई हुँदैन, तथापि जन्मना साथ देखिएका हर्ष, शोक, भयादिले पूर्वजन्ममा गरिएको अनुभवको संस्कार सिद्ध हुन्छ र संस्कार-द्वारा यो आत्मा पूर्व जन्ममा पनि रहेछ भन्ने अनुमान हुन्छ । किनकि बिना अनुभवको संस्कार हुँदैन, अनुभव गर्ने चेतन आत्मा नै हुन्छ । जन्मान्तरीय संस्कार नभए नवजात शिशुले स्तनपान पनि गर्न जान्ने थिएन । किनकि प्राणीमात्रको प्रवृत्ति(चेष्टा) इष्ट साधनताज्ञान-(यो मेरो हित साधन हो, भन्ने बोध)-जन्य हुन्छ । यो ज्ञान नवजात शिशुले यस जन्ममा पाएको छैन, तसर्थ यो ज्ञान यस-

* प्रत्यक्ष र परोक्ष मिश्रित ज्ञान । जस्तै—पहिले देखेको वस्तु कालान्तरमा फेरि देख्दा 'उही यो हो' भन्ने ज्ञान हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को आत्माले पूर्व जन्ममा पाएको ठहर्छ । जन्मान्तरका संस्कारहरू पनि समान जातीयमा मात्र आएर उद्बुद्ध (प्रकट) हुन्छन् । योग-दर्शन-सूत्रमा लेखिएको छ--'ततस्तद्विपाकानुगुणानामेवाभिव्यक्तिर्वासनानाम्' (४-८) कर्मविपाकका अनुसार नै वासनाहरू प्रकट हुन्छन् । त्यस कारण मनुष्य योनिमा तिर्यक् योनिका वासनाहरू प्रकट हुँदैनन् । 'जातिदेशकालव्यवहितानामप्यानन्तर्यं स्मृतिसंस्कारयोरेकरूपत्वात्' (४-८)—जाति, देश, काललले छेकिएका भए तापनि अनुरूप वासनाहरू समान क्षेत्रमै क्रमबद्ध भएर प्रकट हुन्छन्; किनकि जस्तो वासना उस्तै स्मृति हुन्छ । यदि कोही व्यक्ति पशुयोनिबाट सोझै मनुष्य योनिमा आएको रहेछ भने पूर्व जन्मका त्यसका पशुयोनिका संस्कार समान क्षेत्र नपाएर प्रकट हुनपाउँदैनन्, किन्तु-सयकडौं जन्म र जाति पूर्वका भए तापनि मनुष्यदेहकै संस्कारहरू प्रकट हुन्छन् । किनकि स्मृति र संस्कारको समानरूप हुन्छ । यस्ता प्रकारले आत्माको अस्तित्व जन्मान्तरमा पनि प्रमाणित हुन्छ । आत्माको यस्तो शाश्वत तत्त्व बुझ्ने बुद्धिमान् मनुष्य मृत्युलाई पनि आत्माको अवस्थापरिवर्तन मात्र जानेर शोक-मोह-ग्रस्त हुँदैन ॥१३॥

पूर्वोक्त आत्म-विचारबाट शोक नभए तापनि शरीरवियोगबाट शोक अवश्यै हुन्छ, यसको उत्तर—

मात्रास्पर्शास्तु कौन्तेय ! शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ! ॥१४॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	अनित्याः	=	अनित्य
मात्रास्पर्शाःतु	=	इन्द्रिय र विषयका सम्बन्धहरू	(सन्ति)	=	छन्
			भारत !	=	हे अर्जुन !
शीतोष्ण-सुख-दुःख-खदाः	=	जाडो-गर्मी सुख दुखलाई दिने	तान्	=	तिनीहरूलाई
			तितिक्षस्व	=	सहन गर
आगमापायिनः	=	आउने र जाने			

सरलार्थ

हे अर्जुन ! इन्द्रिय र विषयका सम्बन्धहरू जाडो-गर्मी, सुख-दुःख आदि द्वन्द्वलाई उत्पन्न गर्ने आगन्तुक तथा अनित्य छन् । हे भारत ! तिनीहरूलाई तिमी सहन गर ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

मीयन्ते आभिर्विषया इति मात्राः, गृह्यन्ते इति स्पर्शः अर्थात् जसद्वारा बाह्य विषयको ज्ञान हुन्छ तिनलाई 'मात्रा' (इन्द्रिय), जो मात्राद्वारा जानिन्छन् तिनलाई 'स्पर्श' (विषय) भन्दछन् । 'मात्रा-स्पर्श' को अर्थ हो--इन्द्रिय र विषयको सम्बन्ध । यी सम्बन्धहरू जति इन्द्रिय छन् उति नै हुन्छन् । प्राणीमात्रलाई जति सुख र दुःखहरू हुन्छन्, ती सबैका कारण यिनै इन्द्रिय र विषयका सम्बन्धहरू हुन् । यी सम्बन्धहरूको स्वभाव अस्थिर छ । कहिले त्यही सन्बन्ध सुखदायी हुन्छ र कहिले त्यही दुःखदायी पनि हुन्छ । जस्तै हिमऋतुमा सूर्यको ताप सुखकारक र त्यही ग्रीष्मऋतुमा दुःखकारक पनि हुन्छ । एवं प्रकार ग्रीष्मऋतुमा ठन्डा हावा सुखकारक र त्यही शीतऋतुमा दुःखकारक पनि हुन्छ । प्राणीको अवस्था र व्यक्तिको भेदले पनि उही एउटै विषय सुखकारक र दुःखकारक पनि बन्नसक्तछ । जस्तै भोक लागेको बेलामा खाद्यवस्तु सुखकारक र त्यही अघाएको बेलामा दुःखकारक पनि हुन्छ । एवंप्रकार कसैलाई पीरो-तातो मन पर्दछ र त्यसबाट सुख हुन्छ, मन नपर्नेलाई त्यसैबाट दुःख हुन्छ । एउटै दृश्य कसैलाई हर्षले गद्गद पार्नसक्तछ र कसैलाई रुवाउन पनि सक्तछ । एउटै शब्द सुनेर साथै बसिरहेका दुई व्यक्तिमा एउटालाई प्रेम र अर्कोलाइ क्रोध पनि हुनसक्तछ । एवंप्रकार हरेक इन्द्रियका विषयमा जान्न उचित छ । यसरी यही वस्तु सुखकारक हो, यही दुःख कारक हो भनेर किटान गरेर भन्न नसकिने हुनाले इन्द्रियजन्य सुखलाई आगमापायी अर्थात् क्षणभङ्गुर (क्षणभरमा उत्पन्न भएर नष्ट हुने) अनित्य मानिएको छ । विचारवान् पुरुषको कर्तव्य हो कि—यस्ता क्षणिक सुख-दुःख को वास्ता नगरी तिनलाई सहन गरी कर्तव्यपरायण हुनु ॥१४॥

द्वन्द्वहरूलाई सम देख्नाले फाइदा—

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ! ।
समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

अन्वयार्थः

हि	=	किनभने	एते	=	इन्द्रिय र विषयका सम्बन्धहरू
पुरुषर्षभ !	=	हे पुरुष श्रेष्ठ अर्जुन !	न व्यथयन्ति	=	पीडित गराउन सक्दैनन्
समदुःखसुखम्	=	सुख-दुःख सम भएको	सः	=	त्यो पुरुष
यम्	=	जो	अमृतत्वाय	=	अमर हुनलाई
धीरम्	=	धीर	कल्पते	=	समर्थ हुन्छ
पुरुषम्	=	पुरुषलाई			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे पुरुषश्रेष्ठ अर्जुन ! किनभने सुख-दुःख सम भएका जो धीर पुरुषलाई विषय र इन्द्रियका संयोगहरूले विचलित पार्नसक्तैनन् त्यसले अमृतत्व पाउनसक्तछ ।

तात्पर्य

ज्ञानेन्द्रिय ५ कर्मेन्द्रिय ५ प्राणादि वायु ५ भूत ५ अन्तःकरण ४ अविद्या, काम तथा कर्म यी ८ मिलेर पुर्य्यष्टक हुन्छ । यसमा शयन गर्ने अर्थात् रहने हुनाले आत्मा पुरुष कहिन्छ । 'धीर' यो पुरुषको विशेषण हो । धीर उसलाई भन्दछन् जो सांसारिक विषयलाई देखेर चञ्चल हुँदैन; हजारौं दुःख र आपत्तिमा पनि हिमालय जस्तै अचल र समुद्र जस्तै गम्भीर रहन्छ । अर्थात् जसलाई मायिकद्वन्द्वभावहरू वास्तविक स्वरूप-स्थितिबाट विचलित पार्नशक्तैनन्, त्यही धीर पुरुष हो । जो विषयमा समदर्शी धीर पुरुष हो त्यही अमृतत्वको भागी हो । वस्तुतः द्वन्द्व जति सबै अनात्मा अन्तःकरणकै धर्म हुन्, आत्माका होइनन् । आत्माका स्वाभाविक धर्म भए तिनीबाट अविचलित आत्मा कुनै दशामा पनि रहनसक्ने थिएन । किनकि 'स्वभावो दुरतिक्रमः'—स्वभावको त्याग असम्भव छ । पुरुष स्वप्रकाश चैतन्य हुनाले र सम्पूर्ण जगत्का अपेक्षा श्रेष्ठ हुनाले 'ऋषभ' छ, तर यस्तो भएर पनि आफ्नू वास्तविक स्वरूप नजान्नाले शोक-मोहहरू हुन्छन्, आत्माको असली तत्त्व बुझेपछि ती दुवै छुट्दछन् भन्ने अभिप्राय श्रीभगवान्ले अर्जुनलाई 'पुरुषर्षभ' सम्बोधनद्वारा दिनुभएको छ ॥१५॥

दार्शनिक विचारबाट हेर्दा पनि शोक-मोह केही चीज होइनन्—

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

अन्वयार्थः

असतः	=	असद्वस्तुको	तत्त्वदर्शिभिः	=	तत्त्वदर्शीहरूद्वारा
भावः	=	अस्तित्व	अनयोः	=	यी
न विद्यते	=	छैन	उभयोः अपि	=	दुवैको पनि
सतः तु	=	सद्वस्तुको पनि	अन्तः	=	निर्णय
अभावः	=	अभाव	दृष्टः	=	देखिएको छ
न विद्यते	=	छैन			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

असद्वस्तुको सत्ता हुँदैन, सद्वस्तुको अभाव हुँदैन। सत्-असत् यी दुवैको मर्म तत्त्वज्ञानीले जानेका छन्।

तात्पर्य

सत् र असत्—सत् उसलाई भन्दछन् जसको अभाव भूत-भविष्य-वर्तमान तीनै कालमा हुँदैन, किन्तु सदा-सर्वदा अखण्ड एकरूपले रहेको हुन्छ अर्थात् विश्वका जति वस्तुहरू छन् ती सबैको आधाररूपले रहेको मूल-सत्ता नै सत् वस्तु हो; जुन हुनाले सबै वस्तुको अस्तित्व (छ भन्ने पना—पुस्तक छ, कपड़ा छ इत्यादि) रहन्छ, जुन नहुनाले नास्तित्व (अभाव—पुस्तक छैन, कपडा छैन इत्यादि) व्यक्त हुन्छ, त्यही सत्ता हो।

संसारका वस्तुहरू क्षण-परिणामी छन्—क्षण-क्षणमा तिनको परिवर्तन भइरहन्छ, पूर्व रूपलाई छोडेर रूपान्तरमा गइरहन्छन्, तिनको नाम र कार्य पनि बदलिन्छ। यसरी दृश्य जगत्को ढाँचा अविरामगतिले बदलिंदा पनि नबदलिने सत्ताचैतन्यरूप आत्मा नै 'सत्' पदार्थ हो। यसैले भनिएको छ—"क्षणपरिणामिनो हि सर्वे भावा ऋते चितिशक्तेः (सा० कौ०)—चैतन्यशक्ति-बाहेक सबै वस्तुहरू क्षणभङ्गुर छन्। क्षणभङ्गुर वस्तुहरूको स्वतन्त्र सत्ता हुँदैन, यसैले विचारदृष्टिले हेर्दा तिनको अस्तित्व पनि छैन। जसको स्वतन्त्र अस्तित्व हुँदैन त्यो असत् हुन्छ, असत्वस्तु भूत-भविष्य-वर्तमान तीनै कालमा हुँदैन। यस्तो एउटा दार्शनिक नियम छ कि—"आदावन्ते च यन्नास्ति वर्तमानेऽपितत्तथा···"—जो पहिले थिएन, पछि पनि रहँदैन, माझमा मात्र देखिन्छ त्यसको त्यो देखिनु सत्य होइन, खालि वस्तुको कार्यात्मक परिवर्तन मात्र हो। किनभने त्यसबेलामा देखिएको त्यो नाम र रूप स्थायी छैन, किन्तु कालान्तरमा अर्कै नाम र अर्कै रूपमा परिवर्तन हुनेवाला छ। जो दृष्ट-नष्ट स्वभाववाला छ, जसको नाम र रूप बराबर बदलिन्छ, जो एकदम् अस्थिर छ तथा परिणामी प्रकृतिका धारामा द्रुतगतिले बगिरहेको छ, त्यो सत्य हुनसक्तैन; किन्तु जसका उपर यो प्रकृतिको नृत्यलीला (परिवर्तन) भैरहेको छ, त्यही आधारब्रह्म नै सत्य हो; जसको सत्ताले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्तुमा अस्तित्व आएको छ तथा जसको सत्तालाई पाएर विश्वजननी प्रकृति पनि चेतन जस्तै भएर सबै काम नियमित रूपले गर्दछिन् ।

उक्त विषय अत्यन्तै सूक्ष्म हुनाले ठूला-ठूला विद्वान् पनि सत्ता र प्रकृतिको विश्लेषण गर्न नसकी यसैमा घुमिरहन्छन् र प्रकृति नै सबै गर्ने-गराउने स्वतन्त्र सत्ता हो, यसदेखि पर अर्को छैन भन्नथाल्दछन् । यसैले भगवान् भन्नुहुन्छ—सत्-असत्को वास्तविक निर्णय तत्त्वदर्शीहरूले बुझेका हुन्छन् ।

'सत्य' सनातन वस्तु हुनाले त्यसको नाश कहिल्यै हुँदैन, नाश नहुने हुनाले अन्तमा सत्यकै विजय हुनेछ । 'असत्य' क्षणभङ्गुर हुनाले पछिसम्म टिक्न सक्ने छैन भन्ने दृढ निश्चय भएर सन्मार्ग-(कर्तव्य)-मा प्रवृत्ति हुनु यस उपदेशको फल हो ॥ १६ ॥

सद्वस्तुको विवरण—

अविनाशी तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

अन्वयार्थः

येन	=	जसद्वारा	अव्ययस्य	=	व्यय रहित
इदम्	=	यो	अस्य	=	यसको
सर्वम्	=	सबै	विनाशम्	=	नाश
ततम्	=	व्याप्त छ	कर्तुम्	=	गर्न
तत् तु	=	त्यसैलाई	कश्चित्	=	कसैले
अविनाशी	=	नाश रहित	न अर्हति	=	सक्तैन
विद्धि	=	जान			

सरलार्थ

जसद्वारा यो समस्त विश्व व्याप्त छ, त्यसैलाई अविनाशी जान । यस अव्यय आत्मालाई नाश गर्न कसैले पनि शक्तैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जस्तै पानीका तरङ्ग, फिंज, हाँडाहरूमा जल व्याप्त छ, त्यस्तै सकल विश्वमा आत्मा व्याप्त छ। आत्मा नभएको कहीं केही पनि छैन। सब देश, सब काल, सब वस्तुमा रहनाले यसलाई शास्त्रमा 'त्रिविधपरिच्छेदशून्य' अर्थात् अनन्त भनेको छ। वस्तुगत्या सबका मूलमा रहेको अधिष्ठानसत्ता नै आत्मा हो। यो व्यापक हुनाले उसरी नै नित्य छ जसरी आकाश परिपूर्ण हुनाले नित्य छ। नाशवान् पदार्थहरू कोही अरूद्वारा, कोही आश्रयनाशद्वारा, कोही सम्बन्धी-नाशद्वारा, कोही कारणनाशद्वारा, कोही कार्यनाशद्वारा नाश हुन्छन्, तर आत्मा निराधार हुनाले त्यसको नाश कुनैद्वारा पनि हुँदैन। किनकि आत्मा कसैको आधारमा छैन, झन् समस्त विश्व न उसको आधारमा छ; त्यस कारण आश्रयनाशद्वारा पनि आत्माको नाश हुँदैन। निरवयव आत्माको कुनै द्रव्य-गुण-क्रियादिका साथ केही सम्बन्ध (संयोगादि) बन्नैसक्दैनन्, अतः सम्बन्धी नै नभएकोले सम्बन्धीनाशद्वारा पनि आत्माको नाश हुँदैन। अनादि सिद्ध वस्तुको कारण हुँदैन, आत्मा पनि अनादि सिद्ध हुनाले कारण रहित छ; अतएव कारण नाशद्वारा पनि यसको नाश हुँदैन। सच्चिदानन्दस्वरूप आत्माको कार्य छैन, मिथ्याजगत् कार्य हुनैसक्दैन, यसैले कार्यनाशद्वारा पनि आत्माको नाश हुँदैन। यस्ता प्रकारले अव्यय अर्थात् वृद्धि-क्षय-शून्य हुनाले आत्माको नाश कुनै प्रकारबाट पनि हुँदैन ॥ १७ ॥

आत्मा अविनाशी छ, देहादि क्षणभङ्गुर छन् भन्ने ज्ञान भएपछि साँचो कर्तव्यको उदय हुन्छ—

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ! ॥ १८ ॥

अन्वयार्थः

नित्यस्य	=	नित्य	देहाः	=	देहहरू
अनाशिनः	=	नाशरहित	अन्तवन्तः	=	नाशवान्
अप्रमेयस्य	=	प्रमाणअगम्य	उक्ताः	=	कहिएका छन्
शरीरिणः	=	आत्माका	भारत !	=	हे अर्जुन !
इमे	=	यी	तस्मात्	=	त्यस कारण
			युध्यस्व	=	युद्ध गर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

नित्य, अविनाशी, अप्रमेय आत्माका यी देहहरू नाशवान् छन्; त्यस कारण हे अर्जुन ! युद्ध गर ।

तात्पर्य

यस श्लोकमा रहेका आत्माका नित्य, अनाशी, अप्रमेय तथा शरीरी यी ४ विशेषणले यी देखि विरुद्धस्वभाव हुनाले देहादि क्षणभङ्गुर छन् भन्ने जनाउँदछन् ।

१ नित्य—नित्य र सत्यमा केवल शब्दमात्रको फरक छ, अर्थको छैन । 'सत्' उही २-१६ मा बताएको सत्तावस्तु हो, यसैले यसको नाश कहिल्यै पनि हुँदैन । यसदेखि विरुद्ध शरीर अनित्य छ ।

२ अनाशी—२-२३ मा बताए अनुसार आत्माको नाश अग्नि-वायु-जल तथा कुनै घातक शस्त्रास्त्रद्वारा पनि हुननसक्ने हुनाले अनाशी छ । यसदेखि विरुद्ध शरीर विनाशी छ ।

३ अप्रमेय—जो प्रमाणद्वारा जानिन्छ त्यो प्रमेय हुन्छ औ जो कुनै प्रमाणद्वारा पनि जानिदैन त्यो अप्रमेय हुन्छ । प्रमाणको अर्थ हो ज्ञानको मुख्य साधन । विभिन्न दार्शनिकहरूका मतमा प्रमाणहरू कसैले धेरै र कसैले थोर पनि मानेका छन् । गीतामा स्पष्ट प्रमाणको उल्लेख कहीं नभए तापनि गीताको पक्ष उपनिषद्वेदान्त हुनाले यसको अनुसार प्रमाणहरू ६ मानिएका छन् । १ प्रत्यक्ष २ अनुमान ३ उपमान ४ शब्द ५ अर्थापत्ति ६ अनुपलब्धि ।

(क) प्रत्यक्ष—हाम्रा इन्द्रियद्वारा भएको वस्तुको ज्ञान प्रत्यक्ष हो, इन्द्रियहरू प्रत्यक्षप्रमाण हुन् । यी इन्द्रियद्वारा त्यही वस्तुको ज्ञान हुन्छ, जसको स्वरूप स्पष्ट अर्थात् स्थूल रुपमा व्यक्त भएको छ ; किन्तु आत्मा अव्यक्त हुनाले इन्द्रियद्वारा जानिदैन ।

(ख) अनुमान—जो बाहिरका इन्द्रियद्वारा जानिदैनन् त्यस्ता धेरै वस्तुहरूको ज्ञान अनुमान-(अडकल)-बाट हुन्छ । जस्तै पानी परेको नदेखे तापनि खोलो बढेको देखेर यसको शिर वर्षेछ भन्ने अनुमान हुन्छ । अथवा डाँडामा धुवाँ पुत्ताएको देखेर त्यहाँ आगो रहेछ भन्ने अनुमान हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो अनुमान मनुष्य मात्रले होइन, पशु-पन्छीहरूले पनि गर्नशक्तछन् । प्रत्यक्ष्य ज्ञान बाह्येन्द्रियजन्य हुन्छ, अनुमान अन्तरिन्द्रियजन्य । अन्तरिन्द्रिय भनेको मन हो; यसैले अनुमान मानसिक ज्ञान कहिन्छ । परन्तु आत्मा मनको विषय छैन, किनकि मन जड छ, आत्मा चैतन्य छ; जडद्वारा चैतन्यको ज्ञान कहिल्यै हुँदैन, बरू चैतन्यद्वारा नै जडको ज्ञान हुन्छ । यही अभिप्रायका श्रुतिहरू छन् "यन्मनसा न मनुते येनाहुर्मनो मतम्"—जो मनले जानिदैन, जसले मन जानिन्छ; "तदेव ब्रह्म त्वं विद्धि"—त्यसैलाई तिमी 'ब्रह्म' जान (के-१-४) इत्यादि ।

(ग) उपमान—उपमानप्रमाण भनेको सादृश्य ज्ञान हो । जस्तै कहिल्यै बाघ नदेखेको मानिसले बाघ कस्तो हुन्छ ? भनेर सोधेमा 'ठीक बिरालो जस्तै, तर ठूलो हुन्छ' भनेपछि कुनै कामले वनमा गएको बेलामा बिरालोको सकलको, तर ठूलो जन्तु देखेर उपमान गर्दछ "यही बाघ हो ।" आत्माको ठीक सादृश्य मिल्ने वस्तु विश्वभरमा कुनै पनि छैन, त्यस कारण आत्मा उपमान प्रमाणले पनि जानिदैन । यही अभिप्रायको श्रुति छ "न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यशः" उसको तुलना संसारमा छैन, जसको नाम र ख्याति ठूलो छ । (श्वे० ४-११)

(घ) शब्द—कानले शब्द सुनेर त्यसको अर्थ बुझ्नु शब्द-प्रमाण हो । यसबाट बाहिरका इन्द्रियले नजानिने र भित्रका इन्द्रियले पनि थाहा नपाइने (अतीन्द्रिय) वस्तुको र टाढा २ आँफू पुग्ननसकेका ठाउँको पनि ज्ञान हुन्छ । जस्तै विदेशमा भ्रमण गरेर आएका मानिसले त्यहाँको कुरा गर्दा हामीलाई पनि शब्दप्रमाणद्वारा त्यहाँको ज्ञान हुन्छ । भूगोल-खगोलविद्याको अध्ययन गरेर घरै बसी २ विश्वको ज्ञान प्राप्त गर्नु पनि शब्द प्रमाणद्वारा नै संभव हुन्छ । किन्तु आत्मा शब्दप्रमाणद्वारा पनि जानिदैन; किनभने शब्द-प्रवृत्ति हुनलाई वस्तुमा गुण, क्रिया, जाति तथा सम्बन्ध यी ४ मध्ये कुनै एक हुनपर्दछ । आत्मा निर्गुण हुनाले त्यसमा कुनै गुणहरू छैनन्, एवं प्रकार निष्क्रिय हुनाले क्रिया छैन, एउटै हुनाले जाति छैन, अवयवरहित हुनाले सन्बन्ध छैन । यसरी शब्द-प्रवृत्तिका निमित्त (कारण) कुनै पनि नहुनाले आत्मा शब्दप्रमाणद्वारा पनि जानिदैन "यद्वाचानभ्युदितं येन वागभ्युद्यते"—जो वाणीद्वारा प्रकाशित हुँदैन औ जसले वाणी प्रकाशित हुन्छ; (के० १-४) इत्यादि श्रुतिहरूको तात्पर्य पनि यही हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[ङ] अर्थापत्ति—अर्थापत्ति एउटा कल्पना हो । जस्तै कसैले खाएको कहिल्यै देखिंदैन, तर सदा मोटो-ताजा देखेर कल्पना हुन्छ कि—उसले रातमा या कसैले नदेख्नेगरी खाँदोहोला । कल्पना गर्ने बुद्धि हो, तर आत्मा बुद्धिदेखि पनि पर छ; "यो बुद्धेः परतस्तु सः" (३–४२) त्यस कारण अर्थापत्ति-प्रमाणद्वारा पनि आत्मा जानिदैन ।

[च] अनुपलब्धि—प्रमाणद्वारा जानिने वस्तु प्रमाण साबुत छँदाछँदै पनि जानिएन भने यही एउटा प्रमाण हुन्छ कि—त्यहाँ त्यो वस्तुको अभाव रहेछ, यसैको नाम अनुपलब्धिप्रमाण हो । यस प्रमाणद्वारा अभावको ज्ञान हुन्छ, तर आत्मा अभाव होइन, भावरूप हो, अतः अनुपलब्धिप्रमाणद्वारा पनि जानिदैन । एवं प्रकार आत्मा अप्रमेय सिद्ध हुन्छ, परन्तु शरीरादि प्रत्यक्षादिप्रमाणद्वारा जानिने हुनाले प्रमेय छन् ।

[४] शरीरी—"शरीरम् अस्यास्तीति शरीरी" अर्थात् शरीर जसको छ उसको नाम हो 'शरीरी', जस्तै 'गृही' भन्दा "गृहम् अस्यास्तीति गृही" घर जसको छ उसको नाम 'गृही' (घरपति) हुन्छ । यसबाट यो तात्पर्य निक्लन्छ कि—जसरी घर-पति स्वयं घर हुँदैन र साथै घरका गुण-दोष-सम्बन्धदेखि पनि रहित हुन्छ, यसैले घरको नाश हुँदैमा उसको नाश हुँदैन त्यसरी नै आत्मा पनि शरीरी (शरीरको मालिक) हुनाले स्वयं शरीर हुँदैन र साथै शरीरका गुण-दोष-सम्बन्धदेखि पनि रहित हुन्छ, यसैले शरीरको नाश हुँदैमा आत्माको नाश हुँदैन । यही शरीर र शरीरीमा भेद छ ।

एवं प्रकार आत्मा र अनात्मा को वास्तविक तत्त्व बुझेपछि आखिर मर्ने को रहेछ ? यो स्पष्ट थाहा हुन्छ । यसैले श्रीभगवान् भन्नुहुन्छ—त्यस कारण हे अर्जुन ! तिमी युद्ध गर अर्थात् कर्तव्यपरायण होऊ ॥१८॥

आत्मविचारबाट शोक नभए पनि मार्नेलाई हिंसाको पाप अवश्य लाग्ला ! यसको समाधान—

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	मन्यते	=	मान्दछ
एनम्	=	आत्मालाई	तौ	=	ती
हन्तारम्	=	मार्ने	उभौ	=	दुवै
वेत्ति	=	जान्दछ	न विजानीतः	=	जान्दैनन्
यः च	=	औ जो	अयम्	=	यो आत्मा
एनम्	=	आत्मालाई	न हन्ति	=	न मार्दछ
हतम	=	मारिने	न हन्यते	=	न मारिन्छ

सरलार्थ

जो यो आत्मालाई मार्नेवाला मान्दछ औ जो मर्नेवाला मान्दछ, ती दुवै आत्माको वास्तविक ज्ञानदेखि अपरिचित छन् । किनकि यो आत्मा कसैलाई मार्दा पनि मार्दैन, कसैले मारेर पनि मारिदैन ।

तात्पर्य

अर्जुनले पहिले नै भनेका थिए कि—"एतान्नहन्तुमिच्छामि" (१-३५) किनकि अर्जुनलाई यही पक्का निश्चय छ कि--म मार्दछु, यी मर्दछन् । यस भ्रमलाई हटाउनको निम्ति भगवान्ले कठोपनिषद्का सिद्धान्तद्वारा आत्मा 'हनन' क्रियाको कर्ता र कर्म दुवै हुनसक्तैन भनेर अर्जुनको विचारलाई परिवर्तन गराउने प्रयत्न गर्नुभएको छ । वास्तवमा मार्ने र मर्ने भन्ने व्यवहार शरीरमै हुन्छन् , आत्मामा हुँदैनन् । शरीरमा भएको व्यवहारलाई आत्मामा ठहऱ्याउनु भ्रम हो । यो र अग्रवर्ती श्लोक दुवै अलिकतिमात्र हेर-फेर जस्तै गरेर कठोपनिषद्का मंत्र (१-२-१८, १९) ज्युँ-का-त्युँ राखिएका छन् ॥१९॥

आत्मा षड्भावविकाररहित छ—

न जायते म्रियते वा कदाचिन्नायं
भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अयम्	=	यो आत्मा	न	=	(यो) होइन
कदाचित्	=	कहिल्यै	अजः	=	जन्मरहित
न जायते	=	न-जन्मन्छ	नित्यः	=	अपरिणामी
वा	=	या	शाश्वतः	=	क्षयशून्य
म्रियते	=	मर्दछ	पुराणः	=	वृद्धिहीन
वा	=	अथवा	अयम्	=	यो आत्मा
भूत्वा	=	भएर	शरीरे	=	शरीर
भूयः	=	फेरि	हन्यमाने	=	मारिएमा
न भविता	=	हुनेछैन	न हन्यते	=	मारिंदैन

सरलार्थ

यो आत्मा कहिल्यै न जन्मन्छ, न मर्दछ; अथवा एक पटक भएर फेरि हुँदैन भन्ने कुरा पनि छैन। अज, नित्य, वृद्धि-क्षयरहित अर्थात् जन्म, अस्तित्व, वृद्धि, परिणाम, क्षय, नाश यी ६ भावविकारदेखि रहित छ; अतएव यो आत्मा शरीर को नाश हुँदा नाश हुँदैन।

तात्पर्य

यी ६ भावविकार रहनु नाशवान् पदार्थको लक्षण हो। जसमा यी ६ मध्ये १ मात्र पनि धर्म छ भने त्यो वस्तु अनित्य भनेर जान्नुपर्दछ। आत्मा-मा यी मध्ये कुनै विकार पनि न भएकाले आत्मा नित्य अविनाशी सिद्ध हुन्छ ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम्।
कथं स पुरुषःपार्थ! कं घातयति हन्ति कम् ॥२॥

अन्वयार्थः

पार्थ!	=	हे अर्जुन	सः	=	त्यो
यः	=	जो	पुरुषः	=	मनुष्य
एनम्	=	आत्मालाई	कथम्	=	कसरी
अविनाशिनम्	=	अविनाशी	कम्	=	कसलाई
नित्यम्	=	नित्य	घातयति	=	मराउँदछ
अजम्	=	जन्मरहित	कम्	=	कसलाई
अव्ययम्	=	व्ययरहित	हन्ति	=	मार्दछ
वेद	=	जान्दछ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जो मनुष्य आत्मालाई अविनाशी, नित्य, अज तथा अव्यय जान्दछ त्यसले कसरी कसलाई मार्न लगाउला अथवा मार्ला !

आत्माको वास्तविक तत्त्व बुझेपछि आत्मनाशविषयक शोक कदापि रहन-सक्तैन । श्रुतिमा लेखिएको छ—

आत्मानं चेद्विजानीयादयमस्मीति पुरुषः ।
किमिच्छन्कस्य कामाय शरीरमनुसन्ज्वरेत् ॥

(बृ० ४--४--१२)

यदि पुरुषले अविनाशी आत्मालाई म हुँ भनेर जान्यो भने फेरि के इच्छाले कसको निम्ति शरीरलाई चिन्तित गराउला ? अर्थात् कदापि गराउने छैन ।

अर्जुनको मित्री शङ्का थियो कि—'म मार्दछु, भगवान् मद्वारा मराउनुहुन्छ ।' भगवान्ले पनि अर्जुनको यो अभिप्रायलाई बुझेर श्लोकमा मार्ने-मराउने दुवैलाई झुट्टा ठहन्याइदिनुभएको छ ।

आत्मा नमर्ने भए मृत्यु भन्ने व्यवहार कसमा हुन्छ ?

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही ॥२२॥

अन्वयार्थः

यथा	=	जस्तै	तथा	=	त्यस्तै
नरः	=	मनुष्यले	देही	=	जीवात्माले
जीर्णानि	=	पुराना	जीर्णानि	=	पुराना
वासांसि	=	वस्त्रहरूलाई	शरीराणि	=	शरीरहरूलाई
विहाय	=	छोडेर	विहाय	=	छोडेर
अपराणि	=	अर्कै	अन्यानि	=	अर्कै
नवानि	=	नयाँ	नवानि	=	नयाँ
गृह्णाति	=	पहिरन्छ	संयाति	=	पाऊँदछ

सरलार्थ

जसरी मनुष्यले थोत्रा भएका कपडा फालेर नयाँ पहिरन्छ त्यसैगरी देह-स्वामी जीवले पनि भोगद्वारा पुराना भएका शरीरलाई छोडेर नयाँ शरीर लिन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

रस, रक्त, मांस, मेदा, अस्थि, मज्जा तथा शुक्र यी सात धातुले बनेको स्थूल शरीर हो। यसभन्दा अर्को ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय, ५ प्राण, मन र बुद्धि जम्मा १७ तत्त्व मिलेर बनेको सूक्ष्म शरीर छ। स्थूल शरीरले जे-जे कर्म गर्दछ, त्यसको संस्कार सूक्ष्म शरीरमा गएर अङ्कित हुन्छ, यही जन्मान्तरमा हुने प्रवृत्तिको कारण बन्नजान्छ। जहाँसम्म अज्ञान रहन्छ त्यहाँसम्म स्थूलशरीर र सूक्ष्मशरीरको वियोग भइरहन्छ, यही संयोग र वियोगलाई जन्म-मृत्यु भन्ने व्यवहार भएकोछ। वास्तवमा स्थूल शरीरको मात्रै जन्म-मृत्यु हुन्छ, सूक्ष्म शरीर चाहिं अनादि कालदेखि मुक्त नहुन्जेल उही रहन्छ। यही सूक्ष्म शरीर उपाधि भएपछि शुद्ध आत्माले जीवात्माको रूप लिन्छ। जीवात्मालाई भोगको निम्ति कर्मानुसार स्थूल शरीरहरू मिल्दैरहन्छन्, छुट्दैरहन्छन्। जस्तै मनुष्य आफ्नू जीवनमा अनेकौं पुराना वस्त्रहरूलाई त्यागेर नयाँ वस्त्र पहिरन्छ त्यस्तै जीवात्माले पनि आफ्नू अनन्त जीवनमा अनेकौं विभिन्न पुराना शरीरहरूलाई बदल्दै र एवंप्रकार नयाँ शरीरहरूलाई लिंदै गर्दछ। यस विषयमा विवेकीलाई शोक गर्नुपर्ने कारण केही पनि छैन। किन्तु अज्ञानीहरू जन्म-मृत्युको यो रहस्यलाई नबुझेर शोकविह्वल हुन्छन् ॥२२॥

अतएव—

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः॥ २३॥

अनवयार्थः

शस्त्राणि	=	शस्त्रहरूले	आपः च	=	पानीले पनि
एनम्	=	आत्मालाई	एनम्	=	आत्मालाई
न छिन्दन्ति	=	काट्दैनन्	न क्लेदयन्ति	=	भिजाउँदैन
पावकः	=	अग्निले	मारुतः	=	वायुले
एनम्	=	आत्मालाई	न शोषयति	=	सुकाउँदैन
न दहति	=	पोल्दैन			

सरलार्थ

आत्मालाई शस्त्रहरूले काट्नसक्तैनन्, आगोले डढाउनसक्तैन,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानीले भिजाउन या गलाउन शक्तैन, एवंप्रकार वायुले सुकाउन सक्तैन ।

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतःस्थाणुरचलोयं सनातनः ॥२४॥

अन्वयार्थ

अयम्	=	आत्मा	अयम्	=	आत्मा
अच्छेद्यः	=	नकाटिने	नित्यः	=	नित्य
अयम्	=	आत्मा	सर्वगतः	=	व्यापक
अदाह्यः	=	नडढाइने	स्थाणुः	=	स्थिर
अक्लेद्यः	=	नभिजाइने	अचलः	=	क्रियारहित
अशोष्यः एव च	=	तथा नसुकाइने पनि छ	सनातनः	=	चिरन्तन
			अस्ति	=	छ

सरलार्थ

आत्मा नकाटिने, नडढाइने, नभिजाइने, नसुकाइने, नित्य, सर्वव्यापक, स्थिर, अचल तथा सनातन छ ।

तात्पर्य

शस्त्रआदिको गति साकार वस्तुसम्म मात्रै हुन्छ, किन्तु आत्मा निराकार छ । जस्तै निराकार आकाशमा जति तरवार घुमाए पनि काटिंदैन, जति आगो बाले पनि डढ्दैन, जति हावा चले पनि सुक्दैन तथा जति पानी परे पनि भिज्दैन त्यस्तै आत्मा छ । नित्य, सर्वगत, स्थाणु, अचल यी ४ विशेषणबाट आत्मा क्रमशः अनुत्पाद्य (उत्पन्न नगराइने), अनाप्य (नपाइने), अविकार्य (नविग्रने), असंस्कार्य (संस्कार गर्ननपर्ने) सिद्ध हुन्छ । अतएव आत्मा सनातन छ । जो अनादि कालदेखि अनन्तकालसम्म एकनास रहन्छ, न कुनै कारणले बन्दछ, न नाश हुन्छ, उसलाई 'सनातन' भन्दछन् । यस विषयमा श्रुतिहरूको कथन छ—'आकाशवत् सर्वगतं सुसूक्ष्मम (शाण्डि. २-१३) आत्मा आकाशझैं व्यापक अत्यन्त सूक्ष्म छ । वृक्ष इव स्तब्धो दिवि तिष्ठत्येकः (श्वे. ३-९)—अद्वितीय आत्मा आकाशमा शाखाहीन वृक्ष झैं निश्चल छ, इत्यादि ॥२३।२४॥

निर्गुण-निराकार आत्मा—

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अयम्	=	आत्मा	उच्यते	=	कहिन्छ
अव्यक्तः	=	इन्द्रियले न-जानिने	तस्मात्	=	त्यस कारण
			एवम्	=	यस्तो
अयम्	=	आत्मा	एनम्	=	आत्मालाई
अचिन्त्यः	=	मनले नजानिने	विदित्वा	=	जानेर
अयम्	=	आत्मा	अनुसोचितुम्	=	पश्चात्तापगर्न
अविकार्यः	=	निर्विकार	न अर्हसि	=	योग्य छैनौ

सरलार्थ

यो आत्मा इन्द्रियले नजानिने, मन-बुद्धिले पनि नभेटाइने तथा कहिल्यै नबिग्रने छ, त्यस कारण आत्मालाई यस्तो जानेर तिमीले शोक गर्न मनासिब छैन ।

तात्पर्य

जुन वस्तुमा रूप, रस, गन्ध, स्पर्श तथा शब्द यी मध्ये कोही एक मात्र गुण रहन्छ त्यो वस्तु कुनै न कुनै इन्द्रियद्वारा अवश्य व्यक्त (प्रत्यक्ष) हुन्छ; किन्तु आत्मामा यी मध्ये कुनै गुण पनि छैनन्, यसैले ऊ अव्यक्त छ । "नकेनापि प्रमाणेन व्यज्यते इति अव्यक्तम्" अर्थात् जो कुनै प्रमाणले पनि व्यक्त हुँदैन त्यो अव्यक्त कहिन्छ । चिन्तन गर्ने चित्त या मन हो, बुद्धि र अहङ्कार यसैका अवस्थान्तर मात्र हुन्, किन्तु आत्मा कल्पनातीत (मनले देख्न नसकिने) हुनाले अचिन्त्य छ । जो सदा एकनास नरहेर बराबर बदलिंदै रहन्छ त्यस-लाई विकारी भन्दछन् । संसारका सबै वस्तुहरू यस्तै क्षणपरिणामी (जसको-अवस्था प्रति-क्षण फेरिइरहन्छ) विकारी छन्, केवल आत्मा नै सदा एकरस हुनाले निर्विकार छ । यसरी आत्माको वास्तविक तत्त्वलाई जानेपछि कसैलाई पनि शोक-मोह हुनसक्तैन ॥ २५ ॥

भौतिकवादको विचारवाट पनि आत्मनाशको विषयमा शोक गर्ने ठाउँ छैन—

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो ! नैवं शोचितुमर्हसि ॥२६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अथ च	=	अथवा यदि	तथापि	=	त्यसो भए तापनि
एनम्	=	आत्मालाई	महाबाहो	=	हे अर्जुन !
नित्यजातम्	=	सदा जन्मने	त्वम्	=	तिमी
वा	=	अथवा	एवम्	=	यसरी
मृतम्	=	मरने	शोचितुम्	=	शौक गर्न
मन्यसे	=	मान्दछौ	न अर्हसि	=	योग्यछैनौ

सरलार्थ

अथवा यदि तिमी आत्मालाई नित्य नमानेर हरएक शरीरका साथै जन्मने र साथै मर्ने ठान्दछौ भने पनि त हे वीर अर्जुन ! तिमीले यस्तो घनघोर शोक गर्न मनासिब छैन ।

किनभने—

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

अन्वयार्थः

हि	=	किनभने	तस्मात्	=	त्यस कारण
जातस्य	=	जन्मनेको	अपरिहार्ये	=	हटाउन नसकिने
मृत्युः	=	मरण	अर्थे	=	विषयमा
ध्रुवः	=	निश्चित छ	त्वम्	=	तिमी
मृतस्य च	=	मर्नेको पनि	शोचितम्	=	शोक गर्न
जन्म	=	जन्म	न अर्हसि	=	योग्य छैनौ
ध्रुवम्	=	निश्चित छ			

सरलार्थ

किनिकि जो जन्मन्छ त्यो अवश्य मर्दछ, जो मर्दछ त्यो अवश्य जन्मन्छ । त्यस कारण यो अवश्यंभावी अपरिहार्य कुरामा तिमीले शोक गर्न लायक छैन ॥

तात्पर्य

यी २ श्लोक गीताका सिद्धान्त पक्ष होइनन्, किन्तु आत्मा भौतिक हुनाले शरीरको नाश हुनासाथ नाश हुन्छ, यसैले आत्मनाशद्वारा भएको शोक अपरिहार्य छ भन्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्काका उत्तर हुन्। यही शङ्कावादलाई २७श्लोकमा 'अथ च' शब्दले पक्षान्तरबाट झल्काएको छ। तात्पर्य यो हो कि —आत्माको जन्म-मरण अवश्यंभावी हुनाले अपरिहार्य कुरामा शोक गर्नु केवल मूर्खता हो। यदि अर्जुनले युद्ध नगरेर यिनीहरू अमर हुने भए अर्जुनको शोक उचित थियो, तर यिनीहरू आफ्नू२ कर्मवश आँफै नाश हुन्छन्। जस्तै 'ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे' (११-३२) तिमी नभए पनि यिनीहरू कोही रहने छैनन्। अतएव यहाँसम्मको सारांश यो हो कि — आत्मा नित्य अनित्य जे भए पनि अशोच्य छ ॥२६।२७॥

११ देखि २५ सम्म वेदान्तसिद्धान्तका युक्तिबाट र २६-२७ मा भौतिकवादका विरुद्ध युक्तिबाट पनि आत्मा अशोच्य छ भन्ने सिद्ध गरेर अब साङ्ख्य दर्शनका युक्तिबाट पनि यो कुरा सिद्ध गर्नुहुन्छ--

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत !।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

अन्वयार्थः

भारत !	=	हे अर्जुन !	अव्यक्त निधनानि एव	=	फेरि नाश भएर अव्यक्त नै हुन्छन्
भूतानि	=	प्राणीहरू	तत्र	=	त्यसमा
अव्यक्तादीनि	=	पहिले अव्यक्त थिए	का	=	के
व्यक्तमध्यानि	=	बीचमा व्यक्त भएका छन्	परिवेदना	=	शोक छ ?

सरलार्थ

हे अर्जुन ! समस्त भूतवर्ग पहिले गुप्त थिए, बीचमा प्रकट भएका छन्, नाश भएपछि फेरि गुप्त नै हुनेछन्, त्यस विषयमा केको विलाप ?

तात्पर्य

इन्द्रियले जानिने दृश्य सृष्टि व्यक्त, इन्द्रियले नजानिने अदृश्य त्रिगुणात्मिका मूलप्रकृति अव्यक्त भनिन्छ। यस सिद्धान्तानुसार उत्पत्ति हुनुभन्दा पहिले अव्यक्तमै सूक्ष्म रूपले रहेको व्यक्त सृष्टि, बीजबाट वृक्ष उम्रिए झैं सूक्ष्मबाट स्थूल रूपमा विकशित हुन्छ। प्रलय कालमा जसरी सृष्टि भयो त्यसको उल्टा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रमले उत्तर २ कार्य पूर्व २ कारणमा लय हुँदै अन्तमा समस्त कार्यवर्ग मूलप्रकृतिमा गएर लय हुन्छ। साङ्ख्यदर्शनमा लेखिएको छ 'नाशः कारणलयः' (१२१) कारणमा लय हुनु नै नाश हो। प्रकृतिको नाश कहिले पनि हुँदैन, ऊ नित्य छ; फेरि सृष्टिकालमा यही अव्यक्त प्रकृतिबाट व्यक्त जगत् प्रकट हुन्छ, पुनः लय हुन्छ, पुनः प्रकट हुन्छ, यस्तो बारम्बार भइरहन्छ। वास्तवमा प्रकृतिको विकाश र संकोच नै सृष्टि-प्रलय हो। अतएव महाभारतमा यसैलाई दर्शन र अदर्शन शब्दले पनि व्यवहार गरेको छ—

"अदर्शनादापतितः पुनश्चादर्शनं गतः।
नासौ तव न तस्य त्वं वृथा का परिदेवना॥
(स्त्रीपर्व. २।९३)

जीव-हरू पहिले अदृश्य थिए, पछि दृश्य भए, फेरि अदृश्य नै हुनेछन्, यी तिम्रा होइनन्, न तिमी उनका होउ। व्यर्थ किन शोक गर्दछौ!

वस्तुतः समस्त भूतवर्गको जन्म-नाश केवल प्रकृतिको परिणाम मात्र हो। प्रकृति नित्य हुनाले (साङ्ख्य-सिद्धान्तानुसार) कारणरूपले जगत् पनि नित्य छ। अतएव यस सिद्धान्तानुसार भीष्म, द्रोण तथा कौरवादिका शरीर पनि कारण रूपले नित्य छन्, किनकि मूलतः नाश कसैको पनि हुँदैन, केवल संकोच र विकाश या आविर्भाव र तिरोभाव मात्र भइरहन्छ। यसरी सांख्य दर्शनानुसार पनि विश्वरचनाको स्वरूप बुझेपछि शोक रहनसक्तैन ॥२८॥

दुर्विज्ञेय आत्मा—

आश्चर्यवत्पश्यति कश्चिदेन-
माश्चर्यवद्वदति तथैव चान्यः।
आश्चर्यवच्चैनमन्यः शृणोति
श्रुत्वाप्येनं वेद न चैव कश्चित्॥२९॥

अन्वयार्थः

कश्चित्	=	कोही	पश्यति	=	देख्दछ
एनम्	=	आत्मालाई	तथा एव च	=	औ त्यस्तै
आश्चर्यवत्	=	अद्भूत जस्तै	अन्यः	=	अरू कोही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एनम्	=	आत्मालाई	शृणोति	=	सुन्दछ
आश्चर्यवत्	=	अद्भूत् जस्तै	कश्चित्	=	कोही
वदति	=	बोल्दछ	श्रुत्वा अपि च	=	सुनेर पनि
अन्यः च	=	अरू पनि कोही	एनम्	=	आत्मालाई
एनम्	=	आत्मालाई	न वेद	=	जान्दैन
आश्चर्यवत्	=	अद्भूत जस्तै			

सरलार्थ

कोही आत्मालाई अद्भूत वस्तुको रूपमा देख्दछन् , कोही अद्भूत वस्तु भनेर बयान गर्दछन् औ कोही सुनेर आश्चर्यमा पर्दछन् । कोही यस्ता छन् कि—आत्माको विषयमा जति सुने पनि बुझ्दैनन् ॥

तात्पर्य

यो श्लोक कठोपनिषद् १।२।७ मा लेखिएको 'श्रवणायापि बहुभिर्यो न लभ्यः' इत्यादि मन्त्रको छायाँ हो । वास्तवमा आत्मतत्त्व अत्यन्त सूक्ष्म हुनाले यस विषयमा बडे-बडे विद्वान् तथा बुद्धिमान् पनि चक्कर खान्छन् , धेरैको निश्चय विफल हुन्छ, साँचो आत्मस्वरूपलाई जान्नसक्तैनन् । साकार र निराकार, सगुण र निर्गुण, नगीच र टाढा, द्वैत र अद्वैत एवंप्रकार ज्ञानगम्य (ज्ञानले पाइने) र कर्मगम्य (कर्मले पाइने) तथा भक्तिगम्य (भक्तिले पाइने) इत्यादि झगडामा परेर अल्मलिइरहेका हुन्छन् र निर्णय गर्न सक्नेका हुँदैनन् । अतएव परमात्माको यथार्थ स्वरूप जान्ने हजारौंमा एकमात्र हुन्छन् (७।२) यसैले मनुष्यहरू प्राय मरणका विषयमा शोकमुग्ध भएकै देखिन्छन् । किन्तु अर्जुनले पूर्वोक्त प्रकारबाट आत्माको अविनाशी तत्त्वलाई यथार्थ जानेर शोकग्रस्त हुन उचित छैन, यही यसको तात्पर्य हो ॥२९॥

सांख्य ज्ञानको उपसंहार—

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत !
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

अन्वयार्थः

भारत !	=	हे अर्जुन !	देही	=	आत्मा
अयम्	=	यो	सर्वस्य	=	सबैको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहे	=	शरीरमा	सर्वाणि	=	सबै
नित्यम्	=	सदा	भूतानि	=	प्राणीलाई
अवध्यः	=	नमारिने छ	शोचितुम्	=	शोक गर्न
तस्मात्	=	त्यस कारण	न अर्हसि	=	योग्य छैनौ
त्वम्	=	तिमी			

सरलार्थ

हे भारत ! समस्त प्राणीका देहमा रहेको देह-स्वामी सदा अवध्य छ, त्यस-कारण तिमी कुनै भूतका निम्ति पनि शोक गर्न लायक छैनौ ।

तात्पर्य

यहाँसम्म साङ्ख्य या ज्ञानयोगका अनुसार आत्मा अजर-अमर-निर्गुण-निराकार-अव्यक्त-अविनाशी छ, यसको विपरीत शरीर परिणामी-सगुण-साकार-व्यक्त तथा क्षणभङ्गुर छ, त्यस कारण मर्ने र मार्ने भन्ने कुरामा शोक गर्नु व्यर्थ छ भन्ने सिद्ध भयो । परन्तु वास्तवमा आत्मा मर्ने र मार्ने दुवै नभएकोले जसलाई मारे पनि केही दोष छैन भन्ने ठान्नु भयङ्कर भूल हो । अतएव मरिसकेकाहरूका विषयमा शोक गर्नु बेमनासिब हो तापनि नमरेकालाई मार्नु अवश्य पाप हो । वेद-शास्त्रको पनि आज्ञा छ—'मा हिंस्यात्सर्वाभूतानि' कुनै प्राणीलाई पनि हिंसा नगरोस् । आत्मा अविनाशी भए तापनि शरीर र आत्मा या प्राणको विश्लेषण (वियोग) गराउनु व्यवहारमा हिंसा मानिएको छ, त्यस कारण आत्मा अमर छ भन्दैमा अर्जुनले मार-काट जस्तो घोर कर्ममा कसरी प्रवृत्त हुनु ? यस प्रश्नको समाधान धर्माधर्म विवेचनबाट हुन्छ । जुन् काम जसले जुन् अवस्थामा गर्नुपर्ने हो त्यसको त्यही स्वधर्म या कर्तव्य हो, यसको विरुद्ध अधर्म या अकर्तव्य हो—यही धर्माधर्मको सूत्र हो । अहिंसाधर्म सामान्य धर्म हो, स्वधर्म विशेषधर्म हो । हरहालतमा सबै मनुष्यमात्रले पालन गर्नुपर्ने धर्म 'सामान्य' कुनै व्यक्ति या समाजले आजीवन या अवस्था विशेषमा अनुष्ठान गर्नुपर्ने धर्म 'विशेष' कहिन्छ । कुनै अवस्थामा सामान्य धर्म चलिरहेकै हुन्छ, त्यही अवसरमा विशेष धर्म आइलाग्यो भने सामान्यधर्मलाई छोडेर विशेषधर्मको अनुष्ठान गर्नुपर्दछ । यसैले शास्त्रमा जुन्सुकै विषयमा पनि विशेषलाई सामान्यको बाधक बताएको छ । अतएव हजारौं प्राणीको हिंसा गर्ने हिंसक जन्तुको हिंसा गरेको पाप हिंसा गर्नेलाई लाग्दैन, उल्टो पु-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एय नै हुन्छ। आततायीलाई मार्नु भन्ने शास्त्र पनि यही विचारमूलक हो। महाभारतमा पनि नारदले शुकका प्रति भन्नुभएको छ 'यद्भूतहितमत्यन्तं तत्सत्यमिति धारणा' जसबाट प्राणीहरूको अत्यन्त हित हुन्छ त्यही सत्य हो। वास्तवमा धर्म र सत्य भन्नु शब्दको मात्र फरक हो। यसैले बृहदारण्यक उपनिषद्मा लेखिएको छ 'सत्यं वदन्तं धर्मं वदतीति प्राहुः, धर्मं वदन्तं सत्यं वदतीति प्राहुः' अर्थात् सत्य बोल्नेलाई धर्म बोलिरहेछ, धर्म बोल्नेलाई सत्यबोलिरहेछ भन्दछन्। अतएव कुनै अवस्थामा अचानक कुनै हिंसक प्राणीले हजारौं निरीह जनताको हिंसा गर्नथाल्यो भने कुनै कट्टर अहिंसावादीको पनि कर्तव्य हो कि—'अहिंसा परमोधर्मः' अहिंसा नै ठूलो धर्महो भन्ने सामान्यधर्मलाई त्यसबेला त्यागेर बहुजनहिताय सत्यलाई लिएर 'नाततायीबधे दोषो हन्तुर्भवति कश्चन' आततायी (दुष्टहिंसक) लाई मार्दा कसैलाई पनि पाप लाग्दैन भन्ने सिद्धान्तलाई अपनाउनुपर्दछ। यही विषय अगाडिका श्लोकहरूमा स्पष्ट भएको छ ॥३०॥

यहाँदेखि ३८ श्लोकसम्म अर्जुनलाई भगवान् स्वधर्मको शिक्षा दिनुहुन्छ—

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

अन्वयार्थः

स्वधर्मम् अपि च	=	आफ्नू स्वधर्मलाई पनि	धर्म्यात्	=	धर्मयुक्त
अवेक्ष्य	=	देखेर	युद्धात्	=	युद्धभन्दा
विकम्पितुम्	=	विचलित हुन	क्षत्रियस्य	=	क्षत्रियको
न अर्हसि	=	योग्य छैनौ	अन्यत्	=	अर्को
हि	=	किनभने	श्रेयः	=	कल्याणदायक
			न विद्यते	=	छैन

सरलार्थ

तत्त्व-दृष्टितिरको ख्याल नगरी केवल आफ्नू क्षत्रिय धर्मलाई मात्र लिने हो भने पनि तिमीले आफ्नू कर्तव्य-पथबाट यसरी विचलित हुन उचित छैन, किनबने धर्मयुद्धभन्दा कल्याणकारी क्षत्रियका निम्ति अर्को छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ ! लभन्ते युद्धमीदृशम् ॥३२॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	ईदृशम्	=	यस्तो
यदृच्छया च	=	आफै-आफ	युद्धम्	=	युद्धलाई
उपपन्नम्	=	प्राप्त	सुखिनः	=	सुखी
अपावृतम्	=	खोलिएको	क्षत्रियाः	=	क्षत्रियहरूले
स्वर्गद्वारम्	=	स्वर्गको द्वाररूप	लभन्ते	=	पाउँछन्

सरलार्थ

हे अर्जुन ! इच्छा नगरी अकस्मात् प्राप्त, उद्घाटित स्वर्गको द्वाररूप अर्थात् स्वर्गको द्वारलाई खोल्ने यस्तो युद्ध भाग्यवान् क्षत्रियहरूलाई मात्र मिल्दछ ॥

तात्पर्य

यहाँसम्म साङ्ख्य ज्ञानको उपदेश दिंदा पनि अर्जुनमा कुनै कर्तव्य-प्रवृत्तिका चेष्टाहरू उत्पन्न भएको नदेखेर भगवान् भन्नुहुन्छ—'यदि तिमी यति उच्च विचारबाट आफ्नू कर्तव्य निर्णय गर्न सक्तैनौ भने आफ्नू स्वधर्म मानेर युद्धपरायण होऊ' । किनभने क्षत्रियका निम्ति सबै धर्मशास्त्रमा शत्रुहरूले आक्रमण गरेमा पिठ नफर्काइकन लड्नु भन्ने लेखिएको छ । मनुको वचन छ—

समोत्तमाधमै राजा चाहूतः पालयन्प्रजाः ।
न निवर्तेत संग्रामात् क्षात्रं धर्ममनुस्मरन् ॥
(७-८७)

आफ्नै बराबरी या आँफूभन्दा उत्तम अथवा अधम कुनै योद्धाले पनि युद्धका निम्ति बोलाएपछि क्षत्रिय राजा प्रजापालन तथा क्षात्र धर्मका विचारले सङ्ग्रामबाट पराङ्मुख नहोओस् । महर्षि पराशरको पनि वचन छ—

क्षत्रियो हि प्रजा रक्षन् शस्त्रपाणिः प्रदण्डवान् ।
निर्जित्य परसैन्यानि क्षितिं धर्मेण पालयेत् ॥

प्रजाको रक्षा गर्दै क्षत्रियले हातमा हतियार लिएर शत्रुका सेनालाई जिती धर्मपूर्वक पृथ्वीको पालन गरोस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः देशमा दुष्ट दस्युहरूले आक्रमण गरेर देशलाई बलपूर्वक अपहरण गर्न-खोजेमा देशलाई बचाउनको निम्ति प्राणपणले चेष्टा गर्नु क्षत्रियको स्वधर्म हो। यदि युद्ध गर्दागर्दै युद्धमा मारिए भने ती सोझै स्वर्गमा जान्छन्। मनुले भन्नुभएको छ—

आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षिताः।
युद्ध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः॥
(७-८९)

युद्धमा आपुस्मा घात गर्ने इच्छाले प्रहार गर्दै पिठ न फर्काइकन स्वशक्ति-अनुसार युद्ध गर्ने राजाहरू स्वर्गमा जान्छन्।

यसैले युधिष्ठिरले सदेह स्वर्ग पुगेर हेर्दा आफ्ना भाइहरूलाई नदेखेर तथा कौरवहरूलाई आनन्द पूर्वक वसेको देखेर इन्द्रसँग सोधेका छन् 'मेरा भाइहरू र द्रौपदी कहाँ छन्? देवराज इन्द्रले यही जवाफ दिनुभएको छ—यी कौरवहरू युद्धमा काम आएका हुनाले सोझै यहाँ आइपुगे, तिम्रा भाइहरू कर्मानुसार लोकान्तरमा घुम्दै छन्।

स्वधर्म युद्ध गर्ने हो भन्दैमा बलियो राष्ट्रले दुर्बल राष्ट्रलाई आक्रमण गर्ने र आफ्नू प्रभुता बढाउन निहुँ खोजेर युद्ध गर्ने धर्म होइन, किन्तु विदेशीहरूको आक्रमणलाई बचाउने र बलीयाले कमजोरलाई दबाउन खोजेमा त्यसको रक्षा गर्ने तथा देशको शान्ति एवं सुरक्षालाई कायम गर्ने कर्तव्य हो। यही सिद्धान्तलाई लिएर भगवान् अर्जुनलाई भन्नुहुन्छ—हे अर्जुन! तिम्रो निम्ति यो युद्ध धर्मयुद्ध हो, किनकि यो तिमीलाई दैवेच्छाले प्राप्त भएको छ।

पाण्डवहरू कौरवहरूसँग निहुँ खोजेर उनको सर्वस्व अपहरण गर्ने चेष्टाले युद्ध गर्नखोजेका होइनन्, उनीहरू त यहाँसम्म कि कमसे कम आजीविका (भत्ता) जस्तै पाँच गाउँ मात्र लिएर पनि जीवन बिताउन तयार थिए, परन्तु दुर्योधनले श्रीकृष्णको यो प्रस्तावलाई पनि नामञ्जूर गर्दै भनेको छ—'सूच्यग्रं च न दास्यामि विना युद्धेन केशव!' हे कृष्ण युद्ध नगरी पाण्डवहरूलाई एउटा सियाको टुप्पामा जति माटो आउँदछ, अंशको नाममा त्यति पनि दिन्न। यस्तो कोरा जवाफ दिएपछि पाण्डवहरूले लाचार भएर युद्धै गर्न परेको छ। अब रह्यो भीष्म र द्रोणको कुरा। किनकि अर्जुनले २-४ मा भनेका छन्—पूजनीय गुरु तथा बाजेसँग मैले कसरी युद्ध गर्नु? यस विषयमा पनि शास्त्रको आज्ञा छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम् ।
आततायिनमायान्तं हन्यादेवाविचारयन्
नाततायीबधे दोषो हन्तुर्भवति कश्चन (मनु ८-३५०)

गुरु, बालक, वृद्ध, अथवा विद्वान् ब्राह्मण जो भए तापनि आततायी छ भने यसमा विचार गरिरहन पर्दैन, मारिदिए हुन्छ। आततायीलाई मारेमा मार्नेवालालाई पाप लाग्दैन ।

यद्यपि भीष्म र द्रोण जस्ता धार्मिक र महान् आत्माहरू आततायी होइनन् तथापि आततायीको पक्ष लिएर अधर्मयुद्ध गर्न आएका हुनाले र यिनलाई नमारी आततायीहरूको बध हुन नसक्ने हुनाले कर्तव्यशास्त्रको दृष्टिबाट मार्न आउने यिनलाई मारे पनि अर्जुनलाइ पाप लाग्दैन । मीमांसाशास्त्रको सिद्धान्त छ कि यज्ञमा गरेको पशुको बध हिंसा ठहर्दैन, किनकि यज्ञ वैधानिक छ । एवंप्रकार युद्ध पनि क्षत्रियको निम्ति वैधानिक भएकोले हिंसाकोटिमा यसको गणना हुँदैन, अपितु 'अग्निसोमीयं पशुमालभेत' यस विधिअनुसार यज्ञमा अग्निसोमीय पशुको आलम्भन गरे जस्तै हुन्छ । यज्ञभावनाबाट सम्पूर्ण कर्महरू कसरी गर्ने ? यो कुरा भगवान् पछि बताउनुहुनेछ ।

वास्तवमा धर्मको यो सैद्धान्तिक नीति रहेन भने कुनै देश या समाजमा पनि शान्ति-सुरक्षा स्थापित हुनसक्तैन र सर्वत्र पाशविकताको प्रबल वृद्धि हुन थाल्दछ । अतएव यस युद्धबाट अर्जुनले विमुख हुन उचित छैन ॥३१-३२॥

यस युद्धबाट पराङ्मुख भएमा अर्जुनलाई हुने दुष्परिणाम—

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

अन्वयार्थः

अथ	=	कदाचित्	ततः	=	त्यसबाट
चेत्	=	यदि	स्वधर्मम्	=	आफ्नू धर्मलाई
त्वम्	=	तिमी	कीर्तिं च	=	कीर्तिलाई पनि
धर्म्यम्	=	धर्मयुक्त	हित्वा	=	त्यागेर
इमम्	=	यो	पापम्	=	पापलाई
सङ्ग्रामम्	=	युद्धलाई	अवाप्स्यसि	=	पाउनेछौ
न करिष्यसि	=	गर्नेछैनौ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यदि कदाचित् तिमीले धर्मयुक्त यो युद्ध गरेनौ भने त्यसबाट आफ्नू क्षत्रिय जातिको धर्म र कीर्ति दुवैलाई तिलाञ्जलि दिएर पापको भागी हुनेछौ।

तात्पर्य

अमुक व्यक्तिका उपर शस्त्रप्रहार नगर्नु भन्ने धर्मशास्त्र विरुद्ध अथवा अधर्म-पक्षबाट आक्रमण भएको युद्ध त्यसको निम्ति अधर्मयुद्ध ठहर्छ, किन्तु अर्जुनको निम्ति यो युद्ध कौरवहरूले नै युद्धका निम्ति आह्वान गरेका र उनको पक्षमा अन्याय नभए-कोले धर्मयुद्ध ठहर्छ। कौरवको निम्ति यही अधर्म युद्ध हुनसक्छ। यसलाई त्याग्नाले अर्जुन "न निवर्तेत संग्रामात्' इत्यादि शास्त्रनिषिद्धाचरणजन्य पाप र "निर्जित्य परसैन्यानि" इत्यादि शास्त्रविधिको त्यागजन्य प्रायश्चित्तका भागी हुनेछन्, किनकि अकर्तव्याचरण र कर्तव्यत्याग पापका मूल हुन्। एवंप्रकार खाण्डव वन जलाएको, महादेवको समागमद्वारा पाशुपतास्त्र प्राप्त गरेको, स्वर्गमा गएर दिव्यास्त्र-हरूको अभ्यास गरेको, समुद्रतटवासी इन्द्रद्वारा अजेय नमुची, कालकेय आदि असुरहरूको संहार गरेको तथा द्रौपदीको स्वयंवरमा मत्स्यबेधन गरेको आदि-आदि उनको कीर्ति पनि सबै नष्ट हुनेछ। यत्तिमात्र होइन, यसरी युद्धबाट भाग्ने योद्धाको चिरोपार्जित पुण्य पनि नष्ट हुन्छ।

जस्तैः—

यस्तु भीतः परावृत्तः संग्रामे हन्यते परैः।
भर्तुर्यद्दुष्कृतं किञ्चित्तत्सर्वं प्रतिपद्यते॥
(मनु० ७-९४)

जो योद्धा डरले भागेर शत्रुहरूद्वारा मारिन्छ त्यसले मालिकले गरेको सबै पाप बेहोर्दछ।

पुनश्चः—

यच्चास्य सुकृतं किञ्चिदमुत्रार्थमुपार्जितम्।
भर्ता तत्सर्वमादत्ते परावृत्तहतस्य तु॥
(मनु ७-९५)

युद्धमा पिठ फर्काएर मर्ने योद्धाले परलोकका निम्ति जो जति पुण्यउपा-र्जन गरेको छ त्यो सबै राजालाई मिल्छ। याज्ञवल्क्यको पनि वचन छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"राजा सुकृतमादत्ते हतानां विपलायिनाम्" मार खाएर भाग्ने योद्धाहरूको पुण्य राजालाई मिल्दछ। अतएव "पापमेवाश्रयेदस्मान्' यिनीहरूलाई मारेर हामीहरूलाई पापै मात्र लाग्ला, (१-३६) 'एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन' हे कृष्ण! मलाई मार्दछन् भने पनि म यिनीहरूलाई मार्न चाहन्न (१-३५) इत्यादि अर्जुनको बचन केवल व्यामोहमूलक हो भन्ने निश्चय हुन्छ ॥३३॥

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्।
संभावितस्यचाकीर्तिर्मरणादतिरिच्यते ॥३४॥

अन्वयार्थः

अपिच	=	यसदेखि बाहेक अरू पनि	कथयिष्यन्ति	=	गाउनेछन्
भूतानि	=	मनुष्यहरू	सम्भावितस्य	=	सबैले मानिएका व्यक्तिको
ते	=	तिम्रो	अकीर्तिः	=	अपयश
अव्ययाम्	=	स्थायी	मरणात्	=	मर्नुभन्दा
अकीर्तिम्	=	अपयश	अतिरिच्यते	=	बढ्ता हुन्छ

सरलार्थ

यतिमात्र हवेइन अरू पनि अनिष्ट छ। लोकले तिम्रो चिरकालसम्म अपयश गाउनेछ, मानी व्यक्तिलाई अपयश मरणभन्दा पनि अधिक हुन्छ।

तात्पर्य

यो कुरा संसारका सभ्य र मानी व्यक्तिलाई अनुभव भएको हो कि—बदनाम मृत्युभन्दा बढी छ। यसैले कोही त यस अवस्थामा आत्महत्या जस्तो दुष्कर्म गर्न पनि पछि हट्दैनन्। महाभारत उद्योग पर्वमा भगवान् कृष्णले यही कुरा युधिष्ठरलाई भन्नुभएको छ—

कुलीनस्य च या निन्दा बधो वाऽमित्रकर्षणम्।
महागुणो बधो राजन्! न तु निन्दा कुजीविका।
(७२-२४)

हे राजन्! कुलीन पुरुषको जो निन्दा, बध वा शत्रुद्वारा पराजय हो, यी-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्ये वध (मर्नु) नै असल छ, निन्दा असल छैन। कर्तव्यशास्त्रको दृष्टिबाट पनि यस्तो कामलाई निषिद्ध ठहऱ्याएको छ। जस्तै—

अयशः प्राप्यते सत्सु येन चापगतिर्भवेत्।
स्वर्गाच्च भ्रस्यते येन तत्कर्म न समाचरेत्॥

जुन् काम गर्नाले लोकमा अपयश हुन्छ, परलोकमा दुर्गति तथा स्वर्गबाट पनि भ्रष्ट हुन्छ, त्यो काम नगरोस् ॥३४॥

अरूले निन्दा गरे पनि भीष्म-द्रोणादि महारथीहरूले मेरो करूणा देखेर अवश्य प्रशंसा गर्नेछन् भन्ने अर्जुनको विचार पनि भूल हो।

अन्वयार्थः

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥ ३५ ॥

महारथाः	=	महारथीहरू	एषां च	=	औ जसका मध्यमा
त्वाम्	=	तिमीलाई	त्वम्	=	तिमी
भयात्	=	डरले	बहुमतः	=	बहुमान्य
रणात्	=	युद्धबाट	भूत्वा	=	भएर
उपरतम्	=	हटेको	लाघवम्	=	तुच्छपनामा
मंस्यन्ते	=	मान्नेछन्	यास्यसि	=	प्राप्त हुनेछौ

सरलार्थ

दुर्योधन, कर्ण आदि महारथीहरूले तिमीलाई डरले युद्धबाट भागेको ठान्ने छन्; जसका बीचमा अघि तिम्रो ठूलो महत्त्व थियो, आज उनैका बीचमा तिमी तुच्छ हुनेछौ।

अरू पनि—

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥ ३६ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तव	=	तिम्रा	अवाच्यवादान् च	=	दुर्वचनहरू पनि
अहिताः	=	शत्रुहरू	वदिष्यन्ति	=	बोल्ने छन्
तव	=	तिम्रो	ततः	=	त्यसभन्दा
सामर्थ्यम्	=	शक्तिलाई	दुःखतरम्	=	अधिक दुःख
निन्दन्तः	=	निन्दा गर्दै	किं नु	=	के होला
बहून्	=	धेरै			

सरलार्थ

तिम्रा शत्रुहरू तिम्रो पराक्रमलाई तिरस्कार गर्दै भन्ने नहुने अनेकौं दुर्वचनहरू जथाभावी बोल्ने छन्, त्यसभन्दा ज्यादा दुःख के होला !

तात्पर्य

ऐले अर्जुनले करूणाले युद्धत्याग गर्ने हो भने पछि कौरवहरू अनेकौं तिरस्कारवचन अवश्य बोल्नेछन्; किनकि दुष्ट स्वभाव हुनाले दुर्योधनले यसलाई उपकार ठान्ने छैन, उल्टो अपकारबाट उपकारको बदला चुकाउनेछ। त्यसबेला ऐले जति कुलनाश विषयक दुःख छ, तुलनात्मक दृष्टिले यसभन्दा धेरै नै बढ्ता दुःख हुनेछ। यही तुलनालाई लिएर श्लोकमा 'दुःखतर' शब्दको प्रयोग भएको छ ॥३६॥

युद्ध गरे शिष्टबाट निन्दा, नगरे शत्रुबाट निन्दा; यस्तो दुवैतिर पासो देख्नु उल्टो विचार हो—

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्।
तस्मादुत्तिष्ठ कौन्तेय ! युद्धाय कृतनिश्चयः ॥३७॥

अन्वयार्थः

हतः वा	=	मारियौ भने	तस्मात्	=	त्यस कारण
स्वर्गम्	=	स्वर्गलाई	कौन्तेय !	=	हे अर्जुन !
प्राप्स्यसि	=	पाउनेछौ	युद्धाय	=	युद्धको निम्ति
जित्वा वा	=	औ जितेपछि	कृतनिश्चयः	=	निश्चय गरेर
महीम्	=	पृथ्वीलाई	उत्तिष्ठ	=	उठ
भोक्ष्यसे	=	भोग्नेछौ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

युद्धमा शत्रुद्वारा मारियौ भने स्वर्ग मिल्नेछ औ विजयी भयौ भने पृथ्वीको राज्य भोग्ने छौ; त्यस कारण हे अर्जुन ! मनमा युद्धको निश्चय गरेर उठ ।

तात्पर्य

यसबाट 'नचैतद्विद्मः कतरन्नो गरीयः' (२-६) अर्जुनको यस संशयको समाधान भएको छ, किनकि उनलाई युद्धमा जिते पनि हारे पनि उभय पक्षमा गरीय अर्थात् श्रेय छ ॥३७॥

अर्जुनको युद्ध नै कर्तव्य हो, यस विषयमा ज्ञानयोगका युक्तिप्रमाणहरू दिएर अब कर्मयोगका सिद्धान्त-युक्तिबाट पनि त्यही विषयलाई पुष्टयाउने उपक्रम गर्नुहुन्छ—

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥ ३८ ॥

अन्वयार्थः

सुख-दुःखे	=	सुख-दुःख	युद्धाय	=	युद्धको निम्ति
लाभा-लाभौ	=	लाभ-हानि	युज्यस्व	=	लाग
जया-जयौ	=	जय-पराजय	एवम्	=	यस्ता रितले
समे	=	सम	पापम्	=	पापलाई
कृत्वा	=	गरेर	न अवाप्स्यसि	=	पाउनेछैनौ
ततः	=	त्यस पछि			

सरलार्थ

सुख-दुःख, लाभ-हानि, जित-हार सबैलाई एकै देखेर युद्ध गर । यसो गर्नाले तिमीलाई पाप लाग्ने छैन ।

तात्पर्य

'न निवर्तेत संग्रामात् क्षात्त्रं धर्ममनुस्मरन्' यो धर्मशास्त्र हो, 'स एव पापिष्ठतमो यः कुर्यात्कुलनाशनम्' यो पनि धर्मशास्त्र हो । एउटा धर्मशास्त्रले 'क्षेत्रीले कुनै हालतमा पनि युद्धमा पिठ नफर्काओस्' भन्दछ, अर्को धर्मशास्त्रले 'त्यही सबैभन्दा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो पापी हो जसले आफ्नू कुलको नाश गर्दछ' यस्तो भन्दछ। यी दुई स्मृति (धर्मशास्त्र) बाझिएका हुनाले कुन वचनलाई प्रामाणिक मान्नु, कुनलाई अप्रामाणिक ठहच्याउनु ? यस्तो असमञ्जस (अप्ठ्यारो) परेमा 'स्मृत्योर्विरोधे न्याय्यस्तु बलवान् व्यवहारतः (व्यव० २-२१) अर्थात् दुइटा धर्मशास्त्रको आपुस्मा विरोध भएमा व्यवहारबाट बला-बल निर्णय गर्नु भन्ने याज्ञवल्क्यको वचनले व्यवहारपट्टि दृष्टि आकर्षित गराउँदछ। यदि संसारमा दुष्टहरूको प्रभुता बढ्नाले त्यसद्वारा मानवसमाजमा घेरै नै धर्मनीतिको हानि हुने संभावना छ र ती दुष्टहरूको दुष्टता-दमन गर्न तिनीहरूकै वंशज शिवाय अरूले नशक्ने छन् भने त्यस परिस्थितिमा उसले "स एव पापिष्ठतमः"-लाई मात्र आवृत्ति (दोहोऱ्याउनु-तेहऱ्याउनु) गरेर चूप लागेर बस्न हुँदैन, किन्तु सामान्य आततायीसँग जस्तो व्यवहार गर्ने आज्ञा शास्त्रले दिएको छ त्यस्तै गर्नपर्दछ। यही व्यवहारको प्रबलता हो। यस्तै किसिमको व्यावहारिक निर्णय अम्बाको विषयमा गुरु परशुरामसँग युद्ध पर्दा भीष्मले गर्नुभएको छ—

यो यथा वर्तते यस्मिंस्तस्मिन्नेव प्रवर्तयेत्।
नाधर्मं समवाप्नोति न चाश्रेयश्च विन्दति॥
(म. भा. उ. ५१।५३)

जसले जसका प्रति जस्तो व्यवहार गर्दछ उसले पनि त्यसका प्रति उस्तै व्यवहार गरोस्, उसलाइ अधर्म हुँदैन, अकल्याण पनि हुँदैन। किन्तु एउटा दुष्टले दुष्टता गऱ्यो भन्दैमा सज्जन पुरुषले पनि दुष्ट हुनु कुनै न्याय र धर्मसंगत कुरो हाइन, फेरि दुष्टलाई दण्ड नदिने हो भने पनि दुष्टको दुस्साहस बढ्दै जान्छ र समाजको सुख शान्ति नै खतरामा पर्दछ। अतएव हरेक व्यावहारिक कर्तव्यको निर्णय कर्मयोगको कसीमा घसेर गर्नुपर्दछ। यसैले यस श्लोकमा कर्मयोगको सिद्धान्त (समत्त्व बुद्धि) बाट सुख-दुःख, नाफा-नोक्सान, हार-जित सबैलाई एउटै मानेर केवल कर्तव्य दृष्टिले युद्ध गर्ने उपदेश भएको छ। एवं प्रकार केवल कर्तव्य दृष्टिले देश र समाजरक्षाको निम्ति अरू पनि जे-जे कर्म हुन्छन्, गर्नेवालामा स्वार्थ नहुनाले ती सबै उदारचरित्र मानिन्छन् ॥३९॥

एषा तेऽभिहितासांख्ये बुद्धिर्योगे त्विमां शृणु।
बुद्ध्या युक्तो यया पार्थ ! कर्मबन्धं प्रहास्यसि ॥ ३९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सांख्ये	=	ज्ञानयोगका विषयमा	इमाम्	=	यसलाई
			शृणु	=	सुन
एषा	=	यो	पार्थ !	=	हे अर्जुन ।
बुद्धि	=	बुद्धि	यया	=	जुन्
ते	=	तिमीलाई	बुद्ध्या	=	बुद्धिले
अभिहिता	=	भनियो	युक्तः	=	युक्त भएर
तु	=	किन्तु	कर्मबन्धम्	=	कर्मबन्धनलाई
योगे	=	कर्मयोगका विषयमा	प्रहास्यसि	=	छोड्नेछौ

सरलार्थ

ऐलेसम्म मैले तिमीलाई जति भने त्यो ज्ञानयोगको सिद्धान्तबाट भने, अब त्यही विषयमा कर्मयोगका सिद्धान्तबाट सुन । हे अर्जुन ! जुन् बुद्धि अर्थात् विचारले युक्त भएपछि तिमी कर्मबन्धनबाट छुट्नेछौ ।

तात्पर्य

यस श्लोकमा 'सांख्य' शब्दले कापिल सांख्य होइन, किन्तु 'ज्ञानयोग' लिइएको छ । एवंप्रकार 'योग' शब्दले पनि 'हठयोग' या 'पातञ्जलयोग' होइन, 'कर्मयोग' लिएको छ; यो कुरा० गी० ३-३ बाट स्पष्ट भएको छ । 'बुद्धि' शब्दको अर्थ पनि ज्ञान, विचार, युक्ति अथवा उपपत्ति हो । भगवान्ले अर्जुनलाई युद्ध गर्ने विषयमा यहाँसम्म जो-जो उपपत्ति दिनुभएको छ ती सबै सांख्यनिष्ठा या ज्ञाननिष्ठाका अनुसार छन् । अब पछि बताइने उपपत्तिहरू कर्मयोगका हुन् । अजर-अमर आत्माको सामान्य ज्ञान भएपछि मात्र कर्मयोगको विशुद्ध प्रेरणा सफल हुन्छ, यसैले यहाँ ज्ञानयोगका अनन्तर कर्मयोगको उपदेश भएको छ । २-३८ मा बताएको 'समत्व बुद्धि' कर्मयोगकै अरुणोदय हो ॥३९॥

कर्मयोगको महत्त्व--

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥ ४० ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

इह	=	कर्मयोगमा	अस्य	=	कर्मयोगको
अभिक्रमनाशः	=	प्रारम्भको नाश	स्वल्पम् अपि	=	थोरैले पनि
न अस्ति	=	छैन	महतः	=	ठूलो
प्रत्यवायः	=	विघ्न	भयात्	=	भयबाट
न विद्यते	=	छैन	त्रायते	=	रक्षा गर्दछ

सरलार्थ

यस कर्मयोगमा जति प्रारम्भ गरेको छ त्यसको नाश हुँदैन, कर्मयोगपथका बीचमा कुनै विघ्नहरू पनि हुँदैनन्। यस धर्मको अलिकतिमात्र अनुष्ठानले पनि जीवलाई संसारका भीषण भवभयबाट बचाउँदछ।

तात्पर्य

निष्काम कर्म नै कर्मयोग हो। सकाम कर्म र निष्काम कर्ममा फरक के छ भने सकाम कर्ममा थालेको काम पुरा हुन सकेन भने गरेको जति सबै निष्फल हुन्छ; फेरि बीचमा पनि नाना प्रकारका विघ्नहरूको सामना गर्नपर्दछ। जस्तै फलको बगैंचा लगाउँदा ठीक सँग जल-मल पुऱ्याउन सकिएन भने त्यसमा फलै लाग्दैन। जल-मल पुऱ्याएर फल लागे पनि बीचमा हरेक जीव-जन्तुबाट बचाउ गर्न सकेन भने अन्तमा परिश्रम मात्र हुन्छ। एवं प्रकार वैदिक कर्मकाण्डमा पनि साङ्गोपाङ्ग विधि पुऱ्याउन सकेन भने त्यसको फल मिल्दैन, बीचमा त्यसका विधि र अङ्गहरूको टुट्ने संभावना हुन्छ। जस्तै वृत्रासुरको[1] यज्ञमा ऋत्विक्हरूले राम्ररी वैदिक मन्त्रको उच्चारण नगरिदिनाले उल्टो उसैको नाश भएको थियो। किन्तु निष्काम कर्ममा यस्तो छैन। अनुष्ठान कर्ताले समत्वबुद्धिद्वारा जो जति गर्दछ त्यसको नाश हुँदैन। त्यस शुद्धधर्मको अलिकति मात्रले पनि अनुष्ठान कर्तालाई भीषण भवभयबाट बचाउनशक्दछ। प्रति जन्ममा त्यसैबाट त्यो अगाडि बढ्दै जान्छ र अनेक जन्ममा भए पनि अन्तमा पूर्ण सिद्धि पाउँदछ। बीचका अङ्गवैकल्यसम्बन्धी

१—मन्त्रोहीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात्॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विघ्नहरू पनि यसलाई हुँदैनन्, अर्थात् विघ्न भन्ने कुरा यस मार्गमा हुँदैहुन्न; किनकि सिद्धि-असिद्धिमा सम राख्नु नै यसको मुख्य सिद्धान्त हुन्छ ॥४०॥

शुद्धबुद्धिको र मलिनबुद्धिको वैलक्षण्य—

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ! ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥ ४१ ॥

अन्वयार्थः

कुरुनन्दन !	=	हे अर्जुन !	अव्यवसायिनाम्	=	निश्चय भावना रहितव्यक्तिहरूका
इह	=	यस मार्गमा	बुद्धयः	=	बुद्धिहरू
व्यवसायात्मिका	=	निश्चयात्मिका	हि	=	अवश्य
बुद्धिः	=	बुद्धि	बहुशाखाः	=	अनेक शाखायुक्त
एका	=	एउटै छ	अनन्ता च	=	तथा अनन्त छन्

सरलार्थ

हे अर्जुन ! यस कल्याण पथमा निश्चयात्मिका बुद्धि एउटै छ, निश्चय भावना नभएका व्यक्तिहरूका बुद्धिहरू वासनानुसार अनन्त छन् ।

तात्पर्य

यस श्लोकमा दुई पटक 'बुद्धि' शब्द आएको छ । पूर्वार्धमा बुद्धिलाई 'व्यवसायात्मिका' यो विशेण दिएकोले कर्तव्याकर्तव्य निश्चय गर्ने अन्तरिन्द्रय, (भित्रको इन्द्रिय) यस्तो त्यस 'बुद्धि' शब्दको अर्थ हुन्छ । उत्तरार्धमा विशेषण केही पनि नदीकन केवल 'बुद्धयः' यस्तो बहुवचनान्त प्रयोग गरेकोले 'बुद्धि' शब्दको अर्थ 'अनन्त वासना' हुन्छ । किनभने संस्कृतमा 'बुद्धि' शब्द का अर्थ अनेक छन् । अतएव समस्त श्लोकको तात्पर्य—'जसको कर्तव्याकर्तव्यलाई निर्णय गर्ने जो कुशाग्र बुद्धि हो त्यो एउटै अर्थात् एकाग्र हो, जसको बुद्धि हृदयका अनन्त विषय-वासनाका कल्पनातरङ्गमा रङ्मगिएको हुनाले कतव्याकर्तव्यलाई ठीक-ठीक निर्णय गर्नशक्तैन, त्यो बहुशाखा अर्थात् भ्रान्त हो' यस्तो हुन्छ । संक्षेपमा पहिलो बुद्धिको नाम एकाग्र, दोश्रोको विक्षिप्त हो । एकाग्रबुद्धिमा दैवी गुणको विकाश हुन्छ, विक्षिप्त बुद्धिमा आसुरीको । जसका बुद्धिमा दैवी गुणको विकाश

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको छ उही विश्वमा साँचो मानव हो, यसदेखि विरुद्ध आसुरी गुणको विकाश भएमा मानवको सट्टा दानव पनि हुनसक्दछ ॥४१॥

वासनामय या विक्षिप्त बुद्धिको विवरण—

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ ! नान्यदस्तीति वादिनः ॥ ४२ ॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	जन्मकर्मफलप्रदाम्	=	जन्मकर्मरूपी फललाई दिने
वेदवादरताः	=	वेदका अर्थ वादमा भुलेका	भोगैश्वर्यगतिम् प्रति	=	भोग र ऐश्वर्यप्राप्तिका विषयमा
अन्यत्	=	अरू	क्रियाविशेषबहुलाम्	=	प्रचुर क्रियाकाण्डयुक्त
न अस्ति	=	छैन	याम्	=	जो
इति	=	यस्तो	इमाम्	=	यो
वादिनः	=	बोल्ने	पुष्पिताम्	=	आपातरमणीय
कामात्मानः	=	सकामी	वाचम्	=	वाणी
स्वर्गपराः	=	स्वर्गपरायण	प्रवदन्ति	=	बोल्दछन्
अविपश्चितः	=	अविवेकीहरू			

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

अन्वयार्थः

भोगैश्वर्यप्रसक्तानाम्	=	भोग र ऐश्वर्यमा आसक्त	समाधौ	=	अन्तःकरणमा
तया	=	वेदका अर्थवादवाक्यले	व्यवसायात्मिका	=	निश्चयात्मिका
अपहृतचेतसाम्	=	चित्त आकृष्ट भएका व्यक्तिहरूको	बुद्धिः	=	बुद्धि
			न विधीयते	=	हुँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! कर्मकाण्डरूपवेदका अर्थवाद (फलश्रुति) मा भुलेका, त्यसदेखि अर्को श्रेयसाधन छैन भन्ने, स्वर्गलाई नै सर्वोपरि मान्ने, कामपरायण, अविवेकीहरू जन्मकर्मरूप फललाई दिने, भोग र ऐश्चर्यप्राप्तिका विषयमा प्रशस्त कर्मयुक्त, सुन्दाखेरिमात्र मिठा लाग्ने कुराहरू गर्दछन्। स्वर्गको भोग र ऐश्वर्यमा आसक्त हुनाले आपातरमणीय सकाम कर्मकाण्डका वचनले विवेकबुद्धि हरण भएका मनुष्यको अन्तःकरणमा निश्चयात्मिका (कुशाग्र) बुद्धिको उदय हुँदैन॥४२-४४॥

तात्पर्य

पूर्व श्लोकमा जो वासनात्मिका बुद्धिका बहुशाखा बताइएका थिए, यी तीन श्लोक त्यसैका उदाहरण हुन्। वेदका कर्मकाण्डमा अनेकौं काम्यकर्महरूको वर्णन भएको छ। ज्ञानविमुख कर्मठ मीमांसक सकामहृदयका अनन्त वासनाहरूलाई चरितार्थ[1] गराउन 'आज अमुक फलप्राप्तिको निम्ति अमुक कर्म, भोलि अमुक फलप्राप्तिको निम्ति अमुक कर्म, एवंप्रकार सदा सकाम कर्मकाण्डमा व्यग्र रहन्छन्। यद्यपि प्रत्येक सकाम कर्मको फल मिल्दछ, तथापि त्यसबाट अनुष्ठानकर्तालाई आत्यन्तिक कल्याण र कामनाको शान्ति कदापि हुँदैन ; किन्तु यस कुरामा यिनीहरूको ध्यान आकर्षित हुँदैन, किनकि यी वेदका आपातरमणीय अर्थवाद (रोचक) वाक्यमा लठिएका हुन्छन्। जसबाट कमसे कम उच्छृङ्खल विषयाराममनुष्यहरू अनुचित मार्गबाट विषय-वासना पूर्ति गर्ने चेष्टा छोडेर त्यसको निम्ति मनुष्यसुहाँउदो उचित पद्धतिको आश्रय लिउन् भन्ने आशयले आफ्नू खास अर्थमा तात्पर्य नभएका वाक्यहरू अर्थवाद हुन्छन्। जस्तैः—"योहि दर्शपूर्णमासाभ्यां यजेत स कृतकृत्यो भवति"—जो दर्शपूर्णमास नामक यागद्वारा यजन (पूजन) गर्दछ त्यो कृतकृत्य (गर्नुपर्ने गरिसकेको) हुन्छ। "अक्षय्यं ह वै चातुर्मास्ययाजिनःसुकृतं भवति"—चातुर्मास्य याग गर्नेलाई अक्षय पुण्य मिल्दछ। "दक्षिणावन्तो अमृतत्वं भजन्ते'—दक्षिणा दिने सज्जन सदाको लागि अमर हुन्छन्, इत्यादि। तर यो वाक्यहरू पूर्णतया सत्य ठहर्दैनन् ; केवल 'स्वर्गकामो यजेत'—स्वर्गको इच्छा भएकोले याग गरोस्, यस विधिमा प्रवृत्त गराउने मात्र यिनको तात्पर्य हो। किन्तु

---

१. सफल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो रहस्यलाई नबुझेर कामवासनाले आकुलचित्त भएका व्यक्तिहरू काम्य कर्ममै प्रवृत्त हुन्छन्, जसको परिणाम अन्तमा दुर्दशा अनिवार्य हुन्छ ।

मुण्डक श्रुतिमा लेखिएको छ—

इष्टा पूर्तं मन्यमाना वरिष्ठम्,
नान्यच्छ्रेयो वेदयन्ते प्रमूढाः ।
नाकस्य पृष्ठे ते सुकृतेऽनुभू—
त्वेमं लोकं हीनतरं वा विशन्ति ॥
(मु० उ० १-२-१०)

यज्ञ-यागादि नै श्रेष्ठ हो, यसदेखि अरू श्रेष्ठ छैन भनेर मान्ने मूढ मनुष्यहरू स्वर्गमा पुण्यको उपभोग गरिसकेपछि फेरि तल यस लोकमा या यसभन्दा पनि अत्यन्त निकृष्टलोकमा पस्दछन् । भगवान्ले पनि भन्नुभएको छ—'स्वर्गको विशाल भोग भोगेर पुण्य क्षीण भएपछि फेरि मर्त्यलोकमा आउँदछन्, यी कामी कर्मठहरूको आवागमन-चक्र कहिले पनि टुट्दैन (गी० ९-२१) । अतएव माथि लेखिएका अर्थवाद वाक्यको अयथार्थता स्पष्टै विदित हुन्छ । परन्तु यिनै वाक्यलाई यथार्थ ठानेका मूढजनहरूका हृदयमा साँचो कर्तव्याकर्तव्यको निर्णय गर्ने शुद्धबुद्धिको उदय कदापि हुँदैन ॥४२-४४॥

अर्जुनलाई निष्काम हुने उपदेश—

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ! ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	नित्य-सत्त्वस्थः	=	सदा सत्त्व-गुणमा स्थित
वेदाः	=	वेदहरू	निर्योगक्षेमः	=	योग-क्षेमरहित
त्रैगुण्य-विषयाः	=	तीन गुण-विषयक छन्	आत्मवान्	=	आत्मनिष्ठ
निस्त्रैगुण्यः	=	तीन गुणरहित	भव	=	होऊ
निर्द्वन्द्वः	=	द्वन्द्वरहित			

सरलार्थ

हे अर्जुन ! वेद (कर्मकाण्ड रूप) त्रिगुणमय काममूलक संसारलाई बताउने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनाले त्यसमा सकाम वाक्यहरू मात्र छन्; तिमी निष्काम, सुख-दुःखादि द्वन्द्व-बाट रहित, सदा सत्त्वगुणमा स्थित, योग-क्षेमका चिन्ताबाट मुक्त तथा आत्मनिष्ठ होऊ ॥४५॥

तात्पर्य

जो जति विश्वसृष्टि छ त्यो प्रकृतिका सत्त्व-रज-तमोगुणको समाहार- (मिश्रण) रूप छ। वेदका कर्मकाण्डले यही सृष्टिभित्रका सम्पूर्ण कर्म र त्यसद्वारा प्राप्तहुने फललाई प्रचुर रूपमा वर्णन गरेको हुनाले वेदलाई त्रैगुण्य-विषया अर्थात् त्रिगुणमय संसारलाई प्रकाश गर्ने भनेको छ। वास्तवमा वेदहरू संसारलाई नै प्रकाश गर्दछन्, किनकि आत्मा शब्दप्रमाणद्वारा पनि जानिदैन भन्ने स्वयं वेद-उपनिषद्को सिद्धान्त छ औ वेद शब्दप्रमाण हो। यसैले अर्जुनलाई 'निस्त्रैगुण्य' अर्थात् वेदले बताएका संसारका यावत् वस्तुहरूमा तिमी कामना नराख, भन्नु भएको छ।

यहाँ निस्त्रैगुण्य शब्दले वैदिक कर्मलाई त्याग्नु भनेको होइन; किन्तु संसार-भित्रका फलहरूलाई मात्र त्याग्नु भनेको हो। किनभने फलत्याग पनि भएकै फलको हुन्छ, नभएका फलको हुँदैन। गीताको आदेश पनि 'जसरी सकामीले कर्म गर्दछन् त्यसैगरी निष्कामीले गरोस् (३-२५)' भन्ने छ। कर्म नगरी फल उत्पन्न हुँदैन, त्यस कारण कर्म अवश्यै गर्नपर्दछ, फल अवश्यै त्याग्न पर्दछ भन्ने यस प्रसङ्गको तात्पर्य हो।

असलमा वेदले कर्मको फल बताएको पनि सकामी मनुष्यलाई कुकर्मबाट हटाएर सन्मार्गमा प्रवृत्तगराउनको लागि हो। जस्तै रोगी भएर पनि अबोध हुनाले पथ्यमा रहेर औषधि नखाने बालकलाई आमाले उसको हितको निम्ति बालकलाई मनपर्ने चिजहरूको प्रलोभन देखाएर औषधि खवाउने चेष्टा गर्दछिन्, बालक ती वस्तुहरूलाई पाउनको निम्ति औषधि खान्छ। यही कुरा श्रीमद्भागवतमा लेखिएको छ—

फलश्रुतिरियं नृणां न श्रेयो रोचनं परम्।
श्रेयो विवक्षया प्रोक्तं यथा भैषज्यरोचनम्॥
(११-२१-२३)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्गादिफललाई बताउने श्रुतिको तात्पर्य—मनुष्यका निम्ति ती-ती लोक नै परम पुरुषार्थरूप हुन् भन्ने होइन ; किन्तु बहिर्मुखहरूको शुभ कर्ममा प्रवत्ति भएर चित्तशुद्धिद्वारा अन्तमा मोक्ष होस् भन्ने हेतुले कर्ममा रुचि उत्पन्न गराउने हो ; जस्तै बालकहरूलाई औषधि खुवाउँदा रोचक वाक्य भनिन्छ। फलकामनामा पूर्ण विजय पाउन निर्द्वन्द्व हुनपर्दछ। सुख-दुःख, लाभ-हानि, जय-पराजय आदि द्वन्द्वहरू हुन्, यिनमा समबुद्धि राख्नु निर्द्वन्द्व हो। एवं [1]सत्त्वगुणको उत्कर्ष नभै रजस्तमोमय द्वन्द्वहरूबाट छुट्नसकिंदैन, त्यस कारण सदा सत्वगुणमा स्थित होऊ भनेको छ। नमिलेको वस्तु मिल्नु 'योग' हो, मिलेको वस्तुको रक्षा हुनु 'क्षेम' हो। सकामी मनुष्यहरू रातोदिन योगक्षेमको धन्दामा लागिरहन्छन्, उनीहरूलाई क्षणभर पनि यसबाट फुर्सत् हुँदैन, यस कारण [2]योगक्षेमदेखि रहित हुने उपदेश भएको छ। जीवलाई 'मै सबै गर्ने हुँ' यस्तो व्यर्थको घमण्ड छ। असलमा यो कार्य भगवान्को हातमा सुम्पनुपर्दछ। यति भएपछि मात्र मनुष्यलाई शान्ति मिल्दछ। भगवान्ले स्वयं भन्नुभएको छ—योगक्षेमंवहाम्यहम् (९-२२)। जहाँसम्म आत्मबल प्राप्त हुँदैन त्यहाँसम्म माथि वर्णन भएका साधनहरूमा साधक अग्रसर हुनसक्तैन, त्यस कारण आत्मवान् अर्थात् आत्मबलशाली होऊ भनेको छ।४५।

सकाम कर्म त्यागेपछि मुमुक्षुले स्वर्गादि सुखबाट वञ्चित हुनपर्ला ? यसको समाधान—

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके।
तावान् सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

अन्वयार्थः

सर्वतः	= चारैतिरबाट	(प्राप्ते सति)	= पाएपछि
संप्लुतोदके	= जल एकत्रित भएको ठूलो जलाशय	उदपाने	= क्षुद्र जलाशयमा
		यावान्	= जति
		अर्थः	= प्रयोजन

१ सत्वगुणको उत्कर्ष (वृद्धि) गराउन १४-१७-१८ मा बताएका आचार-विचार, रहन-सहन, खान-पानको अभ्यास गर्नपर्दछ।

२ 'योग-क्षेमरहित'को अर्थ अकर्मण्यता होइन, निश्चिन्ता एवं फलत्याग हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(भवति)	=	हुन्छ	वेदेषु	=	वेदमा
विजानतः	=	ब्रह्मज्ञानी	(तावान्)	=	त्यत्ति
ब्राह्मणस्य	=	विद्वान्को	(अर्थः)	=	प्रयोजन
सर्वेषु	=	सम्पूर्ण	(भवति)	=	हुन्छ

सरलार्थ

जस्तैः—चारैतिरबाट पानी जम्बा भएको ठूलो तलाउ या नदी मिलेपछि साना-साना धारा-कूवाको केही प्रयोजन रँहदैन; त्यस्तैः—ब्रह्मानन्द भेटाएपछि ब्रह्मज्ञानी विद्वान्लाई वैदिक सकाम कर्महरूको प्रयोजन रहँदैन ।

तात्पर्य

समत्वबुद्धियोगको अनुष्ठानद्वारा परिपक्व भएका विशाल अन्तःकरणमा जब 'वासुदेवः सर्वम्' यस्तो अनुभव हुन्छ त्यस परिस्थितिमा साना-ठूला सबै किसिमका आनन्दको मूल ब्रह्मानन्द नै पाएकोले स्वर्गानन्द या कुनै आनन्दमात्रबाट पनि वञ्चित हुनपर्दैन, किनकि 'सर्वं पदं हस्तिपदे निमग्नम्' सबै जन्तुका पाइला हात्तीका पाइलाभित्र डुब्दछन्, यस न्याय (उखान) ले विश्वका साना-ठूला सबै आनन्दहरू ब्रह्मानन्दमै अन्तर्भाव हुन्छन् । उपनिषद् (बृ० ४-३-३२) मा लेखिएको छ—"एतस्यवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति"—यही ब्रह्मानन्दको लेशमात्र आनन्दलाई समस्त प्राणी वर्गले उपभोग गर्दछन् । वास्तवमा ब्रह्म नै सकलो आनन्दस्वरूप हो, अरू संसारका विषयानन्दहरू केवल बुद्धिका सात्विक अथवा स्थिर वृत्तिमा प्रतिबिम्बित ब्रह्मकै छायानन्द मात्र हुन् । अतएव मूल ब्रह्मसुख मिलेपछि छायाँ [नक्कली] सुखको केही पनि आवश्यकता रहँदैन । यस विषयमा दृष्टान्त छ—जस्तैः—चारैतिरबाट पर्वतीय छहराहरू खसेर कुनै उपत्यका [समथर जमीन] मा एकत्रित भएको ठूलो जलाशय [तलाउ या नदी] मा प्रत्येक छहरा-पँदेराको विभिन्न स्नान-पानादि प्रयोजनहरू एकत्रित हुन्छन्, त्यस्तै अनेकौं काम्य कर्महरूका क्षुद्रफलहरू ब्रह्मानन्दमा एकत्रित हुन्छन् । जस्तैः— कसैलाई तलाउ नै मिल्यो भने फेरि हरेक पँदेरामा चाहारी रहनाको केही प्रयोजन रहँदैन त्यस्तै ब्रह्मानन्द नै मिलेपछि क्षुद्रफलप्राप्तिको निम्ति इन्द्रादि देवताको सकाम उपासना गर्नाको प्रयोजन रहँदैन । यसैले परमेश्वरको निष्काम सेवालाई छोडेर कामना सिद्धिको निम्ति अरू देवताको उपासना गर्नेलाई शास्त्रले उपहास गरेको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासुदेवं परित्यज्य योऽन्यदेवमुपासते ।
तृषितो जान्हवीतीरे कूपं खनति दुर्मतिः ॥
(पा० गी० ९)

आनन्दनिधि वासुदेवलाई छोडेर जो सकाम क्षुद्रफलको निम्ति अरू देवताको आराधना गर्दछ त्यो मूर्ख गङ्गाजीको तीरमा बसेर तिर्खा लागेको बेलामा गङ्गा-जल पिउन छोडेर कूवा खन्नपट्टि लाग्दछ। यस ४६ श्लोकको निचोड अर्थ हो—'ज्ञानीलाई सकाम कर्मकाण्डको केही प्रयोजन छैन' ॥४६॥

कर्मयोगको अनुष्ठानविधि—

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

अन्वयार्थः

ते	=	तिम्रो	मा	=	न
कर्मणि एव	=	कर्ममा मात्र	भूः	=	होऊ
अधिकारः	=	अधिकार छ	अकर्मणि	=	कर्म नगर्नमा
फलेषु	=	फलमा	ते	=	तिम्रो
कदाचन	=	कदापि	सङ्गः	=	इच्छा
मा	=	छैन	मा	=	न
कर्मफल-हेतुः	=	फलको आशाले कर्मगर्ने	अस्तु	=	होओस्

सरलार्थ

कर्मैमात्र गर्ने तिम्रो काम हो, फलाशा राख्ने होइन; त्यस कारण तिमी फलको इच्छाले कर्म गर्ने नहोऊ। फेरि फल मिल्दैन, निष्फल कर्म किन गर्नु भन्ने विचारले कर्म गर्नमा पनि तिमी अरुचि नगर।

तात्पर्य

यस श्लोकका चार चरणबाट कर्मयोगको निर्दोष साङ्गोपाङ्गविधि-वर्णन भएको छ। केवल 'कर्म गर्ने तिम्रो अधिकार छ' भन्दा 'फलमा छैन' भन्ने अर्थ त्यसै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निक्लन्छ, 'फलमा तिम्रो अधिकार छैन' भन्दा पनि 'कर्ममा अधिकार छ' भन्ने अर्थ आफै-आफ निक्लन्छ ; तर यत्तिकै मात्र भन्ने हो भने पनि जो कर्ता हुन्छ त्यसैलाई क्रियो [कर्म] को फल नियमैले मिल्दछ, फेरि फलमा अधिकार कसरी न हुनु भन्ने शङ्का हुन्छ; यसैले फलको आशाले कर्म गर्ने [भाडाको टट्टु] तिमी न-होऊ भनेको छ अर्थात् फल मिलोस् या नमिलोस् यसको वास्ता नराख, केवल कर्तव्य बुद्धिले कर्म गर भन्ने यसको अर्थ हो । कदाचित् दैव-इच्छाले अनायास फल मिल्यो भने त्यसको अनादर गर्नु भन्ने होइन । किनकि अनायास प्राप्त सुख-दुःख-लाई त्यागीहरूले पनि भोगेको देखिन्छ या भोग्नैपर्दछ । अर्को शङ्का यो हुन्छ कि—लोकमा फल-इच्छाले मात्रै कर्म गर्ने चलन छ, जहाँ फल छैन त्यहाँ कर्मै गर्न छोड्दिन्छन् ; त्यस कारण चतुर्थ चरणमा 'कर्म नगर्नामा तिम्रो इच्छा न होस्' यस्तो भनेको छ । अतएव समस्त श्लोकको संक्षिप्त तात्पर्य—'फलाशा त्यागेर क-र्तव्य कर्म अवश्य गर्नु' यस्तो हुन्छ ॥४७॥

कर्मयोगको लक्षण—

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ! ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	भूत्वा	=	भएर
योगस्थः	=	योगमा रहेर	कर्माणि	=	कर्महरूलाई
सङ्गम्	=	आसक्तिलाई	कुरु	=	गर
त्यक्त्वा	=	छोडेर	समत्वम्	=	समबुद्धि
सिद्ध्यसिद्ध्योः	=	सिद्धि र असिद्धिमा	योगः	=	योग
समः	=	बराबर	उच्यते	=	कहिन्छ

सरलार्थ

हे अर्जुन ! योगमा स्थिर भएर, आसक्तिलाई छोडेर तथा कार्यको सिद्धि र असिद्धि दुवैमा हर्ष-शोक-रहित भएर कर्म गर, यसरी समभाव राख्नु 'योग' कहिन्छ ।

तात्पर्य

संसार एउटा विषम सृष्टि हो । प्रकृतिका गुण-वैषम्यबाटै यसको उत्पत्ति भए-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को छ, गुणसाम्य भएपछि संसारकै प्रलय हुन्छ । त्यस कारण यसको बाह्य आकारमा समानता ल्याउन कसैले पनि सक्तैन । कुनै एउटा काम-कुरालाई लिएर समानता गराए तापनि त्यसको त्यो रूप सधैं त्यस्तै रहनसक्तैन, पुनः समयानुसार त्यसमा परिवर्तनहरू आइरहन्छन् । यसैले यसलाई 'जगत्' अर्थात् चल-सृष्टि भन्दछन् । सुख-दुःख, लाभ-अलाभ, जय-पराजय, सिद्धि-असिद्धि [सफलता-विफलता] आदि यही सृष्टि-समुद्रका चञ्चल तरङ्ग हुन् । यी प्रत्येक तरङ्गमा चित्तलाई विक्षुब्ध नपारी धैर्यसाथ रहनु 'समत्व' हो, यसैको नाम 'योग' हो । यहाँ बुझ्नुपर्ने कुरो यो छ कि—यही 'योग' 'कर्म' को पछाडि लागेपछि 'कर्मयोग' बन्दछ ॥४८॥

सकाम कर्मको निकृष्टता—

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनंजय ! ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

अन्वयार्थः

हि	=	किनभने	बुद्धौ	=	बुद्धिमा
धनञ्जय !	=	हे अर्जुन !	शरणम्	=	आश्रय
बुद्धियोगात्	=	बुद्धियोगभन्दा	अन्विच्छ	=	इच्छा गर
कर्म	=	कर्म	फलहेतवः	=	फलाशाले कर्म गर्नेहरू
दूरेण	=	अत्यन्त			
अवरम्	=	निकृष्ट छ	कृपणाः	=	क्षुद्र हुन्

सरलार्थ

किनभने हे अर्जुन ! समत्वबुद्धियोगभन्दा सकाम कर्म धेरै निकृष्ट छ । त्यस कारण तिमी समत्व-बुद्धिको शरण लिअ । फलको इच्छाले कर्म गर्नेहरू तुच्छ विचारका हुन्छन् ।

तात्पर्य

'कृपण' शब्दको वैदिक अर्थ २-७ मा भैसकेको छ । लोकमा कञ्जुसलाई 'कृपण' भन्दछन् । कञ्जुसहरू अति दुःखले धन कमाउँछन्, तर त्यसको सदुपयोग गर्नसक्दैनन् । अतएव धनको महान् फल-दान र भोग दुवैबाट आफ्नू आत्मालाई वञ्चित गराउँदछन् । एवंप्रकार सकाम कर्म गर्नेहरू पनि अति कष्टले कर्म गरेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको सदुपयोग (ईश्वरार्पण) गर्नसक्तैनन् र परमानन्दलाभबाट आफ्नू आत्मालाई नै वञ्चित गराउँदछन् ।

यस श्लोकमा कोही टीकाकारहरूले 'बुद्धि' शब्दको अर्थ 'ज्ञान' गरेर 'कर्मभन्दा ज्ञान श्रेष्ठ' भन्ने अर्थ गरेका छन् । तर यहाँ कर्मयोगको प्रकरण हुनाले 'बुद्धि' शब्दले समत्वबुद्धिनै लिन मनासिब छ । गीता-भाष्यकार शङ्कराचार्यले पनि 'बुद्धियोगात्'-को अर्थ 'समत्वबुद्धियुक्तात्कर्मणः' (समत्वबुद्धियुक्त कर्मभन्दा) यस्तो गर्नुभएको छ । यसको तात्पर्य यो हो कि—फलाशापूर्वक गरेको कर्मभन्दा फलकामना त्यागेर समभावले गरेको कर्म श्रेष्ठ छ । यो नै कर्मको अपेक्षा बुद्धिको श्रेष्ठता हो । मनुष्यलाई बुद्धि र कर्म दुवै स्वभावतः प्राप्त छन् । कृपण मनुष्यहरू वासनाद्वारा प्रेरित भएर स्वाभाविक (सकाम) कर्मको आश्रय लिन्छन्, किन्तु उदार व्यक्ति कर्तव्याकर्तव्यलाई प्रकाश गर्ने व्यवशायात्मिका बुद्धिको आश्रय लिन्छन् र यसैका अनुसार कर्म गर्दछन् । वास्तवमा उदार र कञ्जुस दुवैको कर्मको स्वरूप एउटै भए तापनि भावनाका भेदले जमीन र आसमानको अन्तर हुन्छ । सकाम कर्म गर्नेवालाको पद २ मा स्वार्थ-भावना हुन्छ, उसले हेर्दा संसारै स्वार्थले उभिएको देख्दछ, उसका प्रत्येक चेष्टामा स्वार्थ नै हुन्छ । किन्तु कर्मयोगीको विचार यसदेखि विरुद्ध दिशातिर हुन्छ, उसका प्रत्येक कर्म या दैहिक चेष्टाहरूमा पनि केवल कर्तव्य-बुद्धि हुन्छ । यही विलक्षणता हुनाले श्लोकमा 'दूरेण' शब्दको प्रयोग भएको छ ।

कर्मको अपेक्षा बुद्धि श्रेष्ठ छ भन्नाले गीताको उच्च कोटिको नैतिक तत्त्व समेत यसबाट झल्कन्छ । किनभने कर्मको वास्तविक तत्त्व विचार गर्दा खराब र असल भन्ने कुराको निर्णय केवल कर्मको बाहिरी स्वरूपलाई देखेर मात्र हुँदैन, किन्तु कर्मकर्ताको बुद्धि-अनुसारै हुन्छ । कर्म एउटै भए तापनि समत्वबुद्धिद्वारा गरेको र कृपण-बुद्धिद्वारा गरेकोमा एउटा शुभ, एउटा अशुभ हुन्छ । त्यस कारण यहाँ कर्मका अपेक्षा बुद्धिलाई श्रेष्ठ भनेको हो । हुन पनि कर्मभन्दा बुद्धि श्रेष्ठ किन नहोओस् ! बुद्धिमान्को बुद्धिले संसारै हल्लाउनसक्तछ, किन्तु कोरा कर्म गर्नेले एउटा रूख पनि पुरा हल्लाउनसक्तैन । यदि बुद्धि र कर्म दुवै मिले भने फेरि विश्वमा असंभव केही पनि छैन । यही कर्म र बुद्धिको मधुर मिलन नै कर्मयोग या समत्वबुद्धि हो । यो समत्वबुद्धिलाई राम्ररी जानेपछि गीताको निष्काम कर्मयोग बुझिन्छ ॥४९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मयोगको अर्को लक्षण—

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

अन्वयार्थः

बुद्धियुक्तः	=	समत्वबुद्धि-युक्त पुरुष	तस्मात्	=	त्यस कारण
			योगाय	=	कर्मयोगका निम्ति
इह	=	संसारमा	युज्यस्व	=	लाग
उभे	=	दुवै	कर्मसु	=	कर्ममा
सुकृत-दुष्कृते	=	पुण्य र पापलाई	कौशलम्	=	कुशलता
जहाति	=	छोड्दछ	योगः	=	योग हो

सरलार्थ

समत्व-बुद्धि-युक्त कर्मयोगी संसारमा रहेर पनि पाप-पुण्य दुवैबाट अलग हुन्छ । त्यस कारण तिमी यही 'योग' गर । कर्ममा कुशलता अर्थात् चतुर्याइँ (कर्म गरेर पनि कर्मका बन्धनमा नबाँधिनु) योग (कर्मयोग) हो ।

तात्पर्य

यस श्लोकमा 'बुद्धि' भन्नाले समत्वबुद्धि, समत्वबुद्धि भन्नाले मलिन वासना-रहित, शुद्ध एवं उदार व्यवशायात्मिका बुद्धिको बोध हुन्छ । यही साम्यबुद्धि कर्म-योगको जग हो । यो बुद्धि मिलेपछि त्यसले जे-जे कर्म गर्दछ ती सबै कर्मयोग हुन्छन् । ती कर्मका शुभाशुभ फलद्वारा त्यो लिप्त हुँदैन । जस्तै १८-१७ मा भन्नु भएको छ—जसलाई अहङ्कार छैन, बुद्धि कर्ममा लिप्त हुँदैन, त्यसले सबैलाई मारेर पनि वस्तुतः मार्दैन, त्यसको फलद्वारा पनि बाँधिदैन । गत ३९ मा प्रतिज्ञा गर्नुभए-को थियो—अब म तिमीलाई योग विषयिणी बुद्धि बताउँछु, जुन् बुद्धिले युक्त भएपछि तिमी कर्म-बन्धन लाई फ्याक्नेछौ—त्यो यही साम्यबुद्धि हो, जसलाई कौशल कर्म भनिएको छ । यसलाई कौशल कर्म भन्नाको तात्पर्य के हो भने यसमा कर्म यस्तो चतुर्याइँकासाथ हुन्छ कि—कर्महरू बन्धनका कारण नभएर प्रत्युत बन्धनकै नाश या मोक्षका कारण हुन्छन् । एवं प्रकार योगको 'समत्वं योग उच्यते' भनेर एउटा व्याख्या र 'योगः कर्मसु कौशलम्' भनेर अर्को व्याख्या गरेको छ । यी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुवै कर्मयोगका लक्षण हुन्, तात्पर्य एउटै हो। शाङ्कर भाष्यमा 'कौशल' को व्याख्या यस्तो छ--'तद्धि कौशलं यद्बन्धस्वभावान्यपि कर्माणि समत्वबुद्ध्या स्वभावान्निवर्तन्ते'—त्यसैको नाम कुशलता हो जो स्वभावैले बन्धनकारक कर्म पनि जुन् समत्वबुद्धिरूप उपायले स्वाभाविक धर्मबाट छुटेर निःस्वभाव हुन्छन् अर्थात् आफ्नू बन्धन गराउने स्वभावलाई छोड्छन्। वास्तवमा 'स्वभावो दुरतिक्रमः' भन्ने नियमको समेत उल्लङ्घन भएको हुनाले यसको यहाँ जति प्रशंसा गरे पनि कमै छ ॥५०॥

समत्वबुद्धियोगको अन्तिम फल—

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

अन्वयार्थः

बुद्धियुक्ताः	=	समत्वबुद्धियुक्त	जन्मबन्ध विनिर्मुक्ताः	=	जन्मरूपबन्धनबाट छुटेर
मनिषिणः हि	=	ज्ञानीहरू नै	अनामयम्	=	दुःखरहित
कर्मजम्	=	कर्मजन्य	पदम्	=	पदमा
फलम्	=	फललाई	गच्छन्ति	=	जान्छन्
त्यक्त्वा	=	त्यागेर			

सरलार्थ

समत्वबुद्धियुक्त ज्ञानीजनमात्रै कर्मफललाई त्यागेर जन्मरूपी बन्धनबाट छुटेका हुनाले परेमेश्वरको दुःख-शोकादि रहित अनन्त शान्तिमय पद पाउँदछन्।

तात्पर्य

पुर्वोक्त समत्वबुद्धिको आश्रय लिएर कर्तव्यको अनुष्ठान गर्दै जाँदा अन्तमा साधकका हृदयमा निर्मल कुशाग्र बुद्धिको उदय हुन्छ, जसका सहयोगले साधकलाई 'वासुदेवः सर्वम्' यस्तो ज्ञान भएपछि समस्त प्राकृतिक बन्धनबाट छुटेर मुक्त हुन्छ। यही कर्मयोगको अन्तिम फल हो जो ज्ञानयोगको पनि अन्तिम फल हो। किनकि ज्ञानयोग र कर्मयोगको अन्तिम फलमा भेद छैन। जुन् भूमिकामा ज्ञानयोगी शम-दमादि र श्रवणादि ज्ञानका अन्तरङ्ग साधनद्वारा चढ्दछ त्यही भूमिकामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मयोगी समत्व बुद्धियोगको अभ्यासद्वारा चढ्दछ (५-५)। अर्जुनले २-७ मा सोधेका थिए कि जो मलाई वास्तविक कल्याणकारक छ त्यो भन्नुहोस्, यसको समाधानकारक उत्तर यो भयो—समत्वबुद्धिपूर्वक कर्म गर्नाले अन्तमा तिमीलाई जो ज्ञानीहरूले पाउने स्थान हो त्यो मिल्दछ ; ऐले नै युद्धभूमीलाई छोडेर सन्यासीको धर्म भिक्षावृत्ति लिनपर्दैन, इत्यादि ॥५१॥

निर्मल कुशाग्रबुद्धि कहिले हुन्छ ? यसको अवधि—

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

अन्वयार्थः

यदा	=	जब	तदा	=	तब
ते	=	तिम्रो	श्रोतव्यस्य	=	सुन्नुपर्ने
बुद्धिः	=	बुद्धि	श्रुतस्य च	=	औ सुनेकोबाट
मोहकलिलम्	=	मोहको गहिराइलाई	निर्वेदम्	=	वैराग्यलाई
व्यतितरिष्यति	=	पार गर्नेछ	गन्तासि	=	पाउनेछौ

सरलार्थ

जब तिम्रो बुद्धिले मोहरूपी गहन कालुष्यलाई पार गर्नेछ अनि त्यस बेला सकाम विषयमा अघि सुनिसकेको र पछि सुन्नुपर्ने दुवैबाट विरक्त हुनेछौ।

तात्पर्य

कुटुम्बादिको मोह नै कालुष्य हो "कलिलं गहनं विदुः",[1] यस प्रमाणले 'कलिल' शब्दको 'गहन' अर्थ हुन्छ। जीवको आफ्नू शरीर र धन-परिवारमा यस्तो मोह छ जसको गहिराइको अन्त छैन। जब समत्वयोगका अभ्यासले निर्मल भएको बुद्धि यस गहिराइलाई पार गर्दछ अनि सुनि सकेका र सुन्नुपर्ने जति सकाम कर्मकाण्ड-विषयक चर्चाहरूदेखि जीवलाई परम वैराग्य उत्पन्न हुन्छ। यही वैराग्य-लिङ्ग योगीको निर्मल चित्तको परिचायक हो औ चित्त-शुद्धिको अवधि हो ॥५२॥

---

१. अभिधानकोशस्मृति।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानको अवधि—

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

अन्वयार्थः

यदा	=	जब	समाधौ	=	ब्रह्ममा
श्रुतिविप्रतिपन्ना	=	श्रुतिहरूका विवादले विचलित	अचला	=	स्थिर
			स्थास्यति	=	रहनेछ
ते	=	तिम्रो	तदा	=	त्यस बेला
बुद्धिः	=	बुद्धि	योगम्	=	योगलाई
निश्चला	=	निश्चल भएर	अवाप्स्यसि	=	पाउनेछौ

सरलार्थ

सकाम श्रुतिहरूका नाना तरहका वाक्यले विक्षिप्त भएको तिम्रो बुद्धि जब निश्चल भएर ब्रह्ममा स्थिर होला त्यस दशामा तिमीले योगको यथार्थ स्वरूप फेला पार्नेछौ ।

तात्पर्य

वेदमा कहीं सकाम कर्म र त्यसको फल, कहीं उपाशना र त्यसको फल, कहीं सगुणोपासना र त्यसको फल तथा कहीं निर्गुणोपासना र त्यसको उत्कृष्टता बताइएको छ । यी सबै वाक्यको प्राधान्य र गौणता या सबैको महत्तात्पर्य नबुझेपछि श्रेयोर्थी मनुष्यको बुद्धि अवश्य विचलित हुन्छ । जब समत्वयोगको अभ्यास-कुशलता बढ्दै जान्छ अनि सबै वाक्यको महत्तात्पर्य बुझ्दछ । यो बुझेपछि उसको बुद्धि ब्रह्मतत्त्वमा गएर स्थित हुन्छ। यही 'योग' हो । यसैलाई शाङ्कर भाष्यमा 'विवेक-प्रज्ञा' भनिएको छ । पातञ्जल योगका अनुसार यस प्रज्ञालाई 'ऋतम्भरा' भन्नसकिन्छ । अतएव यस श्लोकमा कर्मयोगको अन्तिम फल अध्यात्म-तत्त्वसाक्षात्कार नै लिएको छ । पहिले साधनावस्थामा कर्मयोग-मार्गको पथिक सुख-दुःख, लाभ-अलाभ, जय-पराजय, सिद्धि-असिद्धि इत्यादि सबैलाई यथासाध्य सम देख्ने प्रयत्न गर्दै अगाडि बढ्दछ, एवंप्रकार अभ्यासपटुता बढ्दैगएपछि हृदयबाट समस्त कामनाहरू स्वतः हट्नजान्छन्, तिनका बदला वैराग्य उत्पन्न हुन्छ । यसरी हृदयका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलिन वासनाहरू छुटेर शुद्ध वासनाको जागृति भएपछि त्यस कर्मयोगीका शुद्धान्तःकरणमा योगको असली स्वरूप (आत्मतत्त्वसाक्षात्कार) प्रकट हुन्छ। यस अवस्थामा सुख-दुःख, लाभ-अलाभ आदिमा सम देख्नु भन्ने उपदेश र विचारद्वारा सम देख्नुपर्ने आवश्यकता रहँदैन, किन्तु यो समबुद्धि उसको स्वाभाविक हुन्छ ; किनकि सिद्धावस्थामा पुगेका ज्ञानीका जो गुण हुन् तिनै साधकका साधनहरू हुन्।

जस्तैः—

उत्पन्नात्मप्रबोधस्य ह्यद्वेष्टृत्वादयो गुणाः ॥
भवन्त्ययत्नतस्तस्य न तु साधकरूपिणः ॥

आत्मबोध भैसकेका ज्ञानीमा अद्वेष, मैत्री, करूणा आदि गुणहरू विना प्रयत्नै हुन्छन्, किन्तु साधकमा हुँदैनन्। यी गुणहरू जहाँतक स्वाभाविक हुँदैनन् तहीं-सम्म साधनको अवधि छ। सर्वत्रसमदर्शन नभई द्वन्द्वहरूमा स्वभावतः समबुद्धि हुँदैन। 'सर्वत्रसमदर्शन' आत्मतत्त्वसाक्षात्कारकै नाम हो, किनकि 'सम' नाम ब्रह्मको हो। (५-१५) यस्ता प्रकारले 'कर्मयोगेन योगिनाम् (३-३) यस सिद्धान्तानुसार कर्मयोगका प्रणालीबाट स्थितप्रज्ञमा लगेर समन्वय गरेको छ। अतएव कर्मयोगको उच्च शिखरमा पुगेको जो स्थितप्रज्ञ हो त्यही तत्त्वमस्यादि महावाक्यद्वारा आत्मा र ब्रह्मलाई एक देख्ने ज्ञानी हो। यो ज्ञानी स्थितप्रज्ञ नै हुन्छ। केवल साधनावस्थामा मात्र ज्ञानयोग र कर्मयोगको भेद हो, दुवैको साध्यरूपी शिखर एउटै छ (५-५)। जस्तै—हिमालय पर्वतका कहीं-कहीं एउटै उच्च शिखरका दुई मार्ग हुन्छन् त्यस्तै आत्मतत्त्वसाक्षात्काररूपी उच्च शिखरका ज्ञानयोग र कर्मयोग दुई मार्ग हुन् ॥५३॥

अब प्रसङ्गतः स्थितप्रज्ञका विषयमा अर्जुनको जिज्ञासा हुन्छ—

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव!।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

केशव !	=	हे कृष्ण !	किम्	=	कसरी
समाधिस्थस्य	=	ब्रह्ममा स्थित	प्रभाषेत ?	=	बोल्दछ ?
स्थितप्रज्ञस्य	=	स्थितप्रज्ञको	किम्	=	कसरी
का	=	के	आसीत	=	रहन्छ ?
भाषा ?	=	लक्षण हुन्छ ?	किम्	=	कसरी
स्थितधीः	=	स्थितप्रज्ञ	व्रजेत ?	=	हिंड्दछ ?

सरलार्थ

अर्जुन सोद्धछन्—हे केशव ! समाधिमा स्थित भएका स्थितप्रज्ञको लक्षण कस्तो हुन्छ ? ऊ कसरी बोल्दछ ? कसरी बस्दछ ? कसरी हिंड्दछ ?

तात्पर्य

पूर्व श्लोकमा भगवान्‌ले योगारूढ स्थितप्रज्ञको विषयमा केही संकेत दिनुभएपछि त्यस विषयमा अर्जुनलाई विशद रूपले जान्ने इच्छा भयो । अर्जुनका जम्मा ४ प्रश्न छन् । यीमध्ये 'का भाषा' समाधि-अवस्थाको हो, बाँकि ३ व्युत्थान-अवस्थाका हुन् । यिनै प्रश्नका उत्तरमा यो अध्याय समाप्त हुन्छ ॥५४॥

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ ! मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	तदा	=	त्यसबेला
यदा	=	जब	आत्मना	=	आँफूले
मनोगतान्	=	मनमा रहेका	आत्मनि एव	=	आँफैमा
सर्वान्	=	सबै	तुष्टः	=	तृप्तयोगी
कामान्	=	कामनाहरूलाई	स्थितप्रज्ञः	=	स्थितप्रज्ञ
प्रजहाति	=	परित्याग गर्दछ	उच्यते	=	कहिन्छ

सरलार्थ

श्री भगवान् उत्तर दिनुहुन्छ—हे पार्थ ! जुन् अवस्थामा योगी मनमा रहे-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का सम्पूर्ण कामनाहरूलाई त्यागेर आँफू आँफैमा सन्तुष्ट रहन्छ त्यस दशामा त्यो योगी स्थितप्रज्ञ (आत्मा या ब्रह्ममा स्थिर बुद्धि भएको) कहिन्छ ।

तात्पर्य

यो उत्तर 'स्थितप्रज्ञस्य का भाषा' यस प्रश्न-खण्डको हो । जब योगीले क्षण-भङ्गुर-विषय-सुखेच्छाबाट चित्तलाई हटाएर नित्यानन्द-स्वरूप आत्मामै लगेर निश्चल गराउँदछ त्यस दशामा उसलाई बाह्य क्षणिक सुखको आवश्यकता रहँदैन, ऊ आत्मसुखले नै तृप्त भएको हुन्छ । किनभने आत्मतत्त्व-साक्षात्कार भएपछि प्रमाण, विपर्यय, विकल्प, निद्रा, स्मृति यी पाँचै वृत्तिहरू हराउँदछन् । यिनको अभाव भएपछि यसभित्रका काम-संकल्पादि वृत्तिहरू पनि स्वतः हराउने भए । यसरी वृत्ति-रहित केवल अन्तःकरणग्राह्य सुख नै आत्मसुख हो । यस विषयमा श्रुति प्रमाण छ—

यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः ।
अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समश्नुते ॥ (कठ उ० ६-१४)

जब साधक योगीका हृदयमा रहेका समस्त कामनाहरू छुट्दछन् अनि त्यसले अमृत (ब्रह्मभाव) पाउँदछ, यस अवस्थामा पुग्योभने जो पनि स्थितप्रज्ञ हुन्छ ॥ ५५ ॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

अन्वयार्थः

दुःखेषु	=	दुखःमा	वीतरागभयक्रोधः	=	प्रीति-भय-क्रोध-देखि रहित
अनुद्विग्नमनाः	=	मन खिन्न नपार्ने	स्थितधीः	=	स्थितप्रज्ञ
सुखेषु	=	सुखमा	मुनिः	=	मुनि
विगतस्पृहः	=	आसक्तिरहित	उच्यते	=	कहिन्छ

सरलार्थ

जसको मन दुःखमा व्याकुल हुँदैन, सुखमा आसक्त हुँदैन औ जो प्रीति, डर, रिस यी सबबाट छुटको छ, त्यो स्थितप्रज्ञ-मुनि कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

(५६–५७) यी दुई श्लोक "स्थितधीः किं प्रभाषेत" यो दोश्रो प्रश्नका उत्तर हुन् । जहाँसम्म प्रारब्ध कर्म छ त्यहाँसम्म आध्यात्मिक, आधिभौतिक, आधिदैविक यी तीन प्रकारका दुःखहरू भैरहन्छन् । अज्ञानी मनुष्य यी दुःखप्रवाहमा परेर आत्तिन्छन्, तर जसको प्रज्ञा (बुद्धि) आत्मामा स्थित छ ती योगी दुःख-सुखलाई केवल मनका धर्म ठानेर अधीर हुँदैनन् । उनिहरूलाई दुःख हुँदैन भन्ने कुरा होइन, दुःख ता अवस्य हुन्छ ; किन्तु दुःख-सुखको रहस्य बुझेका हुनाले दुःखमा व्याकुल हुँदैनन् । एवंप्रकार आत्मानन्दमा मग्न हुनाले सुखमा लालायित हुँदैनन् । देहमा 'अहम्' बुद्धि र धन-परिवारमा ममत्वबुद्धि जहाँसम्म रहन्छ तहीं-सम्म भय रहन्छ । स्थित प्रज्ञमा यी दुवै हुँदैनन्, त्यस कारण ऊ निर्भय हुन्छ । यस्ता प्रकारले स्थितप्रज्ञ मुनि दुःखमा धीर, विषयमा अनासक्त, न्यायमा निर्भय, अपराधीमा अक्रोध भएर व्युत्थान काल (समाधिरहित व्यावहारिक अवस्था) मा सबैसँग बोलचाल, व्यवहार गर्दछ ॥ ५६ ॥

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

अन्वयार्थः

यः	=	जो	न अभिनन्दति	=	न आनन्द मान्दछ
सर्वत्र	=	सबै विषयमा	न द्वेष्टि	=	न द्वेष गर्दछ
अनभिस्नेहः	=	असङ्ग छ	तस्य	=	त्यसको
तत् तत्	=	त्यो-त्यो	प्रज्ञा	=	बुद्धि
शुभाशुभम्	=	शुभाशुभलाई	प्रतिष्ठिता	=	स्थिर भएको छ
प्राप्य	=	पाएर			

सरलार्थ

जो कुनै विषयमा पनि आसक्त छैन तथा असल कुरा मिलेर हर्ष र खराब कुरा मिलेर द्वेष पनि गर्दैन त्यो 'स्थितप्रज्ञ' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

अनुकूल विषय मिलेमा हर्षले फुल्ने, प्रतिकूल परेमा दुःखले अधीर हुने स्वभाव चञ्चल चित्त भएका अज्ञानीको हो, किन्तु जसको पहिलेदेखि नै परस्पर विरोधी द्वन्द्व-पदार्थमा सम देख्ने अभ्यास दृढ भएर परिपक्व भएको छ तिनीहरू भनेजस्तो विषय मिलेमा आनन्दले लट्ठ पनि हुँदैनन्, प्रतिकूल परेमा द्वेषले दग्ध पनि हुँदैनन् अर्थात् सुख-दुःखलाई समबुद्धिले भोग्दछन्; यही स्थितप्रज्ञ मुनिको आचार-व्यवहार हो ॥५७॥

तृतीय प्रश्नको उत्तर (५८-६३)—

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

अन्वयार्थः

यदा	=	जब	इन्द्रियार्थेभ्यः	=	इन्द्रियका विषयहरूबाट
अयम्	=	योगी	इन्द्रियाणि	=	इन्द्रियहरूलाई
कूर्मः	=	कछुवाले	संहरते	=	खिच्दछ
सर्वशः	=	चारैतिरबाट	तस्य	=	त्यसको
अङ्गानि इव	=	आफ्ना अङ्गहरूलाई झैं	प्रज्ञा	=	बुद्धि
			प्रतिष्ठता	=	स्थिर भएको हुन्छ

सरलार्थ

कछुवाले चारैतिरबाट हात-खुट्टा खुम्च्याए झैं योगीले जब शब्द-स्पर्शादि विषयबाट आफ्ना इन्द्रियहरूलाई खिच्दछ अनि त्यसको बुद्धि स्थिर भएको छ भनी जान्नु ॥

तात्पर्य

जसको चित्त चञ्चल हुन्छ त्यसका इन्द्रियहरू बहिर्मुख हुन्छन् । यस स्थितप्रज्ञ योगीको चित्त अन्तर्मुख भएकोले यसका इन्द्रिहरू पनि स्वभावैले आफ्ना २ विषयबाट छुटेर अन्तर्मुख भएका हुन्छन् । यसमा कछुवाको दृष्टान्त दिएको छ । य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सैको नाम प्रत्याहार हो। जस्तै—"इन्द्रियाणां स्वस्वविषयेभ्यः प्रत्याहरणं प्रत्याहारः"—इन्द्रियहरूलाई आफ्ना-आफ्ना विषयबाट फर्काउनु 'प्रत्याहार' हो। तर यो बुझ्नुपर्ने कुरा छ कि साधकहरूको प्रत्याहार प्रयत्नजन्य हुन्छ, स्थितप्रज्ञ योगीको स्वाभाविक हुन्छ ॥५८॥

किन्तु केवल बाहिरबाट इन्द्रिय रोकेरमात्रै विषयको आत्यन्तिक निवृत्ति हुँदैन, किनकि—

विषया विनिवर्तन्ते निराहारस्य देहिनः।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

अन्वयार्थः

निराहास्य	=	निराहारी	अस्य	=	स्थितप्रज्ञको
देहिनः	=	पुरुषका	रसः अपि	=	राग पनि
रसवर्जम्	=	रागलाई छोडेर	परम्	=	परतत्त्वलाई
विषयाः	=	विषयहरू	दृष्ट्वा	=	देखेर
विनिवर्तन्ते	=	छुट्दछन्	निवर्तते	=	छुट्दछ

सरलार्थ

कुनै कारणले अनशन गर्ने व्यक्तिका विषयहरू छुटे तापनि रस अर्थात् भित्री इच्छा या वासना छुटेको हुँदैन, परन्तु ब्रह्मको अनुभव भएपछि वासना पनि छुट्दछ।

तात्पर्य

खान-पानले इन्द्रियमा तेज बढ्दछ, निराहारले सो तेज घट्दछ, इन्द्रिय शिथिल हुन्छन्; अनि आफ्ना-आफ्ना विषयको सेवन गर्न पनि सक्तैनन् र विषय छुटे जस्तै देखिन्छ। तर यस्ता रीतले विषय छुट्नु कुनै स्थायी उपाय होइन, केवल २-४ दिनका निम्ति मात्र हो। फेरि अन्नको रस शरीरमा पर्ना साथ क्रमशः इन्द्रियमा तेज बढ्दै जान्छ, पछि इन्द्रिय पूर्ववत् हुन्छन्। कारण के भने जहाँसम्म हृदयमा रहेका रस अर्थात् विषय-वासनाहरू छुट्दैनन् त्यहाँसम्म इन्द्रियनिरोधका बाह्य उपायहरू पूर्णतः सफल हुनसक्तैनन्। विषयवासनाको समूल उच्छेद ब्रह्मतत्त्वको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुभव (परमात्माको ज्ञान) नभएसम्म हुँदैन। वास्तमा स्थितप्रज्ञ पनि ब्रह्मतत्त्वको साक्षात्कार भएपछि मात्र हुन्छ। अतएव स्थितप्रज्ञ मुनिको रस (सूक्ष्म विषय-संस्कार) ब्रह्मज्ञानले बाधित भएको हुनाले उसका उदार एवं विशाल हृदयमा समस्त अनर्थ तथा स्वार्थको मूल विषय-चाहना हुँदैन। अतः निराहारको बदला युक्ताहारद्वारा बुद्धिलाई निर्मल गराएर ब्रह्मतत्त्वसाक्षात्कारमा अग्रसर हुनु मनुष्यको पहिलो कर्तव्य हो। भोक-भौकै शरीरलाई सुकाएर हाडछाला पारी कठोर तपस्या गराउने गीताको अभिप्राय छैन, किन्तु युक्ताहार-विहारद्वारा अध्यात्मतत्त्वका उच्च-शिखरमा चढाउने उद्देश्य छ (१७-५, ६।६-१६, १)॥ ५९ ॥

इन्द्रियस्वभाव—

यततो ह्यपि कौन्तेय ! पुरुषस्य विपश्चितः।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः॥६०॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	प्रमाथीनि	=	बलवान्
यततः	=	यत्न गर्ने	इन्द्रियाणि	=	इन्द्रियहरू
विपश्चितः	=	विद्वान्	प्रसभम्	=	बलपूर्वक
पुरुषस्य अपि	=	पुरुषको पनि	हरन्ति	=	हर्दछन्
मनः	=	मनलाई	हि	=	यो कुरा प्रसिद्ध छ

सरलार्थ

हे अर्जुन ! यत्नशील विद्वान् पुरुषको मनलाई पनि बलवान् इन्द्रियहरू जबर्जस्ति खिंचेर विषयमा लगेर फँसाइदिन्छन्, यो कुरा प्रसिद्ध छ। (यस कुरामा जैमिनी, पराशर, विश्वामित्र तथा सौभरी आदि ऋषिहरूको कथा प्रसिद्ध छ)।

तात्पर्य

इन्द्रियहरू यस्ता जबर्जस्त छन्, कस्तै पढेलेखेको विद्वान्, विवेक विचार भएको योगाभ्यासी किन नहोस्, उन्मत्त घोडाले सवारलाई कुमार्गमा लगे झैं उसको मनलाई जबर्जस्ति विषयतिर फर्काइदिन्छन्; यसैले श्रीमद्भागवतमा लेखिएको छ—

मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत्।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमा, बैनी, छोरी भए तापनि उनीहरूका साथ धेरै दिनसम्म एकान्तमा दुई जना मात्र न बस्नु, किनकि इन्द्रियको फौज अति बलवान् छ, विद्वान्हरूलाई पनि तानेर आफ्नो बसमा गराउँदछ। त्यस कारण सबै शास्त्रकारहरूले इन्द्रियलाई आफ्ना शत्रु भनेका छन्—'के शत्रवः सन्ति निजेन्द्रियाणि'—शत्रु को हुन् ? आफ्नै इन्द्रियहरू (प्रश्नोत्तरी)। यस विषयमा भारविकविको पनि उक्ति छ—

जीयन्तां दुर्जया देहे रिपवश्चक्षुरादयः।
जितेषु तेषु लोकोऽयं ननु कृत्स्नस्त्वया जितः॥
(किरात ११-३२)

तिमीले देहमा रहेका दुर्जय शत्रुहरूलाई जितः यिनीहरूलाई जितेपछि सबैलाई जितेको ठहर्नेछ। तर केवल कोरा विचारले इन्द्रियदमन गर्नथाल्यो भने त्यसको विजय पूर्व श्लोकमा बताए बमोजिम क्षणिकमात्र हुन्छ, अन्तमा त्यसले पराजितै हुनपर्दछ। किनकि केवल बाहिरी दबाब स्थायी हुँदैन, जहाँसम्म चित्तमा विषय-वासनाहरू रहन्छन् त्यहाँसम्म चित्त चंचल भैरहन्छ, जहाँसम्म चित्त चञ्चल रहन्छ त्यहाँसम्म इन्द्रियहरू बहिर्मुख भैरहन्छन्, वशमा हुँदैनन्। अतएव चतुर व्यक्तिले पहिले नै इन्द्रियका उपर जबर्जस्ति नगरिकन पहिले समत्वबुद्धियोगको अभ्यासद्वारा क्रमशः चित्तलाई अनासक्त गराएर आत्मतत्त्वसाक्षात्कारमा लगाओस्। आत्मतत्त्वसाक्षात्कार भएपछि विषय-वासनाहरू स्वयं छुट्दछन्, विषय-वासना छुटेपछि चित्त स्वयं शान्त हुन्छ, चित्त शान्त भएपछि इन्द्रियहरू आफैं-आफ चञ्चल हुनछोड्दछन् (स्वाधीन हुन्छन्)। तात्पर्य यो हो कि इन्द्रियहरू चित्तानुगामी हुन्छन् अर्थात् चित्तको इसारा नपाई कदापि चल्दैनन्। अतः इन्द्रिय वस गर्नलाई चित्तको विषय-संस्कार छुटाउनु, चित्तको विषय संस्कार छुटाउनलाई आत्मतत्त्वसाक्षात्कार गर्नु, आत्मतत्त्वसाक्षात्कार गर्नलाई समत्वयोगको अभ्यास गर्नु प्रधान कर्तव्य हो औ यही आत्यन्तिक कल्याणको निर्विघ्न र रम्य पन्था हो ॥६०॥

अतएव—

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता॥६१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

युक्तः	=	योगी	यस्य	=	जसका
तानि	=	ती	इन्द्रियाणी	=	इन्द्रियहरू
सर्वाणि	=	सबै इन्द्रियलाई	वशे	=	वशमा छन्
संयम्य	=	वश गरेर	तस्य	=	त्यसको
मत्परः	=	ममा परायण	प्रज्ञा	=	बुद्धि
आसीत	=	रहोस्	प्रतिष्ठिता	=	स्थिर भएको हुन्छ
हि	=	किनभने			

सरलार्थ

योगी पहिले तो सबै इन्द्रियलाई वश गरेर मत्परायण रहोस्, किनकि जसका इन्द्रिय वशीभूत छन् त्यसैको बुद्धि स्थिर हुन्छ।

तात्पर्य

इन्द्रियहरू लुटाहा जस्ता छन्, त्यस कारण योगीले विशेष प्रयत्नका साथ इन्द्रियनिग्रह गरेर भगवान् वासुदेवपरायण भएर रहोस्, किनकि 'न वासुदेवभक्तानामशुभंविद्यते क्वचित्'-वासुदेवपरायण भक्तलाई कुनै विघ्नहरू हुँदैनन्। जस्तै लोकमा बलियाको आड लिएर शत्रुहरूलाई जित्नसकिन्छ, त्यस्तै भगवान्को आश्रय लिएर इन्द्रियनिग्रह गर्नसकिन्छ। वास्तवमा "रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते" यसको जुन् तात्पर्य हो त्यही यसको हो। फरक केवल त्यहाँ ज्ञानमार्गका ढङ्गबाट, यहाँ भक्तिरसका प्रणालीबाट बताइएको छ। भगवान् लाई नै सर्वोत्कृष्ट प्राप्य वस्तु तथा सर्वाधार मानेर मन-कर्म-वचनबाट भगवान्कै सेवामा तत्पर रहनु 'मत्पर' शब्दको अर्थ हो। जस्तै मन्मना भव (१८-६५।९-३४) 'मत्कर्मकुरु' (११-५५)। अतः भगवान्को आश्रयमा रहेर जसका इन्द्रिय स्वयं निगृहीत भएका छन् त्यही स्थितप्रज्ञ हो। भगवान्को आश्रयमा रहेर इन्द्रिय निग्रह गर्ने प्रयत्नशील कुनै भक्तको उक्ति छ—

मदन परिहर स्थितिं मदीये
मनसि मुकुन्दपदारविन्दधाम्नि
हरनयनकृशानुना कृशोऽसि
स्मरसि न चक्रपराक्रमं मुरारेः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे काम ! भगवान्‌को चरणकमल रहने ठाउँ मेरो हृदयलाई छोड्दे । शंकर-का आँखाबाट निस्केका अग्निका ज्वालाले त्यो दशा (अनङ्ग = अङ्गहीन) भैरहेछ, फेरि भगवान् मुरारिको सुदर्शनचक्रको फेला पर्लास् ॥ ६१ ॥

इन्द्रियनिरोध छन् भने मन चञ्चल भए पनि के हानि छ ? यसको उत्तर–

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्संजायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥
क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

अन्वयार्थः

विषयान्	=	विषयहरूलाई	अभिजायते	=	उत्पन्न हुन्छ
ध्यायतः	=	चिन्तन गर्ने	क्रोधात्	=	क्रोधबाट
पुसः	=	पुरुषको	सम्मोहः	=	अविवेक
तेषु	=	विषयहरूमा	भवति	=	हुन्छ
संगः	=	आसक्ति	सम्मोहात्	=	अविवेकबाट
उपजायते	=	उत्पन्न हुन्छ	स्मृतिविभ्रमः	=	स्मृतिभ्रम
संगात्	=	आसक्तिबाट	स्मृतिभ्रंशात्	=	स्मृतिभ्रमबाट
कामः	=	कामना	बुद्धिनाशः	=	बुद्धिको नाश
संजायये	=	उत्पन्न हुन्छ	बुद्धिनाशात्	=	बुद्धिनाशबाट
कामात्	=	कामनाबाट	प्रणश्यति	=	सबै नाश हुन्छ
क्रोधः	=	क्रोध			

सरलार्थ

बारम्बार विषय चिन्तन गर्ने पुरुषको त्यस विषयमा वासना उत्पन्न हुन्छ, वासनाबाट शास्त्रशिक्षाको विस्मृति, विस्मृतिबाट बुद्धिनाश, बुद्धिनाश भएपछि सर्वनाश हुन्छ ॥

तात्पर्य

कोही एउटा चित्त निरोध गर्ने विचारशील साधकको उक्ति छ ।

काम ! जानामि ते मूलं सङ्कल्पात्किल जायसे ।
न त्वां सङ्कल्पयिष्यामि समूलो न भविष्यसि ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे काम ! तेरो मूललाई म जान्दछु—जहाँबाट तेरो उत्पत्ति भएको छ । तँ अवश्य पनि संकल्पबाट पैदा भएको छस्—तेरो मूल 'संकल्प' हो । म 'संकल्प' गर्दिन । संकल्प नगरेपछि तँ आँफै निर्मूल हुनेछस् । अतः सङ्कल्पत्यागद्वारा काम, कामत्यागद्वारा क्रोधादिमा विजय पाउनुपर्दछ । किन्तु जो यस पद्धतिलाई छोडेर केवल विषय चिन्तनमै मग्न रहन्छ त्यसको परिणाम बहुतै भीषण हुन्छ । जुन् कुराको सधैं दर्शन, स्पर्शन, चिन्तन भैरहन्छ, त्यसैको संस्कार या वासना चित्तमा अङ्कित हुन्छ । कालान्तरमा यही वासना दृढ हुँदै गएपछि यसबाट कहिल्यै तृप्त नहुने भयङ्कर कामरूपी शत्रुको जन्म हुन्छ । यही काममा कुनै किसिमको बाधा पर्नगयो भने क्रोध उत्पन्न हुन्छ । व्यवहारमा देखिन्छ कि आँफूलाई मन लागेको कुरा गर्न नपाए जो पनि रिसाउँछ । क्रोधावस्थामा मनुष्यलाई यो गर्ने यो नगर्ने भन्ने केहि ख्याल रँहदैन, सभ्यता बिर्सेर मनपरि बोल्दछ, ज्यान लिन र दिन समेत पनि तयार हुन्छ । यसैको नाम मोह या अविवेक हो—जसको उत्पत्ति क्रोधबाट भएको छ । मोह एउटा सन्निपातज्वर जस्तै हो । यसबाट बँच्न गाहारो छ । मोह भएपछि तुरुन्तै अधिदेखि शास्त्र र आचार्यबाट पाएका सबै शिक्षाहरू बिर्सिन्छन् । यसैले जतिसुकै शिक्षित व्यक्ति पनि प्रबल दुर्वासनाहरूलाई संयम गर्ने अध्यात्मशिक्षा पाएको छैन भने समय-समयमा क्रोधको सिकार भएर मूर्खको जस्तै आचरण गर्नथाल्दछ, यो प्रत्यक्ष सबैले देखेका छन् । यति भएपछि बुद्धि अर्थात् अन्तःकरणको विचार शक्ति पनि नाश हुन्छ । कुन् कर्तव्य हो, कुन् अकर्तव्य, उसले यो विचार गर्नै सक्तैन । यसैले उचित मार्गलाई छोडेर अनुचित मार्गमा कदम राख्न संकोच गर्दैन । विचारशक्ति नै मनुष्यमा मनुष्यत्व हो, यो नभएपछि त्यसलाई नर-पशु भने पनि हुन्छ । यसरी विषय-चिन्तनका माथिल्ला सिंढीबाट खस्दै-खस्दै बुद्धिनाशका अन्तिम सिंढीमा आइपुग्दा उसको सर्वनाश भैसक्दछ, मनुष्य कहलाउन लायक रहँदैन । यही सर्वनाश 'प्रणश्यति' शब्दको अर्थ हो, मृत्यु होइन, तर यो मृत्युभन्दा कम पनि होइन; किनकि पुरुषार्थहीन हुनु जिउँदै मर्नु हो । गीताका भाष्यकार शङ्करले प्रश्नोत्तरीमा भन्नुभएको छ—'जीवन्मृतः कोऽस्तु निरुद्यमो यः'—जिउँदै मरेको को हो ? जो उद्योग-हीन छ । असंयमीको यस्तो दुरवस्था हुन्छ—जसको फेरि उद्धार हुने आशा रहँदैन ॥६२–६३॥

चतुर्थ प्रश्नको उत्तर—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

अन्वयार्थः

विधेयात्मा	=	स्वाधीन चित्त भएको पुरुष	इन्द्रियैः	=	इन्द्रियद्वारा
रागद्वेष_वियुक्तैः	=	रागद्वेषरहित	विषयान्	=	विषयहरूलाई
आत्मवश्यैः	=	आफ्ना अधीनमा भएका	चरन्	=	भोगेर
			प्रसादम्	=	प्रसन्नतालाई
			अधिगच्छति	=	पाउँदछ

सरलार्थ

आफ्नू अन्तःकरणलाई वशमा गरेको योगी रागद्वेषरहित भएर स्वाधीन भएका इन्द्रियद्वारा विषयलाई भोगे पनि शान्तिजन्य सात्त्विक प्रसन्नता पाउँछ ।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

अन्वयार्थः

प्रसादे	=	चित्तप्रसन्न भएपछि	हि	=	किनभने
अस्य	=	योगीको	प्रसन्नचेतसः	=	प्रसन्नचित्त योगीको
सर्वदुःखानाम्	=	सम्पूर्ण दुःखको	बुद्धिः	=	बुद्धि
हानिः	=	नाश	आशु	=	चाँडै
उपजायते	=	हुन्छ	पर्यवतिष्ठिते	=	स्थिर हुन्छ

सरलार्थ

चित्तमा सात्त्विक प्रसन्नताको उदय भएपछि योगीका समस्त दुःखहरू नाश हुन्छन्, किनभने जसको चित्त प्रसन्न छ उसको बुद्धि आत्मामा चाँडै स्थिर हुन्छ ।

तात्पर्य

यी दुई श्लोक स्थिर बुद्धि भएका पुरुषको कस्तो आचरण हुन्छ ? यस प्रश्नका उत्तर हुन् । यस उत्तम स्थितिमा योगी हरू दुई मार्गबाट जान्छन्, ती मार्ग हुन्—ज्ञा-

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नयोग औ कर्मयोग। जो ज्ञानयोग-मार्गबाट पुगेका छन् उनका निमित्त कर्तव्य शेष रहेको हुँदैन 'तस्य कार्यं न विद्यते' (३-१७), किन्तु जो कर्मयोग-मार्गबाट यस स्थितिमा आउँछन् उनमा कर्मको वेग रहेकै हुन्छ—जस्तै कुमालेको चक्रमा दण्ड झिकेपछि पनि दण्डको वेग रहेकै हुन्छ र घुमि रहन्छ। यद्यपि ज्ञानयोगमार्गबाट सिद्धावस्थामा पुगेका ज्ञाननिष्ठयोगीले पनि लोक-संग्रहकर्म गरेको देखिन्छ, तथापि उनीहरू प्रारब्धवेगले या ईश्वरेच्छाद्वारा प्रेरित भएर लोकहितकर्म गर्दछन्, कर्तव्यशेष उनका तरफबाट रहेको हुँदैन। जो कर्मयोगमार्गबाट गएका छन् तिनको आफ्ना निम्ति कर्तव्य शेष नरहे तापनि परार्थ कर्तव्य शेष रहेकै हुन्छ (३-२५)। यसैले उनीहरू लोक-संग्रहलाई कर्तव्य शेष मानेर गर्दछन्—जस्तै जनकादि। यिनीहरू सम्पूर्ण कर्म गरेर पनि त्यस २ कर्ममा अनासक्त हुनाले तो कर्मका बन्धनमा बाँधिदैनन्। वास्तवमा रागद्वेषै बन्धनका मुख्य कारणहरू हुन्, कर्म हाइनन्। रागद्वेष नभएपछि चित्त स्वभावैले स्थिर हुन्छ। यस्ता स्थिर चित्त भएका योगीहरू आवश्यकतानुसार इन्द्रियले विषयसेवन गरे तापनि त्यसका शुभाशुभ फलद्वारा बद्ध हुँदैनन्, सात्त्विक चित्त-प्रसादलाई नै पाउँछन्। योगीका विशाल हृदयमा जो गम्भीर आह्लादजनक शान्ति हो त्यसैको नाम चित्त-प्रसाद हो। यो सुख रजस्तमोरहित भएपछि शान्त तथा निष्पाप चित्तमा ब्रह्मभूत योगीलाई मिल्दछ (६-२)—जसद्वारा समस्त दुःखको समूल उच्छेद हुन्छ ॥६४-६५॥

यस श्लोकमा विरुद्ध शब्दद्वारा उपर्युक्त विषयलाई नै भन्नुभएको छ—

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥

अन्वयार्थः

अयुक्तस्य	=	अयोगीको	अभावयतः	=	भावना नगर्नेको
बुद्धिः	=	बुद्धि	शान्तिः च	=	शान्ति पनि
नास्ति	=	हुँदैन	न	=	हुँदैन
अयुक्तस्य	=	अयोगीको	अशान्तस्य	=	शान्तिरहितलाई
भावना च	=	भावना पनि	सुखम्	=	सुख
न	=	हुँदैन	कुतः ?	=	कहाँ ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

योगयुक्त नभएका पुरुषलाई आत्मविषयिणी बुद्धि तथा त्यस विषयको भावना (दृढनिष्ठा) दुवै हुँदैनन्, जसलाई भावना छैन त्यसलाई शान्ति हुँदैन, जसलाई शान्ति नै छैन भने त्यसलाई सुख कहाँबाट होला ?

तात्पर्य

जसका इन्द्रिय अन्तःकरण वशीभूत छैनन् त्यस्ता बहिर्मुख व्यक्ति हरूलाई आत्मविषयिणी साम्य बुद्धिको उदय कदापि हुँदैन। यस्तो अशुद्ध एवं अजित चित्तमा आत्मविषक भावना पनि रहँदैन। जहाँ आत्मभावना छैन त्यहाँ शान्ति कसरी होला ! किनकि बिना शान्ति सुख हुँदैन।

यद्यपि संसारमा सबै सुख-शान्तिकै पिपासु छन्, तथापि यस्ता किसिमको आत्मप्रसादजन्य असीम सुख-शान्तिको द्वार 'योग'-लाई नपाएर क्षणिक विषय-सुखमै लागि रहन्छन्। अन्तमा यसको परिणाम यो हुन्छ कि—विषय भोगका साथै सुखेच्छा झन् २ प्रबल भएर बढ्दै जान्छ र सुखभोगको मात्रा झन् २ कम हुँदै जान्छ ; किनकि सुखभोग उसैको नाम हो जसबाट सुखेच्छाको पूर्ति होस्। किन्तु जहाँसम्म आत्मानन्द मिल्दैन, त्यहाँसम्म विषयका लेशसुखबाट सुखेच्छाको पूर्ति हुँदैन ॥६६॥

अयुक्त पुरुषको दुर्दशा वर्णन गर्दै यस प्रकरणको उपसंहार गर्नुहुन्छ—

इन्द्रियाणां हि चरतां यन्मनोऽनु विधीयते।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

अन्वयार्थः

हि	=	किनभने	वायुः	=	हावाले
चरताम्	=	विषयमा जाने	अम्भसि	=	जलमा
इन्द्रियाणाम्	=	इन्द्रियहरूको	नावम् इव	=	नौकालाई झैं
यत्	=	जो	अस्य	=	यस पुरुषको
मनः	=	मन	प्रज्ञाम्	=	बुद्धिलाई
अनुविधीयते	=	पछि लाग्दछ	हरति	=	खिच्दछ
तत्	=	त्यस मनले			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

विषयमा दौडने इन्द्रियहरूका पछि-पछि मन जो लाग्दछ त्यसले पानि-माथिको डुँगालाई बतासले उडाए झैं पुरुषको बुद्धिलाई उडाइदिन्छ ।

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

अन्वयार्थः

तस्मात्	=	त्यसकारण	सर्वशः	=	चारैतिरबाट
महाबाहो !	=	हे वीर अर्जुन !	निगृहीतानि	=	रोकिएका छन्
यस्य	=	जसका	तस्य	=	त्यसको
इन्द्रियाणि	=	इन्द्रियहरू	प्रज्ञा	=	बुद्धि
इन्द्रियार्थेभ्यः	=	इन्द्रियका विषयबाट	प्रतिष्ठिता	=	स्थिरभएको छ

सरलार्थ

त्यस कारण हे महाबाहो ? जसका सबै इन्द्रियहरू त्यस-त्यस विषयबाट रोकि-एका छन् त्यसैको बुद्धि स्थिर भएको बुझ्नु ॥

तात्पर्य

मनलाई योग-युक्त गराएर इन्द्रियद्वारा अनिसिद्ध विषयको सेवन गर्नु नै इन्द्रियनिरोध हो (२–६४), इन्द्रियलाई जबर्जस्ति गर्नु होइन । जसरी हातमा लगाम लिएपछि घोडा बाटो छोडेर यताउती भाग्नसक्तैन, ठीक त्यस्तै समत्व-बुद्धिका सारथ्यमा मनरूपी लगाम द्वारा नियन्त्रित इन्द्रियरूपी घोडाहरू कुमार्ग-गामी हुनसक्तैनन् । यही गीतोक्त इन्द्रियनिरोध हो, केवल दमन होइन (३-६-७) । एवं प्रकार जसका इन्द्रिय सुसंयत छैनन्, त्यस्ता इन्द्रियका पछि मन लाग्यो भने समुद्रमा तूफान चलेका बेलामा नौकाको जुन् दशा हुन्छ त्यही दशा त्यसका बुद्धिको हुन्छ अर्थात् अन्तःकरणरूपी जलमा रहेको विवेकबुद्धिरूपी नौकालाई मनरूपी तूफानी वायुले उडाएर गहन विषयसमुद्रमा लगेर डुबाइदिन्छ या कुनै चट्टानमा ठक्कर ख्वाएर सत्यानाश गराइदिन्छ । अतः जो धीर योगीले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन सहित समस्त इन्द्रियलाई आत्मवश गरेको छ, त्यसैको बुद्धि स्थिर भएको बुझनुपर्दछ। यस्तै स्थितप्रज्ञलाई आत्मप्रसादजन्य अनन्त आनन्द तथा आत्मसाक्षात्कार भएको हुन्छ। 'महाबाहो' यस सम्बोधनबाट अर्जुन शत्रुविजयमा कुशल हुनाले इन्द्रिय-शत्रुविजयमा पनि कुशल हुनेछन् भन्ने सूचित हुन्छ॥६७-६८॥

एवं प्रकार संयत इन्द्रिय भएका योगीको स्थिति यस्तो हुन्छ—

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

अन्वयार्थः

या	=	जो	यस्याम्	=	जसमा
सर्वभूतानाम्	=	सम्पूर्ण प्राणीको	भूतानि	=	प्राणीहरू
			जाग्रति	=	जाग्दछन्
निशा	=	रात्रि हो	पश्यतः	=	आत्मदर्शी
तस्याम्	=	त्यसमा	मुनेः	=	मुनिको
संयमी	=	जितेन्द्रिययोगी	सा	=	त्यो
जागर्त्ति	=	जाग्दछ	निशा	=	रात्रि हो

सरलार्थ

जो सम्पूर्ण प्राणीको रात हो त्यो संयमी पुरुषको दिन हो, जो सम्पूर्ण प्राणीको दिन हो त्यो तत्त्वदर्शी मुनिको रात हो।

तात्पर्य

रात्रिमा अन्धकार हुन्छ, अन्धकार अज्ञान हो। दिनमा उज्यालो हुन्छ, उज्यालो ज्ञान हो। एउटाको रात अर्कोलाई दिन हुन्छ, दिन रात। ठीक लाटाकोस्याराको र कागको उखान जस्तो छ। यसैको नाम विरोधाभास अलङ्कार हो। यही उदाहरण राखेर यस श्लोकको उद्धरण सुरेश्वराचार्यजीले बृहदारण्यक वार्तिकमा दिनुभएको छ जस्तै—

"कारकव्यवहारे हि शुद्धं वस्तु न वीक्षते।
शुद्धे वस्तुनि सिद्धे च कारकव्यापृतिस्तथा॥
काकोलूक निशेवायं संसारोऽज्ञात्मवेदिनः।
या निशा सर्वभूतानामित्यवोचत्स्वयं हरिः॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जहाँसम्म अहङ्कारादि कारक व्यवहार रहन्छ त्यहाँसम्म शुद्ध वस्तु देखिंदैन। शुद्ध वस्तु सिद्ध भएपछि पनि कारक व्यापार रहँदैन। अतः यो संसार ज्ञानी र अज्ञानीका निम्ति काग र लाटाकोस्याराको जस्तै छ। यो कुरा स्वयं भगवान्‌ले 'या निशा सर्वभूतानाम्' इत्यादि वचनले भन्नुभयो।

तात्पर्य के भने कागका निम्ति जुन् रात हो त्यही लाटाकोस्याराको दिन हो, किनकि त्यो दिनभरि कहीं लुकिरहन्छ, रात परेपछि मात्र निस्कन्छ। एवंप्रकार आत्मतत्त्वका विषयमा योगीहरू जागिरहेकै हुन्छन्, तर अज्ञानीका निम्ति त्यो वस्तु अज्ञान-अन्धकारले छोपिएको हुन्छ। यसैले उनीहरू त्यस विषयमा रातमा झैं सुतिरहन्छन्। एवं रीतले अज्ञानीहरू विषयकामनामा जागिरहेका हुन्छन्, किन्तु योगीका निम्ति त्यो अज्ञानजन्य व्यवहार अन्धकारमय छ अर्थात् निष्प्रयोजन छ; त्यस कारण त्यस विषयमा सुतेजत्तिकै छन्। तात्पर्य के भने—जुन् कुरामा अज्ञानीहरू लिप्त भएका हुन्छन् त्यसमा योगी विरक्त हुन्छ, जुन् कुरामा योगी तत्पर रहन्छ त्यसमा भोगीहरू पराङ्मुख हुन्छन्। यही योगी र भोगीको विचारभेद हो। विचार-अनुसारै आचार हुन्छ। अतएव कर्मयोगका उच्चशिखरमा पुगेका योगीको लोकव्यवहार र भोगासक्त स्वार्थीहरूको लोकव्यवहारमा महान् अन्तर देखाउनलाई नै दिन र रातको उदाहरण दिएको छ। अब योगी र भोगीको आचार-व्यवहारमा कति फरक छ? भनेर कसैले सोध्यो भने 'रात र दिनको फरक छ' भन्नसकिन्छ ॥३९॥

स्थितप्रज्ञ योगीको स्थिति—

आपूर्यमाणमचलप्रतिष्ठं
समुद्रमापः प्रविशन्ति यद्वत्।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ॥७०॥

अन्वयार्थः

यद्वत्	=	जसरी	अचलप्रतिष्ठम्	=	निश्चल मर्यादा भएको
आपूर्यमाणम्	=	चारैतिरका पानीले परिपूर्ण	समुद्रम्	=	समुद्रमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपः	=	नद-नद्यादिका जलहरू	सः	=	त्यसले
प्रविशन्ति	=	प्रवेश गर्दछन्	शान्तिम्	=	शान्तिलाई
तद्वत्	=	त्यस्तै	आप्नोति	=	पाउँदछ
सर्वे कामाः	=	समस्त कामनाहरू	कामकामी	=	विषयको इच्छा भएकोले
यम्	=	जसमा	न	=	पाउँदैन
प्रविशन्ति	=	प्रवेश गर्दछन्			

सरलार्थ

चारैतिरबाट आएका जलराशीद्वारा पानी भरिंदै रहेर पनि आफ्नू मर्यादा नछोड्ने समुद्रमा जसरी नद, नदी आदिका जलहरू प्रवेश गरेर लय हुन्छन्, त्यस्तै समुद्रवत् विशाल तथा गम्भीर योगीका हृदयमा समस्त कामना अर्थात् विषयहरू चित्तमा कुनै विकार उत्पन्न नगराइकन प्रवेश गर्दै विलाउँदै जान्छन्, त्यही योगीले साँचो शान्ति पाउँदछ, विषयाभिलाषी जीवलाई यो शान्ति मिल्दैन।

तात्पर्य

यस श्लोकमा स्थितप्रज्ञ योगीको शान्त हृदयको तुलना समुद्रका साथ भएको छ। आकाशबाट वर्षेको पानी पहिले पहाड आदिमा पर्दछ, त्यो पानी चारैतिरबाट झरेर खहरे खोलाहरू बेहिसाब सँग बढ्दछन्। यस्ता धेरै खहरेहरू स्थायी छहरामा मिसिएर छहराहरू नदीमा गएर मिसिन्छन्। नदीमा ठूलो भेल चल्दछ। साना २ नदी ठूला नदीमा गएर मिसिन्छन्। हिमालयका गङ्गा आदि नदी र ब्रह्मपुत्र, सिन्धु आदि नदहरू समुद्रगामी छन्, अरू यिनैका शाखा भएर समुद्रमा मिल्दछन्। समुद्रमा केवल यस हिमालयका मात्र नदीहरू मिल्ने होइनन्, किन्तु समस्त संसारका नद-नद्यादिको प्रवाह एउटै त्यसैमा गएर मिल्दछ। यसरी चारैतिरबाट नद-नद्यादिको जल र वर्षाको त्यत्रो भेल बराबर समुद्रमा गएकै छ, तथापि समुद्रले आफ्नू मर्यादा कहिल्यै छोड्दैन, आफ्नै स्वाभाविक स्थितिमा रहन्छ। भिन्न २ नदीहरू का जलमा बेग्ला-बेग्लै गुण-स्वाद-सुगन्ध पनि छ, त्यो र तिनका भिन्न २ नाम समेत् सबै समुद्रमा गएर मेटिन्छन्, तिनको केही पनि पृथक् अस्तित्व रहँदैन; किनभने विशाल समुद्रमा नदीहरूको केही पनि प्रभाव पर्दैन, उल्टो नदीहरूले नै समुद्रको रूप लिन्छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै किसिमको समुद्रवत् विशाल एवं गम्भीर स्थितप्रज्ञ योगीको हृदय हुन्छ। उनको शान्त हृदय खहरे जस्तै आफ्नू विषय मिल्ना साथ उम्लेर गड्कने र अलिकति प्रतिकूल पर्ना साथ स्याप्प सुक्ने हुँदैन। चारैतिरबाट छुटेका भिन्न २ विषयका अखण्ड धाराहरू उनका विशाल हृदय-समुद्रमा गएर लय हुन्छन्, त्यहाँ कुनै विकार (हर्ष-शोक तथा चञ्चलता) उत्पन्न गराउनसक्तैनन्, अझ उल्टो उनै उसका 'सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन'—यस विचाररूपी समुद्रका तरङ्गमा मिलेर सम हुन्छन्। वास्तवमा साँचो समबुद्धि भनेकै यही हो। यही निर्द्वन्द्वावस्था समत्व-बुद्धियोगको उच्चकोटिको स्थिति हो। यही कर्मयोगको अन्तिम मर्यादा हो। यिनै महात्माहरूले साँच्चैको शान्ति पाएका हुन्छन्। वास्तवमा यिनै साँचा महात्मा हुन्; किनकि यिनको आत्मा समुद्र जस्तै महान् छ। केवल कोरा बाह्य आचरण महात्मत्वको कारण हुँदैन, महात्मा बन्नलाई आत्मालाई नै महान् बनाउनपर्दछ। यसरी जसले आफ्नू आत्मा (अन्तःकरण) या अन्तरात्मालाई विशाल (विषयका विषम वातावरणले अप्रभावित) बनाएको छ, त्यो जुन्सुकै वर्गको गृहस्थ या अगृहस्थ जे भए पनि महात्मा हो, त्यो शाश्वत शान्तिको भागी हो। अलिकति पानी पर्ना साथ अमर्यादित रूपले हिंड्ने र एक दिन पानी परेन भने सुक्ने खहरे खोला जस्तै क्षुद्र हृदय भएका विषयचञ्चल सकामी व्यक्तिहरूलाई यो शान्ति मिल्दैन ॥७०॥

अब यी दुई श्लोकले स्थितप्रज्ञको सर्वोत्तमावस्था औ फल-वर्णन भएर अन्तिम प्रश्न—'व्रजेत् किम्' यसको उपसंहार हुन्छ--

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ॥७१॥

अन्वयार्थः

यः	=	जो	निर्ममः	=	ममतारहित
पुमान्	=	पुरुष	निरहंकारः	=	अहंकाररहित
सर्वान्	=	सबै	चरति	=	व्यवहार गर्दछ
कामान्	=	कामानाहरूलाई	सः	=	त्यो
विहाय	=	त्यागेर	शान्तिम्	=	शान्तिलाई
निस्पृहः	=	लाल्चारहित	अधिगच्छति	=	पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जो पुरुष समस्त कामनाहरूलाई त्यागेर औ विषयासक्ति, ममता, तथा अहङ्कारदेखि रहित भएर व्यवहार गर्दछ त्यसले शान्ति पाउँदछ ।

एषा ब्राह्मी स्थितिः पार्थ ! नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे सांख्ययोगो नाम द्वितीयोऽध्यायः ॥ २ ॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन	न विमुह्यति	=	मोहित हुँदैन
एषा	=	यो	अस्याम्	=	यसमा
ब्राह्मी	=	ब्रह्मविषयक	स्थित्वा	=	रहेर
स्थितिः	=	अवस्था हो	ब्रह्मनिर्वाणम्	=	निर्वाणब्रह्मलाई
एनाम्	=	यसलाई	अधिगच्छति	=	पाउँदछ
प्राप्य	=	पाएर			

सरलार्थ

हे अर्जुन ! स्थितप्रज्ञको यो अवस्था ब्राह्मी स्थिति अर्थात् ब्रह्म-निष्ठा हो । यसलाई पाएपछि फेरि कोही पनि मोहमा पर्दैन औ अन्तकालमा पनि यो स्थिति रह्यो भने निर्वाणब्रह्मलाई पाउँदछ ।

तात्पर्य

यी श्लोकमा स्थितप्रज्ञ पुरुषको कस्तो व्यवहार हुन्छ ? यस अन्तिम प्रश्नको उत्तररूपमा अध्यात्मपक्षको विश्वकल्याणकारी व्यावहारिक नीति देखाएको छ । संसारमा सबैको माग के छ भने—'शान्ति', किनकि जहाँ शान्ति छ त्यहाँ सुख छ, जहाँ शान्ति छैन त्यहाँ सुख छैन । सुखको मूल शान्ति हो, दुःखको मूल अशान्ति हो । कसैले ठानेका छन् कि—भौतिक उन्नति भएपछि शान्ति हुन्छ, तर यो भ्रम हो । यद्यपि आर्थिक दृष्टिबाट भौतिक उन्नति महत्त्वको कुरो हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथापि साथै आध्यात्मिक उन्नति जहाँतक हुँदैन त्यहाँसम्म शान्तिको आशा गर्नु व्यर्थ छ। शान्ति भन्ने वस्तु कहींबाट प्राप्त गर्नुपर्ने या कुनै आविस्कारकको आविस्कार पनि होइन, किन्तु यो स्वयंसिद्ध (स्वाभाविक) आध्यात्मिक गुण हो। जहाँसम्म सबैका हृदयमा आध्यात्मिक गुणको विकाश हुँदैन त्यहाँसम्म हजारौं उपायले हजारौं वर्ष प्रयत्न गरे पनि शान्ति हुँदैन, किनकि शान्ति सबैका हृदयमा पहिलेदेखि नै रहेको हुन्छ, तर बाहिरको आन्दोलित वातावरणले प्रायः भङ्ग भइरहन्छ।

शान्तिस्थापनको निम्ति प्रत्येक प्राणीका हृदयमा यी तीन आध्यात्मिक गुणको विकाश हुनु अत्यन्त आवश्यक छ—(१) निस्पृहा (२) निर्ममता (३) निरहङ्कार।

(१) निस्पृहा (समस्त कामनाको त्याग)—विषयको अभिलाषा 'कामना' हो, कामनामा कुनै बाधा परेपछि क्रोध उत्पन्न हुन्छ, (२-६३) क्रोध अशान्तिको घर हो—जसको परिणाम बहुतै खराब छ। जो निष्कामी हुन्छ त्यो निस्वार्थी पनि हुन्छ, यो कुरा प्रसिद्ध छ। त्यस कारण कामना र स्वार्थभावना एक आश्रयमा रहने परस्पर सापेक्ष वस्तु हुन्। अतएव कामनामा बाधा पर्नुको अर्थ स्वार्थमा धक्का लाग्नु हो। स्वार्थमा धक्का लागेपछि प्राणीमात्रलाई रिस उठ्दछ। जुन् उपायले भए पनि आफ्नै सुख-शान्तिको ध्येय राख्नु स्वार्थ भावना हो। यही विचार सबैले गर्दछन्, अनि परस्परको स्वार्थमा धक्का लागेपछि संसारमा खिचा-तान भइरहन्छ, शान्ति कसैलाई पनि हुँदैन। यो दुर्भावना त्यागेर सबैको समानसुखमा सुख मान्नु निस्वार्थ भावना हो औ यही निस्पृहता हो।

(२) निर्ममता—मनुष्य आफ्नू घर, धन, माल, तथा कुटुम्बलाई मात्र आफ्नू ठान्दछ। यसभन्दा अलि उच्च विचार भएको व्यक्ति आफ्नू गाउँसम्मलाई आफ्नू ठानेर त्यसको उन्नति गर्नचाहन्छ। यसभन्दा पनि अझ उच्च विचार भएको व्यक्तिले आँफू बसेको जिल्लालाई समेत आफ्नू ठानेर त्यहाँ रहेका सबै जनताको हित गर्नचाहन्छ। अझ यसभन्दा पनि माथिल्ला तहका विचारमा पुगेको मनुष्य आफ्नू समस्त प्रान्तको हित गर्नचाहन्छ। अझ यसभन्दा पनि एक तह चढेपछि आफ्नू समस्त देशलाई हित गर्ने भावना उत्पन्न हुन्छ। यसभन्दा पनि पर जनहित विचारको सर्वोच्च तहमा पुगेको 'स्थितप्रज्ञ' योगी हो। उसले समस्तविश्वलाई नै आफ्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घर-परिवार मान्दछ, जस्तै 'उदारचरितानान्तु वसुधैव कुटुम्बकम् (महोप. ६-७१) उदार चरित्र भएका पुरुषहरूको संसारै कुटुम्बसमान हुन्छ। अतएव उसले समस्त विश्वका प्राणीहरूको[1] समानरूपले हित गर्नचाहन्छ। आफ्नू देश या विश्वका धेरैजसो प्राणीलाई धेरै सुख होस् भन्ने भावना भौतिक विचारधारा हो। यसमा अल्पसङ्ख्यक वर्गले दुःख पाए पनि त्यसको वास्ता हुँदैन। यसैले यस्तो समाज-रचना सर्वाङ्गपूर्ण मानिंदैन। यसको विपरीत सबैलाई समान सुख हुनपर्छ भन्ने विचार अध्यात्मपक्षमा हुन्छ। हाम्रा पूर्वज महर्षिहरूको पुकार 'सर्वे भवन्तु सुखिनः' यस्तो थियो। यसैको नाम विश्व-बन्धुव्यवहार या भ्रातृभाव हो। विश्वका समस्त जनमा भ्रातृभाव राख्नु मानवसभ्यता हो। यसो नगरेर केवल देश, जिल्ला, प्रान्त, गाउँ या आफ्नू कुटुम्ब-परिवारलाई मात्र आफ्नो ठान्नु ममता हो। विश्वका समस्त जनसमुदायलाई आफ्नै सहोदर भाइ मान्नु निर्ममता हो—जसको वर्तमान कालमा अत्यन्तै आवश्यकता छ। यद्यपि ममताको अर्थ हो—मेरो भन्ने भाव, तथापि जुन् ममताबाट दोष उत्पन्न हुन्छ त्यसको त्याग यहाँ अपेक्षित छ। त्यस कारण विश्वमाथि भएको ममता निर्दोष हुनाले निर्मता नै हो ; किनकि आफ्नू देशसम्ममा भएको ममतामा आफ्नू देश र अर्काको देश भन्ने दोष रहेकै हुन्छ, तर विश्व-ममतामा यो दोष हुँदैन। अन्तःकरणका इच्छा, द्वेष, ममता आदि स्वाभाविक धर्महरूलाई स्वार्थ-साधनमा लगाएर दुरुपयोग गर्नु दोष हो, परार्थमा लगाएर सदुपयोग गर्नु गुण हो। दोष त्याज्य छ, गुण ग्राह्य छ।

(३) निरहङ्कार—कोही प्रशंसनीय काम गरेर मैले यस्तो काम गरें भनेर आँफूलाई खुब ठूलो मान्नु अथवा आँफूलाई गुणी, मानी, विद्वान्, धनी इत्यादि ठानेर गर्वले फुलिरहनु या समाजलाई कुनै आर्थिक, नैतिक सुधारको बाटो देखाएर आँफूमा नेतापनाको घमण्ड हुनु अहङ्कार हो, यो नहुनु निरहङ्कार हो। अहङ्कारले पतन हुन्छ। राजा नहुषले स्वर्गमा गएर अहङ्कार गर्दा उनको स्वर्गबाट पतन भएको थियो। राजा ययातिको पनि आफ्नू पुण्यकर्मको घमण्डले तत्काल स्वर्गबाट पतन भएको थियो। अम्बरिष राजाका साम्ने दुर्वासाले ज्यादा घमण्ड गर्दा १ वर्ष सम्म दुःख पाए। नारदले 'म तपस्वी हुँ' भन्ने अभिमान गर्दा तिनको पनि मानमर्दन भयो। दुर्योधनले अहङ्कार गर्दा कौरवकुलको सत्यानाश भयो। राव-

१ 'प्राणी' भन्नाले सासफेर्ने जति सबै।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

णले अहङ्कार गर्दा लङ्काको पतन भयो। त्रिशङ्कुले अभिमान गर्दा आकाशमै उभिएडो भई झुण्डिइरहनुपऱ्यो। सहस्रबाहु कार्तवीर्यका अहङ्कारले क्षत्रिय-कुलको नाश भयो, इत्यादि।

एवंप्रकार कर्मयोगका उच्चशिखरमा पुगेका स्थितप्रज्ञ योगीको व्यवहार विश्वकल्याणका निम्ति हुन्छ। उनको आफ्नू स्वार्थ र ममता विश्वका साथ अभिन्न भएको हुनाले ती समस्त विश्वलाई नै आफ्नू ठान्दछन्, विश्वहित नै उन-को स्वार्थ हो। ठूला २ काम गरेर पनि अध्यात्मविचारबाट कर्तापनाको अभिमान छुटेको हुनाले 'मैले यस्तो गरें' भनेर उनी भन्दैनन्, भित्र त्यसको अहङ्कार पनि हुँदैन। एवंप्रकार विश्वका साथ अभिन्नात्मा महात्मा नै सर्वोपरि श्रेष्ठ योगि-राज हुन् (६–३२), यही विश्वहित स्थितप्रज्ञ योगीको व्यवहार हो, यसैको नाम ब्राह्मी स्थिति हो ; किनकि यसमा सर्वत्र ब्रह्मदृष्टि हुन्छ। यस स्थितिलाई पाएपछि स्पृहा, ममता, तथा अहङ्कारादि मोह (परार्थभन्दा स्वार्थ ठूलो देख्नू, आफ्ना कुटुम्ब-परिवारलाईमात्र 'मेरा' भनेर देख्नु, देहलाई लिएर म हुँ भन्नु) रहनपाउँ-दैन—जस्तै सूर्य उदाएपछि अन्धकार रहनपाउँदैन। यो स्थिति अर्थात् अवस्था देहको अन्तकालमा पनि रह्यो भने निर्वाण ब्रह्मलाई पाउँछ, किनकि जुन् २ भाव अन्तकालमा रहन्छ, त्यो त्यही २ भावमा पुग्दछ (८–६)। यही ब्राह्मी स्थिति कर्मयोग र ज्ञानयोगको अन्तिम भूमि हो ॥७१–७२॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये साङ्ख्य-योग
नाम गरेको दोस्रो अध्याय समाप्त भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

तेस्रो अध्याय

कर्म, उपासना तथा ज्ञान यी तीन, गीताका प्रधान विषय हुन्। उद्देश्य अनुसारको विषय हुन्छ। उद्देश्य के छ भने अर्जुनको शोक-मोह हटाएर उनलाई युद्धमा प्रवृत्त गराउनु। गीताका यी तीनै विषयबाट यही उद्देश्य पूर्ण गर्ने चेष्टा भएको छ। गत अध्याय यी सबै विषयको मूल स्रोत हो। जस्तैः—पहिले सांख्य अर्थात् ज्ञानयोगका युक्तिबाट 'अशोच्यान्, (२-११) वेदाविनाशिनम्' (२-२१) इत्यादिले 'आत्मा अजर-अमर छ, त्यसका निम्ति शोक गर्नुपर्दैन, मार्ने-मर्ने दुवै क्रिया झुट्टा हुन्, अतएव स्वधर्मयुद्धमा प्रवृत्त हुनैपर्दछ भन्ने कुरा सिद्ध हुन्छ। यसको विस्तृत विवेचन तृतीयकाण्ड (अ १३—देखि १८ सम्म) मा हुनेछ। यसपछि 'योगस्थः कुरु कर्माणि' इत्यादिद्वारा कर्मयोगका युक्तिबाट पनि 'समत्वबुद्धिपूर्वक कर्तव्यपरायण व्यक्ति पाप-पुण्यबाट निर्लिप्त हुन्छ; अतः सुख-दुःख, हर्ष-शोकादिलाई त्यागेर अर्जुनले युद्धमा प्रवृत्त हुनैपर्दछ; यहीकुरा सिद्ध हुन्छ। यस-कर्मयोगको विशेष विवेचन प्रथमकाण्ड (अ० १ देखि ६) सम्म हुनेछ। फेरि उपासना या भक्तिमार्गका युक्तिबाट पनि समस्त कर्मको फल परमेश्वरलाई अर्पण गरेपछि कर्ता पाप-पुण्यबाट लिप्त हुँदैन (५-१०) आफ्नू२ कर्मद्वारा परमेश्वरकै आराधना गरेपछि सबैलाई यथोचित सिद्धि मिल्दछ (१८-४६)। अतः अर्जुनले पनि फल परमेश्वरलाई अर्पण गरेर आफ्नू कर्तव्यलाई पनि परमेश्वरकै आराधनारूप ठानेर युद्धमा प्रवृत्त हुनैपर्दछ भन्ने सिद्ध हुन्छ—जसको विवेचन पछि मध्यमकाण्ड (अ० ७ देखि १२ सम्म) मा हुनेछ। यही अर्थगर्भित कुरा द्वितीयाध्यायका "युक्त आसीत मत्परः" यस वाक्यद्वारा सूचित भएको छ।

अब यस अध्यायायको पूर्वसङ्गति यो छ—भगवान्ले पहिले समत्वबुद्धि नै योग हो (२-४८) भनेर फेरि समत्वबुद्धिभन्दा कर्म साहै निकृष्ट छ भनेर अर्जुनलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'कर्मण्येवाधिकारस्ते' तिम्रो कर्मैमा अधिकार छ (२-४७) भन्नुभयो। पछि अन्ततक समत्वबुद्धिद्वारा प्राप्त स्थिप्रज्ञको उच्च स्थितिको प्रशंसा गर्दै यस प्रकरणको उपसंहार गर्नुभयो। यसबाट अर्जुनलाई संशय भयो कि—आखिर समत्वबुद्धि नै श्रेष्ठ हो भने त्यसैका निम्ति उद्योग गर्न मनासिब पर्ला ! यो हिंसाप्रचुर घोर कर्म किन गर्नु ! यही अभिप्रायले अर्जुन सोध्छन्—

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ! ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ! ॥ १ ॥

अन्वयार्थः

जनार्दन !	=	हे जनार्दन !	तत्	=	त्यसो भए
चेत्	=	यदि	केशव !	=	हे केशव !
कर्मणः	=	कर्मभन्दा	घोरे	=	हिंसात्मक
बुद्धिः	=	समत्वबुद्धि	कर्मणि	=	कर्ममा
ते	=	तपाईंको विचारमा	माम्	=	मलाई
ज्यायसी	=	श्रेष्ठ	किम्	=	किन
मता	=	मानिएको छ	नियोजयसि	=	लगाउनुहुन्छ

सरलार्थ

हे जनार्दन ! यदि तपाईंको विचारमा कर्मभन्दा समत्वबुद्धि नै श्रेष्ठ छ भने हे केशव ! मलाई यो हिंसात्मक घोर कर्ममा किन लगाउनुहुन्छ ?

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

अन्वयार्थः

व्यामिश्रेण इव	=	मिसिए जस्ता	मोहयसि इव	=	मोह गराए झैं गर्नुहुन्छ
वाक्येन	=	वचनले			
मे	=	मेरो	तत्	=	त्यस कारण
बुद्धिम्	=	बुद्धिलाई	एकम्	=	एउटा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निश्चित्य	=	निश्चय गरेर	अहम्	=	म
वद	=	भन्नुहोस्	श्रेयः	=	कल्याणलाई
येन	=	जसद्वारा	आप्नुयाम्	=	पाऊँ

सरलार्थ

मिसिएका अर्थात् सन्दिग्ध जस्ता वचनले मेरो बुद्धिलाई अल्मल्याए झैं गर्नुहुन्छ। त्यस कारण तपाईं मलाई एउटा कुरा किटान गरेर भन्नुहोस्—जसद्वारा मेरो कल्याण होओस्।

तात्पर्य

अर्जुन भन्दछन्—"यदि सबैभन्दा सरल र श्रेष्ठ पन्था समत्वबुद्धि नै हो भने यो घोर कर्म किन गर्नु" ? किनकि हरेक विषम परिस्थितिमा विचारद्वारा सम देख्नु समत्वबुद्धि हो, यो विना ज्ञानको शरण नली सिद्ध हुन असंभव छ। अर्को कुरा—कर्म गरे पनि आखिर विना ज्ञान मुक्ति हुँदैन। स्थितप्रज्ञको ब्राह्मी स्थिति पनि त अज्ञानीले पाउने अवस्था होइन ! फेरि 'यावानर्थ उदपाने' (२-४६) 'आपूर्यमापामचल'(२-७०) 'रसोऽप्यस्य परं दृष्ट्वा' (२-५९) इत्यादिद्वारा ज्ञानको विशेष प्रशंसा भएको छ। यसरी मुखले स्पष्ट नभने पनि भगवान्का विचारमा सामान्य हेर्दा कर्मभन्दा ज्ञानैलाई श्रेष्ठमान्नुभए जस्तो देखिन्छ, कर्मको निकृष्टता त स्पष्टै मुखले भन्नुभएको छ (२-४९)। यति भएर पनि अर्जुनलाई तिम्रो कर्ममा अधिकार छ (२-४७) भन्ने आदेश मिलेको छ। यसैले घबडाएर अर्जुनले उपर्युक्त प्रश्न गरे।

वास्तवमा परम कारुणिक जगद्गुरु हुनाले र त्यसमा पनि मेरा उपर तपाईंको विशेष अनुग्रह हुनाले बुद्धि भ्रान्त गराएको होइन, तपाईंका वचन पनि सन्दिग्ध हुनसक्तैनन्, किन्तु यो सबै केवल मेरै बुद्धिको कमजोरि हो भन्ने अर्जुनका मनको भाव 'व्यामिश्रेण इव' 'मोहयसि इव' यी दुई ठाउँमा रहेका 'इव' शब्दले व्यक्त गरेका छन् ॥१-२॥

भगवान् ज्ञान र कर्मको अधिकार-भेद छुट्ट्याएर शङ्काको समाधान गर्नुहुन्छ—

श्रीभगवानुवाच

लोकेऽस्मिन्द्विविधानिष्ठा पुरा प्रोक्ता मयानघ ! ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अनघ !	=	हे निष्पाप अर्जुन !	ज्ञानयोगेन	=	ज्ञानयोग द्वारा
मया	=	मैले	योगिनाम्	=	कर्ममार्गी-हरूका लागि
पुरा	=	पहिले			
अस्मिन्	=	यस	कर्मयोगेन	=	कर्मयोगद्वारा
लोके	=	लोकमा	द्विविधा	=	दुई प्रकारको
साङ्ख्यानाम	=	ज्ञान-मार्गी-हरूका लागि	निष्ठा	=	निष्ठा
			प्रोक्ता	=	भने

सरलार्थ

श्री भगवान् भन्नुहुन्छ—हे निष्पाप अर्जुन ! मैले अघि (दोश्रो अध्यायमा) तिमीलाई सांख्यहरूका लागि ज्ञानयोगद्वारा, योगीहरूका लागि कर्मयोगद्वारा यस लोकमा दुई प्रकारका निष्ठा भनें ।

तात्पर्य

सृष्टिका आदिकालदेखि नै प्रवृत्ति र निवृत्ति दुई प्रकारका धर्महरू प्रचलित भएका छन्, जस्तै :—

द्वाविमावथ पन्थानौ यस्मिन्वेदाः प्रतिष्ठिताः ।
प्रवृत्तिलक्षणो धर्मो निवृत्तिश्च विभाषितः ॥
(म० भा० शा० २४०-६)

'द्विविधो हि वेदोक्तो धर्मः, प्रवृत्तिलक्षणो निवृत्तिलक्षणश्च'—(शां०भा० भूमिका) अर्थात् प्रवृत्ति र निवृत्तिरूप यी दुई वेदोक्त धर्म श्रेयप्राप्तिका निम्ति दुई मार्ग हुन् । समस्त कर्मलाई त्यागेर ज्ञानका अन्तरङ्ग साधन सम-दमादि र श्रवणादिको अभ्यासद्वारा आत्मानात्मविवेचनपट्टि लाग्नु निवृत्तिमार्ग हो, यसैलाई यहाँ ज्ञानयोग भनिएको छ । विहितकर्महरूलाई नत्यागिकन केवल तिनीहरूको फलाशा मात्र त्यागेर सुख-दुःख, लाभ अलाभ, जय-पराजय तथा सिद्धि-असिद्धि आदि सबमा समबुद्धि राख्नु प्रवृत्तिमार्ग हो, यसैलाई यहाँ कर्मयोग भनिएको छ । यी दुवै मार्ग क्रमशः ज्ञाननिष्ठा र कर्मनिष्ठाका साधन हुन् । यहाँ योग 'साधन' र निष्ठा 'साध्य' छ ; किनकि सिद्धावस्थाको स्थितिको नाम 'निष्ठा' हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान भएपछि समस्त कर्मलाई त्यागेर आत्मानन्दमैं निमग्न रहनु ज्ञाननिष्ठा हो, ज्ञान भएपछि पनि लोक संग्रहार्थकर्मलाई कर्तव्य बुद्धिले मरणपर्यन्त गरिरहनु कर्मनिष्ठा हो। शुक, सनक तथा याज्ञवल्क्यादि महात्माहरू ज्ञान-मार्गबाट ज्ञाननिष्ठामा पुगेका थिए, व्यास, वशिष्ठ तथा जनकादि महात्माहरू कर्ममार्गबाट कर्मनिष्ठामा पुगेका थिए। जुन् साधनावस्थामा 'मार्ग' हुन्छ, त्यही सिद्धावस्थामा 'निष्ठा' हुन्छ, यिनीहरूको मार्ग र निष्ठा भिन्न २ भए तापनि ज्ञान र मुक्तिमा केही पनि अन्तर हुँदैन। वस्तुतः दुवै मार्गको लक्ष्य र अन्तिम स्थिति एउटै हुन्छ (५-४,५)। गीताका अनुसार निष्ठा यिनै दुई मात्र छन्, भक्ति या उपासना केवल ज्ञानको साधन हो, स्वतन्त्र निष्ठा होइन ॥ ३ ॥

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

अन्वयार्थः

पुरुषः	=	मनुष्य	संन्यसनात् एव च	=	सम्पूर्ण कर्मको त्यागबाट पनि
कर्मणाम्	=	कर्महरूको	सिद्धिम्	=	सिद्धिलाई
अनारम्भात्	=	आरम्भ नगर्नाले	न समधिगच्छति	=	पाउँदैन
नैष्कर्म्यम्	=	निष्कर्मतालाई			
न अश्नुते	=	पाउँदैन			

सरलार्थ

कर्मको आरम्भ नगर्दैमा कसैलाई निष्कर्मता मिल्दैन औ केवल कर्मत्यागबाट पनि सिद्धि पाइँदैन।

तात्पर्य

'नैष्कर्म्य' उस अवस्थाको नाम हो—जुन् अवस्थामा आफ्नू निम्ति कुनै कर्मको पनि आवश्यकता रहँदैन, शरीरस्थितिका निम्ति या लोकसंग्रहका निम्ति जो जति कर्महरू हुन्छन् तीबाट पनि ऊ निर्लिप्त रहन्छ। वास्तवमा पूर्वाध्यायमा बताएको जो ब्राह्मी स्थिति हो त्यही नैष्कर्म्यसिद्धिको अवस्था हो। यो अवस्था कर्मको आरम्भ नगर्दैमा मिल्ने होइन, किन्तु कर्मको अनुष्ठानद्वारा नै मिल्दछ। अतएव कर्मशून्यता नै 'नैष्कर्म्य' हो, कर्मैं नगरेपछि नैष्कर्म्यसिद्धि स्वतः भइहाल्दछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने विचार एकदम भ्रान्त हो ; किनकि पहिले त जहाँसम्म शरीर रहन्छ, त्यहाँसम्म समस्त कर्मको त्याग हुनैसक्तैन । यो कुरा अग्रवर्ती श्लोकमै बताएको छ, दोश्रो—निष्काम कर्मद्वारा हुनुपर्ने चित्तशुद्धि नभई शुद्धचित्तद्वारा प्राप्य नैष्कर्म्यसिद्धि कसरी होला ? अतः कर्मलाई नत्यागी त्यसको फललाई मात्र त्याग्नु नै नैष्कर्म्यसिद्धिको सर्वोपरि सुगम पन्था हो ॥४॥

किनकि—

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

अन्वयार्थः

हि	=	किनभने	सर्वः	=	सबै
क्षणम् अपि	=	एक क्षण पनि	अवशः	=	परतन्त्र भएर
जातु	=	कदाचित्	प्रकृतिजैः	=	प्रकृतिबाट उत्पन्न
कश्चित्	=	कोही	गुणैः	=	गुणहरूद्वारा
अकर्मकृत्	=	कर्म नगरिकन	कर्म	=	कर्म
न तिष्ठति	=	रहँदैन	कार्यते हि	=	अवश्य गराइन्छ

सरलार्थ

किनभने कोही पनि प्राणी केही न केही चेष्टा नगरी एक छिन पनि चुप लागेर बस्नसक्तैन, प्रकृतिका गुणहरूले सबैलाई जबर्जस्ति कर्म गराएरै छोड्दछन् ।

तात्पर्य

सत्व, रज, तम यो तीन प्रकृतिका गुण हुन्, यिनै गुणका विकारद्वारा देह-इन्द्रिय-मनको [1]संघात बनेको छ । प्रकृति चल छ, त्यस कारण उसका गुणहरू पनि चल छन् । यसैले प्रकृतिका गुणवैषम्यद्वारा बनेको सृष्टि नै चल छ । यस हालतमा कुनै व्यक्तिले अचल-निष्क्रिय भएर रहन्छु भन्नु केवल मूर्खता मात्र हो । प्रकृतिका अधीनमा रहेर कर्म गरिने हुनाले कर्मशून्यता कदापि हुनसक्तैन ॥५॥

बाहिरी कर्मको त्याग 'निष्कर्मता' होइन—

१ समूह

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

अन्वयार्थः

यः	=	जो	स्मरन्	=	सम्झँदै
विमूढात्मा	=	मूढबुद्धि	आस्ते	=	रहन्छ
कर्मेन्द्रियाणि	=	कर्मेन्द्रियलाई	सः	=	त्यो
संयम्य	=	रोकेर	मिथ्याचारः	=	कपटाचार गर्ने
मनसा	=	मनले	उच्यते	=	कहिन्छ
इन्द्रियार्थान्	=	इन्द्रियका विषयलाई			

सरलार्थ

जो मूढ बुद्धि भएको पुरुष बाहिरबाट कर्मेन्द्रियलाई रोकेर मनले ज्ञानेन्द्रियका विषयलाई चिन्तन गरिरहन्छ त्यसले गरेको त्यो आचार मिथ्याचार हो ।

तात्पर्य

जसको चित्तबाट मलिन वासना गएको छैन उसले केवल अरूलाई सिद्धयाइँ देखाउनको निम्ति मात्र बाह्येन्द्रियका व्यापारलाई रोक्छ, यो उसको साँचो सदाचार होइन, स्वाङ् हो । प्रायः लोकमा देखिएको छ कि—कोही मौनी बनेर संयमी, कोही हात चढाएर तपस्वी, कोही आँखा चिम्लेर ध्यानी बनेका हुन्छन्, तर यिनका भित्र चित्तमा नाना कल्पनातरङ्ग चलिरहेकै हुन्छन्, अतएव यी ठग या [1]बकुल्लाभक्त हुन्, साँचा योगी तपस्वी होइनन् । यसको विपरीत मनलाई शुद्ध राखेर बाह्येन्द्रियलाई कर्ममा लगाउनेवाला साँचो योगी हो; यही कुरा अग्रवर्ती श्लोकमा बताइएको छ ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

अन्वयार्थः

तु	=	किन्तु	इन्द्रियाणि	=	इन्द्रियलाई
अर्जुन !	=	हे अर्जुन !	मनसा	=	मनले
य	=	जो	नियम्य	=	रोकेर

१. देखाउ नगरिकन कायशुद्धिको निम्ति तपस्या गर्नेलाई यो वचन लागु हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मेन्द्रियैः	=	कर्मेन्द्रियद्वारा	असक्तः	=	आसक्तिरहित
कर्मयोगम्	=	कर्मयोगलाई	सः	=	त्यो
आरभते	=	आरम्भ गर्दछ	विशिष्यते	=	श्रेष्ठ हुन्छ

सरलार्थ

किन्तु हे अर्जुन ! जो मनुष्य इन्द्रियलाई मनले रोकेर कर्मेन्द्रियद्वारा कर्मयोग गर्दछ, त्यो आसक्तिरहित व्यक्ति पूर्वश्लोकमा बताएकोभन्दा विशेष योग्यताको मानिन्छ ।

तात्पर्य

संसारका कुनै वस्तुमा बन्धन रहेको छैन, किन्तु त्यस २ विषयमा रहेको आसक्ति नै मुख्य बन्धन हो । अतएव श्रीभगवान्‌ले विवेकयुक्त मनले इन्द्रियलाई संयममा राखेर तिनै बाह्येन्द्रियद्वारा कर्म गर्नेलाई विशेष योग्य व्यक्ति मान्नुहुन्छ । एउटा बाह्येन्द्रियलाई रोकेर अन्तरिन्द्रियको व्यापार गर्नेवाला पुरुषार्थहीन हुन्छ, अर्को अन्तरिन्द्रियलाई रोकेर बहिरिन्द्रियद्वारा कर्म गर्नेवाला पुरुषार्थको भागी हुन्छ । यही कर्मयोगको आश्चर्यजनक महत्त्व छ । यही कुरा श्लोकमा रहेको 'तु' शब्दले बताउँछ ॥८॥

कर्म गर्नु र नगर्नुमा गर्नु नै श्रेष्ठ छ—

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

अन्वयार्थः

त्वम्	=	तिमी	कर्म	=	कर्म
नियतम्	=	तोकिएको	ज्यायः	=	श्रेष्ठ छ
कर्म	=	कर्म	अकर्मणः	=	कर्मरहित
कुरु	=	गर	ते	=	तिम्रो
हि	=	किनभने	शरीरयात्रा अपि च	=	शरीरनिर्वाह पनि
अकर्मणः	=	अकर्मभन्दा	न प्रसिद्ध्येत्	=	चल्ने छैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

तिमी आफ्नू कर्तव्य कर्म गर, किनकि कर्म नगर्नुभन्दा गर्नु असल छ । कर्म गरेनौ भने तिम्रो शरीरनिर्वाह पनि चल्ने छैन ।

तात्पर्य

यस श्लोकमा श्रीभगवान्‌ले कर्म गर्नु श्रेष्ठ छ कि नगर्नु श्रेष्ठ छ ? यी दुई समस्याको हल तुलनात्मक दृष्टिबाट गर्नुभएको छ । जस्तै कर्म नगर्नाले—खानु पिउनु, हिंड्नु, सुत्नु इत्यादि र यसका निम्ति चाहिने साधन-सम्पादन पनि हुँदैन—जुन कुरा शरीर रहुञ्जेल आवश्यक मात्र होइन, अनिवार्य चाहिन्छ । अर्को कुरा—गत पाँचौं श्लोकानुसार कर्मशून्य भएर कोही पनि रहननसक्ने हुनाले गर्दिन भने पनि शरीर रहुञ्जेल शारीरिक या व्यर्थ चेष्टारूप कर्महरू भई नै रहन्छन् । यस हालतमा केही गर्दिन भन्नु केवल व्यर्थको घमण्ड मात्र हो । फेरि मनुष्य संसारमा आउँदा केही न केही अधिकार साथमा लिएर नै आउँछ । अधिकार भएपछि उसको अधिकारानुसारको कर्तव्य पनि केही न केही अवश्य हुन्छ—जसलाई श्लोकमा 'नियत कर्म' भनेर बताइएको छ । अतः नियत कर्मलाई त्याग्ने व्यक्ति कर्तव्यहीन कहलाउँछ । कर्म गर्नाले यी आपत्ति र दोषहरू कुनै पनि हुँदैननन्, आफ्नू कर्तव्यपालन पनि हुन्छ, साथै लोकशिक्षा र जगत्को स्थिति समेत हुन्छ—जसद्वारा मनुष्य प्रकृतिसँग विरोध नगरी उसैका अनुकूल वातावरणमा क्रमशः उन्नति गर्दै अन्तमा परमश्रेयको भागी हुनसक्दछ ॥८॥

यज्ञार्थकर्म बन्धनका कारण हुँदैनन्—

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय ! मुक्तसङ्गः समाचर ॥९॥

अन्वयार्थः

यज्ञार्थात्	=	यज्ञका निम्ति	कौन्तेय !	=	हे अर्जुन !
कर्मणः	=	कर्मदेखि	तदर्थम्	=	यज्ञका निम्ति
अन्यत्र	=	अतिरिक्त	कर्म	=	कर्म
अयम्	=	यो	मुक्तसङ्गः	=	आसक्तिलाई छोडेर
लोकः	=	लोक	समाचर	=	गर
कर्मबन्धनः	=	कर्मद्वारा बाँधिन्छ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यज्ञका निम्ति गरिने कर्मबाहेक अरू कर्महरू मनुष्यलाई बन्धनका हेतु हुन्छन्। हे अर्जुन ! तिमी यज्ञका निम्ति गरिने कर्मलाई पनि आसक्ति त्यागेर गर।

तात्पर्य

यस श्लोकमा 'यज्ञ' शब्दको अर्थ केवल ज्योतिष्टोमादि श्रौत यज्ञ र ब्रह्मयज्ञादि स्मार्त यज्ञ मात्र होइन, किन्तु यहाँ 'यज्ञ' शब्द व्यापक अर्थमा प्रयुक्त भएको छ। मनुष्य जुन् देशकालप्रकृतिमा उत्पन्न हुन्छ,तदनुसार उसको अधिकारानुरूप जुन् कर्तव्य प्राप्त हुन्छ, त्यो समेत यज्ञ हो अर्थात् कर्तव्यपालनका निम्ति गरिने कर्म यज्ञार्थकर्म हो; यसैलाई पूर्व श्लोकमा 'नियतकर्म' भनेको छ। नियत भनेको तोकिनु हो ; जस्तै–कोही कार्यसंचालकले कुनै कर्मचारीलाई तिमीले यो काम यसरी गर्नु भनेर लगाइदिन्छ। यसरी आफ्नू अधिकारानुसार तोकिएको काम गर्ने व्यक्ति त्यस कामबाट भएको दोषको भागी कदापि हुँदैन। किनकि कामको जाति-नजाति परिणामको उत्तरदायित्व काममा नियुक्त गराउने सँचालककै उपर हुन्छ, अनुशासनमा रहेर काम गर्नेका उपर हुँदैन। अतएव अघि वैदिक कालमा यज्ञमा पशुको बध हुन्थ्यो तापनि यज्ञार्थ पशुबध 'बध' मानिदैनथ्यो। मनुस्मृतिमा पनि लेखिएको छ 'तस्माद्यज्ञे बधोऽबधः'—यज्ञमा गरेको पशुको बध 'बध' ठहरिंदैन (५–३९)। अर्जुनको प्रस्तुत युद्ध पनि यही किसिमको छ। किनकि 'यज्ञ' शब्दको व्यापक अर्थमा क्षत्रियोचित कर्तव्यको समेत समावेश हुन्छ। एवंप्रकार वैदिक कर्मकाण्ड (मीमांशा) का विचारबाट यज्ञार्थ कर्म यद्यपि अशुभ फललाई दिंदैनन्, तथापि स्वर्गादि शुभफललाई अवश्य दिन्छन्। यस फललाई पनि त्यागेपछि यही 'यज्ञार्थ कर्म' गीताको प्रतिपाद्य 'कर्मयोग' हुन्छ। यसैले श्लोकका उत्तरार्धमा भनिएको छ–यज्ञार्थ कर्मलाई पनि आसक्ति त्यागेर गर। वास्तवमा यज्ञार्थकर्म या नियतकर्मलाई नत्यागिकन केवल त्यसको फल मात्र त्याग्नु यही वैदिक कर्मकाण्डका अपेक्षा गीताको विशेषता हो। नियतकर्मको पद्धतिलाई नाघेर अथवा यज्ञार्थ भए तापनि फलासक्ति पूर्वक जे जति कर्म हुन्छन् ती सबै कर्म कर्तालाई शुभाशुभ फलद्वारा बाँध्दछन्। अतः फलासक्तिलाई त्यागेर नियत अथवा यज्ञार्थ कर्म गर्नु भन्ने संक्षिप्त तात्पर्य हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरू टोकाकार हरूले 'यज्ञो वै विष्णु.' यस श्रुतिअनुसार 'यज्ञ' शब्दको अर्थ 'परमेश्वर' मानेर यज्ञार्थकर्मको अर्थ 'परमेश्वरप्रीत्यर्थ' यस्तो मानेका छन् । कुरा त ठीक हो, तर प्रसङ्ग यहाँ कर्मयोगको छ, भक्तिको छैन । किनकि पूर्वश्लोकमा भगवान्ले अर्जुनलाई तिमी 'नियतकर्म गर' यस्तो भनेर यस श्लोकमा फेरि यज्ञार्थकर्म गर भन्नुभएको छ। नियतकर्म र यज्ञार्थकर्म बेग्ला-बेग्लै भए नियतकर्म गर्नु कि ? यज्ञार्थकर्म गर्नु ? यस्तो कर्मयोगका विषयमा वाक्यभेद हुन्छ । अर्को कुरा—अग्रवर्ती श्लोकमा पनि 'प्रजापतिले यज्ञ सहित प्रजावर्गलाई सृष्टि गरेर यज्ञको अनुष्ठान गर्ने आज्ञा दिनुभयो' भनेको छ । यहाँ पनि 'यज्ञ' शब्दले 'विष्णु' मानेका खण्डमा 'प्रजापतिले विष्णु सहित प्रजावर्गलाई उत्पन्न गर्नुभयो' यस्तो अनिष्ट अर्थ होला। त्यस कारण यहाँ कर्मयोगको प्रकरण हुनाले 'यज्ञ' शब्दले विहित या नियतकर्म नै लिन मनासिब छ ॥ ९ ॥

जगत्का साथ यज्ञको सम्बन्ध—

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

अन्वयार्थः

प्रजापतिः	=	ब्रह्माजीले	अनेन	=	यज्ञले
पुरा	=	पहिले	प्रसविष्यध्वम्	=	वृद्धिमा प्राप्त होऊ
सहयज्ञाः	=	यज्ञले सहित	एषः	=	यो यज्ञ
प्रजाः	=	प्रजाहरूलाई	वः	=	तिमीहरूलाई
सृष्ट्वा	=	सृष्टि गरेर	इष्टकामधुक्	=	अभीष्ट भोग दिने
उवाच	=	भन्नुभयो	अस्तु	=	होओस्

सरलार्थ

ब्रह्माजीले सृष्टिको आदिकालमा यज्ञले सहित प्रजावर्गलाई सृष्टि गरेर भन्नुभयो—तिमीहरू यस यज्ञद्वारा वृद्धिमा प्राप्त होऊ, यो यज्ञले तिमीहरूलाई चिताएको कुरा दिनेछ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

अन्वयार्थः

अनेन	=	यस यज्ञले	भावयन्तु	=	भावना गरून्
देवान्	=	देवताहरूलाई	परस्परं भावयन्तः	=	आपुस्मा भावना गर्दै
भावयतः	=	भावना गर			
ते	=	ती	परंश्रेयः	=	परम कल्याणलाई
देवाः	=	देवताहरू	अवाप्स्यथ	=	पाउनेछौ
वः	=	तिमीहरूलाई			

सरलार्थ

यज्ञले देवताहरूलाई खुसी गराऊ, देवताहरूले तिमीहरूलाई खुसी गराउनेछन् । यसरी परस्परमा भावना गरेर दुवैले परम कल्याण पाउनेछौ ॥

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

अन्वयार्थः

हि	=	किनभने	तैः	=	तिनीहरूले
यज्ञभाविताः	=	यज्ञद्वारा भावना गरिएका	दत्तान्	=	दिएको भोग
			एभ्यः	=	देवताहरूलाई
देवाः	=	देवताहरू	अप्रदाय	=	नदिकन
वः	=	तिमीहरूलाई	यः	=	जो
इष्टान्	=	इच्छित	भुङ्क्ते	=	भोग्दछ
भोगान्	=	भोगहरूलाई	सः	=	त्यो
दास्यन्ते	=	दिनेछन्	स्तेन एव	=	चोरै हो

सरलार्थ

किनकि यज्ञद्वारा खुसी भएका देवताहरू तिमीहरूलाई चिताएको कुरा दिनेछन् , तिनीहरूले दिएको त्यो भोग उनीहरूलाई अर्पण नगरी जो स्वयं भोग्दछ त्यो चोरै हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

अन्वयार्थः

यज्ञशिष्टाशिनः	=	यज्ञबाट बचेको खाने	पापाः	=	पापी
सन्तः	=	सज्जन	आत्मकारणात्	=	आफ्ना निम्ति
सर्वकिल्बिषैः	=	सम्पूर्ण पापबाट	पचन्ति	=	पकाउँदछन्
मुच्यन्ते	=	छुट्दछन्	ते	=	ती
तु	=	परन्तु	अघम्	=	पाप
ये	=	जो	भुञ्जते	=	खान्छन्

सरलार्थ

देवताहरूलाई अर्पण गरेर बचेको ग्रहण गर्ने व्यक्ति समस्त पापबाट छुट्दछन्, किन्तु जो पापीहरू केवल आफ्ना निम्ति पकाउँदछन् ती प्रत्यक्ष पापै खान्छन् ।

कर्मचक्र—

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

अन्वयार्थः

अन्नात्	=	अन्नबाट	यज्ञात्	=	यज्ञबाट
भूतानि	=	प्राणीहरू	पर्जन्यः	=	वृष्टि
भवन्ति	=	उत्पन्न हुन्छन्	भवति	=	उत्पन्न हुन्छ
पर्जन्यात्	=	वृष्टिबाट	यज्ञः	=	यज्ञ
अन्नसंभवः	=	अन्न उत्पन्न हुन्छ	कर्मसमुद्भवः	=	कर्मबाट उत्पन्न हुन्छ

सरलार्थ

अन्नबाट प्राणीहरू उत्पन्न हुन्छन्, अन्न वृष्टिबाट उत्पन्न हुन्छ, वृष्टि यज्ञबाट उत्पन्न हुन्छ, यज्ञ कर्मबाट उत्पन्न हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

अन्वयार्थः

कर्म	=	कर्म	तस्मात्	=	त्यस कारण
ब्रह्मोद्भवम्	=	प्रकृतिबाट उत्पन्न	सर्वगतम्	=	व्यापक
विद्धि	=	जान	ब्रह्म	=	प्रकृति
ब्रह्म	=	प्रकृति	नित्यम्	=	सदा
अक्षरसमुद्भवम्	=	परमात्माबाट उत्पन्न भएको छ	यज्ञे	=	यज्ञमा
			प्रतिष्ठितम्	=	रहेको छ

सरलार्थ

कर्म प्रकृतिबाट, प्रकृति परमात्माबाट उत्पन्नभए को छ । त्यस कारण व्यापक प्रकृति सदा यज्ञमा रहेको हुन्छ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ ! स जीवति ॥१६॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	न अनुवर्तयति	=	चलाउँदैन
एवम्	=	यस्ता प्रकारले	सः	=	त्यो
प्रवर्तिम्	=	चलाएको	अघायुः	=	पापी जीवन भएको
चक्रम्	=	चक्रलाई	इन्द्रियारामः	=	इन्द्रियलम्पट
यः	=	जो	मोघम्	=	व्यर्थै
इह	=	यस लोकमा	जीवति	=	बाँच्दछ

सरलार्थ

हे अर्जुन ! यस्ता प्रकारले जगत्हितका निम्ति परमेश्वरद्वारा चलाएको कर्मचक्रलाई यस लोकमा जसले अगाडि चलाउँदैन त्यसको आयु पापरूप हो, त्यस इन्द्रियलम्पटको जीवन व्यर्थ छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यी श्लोकमा भगवान्‌ले स्मार्त पञ्च महायज्ञलाई यज्ञका व्यापक अर्थमा समन्वय गर्नुभएको छ। धर्मशास्त्रमा पञ्चमहायज्ञको वर्णन यस्तो छ—

"अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्
होमो दैवो बलिर्भूतो नृयज्ञोऽतिथिपूजनम्"
(मनु० ३-७०)

पढ्नु-पढ़ाउनु ब्रह्मयज्ञ, पितृलाई तर्पण दिनु पितृयज्ञ, अग्निमा होम गर्नु दैवयज्ञ, विश्वका अज्ञात देवता तथा पशु-पन्छीहरूलाई आहारा दिनु भूतयज्ञ, आफ्नू घरमा अतिथिलाई भोजन गराउनु मनुष्ययज्ञ कहिन्छ। प्रतिदिन गर्नुपर्ने हुनाले यिनलाई 'नित्य कर्म' भनेको छ। मनुष्ययज्ञका प्रकरणमा गीता (३-१३) को जस्तै श्लोक मनुस्मृतिमा पनि छ—

"अघं स केवलं भुङ्क्ते यः पचत्यात्मकारणात्।
यज्ञशिष्टाशनं ह्येतत्सतामन्नं विधीयते ॥" (३-११८)

जसले केवल आफ्नू निम्ति मात्र पकाउँदछ त्यसले केवल पाप खान्छ। सज्जनका निम्ति यज्ञबाट बँचेको अर्थात् अतिथिहरूलाई ख्वाएर शेष रहेको अन्न खानु भन्ने शास्त्रले विधान गरेको छ। श्रुतिमा पनि लेखिएको छ—"केवलाघो भवति केवलादी" आँफै मात्र खाने पाप खानेवाला ठहरिन्छ अर्थात् उद्योग गरेर केवल स्वार्थको उद्देश्य राख्नु पाप हो। अतएव अर्को ठाउँमा मनुले भन्नुभएको छ—

"विघसाशी भवेन्नित्यं नित्यं वाऽमृतभोजनः।
विघसो भुक्तशेषं तु यज्ञशेषमथाऽमृतम् ॥" (३-२०५)

मनुष्य सदा विघस अथवा अमृतको भोजन गर्ने होस्। अतिथिले खाएर बँचेको विघस, श्रौतयज्ञबाट बँचेको (पुरोडास) अमृत कहिन्छ। दैवयज्ञ (होम) का विषयमा लेखिएको छ—'दैवे कर्मणि युक्तो हि बिभर्तीदं चराचरम्' (३-५७) होम कर्ममा लागेको मनुष्यले चराचरलाई धारण-पोषण गर्दछ। कसरी? भन्दा अगाडि लेखिएको छ—

"अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ॥ (३-७६)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निमा हवन गरिएको आहुतिको सूक्ष्म अंश सूर्यमण्डलमा गएर रहन्छ। कालान्तरमा त्यही आहुति वृष्टिरूपमा परिणत भएर वर्षाकालमा वर्षन्छ। वृष्टिबाट अन्न, अन्नबाट प्रजाहरू उत्पन्न हुन्छन्। आजकल वैज्ञानिक अन्वेषक हरूले वर्षा गराउने कृत्रिम उपाय समेत फेलापारेका छन्। होम पनि एउटा त्यस्तै किसिमको शास्त्रीय उपाय हो। किनकि ठूला २ यागका विशाल धूममा मेघमण्डलमा मिलेर जललाई आकर्षण गर्ने शक्ति हुन्छ। यी स्मार्त यज्ञ र दर्शपूर्णमासादि श्रौत यज्ञ तथा चारै वर्णका कर्महरू जगत्को धारण-पोषणका निम्ति सृष्टिकालमा प्रजाका साथ-साथै ब्रह्माले उत्पन्न गर्नुभएको हुनाले यज्ञका भित्र यी सबैको समावेश भएको छ। त्यस कारण युगानुसार जुन् काम गर्दा जगत्को धारण-पोषण राम्ररी हुन्छ त्यही यज्ञ हो, किनकि यज्ञचक्रको उद्देश्य नै जगत्को धारण-पोषण हो। मीमांशक-हरू प्रायः केवल स्वर्ग-साधक होमविशेषलाई मात्र यज्ञ मान्दछन्। प्राचीन कालदेखि यही संस्कार लोकमा परेको छ। यसैले यज्ञ भन्नासाथ सर्वसाधारण जनले विशेष विधिपूर्वक अग्निमा जौ, तिल तथा घिउ आदि द्रव्य होम्ने अर्थ मात्र ठान्दछन्। परापूर्वदेखि रूढी भएर चलेर आएको यज्ञको यस्तो संकीर्ण अर्थलाई गीताले सुधार गरेर (होमलाई पनि खण्डन नगरिकन) त्यागबुद्धिले गरिएका मनुष्य-का यावत् कर्तव्यमात्रको समावेश यज्ञका व्यापक अर्थमा गरेको छ तथा द्रव्ययज्ञ, योगयज्ञ, स्वाध्याययज्ञ (४।२४–३०) आदि तरह-तरहका यज्ञहरूको विधान गरेर आफ्नू लक्ष्य यही व्यापक अर्थतिर देखाएको छ। आखिर यज्ञका भेद अनगिन्ति नै भए तापनि यज्ञ मात्र कर्मसाध्य हुन्छन् अर्थात् हात-खुट्टा या बुद्धि नचलाई यज्ञ हुँदैन। कर्मको अर्थ हो—चेष्टा या क्रिया। प्राणी अन्नबाट, अन्न वृष्टिबाट, वृष्टि यज्ञबाट, यज्ञ कर्मबाट, कर्म प्रकृतिका गुणपरिणामबाट, प्रकृति अक्षर अर्थात् परमात्माबाट उत्पन्न भएको छ। श्वेताश्वर श्रुतिमा लेखिए-को छ 'यतः प्रसूता जगतः प्रसूतिः'—विश्वलाई पैदागर्ने प्रकृति जुन् परमात्माबाट पैदा भएको छ। यद्यपि प्रकृति अनादि छ, त्यस कारण उसलाई परमात्माबाट पैदा भएको मान्नु युक्तिविरुद्ध हो, तथापि परमात्माका सत्ताबाट प्रकाशित भए-को हुनाले श्रुतिले उत्पत्ति भएको भनेको हो। घट उत्पन्न भए झैं प्रकृति उत्पन्न भएको भन्ने श्रुतिको तात्पर्य होइन। यही प्रकृति समस्त जगत्को परिणामी उपा-दान कारण छ। यसैले आफ्नू कार्यमात्रमा प्रकृति सर्वगत (व्यापक) हुन्छ। यज्ञ पनि प्रकृतिकै कार्य हो। त्यस कारण यज्ञमा प्रकृति सदा रहेकै हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोही टीकाकारहरूले 'ब्रह्म' शब्दले 'वेद' लिएका छन्, कसैले प्रकृति । 'मम योनिर्महद्ब्रह्म'—भन्नुभएकोले 'ब्रह्म' शब्दले प्रकृति पनि लिनसकिन्छ । 'ब्रह्म'शब्दले वेद प्रसिद्ध छँदैछ, तर वेद सर्वव्यापक छैन, प्रकृति समस्त जगत्मा व्याप्त छ । यही अर्थसङ्गतिले 'ब्रह्म' शब्दको यहाँ पनि प्रकृति पक्ष नै लिइएको छ ।

यज्ञचक्र या कर्मचक्र शरीर निर्वाहका निम्ति र जगत्को स्थिति या धारण-पोषणका निम्ति अनासक्तिपूर्वक सबैले चलाउनैपर्छ । मनुष्य संसारमा आ-उँदा आफ्नू दायित्वलाई पनि साथै लिएर आएको हुन्छ, यही दायित्व पुरा गर्नु नै यज्ञ हो । यज्ञ कुनै मनुष्यको भार वस्तु होइन, किन्तु समाज-धारणका निम्ति आव-श्यकीय कर्तव्य हो । मनुष्यमात्रलाई समानरूपले प्राप्त भएको कर्तव्यलाई त्याग्नु श-ठता हो । यसैले यहाँ उसको जीवन पापमय र व्यर्थ बताएको छ । सबैले आफ्नू २ कर्तव्यपालन गर्नाले समाजको सामूहिक उन्नति हुन्छ । यस कार्यमा सहयोग न-दिएर केवल वढी लाभांशको मात्र व्यक्तिगत उपभोग गर्न खोज्ने मानिस समाजको भार मात्र होइन, शत्रु पनि हो । यसैले भगवान्ले भन्नुभएको छ— 'अघायुरिन्द्रियारामो मोघं पार्थ सजीवति ।' तथा 'नाऽयं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरु-सत्तम' । हे अर्जुन ! यज्ञहीन पुरुषको निम्ति यो लोक त छैन भने अरू कहाँबाट होला ? (४–३१) इत्यादि ॥१०-११-१२-१३-१४-१५-१६॥

पूर्वोक्त कर्मचक्रको जिम्मेवारि कुन् अवस्थामा पुगेपछि रहँदैन, यो कुरा यी दुई श्लोकमा बताइएको छ—

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

अन्वयार्थः

तु	=	किन्तु	आत्मनि एव च	=	तथा आत्मामै
यः	=	जो	सन्तुष्टः	=	सन्तुष्ट
मानवः	=	मनुष्य	स्यात्	=	होला
आत्मरतिः एव	=	आत्मामै प्रेम भएको	तस्य	=	त्यसको
			कार्यम्	=	कर्तव्य
आत्मतृप्तः च	=	आत्मामै तृप्त	न विद्यते	=	रहँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

परन्तु जो मानव केवल आत्मामै प्रेम भएको, आत्मामै तृप्त तथा आत्मामै सन्तुष्ट छ, त्यसको केही पनि कर्तव्य बाँकि रहेको हुँदैन ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

अन्वयार्थः

तस्य	=	आत्माराम पुरुषको	न	=	छैन
इह	=	यस लोकमा	अस्य	=	यसको
कृतेन	=	गर्नाले	सर्वभूतेषु	=	सम्पूर्ण प्राणीमा
अर्थः	=	प्रयोजन	कश्चित्	=	केही
न	=	छैन	अर्थव्यपाश्रयः च	=	प्रयोजन-सम्बन्ध पनि
अकृतेन एव	=	नगर्नाले पनि			
कश्चन	=	केही	न	=	छैन

सरलार्थ

आत्माराम पुरुषलाई कर्म गरेर लाभ हुने र नगरेर केही हानि हुने होइन, यसको सम्पूर्ण प्राणीमात्रसँग आफ्नू केही खास मतलब पनि हुँदैन ।

तात्पर्य

ज्ञानीले कर्म गर्नै हुँदैन भन्ने यो श्लोकको तात्पर्य होइन, किन्तु ज्ञानीलाई खास आफ्नू आत्मोद्धारका निम्ति कर्म गर्नुपर्दैन भन्ने मात्र हो, तसर्थ यस अवस्थामा पनि लोक-संग्रहार्थ कर्महरू हुनसक्दछन् । यो स्थिति कर्मयोग र ज्ञानयोग दुवै मार्गबाट मिल्दछ (५–५) । ज्ञान-मार्गबाट गएका ज्ञानीको आत्मरतिको अवस्था विशेष बढ्दै गएपछि कर्महरू स्वयं छुट्दछन् । यही अवस्थालाई लिएर यहाँ 'तस्य कार्यं नविद्यते' भनेको छ । ज्ञानीको कुन् अवस्थासम्म लोक-संग्रहार्थ कर्महरू हुन्छन् औ कुन् अवस्थामा पुगेपछि हुँदैनन् , यसको निर्णय योगवाशिष्ठमा बताएका साधनावस्थादेखि सिद्धावस्थासम्मका ज्ञानका सात भूमिकाको मननबाट हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानका सात भूमिका—

ज्ञानभूमिः शुभेच्छाख्या प्रथमा समुदाहृताः।
विचारणा द्वितीया स्यात् तृतीया तनुमानसा॥
सत्त्वापत्तिश्चतुर्थी स्यात्ततोऽसंशक्तिनामिका।
पदार्थाभाविनी षष्ठी सप्तमी तुर्यगा स्मृता॥

(१) शुभ इच्छा (२) सुविचारणा (३) तनुमानसा (४) सत्त्वापत्तिः (५) असंसक्तिः (६) पदार्थाभाविनी (७) तुर्यगा यी सात ज्ञानका भूमिका हुन्। जस्तो यीनीहरूको नाम छ त्यस्तै त्यस २ अवस्थामा काम हुन्छ। पहिलो शुभइच्छा अर्थात् असल इच्छा, यो ज्ञानको प्रथम भूमिका हो; किनभने कार्य प्रारम्भ गर्नुभन्दा पहिले संकल्प हुन्छ; असल कामका निम्ति भएको संकल्प शुभ संकल्प हो—यही शुभ इच्छा हो। यस अवस्थामा साधक शम-दमादि चार साधनले सम्पन्न भएको हुन्छ। दोश्रो भूमिका सुविचारणा हो, यसमा वेदान्त शास्त्रको श्रवण र मनन हुन्छ। तेस्रो तनुमानसामा मनलाई सूक्ष्म गराउने काम हुन्छ अर्थात् श्रवणमननद्वारा निश्चित भएका वस्तुमा चित्तको एकाकारवृत्ति (निदिध्यासन या ध्यान) हुन्छ। यी तीन भूमिका साधनरूप हुन्, यसबेला योगीले जगत्लाई भेदरूपले देखेको हुन्छ। यसैले यो अवस्था जाग्रत् कहिन्छ।

जस्तैः—

भूमिकात्रितयंत्वेतद्राम ! जाग्रदिति स्थितम्।
यथावद्भेदबुद्ध्येदं जगज्जाग्रति दृश्यते॥

यसपछि सत्त्वापत्ति, (तत्त्वसाक्षात्कार) फलरूप चौथो भूमिका कहिन्छ। यस अवस्थामा योगीलाई ब्रह्मका साथ आत्माको एकत्व-ज्ञान हुन्छ औ संसारलाई स्वप्न जस्तै देख्दछ।

जस्तैः—

अद्वैते स्थैर्यमायाते द्वैते प्रशममागते।
पश्यन्ति स्वप्नवल्लोकं चतुर्थीं भूमिकामिताः॥

अद्वैत स्थिर भएपछि सकल द्वैतजाल शान्त भएपछि चतुर्थ भूमिकामा आरूढ भएका योगीको दृष्टिमा जगत् स्वप्नतुल्य भान हुन्छ। यस अवस्थामा योगीको संज्ञा ब्रह्मवित् अर्थात् ब्रह्मज्ञानी हुन्छ। पाँचौं, छैटौं, सातौं यी तीन भूमिका जीव-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मुक्तिकै अवान्तर भेद हुन् । सविकल्प समाधिका अभ्यासले मन अधीनमा आइ-सकेपछि जो निर्विकल्प समाधिको अवस्था हो त्यही असंसक्ति नामक पञ्चम भूमिका हो, यही योगीको सुषुप्ति अवस्था कहिन्छ ।

जस्तैः—

पञ्चमीभूमिकामेत्य सुषुप्तिपदनामिकाम् ।
षष्ठीं गाढसुषुप्त्याख्यां क्रमात्पतति भूमिकाम् ॥

सुषुप्ति नाम गरेको पाँचौं भूमिकामा पुगेर अनि क्रमैले छैटौं गाढ सुषप्तिमा जान्छ । पाँचौं भूमिकामा योगीको नाम ब्रह्मविद्वर अर्थात् ब्रह्मज्ञानीमा श्रेष्ठ यस्तो हुन्छ । गी ४-३४ मा भगवान्‌ले बताएको तत्त्वदर्शी ज्ञानी यही भूमिकाको योगी हो । किनभने चौथो भूमिकामा तत्त्वज्ञान उति दृढ भएको हुँदैन, छैटौं भूमिकादेखि कर्महरू स्वयं छुट्नजान्छन् , त्यस कारण शिष्योपदेष्टा आचार्य या लोकसंग्रही गुरु पाँचौं भूमिकाकै योगी हुनसक्दछ, अरू हुनसक्दैनन् । छैटौं भूमिका गाढ सुषुप्ति जस्तै हुन्छ । यस अवस्थामा योगीलाई बाह्य पदार्थको भान हुँदैन । यसैले यस-लाई 'पदार्थाभाविनी' भनेको छ । शारीरिक क्रियाहरू स्वाभाविक प्रकृतिका प्रेरणाबाट या प्रारब्धवश चलिरहन्छन्, ऊ आत्मानन्दमै मस्त रहन्छ । यो योगीको नाम शास्त्रमा 'ब्रह्मविद्वरीयान्' यस्तो लेखिएको छ । अद्वैत भौ-मानन्दमा कारण सहित समस्त वृत्ति तप्त लौहमा जलविन्दु झैं विलीन भएपछि योगी-को अन्तिम (सातौं) भूमिका आउँछ, यो योगीको विदेहमुक्ति हो ।

जस्तैः—

विदेहमुक्तता तूक्ता सप्तमी योगभूमिका ।
अगम्या वचसा शान्ता सा सीमा योगभूमिषु ॥

सातौं योगभूमिका विदेहमुक्तिरूप, मन-वाणीको अगम्य, शान्त तथा योग-भूमिको आखिरी सीमा हो । यस अवस्थामा योगी 'ब्रह्मविद्वरिष्ठ' कहिन्छ । वर-भन्दा 'वरीयान्', वरीयान् भन्दा 'वरिष्ठ' क्रमशः उत्कर्षका बोधक हुन्छन् । श्रुतिमा लेखिएको छ—'आत्मक्रीड आत्मरतिः क्रियावानेष ब्रह्मविदां वरिष्ठः'—आत्मरति, आ-त्मक्रीडा तथा यही क्रिया भएको यो ब्रह्मज्ञानीमा सर्वश्रेष्ठ कहिन्छ (मुं० ३-४) । यही अवस्थालाई लक्ष्य राखेर श्रीमद्भागवतमा लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तैः—

देहं च नश्वरमवस्थितमुत्थितं वा,
सिद्धो न पश्यति यतोऽध्यगमत्स्वरूपम् ।
दैवादुपेत मुतदैववशादपेतं
वासो यथा परिकृतं मदिरामदान्धः ।
(११-१३-३६)

आनन्दमा अधिरूढ भैसकेका ब्रह्मज्ञानी सिद्धलाई क्षणभङ्गुर देहको केही पनि वास्ता हुँदैन । जस्तै मदिराले मदोन्मत्त पुरुष आफ्नू शरीरको वस्त्र खसेको पत्ता पाउँदैन ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

अन्वयार्थः

तस्मात्	=	त्यस कारण	असक्तः	=	आसक्तिरहित
असक्तः	=	आसक्तिरहित भएर	पुरुषः	=	पुरुष
कार्यम्	=	कर्तव्य	कर्म	=	कर्म
कर्म	=	कर्म	आचरन्	=	गर्दै
समाचर	=	गर	परम्	=	परमगतिलाई
हि	=	किनभने	आप्नोति	=	पाउँदछ

सरलार्थ

त्यस कारण आसक्तिरहित भएर निरन्तर कर्तव्य कर्म गर । किनभने आसक्तिरहित भएको कर्तव्यनिष्ठ पुरुष कर्म गर्दा-गर्दै परम गतिलाई पाउँदछ ।

तात्पर्य

'कर्माणि न त्यजेद्योगी कर्मभिस्त्यज्यते ह्यसौ'—कर्मलाई योगीले नत्यागोस् , किन्तु समय आएपछि अर्थात् आत्मरतिको भूमिका चढ्दै गएपछि योगी नै कर्मद्वारा स्वयं त्यक्त हुन्छ । यस वचनानुसार कर्म कुनै जानाजानी त्याग्ने वस्तु सिद्ध हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस कारण श्रेयोर्थी पुरुषले आसक्तिलाई त्यागेर कर्तव्य कर्म नै गर्नुपर्दछ। यही पूर्व-दुई श्लोकमा उच्च कोटिका कर्मत्याग भएका ज्ञानीको उदाहरण दिएर यस श्लोकमा 'तस्मात्' शब्द दिनाको तात्पर्य हो ॥१९॥

कर्मकर्तव्यतामा पूर्वजहरूको आदर्श—

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः।
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥२०॥

अन्वयार्थः

जनकादयः	=	जनकादिहरूले	पश्यन् अपि	=	देखेर पनि
कर्मणा एव हि	=	कर्मद्वारा नै	कर्म एव	=	कर्म नै
संसिद्धिम्	=	सम्यक्सिद्धिमा	कर्तुम्	=	गर्न
आस्थिताः	=	प्राप्त भए	अर्हसि	=	योग्य छौ
लोकसंग्रहम्	=	लोकशिक्षालाई			

सरलार्थ

जनक, अजातशत्रु आदि राजाहरू कर्मद्वारा नै कृतार्थ भए, लोकशिक्षाका विचारले पनि तिमीले कर्म गर्न मनासिब छ।

तात्पर्य

लोकलाई कुमार्गबाट हटाएर सन्मार्गमा लगाउनको निम्ति आफू कर्तव्य-परायण हुनु 'लोक संग्रह' हो अथवा जुन् काम गर्नाले जगत्को धारण-पोषण हुन्छ त्यो काम लोकसंग्रह हो। समाजका गण्य-मान्य व्यक्तिका उपर लोकसंग्रहको भार हुन्छ। उनीहरूको कर्तव्य हो कि समाजलाई अधःपतनबाट बचाएर उन्नतिका मार्गमा लैजानु। यस कार्यमा उपेक्षा गर्नाले उनीहरू कर्तव्य-हीन ठहरिन्छन्। यदि कुनै अन्धाहरू पथभ्रान्त भएर सबै भिरबाट जाँदै खस्दै गरेको कुनै आँखा देख्नेले हेरिरह्यो र उनीहरूलाई बँचाएन भने यो दोष उसैको हुन्छ—जसले अनर्थलाई देखेर पनि चूप लागेर बसिरहन्छ औ रोक्ने उपाय गर्दैन। अतएव अर्जुनले जनकादिको आदर्शलाई संझेर लोक रक्षाका दृष्टिले पनि कर्म गर्नु उचित छ। यही जनकादिको उदाहरण दिनाको तात्पर्य हो ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनभने—

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

अन्वयार्थः

श्रेष्ठः	=	श्रेष्ठ पुरुष	सः	=	त्यो
यत्-यत्	=	जे-जे	यत्	=	जसलाई
आचरति	=	गर्दछ	प्रमाणम्	=	प्रमाण
इतरः	=	अरू	कुरुते	=	गर्दछ
जनः	=	मनुष्य	लोकः	=	लोक
तत्-तत् एव	=	त्यही-त्यही	तत्	=	त्यही
(आचरति)	=	गर्दछ	अनुवर्तते	=	अनुकरण गर्दछ

सरलार्थ

श्रेष्ठ पुरुषले जस्तो २ आचरण गर्दछ, अरू साधारण जनले पनि त्यस्तै आचरण गर्दछन् । जसलाई श्रेष्ठ पुरुषले प्रमाण मान्दछ, लोकहरू त्यसैको देखासिकि दर्दछन् ।

तात्पर्य

'गनानुगतिको लोको न लोकः पारमार्थिकः'—यो उखानै भैसकेको छ । हुन पनि संसार भेडिया धसान छ, कामको परिणाम हेर्दैन, केवल देखासिकि गर्दछ । त्यस कारण श्रेष्ठ पुरुषले आँफूलाई नचाहिए पनि आफ्नू व्यक्तिगत स्वार्थलाई त्यागेर लोक संग्रहार्थ त्यही कुरा गरोस्—जो सबैको मान्य भएर परिणाममा जगत्को कल्याणकारक पनि होस् । श्रेष्ठ पुरुषले गरेको आचरण नै शिष्टाचार हो । यस विषयमा तैत्तिरीयोपनिषद्को शिक्षाध्यायमा लेखिएको छ—

"अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात् । ये तत्र ब्राह्मणाः संमर्शिनः युक्ता आयुक्ताः अलूक्षा धर्मकामाः स्युः, यथा ते तत्र वर्तेरन् , तथा तत्र वर्तेथा" (१०-४)—

गुरूकुलमा वेदाध्ययन समाप्त भएपछि समावर्तनका अनन्तर निष्णात भैसकेका छात्रलाई आचार्य दीक्षान्त-भाषण दिंदै भन्नुहुन्छ—(पहिले सत्यं वद, धर्मं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चर' इत्यादि मुख्य धर्मको उपदेश गरिसकेपछि) तिमीहरूलाई यदि कुनै कर्म अथवा लोकाचारका विषयमा कर्तव्याकर्तव्यको सन्देह भयो भने वेदवेत्ता, कुशल, विचारशील, स्वतन्त्र, निराग्रही धर्मार्थी पुरुष त्यस कार्यमा जस्तो व्यवहार गर्दछन्, त्यस्तै गर्नु । यस्ता प्रकारले सन्देह-स्थलमा कर्तव्यको निर्णय शिष्टाचारबाटै गर्नुपर्दछ । यही अभिप्रायले धर्मशास्त्रमा 'आचारः परमोधर्मः'—आचार ठूलो धर्म हो; भनेको छ । तर माथि लेखिएका विद्वान् भैकन निस्वार्थी, निराग्रही पुरुषको आचार मात्रै शिष्टाचार हुन्छ, कुनै धनी-मानी अथवा विद्वान् भए पनि स्वार्थी, आग्रहीको आचार 'शिष्टाचार' हुँदैन । यही यस प्रसङ्गमा लोक-संग्रहको रहस्य हो ॥ २९ ॥

पूर्वोक्त विषयमा भगवान् आफ्नै उदाहरण दिनुहुन्छ—

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अनवाप्तम्	=	नपाएको
मे	=	मेरो	अवाप्तव्यम्	=	पाउनुपर्ने
त्रिषु लोकेषु	=	तीनै लोकमा	न	=	छैन
कर्तव्यम्	=	कर्तव्य	कर्मणि	=	कर्ममा
किञ्चन	=	केही	वर्ते एव च		लागिरहेकै छु
न अस्ति	=	छैन			

सरलार्थ

हे अर्जुन ! तीनै लोकमा मेरो केही कर्तव्य बाँकि रहेको छैन औ नपाएको वस्तु पाउनुपर्ने पनि छैन, तथापि म कर्म गरिरहेकै छु ।

किनकि—

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यदि	=	यदि	पार्थ !	=	हे अर्जुन !
अहम्	=	म	मनुष्याः	=	मनुष्यहरू
जातु	=	कदाचित्	मम	=	मेरो
अतन्द्रितः	=	निरालस्य भएर	वर्त्म	=	मार्गलाई
कर्मणि	=	कर्ममा	सर्वशः	=	सब प्रकारबाट
न वर्तेयम्	=	नलागूँ	अनुवर्तन्ते	=	अनुकरण गर्दछन्

सरलार्थ

यदि म कदाचित् निरालस्य भएर कर्ममा नलागूँ त हे अर्जुन ! मनुष्यहरू सबतिरबाट मेरो देखासिकि गरेर कर्मै गर्न छोड्दिनेछन् ।

अनि—

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

अन्वयार्थः

चेत्	=	यदि	संकरस्य च	=	वर्णसंकरको पनि
अहम्	=	म	कर्ता	=	कर्ता
कर्म	=	कर्म	स्याम्	=	होउँला
न कुर्याम्	=	नगरूँ	इमाः	=	यी
इमे	=	यी	प्रजाः	=	प्रजाहरूलाई
लोकाः	=	मनुष्यहरू	उपहन्याम्	=	नाश गरूँला
उत्सीदेयुः	=	नाश होलान्			

सरलार्थ

यदि म कर्म नगरूँ त यी मनुष्यहरू कर्मनाशद्वारा नाश हुनेछन् अनि प्रजा-वर्गमा वर्णसंकरको कर्ता र यी सबैलाई नाशगर्ने पनि मै ठहरिने छु ।

तात्पर्य

लोकसंग्रहका विषयमा आफ्नू उदाहरण दिएर भगवान्ले यो कुरा स्पष्ट गरा-उनुभयो कि—समाजका श्रेष्ठ पुरुषले कर्म कुनै हालतमा पनि जाना-जानी त्याग्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उचित छैन। भगवान् स्वयं ज्ञानी र सबै प्रकारबाट कृतकृत्य भएर पनि उहाँले सामाजिक, धार्मिक तथा राजनैतिक क्षेत्रमा जसरी प्रमुख भाग लिनुभएको थियो, यस कुरामा साक्षी दिने महाभारत तथा भागवत आदि ग्रन्थहरू छन्। अधिकन्तु महाभारतको युद्धै एउटा ज्वलन्त उदाहरण हो। यस युद्धमा भगवान्ले सर्तक भएर पाण्डवसैन्यको सञ्चालन नगरेको भए पाण्डवहरूले कदापि जित्न सक्नेथिएनन्। फलतः यो हुने थियो कि—अन्यायीहरूको विजयद्वारा लोकमा धर्मनीतिको हानि भएर समस्त देशकै अधःपतन हुने थियो। युद्धै नगराऊँ भने पनि कृष्णले सक्नुहुने थियो, किनकि पाण्डवहरू उहाँकै वशवर्ती थिए। तर अत्याचारलाई जानी २ चूप-चाप सहनाले पनि अत्याचारको अनुमोदन गरे जस्तै हुन्छ—जसद्वारा अत्याचारीको बल बढेर लोकमा उत्पीडन झन् २ बढ्दै जान्छ र अन्तमा समाजको नैतिक पतन अनिवार्य हुनजान्छ। अतएव भगवान्ले कर्ममा यसरी व्यग्र हुनाको कारण केवल लोकहित हो। किनकि श्रेष्ठ व्यक्तिको अकर्मण्यताको प्रभाव समाजमा पर्दछ, समाज कर्महीन भएपछि राष्ट्रको नाश अवश्यम्भावी हुन्छ। आज संसारमा दुर्बल समाज कसैले पनि आफ्नू स्वत्वको रक्षा गर्नसकेको छैन। समाजको उन्नति र अवनतिको जिम्मा समाजका श्रेष्ठ व्यक्तिकै उपर हुन्छ। जानी २ र समर्थ भएर पनि कर्तव्यहीन भएको व्यक्ति समाजले गरेको पापको भागी हुन्छ। यही आशय 'संकरस्य च कर्ता स्याम्' द्वारा व्यक्त भएको छ। अतः अर्जुन तथा जगत्का श्रेष्ठ पुरुषले लोकसंग्रहार्थ कर्तव्यकर्म कुनै हालतमा पनि त्याग्न उचित छैन ॥२२-२३-२४॥

लोकसंग्रहको विधि—

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत!।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

अन्वयार्थः

भारत!	=	हे भारत!	लोकसंग्रहम्	=	लोकसंग्रहलाई
कर्मणि	=	कर्ममा	चिकीर्षुः	=	गर्नचाहने
सक्ताः	=	आसक्त	असक्तः	=	आसक्तिरहित
अविद्वांसः	=	अज्ञानीहरू	विद्वान्	=	ज्ञानीले
यथा	=	जसरी	तथा	=	त्यसैगरी
कुर्वन्ति	=	गर्दछन्	कुर्यात्	=	गरोस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! कर्मफलमा आसक्त भएका अज्ञानीहरू जसरी कर्म गर्दछन्, लोकसंग्रह (लोक शिक्षा) गर्नखोज्ने आसक्तिरहित ज्ञानीले पनि त्यसैगरी कर्म गरोस् ।

तात्पर्य

कसैले भन्लान् कि 'लोकसंग्रह' एउटा मूढहरूलाई कर्ममा प्रवृत्त गराउने बनावटी कर्मको स्वाँङ् मात्र हो, तर वस्तुतः यस्तो होइन । किन्तु सकाम कर्म गर्नेले कर्म-विधिमा त्रुटि भयो भने फलमा त्रुटि होला भन्ने डरले जसरी सावधानपूर्वक कर्म गर्दछ, त्यही भावले फलकामना त्यागेर कर्तव्य बुद्धिबाट लोकसंग्रहीले कर्म गर्नपर्दछ । किनकि पथप्रदर्शकले लोकमा साँचो हृदयले काम नगरी त्यसको अनुकरण गर्नेहरूमा त्यस कामको प्रभाव पर्नैसक्दैन । ओस्तादले साँच्चैगरी आँफूले गाएर गायन विद्या सिक्नेहरूलाई सिकाउँछ, नाच सिकाउनेले पनि पहिले आँफै साच्चैगरी नाचेर देखाएर अरूलाई सिकाउँछ । त्यस कारण लोकसंग्रही केवल ज्ञानोपदेश गरेरमात्र कृतकार्य हुँदैन, किन्तु उसले त्यसको उदाहरण आँफै हुनपर्दछ । अर्जुन भारतीय हुनाले लोकसंग्रहको तत्त्वलाई बुझेर तदनुसार आचरण गर्नेछन् ; किनकि भारत हरेक विद्यामा संसारको गुरु हो । यहाँ 'भारत' भनेर अर्जुनलाई बोलाउनाको तात्पर्य यही हो ॥२५॥

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

अन्वयार्थः

कर्मसङ्गिनाम्	=	कर्ममा आसक	युक्तः	=	योगयुक्त भएर
अज्ञानाम्	=	अज्ञानीहरूको	सर्वकर्माणि	=	समस्त कर्महरूलाई
बुद्धिभेदम्	=	बुद्धि विचलित	समाचरन्	=	गर्दै
न जनयेत्	=	नगराओस्	जोषयेत्	=	प्रीति उत्पन्न गराओस्
विद्वान्	=	ज्ञानीले			

सरलार्थ

ज्ञानी पुरुषले कर्ममा आसक्त भएका अज्ञानीको बुद्धि विचलित नगराओस्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन्तु स्वयं समत्वबुद्धियुक्त भएर समस्त कर्म गर्दै अरूलाई समेत कर्मका प्रति श्रद्धा उत्पन्न गराओस् ।

तात्पर्य

आफ्नू अधिकारानुसार कामगरिरहेका मनुष्यलाई अधिकारविरुद्ध काम-कुरा गरेर उसलाई त्यस कामबाट भड्काइदिनु या बहकाइदिनु बुद्धिभेद हो । अध्यापकले प्रथम श्रेणीका छात्रलाई माथिल्ला श्रेणीका पाठ पढाउनु उसको अधिकारविरुद्ध काम हो । भर्खर शुभ संस्कारको उदय भएर कर्ममार्गमा कदम राखेका मृदुचित्त साधकहरूलाई एकदम् "केही पनि छैन, सबै ब्रह्मै ब्रह्ममात्र हो" भनेर उपदेश दिनु पनि अधिकारविरुद्ध कुरो हो । यस्तो गुरु उसको साँचो हितैषी होइन, शिक्षकको रूपमा शत्रु हो । किनकि यसबाट उसको महान् अनिष्ट हुन्छ । यस श्लोकमा मधुसूदन सरस्वतीले एउटा श्लोक उद्धरण दिनुभएको छ—

अज्ञस्यार्धप्रबुद्धस्य सर्वं ब्रह्मेति यो वदेत् ।
महानिरयजालेषु स तेन विनियोजितः ॥ (महोप. ४–१०५)

अज्ञानी या अर्धपण्डितलाई सबै ब्रह्म हो भनेर जसले उपदेश दिन्छ, जान्नू कि त्यसले त्यसलाई ठूलो नरकजालमा लगेर फँसाइदियो । समाजका गण्य-मान्य व्यक्तिले लोकमा नराम्रो प्रभाव पर्ने आचरण गर्नु पनि अधिकारविरुद्ध चेष्टा हो । अतः जो स्वयं कर्तव्यपरायण भएर अरूलाई तदनुसार उपदेश दिन्छ त्यही लोकसंग्रही विद्वान् हो । लोकमा जत्तिको प्रभाव आचरणको पर्दछ त्यत्तिको कोरा व्याख्यानको पर्दैन । यसैले भन्नुभएको छ 'विद्वान् युक्तः समाचरन्' ॥२६॥

ज्ञानी र अज्ञानीको फरक भावमा हुन्छ, कर्ममा हुँदैन—

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

अन्वार्थः

प्रकृतेः	=	प्रकृतिका	सर्वशः	=	सब प्रकार बाट
गुणैः	=	गुणहरूद्वारा	क्रियमाणानि	=	गरिएका
			कर्माणि	=	कर्महरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहङ्कारविमूढात्मा	=	अहङ्कारले मूढ-बुद्धिभएको पुरुष	कर्ता	=	गर्नेवाला हुँ
अहम्	=	म	इति	=	यस्तो
			मन्यते	=	मान्दछ

सरलार्थ

प्रकृतिका गुणद्वारा भएका सम्पूर्ण कर्महरूलाई अहङ्कारले मूढबुद्धि भएको म गर्नेवाला भन्ने ठान्दछ ।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

अन्वयार्थः

तु	=	किन्तु	गुणेषु	=	गुणमा
महाबाहो !	=	हे अर्जुन !	वर्तन्ते	=	रहन्छन्
गुणकर्मविभागयोः	=	गुणकर्म र विभागको	इति	=	यस्तो
			मत्वा	=	मानेर
तत्त्ववित्	=	तत्त्व जान्ने व्यक्ति	न सज्जते	=	आसक्त हुँदैन
गुणाः	=	गुणहरू			

सरलार्थ

किन्तु हे अर्जुन ! गुणकर्मदेखि आँफूलाई भिन्न मान्ने तत्त्वज्ञानी गुणहरूको यो तमासा आपुस्मै भइरहेको छ भन्ने जानेर आसक्त हुँदैन ।

तात्पर्य

यद्यपि बाहिरबाट हेर्दा ज्ञानी र अज्ञानीको कर्मविधिमा प्रवृत्ति एकै किसिमको देखिन्छ, तथापि आन्तरिक भावमा धेरै फरक हुन्छ । अज्ञानी प्रकृतिका गुणविकार देह-इन्द्रियद्वारा भएका समस्त कर्मलाई त्यही देह-इन्द्रियमा आत्मबुद्धि हुनाले सबै आँफैले गरेको ठहऱ्याएर ती सबै कर्मको कर्ता आँफूलाई नै मान्दछ, परन्तु गुणकर्मविभागको यथार्थ तत्त्व बुझेको ज्ञानी यस्तो मान्दैन । उसको विचार यस्तो हुन्छ—गुण भनेका प्रकृतिका सत्त्वरजस्तमोगुणका परिणाम देह-इन्द्रिय-अन्तःकरण आदि हुन्, कर्म भनेका यिनैका चेष्टाहरू हुन्, यी गुण र कर्मदेखि भिन्न हुनाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा 'विभाग' हो। गुणहरू विकारी हुनाले आपुस्मा कर्ता-कर्म, भोक्ता-भोग्य आदि रूपमा [1]विकृत भइरहन्छन्, म निर्विकार हुनाले ती गुणदेखि निर्लिप्त छु भनेर आँफूलाई ती गुणहरूको प्रकाशक द्रष्टा मात्र मान्दछ। यही गुणकर्मविभागको यथार्थ तत्त्व बुझ्नु हो। यसरी गर्ने-गराउने सबै प्रकृतिलाई नै ठहऱ्याएपछि पुरुष प्रकृतिका कुनै खेलमा पनि आसक्त हुँदैन, समस्त बन्धनबाट मुक्त हुन्छ ॥२८॥

'न बुद्धिभेदं जनयेत्' यसको उपसंहार—

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत्॥२९॥

अन्वयार्थः

प्रकृतेः	=	प्रकृतिका	अकृत्स्नविदः	=	अल्पज्ञ
गुणसंमूढाः	=	गुणमा मोहित भएका	मन्दान्	=	मन्दबुद्धिहरूलाई
			कृत्स्नवित्	=	सर्वज्ञले
गुणकर्मसु	=	गुण र कर्ममा	न विचालयेत्	=	विचलित नगराओस्
सज्जन्ते	=	आसक्त हुन्छन्			
तान्	=	ती			

सरलार्थ

प्रकृतिका गुणमा मुग्ध भएका व्यक्तिहरू गुण र कर्ममा आसक्त हुन्छन्, ती अल्पज्ञ मन्दमतिलाई तत्त्वदर्शी पुरुषले बुद्धिभेद गराएर विचलित नपारोस्।

तात्पर्य

पूर्वोक्त प्रकृतिका गुणद्वारा मोहित भएका अर्थात् देह-इन्द्रिय-संघातलाई नै आत्मा मानेका मूढ-मनुष्यहरू प्रत्येक इन्द्रिय-अन्तःकरणका व्यापारमा आँफूलाई नै त्यस-त्यस कर्मको कर्ता-भोक्ता ठानिरहेका हुनाले मन्दबुद्धि हुन्, तीनीहरूलाई सर्वज्ञ (बुद्धिमान्) पुरुषले कर्मश्रद्धाबाट विचलित नपारोस्। अज्ञानीलाई पहिले नै कर्ममा अश्रद्धा भएपछि कर्मद्वारा हुनपर्ने अन्तःशुद्धि बाँकि नै रहन्छ, त्यस्ता अन्तःशुद्धि नभएका पुरुषलाई उपासना, ज्ञान आदि कुनैमा पनि अधिकार हुँदैन। त्यसकारण बुद्धिमा ज्ञानको योग्यता उत्पन्न नभएसम्म निष्कामकर्म अनिवार्य छ

१. परिणत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(गी० ६-३) । अझ ज्ञानोत्तर कालमा पनि कर्म जगत्स्थितिको निम्ति त्याज्य छैन, किनकि ज्ञानी नै साँचो लोक-संग्रही हुनसक्छ, अज्ञानी हुँदैन । ज्ञानीको कर्तव्य हो कि—समाजलाई न भड्काइकन शान्तिपूर्वक उसको स्थिति सुधारेर समाजका प्रत्येक व्यक्तिमा विचार-प्रौढता ल्याउने प्रयत्न गर्नु । ज्ञानी 'कृत्स्न-वित्' अर्थात् सर्वज्ञ हो, किनकि श्रुतिमा लेखिएको छ 'यद्विज्ञानात्सर्वं विज्ञातं भवति' (छां० ६-१-४)—जसलाई जानेपछि सबै जानिएको हुन्छ । अज्ञानी 'अकृत्स्नवित्' हुन्छ । अज्ञानीले संसारका जतिसुकै कला, विज्ञानहरू जाने तापनि केही न केही जान्नुपर्ने कुरा बाँकि रहेकै हुन्छ ॥२९॥

कर्मकालमा कर्मयोगीको भाव यस्तो हुनपर्छ—

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

अन्वयार्थः

अध्यात्मचेतसा	=	अध्यात्मबुद्धिले	निराशीः	=	कामनारहित
सर्वाणि	=	सबै	निर्ममः	=	ममतारहित
कर्माणि	=	कर्महरूलाई	विगतज्वरः	=	चिन्तारहित
मयि	=	ममा	भूत्वा	=	भएर
संन्यस्य	=	अर्पण गरेर	युध्यस्व	=	युद्ध गर

सरलार्थ

अध्यात्मबुद्धिले सम्पूर्ण कर्महरूलाई ममा अर्पण गरेर निष्काम, निर्मम तथा शोकरहित भएर युद्ध गर ।

तात्पर्य

समस्त प्राणीको आत्मालाई नै परमात्मा जान्नु अध्यात्मबुद्धि हो । यही भावले समस्त कर्महरूलाई जगज्जनार्दनका सेवामा अर्पण गरेर फलमा कामना, धन-मालमा ममता, यिनको वियोगमा शोक यी तीनै कुरालाई त्यागेर कर्तव्य-परायण रहनु कर्मयोगको स्थिति हो ॥३०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

अन्वयार्थः

ये	=	जो	मतम्	=	मतलाई
मानवाः	=	मनुष्यहरू	नित्यम्	=	सधैं
श्रद्धावन्तः	=	श्रद्धायुक्त	अनुतिष्ठन्ति	=	अनुष्ठान गर्दछन्
अनसूयन्तः	=	दोषदृष्टिरहित भएर	ते अपि	=	तिनीहरू पनि
इदम्	=	यो	कर्मभिः	=	कर्महरूबाट
मे	=	मेरो	मुच्यन्ते	=	छुट्दछन्

सरलार्थ

जो मनुष्य दोषदृष्टिलाई त्यागेर, श्रद्धायुक्त भएर मेरो यो मतको सदा आचरण गर्दछन् तिनीहरू पनि ज्ञानीका झैं कर्मबन्धनबाट छुट्दछन् ।

तात्पर्य

पूर्वोक्त अध्यात्मबुद्धिले समस्त कर्मफल जगदीश्वरमा अर्पण गरेर कर्तव्यपरायण रहनु भन्ने भगवान्को मत या आशय हो । यस सिद्धान्तमा लागेपछि साधकलाई अन्तमा ज्ञानमार्गीले पाउने मुक्ति अनायासै मिल्दछ । तात्पर्य के भने 'विषस्य विषमौषधम्' भने झैं कर्मद्वारा उत्पन्न भएको भवबन्धनरूप रोग कर्मैद्वारा छुट्ने हुनाले स्वाभाविक उपायलाई छोडेर यसका निम्ति कृत्रिम उपाय गर्नुपर्दैन—जस्तै आगोले पोलेमा आगोले नै सेकेपछि वेदना शान्त हुन्छ । यस्तोलाई आयुर्वेदमा 'उपशय' (विपरीतार्थकारी सिद्धान्त) भन्दछन् । होमियोपैथिक चिकित्साको मूल सिद्धान्त पनि यही हो ॥३१॥

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	न अनुतिष्ठन्ति	=	आचरण गर्दैनन्
ये	=	जो	सर्वज्ञानविमूढान्	=	सकलज्ञानशून्य
एतत्	=	यो	अचेतसः	=	अविवेकी
मे	=	मेरो	तान्	=	तिनीहरूलाई
मतम्	=	मतलाई	नष्टान्	=	नष्ट भएका
अभ्यसूयन्तः	=	निन्दा गर्दै	विद्धि	=	जान

सरलार्थ

किन्तु जो मनुष्य यो मेरो मतलाई निन्दा गर्दछन्, अनुष्ठान गर्दैनन्, त्यस्ता महामूर्ख अविवेकीहरूलाई नाश भएका जान ।

तात्पर्य

जो ईश्वरसंमत पूर्वोक्त विमल पन्थाको रहस्यलाई नबुझेर त्यसलाई अनेकानेक दोषदृष्टिद्वारा अवहेलना गर्दछन्, त्यस्ता पुरुष प्रथम साधनमै नष्ट-भ्रष्ट भएका हुनाले तिनको उद्धार हुने उपाय कुनै प्रकारबाट पनि छैन । अतः तो पाखण्ड मतावलम्बी सर्वज्ञानविमूढ अर्थात् कर्म-विज्ञान र ब्रह्म-विज्ञान दुवैबाट वञ्चित भएका हुन्छन् ॥ ३२ ॥

प्रकृतिको प्रबलता—

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

अन्वयार्थः

ज्ञानवान् अपि	=	ज्ञानी पनि	प्रकृतिम्	=	प्रकृतिमा
स्वस्याः	=	आफ्नू	यान्ति	=	प्राप्त हुन्छन्
प्रकृतेः	=	प्रकृतिको	निग्रहः	=	निग्रहले
सदृशम्	=	अनुसार	किम्	=	के
चेष्टते	=	चेष्टा गर्दछ	करिष्यति	=	गर्नेछ
भूतानि	=	प्राणीहरू			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

ज्ञानवान् व्यक्ति पनि आफ्नू प्रकृतिकै अनुसार चेष्टा गर्दछ, सबै किसिमका प्राणीहरू प्रकृतिकै अनुसरण गर्दछन्, प्रकृतिका उपर कसैको पनि जबर्जस्ति चल्दैन ।

तात्पर्य

मनुष्यले जे-जे काम गर्दछ, त्यसको सूक्ष्म संस्कार अन्तःकरणमा अङ्कित हुँदैजान्छ, यही संस्कारको अनुरूप जन्मान्तरमा प्रकृति बन्दछ भन्ने शास्त्रको सिद्धान्त छ । असलीमा देह-इन्द्रियका जति भोक-तिर्खा-निद्रा-इच्छा-द्वेष आदि आन्तरिक र बाह्य चेष्टाहरू छन्, ती सबै प्रकृतिकै धर्म हुन्, यिनलाई अज्ञानीको त के कुरा, कस्तै ज्ञानीले पनि रोक्नसक्दैन । यी प्रकृतिसिद्ध कुराहरू स्वभावतः हुन्छन्, यसमा कसैको जबर्जस्ति चल्दैन । त्यस कारण प्रकृतिसिद्ध चेष्टाहरूलाई हठपूर्वक दबाउने पक्षमा गीताको राय छैन, किन्तु तिनै चेष्टाहरूलाई सन्मार्गमा लगाएर सदुपयोग गर्ने पक्षमा छ । उक्त प्रकृति या स्वभाव प्रत्येक व्यक्तिमा केही न केही भिन्न हुन्छ । ज्ञान भैसकेपछि पनि आफ्नू प्रकृति कसैको पनि छुट्दैन । जस्तैः—दुर्वासा क्रोधी, वामदेव शान्त, नारद छुन्याहा प्रकृतिका थिए । अरू पनि ज्ञानीहरूमा प्रकृतिको विभिन्नता देखिएको छ—कोही राज्य भोग्ने, कोही राज्य त्याग्ने, कोही चुप-चाप बस्ने, कोही प्रचार गर्ने इत्यादि । यिनीहरूको ज्ञान एउटै भए तापनि प्रकृति भिन्न २ थियो, यसैले ज्ञान भैसकेपछि पनि आफ्नू प्रकृतिविरुद्ध चेष्टा गर्नसकेनन् । जब ज्ञानीहरूको त यो हाल छ भने सर्व साधारण अज्ञानी को कुरै के छ ! अतएव अर्जुनले पनि म युद्ध गर्दिन भन्नु आफ्नू प्रकृतिविरुद्ध हठ हो ; अन्तमा उनको क्षात्र प्रकृतिले उनलाई अवश्य नै युद्ध गराएर छोड्नेछ (१८-५९,६०) यही यसको सारांश हो ॥३३॥

कर्म गर्दा ख्याल राख्नुपर्ने कुरा—

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

इन्द्रिस्य	=	इन्द्रियका	न आगच्छेत्	=	नआओस
इन्द्रियस्य अर्थे	=	इन्द्रियका विषयमा	हि	=	किनभने
रागद्वेषौ	=	राग र द्वेष	तौ	=	तो दुई
व्यवस्थितौ	=	रहेका छन्	अस्य	=	यसका
तयोः	=	तो दुईको	परिपन्थिनौ	=	शत्रु हुन्
वशम्	=	वशमा			

सरलार्थ

इन्द्रिय र इन्द्रियका विषयमा राग र द्वेष रहेका छन्, तो दुईको वशमा नपरोस् । किनभने तो मनुष्यका शत्रु हुन् ।

तात्पर्य

यस श्लोकमा स्वाभाविक प्रकृतिलाई सदुपयोग गर्ने रीति बताउनुभएको छ । यद्यपि जन्मान्तरीय संस्कार (प्रकृति) समस्त प्रवृत्ति र निवृत्तिको कारण छ, तथापि कुनै वस्तुलाई लिएर राग-द्वेष उत्पन्न नभई प्रवृत्ति र निवृत्ति सिद्ध हुँदैनन् । राग-द्वेषको उत्पत्ति अनुकूल र प्रतिकूल ज्ञानद्वारा हुन्छ अर्थात् जुन् वस्तुमा आँफूलाई अनुकूल हुन्छ त्यसमा राग, जसमा प्रतिकूल हुन्छ त्यसमा द्वेष हुन्छ । यही राग-द्वेषले गर्दा मनुष्य कुकर्ममा पनि प्रवृत्त हुन्छ, शुभ कर्मबाट पनि निवृत्त हुन्छ । इन्द्रिय र इन्द्रियका विषय शब्द-स्पर्शादिमा राग-द्वेषको अखाडा छ, यसैले इन्द्रिय र विषयको संयोग हुनासाथ अनुकूल या प्रतिकूल बुद्धि उत्पन्न हुन्छ, अनि एकाएक राग-द्वेषहरू जागृत हुन्छन् र तत्काल मानवलाई आक्रमण गर्दछन्, ऊ विवश हुन्छ; यसैले यिनलाई श्रेयोमार्गावलम्बी पथिकका परम शत्रु भनेको छ । अतः सत्सङ्ग एवं शास्त्रश्रवणद्वारा आफ्नू वास्तविक हिताहितलाई ठहऱ्याएर स्वाभाविक प्रकृतिलाई सन्मार्गमा ल्याएर सदुपयोग गरोस् , रागद्वेषका वशमा नपरोस् ; किनकि मनुष्यका इन्द्रियहरू उसलाई पशुका जस्तो आचरण गर्नलाई बराबर प्रेरणा गर्दछन्, यही स्वाभाविक मनोवृत्तिलाई मर्यादित गराउनु मनुष्यको कर्तव्य हो । यसरी [1]अनुकूल र प्रतिकूल बुद्धिलाई सन्मार्गमा लगाउँदा प्रकृतिका साथ विरोध पर्दैन , झन् उसको प्रकृतिनै त्यस ढङ्गमा ढल्नजान्छ । स्वाभाविक प्रवृत्तिमा तात्कालिक सुख भए

---

१ खराब चाल-चलनबाट मनलाई हटाएर असल चालचलनमा लगाउनु अनुकूल र प्रतिकूल बुद्धिलाई सन्मार्गमा लगाउनु हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि विष मिलेको मिस्टान्न झैं त्याग्दछ । यो कुरा लोकमा पनि प्रसिद्ध छ कि मनुष्य अन्तमा मिल्ने ठूलो सुखको निम्ति तात्कालिक सानू सुखलाई त्याग्दछ ॥ ३४ ॥

जब स्वाभाविक प्रवृत्तिलाई शास्त्रीय पद्धतितिर नै लगाउन उचित छ भने सबै त्यागेर भिक्षा नै किन नमाग्नु ? यसको उत्तर—

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

अन्वयार्थः

विगुणः	=	गुणरहित	स्वधर्मे	=	आफ्नू धर्ममा
स्वधर्मः	=	आफ्नू धर्म	निधनम्	=	मरण
सु अनुष्ठितात्	=	राम्ररी अनुष्ठान गरिएको	श्रेयः	=	कल्याण छ
			परधर्मः	=	अर्काको धर्म
परधर्मात्	=	अर्काको धर्मभन्दा	भयावहः	=	डरलाग्दो हुन्छ
श्रेयान्	=	श्रेष्ठ छ			

सरलार्थ

सर्वाङ्गपूर्ण परधर्मभन्दा अङ्गहीन आफ्नू धर्म श्रेष्ठ छ, आफ्नू धर्ममा मर्नु पनि असल छ, किन्तु परधर्म भयकारक छ ।

तात्पर्य

आफ्नू अधिकारानुसार प्राप्त कर्तव्य नै स्वधर्म हो । सबैले आफ्नू २ मर्यादामा रहेर काम गऱ्यो भने समाजको काम पनि सुचारु रूपले चल्नसक्तछ; मर्यादा भङ्ग भएपछि समाजमा अव्यवस्था हुन्छ । यही सिद्धान्तका आधारमा अघि वर्णाश्रम मर्यादा कायम भएको हो । मनुस्मृतिमा लेखिएको छ—

सर्वस्यास्य तु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः ।
मुखबाहूरुपज्जानां पृथक्कर्माण्यकल्पयत् ॥
(१-८)

ब्रह्माले यस सृष्टिको रक्षा गर्नको निम्ति ब्राह्मणादि वर्णको भिन्न २ कर्म बनाउनुभयो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन्सुकै समाजमा पनि मुख्य कार्यका चार विभाग हुन्छन्—शिक्षा, रक्षा, उत्पादन तथा कलाकौशल—जसको उन्नति र अवनतिका साथ-साथै समाजको उन्नति र अवनति छ। कुलपरंपरा, बाबु-बाजेले गरेको कामको संस्कार छोरा-नातीमा पर्दै जाने हुनाले भावी सन्तानलाई त्यो काम गर्न सरल हुन्छ, यसैले पछि जन्मद्वारा जातिव्यवस्था दृढ हुँदै गयो। तर वर्तमान कालमा प्रायः केवल जातिमात्रोपजीवी ब्राह्मण, क्षत्रिय आदि छन्, यिनमा जातिसम्पादक कर्म छैन। यस श्लोकमा वर्णाश्रममर्यादालाई मात्र लिएर 'स्वधर्म' भनेको छैन, किन्तु स्वधर्मको संक्षिप्त र व्यापक अर्थ हो 'स्वकीय कर्तव्य'। मनुष्यले कर्तव्यहीन हुनहुँदैन, कर्तव्य पालनमा मौकामा ज्यान समेत दिनपरे पनि तयार हुनपर्दछ। यस कुरामा सन्देह छैन कि कर्तव्य या धर्मको निर्णय व्यक्ति र देश-काल अनुसारै हुन्छ। अब परधर्म भयकारक छ भन्नाको आशय पनि गंभीर छ। विश्वका जुन्सुकै वस्तुको पनि आफ्नू २ स्वभाव-धर्म बेग्ला-बेग्लै हुन्छ। जस्तै—दुङ्गाको साहो हुने धर्म हो, जुन् दिनदेखि त्यो नरम हुनथाल्दछ, त्यस दिनदेखि त्यसको नाश पनि हुनथाल्दछ। एवंप्रकार आगोले पोल्ने धर्म छोडेर पानीको शीतल धर्म लियो भने तथा पानीले पनि कारणवश आफ्नू शीतल धर्मलाई छोडेर पोल्न थाल्यो भने बुझ्नपर्दछ कि—यी दुवैको गति विनाशतिर छ। किनकि अग्निमा ताप कम हुँदै गएपछि निभेर कोइला हुन्छ, पानी पनि तातो भएपछि बाफ भएर उड्नथाल्दछ। सारांश यो हो कि कुनै वस्तुको पनि धर्मान्तर (अर्को धर्म) मा परिवर्तन हुनु त्यस वस्तुको नाश मानिएको छ। मूल तत्त्वको नाश नभए तापनि गुण-धर्मको परिवर्तन भएपछि जातिको नाश अवश्य हुन्छ। अतएव मानव समाजमा पनि जुन् जातिको आफ्नू धर्म र संस्कृतिको नाश हुन्छ, त्यसको नाश अवश्यम्भावी छ। भुईंमा हिंडुञ्जेल हामो जसलाई कमीला भन्दछौं, तिनै पछि पखेटा लागेर उड्नथाले भने पुतली भन्नथाल्दछौं। यसरी भुईंमा हिंड्ने कमीलाको आफ्नू गुण-धर्ममा परिवर्तन भएर आकाशमा उड्नथालेपछि उसको नाश पनि तुरुन्तै हुन्छ। हाम्रो प्रसिद्ध उखान छ—"नाश हुने बेलामा कमीलाका पखेटा उम्रन्छन्" मूल्याङ्कन दृष्टिले हेर्ने हो भने यो उखान कति महत्त्वपूर्ण छ! यो हो हाम्रा पूर्वजहरूको देन। अब यी सबै विचार गर्दा 'धर्मोरक्षति रक्षितः' धर्मको रक्षा जसले गर्दछ उसलाई धर्मले पनि रक्षा गर्दछ; भन्ने शास्त्रको तात्पर्य पनि सहजै लाग्नशक्तछ ॥३५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुष्य आफ्नू हिताहितलाई बुझ्नसक्तछ, तथापि प्रायः अहिताचरणमै प्रवृत्त भएको देखिन्छ ; आश्चर्य छ ! यसको कारण पत्ता लगाउने इच्छाले अर्जुन प्रश्न गर्दछन्—

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरित पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय ! बलादिवनियोजितः ।।३६।।

अन्वयार्थः

वार्ष्णेय !	=	हे वृष्णिवंशोत्पन्न कृष्ण !	अनिच्छन् अपि	=	इच्छा नभएर पनि
अथ	=	अब भन्नुहोस्	बलात्	=	जबर्जस्ति
केन	=	कसले	नियोजितः इव	=	लगाइदिए झैं
प्रयुक्तः	=	प्रेरित गरिएको	पापम्	=	पाप
अयम्	=	यो	चरति	=	गर्दछ
पूरूषः	=	पुरुष			

सरलार्थ

अर्जुन सोध्दछन्—हे कृष्ण ! अब यो कुरा भन्नुहोस् कि अनर्थको कारण जानी २ इच्छा नभएर पनि जबर्जस्ति लगाइ दिए झैं कसको प्रेरणाबाट मनुष्यले पाप गर्दछ ?

तात्पर्य

अर्जुनका प्रश्नको आशय स्पष्ट छ । हामीहरू लोकमा देख्दछौं कि हजारौं चोर, डाँका, ज्यानमाराहरू मरण पर्यन्त जेलको यातना भोगिरहेका छन् । यस कर्मको यो सजाय हुन्छ भन्ने कुरा यिनीहरूलाई थाहा थिएन भन्न पनि सकिंदैन । यत्ति मात्र होइन, दुनियाँमा अनेकौं यस्ता दुर्व्यसनहरू चलेका छन्, जसको परिणाम अन्तमा दुर्व्यसनीको जीवन-संकट सिवाय अरू केही छैन । मूढ पुरुष प्रमादले आँफैले आफ्नू सत्यानाश गर्दछ औ शत्रुसँग गर्ने व्यवहार आँफैसँग गर्दछ (६–५, ६) अतएव योभन्दा आश्चर्यको कुरा के होला ! यसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारण पत्ता लगाएर आफ्नू बचाउ गर्नु मनुष्य मात्रको कर्तव्य हो । यसैले अर्जुन पापमा प्रेरणा गर्नेलाई जान्नचाहन्छन् ॥३६॥

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

अन्वयार्थः

एषः	=	यो	महाशनः	=	धेरै खाने
कामः	=	काम हो	महापाप्मा	=	अत्यन्त पापिष्ठ
एषः	=	यो	एनम्	=	यसलाई
क्रोधः	=	क्रोध हो	इह	=	यहाँ
रजोगुण-समुद्भवः	=	रजोगुणबाट भएको	वैरिणम्	=	शत्रु
			विद्धि	=	जान

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—यो जानाजानी अनिष्ट मार्गमा प्रेरणा गर्ने काम हो, क्रोध पनि यही हो । रजोगुणबाट उत्पन्न भएको, महान् राञ्चुवा तथा महान् पापी यसलाई यहाँ तिमी आफ्नू शत्रु जान ।

तात्पर्य

काम दुःखप्रवृतिरूप रजोगुणबाट उत्पन्न भएको हुनाले यसमा पनि 'कारणगुणाः कार्यगुणानारभन्ते' यस न्यायले दुःखप्रवृत्ति आदि गुणहरू अवश्य छन् । अथवा दुःखप्रवृत्ति आदि रजोगुणको उत्पत्ति छ जसदेखि किनभने विषया भिलाषारूप काम स्वयं उत्पन्न भएर रजोगुणलाई उत्तेजित गर्दछ, अनि पुरुषलाई दुःखरूप कर्ममा प्रवृत्त गराउँदछ । मनुको वचन छ—

अकामस्य क्रिया काचिद्दृश्यते नेह कर्हिचित् ।
यद्यद्धि कुरुते किंचित्तत्तत्कामस्य चेष्टितम् ॥
(मनु० २-४)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसैको पनि विना काम कुनै क्रिया कहिल्यै देखिंदैन, किन्तु प्राणी जे-जे काम गर्दछ, तो सबै कामकै चेष्टा हुन् ।

काम र क्रोध भिन्न-भिन्न वस्तु होइनन् ; जब काममा कुनै किसिमको बाधा उपस्थित हुन्छ अनि त्यही क्रोधमा रूपान्तर हुन्छ । क्रोध बाधकलाई हटाउन भएको कामको प्रतिक्रिया मात्र हो । कामनाको तृप्ति कहिल्यै हुँदैन, यसैले यो महाशन छ । जस्तै—

न जातु कामः कामानामुपभोगेन शाम्यति ।
हविषा कृष्णवर्त्मेव भूयएवाभिवर्द्धते ॥
(श्री. भा. ९-१९-१४)

जस्तो अग्निको ज्वाला घिउको आहुतिले झन्-झन् बढ्दै जान्छ, त्यस्तै कामनाहरू विषयोपभोगले शान्त हुँदैनन् , झन्-झन् बढ्दै जान्छन् । कामनाद्वारा प्रेरित भएर मनुष्यले उचित-अनुचितको पद्धतिलाई एकदम छोडिदिन्छ—यद्यपि उसमा कर्तव्याकर्तव्यको विवेक गर्ने शक्ति छ । यसैले कामलाई महापापी भनेको छ । मनुष्य कामलाई आफ्नू हितैषी ठानेर रातो-दिन उसैको अतुल चेष्टा पूर्तिमा लागिरहन्छ, उसलाई यो भूलबाट सावधान गराउँदै शास्त्रले सूचना दिएको छ—'कामलाई शत्रु जान' ॥३७॥

काम किन शत्रु हो ? यसमा दृष्टान्त—

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

अन्वयार्थः

यथा	=	जस्तै	गर्भः	=	गर्भ
वह्निः	=	अग्नि	उल्बेन	=	जरायुले
धूमेन	=	धूआँले	आवृतः	=	ढाकिएको छ
आव्रियते	=	ढाकिन्छ	तथा	=	त्यस्तै
आदर्शः च	=	औ ऐना	तेन	=	कामले
मलेन	=	मयलले ढाकिएको छ	इदम्	=	ज्ञान
यथा	=	जस्तै	आवृतम्	=	ढाकिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जस्तै अग्नि धूआँले ढाकिन्छ, ऐना मयलले ढाकिन्छ, गर्भ झिल्लीले ढाकिएको हुन्छ, ठीक त्यस्तै कामले ज्ञानलाई ढाकेको छ ।

तात्पर्य

कामका तीन अवस्था छन्—संस्कारदशा, चिन्त्यमानदशा, भुज्यमानदशा । स्थूल शरीर उत्पन्न हुनुभन्दा पहिले अन्तःकरणको स्थूल वृत्ति नभएको हुनाले काम सूक्ष्म रूपले रहेको हुन्छ, यही कामको प्राथमिक संस्कार दशा हो । यसमा दृष्टान्त छ—जस्तै प्रकाशरूप अग्निलाई अप्रकाशरूप धुआँले ढाकेको छ, त्यस्तै प्रकाशरूप ज्ञानलाई कामले ढाकेको छ ।

शरीरारम्भक कर्मद्वारा स्थूल शरीर प्राप्त भएपछि र अन्तःकरणका स्थूल वृत्तिद्वारा बराबर विषयको चिन्तन भएपछि त्यही काम सूक्ष्मबाट स्थूल रूपमा परिणत हुन्छ । यही कामको दोश्रो चिन्त्यमानदशा हो । यसमा दृष्टान्त—जस्तै मयलले पूर्ण भएको दर्पणमा प्रतिबिम्ब देखिंदैन, त्यस्तै विषयचिन्तनले छोपिएको अन्तःकरणमा विवेक-विज्ञानको उदय हुँदैन ।

त्यही काम विषयभोगकालमा अत्यन्त स्थूल र उच्छृङ्खल रूपमा आउँछ । यही तेस्रो भुज्यमानदशा हो । यसमा दृष्टान्त—जस्तै गर्भमा रहेको बालक चारैतिर झिल्लीले बाँधिएको हुनाले हात-पाउ पसार्नसक्दैन, त्यसको स्वरूप पनि स्पष्ट देखिंदैन, ठीक त्यस्तै कामको यो तेस्रो अवस्थामा चारैतिरबाट अन्तःकरणको ज्ञानशक्ति अस्पष्ट र बद्ध हुन्छ ॥३८॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय ! दुष्पूरेणानलेन च ॥३९॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	कामरूपेण च	=	तथा कामरूपी
ज्ञानिनः	=	ज्ञानीको	एतेन	=	यसले
नित्यवैरिणा	=	नित्यशत्रु	ज्ञानम्	=	ज्ञानलाई
दुष्पूरेण	=	कहिल्यै तृप्तनहुने	आवृतम्	=	ढाकेको छ
अनलेन	=	अग्नितुल्य			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! ज्ञानीको परम शत्रु, अग्नि जस्तै कहिल्यै नअघाउने तृष्णारूपी यस कामले ज्ञानलाई ढाकेको छ ।

तात्पर्य

विवेकी पुरुषलाई विषयग्रस्त कालमा पनि यो थाहा हुन्छ कि—मलाई यस काम रूपी शत्रुले यस्तो महान् अनर्थमा प्रवेश गरायो, त्यस कारण कामलाई ज्ञानी-हरूको नित्य शत्रु भनेको छ । किन्तु विषयी पामरहरूलाई यो थाहा हुँदैन, उल्टो त्यसैलाई मित्र ठानेका हुन्छन् । यही विवेकी र अविवेकीमा ठूलो भेद छ । काम दुष्पूर हुनाले अग्नितुल्य छ, यसमा प्रमाण 'महाशनः' यसको व्याख्यानमा दिइ-सकिएको छ । यसरी तृष्णारूपधारी आफ्नै अन्तःकरणरूपी मन्दिरमा रहेको शत्रु-द्वारा विवेक-विज्ञान छोपिएको हुनाले मनुष्य विवेकशून्य भएर अनिष्ट मार्गमा प्रवृत्त हुन्छ । 'ज्ञान' शब्दले नित्यज्ञानस्वरूप आत्मा पनि लिनसकिन्छ, तर यस प्र-सङ्गमा अन्तःकरणको वृत्तिरूप अनित्य ज्ञानै लिन मनासिब छ ॥३९॥

शत्रुको मोर्चा थाहा पाएपछि मात्रै त्यसलाई जित्ने उपायहरू सफल होलान् , अतः यसको रहने ठाउँ देखाइन्छ—

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

अन्वयार्थः

इन्द्रियाणि	=	इन्द्रियहरू	एषः	=	यो
मनः	=	मन	एतैः	=	यिनीहरूद्वारा
बुद्धिः	=	बुद्धि	ज्ञानम्	=	ज्ञानलाई
अस्य	=	कामको	आवृत्य	=	ढाकेर
अधिष्ठानम्	=	बसने ठाउँ	देहिनम्	=	जीवलाई
उच्यते	=	कहिन्छ	विमोहयति	=	मोहित गराउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यस कामरूपी शत्रुका रहने ठाउँ इन्द्रिय-मन-बुद्धि हुन्, यिनैद्वारा यो ज्ञान-लाई छोपेर जीवलाई मुग्ध गराउँदछ ।

तात्पर्य

इन्द्रियद्वारा विषयको दर्शन-श्रवणादि र मनद्वारा सङ्कल्प तथा बुद्धिद्वारा निश्चय हुँदा कामनाको आविर्भाव विशेष रूपले हुनथाल्दछ ; यस कारण इन्द्रिय, मन र बुद्धि कामरूपी शत्रुका आश्रय हुन् । यिनै मोर्चाहरूबाट कामरूपी शत्रुले जीवका उपर आक्रमण गरेर उसको ज्ञान-शक्तिलाई क्षीण गराइदिन्छ; फलतः जीव कार्याकार्यविवेकशून्य भएर व्यामोहमा पर्दछ ॥४०॥

उपर्युक्त दशामा मनुष्यको कर्तव्य—

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

अन्वयार्थः

भरतर्षभ !	=	हे अर्जुन !	पाप्मानम्	=	पापिष्ठ
तस्मात्	=	त्यस कारण	ज्ञानविज्ञान-नाशनम्	=	ज्ञान र विज्ञान-लाई नाश गर्ने
त्वम्	=	तिमी			
आदौ	=	पहिले	एनम्	=	कामलाई
इन्द्रियाणि	=	इन्द्रियहरूलाई	हि	=	निश्चयले
नियम्य	=	रोकेर	प्रजहि	=	मार

सरलार्थ

त्यस कारण हे अर्जुन ! तिमी सबैभन्दा पहिले इन्द्रियरूपी शत्रुलाई कब्जामा गरेर ज्ञान र विज्ञानलाई नाश गराउने यो अत्यन्त पापी कामरूपी शत्रुलाई मार ।

तात्पर्य

यद्यपि कामका वासस्थान पूर्व श्लोक ४० मा इन्द्रिय-मन-बुद्धि यी तीन बताइएको हुनाले यहाँ पनि तीनै ठाउँको उपाय हुनुपर्ने हो, परन्तु पहिले इन्द्रिय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र विषयको सम्बन्ध नभै मनको सङ्कल्प र बुद्धिको निश्चयरूप वृत्ति हुँदैन; किनकि अन्तःकरण विना इन्द्रिय विषयाकार वृत्ति हुनलाई स्वतन्त्र छैन । अतः कारणरूप इन्द्रियलाई निरोध गरेपछि अरू स्वतः निरुद्ध हुन्छन् भन्ने तात्पर्यले इन्द्रियद्वारा कामरूपी शत्रुलाई मार्ने उपाय बताउनुभएको हो ॥४१॥

बाह्य इन्द्रियलाई यथा कथञ्चित् रोके पनि आन्तरिक राग त्याग्न अत्यन्त दुष्कर छ । किनकि २-५७ का अनुसार रागको त्याग बिना परमात्मदर्शन हुन-सक्तैन, त्यस कारण पहिले 'पर' शब्दको व्याख्या हुन्छ—

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

अन्वयार्थः

इन्द्रियाणि	=	इन्द्रियहरू	बुद्धिः	=	बुद्धि
पराणि	=	पर	परा	=	पर छ
आहुः	=	भन्दछन्	तु	=	किन्तु
इन्द्रियेभ्यः	=	इन्द्रियभन्दा	यत्	=	जो
मनः	=	मन	बुद्धेः	=	बुद्धिभन्दा
परम्	=	पर छ	परतः	=	पर छ
मनसः	=	मनभन्दा पनि	सः	=	त्यो परमात्मा हो

सरलार्थ

स्थूल देहभन्दा इन्द्रिय पर छन्, इन्द्रियभन्दा मन पर छ, मनभन्दा बुद्धि पर छ, किन्तु जो बुद्धिभन्दा पनि पर छ त्यो परमात्मा हो ।

तात्पर्य

यस श्लोकमा 'रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते' यसमा रहेको 'पर' शब्दले विवक्षित अर्थको व्याख्या भएको छ । इन्द्रिय विषयका प्रकाशकर सूक्ष्म हुनाले स्थूल विषय-भन्दा सूक्ष्म र पर छन् । मन इन्द्रियको प्रेरक हुनाले इन्द्रिय-भन्दा श्रेष्ठ र पर छ । मनले गरेका कच्चा संकल्प-विकल्पहरूलाई निश्चय गर्ने हुनाले बुद्धि मनभन्दा श्रेष्ठ र पर छ । आत्मा बुद्धिको द्रष्टा हुनाले बुद्धिभन्दा पनि पर र श्रेष्ठ छ—जसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन हुना साथ मनमा रहेका सूक्ष्म कामवासनाहरू समूल नष्ट हुँन्छन्, त्यस-भन्दा पर अर्को छैन । यस श्लोकको मूल कठोपनिषद्मा छ—

इन्द्रियेभ्यः परा ह्यर्था अर्थेभ्यश्च परं मनः ।
मनसस्तु पराबुद्धिर्बुद्धेरात्मा महान् परः ॥
महतः परमव्यक्तं अव्यक्तात्पुरुषः परः ।
पुरुषान्न परंकिञ्चित्सा काष्ठा सा परा गतिः ॥
(कठ० १-३-१०)

इन्द्रियभन्दा पर अर्थ, अर्थभन्दा पर मन, मनभन्दा पर व्यष्टि बुद्धि, व्यष्टि बुद्धिभन्दा पर समष्टि बुद्धि, समष्टि बुद्धिभन्दा पर अव्यक्त, अव्यक्त-भन्दा पर पुरुष, पुरुषभन्दा पर केही पनि छैन, यही सबैको पराकाष्ठा र परा गति हो ॥४२॥

यस प्रसङ्गको अन्तिमोपदेश—

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे कर्मयोगो नाम तृतीयोऽध्यायः ॥ ३ ॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	आत्मानम्	=	आँफूलाई
एवम्	=	यस्ता प्रकारले	संस्तभ्य	=	स्थिर गरेर
बुद्धेः	=	बुद्धिभन्दा	दुरासदम्	=	कष्टसाध्य
परम्	=	परलाई	कामरूपम्	=	कामरूपी
बुद्ध्वा	=	जानेर	शत्रुम्	=	शत्रुलाई
आत्मना	=	आँफूले	जहि	=	मार

सरलार्थ

हे वीर अर्जुन ! एवंप्रकार बुद्धिदेखि पर परमात्मालाई जानेर तथा विवेक-बुद्धिले मनलाई स्थिर गरेर कष्टसाध्य कामरूपी शत्रुलाई मार ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

विषय तृष्णारूपी शत्रुलाई संहार गर्ने सर्वोपरि श्रेष्ठ साधन एउटै छ, त्यो के भने योग शास्त्रमा बताइएका युक्तिले मनलाई स्थिर गरेर बुद्धि-शब्द-वाच्य प्रकृति-देखि पर परमात्माको ज्ञान सम्पादन गर्नु। यही ज्ञानरूपी अग्निमा कामनाका बीजहरू भुटिएपछि कामरूपी शत्रुको समूल संहार हुन्छ। अर्जुन महाबाहु हुनाले उनको यो गुण स्वाभाविक छ कि—शत्रुदेखि कहिल्यै पनि डराउँदैनन्, तर बाह्य शत्रुको मूल काम हो, यसलाई पहिले संहार नगरी पृथ्वीलाई निःशत्रु गराउनसक्ने-छैनन् तथा 'महाबाहो' यो सम्बोधन पान सार्थक हुने छैन। महाभारतमा लेखिए-को छ—

आत्मा जेयः सदा राज्ञा ततो जेयाश्च शत्रवः।
अजितात्मा नरपतिर्विजयेत कथं रिपून्॥
(म० भा० शां० ६९-४)

राजाले प्रथम आत्मा (देह-इन्द्रिय-मनको संघात) लाई जित्नपर्दछ र त्यसपछि मात्र शत्रुलाई जित्ने चेष्टा गर्नुपर्दछ। जसले आँफ्नू आत्मा जित्नसकेको छैन त्यस राजाले शत्रुहरूलाई कसरी जित्नसक्ला! ॥४३॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये कर्म-योग
नाम गरेको तेस्रो अध्याय समाप्त भयो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सत्

चौथो अध्याय

विना कर्म कोही पनि एक क्षण रहनसक्तैन, त्यस कारण ज्ञानीले पनि लोक-संग्रहार्थ कर्म गर्नैपर्दछ, इत्यादि पूर्वाध्यायमा वर्णन भएको कर्मयोगको सिद्धान्त भगवान्‌ले त्यसैबेला अज्माएर अर्जुनलाई बताएको होइन, किन्तु यो प्राचीन गुरुपरंपरादेखि पनि चलेर आएको हो भन्ने कुरा पहिले देखाएर कर्मयोगकै विशेष विवेचन यस अध्यायले गर्दछ ।

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

अन्वयार्थः

अहम्	=	मैले	विवस्वान्	=	सूर्यले
इमम्	=	यो	मनवे	=	मनुलाई
अव्ययम्	=	अविनाशी	प्राह	=	भने
योगम्	=	योगलाई	मनुः	=	मनुले
विवस्वते	=	सूर्यलाई	इक्ष्वाकवे	=	इक्ष्वाकुलाई
प्रोक्तवान्	=	भनें	अब्रवीत्	=	भने

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—मैले अघि अविनाशी फलदाता यो कर्मयोग सूर्यलाई भनेको थिएँ, सूर्यले आफ्ना छोरा श्राद्धदेव मनुलाई भने, श्राद्धदेव मनुले पनि आफ्ना छोरा आदि राजा इक्ष्वाकुलाई भने ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ! ॥२॥

अन्वयार्थः

एवम्	=	यस्ता प्रकारले	सः	=	त्यो
परंपराप्रप्तम्	=	परंपराप्राप्त	योगः	=	योग
इमम्	=	यसलाई	महता	=	धेरै
राजर्षयः	=	राजर्षिहरूले	कालेन	=	काललें
विदुः	=	जाने	इह	=	यहाँ
परन्तप !	=	हे अर्जुन !	नष्टः	=	हरायो

सरलार्थ

यस्ता प्रकारले सूर्यादि वंशपरंपराबाट प्राप्त भएको यो योगलाई पछि निमि आदि राजर्षिहरूले पनि जाने, किन्तु हे अर्जुन ! ऐले त्यो योग धेरै कालदेखि यस संसारमा हरायो ।

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

अन्वयार्थः

मे	=	मेरो	अद्य	=	अहिले
भक्तः	=	भक्त	ते	=	तिमीलाई
सखा च	=	औ साथी	मया	=	मैले
असि	=	छौ	प्रोक्तः	=	भनें
इति	=	यस कारण	हि	=	किनभने
स एव	=	त्यही	एतत्	=	यो योग
अयम्	=	यो	उत्तमम्	=	उत्तम
पुरातनः	=	प्राचीन	रहस्यम्	=	रहस्य छ
योगः	=	योग			

सरलार्थ

जुन् योग अघि मैले सूर्यलाई भनेको थिएँ, अनादि गुरुपरम्पराबाट आएको उत्तम र रहस्यमय त्यही योग ऐले परम्परा लुप्त भएको बेलामा मेरा भक्त र प्रिय सखा हुनाले तिमीलाई भनें ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

साम, दान, दण्ड, भेद यी चार नीतिलाई लिएर संसारमा धर्म-नीतिको रक्षा गर्नु, दुष्टहरूलाई दण्डदिनु, समयोचित शासनलाई लिएर कहीं अधर्म-अन्याय, अत्याचार-अनाचार हुन नदिनु इत्यादि ईश्वरीय कार्य-भार प्रजावत्सल वीरवर क्षत्रियका उपर थियो। वास्तवमा क्षत्री नाम रहेको पनि यही कामले हो। कवि कालिदासले भनेका छन् 'क्षतात्किल त्रायत इत्युदग्रः क्षत्रस्य शब्दो भुवनेषु रूढः' (र. वं. २-५३) यसै कारण क्षत्रियका आदि कारण सूर्यलाई भगवान्‌ले योगको उपदेश दिनुभएको हो। उनीहरूले परंपरा-विस्तारका निम्ति आफ्ना २ योग्य पुत्रहरूका उपर उपदेश गर्दै ल्याएका थिए, परन्तु कालान्तरमा मनुष्यलाई काम-क्रोध-लोभहरूले दबाउँदै ल्याएपछि द्वापरयुगको अन्तसम्म त्यो योगको शिक्षा-प्रणाली लुप्तप्राय भइसकेको थियो। यसैले भगवान्‌द्वारा फेरि सुपात्र अर्जुनका प्रति पुनः उही पुरातन योगको सुसंस्कृत उपदेश भएको छ। भगवान्‌को उपदेश प्रतिमन्वन्तरमा साधारण भए तापनि सूर्यदेखि प्रारम्भ गर्नाको तात्पर्य वर्तमान वैवस्वत मन्वन्तरका अभिप्रायले हो ॥ ३ ॥

परंपराका विषयमा अर्जुनको शङ्का—

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

अन्वयार्थः

भवतः	=	तपाईंको	आदौ	=	पहिले
जन्म	=	जन्म	प्रोक्तवान्	=	भन्नुभयो
अपरम्	=	पछि	इति	=	यस्तो
विवस्वतः	=	सूर्यको	एतत्	=	यसलाई
जन्म	=	जन्म	कथम्	=	कसरी
परम्	=	अघि छ	विजानीयाम्	=	जानूँ
त्वम्	=	तपाईंले			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुन भन्दछन्—तपाईंको जन्म ऐले यस वर्तमान युगमा भएको छ, सूर्यको जन्म उहिल्यै सृष्टिको आदिकालमा भएको थियो। धेरैकालको अन्तर हुनाले तपाईंले अघि सूर्यलाई योगोपदेश गर्नुभयो भन्ने कुरा म कसरी विश्वास गरूँ ?

तात्पर्य

सूर्यलाई गरेको उपदेश अर्कै देहले हो कि यही देहले ? अर्कै देहले हो भने जन्मान्तरमा अर्कै देहले गरेको उपदेश यो देहमा ज्ञान हुँने भए अर्जुनलाई पनि हुनपर्ने ? यही देहले गरेको उपदेश हो भने सृष्टिका आदिकालदेखिको मनुष्यदेह ऐलेसम्म रहन असम्भव छ। सो कुरा कृष्णको जन्म यदुकुलमा भएको सबैलाई थाहै छ। एवं प्रकार जन्मान्तरको स्मृति नहुनु र उहिलेको शरीर ऐलेसम्म नरहनु सर्वसाधारण मनुष्यका गुणकर्म ठानेर अर्जुनको प्रश्न गर्नाको आशय हो ॥४॥

श्रीभगवान् यस प्रश्नको उत्तर अवतारवादबाट दिनुहुन्छ—

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन !।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप !॥५॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	तानि	=	ती
मे	=	मेरा	सर्वाणि	=	सबैलाई
तव च	=	औ तिम्रा	अहम्	=	म
बहूनि	=	धेरै	वेद	=	जान्दछु
जन्मानि	=	जन्महरू	त्वम्	=	तिमी
व्यतीतानि	=	विते	न वेत्थ	=	जान्दैनौ
परन्तप !	=	हे अर्जुन !			

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हे अर्जुन ! तिम्रा र मेरा धेरै जन्महरू विते, हे परन्तप ! तो सबैलाई म जान्दछु, किन्तु तिमी जान्दैनौ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जस्तै सृष्टिको आदि कालदेखि सूर्य एउटै भए तापनि उदय-अस्त अनन्त छन्, त्यस्तै अनादि, अनन्त, अपार शक्तिमान् ईश्वरका लीला-शरीरको अन्त छैन। परमेश्वर मायावृत्तिद्वारा विश्वका प्राणीहरूलाई जान्नुहुन्छ, किन्तु अविद्याले ढाकिएको जीव केवल अन्तःकरणका वृत्तिद्वारा मात्रै वस्तुलाई जान्दछ। अतएव ईश्वर सर्वज्ञ छन्, जीव अल्पज्ञ छ। अविद्याले गर्दा जीव बार २ जन्मेर पनि जन्मान्तरको वृत्तान्त थाहा पाउँदैन, ईश्वर अविद्या-मलरहित हुनाले अलुप्त-ज्ञानवान् छन् ॥५॥

जीव भए सर्वज्ञ हुनु नपर्ने, ईश्वर भए जन्मनु नपर्ने ? यस शङ्काको उत्तर—

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्।
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

अन्वयार्थः

अव्ययात्मा	=	अविनाशी स्वरूप	स्वाम्	=	आफ्नी
अजः	=	जन्मरहित	प्रकृतिम्	=	प्रकृतिलाई
सन् अपि	=	भएर पनि	अधिष्ठाय	=	अधीनमा लिएर
भूतानाम्	=	प्राणीहरूको	आत्ममायया	=	आफ्नै मायाले
ईश्वरः	=	ईश्वर	संभवामि	=	प्रकट हुन्छु
सन् अपि	=	भएर पनि			

सरलार्थ

यद्यपि म अविनाशी, जन्मरहित तथा सकल प्राणीको ईश्वर छु, तथापि आफ्नी प्रकृतिलाई अधीन गरेर आफ्नै मायाले जन्म लिन्छु।

तात्पर्य

अपूर्व देह-इन्द्रिको संयोगलाई 'जन्म', पूर्वगृहीत देह-इन्द्रियको वियोगलाई 'मरण' भन्दछन्। यी दुई अवस्था धर्माधर्मवश हुन्छन् भन्ने शास्त्रको सिद्धान्त छ। धर्माधर्मको उत्पत्ति अहङ्कारपूर्वक फलाशक्तिलाई लिएर गरिएका कर्मद्वारा हुन्छ। अहङ्कार र फलसक्ति अज्ञानले गर्दा हुन्छन्। परन्तु ईश्वरमा अज्ञानरूप कारण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नहुनाले परम्पराकार्यरूप अहङ्कार र फलकामना पूर्वक कर्म हुँदैनन्, कर्म नभए-पछि जन्म, मरण हुँदैनन्। यही कुरा अज र अव्ययात्मा शब्दले बताउँछन्। आखिर श्रीकृष्णको जो वंशीधर शरीर लोकलाई प्रतीत भएको थियो, त्यो हाम्रो जस्तो पाप-पुण्यको मिश्रणबाट बनेको भौतिक देह होइन ; किनकि भौतिक देहबाट गोवर्धनधारण, कालीयमर्दन आदि अतिमानव कर्महरू हुनसक्दैनन्, त्यस कारण अघटितघटनसामर्थ्य भएको माया नै ईश्वरको देह हो। यही दर्शन शास्त्रहरूको सिद्धान्त छ। मोक्ष-धर्ममा पनि नारदका प्रति भन्नुभएको छ—

माया ह्येषा मया सृष्टा यन्मां पश्यसि नारद !
सर्वभूतगुणैर्युक्तं न तु मां द्रष्टुमर्हसि ॥
(म. भा. शां. ३३९)

हे नारद ! जो तिमी मलाई देख्दछौ, यो मायाद्वारा बनेको शरीर हो, सर्वभूत गुणले युक्त अर्थात् कारणोपाधिरूप मलाई तिमी यी चर्म-चक्षुद्वारा देख्नसक्तैनौ। माया आत्यन्तिक [1]प्रलयपर्यन्त रहने हुनाले व्यवहार दशामा नित्य छ, त्यस कारण जुन् मायिक शरीरले सूर्यलाई उपदेश गर्नुभएको थियो त्यही मायिक शरीरबाट अर्जुनलाई उपदेश गर्नुभएको छ, यसमा केही पनि असंगत कुरो छैन ॥६॥

जन्मरहित परमेश्वरको कहिले केका निम्ति मायाद्वारा जन्म हुन्छ? यसको उत्तर—

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ! ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

अन्वयार्थः

भारत !	=	हेअर्जुन !	भवति	=	हुन्छ
यदा यदा हि	=	जुन्-जुन् बेला	तदा	=	त्यसबेला
धर्मस्य	=	धर्मको	अहम्	=	म
ग्लानिः	=	हानि	आत्मानम्	=	आँफूलाई
अधर्मस्य	=	अधर्मको	सृजामि	=	सृष्टि गर्दछु
अभ्युत्थानम्	=	वृद्धि			

सरलार्थ

हे भारत ! जुन् २ बेला धर्मको हानि र अधर्मको वृद्धि हुन्छ, त्यस २ बेला म अवतार लिन्छु ।

---

१. मोक्ष

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

सृष्टिका आदिकालदेखि जगत्को स्थितिको निम्ति प्रवृत्ति र निवृत्ति दुई किसिमका धर्म प्रचलित भएका छन्। तिनको ह्रास भएपछि समाजमा आँफै अधर्म-अन्याय-अत्याचार-अनाचारको बेरोक वृद्धि हुँनथाल्दछ। जसले गर्दा निरीहजनता कहीं पनि त्राण नपाएर व्याकुल हुन्छ। त्यसबेला उत्पीडित-हरूलाई आश्वासन दिन र निरङ्कुशतालाई दमन गर्न समयानुकूल शक्तिको आवश्यकता पर्दछ। हजारौं, लाखौं, करोडौं दीन-हीन असमर्थ आत्माको संयुक्तव्यथाले महान आत्माको रूप लिन्छ। यही अधःपतन भएर बिनाशका गर्तमा जानलागे-को मनुष्य-समाजलाई धर्मनीतिको मार्ग देखाउने तथा पीडितहरूको करुणक्रन्दन-लाई सुनेर अत्याचारको समूल उच्छेद गर्नसक्ने, उदार चरित्र भएको, शक्ति-सम्पन्न प्रभावशाली व्यक्ति नै ईश्वरीय अवतार हो (गी १०।४१)। राम, कृष्ण, बुद्ध, ईशा, शंकराचार्य तथा वर्तमान कालका महात्मा गान्धी जस्ता लोक-विभूतिहरू यसै कोटिका महापुरुषहरू हुन्। सच्याएको सामाजिक स्थिति बिग्रे-पछि पनि समय २ मा यस्ता महापुरूषहरू भई नै रहनेछन्। अवतारबाट लोकसंग्रहको कार्य पनि हुन्छ (३–२०), त्यस कारण उक्त महापुरूषहरूले गरेको आचरण हाम्रो निम्ति अनुकरणीय हुन्छ।

शास्त्रमा लेखिएको छ—षोडषकलो वै सौम्य पुरुषः (छां. ६–७–१) हे सौम्य! पुरुष १६ कलायुक्त छ। परमेश्वरका यी कलाहरू पात्रानुसार कहीं कम, कहीं बेसी, भएर सर्वत्र व्याप्त छन्। जति २ कलाहरूको वृद्धि हुन्छ, उति २ ईश्वरीय शक्तिको विकाश हुन्छ। १६ कलामा एक कलाको विकाश वृक्ष-वनस्पतिमा, दुई कलाको विकाश पसिनाबाट र पृथ्वीको बाष्पबाट पैदा हुने क्षुद्र जन्तुहरूमा, तीन कलाको विकाश फूल (अण्डा) बाट पैदा हुने पक्षीमा, चार कलाको विकाश पशु आदियो-निमा हुन्छ। साधारण मनुष्यमा पाँच कला, विशेष प्रभावशाली दैवी गुणसम्पन्न व्यक्तिमा दैवी गुणका तारतम्यले छ कलादेखि आठ कलासम्मको विकाश हुँन्छ। नौ-कलादेखि अगाडि विकाश भएपछि उसमा अतिमानव[1] कर्महरू प्रकट हुन्छन्, य-सैले ऊ ईश्वरावतार मानिन्छ। यसमा पनि पन्ध्र कलासम्मको विकाश अंशावतार, सोह्रकला पूर्ण भएपछि पूर्णावतार मानिन्छ।

---

१. मनुष्यले गर्न नसक्ने काम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै—

ममैवैका कलाशक्तेरुद्भिजेषु विकाशते ।
स्वेदजेषु कलाद्वैतमण्डजेषु कलात्रयम् ॥
चतस्रश्च कला भान्ति जरायुजगणेऽखिले ।
पञ्चकोशप्रपूर्णत्वात् मर्त्येषु प्रायशोऽमराः ॥
आकलापञ्चकादष्ट कला नूनं चकाशते ।
नवारभ्य कला यावन् षोडशं मे यथायथम् ॥
संविकाश्यावतारेषु नाना केन्द्रोद्भवेषु च ।
कुत्रचिन्मे प्रपूर्यन्तेऽवतारे पूर्णसंज्ञके ॥
(शं. गी)

वेदमा परमेश्वरको विषयमा भनेको छ—'इन्द्रोमायाभिः पुरुरूप इयते (बृ० २-५-१९)—परमेश्वर मायाका शक्तिविशेषहरूले एक भएर पनि अनेक देखिनु-हुन्छ । 'त्वं जातो भवसि विश्वतोमुख' (श्वे० ४-३)—सर्वतोमुख अर्थात् सर्वत्र मुख भएको तपाईं जन्मनु हुन्छ । 'पूर्वो हि जातः स उ गर्भे अन्तः स जनिष्यमाणः' (श्वे० २-१६)—त्यो पहिले जन्मिसकेको थियो औ त्यही गर्भको भित्र पनि छ तथा नवजात शिशु र भविष्यमा जन्मने पनि त्यही हो ।

परमेश्वरको अवतार भनेको कहींबाट आउने र प्रवेश[1] गर्ने होइन, किन्तु परमेश्वरका उपर्युक्त कलाहरू सूर्यका किरण झैं सर्वत्र व्याप्त छन् । जस्तै सूर्यका किरण सबै ठाउँमा भएर पनि जहाँ सूर्यकान्त मणिको संयोग हुन्छ तहीं मात्र अग्नि प्रकट हुन्छ, त्यस्तै जहाँ धर्मको ग्लानि, अधर्मको वृद्धि हुन्छ त्यही केन्द्रमा कुनै परिस्थिति-सुहाउँदो रूपमा ईश्वरीय शक्तिको विकाश हुन्छ । सर्वसाधारणका बुद्धिमा यो अवतारवादको रहस्य पस्दैन, यसैले कल्को अवतारकै प्रतोक्षामा रहन्छन् र पुराणहरूमा बताएका ईश्वरका दश अवतार, चौबीस अवतार मात्र ठहऱ्याउँछन्, ईश्वरका अनन्त अवतार हुन्छन् भन्ने बुझ्दैनन् । परन्तु वेदले 'युक्ताह्यस्य हरय शतादशः' ईश्वरका सैकडौं अवतार हुन्छन् भनेको छ । एक थरी यस्ता छन् कि—निर्गुण निराकार ईश्वरको सगुण साकार अवतार हुनैसक्तैन भनेर तर्क-वितर्क गरि-

---

१ तत्सृष्ट्वा तदेवानुप्राविशत् (तै-२-६) जगत्‌लाई सृष्टि गरेर आँफू त्यसै भित्र पस्यो भन्ने श्रुतिहरू ईश्वरको गौण प्रवेशलाई बताउँछन्, मुख्यलाई होइन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहन्छन् । परन्तु यो कुरा विर्मन्छन् कि—स्वयं हामीहरू नै जन्मनुभन्दा पहिले निर्गुण निराकार थियौं, ऐले सगुण साकारमा आइरहेछौं ! मृत्युका पछि पनि व्यावहारिक दृष्टिबाट हाम्रो स्थिति निर्गुण निराकार नै हुन्छ । यसैले गीता भन्दछिन्—हे भारत ! पहिले यी सब अव्यक्त (अदृश्य) थिए, ऐले देखिएका छन्; पछि पनि अदृश्य नै हुनेछन्, त्यसमा के शोक ! (२-२८) ॥७॥

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥८॥

अन्वयार्थः

साधूनाम्	=	सज्जनहरूको	धर्मसंस्थापनार्थाय	=	धर्मको स्थापन गर्न
परित्राणाय	=	रक्षा गर्न			
दुष्कृतां च	=	तथा दुष्टहरूको	युगे-युगे	=	युग-युगमा
विनाशाय	=	नाश गर्न	संभवामि	=	प्रकट हुन्छु

सरलार्थ

सज्जनहरूको रक्षा र दुष्टहरूको नाश तथा प्रतियुगमा युगानुसार धर्मको स्थापना गर्नको निम्ति अवतार लिन्छु ।

तात्पर्य

शङ्का हुन्छ कि ईश्वरका लेखा सबै प्राणी पुत्र बराबर हुन्, किन कसैलाई रक्षा गर्ने र कसैलाई संहार गर्ने ? यसको समाधान यो हो कि—जस्तै दुर्जन पुत्रलाई ताडना गर्दा आमाको निर्दयिता-दोष मानिदैन, प्रकारान्तरबाट करुणा नै ठहर्छ, त्यस्तै दुष्ट-निग्रह गर्नाले परमेश्वरमा पक्षपातको दोष लाग्दैन ।

जस्तै—

लालने ताडने मातुर्नाकारुण्यं यथार्भके ।
तद्वदेव महेशस्य नियन्तुर्गुणदोषयोः ॥

जस्तै बालकका उपर आमाले गरेको लालन-ताडन अकरुणा ठहर्दैन, त्यस्तै गुण-दोषको नियामक ईश्वरको पनि बुझ्नपर्दछ । यदि बलवान् पुत्रले दुर्बल पुत्रका उपर अत्याचार गऱ्यो भने आमाले त्यसको सहायक हुनैपर्छ, अत्याचारीलाई दंड दिनैपर्छ । समस्त प्राणीका उपर सामान्य-रूपले ईश्वरको उपदेश छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैले आँफ्नू २ मर्यादामा रहेर कर्तव्य पालन गर्नु, कमैले कसैका उपर पशुबलको प्रयोग नगर्नु, धर्म-नीतिबाट व्यवहार चलाउनु। परन्तु जसले यस नीतिलाई अवहेलना गरेर स्वतन्त्राचार गर्दछ तथा जो रहनाले प्रजावर्ग उत्पीडित हुन्छन्, त्यस्तालाई त्यस दुनियाँबाट अर्कै दुनियाँमा पठाइदिनु ईश्वरको न्याय हो, अन्याय होइन। किनकि यसबाट उनीहरूको वास्तवमा झन् कल्याणै हुन्छ। द्रोणाचार्यको वचन छ—

ये ये हताश्चक्रधरेण राजन् त्रैलोक्यनाथेन जनार्दनेन।
ते ते गता विष्णुपुरीं प्रयाताः क्रोधोऽपि देवस्य वरेण तुल्यः॥

जो जो त्रैलोक्यनाथ चक्रधारी जनार्दनबाट मारिए, तिनीहरू सबै वैकुण्ठ धाममा गए। हे राजन्! देवताको क्रोध पनि वरदान जस्तै छ। त्यस कारण ईश्वरका कृत्यमा दोषहरू छैनन् ॥८॥

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन! ॥९॥

अन्वयार्थः

अर्जुन!	=	हे अर्जुन!	वेत्ति	=	जान्दछ
यः	=	जो	सः	=	त्यो
एवम्	=	यस्ता प्रकारले	देहम्	=	देहलाई
मे	=	मेरो	त्यक्त्वा	=	त्यागेर
दिव्यम्	=	दिव्य	पुनर्जन्म	=	फेरि जन्म
जन्म	=	जन्म	न एति	=	पाउँदैन
कर्म च	=	औ कर्मलाई	माम्	=	मलाई
तत्त्वतः	=	यथार्थ रूपले	एति	=	पाउँदछ

सरलार्थ

हे अर्जुन! जो मेरो दिव्य जन्म-कर्मलाई यथार्थरूपले जान्दछ त्यो यो देह त्यागेपछि फेरि जन्मदैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

भगवान्को दिव्य अर्थात् अलौकिक जन्मकर्म बुझ्नलाई पूर्वोक्त अवतारवादको रहस्य अध्ययन गर्नुपर्छ। निर्गुण-निराकार-अज-अव्यय ईश्वरको सगुण साकार रूपमा जन्म कसरी हुन्छ, जन्मेर ईश्वरबाट के के काम हुन्छन् ? यी दुई कुराको विचारमा मुक्तिको रहस्य छ, किनकि जन्मको विषयमा अव्यक्त प्रकृति या माया-को र चैतन्यको या प्रकृति र पुरुषको सम्बन्धमा विचार चल्दछ, जसका अन्तमा विचारवान्लाई अध्यात्म तत्त्वको ज्ञान अनिवार्य हुन्छ। यही ज्ञान मोक्षको साधन हो। कर्मको विचारमा भगवान्ले अवतार लिएर के के काम गर्नुभयो, इत्यादि प्रसङ्गबाट विचारवान्लाई बोध हुन्छ कि—ज्ञानीले आँफूलाई आवश्यक नभए पनि कर्म कसरी गर्नुपर्दोरहेछ ! यही कर्मयोगको ज्ञान हो। यस्ता प्रकारले भग-वान्को जन्म-कर्मको ज्ञानमा गीताशास्त्रको सबै रहस्य हस्तगत हुन्छ। यसैले मेरो दिव्य जन्म-कर्मलाई जान्ने पुनर्जन्मबाट छुट्दछ भन्नुभएको हो ॥९॥

यो मोक्ष-पन्था अनादि परंपरादेखि चलेर आएको हो—

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

अन्वयार्थः

वीतरागभयक्रोधाः	=	राग-भय-क्रोध देखि रहित	ज्ञानतपसा	=	ज्ञानरूपी तपस्याले
मन्मयाः	=	ममा परायण	पूताः	=	पवित्र भएका
माम्	=	मेरो	बहवः	=	धेरै
उपाश्रिताः	=	आश्रयमा रहेका	मद्भावम्	=	मेरो भावमा
			आगताः	=	आए

सरलार्थ

राग, भय तथा क्रोध नभएका, ममा परायण (तत्पर), मेरो शरणमा प्राप्त, ज्ञानरूपी तपस्याले पवित्र भएका जनहरू अघि पनि धेरै मेरो स्वरूपमा लीन भएका छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जहाँसम्म प्राणीका हृदयमा सांसारिक राग या विषयतृष्णा, भय, तथा क्रोध रहन्छ त्यहाँसम्म त्यसको अन्तरात्मा शुद्ध नभएको हुनाले परमेश्वरमा तन्मय हुन-सक्दैन। यद्यपि परमेश्वररूपी पिताखाई जीवरूपी पुत्रका प्रति नितान्तै प्रेम छ, तथापि रागादि कालुष्य दोषले दूषित अन्तरात्मा भएको जीवदेखि विष्टामा लत-पत भए-को पुत्रलाई सफा वस्त्र पहिरेका पिताले काखमा लिन घिन माने झैं परमेश्वर पर-परै भाग्नुहुन्छ। यसैले यहाँ 'ज्ञानतपसा पूताः' भन्नुभएको छ। ज्ञानको साधन भक्ति हो। भागवत (१०-१४-४) मा लेखिएको छ—भक्तिलाई छोडेर केवल ज्ञानका निम्ति कष्ट उठाउने हरूलाई 'तुषकण्डन न्याय' (भुसकुटे बराबर) हुन्छ। अतः जीवरूपी पुत्रको कर्तव्य हो कि ऊ पहिले भक्तिरूपी आमाका काखमा जा-ओस्। किनकि आमालाई जे भए पनि पुत्रका उपर घिन हुँदैन। भक्तिको कामै यही हो कि आफ्नू शरण आएकालाई उसका सबै कालुष्यहरू धोएर सफा र सुन्दर पारिदिनु—जसबाट ऊ ज्ञानद्वारा परमपिता परमेश्वरमा तन्मय हुन र उनी-मा एकमेक भएर मिल्न योग्य होओस्। श्रीमद्भागवतमा लेखिएको छ—

यर्ह्यब्जनाभचरणैषणयोरुभक्त्या,
चेतो मलानि विधमेद्गुणकर्मजानि।
तस्मिन्विशुद्ध उपलभ्यत आत्मतत्त्वम्,
साक्षाद्यथाऽमलदृशो सवितृप्रकाशः॥
(११-३-४०)

कमल नाभ भगवान्का चरणकमलप्राप्तिको इच्छाले गरिएको अखण्ड भक्तिले जब चित्तका गुण-कर्म-जन्य मल (कालुष्य) सफा हुन्छन्, अनि अन्तरात्मा शुद्ध भएपछि निर्मल नेत्र भएका पुरुषलाई सूर्यको प्रकाश देखिए झैं आत्मतत्त्वको उप-लब्धि अर्थात् साक्षात्कार हुन्छ ॥१०॥

सबैले परमेश्वरको सेवा गर्दछन् तापनि भावनानुसारै फल मिल्दछ—

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः ॥११॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ये	=	जो	भजामि	=	भज्दछु
माम्	=	मलाई	पार्थ !	=	हे अर्जुन !
यथा	=	जुन् प्रकारले	मनुष्याः	=	मनुष्यहरू
प्रपद्यन्ते	=	भज्दछन्	सर्वशः	=	सब प्रकारबाट
अहम्	=	म	मम	=	मेरो
तान्	=	तिनीहरूलाई	वर्त्मा	=	वाटोमा
तथा एव	=	त्यस्तै प्रकारले	अनुवर्तन्ते	=	आउँछन्

सरलार्थ

जसले मलाई जे भावले भज्दछन्, म पनि तिनीहरूलाई त्यही भावले भज्दछु । हे अर्जुन ! मनुष्य जताबाट पनि आखिर मेरै बाटामा आएर मिल्दछन् ।

तात्पर्य

परमेश्वर सर्वाभीष्टप्रद कामधेनु, कल्पवृक्ष चिन्तामणिभन्दा पनि अनन्त गुण अधिक हुनुहुन्छ । जीवहरू अनेकानेक प्रकारान्तरले भिन्न २ भावद्वारा उनै परमेश्वरको आराधना गर्दछन् । परमेश्वर स्व-स्व कर्मानुसार तिनीहरूलाई यथोचित फल दिनुहुन्छ । वास्तवमा इन्द्रादि देवताको आराधना पनि त्यही रूपमा रहेका परमेश्वरकै हो । यही कुरा ९–२३ मा भन्नुभएको छ । किन्तु फल भावनानुसारै हुन्छ । यदि भगवान्‌ले भावनानुसार फल नदिने भए उहाँको 'भक्ताभीष्टप्रद' भन्ने अन्वर्थक (अर्थानुसारी) नाम पनि रहने थिएन । आखिर फलदाता परमेश्वरै भए तापनि फलको परिमाण पूज्य (देवता) र पूजाको अनुसार हुन्छ । भूत-प्रेतादिको पूजा गरेर आत्मकल्याण या मुक्ति मिल्दैन ; यसको निम्ति नारायणकै आराधना चाहिन्छ । स्वर्ग-प्राप्तिका निम्ति इन्द्रादि देवताको पूजा गर्नुपर्दछ । पूजा पनि भूतको मद्य-मांस-रुधिरद्वारा, नारायणको शुद्ध जल, तुलसी दल आदिद्वारा तथा इन्द्रादिको दर्शपूर्णमास आदि यागद्वारा हुन्छ । यसैले श्रीस्वामी विद्यारण्यले भन्नुभएको छ—

यथा यथोपासते तं फलमीयुस्तथा तथा ।
फलोत्कर्षापकर्षौ तु पूज्यपूजानुसारतः ॥

(पञ्चदशी ६–२०९)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुष्य जुन् २ प्रकारले परमेश्वरको उपासना गर्दछ, त्यस्तै २ फल मिल्दछ। फलको श्रेष्ठता-कनिष्ठता पूज्य र पूजाका अनुसार हुन्छ। श्रुतिमा पनि लेखिएको छ—'यथा यथोपासते तदेव भवति' (मुद्गलोपनि० ३)। अतः परमेश्वर जीवका भावनानुसार फलदिने हुनाले उनीमा कुनै विषमताहरू देखिंदैनन्। लोकमा पनि त मागेकै कुरा दिनाले प्रीति हुन्छ ॥११॥

जताबाट पनि परमेश्वरतिरै गइन्छ भने किन लोकहरू नाना मार्गमा लाग्दछन् ? यसको कारण—

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

अन्वयार्थः

कर्मणाम्	=	कर्महरूको	हि	=	किनभने
सिद्धिम्	=	सिद्धिलाई	मानुषे लोके	=	मनुष्यलोकमा
काङ्क्षन्तः	=	इच्छा गरेर	कर्मजाः	=	कर्मजन्य
इह	=	यस लोकमा	सिद्धिः	=	सिद्धि
देवताः	=	देवताहरूलाई	क्षिप्रम्	=	चाँडै
यजन्ते	=	पूजदछन्	भवति	=	हुन्छ

सरलार्थ

कर्म-फलको इच्छा गर्नेहरू यसलोकमा देवताहरूको पूजा गर्दछन्, किनकि मनुष्यलोकमा कर्मबाट भएको सिद्धि (फल) चाँडै (जीवित अवस्थामै) मिल्दछ।

तात्पर्य

परमेश्वरको उपासनाको मुख्य फल हो 'मुक्ति', किन्तु यो कालान्तरमा अनेक जन्मद्वारा सिद्ध भएर मात्र मिल्दछ। यस विषयमा लाग्ने दूरदर्शीहरू हजारौंमा एक मिल्न गाहारो छ। त्यसकारण संसारमा तुरुन्ता-तुरुन्ती फलसिद्धि खोज्नेकै संख्या धेरै हुन्छ। कसैलाई पुत्र, कसैलाई धन, कसैलाई स्त्री, कसैलाई पुरुष, कसैलाई शत्रुनाश इत्यादि चाहिएको छ। यसैले यी कुराको पूर्ति कसबाट हुन्छ, यही

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताकमा सकामी मनुष्यहरू नाना विधि-विधानबाट वीर-वेतालादि तथा अरू २ देवी-देवाताको आराधनामा व्यस्त रहन्छन् ॥ १२ ॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥

अन्वयार्थः

गुणकर्मविभागशः	=	गुण-कर्मका विभागबाट	कर्तारम् अपि	=	कर्ता भए तापनि
चातुर्वर्ण्यम्	=	चारवर्ण	माम्	=	मलाई
मया	=	मैले	अकर्तारम्	=	अकर्ता
सृष्टम्	=	सृष्टि गरियो	अव्ययम्	=	अविनाशी
तस्य	=	त्यसको	विद्धि	=	जान

सरलार्थ

गुण र कर्मका विभागबाट ब्राह्मण, क्षत्रीय, वैश्य तथा शूद्र यी चार वर्ण मैले सृष्टि गरें, यिनको कर्ता छु तापनि वास्तवमा मलाई तिमी अकर्ता नै जान ।

तात्पर्य

यस श्लोकद्वारा बुझिन्छ कि चार वर्णहरूलाई परमेश्वरले उत्पन्न गराए ता पनि स्वतन्त्र रूपले होइन, गुण कर्मका आधारमा हो अर्थात् उत्पन्न गर्नेमात्र काम ईश्वरको हो, ब्राह्मण-क्षत्री-वैश्य-शूद्र हुनलाई आ-आँफ्नै गुण-कर्महरू कारण छन्। सत्त्व, रज, तम यी ३ गुण हुन् ; कर्म—१८ अध्याय श्लोक ४२ देखि ४४ सम्म बताइएका छन् । जसले जस्तो गुणकर्मको सेवन गरेको छ, तदनुसारै त्यसको वर्ण (जाति) हुन्छ । वर्णको कारण गुण-कर्म भएकोले कारणले पूर्ववर्ती हुन आवश्यक छ अर्थात् पहिले गुण-कर्मको सेवन हुनपर्दछ, अनि वर्ण आँफै बन्दछ । त्यो त्यही वर्णमा पैदा हुन्छ, जस्तो उसले गुण-कर्मको सेवन पूर्वजन्ममा गरेको छ । प्राचीन कालमा यसै जन्ममा गरेका गुण-कर्मद्वारा पनि वर्ण बन्दथे । किनकि शास्त्रको प्रमाण छ "अत्युग्रपुण्यपापानामिहैव फलमश्नुते"—अत्यन्त तेज पुण्य-पापको फल यसै जन्ममा मिल्दछ । जुन्सुकै कर्मफलको प्राप्तिमा पनि चाँडै र ढीला हुनलाई कर्मकर्ताको तत्परता र उदासीनता नै कारण हुन्छन् ; यो कुरा जगत्-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसिद्ध छ । यसै जन्मका तीव्र कर्मले वर्ण बनेका प्राचीन शास्त्रीय उदाहरणहरू अगाडि लेखिन्छन्—

सबैभन्दा पहिले भारद्वाज ऋषिको प्रश्न छ—"काम-क्रोधादि आन्तरिक भाव र मल-मूत्र पसीना आदि बाह्य भाव सबैमा बराबर भएपछि फरक मनुष्यमात्रमा केही पनि देखिंदैन तथापि यो ब्राह्मण, यो क्षत्री, यो वैश्य, यो शूद्र भनेर किन मान्दछन् ? यसको उत्तरमा भृगु ऋषि भन्नुहुन्छ—

न विशेषोऽस्ति वर्णानां सर्वं ब्राह्ममिदं जगत् ।
ब्रह्मणा पूर्वसृष्टिं हि कर्मभिर्वर्णतां गतम् ।।
कामभोगप्रियास्तीक्ष्णाः क्रोधनाः प्रियसाहसाः ।
त्यक्तस्वधर्मा रक्ताङ्गास्ते द्विजाः क्षत्रतां गताः ।।
गोभ्यो वृत्तिं समास्थाय पीताः कृष्युपजीविनः ।
स्वधर्मे नानुतिष्ठन्ति ते द्विजा वैश्यतां गताः ।।
हिंसाऽनृतप्रिया लुब्धाः सर्वकर्मोपजीविनः ।
कृष्णाः शौच-परिभ्रष्टास्ते द्विजाः शूद्रतां गताः ।।
इत्येतैः कर्मभिर्व्यस्ता द्विजा वर्णान्तरं गताः ।
धर्मो यज्ञः क्रिया तेषां नित्यं न प्रतिषिद्ध्यते ।।
इत्येते चतुरो वर्णा येषां ब्राह्मी सरस्वती ।
विहिता ब्रह्मणा पूर्वं लोभात् त्वज्ञानतां गताः ।।

(म. भा. शां. मो. ध. ४२-१०८)

पहिले यो जाति-भेद थिएन, ब्रह्माको सृष्टि हुनाले सबै ब्राह्मण थिए, पछि कर्मले गर्दा भिन्न २ वर्ण (जाति) भए। जो ब्राह्मण हरूको रङ्ग रातो थियो औ आफ्नू कर्म छोडेर काम र भोगमा आसक्त भए तथा जो स्वभावैले क्रोधी, साहसी र उग्र थिए ती क्षत्रिय भए। जो ब्राह्मणहरूको रङ्ग पहेंलो थियो औ आफ्नू धर्ममा टिक्न नसकेर गाई पाल्ने खेती, गर्ने गर्नथाले ती वैश्य भए। जो ब्राह्मण काला थिए औ भ्रष्टाचारले रहनथाले, तथा जो लोभका वशमा परेर हिंसा गर्नथाले, एवं प्रकार जीवन निर्वाहका निन्ति पनि मनमानी काम गर्नथाले औ जसले सत्यलाई छोडिदिए, ती शूद्र भए । एवं प्रकार भिन्न भिन्न चार वर्ण बने । त्यसकारण यी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारै वर्णलाई धर्म र यज्ञ क्रिया गर्न निषेध छैन । यी वर्णलाई ब्राह्मी सरस्वती अर्थात् वेद विद्यामा बराबर अधिकार छ । ब्रह्माले यिनीहरूलाई यसरी समान स्थितिमा उत्पन्न गर्नुभयो, तथापि यिनीहरू लोभले गर्दा अज्ञानी भएका छन् । यही किसिमको वर्णन भविष्यपुराण ४४+२०-२४ मा र महाभारत शां-१८९ मा छ । यसैले धर्मशास्त्रमा लेखिएको छ—

'सदाचारेण देवत्वं ऋषित्वं च तथैव च ।
प्राप्नुवन्ति कुयोनित्वं मनुष्यास्तद्विपर्यये ॥

(संवर्तस्मृति)

मनुष्यहरू सदाचारले देवत्व तथा ऋषित्वलाई पाउँदछन्; दुराचारले नीचतालाई । यसविषयमा उदाहरणहरू पुराणहरूमा प्रसस्त पाइन्छन् ।

पुरोवंशं प्रवक्ष्यामि यत्र जातोऽसि भारत !
यत्र राजर्षयो वंश्या ब्रह्मवंशश्च जज्ञिरे ॥

(भा० ९-२०-१)

परीक्षितका प्रति शुकदेव भन्नुहुन्छ हे भारत ! जसका वंशमा तिमी उत्पन्न भयौ, त्यो पुरुको वंश म भन्दछु, जसमा राजर्षि-वंशहरूले ब्रह्म-वंशलाई उत्पन्न गरे ।

एते ह्यङ्गिरसः पुत्रा जाता वंशेऽथ भार्गवे ।
ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्च भरतर्षभ ! ॥

(हरिवंश अ० ३२)

हे भरतर्षभ ! यी भार्गव वंशमा उत्पन्न आङ्गिरसका छोराहरू कोही ब्राह्मण, कोही क्षत्रीय, कोही वैश्य, कोही शूद्र भए ।

'पृषध्रस्तु गुरुगोबधात् शूद्रत्वमगमत्'

(विष्णुपुराण ४-१-१४)

पृषध्र ब्राह्मण थिए, गुरुको गाई मार्नाले शूद्र भए ।

'नाभागो दिष्टिपुत्रोऽन्यः कर्मणा वैश्यतां गतः ।

(भा. ९-२-२३)

दिष्टिपुत्र नाभाग क्षत्रिय भएर पनि कर्मले वैश्य भए । मनुका धृष्ट नामक पुत्रबाट धार्ष्ट्य क्षत्रिय भए, तिनै पछि स्वधर्मवशात् ब्राह्मण भए (भा. ९-२-१) ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुका वंशमा अग्निवेश्य भए, यिनैका वंशधरहरू क्षत्रियबाट ब्राह्मण बने (भा. ९-२-२२) अरू पनि भागवतमा लेखिएको छ—

रम्भस्य रभसः पुत्रो गम्भीरश्चाक्रियस्ततः ।
तस्य क्षेत्रे ब्रह्म जज्ञे शृणुवंशमनेनसः ॥
(भा ९-१-१०)

रम्भका रभस र गम्भीर दुई पुत्र भए, रभसका पुत्र अक्रिय भए, यिनका क्षेत्रमा ब्रह्मकुल उत्पन्न भयो, यिनको शुद्ध वंशलाई म भन्दछु सुन ।

महाभारतमा कौशिक ब्राह्मणको र धर्मव्याध (कसाई) को संवाद छ—

शूद्रयोनौ हि जातस्य सद्गुणानुपतिष्ठतः ।
वैश्यत्वं लभते ब्रह्मन् क्षत्रियत्वं तथैव च ॥
आर्जवे वर्तमानस्य ब्राह्मण्यमभिजायते ।
गुणास्ते कीर्तिताः सर्वे किं भूयः श्रोतुमिच्छसि ॥
(वन. २११—११।१२)

हे ब्रह्मन् !

शूद्रयोनिमा उत्पन्न भए तापनि सदाचारको पालन गर्नेलाई वैश्यत्व तथा क्षत्रियत्व मिल्दछ; ब्राह्मणका सरलता आदि गुणहरूको पालन गरेको छ भने ब्राह्मणत्व प्राप्त हुन्छ । गुणहरू सबै तपाईंलाई बताइसकें, अब के सुन्न इच्छा छ ?

ब्राह्मणः पतनीयेषु वर्तमानो विकर्मसु ।
दाम्भिको दुष्कृतः प्रायः शूद्रेण सदृशो भवेत् ॥
यस्तु शूद्रो दमे सत्ये धर्मे च सततोत्थितः ।
तं ब्राह्मणमहं मन्ये वृत्तेन हि भवेद्द्विजः ॥
(वन० २१६—१३।१४)

ब्राह्मण भएर पनि पतन गराउने निषिद्ध कर्म गर्ने ढोंगी, विशेष गरेर कुकर्म-रत छ भने शूद्र बराबर हुन्छ, औ जो शूद्र भएर पनि इन्द्रियसंयम, सत्य धर्ममा सदा तत्पर छ भने, त्यसलाई म ब्राह्मण मान्दछु, किनकि सदाचारले नै ब्राह्मण हुन्छ ।

सर्प योनिमा प्राप्त भएका राजा नहुषले युधिष्ठिरलाई ब्राह्मण भनेको को हो भनेर सोधेपछि युधिष्ठिर भन्नुहुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यं दानं क्षमा शीलमानृशंस्यं तपो घृणा ।
दृश्यन्ते यत्र नागेन्द्र ! स ब्राह्मण इति स्मृतः ॥
शूद्रे तु यद् भवेल्लक्ष्म द्विजे तच्च न विद्यते ।
न वै शूद्रो भवेच्छूद्रो ब्राह्मणो न च ब्राह्मणः ॥
यत्रैतल्लक्ष्यते सर्प ! वृत्तं स ब्राह्मणस्मृतः ।
यत्रैतन्न भवेत्सर्प ! तं शूद्रमिति निर्दिशेत् ॥

(वन० १००—२५।२६)

हे नागराज । जसमा सत्य, दान क्षमा, शील, अक्रूरता, तपस्या, दया-हरू देखिन्छन् , त्यो ब्राह्मण कहिन्छ ।

शूद्रमा जो सद्गुणहरू देखिन्छन् र ब्राह्मणमा देखिदैनन् भने त्यो शूद्र शूद्र होइन ब्राह्मण ब्राह्मण होइन । हे सर्प ! जहाँ यी सदाचारहरू देखिन्छन् , त्यो ब्राह्मण कहिन्छ, जसमा यी सदाचार देखिंदैनन् त्यसलाई शूद्रभनेर जान्नु ।

अरू पनि पुराणहरूमा धेरै प्रमाणहरू छन् । विश्वामित्र क्षत्रिय थिए, व्यास माझिनीका छोरा थिए, व्यासका बाबु पराशर चाण्डाली (जसलाई ऐले अछूत भन्दछन्) पुत्र थिए । भविष्य पुराणामा लेखिएको छ—

श्वपाकीगर्भ संभूतः पिता व्यासस्य पार्थिव ! ।
तपसा ब्राह्मणो जातः संस्कारस्तेन कारणम् ॥

(भविष्य पु० ४२-२६)

व्यासका पिता पराशर एक चाण्डालीका गर्भबाट पैदा भएर पनि तपस्या-ले ब्राह्मण हुनुभयो, त्यसकारण उच्च वर्ण हुनलाई संस्कारै कारण छ । महा-भारत अनुशासन पर्वमा लेखिएको छ—

स्थाने मतङ्गो ब्राह्मण्यमलभद् भरतर्षभ ! ।
चाण्डालयोनौ जातो हि कथं ब्राह्मण्यमाप्तवान् ॥

(म मा० अ० ३-१९)

सुनिन्छ, मतङ्ग ऋषि चाण्डाल कुलमा पैदा भएका थिए, उनले कसरी ब्राह्मणत्व पाए ।

ऐतरेय ब्राह्मणमा एउटा कथा छ—ऋषिहरू मिलेर सरस्वती नदीका तटमा सत्र (यज्ञ विशेष) प्रारम्भ गरे, त्यसमा दासीपुत्रले हामीहरूका साथमा सहसत्र दीक्षा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिनसक्तैन भनेर कवल एलूषलाई संघबाट निकालिदिए। उसलाई सरस्वती नदीको पानी पिउनलाई पनि निषेध गरे। विचरो कवल ऐलूष तिर्खाले व्याकुल भयो, त्यसबेला उसले ऋग्वेदको अपोनप्त्रीय सूक्त देख्यो। उसले सूक्तको उच्चारण गरेको सुनेर सबै ऋषिहरू आश्चर्यमा परे औ परस्पर भन्नलागे—यस कवल ऐलूष-देखि देवता नै खुसी छन् त हामीले बहिस्कार गर्नु व्यर्थ छ। अनि उसलाई बोलाए, ऊ ऋषि भयो (ऐ० २-१९)। जसले 'ऐतरेय' ब्राह्मण बनायो, उनी खास इतरा (दासी) का पुत्र थिए। यसैले उनको नाम ऐतरेय महिदास थियो। उनैको कृति हुनाले ग्रन्थको नाम 'ऐतेरय ब्राह्मण' भयो। ऐतरेय, उपनिषद् पनि छ। पारस्कर गृह्य सूत्र भाष्य (२-५) मा लेखि एको छ— 'शूद्राणामदुष्टकर्मणामुपानयनम्' खराब काम नगर्ने शूद्रहरूको ब्रतबन्ध गर्नु। याज्ञवल्क्यले पनि भन्नुभएको छ—शूद्राणां ब्रह्मचर्यत्वं मुनिभिः कैश्चिदिष्यते (१), कुनै मुनिहरूको मत छ—शूद्र-हरूले पनि ब्रह्मचर्यमा रहनु।

पराशर र मतंग ऋषिको उदाहरणबाट बुझ्नसकिन्छ कि अघि नाम चाण्डाल भए तापनि अछूत प्रथा थिएन, किन्तु शूद्रकै अवान्तर भेद थियो, संस्कारद्वारा ब्राह्मण, क्षत्रिय, वैश्य हुन्थे, संस्कारहीन शूद्र। यस विषयमा एउटा प्रसिद्ध श्लोक छ—

जन्मना जायते शूद्रः संस्काराद्द्विज उच्यते।
वेदाभ्यासी भवेद्विप्रो ब्रह्मजानाति ब्राह्मणः॥

जन्मतः शूद्र हुन्छ, संस्कार भएपछि द्विज कहिन्छ, वेदाध्ययन भएपछि विप्र हुन्छ, ब्रह्मलाई जाने पछि ब्राह्मण हुन्छ। वज्रसूचिकोपनिषद्मा पनि ब्राह्मण कसलाई भन्दछन् भन्ने प्रश्नको उत्तरमा अनेकौं पक्षलाई तर्कद्वारा खण्डन गरेर अन्तमा 'ब्रह्म जानाति ब्राह्मण'—जसले ब्रह्मलाई जान्दछ त्यही ब्राह्मण हो भनेर निर्णय गरेको छ।

अब शङ्का हुन्छ कि—ऐले किन गुण-कर्मद्वारा वर्ण हुँदैनन् या बनाइँदैनन्। यसमा धेरैकारण हरू छन्—कालक्रमले क्रमशः जनसंख्याको वृद्धि हुँदै गएपछि र यातायातको पनि वृद्धि हुँदै गएपछि समाजमा अनेक प्रकारका जटिल समस्याहरू खडा हुँदै गए। वर्णहरूले आफ्नू तोकिएको व्यवसायमा रहेर आजीविका चलाउन मुस्किल पऱ्यो र ऋषिहरूले आपद्धर्म भन्ने निकाले; जसको सिद्धान्त छ—'जीवितं मरणाच्छ्रेयो जीवन् धर्ममवाप्नुयात्'—मर्नुभन्दा बाँच्नु श्रेय छ, बाँचेपछि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मोपार्जन गर्नसकिन्छ (म० भा० शां० १४१–६५)। यही सिद्धान्तको आधारमा यस्तो व्यवस्था भयो—ब्राह्मणको आफ्नू कर्मबाट जीविका चलेन भने क्षत्रीको वृत्ति (रक्षाविभागको काम) गरेर जीविका चलाओस्। त्यसबाट पनि जीविका चलेन भने वैश्यवृत्ति (खेती, पशुपालन, व्यापार) गरेर जीविका चलाओस्। क्षत्रीको पनि आफ्नू कर्मबाट जीविका चलेन भने वैश्यवृत्तिबाटै निर्वाह गरोस्, इत्यादि (मनु० १०।८१–८३)। यसरी आपद्धर्मको रूपमा वर्ण भने उही रह्यो, कर्म अर्कैको भयो। एवंप्रकार ब्राह्मणक्षत्रीले वैश्यको कर्म लिएर पनि कहीं जीविका चलेन अनि शूद्रको वृत्ति (सेवा कर्म) पनि लिन करै लाग्यो। यो देखेर वैश्य शूद्रले पनि आफ्नू कर्मद्वारा जीविका नचलेमा मौका अनुसार ब्राह्मण, क्षत्रीको पनि वृत्ति (कर्म) गर्नथाले। ऐलेसम्म त्यही आपद्धर्म चलि रहेकै छ। यद्यपि आपद्धर्मको अर्थ हो 'आपत्कालमा प्राणरक्षाको निम्ति मात्र गरेर समर्थ भएपछि आफ्नै कर्ममा तत्पर रहनु'। यसरी कर्मसंकर हुँदै गयो, तर वर्ण भने जुन् जन्मदा खेरि थियो उही रह्यो। कर्मानुसार वर्ण बदल्ने पनि थिए, परन्तु अर्को आपत्ति यो भयो कि—एउटा व्यवसायबाट जीविका चलेन भने अर्को व्यवसाय गर्नपर्‍यो—जसबाट जीविका चल्दछ, त्यसबाट पनि पछि चलेन भने फेरि अर्को व्यवसाय गर्नपर्‍यो। एवंप्रकार जति पल्ट व्यवसाय बदलिन्छ, उतिपल्ट वर्ण पनि बदलिने भयो। यसमा केही नियम भएन कि—कसलाई ब्राह्मण भन्नु, कसलाई क्षत्री, कसलाई वैश्य औ कसलाई शूद्र। आज ब्राह्मण छ, भोली क्षत्री, पर्सी वैश्य, चौथा दिनमा शूद्र पनि हुनसक्छ। यसरी एउटै व्यक्तिका जीवनमा अनेकौं पल्ट वर्णपरिवर्तन भैरहने भए पछि सामाजिक र धार्मिक नीतिमा एउटा भयङ्कर अव्यवस्था उत्पन्न हुने अनिवार्य देखेर पूर्वज ऋषिहरूले कर्मद्वारा वर्ण निर्णयको पक्षलाई छोडेर जन्म द्वारा वर्ण निर्णयको पक्ष लिए। यस पक्षमा व्यवसाय भिन्न-भिन्न भए तापनि कुल परंपरागत सदाचार र सभ्यताको सुरक्षा राम्ररी भएको देखेर वर्णलाई जन्म कै प्रधान्यता दिए। फेरि केवल जन्म द्वारा मात्र कृतार्थ भएर गुण-कर्मको मूल सिद्धान्तबाट पनि अलक्षित नहोउन् भन्ने हेतुले जन्मद्वारा वर्ण भए तापनि गुणकर्मलाई त्यसको पूरक मान्नथाले। महाभाष्यकार पतञ्जलिले लेख्नुभएको छ—

तपः श्रुतञ्च योनिश्च ह्येतद्ब्राह्मणकारणम्।
तपःश्रुताभ्यां यो हीनो जातिब्राह्मण उच्यते॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्या, विद्या र जन्म यी तीन ब्राह्मणत्वका कारण हुन् , तपस्या र विद्या छैन भने केवल जातिब्राह्मण कहिन्छ। एवंप्रकार जन्म र तपस्या नभए पनि विद्वान् छ भने श्रुतब्राह्मण, विद्या र जन्म नभए पनि तपस्या छ भने तपोब्राह्मण, उक्त वचनको आधारमा हुनसक्छन्। यी सबै ब्राह्मणहरू एक तिहाई मात्र हुन्। ब्राह्मणत्वको पूर्णता तप-श्रुत-जन्मको पूर्णतामा हुन्छ। यही रीतले क्षत्री, वैश्य, शूद्र वर्णको पनि आंशिक र पूर्णता कल्पना गर्नसकिन्छ।

ईश्वर उपर्युक्त गुण-कर्मका विभागानुसार चार वर्णलाई सृष्टि गर्ने भएता पनि वास्तवमा उहाँ यी सबको कर्ता हुनुहुन्न। कर्ता भएर पनि अकर्ता हुनाको तात्पर्य यो हो कि—परमेश्वर प्रकृतिका अवास्तविक सम्बन्धले र त्यसैका गुणले सगुण र वस्तुतः प्रकृतिदेखि पर (१३-१४) हुनाले निर्गुण पनि हुनुहुन्छ ; यसैले विरुद्ध दुवै कुराहरू पनि संभव छन्। उपनिषदमा—'अपाणिपादो जवनो ग्रहिता पश्यत्यचक्षुः स शृणोत्यकर्णः'—हात नभएर पनि पकड्ने, खुट्टा नभएर पनि दौडने, आँखा नभएर पनि देख्ने, कान नभएर पनि सुन्ने (श्वे. ३-१९) इत्यादि विरोधाभास देखाएको पनि यही तात्पर्यले हो। अन्तिम सारांश—मायाशवलित सगुण ईश्वर सृष्टि आदिको कर्ता, मायारहित (निरञ्जन) निर्गुण ईश्वर अकर्ता, यही निस्कन्छ ॥ १३ ॥

परमेश्वर सगुण-भावबाट कर्ता भए तापनि निर्गुण-भावबाट अकर्ता हुनाले निर्लेप हुनुहुन्छ—

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

अन्वयार्थः

माम्	=	मलाई	इति	=	यस्ता प्रकारले
कर्माणि	=	कर्महरू	यः	=	जो
न लिम्पन्ति	=	लिप्त हुँदैनन्	माम्	=	मलाई
मे	=	मेरो	अभिजानाति	=	जान्दछ
कर्मफले	=	कर्मफलमा	सः	=	त्यो
स्पृहा	=	तृष्णा	कर्मभिः	=	कर्महरूद्वारा
न	=	छैन	न बध्यते	=	बाँधिदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

कर्मफलमा आसक्त नहुनाले मलाई कर्महरू लिप्त हुँदैनन् । जो यस्ता प्रकारले मलाई जान्दछ, त्यसलाई कर्महरूले बाँध्दैनन् ।

तात्पर्य

कर्मफल लिप्त हुनमा कर्तापना र भोक्तापनाको अभिमान यी दुई कारण छन् । पूर्व श्लोकमा 'अकर्तारम्' भनेकोले ईश्वरमा कर्तापना देखिंदैन; यस श्लोकमा 'न मे कर्मफले स्पृहा' भनेकोले भोक्तापना सिद्ध हुँदैन ॥१४॥

सिद्धान्तस्थिर गरेर अर्जुनलाई उपदेश—

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

अन्वयार्थः

पूर्वैः	=	पहिलेका	त्वम्	=	तिमी
मुमुक्षुभिः अपि	=	मुमुक्षुहरूले पनि	पूर्वैः	=	पूर्वजहरूले
एवम्	=	यस्तो	कृतम्	=	गरिएको
ज्ञात्वा	=	जानेर	पूर्वतरम्	=	अति प्राचीन
कर्म	=	कर्म	कर्मएव	=	कर्म नै
कृतम्	=	गरे	कुरु	=	गर
तस्मात्	=	त्यसकारण			

सरलार्थ

पूर्वोक्त कुरालाई जानेर प्राचीन युगका मुमुक्षुहरूले पनि कर्म गरे । त्यसकारण तिमी पूर्वजहरूले गरिएको अति प्राचीन कर्म नै गर ।

तात्पर्य

मुमुक्षुहरूले कर्म गरेका हुनाले कर्म र मोक्षको विरोध रहेनछ, किन्तु कर्म मोक्षको साधक रहेछ भन्ने कुरा बुझिन्छ । अरू शास्त्रमा कर्म र ज्ञानको कट्टर विरोध देखाएको (रा. गी.) तात्पर्य सकाम कर्म र ज्ञानको हो ; निष्काम कर्मको ज्ञानका साथ विरोध छैन ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मतत्त्व विवेचनको प्रारम्भ—

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

अन्वयार्थः

कर्म	=	कर्म	तत्	=	त्यस कारण
किम्	=	के हो ?	ते	=	तिमीलाई
अकर्म	=	अकर्म	कर्म	=	कर्म
किम्	=	के हो ?	प्रवक्ष्यामि	=	भन्नेछु
इति	=	यस्ता प्रकारले	यत्	=	जसलाई
अत्र	=	यसविषयमा	ज्ञात्वा	=	जानेर
कवयः अपि	=	विद्वान्हरू पनि	अशुभात्	=	अशुभबाट
मोहिताः	=	मोहित छन्	मोक्ष्यसे	=	छुट्नेछौ

सरलार्थ

कुन् कर्म हो, कुन् अकर्म हो, यस विषयमा बडे २ विद्वान्हरू पनि मोहित भएका छन्, त्यसकारण तिमीलाई म कर्म-अकर्मको स्वरूप भन्दछु, जसलाई जानेपछि अशुभ कर्मबाट छुट्ने छौ ।

तात्पर्य

कर्माकर्मको विषय अति गहन हुनाले बडे २ मेधावी कविहरूको पनि बुद्धि निर्णय गर्न नसकेर भ्रान्त हुन्छ । अतः यस्तो जटिल विषय सर्वज्ञ परमेश्वरद्वारा नै निर्णय हुन उचित छ ॥१६॥

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥

अन्वयार्थः

हि	=	किनभने	अकर्मणः च	=	तथा अकर्मको पनि
कर्मणः अपि	=	कर्मको पनि	बोद्धव्यम्	=	जान्नुपर्ने तत्त्व छ
बोद्धव्यम्	=	जान्नुपर्ने तत्त्व छ	कर्मणः	=	कर्मको
विकर्मणः च	=	निसिद्धकर्मको पनि	गतिः	=	गति
बोधव्यम्	=	जान्नुपर्ने तत्त्व छ	गहना	=	गम्भीर छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

किनभने कर्म-विकर्म-अकर्म यी तिनोटैको जान्नुपर्ने तत्त्व छ, यसैले कर्मको गति रहस्यमय छ ।

तात्पर्य

कर्म भनेको देह-इन्द्रियबाट हुने चेष्टा हो, विकर्म भनेको विरुद्ध अर्थात् निषिद्ध कर्म हो, कर्म नगर्नुलाई अकर्म भन्दछन् । सामान्य अर्थ यो हो तापनि विद्वान्हरूको दृष्टिकोणानुसार यिनीहरूको अर्थ बेग्ला-बेग्लै लाग्नसक्तछ, त्यसकारण वास्तविक तत्त्व अवश्य गम्भीर छ ॥ १७ ॥

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

अन्वयार्थः

यः	=	जो	सः	=	त्यो
कर्मणि	=	कर्ममा	मनुष्येषु	=	मनुष्यमा
अकर्म	=	अकर्म	बुद्धिमान्	=	बुद्धिमान्
पश्येत्	=	देख्ला	सः	=	त्यो
यः च	=	औ जो	युक्तः	=	योगी हो
अकर्मणि	=	अकर्ममा	कृत्स्नकर्मकृत्	=	सम्पूर्ण कर्म गर्ने हो
कर्म	=	कर्म देख्ला			

सरलार्थ

जो कर्ममा अकर्म, तथा अकर्ममा कर्म देख्दछ, त्यो मनुष्यहरूमा बुद्धिमान् हो, त्यो योगी हो औ सम्पूर्ण कर्मको कर्ता हो ।

तात्पर्य

फलासक्ति त्यागेर गरिएका कर्महरू अकर्म हुन्, किनकि जुन्कर्मबाट बन्धनको उदय हुँदैन, त्यो वास्तवमा अकर्म नै ठहरिन्छ । यही कर्ममा अकर्म देख्नु हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले कर्तव्यलाई त्याग्दछ, त्यो त्याग पनि कर्म हो। किनभने आन्तरिक र बाह्य चेष्टा मात्रको नाम कर्म हो, यो त्यागमा पनि निवृत्ति रूपले रहेकै हुन्छ। अतएव आफ्नू कर्तव्य त्याग्ने कर्तव्यहीन या कर्तव्यच्युत व्यक्ति पापको भागी हुन्छ। पाप विकर्म अर्थात् निषिद्ध कर्मको फल हो। एवंप्रकार कर्तव्यत्याग प्रकारान्तबाट घुमेर विकर्म हुनजान्छ, यही अकर्म (कर्तव्यत्याग) मा कर्म (पापकर्म) देख्नु हो। यसैले अष्टावक्र मुनि भन्नुहुन्छ—

निवृत्तिरपि मूढस्य प्रवृत्तिरुपजायते।
प्रवृत्तिरपि धीरस्य निवृत्तिफलभागिनी॥
(अष्टाव. गी. ६१)

मूर्खको त्याग पनि कर्म हुनजान्छ, पण्डितको कर्म पनि निवृत्ति फलदायक हुन्छ। यसैले कर्मको गति गम्भीर छ भन्नुभएको हो। कर्मको यो गम्भीर र हस्यलाई बुझेर निष्काम कर्म गर्ने योगयुक्त हो, यसका कर्मयोगमा सम्पूर्ण कर्मको समाप्ति हुन्छ, त्यसकारण यो सम्पूर्ण कर्म गर्ने मानिएको छ। किनकि अनन्त सकाम कर्मका छुद्र फलहरूको अन्तर्भाव विशालात्मा योगीका कर्मयोगमा हुन्छ (२-४६)।

उक्त अर्थ कर्म-दृष्टि-अनुसार हो, ज्ञान-दृष्टि अनुसार यसको अर्थ यस्तो हुन्छ—जसरी आकाशमा बादल हिंड्दा भ्रान्तिले अचल तारागणहरू हिंडे जस्ता देखिन्छन्, अथवा चलि रहेको रेलबाट हेर्दा अचल रुखहरू दौडे जस्ता देखिन्छन्, त्यस्तै शरीर-इन्द्रियले कर्म गरिरहँदा भ्रान्तिले निष्क्रिय आत्मा कर्ता जस्तो देखिन्छ। किन्तु तात्त्विक दृष्टिले शरीर-इन्द्रियबाट कर्म भइरहेको हालतमा पनि आत्मालाई अकर्ता देख्नु कर्ममा अकर्म देख्नु हो (४-१४)

प्राणीमात्र कोही पनि निष्क्रय भएर एक छिन पनि रहनसक्तैन (३-५)। यस हालतमा जो म केही पनि गर्दिन, चूपचाप भएर वस्तछु भन्दछ, यो त्यसको केवल मूर्खता र दम्भ मात्र हो (३-६) चूपचाप भएर बसेका बेलामा बाह्य क्रिया नभए तापनि आन्तरिक निरोधक्रिया भैरहेकै हुन्छ—जहाँसम्म त्यो निश्चल रहन्छ। आन्तरिक निरोधक्रिया भङ्ग हुने बित्तिकै बाह्य क्रियाहरू चालु हुनलाग्द छन्। त्यसकारण हिंडेको नदेखे तापनि उदय-अस्तबाट चन्द्रमाको गतिको अनुमान गरे झैं मूर्खहरूको बाह्य क्रियात्यागमा आन्तरिक क्रिया देख्नु अकर्ममा कर्म देख्नु हो। यस्ता ज्ञानीका कर्ममा सबैका कर्मको समावेश हुन्छ। किनकि अज्ञा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नीले पाउने स्वर्गादिको क्षुद्र आनन्दहरू ज्ञानीका ब्रह्मानन्दमा अन्तर्भाव हुन्छन्, अथवा ज्ञानी सबैको आत्मा भएकोले उसका कर्ममा सबैका कर्मको अन्तर्भाव हुन्छ। यसैले ज्ञानी सम्पूर्ण कर्म गर्ने मानिन्छ।

उपनिषद्मा यो विषय आख्यायिकाको (कथा) रूपमा विस्तार पूर्वक वर्णन गरेको छ। एउटा विख्यात धर्मात्मा दानी प्रजापालक राजा, जो प्रसिद्ध जानश्रुति राजाका पनाति हुन्, ती एक दिन राती चन्द्रमाको निर्मल प्रकाशलाई देखेर कौशीमा टहलिइरहेका थिए, त्यसै बेलामा एउटा हाँसको बथान बुर्जाको एक भागमा आकाशमार्गबाट ओल्र्यो। पछाडिको हाँसले सबैभन्दा अगाडिको हाँसलाई भन्दछ—हे भद्राक्ष! यो राजा जानश्रुति राजाको पनाति हो, यसको धर्म-कीर्ति-रूपी ज्योति स्वर्ग लोकसम्म पुगेको छ, तिमी त्यस ज्योतिको नगीच नजाऊ, कहीं त्यस ज्योतिले तिमीलाई भस्म नपारोस्। अगाडिको हाँसले भन्यो—के यो गाडिवाला 'रैक्व'जस्तो छ र? पछाडिको हाँसले सोध्यो 'रैक्व' भनेको कस्तो छ हुँ?' भद्राक्ष भन्दछ—

"यथा कृताय विजितायाधरेयाः संयन्त्येवमेनं
सर्वं तदभिसमेति यत्किं च प्रजाः साधुकुर्वन्ति
यस्तद्वेद यत्सवेद स मयैतदुक्त इति।

(छां० ४-१-४)

जस्तै खेलमा ४ को अङ्कले १-२-३ को अङ्कलाई जित्दछ, अथवा ४ मा १-२-३ जसरी अन्तर्भाव हुन्छन्, त्यस्तै विश्वका समस्त प्रजाहरू जो जति असल कर्म गर्दछन्, ती सबै रैक्वका कर्ममा अन्तर्भाव हुन्छन्। केवल 'रैक्व' मात्र होइन कि—'रैक्व' ले जुन् कुरा जानेको छ, त्यसलाई जसले जान्दछ, त्यो पनि 'रैक्व' जस्तै हुन्छ। अतएव यहाँ "कृत्स्नकर्मकृत्" सबै कर्म गर्नेवाला भन्नाको तात्पर्य पनि यही हो।

उपासना-दृष्टि अनुसार अर्थ—

ईश्वर-प्रीत्यर्थ अथवा इश्वरार्पण बुद्धिले गरिएका कर्महरू सबै कर्तालाई बन्धनकारक हुँदैनन्, त्यसकारण वास्तवमा अकर्म नै हुन्छन्। जस्तैः—'मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि'—मेरो निम्ति कर्म गरेर पनि तिमीलाई सिद्धि प्राप्ति हुनेछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥
(गी० ५-१०)

जसले आसक्तिलाई त्यागेर ब्रह्मार्पण बुद्धिले कर्म गर्दछ त्यो जलले कमल पत्र झैं पापद्वारा लिप्त हुँदैन; इत्यादि । प्रभुका भक्तका जति शारीरिक, मानसिक चेष्टाहरू हुन्छन् ती सबै ईश्वरप्रीत्यर्थ अथवा ईश्वरद्वारा संचालित हुन्छन्, किनकि भक्तले भगवान्‌लाई आफ्नू समस्त जीवनको वागडोर नै सुम्पिदिएको हुन्छ । यस दशामा उसका समस्त सङ्कल्पहरू पनि भगवत्-इच्छामै विलीन भएका हुन्छन् । जहाँसम्म यो स्थिति भक्तलाई प्राप्त हुँदैन त्यहाँसम्म (९-२७ का अनुसार) समस्त दैहिक र मानसिक चेष्टाहरू भगवान्‌लाई नै अर्पण गर्दैरहन्छ । यस परिस्थितिमा भक्त समस्त कर्महरू गरेर पनि ती कर्मबाट सदा निर्लिप्त रहन्छ । यही उपासना-(भक्ति)-दृष्टिबाट कर्ममा अकर्म देख्नु हो ।

बाहिरबाट कर्मेन्द्रियका विषयलाई त्यागे तापनि परमेश्वरमा साँचो प्रेम नभएकोले मनमा बारम्बार विषयको चिन्तन गर्नेलाई मानसिक कर्म भैरहेकोले मिथ्याचारी देख्नु अकर्ममा कर्म देख्नु हो ।

जस्तै :—

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ॥
(गी० ३-६)

जो मूढबुद्धि कर्मेन्द्रियलाई रोकेर मनले विषयको चिन्तन गर्दैरहन्छ त्यसको त्यो गर्नु कपटाचार हो ।

यसरी देह-इन्द्रियबाट प्रकृतिका प्रेरणाले भएका कर्महरूलाई भगवदर्पण गरेर स्वयं निष्कर्म रहनु बुद्धिमत्ता हो । भगवान्‌को भक्ति प्राप्त भएपछि भक्तलाई अरू केही पनि चाहिएको हुँदैन, विशेष ऊ भक्तिशिवाय अरू चाहँदा पनि चाहँदैन । यसैले विश्वका समस्त प्राणीले गरेको पुण्य फल भक्तको भक्तिमै अन्तर्भूत हुन्छ ॥१९॥

कर्मतत्त्वज्ञातालाई कर्महरू लिप्त नहुनमा कारण—

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यस्य	= जसका	ज्ञानाग्निदग्ध-कर्माणम्	= ज्ञानरूपी अग्निले कर्महरू भस्म भएको
सर्वे	= सबै		
समारम्भाः	= कर्महरू		
कामसङ्कल्प-वर्जिताः	= कामना र सङ्कल्पले रहित छन्	तम्	= त्यसलाई
		बुधाः	= ज्ञानीहरू
		पण्डितम्	= पण्डित
		आहुः	= भन्दछन्

सरलार्थ

जसका कर्महरू कामना र सङ्कल्पले रहित छन् , तथा जसका कर्महरू ज्ञानरूपी अग्निले भस्म भएका छन् त्यसलाई ज्ञानीहरू पण्डित भन्दछन् ।

तात्पर्य

पूर्वोक्त रीतले कर्मादिको यथार्थ तत्त्वजान्ने पुरुष कुनै कर्ममा पनि फलतृष्णा र अहङ्कार गर्दैन, किन्तु लोकसंग्रहका निमित्त अथवा शरीरयात्राका निमित्त किंवा प्रारब्ध कर्मद्वारा प्रेरित भएर चेष्टारूप कर्महरू त्यसका भइरहन्छन् ; त्यसबाट उसलाई व्यक्तिगत लाभ-हानि केही हुँदैन । जसका कर्महरू कर्ममा अकर्मदर्शन-रूपी ज्ञानाग्निले भस्म भएका छन् त्यही सर्वोच्च योगीराज या ज्ञानी हो । यस्तै विद्वान् पुरुषहरूलाई ज्ञानीहरूले 'पण्डित' भन्दछन् ; किनकि कर्मगरेर पनि कर्मद्वारा लिप्त नहुनु नै पाण्डित्य (पण्डित्याइँ) हो, यसको विरुद्ध मूर्खता (मूर्ख्याइँ) हो । त्यसकारण आजकल दान लिने, कथा भन्ने बाहुन बाजेहरूलाई पण्डित भन्ने जो प्रथा चलेको छ, यो केवल रूढी हो, शास्त्रीय होइन । व्याकरणका रीत-बाट पनि सत्यासत्य विवेचन गर्ने बुद्धि जसको छ उसैलाई पण्डित मानिन्छ ॥१९॥

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कर्मफलासङ्गम्	=	कर्मफलको आसक्तिलाई	कर्मणि	=	कर्ममा
त्यक्त्वा	=	त्यागेर	अभिप्रवृत्त अपि	=	खुब प्रवृत्त छ तापनि
नित्यतृप्तः	=	सधैं तृप्त	किञ्चित्	=	केही
निराश्रयः	=	आश्रयरहित	न एव करोति	=	गर्दैन
सः	=	त्यो			

सरलार्थ

कर्म र कर्मको फलमा आसक्तिलाई त्यागेको नित्य तृप्त, निराश्रय योगीले कर्म गरिरहेको छ तापनि केही गरेको ठहर्दैन।

तात्पर्य

तात्पर्य यो हो कि—फल केवल कर्ममा हुँदैन, किन्तु आसक्ति र कर्तृत्व-अभिमानमै हुन्छ। भोजनको इच्छा उसलाई हुन्छ जसको पेट खालि छ। पूर्वोक्त प्रज्ञावान् पुरुष ज्ञानामृत भोजनले सदा तृप्त हुनाले तुच्छ कर्मफलको आशा राख्दैन। स्वच्छ जल भएको तलाउ नै मिलिसकेपछि क्षुद्र जलाशयहरूमा को चाहार्छ ? (२–४५)। अतः निष्काम योगी सम्पूर्ण कर्महरू गरेर पनि जलमा कमलदल झैं निर्लिप्त रहन्छ ॥२०॥

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥

अन्वयार्थः

निराशीः	=	फलतृष्णारहित	शारीरम्	=	शरीर सम्बन्धी
यतचित्तात्मा	=	चित्तलाई र देहलाई वशमा गरेको	कर्म	=	कर्मलाई
			कुर्वन्	=	गरेर
त्यक्तसर्वपरिग्रहः	=	सम्पूर्ण परिग्रहलाई त्यागेको	किल्बिषम्	=	पापलाई
केवलम्	=	केवल	न आप्नोति	=	पाउँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

फलतृष्णा नभएको, चित्तलाई र देहलाई वशमा गरेको तथा समस्त धन-ऐश्वर्यको लोभ नभएको परिग्रहत्यागी योगी केवल शरीररक्षार्थ कर्म गरेर पापको भागी हुँदैन ।

तात्पर्य

जसले आत्मसंयम गरेको छ त्यस्ता पुरुषले शरीरस्थितिका निम्ति जुन्-सुकै काम गरेर पनि पापका भागी हुँदैनन् । किनकि पापको मूल लोभ हो, लोभ सकाम हृदयको तरङ्ग या विकाश हो । जहाँ देह-इन्द्रियद्वारा गरिएका कर्ममा फलकामना छैन त्यहाँ लोभ पनि हुँदैन ; लोभ नभएपछि पाप पनि हुँदैन । धर्मशास्त्रको आज्ञा छ कि—आपत्कालमा प्राणरक्षाको निम्ति कस्तै निकृष्ट र घृणीत व्यवहार गर्नपरे तापनि मनुष्य दोषको भागी हुँदैन । प्राचीन कालमा अजीगर्त ब्राह्मणले आफ्नो माहिलो छोरो शुनशेफ्लाई बलिको निम्ति राजा हरिश्चन्द्रलाई विक्री गरे, उषस्ति चाक्रायणले माहूतेको जुठो कुल्मास (भटमास) खाए, ऋषि विश्वामित्रले चाण्डालको घरबाट निषिद्ध मासु चोरे ; तथापि यिनीहरू त्यस २ पापबाट लिप्त भएनन् । विश्वामित्रले भन्नुभएको छ—

येन येन विशेषेण कर्मणा येन केन चित् ।
अभ्युज्जीवेत्साद्यमानः समर्थो धर्ममाचरेत् ॥
(म० भा० शां० १४१-६३)

आपत्कालमा हरेक उपायबाट प्राणको रक्षा गरोस् र समर्थ भएपछि फेरि स्वधर्मको अनुष्ठान गरोस् । मनुले पनि भन्नुभएको छ—

जीवितात्ययमापन्नो योऽन्नमत्ति यतस्ततः ।
आकाशमिव पङ्केन न स पापेन लिप्यते ॥
(१०-४)

प्राण-संकट परेमा जहाँबाट पनि अन्न खाएर हिलोले जसरी आकाश लिप्त हुँदैन त्यसैगरी पापले लिप्त हुँदैन ।

एवंप्रकार आसक्तित्यागको प्रसङ्गबाट आपद्धर्मको पनि संकेत भएको छ । वास्तवमा अनर्थको मूल फलतृष्णा या स्वार्थ भावना हो, त्यो नभएपछि जुन्सुकै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवस्थामा पनि संयमी पुरुषको जीवनयात्रा कदाचित् बाहिरबाट हेर्दा लोक-गर्हित जस्तै भए पनि वस्तुतः ऊ त्यस दोषबाट असङ्ग नै रहन्छ ; किनकि धर्माधर्म या कर्तव्याकर्तव्यको निर्णय कामको बाह्य परिणामबाट मात्र हुँदैन, किन्तु कर्मकर्ताको आन्तरिक भावनानुसार हुन्छ ॥२१॥

यदृच्छालाभसंतुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

अन्वयार्थः

यदृच्छालाभसन्तुष्टः	=	विना प्रयत्न प्राप्त वस्तुमा सन्तोषी	असिद्धौ च	=	तथा असिद्धिमा
द्वन्द्वातीतः	=	द्वन्द्वरहित	समः	=	बराबर भएको
विमत्सरः	=	डाहारहित	कृत्वाअपि	=	गरेर पनि
सिद्धौ	=	सिद्धिमा	न निबध्यते	=	बाँधिदैन

सरलार्थ

दैव गतिले मिलेका वस्तुमा सन्तुष्ट, शीत, उष्ण, सुख-दुःख आदि द्वन्द्वदेखि रहित, अर्काको उन्नतिमा डाहा नगर्ने तथा कार्यको सिद्धि र असिद्धि दुवैमा सम भाव राख्ने योगी कर्म गरेर पनि बाँधिदैन ।

तात्पर्य

उपर्युक्त लक्षणहरू कर्मयोगीका हुन् । कर्म गरेर पनि जो कर्मबन्धनबाट निर्लिप्त रहन्छ त्यही कर्मयोगी हो, सकाम कर्म गर्ने कर्मयोगी होइन, कर्मभोगी अवश्य हो ॥२२॥

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

अन्वयार्थः

गतसङ्गस्य	=	आसक्तिरहित	आचरतः	=	कर्मगर्ने पुरुषको
मुक्तस्य	=	राग-द्वेषबाट मुक्त	समग्रम्	=	सबै
ज्ञानावस्थितचेतसः	=	ज्ञानमा स्थितचित्त	कर्म	=	कर्म
यज्ञाय	=	यज्ञका निम्ति	प्रविलीयते	=	बिलाएर जान्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

आसक्तिरहित, रागद्वेष आदि द्वन्द्वबाट मुक्त, ज्ञानमा स्थिरचित्त तथा केवल यज्ञका निम्ति कर्म गर्ने पुरुषका सबै कर्महरू बिलाएर जान्छन् ।

तात्पर्य

मीमांसकहरूको सिद्धान्त छ कि—यज्ञका निम्ति पशुहिंसा जस्तो कुनै गर्हित कर्म गर्नपरे पनि कर्ता दोषले लिप्त हुँदैन, अन्तमा उसलाई स्वर्गप्राप्ति अवश्य हुन्छ; यज्ञद्वारा स्वर्गप्राप्ति गर्नु नै मनुष्यको सबैभन्दा ठूलो पुरुषार्थ हो। किन्तु विचारवान्का निमित्त अनित्य हुनाले स्वर्ग त्यत्तिको आदरणीय वस्तु छैन । अतएव गीताको सिद्धान्त छ कि—यज्ञ अवश्यै गर्नुपर्दछ, तर स्वर्गादि फलकामनालाई त्यागेर । यसरी फलासक्तिलाई त्यागेर समत्त्वबुद्धिपूर्वक यज्ञका निम्ति गरिएका कर्महरू बन्धनकारक हुँदैनन् । देवताका उद्देश्यले द्रव्यत्याग गर्नु यज्ञ कहिन्छ । गीतामा केवल जौ-तिल-घिउको होमलाई मात्र यज्ञ भनेको छैन, किन्तु उक्त यज्ञको प्रधान अङ्ग द्रव्यत्यागांशलाई लिएर स्वार्थत्यागबुद्धिले गरिएका यावत् कर्मलाई यज्ञ भनेको छ। एवंप्रकार मीमांसाको जो यज्ञ सम्बन्धी सिद्धान्त हो, त्यसले गीतामा आएर विशाल रूप लिन्छ—जसका भित्र समस्त श्रेय साधनको समावेश हुन्छ । अतएव शङ्करानन्दी टीकामा 'यज्ञाय' को अर्थ—'लोक हिताय' यस्तो गरेको छ । तात्पर्य यो हो कि लोकहितका निम्ति स्वार्थ त्यागेर जे पनि कर्म हुन्छ—चाहे त्यो प्रत्यक्ष हेर्दा निन्दित जस्तो किन नहोस्! सबैको अन्तर्भाव उक्त महायज्ञको भित्र हुन्छ। यहाँ "यज्ञो वै विष्णु" । यस श्रुति-अनुसार यज्ञको अर्थ 'विष्णु' गरे तापनि यही तात्पर्य निक्लन्छ, किनकि समस्त प्राणीमा अधियज्ञ रूपले रहेको चेतन तत्त्व नै विष्णु हो (८–४) अतएव प्राणी मात्रको निस्वार्थ भावले सेवा गर्नु पनि जगदीश्वरकै सेवा हो । श्रीमद्भागवतमा आमा देवहूतिका प्रति कपिल मुनिले भन्नुभएको छ—

अहं सर्वेषु भूतेषु भूतात्मावस्थितः सदा ।
तमवज्ञाय मां मर्त्यः कुरुतेऽर्चा विडम्बनम् ॥

(भा० ३-२९-२१)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म सम्पूर्ण प्राणीमा भूतात्मा भएर सदा रहेको छु, उसलाई हेला गरेर केवल मेरो प्रतिमामा मात्र जसले पूजा गर्दछ, त्यसको त्यो पूजा स्वाँङ् मात्र हो ॥

अथ मां सर्वभूतेषु भूतात्मानं कृतालयम्
अर्हयेद्दानमानाभ्यां मैत्र्याभिन्नेन चक्षुषा
(भा० ३-२९-२७)

अतएव सम्पूर्ण भूत-वर्गमा आत्मरूपले बसेको मलाई मित्रतापूर्ण अभिन्न दृष्टिले दान र मान आदिद्वारा यथोचित पूजा (सेवा) गरोस् ; इत्यादि । यही यज्ञलाई अगाडिको श्लोकमा ब्रह्मार्पण यज्ञ भनेको छ ॥२३॥

ब्रह्मार्पणं ब्रह्महविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

अन्वयार्थः

ब्रह्मार्पणम्	=	हवन क्रिया ब्रह्म हो	हुतम्	=	हवन गरिएको छ
ब्रह्महविः	=	हवन गरिने वस्तु ब्रह्म हो	ब्रह्मकर्मसमाधिना	=	ब्रह्मकर्ममा एकाग्रचित्त
ब्रह्माग्नौ	=	ब्रह्मरूप अग्निमा	तेन	=	त्यसले
ब्रह्मणा	=	ब्रह्मरूपी होताले	ब्रह्मएव	=	ब्रह्म नै
			गन्तव्यम्	=	पाउन योग्य छ

सरलार्थ

यस ब्रह्मार्पण यज्ञमा अर्पण क्रिया, अर्पण गरिने द्रव्य, जसमा अर्पण गरिन्छ त्यो र जो अर्पण कर्ता हो यी सबै एउटै ब्रह्म हुन्छन् । एवंप्रकार जसको बुद्धिमा सम्पूर्ण कर्म ब्रह्ममय छन् त्यसलाई ब्रह्म नै मिल्दछ ।

तात्पर्य

यज्ञमा हवनक्रियाको आश्रय-होता 'कर्ता' हुन्छ, हवन गरिने द्रव्य 'कर्म' हुन्छ, जसमा हवन गरिन्छ (अग्नि) त्यो 'अधिकरण' हुन्छ, जसको उद्देश्यले हवन गरिन्छ (देवता) ऊ 'सम्प्रदान' हुन्छ । यज्ञ यिनै सब कारकहरूद्वारा सिद्ध हुन्छ । किन्तु वास्तवमा यी सबै एउटै व्यापक ब्रह्ममा कल्पनाले नाना देखिएका मात्र हुन् ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वदृष्टिबाट हेर्दा ब्रह्मदेखि भिन्न केही पनि छैन, समस्त जगतै ब्रह्म हो। अतएव विचारशील व्यक्तिको कर्तव्य हो कि जीवनका समस्त कर्महरूलाई ब्रह्मार्पण-बुद्धिले गरोस्। ब्रह्मार्पणबुद्धिले गरिएका कर्म मात्र यज्ञ हुन्--जो जगत्को धारण पोषणमा सहायक हुन्छन्। एवंप्रकार समस्त कर्ममा जसको ब्रह्मदृष्टि छ त्यस्ता कर्मयोगी भन्नु या ब्रह्मज्ञानी, तिनको प्राप्तव्य वस्तु पनि ब्रह्म नै हुन्छ, किनकि उनको दृष्टिन ब्रह्ममय छ। यस्ता सिद्ध पुरुषहरूको स्थिति सर्वसाधारण अज्ञानीका अपेक्षा विपरीत हुन्छ।

जस्तै—

वाणी मौनमयी गतिः स्थितिमयी निद्रामयो जागरः।
निद्रा बोधमयी निशा दिनमयी नक्तंमयो वासरः॥
कर्म ब्रह्ममयं जगत्सुखमयं किञ्चिन्नकिञ्चिन्मयम्।
दुर्लङ्घ्यं गुणवर्त्म लङ्घितवतो वार्ता कथं वर्ण्यताम्॥

जसको बोल्नु मौन बराबर, हिंड्नु स्थिरता जस्तो, जाग्रत् निद्रा जस्तो, निद्रा जाग्रत् जस्तो, रात दिन जस्तो, दिन रात जस्तो, तथा कर्म ब्रह्मरूप, जगत् सुखरूप, जो केही द्वैत-अद्वैत छ, त्यस्ता दुर्लङ्घ्य (नाघ्न नसकिने) गुणमार्ग-लाई नाघेका पुरुषको बयान कसरी गर्नु। यस अवस्थामा जो जति कर्म हुन्छन् ती सबै ब्रह्ममय हुनाले बन्धनकारक हुँदैनन्। यसैको नाम 'ब्रह्मकर्म समाधि' हो ॥२४॥

ब्रह्मार्पण यज्ञकै साधनरूप लाक्षणिक यज्ञहरूको वर्णन—

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

अन्वयार्थः

अपरे	=	अरू	अपरे	=	अरू
योगिनः	=	योगीहरू	ब्रह्माग्नौ	=	ब्रह्मरूपी अग्निमा
दैवम	=	देवतासम्बन्धी	यज्ञेन एव	=	यज्ञले नै
यज्ञम् एव	=	यज्ञको नै	यज्ञम्	=	यज्ञलाई
पर्युपासते	=	अनुष्ठान गर्दछन्	उपजुह्वति	=	होम्दछन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अरू योगीहरू दैव अर्थात् देवपूजारूप यज्ञ अथवा देवताका उद्देश्यले यज्ञ गर्दछन् । यसबाहेक अरू ज्ञानयोगीहरू ब्रह्मरूपी अग्निमा जीवरूपी चरुलाई होम्दछन् ।

तात्पर्य

यास्क मुनिले बनाएको निरुक्तको आत्मनामका प्रकरणमा 'यज्ञ' शब्द पनि आउँदछ । त्यस कारण श्लोकका तृतीय पादमा रहेको 'यज्ञ' शब्दले आत्मा लिएको छ । ब्रह्मरूप अग्निमा जीवात्मालाई होम्दा के हुन्छ ? जसरी अग्निमा होम गरेको हवनीय द्रव्य अग्निरूपै हुन्छ त्यस्तै ब्रह्मरूपी अग्निमा होमिएको जीवरूपी चरु पनि ब्रह्मरूपै हुन्छ । यसैको नाम ज्ञानयज्ञ हो, यो वेदान्त विचारद्वारा सिद्ध हुन्छ । अथवा 'यज्ञेन यज्ञमयजन्तदेवाः' यस पुरुषसूक्त (ऋ० १०–९०–१६, यजु० ३१–१६)–मा देवताहरूले सृष्टिको आदिमा विराट् पुरुषरूपी पशुद्वारा यज्ञ पुरुषको यजन गरे भन्ने कुरा आउँदछ, 'यज्ञं यज्ञेनैवोपजुह्वति' यो अंश त्यसैको प्रति-छायाँ जस्तो देखिन्छ, जे होस् ; जसद्वारा यजन हुन्छ औ जो यजन गरिन्छ आखिर ती दुवै ब्रह्मरूपी अग्निमा होमिएपछि ब्रह्मदेखि अतिरिक्त केहो पनि रहँदैन । यसरी प्रकारान्तरबाट पनि ब्रह्मयज्ञ नै हुन्छ, वास्तवमा ज्ञान यज्ञ नै हो ॥२५॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

अन्वयार्थः

अन्ये	=	अरू	अन्ये	=	अरू
श्रोत्रादीनि	=	श्रोत्र आदि	शब्दादीन्	=	शब्दआदि
इन्द्रियाणि	=	इन्द्रियहरूलाई	विषयान्	=	विषयहरूलाई
संयमाग्निषु	=	संयमरूपी अग्निमा	इन्द्रियाग्निषु	=	इन्द्रियरूपी अग्निमा
जुह्वति	=	होम गर्दछन्	जुह्वति	=	होम गर्दछन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अरू योगीहरू श्रोत्र (कान) आदि इन्द्रियहरूलाई संयमरूपी अग्निमा होम्दछन् अर्थात् इन्द्रियलाई विषयमा जान नदिइकन रोक्तछन् । अरू योगीहरू यसको ठीक उल्टा शब्दादि विषयलाई इन्द्रियरूपी अग्निमा होम्दछन्, अर्थात् आसक्ति-रहित भएर विषयको सेवन गर्दछन् ॥२६॥

तात्पर्य

पातञ्जल सूत्र–'त्रयमेकत्र संयय' (३-४)–को अनुसार धारणा, ध्यान, समाधि यी तीन 'संयम' शब्दले कहिन्छन् । यी मध्ये हृदयकमल वा अन्यत्र कहीं मनलाई चिरकाल पर्यन्त स्थापन गर्नु धारणा, चित्तको एकाकार वृत्ति ध्यान तथा आँफूलाई र ध्यानलाई समेत बिर्सेर ध्येयमात्र भासित हुनु समाधि कहिन्छ (पा. सू. २।१-२-३-४) । समाधि चित्तभूमिका भेदले दुई प्रकारको हुन्छ । क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र तथा निरुद्ध यी पाँच चित्तका भूमिका (तह) हुन्छन् । यी मध्ये क्षिप्त र मूढमा समाधिको संभावना नै छैन । विक्षिप्तमा कदाचित् हुन्छ, तथापि विक्षेप प्रधान भएकोले योग पक्षमा त्यत्तिको उपयोगी छैन ; किनकि यस अवस्थामा चित्त हावाको साम्नेमा रहेको दीपशिखा जस्तै चञ्चल रहन्छ । एकाग्र भूमिमा संप्रज्ञात समाधि हुन्छ, यस अवस्थामा योगीलाई धेयाकार वृत्तिको भान भइरहन्छ । यसलाई पनि निरोध गरेपछि चित्तको निरुद्धावस्थामा [1]असंप्रज्ञात समाधि हुन्छ । सर्वतः विरक्त, संप्रज्ञात समाधिको फलरूप सुखको पनि अपेक्षा नराख्ने योगीको यही दृढभूमि भएर [2]'धर्ममेघ' शब्दले कहिन्छ । यस्ता प्रकारले [3]प्रत्याहारद्वारा इन्द्रियहरूलाई विषयबाट फर्काएर संयमरूपी अग्निमा होम्नु अर्थात् धारणा-ध्यान-समाधिको अभ्यास गर्नु [4]योगयज्ञ हो । अर्को इन्द्रियरूपी अग्नि-

---

१. तस्यापि निरोधे सर्व (वृत्ति) निरोधान्निर्बीजः समाधिः । (यो० द० १–५१)

२. प्रसङ्ख्यानेऽप्यकुसीदस्य सर्वथा विवेकख्यातेर्धर्ममेघः समाधिः ।
(यो० द० ४–२९)

३. स्वविषयाऽसम्प्रयोगे चित्तस्य स्वरूपाऽनुकार इवेन्द्रियाणां प्रत्याहारः ।
(यो० द० २–५४)

४. राजयोग ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुण्डमा विषयरूपी हवनीय द्रव्य (चरु) लाई होम्नु पनि यज्ञ नै हो ; किनकि आसक्तिलाई त्यागेर मर्यादितरूपले विषय भोग्नु 'अनासक्ति योग' हो (२-६४) ॥२६॥

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

अन्वयार्थः

अपरे	=	अरू योगी	ज्ञानदीपिते	=	ज्ञानले प्रज्वलित
सर्वाणि	=	सबै	आत्मसंयम-योगाग्नौ	=	आत्मसंयमरूपी योगाग्निमा
इन्द्रियकर्माणि	=	इन्द्रियका कर्मलाई	जुह्वति	=	होम गर्दछन्
प्राणकर्माणि च	=	तथा प्राणका कर्मलाई			

सरलार्थ

अरू प्रगल्भ विचार भएका योगीहरू समस्त इन्द्रियका कर्म र प्राणका कर्महरूलाई ज्ञानले प्रदीप्त भएको आत्मसंयमरूपी योगाग्निमा हवन गर्दछन् ।

तात्पर्य

यस श्लोकमा निर्विकल्प समाधिको वर्णन भएको छ । यो लयचिन्तन र ज्ञानाभ्यास दुई प्रकारबाट प्राप्त हुन्छ । लयचिन्तन यस्तो हुन्छ—संसारमा समस्त कार्यहरूको सत्ता आफ्नू उपादान कारणदेखि भिन्न हुँदैन । अतएव हाम्रो शरीर पृथ्वीका विकारबाट उत्पन्न भएको हुनाले पृथ्वीदेखि भिन्न छैन । पृथ्वी जलको विकार हुनाले जलदेखि भिन्न छैन । एवंप्रकार जल तेजदेखि भिन्न छैन, तेज वायुदेखि भिन्न छैन, वायु आकाशदेखि भिन्न छैन । यिनै पञ्च महाभूतका स्थूल-सूक्ष्म अंशबाट बाह्य शरीर र आन्तरिक बुद्धि, इन्द्रिय, प्राणहरू बनेका छन्—जो कारण दृष्टिले हेर्दा आकाशदेखि भिन्न छैनन् । आकाश 'एकोऽहं बहुस्याम्' (छां० ६-२-३)—म एकबाट अनेक होऊँ भन्ने यस ईश्वरीय सङ्कल्परूप अहङ्कारदेखि भिन्न छैन । यो समष्टि अहङ्कार माया इक्षणरूप महत्तत्त्वको कार्य हुनाले त्यसदेखि भिन्न छैन । महत्तत्त्व माया या प्रकृतिकै परिणाम हुनाले मायादेखि भिन्न छैन । माया ब्रह्ममा कल्पित हुनाले आफ्नू आधार ब्रह्मदेखि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिन्न छैन । एवंप्रकार समस्त जगत्लाई विवर्तोपादान ब्रह्मदेखि अतिरिक्त नदेखेर शान्त भएका चित्तको अवस्था लयपूर्वक समाधि हो । यसमा जीव र ईश्वरको ऐक्यज्ञानरूपी अग्निले भस्म गर्नुपर्ने अविद्या-बीज बाँकि रहेकै हुन्छ, त्यसकारण यो समाधि सबीज कहिन्छ, निर्बीज (मुख्य) कहिंदैन । परन्तु यस श्लोकमा बताइएको समाधि 'ज्ञानदीपिते' यस विशेषणले ज्ञान सहितको बाधपूर्वक समाधि बुझिन्छ । यसमा श्रोत्र, त्वक्, चक्षु, रसना, घ्राण यी पाँच ज्ञानेन्द्रियका सुन्नु, स्पर्श गर्नु, देख्नु, स्वाद लिनु, सुँघ्नु यी ५ कर्म; वाक्, पाणि, पाद, पायु, उपस्थ यी पाँच कर्मेन्द्रियका बोल्नु, लिनु-दिनु, हिड्नु, मलत्याग गर्नु, विषयानन्द गर्नु यी पाँच कर्म; मनको संकल्प, बुद्धिको निश्चय, चित्तको चिन्तन, अहङ्कारको अहङ्कार, प्राण, अपान, समान, उदान, व्यान यी पाँच वायुका श्वास, उच्छ्वास, संकोच, प्रसार, शमन यी पाँच कर्म । यिनै सब इन्द्रिय र प्राणका देहमा रहेका कर्महरू हुन् । यिनलाई ब्रह्मज्ञानले प्रज्वलित अर्थात् 'सर्वं खल्विदं ब्रह्म, ब्रह्मवाहम्--सर्व जगत् ब्रह्म हो, म पनि ब्रह्म हुँ, यस्ता प्रकारको ज्ञानरूपी ज्वाला भएको आत्मसंयमरूपी योगाग्नि-(असंप्रज्ञात समाधि)-मा होम्नु बाधपूर्वक समाधिरूप सर्वोत्कृष्ट योगयज्ञ हो । पूर्व श्लोकका पूर्वार्धमा बताएको प्रारम्भावस्थाको [1]सबीज संयम हो, यो उच्चकोटिको [2]निर्बीज संयम हो, त्यसकारण पुनरुक्ति दोष छैन ॥२७॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

अन्वयार्थः

तथा	=	त्यस्तै	तपोयज्ञाः	=	तपोयज्ञ गर्ने
अपरे	=	अरू	योगयज्ञाः	=	योगरूप यज्ञ गर्ने
संशितव्रताः	=	दृढव्रत भएका	स्वाध्यायज्ञान-यज्ञाः च	=	अध्ययन यज्ञ तथा ज्ञान यज्ञ गर्ने
यतयः	=	योगीहरू			
द्रव्ययज्ञाः	=	द्रव्ययज्ञ गर्ने	(भवन्ति)	=	हुन्छन्

सरलार्थ

एवंप्रकार दृढ व्रत भएका योगीहरू आफ्नू २ रुचि-अनुसार कोही द्रव्ययज्ञ, कोही तपोयज्ञ, कोही योग यज्ञ, कोही स्वाध्याय यज्ञ तथा कोही ज्ञानयज्ञ गर्दछन् ।

१. सविकल्प समाधि । २. निर्विकल्प समाधि ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

इष्टापूर्त आदि यज्ञ द्रव्य अर्थात् भौतिक पदार्थसाध्य हुनाले द्रव्ययज्ञ हुन्। आत्मकल्याण या परोपकारका निम्ति शरीरलाई कष्ट दिनु तपोयज्ञ हो। योग भन्नाले धेरै किसिमका योग र कर्म योगै पनि लिनसकिन्छ, तर यस प्रकरणमा चित्तका वृत्तिहरूलाई संयममा राख्नु योगयज्ञ हो। उच्चविचारले नियम पूर्वक अध्यात्म शास्त्रको अध्ययन गर्नु स्वाध्याय यज्ञ हो। सर्वत्र आत्मदृष्टि जसबाट हुन्छ ती साधनको अभ्यास अथवा पूर्वोक्त ब्रह्मार्पण यज्ञ ज्ञानयज्ञ कहिन्छ ॥२८॥

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥

अन्वयार्थः

(कश्चित्)	=	कोही	अपानम्	=	अपान वायुलाई होम्दछन्
अपाने	=	अपान वायुमा			
प्राणम्	=	प्राणवायुलाई	प्राणापान गती	=	कोही प्राण र अपानको गतिलाई
जुह्वति	=	होम्दछन्			
तथा	=	त्यस्तै	रुद्धवा	=	रोकेर
अपरे	=	अरू योगीहरू	प्राणायामपरायणाः	=	प्राणायाममै लागि रहन्छन्
प्राणे	=	प्राणवायुमा			

सरलार्थ

कोही अपान वायुमा प्राणवायुलाई होमेर पूरक प्राणायाम गर्दछन्, कोही प्राणवायुमा अपान वायुलाई होमेर रेचक प्राणायाम गर्दछन् तथा कोही प्राण र अपान दुवैको गतिलाई रोकेर कुम्भक प्राणायाममै लागिरहन्छन्।

तात्पर्य

श्वासलाई भित्र खिंच्दा प्राणका वृत्तिहरू अपान वृत्तिमा होम गरे जस्तै भएर पर्नजान्छन्, यसैको नाम पूरक हो। श्वासलाई बाहिर फ्याँक्दा अपान वायुका वृत्तिहरू प्राण वायुमा होमिन आउँदछन्, यसैको नाम रेचक हो। उक्त दुवै क्रिया नगरिकन अर्थात् नाक-मुखद्वारा बाहिर जाने प्राणको गति र यसदेखि विपरीत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तलतिर जाने अपानको गति यी दुवैलाई रोकेर प्राणशक्तिलाई सूक्ष्म गराउनु केवल कुम्भक कहिन्छ। सारांश यो हो कि—पूरक गरेर कुम्भक गर्नु पूरक प्राणायाम, रेचक गरेर कुम्भक गर्नु रेचक प्राणायाम, रेचक-पूरकरहित केवल कुम्भक गर्नु कुम्भक प्राणायाम कहिन्छ। रेचक-पूरकका पनि अन्तमा कुम्भक अवश्य हुन्छ। जस्तै तप्तशिलामा परेको जलविन्दु चारैतिरबाट सुकेर तहीं विलाउँछ, त्यस्तै कुम्भक प्राणायाममा उपयुक्त साधनले निरुद्ध भएको प्राणवायु शरीरमै सूक्ष्म भएर रहन्छ। योगशास्त्रमा प्राणायामका ८ प्रकार लेखिएका छन्—(१) सूर्यभेदन (२) उज्जायी (३) सित्कारी (४) शीतली (५) भस्त्रिका (६) भ्रामरी (७) मूर्च्छा (८) प्लाविनी। यी योगारूढ हुनचाहने साधकका विभिन्न आवश्यकताका पूरक अङ्ग हुन्, जसलाई सिद्ध गुरुका साथमा रहेर मात्र हस्तगत गर्नसकिन्छ। यो पनि योगयज्ञ नै हो॥ २९॥

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः॥३०॥

अन्वयार्थः

नियताहाराः	=	नियमित आहार गरेका	एते	=	यी
अपरे	=	अरू योगीहरू	सर्वे अपि	=	सबै नै
प्राणान्	=	प्राणहरूलाई	यज्ञविदः	=	यज्ञ जान्ने
प्राणेषु	=	प्राणहरूमा	यज्ञक्षपितकल्मषाः	=	यज्ञद्वारा पाप नाश भएका हुन्छन्
जुह्वति	=	होम गर्दछन्			

सरलार्थ

कोही योगीहरू नियमित आहारा गरेर प्राणहरूलाई प्राणैमा होम्दछन्। अन्तमा यी सबै यज्ञज्ञाताहरू यज्ञद्वारा निष्पाप हुन्छन्।

तात्पर्य

तात्पर्य के भने पाँच प्राणमा जुन् २ जितिएका छन् तिनमा नजितिएका प्राणहरूलाई होम गर्नाले ती पनि जितिएकै हुन्छन्। यस योगमा 'नियताहार'

१. हठयोग।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् परिमित आहाराको आवश्यकता छ ; किनकि आहाराको सम्बन्ध प्राणसँग छ, आहारा ठीक नभई प्राणको क्रिया ठीक हुँदैन। मिताहारको परिमाण यस्तो हुन्छ—

द्वौ भागौ पूरयेदन्नैर्जलेनैकं प्रपूरयेत्।
मारुतस्य प्रचारार्थं चतुर्थमवशेषयेत्॥
(सन्यासो० २-५९)

पेटको दुई भाग अन्नले, एक भाग जलले पूर्ण गरेर चतुर्थ भाग वायु संचारका निमित्त खालि राख्नु मिताहार हो। एवंप्रकार शुद्ध र नियमित आहाराले प्राणहरूलाई वश गर्ने क्रियामा पर्याप्त सहायता मिल्दछ, किनकि योग, क्रिया नै नियमित आहाराका उपर निर्भर छ। ऐलेसम्म बताएका र यही किसिमका अरू पनि श्रेय साधनहरू यज्ञ नै हुन्। किनकि गीताले यावत् श्रेय साधनलाई आफ्नू परिभाषाबाट यज्ञ नै भन्दछिन्। जसले गर्दा याज्ञिक अन्तमा निष्कल्मष भएर द्रुतवेगले ब्रह्मतिर अग्रसर हुन्छ। अब अगाडिको श्लोकमा यही कुरा छ॥३०॥

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम!॥३१॥

अन्वयार्थः

यज्ञशिष्टामृतभुजः	=	यज्ञबाट बचेको अमृत खाने	अयज्ञस्य	=	यज्ञहीन पुरुषको
सनातनम्	=	शाश्वत	अयं लोकः	=	यो लोक
ब्रह्म	=	ब्रह्मलाई	न अस्ति	=	छैन
यान्ति	=	जान्छन्	अन्यः	=	अर्को
कुरुसत्तम!	=	हे कुरुकुलप्रधान अर्जुन!	कुतः	=	कहाँबाट होला

सरलार्थ

यज्ञबाट बचेको अमृततुल्य अन्नलाई खानेहरू सनातन ब्रह्ममा जान्छन्। हे अर्जुन! जसको यज्ञ छैन, त्यसको यो लोक पनि हुँदैन, झन् परलोक कसरी होला?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यज्ञशिष्टको अर्थ हो—यज्ञ गरेर बचेको। दान, परोपकार आदि कर्महरू यज्ञ हुन्। मनुष्य उपार्जन गरेर केवल आफ्नै पेट मात्र भर्नाको निम्ति मात्र होइन, किन्तु यसको उत्तरदायित्व ठूलो छ। यसले यो पनि विचार गर्नुपर्दछ कि—मैले कति प्राणीहरूलाई तृप्त गराएर खानु छ। यही अभिप्रायले मनुस्मृति (३-७०) मा पञ्च महायज्ञको विधान छ। त्यस प्रकरणमा लेखिएको छ—विघसो भुक्तशेषन्तु यज्ञशेषमथामृतम्' [मनु० ३।२०५]—अतिथिहरूले भोजन गरिसकेर बाँकि रहेको अन्न विघस, पञ्च महायज्ञ गरेर बाँकि रहेको अमृत कहिन्छ।

विना यज्ञ यो लोकपनि सिद्ध हुँदैन अर्थात् समाजको व्यवस्था पनि सुचारु रूपले चल्नसक्तैन। त्यस कारण सबैले यज्ञको मुख्य तत्त्व—'त्याग' लाई लिएर सामाजिक नीति-बन्धनका अगिनमा स्वार्थलाई होम्नुपर्छ। यो कुरा बिल्कुल युक्तिसङ्गत छ कि—जसले यो लोक ता सुधार्न सकेको छैन, त्यसले झन् परलोक कसरी सुधार्न सकूला ?। वास्तवमा यस लोकमा गरिएका सदाचरण, सद्व्यवहारहरूले नै परलोकको पन्थालाई सरल गराउँछन्, यही शास्त्रको सिद्धान्त छ ॥३१॥

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

अन्वयार्थः

एवम्	=	यसरी	सर्वान्	=	सबैलाई
बहुविधाः	=	धेरै प्रकारका	कर्मजान्	=	कर्मद्वारा उत्पन्न
यज्ञाः	=	यज्ञहरू	विद्धि	=	जान
ब्रह्मणः	=	ब्रह्मको	एवम्	=	यस्तो
मुखे	=	मुखमा	ज्ञात्वा	=	जानेर
विततः	=	फैलिएका छन्	विमोक्ष्यसे	=	छुट्नेछौ
तान्	=	ती			

सरलार्थ

एवं प्रकार धेरै प्रकारका यज्ञहरू ब्रह्मका मुखमा फैलिएका छन्, ती सबैलाई कर्मद्वारा उत्पन्न भएका जान, यस्तो जानेपछि तिमी मुक्त हुनेछौ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

श्रौत यज्ञमा वैदिक मन्त्रोच्चारणपूर्वक अग्निमा चरुको हवन हुन्छ, किन्तु जप-यज्ञ, दान-यज्ञ, योग-यज्ञ, स्वाध्याय-यज्ञ तथा अरू पनि श्रेयसाधनरूप यज्ञको आहुति ब्रह्मकै मुखमा हुन्छ ; किनकि स्वार्थत्यागपूर्वक ब्रह्मार्पणबुद्धिले गरिएका यावत् कर्महरू यज्ञ हुन् , ब्रह्मार्पण गर्नु नै ब्रह्मका मुखमा आहुति दिनु हो । यी सब यज्ञ प्रकृतिका कार्य मन, वाणी, शरीरका व्यापारद्वारा उत्पन्न हुनाले कर्मजन्य छन् तथा कर्मजन्य हुनाले अनित्य पनि छन् ; किनकि जो कर्मजन्य हुन्छ त्यो अनित्य हुन्छ—आत्मा निर्व्यापार हुनाले उदासीन छ । यस्तो बुझेपछि ती सबै कर्महरू बन्धनका हेतु हुँदैनन् । यही यसमा तथ्य छ ॥३२॥

उक्तानुक्त अनेक यज्ञहरूमा श्रेष्ठ यज्ञ—

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप ! ।
सर्वं कर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते ॥३३॥

अन्वयार्थः

परन्तप !	=	हे अर्जुन !	अखिलम्	=	फल सहित
द्रव्यमयात्	=	द्रव्यमय	सर्वम्	=	समस्त
यज्ञात्	=	यज्ञभन्दा	कर्म	=	कर्म
ज्ञानयज्ञः	=	ज्ञानयज्ञ	ज्ञाने	=	ज्ञानमा
श्रेयान्	=	श्रेष्ठ छ	परिसमाप्यते	=	समाप्त हुन्छ
पार्थ !	=	हे अर्जुन !			

सरलार्थ

हे परन्तप ! द्रव्यसाध्य यज्ञभन्दा ज्ञानयज्ञ श्रेष्ठ छ । किनभने हे पार्थ ! फल-सहित समस्त कर्महरू ज्ञानमा समाप्त हुन्छन् ।

तात्पर्य

द्रव्य भन्नाले बाह्य-स्थूल-भौतिक पदार्थ लिइन्छ । यसद्वारा सिद्ध हुने यज्ञहरू सबै द्रव्यमय यज्ञ हुन् । ज्ञानयज्ञ आन्तरिक, सूक्ष्म तथा केवल मानस व्यापारसाध्य छ । उपनिषद्को सिद्धान्त छ कि—सबैभन्दा परम पुरुषार्थ मोक्ष नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो, त्यो विना ज्ञान करोडौं उपायले पनि प्राप्त हुँदैन, ज्ञान भएपछि समस्त कर्मबन्धनहरूको नाश हुन्छ । गीताको पनि मोक्षका विषयमा यही सिद्धान्त छ। मनुष्यले जे जति द्रव्यमय यज्ञहरू गर्दछ, त्यसको अन्तिम लक्ष्य आत्मकल्याणै हुन्छ । स्थायी रूपले आत्मकल्याण विना परमात्मप्राप्ति हुँदैन, यो शास्त्रको सिद्धान्त छ। विना ज्ञान परमात्मप्राप्ति असंभव छ (श्वे- ६–२०)। अतः द्रव्यमय यज्ञ गर्नेहरूले पनि अन्तमा परमात्मप्राप्तिका निम्ति ज्ञानकै शरण लिनुपर्दछ। त्यसकारण ज्ञानयज्ञको स्थान द्रव्यमय यज्ञका अपेक्षा विशेष छ। यसको तात्पर्य द्रव्यमय यज्ञलाई छोडेर ज्ञानयज्ञै गर्नु भन्ने होइन, किनकि द्रव्ययज्ञमा सफल नभई ज्ञानयज्ञको अधिकारी नै हुनसक्तैन। अझ ज्ञानयज्ञको याज्ञिकले आँफूलाई आवश्यक नभए पनि लोकसंग्रहका दृष्टिले द्रव्यमय यज्ञलाई कर्तव्य ठानेर गर्नै पर्दछ (गी० ३।२५) ॥३३॥

ज्ञान प्राप्त गर्ने उपाय—

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

अन्वयार्थः

प्रणिपातेन	=	दण्डवत्	तत्त्वदर्शिनः	=	तत्त्वदर्शी
परिप्रश्नेन	=	प्रश्न	ज्ञानिनः	=	ज्ञानीहरू
सेवया	=	सेवाद्वारा	ते	=	तिमीलाई
तत्	=	त्यो ज्ञानलाई	ज्ञानम्	=	ज्ञान
विद्धि	=	जान	उपदेक्ष्यन्ति	=	उपदेश गर्नेछन्

सरलार्थ

जसको यत्रो महत्त्व छ त्यो ज्ञान योग्य गुरुका सँगमा गएर दण्डवत्, सेवा, तथा निष्कपट प्रश्न गरेपछि पाउनेछौ, आत्मानुभवी ज्ञानीहरू तिमीलाई ज्ञानोपदेश गर्नेछन् ।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ! ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पाण्डव !	=	हे अर्जुन !	येन	=	जसद्वारा
यत्	=	जसलाई	अशेषेण	=	निःशेषरूपले
ज्ञात्वा	=	जानेर	भूतानि	=	प्राणीहरूलाई
पुनः	=	फेरि	आत्मनि	=	आँफूमा
एवम्	=	यसरी	अथः	=	त्यसपछि
मोहम्	=	मोहमा	मयि	=	ममा
न यास्यसि	=	प्राप्त हुनेछैनौ	द्रक्ष्यसि	=	देख्नेछौ

सरलार्थ

हे अर्जुन ! जसलाई जानेपछि फेरि यस्तो मोह तिमीलाई हुनेछैन ; जसका सहायताले समस्त प्राणीलाई आँफूमा अनि ममा देख्नेछौ ।

तात्पर्य

ज्ञानप्राप्तिका तीन साधन छन् (१) प्रणिपात (२) परिप्रश्न (३) सेवा । प्रणिपात–(दण्डवत्-नमस्कार)–द्वारा गुरुको मान भएर गुरु प्रसन्न हुने एक र दोश्रो ज्ञानका प्रतिबन्धक अहङ्कारादि उच्छृङ्खल वृत्तिहरू घटेर शील, सभ्यता आदि कोमल वृत्तिहरूको समेत उदय हुने हुनाले प्रणिपात ज्ञानको साधन कहिन्छ । मनुस्मृतिमा लेखिएको छ—

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आयुर्विद्या यशोबलम् ॥ (मनु० २।१२१)

शिष्टजनहरूको अभिवादन (नमस्कार) गर्ने र वृद्धहरूको सेवा गर्ने भाव भएका मनुष्यका आयु, विद्या, यश तथा बल यी चार कुरा बढ्दछन् ।

परिप्रश्न पनि ज्ञानको साधन हो । केही कुरा पनि आफ्नू अधिकार र जिज्ञासानुसार प्रश्न नगरी त्यस विषयको उत्तर पाइँदैन, किनकि उपदेष्टा ज्ञानीहरूका विषयमा धर्मशास्त्रमा लेखिएको छ—

नापृष्टः कस्यचिद्बूयान्नचान्यायेन पृच्छतः ।
जानन्नपि हि मेधावी जडवल्लोकमाचरेत् ॥ मनु० २–११०)

प्रश्न नगरी कसैलाई नभनोस्, जल्प र वितण्डाबुद्धिले सोधे पनि नबोलोस् । बुद्धिमान् त्यस दशामा जान्दछ तापनि नजानेजस्तै भएर बसोस् । यही परिप्रश्न-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई धर्म, ब्रह्मसूत्रका आदिमा 'अथातो धर्मजिज्ञासा', 'अथातो ब्रह्मजिज्ञासा', यस्तो लेखिएको छ।

तृतीय साधन सेवा हो। सेवाले गुरुका साथ आत्मीयता बढ्नजान्छ र गुरुको शिष्यका प्रति शक्तिपात आदि कृपा हुन्छ—जसद्वारा ऊ ज्ञानप्राप्तिमा समर्थ हुन्छ।

केवल २–४ पुस्तक मात्र पढेर ज्ञान सम्बन्धी कुरा सिकेका आत्माको अनुभव नभएका गुरुले शिष्यलाई ज्ञान दिनसक्तैनन्। आत्मानुभव भने भएका, तर अपठित छन् भने पनि शिष्यलाई बुझाउनसक्तैनन्। त्यसकारण गुरु पठित (पद-वाक्य-प्रमाणमा निपुण) र आत्मानुभवी समेत हुनुपर्छ। जस्तै नदी पार गराउनलाई आँखा भने देख्ने, तर गोडा नभएको लँगडो र गोडा भने भएको, परन्तु आँखा नदेख्ने अन्धो यी दुवैले सक्तैनन्, किन्तु आँखा पनि देख्ने र गोडा पनि सद्दे भएको एउटै व्यक्तिले सक्तछ, त्यस्तै केवल शास्त्र मात्र पढेका र केवल अनुभव मात्र भएका दुवैले शिष्यलाई ज्ञान दिएर संसार-सागर पार गराउनसक्तैनन्; किन्तु यसका निम्ति विद्वान् पनि, अनुभवी पनि चाहिन्छ। यसले यहाँ ज्ञानी र तत्त्वदर्शी यी दुई विशेषण गुरुलाई दिएका छन्। श्रुतिमा पनि लेखिएको छ—'तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम्' (मुंडको० १-२-१२) ब्रह्मतत्त्व जान्नका निम्ति श्रोत्रिय (विद्वान्) ब्रह्मनिष्ठ (अनुभवी) गुरुका सँगमा हातमा सौगात लिएर जाओस्।

विषय उपाधिका भिन्नताले संसारमा ज्ञानहरू अनन्त छन् तापनि सबैभन्दा उच्च अद्वैत ज्ञानै हो। शङ्करले प्रश्नोत्तरीमा भन्नुभएको छ—'ज्ञानं किमेकं शिवमद्वितीयम्'—ज्ञान भनेको के हो? एक अद्वितीय शिवदेखि भिन्न भान नहुनु। यही अद्वैत ज्ञान यहाँ बताइएको छ। समस्त भूतवर्गलाई आत्मामा देखेर अनि आत्मालाई भगवान्मा देखेपछि समस्त चराचरमा 'वासुदेवः सर्वम्' यस्तो ज्ञान हुन्छ, यसैको नाम समदर्शन हो (६–२९)। श्रीमद्भागवतमा पनि भगवद्भक्तका तीन श्रेणी छन्, ती मध्ये सर्वोत्तम भगवद्भक्तको लक्षण यही किसिमको छ। जस्तै—

सर्वभूतेषु यः पश्येद्भगवद्भावमात्मनः।
भूतानि भगवत्यात्मन्येष भागवतोत्तमः॥

(भा० ११–२–४५)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले समस्त भूतवर्गको आत्मामा भगवान्‌लाई तथा भगवान्‌को आत्मामा समस्त भूतवर्गलाई देख्दछ त्यो सर्वोत्तम भगवद्भक्त हो, यही सर्वत्र समदृष्टि अद्वैत ज्ञान हो—जसको प्रसङ्ग यहाँ चलेको छ। यो कुरा बुझ्नपर्छ कि--जहाँसम्म आँफूसमेत समस्त भूतवर्गलाई भगवान्‌देखि अभिन्न देख्दैन, त्यहाँसम्म आँफूलाई र भूतवर्गलाई एक देखेर पनि ज्ञान अद्वैत हुँदैन ॥ ३४-३५ ॥

ज्ञानको महत्त्व-

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥३६॥

अन्वयार्थः

चेत्	=	यदि	सर्वम्	=	सबै
सर्वेभ्यः	=	सम्पूर्ण	वृजिनम्	=	पापलाई
पापेभ्यः अपि	=	पापीभन्दा पनि	ज्ञानप्लवेन	=	ज्ञानरूपी नौकाले नै
पापकृत्तमः	=	अत्यन्त पापी	एव		
असि	=	छौ	सन्तरिष्यसि	=	तर्नेछौ

अन्वयार्थः

यदि सम्पूर्ण पापीभन्दा पनि अत्यन्त पापीष्ठ छौ भने पनि सम्पूर्ण पापसमुद्रलाई ज्ञान रूपी नौकाले राम्रैगरी तर्नेछौ ।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन! ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

अन्वयार्थः

अर्जुन!	=	हे अर्जुन!	भस्मसात्कुरुते	=	खरानी पार्दछ
यथा	=	जस्तै	तथा	=	त्यस्तै
समिद्धः	=	बलेको	ज्ञानाग्निः	=	ज्ञानरूपी अग्निले
अग्निः	=	अग्निले	सर्वकर्माणि	=	सम्पूर्ण कर्मलाई
एधांसि	=	दाउराहरूलाई	भस्मसात्कुरुते	=	खरानी पार्दछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जसरी बलेको आगोले दाउराहरूलाई भस्म गर्दछ, त्यस्तै ज्ञान-रूपो अग्निले सबै कर्मलाई भस्म गर्दछ ।

तात्पर्य

ज्ञानमा यति शक्ति छ कि—कस्तै घोर पापी किन नहोस्, ऊ त्यस पापबाट निर्लिप्त हुन्छ । कौषितकि ब्राह्मणोपनिषद् ३–१ मा इन्द्रले काशीराज प्रतर्दन-लाई भनेका छन्—मैले कति ब्राह्मणहरूलाई मारें, कति सन्यासीहरूलाई मारेर तिनको मासु जङ्गली कुकुरहरूलाई खुवाएँ, अन्तरिक्षमा पुलोमाका पुत्र पृथ्वीमा कालकाश्यादिहरूलाई मारें, तर मेरो एउटा रौं पनि टेडो भएको छैन, जसले मलाई जान्दछ त्यो पनि मातृबध, पितृबध, स्तेय, भ्रूणहत्या आदि कुनै पापले पनि लिप्त [1]हुँदैन । अरू ठाउँमा पनि लेखिएको छ 'सर्वं पाप्मानं तरति' (बृ० ४–४–२३)—सबै पापबाट तर्दछ । वास्तवमा पाप र पुण्यको कल्पना अज्ञानावस्थाको हो, ज्ञानले अज्ञान नाश भएपछि विशालात्मा ज्ञानीलाई पुण्यको आवश्यकता न-भएपछि पापले पनि छुनसक्तैन, किनकि पाप र पुण्य परस्पर सापेक्षिक वस्तु हुन् । यही यसको आशय हो ।

जीवका अन्तःकरणमा प्रारब्ध, सञ्चित तथा क्रियमाण यी तीन कर्म-संस्कार हुन्छन् । जन्म-जन्मान्तरदेखि एकत्रित भएका कर्मलाई 'सञ्चित', जुन् कर्मले यो शरीर बनेको छ त्यसलाई 'प्रारब्ध' औ वर्तमान अवस्थामा भइरहेको कर्मलाई 'क्रियमाण' भन्दछन् । शास्त्रको सिद्धान्त छ कि–प्रारब्ध कर्मबाहेक अरू सबै कर्म ज्ञानद्वारा भस्म हुन्छन् । यस सिद्धान्तको मूल श्रुति यही हो—

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥ (मुण्ड० २–२–८)

उस परावर परमात्माको ज्ञान भएपछि हृदयको ग्रन्थि-(गांठो)-भेदन हुन्छ (फुक्दछ), संशयहरू काटिन्छन्, सम्पूर्ण कर्महरू क्षय (नाश) हुन्छन् ।

---

(१) यो मां विजाजीयान्नास्य केन च कर्मणा लोको मीयते, न मातृबधेन न पितृबधेन न स्तेयेन न भ्रूणहत्यया नास्य पापं च न चकृषो मुखान्नीलं वेत्तीति ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मसूत्रमा पनि लेखिएको छ—'तदधिगम उत्तरपूर्वाघयोरश्लेषविनाशौ तद्व्यपदेशात्' (ब्र० सू० ४-१-१३)—ब्रह्मतत्त्वको ज्ञान भएपछि सञ्चित कर्महरू नाश हुन्छन्, क्रियमाण कर्म कमलपत्रमा जल झैं लिप्त हुँदैनन्। 'भोगेनत्वितरे क्षपयित्वा सम्पद्यते' (ब्र०सू० ४-१-१९)—प्रारब्धकर्म भोगले मात्रै नष्ट हुन्छ। अतएव यस श्लोकमा 'सर्व कर्माणि' शब्दले प्रारब्धबाहेक अरू कर्म लिनुपर्दछ। ज्ञानले कर्मलाई भस्म गर्दछ भनेको कर्मको दोषरूप बन्धनलाई हो, कर्मलाई होइन। वास्तवमा कर्महरू भइ-रहे पनि बन्धनका कारण नहुनु नै कर्महरू भस्म हुनु हो। एवंप्रकार समस्त कर्मदोषबाट निर्लिप्त रहनु ज्ञानको मौलिक महत्त्व हो।

ज्ञानको महत्त्व तथा साधन—

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

अन्वयार्थः

इह	=	यस लोकमा	स्वयम्	=	आँफै
ज्ञानेन	=	ज्ञानले	कालेन	=	समयले
सदृशम्	=	तुल्य	योगसंसिद्धः	=	योगद्वारा सिद्ध भएर
पवित्रम्	=	पवित्र			
न हि विद्यते	=	अवश्य छैन	आत्मनि	=	आँफूमा
तत्	=	त्यो	विन्दति	=	पाउँदछ

सरलार्थ

यस संसारमा ज्ञान बराबरको पवित्र अवश्य पनि अर्को छैन। त्यो ज्ञान कालान्तरमा कर्मयोगद्वारा सिद्ध भएपछि आफ्नै हृदयमा पाइन्छ।

तात्पर्य

वास्तवमा आत्मा स्वभावैले पवित्र छ, त्यसलाई अज्ञानद्वारा उत्पन्न कर्मदोष-हरू नै कलुषित बनाउनमा कारण हुन्छन्। ज्ञानले अज्ञान हटेपछि आत्माको नै-सर्गिक पवित्रता स्वतः सिद्ध छ। शास्त्रमा भिन्न २ पापकर्मका भिन्न २ प्रायश्चित लेखिएका छन्, किन्तु कुनै प्रायश्चित्त यस्ता छैनन् जो अतीत-अनागत-अनन्त जन्म-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का पापलाई छुटाउन्; परन्तु ज्ञानले यी सबैको जरो (कर्मदोष) नै उखेलेर फ्याँकिदिन्छ, त्यसकारण आत्मालाई पवित्र गराउनमा ज्ञानको जोडा संसारमा छैन।

चित्त शद्ध नभई ज्ञान हुँदैन, चित्तशुद्धिका निम्ति निष्काम कर्महरू साधन छन्। अतः कर्मयोगमा सफल भएपछि ज्ञान खोज्नलाई कहीं बाहिर जानु-पर्दैन, कालुष्य हट्नासाथ कुहिरो फाटेर सूर्यको प्रकाश भए झैं [1]हृदयमै ज्ञानको प्रकाश हुन्छ ॥३८॥

ज्ञानको अधिकारी—

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

अन्वयार्थः

श्रद्धावान्	=	श्रद्धालु	लब्ध्वा	=	पाएर
तत्परः	=	तत्पर	अचिरेण	=	चाँडै
संयतेन्द्रिय	=	जितेन्द्रिय पुरुषले	पराम्	=	श्रेष्ठ
ज्ञानम्	=	ज्ञानलाई	शान्तिम्	=	शान्तिलाई
लभते	=	पाउँदछ	अधिगच्छति	=	पाउँदछ
ज्ञानम्	=	ज्ञानलाई			

सरलार्थ

श्रद्धावान्, तत्पर, जितेन्द्रिय पुरुषले ज्ञान पाउँदछ, ज्ञान पाउनासाथ उस-लाई परम शान्ति मिल्दछ।

तात्पर्य

श्रद्धा एउटा ज्ञानप्राप्तिको सर्वोत्कृष्ट गुण हो, यसलाई ज्ञानप्राप्तिको स्वतन्त्र साधन भने पनि केही अत्युक्ति छैन। विश्वासको नाम श्रद्धा हो। शास्त्रमा

१. ज्ञान बाहिरबाट भित्र पस्ने होइन, किन्तु आँफैसँग हुन्छ; सत्सङ्ग, शास्त्र र गुरु-बाट अज्ञानको मात्र नाश हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखिएको छ–'फलिष्यतीति विश्वासः सिद्धेः प्रथमलक्षणम्'–मेरो साधन पक्का सफल हुन्छ भन्ने आत्मविश्वास सिद्धिलाभको प्रथम लक्षण हो। श्रद्धाका साथै तत्परता पनि चाहिन्छ, तत्पर नभई कुनै वस्तु पनि मिल्नसक्तैन, मिल्नलागेको वस्तु पनि गुम्ने संभावना हुन्छ। त्यसकारण जसरी भोको भोजनमा, प्यासो पानीमा तत्पर हुन्छ, त्यस्तै ज्ञान पिपासुले ज्ञानमा तत्पर हुनपर्दछ। यी दुईका साथै जिज्ञासुले जितेन्द्रिय पनि हुनपर्दछ, किनकि इन्द्रिय उच्छृङ्खल भए भने मनलाई साथमा लिएर बुद्धिलाई समेत भड्काइदिन्छन् (गी० २–६७)। यसो भएपछि उचित रीतबाट ज्ञानसम्पादन हुनसक्तैन। अतः श्रद्धाका साथ तत्परता, जितेन्द्रियता पनि हुनपर्दछ। वस्तुतः अति श्रद्धालुमा तत्परता र जितेन्द्रियता अवश्य हुन्छन्, त्यसकारण यी तीन साधनमा उत्कृष्टता श्रद्धाकै छ॥ ३९ ॥

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥

अन्वयार्थः

अज्ञः	=	अज्ञानी	न अयम्	=	न यो
अश्रद्धधानः च	=	श्रद्धाहीन	लोकः	=	लोक
संशयात्मा च	=	तथा सन्देह गर्ने	अस्ति	=	छ
विनश्यति	=	नाश हुन्छ	न परः	=	न परलोक छ
संशयात्मनः	=	सन्देहमान्नेको	न सुखम्	=	न सुख छ

सरलार्थ

तर जसलाई न ज्ञान छ औ न श्रद्धा छ, त्यो सशङ्क चित्त भएको व्यक्ति कल्याणपथबाट भ्रष्ट हुन्छ। संदेह गर्नेलाई न यो लोक छ, न पर लोक छ औ न सुख छ।

तात्पर्य

अज्ञानीलाई ज्ञानप्राप्तिको साधन श्रद्धा हो भन्ने कुरा पूर्व श्लोकमा वर्णन भयो। जो अज्ञानी भएर पनि श्रद्धा र निश्चय छैन त्यसको नाश अवश्यम्भावी छ; किनकि जो न स्वयं जान्दछ औ न अरूले भनेको मान्दछ, त्यस्ता बज्र-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्खको निम्ति संसारमा कुनै उपायहरू छैनन् । भर्तृहरिले भन्नुभएको छ— 'सर्वस्यौषधमस्ति शास्त्रविहितं मूर्खस्य नास्त्यौषधम्' (नीतिश० १०)—शास्त्र-विधि-अनुसार सबैको औषधि छ, परन्तु मूर्खको औषधि छैन । अतः त्यस्ता मूर्खको यो लोक पनि सिद्ध हुँदैन, परलोक पनि सिद्ध हुँदैन तथा सुख र शान्ति पनि कहिल्यै हुँदैन ॥ ४० ॥

ज्ञान र कर्मको भिन्न २ उपयोगद्वारा एउटै फलसिद्धि देखाएर विषयको उपसंहार गर्नुहुन्छ—

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ! ॥४१॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	आत्मवन्तम्	=	आत्मज्ञानीलाई
योगसंन्यस्त-कर्माणम्	=	योगद्वारा कर्महरू त्यागिएको	कर्माणि	=	कर्महरूले
ज्ञानसंछिन्न-संशयम्	=	ज्ञानद्वारा संशय-हरू काटिएको	न निबध्नन्ति	=	बाँध्दैनन्

सरलार्थ

हे अर्जुन ! समत्वबुद्धियोगद्वारा कर्महरू त्यागिएको, ज्ञानले सबै संशय-हरू निवृत्त भएको आत्मनिष्ठ योगीलाई कर्महरू बन्धनकारक हुँदैनन् ।

तात्पर्य

कर्मयोगीले कर्म कुनै हालतमा त्याग्दैन, यो कुरा स्पष्ट भइसकेको छ, केवल ती समस्त कर्मको बन्धकत्वदोष हट्नु नै यस पक्षमा सर्वकर्म-संन्यास हो । यस्ता योगीका हृदयमा नै आत्म तत्त्वको प्रकाश हुन्छ, अनि सूर्य उदाएपछि अन्धकार भागे झैं कुनै तर्क-वितर्क-संशयहरू रहनपाउँदैनन् । यस्ता ज्ञानीहरूले कर्म गरिर-हेर पनि फलसंन्यस्त गरेका हुनाले इष्टानिष्ट फललाई उत्पन्न गराउँदैनन्, कर्म र ज्ञानको यस्तो मधुर सामञ्जस्य हुन्छ ॥ ४१ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ! ॥४२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे ज्ञानकर्मसंन्यासयोगो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

अन्वयार्थः

तस्मात्	=	त्यसकारण	ज्ञानासिना	=	ज्ञानरूपी खड्गले
अज्ञानसम्भूतम्	=	अज्ञानद्वारा उत्पन्न	छित्त्वा	=	काटेर
हृत्स्थम्	=	हृदयमा रहेको	योगम्	=	कर्मयोगलाई
एनम्	=	यो	आतिष्ठ	=	आश्रय गर
आत्मनः	=	आफ्नू	भारत !	=	हे अर्जुन !
संशयम्	=	सन्देहलाई	उत्तिष्ठ	=	उठ

सरलार्थ

त्यसकारण अज्ञानद्वारा उत्पन्न, हृदयमा रहेको यो आफ्नू संशयलाई ज्ञान-रूपी खड्गले काटेर कर्मयोगको आश्रय लेऊ अर्थात् गर, हे अर्जुन ! युद्धका निम्ति खडा होऊ ।

तात्पर्य

अज्ञान र ज्ञान बुद्धिकै धर्म हुन् । जहाँसम्म बुद्धि अज्ञानावस्थामा रहन्छ त्यहाँसम्म मनुष्य संशयजालमा सर्वतः बाँधिएको हुन्छ । ज्ञानउत्पत्ति हुनासाथ संश-यजाल काटिन्छन् ; यसैले ज्ञानलाई संशय काट्ने खड्ग भनेको छ । यसरी हृदयमा ज्ञानरूपी खड्ग, हातमा गाण्डिव धनु लिएर अर्जुनले सूक्ष्म र स्थूल, आन्तरिक र बाह्य दुवै समरक्षेत्रमा अगाडि बढ्नपरेको छ । वस्तुतः ज्ञानवान्ले गरेका कर्म-हरू नै इतर जनका निम्ति शिष्टाचार एवं धर्म हुन्छन् । अतएव हामीहरूले पनि हृदयलाई ज्ञानले उज्वल पारेर कर्मक्षेत्रमा अगाडि बढ्नपर्दछ ॥४२॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये ज्ञानकर्मसंन्यास-योग नाम गरेको चौथो अध्याय समाप्त भयो ॥४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

पाँचौं अध्याय

पूर्वाध्यायमा भगवान्‌ले 'सर्वकर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते' (४-३) 'ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुतेऽर्जुन !' (४-३) 'श्रेयान् द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ! (४-३३)' इत्यादिको उपदेश गरेर अन्तमा 'योगमातिष्ठोत्तिष्ठ भारत ! (४-४२) भन्नुभएको हुनाले अर्जुनको फेरि पनि ज्ञान र कर्मको विषयमा कुन्‌चाहिं श्रेष्ठ हो भन्ने प्रश्न तदवस्थै (जस्ताको तस्तै) रहन्छ । यसैले यस विषयको राम्ररी निर्णय गराउनको निम्ति तृतीय अध्यायको आरम्भमा जस्तो प्रश्न गरेका थिए उस्तै अहिले गर्दछन् । यसैको उत्तररूप ज्ञान र कर्मको सामञ्जस्य यस अध्यायको प्रतिपाद्य विषय हो ।

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण ! पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	सुनिश्चितम्	=	राम्ररी निश्चय गरिएको
कर्मणाम्	=	कर्महरूको	यत्	=	जो
संन्यासम्	=	त्यागलाई	एकम्	=	एउटा
पुनः	=	फेरि	श्रेयः	=	उत्तम छ
योगं च	=	योगलाई पनि	तत्	=	त्यो
शंससि	=	प्रशंसा गर्नुहुन्छ	मे	=	मलाई
एतयोः	=	यी दुईमा	ब्रूहि	=	भन्नुहोस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुन भन्दछन्—हे कृष्ण ! तपाईं कहिले कर्मको त्याग र कहिले कर्मयोगको प्रशंसा गर्नुहुन्छ ; अब यी दुईमा जुन् साँच्चैको उत्तम हो, त्यही एउटा मार्ग मलाई निश्चय गरेर भन्नुहोस् ।

तात्पर्य

भगवान्‌ले हरेक ठाउँमा ज्ञानको प्रशंसा गरेर अर्जुनलाई ज्ञानोपदेश गर्नाको तात्पर्य उनका कर्तव्य-पथका बाधक मोह र ममता हटाएर अग्रसर गराउनमा थियो, संन्यासी बनाएर घर-घर भिक्मङ्गा बनाउनमा थिएन । यसैले बीच २ मा ज्ञानको प्रशंसा गरे तापनि अर्जुनको विचारलाई कर्मयोगैतिर आकर्षित गर्ने कोसिस गर्नु-भएको छ । यो कुरा अर्जुनले बिल्कुलै बुझेका थिएनन् भन्नसकिंदैन । केवल उनको आशय के भने कुन् मार्ग श्रेष्ठ छ, यसको निर्णय कृष्णकै मुखबाट स्पष्ट घोषित होस् । अर्जुनको यो अभिप्राय बुझेर भगवान्‌ले पनि अगाडिका श्लोकमा आफ्नू घोषणालाई स्पष्ट गर्नुभएको छ ।

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ॥२॥

अन्वयार्थः

संन्यासः	=	संन्यास	तयोः	=	ती दुईमा
कर्मयोगः च	=	औ कर्मयोग	कर्मसंन्यासात्	=	कर्मत्यागभन्दा
उभौ	=	दुवै	कर्मयोगः	=	कर्मयोग
निःश्रेयसकरौ	=	कल्याणकारक छन्	विशिष्यते	=	श्रेष्ठ छ
तु	=	किन्तु			

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—संन्यास (ज्ञान) र कर्मयोग दुइटै मार्ग मुक्तिदा-यक छन् ; परन्तु कर्मत्यागको अपेक्षा कर्मयोगको योग्यता विशेष छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

समस्त कर्मलाई त्यागेर ज्ञानका साधन विवेक, वैराग्यादि तथा श्रवणादिको अभ्यास गर्नु ज्ञानमार्ग हो, फलकामना त्यागेर उन्नत विचारले मरण पर्यन्त कर्म गरिरहनु कर्मयोग हो। यद्यपि यी दुवै मार्गबाट अन्तमा ज्ञानैद्वारा मोक्षप्राप्ति हुन्छ, तथापि कर्मत्यागभन्दा कर्मयोग श्रेष्ठ छ। किनभने ज्ञान हुनुभन्दा पहिले गरिएको कर्मयोगले चित्त शुद्ध हुने र ज्ञानोत्तरकालमा गरिएको कर्मयोगले लोक-संग्रह र जगत्को [1]स्थिति समेत हुने हुनाले व्यावहारिक दृष्टिकोणबाट कर्मयोगको स्थान ज्ञानयोगको भन्दा अवश्य उच्च छ ॥२॥

असली संन्यासी को हो ?—

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो ! सुखं बन्धात्प्रमुच्यते ॥३॥

अन्वयार्थः

यः	=	जो	महाबाहो !	=	हे अर्जुन !
न द्वेष्टि	=	द्वेष गर्दैन	निर्द्वन्द्वः	=	रागद्वेषादि द्वन्द्व-बाट छुटेको
न काङ्क्षति	=	इच्छा गर्दैन	सुखम्	=	सजिलै सँग
सः	=	त्यो	बन्धात्	=	बन्धनबाट
नित्यसंन्यासी	=	साँचो संन्यासी	प्रमुच्यते	=	छुट्दछ
ज्ञेयः	=	जान्न उचित छ			
हि	=	किनभने			

सरलार्थ

जो कसैसँग द्वेष गर्दैन, कुनै वस्तुमा आसक्त हुँदैन, त्यो साँचो संन्यासी हो ; किनभने हे महाबाहो ! रागद्वेषादि द्वन्द्वबाट छुटेको पुरुष सजिलै सँग बन्धनबाट छुट्दछ।

तात्पर्य

संन्यासको अर्थ हो 'त्याग' वास्तवमा त्यही साँचो त्यागी या संन्यासी हो

१. कल्याण।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले राग-द्वेषलाई त्यागेको छ। केवल कर्मलाई त्यागेर राग-द्वेषका वसमा परेको गौण संन्यासी हो, मुख्य होइन। वास्तवमा रागद्वेषै संसारका बन्धनहरू हुन्, राग-द्वेषबाट छुटेपछि संसारमै व्यवहार गरेर पनि बन्धनरहित (मुक्त) हुन्छ ॥ ३ ॥

फलदृष्टिबाट सांख्य र योग भिन्न छैनन्—

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

अन्वयार्थः

बालाः	=	अज्ञानीहरू	एकम् अपि	=	एउटामा पनि
साङ्ख्ययोगौ	=	ज्ञानयोग र कर्म-योगलाई	सम्यक्	=	राम्ररी
			आस्थितः	=	रहेको व्यक्ति
पृथक्	=	भिन्न-भिन्न	उभयोः	=	दुवैको
प्रवदन्ति	=	भन्दछन्	फलम्	=	फललाई
पण्डिताः	=	विद्वान्हरू	विन्दते	=	पाउँदछ
न	=	भन्दैनन्			

सरलार्थ

मूर्खहरू ज्ञानयोग र कर्मयोगलाई बेग्ला-बेग्लै ठहऱ्याउँदछन्, किन्तु विद्वान्हरू यो कुरा मान्दैनन्; किनकि जुन्सुकै भए पनि एउटा मार्गमा राम्ररी अडिएर बसेपछि दुवैको एउटै फल (मुक्ति) पाइन्छ।

एउटाको अनुष्ठानले दुवैको प्राप्तिमा कारण—

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

अन्वयार्थः

यत्	=	जो	साङ्ख्यैः	=	ज्ञानमार्गीहरूले
स्थानम्	=	ठाउँ	प्राप्यते	=	पाइन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्	=	त्यो	योगं च	=	कर्मार्गलाई पनि
योगैः अपि	=	कर्मयोगीहरूले पनि	एकम्	=	एउटै
गम्यते	=	पाइन्छ	पश्यति	=	देख्दछ
यः	=	जो	सः	=	त्यो
साङ्ख्यं च	=	ज्ञान-मार्ग र	पश्यति	=	देख्दछ

सरलार्थ

जुन ठाउँ ज्ञानयोगीहरूले पाउँदछन् त्यो ठाउँ कर्मयोगीहरूले पनि पाउँदछन् । त्यस कारण जो ज्ञान-मार्ग र कर्म-मार्गलाई एउटै देख्दछ त्यही ठीक देख्नेवाला हो ।

फलदृष्टिबाट एउटै भए तापनि अनुष्ठान गर्न सजिलो ज्ञानयोगभन्दा कर्मयोग छ—

संन्यासस्तु महाबाहो ! दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	योगयुक्तः	=	कर्मयोगले युक्त
अयोगतः	=	कर्मयोग बिना	मुनिः	=	मुनि
संन्यासः	=	संन्यास	नचिरेण	=	चाँडै
आप्तुम्	=	पाउन	ब्रह्म	=	ब्रह्मलाई
दुःखम्	=	कष्ट छ	अधिगच्छति	=	पाउँदछ

सरलार्थ

हे अर्जुन ! बिना कर्मयोग संन्यास पाउन गाहारो छ । कर्मयोगी मुनिले चाँडै ब्रह्म पाउँदछ ।

तात्पर्य

सबै धर्म र दर्शनहरूको अन्तिम उदेश्य हो—आत्माको चिर शान्ति । यसमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि ज्ञानमार्ग र कर्ममार्गको जो आत्मकल्याण हो त्यसको रूपरेखा एकै किसिमको छ, फरक कति भने ज्ञानमार्गीहरू निष्काम कर्मद्वारा चित्त शुद्ध भएपछि समस्त कर्महरूलाई निष्प्रयोजन ठहऱ्याएर परित्याग गर्दछन् र आत्मपरिशीलनमै लागिरहन्छन्, कर्ममार्गीहरू निष्काम कर्मद्वारा चित्त शुद्ध भएर ज्ञान भएपछि पनि लोकसंग्रहका दृष्टिले मरण पर्यन्त कर्म गरिरहन्छन्, किन्तु परम साध्य दुवैको एउटै हुन्छ। यस्ता प्रकारले फलविचारबाट सांख्य र योगलाई एक देख्नु तात्त्विक दृष्टि हो, भिन्न देख्नु भ्रान्त दृष्टि हो।

यहाँ ज्ञानयोगलाई 'संन्यास' र कर्मयोगलाई 'योग' भनेको छ। कर्मयोग ज्ञानयोगको 'पूर्व भूमि' हो। यस जन्ममा होस् वा पूर्वजन्ममा, नित्य-नैमित्तिक प्रायश्चित्त आदि निष्काम कर्मको अनुष्ठानद्वारा चित्त निर्मल नभै ज्ञानको अधिकार कदापि आउनसक्दैन। जो बाल्यावस्थादेखि नै ज्ञानयोगमा सफलता प्राप्त गरेका देखिन्छन्, तिनको पनि पूर्वजन्ममा गरेको कर्मयोगको परिणाम कल्पना गर्नुपर्छ। अगाडि भगवान्ले भन्नुभएको छ—पूर्व जन्मका अभ्यासले यस जन्ममा पहिलेदेखि त्यस कार्यमा लाग्दछ र ज्ञानयोगको जिज्ञासु पनि शब्द ब्रह्म--भन्दा अगाडि बढ्दछ [६-४४]। जसले यो जन्ममा या पूर्व जन्ममा कर्मयोगको अनुष्ठान गरेको छैन त्यसको ज्ञान-प्राप्तिको साधन चित्त निर्मल न भएको हुनाले जबर्जस्ति ज्ञान-मार्गमा लागे पनि त्यसमा सफलता प्राप्त गर्नसक्दैन; किनभने ज्ञान-मार्गमा शरीर-इन्द्रिय-मनलाई शम-दमादि साधनका अभ्यासले पूरा-पूरा नियन्त्रणमा राख्नुपर्दछ, किन्तु इन्द्रिय स्वभावैले बहिर्मुख हुन्छन्; 'पराञ्चिखानी व्यतृणत्स्वयम्भूः'—(क० ठ० १-४१)-परमात्माले इन्द्रियहरूलाई स्वभावैले बहिर्मुख बनाउनु भयो। त्यसकारण ज्ञानमार्गीहरूको हरेक मोर्चामा प्रकृतिसँग असाधारण युद्ध परिरहन्छ; यस युद्धमा उही टिक्नसक्ला जसको चित्त कर्मयोगको अनुष्ठानद्वारा काम-क्रोधादि द्वन्द्वबाट मुक्त भएको छ। यसैले कर्मयोग नभै संन्यास (ज्ञाननिष्ठा) पाउन गाहारो छ भन्नुभएको हो। अब कर्मयोग-मार्गमा प्रकृतिको अनुकूल कर्मै हुने हुनाले प्रकृतिविरुद्ध चेष्टा केही पनि गर्नपर्दैन; साधक शनैः २ चित्तलाई कामादि दोषहरूबाट निर्मल पार्दै अन्तमा उही ठाउँमा पुग्दछ जहाँ ज्ञानीहरू पुग्दछन्। कर्मयोगलाई छोडेर चाँडै पुग्ने विचारले जो एकदम् ज्ञान-मार्गमा लाग्दछन् र कर्मयोगलाई चटक्कै छोड्दिन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती अधिकार नभएकोले ज्ञानमार्गमा सफल हुनसक्तैनन्, कर्ममार्गलाई पनि छोड्दिएका हुनाले उभय भ्रष्ट हुन्छन् र अल्मलिइरहन्छन्। यता कर्मयोगीले क्रमैमँग ब्रह्मलाई पाउँदछ। त्यसकारण सार तत्त्व एउटै भएपछि प्रक्रिया (पद्धति) बेग्ला-बेग्लै हुँदैमा उक्त दुई मार्गलाई एकदम् पूर्व र पश्चिमको बाटो जस्तै भिन्न २ ठहऱ्याउनु मूर्खता हो ॥४–५–६॥

योगनिष्ठाबाट गएपछि अन्तमा सांख्यनिष्ठाको फल अनायासै मिल्दछ—

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

अन्वयार्थः

योगयुक्तः	=	कर्मयोगले युक्त	सर्वभूतात्मभूतात्मा	=	सम्पूर्ण प्राणीहरूको आत्मानै आफ्नू आत्मा भएकोव्यक्ति
विशुद्धात्मा	=	शुद्धचित्त भएको	कुर्वन् अपि	=	कर्म गरेर पनि
विजितात्मा	=	शरीरलाई वश गरेको	न लिप्यते	=	लिप्त हुँदैन
जितेन्द्रियः	=	इन्द्रियलाई जितेको			

सरलार्थ

कर्मयोगको अनुष्ठान गर्ने, अन्तःकरण शुद्ध भएको, शरीरलाई संयममा राखेको तथा सम्पूर्ण प्राणीहरूको आत्मा नै जसको आत्मा भएको छ, त्यो कर्मगरिरहे पनि लिप्त हुँदैन।

किनभने—

नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित्।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

युक्तः	=	योगयुक्त	उन्मिषन्	=	आँखा खोलेर
तत्त्ववित्	=	तत्त्ववेत्ता	निमिषन् अपि	=	आँखा चिम्लेर पनि
पश्यन्	=	देखेर	इन्द्रियाणि	=	इन्द्रियहरू
शृण्वन्	=	सुनेर	इन्द्रियार्थेषु	=	इन्द्रियका विषयहरूमा
स्पृशन्	=	छोएर	वर्तन्ते	=	रहन्छन्
जिघ्रन्	=	सुँघेर	इति	=	यस्तो
अश्नन्	=	खाएर	धारयन्	=	धारणा गरेर
गच्छन्	=	हिंडेर	किञ्चित् एव	=	केही पनि
स्वपन्	=	सुतेर	न करोमि	=	गर्दिन
श्वसन्	=	सास फेरेर	इति	=	यस्तो
प्रलपन्	=	बोलेर	मन्यते	=	मान्दछ
विसृजन्	=	त्यागेर			
गृह्णन्	=	ग्रहण गरेर			

सरलार्थ

कर्मयोगद्वारा सिद्ध भएको तत्त्ववेत्ता ज्ञानी ज्ञानेन्द्रियका देख्नु, सुन्नु, गन्ध लिनु आदि व्यापार; कर्मेन्द्रियका खानु, हिंड्नु बोल्नु, मल-मूत्र त्याग्नु; लिनु, दिनु आदि व्यापार; प्राणका श्वास-प्रश्वास व्यापार; उपप्राणका आँखा खोल्नु, चिम्लनु आदि व्यापार तथा अन्तःकरणका सुत्नु जाग्नु आदि व्यापारमा इन्द्रियहरू आफ्नू २ व्यापारमा लागिरहछन्, आत्मा तोदेखि पृथक् छ भन्ने विचारले वस्तुतः म केही पनि गर्दिन भन्ने ठान्दछ ।

तात्पर्य

यो श्लोकहरूको आशय यो होइन कि—तत्त्वज्ञानीले जे गरे पनि हुन्छ, किननि इन्द्रिय र मनलाई आत्मनियन्त्रणमा राखेको ज्ञानीबाट खराब कामहरू हुनै सक्दैनन् । यसको सारांश हो —आत्मदर्शीले सकल प्राणीमा र आँफूमा रहेको आत्मालाई अद्वैत (एउटै) देखेपछि फेरि अज्ञानावस्थामा झैं आँफूलाई कर्ता-भोक्ता मान्दैन, किन्तु प्रत्येक देह-इन्द्रियका प्राकृतिक चेष्टा-हरूमा पनि 'वस्तुतः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले केही पनि गरेको छैन' भन्ने 'मान्दछ। किनकि वास्तवमा देहइन्द्रियका चेष्टाहरू आँफूले इच्छा नगरे पनि स्वभावैले भैरहन्छन्, अझ नगरौं भने पनि हुँदैन (३-५-३३)—यसमा आँफूलाई कर्ता मान्नु फोस्रो घमण्ड मात्र हो ॥८॥९॥

कर्तापनाको अभिमान नभएपछि कर्महरू लिप्त हुँदैनन् भन्ने कुरा देखाएर अब कर्तापनाको अभिमान भएमा पनि कर्महरू लिप्त नहुने उपाय भन्नुहुन्छ—

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

अन्वयार्थः

यः	=	जो	करोति	=	गर्दछ
कर्माणि	=	कर्महरूलाई	सः	=	त्यो
ब्रह्मणि	=	ब्रह्ममा	अम्भसा	=	जलले
आधाय	=	समर्पण गरेर	पद्मपत्रम् इव	=	कमल पत्र झ
सङ्गम्	=	आसक्तिलाई	पापेन	=	पापले
त्यक्त्वा	=	त्यागेर	न लिप्यते	=	लिप्त हुँदैन

सरलार्थ

जो योगी कर्मलाई ब्रह्ममा समर्पण गरेर फलासक्ति त्यागेर गर्दछ त्यो योगी कमलपत्र जलले लिप्त नभए झैं पापले लिप्त हुँदैन ।

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

अन्वयार्थः

योगिनः	=	योगीहरू	मनसा	=	मनद्वारा
सङ्गम्	=	आसक्तिलाई	बुद्ध्या	=	बुद्धिद्वारा
त्यक्त्वा	=	त्यागेर	केवलैः	=	केवल
आत्मशुद्धये	=	चित्त शुद्धिका निम्ति	इन्द्रियैः अपि	=	इन्द्रियद्वारा पनि
			कर्म	=	कर्म
कायेन	=	शरीर द्वारा	कुर्वन्ति	=	गर्दछन्

१ यही ४—१८ को कर्ममा अकर्म देख्ने ज्ञानी हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

त्यस कारण कर्मयोगीहरू अनासक्त भएर केवल मन, बुद्धि तथा इन्द्रियद्वारा पनि चित्तशुद्धिका निम्ति कर्म गर्दछन् ।

तात्पर्य

सिद्धावस्थामा नपुगेका, अतएव कर्तापनाको अभिमान नछुटेका साधकका निम्ति पनि कर्मद्वारा लिप्त नहुने दुई उपाय छन्—समस्त कर्मलाई परमेश्वरमा अर्पण गर्नु पहिलो उपाय, प्रत्येक कर्मफलमा समत्वबुद्धि राखेर आसक्त नहुनु दोस्रो उपाय हो । यी दुईमा जुन्सुकै भाववाट पनि कर्म गर्दै रहनाले कमलपत्र जसरी जलमा लिप्त हुँदैन, त्यसैगरी कर्मयोगको पथिक योगी शुभाशुभ कर्मद्वारा लिप्त हुँदैन । वास्तवमा आसक्ति नै बन्धन हो, आसक्ति नभएपछि योगीका जति कायिक, वाचनिक तथा मानसिक कर्महरू हुन्छन, तो सबै प्रकृतिकै चेष्टारूप मात्र ठहरिन्छन, तिनको आत्मा या कर्ताका साथ केही पनि सम्बन्ध हुँदैन ॥ १०॥११॥

कर्तृत्व-अभिमान बराबर भए तापनि त्यही कर्मले कोही छुट्दछन्, कोही बाँधिन्छन्, यसको मुख्य कारण यो छ—

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥ १२ ॥

अन्वयार्थः

युक्तः	=	योगयुक्त पुरुष	अयुक्तः	=	योगहीन पुरुष
कर्मफलम्	=	कर्मफललाई	कामकारेण	=	कामवासनाले
त्यक्त्वा	=	त्यागेर	फले	=	फलमा
नैष्ठिकीम्	=	निष्ठामा भएको	सक्तः	=	आसक्त भएर
शान्तिम्	=	शान्तिलाई	निबध्यते	=	बाँधिन्छ
आप्नोति	=	पाउँदछ			

सरलार्थ

योगयुक्त परुष कर्मफललाई त्यागेर कर्मनिष्ठाका अन्तमा रहेको अर्थात्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मशुद्धि-परंपराप्राप्त आत्यन्तिक शान्तिलाई पाउँदछ, औ जो योगयुक्त छैन त्यो कामवासनाले फलमा आसक्त हुन्छ र बाँधिन्छ ।

तात्पर्य

समत्वबुद्धियोगरूपी कौशल कर्मको शिक्षा जसले पाएको छैन ती वासनाबद्ध पुरुषहरू चरा जालमा फँसे झैं कर्मबन्धनमा बाँधिन्छन् र नाना दुर्दशा भोग्दछन्; जस्तै तुलसीदासजीले भन्नुभए कोछ—सो माया वश भयउ गोसाईं, बधेंउ कीर मरकट-की नाईं । किन्तु योगयुक्त परुष समस्त कर्मलाई ब्रह्ममा अर्पण गरेर अथवा समत्व-बुद्धिका आश्रयले फलमा अनासक्त भएर यस निष्ठाको अन्तिम परिणाम मोक्षरूप शान्ति—जो ज्ञान-मार्गीहरूको अन्तिम प्राप्यवस्तु हो—लाई पाउँदछन् । दुवै मार्गको अन्तिम फल नैष्ठिक शान्ति नै हो ॥ १२ ॥

कर्मयोगको सिद्धावस्थाको स्थिति—

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

अन्वयार्थः

वशी	=	जितेन्द्रिय	पुरे	=	देहरूपी पुरमा
देही	=	देहवाला पुरुष	न एव कुर्वन्	=	केही पनि नगरी
मनसा	=	मनले	न एव कारयन्	=	केही पनि नगराई
सर्वकर्माणि	=	सम्पूर्ण कर्मलाई	सुखम्	=	सुखपूर्वक
संन्यस्य	=	त्यागेर	आस्ते	=	रहन्छ
नवद्वारे	=	नौ द्वार भएको			

सरलार्थ

जितेन्द्रिय पुरुष सम्पूर्ण कर्मलाई केवल मनले त्यागेर नौ ढोका भएको देह-नगरीमा आँफू पनि केही नगरी, अर्कालाई पनि केही नगराई सुखपूर्वक वसि-रहन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

कर्मनिष्ठाबाट सिद्धावस्थामा पुगेपछि ज्ञानद्वारा अद्वैत आत्माको अनुभव भइसकेको हुन्छ—जो ज्ञानमार्गीहरूलाई सर्वकर्मसंन्यासपूर्वक आत्मपरिशीलनद्वारा अन्तमा हुन्छ। यसैले यस अवस्थामा योगी आँफूलाई प्रकृतिका हरेक खेलबाट उदासीन र अकर्ता ठान्दछ। यस्तै साङ्ख्यमयी स्थिति पनि हुन्छ। जगत्-हितको चेष्टा पनि दुवैले गर्दछन्, भेद यत्ति हो कि—योगारूढ योगीले कर्तव्यसंस्कारद्वारा प्रेरित भएर लोकसंग्रहार्थ कर्म गर्दछ, ज्ञानारूढ ज्ञानीले ईश्वरेच्छाद्वारा प्रेरित भएर विश्वहितकर्म गर्दछ, यी कर्महरू गरेर कर्तापनाको अभिमान दुवैमा हुँदैन। दुई आँखा, दुई नाकका प्वाल, दुई कान औ मुख, यी माथिका र तलका पायु (गुदा) र उपस्थ (मुत्रेन्द्रिय) गरी जम्मा ९ छिद्र शरीररूपी नगरका नौ ढोका हुन्। शरीरमा जीवको सम्बन्ध वस्तुतः परदेशी मुसाफिरको र धर्मशालाको जत्तिकै छ भन्ने ध्वनि 'नवद्वारे पुरे' शब्दद्वारा निस्केको छ। जसरी धर्मशालाको अतिथिले धर्म शालालाई आफ्नू ठानेर त्यहाँ केही गर्न-गराउने गर्दैन, एवंप्रकार मुक्तात्मा पुरुष पनि नवद्वार भएको मानव-नगरीमा निश्चिन्त बसेर आँफूलाई कर्ता-कारायिता केहो पनि मान्दैन ॥१३॥

आत्माको निर्लिप्ततामा शास्त्रीय सिद्धान्त—

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

अन्वयार्थ

प्रभुः	=	परमेश्वर	सृजति	=	सृष्टि गर्नुहुन्छ
लोकस्य	=	प्राणीहरूको	तु	=	किन्तु
न कर्तृत्वम्	=	न कर्तापना	स्वभावः	=	प्रकृति
न कर्माणि	=	न कर्महरू	प्रवर्तते	=	बनाउँदछ
न कर्मफल-संयोगम्	=	न कर्मफलको सम्बन्ध			

सरलार्थ

परमात्मा प्राणीहरूको कर्तृत्व, कर्म तथा कर्मफलको संयोगलाई पनि बनाउनुहुन्न, किन्तु प्रकृति नै सबै बनाउँदछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

अन्वयार्थः

विभुः	=	परमात्मा	अज्ञानेन	=	अज्ञानले
कस्यचित्	=	कसैको	ज्ञानम्	=	ज्ञान
पापम्	=	पाप	आवृतम्	=	ढाकिएको छ
न आदत्ते	=	लिनुहुन्न	तेन	=	त्यसकारण
सुकृतम् एव च	=	पुण्यलाई पनि	जन्तवः	=	प्राणीहरू
न	=	लिनुहुन्न	मुह्यन्ति	=	मोह हुन्छन्

सरलार्थ

परमात्मा कसैको पाप पनि लिनुहुन्न, पुण्य पनि लिनुहुन्न, किन्तु जीवहरूको ज्ञान अज्ञानले छोपिएको छ, यसैले तिनीहरू मोहमा पर्दछन् अर्थात् ईश्वरले हाम्रो पाप हरण गर्नुहुन्छ, पुण्यलाई स्वीकार गर्नुहुन्छ भन्ने ठहऱ्याउँदछन् ।

तात्पर्य

वास्तवमा जीव ईश्वरकै अंश या ईश्वरै हुनाले जसरी ईश्वर वस्तुतः प्रकृतिका गुणकर्मदेखि स्वभावैले निर्लिप्त हुनुहुन्छ, त्यसैगरी जीव (सांख्यमतानुसार पुरुष) पनि प्रकृतिका कर्तापना, कर्म तथा कर्मफलदेखि निर्लिप्त छ । केवल प्रकृति नै सबैकुरा आँफैले गर्दछ र ईश्वरमा कर्ता र कर्मको, जीवमा कर्मफल सम्बन्धको समेत मिथ्या आरोप लगाउँदछ, जस्तै कोही धूर्तले आँफूले बदमासी गरेर बच्नको निम्ति निर्दोष र सरल व्यक्तिका उपर झुट्टा अभियोग लगाइदिन्छ । तर यो चालबाजीको सिकार बद्ध जीव मात्र हुन्छ, किनकि ऊ अज्ञानी छ । जीवलाई ज्ञान हुनासाथ प्रकृतिको यो धूर्तताको भण्डाफोर हुन्छ । अब वास्तविक स्थिति यस्तो भएपछि ईश्वर शरणागत पापीहरूको पापलाई हरण गर्नुहुन्छ तथा अर्पण गरेको पुण्यलाई स्वीकार गर्नुहुन्छ भन्ने कुरा पनि निराधारै ठहरिन्छ ; किनकि जीवले यथार्थमा केही पाप-पुण्य गरेको भए त्यसको लिने-दिने कुरा पनि युक्तिसङ्गत ठहर्ला ; किन्तु यो रहस्य भ्रान्तावस्थामा बुझिंदैन । यसैले अज्ञानी जीव प्रकृतिबाट भएका सबै कामहरूलाई आँफैले गरेको र ईश्वरले गराएको ठहऱ्याउँदछ[1] ।

१—जहाँसम्म ब्रह्मज्ञान भएको छैन त्यहाँसम्म सुख-दुःख तथा ज्ञानका कारण हुनाले पुण्य-पाप र ईश्वर सेवा अव्यर्थछन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी दुई श्लोकमा कापिल सांख्यमतानुसार पुरुष–(जीव)–को असङ्गता र प्रकृतिको कर्तृता देखाएर गीताका अनुसार यीदेखि परको [1]उत्तम पुरुषलाई 'प्रभु' र 'विभु' शब्दद्वारा सूचित गरेको छ ॥१४-१५॥

सबै अनादि अज्ञानले ढाकिएपछि मुक्त को हुन्छ ?

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

अन्वयार्थः

तु	=	किन्तु	तेषाम्	=	तिनीहरूको
येषाम्	=	जसको	तत्	=	त्यो
ज्ञानेन	=	ज्ञानले	ज्ञानम्	=	ज्ञानले
आत्मनः	=	आत्माको	परम्	=	परतत्त्वलाई
तत्	=	त्यो	आदित्यवत्	=	सूर्य झैं
अज्ञानम्	=	अज्ञान	प्रकाशयति	=	प्रकाश गर्दछ
नाशितम्	=	नाश भएको छ			

सरलार्थ

किन्तु जसको ज्ञानले आत्माको त्यो अज्ञान नाश भएको छ, तिनीहरूको त्यस ज्ञानले परमार्थ वस्तुलाई सूर्यले झैं प्रकाश गर्दछ ।

तात्पर्य

जसरी कुहिरो लागेको बेलामा हामीहरूका आँखा कुहिराले छोपिएका हुन्छन्, त्यस-बेला सूर्य उदाइरहेको भए तापनि हामी देख्नसक्तैनौं, यसैगरी अज्ञानरूपी कुहिराले हाम्रो ज्ञान-दृष्टि (ज्ञानरूपी आँखा) छोपिएका छन् , यसैले विभु परमात्मारूप सूर्य सर्वत्र प्रकाश भएर पनि देख्नसक्तैनौं । जुन् अवस्थामा कर्मयोगको अनुष्ठानद्वारा या ज्ञानका साधनहरूको अभ्यासद्वारा निर्मल चित्त भएका योगीलाई विभु परमात्माको तत्त्वज्ञान हुन्छ, त्यस बेला अज्ञानरूपी कुहिरो फाटेर जान्छ अनि सूर्य उदाएर जगत्मा सब वस्तुहरूको यथार्थ ज्ञान भए झैं तत्त्वज्ञानद्वारा परमात्माको वास्तविक रहस्यको यथार्थ ज्ञान हुन्छ । यही ज्ञान मुक्तिको साधन हो ॥१६॥

---

१. वस्तुतः जो साङ्ख्य दर्शनको असङ्ग पुरुष हो त्यही गीताको उत्तम पुरुष या परमात्मा हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्त को हुन्छ ?—

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

अन्वयार्थः

तद्बुद्धयः	=	त्यसैमा बुद्धिभएका	तत्परायणाः	=	त्यसैमा परायण
तदात्मानः	=	त्यसैमा मन लगाएका	ज्ञाननिर्धूतकल्मषाः	=	ज्ञानले पापहरू धोइएका
तन्निष्ठाः	=	त्यसैमा निष्ठाभएका	अपुनरावृतिम्	=	निर्वाण मोक्षलाई
			गच्छन्ति	=	पाउँदछन्

सरलार्थ

उक्त परमार्थ तत्त्वमै बुद्धि लगाएका, त्यसैमा मन लगाएका, त्यसैमा निष्ठा भएका, त्यसैमा परायण तथा ज्ञानले सम्पूर्ण पापहरू धोइएका फेरि संसारमा जन्मदैनन् ।

तात्पर्य

ज्ञान दुई प्रकारका छन्, परोक्ष र अपरोक्ष । केवल शास्त्र र आप्त पुरुषको वचनमा श्रद्धा राख्नाले उत्पन्न भएको ज्ञान परोक्ष कहिन्छ । जस्तै— स्वर्ग छ भन्ने ज्ञान । जुन्दिन स्वर्गमा पुग्दछ, त्यस दिन मात्रै स्वर्गको अपरोक्ष ज्ञान हुन्छ, तर "आँफू नमरी स्वर्गदेखिंदैन" भन्ने उखान प्रसिद्ध छ । अपरोक्ष ज्ञान पनि दुई प्रकारको छ । एउटा दृढ अपरोक्ष, अर्को अदृढ़ अपरोक्ष । दृढ अपरोक्ष ज्ञानमात्रै मुक्तिको साधन हुन्छ, अदृढ अपरोक्ष हुँदैन । जहाँसम्म ज्ञानका साधनहरूको बार-बार आवृत्ति र ज्ञाननिष्ठाको अभ्यास हुँदैन त्यहाँसम्म अपरोक्ष ज्ञान दृढ हुनसक्दैन ; यसले यस श्लोकमा भगवान्ले भन्नुभएको छ—परमार्थ तत्त्वमै मन-बुद्धि लगाएर त्यसैमा तत्पर भएर ज्ञानद्वारा सबै कालो (अज्ञान) पखालिएका योगीहरू मात्रै मुक्त हुन्छन् ॥१७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवन्मुक्तको लोकव्यवहार—

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

अन्वयार्थः

विद्याविनयसम्पन्ने	=	विद्या र नम्रताले युक्त	शुनि च	=	कुकुरमा
ब्राह्मणे	=	ब्राह्मणमा	श्वपाके एव च	=	तथा चाण्डालमा पनि
गवि	=	गाईमा	पण्डिताः	=	ज्ञानीहरू
हस्तिनि	=	हात्तीमा	समदर्शिनः	=	सम देख्ने हुन्छन्

सरलार्थ

पण्डित अर्थात् ज्ञानीहरूको दृष्टि विद्या र विनयले युक्त ब्राह्मण, गाई, हात्ती, कुकुर, तथा चाण्डाल आदि सबैमा सम हुन्छ ।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः ॥१९॥

अन्वयार्थः

येषाम्	=	जसको	हि	=	किनभने
मनः	=	मन	ब्रह्म	=	ब्रह्म
साम्ये	=	सम भावमा	निर्दोषम्	=	दोष रहित
स्थितम्	=	रहेको छ	समम्	=	सम छ
तैः	=	तिनीहरूले	तस्मात्	=	त्यसकारण
इह एव	=	यहीं	ते	=	तिनीहरू
सर्गः	=	सृष्टि	ब्रह्मणि	=	ब्रह्ममा
जितः	=	जिते	स्थिताः	=	रहेका छन्

सरलार्थ

जसको मन पूर्वोक्त सम भावमा स्थित छ, तिनीहरूले यही जीवित अवस्थामै संसारलाई जितेको ठहर्छ, किनकि ब्रह्म निर्दोष र सम छ, त्यसकारण ती ब्रह्ममा स्थित छन् अर्थात् ब्रह्मरूप छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यद्यपि संसारै विषम सृष्टि हो, त्यसकारण विश्वका कुनै पनि वस्तुहरू धेरै अंशमा परस्पर सादृश्य भए तापनि पूर्णांशमा कसैको पनि कसैसंग साम्यता हुँदैन, सबैको आँफ्नू २ एउटा मौलिक स्वतन्त्र भेद अवश्य हुन्छ; यसैले एउटै साँचामा ढालेका भाँडाहरूमा पनि केही न केही फरक पाइन्छ; तथापि अनन्त विषम पदार्थमा समरूपले रहेको एउटा यस्तो पनि तत्त्व छ, जो सानुभन्दा पनि सानु अणुदेखि लिएर विशाल पर्वतसम्म तथा भुसुनादेखि लिएर ब्रह्मासम्म एकरसले पूर्ण छ। जसरी सुवर्णका भिन्न-भिन्न गहनाहरूमा सुन एउटै हुन्छ, अथवा भिन्न-भिन्न हाँडी, गाग्रा, घ्याम्पाहरूमा माटो एउटै हुन्छ, त्यसैगरी भिन्न-भिन्न नामरूपमा पनि यो सम वस्तु एउटै छ। यसरी रहेर पनि जसरी पवित्र गङ्गाजलमा र मूत्र आदि अशुचि पदार्थमा प्रतिबिम्बित सूर्यमा त्यस २ वस्तुका गुणदोषको सम्बन्ध हुँदैन, त्यसैगरी उच्च-नीच उपाधिमा चिदाभासरूपले प्रतिबिम्बित ब्रह्ममा पनि त्यस-त्यस उपाधिका गुणदोषको सम्बन्ध हुँदैन। सबैमा समभावले रहेको हुनाले ब्रह्मको नाम 'सम' छ, यसैले सबैमा ब्रह्मलाई देख्ने समदर्शी कहिन्छ। यो हो आध्यात्मिक समता, जो स्वाभाविक र निर्दोष छ। भौतिक समता कृत्रिम हुनाको साथै सदोष पनि छ, किनकि सबैमा सम रहनु आत्माको स्वभाव हो, जति सम गराए पनि फेरि विषम अवस्थामा पुग्नु प्राकृतिक वस्तुहरूको नियम हो। आध्यात्मिक समता मिलेपछि अहिंसा, सत्य, अस्तेय, प्रेम, मैत्री, करुणा आदि उच्च कोटिका मानवीय गुणहरूको विकाश हुन्छ, जसले गर्दा मानव समाजलाई साँचो शान्ति मिल्दछ।

यदि यस श्लोकको अर्थ कदाचित् भौतिक (बाह्य) समता गर्ने हो भने आमा र पत्नीको भेद र विष्टा र मिष्टान्नको भेद पनि हराउनेछ र त्यस वेला मनुष्यको दशा पशुको भन्दा पनि गए-गुज्रेको हुनेछ। व्यवहारमा पनि कसैले ब्राह्मण, गाई, हात्ती, कुकुर आदिलाई एउटै आहारा दिंदैन। गाई र हात्तीलाई घाँस अवश्य दिनपर्दछ, किन्तु कुकुर र ब्राह्मणलाई पनि समता गर्नुपर्दछ भनेर घाँसै दिन-थाल्यो भने अथवा पशुलाई पनि मान्छेलाई झैं थालमा दालभात पस्केर दियो भने यस्तो समता गर्नेलाई कस्तै पामरले पनि ज्ञानी पण्डित नभनेर अविवेकी मूर्ख भन्नेछ। यस कारण भौतिक समता कृतिम हुनाको साथै अव्यावहारिक पनि छ। स्वाभाविक समताबाट भएको विश्व-भ्रातृ-भाव साँचो हुन्छ, कृत्रिम समताको आधारमा भएको भ्रातृभाव पनि कृत्रिम नै हुन्छ। अस्तु,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समताको विषयमा श्रीजगद्गुरु शंकराचार्यको एउटा रोचक घटना छ। श्री-शंकराचार्य सम्पूर्ण शास्त्र र योगविद्यामा पनि निष्णात भैसकेपछि गुरु गोविन्द पादले नर्मदा तटबाट धर्मप्रचारको निम्ति वाराणसी पठाउनुभयो। काशीमा आइ-पुगेपछि श्रीकाशीविश्वनाथले उहाँको योग्यताको जाँच गर्न चाण्डाँलको भेष लिएर गल्लीमा भेट गर्न जानुभयो। हातमा सडक बढार्ने कुचो र शरीरमा मलिन वस्त्र थिए, बाटो नछाडिकन छुनखोज्दा शंकराचार्यले 'जा-जाः' भन्नुभयो। यो सुनेर चाण्डालले भन्यो—

अन्नमयादन्नमयमथवा चैतन्यमेव चैतन्यात्।
द्विजवर दूरीकर्तुं वाञ्छसि किं ब्रूहि गच्छ गच्छेति॥

ए द्विजवर! तपाईं मलाई 'जा-जा' भनेर शरीरबाट शरीरलाई हटाउनचाहनु-हुन्छ कि चैतन्यबाट चैतन्यलाई?

पुनश्च—

किं गङ्गाम्बुनि बिम्बितेऽम्बरमणौ चाण्डालाबाटीपयः।
पुरे चान्तरमस्ति काञ्चनघटीमृत्कुम्भयोर्वाम्बरे।
प्रत्यग्वस्तुनि निस्तरंगसहजानन्दावबोधाम्बुधौ।
विप्रोऽयं श्वपचोऽयमित्यपि महान् कोऽयं विभेदभ्रमः॥

के गङ्गाजलमा प्रतिबिम्बित सूर्यमा र चाण्डालको बगैंचाको जलाशयमा प्रति-बिम्बित सूर्यमा भेद छ? अथवा सुनको कलशभित्र रहेको आकाशमा र माटाको गाग्रोभित्र रहेको आकाशमा भेद छ? सबैमा आत्मरूपले रहेको निर्विकल्प सहजा-नन्द ज्ञान-समुद्रमा यो ब्राह्मण, यो चाण्डाल भन्ने भेदभ्रान्ति कहाँबाट आयो?। चाण्डालका यस्ता उच्च कोटिका पाण्डित्यपूर्ण वचन सुनेर शंकराचार्य आश्चर्यमा पर्नुभयो र सबालअनुसारको जवाब दिनुहुन्छ—

जाग्रत्स्वप्नसुषुप्तिषु स्फुटतरा या संविदुज्जृम्भते।
या ब्रह्मादिपिपीलिकान्ततनुषु प्रोता जगत्साक्षिणी॥
सैवाहं न च दृश्यवस्त्विति दृढप्रज्ञापि यस्यास्तिचेत्।
चाण्डालोऽस्तु स तु द्विजोऽस्तु गुरुरित्येषा मनीषा मम॥

(मनीषा पञ्चक ३-४-५)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन् संवित्-(ज्ञानस्वरूप आत्मा)-ले जाग्रत्, स्वप्न, सुषुप्तिलाई प्रकाश गरेको छ औ जो जगत्साक्षीरूप आत्मामा ब्रह्मादेखि लिएर पिपीलिकासम्मका प्राणीहरू अनुस्यूत (सूत्रमा मणि झैं) छन् ; त्यही चैतन्यरूप ब्रह्म म हुँ, दृश्यमान् वस्तु होइन भन्ने दृढ प्रज्ञा जसलाई छ, त्यो चाहे चाण्डाल होस् चाहे ब्राह्मण, म उसलाई आफ्नू गुरु संझन्छु, यस्तो मेरो विचार छ, इत्यादि ५ श्लोकले आँफ्नू सिद्धान्त व्यक्त गरेपछि श्रीविश्वनाथले अन्त्यज भेषलाई त्यागेर प्रत्यक्ष दर्शन दिनुभयो ।

यस घटनात्मक दृष्टान्तबाट पनि बुझिन्छ कि—जुन् आत्मा चाण्डालमा छ, त्यही आत्मा ब्राह्मणमा पनि छ ; जाति, रूप, रंग केवल परिवर्तनशील प्रकृतिको बनावट मात्र हो । सबैमा एकरसले रहेको आत्मा सम छ, अविनाशी छ । यस्तो सम वस्तु ब्रह्मलाई जसले ज्ञानदृष्टिद्वारा देख्दछ, त्यही समदर्शी हो, त्यही पण्डित हो, त्यही विजयी हो ॥१८।१९॥

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥

अन्वयार्थः

स्थिरबुद्धिः	=	निश्चल बुद्धि भएको	प्रियम्	=	प्रियवस्तुलाई
			प्राप्य	=	पाएर
असंमूढः	=	मोहरहित	न प्रहृष्येत्	=	हर्षित नहोओस्
ब्रह्मणि	=	ब्रह्ममा	अप्रियम् च	=	तथा अप्रियलाई
स्थितः	=	रहेको	प्राप्य	=	पाएर
ब्रह्मविद्	=	ब्रह्मज्ञानी	न उद्विजेत्	=	व्याकुल नहोओस्

सरलार्थ

ब्रह्ममा निश्चल बुद्धि भएको, मोहरहित, ब्रह्मरूपमा विराजमान, ब्रह्मज्ञानी प्रिय वस्तुलाई पाएर हर्षले गद्-गद् हुँदैन औ अप्रिय वस्तुलाई पाएर पनि दुःखले दिक्क हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

साधारण मनुष्य संसारको धन-मान-सुख पाएपछि यसरी उन्मत्त हुन्छ कि—कसैलाई पनि गन्दै-गन्दैन, जथाभावी गर्न-थान्दछ। फेरि कारणवश धन-मान आदिको पतन भयो भने त्यसबेला तिनीहरूको बुद्धिको पनि यहाँसम्म पतन भएको हुन्छ कि—बिल्कुल नालायक ठहरिन्छन्। यसरी दुवै प्रकारबाट उनीहरू व्यवहारमा पनि निकम्मा हुन्छन्। किन्तु पूर्वोक्तसम तथा निर्दोष पदमा पुगेका ब्रह्मवेत्ता ज्ञानीगण प्रियाप्रिय आदि द्वन्द्वहरूमा स्वभावैले सम हुन्छन्, उनीहरूको बुद्धि आपत्ति र विपत्ति दुवै दशामा समुद्र झैं गम्भीर र एकरस हुन्छ। एवंप्रकार द्वन्द्वहरूमा स्वाभाविक समता आएपछि नै समत्वबुद्धिको पराकाष्ठा हुन्छ। जहाँसम्म ब्रह्मज्ञान हुँदैन त्यहाँसम्म साधकले द्वन्द्वहरूमा समभाव राख्ने कोसिस गर्नुपर्दछ भन्ने कुरा जनाउनलाई 'नोद्विजेत्', 'न प्रहृष्येत्' यहाँ विधिलिङ्-को प्रयोग गरेको छ ॥२०॥

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

अन्वयार्थः

बाह्यस्पर्शेषु	=	बाहिरका विषयमा	विन्दति	=	पाउँछ
असक्तात्मा	=	अनासक्तले	सः	=	त्यो
आत्मनि	=	आत्मामा	ब्रह्मयोगयुक्तात्मा	=	ब्रह्मयोगयुक्त पुरुष
यत्	=	जो	अक्षयम्	=	अविनाशी
सुखम्	=	सुख छ	सुखम्	=	सुखलाई
(तत्)	=	त्यसलाई	अश्नुते	=	भोग्दछ

सरलार्थ

जसको मन बाहिरका विषयहरूमा आसक्त छैन त्यसले आत्मामा रहेको सुखलाई पाउँदछ। त्यो ब्रह्मयुक्त पुरुषले अक्षय आनन्दको अनुभव गर्दछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यस श्लोकको आशय के भने—जहाँसम्म इन्द्रिय बहिर्मुख रहन्छन्, त्यहाँसम्म अन्तःसुख प्राप्त हुन दुर्लभ छ। जो महामुनि क्षणिक सीमाबद्ध सुखलाई लत्याएर असीम नित्यानन्द-सुखको लालसाले समस्त इन्द्रियका वृत्तिलाई अन्तर्मुख गराउँदछ, त्यसले आत्मामा रहेको अक्षय सुखलाई पाउँदछ। महाभारतमा लेखिएको छ—

यच्च कामसुखं लोके यच्च दिव्यं महत्सुखम्।
तृष्णाक्षयसुखस्यैते नार्हतः षोडशीं कलाम्॥

जो सुख पृथ्वीमा छ तथा जो सुख स्वर्गमा छ, त्यो सुख तृष्णा क्षय भएका विरक्त आत्माराम योगीको योगजन्य सुखको सोह्रौं हिस्सा पनि छैन। अतः सुखको इच्छा भएको परुषले क्षणिक नारकीय विषयसुखबाट चित्तलाई हटाउन योग्य छ॥२१॥

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते।
आद्यन्तवन्तः कौन्तेय! न तेषु रमते बुधः॥२२॥

अन्वयार्थः

हि	=	किनभने	आद्यन्तवन्तः	=	आदिअन्तवाला
ये	=	जो	दुःखयोनयः एव	=	दुःखका कारण मात्र छन्
संस्पर्शजाः	=	विषय र इन्द्रिय-संयोगजन्य	कौन्तेय!	=	हे अर्जुन!
			तेषु	=	ती विषयमा
भोगाः	=	भोगहरू छन्	बुधः	=	विवेकी
ते	=	ती	न रमते	=	रमाउँदैन

सरलार्थ

किनभने बाह्य विषयका साथ इन्द्रियको सम्बन्ध हुँदा जो सुखभोगहरू हुन्छन्, ती सब केवल दुःखका कारण मात्र छन् तथा उत्पन्न र नाश हुने हुनाले अनित्य छन्। त्यसकारण हे अर्जुन! विवेकी जन ती विषयमा आनन्द मान्दैनन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

मनुष्य जुन् विषयभोगलाई सुख मानेर त्यसमा आसक्त हुन्छ, अन्तमा त्यही त्यसलाई दुःखको कारण हुन्छ; यसैले भर्तृहरिले भन्नुभएको छ—'भोगे रोगभयम्' महर्षि पतञ्जलिको पनि वचन छ— परिणामतापसंस्कारदुःखैर्गुणवृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः (यो. द. सू. २-११)—सत्व, रज, तमका सुख, दुःख, मोहरूप वृत्तिहरू आपुस्मा विरुद्ध हुनाले र विषय भोगका साथ रहने परिणाम, ताप, संस्कार दुःखहरूले विवेकीहरूका निम्ति समस्त विषयभोग दुःखरूप छन्। सुख-दुःखहरू गुणका धर्म हुन्, गुणहरू निरन्तर परिवर्तन भइरहन्छन्, यसैले सुख र दुःख पनि चक्र झैं घुमिरहन्छन्। अतएव विषयसुखको उपभोग भएका बेलामा पनि भावी दुःखको बीज रहेकै हुन्छ, यस्तो सुख विवेकीका निम्ति दुःख-रूपै छ। विषयभोगको परिणाम रोग र शोक तथा अन्तमा वियोग शिवाय अरू केही छैन। विषयभोगकालमा पनि आफ्नू बराबर या बढ्ता अरूको सुखभोग देखेर मनमा ताप उत्पन्न हुन्छ; अघि सुख भोगेको संस्कारले पछि असमर्थ अव-स्थामा दुःख उत्पन्न गराउँछ—जस्तै बुढेस कालमा यौवनावस्थाको सुखलाई सम्झदा हुन्छ। इत्यादि कारणबाट पण्डित जनहरू विषयसुखलाई दुःखको कारण मानेर त्यसमा आसक्त हुँदैनन्। किनकि उनीहरू उत्पत्तिमान् र विनाशवान् वस्तु-बाट कसैलाई पनि स्थायी सुख-शान्ति मिल्दैन भन्ने कुरा राम्ररी जान्दछन् ॥२२॥

संसारमा सुखी को हो ? यसको उत्तर—

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात्।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

अन्वयार्थः

यः	=	जो	सोढुम्	=	सहन
शरीरविमोक्षणात्	=	शरीर छुट्नुभन्दा	शक्नोति	=	सक्दछ
प्राक्	=	पहिले	सः	=	त्यो
इहएव	=	यहाँ नै	नरः	=	मनुष्य
कामक्रोधोद्भवम्	=	काम र क्रोधबाट उत्पन्न भएको	युक्तः	=	योगी हो
			सः	=	त्यो
वेगम्	=	वेगलाई	सुखी	=	सुखी हो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जस्तै मुर्दा भएपछि काम र क्रोधको वेग रहँदैन, त्यस्तै जिउँदो छँदा पनि जसले काम र क्रोधको वेगलाई सहनसक्तछ, त्यही मनुष्य योगी हो, त्यही सुखी हो।

तात्पर्य

काम र क्रोध राग र द्वेषकै प्रतिरूप हुन्। राग-द्वेष शरीरका सम्बन्धबाट अन्तःकरणमा उत्पन्न हुन्छन्। यसैले प्राण निकलेपछि युवतीले आलिङ्गन गरे पनि मुर्दा कामासक्त हुँदैन, छोराहरूले चितामा लगेर पोल्दा पनि रिसाउँदैन। यदि जिउँदोमा पनि काम र क्रोधका विषयमा मुर्दा तुल्य हुनसक्यो भने वास्तवमा त्यही सुखी हो। किनकि विषयभोगका निमित्तबाट काम र क्रोधहरू उत्पन्न हुन्छन्, विषयभोग दुःखका कारण हुन्; त्यसकारण भोगतृष्णा नै दुःखको मूल हो, अनासक्ति नै सुखको मूल हो। जस्तै वर्षाका प्रचण्ड भेलले नदीका किनारमा रहेको रुखलाई जरै समेत पल्टाए र अर्कै बगरमा लगेर पछार्दछ, त्यस्तै विषय-चिन्तनरूपी वर्षाले उर्लेको काम र क्रोधरूपी नदीको वेगले कस्तै 'म हुँ' भन्नेलाई पनि दुःख-संकटका बगरमा लगेर पछार्दछ। किन्तु यस अवस्थामा पनि महामत्स्य-[तिमिङ्गल (ह्वेल) माछो]-ले नदीको वेगलाई सहे झैं धीर भएर-जसले काम र क्रोधको वेगलाई सहनसक्तछ, त्यही योगी हो, त्यही सुखी हो, अरू सब दुःखी नै हुन् ॥२३॥

अतएव बाह्य सुखको कामना त्यागेर अन्तःसुखको परिशीलन गर्नु नै निर्वाण-प्राप्तिको उपाय हो—

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

अन्वयार्थः

यः	=	जो योगी	अन्तर्ज्योतिः	=	आत्मप्रकाशले युक्त छ
अन्तःसुख	=	आत्मसुखलाई पाएको	स एव	=	त्यही
अन्तरारामः	=	आत्मामा रमण गर्ने	योगी	=	योगीले
			ब्रह्मभूतः	=	ब्रह्मरूप भएर
तथा	=	तथा	ब्रह्मनिर्वाणम्	=	निर्वाणब्रह्मलाई
यः	=	जो योगी	अधिगच्छति	=	पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जसले आत्मसुखलाई पाएको छ, रमण पनि आत्मामै गर्दछ तथा जसलाई प्रकाश पनि आत्मद्वारा नै मिलेको छ, त्यही योगीले स्वयं ब्रह्मरूप भएर निर्वाण-ब्रह्मलाई पाउँदछ ।

तात्पर्य

जो योगीको यावत् क्रीडा-विनोद आत्मामै छ, त्यस्ता आत्माराम योगीको ज्योति अर्थात् विज्ञान पनि आत्मविषयकै हुन्छ । समस्त वस्तु आत्मसत्तादेखि भिन्न नदेखिएकोले विषयमा भएको सुखलाई पनि आत्मसुखकै लेश मान्दछ । श्रुतिमा लेखिएको छ—'ब्रह्मविद्ब्रह्मैव भवति'—ब्रह्मलाई जान्ने ब्रह्मै हुन्छ । अतः आत्माराम योगीहरू ब्रह्ममा रमण गर्दागर्दै—पानीमा राखेको नून पानी नै भए झैं—अन्तमा ब्रह्ममा लय भएर ब्रह्मरूपै हुन्छन् ॥२४॥

मुक्तिका अव्यर्थ साधनहरू—

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

अन्वयार्थः

क्षीणकल्मषाः	=	पाप काटिएका	रताः	=	लागेका
छिन्नद्वैधाः	=	संशयरहित	ऋषयः	=	ऋषिहरू
यतात्मानः	=	एकाग्रचित्त	ब्रह्मनिर्वाणम्	=	निर्वाणब्रह्मलाई
सर्वभूतहिते	=	सम्पूर्ण प्राणीको हितमा	लभन्ते	=	पाउँदछन्

सरलार्थ

जसका सम्पूर्ण पापहरू काटिएका छन्, संशयहरू छिन्न भएका छन्, चित्त एकाग्र छ, तथा जो सम्पूर्ण प्राणीहरूको हितमा लागेका छन्, तिनले निर्वाणब्रह्म-लाई पाउँदछन् ।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कामक्रोधवियुक्तानाम्	=	काम र क्रोधदेखि रहित	यतीनाम्	=	योगीहरूको
यतचेतसाम्	=	चित्त वसमा भएका	अभितः	=	चारैतिर बाट
विदितात्मनाम्	=	आत्मालाई जानेका	ब्रह्मनिर्वाणम्	=	निर्वाण ब्रह्म
			वर्तते	=	रहन्छ

सरलार्थ

काम-क्रोधरहित, आत्मसंयमी तथा आत्मज्ञानी योगीलाई सर्वत्र ब्रह्मनिर्वाण-रूप मोक्षै-मोक्ष छ।

तात्पर्य

श्रुतिमा लेखिएको छ—'तपसा कल्मषं हन्ति'—तपस्याले पाप नाश हुन्छ। अतएव हृदयका कालुष्यहरू हटाउनको निम्ति तपस्याको आवश्यकता छ; किनकि कालुष्यले सूर्यको प्रकाशलाई बादलले छेके झैं आत्मप्रकाशलाई छेक्दछ। कालुष्य नै चित्त-मालिन्य हो, कालुष्य नहटी चित्त निर्मल हुँदैन। सन्देह आत्मज्ञानको प्रतिबन्धक हो, यसैले हृदयका सन्देहहरू नछुटी विमल ज्ञानको उदय हुनसक्दैन। जहाँसम्म चित्त चञ्चल रहन्छ, त्यहाँसम्म कुनै साधन पनि हस्तगत हुँदैनन्। यसैले साधकले एकाग्रचित्त हुनपर्दछ। यो सबै कुराहरू भएर पनि जहाँसम्म योगीलाई जगत्का समस्त जीवहरूमा आत्मस्वरूपको अनुभव भएर 'सर्वे भवन्तु सुखिनः' यस भावको क्रियात्मक जागृति हुँदैन त्यहाँसम्म आँफूलाई सर्वभूतनिवास वासुदेवका साथ एकात्मना स्थापित गर्नशक्तैन। त्यसकारण योगीले प्राणीहरूको हितका निम्ति अनेकौं सामाजिक कर्तव्यहरूलाई दत्तचित्त भएर अनाशक्तिपूर्वक गर्नुपर्दछ। योगारूढ भइसकेपछि भने 'जनसेवा' उसको नैसर्गिक गुण हुनजान्छ। यस्ता योगीले सर्वभूतहितका दृष्टिले देश-काल अनुसार जे-जे आचरण गर्दछन् तिनै [1]'शिष्टाचार हुनजान्छन्। धर्मशास्त्रमा 'आचारः परमो धर्मः' (मनु० १-१०८) भन्नाको तात्पर्य पनि यही हो; किनकि जसको सर्वत्र ब्रह्मदृष्टि छ उही साँचो धार्मिक, नीतिमान् र शिष्टपुरुष हो। अविनाशी ब्रह्म या आत्मा नै नित्य-नीति-धर्मको अक्षय आधार हुनसक्दछ, अरू बाह्य नियमका दुर्बल आधारमा खडा भएको नीति-नियमको पर्खाल

१ धार्मिक नियम या नीति।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुष्यको स्वाभाविक स्वार्थको एक धक्कामा भत्केर धराशायी हुन्छ, यसैले ती नियमहरू नीतिका ठीक आधार हुनसक्दैनन्। अस्तु, उक्त योगीको सर्वत्र ब्रह्मदृष्टि हुनाले उसले मरेर मुक्त हुनपर्दैन, किन्तु ऊ जिउँदै मुक्त हुन्छ ॥२५-२६॥

विना ध्यान ज्ञान हुँदैन, विना ज्ञान जीवन्मुक्त हुँदैन, त्यसकारण अब ध्यान-योगको स्थिति बताउनुहुन्छ—

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥
यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥

अन्वयार्थः

बाह्यान्	=	बाह्य	कृत्वा	=	गरेर
स्पर्शान्	=	विषयलाई	यः	=	जो
बहिः	=	बाहिर	यतेन्द्रियमनोबुद्धिः	=	इन्द्रिय, मन र बुद्धिलाई संयम गरेको
कृत्वा	=	गरर	मोक्षपरायणः	=	मोक्षमा तत्पर
चक्षुः च	=	नेत्रलाई पनि	विगतेच्छाभयक्रोधः	=	इच्छा-भय-क्रोध-देखि रहित
भ्रुवोः	=	दुई आँखिभौंको	मुनिः	=	मुनि हो
अन्तरे एव	=	बीचैमा	सः	=	त्यो
कृत्वा	=	गरेर	सदा	=	सधैं
नासाभ्यन्तर-चारिणौ	=	नाकभित्र चल्ने	मुक्त एव	=	मुक्त नै छ
प्राणापानौ	=	प्राण र अपानलाई			
समौ	=	बराबर			

सरलार्थ

बाह्य विषयबाट अलग भएर, आँखालाई दुई आँखिभौंका बीचमा अड्याएर, नाकभित्र चलने प्राण र अपान वायुलाई सम गरेर, इन्द्रिय-मन-बुद्धिलाई संयम गर्ने, इच्छा-भय-क्रोधबाट रहित भएको मोक्षमा तत्पर जो मुनि हो, त्यो सदा मुक्त नै छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

तत्त्वसाक्षात्कारका निम्ति ध्यानाभ्यास गर्दा हृदयमा विषयको भावना छ भने चित्त चञ्चल भएर बहिर्मुख हुन्छ, त्यसकारण विषयभावनालाई घरबाट कसिंगर फाले झैं हृदयबाट बाहिर निकाल्नुपर्दछ र अभ्यासकालमा नेत्रलाई अर्धनिमीलित गरेर दुई आँखिभौंका बीचमा राख्नुपर्दछ। किनकि नेत्र पूरा खुला रहे भने विक्षेपवृत्ति र बन्द भए भने निद्रावृत्ति उत्पन्न हुन्छ। प्राण र अपानका विषमताले नै प्रकृति-वैषम्य र चित्त-चाञ्चल्य बढ्दछ, त्यसकारण वायुलाई सम गर्नुपर्दछ। केवली कुम्भकद्वारा प्राण र अपान सम हुन्छन्, जो कुशल गुरुद्वारा जान्न योग्य छ। एवंप्रकार योगाभ्यासमा प्रयत्न गर्ने योगीका मन, इन्द्रिय तथा बुद्धि चाँडै वशमा हुन्छन्, अन्तरात्मा निर्वाण पदतिर अग्रसर हुन्छ, राग, भय तथा क्रोधादि वृत्तिहरू हृदयबाट निस्केर टाढा भाग्दछन्। यस्तो आत्माभिमुख योगी नित्यमुक्त हुन्छ, अर्थात् उसले मुक्ति खोजिरहनुपर्दैन, किन्तु, मुक्ति नै उसलाई खोज्दै आउँदछ ॥२७-२८॥

प्रकरणको उपसंहार—

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम्।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे कर्मसंन्यासयोगो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

अन्वयार्थः

यज्ञतपसाम्	=	यज्ञ र तपस्याको	सुहृदम्	=	परम मित्र
भोक्तारम्	=	भोगने	माम्	=	मलाई
सर्वलोकमहेश्वरम्	=	सम्पूर्ण लोकको महान् ईश्वर	ज्ञात्वा	=	जानेर
			शान्तिम्	=	शान्तिलाई
सर्वभूतानाम्	=	सम्पूर्ण प्राणीको	ऋच्छति	=	पाउँदछ

सरलार्थ

तत्त्वपरायण मुनिले सम्पूर्ण यज्ञ-तपस्याको भोक्ता, समस्त विश्वको महेश्वर, प्राणीमात्रको निस्वार्थी मित्र मलाई जानेपछि शान्तिलाई पाउँदछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

पूर्वोक्त रीतले योगाभ्यास गर्ने मननशील योगीलाई यस्तो अनुभव हुन्छ– परमेश्वर समस्त भूतवर्गमा क्षेत्रज्ञ (जीव) रूपले व्यापक हुनाले सम्पूर्ण यज्ञादिको भोक्ता, सबैका नियन्ता तथा सबैका आत्मरूप हुनाले प्राणीमात्रका साँचा-निस्वार्थी प्रेमी-मित्र रहेछन् । यस्ता प्रकारले समस्त पिण्ड र ब्रह्माण्डमा एक अद्वैत परमेश्वरलाई जानेपछि जीवलाई आत्यन्तिक शान्ति मिल्दछ । अर्जुनले कृष्णलाई यद्यपि जानेका थिए, तर एक पिण्ड (व्यक्ति) रूपमा, यसैले उनलाई साँचो शान्ति मिलेको थिएन । अब अगाडिको अध्यायमा बताइने योगको अभ्यास गरेपछि शान्तिको द्वार खुल्नेछ ॥२९॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये कर्मसंन्यास-योग
नाम गरेको पाँचौं अध्याय समाप्त भयो ॥५॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सत्

छैटौं अध्याय

यहाँसम्म यो कुरा सिद्ध भइसकेको छ कि--कर्म प्राणीका जीवनको अविभाज्य अङ्ग हो, त्यसको त्याग कुनै हालतमा पनि हुनसक्तैन (३-५-८)। किनभने साधकले कर्म आत्मकल्याण र जगत्को स्थितिका निम्ति अनासक्ति पूर्वक कर्तव्य मानेर गर्नुपर्दछ, सिद्धले उसलाई आत्मकल्याणको आवश्यकता नभए पनि लोकसंग्रह-द्वारा जगत्को स्थितिका निम्ति कर्तव्य ठानेर गर्नुपर्दछ। त्यसकारण व्यवहार क्षेत्रमा ज्ञानयोगका अपेक्षा कर्मयोग श्रेष्ठ छ। किन्तु यत्तिकैले कर्मयोगको लक्ष पूरा हुँदैन, किनकि जहाँसम्म मन र इन्द्रियको उच्छृङ्खल वृत्ति शान्त हुँदैनन्, त्यहाँसम्म समत्वयोग प्राप्त भएर योगारूढ हुन कठिन छ। विना संयम इन्द्रियको उच्छृङ्खलता छुट्दैन। अतः पूर्वाध्यायका अन्तिम तीन श्लोकद्वारा सूचित भएको आत्मसंयमयोगको विस्तारपूर्वक वर्णन यस अध्यायको प्रतिपाद्य विषय हो। वास्तवमा सातौं अध्यायदेखि ज्ञान-कर्म-मिश्रित उपासना काण्डको प्रारम्भ हुने हुनाले त्यसैको अरूणोदय जस्तो छैटौं अध्याय छ। अब सर्वप्रथम पूर्वाध्यायमा चलेको संन्यास विषयक प्रसङ्गलाई नै लिएर भगवान् अग्रसर हुनुहुन्छ—

श्री भगवानुवाच-

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	संन्यासी च	=	संन्यासी र
कर्मफलम्	=	कर्मफललाई	योगी च	=	योगी पनि हो
अनाश्रितः	=	आश्रय नगरेर	निरग्निः	=	अग्निरहित
कार्यम्	=	गर्नुपर्ने	न	=	होइन
कर्म	=	कर्म	अक्रियः च	=	क्रियारहित पनि
करोति	=	गर्दछ	न	=	होइन
सः	=	त्यो			

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ— जो कर्मफलको वास्ता नगरी केवल कर्तव्यपालनका विचारले कर्म गर्दछ, त्यो संन्यासी हो, त्यही योगी हो, केवल अग्निहोत्रादि कर्मलाई छोड्ने अथवा केही पनि नगरिकन जड जस्तो भएर बसिरहने साँचो संन्यासी अथवा योगी होइन ।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ! ।
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ॥२॥

अन्वयार्थः

पाण्डव !	=	हे अर्जुन !	विद्धि	=	जान
यम्	=	जसलाई	हि	=	किनभने
संन्यासम्	=	संन्यास	असंन्यस्तसङ्कल्पः	=	संकल्पत्याग नभएको
इति	=	यस्तो	कश्चन	=	कोही
प्राहुः	=	भन्दछन्	योगी	=	योगी
तम्	=	त्यसलाई	न भवति	=	हुँदैन
योगम्	=	योग			

सरलार्थ

हे अर्जुन ! विद्वान्हरू जसलाई संन्यास भन्दछन्, त्यसलाई तिमी योग जान किनकि सङ्कल्प (फलाकांक्षा) नत्यागिकन कोही योगी हुनसक्तैन ।

तात्पर्य

उपनिषद् (परमहंसपरिव्राजक) तथा धर्मशास्त्र-(मनु. ६–४१ देखि ८६सम्म)-मा संन्यासीले अग्निहोत्रादि कर्म, पञ्च महायज्ञ, सन्ध्यावन्दन तथा श्राद्ध-तर्पण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिलाई त्यागेर निरग्नि र निष्क्रिय होओस्, [1]सिद्ध अन्नको माधुकरी भिक्षा लिएर शरीरनिर्वाह गरोस्, घर-द्वार छोडेर ओडार या रुखमाँ बसोस्, अरू शास्त्रहरूलाई छोडेर केवल वेदान्तविचार गरोस्, संसारको व्यवहारदेखि उदासीन रहोस् ; इत्यादि भनेको छ। यस विषयमा गीताको सिद्धान्त यो छ कि– संन्यास भनेको त्याग हो, त्याग बुद्धिमा हुनपर्दछ, बाह्य क्रियामा होइन। पहिलेका जनकादिले राजमहलमा रहेर राज्य चलाएर पनि निष्काम हुनाल कर्मदेखि निर्लिप्त थिए। धन-जन-गृहहीन, भिक्षा मागेर पेट पाल्ने एउटा गरीब, संन्यासीभन्दा बढ्ता त्यागी भएर पनि कामनाहरूलाई त्याग्न नसकेकोले मुक्तात्मा संन्यासी मानिदैन ; किनकि आन्तरिक त्याग बिना बाह्य त्यागको महत्त्व केही पनि हुँदैन। त्यसकारण काम्य कर्मको त्याग या समस्त कर्मफलको त्याग संन्यास हो (१८-२), बाह्य कर्मलाई नत्यागेकन केवल तिनको फलमात्र त्याग्नु योग अर्थात् कर्मयोग हो। अतएव कामना नत्यागी बाह्य कर्म त्यागे तापनि साँचा संन्यासी नहुने र कर्म गरे तापनि कामना नत्यागी योगी (कर्मयोगी) नहुन भए पछि काम्यबुद्धि या फलाशा त्याग्नेवाला नै वास्तविक संन्यासी र योगी पनि ठहर्छ। यही गीताको निश्चित सिद्धान्त छ। ५–५ मा अन्तिम फलको एकताबाट ज्ञानयोग र कर्मयोगको एकता भएको थियो, ऐले फलाशात्यागको समानताबाट एकता भएको छ ॥१–२॥

साधन र साध्यावस्थाको कर्तव्य—

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

अन्वयार्थः

योगम्	=	योगमा	योगारूढस्य	=	योगमा चढिसकेको
आरुरुक्षोः	=	चढ्ने इच्छा भएको	तस्य एव	=	त्यसैको
मुनेः	=	मुनिको	शमः	=	मानसिक शान्ति
कर्म	=	कर्म	कारणम्	=	साधन
कारणम्	=	साधन	उच्यते	=	कहिन्छ
उच्यते	=	कहिन्छ			

१ पाकेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

योगमा आरूढ हुने इच्छा भएका मुनिका निम्ति निष्काम कर्म कारण छ, योगारूढ भइसकेपछि त्यसैका निम्ति मानसिक शान्ति कारण हुन्छ।

तात्पर्य

जहाँसम्म मनुष्यका हृदयमा विषयवासना रहन्छ, त्यहाँसम्म चित्त पानीको छाल झैं चञ्चल भइरहन्छ। यस अवस्थामा ध्यानयोगको स्थिति पाउन दुर्लभ छ। त्यसकारण चञ्चल चित्तको अनुकूल कर्म गर्न श्रेयष्कर हुन्छ। निष्काम कर्म गर्दागर्दै समस्त विषयवासना छुटेपाछि चित्त आँफै स्थिर हुन्छ। स्थिर चित्तमा विवेक-वैराग्यादि साधनहरूको उदय हुन्छ र साधक क्रमशः साम्य बुद्धिको दृढता भएपछि योगारूढ हुन्छ। जो योगी योगारूढ भइसकेको छ, उसलाई खास आपनो निम्ति कर्मको आवश्यकता छैन तापनि लोकसंग्रहका लागि कर्मगर्नु उसको कर्तव्य हुन्छ, यसका निम्ति निष्काम कर्मद्वारा प्राप्त मानसिक शान्ति कारण हुन्छ। यो भाव अगाडिका श्लोकबाट स्पष्ट बुझिन्छ ॥३॥

योगारूढको लक्षण—

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते।
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते ॥४॥

अन्वयार्थः

यदा हि	=	जुन् अवस्थामा	तदा	=	त्यसबेला
न इन्द्रियार्थेषु	=	न इन्द्रियका विषयमा	सर्वसंकल्पसंन्यासी	=	समस्त संकल्पलाई त्याग्ने
न कर्मसु	=	न कर्ममा	योगारूढः	=	योगारूढ
अनुसज्जते	=	आसक्त हुन्छ	उच्यते	=	कहिन्छ

सरलार्थ

जुन् अवस्थामा योगी न इन्द्रियका विषयमा, न फलाशाद्वारा कर्ममा आसक्त हुन्छ, त्यस दशामा संकल्परहित त्यो योगी योगारूढ कहिन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

पूर्व श्लोकमा जो योगारूढको शम कारण बताइएको थियो त्यही शम अर्थात् मानसिक-शान्तिको स्वरूप यसमा देखाएको छ। उक्त शमता प्राप्त भएपछि योगीलाई स्वभावैले इन्द्रियका अनुकूल-प्रतिकूल विषयमा राग-द्वेष, कर्मफलमा आसक्ति तथा सम्पूर्ण सङ्कल्पहरू स्वयं त्यागिन्छन्, योगी समत्वरूप बुद्धियोगको शिखरमा चढ्दछ। यही कर्मयोगद्वारा सिद्ध भएका योगीको अपूर्व योगारूढ स्थिति हो ॥४॥

योगारूढ भएपछि मात्रै साँचो आत्मोद्धार हुन्छ, यस विषयमा प्रेरणा—

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत्।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

अन्वयार्थः

आत्मना	=	आँफूले	आत्माएव	=	आँफू नै
आत्मानम्	=	आँफूलाई	आत्मनः	=	आँफ्नू
उद्धरेत्	=	उद्धार गरोस्	बन्धुः	=	बन्धु हो
आत्मानम्	=	आँफूलाइ	आत्मा एव	=	आँफू नै
न अवसादयेत्	=	अधःपतन नगरा-ओस्	आत्मनः	=	आँफ्नू
हि	=	किनभने	रिपुः	=	शत्रु हो

सरलार्थ

मनुष्यले आँफूलाई आँफैले उद्धार गर्नुपर्दछ, आफ्न अधोगति गराउनहुँदैन। किनकि वास्तवमा आफ्न शत्रु र मित्र आँफै हो।

कसरी आँफ्नू शत्रु पनि, मित्र पनि आफै हुन्छ ?—

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

येन	=	जसले	तु	=	किन्तु
आत्मना एव	=	आँफैले	अनात्मनः	=	नजितिएका आत्माको
आत्मा	=	आँफू			
जित	=	जितिएको छ	शत्रुत्वे	=	शत्रुभावमा
तस्य	=	त्यसको	आत्माएव	=	आँफू नै
आत्मा	=	आँफू	शत्रुवत्	=	शत्रुजस्तै
आत्मनः	=	आफ्नू	वर्तेत	=	रहला
बन्धुः	=	बन्धु हो			

सरलार्थ

जसले आँफूले आँफूलाई जितेको छ, त्यसको आँफै आफ्नू बन्धु हो। किन्तु जसले यस्तो गनसकेको छैन, त्यसको आत्माले त्यसलाई शत्रु जस्तै भएर मौकामा धोका दिन्छ।

तात्पर्य

भागवतमा उद्धवका प्रति कृष्णको वचन छ—

समुद्धरन्ति ह्यात्मानमात्मनैवाशुभाशयात्।
आत्मनो गुरुरात्मैव पुरुषस्य विशेषतः॥ (श्री भा० ११-७-१६)

कुशल व्यक्ति अशुभ वासनाबाट आँफूले आँफूलाई स्वयं बचाउँदछन्; किनकि विशेषगरेर मनुष्य आफ गुरू आँफै हुन्छ।

एवंप्रकार श्रीकृष्णले उद्धवलाई गीताकै प्रतिध्वनि सुनाउनु भएको हो। किनकि गीताको उपदेश महाभारतको युद्धकालमा भएको हो, त्यसको ३६ वर्ष पछि प्रभास क्षेत्रमा बैकुण्ठारोहण कालमा उद्धवलाई उपदेश दिनुभएको हो। यही आत्मोद्धारको विषयलाई लिएर अर्को ठाउँमा पनि भन्नुभएको छ—

नृदेहमाद्यं सुलभं सुदुर्लभम्,
प्लवं सुकल्पं गुरुकर्णधारम्।
मयानुकूलेन नभस्वतेरितं
पुमान्भवाब्धिं न तरेत्स आत्महा॥
(श्री भा० ११-२०-१७)

अन्यत्र पनि—

उद्धरेदात्मनात्मानं मग्नं संसारवारिधौ।
योगारूढत्वमासाद्य सम्यग्दर्शननिष्ठया॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यात्मालाई मात्र सुलभ भएको अन्यथा अति दुर्लभ यो मनुष्य-शरीर संसारसमुद्र तर्नलाई मानूँ सुदृढ नौका हो, जसमा गुरु [1]कर्णधार छन् तथा जो मेरो अनुकूलतारूपी हावाले प्रेरित छ। यस अवस्थामा जसले संसार-समुद्र तर्दैन, त्यो आत्मघाती हो, अर्थात् आफ्नू शत्रु आँफै हो।

संसारसागरमा डुबेको आत्मालाई यथार्थ दर्शनको निष्ठाद्वारा योगारूढ गराएर आँफैले उद्धार गरोस्।

तात्पर्य यो हो कि—जन्मतः कसैको पनि कोही शत्रु-मित्र हुँदैन, पछि आफ्नै भित्र रहेका राग र द्वेषहरू नै मित्र र शत्रुको रूपमा भावनानुसार फल दिन बाह्य जगत्मा खडा हुन्छन्, त्यसकारण वशीभूत-संयत विवेकी आत्मा नै बन्धु हो, अहित आचरणद्वारा कुमार्गमा लैजाने असंयमी आत्मा नै शत्रु हो, यसमा केही सन्देह छैन।

यी श्लोकबाट बुझिन्छ कि—प्रकृति जतिसुकै बलवान् भए पनि पुरुषका अगाडि उसको केही जोर चल्दैन औ आफ्नू उद्धारका निम्ति पुरुषलाई स्वतन्त्रता छ। किन्तु यस दशामा पनि जसले आत्मोद्धारको ख्याल नराखेर प्रमाद गर्दछ, बुझ्नु कि त्यसले शत्रुसँग गर्ने व्यवहार आँफूसँग गऱ्यो। अपशोच छ कि आफ्नू स्वार्थलाई पनि भ्रष्ट पार्ने यो जत्तिको मूर्ख को होला? किनकि आत्मोद्धार एक प्रकार को स्वार्थै हो, कमसे-कम आफ्नू स्वार्थ जसले सिद्ध गर्नजानेको छैन, त्यसले परार्थको तत्त्व कसरी बुझ्ला र गर्ला! ॥ ५-६ ॥

जसले आफ्नू आत्मालाई आफ्नू बन्धु गराएको छ, त्यही साँचो योगी हो। उसको आचरण यस्तो हुन्छ—

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

अन्वयार्थः

जितात्मनः	= मनलाई वश गरेको	शीतोष्णसुखदुःखेषु	= जाडो-गर्मी-सुख-दुःखमा
प्रशान्तस्य	= शान्तचित्त योगीको	तथा	= तथा
परम्-आत्मा	= शुद्ध-आत्मा	मानापमानयोः	= मान र अपमानमा
		समाहितः	= स्थिर हुन्छ

१. माँझी।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

आफ्नू अन्तःकरणलाई स्वाधीन गरेको शान्तचित्त योगीको शुद्ध-आत्मा शीत-उष्ण, मान-अपमान आदि द्वन्द्वभावमा सम रहन्छ ।

तात्पर्य

साधकले जहाँसम्म देह-संघातरूप आत्मालाई स्वाधीन गर्दैन, त्यहाँसम्म चित्तमा रागद्वेषहरू उम्रदै रहन्छन् । जहाँसम्म रागद्वेषहरू उम्रिरहन्छन्, त्यहाँसम्म शीत-उष्ण, सुख-दुःख तथा मान-अपमान आदि द्वन्द्वहरूले चित्तमा विषमता उत्पन्न गराउँदै रहन्छन् । अतएव विवेकबलले जितिएको आत्मा नै द्वन्द्वभावमा समभावले रहनसक्दछ । यसरी द्वन्द्वभावदेखि पर रहेको आत्मा नै परमात्मा हो, आत्मादेखि भिन्न कुनै तटस्थ परमात्मा छैन [गी. ९–२० तथा १३–२] । यही कुरा महाभारत शान्ति पर्वमा अझ स्पष्ट लेखिएको छ—

आत्मा क्षेत्रज्ञ इत्युक्तः संयुक्तः प्राकृतैर्गुणैः ।
तैरेव तु विनिर्मुक्तः परमात्मेत्युदाहृतः ॥

प्रकृतिका गुण सुख-दुःखादि द्वन्द्वले युक्त भएको आत्मा क्षेत्रज्ञ कहिन्छ, यी गुणदेखि मुक्त भएपछि त्यही परमात्मा कहिन्छ । अतः भगवान्‌लाई भेटाउनको निम्ति आफ्नू चित्त शुद्ध नपारी हजारौं कोश दौडनु व्यर्थ छ ॥ ७ ॥

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

अन्वयार्थः

ज्ञानविज्ञानतृप्तात्मा	=	ज्ञान र विज्ञानले आत्मा तृप्तभएको	योगी	=	योगी
कूटस्थः	=	निर्विकार	युक्तः	=	योगारूढ
विजितेन्द्रियः	=	इन्द्रियलाई जितेको	इति	=	यस्तो
समलोष्टाश्मकाञ्चनः	=	माटो र लाईबराबर देख्ने	उच्यते	=	कहिन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

ज्ञान र विज्ञानले तृप्त, विषय नगीच पर्दा पनि मनमा विकार उत्पन्न नहुने, इन्द्रियलाई जितेको तथा माटो-ढुङ्गा-सुनलाई सम देख्ने युक्त अर्थात् योगारूढ कहिन्छ ।

तात्पर्य

शास्त्रको सिद्धान्तलाई बुझ्नु ज्ञान हो, त्यसलाई प्रयोगद्वारा अनुभव गर्नु विज्ञान कहिन्छ । कर्मयोगद्वारा क्रमशः उन्नति पाएका योगारूढ सिद्धयोगी दुवै ज्ञानले सम्पन्न हुन्छन् । किनकि सैद्धान्तिक या प्रयोगात्मक मात्र भएको ज्ञान अधुरो हुन्छ । जसको अन्तरात्मा विक्षेपरूपी वायुले कम्पित हुँदैन, ज्ञानविज्ञानले तृप्त छ, उनका दृष्टिमा माटो-ढुङ्गो-सुन बराबर देखिन्छ । वास्तवमा भौतिक दृष्टिले हेर्दा फरक पनि छन, फरक गराएको केवल मनुष्यको स्वार्थ र व्यवहारले मात्र हो । योगीको उक्त दृष्टि अचेतन अर्थविषयमा समताको पराकाष्ठा हो, चेतन पदार्थका विषयमा समताको अन्तिम सीमा अगाडिको श्लोकमा देखाइएको छ ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

अन्वयार्थः

सुहृत्	=	हितैषी	बन्धुषु	=	बन्धुहरू
मित्रम्	=	मित्र	साधुषु च	=	सज्जनहरू र
अरिः	=	शत्रु	पापेषु अपि	=	पापीहरूमा पनि
उदासीनः	=	उदासीन	समबुद्धिः	=	सम बुद्धिभएको
मध्यस्थः	=	तटस्थ	विशिष्यते	=	श्रेष्ठ हुन्छ
द्वेष्यः	=	द्वेषी			

सरलार्थ

सुहृत्, मित्र, शत्रु, उदासीन, मध्यस्थ, द्वेषी, बन्धु, सज्जन तथा पापी यो सबमा समबुद्धि भएको योगी उत्तम कोटिको योगीराज हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

पूर्वोक्त आर्थिक समताका साथसाथै योगारूढ योगीको बुद्धिमा मनुष्यमात्रमा वैयक्तिक समता उत्पन्न हुन्छ। जुन् विशाल सम बुद्धिमा शत्रु-मित्र र आफन्त-पराई आदि यावत् व्यक्तिगत विषम भावहरू समुद्रमा नदीहरू लय भए झैं लय हुन्छन्। यस्तो सम बुद्धि प्राप्त भएको योगीमा कुनै व्यावहारिक विषमताको प्रभाव पर्दैन, केवल साधारण जनमा मात्र त्यसको प्रभाव पर्दछ। अतः सर्वत्र साँचो सम दृष्टि भएको अभ्रान्त योगी योगीहरूमा शिरोमणि योगीराज कहिन्छ। गी. ५-१८ मा यस्तैलाई पण्डित भनेको छ। जहाँसम्म योगीका बुद्धिमा साँचो स्थायी समत्व उत्पन्न हुँदैन, त्यहाँसम्म ऊ अनेकौं योगक्रियाहरू गरेर या अनेकौं धारणा-ध्यान-समाधि लगाएर पनि साँचो योगीराज हुँदैन; यही गीताको सिद्धान्त छ ॥९॥

पूर्वोक्त समबुद्धि, आत्मदर्शन नभई स्थायी र स्वाभाविक हुँदैन, आत्मदर्शनको अन्तरङ्ग साधन ध्यानयोग हो। अतः यहाँदेखि ३१ सम्म अङ्गसहित ध्यानयोगको विवेचन भएको छ—

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

अन्वयार्थः

यतचित्तात्मा	=	चित्त र आत्मालाई संयम गरेको	रहसि	=	एकान्तमा
निराशीः	=	तृष्णारहित	स्थितः	=	बसेर
अपरिग्रहः	=	सङ्ग्रहरहित	सततम्	=	निरन्तर
योगी	=	योगीले	आत्मानम्	=	आँफूलाई
एकाकी	=	एक्लै	युञ्जीत	=	योगाभ्यासमा लगाओस्

सरलार्थ

योगीले पहिले सम्पूर्ण परिग्रहलाई त्यागेर एक्लै एकान्तमा गएर बसोस् अनि शरीर र मनलाई वश गरेर तृष्णा पन्छाएर आँफूलाई अखण्ड योगाभ्यासमा लगाओस्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जनसमुदायमा रहनाले चित्त विक्षिप्त हुन्छ, सहरमा या गाउँमा रहनाले पनि त्यहाँको दूषित वातावरणले चित्त मलिन हुन्छ, अतएव योगाभ्यासीले एक्लै एकान्तमा बस्नुपर्दछ। लिने-दिने सम्बन्ध राख्नाले पनि विक्षेप बढ्दछ, त्यसकारण अपरिग्रह हुनपर्दछ। जहाँसम्म शरीर वशमा हुँदैन, त्यहाँसम्म योगारूढमा उन्नति पाउन कठिन छ। यसैले पहिले स्थूल अनि सूक्ष्म [1]संघातलाई जितेर क्षिप्त, मूढ, विक्षिप्त यी तीन चित्तभूमीलाई छोडेर एकाग्रभूमीमा मनलाई लगेर अनिक्रमशः निरोधभूमीमा चढाउनपर्दछ ॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

अन्वयार्थः

शुचौ	=	पवित्र	तत्र	=	त्यसमा
देशे	=	स्थानमा	उपविश्य	=	बसेर
स्थिरम्	=	निश्चल	मनः	=	मनलाई
न अति उच्छ्रितम्	=	न अति अग्लो	एकाग्रम्	=	एकाग्र
न अति नीचम्	=	न अति होचो	कृत्वा	=	गरेर
चैलाजिनकुशोत्तरम्	=	कुश-मृगचर्म-वस्त्र उत्तर-उत्तरमा भएको	यतचित्तेन्द्रियक्रियः	=	चित्त र इन्द्रियका क्रियालाई रोकेर
आत्मनः	=	आफ्नू	आत्मविसुद्धये	=	चित्तशुद्धिकानिम्ति
आसनम्	=	आसन	योगम्	=	योगलाई
प्रतिष्ठाप्य	=	ओच्छ्याएर	युञ्जीत	=	अभ्यास गरोस्

सरलार्थ

कुनै पवित्र स्थानमा गएर न धेरै अग्लो, न धेरै होचो, नहल्लने, पहिले कुशा-

---

१ शरीर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन, त्यसमाथि मृगचर्म, मृगचर्ममाथि वस्त्र राखेको खास आफ्नू आसन ओ-च्छ्याएर त्यसमा बसी, मनलाई एकाग्र पारी, चित्त र इन्द्रियका क्रियालाई रोकेर अन्तरात्मालाई शुद्ध पार्नको निम्ति योगाभ्यास गरोस् ।

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

अन्वयार्थः

कायशिरोग्रीवम्	=	शरीर-शिर-गर्दन-लाई	अनवलोकयन्	=	नहेरिकन
समम्	=	सोझो	प्रशान्तात्मा	=	शान्तचित्त
अचलम्	=	निश्चल	विगतभीः	=	निर्भय
धारयन्	=	राखेर	ब्रह्मचारिव्रते	=	ब्रह्मचारी व्रतमा
स्थिरः	=	स्थिर भएर	स्थितः	=	रहेको
स्वम्	=	आफ्नू	मनः	=	मनलाई
नासिकाग्रम्	=	नाकको अग्रभाग-लाई	संयम्य	=	रोकेर
संप्रेक्ष्य	=	हेरेर	मच्चित्तः	=	ममा चित्त लगाएर
दिशः च	=	औ दिशाहरूलाई	मत्परः	=	ममा परायणभएर
			युक्तः	=	योगयुक्त भएर
			आसीत	=	रहोस्

सरलार्थ

शरीर, शिर र गर्धनलाई सोझो तथा निश्चल राखेर, आसनमा स्थिर भएर कुनै दिशातिर दृष्टि नदिइकन केवल नासाग्रदृष्टि गरेर प्रशान्तचित्त, निर्भय तथा ब्रह्मचारीव्रतमा स्थित भएको व्यक्ति मनलाई अरू विषयबाट हटाएर ममा लगाओस् औ ममा परायण र योगयुक्त भएर रहोस् ।

तात्पर्य

योगाभ्यासको निम्ति शुद्ध वातावरण भएको पवित्र स्थान चाहिन्छ, किनकि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपवित्र वातावरणमा मन स्वच्छ रहनसक्तैन; यसैले योगाभ्यासीहरू नदीतटमा या गिरिगुहाहरूमा रहन्छन्। योगाभ्यासीले एक्लै एकान्तमा रहनुपर्दछ भन्ने कुरा गत पूर्व श्लोकमाटै थाहा भएको छ। आसनमा सबैभन्दा तल कुश, त्यसमाथि मृग चर्म, मृगचर्ममाथि कोमल वस्त्र हुनपर्दछ। यी सबै चिजहरू योगीको चित्तनिरोधमा सहायक हुन्छन्। आसनमा बसेर योगाभ्यास गर्दा पिठ्युँ, टाउको र गर्धनलाई सोझो–ठाडो रेखामा ठड्याएर राख्नुपर्दछ, नत्र योगक्रियाहरू उचित रीतिबाट हुन-पाउँदैनन्; किनकि मूलाधारदेखि तालुसम्म गएको मेरुदण्ड सोझो नभई हठयोगका क्रिया–कुण्डलिनीजागरण, षट्चक्रभेदन तथा अन्यान्य सुषुम्ना नाडीका क्रियाहरू र राजयोगका मनोनिरोधमा सहायक क्रियाहरू पनि हुनसक्दैनन्। योगीले दुवै नेत्रलाई दुई आँखिभौंका बीचमा आधा चिम्लेर राख्नुपर्दछ। यस अवस्थामा अर्धनिमीलित दृष्टि बाहिर रहे तापनि लक्ष्य भित्रै हुन्छ। उपनिषद्मा यसलाई वैष्णवी मुद्रा भनेको छ—

अन्तर्लक्ष्यबहिर्दृष्टिर्निमेषोन्मेषवर्जिता।
सा एषा वैष्णवी मुद्रा सर्वतन्त्रेषु गोपिता॥
(शाण्डिल्योपनिषद् १४)

निमेष-(चिम्लनु)-उन्मेष-(खोल्नु)-रहित दृष्टिलाई बाहिर राखेर लक्ष्य भित्र राख्नु सर्वतन्त्रमा गुप्त वैष्णवी मुद्रा हो। [1]अरू ठाउँमा यसैलाई शांभवी मुद्रा पनि भनेको छ। यम-नियम र शम-दमादि साधनले सम्पन्न योगीको योगाभ्यासको लक्ष्य भगवत्तत्त्व या आत्मतत्त्वसाक्षात्कार नै हुनपर्दछ, नत्र यो सबै योगक्रिया फोस्रो व्यायाम मात्र हुन्छ। यही अभिप्रायले श्लोकमा 'मच्चित्त' र 'मत्पर' शब्द आएका छन्॥ ११—१४॥

योगाभ्यासको फल—

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति॥१५॥

---

१ मण्डल ब्राह्मणोपनिषद् २-३।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

एवम्	=	यस्ता प्रकारले	निर्वाणपरमाम्	=	अन्तमा निर्वाण मुक्तिभएको
सदा	=	निरन्तर			
आत्मानम्	=	आँफूलाई	मत्संस्थाम्	=	मेरोस्वरूपमा रहेको
युञ्जन्	=	योगमा लगाएर			
नियतमानसः	=	निरुद्धचित्त	शान्तिम्	=	शान्तिलाई
योगी	=	योगीले	अधिगच्छति	=	पाउँदछ

सरलार्थ

एवम् प्रकार निरन्तर योगाभ्यासले संयतचित्त भएको योगीले जसको अन्तमा मुक्ति छ, यस्तो मेरो स्वरूपमा रहेको शान्तिलाई पाउँछ ।

तात्पर्य

समस्त विषयाकार वृत्तिलाई निरोध गरेर केवल ब्रह्माकार वृत्तिको अभ्यास गर्दागर्दै अन्तमा वृत्तिमात्र निरुद्ध भएपछि योगीले आनन्दमय ब्रह्मको अनन्त आनन्द तथा अनन्त शान्तिलाई पाउँदछ, अर्थात् चित्तका एकाग्र भूमिमा गरेको संप्रज्ञात समाधिको अभ्यासकुशलताले निरोध भूमिमा पुगेपछि असंप्रज्ञात समाधिलाई पाउँदछ—जसलाई योगशास्त्रमा 'धर्ममेघ' भनेकोछ । यो पनि तत्त्वज्ञानद्वारा मात्रै कैवल्य मुक्तिको कारण हुनाले 'मत्संस्थाम्' शब्दले उपनिषत्प्रतिपाद्य कैवल्य मुक्ति देखाएको छ ॥१५॥

योगाभ्यासका सहकारी साधनहरू—

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ! ॥१६॥

अन्वयार्थः

तु	=	किन्तु	अनश्नतः च	=	नखानेको पनि
अर्जुन !	=	हे अर्जुन !	न	=	हुँदैन
अति अश्नतः	=	ज्यादा खानेको	अतिस्वप्नशीलस्य च	=	ज्यादा सुत्नेको पनि
योगः	=	योग			
न अस्ति	=	सिद्ध हुँदैन	न	=	हुँदैन
एकान्तम्	=	बिल्कुल	जाग्रत एव च	=	जागी रहनेको पनि
			न	=	हुँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

अन्वयार्थः

युक्ताहारविहारस्य	=	नियमित आहार-विहार गर्ने	योगः	=	योग
कर्मसु	=	कर्ममा	दुःखहा	=	दुःखलाई नाश-गर्ने
युक्तचेष्टस्य	=	नियमित चेष्टा गर्ने			
युक्तस्वप्नावबोधस्य	=	नियमित समयमा सुत्ने र जाग्नेको	भवति	=	हुन्छ

सरलार्थ

हे अर्जुन ! जो आवश्यकभन्दा बढ्ता खान्छ या खाँदैखाँदैन, त्यसको योग सिद्ध हुँदैन । एवंप्रकार प्रयोजनभन्दा ज्यादा सुत्ने र एकदम् जागा रहनेको पनि योग सिद्ध हुँदैन । किन्तु नियमित रूपले आहार-विहार गर्ने, परिमित रूपले काम-काज गर्ने तथा ठीक २ समयमा सुत्ने र उठ्नेको योग दुःखनाशक हुन्छ अर्थात् सिद्ध हुन्छ ।

तात्पर्य

अधिक आहारा गर्नाले या निराहार रहनाले तथा ज्यादा सुत्नाले या जागा रहनाले प्रकृतिविरुद्ध भएर योगसिद्धिमा बाधा पर्दछ । त्यकारण योगीले युक्ताहार-बिहार अवश्य हुनपर्दछ । भगवान्‌ले यहाँ योगाभ्यासका प्रसङ्गमा स्वास्थ्यको मूल सिद्धान्त बताउनुभएको छ । अतएव प्रकृतिको अनुकूल आहार-विहार केवल योगाभ्यासीका निम्ति मात्र हितकर होइनन् , किन्तु प्राणीमात्रका निम्ति हुन् । वैद्य-शास्त्रमा लेखेको छ—'पथ्ये सति गदार्तस्य किमौषधनिसेवणैः'—रोगीले पथ्यमा रहे-पछि औषधिसेवन गर्ने आवश्यक छैन । त्यसकारण ठूला २ कार्य सिद्ध गर्ने विचार भएका व्यक्तिको आहार-विहार नियमित हुनपर्दछ, अन्यथा शारीरिक विघ्नले कार्यमा बाधा पर्नजान्छ ॥१७॥

योगयुक्तावस्थाको लक्षण—

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहःसर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यदा	=	जब	सर्वकामेभ्यः	=	सम्पूर्ण कामनाबाट
विनियतम्	=	विशेष निरुद्ध	निस्पृहः	=	तृष्णारहित योगी
चित्तम्	=	चित्त	युक्तः	=	योगयुक्त
आत्मनि एव	=	आत्मामा मात्र			
अवतिष्ठते	=	स्थिर हुन्छ	इति	=	यस्तो
तदा	=	त्यसबेला	उच्यते	=	कहिन्छ

सरलार्थ

जुन्बेला विशेष रूपले निरुद्ध भएको योगीको चित्त बाह्य विषयबाट हटेर आत्मामै निश्चल हुन्छ, त्यसबेला समस्त विषयबाट निस्पृह भएको योगी युक्त अर्थात् योगारूढ कहिन्छ ।

योगयुक्त चित्तको उपमा—

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

अन्वयार्थः

यथा	=	जस्तै	आत्मनः	=	आत्मसम्बन्धी
निवातस्थः	=	हावा नभएका ठाउँमा रहेको	योगम्	=	योगलाई
			युञ्जतः	=	अभ्यासगर्ने
दीपः	=	बत्ती	योगिनः	=	योगीको
न इङ्गते	=	हल्लँदैन	यतचित्तस्य	=	निरुद्ध भएका चित्तको
सा	=	त्यो			
उपमा	=	दृष्टान्त	स्मृता	=	कहिएको छ

सरलार्थ

जस्तै हावा नभएका ठाउँमा राखेको दीपशिखा चञ्चल हुँदैन, त्यही उपमा योगाभ्यास गर्ने योगीको निश्चल चित्तको हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

इन्द्रियका विषयहरू नै सर्वसाधारण मनुष्यको चित्तलाई चञ्चल गराएर आत्मपथबाट वञ्चित गराउँदछन् । किन्तु जुन् अवस्थामा योगीले देखिएका, सुनिएका समस्त विषयभोगबाट दोषदृष्टिद्वारा चित्तलाई फर्काएर आत्मामै लगाउँदछ, त्यसको चित्त पुनः विषयपथमा जाँदैन, आत्मामै निश्चल भएर अड्दछ । यस्तो योगीको चित्तको तुलना निर्वात स्थलमा रहेको दीपशिखाको साथ हुन्छ । यही युक्त अर्थात् योगारूढ अवस्था हो ॥९॥

समाधि अवस्थाको स्वरूप—

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

अन्वयार्थः

यत्र	=	जुन् अवस्थामा	आत्मना	=	आँफूले
योगसेवया	=	योगाभ्यासले	आत्मानम्	=	आँफूलाई
निरुद्धम्	=	रोकिएको	पश्यन्	=	देखेर
चित्तम्	=	चित्त	आत्मनि एव	=	आत्मामै
उपरमते	=	उपराम हुन्छ	तुष्यति	=	सन्तुष्ट हुन्छ
यत्र च	=	औ जुन् अवस्थामा			

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥

अन्वयार्थः

यत्र	=	जुन् अवस्थामा	आत्यन्तिकम्	=	अनन्त
स्थितः	=	रहेको	सुखम्	=	सुख हो
अयम्	=	योगीले	तत्	=	त्यसलाई
यत्	=	जो	वेत्ति	=	जान्दछ
बुद्धिग्राह्यम्	=	बुद्धिद्वारा जान्नयोग्य	(तदा)	=	त्यसवेला
अतीन्द्रियम्	=	इन्द्रियले नजानिने	तत्त्वतः	=	स्वरूपबाट
			न च एव चलति	=	कत्ति चल्दैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः।
यस्मिंस्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

अन्वयार्थः

यम्	=	जसलाई	न मन्यते	=	मान्दैन
लब्ध्वा	=	पाएर	यस्मिन् च	=	औ जसमा
अपरम्	=	अर्को	स्थितः	=	रहेको योगी
लाभम्	=	लाभ	गुरुणा	=	ठूलो
ततः	=	त्यसभन्दा	दुःखेन अपि	=	दुःखले पनि
अधिकम्	=	बढ्ता	न विचाल्यते	=	विचलित गराइँदैन

तं विद्याद्दुःखसंयोगवियोगं योगसंज्ञितम्।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

अन्वयार्थः

तम्	=	त्यो	योगः	=	योग
दुःखसंयोग-वियोगम्	=	दुःखसंयोगको वियोगलाई	अनिर्विण्णचेतसा	=	अव्याकुल चित्त-द्वारा
योगसंज्ञितम्	=	'योग' नामभएको	निश्चयेन	=	निश्चयले
विद्यात्	=	जानोस्	योक्तव्यः	=	अभ्यास गर्न योग्य छ
सः	=	त्यो			

सरलार्थ

जुन् अवस्थामा योगाभ्यासले [1]सुसंयत भएको योगीको चित्त विषयवासना-बाट छुट्दछ, योगी शुद्ध चित्तद्वारा आत्मालाई जानेर आत्मामै सन्तुष्ट हुन्छ, इन्द्रियले नजानिने केवल बुद्धिगम्य निरतिशय सुखको अनुभव गर्दछ, स्वरूप-स्थितिबाट बिल्कुल चल्दैन, जसलाई पाएर योगी त्यसभन्दा ठूलो लाभ अर्को मान्दैन तथा जुन् अवस्थामा कस्तै कठिन दुःखले पनि विचलित हुँदैन, त्यस अवस्थालाई दुःखका संबन्धले रहित 'योग' नाम गरेको स्थिति भन्दछन्। यस योगको अनुष्ठान नआत्तिइकन धैर्यपूर्वक शान्त चित्तले निश्चय पूर्वक गर्नुपर्दछ।

---

१ राम्ररी वश भएको।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

योगाभ्यासको कुशलता बढ्दै गएपछि योगीको चित्तवृत्ति निरिन्धन अग्नि (दाउरा जलिसकेको आगो) जस्तै भएर शान्त हुन्छ। यही वृत्तिरहित विशुद्धान्तःकरणद्वारा आत्मानुभव हुने अवस्थालाई 'योग' भन्दछन्, यसैलाई विरोधी लक्षणाबाट 'वियोग' पनि भनेको छ। किनकि यस अवस्थामा समस्त दुःखहरूको वियोग हुन्छ। अर्थतः 'वियोग' भएर पनि 'योग' नामले प्रसिद्ध हुनु यही यसको एउटा अद्भूत चमत्कार छ। यस अवस्थामा योगीले असीम नित्यानन्द सुखलाई पाएको हुन्छ, यसैले उसलाई आत्मसुखका अपेक्षा क्षणिक सुखकारक पार्थिव भोगहरूको लाभ तुच्छ हुन्छ। समाधिसुखको वर्णन वाणीबाट हुन सक्दैन, किनकि त्यो सुख अतीन्द्रिय छ औ केवल बुद्धिगम्य छ। उपनिषद्मा लेखिएको छ—

समाधिनिर्धूतमलस्य चेतसो
निवेशितस्यात्मनि यत्सुखं भवेत्।
न शक्यते वर्णयितुं तदा गिरा
स्वयं तदन्तःकरणेन गृह्यते॥
(मैत्रा० १-३४-भवसं० ३-३१)

समाधिद्वारा निर्मल तथा आत्मामा लवलीन अन्तःकरणमा जो निरवधि नित्यानन्दको अनुभव हुन्छ, त्यसको वर्णन शब्दद्वारा हुन असंभव छ। योगी केवल अन्तःकरणका भित्री तहमा नै त्यो अनुपम, असीम, अक्षय आनन्दको उपभोग या अनुभव गर्नसक्दछ। यही योगयुक्त पुरुषको उत्तमा स्थिति हो। यसमा अधिकारी धीर, साहसी, उत्साही तथा अथक परिश्रम गर्ने मात्रै हुनसक्दछ। साधकका मनमा यस्तो धारणा हुनपर्दछ कि—'शरीरं पातयामि कार्यं साधयामि'। जस्तो समुद्र सुकाउने प्रयत्नमा हुटिट्याउँ सफल भएको थियो त्यस्तै धीर, साहसी साधक चित्तनिग्रहमा सफल हुन्छ। पञ्चतन्त्रमा टिट्टिभोपाख्यान (हुटिट्याउँको कथा) छ। यही आख्यायिका मनमा लिएर चित्तनिरोधका विषयमा गौडपादाचार्यजीले पनि भन्नुभएको छ—

उत्सेक उदधेर्यद्वत्कुशाग्रेणैकबिन्दुना।
मनसो निग्रहस्तद्वद्भवेदपरिखेदतः॥ (मा० का० ३-४१)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुशका टुप्पा जस्ता चुचाले समुद्र सुकाउनको निम्ति एक-एक जलविन्दु उठाए झैं खेदरहित भएर मनोनिरोधरूपी परम धममा संलग्न योगीका उपर ईश्वरका अनुग्रहद्वारा गरुडका सहायताले हुटिटचाउँले समुद्र सुकाए झैं अभ्यासपरायण व्यक्तिको योग कालान्तरमा सिद्ध हुन्छ ॥२०-२१-२२-२३॥

कस्ता प्रकारले योगाभ्यास गर्नु, यसको उत्तर—

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥
शनैः शनैरुपरमेद्बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

अन्वयार्थः

सङ्कल्पप्रभवान्	=	संकल्पद्वारा उत्पन्न	धृतिगृहीतया	=	धैर्ययुक्त
सर्वान्	=	सम्पूर्ण	बुद्ध्या	=	बुद्धिले
कामान्	=	कामनाहरूलाई	शनैः शनैः	=	सुस्त-सुस्त
अशेषतः	=	निःशेषरूपले	उपरमेत्	=	उपराम गराओस्
मनसा एव	=	मनैले	मनः	=	मनलाई
त्यक्त्वा	=	त्यागेर	आत्मसंस्थम्	=	आत्मामा स्थित
इन्द्रियग्रामम्	=	इन्द्रियसमूहलाई	कृत्वा	=	गरेर
समन्ततः	=	चारैतिरबाट	किञ्चित् अपि	=	केही पनि
विनियम्य	=	रोकेर	न चिन्तयेत्	=	चिन्तन नगरोस्

सरलार्थ

योगाभ्यासी पुरुषले पहिले मानसिक सङ्कल्प-विकल्पद्वारा उत्पन्न सम्पूर्ण कामनाहरूलाई मनैबाट त्यागेर इन्द्रियहरूलाई चारैतिरबाट रोकोस् र धैर्ययुक्त भएका बुद्धिले अलि २ गरेर मनलाई बाह्य विषयबाट फर्काओस् औ आत्मामा लगेर अड्याओस्, त्यहाँपछि केही पनि चिन्तन नगरोस् ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

चञ्चलम्	=	चञ्चल	एतत्	=	यसलाई
अस्थिरम्	=	अस्थिर	नियम्य	=	रोकेर
मनः	=	मन	आत्मनि एव	=	आत्मामा नै
यतः यतः	=	जहाँ २ बाट	वशम्	=	वश
निश्चरति	=	निक्लन्छ	नयेत्	=	गरोस्
ततः ततः	=	त्यहीं २ बाट			

सरलार्थ

एवंप्रकार चित्तलाई एकाग्र पार्नको निम्ति चञ्चल तथा अस्थिर मन जहाँ २ जान्छ त्यहाँ २ बाट फर्काएर त्यसलाई आफ्नू अधीनमा गराओस् ।

तात्पर्य

गत ११-१२-१३-१४ श्लोकमा प्रायः समाधिका बाह्य साधनहरू वर्णन भएका थिए, यहाँ केवल आन्तरिक साधनहरूको वर्णन भएको छ। समाधिको अन्तिम लक्ष्य आत्मतत्त्वसाक्षात्कार हो ; त्यसकारण योगीले क्रियायोगका साथसाथै ज्ञानका साधन शम-दम-उपरति आदिको पनि पर्याप्त अभ्यास गर्नुपर्दछ। यसैले यहाँ सङ्कल्पत्याग , इन्द्रियनिरोध तथा उपराम बताइएका छन् । उपरामकालमा बुद्धिलाई धैर्यको पनि सहायता चाहिन्छ, अनि मात्र वृत्तिउपराम स्थायी हुन्छ, नत्र हुँदैन। किनकि विचारद्वारा राम्रोनराम्रो थाहा भए पनि जहाँसम्म धैर्य छैन, त्यहाँसम्म त्यसमा अडिएर बस्न सक्दैन। धैर्य पनि सात्त्विक, राजस, तामस तीन प्रकारका छन्। जुन् यौगिक धृत्तिद्वारा मन, प्राण तथा इन्द्रियका उच्छृङ्खल वृत्तिहरू रोकिन्छन् , त्यसैलाई सात्त्विक धृति भन्दछन् (१८-३३)। यसमा उपयोगी यही सात्त्विक धृति हो। यसैका सहयोगबाट बुद्धि चित्तलाई उपराम गराउन सफल हुन्छ। उपराम कालमा पूर्व भूमिका बलले उत्तर भूमिमा चढ्नुपर्दछ। भूमिकाको क्रम कठोपनिषद्मा लेखिएको छ—

यच्छेद्वाङ्मनसि प्राज्ञस्तद्यच्छेज्ज्ञानमात्मनि ।
ज्ञानमात्मनि महति नियच्छेत्तद्यच्छेच्छान्तमात्मनि ॥ (३-१३)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाणीलाई मनमा, मनलाई व्यष्टि अहङ्कारमा, व्यष्टि अहङ्कारलाई समष्टि अहङ्कारमा, समष्टि अहङ्कारलाई अव्यक्तमा, अव्यक्तलाई शान्त-आत्मामा संयम गर्नुपर्दछ। शान्त आत्मामा पुगेपछि वृत्ति-उपराम-क्रिया समाप्त हुन्छ। किनकि शान्त आत्मा सबको अन्तिम काष्ठा हो। श्रुतिमा लेखिएको छ—पुरुषान्नपरं किञ्चित्सा काष्ठा सा परागतिः' (कठ० १-३-११)—पुरुषदेखि पर केही छैन, त्यो परा-काष्ठा तथा परागति हो। यसैले श्लोकमा मनलाई आत्मामा स्थिर गराएपछि केही पनि चिन्तन नगर्नु भनेको छ। यसभन्दा पहिले वृत्ति-उपरामकालमा विक्षेप, लय, कषाय तथा रसास्वाद यी ४ विघ्नहरू उपस्थित हुन्छन्। चित्त विषयतिर दौडिरहनु 'विक्षेप' हो, विक्षेपलाई हटाएपछि निद्रावृत्ति उत्पन्न हुन्छ, निद्रा 'लय' हो। विक्षेपलाई पन्छाएर लयबाट जाग्रत गराएपछि पनि चित्तमा रागद्वेषको सूक्ष्म अंश हुनाले आत्मातिर प्रवाहित नभएर कठोर भएको चित्तको अवस्था 'सकषाय' हो। यस कषायलाई मार्जन गरेपछि निर्मल चित्तमा सविकल्प आनन्द खडा हुन्छ, यसैलाई 'रसास्वाद' भनेको छ। यदि योगी यसैमा भुल्यो भने त्यसले निर्विकल्प समाधि—जो योगको अन्तिम साध्य हो—बाट वञ्चित हुनपर्छ। अतः जहाँ २ चित्त विक्षिप्त भएर जान्छ, त्यहाँ २ बाट दोषदृष्टि र मिथ्यात्व-बुद्धिले फर्काएर तथा शमन गरेर लयबाट चित्तसंबोधन क्रियाद्वारा जगाएर, कषायलाई तत्त्वभावनाले संशोधन गरेर, सुखास्वादनलाई त्यागेर, उक्त चित्तलाई समभा लगेर स्थापन गर्नुपर्छ। लय-विक्षेपादिबाट छुटेर निश्चल दीपशिखा झैं स्थिर एवं विषयाभासहीन भएको चित्त ब्रह्मरूप हुन्छ (माण्डुक्य कारिका ३।४२–४६) यही निर्विकल्प समाधि हो। यस्तो योगमा प्रमाणीभूत श्रुति छ—

यदा पञ्चावतिष्ठन्ते ज्ञानानि मनसा सह।
बुद्धिश्च न विचेष्टते तमाहुः परमां गतिम्॥

तां योगमिति मन्यन्ते स्थिरामिन्द्रियधारणाम्।
अप्रमत्तस्तदा भवति योगो हि प्रभवाप्ययौ॥

(कठो. ६।११–१२)

जुन् अवस्थामा पाँचै ज्ञानेन्द्रिय आफ्ना २ विषयबाट हटेर केवल मनः-स्वरूप भएर रहन्छन्, बुद्धि पनि चेष्टारहित हुन्छ, त्यसै अवस्थालाई योगी-हरू परम गति भन्दछन्, तथा पूर्वोक्त विघ्नद्वारा अकम्प्य इन्द्रिय-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन-बुद्धिको निश्चल अवस्थालाई नै 'योग' भनेर मान्दछन् । योगारम्भ-कालमा चित्तनिरोधको निम्ति अति सावधान र प्रयत्नशील हुनपर्दछ । किनकि योग पुरुषप्रयत्नजन्य हुनाले आगमापायी छ । 'योगश्चित्तवृत्तिनिरोधः' योगदर्शनको यो सूत्र यही श्रुतिमूलक हो ॥ २४-२५-२६ ॥

निर्विकल्प समाधिको परिणाम—

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

अन्वयार्थः

प्रशान्तमनसम्	=	चित्तशान्त भएको	योगिनं हि	=	योगीलाई नै
शान्तरजसम्	=	रजोगुण रहित	उत्तमम्	=	उत्तम
अकल्मषम्	=	निष्पाप	सुखम्	=	सुख
ब्रह्मभूतम्	=	ब्रह्मरूपभएको	उपैति	=	प्राप्त हुन्छ
एनम्	=	यो			

सरलार्थ

एवं प्रकार शान्तचित्त, रजोगुणरहित निष्पाप तथा ब्रह्मरूप भइसकेका योगीलाई नै उत्तम सुख मिल्दछ ।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

अन्वयार्थः

विगतकल्मषः	=	पापरहित	ब्रह्मसंस्पर्शम्	=	ब्रह्मको अनुभव-रूप
योगी	=	योगीले	अत्यन्तम्	=	अत्यन्त
एवम्	=	यस्ता प्रकारले	सुखम्	=	आनन्दलाई
सदा	=	निरन्तर	सुखेन	=	सुखपूर्वक
आत्मानम्	=	आँफूलाई	अश्नुते	=	भोग्दछ
युञ्जन्	=	योगमा लगाएर			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अन्तःकरणको कल्मष-(पाप)-बाट मुक्त भएको योगीले पूर्वोक्त प्रकारले निरन्तर आँफूलाई अर्थात् मनलाई योगाभ्यासमा लगाएपछि ब्रह्मानुभवजन्य आत्यन्तिक आनन्दको अनुभव सजिलै सँग गर्दछ ।

तात्पर्य

वास्तवमा चित्तका कल्मषहरू नै समाधिका विघ्नहरू हुन्, यी सबै प्रयत्नशील योगीका योगाभ्यासद्वारा हटेपछि अन्तमा चित्त वृत्तिरहित भएर शान्त आत्मामा गएर स्वयं पनि शान्त हुन्छ। यही चित्तको शान्तावस्था नै निर्विकल्प स्थिति हो, यसैलाई श्लोकमा 'ब्रह्मसंस्पर्श' भनेको छ। यस अवस्थामा योगीलाई जो सुख हुन्छ त्यो निर्विषय, अनुपम तथा वर्णनातीत छ। किनकि निर्विकल्पावस्थामा भोक्ता, भोग्य तथा भोग तीनोटै सुखरूप ब्रह्मदेखि भिन्न हुँदैनन्। किन्तु योगाभ्यासका साथसाथै वेदान्तको श्रवण-मनन छैन भने वृत्तिहरू निरुद्ध भएर निर्विकल्प समाधि भए तापनि त्यसबाट तत्त्वसाक्षात्कार हुँदैन, जड समाधि हुन्छ जस्तो मूर्च्छाक औषधि (क्लोरोफार्म) सुँघाउँदाखेरि हुन्छ। यसैले [1]उपनिषद्-(बृ० २-४-५)-मा श्रवण, मनन तथा निदिध्यासन क्रमशः बताइएका छन्। वस्तुतः श्रवण-मननद्वारा जुन वस्तुको परोक्षरूपले निश्चय हुन्छ, त्यही वस्तुलाई अपरोक्षगर्नको निम्ति समाधि हो।

जस्तै—

निरोधलाभे पुंसोऽन्तरसङ्गं वस्तु शिष्यते।
पुनः पुनर्वासितेऽस्मिन् वाक्याज्जायेत तत्त्वधीः ॥
(पञ्चद० ९-१२०)

निरोधसमाधि प्राप्त भएपछि पुरुषका भित्र असङ्ग वस्तु बाँकि रहन्छ औ त्यसैमा बार २ भावना बढाउँदै गएपछि वेदान्तवाक्यद्वारा तत्त्वज्ञान उत्पन्न हुन्छ।

निर्विकारासङ्गनित्यस्वप्रकाशैकपूर्णताः।
बुद्धौ झटिति शास्त्रोक्ता आरोहन्त्यविवादतः ॥ (पञ्चद ९-१२०)

---

१. आत्मा वा अरे श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्विकार, असङ्ग, नित्य, स्वप्रकाश, एक, तथा पूर्णता आदि शास्त्रमा बताइएका गुणहरू बुद्धिमा सहसा निर्विवाद जम्नजान्छन् ।

वस्तुतः गीतामा समाधियोग बताउनाको तात्पर्य पनि योगी सदा समाधि मात्र लगाएर सबै कर्मदेखि एकदम् उपराम होओस् भनेर होइन, किन्तु समाधि-योगद्वारा आत्मा, परमात्मालाई चिनेर त्यही किसिमको लोकसंग्रह कर्म गरोस् भनेर हो । यसैले समाधिको वर्णन गरिसकेपछि अगाडिका ४ श्लोकमा आत्मा-लाई एकरूपले चिनेका श्रेष्ठ योगीको उन्नत विचार तथा लोकव्यवहार बताइ-एको छ ॥२७-२८॥

'त्वम्' पदार्थको निरूपण अर्थात् आत्मदर्शनको व्याख्या—

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

अन्वयार्थः

सर्वत्र	=	सबैमा	सर्वभूतस्थम्	=	समस्तभूतमा रहेको
समदर्शनः	=	सम देख्ने	सर्वभूतानि च	=	तथा समस्त भूतलाई
योगयुक्तात्मा	=	योगयुक्त योगी	आत्मनि	=	आँफूमा रहेको
आत्मानम्	=	आँफूलाई	ईक्षते	=	देख्दछ

सरलार्थ

सर्वत्र सम दृष्टि भएको योगी आँफूलाई समस्त भूतमा, समस्त भूतलाई आँ-फूमा रहेको देख्दछ ।

तात्पर्य

योगदर्शनको सूत्र छ—निर्विचारवैशारद्ये अध्यात्मप्रसादः(१-४६)—देश, काल, धर्मादिरहित, केवल धर्मी मात्र भएको सूक्ष्म अर्थको जुन् सविकल्प समाधि-मा भान हुन्छ, त्यसलाई 'निर्विचार समाधि' भन्दछन् । यसको निर्मलता भएपछि चित्त पञ्चक्लेशका वासनाले रहित भएर [1]स्थितिप्रवाहको योग्य हुन्छ, अनि सत्य वस्तुलाई यथार्थ अनुभव गर्ने 'ऋतम्भरा' नाम गरेको प्रज्ञा प्रकट हुन्छ ।

१ एकै ठाउँमा अडिइरहनु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो प्रज्ञा—श्रुतानुमानप्रज्ञाभ्यामन्यविषयाविशेषार्थत्वात्' (१-४८)—शास्त्र र अनुमानद्वारा उत्पन्न प्रज्ञाभन्दा बेग्लै किसिमको छ। किनकि यस प्रज्ञाद्वारा छेकिएका, टाढाका तथा अति सूक्ष्म वस्तुहरूको ज्ञान आँखाको साम्ने प्रत्यक्ष देखेजस्तैगरी हुन्छ। अतएव योगयुक्तात्मा योगी अलौकिक योगज प्रत्यक्षद्वारा आफ्नू आत्मालाई समस्त चराचरका भूतवर्गमा एकरसले परिपूर्ण रहेको व्यापक देख्दछ तथा समस्त भूतवर्गलाई आफ्नू आत्मामा रहेको देख्दछ अर्थात् आत्माको जस्तो वास्तविक स्थिति हो, त्यसलाई यौगिक दृष्टिले यथार्थ देख्दछ—जसको वास्तविक स्वरूप चर्मचक्षुद्वारा देखिंदैन। यस श्लोकको मूल ईशावास्य श्रुति हो।

जस्तै—

यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति ।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥
(ई० ६)

जो सम्पूर्ण भूतहरूलाई आत्मामा, आत्मालाई सम्पूर्ण भूतमा देख्दछ, यस्तो अभेद ज्ञान भएपछि कसैलाई पनि घृणा गर्दैन। ठीक हो, किनभने घृणा आँफूलाई जाति,कुल, धन, रूप तथा विविध गुण आदिद्वारा उत्कृष्ट र अरूलाई यिनको अभावमा निकृष्ट देख्नाले हुन्छ, किन्तु जुन् अवस्थामा योगीलाई आत्माको वास्तविकता र उक्त गुणहरूको आत्माका साथ असम्बन्ध योगदृष्टिद्वारा प्रत्यक्ष हुन्छ, त्यस दशामा घृणा कसरी हुनसक्ला ? अरूको घृणा गर्नु त उसले आँफ्नै घृणा ठहऱ्याउनेछ। यसरी पातञ्जलोक्त क्रियायोगको ज्ञानयोगका साथ सामञ्जस्य हुन्छ ॥२९॥

'तत्' पदार्थको निरूपण अर्थात् परमात्मदर्शनको व्याख्या—

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

अन्वयार्थः

यः	=	जो	सर्वत्र	=	सबैमा
माम्	=	मलाई	पश्यति	=	देख्दछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वं च	=	औ सबैलाई	न प्रणश्यामि	=	अदृश्य हुन्न
मयि	=	ममा	स च	=	त्यो पनि
पश्यति	=	देख्दछ	मे	=	मेरो
तस्य	=	त्यसको	न प्रणश्यति	=	अदृश्य हुँदैन
अहम्	=	म			

सरलार्थ

जो योगी मलाई समस्त भूतवर्गमा तथा समस्त भूतवर्गलाई ममा देख्दछ, त्यसदेखि म अप्रत्यक्ष छैन, मदेखि पनि त्यो अदृश्य छैन ।

तात्पर्य

योगज प्रत्यक्षद्वारा सूक्ष्म, व्यवहित (छेकिएका) तथा विप्रकृष्ट (टाढा रहेका) वस्तुहरूको पनि ज्ञान सहजै प्रत्यक्षरूपले हुने हुनाले प्रकृतिभन्दा पर र सूक्ष्म तथा अज्ञान दशामा अनेकौं ब्रह्माण्डले छेकिएको भए तापनि ब्रह्मतत्त्वको ज्ञान योगीलाई करामलकवत् (हातमा लिएको अमला जस्तै) हुन्छ । अतएव योगीले परमेश्वरलाई समस्त जगत्मा यस्तो देख्दछ--जस्तो अनेकौं गहनाहरूमा सुन । फेरि जगत्लाई पनि परमेश्वरमा यस्तो देख्दछ कि जस्तो तन्तुमा पट । अर्थात् जस्तै कपडा भन्ने वस्तु विचार गरेर हेर्दा धागाको ताना र बानादेखि केही छैन, त्यस्तै ब्रह्मदृष्टिले हेर्दा परमेश्वरदेखि जगत् भिन्न छैन । एवं प्रकार लब्धप्रज्ञ योगीका दृष्टिमा सदा सर्वत्र प्रभु विराजमान हुनुहुन्छ अर्थात् उसले जता हेरे पनि परमात्मा नै देख्दछ । एवंप्रकार त्यो योगी पनि परमेश्वरको दृष्टिपथबाट कहिल्यौं वियुक्त हुँदैन, सधैं नजरका साम्ने रहन्छ । भगवान्ले भन्नुभएकै छ—ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्' (४–१)

यद्यपि ब्रह्मको अपरोक्ष ज्ञान आत्माका साथ अभेद ज्ञान भएपछि मात्रै हुन्छ, तथापि अलौकिक योगज प्रत्यक्षद्वारा केवल ब्रह्मको पनि ज्ञान हुन केही आश्चर्य र असंभव छैन ॥ ३० ॥

जीव र ईश्वरको एकता—

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	सः	=	त्यो
सर्वभूतस्थितम्	=	सकलभूतमा रहेको	योगी	=	योगी
माम्	=	मलाई	सर्वथा	=	सबै प्रकारले
एकत्वम्	=	अभेद रूपले	वर्तमानः अपि	=	वर्तिरहे पनि
आस्थितः	=	निश्चय गरेर	मयि	=	ममा
भजति	=	भज्दछ	वर्तते	=	रहन्छ

सरलार्थ

सम्पूर्ण भूतमा व्याप्त भएर रहेको मलाई जो एकात्मबुद्धिले भज्दछ त्यो सबै व्यवहार गरेर पनि मैमा रहन्छ ।

तात्पर्य

वस्तुतः सकल प्राणीमा रहेको आत्मा नै परमात्मा हो, परमात्मा एउटै छ । पिण्ड २ मा भिन्न २ भान हुनु केवल अज्ञान हो । ज्ञानद्वारा अज्ञान नष्ट भएपछि अद्वैतदर्शी योगीलाई आत्मादेखि अभिन्न अखण्ड ब्रह्मसत्ताको भान हुन्छ । जसरी अनेकौं घटमा रहेका घटाकाशहरू घटउपाधिहरूले भिन्न देखिए तापनि वास्तवमा निर्लिप्त तथा व्यापक महाकाशका साथ भिन्न छैनन्, त्यसैगरी सोपाधिक आत्माहरू निर्विकार र व्यापक ब्रह्मका साथ भिन्न छैनन् अर्थात् सम्पूर्ण भूतमा मणि-सूत्र जस्तै रहेको अद्वैत आत्मा नै परमेश्वर हो (१०-२०।१३-२) । यस्तो निश्चय भएपछि यस अवस्थामा योगी जुनसुकै व्यावहारिक, पारमार्थिक कर्महरू गरेर पनि कमलको पातमा रहेको पानी झैं निर्लिप्त रहन्छ । किनकि फलासक्त अज्ञानीलाई मात्र कर्महरू लिप्त हुन्छन्, अनासक्तिपूर्वक र ज्ञानोत्तरकालमा गरिएका कर्महरू लिप्त हुँदैनन् । उपनिषद्मा लेखिएको छ—'यथा पुस्करपलाश आपो न श्लिष्यते एवमेवंविदि पापं कर्म न श्लिष्यते'—जस्तै कमलपत्रमा जल लिप्त हुँदैन, त्यस्तै तत्त्वज्ञानीमा पापकर्महरू लिप्त हुँदैनन् ॥३१॥

जीवन्मुक्त सर्वश्रेष्ठ योगीराजको लोकव्यवहार—

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ! ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वार्थः

अर्जुन !	=	हे अर्जुन !	समम्	=	बराबर
यः	=	जो	पश्यति	=	देख्दछ
सर्वत्र	=	सबैमा	सः	=	त्यो
सुखं वा	=	सुख	योगी	=	योगी
यदि वा दुःखम्	=	अथवा दुःखलाई	परमः	=	श्रेष्ठ
आत्मौपम्येन	=	आँफूमा जस्तै	मतः	=	मानिएको छ

सरलार्थ

हे अर्जुन ! जो योगी सकल प्राणीमा सुख या दुःखलाई आँफूलाई जस्तै बराबर देख्दछ, त्यो सबैभन्दा श्रेष्ठ योगी हो ।

तात्पर्य

केवल साधनचतुष्टय र श्रवणादिका बलले तत्त्वज्ञान पाएर आत्मकल्याण गरेको, अतएव आफ्ना निम्ति कृतकृत्य भएको हुनाले समस्त कर्मलाई त्यागेको, यसैले लोकसंग्रह-(जनहित)-रहित भएको यस्तो योगी मुक्तात्मा भए पनि अपरम योगी (शुष्कज्ञानी) हो, परम योगी होइन । गीताका अनुसार ब्रह्मज्ञानद्वारा उत्पन्न भएको साम्य बुद्धिलाई नित्य व्यवहारमा उपयोग गर्नसक्ने योगी नै सर्वश्रेष्ठ योगी मानिएको छ । अध्यायका अन्तमा योगीलाई नै सबैभन्दा श्रेष्ठ बताउनाको तात्पर्य पनि यही हो । अतः यस प्रकरणमा 'योगी' शब्दले केवल आसन, मुद्रा तथा प्राणायाम मात्र गर्ने हठयोगी या यम-नियमादिपूर्वक चित्तलाई निरोध गर्ने राजयोगी होइन, किन्तु यी साधनद्वारा ब्रह्मज्ञान प्राप्त गरेर लोक-संग्रह कर्म गर्ने नै योगी हो, नत्र ६–४६ मा ज्ञानीभन्दा पनि योगीलाई श्रेष्ठ बताएको युक्तिसङ्गत ठहर्दैन ।

उक्त योगीको व्यवहारदृष्टि लोकहरू मदेखि भिन्न छन् र तिनको निम्तिमैले यथा संभव हितचेष्टा गर्नुपर्दछ भन्ने न भएर प्राणीमात्रको हिताहित आत्महितदेखि अभिन्न हुन्छ । समस्त प्राणीको आत्मा नै जसको आत्मा भइसकेको छ, प्राणीहरूको सुख-दुःख नै आफ्नू सुख-दुःख भएको छ, ऊ कसरी अरूको सुखसम्पादनमा बाधक र दुःखसम्पादनमा साधक होला ! यो त अज्ञानी स्वार्थीहरूको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहार हो। योगीका सरल हृदयका सरस वातावरणले समस्त भूतवर्गमा नयाँ चेतना, नयाँ स्फुर्ति पैदा हुन्छ।

वास्तवमा धर्म र नीतिको मूल तत्त्व नै प्राणीमात्रमा आत्मदृष्टि हो। किनकि तिमी सबैलाई आत्मबराबर देख भन्ने उपदेश दिइसकेपछि फेरि अरूको उपकार गर, दया गर, नरिसाऊ, कसैको हिंसा नगर, चोरी नगर, झुट्टा नबोल; इत्यादि भनिरहनपर्दैन। यसैले यसलाई शास्त्रमा धर्मको सार भनेको छ—

न तत्परस्य संदध्यात्प्रतिकूलं यदात्मनः।
एष संक्षेपतो धर्मः कामादन्यः प्रवर्तते॥
(म० भा० अनु० ११३-८)

जुन कुरा आँफूलाई प्रतिकूल हुन्छ, त्यो अरूलाई पनि नगरोस्। यही सम्पूर्ण धर्म र नीतिको सार हो, अरू सबै व्यवहार लोभमूलक हुन्।

तस्माद्धर्मप्रधानेन भवितव्यं यतात्मना।
तथा च सर्वभूतेषु वर्तितव्यं यथात्मनि॥
(शी० १६७-८)

देह-इन्द्रियलाई संयममा राखेर धर्मपूर्वक व्यवहार गर्नुपर्दछ औ आँफूलाई झैं सबै प्राणीहरूमा व्यवहार गर्नुपर्दछ। यही तत्त्व बौद्ध ग्रन्थहरूमा पनि पाइन्छ—

यथा अहं तथा एते यथा एते तथा अहम्।
अत्तानं उपमं कत्वा न हनेय्यं न घातये॥
(सुत्त निपात नालक सुत्त २)

जस्तो म त्यस्तै यिनीहरू, जस्ता यिनीहरू त्यस्तै म, यसरी आफ्नू उपमा गरेर कसैलाई मार्दा पनि मार्दिन, मार्न पनि लगाउन्न। यहूदी तथा क्रिश्चियन धर्मग्रन्थहरूमा पनि यही तत्त्व प्रधानरूपले पाइन्छ—तिमी आफ्ना छिमेकीहरूलाई आँफूलाई जस्तै प्रेम गर (लेवि. १९-१५ मेथ्यू. २२-३९), इसाईहरू यसलाई सुनौला नियम भन्दछन्। यूनानी तत्त्ववेत्ता अरिष्टाटलले पनि मनुष्यको परस्पर व्यवहारको तत्त्व यही बताएका छन्। यी सबैको मूल उपनिषद् हो औ सबैको गुरु गीता हो; यसमा केही सन्देह छैन ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साङ्गोपाङ्ग योगको प्रसङ्ग सुनिसकेपछि अर्जुनलाई योगसिद्धिका विषयमा शङ्का हुन्छ—

अर्जुनउवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ! ।
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थिति स्थिराम् ॥३३॥

अन्वयार्थः

मधुसूदन !	=	हे कृष्ण !	चञ्चलत्वात्	=	मन चञ्चल हुनाले
यः	=	जो	एतस्य	=	यसको
अयम्	=	यो	स्थिराम्	=	अचल
योगः	=	योग	स्थितिम्	=	स्थितिलाई
साम्येन	=	समताद्वारा	अहम्	=	म
त्वया	=	तपाईंले	न पश्यामि	=	देख्दिन
प्रोक्तः	=	भन्नुभयो			

सरलार्थ

अर्जुन भन्दछन्—हे मधुसूदन ! जो यो योग तपाईंले साम्य भावद्वारा बताउनुभयो, मन स्वभावैले चञ्चल हुनाले त्यसको स्थायी स्थिति म देख्दिन ।

चञ्चलं हि मनः कृष्ण ! प्रमाथि बलवद्दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	अहम्	=	म
हि	=	किनभने	तस्य	=	त्यसको
मनः	=	मन	निग्रहम्	=	निरोध
चञ्चलम्	=	चञ्चल	वायोः इव	=	वायुको झैं
प्रमाथि	=	मथन गराउने	सुदुष्करम्	=	अति कठिन
बलवत्	=	बलवान्	मन्ये	=	मान्दछु
दृढम्	=	कठोर छ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे कृष्ण ! किनभने मन चञ्चल, शरीर-इन्द्रियलाई हुँडल्ने, बलियो तथा कठोर छ, म त्यसलाई रोक्नु वायुलाई रोक्नु जत्तिकै कठिन मान्दछु ।

तात्पर्य

मन आँफूमात्र चञ्चल हुने होइन, किन्तु उसले शरीर र इन्द्रियलाई समेत आन्दोलित गराएर चञ्चल गराइदिन्छ । अति बलवान् हुनाले त्यसलाई निग्रह गर्ने अनेकौं उपायहरू विफल हुन्छन् । दृढ हुनाले उसलाई पराजय गर्न पनि सकिन्न । यस हालतमा त्यसलाई निग्रह गर्नखोज्नु वायुलाई समात्नखोज्नु जस्तै विफल प्रयास हो । तात्पर्य के भने जसको जस्तो प्रकृतिसिद्ध स्वभाव हुन्छ, त्यसलाई परिवर्तन गर्न कसैले पनि सक्तैन—'स्वभावो दुरतिक्रमः ।' जस्तो अग्निको उष्ण प्रकृति र जलको शीतल प्रकृति कहिले पनि फेरिंदैन । कुनै कारणले क्षणभर स्वभाव बदलिए तापनि कारण हट्नेबित्तिकै फेरि आँफ्नै प्रकृतिमा आउँदछन् । एवंप्रकार मन पनि हावामा रहेको कमलपत्रको जल जस्तै स्वभावचञ्चल हुनाले योगसिद्धि नै असंभव देखिन्छ, किनकि चित्तवृत्तिनिरोधको नामै 'योग' हो, जसको अन्तिम साध्य 'समदर्शनयोग' छ ॥३३-३४॥

श्रीभगवान् अर्जुनको प्रश्नलाई समर्थन गरेरै त्यसको अनुरूप उत्तर दिनुहुन्छ—

श्रीभगवानुवाच

असंशयं महाबाहो ! मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय ! वैराग्येण च गृह्यते ॥३५॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	तु	=	किन्तु
मनः	=	मन	कौन्तेय !	=	हे अर्जुन !
असंशयम्	=	निस्संदेह	अभ्यासेन	=	अभ्यास
दुर्निग्रहम्	=	रोक्न कठिन	वैराग्येण च	=	तथा वैराग्यले
चलम	=	चल छ	गृह्यते	=	समातिन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

भगवान् भन्नुहुन्छ—हे महाबाहो ! मन निस्सन्देह चञ्चल र दुर्निग्रह छ, तथापि हे कुन्तिपुत्र ! त्यो अभ्यास र वैराग्यले काबुमा आउँदछ ।

तात्पर्य

युक्तिद्वारा असंभव संसारमा केही हुँदैन, यसैले मन स्वभावचञ्चल भए तापनि त्यसलाई वश गर्ने पर्याप्त साधनको अभाव छैन। गीताकै अनुरूप महर्षि पतञ्जलिको पनि सूत्र छ—अभ्यासवैराग्याभ्यांतन्निरोधः (१-१२)—अभ्यास र वैराग्यरूप उपायले चित्तका वृत्तिहरू निरुद्ध हुन्छन् । जहाँसम्म विवेक हुँदैन, त्यहाँसम्म चित्तलाई स्थिर गराउन कोसिस गर्नु अभ्यास हो 'तत्रस्थितौ यत्नोऽभ्यासः' (यो०द०१-१३)। चिरकालसम्म निरन्तर सत्कारपूर्वक गरिएका अभ्यासले दृढ स्थितिलाई उत्पन्न गराउँदछ । देखिएका, सुनिएका समस्त विषयबाट तृष्णारहित भएका पुरुषको जो वशीकार संज्ञा हो, त्यसैको नाम वैराग्य हो—'दृष्टानुश्रविकविषयवितृष्णस्य वशीकारसंज्ञा वैराग्यम्'(यो.द.१-१५)। यो वशीकार संज्ञा समेत वैराग्य ४ प्रकारका छन्—यतमान संज्ञा, व्यतिरेक संज्ञा, एकेन्द्रिय संज्ञा तथा वशीकार संज्ञा । संसारमा सार के छ, असार के छ, यसलाई गुरु र शास्त्रका सहायताले जान्न कोसिस गर्नु यतमान संज्ञा, चित्तमा जति वैषयिक भावहरू थिए, तिनमा यति नष्ट भए, यति बाँकि छन् भनेर तिनको निरन्तर हिसाब राख्नु व्यतिरेक संज्ञा, बाह्य इन्द्रियबाट विषयवृत्ति हटेर केवल मनमा मात्र तृष्णा रहनु एकेन्द्रिय संज्ञा, अन्तमा मनमा पनि विषयतृष्णाको अभाव हुनु वशीकार संज्ञा हो। योग-दर्शनमा तीनोटालाई चौथोमा अन्तर्भाव गरेर केवल वशीकार संज्ञा मात्र बताएको छ, किन्तु सांख्यतत्त्वकौमुदीमा वाचस्पतिमिश्रले यी चारै प्रकारका वैराग्यको वर्णन गरेका छन् (२३ कारिका)। यिनै अभ्यास र वैराग्यका समुच्चय साधनबाट चित्तका वृत्तिहरू समालिन्छन् । जसरी जङ्गली मत्त हात्ती पक्डँदा एक २ साधनले हुँदैन, सबै उपाय एकैचोटि गर्नपर्दछ, त्यसैगरी चित्तनिरोधमा पनि अभ्यास र वैराग्यरूप उपाय एकसाथै हुनपर्दछ, अघि-पछि गरेर हुँदैन ।

यो० द० १-१२ सूत्रको व्यासभाष्यमा लेखिएको छ—'चित्त' नाम अनादि, कालदेखि पापमार्ग र कल्याणमार्ग दुवैतिर बग्ने नदी हो। कैवल्यतिर संमुख

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर विवेकपट्टि प्रवाहित भएको कल्याण मार्गमा बग्दछ, संसारतिर संमुख भएर अविवेकपट्टि प्रवाहित भएको पाप मार्गमा बग्दछ। यस दशामा कुशल साधकले संसारतिर वैराग्यरूपी बाँध लगाएर विवेकदर्शनको अभ्यास गर्दैरहेपछि कल्याण-मार्गरूपी कुलो खोलिएर जान्छ र चित्तको प्रवाह निरन्तर कल्याण मार्गपट्टिमात्रै हुन्छ। अतएव चित्तवृत्तिनिरोधका जति उपाय छन् तिनमा सर्वोपरि अभ्यास र वैराग्य नै हुन्। योगवासिष्ठमा चित्तनिरोधका अरू पनि उपाय लेखिएका छन्—

अध्यात्मविद्याधिगमः साधुसंगम एव च।
वासनासंपरित्यागः प्राणस्पन्दनिरोधनम्॥
एतास्ता युक्तयः पुष्टाः सन्ति चित्तजये किल॥

अध्यात्मशास्त्रको विचार, साधुको संगत, वासनाको परित्याग तथा प्राणा-याम यी चित्तलाई जित्नमा प्रबल युक्तिहरू छन्। यो पनि परंपरारूपले अभ्यास र वैराग्यकै सहकारी हुन्छन्, यसैले यहाँ अभ्यास र वैराग्यकै भित्र सबैको अन्त-र्भाव मानेर दुई उपाय मात्र बताइएका छन् ॥३५॥

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

अन्वयार्थः

असंयतात्मना	=	मन वश नभएकोले	तु	=	किन्तु
योगः	=	योग	वश्यात्मना	=	मन वश भएको
दुष्प्रापः	=	पाउन कठिन छ	यतता	=	यत्न गर्नेले
इति	=	यस्तो	उपायतः	=	उपायबाट
मे	=	मेरो	अवाप्तुम्	=	पाउन
मतिः	=	विचार छ	शक्यः	=	सकिन्छ

सरलार्थ

असंयत चित्त भएका व्यक्तिलाई योग मिल्न कठिन छ, यो मेरो राय छ; किन्तु संयतचित्त भएर यत्न गर्ने व्यक्तिले अभ्यास र वैराग्यरूप उपायद्वारा पाउनसक्तछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यद्यपि ज्ञानका अन्तरङ्ग साधनहरू भएपछि तत्त्वसाक्षात्कार हुन्छ, तथापि जसले अभ्यास र वैराग्यका सहायताले मनोनिरोधमा प्रयत्न गरेको छैन, त्यसले यो योग पाउन दुर्लभ छ। ज्ञान भए तापनि ध्यान नभएको हुनाले प्रारब्धानुसारै उसको जीवन सुख-दुःखमय हुन्छ; किन्तु अलौकिक योगशक्तिका अगाडि तीव्र प्रारब्ध पनि योगीको इच्छाविरुद्ध फल दिनसक्तैन। यसैले प्रयत्नशील योगी पुरुषार्थद्वारा चित्तलाई स्वाधीन गरेर वृत्तिनिरोधयोगद्वारा अन्तमा 'समदर्शन-योग'लाई पाउँदछ र लोकमा आदर्श भएर जीवन्मुक्तिसुखको समेत अनुभव गर्दछ।

वास्तवमा प्रारब्धभन्दा पुरुषार्थै प्रबल हुन्छ, नत्र लौकिक कृषि, व्यापार आदि उद्योग र वैदिक यज्ञयागादि कर्म सबै व्यर्थ सिद्ध हुन्छन्; किनकि सबैमा प्रारब्धवाद मान्ने हो भने पुरुषार्थको क्षेत्र कहीं पनि बाँकि रहँदैन। पुरुषार्थीको कार्यसिद्ध भएको र अल्छीको कार्यनाश भएको व्यवहारमा प्रत्यक्ष देखिएको छ। यदि शुभ कर्महरू पनि प्रारब्धानुसारै हुने मान्ने हो भने शास्त्रीय प्रेरणा पनि व्यर्थ सिद्ध हुन्छ। त्यसकारण प्रारब्धभन्दा पुरुषार्थै प्रबल देखिन्छ। यस श्लोकमा चित्तलाई वश गर्नशक्नेले योग पाउँदछ, नसक्नेले पाउँदैन भन्ने भगवान्को उक्ति बाटै पनि पुरुषार्थवाद स्पष्ट झल्केको छ। महर्षि वसिष्ठले पनि श्रीरामका प्रति भन्नुभएको छ—

शुभाशुभाभ्यां मार्गाभ्यां वहन्ती वासनासरित्।
पौरुषेण प्रयत्नेन योजनीया शुभे पथि॥

वासनारूपी नदीका शुभ र अशुभ मार्गरूपी दुई भङ्गाला फाटेका छन्, त्यसलाई पुरुषार्थद्वारा शुभ मार्गतिर लगाउनपर्दछ ॥३६॥

योगसिद्धिका विषयमा अर्जुनलाई अर्को शङ्का हुन्छ—

अर्जुनउवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण! गच्छति ?॥३७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	योगसंसिद्धिम्	=	योगसिद्धिलाई
श्रद्धया	=	श्रद्धाले	अप्राप्य	=	नपाएर
उपेतः	=	युक्त	काम्	=	कुन्
अयतिः	=	अयोगी	गतिम्	=	गतिलाई
योगात्	=	योगबाट	गच्छति ?	=	पाउँदछ ?
चलितमानसः	=	विचलित चित्त भएको			

सरलार्थ

अर्जुन भन्दछन्—हे कृष्ण ! श्रद्धा भने भएको, तर योगमा अडिन नसक्ने, अतएव योगमार्गबाट विचलित चित्त भएको योगी योगसिद्धिलाई नपाएपछि कुन् गतिमा जान्छ ? ।

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ? ।
अप्रतिष्ठो महाबाहो ! विमूढो ब्रह्मणः पथि ॥३८॥

अन्वयार्थः

महाबाहो !	=	हे कृष्ण !	उभयविभ्रष्टः	=	दुवैतिरबाट खसेको
ब्रह्मणः	=	ब्रह्मको	छिन्नाभ्रम् इव	=	टुक्रिएको बादलझैं
पथि	=	मार्गमा	कच्चित्	=	कदाचित्
विमूढः	=	भूलेको	न नश्यति	=	नाश हुँदैन ?
अप्रतिष्ठः	=	आश्रयरहित भएर			

सरलार्थ

हे कृष्ण ! योगनिष्ठामा विमूढ, कहीं आश्रय नपाएको तथा कर्म र ज्ञान दुवै मार्गबाट गिरेको योगी मेघमालाबाट विच्छिन्न भएको मेघखण्ड जस्तै कदाचित् बीचैमा नष्ट-भ्रष्ट ता हुँदैन ?

एतन्मे संशयं कृष्ण ! छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !		=	किनभने
एतत्	=	यो	अस्य	=	यस
मे	=	मेरो	संशयस्य	=	संशयको
संशयम्	=	संशय	छेत्ता	=	छेदन गर्ने
अशेषतः	=	निःशेषरूपले	त्वदन्यः	=	तपाईंबाहेक
छेत्तुम्	=	छेदन गर्न	न उपपद्यते	=	पाइँदैन
अर्हसि	=	योग्य हुनुहुन्छ			

सरलार्थ

हे कृष्ण ! मेरो यो सन्देहलाई बाँकि नराखिकन हटादिनुहोस्, किनकि तपाईंबाहेक यो सन्देहलाई निवारण गर्ने अरू कोही देख्दिन ।

तात्पर्य

योगसिद्धि सिद्ध गुरुको कृपा र आफ्नू तीव्र प्रयत्न तथा निश्चल धारणाले मात्रै मिल्दछ, नत्र 'जाने जोग, न जाने रोग' भन्ने उखान छँदै छ । त्यसकारण श्रद्धामात्रै भएर पनि अधबेश्रो उपाय छ भने योगसिद्धि हुन कठिन पर्छ । यस्तै ठीक २ साधनको योगलाई नजान्नेहरूलाई यहाँ 'अयति' भनेको छ । वास्तवमा चित्तनिरोध नभई योग हुँदैन, अयोगीको चित्त उसको काबुमा कहिल्यै हुँदैन । यसैले तिनीहरू योगसिद्धिलाई नपाएर टुक्रिएको बादल जस्तै उता स्वर्गादि पुण्य लोक पनि छुटेका, यता योगसिद्धि पनि नभएका हुन्छन् । यसरी उभयभ्रष्ट भएर त्रिशङ्कु जस्तै भएका यिनको कल्याण कसरी हुन्छ भन्ने अर्जुनको शंकाको आशय हो ॥३७–३८–३९॥

भगवान् अर्जुनको शंकाको समाधान गर्नुहुन्छ—

श्रीभगवानुवाच

पार्थ ! नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात ! गच्छति ॥४०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	हि	=	किनभने
तस्य	=	त्यसको	तात !	=	हे बाबु !
विनाशः	=	नाश	कल्याणकृत्	=	असल काम गर्ने
न इह एव	=	न यसै लोकमा	कश्चित्	=	कोही
न अमुत्र	=	न परलोकमा	दुर्गतिम्	=	दुर्गतिमा
विद्यते	=	हुन्छ	न गच्छति	=	जाँदैन

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ--हे अर्जुन ! योगभ्रष्ट योगीको नाश यस लोकमा पनि हुँदैन, परलोकमा पनि हुँदैन ; किनकि हे तात ! असल काम गर्ने कोही दुर्गतिमा जाँदैन ।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

अन्वयार्थः

योगभ्रष्टः	=	योगभ्रष्ट पुरुष	उषित्वा	=	वसेर
पुण्यकृतान्	=	पुण्य कर्म गर्नेका	शुचीनाम्	=	पवित्र
लोकान्	=	लोकहरूलाई	श्रीमताम्	=	धनवान्का
प्राप्य	=	पाएर	गेहे	=	घरमा
शाश्वतीः	=	धेरै	अभिजायते	=	जन्मन्छ
समाः	=	वर्ष			

सरलार्थ

किन्तु यस्तो योगभ्रष्ट योगी ठूला २ पुण्य गर्नेहरूले पाउने स्वर्गादि लोकमा गएर त्यहाँ धेरै वर्षसम्म सुखभोग गरेपछि पवित्रात्मा धनवान्का घरमा पैदा हुन्छ ।

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अथवा	=	अथवा	यत्	=	जो
धीमताम्	=	बुद्धिमान्	जन्म	=	जन्म हो
योगिनाम् एव	=	योगीहरूकै	एतत्	=	यो
कुले	=	कुलमा	हि	=	अवश्य
भवति	=	जन्मन्छ	लोके	=	लोकमा
ईदृशम्	=	यस्तो	दुर्लभतरम्	=	अति दुर्लभ छ

सरलार्थ

अथवा ती योगभ्रष्ट पुरुष ज्ञानवान् योगीहरूकै कुलमा जन्म लिन्छन् । यस्तो जो जन्म हो, यो संसारमा अति दुर्लभ छ ।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ! ॥४३॥

अन्वयार्थः

कुरुनन्दन !	=	हे अर्जुन !	लभते	=	पाउँदछ
तत्र	=	त्यहाँ	ततः च	=	औ त्यस पछि
तम्	=	त्यो	भूयः	=	फेरि
पौर्वदेहिकम्	=	पूर्वदेहमा भएको	संसिद्धौ	=	योगसिद्धिमा
बुद्धिसंयोगम्	=	बुद्धिसंयोगलाई	यतते	=	यत्न गर्दछ

सरलार्थ

हे अर्जुन ! एवंप्रकार उत्तम कुलमा जन्म लिएपछि योगीलाई पूर्वजन्ममा गरेको योगाभ्यासको संस्कार आँफै [1]उद्बुद्ध हुन्छ, अनि फेरि योगाभ्यासमै प्रयत्नशील रहन्छ ।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

१. प्रकट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अवशः अपि	=	विवश भएर पनि	हि	=	किनभने
सः	=	त्यो	योगस्य	=	योगको
तेन एव	=	त्यही	जिज्ञासुः अपि	=	जिज्ञासुले पनि
पूर्वाभ्यासेन	=	पूर्वजन्मका अभ्यासले	शब्दब्रह्म	=	वेदको कर्म-काण्डलाई
ह्रियते	=	आकृष्ट हुन्छ	अतिवर्तते	=	नाघ्दछ

सरलार्थ

पूर्वजन्मका अभ्यासका बलले पराधीन जस्तै भएर त्यो योगी योगतिरै आकर्षित हुन्छ। किनकि योगको स्वरूप जान्नचाहने व्यक्तिले पनि शब्दब्रह्मलाई नाघ्दछ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्विषः।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

अन्वयार्थः

प्रयत्नात्	=	प्रयत्नपूर्वक	ततः	=	त्यस पछि
यतमानः तु	=	यत्नगर्ने	पराम्	=	उत्तम
योगी	=	योगी	गतिम्	=	गतिमा
संशुद्धकिल्विषः	=	पापमुक्त भएको	याति	=	जान्छ
अनेकजन्मसंसिद्धः	=	अनेक जन्ममा सिद्ध भएर			

सरलार्थ

अत्यन्त पुरुषार्थका साथै योगभूमिमा अग्रसर हुनलाई प्रयत्नशील भएको योगी अनेक जन्ममा सिद्ध हुँदै अन्तमा निर्मल भएर मुक्त हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

योगाभ्यास गर्दागर्दै तत्त्वसाक्षात्कार नभइकन शरीर छुट्नेहरू योगभ्रष्ट कहिन्छन् । ३।१७-१८ मा ज्ञानका सात भूमिकाको वर्णन छ । तृतीय भूमिकासम्म-को योगी आरुरुक्षु हुन्छ, चतुर्थ भूमिकादेखि मात्रै योगारूढ हुन्छ । विघ्नबाधाहरू-पनि जति हुन्छन्, ता सबै आरुरुक्षु अर्थात् साधनावस्थामै हुन्छन् । त्यसकारण अर्जुनको योगभ्रष्टको प्रश्न पनि तृतीय भूमिकाभित्रकै ठहर्छ ।

[1]साँच्चै नै योगभ्रष्टको दुर्गति भएर त्यो धोबीको कुकुर जस्तै हुने हो भने सकाम कर्मलाई त्यागेर आत्मकल्याणका निम्ति योगमार्गमा लागेकोमा उसलाई यो दण्ड जस्तै भयो । किनकि यही जन्ममा सिद्ध हुने हजारौंमा कुनै एउटा मात्र हुन्छ (७–३), बाँकि सबै योगभ्रष्ट नै हुन्छन् ।

[2]किन्तु वास्तवमा यस्तो हुँदैन 'स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् (२–४०)' यस उक्ति-अनुसार असल कामको परिणाम कहिल्यै खराब हुँदैन, चाहे त्यसको मात्रा सानै किन नहोस् । जसरो असल औषधिको मात्रा सानै भए पनि भयंकर रोगहरूलाई हटाउँदछ, त्यसैगरी सात्त्विक कर्मको स्वल्प मात्राले पनि भयङ्कर भव-भयबाट बचाउँदछ । असल कामको कहिल्यै नराम्रो परिणाम हुँदैन ।

परिणाममा केही वासनाको लेश भएका योगभ्रष्ट योगीहरू अनेकौं वर्ष स्वर्गादि लोकको भोग भोगेपछि पवित्रात्मा श्रीमान्का घरमा अजातशत्रु, जन-कादि झैं यही कर्मभूमिमै पैदा हुन्छन् । जसको अन्तःकरणमा भोगवासनाको लेश छैन, ती स्वर्गादि लोकको चक्करमा नपरिकन योगारूढ योगीका कुलमा पैदा हुन्छन् । योगीका कुलमा जन्म लिनाले एक त वंशपरंपराबाट आएको विद्या प्राप्त गर्न कठिन पर्दैन, दोश्रो माता-पिता योगी हुनाले रक्तबाट पनि योगको संस्कार प्राप्त हुन्छ । अतः पूर्वका अपेक्षा यस्तो जन्मलाई अति दुर्लभ भनेको छ ।

श्रीमान्का कुलमा जन्म लिने र योगीका कुलमा जन्म लिने दुवै पूर्व जन्ममा जुन् भूमिकासम्म पुगेका छन्, वर्तमान जन्ममा फेरि त्यही ठाउँबाट प्रारम्भ गर्दछन् । जस्तै दूर देशको यात्रा गर्ने यात्री एकै दिनमा अभीष्ट स्थानमा पुग्न-सक्तैन र बीच २ मा बास बस्नपरे तापनि पूर्वसंस्कारले अगाडि नै बढ्दै जान्छ र एक दिन आफ्नू लक्ष्य स्थानमा पुग्दछ, त्यस्तै योगी ठाउँ-ठाउँमा गर्भवास

---

१. प्रश्न । २. उत्तर ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्नपरे तापनि पूर्व २ जन्मका प्रबल संस्कारले उत्तर २ जन्ममा अगाडि बढ्दै जान्छ र अन्तमा 'योगसंसिद्ध' हुन्छ। योगवासिष्ठमा लेखिएको छ—

तत्र प्राग्भावनाभ्यस्तं योगभूमिक्रमं बुधाः।
दृष्ट्वा परिपतन्त्युच्चैरुत्तरां भूमिकां क्रमात्॥

योगीहरू पूर्वजन्ममा अभ्यास गरेका भूमिकाका क्रमले उत्तर २ भूमिकामा क्रमशः बढ्दै जान्छन्। श्रुतिमा पनि लेखिएको छ—तं विद्या कर्मणि समन्वारभेते पूर्वप्रज्ञा च (बृ० ४-४-२)—पूर्व २ जन्मका विद्या, बुद्धि तथा कर्महरू सबैलाई मिल्दछन्। यही संस्कार-संतान-(विचारधारा)-लाई 'पौर्वदेहिक बुद्धिसंयोग' भनेको छ।

शब्दब्रह्म भनेको 'वेद' हो, किनकि संस्कृतमा वेदलाई पनि 'ब्रह्म' भनेको छ, वेद शब्दात्मक छ। उपनिषद्मा लेखिएको छ—

द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परं च यत्।
शब्दब्रह्मणि निष्णातः परं ब्रह्माधिगच्छति॥
(मैत्रा० ६-२२ त्रि० ता० ४-१७)

शब्दब्रह्म र परब्रह्म दुई ब्रह्म जान्नुपर्ने छन्। शब्दब्रह्ममा निष्णात (उत्तीर्ण) भएपछि परब्रह्मलाई पाउँदछ। शब्दब्रह्मको अभिप्राय यहाँ वैदिक सकाम कर्मकाण्डसँग छ। जहाँसम्म योगजिज्ञासा उत्पन्न हुँदैन, त्यहाँसम्म शब्दब्रह्म अर्थात् सकाम कर्मकाण्डको आवश्यकता रहन्छ, जिज्ञासा उत्पन्न भएपछि साधक यसलाई उछिनेर अगाडि बढ्दछ। श्रीमद्भागवतमा यही आशयले यस्तो लेखिएको छ—'जिज्ञासा संप्रवृत्तायां नाद्रियेत्कर्मचोदनाम्'। जिज्ञासा उत्पन्न भएपछि कर्मचोदना-(प्रेरणा)-को आदर नगरोस्॥४३-४४-४५॥

योगको जिज्ञासुले पनि शब्दब्रह्मलाई उछिन्छ, त्यसकारण भगवान् अर्जुनलाई भन्नुहुन्छ—

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन! ॥४६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

योगी	=	योगी	योगी	=	योगी
तपस्विभ्यः	=	तपस्वीभन्दा	अधिकः	=	श्रेष्ठ छ
अधिकः	=	श्रेष्ठ	तस्मात्	=	त्यसकारण
ज्ञानिभ्यः अपि	=	ज्ञानीभन्दा पनि	अर्जुन !	=	हे अर्जुन !
अधिकः	=	श्रेष्ठ	योगी	=	योगी
मतः	=	मानिएको छ	भव	=	होऊ
कर्मिभ्यः च	=	औ कर्म गर्नेभन्दा पनि			

सरलार्थ

तपस्वी र केवल ज्ञानी तथा केवल कर्मिष्ठभन्दा योगी श्रेष्ठ छ; त्यसकारण हे अर्जुन ! तिमी योगी बन ।

तात्पर्य

उपवास आदि र अरू शरीरलाई कष्ट हुने व्रत गर्ने तपस्वी, लोकसंग्रहकर्म त्यागेर केवल आत्मकल्याणले आँफूलाई कृतकृत्य मान्ने ज्ञानी तथा केवल स्वर्गादि स्वार्थसिद्धिका निम्ति कर्म गर्ने कर्मिष्ठहरूभन्दा ध्यानयोगद्वारा आत्मालाई चिनेर सर्वत्र समदृष्टि भएको लोकसंग्रही योगी नै श्रेष्ठ छ; किनकि उक्त तपस्वी, ज्ञानी तथा कर्मीहरूको मुख्य ध्येय केवल आत्मकल्याण हुन्छ, यो भएपछि ती आँफूलाई कृतकृत्य मान्दछन्, किन्तु यस अध्यायमा बताएको योगी ज्ञानसम्पन्न भएर पनि जगत्को स्थितिका निम्ति सदा प्रयत्नशील रहन्छ तथा विश्वका समस्त प्राणीहरूको हितचेष्टा गर्दछ । यसैले यहाँ अर्जुनलाई योगी नै हुने प्रेरणा भएको छ ॥ ४६ ॥

श्रेष्ठ योगी—

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे ध्यानयोगो नाम षष्ठोऽध्यायः ॥ ६ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सर्वेषाम्	=	सम्पूर्ण	माम्	=	मलाई
योगिनाम् अपि	=	योगीहरूमा पनि	भजते	=	भजूदछ
यः	=	जो	सः	=	त्यो
श्रद्धावान्	=	श्रद्धालु	मे	=	मेरो
मद्गतेन	=	ममा लागेको	युक्ततमः	=	उत्तम योगी
अन्तरात्मना	=	अन्तःकरणले	मतः	=	मानिएको छ

सरलार्थ

सबै योगीहरूभन्दा पनि जो श्रद्धालु योगी ममा मन लगाएर निरन्तर मलाई भजूदछ, त्यो योगी मेरो विचारमा सर्वश्रेष्ठ छ ।

तात्पर्य

अरू वृत्ति पन्छाएर कुनै इष्ट वस्तुमा चित्तवृत्तिलाई निरन्तर लगाउनु योगको सामान्य लक्षण हो । योगीका रुचि-अनुसार इष्ट वस्तु या ध्येय भिन्न २ हुन सक्दछन् ; किन्तु जसको ध्येय भगवान् वासुदेव छन् त्यो योगी योगी मध्येमा सर्वश्रेष्ठ योगीराज हो; किनकि वासुदेवभक्त योगीको ज्ञान 'वासुदेवः सर्वम्' यस्तो हुन्छ, अरू देवताको उपासना गर्ने योगीको भिन्न २ भावमा बाँधिएको हुन्छ । यसैले भगवद्भक्त योगी सबै योगीमा श्रेष्ठ छ ।

यस काण्डमा कर्मयोगको प्रचुर वर्णन गरेर अन्तिम अध्यायमा कर्मयोगको उपासनायोगका साथ समन्वय गरेकोले कर्म र उपासनाको समुच्चय साधनबाटै श्रेयप्राप्ति हुन्छ भन्ने कुरा व्यक्त हुन्छ । ईशावाश्य श्रुतिमा लेखिएको छ—

विद्यांचाविद्यां च यस्तद्वेदोभयं सह ।
अविद्ययामृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते ॥ (११)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसले कर्म र उपासनालाई साथै अनुष्ठान गर्दछ, त्यसले कर्मद्वारा मृत्युलाई पार गरेर उपासनाद्वारा अमृतलाई पाउँदछ ।

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये ध्यान-योग नाम गरेको छटौं अध्याय समाप्त भयो ॥ ६ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपासना काण्ड

२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

सातौं अध्याय

पूर्वाध्यायमा श्रीभगवान्‌ले आत्मतत्त्वसाक्षात्कारको साधन ध्यानयोगको वर्णन गरेर अन्तमा (६–४७) यो कुरा बताउनुभयो—जति योगी छन् ती सबैमा सर्वश्रेष्ठ योगीराज को हो भने जसले आफ्नु अन्तःकरणलाई ममा (वासुदेवमा) लगाएर श्रद्धापूर्वक मलाई भज्दछ। अब यसमा अर्जुनलाई शङ्का हुनसक्दछ कि—तपाईं को हुनुहुन्छ ? कस्तो हुनुहुन्छ ? तपाईंको तत्त्व के हो ? तथा कसरी तपाईंमा अन्तःकरण लाग्नसक्तछ ? यही शङ्काबीजलाई लिएर यस अध्यायमा श्रीभगवान् अर्जुनले नसोधे पनि ज्ञान-विज्ञानका प्रसङ्गबाट उपदेश गर्नलाग्नुभयो। यही यस अध्यायको प्रतिपाद्य विषय हो। ज्ञान-कर्म-मिश्रित उपासना या भगवद्भक्तिप्रधान ज्ञान-कर्म यस मध्यम षट्क—(अ० ७ देखि १२ सम्म)—को प्रतिपाद्य विषय छ।

श्रीभगवानुवाच-

मय्यासक्तमनाः पार्थ! योगं युञ्जन्मदाश्रयः।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	समग्रम्	=	सम्पूर्ण
मयि	=	ममा	माम्	=	मलाई
आसक्तमनाः	=	मन लगाएर	असंशयम्	=	निःसन्देह
मदाश्रयः	=	मेरो आश्रयमा रहेर	यथा	=	जसरी
			ज्ञास्यसि	=	जान्नेछौ
योगम्	=	योगलाई	तत्	=	त्यो
युञ्जन्	=	गर्ष	शृणु	=	सुन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हे अर्जुन ! ममा मन लगाएर मेरो शरण लिएर तथा उपासनायोगले युक्त भएर तिमीले सम्पूर्ण अर्थात् अनन्त विभूति—बल ऐश्वर्यादि सम्पन्न मलाई निस्सन्देह रूपले जसरी जान्नसकौला, त्यो सुन ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

अन्वयार्थः

अहम्	=	म	यत्	=	जसलाई
ते	=	तिमीलाई	ज्ञात्वा	=	जानेर
इदम्	=	यो	भूयः	=	फेरि
सविज्ञानम्	=	विज्ञानसहित	इह	=	यहाँ
ज्ञानम्	=	ज्ञान	अन्यत्	=	अरू
अशेषतः	=	निःशेष रूपले	ज्ञातव्यम्	=	जान्नुपर्ने
वक्ष्यामि	=	भन्नेछु	न अवशिष्यते	=	बाँकि रहँने छैन

सरलार्थ

म तिमीलाई अनुभव सहितको ज्ञान सबै बताउनेछु, जसलाई जानेपछि फेरि यहाँ अरू जान्नुपर्ने बाँकि रहने छैन ।

तात्पर्य

जसमा परमात्मतत्त्वको भावना छैन, त्यस्तो कोरा योगसाधनबाट गीतोक्त सर्वोत्तम योगीराज हुनसक्तैन । त्यसकारण पहिलो श्लोकमा उपासना र ज्ञानको उपाय-उपेय भाव देखाएर दोश्रो श्लोकमा वक्ष्यमाण (पछि बताइने) ज्ञानको सूचना दिनुभएको छ । सामान्य या परोक्ष ज्ञान 'ज्ञान' कहिन्छ, विशेष या अपरोक्ष ज्ञान 'विज्ञान' कहिन्छ । ब्रह्मको अपरोक्ष ज्ञान भएपछि ब्रह्माण्डमा जान्नुपर्ने अरू केही पनि अवशेष रहँदैन । जस्तै—'यद्विज्ञानात्सर्वं विज्ञातं भवति' (छां० ६-१-३)—जसलाई जानेपछि सबै जानिन्छन् ॥१-२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानको दुर्लभता—

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

अन्वयार्थः

मनुष्याणाम्	=	मनुष्यहरूका	सिद्धानाम् अपि	=	सिद्धहरूमा पनि
सहस्रेषु	=	हजारौंमा	कश्चित्	=	कोही
सिद्धये	=	सिद्धिका निम्ति	माम्	=	मलाई
कश्चित्	=	कोही	तत्त्वतः	=	यथार्थरूपले
यतति	=	यत्न गर्दछ	वेत्ति	=	जान्दछ
यतताम्	=	यत्न गर्ने			

सरलार्थ

हजारौं मनुष्यमा कोही एक साधक ज्ञानसिद्धिका निम्ति यत्न गर्दछ, त्यस्ता यत्न गर्ने हजारौंमा कोही एउटाले मलाई यथार्थरूपले जान्दछ ।

तात्पर्य

मनुष्यका मन-इन्द्रियहरू स्वभावैले उसलाई पशुवत् आचरण गराउन खोज्दछन् । बुद्धि र धैर्यको सहायताले आँफूमा रहेको यस पशुभावलाई बध गरेपछि-मात्रै मनुष्य मनुष्यत्वतिर आकर्षित हुन्छ । अतएव यस अन्तर्युद्धमा जो विजयी हुनसक्दछ, त्यही श्रेयोमार्गको साँचो पथिक हुनसक्ला । यसैले श्रुतिमा लेखिएको छ—'क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति' (कठ १-३-१४)–छुराको धार जस्तै तीक्ष्ण, नाघ्न नसकिने, दुर्गम पथ छ भनेर ज्ञानीहरू भन्दछन् । यसैले हजारौंमा एउटा यस मार्गमा लाग्दछ, अरू मन र इन्द्रियकै दास भएर कुमार्गमा लाग्दछन् । यस मार्गमा लाग्ने हजारौंमा एउटा अन्तिम लक्ष्यसम्म पुग्दछ, अरू बाटैमा अल्मलिइरहन्छन् । यहाँ 'सिद्ध' शब्दले सिद्धिका निम्ति यत्न गर्ने साधकलाई भनेको हो, पूर्ण सिद्धलाई होइन ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्व-सूचित ज्ञान-विज्ञानको विषय-प्रारम्भ—

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥
अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ! ययेदं धार्यते जगत् ॥५॥

अन्वयार्थः

भूमिः	=	पृथ्वी	अपरा	=	अपरा कहिन्छ
आपः	=	जल	तु	=	किन्तु
अनलः	=	अग्नि	इतः	=	यसदेखि
वायुः	=	वायु	अन्याम्	=	अर्को
खम्	=	आकाश	जीवभूताम्	=	जीवरूप
मनः	=	मन	मे	=	मेरो
बुद्धिः एव	=	बुद्धि	पराम्	=	परा
अहङ्कारः च	=	तथा अहङ्कार	प्रकृतिम्	=	प्रकृतिलाई
इति	=	यस्ताप्रकारले	विद्धि	=	जान
अष्टधा	=	आठप्रकारले	महाबाहो !	=	हे अर्जुन !
भिन्ना	=	बाँडिएको	यया	=	जसद्वारा
इयम्	=	यो	इदम्	=	यो
मे	=	मेरो	जगत्	=	जगत्
प्रकृतिः	=	प्रकृति हो	धार्यते	=	धानिन्छ
इयम्	=	यो			

सरलार्थ

पृथ्वी, जल, अग्नि, वायु, आकाश (सूक्ष्म पञ्चमहाभूत या पञ्च तन्मात्रा) मन, बुद्धि तथा अहङ्कार (महत्तत्त्व, प्रकृति, अहङ्कार) यी आठ भागमा बाँडिएको यो मेरो अपरा (जड) प्रकृति हो । परन्तु हे महाबाहु अर्जुन ! जसद्वारा यो जगत् धानिएको छ, त्यो यसदेखि भिन्न जीवरूपी मेरो परा (चेतन) प्रकृति हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

साङ्ख्य दर्शनमा जसलाई 'मूल प्रकृति' भनेको छ, त्यसैलाई वेदान्त दर्शनमा 'माया' भनेको छ। यो सांङ्ख्य दर्शनका रीतबाट प्रकृति र विकृति गरेर २४ प्रकारको छ। पहिलो १ प्रकृति, दोश्रो ७ प्रकारको प्रकृति र विकृति, तेश्रो १६ प्रको केवल विकृति छ।

जस्तै—

मूलप्रकृतिरविकृतिर्महदाद्याः प्रकृतिविकृतयः सप्त।
षोडशकस्तु विकारो न प्रकृति र्न विकृतिः पुरुषः॥
(सां० का० ३)

मूल प्रकृति अनादि अर्थात् उत्पत्तिरहित हुनाले त्यो कसैको पनि विकार होइन, किन्तु केवल प्रकृति मात्र हो। महत्तत्त्व, अहङ्कार, पञ्च तन्मात्रा यी पूर्व २ का प्रति विकृति, उत्तर २ का प्रति प्रकृति छन्। जस्तै—प्रधान प्रकृतिबाट महत्तत्त्व उत्पन्न भएको हुनाले प्रधानका अपेक्षाले महत्तत्त्व विकृति छ, महत्तत्वबाट अहङ्कार उत्पन्न भएको हुनाले अहङ्कारका अपेक्षा त्यही महत्तत्त्व प्रकृति पनि छ। एवंप्रकार अहङ्कार र पञ्चतन्मात्रा (सूक्ष्म आकाश, वायु, तेज, जल, पृथ्वी) समेत ७ प्रकृति-विकृति छन्। कर्मेन्द्रिय ५, ज्ञानेन्द्रिय ५, स्थूल पञ्च महाभूत ५ र मन यी १६ केवल विकृति छन् अर्थात् यीनबाट अरू तत्त्वहरू उत्पन्न भएका छैनन्। पञ्चतन्मात्राबाट ५ भूत, अहङ्कारबाट मन र इन्द्रियहरू उत्पन्न भएका छन्। यहाँ अपरा प्रकृति भनेको मूलप्रकृति, महत्तत्त्व, अहङ्कार तथा पञ्चतन्मात्रा यिनै ८ लाई लिएर हो। यसैले 'भूमिराप' आदि शब्दले सूक्ष्म भूत, मन र बुद्धिले महत्तत्त्व र प्रकृति लिनुपर्दछ।

परमात्माका दुई शक्ति छन्—जडशक्ति र चैतन्यशक्ति। जडशक्ति ८ प्रकारको छ, जसको वर्णन माथि भयो। जड हुनाले नै यसलाई अपरा अर्थात् गौण भनेको छ। अर्को जीवरूपी प्रकृति चेतन हुनाले परा अर्थात् मुख्य छ, जसलाई साङ्ख्य दर्शनमा 'पुरुष' भनेको छ। प्रकृतिबाट जगत्सृष्टिको तत्त्व साङ्ख्य-दर्शनका अनुसार गीतालाई मान्य छ। फरक यत्ति हो कि साङ्ख्यदर्शनमा जगत्सृष्टिका निम्ति प्रकृति स्वतन्त्र छ, गीतामा त्यही प्रकृति ईश्वराधीन छ (९-१०) ॥४-५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

अन्वयार्थः

सर्वाणि	=	सम्पूर्ण	अहम्	=	म
भूतानि	=	प्राणीहरू	कृत्स्नस्य	=	सम्पूर्ण
एतद्योनीनि	=	यी दुई प्रकृतिबाट उत्पन्न हुन्छन्	जगतः	=	जगत्को
			प्रभवः	=	उत्पत्तिकर्ता
इति	=	यस्तो	तथा	=	तथा
उपधारय	=	जान	प्रलयः	=	संहारकर्ता हुँ

सरलार्थ

सम्पूर्ण भूतवर्ग यिनै अपरा र परा दुई प्रकृतिबाट उत्पन्न हुन्छन्, म दुवै प्रकृतिको मूल हुनाले समस्त विश्वको उत्पत्ति र प्रलय मबाटै हुन्छ, यस्तो जान।

तात्पर्य

विश्वमा जो जति स्थावर-जङ्गम-जीव जगत् छ, त्यो सबै यिनै दुई अपरा र परा प्रकृतिका सम्बन्धबाट उत्पन्न भएको छ र स्थिति र प्रलय पनि हुन्छ। किन्तु यी दुई प्रकृति परमेश्वरकै अंशरूप हुनाले समस्त विश्वको आदि कारण तथा स्थिति-प्रलयको आधार समेत परमेश्वरै हुनुहुन्छ ॥६॥

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय! ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	सूत्रे	=	धागोमा
मत्तः	=	मदेखि	मणिगणाः इव	=	मणिहरू झैं
परतरम्	=	पर	इदम्	=	यो (विश्व)
अन्यत्	=	अरू	सर्वम्	=	सबै
किञ्चित्	=	केही	मयि	=	ममा
न अस्ति	=	छैन	प्रोतम्	=	उनिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! मदेखि पर अरू केही छैन । धागोमा उनिएका मणिहरू झैं यो सबै विश्व ममा उनिएको छ ।

तात्पर्य

माथि वर्णन गरिएका दुई प्रकृतिद्वारा बनेको या खडा भएको समस्त विश्व-रूप कार्य आफ्नू कारण प्रकृतिदेखि भिन्न छैन । त्यो प्रकृति ईश्वरकै अंशरूप हुनाले अंशी ईश्वरदेखि भिन्न छैन । जसरी अंशीरूप पटमा अंशरूप तन्तुहरू ओत-प्रोत (ताना-बाना) भएका छन्, त्यसैगरी अंशीरूप परमात्मामा यो विश्व ओत-प्रोत छ । अथवा मणि-सूत्रका दृष्टान्तले जसरी अनेक मणिका दानाहरूमा एउटै धागो उनिएको छ, या कपडाको तानामा बाना उनिएको छ, त्यसैगरी समस्त जगत्को मूल हुनाले परमात्मामा चराचर विश्व ग्रथित भएको छ । तात्पर्य यो हो कि परमेश्वर समस्त विश्वमा गहनाहरूमा सुन झैं व्याप्त हुनुहुन्छ ॥७॥

उक्त व्यापकतामा उदाहरणहरू—

रसोऽहमप्सु कौन्तेय ! प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	प्रणवः	=	ॐकार
अहम्	=	म	खे	=	आकाशमा
अप्सु	=	जलमा	शब्दः	=	शब्द
रसः	=	रस	नृषु	=	पुरुषमा
शशिसूर्ययोः	=	चन्द्र र सूर्यमा	पौरुषम्	=	पुरुषत्व
प्रभा	=	प्रकाश	अस्मि	=	हुँ
सर्ववेदेषु	=	सम्पूर्ण वेदमा			

सरलार्थ

हे अर्जुन ! म जलमा रस, चन्द्र-सूर्यमा प्रभा, सम्पूर्ण वेदमा ॐकार, आकाशमा शब्द तथा पुरुषमा पुरुषत्व हुँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जलमा रसै मुख्य वस्तु हो, रसहीन भएको जलै हुँदैन। जलको सृष्टि हुनुभन्दा पहिले रसतन्मात्राको सृष्टि भएको थियो, पछि त्यसैबाट स्थूल जलको सृष्टि भयो। त्यसकारण जलमा प्रधान रसै हो, रस 'भगवान्' हुनुहुन्छ। एवंप्रकार चन्द्र र सूर्यमा प्रभा नै मुख्य छ, प्रभाहीन सूर्य-चन्द्रको गणना एउटा फलाम या ढुङ्गाको चट्टानबराबर छ, प्रभा भगवान्को स्वरूप हो। यस्तै समस्त वेदमा प्रणव (ॐ) मुख्य छ, किनकि पहिले ॐकार मात्रै थियो, पछि त्यसैबाट सम्पूर्ण वेदको सृष्टि भयो। उपनिषद्मा लेखिएको छ—'तद्यथा शङ्कुना सर्वाणि पर्णानि संतृण्णाण्येवमोङ्कारेण सर्वा वाक्' (छां,२-२३-३)–जस्तै डाँठले पात [1]आच्छादित छ, त्यस्तै ॐकारले सबै वाणीहरू। एवं प्रकार आकाशमा सारभूत शब्द र पुरुषमा सारभूत पुरुषत्व या पुरुषार्थ भगवान्को विभूति हो ॥८॥

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

अन्वयार्थः

पृथिव्याम्	=	पृथ्वीमा	सर्वभूतेषु	=	सम्पूर्ण भूतमा
पुण्यः	=	पवित्र	जीवनम्	=	जीवन
गन्धः	=	गन्ध	तपस्विषु च	=	तथा तपस्वीहरूमा
विभावसौ च	=	तथा अग्निमा	तपः	=	तपस्या
तेजः	=	तेज	अस्मि	=	हुँ

सरलार्थ

म पृथ्वीमा सुगन्ध, अग्निमा तेज, सम्पूर्ण भूतमा जीवन या प्राणशक्ति तथा तपस्वीहरूमा तप हुँ।

तात्पर्य

सामान्य गन्धगुण भएको पृथ्वीमा उत्तम र श्लाघ्य हुनाले सुगन्ध नै सार तथा ईश्वरीय विभूति हो, दुर्गन्ध प्रायः प्राणीहरूका संसर्गद्वारा उत्पन्न विकार

१. व्याप्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। अग्निमा तेज मुख्य छ, तेज नभएको अग्नि नै सिद्ध हुँदैन। यसैले अग्निमा तेज ईश्वरीय विभूति हो। एवंप्रकार समस्त प्राणीमात्रमा जीवन मुख्य छ, किनकि जीवन नभएको प्राणी नै हुँदैन। अतः प्राणीहरूको सार जीवन ईश्वरीय विभूति हो। तपस्यारूप धर्म या गुणले नै मनुष्य तपस्वी कहलाउँछ, अतः तपस्वीमा तपै सार हो, यही ईश्वरीय विभूति हो ॥९॥

बीजं मां सर्वभूतानां विद्धि पार्थ ! सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अहम्	=	म
माम्	=	मलाई	बुद्धिमताम्	=	बुद्धिमान्हरूको
सर्वभूतानाम्	=	सम्पूर्ण प्राणीको	बुद्धिः	=	बुद्धि
सनातनम्	=	चिरन्तन	तेजस्विनाम्	=	तेजस्वीहरूको
बीजम्	=	बीज	तेजः	=	तेज
विद्धि	=	जान	अस्मि	=	हुँ

सरलार्थ

हे अर्जुन ! मलाई सकल भूतवर्गको सनातन बीज जान। म बुद्धिमान्को बुद्धि तथा तेजस्वीको तेज हुँ।

तात्पर्य

जस्तै बीज वृक्षको कारण हुनाले त्यसबाट वृक्षको उत्पत्ति र वृद्धि हुन्छ, त्यस्तै सकल प्राणीरूपी अश्वत्थ वृक्षको सनातन बीज भगवान् हुनुहुन्छ। यो विश्वरूपी वृक्ष पुरानो भएर नाश भए पनि यसको बीज कहिल्यै नाश हुँदैन। यसैले यस विश्ववृक्षका अनादि कालदेखि अनन्त कालसम्म सृष्टि-प्रलयहरू भइ-रहन्छन्। बुद्धिमान्मा रहेको कार्याकार्यविवेचन शक्तिको नामै बुद्धि हो, यसले गर्दा ऊ बुद्धिमान् कहलाउँछ, यही बुद्धिमान्को सार हो, यही उसको सर्वस्व हो, यो ईश्वरीय विभूति हो। तेज आत्मगौरवलाई रक्षा गर्ने र अनीतिलाई दमन गर्नसक्ने एक प्रकारको गुण हो, जसले गर्दा उसलाई अरूले हेप्नसक्तैनन्। यो तेजस्वीको तेज ईश्वरीय विभूति हो ॥१०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलं बलवतां चाहं कामरागविवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ! ॥११॥

अन्वयार्थः

भरतर्षभ !	=	हे अर्जुन !	भूतेषु	=	प्राणीहरूमा
अहम्	=	म	धर्माविरुद्धः	=	धर्ममा विरोध नभएको
बलवताम्	=	बलवान्हरूको	कामः	=	काम
कामरागविवर्जितम्	=	काम र रागले रहित	अस्मि	=	हुँ
बलम्	=	बल हुँ			

सरलार्थ

हे अर्जुन ! म बलवान्मा काम र रागले रहित भएको बल हुँ, तथा समस्त प्राणीमा धर्मका साथ विरोध नपर्ने काम हुँ ।

तात्पर्य

कामवासना र विषयासक्तिरहित भएको बलवान्को बल ईश्वरीय विभूति हो । बललाई 'कामवासना' र 'विषयासक्तिरहित' विशेषण दिनाको तात्पर्य के भने—वासना र आसक्ति भएको बलवान् व्यक्ति लोकमा भयङ्कर हुन्छ, किनभने उसले आफ्नू बलको दुरुपयोग गर्दछ, निर्धाहरूको रक्षा गर्नुको सट्टा उल्टो तिनलाई दुःख दिन्छ, अन्यायले अरूको धन-जनहरण गरेर आफ्नू वासनापूर्ति गर्नखोज्दछ । जसको बल भएर देशरक्षा र परोपकारमा काम लाग्दैन, त्यो बल 'बल' होइन, भार हो । प्रवृत्तिको मूल काम हो, संक्षेपमा जसलाई 'इच्छा' भन्नसकिन्छ । इच्छापूर्ति या कामनापूर्ति अथवा स्वार्थसाधन गर्नु कुनै खराब कुरो होइन ; किनकि यो प्राणीमात्रको जन्मसिद्ध अधिकार हो । किन्तु यो धर्मविरुद्ध हुन हुँदैन अर्थात् यो कुरा बराबर सतर्क भएर याद राख्नुपर्छ कि—आफ्नू स्वार्थ या कामनापूर्ति गर्दा अरूको स्वार्थमा बाधा नपरोस् । यही मर्यादित कामप्रवृत्ति नै धर्मअविरुद्ध काम हो जो विभूति हुनाले ईश्वरसम्मत छ ॥ ११ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संक्षिप्त विभूतिको उपसंहार—

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

अन्वयार्थः

ये च एव	=	जो अरू पनि	इति	=	यस्तो
सात्त्विकाः	=	सात्त्विक	विद्धि	=	जान
भावाः	=	भाव	तु	=	परन्तु
ये	=	जो	अहम	=	म
राजसाः	=	राजस भाव	तेषु	=	तिनीहरूमा
तामसाः च	=	तथा तामस भाव छन्	न	=	छैन
			ते	=	तिनीहरू
तान्	=	तिनीहरूलाई	मयि	=	ममा छन्
मत्तः एव	=	मैबाट भएका			

सरलार्थ

जो अरू पनि शम-दमादि सात्त्विक भाव, काम-क्रोधादि राजस भाव, तथा मोह-जडतादि तामस भाव छन्, ती सबैलाई मैबाट उत्पन्न भएका जान । परन्तु म ती भावहरूमा छैन, ती ममा छन् ।

तात्पर्य

प्रकृति परमात्माको शक्ति या उपाधि हो, यो त्रिगुणात्मिका छ । त्यस कारण संसारमा जे-जे वस्तु उत्पन्न हुन्छन् ती सबै त्रिगुणात्मकै हुन्छन् । प्रकृतिको सञ्चालक परमेश्वर हुनाले शास्त्रले सबैको उत्पादक परमेश्वरलाई नै मानेको छ— 'यतो वा इमानि भूतानि जायन्ते' (तै. ३ १-१)—जसबाट यी भूतहरू पैदा हुन्छन् । 'जन्माद्यस्य यतः' (ब्र.सू. १-१-२)—जसबाट यस जगत्को जन्मादि हुन्छ। इत्यादिबाट प्रधान, काल, स्वभाव, नियति, तथा यदृच्छा आदि अचेतन हुनाले जगत्का स्वतन्त्र कारण सिद्ध हुँदैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद्यपि परमात्मा जगत्को उपादान हुनाले सबैमा मणिसूत्र जस्तै व्याप्त हुनुहुन्छ, तथापि परमात्माको आधार जगत् छैन, बरू परमात्माको एक अंशमा जगत् रहेको हुनाले (१०-४२) जगतै परमात्माको आधारमा छ भन्ने तात्पर्य 'न त्वहं तेषु ते मयि' यस वाक्यको हो ॥१२॥

जीव प्रायः अज्ञानी हुनाको कारण—

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

अन्वयार्थः

एभिः	=	यी	ज	=	विश्व
त्रिभिः	=	तीन	एभ्यः	=	यिनीहरूदेखि
गुणमयैः	=	गुणमय	परम्	=	पर
भावैः	=	भावहरूले	अव्ययम्	=	निर्विकार
मोहितम्	=	मोहित	माम्	=	मलाई
इदम्	=	यो	न अभिजानाति	=	जान्दैन
सर्वम्	=	सबै			

सरलार्थ

यी तीन गुणमय भावले मोहित भएको यो समस्त जगत् यो भावदेखि पर रहेको निर्विकारस्वरूप मलाई जान्दैन ।

तात्पर्य

गुणको अर्थ संस्कृतमा डोरो पनि हुँनसक्छ । जस्तै तीनोटा डोरी मिलाएर बाटेको डोरी तीन गुने हुन्छ र बाँध्नलाई बलियो पनि हुन्छ, त्यस्तै माया पनि सत्व, रज, तम यी तीन गुणले युक्त हुनाले जीवलाई बाँध्न बलियो छ । यसद्वारा बद्ध भएको जगत् यसदेखि पर अविनासी परमात्मालाई जान्नसक्तैन । परमात्माको शुद्ध स्वरूप यो मायामय भावदेखि पर छ ॥१३॥

दुस्तर माया र त्यसबाट तर्ने उपाय—

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

हि	=	किनभने	ये	=	जो
एषा	=	यो	माम् एव	=	मेरै
गुणमयी	=	गुणस्वरूप	प्रपद्यन्ते	=	शरणमा आउँदछन्
दैवी	=	दिव्य	ते	=	तिनीहरू
मम	=	मेरो	एताम्	=	यो
माया	=	माया	मायाम्	=	मायालाई
दुरत्यया	=	दुस्तर छ	तरन्ति	=	तर्दछन्

सरलार्थ

किनकि मेरो यो त्रिगुणात्मिका, दिव्य माया [1]दुस्तर छ। जो मेरो शरणमा आउँदछन्, ती यस मायालाई तर्दछन्।

तात्पर्य

शाङ्ख्य शास्त्रमा बताइएको त्रिगुणात्मिका प्रकृति नै गीता र वेदान्तमा 'माया' हो। श्वेताश्वतर श्रुतिमा लेखिएको छ—'मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्' (श्वे. ४-१०)—मायालाई प्रकृति, मायावालालाई महेश्वर जानोस्। माया जसको छ उसलाई 'मायी' अर्थात् मायावाला भन्दछन्। यसैले यहाँ मायालाई 'दैवी' विशेषण दिएको छ—'दीव्यति स्वयं प्रकाशते इति देवः, देवस्य इयम् दैवी' अर्थात् परमेश्वरको अलौकिक शक्तिको नाम 'माया' हो। बडे २ नारद, जैमिनि, मार्कण्डेय आदि ऋषिहरू पनि यस दैवी मायाको चक्करमा परेको उदाहरण पुराणहरूमा लेखिएको छ। मायामा विचारवान्को चित्तलाई पनि जबर्जस्ति खिचेर जालमा फँसाउने तागत छ। शप्तशतीमा लेखिएको छ—

ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा।
बलादाकृष्यमोहाय महामाया प्रयच्छति॥ (१-५६)

देवी भगवती महामाया ज्ञानीहरूको चित्तलाई पनि जबर्जस्ति खिचेर मोहजालमा फँसाइदिन्छिन्। माया भनेको एउटा अद्भुत जादू या इन्द्रजाल जस्तै हो, यसमा मनुष्यको बुद्धिलाई मुग्ध गराउने गुण छ। यसैले श्लोकमा 'दुरत्यया'

---

१. तर्न कठिन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो विशेषण दिएको छ। मायाजालबाट मुक्त हुने उपाय यो हो कि जो यस मायाको अधिपति छ उसको शरणमा जानु। जादूगरको शरणमा गएपछि जादूले अवश्यै छोड्दछ। अतएव भगवत्-शरणागति नै माया-महोदधि पार हुने सजिलो उपाय हो, यसमा केही सन्देह छैन। यस कुराको आश्वासन १२–७ मा भगवान्‌ले दिनुभएको पनि छ। यही वैष्णवी माया नै महामाया जगज्जननी हुन्। १४–३, ४ मा स्वयं भगवान्‌ले भन्नुभएको छ—'माया या प्रकृति जगज्जननी हुँन्, म जगत्पिता हुँ'।

यहाँ एउटा कुरा स्मरणीय छ कि—यिनै महामाया नै देवी, दुर्गा, काली आदि हुन्, जसका मूर्तिमा मनुष्यले उनका करोडौं निरीह पुत्रहरूको निर्मम हत्या महामायाको कृपादृष्टिको निम्ति गर्दछ। यसमा केही असंभव छैन कि साँच्चै नै जगदम्बा भए कृपादृष्टिको बदला त्यसको विरुद्ध दृष्टि नपरोस्।

कसैले महामायाको विषयमा शंका गर्दछन् कि—माया जड छ, ईश्वर चेतन। ईश्वर चेतन हुनाले भक्तलाई अनुग्रह र दुष्टलाई निग्रह गर्नसक्छ, परन्तु देवीलाई पनि जड-माया मान्ने हो भने शास्त्रमा बताएको उक्त कुरा हरू असंभव होलान्।

प्रश्न ठीक छ, जसरी जड मायाबाट निग्रहानुग्रह हुनसक्तैनन्, त्यसैगरी माया-रहित शुद्ध चेतनबाट पनि उक्त कुराहरू हुनसक्तैनन्। हुन्छ केबाट? नेगाटिभ र पोजिटिभ पावरको आकर्षण र प्रत्याकर्षणको संयोगबाट बिजुली बत्ती बले झैं ईश्वर र मायाको पारस्परिक गुणाधानरूप संयोग भएपछि संयोगी ईश्वर र प्रकृति दुवैबाट हुन्छ। तात्पर्य यो हो कि ईश्वर र मायाको परस्पर मिलनद्वारा मायाका समस्त गुणहरू ईश्वरमा, ईश्वरको चैतन्यधर्म, मायामा आदान-प्रदान हुन्छन् र एउटा ईश्वर, एउटी ईश्वरी हुन्छिन्। यो दुवैबाट एउटै कार्य हुन्छ अर्थात् जो ईश्वरबाट हुन्छ, त्यही ईश्वरीबाट पनि हुन्छ। अतएव 'दीव्यति स्वयं प्रकाशते' इति देवी अर्थात् जो स्वयंप्रकाश चैतन्य हो त्यही देवी हो। केवल जडमाया या प्रकृतिमात्र देवी हुनशक्तैन। देवीभागवतमा स्वयं देवीले भनेकी छन्—

'अहमेवाऽत्र पूर्वं तु नान्यत्किञ्चन्नगाधिप।।
तदात्मरूपचित्संवित्परब्रह्मैकनामकम् ॥

(दे० गी० २–२)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे पर्वतराज ! यो सृष्टिभन्दा पहिले मैं थिएँ, अरू कोही थिएन। जो सबैको आत्मरूप चैतन्य ज्ञान हो, जसलाई परब्रह्म भन्दछन् , त्यो म हुँ। एवंप्रकार भगवान् पनि चैतन्यस्वरूप ब्रह्म नै हुनुहुन्छ, जस्तो भगवती छन्। फरक केवल सत्ता र शक्तिको प्राधान्य र गौणतामा छ। अर्थात् सत्ता प्रधान भएर भगवान, शक्ति प्रधान भएर भगवती हुनुछिन्। वस्तुतः यी दुईको सम्बन्ध अग्नि र उष्णताको जस्तै छ ॥१४॥

मायाले नै गर्दा जीव ईश्वरदेखि पराङ्मुख हुन्छ—

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥

अन्वयार्थः

दुष्कृतिनः	=	पापी	भावम्	=	भावमा
मूढाः	=	मूढहरू	आश्रिताः	=	रहेका
मायया	=	मायाले	नराधमाः	=	अधम मनुष्यहरू
अपहृतज्ञानाः	=	ज्ञान नष्ट भएका	माम्	=	मेरो
आसुरम्	=	आसुरी	न प्रपद्यन्ते	=	शरणमा आउँदैनन्

सरलार्थ

कुकर्मी, मूढ, मायाद्वारा बुद्धि नष्ट भएका तथा दंभ, दर्प, हिंसादि आसुरी भावमा ग्रस्त भएका अधम कोटिका मनुष्यहरू मेरो शरणमा आउँदैनन्।

तात्पर्य

जसको अधीनमा त्रिलोकमोहकारिणी माया छ, त्यही माया जसको एक इसारामा कठपुतली झैं नाच्दछे, उनै मायाधीश प्रभुका शरणमा जानाले मायाका प्रभावबाट बच्नसक्दछ औ अनायासै संसारसिन्धु पार हुनसक्दछ, तथापि विरला-कोटि भाग्यवान् व्यक्तिको मात्रै मायासिन्धु तर्ने इच्छा हुन्छ। यसको कारण के भने—जहाँसम्म पुण्यसंस्कारद्वारा पापसंस्कार क्षय हुँदैन, त्यहाँसम्म जीव-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई शुभ मार्गमा प्रवृत्ति हुँदैन । यही अध्यायका २८ श्लोकमा भन्नुभएको छ—जो पुण्यात्माहरूको पाप नष्टभएको छ, ती द्वन्द्व मोहबाट छुटेका दृढव्रत भएर मेरो भजन गर्दछन् । विष्णुधर्ममा पनि लेखिएको छ—

जन्मान्तरसहस्रेषु तपोज्ञानसमाधिभिः ।
नराणां क्षीणपापानां कृष्णे भक्तिः प्रजायते ॥
(पा० गी० ४० नारद)

हजारौं जन्ममा गरिएका तप 'ज्ञान' समाधिद्वारा दुष्कर्महरू क्षीण भएपछि-मात्रै श्रीकृष्णमा भक्तिको जागृति हुन्छ । अतः जो दुष्कर्मकारी एवं मूढ छन्, जसका चित्तमा काम, क्रोध, हिंसादि आसुर भावको पूरा प्रभाव छ, जसका विवेकदृष्टि मायाका अन्धकारले छोपिएका छन्, यस्ता अधम कोटिका मनुष्यहरू कहिले पनि परमेश्वरको शरण लिंदैनन् ॥१५॥

चार प्रकारका भक्तहरू—

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ! ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ! ॥१६॥

अन्वयार्थः

भरतर्षभ !	=	हे अर्जुन !	चतुर्विधाः	=	चार प्रकारका
आर्तः	=	पीडित	सुकृतिनः	=	पुण्यात्मा
जिज्ञासुः	=	जान्न इच्छा गर्ने	जनाः	=	जनहरू
अर्थार्थी	=	अर्थको इच्छा भएको	अर्जुन !	=	हे अर्जुन !
ज्ञानी च	=	तथा ज्ञानी	माम्	=	मलाई
			भजन्ते	=	भज्दछन्

सरलार्थ

हे भरतवंशमा श्रेष्ठ अर्जुन ! आर्त (दुखमा पुकार्ने), जिज्ञासु (ज्ञानको इच्छा गर्ने), अर्थार्थी (धन पुत्रादि अर्थको चाहना भएको , औ ज्ञानी) भगवान्लाई आफ्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मरूपले चिनेको) जम्मा यी ४ प्रकारका पुण्यात्मा भक्त जनहरू मेरो भजन गर्दछन् ।

तात्पर्य

श्रीभगवान्‌ले पुण्यात्मा भक्तहरूलाई आर्त, जिज्ञासु, अर्थार्थी, ज्ञानी यी चार कोटिमा विभक्त गराउनुभएको छ । ग्राहग्रस्त गजेन्द्र, दौपदी आदि आर्त कोटिका, मुचुकुन्द, जनक, श्रुतदेव, उद्धव आदि जिज्ञासु कोटिका, सुग्रीव, विभीषण, उपमन्यु, ध्रुव आदि अर्थार्थी कोटिका तथा प्रह्लाद, नारद, पृथु, शुक, सनकादि ज्ञानी कोटिका भक्त थिए । यसमा पनि सकाम र निष्काम दुई कोटि गर्दा आर्त, जिज्ञासु र अर्थार्थी सकाम कोटिमा, ज्ञानी निष्काम कोटिमा पर्दछ । हुनत यी तीनै प्रकारका सकाम भक्त आखिर मायासिन्धु अवश्य तर्दछन्, तर जिज्ञासु ज्ञान प्राप्त भएर, आर्त र अर्थार्थी पहिले जिज्ञासु कोटिमा आएर पछि ज्ञानप्राप्तिद्वारा तर्दछन्, यत्ति भेद हो । ज्ञानी स्वयं मायामय समुद्र पार भएको हुनाले प्रभुलाई अद्वैत भावले भज्दछ ॥१६॥

यी चार भक्तमा श्रेष्ठ भक्त—

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥

अन्वयार्थः

तेषाम्	=	ती चारमा	अहम्	=	म
नित्ययुक्तः	=	निरन्तर मैमा लागेको	ज्ञानिनः	=	ज्ञानीको
			अत्यर्थम्	=	अत्यन्त
एकभक्तिः	=	अनन्य भक्त	प्रियः	=	प्रिय छु
ज्ञानी	=	ज्ञानी	सः च	=	त्यो पनि
विशिष्यते	=	श्रेष्ठ छ	मम	=	मेरो
हि	=	किनभने	प्रियः	=	प्रिय छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

ती चार मध्येमा अखण्ड तथा अनन्य भक्त हुनाले ज्ञानी सबैभन्दा श्रेष्ठ छ। किनकि म ज्ञानीको अत्यन्तै प्रिय छु तथा ज्ञानी पनि मेरो त्यस्तै प्रिय छ।

तात्पर्य

संसारमा सबैभन्दा प्रिय आफ्नू आत्मा हुन्छ, 'आत्मार्थे पृथिवीं त्यजेत्।' ज्ञानीले परमेश्वरलाई नै आफ्नू आत्मा ठानेको हुनाले उसको प्रेमको तारतम्य गएर परमेश्वरमै समाप्त भएको हुन्छ। लौकिक विचारबाट हेर्दा परमेश्वरलाई पनि आफ्नू आत्मा त्यत्तिकै प्रिय होला जत्तिको हामीलाई हाम्रो आत्मा हुन्छ। अब मीमांसा यो छ कि—ज्ञानीको आत्मा परमेश्वरको आत्मामा दूधमा जल मिले झैं एक मेल भइसकेको छ, यस दशामा परमेश्वरलाई पनि ज्ञानीजत्तिको प्रिय अर्को छैन भन्नु बिल्कुलै युक्ति-सङ्गत ठहर्छ; किनकि ज्ञानी परमेश्वरको आत्मादेखि भिन्न छैन। व्यवहारमा पनि धन-द्रव्य चाहनेलाईभन्दा आँफूलाई चाहने प्रेमी कहलाउँछ। यस्तै निष्काम आत्माराम ज्ञानी हुन्छन्। उनको दृष्टिमा प्रभुदेखि बाहेक सब संसार तस्विरले लगाएको लुगामा वस्त्राभास जस्तो मात्र देखिन्छ, फेरि कामना केको? यसैलाई श्रीभद्भागवतमा निर्गुण भक्ति भनिएको छ—

मद्गुणश्रुतिमात्रेण मयि सर्वगुहाशये।
मनोगतिरविच्छिन्ना यथा गङ्गाम्भसोऽम्बुधौ॥
लक्षणं भक्तियोगस्य निर्गुणस्य ह्युदाहृतम्।
अहैतुक्यव्यवहिता या भक्तिः पुरुषोत्तमे॥
(३-२९-११, १२)

मेरा गुणहरूको श्रवणमात्रले समस्त प्राणीको हृदयनिवासी ममा स्वभावैले समुद्रगामिनी गङ्गाको धारा झैं निरन्तर दौडने मनको गति निर्गुण भक्तियोगको लक्षण हो, जो भक्ति अहैतुकी र [1]अविच्छिन्न छ। शान्ति पर्वमा लेखिएको छ—

१ अखण्ड

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्विधा मम जना भक्ता एवं हि मे श्रुतम् ।
तेषामेकान्तिनः श्रेष्ठा ये चैवानन्यदेवताः ॥
अहमेव गतिस्तेषां निराशीः कर्मकारिणाम् ।
ये च शिष्टास्त्रयो भक्ताः फलकामा हि ते मताः ॥
सर्वे च्यवनधर्मास्ते प्रतिबुद्धस्तु श्रेष्ठभाक् ॥
(३४१।३३-३५)

चार प्रकारका भक्तहरूमा जो एकान्ती तथा अनन्यभक्त हुन् तिनै श्रेष्ठ छन् औ निष्काम कर्म गर्ने ती भक्तको म नै सर्वोपरि प्राप्तव्य छु । बाँकि जो तीन आर्त, जिज्ञासु तथा अर्थार्थी भक्त छन् ती फलकामी हुनाले तिनको गिर्ने संभावना छ, ज्ञानी सबै भक्तमा श्रेष्ठ कहिन्छ ॥ १७ ॥

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥

अन्वयार्थः

एते	=	यी	हि	=	किनभने
सर्वे एव	=	सबै	युक्तात्मा	=	युक्तचित्त
उदाराः	=	श्रेष्ठ छन्	सः	=	ज्ञानी
तु	=	किन्तु	अनुत्तमाम्	=	उत्तम
ज्ञानी	=	ज्ञानी	गतिम्	=	गतिरूप
मे	=	मेरो	माम् एव	=	मैमा नै
आत्मा एव	=	आत्मा नै	आस्थितः	=	रहेको छ
मतम्	=	मानिएको छ			

सरलार्थ

हुनत यी चारै प्रकारका भक्तहरू उत्तम छन्, तथापि ज्ञानी भक्त मेरो आत्मा नै हो । किनभने ममा सदा मन लगाएको ज्ञानी सर्वोत्तम गतिरूप मैमा सदा रहेको हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

श्रीभगवान्को भन्नाको आशय के भने जे भावले भजे तापनि अरू देवताहरूलाई छोडेर मेरो भजन गर्ने ती सबै मेरा प्रिय छन् , किन्तु ज्ञानी मेरो आत्मा नै भएको हुनाले र सदा मैमा स्थित हुनाले यति प्यारो छ भनेर प्रेमको मात्रा बताउनसक्दिन । मेरो प्रेमको तारतम्य हुनाको तात्पर्य के भने भावनानुसारको फल मैले अवश्य दिनपर्दछ, नत्र कृतज्ञको बदला कृतघ्न हुनेछु ; यसमा मेरो केही पक्षपात छैन ।

ठीक हो, जस्तै कसैका चार छोरा हुन्छन् , तिनीहरूले भिन्न २ कार्यद्वारा पिताको सेवा गर्दछन्, पिताको ती सबै पुत्रका प्रति बराबर प्रेम हुन्छ ; किन्तु जो पुत्र पिताका प्रति आफ्नू शरीर समेत अर्पण गर्न तत्पर हुन्छ, त्यसका उपर पिताको प्रेम विशेष हुनु स्वाभाविक हो । जस्तै ययाति राजाको कान्छो छोरो पुरूका प्रति भएको थियो (श्री. भा. ९-१८) । यही दृष्टान्तले परमेश्वरलाई पिता रूपमा, जीवहरूलाई पुत्ररूपमा ठहऱ्याउन र प्रेमको तारतम्य समेत बुझ्नसकिन्छ ॥१८॥

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

अन्वयार्थः

ज्ञानवान्	=	ज्ञानी	माम्	=	मलाई
बहूनाम्	=	धेरै	प्रपद्यते	=	पाउँद छ
जन्मनाम्	=	जन्मका	सः	=	त्यो
अन्ते	=	पछाडि	महात्मा	=	महात्मा
वासुदेवः सर्वम्	=	सबै वासुदेव हो	सुदुर्लभः	=	अत्यन्त दुर्लभ छ
इति	=	यस्ता प्रकारले			

सरलार्थ

धेरै जन्मका अन्तमा 'वासुदेवः सर्वम्' यस्तो ज्ञान भएपछि ज्ञानी अद्वैत ब्रह्मरूप मैमा प्राप्त हुन्छ, त्यो महात्मा दुर्लभ छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

'अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम्' (६-४५) यस रीतले जन्मैपिछे अलि २ पुण्यसंस्कार एकत्रित भएपछि जब राम्ररी दुष्कर्मको क्षय हुन्छ, अनि 'कर्मान्ते ज्ञानमुद्भवेत्' (वे. सि. सा. सं.) यस शङ्कर-उक्ति अनुसार ज्ञानप्राप्तिको साक्षात्साधन चरम (अन्तिम) शरीर मिल्दछ। यसैले श्लोकमा 'अन्ते' भनेको छ। त्यही शरीरमा जडभरतलाई जस्तै समस्त चराचरमा अद्वैत ब्रह्मज्ञान भएर 'सकलमिदमहञ्च वासुदेवः परमपुमान्परमेश्वरः स एकः'—सम्पूर्ण यो चराचर औ म एक परम पुरुष परमेश्वर वासुदेवदेखि भिन्न छैन, यस्तो विशाल दृष्टि हुन्छ र अन्तमा त्यो भक्त परमेश्वरको असली स्वरूपमा तन्मय हुन्छ। किन्तु यस्ता महात्मा हजारौंमा कोही एक मिल्न पनि कठिन छ। वासुदेवको व्युत्पत्ति म.भा.शां. ३४१-४० मा स्वयं भगवान्‌ले गर्नुभएको छ—'सर्वभूताधिवासश्च वासुदेवस्ततो ह्यहम्' म प्राणी मात्रमा निवास गर्दछु, त्यसकारण मलाई वासुदेव भन्दछन् ॥१९॥

यदि सर्वत्र एउटै परमेश्वर छन् भने जगत् किन भिन्न २ देवी-देवताको उपासना गर्दछ, औ यस्ता उपासकहरूलाई के फल मिल्दछ ?—

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

अन्वयार्थः

तैः-तैः	=	ती-ती	तम्-तम्	=	त्यस-त्यस
कामैः	=	कामनाहरूले	नियमम्	=	नियमलाई
हृतज्ञानाः	=	नष्टबुद्धि भएका	आस्थाय	=	आश्रय गरेर
स्वया	=	आफ्नू	अन्यदेवताः	=	अरू देवतालाई
प्रकृत्या	=	प्रकृतिले	प्रपद्यन्ते	=	भजदछन्
नियताः	=	वशीभूत भएका			

सरलार्थ

विभिन्न कामनाद्वारा नष्टबुद्धि भएका मनुष्यहरू आफ्नै प्रकृतिले वश गराइएका हुनाले कामनानुसारको नियममा रहेर अरू देवताको उपासना गर्दछन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

पहिलेदेखिको संस्कारले गर्दा राजस, तामस प्रकृतिका वशमा परेका मनुष्यहरू परमेश्वरको उपासनालाई त्यागेर अरू इन्द्रादि देवता तथा यक्ष, वीर, वेताल, भूत, प्रेत, श्मसान, डंकिनी, बोक्सी आदिको पूजा स्वर्गप्राप्ति, शत्रुनाश, मारण, मोहन, वशीकरण आदि क्षुद्र एवं अन्तमा विषरूप फलको शीघ्र प्राप्तिका निम्ति नाना प्रकारका वैदिक या आसुरी नियममा रहेर गर्दछन् । यो कुराहरू लोकमा प्रसिद्ध छन् ॥ २० ॥

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

अन्वयार्थः

यः यः	=	जो-जो	तस्य तस्य	=	त्यस-त्यसको
भक्तः	=	भक्त	अहम्	=	म
याम् याम्	=	जुन्-जुन्	ताम् एव	=	त्यही
तनुम्	=	रूपलाई	श्रद्धाम्	=	श्रद्धालाई
श्रद्धया	=	श्रद्धाले	अचलाम्	=	स्थिर
अर्चितुम्	=	पूजा गर्न	विदधामि	=	गर्दछु
इच्छति	=	इच्छा गर्दछ			

सरलार्थ

जो भक्त जुन् रूपको श्रद्धापूर्वक उपासना गर्नचाहन्छ, म त्यसको त्यसैमा अचल श्रद्धा बढाइदिन्छु ।

तात्पर्य

पूर्वसंस्कार भिन्न-भिन्न हुनाले मनुष्यको प्रकृति पनि भिन्न-भिन्न हुन्छ । अतः कामग्राहले ग्रस्त अविवेकी पुरुष आफ्ना-आफ्ना भावनापूर्तिका निमित्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती-ती देवताको उपासना गर्दछन्, परमेश्वरको गर्दैनन् । किन्तु परमेश्वर सर्वान्तर्यामी तथा विश्वरूप हुनाले सकल देवता, भूत, तथा वीर-वेतालादिमा पनि विराजमान हुनुहुन्छ । यसैले 'न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् (३-२६) यो आफ्नू सिद्धान्तानुसार तिनीहरूलाई त्यतैतिर श्रद्धा बढाइदिनुहुन्छ ॥२१॥

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान् हि तान् ॥२२॥

अन्वयार्थः

सः	=	त्यो	ततः च	=	औ त्यस देवताबाट
तया	=	त्यस	मया एव	=	मैले नै
श्रद्धया	=	श्रद्धाले	विहितान् हि	=	बनाइएका
युक्तः	=	युक्त भएर	तान्	=	ती
तस्य	=	त्यस देवताको	कामान्	=	कामनाहरूलाई
आराधनम्	=	आराधन	लभते	=	पाउँछ
ईहते	=	गर्दछ			

सरलार्थ

त्यो मैले दिएको त्यस श्रद्धाले युक्तभएर त्यस देवताको आराधन गर्दछ, अनि मैले नै सम्पादन गरिएका ती भोगहरूलाई देवता मार्फत पाउँदछ ।

तात्पर्य

जस २ को आराधन गरे तापनि देवता र उपासनाअनुसारको फल दिने भगवानै हुनुहुन्छ । सम्पूर्ण प्राणीहरूले गरेका आफ्ना २ कर्मानुसारको फल दिने हुनाले नै वेदले उहाँलाई 'कर्माध्यक्ष' भनेको छ । भिन्न २ देवताहरू केवल द्वार मात्रै हुन ॥२२॥

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	देवयजः	=	देवताका उपासक
अल्पमेधसाम्	=	अल्पबुद्धि भएका	देवान्	=	देवतालाई
तेषाम्	=	तिनीहरूको	यान्ति	=	पाउँदछन्
तत्	=	त्यो	मद्भक्ताः	=	मेरा भक्तहरू
फलम्	=	फल	माम् अपि	=	मलाई नै
अन्तवत्	=	नाशवान्	यान्ति	=	पाउँदछन्
भवति	=	हुन्छ			

सरलार्थ

किन्तु अल्पज्ञ ती देवोपासकहरूको त्यो फल नाशवान् हुन्छ। देवोपासक देवलोकमा जान्छन्, मेरा भक्तहरू मैमा प्राप्त हुन्छन्।

तात्पर्य

२० को टीकामा बताइएका ती निकृष्ट फलहरू नाशवान् छन् अर्थात् ती-(अन्य देवोपासना)-बाट स्वर्गादि प्राप्ति भए तापनि गी० ९–२१ का अनुसार अन्तमा पतन अवश्यम्भावी छ। अरू शत्रुनाश, वशीकरणादि पनि यस लोकका क्षणिक फल मात्र हुन्; किनकि अल्पबुद्धिले गरेको कार्यको फल कुनै पनि चिर-स्थायी हुँदैन। अन्तमा जस २ को अर्चना-वन्दना गरेका छन् ती तिनैका संघमा मिल्नजान्छन्। जसले भगवान् वासुदेवको सेवा गरेको छ, त्यो सकामै सेवा भए तापनि सकाम फललाई भोग्दै अन्तमा भगवत्कृपाद्वारा निष्काम भएर भगवान्मै प्राप्त हुन्छ। भगवान्ले भन्नुभएकै छ—'न मे भक्तः प्रणश्यति' (९–३१) ॥२३॥

मन्दबुद्धिहरूलाई भ्रान्ति हुनाको कारण—

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अबुद्धयः	=	मन्दबुद्धिहरू	अजानन्तः	=	नजानेर
मम	=	मेरो	अव्यक्तम्	=	अव्यक्त
अव्ययम्	=	अविनाशी	माम्	=	मलाई
अनुत्तमम्	=	उत्तम	व्यक्तिम्	=	व्यक्तिभावमा
परम्	=	श्रेष्ठ	आपन्नम्	=	प्राप्त भएको
भावम्	=	भावलाई	मन्यन्ते	=	मान्दछन्

सरलार्थ

मूढ जनहरू मेरो अविनाशी, सर्वोत्तम तथा श्रेष्ठ रूपलाई नजानेर अप्रकट-रूप मलाई मनुष्यादि रूपमा प्रकट भएको मान्दछन् ।

तात्पर्य

मायाका अधीश्वर श्रीभगवान् योगमायाका सहयोगले मनुष्य, पशु आदि अनेक रूपमा व्यक्त भएजस्तो देखिए तापनि वस्तुतः उहाँ अव्यक्त, निर्गुण, निराकार हुनुहुन्छ । वस्तुतः कृष्णको जो वंशीधर रूप लोकलाई देखिएको थियो त्यो केवल मायामय थियो, वास्तविक थिएन । महाभारतमा लेखिएको छ—

कृष्णमेनमवेहि त्वमात्मानं चाखिलात्मनाम् ।
जगद्धिताय सोऽप्यत्र देहीवाभाति मायया ॥

तिमी यी कृष्णलाई सम्पूर्ण प्राणीहरूको आत्मा जान । उहाँ पनि यो संसारमा जगत्हितका निम्ति मायाद्वारा देहधारी जस्तै देखिनुहुन्छ । रहस्य यो छ कि—कृष्णको शरीर सर्व साधारण मनुष्यका जस्तो आँफूले गरेका पाप-पुण्यबाट बनेको होइन, किन्तु कंसादि दुष्टहरूका पापले र नन्द, यशोदा आदिका पुण्यले तथा गोपी आदिका प्रेममय भावले बनेको हो । यसमा पनि मनुष्यका पाप-पुण्य, प्रेमभाव आदि निमित्तकारण मात्र छन्, माया उपादान कारण छ । परन्तु मूढ जनहरू परमे-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्वरलाई साधारण मनुष्य झैं जन्मने र साकार रूपमा प्रकट हुने मान्दछन्, यो उनीहरूको अज्ञान हो ॥ २४ ॥

भूल हुनाको कारण—

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥

अन्वयार्थः

योगमायासमावृतः	=	योगमायाले ढाकिएको	मूढः	=	मूढ
अहम्	=	म	लोकः	=	लोक
सर्वस्य	=	सबैलाई	अजम्	=	जन्मरहित
प्रकाशः	=	प्रकाश	अव्ययम्	=	नाशरहित
न	=	हुन्न	माम्	=	मलाई
अयम्	=	यो	न अभिजानाति	=	जान्दैन

सरलार्थ

म आफ्नो योगमायाद्वारा ढाकिएको हुनाले मेरो असली स्वरूपलाई कसैले पनि देख्दैनन्, यसैले मूढ जनहरूलाई म अज, अव्यय छु भन्ने थाहा हुँदैन ।

तात्पर्य

ईश्वरीय संकल्पका अनुसार अनेक अद्भूत कार्य गर्ने शक्ति 'योगमाया' हो । यसैका सहयोगले निरञ्जन, निराकार ईश्वर पनि मनुष्य, माछो, कछुआ तथा बनियल आदि नाना रूपमा व्यक्त हुनुहुन्छ । निराकारलाई साकार, अव्यक्तलाई व्यक्त, एकलाई अनेक तथा एउटा वस्तुलाई अर्कै वस्तुमा देखाउनु आदि अघटितघटना सम्पादन योगमायाको रोजगार हो । यही योगमायाले मोहित भएर जीव ईश्वरको वास्तविक तत्त्वलाई जान्दैन ।

माया या अविद्या र अन्धकारको एउटै स्वभाव हुन्छ । अन्धकार जहाँ रहन्छ, त्यस ठाउँलाई ढाक्दछ । माया पनि आफ्नै आश्रयलाई विषय गर्ने हुनाले चैतन्य या परमेश्वरमा रहेर उसैलाई ढाक्दछ । यो मायाको पर्दा नहटी परमेश्वरको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असली दर्शन स्वप्नकथा मात्र हो। तर वास्तवमा चैतन्य-स्वरूप परमात्मा अनावृत अर्थात् ढाकिनुहुन्न, केवल सूर्यलाई मेघले छोपेजस्तो मात्र हो। तात्पर्य के भने पृथ्वीदेखि लगभग ९००००००० (नौ करोड) मील टाढा औ पृथ्वीभन्दा ८६०००० (आठ लाख साठी हजार) गुण विस्तृत सूर्य एक कणबराबर बादलले कदापि छोपिंदैनन्, किन्तु बादलले हाम्रा आँखा छोपिएका हुन्छन् र हामी अज्ञानले सूर्यलाई बादलले छोपेको छ भन्दछौं, यस्तै परमेश्वरका एकांशमा रहेको मायाले परमेश्वरलाई छोप्नसक्तैन, किन्तु अज्ञानरूपी बादलले नै जीवका ज्ञान-नेत्र छोपिएका हुन्छन् ॥२५॥

परमेश्वर सर्वज्ञ हुनुहुन्छ—

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ! ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	वेद	=	जान्दछु
अहम्	=	म	तु	=	परन्तु
समतीतानि	=	गइसकेका	माम्	=	मलाई
वर्तमानानानि च	=	भइरहेका	कश्चन	=	कोही
भविष्याणि च	=	तथा पछि हुने	न वेद	=	जान्दैन
भूतानि	=	प्राणीहरूलाई			

सरलार्थ

हे अर्जुन ! म अघि नष्ट भइसकेका, वर्तमान कालमा भइरहेका तथा भविष्यमा हुने सम्पूर्ण जड-चेतन जीव हरूलाई जान्दछु, तर मलाई कसैले पनि जान्दैनन्।

तात्पर्य

श्रीभगवान् अलुप्त-ज्ञान-शक्ति-सम्पन्न हुनुहुन्छ, यसैले अघि जन्म भएर मरिसकेका अहिले जति जन्मेर जे काम गरिरहेका छन्, तथा पछि कस्ता किसिमका जन्मेर के-के काम गर्नेछन्; ती सबैलाई जस्ताको तस्तो यथार्थ जान्नुहुन्छ। गइसकेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा हामी केवल अतीतको इतिहास हेरेर मात्र जान्नसक्तछौं, भइरहेको कुरा आँखाले देखेर, कानले सुनेर जान्नसक्तछौं, तर भविष्यको कुरा ठीक-ठीक जान्ने साधन हामीसँग छैन; किन्तु ईश्वरलाई सृष्टिकर्ता हुनाले भविष्यको कुरा पनि कुमालेलाई भाँडा बनाउनलाग्दा माटोको डल्लो हातमा लिनेबित्तिकै पछि बन्ने गाग्रोको लमाइ, चौडाइ, गोलाइ समेतको प्रत्यक्ष ज्ञान जसरी हुन्छ, त्यसैगरी भावी सृष्टिको ज्ञान हुन्छ।

तात्पर्य यो हो कि ईश्वर मायावृत्तिद्वारा जान्नुहुन्छ, माया विश्वका अणुर मा व्याप्त छ, जहाँसम्म मायाको पहुँच छ, त्यहाँसम्म ईश्वरको ज्ञान पनि पुगेको छ। विश्वमा यस्तो कुनै वस्तु छैन जो ईश्वरले थाहा नपाएको होस्। यसैले शास्त्रमा ईश्वरलाई सर्वज्ञ, त्रिकालदर्शी भनेको छ। यसको विपरीत जीव केवल परिच्छिन्न (एक देशी) अन्तःकरणका वृत्तिद्वारा जुन् वस्तुको आवरण नष्ट हुन्छ, त्यसैलाई मात्र जान्दछ। उसलाई यो पनि थाहा हुँदैन कि उसको पिठपछाडि के भइरहेको छ। किनकि मायाका चक्करमा फँसेको जीव चारैतिरबाट अविद्याको कालो पर्दाले छोपिएको छ—'अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः (५–१५) यसैले भगवान्को वास्तविक स्वरूपलाई कुनैपनि अज्ञानी जीवले जान्नसक्तैनन्।

यसमा रहस्य यो छ कि—परमेश्वर ज्ञानस्वरूप हुनुहुन्छ, ज्ञानले नै समस्त विश्वका वस्तुहरूको ज्ञान हुन्छ। जुन् ज्ञानद्वारा जड वस्तुको ज्ञान भएको छ, त्योजानिएको जड वस्तुले आफ्नू द्रष्टा (आँफूलाई जान्ने) चैतन्यलाई जान्नसक्तैन। ऋषि याज्ञवल्क्यले मैत्रेयीलाई भन्नु भएको छ—'विज्ञातारं अरे केन विजानीयात्' (बृ. ४-५-१५)—हे मैत्रेयी! सबैलाई जान्ने विज्ञानस्वरूप आत्मालाई कसले जान्नसक्ला?। यदि ज्ञानलाई पनि जान्ने (ज्ञानको ज्ञान) अरू कोही मान्ने हो भने त्यो पनि ज्ञानै होला, किनकि जडवस्तुबाट ज्ञानको ज्ञान हुनसक्तैन। जब ज्ञानलाई जान्न अर्को ज्ञान चाहिन्छ भने ज्ञानको ज्ञान पनि ज्ञानै हुनाले त्यसलाई पनि अर्को ज्ञान अवश्य चाहिएला। एवंप्रकार ज्ञानको ज्ञान, ज्ञानको ज्ञानको ज्ञान मान्दै जाँदा कुनै जुगमा पनि यसको टुँगो लाग्नशक्तैन। यसैले यसलाई हाम्रा शास्त्रकारहरूले 'अनवस्था दोष' भनेका छन्। अतः ज्ञानलाई स्वयंप्रकाश मान्नुपर्दछ। जस्तै—स्वयंप्रकाश सूर्यले समस्त जगत्लाई प्रकाश गर्दछन् र उनलाई प्रकाश गर्ने अर्को सूर्य चाहिन्न त्यस्तै—स्वयंप्रकाश ज्ञान-(चेतन्य)—ले समस्त जडवर्गलाई प्रकाश

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछ र उसलाई प्रकाश गर्न अर्को ज्ञानको आवश्यकता पर्दैन । यसैले श्रीभगवान् भन्नुहुन्छ—म सबैलाई जान्दछु, मलाई जान्ने कोही छैन ॥२६॥

अब मायाका जुन भावमा भुलेर जीव परमेश्वरका ज्ञानदेखि वञ्चित रहन्छ, तिनै भावहरू देखाउनुहुन्छ—

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ! ।
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ! ॥२७॥

अन्वयार्थः

भारत !	=	हे अर्जुन !	सर्वभूतानि	=	सम्पूर्ण प्राणी
सर्गे	=	सृष्टिमा	परन्तप !	=	हे परन्तप !
इच्छाद्वेषसमुत्थेन	=	इच्छा र द्वेषद्वारा उत्पन्न	सम्मोहम्	=	मोहमा
द्वन्द्वमोहेन	=	द्वन्द्वमोहद्वारा	यान्ति	=	प्राप्त हुन्छन्

सरलार्थ

हे भारत ! स्थूल देह उत्पन्न हुने बित्तिकै राग-द्वेषद्वारा उत्पन्न सुख-दुःख आदि द्वन्द्वजन्य मोहले, हे परन्तप ! सबै जीवहरू मोहित हुन्छन् ।

तात्पर्य

मनुष्य या प्राणी मात्रलाई जन्मने बित्तिकै पूर्व जन्मका संस्कारले राग-द्वेष-हरू उत्पन्न हुन्छन् । भर्खर जन्मेको बालकको स्तनपानमा प्रवृत्ति देखेर रागको र रुँदाखेरि प्रतिकूल वस्तुबाट भएको द्वेषको अनुमान हुन्छ । बालकको जति २ शरीर विकसित हुँदै आउँछ, उति २ अनुकूल-प्रतिकूल बुद्धि पनि विकसित हुँदै जान्छ । जति २ अनुकूल-प्रतिकूल बुद्धि विकसित हुन्छन्, उति २ रागद्वेषहरू पनि प्रबल हुँदै जान्छन् । एवंप्रकार विकसित राग-द्वेषद्वारा उत्पन्न सुख-दुःखादि द्वन्द्वमा जीव मुग्ध रहन्छ । यी राग-द्वेष, सुख-दुःख आदि द्वन्द्वहरू महामोहका सेनाहरू हुन् ; यिनले आक्रमण गरेपछि मानव नगरीमा सर्वत्र शत्रुहरूको अधिकार हुन्छ र जीवरूपी राजा शत्रुहरूको वशमा परेर किंकर्तव्य विमूढ (के गर्नु, के नगर्नु) हुन्छ, अनि उसको सब प्रकारबाट अधःपतन पनि हुन्छ ॥२७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त मोहबाट को छुट्नसक्दछ ? यसको जवाफ—

येषां त्वन्तगतं पापं जनानांपुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

अन्वयार्थः

तु	=	किन्तु	द्वन्द्वमोहनिर्मुक्ताः	=	द्वन्द्वमोहबाट छुटेका
येषाम्	=	जो	ते	=	तिनीहरू
पुण्यकर्मणाम्	=	पुण्यकर्मगर्ने	दृढव्रताः	=	दृढव्रत भएर
जनानाम्	=	मनुष्यहरूको	माम्	=	मलाई
पापम्	=	पाप	भजन्ते	=	भज्दछन्
अन्तगतम्	=	नाश भएको छ			

सरलार्थ

परन्तु जो पुण्यात्माहरूको पाप अन्त भएको छ, ती सुख-दुःख आदि द्वन्द्वबाट छुटेर दृढव्रती भएर मेरो भजन गर्दछन् ।

तात्पर्य

अनेक जन्मका पुण्य संस्कारहरू बढ्दै गएपछि ज्ञानका प्रतिबन्धक सबै पापहरू काटिन्छन्, अनि आँफै '[1]निमित्तापाये नैमित्तिकस्याप्यपायः' यस नियमानुसार योगीहरू राग-द्वेषादि द्वन्द्वमोहबाट एकदम छुटेर दृढ संकल्पले अनन्य शरण भएर प्रभुकै भजन गर्दछन् । अतः कालुष्य हटाउनको निम्ति शुभ कर्म गर्नपर्दछ ॥२९॥

अब यस अध्यायका उपसंहारमा निष्कल्मष भएका भक्तहरूले अन्तमा परमेश्वरलाई कसरी पाउँदछन्, त्यो कुरा बताउनुहुन्छ, जसको विशेष विवरण आगामी आठौं अध्यायमा हुनेछ ।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥

---

१ कारण नरहेपछि कार्य पनि रहँदैन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ये	=	जो	तत्	=	त्यो
माम्	=	मलाई	ब्रह्म	=	ब्रह्म
आश्रित्य	=	आश्रयगरेर	कृत्स्नम	=	सम्पूर्ण
जरामरणमोक्षाय	=	जरामरण छुटाउनलाई	अध्यात्मम्	=	अध्यात्म
			अखिलम्	=	सम्पूर्ण
यतन्ति	=	यत्नगर्दछन्	कर्म च	=	कर्मलाई पनि
ते	=	ती	विदुः	=	जान्दछन्

सरलार्थ

जो भक्त मेरो आश्रय लिएर जरामरण-(बुढो हुनु, मर्नु)-लाई छुटाउन परिश्रम गर्छन्, तिनीहरूले ब्रह्म र समस्त अध्यात्म तथा समस्त कर्मलाई जान्दछन्।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे ज्ञानविज्ञानयोगो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अन्वयार्थः

ये	=	जो	ते	=	ती
माम्	=	मलाई	युक्तचेतसः	=	एकाग्रचित्त भएका पुरुषले
साधिभूताधिदैवम्	=	अधिभूत अधिदैवले सहित	प्रयाणकाले अपि च	=	मृत्युकालमा पनि
साधियज्ञम् च	=	तथा अधियज्ञले सहित	माम्	=	मलाई
विदुः	=	जान्दछन्	विदुः	=	जान्दछन्

सरलार्थ

जो मलाई अधिभूत, अधिदैव तथा अधियज्ञले सहित जान्दछन्, ती समाहित चित्त भएका पुरुषहरू मरण कालमा पनि मलाई जान्दछन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जान्नुको नामै ज्ञान हो, ज्ञानदेखि बाहेक जन्म-मरण छुटाउने अरू उपाय छैन, 'ऋते ज्ञानान्न मुक्तिः' (श्वे. ६-२०) अर्थात् ज्ञानविना मुक्ति मिल्दैन ; यो श्रुति सर्वत्र प्रसिद्ध छ। परमेश्वरका भक्तहरूले ब्रह्मतत्त्व सिवाय अध्यात्म, अधिभूत, अधिदैव तथा अधियज्ञको रहस्यलाई पनि जान्दछन्। एवंप्रकार रहस्यज्ञाता भक्तहरू चिरकालिक दृढ भावनाको बललें मरणकालीन विकल-अवस्थामा पनि प्रभुलाई बिर्सदैनन्, किनकि उनीहरू प्रभुमै तन्मय भएका हुन्छन्। प्राण निस्कने बेलामा मूर्छा आदिले बेहोस भए तापनि बाह्य ज्ञान मात्रै लुप्त भएको हुन्छ, भित्रको तत्त्वज्ञान लुप्त हुँदैन। विद्यारण्य स्वामीले पञ्चदशी २।१०६—१०८ मा लेख्नुभएको छ—रोगी या नीरोगी, मूर्छित आदि कुनै अवस्थामा प्राण छुटे तापनि तत्त्वज्ञानीलाई भ्रान्ति कदापि हुँदैन। जस्तै अध्ययन गरेको विद्या प्रतिदिन स्वप्न र सुषुप्तिमा बिर्सिए तापनि त्यो विद्या अर्को दिन बिर्सिएको हुँदैन, त्यस्तै ज्ञान नष्ट हुँदैन। किनकि प्रबल प्रमाणद्वारा उत्पन्न अनुभवज्ञान त्यसभन्दा पनि प्रबल विरुद्ध प्रमाण नभई नाश हुँदैन, अध्यात्म विषयमा वेदान्तभन्दा प्रबल प्रमाण अहिलेसम्म अर्को देखिएको छैन ॥३०॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये ज्ञानविज्ञानयोग
नाम गरेको सातौं अध्याय समाप्त भयो ॥ ७ ॥

ॐ तत्सत्



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सत्

आठौं अध्याय

पूर्वाध्यायमा अन्तका दुई श्लोकद्वारा श्रीभगवान्‌ले जो कुरा सूचित गर्नुभए को थियो, त्यसैको विवरण यस अध्यायको प्रतिपाद्य विषय हो ।

अब प्रथम पूर्वाध्यायका सूचनानुसार अर्जुन सात प्रकारका प्रश्न गर्दछन्—

अर्जुनउवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ! ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

अन्वयार्थः

पुरुषोत्तम !	=	हे पुरुषोत्तम !	किम्	=	के हो ?
तत्	=	त्यो	अधिभूतम्	=	अधिभूत
ब्रह्म	=	ब्रह्म	किम्	=	के
किम्	=	के हो ?	प्रोक्तम्	=	कहिएको छ ?
अध्यात्मम्	=	अध्यात्म	अधिदैवम् च	=	औ अधिदैव
किम्	=	के हो ?	किम्	=	के
कर्म	=	कर्म	उच्यते	=	कहिन्छ ?

सरलार्थ

हे पुरुषोत्तम ! त्यो हजुरले भन्नुभएको ब्रह्म के हो ? अध्यात्म भनेको के वस्तु हो ?, कर्म कस्तो हुन्छ ?, अधिभूत कसलाई भन्दछन् ? तथा अधिदेव कुन्‌चाहिं कहिन्छ ? ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ! ।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

अन्वयार्थः

मधुसूदन !	=	हे कृष्ण !	कथम्	=	कसरी रहेको छ ?
अत्र	=	यस शरीरमा	प्रणयकाले च	=	औ मरणकालमा
अधियज्ञः	=	अधियज्ञ	नियतात्मभिः	=	संयमीहरूले
कः	=	कुन् हो ?	कथम्	=	कसरी
अस्मिन्	=	यस	ज्ञेयः	=	जान्नयोग्य
देहे	=	शरीरमा	असि	=	हुनुहुन्छ ?

सरलार्थ

हे कृष्ण ! यस शरीरमा अधियज्ञ कुन् हो ? कसरी रहेको छ ? तथा मरणावस्थामा इन्द्रिय र मनलाई संयमगर्ने पुरुषहरूले तपाईंलाई कसरी जान्दछन् ? ।

तात्पर्य

यी सबै विषयमा संशय हुनाको कारण यो हो कि—'ब्रह्म' शब्दले सोपाधिक र निरुपाधिक दुवै लिनसकिन्छ । 'अध्यात्म' शब्दले पनि देह, इन्द्रिय आदि विविध भावको समेत बोध हुन्छ । कर्म पनि धेरै प्रकारका छन् । अधिभूतको अर्थ पनि पञ्चभूतमा कोही १ या समस्त पनि हुनसक्दछ । अधिदैव प्रत्येक इन्द्रादिदेवता वा सूर्यमण्डलमा रहेको पुरुष दुवै हुनसक्दछन् । अधियज्ञ यज्ञमा जसलाई हवि अर्पण गरिन्छ त्यो देवता या परमात्मा दुवै हुनसक्दछन् । यी चार र अधियज्ञको स्थिति हाम्रो शरीरदेखि बाहिर या भित्र कहाँ छ ? चिन्तन कुन् रूपले गर्नु ? यी छ प्रश्न भए । अन्तको सातौं प्रश्न यो छ कि—मृत्युकालमा सम्पूर्ण इन्द्रियहरू विकल हुन्छन्, मन र बुद्धिमा पनि संज्ञा रहँदैन । त्यस अवस्थामा कसरी चित्त स्थिर हुन्छ र ती मरणासन्न भक्तद्वारा तपाईं चिन्तन गरिनुहुन्छ ? जम्मा अर्जुनका यी ७ प्रश्न भए । यिनको अनुरूप (सुहाउँदो) उत्तर भगवान्ले क्रमशः दिनुहुनेछ । पहिलेका ६ प्रश्नको उत्तर संक्षेपले दिएर अन्तिम सातौं प्रश्नको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरमा अनेक उपासना सम्बन्धी रहस्य तथा उत्तरायण-दक्षिणायन गतिको समेत वर्णन यस अध्यायमा हुनेछ ॥२॥

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ॥३॥

अन्वयार्थः

परमम्	=	श्रेष्ठ	उच्यते	=	कहिन्छ
अक्षरम्	=	अक्षर	भूतभावोद्भवकरः	=	भूत वर्गलाई उत्पन्न गर्ने
ब्रह्म	=	ब्रह्म हो			
स्वभावः	=	आफ्नू भाव	विसर्गः	=	सृष्टिव्यापार
अध्यात्मम्	=	अध्यात्म	कर्मसंज्ञितः	=	कर्म कहिन्छ

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—परम अक्षर अर्थात् अविनाशी तत्त्व 'ब्रह्म' हो, प्रत्येक वस्तुको आफ्नू मौलिक स्वत्व 'अध्यात्म' हो, चराचर जगत्लाई उत्पन्न गर्ने सृष्टिव्यापार 'कर्म' हो ।

तात्पर्य

ॐ कारादि वर्णलाई पनि अक्षर भन्दछन्, त्यसकारण यहाँ 'अक्षर' शब्दमा 'परम' विशेषण लागेको छ । ॐ कारादि वर्ण विनाशी, परम अक्षर अविनाशी वस्तु हो, यही 'ब्रह्म' हो । त्यसैले 'अक्षरमम्बरान्तधृतेः' (१–२–१०) यस सूत्रद्वारा 'अक्षर' शब्दले समस्त विश्वको आधार ब्रह्मलाई बताउनुभएको छ । यसैको मूलभूत बृहदारण्यकोपनिषद्मा गार्गी र याज्ञवल्क्यको संवादरूपले यही अक्षरको चर्चा चलेको छ । त्यहाँ याज्ञवल्क्यले पृथ्वी आदि भूतलाई आकाशमा ओत-प्रोत बताएपछि गार्गीले फेरि सोधीन्—'आकाश कहाँ ओत-प्रोत छ ? उत्तरमा याज्ञवल्क्यले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नुभएको छ—'एतस्मिन्नु खल्वक्षरे गार्ग्याकाश ओतश्च प्रोतश्चेति' (बृ० ३–८–११)—हे गार्गी ! यस अक्षर परमात्मामा आकाश [1]ओत-प्रोत छ। यसबाट सिद्ध हुन्छ—जगत्को मूल अविनाशी तत्त्व नै अक्षर हो, त्यही ब्रह्म हो।

प्रत्येक वस्तुमा स्वभाव या स्वत्व रहेको हुन्छ। जो नभई त्यो वस्तु नै सिद्ध हुनसक्दैन तथा जो त्यस वस्तुको आधार हो, त्यही वस्तुमात्रको आफ्नू मूल तत्त्व 'अध्यात्म' हो।

समस्त भूतभौतिक चराचर जगत्लाई उत्पन्नगर्ने सृष्टिव्यापारको नाम 'विसर्ग' हो, यही 'कर्म' हो। किनकि यही कर्म-चक्र पिण्ड-ब्रह्माण्ड दुवैमा अखण्ड चलिरहेको छ ॥३॥

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ! ॥४॥

अन्वयार्थः

क्षरः	=	नाशवान्	देहभृतांवर !	=	हे देहधारीमा श्रेष्ठ अर्जुन !
भावः	=	वस्तु	अत्र	=	यस
अधिभूतम्	=	अधिभूत	देहे	=	देहमा
पुरुषम् च	=	औ पुरुष	अहम् एव	=	म नै
अधिदैवतम्	=	अधिदैव कहिन्छ	अधियज्ञः	=	अधियज्ञ हुँ

सरलार्थ

जो-जति विनाशी वस्तु छ त्यो 'अधिभूत' हो। समस्त वस्तुमा रहेको त्यस २ वस्तुको अधिष्ठाता सचेतन देवता 'अधिदैव' कहिन्छ। समस्त प्राणीका देहमा अन्तर्यामी रूपले रहेको क्षेत्रज्ञ म नै 'अधियज्ञ' हुँ।

तात्पर्य

'क्षरति विनश्यति इति क्षरः' अर्थात् जो परिणामी नाशवान् वस्तु हो, त्यही 'क्षर' हो। समस्त भूतभौतिक विश्व नाशवान् हुनाले 'अधिभूत' कहिन्छ।

---

१ कपडा मा ताना र बाना जस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संसारका प्रत्येक वस्तुमा त्यस २ वस्तुको नियामक-रूपले रहेको स्वतन्त्र देवता 'पुरुष' हो। अथवा सूर्यमण्डलभित्ररहेको हिरण्यगर्भ नै पुरुष हो, जो ब्रह्माण्डका प्रत्येक वस्तुका सम्बन्धले त्यस २ वस्तुको नियामक र अनुग्राहक-(शक्तिप्रदाता)–रूपमा स्वतन्त्र देवतारूपले भिन्न २ देखिएको छ।

समस्त यज्ञको अधिष्ठातालाई 'अधियज्ञ' भन्दछन्। अधियज्ञ भगवान् वासुदेव नै हुन्हुँन्छ, अर्थात् परमात्मा नै समस्त जड-चेतन देहको अधिष्ठाता या अधिदेव आदि रूपमा रहनुभएको छ र जीवनरूपी यज्ञलाई चलाउनुभएको छ ॥४॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥५॥

अन्वयार्थः

यः	=	जो	सः	=	त्यो
अन्तकाले च	=	मरणकालमा	मद्भावम्	=	मेरो भावमा
माम् एव	=	मलाई नै	याति	=	प्राप्त हुन्छ
स्मरन्	=	सम्झँदै	अत्र	=	यसमा
कलेवरम्	=	शरीरलाई	संशयः	=	संशय
मुक्त्वा	=	छोडेर	न अस्ति	=	छैन
प्रयाति	=	जान्छ			

सरलार्थ

औ जो मनुष्य मरणकालमा केवल मलाई सम्झँदै शरीर त्यागेर जान्छ त्यो मेरो भावमा पुग्दछ, यसमा सन्देह छैन।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्।
तं तमेवैति कौन्तेय ! सदा तद्भावभावितः ॥६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	कलेवरम्	=	शरीरलाई
वा	=	अथवा	त्यजति	=	त्याग्दछ
यम् यम्	=	जुन्-जुन	सदा	=	निरन्तर
भावम् अपि	=	भावलाई पनि	तद्भावभावितः	=	त्यही भावले युक्त
स्मरन्	=	सम्झँदै	तम् तम् एव	=	त्यस-त्यसैलाई नै
अन्ते	=	अन्तकालमा	एति	=	पाउँदछ

सरलार्थ

हे अर्जुन ! अथवा जो मनुष्य अन्तकालमा जुन् २ भावलाई सम्झँदै शरीर छोड्दछ, त्यो त्यही भावनावशले त्यही भावलाई पाउँदछ ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

अन्वयार्थः

तस्मात्	=	त्यसकारण	मयि	=	ममा
सर्वेषु	=	सम्पूर्ण	अर्पितमनोबुद्धिः	=	मन र बुद्धिलाई अर्पण गरेर
कालेषु	=	कालमा			
माम्	=	मलाई	माम् एव	=	मलाई नै
अनुस्मर	=	सम्झ	असंशयम्	=	निःसन्देह
युद्ध्य च	=	युद्ध पनि गर	एष्यसि	=	पाउनेछौ

सरलार्थ

त्यसकारण हरबखत् मलाई सम्झ औ साथै युद्धरूपी स्वधर्मलाई पनि पालन गर । एवंप्रकार मन र बुद्धि ममा अर्पण गरेपछि अन्तमा तिमी पनि मैमा प्राप्त हुनेछौ ।

तात्पर्य

अन्तकालमा तपाईं कसरी जानिनुहुन्छ ? यस सातौं प्रश्नको उत्तरमा भगवान् भन्नुहुन्छ—'मलाई जान्नका निम्ति मेरै स्मरण हुनपर्छ, यसरी अन्तमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म नै त्यसलाई मिल्दछु । यो कुरा बिल्कुल ठीक हो कि—अन्तकालमा जे कुराको चिन्तन हुन्छ, जन्मान्तरमा पनि त्यही अवश्य मिल्दछ । श्री मद्भागवतमा स्त्रीको चिन्तन गर्ने राजा पुरञ्जनलाई स्त्रीको योनि र मृगको चिन्तन गर्ने राजा भरतलाई मृगको योनी मिलेको कथा छ (भाग. ५-८।४-२८) । प्रश्नोपनिषद्मा पनि लेखिएको छ—'यच्चित्तस्तेनैष प्राणमायाति, प्राणस्तेजसा युक्तः सहात्मना यथा संकल्पितं लोकं नयति (३।१०)—जुन् भावनाले युक्त भएको चित्त हुन्छ, त्यही चित्तका-पछि लागेर प्राण आउँछ । अनि प्राणले तेज युक्त भएर आत्मालाई संकल्पानुसारको लोकमा लैजान्छ ।

छान्दोग्यउपनिषद्मा पनि लेखिएको छ—यथाक्रतुरस्मिंल्लोके पुरुषोभवति तथेतः प्रेत्य भवति (३।१४।१)—मनुष्यको यस लोकमा जस्तो संकल्प हुन्छ, मरेपछि त्यस्तै गति त्यसलाई मिल्दछ । यस सिद्धान्तानुसार अन्तकालमा परमेश्वरको चिन्तन गर्ने व्यक्ति परमेश्वरमै प्राप्त हुन्छ, यसमा केही सन्देह छैन ; तर अन्तकालमा भगवच्चिन्तन दृढ हुनलाई उसको अगाडिदेखिको अभ्यास दृढ हुनपर्छ । किनकि मृत्युरूपी भीषण संकटको बेलामा स्थूल शरीरका तादात्म्यले चित्त पनि स्वभावैले दुर्बल भएको हुन्छ, यस अवस्थामा उसलाई जीवनभरमा ज्यादा जुन् कुराको प्रभाव परेको हुन्छ त्यसैको संस्कारले अरू साधारण घटना-संस्कारलाई दबाएर स्वयं प्रबल हुन्छ । यही अभिप्रायले कुनै भक्त भगवान्सँग प्रार्थना गर्दछ—

कृष्ण ! त्वदीयपदपङ्कजपञ्जरान्ते
अद्यैव मे विशतु मानसराजहंसः

प्राणप्रणायसमये कफवातपित्तैः
कण्ठावरोधनविधौ स्मरणं कुतस्ते

हे कृष्ण ! तपाईंको चरणकमलरूपी पिंजडामा मेरो मनरूपी राजहंस अहिले नै प्रवेश गरोस् । किनभने प्राण निक्लने बेलामा कफ-वात-पित्तले मेरो गला रोकिनेछ, त्यस भीषण संकटमा मबाट तपाईंको स्मरण पनि हुनसक्नेछैन । यसैले श्लोकमा "सदा तद्भावभावितः" भनेको छ । यही कुराको स्पष्टीकरण गर्दै सातौं श्लोकले देह-इन्द्रियद्वारा कर्तव्य कर्म गर्दै रहे तापनि चित्तमा चिन्तन नछोड्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने उपदेश भएको छ। एवंप्रकार कर्म र उपासनाको समुच्चय साधनबाटै मनुष्यको अन्तकाल सुधरन्छ, जसबाट परंपरा कल्याण पथमा अग्रसर हुँदै जान्छ र अन्तमा प्रभुपदमा विलीन हुन्छ ॥५-६-७॥

ब्रह्मोपासना—

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अनुचिन्तयन्	=	चिन्तन गर्दै
अभ्यासयोग-युक्तेन	=	अभ्यास-योगले युक्त	दिव्यम्	=	दिव्य
			परमम्	=	परम
अनन्यगामिना	=	अन्त नजाने	पुरुषम्	=	पुरुषमा
चेतसा	=	चित्तले	याति	=	जान्छ

सरलार्थ

हे पार्थ ! ध्यानयोगले युक्त तथा लक्ष्य सिवाय अन्य विषयमा नजाने चित्तले अलौकिक परम पुरुषलाई चिन्तन गर्दा-गर्दै उपासक परम गतिमा जान्छ।

तात्पर्य

अभ्यासको लक्षण ६–३५ को तात्पर्यमा लेखिएको छ। योगाभ्यासै 'अभ्यासयोग' हो, जसद्वारा साधक चित्तवृत्तिलाई समुद्रगामिनी गङ्गाको धारा झैं सब प्रकारबाट परमेश्वरमा लगाउनसक्तछ। यसैलाई पातञ्जल योगसूत्र २–२ मा 'ध्यान' भनेको छ।

ध्यान दुई प्रकारको हुन्छ, ऐच्छिक औ अनैच्छिक। अनैच्छिक ध्यानमा विषयमा रहेको रमणीयताले चित्तलाई आकर्षण गर्दछ। अतएव यस पक्षमा ध्यान विषयाधीन हुन्छ। ऐच्छिक पक्षमा भावी निष्ठ रमणीयता या उज्वल भविष्यको ज्ञान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नहुनाले प्रयत्नाधीन ध्यान हुन्छ । प्रकरणमा ऐच्छिक ध्यानकै प्रसङ्ग छ । यद्यपि परमेश्वरको स्वरूप [1]'सर्वानुभूः' छ, तथापि अज्ञानले गर्दा जीवलाई यो थाहा छैन, न त्यहाँको निर्विषयक अपरिणामी सुखसम्बन्धी रमणीयताकै ज्ञान छ । अतः करुणामय श्रीभगवान्‌ले दुःखी जगत्‌का प्रति अति दयाले यस उत्तम सुख एवं उच्चपदप्राप्तिको प्रथम साधन अभ्यासलाई अग्रसर गराइदिनुभएको छ ॥८॥

परमात्माको स्वरूप औ त्यसलाई पाउने साधन—

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात् ॥९॥

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

अन्वयार्थः

यः	=	जो	योगबलेनच एव	=	तथा योगबलले पनि
भक्त्या	=	भक्तिले	भ्रुवोः	=	दुई आखिभौंका
युक्तः	=	युक्तभएको पुरुष	मध्ये	=	माझमा
प्रयाणकाले	=	मरणकालमा	प्राणम्	=	प्राणलाई
अचलेन	=	निश्चल	सम्यक्	=	राम्ररी
मनसा	=	मनले			

१ सबैको अनुभव स्वरूप

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवेश्य	=	राखेर
कविम्	=	सर्वज्ञ
पुराणम्	=	प्राचीन
अनुशासितारम्	=	अनुशासनगर्ने
अणोः	=	अणुभन्दा पनि
अणीयांसम्	=	अतिसूक्ष्म
सर्वस्य	=	सबैको
धातारम्	=	आधार
अचिन्त्यरूपम्	=	अचिन्त्यरूप
आदित्यवर्णम्	=	सूर्य झ प्रकाशमान
तमसः परस्तात्	=	अन्धकारदेखि पर परमात्मालाई
अनुस्मेरत्	=	सम्झन्छ
सः	=	त्यो
तम्	=	त्यस
दिव्यम्	=	दिव्य
परम्	=	परम
पुरुषम्	=	पुरुषमा
उपैति	=	प्राप्त हुन्छ

सरलार्थ

जो भक्तिले युक्त उपासक योगी मरणासन्न कालमा चाञ्चल्यरहित भएको मनले तथा योगबलले समेत दुई आखिभौंको बीच या आज्ञाचक्रमा प्राणवायुलाई विधिपूर्वक राखेर सर्वज्ञ, पुराण, विश्वनियन्ता, समस्त कर्मफल-विधाता या सर्वाधार, अवाङ्मनसगोचर, सूर्य जस्तै स्वयं देदीप्यमान तथा अविद्या-अन्धकारदेखि पर परमात्मालाई चिन्तन गर्दछ, त्यो त्यस (आठ श्लोकमा बताएको) दिव्य परम पुरुषमा प्राप्त हुन्छ ।

तात्पर्य

भगवान् भूत, भविष्य तथा वर्तमान तीनै काललाई करामलकवत् जान्नु-हुन्छ, यसैले उहाँ 'कवि' अर्थात् 'सर्वज्ञ' हुनुहुन्छ । एवंप्रकार सबैको आदिकारण हुनाले 'पुराण', समस्त जगत्मा अन्तर्यामीरूपले रहेर शासन गर्ने हुनाले 'अनु-शासिता', अति सूक्ष्म आकाश-प्रकृतिभन्दा पनि सूक्ष्म हुनाले 'अणीयान्', सबै-लाई धारण-पोषण गर्ने हुनाले 'धाता', निर्गुण-निराकार हुनाले 'अचिन्त्य रूप', स्वयंप्रकाश हुनाले 'आदित्यवर्ण ; अज्ञान-अन्धकार या प्रकृतिदेखि पर हुनाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'तमसः परः' हुनुहुन्छ। यस्ता परमेश्वरको तत्त्वसाक्षात्कारका निमित्त पहिले चञ्चल चित्तलाई अभ्यास र वैराग्यद्वारा अचल गराएर भक्ति र योगको सहायताले उपासना प्रारम्भ गरोस्। भक्ति उपासनाको 'प्राण' हो, योग 'शरीर'। 'सा परानुरक्तिरीश्वरे' (सू.न. २) यस साण्डिल्य सूत्रानुसार परमेश्वरमा अत्यन्त अनुरागको नाम 'भक्ति' हो; योगश्चित्तवृत्तिनिरोधः (१-२) यस योगसूत्रानुसार चित्तका समस्त वृत्तिहरूको निरोधको नाम 'योग' हो। यी दुईको पूर्ण सहयोगबाट सहजै मन र प्राण वशीभूत हुन्छन्। वास्तवमा राजयोगद्वारा मन वश भएपछि प्राण स्वयं चित्तानुगामी हुन्छ, हठयोगद्वारा प्राण-क्रियाको निरोध भएपछि पनि चित्त स्वयं निरुद्ध हुन्छ। हठयोगमा गुरूपदिष्ट योगका प्रक्रियानुसार प्राणलाई शनैः २ भूमिजय क्रमले सुषुम्ना नाडीद्वारा आज्ञा चक्रमा लगेर राख्नुपर्दछ। एवंप्रकार साधन गर्दा-गर्दै अन्तकालमा जो योगी षट्चक्रलाई भेदन गरेर ब्रह्मरन्ध्रबाट प्राण-प्रयाण गराउँदछ, त्यसले परम दिव्य पुरुषलाई पाउँदछ ॥९-१०॥

ॐकारोपासना—

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

अन्वयार्थः

वेदविदः	=	वेद जान्नेहरू	इच्छन्तः	=	इच्छा गरेर
यत्	=	जुन्	ब्रह्मचर्यम्	=	ब्रह्मचर्यलाई
अक्षरम्	=	अक्षरलाई	चरन्ति	=	पालन गर्दछन्
वदन्ति	=	भन्दछन्	तत्	=	त्यो
वीतरागाः	=	विरक्त	पदम	=	पद
यतयः	=	योगीहरू	ते	=	तिमीलाई
यत्	=	जसमा	संग्रहेण	=	संक्षेपले
विशन्ति	=	प्रवेश गर्दछन्	प्रवक्ष्ये	=	भन्दछु
यत्	=	जसलाई			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

बडे २ याज्ञवल्क्यादि वेदवेत्ताहरूले आफ्ना २ शिष्यका प्रति जुन् अविनाशी ॐ काररूपी अक्षर-ब्रह्मलाई उपदेश गर्दछन्, तथा विषयको आसक्ति नभएका यत्नशील योगीहरू जुन् ॐ काररूपी ब्रह्मपदमा प्रवेश गर्दछन्, त्यो पद म तिमीलाई भन्दछु ।

तात्पर्य

यो श्लोक कठोपनिषद् २–१२ को मन्त्रलाई अलिकति मात्र हेर-फेर गरेर लेखिएको छ । त्यहाँ अन्तमा यमराजले नाचिकेतालाई त्यो पद तिमीलाई भन्दछु भनेर 'ॐ इति एतत्' यस्तो भन्नुभएको छ । अतः यहाँ पनि भगवान्ले ॐ कारकै उपासना बताउनुभएको छ । सृष्टिका आदिमा ईश्वरको इच्छाद्वारा प्रेरित गुणमयी प्रकृतिका [1]प्रथमस्पन्दनबाट प्रथम 'ॐ' शब्द प्रकट भएकोले यो परमात्माको वाचक हो । योगसूत्र १–२६ मा लेखिएको छ– 'तस्य वाचकः प्रणवः'—परमात्माको वाचक प्रणव हो । वाच्य र वाचकको अभेद हुन्छ, यसैले ॐ कारलाई नै 'अक्षर-ब्रह्म' भनेको छ । ॐ कारोपासनाको विधि उपनिषद्हरूमा विशेष गरेर माण्डुक्योपनिषद्मा लेखिएको छ । जस्तै कसैको नाम लिएपछि नामवाला संमुख हुन्छ, त्यस्तै 'ॐ' यो अक्षर परमात्माको वाचक अर्थात् नाम हुनाले ॐ को उच्चारणले परमात्मा साधकको अभिमुख हुनुहुन्छ । ॐकार अन्धाको लठ्ठी जस्तै ब्रह्मपथका पथिकको आलम्बन हो (कठ १–२–१७) । समस्त वेदादि शास्त्र अथवा चराचरै ॐ कारको व्याख्या हो (माण्डु. १–१) । ॐ 'कार' ब्रह्म हो । यसैले बडे २ वेदवेत्ता यसैको व्याख्या गर्दछन् । यसैलाई पाउनको निम्ति ब्रह्मचारीहरू गुरुकुलवासादिद्वारा ब्रह्मचर्य व्रतको पालन गर्दछन् । अगाडि १२–१३ मा यसैको उपासना संक्षेपले बताइएको छ ॥ ११ ॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

---

१ क्रिया

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

अन्वयार्थः

यः	=	जो	ॐइति	=	'ॐ' यो
सवद्वाराणि	=	सम्पूर्ण द्वारहरूलाई	एकाक्षरम्	=	एकाक्षरी
			ब्रह्म	=	ब्रह्मलाई
संयम्य	=	रोकेर	व्याहरन्	=	उच्चारण गर्दै
हृदि च	=	औ हृदयमा	माम्	=	मलाई
मनः	=	मनलाई	अनुस्मरन्	=	सम्झदै
निरुध्य	=	रोकेर	देहम्	=	देहलाई
आत्मनः	=	आफ्नू	त्यजन्	=	त्यागेर
प्राणम्	=	प्राणलाई	प्रयाति	=	जान्छ
मूर्ध्नि	=	शिरमा	सः	=	त्यसले
आधाय	=	राखेर	परमाम्	=	उत्तम
योगधारणाम्	=	योगधारणामा	गतिम्	=	गतिलाई
आस्थितः	=	रहेर	याति	=	पाउँदछ

सरलार्थ

जो योगीले सम्पूर्ण इन्द्रियलाई संयम गरेर, हृदयकमलमा मनलाई, मस्तकमा प्राणलाई राखेर, योगधारणामा स्थित भएर 'ॐ' यो एकाक्षरी ब्रह्मको जप तथा परमेश्वरको चिन्तन गर्दै देह त्यागेर जान्छ, त्यसले परम गतिलाई पाउँदछ ।

तात्पर्य

योगाभ्यास गर्दा प्रथम सबै बहिर्मुख इन्द्रियहरूलाई प्रात्याहारद्वारा संयम गरेर आफ्नै २ गोलकमा[1] राख्नपर्दछ । अनि भित्र-बाहिर गरिरहने मनलाई पनि आफ्नै गोलक हृदयकमलमै ल्याएर पछि मात्र गुरूपदिष्ट मार्गबाट सुषुम्ना

१ स्थान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाडीमा प्रवेश गराउनपर्दछ । यस पछि मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध तथा आज्ञाचक्रलाई क्रमशः भेदन गर्दै प्राणलाई ब्रह्मरन्ध्र या सहस्रार पद्ममा लगेर राख्नपर्दछ । अभ्यासकालमा साथै 'ॐ' यो एकाक्षर ब्रह्मलाई ठूलो घण्टाको स्वर जस्तै गम्भीर स्वरले उच्चारण गर्दै अकारलाई उकारमा, उकारलाई मकारमा, मकारलाई तुरीयमा लय गरेर तुरीयरूप, ॐकारको लक्ष्य परमात्माको अभेदचिन्तन गर्नुपर्छ । योगसूत्रमा लेखिएको छ—'तज्जपस्तदर्थभावनम्' (१-२७)-- ॐ कारको जप र त्यसको अर्थको भावना गर्नु । ॐकारको अर्थ 'ब्रह्म' हो, ब्रह्मको भावना नै परमेश्वरको स्मरण हो । यसरी ब्रह्मरन्ध्रबाट ॐकारका साथै ब्रह्मभावना गरेर जो देहलाई त्याग्दछ, त्यसले ब्रह्मलाई पाउँदछ । अथवा प्रतिबन्धक रहेको भए पनि सूर्यमण्डललाई भेदन गरेर ब्रह्मलोकमा जान्छ र [1]कार्य-ब्रह्मका साथै कल्पका अन्तमा कैवल्य मुक्तिलाई पाउँदछ ॥ १२-१३ ॥

भगवच्चिन्तनको फल—

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ ! नित्ययुक्तस्य योगिनः ॥१४॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	स्मरति	=	सम्झन्छ
यः	=	जो	नित्ययुक्तस्य	=	सदा योगयुक्त
अनन्यचेताः	=	अन्यत्र चित्त नदिइकन	तस्य	=	त्यस
			योगिनः	=	योगीको
माम्	=	मलाई	अहम्	=	म
नित्यशः	=	प्रति दिन	सुलभः	=	सजिलै पाउन योग्यछु
सततम्	=	निरन्तर			

सरलार्थ

हे अर्जुन ! जो योगी अन्यत्र चित्त नदिइकन नित्य-निरन्तर मलाई सम्झिरहन्छ, सदा योगमा स्थित हुनाले त्यस योगीलाई म सजिलै सँग मिल्दछु ।

---

१ चतुर्मुख ब्रह्मा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

[1]योगदर्शन १–१४ मा वर्णन गरेका रीतले दीर्घकालतक निरन्तर भक्तिका साथ परमात्माको चिन्तन भएपछि अभ्यासको भूमिका दृढ हुन्छ। यस्ता दृढ अनन्य भक्तले भगवान्‌लाई सजिलै सँग पाउँदछन्। भागवतमा भगवान्‌ले भन्नुभएको छ—

मयि निर्बद्धहृदयाः साधवः समदर्शनाः।
वशे कुर्वन्ति मां भक्त्या सत्स्त्रियः सत्पतिं यथा॥
(९–४–३६)

जसरी पतिव्रता स्त्री प्रेमका बलले पतिलाई वश गर्दछे त्यसैगरी ममा हृदय लगाएका समदर्शी साधुहरू भक्तिले मलाई वश गर्दछन्।

वास्तवमा परमपद-प्राप्तिको कारण परमात्मा चिन्तनै हो, कुण्डलिनी-जागरण षट्चक्रभेदन आदि प्रासङ्गिक हुन्। किनकि यी सबै भगवत्-चिन्तन छैन भने प्राण र इन्द्रियका कसरत जस्ता मात्र हुन्छन्, अनन्य भगवत्-चिन्तन छ भने ती क्रियाहरू नभए पनि अन्तमा परमात्माको स्मृतिद्वारा भक्तले भगवान्‌लाई पाउँदछ। यही यहाँ 'सुलभ' शब्द दिनाको तात्पर्य हो॥ १४॥

परमात्म-प्राप्ति भएपछि के हुन्छ? यसको उत्तर—

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः॥१५॥

अन्वयार्थः

परमाम्	=	परम	उपेत्य	=	पाएर
संसिद्धिम्	=	सिद्धिमा	दुःखालयम्	=	दुःखको घर
गताः	=	प्राप्त भएका	अशाश्वतम्	=	क्षणभङ्गुर
महात्मानः	=	महात्माहरू	पुनर्जन्म	=	अर्को जन्मलाई
माम्	=	मलाई	न आप्नुवन्ति	=	पाउँदैनन्

१. स तु दीर्घकालनैरन्तर्यसत्काराऽऽसेवितो दृढभूमिः=धेरै दिनसम्म निरन्तर श्रद्धापूर्वक अभ्यास गरेपछि योग-भूमिका बलियो हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

परम सिद्धिमा पुगेका महात्माहरूलाई मलाई पाएपछि दुःखको घर, क्षण-भङ्गुर, पुनर्जन्म हुँदैन ॥

आब्रह्मभुवनाँल्लोकाः पुनरावर्तिनोऽर्जुन ! ।
मामुपेत्य तु कौन्तेय ! पुनर्जन्म न विद्यते ॥१६॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	कौन्तेय !	=	हे अर्जुन !
आब्रह्मभूवनात्	=	ब्रह्मलोक पर्यन्तका	माम्	=	मलाई
लोकाः	=	लोकहरू	उपेत्य	=	पाएर
पुनरावर्तिनः	=	पुनरावर्तनशील छन्	पुनर्जन्म	=	फेरिजन्म
			न विद्यते	=	हुँदैन
तु	=	किन्तु			

सरलार्थ

हे अर्जुन ! ब्रह्मलोक पर्यन्तका जति लोकानुलोक छन् ती सबै पुनरावर्तन-शील छन् अर्थात् पुण्य सकिएपछि त्यहाँबाट फेरि यहीं फर्कनपर्छ । किन्तु हे कौन्तेय ! ममा पुगेपछि पुर्नजन्म हुँदैन अर्थात् उसले फेरि फर्कनपर्दैन ।

तात्पर्य

ब्रह्मलोक पर्यन्त जति लोकहरू छन्, ती सबै रेल-मार्गका मुसाफिरखाना जस्ता मात्र हुन्, त्यहाँ स्थायीरूपले कोही पनि टिक्नपाउँदैन । किन्तु प्रभुपदमा जो पुगेको छ, त्यसैको मात्र पुनर्जन्म हुँदैन ।

यद्यपि 'ब्रह्मलोकमभिसंपद्यते न स पुनरावर्तते' यो श्रुति र 'अनावृत्तिशब्दात्' (ब्र. सू. ४-४२२) यो ब्रह्मसूत्र तथा 'ब्रह्मणा सह ते सर्वे' यो स्मृतिका साथ भगवान्-को ब्रह्मलोक पर्यन्तका लोकहरू पुनः २ आवर्तनशील छन् भन्ने वचन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरुद्ध जस्तो देखिन्छ, किनकि सबै श्रुति-स्मृतिहरूले एक स्वरले यही भनेका छन् कि—अर्चिरादि मार्गले ब्रह्मलोकमा पुगेपछि उसले फेरि फर्कनपर्दैन, किन्तु तहीं ब्रह्मविद्याको परिपाक भएर कल्पका अन्तमा हिरण्यगर्भ या कार्य-ब्रह्मका साथै उसको मुक्ति हुन्छ। कुरा बिल्कुल ठीक हो, तर ब्रह्मलोकमा गएको फेरि फर्कदैन भन्ने श्रुति-स्मृतिहरूको वचन अहं-ग्रहोपासक अर्थात् परमेश्वरलाई र आँफूलाई अभेद चिन्तन गर्नेका निम्ति हो, ब्रह्मलोक पर्यन्तका सबै लोकहरू पुनः २ आवर्तनशील छन् भन्ने भगवान्को वचन पञ्चाग्निविद्या आदि भेदोपासना गर्नेको निम्ति हो, किनकि यसबाट पनि ब्रह्मलोकप्राप्ति उपनिषद्मा लेखिएको छ। यस्तो शास्त्रीय व्यवस्था भएकोले विरोध छैन ॥१६॥

समय तोकिएको हुनाले ब्रह्मलोक पनि अनित्य छ—

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

अन्वयार्थः

यत्	=	जो	रात्रिम्	=	रातलाई
ब्रह्मणः	=	ब्रह्माको	विदुः	=	जान्दछन्
सहस्रयुगपर्यन्तम्	=	हजार युगसम्मको	ते	=	ती
अहः	=	दिन	जनाः	=	मनुष्यहरू
युगसहस्रान्ताम्	=	हजार युगसम्मको	अहोरात्रविदः	=	दिन-रात जान्ने हुन्

सरलार्थ

सत्य, त्रेता, द्वापर तथा कलि यी ४ युग हजार पल्ट घुमेपछि ब्रह्माजीको १ दिन हुन्छ। एवंप्रकार रात पनि हजारै युग-चौकडीको हुन्छ। यस्तो अहोरात्र अर्थात् दिन-रातलाई जसले जान्दछन्, तिनै अहोरात्रलाई यथार्थ जान्ने हुन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

एक वर्षमा मनुष्यका ३६५ अहोरात्र (दिन-रात) हुन्छन्, यसमा देवताहरूको केवल एक अहोरात्र हुन्छ—माघ संक्रान्तिदेखि ६ महिनासम्म (उत्तरायण) दिन, श्रावण संक्रान्तिदेखि ६ महीनासम्म (दक्षिणायन) रात हुन्छ। यस्ता किसिमका दैव अहोरात्रका हिसाबले १२००० (बाह्र हजार) वर्षमा सत्य, त्रेता द्वापर, कलि यी चारै युग घुम्दछन्। दैव युगमान—सत्य ४००० (चार हजार), त्रेता ३००० (तीन हजार), द्वापर २००० (दुई हजार) र कलि १००० (एक हजार) हुन्छ, जम्मा योग १०००० (दश हजार) हुन्छ। एउटा युग समाप्त भएर अर्को युग नलाग्दासम्मको काललाई 'युग-सन्धि' भन्दछन्। सत्ययुगको युग-सन्धि ४०० (चार सय), त्रेताको ३०० (तीन सय), द्वापरको २०० (दुई सय), कलिको १०० (एक सय) जोड्दा जम्मा १००० (एक हजार) वर्ष हुन्छ। चारै युगको आद्यसन्धि र अन्त्य सन्धि दुवै मिलाउँदा जम्मा सन्धिमान २००० (दुई हजार) हुन्छ, किनकि आद्य सन्धि र अन्त्य सन्धि बराबरै हुन्छ। यसरी दुवै सन्धिकाल र उपर्युक्त युगमान मिलाएर जम्मा १२००० (बाह्र हजार) वर्ष भएको छ। यसैलाई श्लोकमा 'युग' भनेको छ। जस्तै :—'एतद्द्वादशसाहस्रं देवानां युगमुच्यते' (मनु. १-७७)। मनुष्य लोकका कालपरिमाणले युगमान—सत्य १७२८००० (सत्र लाख अट्ठाईस हजार), त्रेता १२९६००० (बाह्र लाख छयानब्बे हजार), द्वापर ८६४००० (आठ लाख चौसट्ठी हजार) र कलि ४३२००० (चार लाख बत्तीस हजार) गरी सबैको योगफल ४३२०००० (त्रिचालीस लाख बीस हजार) हुन्छ, यसैको नाम 'महायुग' हो। यो महायुग १००० (एक हजार) पल्ट घुमेपछि अर्थात् हाम्रो हिसाबले ४३२००००००० (चार अरब बत्तीस करोड) वर्ष पुगेपछि ब्रह्माजीको एक दिन हुन्छ। जस्तै :— 'चतुर्युगसहस्राणि ब्रह्मणो दिनमुच्यते' (भाग. १२-४-२)। देवताका हिसाबले १२०००००० (एक करोड बीस लाख) वर्ष हुन्छ, औ रात पनि यही सहस्रयुग बराबरै हुन्छ। जस्तै :— 'रात्रिं च तावतीमेव तेऽहोरात्रविदोजनाः' (मनु. १-७३)। ब्रह्माजीका एक दिनमा—(१) स्वायम्भूः, (२) स्वारोचिष, (३) उत्तम, (४) तामस, (५) रैवत, (६) चाक्षुष, (७) वैवस्वत, (८) सावर्णि, (९) दक्षसावर्णि, (१०) ब्रह्मसावर्णि, (११) धर्मसावर्णि,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(१२) रुद्रसावर्णि, (१३) देवसावर्णि र (१४) इन्द्रसावर्णि—यी १४ (चौध) मनुको परिवर्तन हुन्छ। यी १४ मनुको पालो पुगेपछि एक कल्प हुन्छ। जस्तैः—'स कल्पो यत्र मनवश्चतुर्दश विशाम्पते !' (भाग. १२-४-२)। प्रत्येक मनुको पालो ७१ (एकहत्तर) महायुग अर्थात् मनुष्यमानले ३०६७२०००० (तीस करोड सतसट्ठी लाख बीस हजार) वर्षसम्म रहन्छ। अहिले सातौं मनु वैवस्वत्को पालो छ, यिनै मनुका सन्तान हुनाले हामी मनुष्य कहलाएका छौं औ पछि पनि विभिन्न मनुका सन्तानहरू मनुष्य हुने नै छन्। अस्तु; ७१ (एकहत्तर) महायुगमध्ये अहिलेसम्म २७ (सत्ताईस) महायुग व्यतीत भइसकेर २८) अट्ठाईसौं) चल्दै छ। यसमा पनि सत्य, त्रेता, द्वापर भइकन विक्रम संवत् २०१५ सम्म कलिको ५०५९ (पाँच हजार उनन्साठी) वर्ष भए। ब्रह्माको १०० (एक सय) वर्षको आयुमा ५० (पचास) वर्ष पुगेर ५१ (एकाउन्न) वर्ष प्रारम्भको पहिलो दिनको मध्याह्न राम्ररी भएको छैन। यस हिसाबले यो सृष्टि भएको आजसम्म १९७१९६१६३० (एक अरब सन्तानब्बे करोड उन्नाईस लाख एकसट्ठी हजार छ सय तीस) वर्ष भयो। दिन समाप्त भएपछि ब्रह्माजी विष्णुका साथ शेष शैय्यामा गएर योगनिद्रामा पर्नुहुन्छ। विश्व सबै उहाँकै निद्रामा लय हुन्छ।

जस्तै—

एष नैमित्तिकः प्रोक्तः प्रलयो यत्र विश्वसृक्।
शेतेऽनन्तासने विश्वमात्मसात्कृत्य चात्मभूः॥
(भाग० १२।४-४)

यो नैमित्तिक प्रलय हो, जसमा विश्वस्रष्टा ब्रह्मा विश्वलाई आत्मामा लय गराएर अनन्ताशनमा शयन गर्नुहुन्छ। फेरि हजार महायुग-परिमितकाल व्यतीत भएपछि शेषशैय्याबाट उठ्नुहुन्छ। ब्राह्म-रात्रिका अवस्थामा तीनै लोक जलमय हुन्छन्, यसैलाई 'खण्ड प्रलय' पनि भन्दछन्। ब्राह्म दिन प्रारम्भ भएपछि लोक र लोकनिवासी फेरि प्रकट हुन्छन्। यही 'ब्राह्म अहोरात्र' हो। लौकिक प्राणीहरू ६० घडी-(२४ घण्टा)-को आफ्नू अहोरात्रलाई मात्र जान्दछन्, केवल योगीगण मात्रै ब्राह्म दिवारात्रिको स्वरूपलाई यथार्थ जान्दछन्। वास्तवमा यिनै 'अहोरात्रवेत्ता' हुन्। काल परिच्छिन्न हुनाले ब्रह्मलोकलाई समेत अनित्य जान्नु 'यथार्थ बुझ्नु' हो। जुन् श्लोकको यहाँ व्याख्या भयो यही किसिमको श्लोक मनुस्मृतिमा पनि छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तैः—

तद्वै युगसहस्रान्तं ब्राह्मं पुण्यमहर्विदुः ।
रात्रिं च तावतीमेव तेऽहोरात्रविदो जनाः ॥ (१-७३)

॥ १७ ॥

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ॥१८॥

अन्वयाः

अहरागमे	=	दिनको आगमनमा	रात्र्यागमे	=	रात्रिका आगमनमा
अव्यक्तात्	=	अव्यक्तबाट	तत्र एव	=	तहीं
सर्वाः	=	सबै	अव्यक्तसंज्ञके	=	अव्यक्तमा
व्यक्तयः	=	व्यक्तिहरू	प्रलीयन्ते	=	लयहुन्छन्
प्रभवन्ति	=	प्रकट हुन्छन्			

सरलार्थ

ब्रह्माजीको दिन उदाएपछि अव्यक्त अर्थात् उनैका सुषुप्ति अवस्थाबाट समस्त स्थावर-जङ्गम जीवहरू प्रकट हुन्छन्, फेरि रात परेपछि त्यही अव्यक्तमा ती सबैको लय हुन्छ ।

तात्पर्य

जब ब्रह्माजीको दिन उदाउँछ, अनि त्यस वेला उनका निद्रारूपी अव्यक्त दशामा रहेको जगत् र जगत्का सब किसिमका प्राणीहरू वर्षामा भ्याङ्गुता निस्केझैं व्यक्त अर्थात् प्रकट हुन्छन् । इन्द्रियले जानिने वस्तु 'व्यक्त', नजानिने 'अव्यक्त' कहिन्छ । पहिलेका कल्पमा जे-जे वस्तु सृष्टिमा थिए तथा प्रलयका अनन्तर जे-जे वस्तु सूक्ष्म दशामा रहेका थिए, तिनै वस्तुहरूको स्थूल रूप हुनु नै व्यक्त दशा हो । श्रुतिमा लेखिएको छ—सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथोस्वः (महाना. ६-३ ऋ. वे. १०-१९०-१)—ब्रह्माजीले पूर्व कल्पमा जो-जो सूर्य, चन्द्रमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा आकाशादि थिए तिनैलाई उत्तर कल्पमा बनाउनुभयो। एवंप्रकार ब्रह्माको दिन समाप्त भएपछि फेरि यावत् व्यक्त वस्तुहरू अव्यक्तमा गएर लीन हुन्छन् । यसरी ब्रह्माजीको प्रत्येक दिनमा जगत्को सृष्टि र रातमा प्रलय भइरहन्छ । यही कुरा अगाडिका श्लोकमा बताएको छ ॥ १८ ॥

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवशः पार्थ ! प्रभवत्यहरागमे ॥१९॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	भूत्वा-भूत्वा	=	बार-बार भएर
सः एव	=	त्यही	रात्र्यागमे	=	रात्रिका आगमनमा
अयम्	=	यो	प्रलीयते	=	लय हुन्छ
अवशः	=	विवश	अहरागमे	=	दिन उदाएपछि
भूतग्रामः	=	भूतसमुदाय	प्रभवति	=	प्रकट हुन्छ

सरलार्थ

हे अर्जुन ! कर्मवेगले विवश भएको त्यही पूर्वकल्पको यो भूत-समुदाय बार-बार जन्मेर ब्रह्मरात्रिमा लय हुन्छ, ब्रह्मदिनमा फेरि प्रकट हुन्छ ।

तात्पर्य

शास्त्रमा ४ प्रकारका प्रलय लेखिएका छन् ।

जस्तै :—

नित्यो नैमित्तिकश्चैव तथा प्राकृतिको लयः ।
आत्यन्तिकश्च कथितः कालस्य गतिरीदृशी ॥
(भाग. १२-४-३८)

नित्य, नैमित्तिक, आत्यन्तिक तथा प्राकृतिक यी चार प्रलय बताएँ, काल-को गति यस्तो छ । यी चार प्रलयमा पहिलो र चौथो (नित्य र आत्यन्तिक)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यष्टि जीवका सम्बन्धबाट, दोस्रो र तेस्रो (नैमित्तिक र प्राकृतिक) समष्टि जीवका सम्बन्धबाट हुँन्छन् । जीवलाई जो प्रतिदिन सुतेका वेलामा सुषुप्ति हुँन्छ त्यो 'नित्यप्रलय' हो, किनकि यो प्रतिदिन हुन्छ । ब्रह्मतत्त्वको बोध भएपछि जगत्-को जो 'नासीदस्ति भविष्यति' अर्थात् जगत् पहिले पनि थिएन, अहिले पनि छैन, पछि पनि हुनेछैन, यस्तो जो जगत्को अभाव-बोध हुँन्छ, यसैको नाम 'आत्यन्तिक प्रलय' हो । किनकि यो प्रलय भएपछि ज्ञानी मुक्तात्माको फेरि सृष्टि हुँदैन । 'नैमित्तिक प्रलय' त्यो हो जो ब्रह्माको एक दिन पूरा भएपछि रात पर्नलाग्दा हुन्छ, जसको वर्णन यस श्लोकमा भएको छ । ब्रह्माको १०० वर्ष आयु पूरा भएपछि 'प्राकृतिक-प्रलय' हुन्छ । यसैलाई 'महाप्रलय' पनि भन्दछन् । यस विषयमा भागवत १२-४-२ देखि २२ सम्ममा लेखिएको छ—ब्रह्माजीको (हाम्रा हि-साबले) दुई परार्ध आयु पुगेपछि जलले पृथ्वीको गन्ध गुणलाई खाइदिन्छ र गुणरहित पृथ्वीको अस्तित्व नै हराएर केवल जलमय हुन्छ । एवंप्रकार तेजले पनि जलको रस-गुणलाई खाएपछि जल पनि प्रलय भएर तेजोमय हुन्छ । वायुले तेजको रूपगुण ग्रस्त गरेपछि तेज प्रलय हुन्छ । फेरि आकाशले वायुको स्पर्शगुणलाई ग्रास गरेपछि वायु प्रलय हुन्छ । तामस अहङ्कारले आकाशको शब्द-गुणलाई ग्रास गरेपछि आकाश प्रलय हुन्छ । अनि इन्द्रिय र इन्द्रियका देवता सूर्यादि-हरू पनि क्रमशः राजस र सात्विक अहङ्कारमा लय हुन्छन् । यसरी पञ्च तन्मात्रा-हरू अहङ्कारमा लय भएपछि अहङ्कारलाई महत्तत्त्वले ग्रास गर्दछ । महत्तत्त्व गएर सत्त्व-रज-तम यी तीन गुणमा लय हुन्छ । गुणहरू अव्यक्तमा प्रलय हुन्छन् । यस्ता किसिमले प्राकृतिक प्रलयमा कालरूपी ईश्वरको जिहीर्षा-(हर्ने इच्छा)-ले विकार सहित महत्तत्त्व र पञ्चतन्मात्राहरू अव्यक्त-(मूल प्रकृति)-मा लय हुन्छन्, विश्वको नाश हुन्छ । विकारसहित सातै प्रकृतिको प्रलय हुने हुनाले यसलाई 'प्राकृतिक प्रलय' भनेको छ ॥१९॥

यहाँसम्म ब्रह्मलोक पर्यन्तका लोकहरू अनित्य हुनाले पुण्यद्वारा त्यस २ लोकमा पुगे तापनि फेरि फर्कनपर्दछ भन्ने कुरा बताएर अब परमात्म-प्राप्ति भएपछि फेरि फर्कनपर्दैन भन्ने कुरा कारणसहित बताउनुहुन्छ--

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	अव्यक्तः	=	अव्यक्त
तस्मात्	=	त्यस	भावः	=	भाव हो
अव्यक्तात्	=	अव्यक्तभन्दा	सः	=	त्यो
परः	=	पर	सर्वेषु	=	सम्पूर्ण
अन्यः	=	अर्को	भूतेषु	=	भूतवर्ग
यः	=	जो	नश्यत्सु	=	नाश भएमा
सनातनः	=	सनातन	न विनश्यति	=	नाश हुँदैन

सरलार्थ

किन्तु प्रकृतिरूपी अव्यक्तदेखि पर अर्को जो सनातन अव्यक्त ब्रह्म-भाव हो, त्यो समस्त भूतहरूको नाश भएमा पनि नाश हुँदैन ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

अन्वयार्थः

(यम्)	=	जसलाई	आहुः	=	भन्दछन्
अव्यक्तः	=	अव्यक्त	यम्	=	जसलाई
अक्षरः	=	अक्षर	प्राप्य	=	पाएर
इति	=	यस्तो	न निवर्तन्ते	=	फर्कदैनन्
उक्तः	=	भनियो	तत्	=	त्यो
तम्	=	त्यसलाई	मम	=	मेरो
परमाम्	=	परम	परमम्	=	परम
गतिम्	=	गति	धाम	=	धाम हो

सरलार्थ

जसलाई 'अव्यक्त', 'अक्षर' यस्तो भनेको छ, त्यही परम गति हो, जसलाई पाएर फेरि संसारमा फर्कनपर्दैन, त्यो मेरो परम धाम हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

गीतामा यो कुरा खुब ध्यान दिनपर्दछ कि–'अव्यक्त' र 'अक्षर' यी दुई शब्द कहिले प्रकृति-अर्थमा कहिले ब्रह्म-अर्थमा प्रयुक्त भएका छन्। जस्तै यसै अध्याय-को श्लोक १८ मा 'अव्यक्त' शब्दले प्रकृति, यहाँ परब्रह्म लिएको छ। एवंप्रकार गी १५–१६ मा 'अक्षर' शब्दले प्रकृति, यहाँ ब्रह्म लिएको छ। अतएव पूर्व श्लोकमा ब्रह्मलाई विकारी अव्यक्तभन्दा विलक्षण सनातन अव्यक्त बताएको छ। यहाँ 'मेरो धाम' भन्नुभए तापनि धाम र भगवान् बेग्ला-बेग्लै होइनन्, केवल राहुको शिर भने जस्तै मात्र हो। किनकि जो अव्यक्त अक्षर हो, त्यही नै परम गति हो, यो स्पष्ट भन्नुभएको छ ॥२०-२१॥

उक्त परम धाम-प्राप्तिको साधन—

पुरुषः स परः पार्थ ! भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	ततम्	=	व्याप्त छ
भूतानि	=	प्राणीहरू	सः	=	त्यो
यस्य	=	जसका	परः	=	पर
अन्तःस्थानि	=	भित्र रहेका छन्	पुरुषः	=	पुरुष
येन	=	जसद्वारा	अनन्यया	=	अनन्य
इदम्	=	यो	भक्त्या	=	भक्तिले
सर्वम्	=	सबै	लभ्यः	=	पाउन योग्य छ

सरलार्थ

हे अर्जुन ! जसका भित्र समस्त विश्व छ तथा जो समस्त विश्वमा व्याप्त छ ऊ पर पुरुष अनन्य भक्तिद्वारा प्राप्त हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

भगवान् शंकराचार्यले विवेकचूडामणि श्लोक ३२ मा लेख्नुभएको छ 'मोक्षकारणसामग्र्यां भक्तिरेव गरीयसी'—मोक्षका साधनहरूमा भक्ति नै सबैभन्दा ठूलो साधन छ । भक्ति यस्तो हुनपर्दछ कि—'अनन्य' अर्थात् एउटै परमेश्वर भिन्न-भिन्न देवी-देवतारूपमा रहेका हुनाले उहाँलाई विभिन्नमा अभिन्न, अनेकमा एक देखेर प्रेम गर्नु 'अनन्य भक्ति' हो । ईश्वरका अनेक रूपमा कुनै एक रूपको भक्ति गरेर अरूसँग द्रोह गर्नु 'भेद-भक्ति' हो । गीताको अनुसार भक्ति पनि सात्त्विक, राजस, तामस तीन प्रकारको हुनसक्दछ ।

जस्तै—अनेक देवी-देवताको रूपमा एउटै ईश्वरलाई देख्नु सात्त्विक, भिन्न २ देवी-देवताहरूलाई वास्तवमा पनि भिन्नाभिन्नै देख्नु राजस, कुनै एउटा देवता-को मूर्त्तिलाई मात्र ईश्वर मानेर अरूको अनादार गर्नु तामस भक्ति कहिन्छ । (१८ – २०,२१)

प्रकृतिभन्दा पनि पर तथा सबैमा अनेकौं घटाकाशमा एउटै महाकाश झैं समस्त जगत्मा पूर्ण हुनाले र वस्तुतः सबैभन्दा पर पनि हुनाले भगवान् परपुरुष हुनुहुन्छ तथा विश्वको मूल हुनाले विश्वमा व्याप्त पनि हुनुहुन्छ, उहींका एक देशमा यो विश्व छ ॥२२॥

जहाँ पुगेर फर्कन नपर्ने हो उस अक्षर ब्रह्मको वर्णन र उसलाई पाउने साध-न समेत वर्णन भयो ; अब जुन् बाटो जानाले फर्कनपर्दैन औ जुन् बाटो जानाले फर्कनपर्छ, यी दुई गतिको वर्णन हुन्छ—

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ! ॥२३॥

अन्वयार्थः

भरतर्षभ !	=	हे अर्जुन !	आवृत्तिम् च एव	=	तथा आवृत्तिमा
यत्र	=	जुन्	यान्ति	=	प्राप्त हुन्छन्
काले तु	=	कालमा	तम्	=	त्यो
प्रयाताः	=	गएका	कालम्	=	काललाई
योगिनः	=	योगीहरू	वक्ष्यामि	=	भन्दछु
अनावृत्तिम्	=	अनावृत्ति			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जुन् समयमा देह त्यागेर गएका योगीहरू कोही फर्कने र कोही नफर्कने पनि हुन्छन्, त्यो समय म तिमीलाई भन्दछु ।

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

अन्वयार्थः

अग्निः	=	अग्नि	तत्र	=	त्यसमा
ज्योतिः	=	ज्वाला	प्रयाताः	=	गएका
अहः	=	दिन	ब्रह्मविदः	=	ब्रह्मोपासक
शुक्लः	=	शुक्ल पक्ष	जनाः	=	जनहरू
षण्मासाः	=	छ महीना	ब्रह्म	=	ब्रह्मलोकमा
उत्तरायणम्	=	उत्तरायण	गच्छन्ति	=	जान्छन्

सरलार्थ

अग्नि, प्रकाश, दिन, शुक्लपक्ष तथा ६ महीना उत्तरायण, यस कालमा मर्ने ब्रह्मोपासक योगीहरू ब्रह्मलोकमा जान्छन् अर्थात् तहींबाट मुक्त हुन्छन् फेरि फर्कनपर्दैन ।

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

अन्वयार्थः

धूमः	=	धूआँ	तत्र	=	त्यसमा
रात्रिः	=	रात	योगी	=	योगीले
तथा	=	तथा	चान्द्रमसम्	=	चन्द्रमा सम्बन्धी
कृष्णः	=	कृष्णपक्ष	ज्योतिः	=	तेजलाई
षण्मासाः	=	छ महीना	प्राप्य	=	पाएर
दक्षिणायनम्	=	दक्षिणायन	निवर्तते	=	फर्कन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

धूआँ, रात्रि, कृष्णपक्ष तथा दक्षिणायनका छ महीना, यस समयमा मर्ने सकाम-कर्मयोगीहरू चन्द्र-ज्योतियुक्त स्वर्ग-भोगलाई भोगेर भोग सकिएपछि फेरि यहीं फर्कन्छन् ।

शुक्लकृष्णे गतो ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्याऽऽवर्ततेपुनः ॥२६॥

अन्वयार्थः

जगतः	=	जगत्का	एकया	=	एउटा मार्गद्वारा
हि	=	प्रसिद्ध	अनावृत्तिम्	=	अपुनरावृत्तिमा
शुक्लकृष्णे	=	शुक्ल र कृष्ण	याति	=	जान्छ
एते	=	यी दुई	अन्यया	=	अर्कोले
गतो	=	मार्ग	पुनः	=	फेरि
शाश्वते	=	सनातन	आवर्तते	=	फर्कन्छ
मते	=	मानिएका छन्			

सरलार्थ

जगत्का शुक्ल र कृष्ण यी दुई गति सनातन मानिएका छन् । शुक्ल गतिद्वारा जाने फेरि संसारमा फर्कंदैन, कृष्ण गतिद्वारा जाने फर्कन्छ ।

तात्पर्य

आर्यहरूको मुर्दालाई अग्निमा जलाउने चलन वैदिककालदेखि चलेर आएको हो । चिता जल्दाखेरि ज्वाला र धूआँ साथै निस्कन्छन् र दुवै आकाशतिर सोझिन्छन् । यहींबाट मृत आत्माका दुई गति प्रारम्भ हुन्छन् । ज्वालाबाट शुक्ल गति, धूआँबाट कृष्ण गति । यी दुई गतिको विशेष विवेचन उपनिषद् बृह २-१५-१६ छां. ७-१० कौषि. १-१-२ मा गरेको छ । त्यहाँ शक्ल गतिलाई अर्चिरादि मार्ग, कृष्णगतिलाई धूमादि मार्ग अथवा देवयान र पितृयान पथ पनि भनेको छ । संक्षेपले उपनिषद्को वर्णन यस्तो छ—निष्काम कर्म गर्ने ब्रह्मोपासकहरू पहिले अग्निबाट ज्वाला, ज्वालाबाट दिन, दिनबाट शुक्लपक्ष, शुक्लपक्षबाट उत्तरायण, उत्तरायणबाट सम्बत्सर, सम्बत्सरबाट सूर्यमण्डल, सूर्यमण्डलबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्युत्-लोकमा जान्छन् । विद्युत्-लोकमा पुगेपछि त्यहाँ उसलाई लिन ब्रह्मलोक-बाट अमानव पुरुष आउँछ र उपासकलाई ब्रह्मलोकमा लैजान्छ । यसरी जानेहरू फेरि फर्केर संसारमा आउँदैनन् । सकाम कर्मकाण्डीहरूको मृत आत्मा पहिले धूआँ-बाट रात, रातबाट कृष्ण पक्ष, कृष्णपक्षबाट दक्षिणायन, दक्षिणायनबाट सम्वत्सर, सम्वत्सरबाट पितृलोक, पितृलोकबाट आकाश, आकाशबाट चन्द्रलोक अर्थात् स्वर्गलोकमा जान्छ । त्यहाँ पुगेपछि त्यो देवताहरूको भोग्य (अनुचर) हुन्छ । पुण्य कर्म छञ्जेल त्यहाँ स्वर्गको भोग भोगेर बस्तछ, पुण्य सकिएपछि फेरि जुनबाटो गएको हो त्यही बाटो मर्त्य भूमीमै फर्कन्छ । यिनै दुई गति अर्थात् मार्ग हुन् । वास्तवमा यी दुई गति ज्ञान र अज्ञानकै रूपक हुन् ; किनकि ज्वाला आदिमा प्रकाश छ, प्रकाश ज्ञानको स्वभाव हो । एवंप्रकार धूआँ आदिमा अन्ध-कार छ, अन्धकार अज्ञानको स्वभाव हो । अतएव तात्पर्य यो निकलन्छ कि—'ब्र-ह्मोपासक निष्काम योगी जुन्सुकै कालमा मरे पनि शुक्ल गतिलाई नै पाउँदछ, विषयोपासक या अन्य देवोपासक सकाम योगी दिन, शुक्लपक्ष, उत्तरायणमै मरे पनि कृष्ण गतिलाई नै पाउँदछ । यही कुरा ब्रह्मसूत्र ४।२।१९–२० मा लेखिएको छ । त्यहाँ भाष्यकार शङ्करले 'त्यसो भए महाभारमा भीष्मजीले किन उत्तरायण पर्खनुभएको' भन्ने शंका उठाएर यस्तो समाधान गर्नुभएको छ–भीष्मले उत्तरायण पर्खनमा दुई कारण छन् , सर्वसाधारण जनलाई दक्षिणायनका अपेक्षा उत्तरायण-मा मर्नु श्रेष्ठ छ भन्ने देखाउनको निम्ति र आफ्ना पिता सान्तनुले दिएको वर-दान 'इच्छामरण' लोकलाई विदित गराउन । अतएव ब्र. सू. ४।३।४ मा शुक्ल, कृष्ण आदि कालहरूलाई देवतावाचक मानेको छ, जो उपासकहरूलाई अडासार गरे झैं गरेर माथिका लोकमा लैजान्छन् । किन्तु ब्र. सू. ४।२।२१ मा व्यासले 'तं कालं वक्ष्यामि भरतर्षभ ! भनेर भगवान्ले स्पष्ट 'काल' शब्दको उच्चारण गर्नुभएकोले गीतामा बताइएका 'शुक्ल, कृष्ण' आदि शब्द देवतावाचक होइनन्, कालवाचकै हुन् । अतएव गीतोक्त गति उपनिषद्मा बताएको श्रौत गतिदेखि भिन्न स्मार्त गति हो, जो गीतोक्त योगीहरूका प्रति मात्र लागु छ', यस्तो भन्नु-भएको छ । तर भाष्यकार शङ्करदेखि लिएर सबै टीकाकार हरूले—गीताका 'शुक्ल, कृष्ण' आदि शब्दलाई पनि देवता-वाचक मानेमा यी दुई गति भिन्न २ होइनन्–भनेर गी. ८–२४ को व्याख्यानमा समेत सबैले उपर्युक्त काललाई कालाभिमानी देवता मानेका छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रकार र व्याख्याकारहरूको उपर्युक्त मतभेदबाट बुझिन्छ कि— अतिप्राचीन वैदिककालमा दिन, शुक्लपक्ष, उत्तरायणमा मर्नु प्रशस्त मानिन्थ्यो। कारण के भने उत्तरायण देवताहरूको दिन हुनाले त्यसवेला देवयान पथ खुला रहनु युक्तिसङ्गत हो, दक्षिणायन रात हुनाले देवयान पथको द्वार बन्द हुनु पनि स्वाभाविक हो। परन्तु पछि ज्ञानकाण्डको विशेष विकाश हुँदै गएपछि यो कुरा थाहा भयो कि—ज्ञानी पुरुषलाई पनि उत्तरायणमा मरे बेग्लै गति र दक्षिणायनमा मरे बैग्लै गति हुने भएपछि ज्ञानको केही पनि महत्त्व रहँदैन, यसैले पछि कालादिको अर्थ 'कालाभिमानी-देवता' गर्नुपर्‍यो। अस्तु, यी दुई गति पुण्यात्माकै हुन्। अर्को एउटा पापात्माको तेस्रो गति छ जसमा बार २ पक्षी आदि योनिमा जन्मनु औ मर्नु तथा नरकमा जानु सिवाय अरू केही छैन। जस्तैः—'जायस्व म्रियस्वेत्येतत्तृतीयं स्थानम्' (छां. उ. ५-१०)। यो सबैभन्दा निकृष्ट गति हो। दोश्रो गति पनि दुःखमयै छ, किनकि यसमा अन्धकारमा जङ्गलमा हिंडे झैं अनेक ठक्कर खाँदै घटीयन्त्र जस्तै आकाश र पातालमा घुमिरहनपर्दछ। त्यसकारण समस्त कामनाहरूलाई त्यागेर कर्तव्य बुद्धिले कर्म गरोस् र साथै समस्त प्राणीमा आफ्नू आत्मालाई देख्ने अद्वैत ज्ञानको शरण लेओस्; किनभने यसबाट सके निर्वाण मुक्ति नभए देवयान पथबाट क्रम-मुक्ति अनिवार्य हुन्छ। यही यी श्लोकहरूको अन्तिम तात्पर्य हो॥ २३-२४-२५-२६॥

अब यस अध्यायको उपसंहारमा अन्तिम सारोपदेश गर्नुहुन्छ—

नैते सृती पार्थ ! जानन्योगी मुह्यति कश्चन।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ! ॥२७॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	तस्मात्	=	त्यसकारण
एते	=	यी दुई	अर्जुन !	=	हे अर्जुन !
सृती	=	मार्ग	सर्वेषु	=	सम्पूर्ण
जानन्	=	जान्ने	कालेषु	=	कालमा
कश्चन	=	कोही	योगयुक्तः	=	योगयुक्त
योगी	=	योगी	भव	=	होऊ
न मुह्यति	=	मोहित हुँदैन			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal.

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे पार्थ ! यो दुई गतिको रहस्यलाई जानेपछि कुनै योगी पनि भुल्दैन, त्यसकारण हे अर्जुन ! तिमी हरबखत् योगयुक्त होऊ ।

किनकि—

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे अक्षरब्रह्मयोगो नाम अष्टमोऽध्यायः ॥ ८ ॥

अन्वयार्थः

वेदेषु	=	वेदमा	योगी	=	योगीले
यज्ञेषु	=	यज्ञमा	तत्	=	त्यो
तपस्सु	=	तपस्यामा	सर्वम्	=	सबैलाई
दानेषु च एव	=	औ दानमा पनि	अत्येति	=	नाघ्दछ
यत्	=	जो	आद्यम् च	=	औ आद्य
पुण्यफलम्	=	पुण्यफल	परम्	=	उत्तम
प्रदिष्टम्	=	बताएको छ	स्थानम्	=	स्थानलाई
इदम्	=	यसलाई	उपैति	=	पाउँदछ
विदित्वा	=	जानेर			

सरलार्थ

वेदाभ्यास, यज्ञानुष्ठान, तपश्चर्या तथा दानमा जो पुण्यफल बताएको छ त्यो सबैलाई मैले बताएको यस तत्त्वलाई जानेपछि योगीले नाघ्दछ र सबैको आदिरूप उत्तम स्थानलाई पाउँदछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जसलाई राम्ररी काँच र काञ्चनको ज्ञान भएको छ, भला उसले कहिल्यै काञ्चनलाई छोडेर काँच लेला ? यस्तै शुक्ल-कृष्ण गतिका विषयमा पनि हो। भ्रममा तिनीहरू पर्दछन् जसलाई युक्तायुक्तको विवेक छैन। किन्तु विवेकको निम्ति योगको आवश्यकता छ। किनकि विनायोग बुद्धि निर्मल हुँदैन, बुद्धि निर्मल नभई विवेक उत्पन्न हुँदैन, विना विवेक मोह हट्दैन ; यसैले सदा योग-युक्त हुनलाई प्रेरणा भएको छ। यो प्रेरणा गी० ८-७ को 'मामनुस्मर युद्ध्य च' जस्तै छ, किनकि दुवै ठाउँमा 'तस्मात्सर्वेषु कालेषु' यस्तो छ। यसबाट बुझिन्छ— यहाँ 'योग' शब्दले परमेश्वरलाई नविसिकन कर्म गर्नु हो। अर्थात् समस्त फल-लाई परमेश्वरमा अर्पण गरेर कर्महरू अवश्य गर्नुको नाम 'कर्मयोग' हो। कर्म-योगको रहस्यलाई जानेपछि योगीले यावत् कर्मकाण्डका सकाम फललाई उछिन्छ ॥ २७-२८ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये अक्षरब्रह्मयोग
नाम गरेको आठौं अध्याय समाप्त भयो ॥ ८ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

नवौं अध्याय

पूर्वाध्यायमा सम्पूर्ण इन्द्रियलाई निग्रह गरेर हृदय, कण्ठ, भ्रूमध्य आदिमा धारणापूर्वक मूर्धनि नाडीद्वारा स्वेच्छापूर्वक प्राण छोड्ने योगीलाई ब्रह्मलोक-प्राप्ति-द्वारा परमात्मप्राप्ति हुन्छ भन्ने उपदेश भएपछि फेरि यसदेखि अर्को उपाय आत्मकल्याणको निम्ति छ कि छैन ? यसको उत्तर रूपमा 'अनन्यचेताः सततं' इत्यादिले भगवान्‌को सगुण अव्यक्तोपासनाद्वारा साक्षात्मुक्ति हुन्छ, मुक्त भएपछि फेरि दुःखमय संसारमा फर्कन पर्दैन भन्ने कुराको वर्णन भयो । परन्तु सर्वसाधारणका निम्ति यो पनि कठिन छ, किनकि द्वादशाध्यायमा भगवान्‌ले नै भन्नुभएको छ, 'अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते' (१२-५)। अतः यस नवौं अध्यायमा यस्तो राजमार्ग बताउनुहुनेछ, जसको नाम 'भक्तिमार्ग' हो। भक्ति या व्यक्तोपासना नै यस अध्यायको प्रतिपाद्य विषय हो । प्रथम तीन श्लोकसम्म अर्जुनको जिज्ञासा जागृत गराउन वक्तव्य विद्याको प्रशंसा गर्नुहुन्छ—

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

इदम् तु	=	यो	प्रवक्ष्यामि	=	भन्दछु
गुह्यतमम्	=	अति रहस्यमय	यत्	=	जसलाई
विज्ञानसहितम्	=	विज्ञानले सहित	ज्ञात्वा	=	जानेर
ज्ञानम्	=	ज्ञान	अशुभात्	=	पापबाट
अनसूयवे	=	दोषदृष्टिरहित	मोक्ष्यसे	=	छुट्नेछौ
ते	=	तिमीलाई			

सरलार्थ

यो अत्यन्त रहस्यमय तथा अनुभव सहितको ज्ञान दोषदृष्टि नभएका तिमीलाई म भन्दछु, जसलाई जानेपछि तिमी पापबाट छुट्नेछौ ।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

अन्वयार्थः

इदम्	=	यो (ज्ञान)	धर्म्यम्	=	धर्मयुक्त
राजविद्या	=	विद्याहरूमा राजा	कर्तुम्	=	गर्न
राजगुह्यम्	=	अत्यन्त गोप्य	सुसुखम्	=	सजिलो
उत्तमम्	=	उत्तम			
पवित्रम्	=	पवित्र	अव्ययम्	=	अविनाशी फल दिने
प्रत्यक्षावगमम्	=	प्रत्यक्ष फल भएको	(अस्ति)	=	छ

सरलार्थ

यो ज्ञान ज्ञानहरूमा श्रेष्ठ, अत्यन्त गोप्य, सबैभन्दा पवित्र, प्रत्यक्ष फल दिने, धर्मयुक्त, अनुष्ठान गर्न सजिलो एवं अक्षय पुण्यदाता छ ।

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परंतप ! ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

परन्तप !	=	हे अर्जुन !	माम्	=	मलाई
अस्य	=	यस	अप्राप्य	=	नपाएर
धर्मस्य	=	धर्मको	मृत्युसंसारवर्त्मनि	=	मृत्युले व्याप्त संसारमार्गमा
अश्रद्दधानाः	=	श्रद्धा नगर्ने	निवर्तन्ते	=	फर्केन्छन्
पुरुषाः	=	पुरुषहरू			

सरलार्थ

हे अर्जुन ! यस धर्ममा श्रद्धा नगर्ने पुरुषहरू मलाई नपाएर मृत्युमय संसाररूपी गल्लीमै फर्कन्छन् अर्थात् उनीहरूलाई मुक्ति मिल्दैन ।

तात्पर्य

यस श्लोकमा अन्य टीकाकारहरूले 'राजविद्या' शब्दले ब्रह्मविद्या या ब्रह्मज्ञान लिएका छन्, तर 'विद्या' शब्दले यहाँ उपासना लिन उचित छ । उपासनालाई पनि ब्रह्मज्ञानको साधन हुनाले विद्या भन्ने व्यवहार उपनिषद्मा छ । जस्तै— दहर-विद्या, साण्डिल्य-विद्या, उपकोशल-विद्या इत्यादि । गीता पनि उपनिषद्कै सार हो । अनधिकारीको दुरुपयोगबाट बचाउनको निम्ति अघि उपासनाहरूलाई गुप्त राख्ने चलन थियो । आफ्नू प्रिय शिष्य या पुत्रलाई मात्र विद्या दिन्थे । उपनिषद्मा लेखिएको छ—'नापुत्राय नाशिष्याय वा पुनः (श्वे० ६-२२) । यसैले यहाँ उपासनालाई 'राजगुह्य' विशेषण दिएको छ, 'गुह्यानां राजा राजगुह्यम्' गुह्यहरूमा राजा अर्थात् यो विद्या अत्यन्तै गोपनीय छ । एवंप्रकार उपासनाहरूमा सबैभन्दा श्रेष्ठ हुनाले 'राजविद्या' भनिएको छ । रामकृष्णादि विभूतिको सगुण-व्यक्तोपासना-रूप हुनाले प्रत्यक्षावगम अर्थात् प्रत्यक्ष इन्द्रिय-गोचर छ । अव्यक्तोपासना गाहारो छ, किन्तु व्यक्तोपासना नवधा भक्तिरूप हुनाले सजिलो छ । यसैले यसलाई 'सुसुखम्' अर्थात् अनुष्ठान गर्न सजिलो भनिएको छ । यी उक्त विशेषण भक्ति सिवाय अरूमा लाग्नसक्तैनन् । श्रीमद्भागवत १०-१४-४ मा पनि ज्ञानभन्दा भक्तिलाई सरल भनेको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेयःस्रुतिं भक्तिमुदस्य ते विभो !
क्लिश्यन्ति ये केवल बोधलब्धये ।
तेषामसौ क्लेशलयेव शिष्यते ।
नान्यद्यथा स्थूल तुषावघातिनः ।

हे विभो ! कल्याणको प्रवाहरूप तपाईंको भक्तिलाई छोडेर जो केवल ज्ञान-प्राप्तिका निम्ति क्लेशित हुन्छन्, तिनीहरूलाई आखिरमा दुःखैमात्र हुन्छ, जस्तो धानको खस्रे भूस (डडाल्नु) कुट्नेलाई हुन्छ । हुनत प्रेमको नाम भक्ति हो, विना प्रेम अव्यक्तोपासना पनि हुँदैन, त्यसकारण उपासना मात्र सबै भक्ति नै हुन्, तथापि नवधा उपायले भज्न सरल हुनाले व्यक्तोपासनालाई नै भक्ति-मार्ग भन्ने चलन छ । 'अवजानन्ति मां मूढाः' (९-११ यसबाट व्यक्तोपासना र 'सततं कीर्तयन्तो मां' (९-१४) यसबाट त्यसको प्रकार (विधि) स्पष्ट झल्केको छ ॥१-२-३॥

अब विस्तार पूर्वक राजविद्याको वर्णन-प्रसङ्गमा पहिले आफ्नू स्थिति बताउनुहुन्छ—

९-१

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥

अन्वयार्थः

इदम्	=	यो	सर्वभूतानि	=	सम्पूर्ण भूत
सर्वम्	=	सबै	मत्स्थानि	=	ममा रहेका छन्
जगत्	=	जगत्	अहम् च	=	किन्तु म
अव्यक्तमूर्तिना	=	अव्यक्तस्वरूप	तेषु	=	तिनमा
मया	=	मैले	न अवस्थितः	=	रहेको छैन
ततम्	=	व्याप्त छ			

सरलार्थ

यो सम्पूर्ण जगत् अव्यक्तरूप मद्वारा व्याप्त छ, सम्पूर्ण भूतहरू ममा रहेका छन्, किन्तु म तिनमा रहेको छैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

अन्वयार्थः

भूतानि च	=	भूतहरू पनि	भूतभावनः	=	भूतहरूलाई उत्पन्न गर्ने
मत्स्थानि	=	ममा रहेका			
न	=	छैनन्	भूतभृत् च	=	तथा भूतहरूलाई पालन गर्ने
मे	=	मेरो			
ऐश्वरम्	=	ईश्वरीय	मम	=	मेरो
योगम्	=	योगलाई	आत्मा	=	स्वरूप
पश्य	=	हेर	भूतस्थः	=	भूतहरूमा रहेको
			न	=	छैन

सरलार्थ

भूतहरू पनि ममा रहेका छैनन्, एवंप्रकार भूतवर्गलाई उत्पत्ति र पालन गर्ने मेरो स्वरूप पनि भूतमा रहेको छैन । हेर, मेरो कस्तो अलौकिक चातुर्यको प्रभाव ! ॥ ५ ॥

भूतहरू परमेश्वरका आधारमा रहेका छन् त कसरी ? यसमा दृष्टान्त—

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

अन्वयार्थः

यथा	=	जस्तै	तथा	=	त्यस्तै
सर्वत्रगः	=	सबैठाउँमा जाने	सर्वाणि	=	सम्पूर्ण
महान्	=	ठूलो	भूतानि	=	भूतहरू
वायुः	=	वायु	मत्स्थानि	=	ममा रहेकाछन्
नित्यम्	=	सधैं	इति	=	यस्तो
आकाशस्थितः	=	आकाशमा रहेको छ	उपधारय	=	जान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जस्तै सर्वत्र व्याप्त महान् वायु आकाशमा रहेको छ, त्यस्तै सम्पूर्ण भूतहरू ममा रहेका जान ।

तात्पर्य

वास्तवमा जस्तै जलको चञ्चलता आकाशस्थ सूर्यमा आरोपित हुन्छ, त्यस्तै समस्त विश्वको उत्पत्ति-स्थिति-प्रलयको कर्तृत्व मायाद्वारा परमात्मामा आरोपित हुन्छ । जगत्को परिणामी मूल तत्त्व हुनाले यी तीन कुरा मायामै संभव छन्, ब्रह्ममा छैनन् । वस्तुस्थिति यस्तो भए तापनि आँफूले गरेका सबै कामहरू ब्रह्ममा आरोप गराउनु मायाको धर्म हो । अघटित-घटन-चातुर्य नै माया हो । यही मायाका सम्बन्धले नै परमात्मा मायावी भएर विश्वको संचालन गर्नुहुन्छ । अतः मायाशबलित (सगुण) ईश्वर समस्त जगत्को आधार भए तापनि निर्गुण स्वरूप सदा असङ्ग छ । दृष्टान्तमा जस्तै आकाश वायुको आधार भएर पनि त्यसदेखि निर्लिप्त छ । यसरी ईश्वरका शुद्ध[1] र शबलित[2] दुवै रूपलाई बुझेपछि ईश्वरका विषयमा जति विरोधी शब्दहरू छन्, ती सबैको समाधान हुन्छ ॥६॥

सृष्टि-प्रलयको रहस्य—

सर्वभूतानि कौन्तेय ! प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	यान्ति	=	लीन हुन्छन्
सर्वभूतानि	=	सम्पूर्ण भूत	पुनः	=	फेरि
कल्पक्षये	=	कल्प सकिएपछि	कल्पादौ	=	कल्पको आदिमा
मामिकाम्	=	मेरो	अहम्	=	म
प्रकृतिम्	=	प्रकृतिमा	तानि	=	तिनीहरूलाई
			विसृजामि	=	सृष्टि गर्दछु

१ केवल चैतन्य २ मायायुक्त चैतन्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! कल्प सकिएपछि समस्त भूतहरू मेरो प्रकृतिमा लीन हुन्छन् । अर्को कल्पको प्रारम्भमा म ती पूर्वकल्पका भूतहरूलाई फेरि सृष्टि गर्दछु ।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

अन्वयार्थः

स्वाम्	=	आफ्नो	इमम्	=	यो
प्रकृतिम्	=	प्रकृतिलाई	कृत्स्नम	=	सम्पूर्ण
अवष्टभ्य	=	स्वाधीन गरेर	भूतग्रामम	=	भूत समूहलाई
प्रकृतेः	=	प्रकृतिका	पुनः पुनः	=	बारम्बार
वशात्	=	अधीन हुनाले	विसृजामि	=	सृष्टि गर्दछु
अवशम	=	अस्वतन्त्र			

सरलार्थ

म आफ्नो प्रकृतिलाई आफ्नू अधीनमा लिएर प्रकृतिका अधीनमा परेर परवश भएको यो समस्त भूतवर्गलाई बारम्बार सृष्टिगर्दछु ।

तात्पर्य

कल्पका अन्तमा जो ब्राह्मी रात्रि हुन्छ, त्यसमा ब्रह्माजी निद्रामा पर्नुहुन्छ । यही निद्रामा समस्त जीव-अजीव जगत् लीन हुन्छन । यो योगनिद्रा पनि परमेश्वरी प्रकृतिकै अवस्थान्तर हुनाले भगवान्ले मेरी प्रकृति भन्नुभएको छ । पुनः ब्रह्माको दिन उदाएपछि समस्त भूतहरूको सृष्टि हुन्छ । यसरी परमेश्वरद्वारा संचालित प्रकृतिका वशमा परेका जगत्को बार-बार खण्ड सृष्टिप्रलयहरू भइरहन्छन् , अज्ञानी जीव यस प्रवाहमा बगिरहन्छन् ॥७-८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईश्वरको असंगता—

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय !।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	असक्तम्	=	आसक्तिरहित
तानि च	=	ती	उदासीनवत्	=	उदासीन झैं
कर्माणि	=	कर्महरू	आसीनम्	=	रहेको
तेषु	=	तीं	माम्	=	मलाई
कर्मसु	=	कर्ममा	न निबध्नन्ति	=	बाँध्दैनन्

सरलार्थ

हे अर्जुन ! 'सृष्टि आदि ती कर्महरू ती कर्ममा आसक्त नभएर उदासीन झैं रहेको मलाई बन्धनकारक हुँदैनन् ।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय ! जगद्विपरिवर्तते ॥१०॥

अन्वयार्थः

अध्यक्षेण	=	अध्यक्ष	कौन्तेय !	=	हे अर्जुन !
मया	=	मद्वारा	अनेन	=	यस
प्रकृतिः	=	प्रकृतिले	हेतुना	=	हेतुले
सचराचरम्	=	चराचरसहित विश्वलाई	जगत्	=	विश्व
सूयते	=	पैदा गर्दछ	विपरिवर्तते	=	परिवर्तित हुन्छ

सरलार्थ

मेरो अध्यक्षतामा रहेर प्रकृतिले चराचर विश्वलाई जन्माउँछे । हे अर्जुन ! यसैले जगत्का सृष्टि-प्रलय बार-बार भइरहन्छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

परमात्मा जगत्का सृष्टि-प्रलय आदि समस्त कर्म गरेर पनि तो प्रत्येक कर्म-ले बाँधिनुहुन्न, यसमा दुई कारण छन्—दुई जनाले वाद-विवाद गरेको र हार-जित भएको देखेर पनि दुवै पक्षका हर्ष-शोकदेखि रहित तेस्रो निस्पक्ष पुरुषलाई 'उदासीन' भन्दछन्। परमात्मा पनि संसारका कर्मजन्य हर्ष-विषाददेखि रहित हुनाले 'उदासीन' हुनुहुन्छ। किन्तु यी दुई गुणका अभावले जीव[1] कोशकार कृमि झैं कर्मद्वारा बाँधिन्छ। यी दुई दुर्गुणको त्याग भएपछि मनुष्य कर्म गरे तापनि कर्मका बन्धन-मा पर्दैन। किनभने ईश्वर बिम्बरूप हो, जीव प्रतिबिम्बरूप हो, प्रकृति उपाधि हो, बन्धन र मुक्ति दुवै धर्म प्रकृतिकै हुन्। किनकि उपाधिका धर्महरूप प्रतिबिम्बमै रहन्छन्, बिम्बमा रहँदैनन्। अतएव बन्धन र मुक्ति पनि अज्ञानी जीवमै प्रतीत हुन्छन्, नित्य मुक्त बिम्बरूप ईश्वरका साथ एकात्म भएको ज्ञानीमा हुँदैनन्।

यद्यपि परमेश्वर समस्त विश्वव्यवस्थापक संघको अध्यक्ष हुनुहुन्छ, तथापि समस्त जगत्को कार्यकर्ता प्रकृतिकै विभिन्न शक्तिहरू हुन्, त्यसकारण चेतन पर-मात्मा सदा असङ्ग हुनुहुन्छ। कार्यकर्ताहरू जसरी अध्यक्षको अनुमति लिएर काम गर्दछन्, त्यस्तै परमेश्वरको चित्सत्तालाई पाएर प्रकृति जगत्को सृष्टि-स्थिति-प्रलय गर्दछ। सांख्यदर्शनमा लेखिएको छ— "तत्सन्निधानाद्धिष्ठातृत्वं मणिवत्" (१।९६) जसरी चुम्बकका नगीच रहनाले फलाम आँफै नाच्नथाल्दछ, त्यस्तै चैतन्यको नगीच भएपछि प्रकृतिमा सृष्टि आदि क्रिया-शक्तिहरू आँफै उत्पन्न हुन्छन्, यसको निम्ति चैतन्यले केही गर्नपर्दैन ॥९-१०॥

श्रीकृष्णका प्रति भ्रान्त मानवदृष्टि—

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम्।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

अन्वयार्थः

मम	=	मेरो	परम्	=	श्रेष्ठ
भूतमहेश्वरम्	=	भूतहरूको महान् ईश्वररूपी	भावम्	=	भावलाई
			अजानन्तः	=	नजानेर

१ रेसम-कीरो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूढाः	=	अविवेकीहरू	आश्रितम्	=	रहेको
मानुषीम्	=	मनुष्यसम्बन्धी	माम्	=	मलाई
तनुम्	=	शरीरमा	अवजानन्ति	=	अवहेलना गर्दछन्

सरलार्थ

मेरो सकल भूतवर्गको महान् ईश्वररूपी सर्वोच्चभावलाई नजानेर मूढ पुरुषहरू मनुष्य शरीरमा रहेको मलाई इतर मनुष्यसाधारण ठानेर हेला गर्दछन् ।

तात्पर्य

परमेश्वर निर्गुण निराकार भएर पनि अघटित-घटन-सामर्थ्य मायाद्वारा विश्वको सृष्टि-स्थिति-प्रलय र सगुण-साकार रूपमा व्यक्त भएर राम-कृष्णादि रूपले नर-लीला समेत गर्नुहुन्छ तथा भक्त-रक्षा र दुष्ट-संहारद्वारा पृथ्वीको भार-हरण गर्नुहुन्छ । यसैको नाम भूतमहेश्वरभाव हो । श्वेताश्वतर श्रुतिमा लेखिएको छ—'मायां तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्' (श्वे. ४-१०)—मायालाई 'प्रकृति', मायावाला लाई 'महेश्वर' जानोस् । परन्तु अत्यन्त पामर मूढ जनहरू यो भूतमहेश्वरभावलाई तथा नररूपधारी नारायणको अवतार-रहस्यलाई जान्दैनन्, यसैले सर्वसाधारण मनुष्य ठानेर अवहेलना गर्दछन् । जस्तो कंस, शिशुपाल आदि राजाहरूले गरेका थिए । अहिलेसम्म पनि यो रहस्यलाई राम्ररी जान्ने बिल्कुल कम छन् । परमेश्वरको अवतार भनेको के हो ? किन, कसरी हुन्छ ? यो कुरा गी. अ. ४-७ को तात्पर्यमा विशेष लेखिएको छ । यद्यपि जीवमात्र परमेश्वरका अंश हुनाले सबै अवतारै हुन्, तथापि जगत्को मर्यादा स्थापन गरेर सामूहिक कल्याण जसले गर्नसक्छ उही अवतार हो । ईश्वरको अव्यक्त स्वरूपको उपासना गर्न-नसक्ने उपासकले शालिग्राममा विष्णुबुद्धि गरे झैं यिनै महापुरुषहरूको व्यक्त शरीरलाई परमेश्वरको प्रतीक मानेर उपासना गर्नाले अन्तमा उसको कल्याण हुन्छ, महापुरुष नै ईश्वरका अवतार हुन् , (भा. ११-५-३३-३४) । यसमा केही सन्देह छैन ॥११॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

अन्वयार्थः

मोघाशाः	=	निष्फल आशागर्ने	मोहिनीम्	=	मोहगराउने
मोघकर्माणः	=	निष्फल कर्म गर्ने	राक्षसीम्	=	राक्षसी
मोघज्ञानाः	=	निष्फल ज्ञान भएका	आसुरीं च एव	=	तथा आसुरी
			प्रकृतिम्	=	प्रकृतिलाई
विचेतसः	=	भ्रष्टबुद्धि मनुष्यहरू	श्रिताः	=	आश्रय गरेका हुन्छन्

सरलार्थ

निष्फल आशा, निष्फल कर्म, निष्फल ज्ञान भएका तथा भ्रष्ट बुद्धि भएका मनुष्यहरू मोहिनी अर्थात् विवेकनाशकारी राक्षसी [हिंसादि-प्रचुर तामसी] आसुरी (काम-दर्पादि-युक्त राजसी) प्रकृतिको आश्रय गरेका हुन्छन् ।

तात्पर्य

हिंसा, द्वेष, छल आदि गर्नु राक्षसी प्रकृति भएका जीवको लक्षण हो । काम, क्रोध, दम्भ, दर्प, अभिमान आदि गर्नु आसुरी प्रकृति भएका जीवको लक्षण हो । यो व्यामोहकारी तामसी र राजसी प्रकृतिका वशमा हुनाले मनुष्य भगवान्-को भूत-महेश्वर भावलाई जान्दैनन् । यिनका ठूला-ठूला आशा तथा महत्त्वा-काङ्क्षा व्यर्थ हुन्छन् । यी जो कर्म गर्दछन् , त्यो सकाम र स्वार्थमय तथा अनी-तिपूर्ण हुनाले परिणाममा दुःखदायक हुन्छ । यिनीहरूको ज्ञान पनि व्यर्थको कुतर्कपूर्ण हुन्छ, यसैले यिनी हरूलाई शान्ति-सुख कदापि मिल्दैन ॥१२॥

भगवद्भजन-प्रकार—

महात्मानस्तु मां पार्थ ! दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	भूतादिम्	=	भूतहरूको आदि-कारण
पार्थ !	=	हे अर्जुन !	अव्ययम्	=	अविनाशी
दैवीम्	=	दैवी	ज्ञात्वा	=	जानेर
प्रकृतिम्	=	प्रकृतिलाई	अनन्यमनसः	=	अन्यत्र चित नदिइ कन
आश्रिताः	=	आश्रय गरेका	भजन्ति	=	भज्दछन्
महात्मानः	=	महापुरुषहरू			
माम्	=	मलाई			

सरलार्थ

किन्तु हे अर्जुन ! दैवी प्रकृतिको आश्रय गरेका महात्माहरू मलाई जगत्-को मूलतत्त्व अविनाशी जानेर अनन्य चित्तले भज्दछन् ।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

अन्वयार्थः

दृढव्रताः	=	दृढ व्रतभएका भक्त	नमस्यन्तः च	=	नमस्कार गर्दै
सततम्	=	सधैं	नित्ययुक्ताः	=	निरन्तर तन्मय भएर
माम्	=	मलाई	माम्	=	मलाई
कीर्तयन्तः	=	कीर्तन गर्दै	उपासते	=	भज्दछन्
यतन्तःच	=	तथा यत्न गर्दै			
भक्त्या	=	भक्तिले			

सरलार्थ

दृढ व्रत भएका योगीहरू नित्य योगयुक्त भएर सधैं मेरो कीर्तन-नमस्कार गर्दै भक्ति पूर्वक मेरो उपासना गर्दछन् ।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अन्ये अपि च	=	अरू पनि कोही	एकत्वेन	=	अभेदभावले
ज्ञानयज्ञेन	=	ज्ञानयज्ञद्वारा	पृथक्त्वेन	=	भेदभावले
यजन्तः	=	पूजा गर्दै	बहुधा	=	अनेक प्रकारले
विश्वतोमुखम्	=	सर्वात्मक	उपासते	=	उपासना गर्दछन्
माम्	=	मलाई			

सरलार्थ

अरू पनि कोही भक्तहरू ज्ञानयज्ञद्वारा विश्वतोमुख मलाई अभेद भावले भज्दछन्, कोही भेद (सेव्य-सेवक) भावले तथा कोही भेदाभेद आदि नाना प्रकारले मलाई भज्दछन् ।

तात्पर्य

गत ११, १२ श्लोकमा आसुरी सम्पदाको र यी तीन श्लोकमा दैवी सम्पदाको लक्षण संक्षेपले वर्णन गरिएको छ, जसको विस्तार सोह्रौं अध्यायमा छ । दैवी प्रकृति भएका पुरुषहरू परमात्मालाई अविनाशी एवं निखिल जगत्को कारण-स्वरूप जानेर उनैमा तन्मय-भावले रहन्छन् । परमात्मामै संलग्न चित्त भएका तथा अहिंसा, सत्य आदि सार्वभौम महाव्रतमा दृढ भएका ईश्वर परायण भक्तहरू नवधा उपायले परमेश्वरकै भजन गर्दछन् ।

नवधा उपाय—

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥
(भाग० ७-५-२३)

१ श्रवण, २ कीर्तन, ३ स्मरण, ४ पादसेवन, ५ पूजन, ६ नमस्कार, ७ दासभाव, ८ सखा-भाव, ९ आत्म-समर्पण यी 'नवधा-भक्ति' कहिन्छन् । वस्तुतः यी भक्ति होइनन्, किन्तु भक्तिका साधन हुनाले भक्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनिएका छन्, मुख्य भक्ति होइनन्, गौण भक्ति हुन्। मुख्य भक्ति प्रेम[1] नै हो।

भक्तिद्वारा मनुष्यका कामादि दुर्गुणहरू कम हुँदैजान्छन्, प्रति दिन चित्त निर्मल हुँदैजान्छ। निर्मल चित्तमा स्वच्छ ऐनामा आफ्नू मुख देखिए झैं आत्म-तत्त्वको भान हुन्छ। योगदर्शनमा लेखिएको छ—ततः प्रत्यक्चेतनाधिगमोप्यऽन्तरायाभावश्च' यो. द. १-२९)—परमेश्वरको भक्तिद्वारा प्रत्यक् चेतन अर्थात् विश्वका समस्त प्राणीका भित्र रहेको चैतन्य आत्माको ज्ञान हुन्छ तथा कल्याण मार्गमा कुनै विघ्नहरू पनि संमुख पर्दैनन्।

अद्वैत आत्माको बोध भएपछि उसका दृष्टिमा जगत् 'वासुदेवः सर्वम्' यस्तो हुन्छ। जहाँसम्म यस्तो ज्ञान हुँदैन त्यहाँसम्म भक्तहरू पृथक्त्व अर्थात् सेव्य-सेवक भावले नै भजिरहन्छन्। कुनै भक्त परमेश्वरका १-१ विभूति ब्रह्मा, विष्णु, रुद्र, इन्द्र आदिको रुचि-अनुसार उपासना गर्दछन्। एवंप्रकार ज्ञान अद्वैत, द्वैत, द्वैताद्वैत आदि जति प्रकारको हुन्छ, ज्ञानयज्ञ पनि उत्ति नै प्रकारको हुन्छ। वस्तुतः जुन् भावले जसको उपासना गरे पनि 'सर्वदेवनमस्कारः केशवं प्रतिगच्छति' यस न्यायले अन्तमा विश्वतोमुख परमात्माकै पूजा हुन्छ। यसमा क्रमशः उन्नति गराउने साधन साधक-भक्तहरूकै शुभकामना हो। यसैले अन्तमा सबै उपासना परमेश्वरकै हुनजान्छन् र अन्तमा भक्तहरू उनैका पदपङ्कजमा विलीन हुन्छन् ॥ १३-१४-१५ ॥

परमात्माको विश्वतोमुख भाव—

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम्।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

अन्वयार्थः

अहम्	=	म	अहम्	=	म
क्रतुः	=	श्रौत यज्ञ	यज्ञः	=	स्मार्तयज्ञ

[1] यसमा विशेष जिज्ञासा हुनेले लेखकको 'भक्ति-तत्त्व-मीमांसा' हेर्नु।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहम्	=	म	अहम्	=	म
स्वधा	=	श्राद्धमा पितृलाई दिइने वस्तु	आज्यम्	=	घिउ
अहम्	=	म	अहम्	=	म
औषधम्	=	अन्न	अग्निः	=	अग्नि
अहम्	=	म	अहम्	=	म
मन्त्रः	=	मन्त्र	हुतम्	=	आहुति
			(अस्मि)	=	हुँ

सरलार्थ

अग्निष्टोमादि श्रौत याग, वैश्वदेवादि स्मार्त यज्ञ, पितृलाई दिइने पिण्ड, प्राणीहरूले खाने अन्न, हवन गर्ने वैदिक मन्त्र, अग्निमा होम गरिने घिउ तथा अग्निमा होमिएको आहुति सबै म हुँ ।

पिताहमस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ॥१७॥

अन्वयार्थः

अहम्	=	म	पितामहः	=	बाजे
अस्य	=	यस	वेद्यम्	=	जान्न योग्य वस्तु
जगतः	=	जगत्को	पवित्रम्	=	पवित्र
पिता	=	बाबु	ओंकारः	=	ॐकार
माता	=	आमा	ऋक्साम	=	ऋग्वेद र सामवेद
धाता	=	आधार	यजुः एव च	=	तथा यजुर्वेद
			(अस्मि)	=	हुँ

सरलार्थ

म यस जगत्को माता, पिता, धाता, बाजे, जान्न योग्य वस्तु, पवित्र ॐकार तथा ऋक्, साम, यजु (वेदत्रयी) हुँ ।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

गतिः	=	गति	प्रभवः	=	सृष्टिकर्ता
भर्ता	=	पालनकर्ता	प्रलय	=	संहारकर्ता
प्रभुः	=	स्वामी	स्थानम्	=	आधार
साक्षी	=	साक्षी	निधानम्	=	लयस्थान
निवासः	=	आश्रय	अव्ययम्	=	अविनाशी
शरणम्	=	शरण	बीजम्	=	बीज
सुहृत्	=	परम मित्र	(अस्मि)	=	हुँ

सरलार्थ

म सबैको गति, पालनकर्ता, प्रभु, साक्षी, आश्रय, शरण, प्रत्युपकारको ख्याल नराखिकन उपकार गर्ने मित्र, उत्पत्ति-स्थिति-प्रलयको आधार तथा विश्वको अविनाशी बीज हुँ ।

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ! ॥१९॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	उत्सृजामि च	=	औ छोड्दछु
अहम्	=	म	अमृतम् च	=	अमृत र
तपामि	=	तपाउँदछु	मृत्युः च	=	मृत्यु पनि
अहम्	=	म	सत्-असत् च	=	तथा सत् र असत् पनि
वर्षम्	=	वृष्टिलाई	अहम् एव	=	म नै
निगृह्णामि	=	रोक्तछु	(अस्मि)	=	हुँ

सरलार्थ

हे अर्जुन ! म ग्रीष्म ऋतुमा सूर्य भएर पृथ्वीलाई तपाउँदछु, वर्षा ऋतुमा फेरि वर्षा गराउँदछु, समयानुसार रोक्तछु, किमधिकम् ! अमृत र मृत्यु, सत् र असत् (परस्पर विरुद्ध पदार्थ) पनि मै हुँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यी श्लोकमा भगवान्‌ले आँफूलाई सर्वरूप देखाउनुभएको छ। विश्वमा जो जति विभिन्न भावहरू छन् ती सबै परमात्माकै रूप हुन्। किनकि एकलाई अनेक बनाएर देखाउने मायाशक्ति नै जसको दासीवत् छ भने समस्त यज्ञसामग्री, माता, धाता, पितामह, ॐकार, समस्त वेद, सबैको गति, भर्ता, साक्षी, सखा, उत्पत्ति-प्रलय, वर्षालाई रोक्ने-छोड्ने, अमृत, मृत्यु, सत्-असत् इत्यादि सबै हुनमा के सन्देह ? यो त केवल दिग्दर्शन मात्र हो, यसमा नबताएको पनि बुझ्नपर्दछ। ज्यादा के ! यो विश्व नै परमेश्वरको स्थूल शरीर हो। श्रीमद्भागवतमा लेखिएको छ—

खं वायुमग्निं सलिलं महीञ्च
ज्योतींसि सत्त्वानि दिशो द्रुमादीन्।
सरित्समुद्रांश्च हरेः शरीरं
यत्किञ्च भूतं प्रणमेदनन्यः॥
(११-२-४१)

आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्र, तारागण, बिजुली, प्राणीहरू दिशा, वृक्षहरू, नदी तथा समुद्र आदि जो जति मूर्तामूर्त वस्तु छन् ती सबै परमेश्वरका एउटै शरीरका अङ्ग-प्रत्यङ्ग हुन्, अनन्य भावले अर्थात् सबैमा परमेश्वर-बुद्धिले नमस्कार गरोस्। यस्तो परमात्माको विश्वतोमुख भाव हुन्छ॥ ॥१६-१७-१८-१९॥

परमेश्वरको विश्वतोमुख भावलाई नबुझ्ने सकाम कर्मीहरूको दुरवस्था—

त्रैविद्या मां सोमपाः पूतपापा
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते।
ते पुण्यमासाद्य सुरेन्द्रलोक-
मश्नन्ति दिव्यान्दिवि देवभोगान्॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सोमपाः	=	सोम पान गर्ने	ते	=	तिनीहरू
पूतपापाः	=	निष्पाप भएका	पुण्यम्	=	पुण्य फलरूप
त्रैविद्याः	=	तीन वेदका सकाम कर्महरू	सुरेन्द्रलोकम्	=	इन्द्रलोकलाई
			आसाद्य	=	पाएर
माम्	=	मलाई	दिवि	=	स्वर्गमा
यज्ञैः	=	यज्ञद्वारा	दिव्यान्	=	अलौकिक
इष्ट्वा	=	पूजा गरेर	देवभोगान्	=	देवभोगलाई
स्वर्गतिम्	=	स्वर्गको गतिलाई	अश्नन्ति	=	भोग्दछन्
प्रार्थयन्ते	=	प्रार्थना गर्दछन्			

सरलार्थ

सोमपान गर्नाले निष्पाप भएका, ऋक्, यजु, साम यी तीन वेदमा बताएका सकाम कर्मगर्ने मनुष्यहरू यज्ञद्वारा मलाई इन्द्रादिरूपमा पूजा गरेर स्वर्ग जानलाई प्रार्थना गर्दछन्। ती कर्मीष्ठहरू पुण्यको फलरूप स्वर्गलोकमा गएर स्वर्गको देवभोग्य दिव्य भोगलाई भोग्दछन्।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति।
एवं त्रयीधर्ममनुप्रपन्ना
गतागतं कामकामा लभन्ते ॥२१॥

अन्वयार्थः

ते	=	ती सकामकर्मीहरू	क्षीणे	=	सकिएपछि
तम्	=	त्यो	मर्त्यलोकम्	=	मर्त्यलोकमा
विशालम्	=	ठूलो	विशन्ति	=	प्रवेश गर्दछन्
स्वर्गलोकम्	=	स्वर्गलोकलाई	एवम्	=	यसरी
भुक्त्वा	=	भोगेर	त्रयीधर्मम्	=	तीन वेदका कर्मकाण्डको
पुण्ये	=	पुण्य			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुप्रपन्नाः	=	अनुशरण लिएका	गतागतम्	=	आवागमनलाई
कामकामाः	=	पिषयभोगको इच्छा गर्नेहरू	लभन्ते	=	पाउँदछन्

सरलार्थ

ती वैदिक सकाम कर्म गर्ने व्यक्तिहरू काम्य कर्मद्वारा पाएको त्यो स्वर्गको विशाल भोगलाई भोगेर पुण्य सकिएपछि मर्त्यलोकमा खस्तछन् । एवंप्रकार वेदका सकाम कर्मको अनुशरण लिएका विषयकामी जनहरू पुण्यकर्म गरेर स्वर्गमा जानु, पुण्य सकिएपछि मर्त्यलोकमा आउनु, फेरि पुण्य गर्नु र स्वर्गमा जानु, फेरि आउनु, बार-बार यस्तो आवागमन-चक्रमा पर्दछन् ।

तात्पर्य

यद्यपि परमात्मा नै इन्द्रादि देवताको रूपमा स्वर्गादि फलदाता हुनुहुन्छ, तथापि सकाम कर्म गर्ने स्वर्गसुखाभिलाषीहरू व्यष्टि बुद्धिले अरू देवताको पूजा गर्दछन् । फलतः यो हुन्छ कि ती देवताहरूद्वारा दिइएको फल क्षणिक हुन्छ, यसैले स्वर्ग-सुख-भोगका अनन्तर फेरि मर्त्यभूमिमै ओर्लन्छन् । सकाम कर्म गर्नेको गति स्वर्गसम मात्र हो, यसदेखि माथि तिनीहरूको गति छैन । त्यहाँबाट तिनीहरूले अवश्यै खस्नुपर्दछ । किनकि हरेक वस्तुको यो स्वभावै हुन्छ कि— वेग छञ्जेल माथि जान्छ, वेग सकिएपछि तल खस्तछ—'पतनान्ता समुच्छ्रया ।' अतः आवागमनरहित स्थायी नित्य सुख-प्राप्तिको निम्ति परमेश्वर-प्रीत्यर्थ निष्काम सेवा नै गर्नुपर्दछ भन्ने तात्पर्य सिद्ध हुन्छ ॥२०–२१॥

निष्काम भक्तहरू यस्ता हुन्छन्—

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ये	=	जो	नित्याभियुक्तानाम्	=	नित्य ममा लागेका
जनाः	=	मनुष्यहरू	तेषाम्	=	तिनीहरूको
अनन्याः	=	अन्यत्र चित्त नदिइकन	योग-क्षेमम्	=	योग र क्षेम
माम्	=	मलाई	अहम्	=	म
चिन्तयन्तः	=	चिन्तन गर्दै	वहामि	=	धारण गर्दछु
पर्य्युपासते	=	उपासना गर्दछन्			

सरलार्थ

जो मनुष्य अनन्य भावले चिन्तन गर्दै मलाई भज्दछन्, निरन्तर मैमा लागेका ती भक्तहरूको योग-क्षेम म आँफै चलाउँदछु ।

तात्पर्य

ब्रह्मा, विष्णु, शङ्कर, राम, कृष्ण, देवी, सूर्य, गणेश आदि विभिन्न भावलाई एउटै ईश्वरका लीलाविभूति मानेर अद्वैत भावले देख्नु 'अनन्य भाव' हो । उपासनाको रहस्य यही हो कि—विष्णुका भक्तले ब्रह्मा, शंकर आदिलाई विष्णुले नै कार्य-वस अनेक रूप लिनु भएको, एवंप्रकार रामका भक्तले विष्णु, शङ्कर, कृष्ण आदिलाई; कृष्णका भक्तले राम, विष्णु, शङ्कर आदिलाई आफ्नै इष्टदेवको विभूति (नाना रूप) मानेर अनेक रूपमा उही एकको उपासना गर्नपर्दछ । जो यो वास्तविक रहस्यलाई नबुझेर आफ्नू इष्टदेव बाहेक अरू देवताको अगाडि शिर झुकाउन, पूजा आदि गर्नलाई व्यभिचार मानेर अरू विभूतिको तिरष्कार, निन्दालाई अनन्य भक्ति ठान्दछन् ती पटमूर्ख हुन् । रामभक्त तुलसीदासजी वृन्दावनमा गएर कृष्णको मूर्तिमा रामचन्द्रलाई देख्नुहुन्छ । यसरी तुलसीदासले झैं आफ्नै इष्टदेवलाई अरू देवतामा देख्नु साँचो अनन्य भाव हो ।

योग-क्षेम—आवश्यक, अप्राप्त वस्तुको प्राप्ति 'योग', प्राप्त वस्तुको रक्षा 'क्षेम' हो । पूर्वोक्त प्रकारले भगवान्लाई अनन्य भावले भजन गर्ने भक्तको सबै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योग-क्षेम स्वयं भगवान्ले चलाउनुहुन्छ । यस विषयमा सूरदास, मीरा, जयदेव, नरसीमेहता आदि भक्तहरूको इतिहास जगत्-प्रसिद्ध छ । महाभारतमा पनि लेखिएको छ—

मनीषिणो हि ये केचित् यतयो मोक्षधर्मिणः ।
तेषां विच्छिन्नतृष्णानां योग-क्षेमवहो हरिः ॥
(शां० ३४८-७२)

जो मोक्ष-धर्ममा लागेका बुद्धिमान् योगीहरू छन्, तृष्णारहित भएका तिनको योगक्षेम भगवानै चलाउनुहुन्छ । यद्यपि भगवान् समस्त विश्वको धारण-पोषण गर्ने हुनाले 'विश्वात्मा' कहलाउनुभएको छ, त्यसकारण सबैको योगक्षेम भगवान्बाटै चलेको छ, तथापि उच्च कक्षामा पुगेका त्यागी भक्तहरू सर्वात्मना भगवत्-शरणागत भएकाले उनलाई योगक्षेमको वास्तै हुँदैन, यसैले उनको योग-क्षेम भगवान्द्वारा चलेको स्पष्ट देखिन्छ । अरू मनुष्यहरू रातोदिन योग क्षेमको चिन्ताले व्याकुल भैरहेका हुन्छन्, भगवान्द्वारा चलेको योग-क्षेमलाई मैले गरेर भएको भन्ने ठान्दछन् ॥२२॥

यदि इन्द्रादि देवताको पूजा पनि प्रकारान्तरबाट विश्वतोमुख परमेश्वरकै पूजा हो भने तिनलाई किन मुक्ति नमिलेर आवागमन-चक्र मिन्दछ ? यसको उत्तर—

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय ! यजन्त्यविधिपूर्वकम् ॥२३॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	यजन्ते	=	पूजा गर्दछन्
श्रद्धया	=	श्रद्धाले	ते अपि	=	ती पनि
अन्विताः	=	युक्त	अविधिपूर्वकम्	=	अज्ञानपूर्वक
ये अपि	=	जो	माम् एव	=	मलाई नै
भक्ताः	=	भक्तहरू	यजन्ति	=	पूजा गर्दछन्
अन्यदेवताः	=	अरू देवताहरूलाई			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जो भक्तहरू श्रद्धायुक्त भएर अरू देवताको पूजा गर्दछन् त्यो मलाई नचिनेर गरेको भए तापनि आखिर मेरै पूजा हो ।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥

अन्वयार्थः

हि	=	किनभने	ते	=	तिनीहरू
अहम्	=	म	माम्	=	मलाई
सर्वयज्ञानाम्	=	सम्पूर्ण यज्ञको	तत्त्वेन	=	यथार्थ रूपले
भोक्ता च	=	भोक्ता र	न अभि जानन्ति	=	जान्दैनन्
प्रभुः एव च	=	फलदाता पनि हुँ	अतः	=	यस कारण
तु	=	किन्तु	च्यवन्ति	=	खस्तछन्

सरलार्थ

किनभने म समस्त श्रौत-स्मार्त यज्ञको देवता रूपले भोक्ता र अधियज्ञ रूपले फलदाता पनि हुँ, किन्तु यी कर्मकर्ताहरू यथार्थरूपले मलाई जान्दैनन् , यसैले स्वर्गमा गएर फेरि मर्त्यलोकमा खस्तछन् ।

तात्पर्य

ब्रह्मा, विष्णु, रुद्र तथा इन्द्र आदि देवताहरू एक परमेश्वरकै विभिन्न रूप हुन् , त्यसकारण उनीहरूले गरेको पूजा प्रकारान्तरबाट परमेश्वरकै हुन्छ । ऋग्वेद-मा लेखिएको छ—एकं सद्विप्रा बहुधा वदन्ति, अग्निं यमं मातरिश्वानमाहुः (ऋ. १।१४६।४६)—परमेश्वर एक हुनुहुन्छ, परन्तु पण्डितहरू उनैलाई अग्नि, यम तथा वायु आदि भन्दछन् । महाभारतमा पनि लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माणं शितिकण्ठं च याश्चान्या देवताः स्मृताः ।
प्रबुद्धचर्याः सेवन्तो मामेवैष्यन्ति यत्परम् ॥
(शां. ३४१।३४)

ब्रह्मालाई, शिवलाई अथवा अरू देवताहरूलाई भज्ने सज्जनहरू पनि अन्तमा मैमा आएर मिल्दछन् ।

श्रीमद्भागवतमा पनि गीताको ९।२३ को अनुकरण जस्तै श्लोक छ—

सर्व एव यजन्ति त्वां सर्वदेवमयेश्वरम् ।
येऽप्यन्यदेवता भक्ता यद्यप्यन्यधियः प्रभो ! ॥
(भाग० १० प० ४०।९)

हे प्रभो ! यद्यपि यी भक्तहरूको अन्य-देवता-बुद्धि छ तथा अन्य देवताका भक्त छन्, तथापि यी सबै सर्वदेवरूप, सर्वेश्वर तपाईंकै पूजा गर्दछन् ।

अतः आफ्ना २ इष्टदेवता भिन्न २ भए तापनि उपासना (भक्ति) एक हुन्छ । वास्तवमा भक्ति नै मुख्य हो, प्रतीकहरू गौण हुन् । यो शास्त्रीय रहस्यलाई नबुझेर आफ्नू इष्टदेवता ठूलो र अर्काको सानू भनेर आपुस्मा कलह गर्ने अज्ञानी हुन् । वस्तुतः सर्व देवरूप परमेश्वरकै पूजा गरेर पनि तत्त्व नबुझेका हुनाले तिनको पूजा अविधिपूर्वक भनिएको छ । भिन्न २ कामनाद्वारा भिन्न २ देवताको पूजा गर्नेहरू सकल यज्ञको भोक्ता अधियज्ञरूप प्रभुलाई नजानेरै स्वर्गमा गएर पतन हुन्छन् ॥२३–२४॥

विभिन्न देवपूजाको र ब्रह्मोपासनाको पृथक् २ फल—

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

अन्वयार्थः

देवव्रताः	=	देवताका उपासक	यान्ति	=	जान्छन्
देवान्	=	देवलोकमा	पितृव्रताः	=	पितृका उपासक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पितॄन्	=	पितृलोकमा	यान्ति	=	जान्छन्
यान्ति	=	जान्छन्	मद्याजिनः अपि	=	मेरा उपासक पनि
भूतेज्याः	=	भूतगणका उपासक	माम्	=	मेरो लोकमा
भूतानि	=	भूतलोकमा	यान्ति	=	जान्छन्

सरलार्थ

जस२ले जस२को सेवा-पूजा गरेका छन् पछि ती तिनै-तिनैका लोकमा जान्छन् । देव-उपासक देवलोकमा, पितृ-उपासक पितृलोकमा, भूत-उपासक भूत-लोकमा तथा मेरा उपासक मेरो लोकमा जान्छन् ।

तात्पर्य

यद्यपि एउटै परमात्मा सर्वत्र ब्रह्मादिमा विराजमान हुनुहुन्छ, तथापि उपासनाको फल प्रत्येक उपासकका भावनानुसार असल र कमसल हुन्छ । यो फल पनि भिन्न-भिन्न उपासकलाई त्यस-त्यस केन्द्रबाट दिलाउने भगवानै हुनुहुन्छ । जस्तै भगवान्‌ले भन्नुभएको छ—'लभते च ततः कामान् मयैव विहितान् हि तान्' (७-२२) । यही सकल यज्ञको भोक्तृत्वमा प्रमाण हो । किनकि सकल यज्ञको फलदाता नभई सकल यज्ञको भोक्ता कसरी हुनुहोला ? महिम्नस्तोत्रमा लेखिएको छ—'क्रतौ सुप्ते जाग्रत्त्वमसि फलयोगे क्रतुमताम्' (श्लोक २१)—यज्ञसम्बन्धी क्रियाकलाप नष्ट भएपछि पनि यज्ञकर्ताहरूलाई फल दिने तपाईं अविनाशीरूपले सदा जागरुक हुनुहुन्छ ।

पूजा गर्ने उपासकगण सात्त्विक, राजस, तामस भेदले तीन प्रकारका हुन्छन् । सात्त्विक देवताको उपासना गरेर देवलोकमा जान्छन् , राजस पितृहरूको उपासना गरेर पितृलोकमा, तामसी जन भूत-प्रेतको पूजा गरेर भूतलोकमा जान्छन् र भूत-प्रेतै हुन्छन् । जो गुणातीत (निष्काम) भगवद्भक्त छन् ती परमेश्वरलाई नै अनन्य भावले भजेर भगवत्प्राप्तिरूप कैवल्य पदमा जान्छन् । मनुष्य आफ्नू आत्मालाई अधःपतन गराउन र उद्धार गर्नमा आँफै कारण छ । यसैले पुरुषार्थ गर्न जीव स्वतन्त्र छ, फल भोग्न मात्र परतन्त्र छ भन्ने शास्त्रको सिद्धान्त छ ॥ २५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमात्माको उपासना अनन्त फलप्रद भएर पनि बिल्कुल अनायास-साध्य छ—

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

अन्वयार्थः

यः	=	जो	प्रयच्छति	=	दिन्छ
मे	=	मलाई	अहम्	=	म
भक्त्या	=	भक्तिले	प्रयतात्मनः	=	शुद्ध चित्तभएका भक्तको
पत्रम्	=	पात			
पुष्पम्	=	फूल	भक्त्युपहृतम्	=	भक्तिले चढाएको
फलम्	=	फल	तत्	=	त्यो
तोयम्	=	जल	अश्नामि	=	खान्छु

सरलार्थ

जो मलाई भक्ति पूर्वक पत्र, पष्प, फल, तथा जल मात्र भने पनि चढाउँदछ, शुद्ध चित्तले भक्ति-साथ दिएको त्यो वस्तु म खुशी-साथ ग्रहण गर्दछु ।

तात्पर्य

यस श्लोकको तात्पर्य हो—भगवान्को पूजा बहुतै सरल र सहज-साध्य हुनाले एउटा कङ्गाल व्यक्तिले पनि उहाँलाई सन्तुष्ट गराउन सक्तछ । वास्तवमा भगवान्लाई प्रसन्न गराउन धेरै धन लगाएर नाना सामग्री जुटाई दिनपर्दैन । भगवान् ती सामग्रीहरूको मूल्य हेर्नुहुन्न, हृदयको मूल्य हेर्नुहुन्छ । यसैले भगवान् विदुरको साग, गजेन्द्रको कमल-फूल, भीलनीको बयर, सुदामाको कनिकाले पनि प्रसन्न हुनुभएको थियो । कारण यो हो कि—यस्ता कुनै वस्तुहरू छैनन् जो भगवान्लाई दुष्प्राप्य होऊन् । भगवान् षड् (६) ऐश्वर्यले युक्त हुनुहुन्छ, यसले नित्य-तृप्त पनि हुनुहुन्छ । उहाँलाई हामीले भौतिक सामग्रीद्वारा सहायता दिनपर्ने आवश्यक छैन । उहाँ केवल भक्तको सुद्ध भक्तिलाई ग्रहण गर्नुहुन्छ । अतएव भगवान्लाई हृदयकमलरूपी फूल चढाएर कर्मफलको भोग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लगाउनपर्दछ। यही भगवान्‌को असली पूजा हो। एउटा कुनै रसिक भक्तले भगवान्‌लाई भनेको छ—

रत्नाकरस्तव गृहं गृहिणी च पद्मा
किं देयमस्ति भवते जगदीश्वराय
राधागृहीतमनसो मनसोऽस्ति दैन्यम्
दत्तं मया मम मनः कृपया गृहाण

हे प्रभो! रत्नाकर (रत्नको खानी समुद्र) तपाईंको घर छ, लक्ष्मी गृहिणी छन्, तपाईं स्वयं विश्वको मालिक हुनुहुन्छ, जो तपाईंसँग छैन त्यस्तो चिज मसँग के छ र, के दिऊँ? अँ, सम्झें! एउटा कुरा तपाईंसँग जरूर छैन, कारण मलाई थाहा छ कि—राधाले तपाईंको मन हरण गरेकी छन्, त्यसकारण मन तपाईंसँग छैन। अतएव मेरो मन तपाईंलाई टक्र्याउँदछु, कृपया स्वीकार होला। भौतिक वस्तुहरू भगवान्‌लाई अर्पण गर्नहुन्न भन्ने यसको आशय होइन, किन्तु हृदय-कमल [मन] भगवान्‌लाई अर्पण गर्नसकेन भने बाह्य वस्तुहरूको केही पनि महत्त्व हुँदैन, हृदय-कमल अर्पण गर्नसक्छ भने एउटा मामुली पत्रपुष्पको पनि ठुलो महत्त्व हुन्छ भन्ने तात्पर्य हो। यो श्लोक यति प्रसिद्ध भैसकेको छ कि—जसले पनि कुनै कामको पूरा मूल्य चुकाउनसकेन भने 'पत्रं-पुष्पं' गर्नुपर्दछ भन्दछन्॥ २६॥

भक्तको कर्तव्य—

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत्।
यत्तपस्यसि कौन्तेय! तत्कुरुष्व मदर्पणम्॥२७॥

अन्वयार्थः

कौन्तेय!	=	हे अर्जुन!	यत्	=	जो
यत्	=	जो	ददासि	=	दिन्छौ
करोषि	=	गर्दछौ	यत्	=	जो
यत्	=	जो	तपस्यसि	=	तपस्या गर्दछौ
अश्नासि	=	खान्छौ	तत्	=	त्यो
यत्	=	जो	मदर्पणम्	=	मलाई अर्पण
जुहोसि	=	होम गर्दछौ	कुरुष्व	=	गर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! तिमी जे गर्दछौ, जे खान्छौ, जे होम गर्दछौ, जे दान गर्दछौ, त्यो सबै मलाई अर्पण गर ।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

अन्वयार्थः

एवम्	=	यस्तो गरेपछि	संन्यासयोग-युक्तात्मा	=	संन्यासयोगले युक्तचित्त तिमी
शुभाशुभफलैः	=	शुभ-अशुभ फलरूपी	विमुक्तः	=	मुक्त भएर
कर्मबन्धनैः	=	कर्मबन्धनबाट	माम्	=	मलाई
मोक्ष्यसे	=	छुट्नेछौ	उपैष्यसि	=	पाउनेछौ

सरलार्थ

यस्ता प्रकारले समस्त क्रिया परमेश्वरलाई अर्पण गरेपछि शुभाशुभ फल-रूपी कर्मबन्धनबाट छुट्नेछौ तथा सर्वकर्मफलत्यागरूपी संन्यास-योगले युक्त भएका तिमी मुक्त भएर मलाई पाउनेछौ ।

तात्पर्य

देह-इन्द्रियबाट जति चेष्टा (कर्म) हरू हुन्छन् ती सबलाई परमेश्वरमा अर्पण गर्नु परमेश्वरको ठूलो पूजा हो औ यही संन्यास हो । गीताका अरू स्थलमा पनि यो कुरा आएको छ—'मयि सर्वाणि कर्माणि सन्यस्य' (३-३० , 'ब्रह्मण्याधाय कर्माणि' (५।१०), 'स्वकर्मणा तमभ्यर्च्य' (१८-४६), 'अनाश्रितः कर्मफलं' (६-१) इत्यादि । श्रीमद्भागवतमा पनि यही कुरा छ—

मदर्थे धर्मकामार्थानाचरन्मदपाश्रयः ।
लभते निश्चलां भक्तिं मय्युद्धव सनातने ॥
(११।११।२४)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् कृष्ण भन्नुहुन्छ—हे उद्धव ! धर्म, अर्थ, तथा काम सबै चेष्टामात्र मेरो आश्रय लिएर मेरो निम्ति गरेपछि सनातन ममा निश्चल भक्तिलाई पाउँदछ। नृसिंहदेवले पनि प्रह्लादका प्रति भन्नुभएको छ—मय्यावेश्य मनस्तात ! कुरु कर्माणि मत्परः (भाग. ७।१०।२३)—हे तात ! मनलाई ममा लगाएर, मत्परायण भएर सबै कर्म गर। यस्तै उपदेश प्रथम योगेश्वर कविले राजा विदेहलाई गर्नुभएको छ—

कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्ध्यात्मना वा प्रकृतेः स्वभावात्
करोति यद्यत्सकलं परस्मै
नारायणायेति समर्पयेत्तत्।
(भाग. ११।२।३६)

मनुष्यले मन, वाणी, शरीर, इन्द्रिय, बुद्धि, आत्मा तथा प्रकृति-प्राप्त स्वभावद्वारा जे-जे कर्म गर्दछ, त्यो सबै नारायणलाई समर्पण गरोस्। गी. ९।२७-को श्लोक र यो भागवत्को श्लोकमा शब्दको मात्र फरक छ, अर्थको अलि कति पनि छैन। कर्मयोगको सिद्धान्त हो 'समस्त कर्मफलको त्याग', किन्तु उपासना या भक्तियोगमा त्यही योगको पनि सदुपयोग हुन्छ र फलसहित समस्त कर्म परमेश्वरमा अर्पण हुन्छन्। यो मार्ग यति सरल छ कि—त्यागनैपर्ने कर्मफल ईश्वरलाई अर्पण गरेपछि ईश्वरको पूजा भएर ईश्वर समेत खुसी हुनुहुन्छ। यही कर्म र उपासनाको सुन्दर समन्वय हो।

एवंप्रकार समस्त कर्ममात्र परमेश्वरलाई अर्पण गर्नाले कर्मयोगी भक्त अन्तमा शुभाशुभ कर्मका फलरूप पुण्य-पाप दुवैबाट मुक्त हुन्छ। वास्तवमा शुभाशुभ फलै जीवका बन्धन हुन्, कर्म होइनन्। यसरी कर्म-बन्धनबाट छुटेको व्यक्ति समस्त कर्मफल-त्यागले संन्यासी, निष्काम कर्मले योगी तथा समस्त कर्मलाई भगवत्-अर्पण गर्नाले भक्त स्वयं एउटै हुन्छ।

व्यवहारमा देखिन्छ कि—त्याग गर्नेलाई त्यागको फल सिवाय त्याग गरेको वस्तु दान लिनेलाई उपभोगरूपी फल मिल्दछ। भक्तका समस्त कर्महरू भगवान्मा अर्पण हुन्छन्, तर भगवान् कसैले अर्पण गरका शुभाशुभ कर्मफलको उपभोग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुहुन्न, उहाँ निर्लिप्त हुनुहुन्छ—'नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः (५-१५)। अतएव भगवान्‌मा अर्पण भएका कर्महरू कहाँ जान्छन्, विना भोगै कसरी क्षीण हुन्छन् ? यस्तो आशङ्का अवश्य हुन्छ। उत्तरमा कल्पना गरौं—एउटा यस्तो समाजोद्धारक संस्था होस्, त्यसमा कसैले आफ्नू सर्वस्व अर्पण गऱ्यो भने अर्पण गर्नेलाई त्यागको फल र समाजलाई अर्पण गरिएका सर्वस्वको उपभोगरूपी फल मिल्दछ, जसमा समाजभित्र हुनाले त्यागकर्ताले समेत त्यो फल सामूहिक रूपले पाउँदछ। एवंप्रकार भगवान्‌लाई अर्पण गरिएका कर्मद्वारा पनि भगवान्‌का अध्यक्षताबाट अर्पण गर्नेलाई त्याग-को फल र अर्पण भएका कर्मद्वारा विश्वनिवासी जीवको कल्याण समेत हुन्छ। किनकि भगवान् "विश्वजनहित कर्म संघ"-को निस्वार्थी अध्यक्ष हुनुहुँन्छ। श्रुतिमा लेखिएको छ—"कर्माध्यक्षः सर्वभूताधिवासः" (श्वे. ६-११)—भगवान् समस्त कर्म-को अध्यक्ष तथा सर्वभूताधिवासी हुनुहुन्छ। यही भगवान्‌मा सर्व-कर्म-अर्पणको रहस्य हो। यस कल्पनाको उदाहरण बौद्धधर्म महायान सम्प्रदायका बोधिसत्त्वको उद्‌गार छ—

"एवं सर्वमिदं कृत्वा यन्मयाऽऽसादितं शुभम्।
तेन स्यां सर्वसत्त्वानां सर्वदुःखप्रशान्तिकृत्॥
मुच्यमानेषु सत्त्वेषु ये ते प्रामोद्य सागराः।
तैरेव ननु पर्याप्तं मोक्षेणारसिकेन किम्॥

(शान्तिदेवकृत बोधिचर्या ३)

यस मार्गमा रहेर मैले धर्मको अनुष्ठानद्वारा अहिलेसम्म जति धर्म कमाएको छु, त्यसद्वारा विश्वका समस्त प्राणीको दुःख-शान्ति होस्। दुःखबाट छुटेका प्राणीका हृदयमा जो आनन्दको समुद्र लहराउला त्यही मेरो जीवनलाई सुखी बनाउन पर्याप्त छ। रसहीन शुष्क मोक्षलाई लिएर मैले के गर्नु ?। पाठक ! विचार गर्नु होस्, यस भावनामा कत्तिको त्याग र उदारता तथा समाज सेवाको भाव छ ! यो कुरा अवश्य हो कि—धार्मिक कर्तव्यहरू पनि युगानुसार भिन्न २ हुन्छन्, जसद्वारा समाजको हित बराबर भैरहेर धर्मको 'धारणाद्धर्म' भन्ने अर्थ सधैं कायम रहन्छ ॥२७।२८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदि परमेश्वरले आफ्ना भक्तलाई मात्र अनुग्रह गर्ने र अरूलाई नगर्ने हो भने उहाँ पनि हामीजस्तै पक्षपाती हुनुहुँदो रहेछ ? यसको समाधान—

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

अन्वयार्थः

अहम्	=	म	ये	=	जो
सर्वभूतेषु	=	सम्पूर्णभूतमा	माम्	=	मलाई
समः	=	सम छु	भक्त्या	=	भक्तिले
मे	=	मेरो	भजन्ति	=	भज्दछन्
द्वेष्यः	=	अप्रिय	ते	=	ती
न अस्ति	=	छैन	मयि	=	ममा छन्
प्रियः	=	प्रिय	अहम् अपि च	=	औ म पनि
न	=	छैन	तेषु	=	तिनमा छु
तु	=	किन्तु			

सरलार्थ

म सम्पूर्ण भूतमा सम छु (कसैमा मेरो पक्षपात छैन), यसैले मेरो कोही प्रिय र अप्रिय छैन । किन्तु जो मलाई भक्तिपूर्वक भज्दछन् ती ममा छन् औ म पनि तिनमा छु ।

तात्पर्य

परमात्मा प्रकृतिदेखि पर हुनाले प्रकृतिका राग-द्वेषरूपी द्वन्द्वभावदेखि पनि पर हुनुहुन्छ, त्यसकारण उहाँको कोही पनि प्रिय-अप्रिय, छैन । जस्तै सूर्य ऊँच-नीच सबमा समान छन्, त्यस्तै परमात्मा समस्त प्राणीमात्रका प्रति समान हुनुहुन्छ । किन्तु जस्तै सूर्य सम भएर पनि स्वच्छ-वस्तु दर्पणादिमा मात्र प्रतिबिम्बित हुन्छन्, त्यस्तै राग-द्वेष नभएका निर्मल अन्तःकरणमा परमात्मा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चिदानन्द रूपले अभिव्यक्त हुनुहुन्छ। किनभने स्वच्छ वस्तुको यो स्वभावै हो कि—आफ्ना संमुख भएका वस्तुको आकार ग्रहण गर्ने, एवं वस्तुको पनि यो स्वभावै हो कि—स्वच्छ वस्तुमा प्रतिबिम्बित हुने। ठीक यही दृष्टान्तले परमेश्वर सर्वत्र सम भए तापनि रागादि दोषरहित स्वच्छ बुद्धिवृत्तिमा अभिव्यक्त भएर ती अनन्य भक्तमा रहनुहुन्छ। एवंप्रकार यस्ता भक्तहरू पनि आँफूलाई वासुदेव-देखि अतिरिक्त नमानेका हुनाले भगवान्मै रहन्छन् अर्थात् अन्तमा भक्त र भगवान्मा केही पनि भेद हुँदैन। उपनिषद्मा ज्ञानी भक्तको भावलाई चित्रण गर्दै लेखेको छ—'त्वं वा अहमस्मि भगवो देवते! अहं वै त्वमसि'—हे भगवन्! तिमी म हूँ, म तिमी होउ।

भगवान् सम भएर पनि उहाँले भक्तको अनुग्रह र दुष्टको निग्रह नगर्ने हो भने मनुष्यमाझन्दा पनि निकृष्ट अवगुण 'अविवेक' दोष हुन्छ। पक्षपात हटा-उनलाई अविवेक मान्ने हो भने भगवान्को केही पनि महत्त्व रहँदैन, तसर्थ शास्त्रमा भगवान्लाई अग्नि र कल्पवृक्षको उपमा दिएको छ। अग्नि र कल्पवृक्षमा जो धाउँछ त्यसैले फल पाउँछ। अग्निमा शीत निवारण गर्नलाई पक्षपात छैन, किन्तु जो नजीकै जाँदैन त्यसलाई शीत-निवारण अवश्य पनि हुँदैन। अतः परमात्मामा पक्षपातदोष छैन ॥२९॥

भक्तिको महत्त्व—

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

अन्वयार्थः

सुदुराचारः अपि	=	अत्यन्त दुराचारी पनि	साधुः एव	=	साधु नै
			मन्तव्यः	=	मान्न उचित छ
चेत्	=	यदि	हि	=	किन भने
अनन्यभाक्	=	अनन्य भक्त भएर	सः	=	त्यसले
माम्	=	मलाई	सम्यक	=	राम्रो
भजते	=	भजद्छ	व्यवसितः	=	निश्चय गऱ्यो
सः	=	त्यो			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अत्यन्तै दुराचारी छ तापनि अनन्य भावले मलाई भज्दछ भने त्यो 'साधु' हो। किनकि त्यसले राम्रो निश्चय गऱ्यो।

तात्पर्य

जो कोही अत्यन्तै दुराचारी किन नहोस्, यदि समस्त दुराचारलाई छोडेर भागवत-की पिङ्गला वेश्या झैं हुनसक्यो भने त्यो साँचो साधु हो, यसमा केही कसर छैन। त्यसकारण उसलाई पहिलेको दुराचारलाई लिएर तिरस्कार गर्न मनासिब छैन, किनकि पश्चात्ताप पूर्वक दुराचारलाई सर्वथा त्यागनु नै दुराचारको प्रायश्चित्त हो। यसमा पनि भगवद्भक्त भएपछि ऊ झन् परम पवित्र हुन्छ। भागवतमा भगवान्ले भन्नु-भएको छ—'भक्तिः पुनाति मन्निष्ठा श्वपाकानपि संभवात्' (११-१४-२१)—मेरो भक्ति चाण्डाललाई पनि जाति-दोषबाट पवित्र गर्नेवाला छ। जस्तो गङ्गा सबैलाई पवित्र गर्दछिन् त्यस्तै भक्ति जाति, पेशा आदिको भेदभाव नराखिकन पवित्र गर्दछ। यसविषयमा शिवपुराणकी महानन्दा वेश्या, विल्वमङ्गल आदि प्राचीन र अर्वाचीन धेरै उदाहरणहरू छन्।

दुराचार पनि राम्ररी नछोड्ने अलि २ भक्ति गरेर पाप पनि काटदै रहने भन्ने विचार बिल्कुलै खराब हो, यसलाई शास्त्रमा 'कुञ्जर शौचवत्' भनेको छ। जस्तै हात्तीले खुब नुहाएर बाहिर आउँछ अनि सुँडले धुलो उठाएर जिउभरि छर्दछ र नुहाएको व्यर्थ हुन्छ। अतएव यस दुर्विचारलाई त्यागेर, दुराचारलाई पन्छाएर, प्रभुको शरणागत भएर यस्तो प्रार्थना गरोस्—

पूर्वं कृतानि दुरितानि मया तु यानि
स्मृत्वाऽखिलानि हृदयं परिकम्पते मे।
ख्याता च ते पतितपावनता तु यस्मात्
तस्मात्त्वमेव शरणं मम शङ्खपाणे!
(हरिशरणाष्टकम् ५)

पहिले मैले जो-जो पाप गरें ती सब सम्झँदा अहिले मेरो हृदय कम्पायमान हुन्छ; परन्तु हे प्रभो! म जस्तै पतित पापीलाई पवित्र गर्नाले तपाईको नाम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'पतितपावन' जगत्मा प्रसिद्ध छ ; त्यसकारण हे हातमा शङ्ख धारण गर्ने प्रभो ! तपाईं नै मेरो शरण हुनुहुन्छ। दुराचार र नीचतालाई त्यागेर सन्मार्गमा लाग्नु नै सम्यक् निश्चय हो, 'यही साधु-शिरोमणि' कहिन्छ ॥३०॥

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय ! प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

अन्वयार्थः

क्षिप्रम्	=	चाँडै	कौन्तेय !	=	हे अर्जुन !
धर्मात्मा	=	धर्मात्मा	प्रतिजानीहि	=	प्रतिज्ञा गर
भवति	=	हुन्छ	मे	=	मेरो
शश्वत्-शान्तिम्	=	नित्य शान्तिलाई	भक्तः	=	भक्त
निगच्छति	=	पाउँदछ	न प्रणश्यति	=	नाश हुँदैन

सरलार्थ

(राम्रो निश्चय गरेको हुनाले त्यो) चाँडै नै धर्मात्मा हुन्छ र अविनाशी शान्तिलाई पाउँदछ। हे अर्जुन ! तिमी प्रतिज्ञा गर कि मेरो भक्तको नाश कहिले पनि हुँदैन।

तात्पर्य

मनुष्य जस्तोसुकै दुराचारी र नीच किन नहोस्, किन्तु कदाचित् कुनै पूर्व-संस्कारद्वारा प्रभुतिर चित्त आकर्षित भयो भने उहींका कृपाले चाँडै नै त्यसका दुराचारहरू छुट्नजान्छन्, त्यो धर्मात्मा भएर आत्यन्तिकी शान्तिको उपभोक्ता हुन्छ, यसमा अणुमात्र पनि सन्देह छैन। अविनाशी आत्मारूप भगवान्को शरण लिएपछि कहिले पनि विनाश अथवा दुर्दशा हुनै सक्दैन, यही तथ्य सिद्धान्त छ। किनकि शास्त्रको सिद्धान्त छ—'न वासुदेवभक्तानामशुभं विद्यते क्वचित्'—भगवान्का भक्तलाई कहिले पनि अशुभ संमुख पर्दैन, जस्तै कठिन अवस्था परे पनि आखिर त्यसको संकट अवश्य छुट्दछ। यस विषयमा उदा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरण प्रह्लाद, ध्रुव, गजेन्द्र, द्रौपदी आदि छन् । अतएव भगवान् श्रीकृष्णले विश्वमा यो घोषणा दिनुभएको छ—'न मे भक्तः प्रणश्यति' ॥३१॥

भगवद्भक्तिमा मनुष्यमात्रको अधिकार छ—

मां हि पार्थ ! व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	स्युः	=	होलान्
ये अपि	=	जो पनि	ते अपि	=	ती पनि
पापयोनयः	=	पापयोनि	हि	=	अवश्य
स्त्रियः	=	स्त्रीहरू	माम्	=	मेरो
वैश्याः	=	वैश्यहरू	व्यपाश्रित्य	=	आश्रय लिएर
तथा	=	त्यस्तै	पराम्	=	परम
शूद्राः	=	शूद्रहरू	गतिम्	=	गतिमा
			यान्ति	=	जान्छन्

सरलार्थ

हे अर्जुन ! मेरो अनन्य शरण लिएपछि पापयोनि स्त्री, वैश्य, तथा शूद्र सबैले परम गति पाउँदछन् ।

तात्पर्य

योगदर्शनको सूत्र छ—'सति मूले तद्विपाको जात्यायुर्भोगैः (२।१३) अर्थात् जन्मान्तरीय पाप-पुण्यद्वारा यस जन्ममा जन्म, आयु, तथा भोगहरू हुन्छन् । यस सिद्धान्तबाट उत्कृष्ट र निकृष्ट योनिमा जन्म लिनु पनि जन्मान्तरीय शुभाशुभ कर्मकै तारतम्य सिद्ध हुन्छ । भगवान्ले पनि भन्नुभएको छ—चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः (४।१३) । यसमा वैश्यको तमोमिश्रित रजोगुणबाट, शूद्रको केवल तमोगुणको विशेषताबाट सृष्टि बताइएको छ । अतएव निकृष्ट गुणमा उत्पन्न हुनु पनि अशुभ कर्मकै परिणाम हो ! स्त्रीको योनि पनि पुरुषका अपेक्षा शारीरिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टिबाट अवश्य केही निम्न कोटिकै छ। शंकराचार्यले भन्नुभएको छ—जन्तुनां नरजन्म दुर्लभमतः पुस्त्वं. (वि. चू. १।१)—प्रथम मनुष्यको जन्म दुर्लभ छ, त्यसमा पनि पुरुष भएर जन्मनु दुर्लभ छ। अर्थात् केही पुण्यको भाग कम भएर यी योनिहरू मिल्दछन्, यही धर्मशास्त्रको सिद्धान्त छ। यसैले स्त्री, वैश्य, शूद्रलाई पापयोनि भन्नुभएको हो। कोही टीकाकारहरूले 'पापयोनि' शब्दलाई स्वतन्त्र विशेष्य मानेर यसको अर्थ चारवर्णदेखि भिन्न जात मानेका छन्। तर धर्मशास्त्रमा "ब्राह्मणः क्षेत्रियो वैश्यः शूद्रो नास्ति तु पञ्चम"—ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र यी चारदेखि पाँचौं वर्ण (जात) छैन भनेको छ। यसैले धर्मशास्त्रमा शूद्रको सत्-शूद्र (कलाकौशलको काम गर्ने) र असत्-शूद्र (अछूत जाति) दुई भेद गरेको छ। 'पापयोनि' शब्दले अर्कै जात मानेमा अग्रवर्ती श्लोक—किं पुन ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा' यसका साथ सङ्गति पनि भङ्ग हुन्छ। यसैले भाष्यकार शङ्कराचार्यले पनि यही पक्ष लिनुभएको छ। पाप-पुण्यको तारतम्य भनेको अलिकति कुरामा पनि हुन शक्दछ, जस्तै—सुन्दर नीरोगी बलवान् शरीर पाउनु पुण्यको फल, यसमा केही कम हुनु पापको फल मानिएको छ। ब्राह्मण, क्षेत्री पूर्व जन्मका पापी हुँदैनन्, केवल स्त्री, वैश्य, शूद्रमात्र हुन्छन् भन्ने यसको तात्पर्य होइन।

परन्तु यहाँ स्त्रीजातिका विषयमा स्मरणीय कुरा यो छ कि—प्राचीन युगमा धर्म-अर्थ-काम-मोक्ष यी ४ पुरुषार्थ-सिद्धिका निम्ति स्त्री-पुरुष दुवै एक रथका दुई पाङ्ग्रा जस्तै समान कक्षाका मानिन्थे। यसैले कुमार-कुमारी दुवैलाई समान शिक्षा मिल्दथ्यो अर्थात् जस्तो कुमारलाई समग्र वेद विद्यामा अधिकार थियो त्यस्तै कुमारीलाई पनि थियो। त्यस कारण वैदिक युगमा स्त्रीहरूको पनि उपनयन संस्कार (व्रतबन्ध), वेदाध्ययन र गायत्री दीक्षा अनिवार्य हुन्थ्यो। स्त्रीहरूले पनि जस्तो आजकल ब्राह्मणहरूले जनै पहिरन्छन् त्यस्तै पहिरन्थे। स्मृतिचन्द्रिकामा मनुको उक्ति भनेर उद्धरण दिएको छ—

पुराकल्पे कुमारीणां मौञ्जीबन्धनमिष्यते।
अध्यापनं च वेदानां सावित्रीवचनं तथा ॥ १ ॥
पिता पितृव्यो भ्राता वा चैनामध्यापयेत्पुरः।
स्वगृहे चैव कन्याया भैक्ष्यचर्या विधीयते ॥ २ ॥
वर्जयेदजिनं दण्डं जटाधारणमेवच ॥ ३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीन युगमा कुमारीहरूको व्रतबन्ध हुन्थ्यो र वेदाध्ययन तथा गायत्रीको समेत अधिकार थियो। खालि गुरुकुलको सट्टा घरैमा यिनीहरूको काम हुन्थ्यो। आचार्यको सट्टा बाबु, बाबु नभए कान्छाबाबु, जेठाबाबु, यिनीहरू पनि नभए दाजु-भाइले वेदाध्ययन गराउँदथे। गुरुकुलमा छात्रहरूले भिक्षा लिन प्रतिदिन गाउँमा जानुपर्दथ्यो, परन्तु कुमारी ब्रह्मचारिणीलाई घरैमा भिक्षावृत्ति गराइन्थ्यो। गुरुकुल निवासी ब्रह्मचारीहरूले जटा बढाउने, दण्डधारण गर्ने तथा कृष्ण-मृगचर्म पहिरने नियम थियो, किन्तु ब्रह्मचारिणीको निम्ति यी नियम थिएनन्।

वैदिक कालमा कन्याहरूको निम्ति पनि सुन्दर व्यवस्था रहेछ। त्यस वेला कन्या-कुमार दुवैलाई समान शिक्षा अनिवार्य भएकोले बालिकाहरूको बाल-विवाह पनि हुँदैनथ्योहोला, आज जस्ता बाल विधवा र गणिकाहरू समाजमा देखिँदैनथे होलान्। यसैले अघि गार्गी जस्ता ब्रह्मवादिनी र मैत्रेयी जस्ता निस्पृह, ब्रह्मविद्याका अधिकारिणी तथा अपाला, वागाम्भृणी, विश्ववारा, घोषा आदि जस्ता मन्त्रद्रष्ट्री विदूषीहरू ऋषि थिए। स्त्रीहरूलाई संस्कार र शिक्षाबाट बहिस्कार गराउनु यिनीहरूको निम्ति मात्र होइन, जाति मात्रको निम्ति अवनतिको कारण हुन गयो। अस्तु,

भगवान्को पक्षपातरहित तथा जाति-वर्ण विभेदहीन कृपाका पात्र सबै छन्, भक्ति र भगवान्को उपासनामा सबैको (मनुष्यमात्रको) समान अधिकार छ। भक्तिद्वारा कस्तै अधम, नीच पनि भवसिन्धु पार हुन्छन्। कस्तै पापी पनि भक्ति-रूपी गङ्गाका प्रवाहमा गोता लगाएपछि निर्मल हुन्छन्। भक्तिजत्तिको पवित्र साधन अर्को छैन। भक्तिजत्तिको सरल मार्ग पनि अर्को छैन। सरल भएर पनि अविनाशी फलदाता, अविनाशी फलदाता भएर पनि सरस, सरस भएर पनि पक्षपातरहित, पक्षपातरहित भएर पनि भगवान्को प्रिय एवं कल्याणको रमणीय मार्ग भक्ति नै हो ॥३२॥

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

अन्वयार्थः

पुण्याः	=	पुण्ययोनि	तथा	=	तथा
ब्राह्मणाः	=	ब्राह्मण	भक्ताः	=	भक्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजर्षयः	=	राजर्षिहरू (का विषयमा)	इमम्	=	यो
			लोकम्	=	लोकलाई
पुनः	=	फेरि	प्राप्य	=	पाएर
किम् ?	=	के भन्नुपर्दछ ?	माम्	=	मलाई
अनित्यम्	=	अनित्य	भजस्व	=	भज
असुखम्	=	सुखरहित			

सरलार्थ

अतएव पुण्ययोनि ब्राह्मण तथा भक्त राजर्षिहरूको परम गतिको विषयमा के भन्नुपर्छ ? क्षणभङ्गुर साँचो सुख नभएको मर्त्यलोकमा मनुष्य शरीर पाएर मेरो भजन गर ।

तात्पर्य

यदि संसार नित्य र देह पनि अविनाशी भए मनुष्यको आचार-विचार र साहित्य पनि अर्कै हुने थियो, किन्तु परिवर्तनशील जगत्मा यो कुरा संभवै छैन । भगवान् बुद्धले संसारलाई नदीको धारा जस्तै अविराम-परिवर्तनशील बताउनुभएको छ । हाम्रा नैयायिकहरू पनि ओढ्ने खाट्टोको सानू रुन्को मात्र खस्यो भने पनि पूर्वपटको नाश मान्दछन् । वाचस्पति मिश्रले भन्नुभएको छ 'क्षणपरिणामिनो हि सर्वे भावा ऋते चितिशक्तेः'—चैतन्य शक्तिबाहेक संसारका सबै भावहरू क्षणपरिणामी छन् । संसारको स्वरूपलाई नित्य भन्न त पौरस्त्य, पाश्चात्य कुनै पण्डितले पनि सक्नेछैन । संसार अनित्य भएकोले नै सांसारिक विषय-सुख पनि क्षणभङ्गुर छ । प्रथम इन्द्रिय र विषयको संयोगजन्य सुख विषयको र इन्द्रियको संयोग हट्नासाथ नाश हुन्छ, अर्को कुरा मनको अवस्था फेरिएपछि इन्द्रिय-विषय-संयोग भैरहे पनि त्यसबाट आनन्द आउन छोड्दछ । वस्तुतः संयोग जति सबै वियोगान्त हुनाले संयोगजन्य वैषयिक सुख दुःखकै कारण हुन्छन् । मनुष्य परदेशमा जान्छ, त्यहाँ मित्रहरू बनाएर उनको संयोगबाट आँफूलाई सुखी मान्दछ । जब घर फर्कने बेला हुन्छ त्यस बेला मित्रहरूको वियोगले दुःखी भएर रुँदै घर फर्कन्छ । तात्पर्य के भने संसारका सुखमात्रको संयोग वियोगान्त हुनाले विचारशील व्यक्तिको निम्ति सुखकारक हुँदैनन् । अविवेकीहरू मात्रै बालुवामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलको भ्रान्तिले मृग दौडे झैं विषय-सुखमा हाम्फाल्दछन्। विषय-सुख साँचो सुख होइन, केवल सुखाभास मात्र हो, दुःखको कारण हो। अतः नित्य साँचो सुख-प्राप्तिको निम्ति अनित्य-सुखको कामना त्यागेर कर्तव्य पुष्पोपहारले भगवान्-को पूजा गर्दै कल्याण पथमा अग्रसर हुनपर्दछ।

अब उपसंहारमा भक्तिदर्शनको सारांश बताउनुहुन्छ—

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे राजविद्या राजगुह्ययोगो नाम नवमोऽध्यायः ॥ ९ ॥

अन्वयार्थः

मन्मनाः	=	ममा मन लगाएको	एवम्	=	यस्ता प्रकारले
मद्भक्तः	=	मेरो भक्त	मत्परायणः	=	ममा परायण भएर
मद्याजी	=	मेरो पूजा गर्ने	आत्मानम्	=	मनलाई
भव	=	होऊ	युक्त्वा	=	लगाएपछि
माम्	=	मलाई	माम् एव	=	मलाई नै
नमस्कुरु	=	नमस्कार गर	एष्यसि	=	पाउनेछौ

सरलार्थ

तिमी ममा मन लगाऊ, मेरो भक्त बन, मेरो पूजा गर तथा मलाई नमस्कार गर। एवंप्रकार ममा परायण भएर चित्तलाई ममा लगाएपछि मलाई नै पाउनेछौ।

तात्पर्य

महर्षि शाण्डिल्यले भक्तिको लक्षण गर्नुभएको छ—'सा परानुरक्तिरीश्वरे'—ईश्वरमा अत्यन्त अनुरागको नाम 'भक्ति' हो। वैराग्य र भगवान्को दिव्य गुणहरू-को स्मृति नभई अनुराग हुँदैन, बिना अनुराग मन-कर्म-वचनले उहाँको सेवा ग-र्दैन, यसैले वैराग्य उत्पन्न गराउनलाई पूर्व श्लोकको 'लोक' शब्दमा 'अनित्य' र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'असुख' यी दुई विशेषण दिइएका छन् । 'मन्मना भव' यसद्वारा अङ्गीरूप प्रेमा भक्ति र 'मद्याजीमां नमस्कुरु' यसद्वारा अङ्गरूप नवधा भक्ति सूचित हुन्छ । यसरी अन्तमा भगवान्ले साङ्ग (अङ्गसहित) अङ्गी भक्तिको उपदेश अर्जुनलाई निमित्त बनाएर जगत्का प्रति गर्नुभयो ॥ ३४ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये राजविद्या-राजगुह्ययोग नाम गरेको नवौं अध्याय समाप्त भयो ॥ ९ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

दशौं अध्याय

सातौं, आठौं तथा नवौं अध्यायमा परमेश्वरका सोपाधिक र निरुपाधिक दुवै प्रकारका सत्त्वसहित जो विभूति ध्यान तथा ज्ञानका निमित्त वर्णन भएका थिए तिनैको विशेष विस्तार यस अध्यायको प्रतिपाद्य विषय हो। पहिले ११ श्लोकसम्म पूर्वप्रसङ्गकै विशेष विवेचन गर्नुहुन्छ—

श्रीभगवानुवाच

भूय एव महाबाहो ! शृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	यत्	=	जो
भूय एव	=	फेरि पनि	अहम्	=	म
मे	=	मेरो	प्रीयमाणाय	=	प्रेमगर्ने
परमम्	=	श्रेष्ठ	ते	=	तिमीलाई
वचः	=	वचन	हितकाम्यया	=	हितकामनाले
शृणु	=	सुन	वक्ष्यामि	=	भन्दछु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हे अर्जुन ! मेरो श्रेष्ठ वचन फेरि पनि सुन, किनकि मेरा कुरा तिमीले खुब चाख मानेर सुनेका छौ, यसैले म पनि तिम्रो हितको लागि भन्दछु ।

तात्पर्य

अर्जुनलाई जति २ सुन्दै गयो उति २ उत्कण्ठा बढ्दै जान्थ्यो । यसैले भगवान् पहिले सातौं अध्यायमा संक्षेपले बताएको त्यही विभूति-विषयलाई विस्तार-रूपले दोहोऱ्याउन अर्जुनलाई सावधान गराउनुहुन्छ ॥१॥

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

अन्वयार्थः

न सुरगणाः	=	न देवतागण	अहम्	=	म
न महर्षयः	=	न महर्षिहरू	देवानाम्	=	देवताहरूको
मे	=	मेरो	महर्षिणाम् च	=	तथा महर्षिहरूको
प्रभवम्	=	उत्पत्तिलाई	सर्वशः	=	सबै प्रकारबाट
विदुः	=	जान्दछन्	आदिः	=	आदिकारण हुँ
हि	=	किनभने			

सरलार्थ

मेरो जन्म या प्रभावलाई देवता या महर्षि कसैले पनि जान्दैनन् , किनकि देवता तथा महर्षिहरूको सब तरहबाट मै आदि कारण हुँ ।

तात्पर्य

पूर्वश्लोकमा 'भूय' भनेर फेरि स्वकीय तत्त्वोपदेश गर्नमा कारण के भने वर्णन गर्न देवगण तथा महर्षिगण सबै उनीभन्दा पछि उत्पन्न भएका छन् । जस्तै :—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'तस्माच्च देवा बहुधा संप्रसूताः, (मुं० २-१-७)—उनैबाट धेरै प्रकारका देवताहरू उत्पन्न भए। त्यसकारण सबैको मूल-तत्त्व परमेश्वरै हुनुहुन्छ, उहाँको स्वकीय मर्म आँफले मात्र जान्नुभएको छ ॥२॥

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम्।
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

अन्वयार्थः

यः	=	जो	वेत्ति	=	जान्दछ
माम्	=	मलाई	सः	=	त्यो
अजम्	=	जन्मरहित	मर्त्येषु	=	मनुष्यहरूमा
अनादिम्	=	आदिरहित	असंमूढः	=	विवेकी
लोकमहेश्वरम् च	=	तथा लोकको महेश्वर	सर्वपापैः	=	सम्पूर्ण पापबाट
			प्रमुच्यते	=	छुट्दछ

सरलार्थ

जो मलाई अज, अनादि तथा सबै लोकको महान् ईश्वर जान्दछ त्यो मनुष्यहरूमा विवेकी सबै पापबाट छुट्दछ।

तात्पर्य

जसरी स्वप्नावस्थामा कसैले गोहत्या गऱ्यो भने जागेपछि प्रायश्चित्त गर्नपर्दैन, जाग्नु नै त्यसको प्रायश्चित्त हुनजान्छ, त्यस्तै संसार-दशामा गरिएका जति पापहरू छन् ती सबको प्रायश्चित्त ज्ञान भएपछि हुन्छ। भगवान्लाई चिनेपछि भगवान् राम-कृष्णादिरूपमा प्रकट भए तापनि वास्तवमा 'अज', समस्त विश्वको मूलकारण हुनाले 'अनादि', समस्त जगत्को नियन्ता हुनाले 'महेश्वर' हुनुहुँदो रहेछ भनेर ज्ञानीलाई थाहा हुन्छ, यही 'ज्ञान' हो ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान् जगत्को आदि कारण तथा लोकमहेश्वर हुनुहुन्छ—

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

अन्वयार्थः

बुद्धिः	=	बुद्धि	अहिंसा	=	अहिंसा
ज्ञानम्	=	ज्ञान	समता	=	समता
असंमोहः	=	विवेक	तुष्टिः	=	सन्तोष
क्षमा	=	क्षमा	तपः	=	तपस्या
सत्यम्	=	सत्य	दानम्	=	दान
दमः	=	इन्द्रियसंयम	यशः	=	यश
शमः	=	मनको संयम	अयशः	=	अपयश
सुखम	=	सुख	भूतानाम्	=	प्राणीहरूका
दुःखम्	=	दुःख	पृथक्विधाः	=	नाना प्रकारका
भवः	=	उत्पत्ति	भावाः	=	अवस्थाहरू
अभावः	=	विनाश	मत्तः एव	=	मैंबाट
भयम् च	=	भय	भवन्ति	=	हुन्छन्
अभयम् एव च	=	अभय			

सरलार्थ

बुद्धि, ज्ञान, विवेक, क्षमा, सत्य, दम, शम, सुख, दुःख, जन्म, विनाश, भय अभय, अहिंसा, समता, सन्तोष, तपस्या, दान, कीर्ति तथा अपकीर्ति इत्यादि प्राणीहरूका भिन्न २ भावहरू मैंबाट उत्पन्न हुन्छन् ।

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सप्त	=	सात	मानसाः	=	मनबाट
महर्षयः	=	महर्षिहरू	जाताः	=	उत्पन्न भएका हुन्
पूर्वे	=	पहिले उत्पन्न भएका	येषाम्	=	जसका
			इमाः	=	यी
चत्वारः	=	चार (सनकादि)	प्रजाः	=	प्रजाहरू
तथा	=	तथा	लोके	=	लोकमा
मनवः	=	मनुहरू	(सन्ति)	=	छन्
मद्भावाः	=	(यी) मेरा विभूतिहरू			

सरलार्थ

भृगु आदि सप्तर्षि, यीभन्दा पहिले उत्पन्न भएका सनकादि चार औ चौध मनु यी मेरा विभूतिहरू हिरण्यगर्भ-(ब्रह्मा)-रूप मेरा मनबाट उत्पन्न भएका हुन्, जसका यो सन्तानहरू लोकमा देखिएका छन् ।

तात्पर्य

भृगु, मरीचि, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ यी सप्तर्षि हुन् । 'पूर्वे चत्वारः' यस वाक्यमा धेरै मत-भेद छ । कसैले 'मनवः'-का साथ सम्बन्ध गराएर पहिलेका चार मनु, कसैले वासुदेवादि चतुर्व्युह अर्थात् वासुदेव-संकर्षण-प्रद्युम्न-अनिरुद्ध भन्दछन् औ कसैले 'महर्षयः'-का साथ सम्बन्ध गराएर सनक-सनन्दन-सनातन-सनत्कुमार मानेका छन् । लेखकलाई सबैभन्दा अन्तिम अर्थ नै ठीक जँचेको छ । स्वयम्भू, स्वारोचिष, उत्तम, तामस, रैवत चाक्षुष यी ६ मनु भइसके, वैवस्वतको पालो अहिले छ, ७ मनुहरू भविष्यमा हुनेवाला छन् । परमेश्वरका संकल्पद्वारा उत्पन्न ऋषि तथा मनुहरू वर्तमान प्रजाहरूका पूर्वज हुन् ॥ ६ ॥

पूर्वोक्त विभूति-रहस्य-ज्ञानको महत्त्व—

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	सः	=	त्यो
एताम्	=	यो	अविकम्पेन	=	निस्कम्प
मम	=	मेरो	योगेन	=	योगले
विभूतिम्	=	विभूति	युज्यते	=	युक्त हुन्छ
योगम् च	=	तथा योगलाई	अत्र	=	यसमा
तत्त्वतः	=	यथार्थ रूपले	संशयः	=	सन्देह
वेत्ति	=	जान्दछ	न	=	छैन

सरलार्थ

जो मेरो विभूति र यसलाई प्रकट गर्ने योगशक्तिलाई यथार्थरूपले जान्दछ त्यो निश्चल योगले युक्त हुन्छ, यसमा संशय छैन ।

तात्पर्य

समस्त जगत्मा व्याप्त भगवान्का विभूतिहरूको यथार्थ ज्ञान भएपछि सबै जगत् भगवान्मय देखिनथाल्दछ। यही सर्वत्र भगवद्दृष्टि नै 'अविकम्प योग' हो ॥ ७ ॥

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

अन्वयार्थः

अहम्	=	म	मत्वा	=	मानेर
सर्वस्य	=	सबैको	भावसमन्विताः	=	भावले युक्त भएका
प्रभवः	=	उत्पत्तिकारण हुँ	बुधाः	=	विवेकी जन
मत्तः	=	मैबाट	माम्	=	मलाई
सर्वम्	=	सबै	भजन्ते	=	भजद्दछन्
प्रवर्तते	=	चेष्टित हुन्छ			
इति	=	यस्तो			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

म सबैको उत्पत्ति कारण हुँ तथा मेरै सत्तावाट यो समस्त सृष्टि चन्दछ, यस्तो मानेर ज्ञानीहरू प्रेमपूर्वक मेरो भजन गर्दछन् ।

तात्पर्य

वस्तुतः परमात्मा जगत्को अभिन्न निमित्तोपादान कारण हुनाले जस्तो तन्तु (धागो) पट-(कपडा)-को आधार छ त्यस्तै परमात्मा जगत्को आधार हुनुहुन्छ । तन्तुमा क्रिया उत्पन्न भएपछि जसरी पट निष्क्रिय रहनसक्तैन त्यस्तै परमात्माका सर्वान्तर्यामी भावद्वारा प्रेरित भएर यो जगत् स्वनियमानुसार चेष्टा नगरी रहनसक्तैन । यसरी सबैको मूल आधाररूपले भगवान्लाई चिनेपछि भक्त सर्वत्र विश्वमा समान प्रेमभावद्वारा परमेश्वरको भजन गर्दछन् ॥८॥

भजनको स्वरूप—

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

अन्वयार्थः

मच्चिताः	= ममाचित्त लगाएका	कथयन्तः च	= तथा कुरागर्दै
मद्गतप्राणाः	= ममा प्राण लगाएका	नित्यम्	= सधैं
माम्	= मलाई	तुष्यन्ति च	= सन्तुष्ट हुन्छन्
परस्परम्	= आपुसमा	रमन्ति च	= औ रमाउँदछन्
बोधयन्तः	= बुझाउँदै		

सरलार्थ

ममा चित्त र प्राण लगाएका भक्त जनहरू मेरो विषयलाई लिएर आपुसमा छल-फल गरेर कुरा बुझाउँदै सदा प्रसन्न भएर रमाउँदछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

प्रभुका प्रेमी भक्त आफ्नू भित्र रहेको ज्ञान-शक्ति र क्रिया-शक्ति दुवैलाई परमेश्वरमा अर्पण गरेर उनैका कथा-चर्चा र सत्सङ्गमा काल विताउँछन् तथा अनेक युक्ति-प्रमाणादिद्वारा परमेश्वर विषयक दुराग्रह-दुर्विवादलाई खण्डन गर्दै, परमेश्वरको सर्वात्मक भावलाई सिद्ध गर्दै निरन्तर त्यसैमा प्रसन्न रहन्छन्, त्यसैमा रमाउँदछन् । यसैको नाम 'ब्रह्माभ्यास' पनि हो ।

जस्तैः—

तच्चिन्तनं तत्कथनमन्योऽन्यं तत्प्रबोधनम् ।
एतदेकपरत्वं च ब्रह्माभ्यासं विदुर्बुधाः ॥

(पञ्चद ७-१०६)

बुध जनहरू ब्रह्मैको चिन्तन, ब्रह्मैको कथन, परस्परमा युक्ति-प्रमाणादिद्वारा ब्रह्मैको प्रबोधनलाई 'एकपरत्व', 'एकाग्रता'-अर्थात् 'ब्रह्माभ्यास' भन्दछन् ॥९॥

पूर्वोक्त भजन या अभ्यासको परिणाम—

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

अन्वयार्थः

सततयुक्तानाम्	=	निरन्तर युक्त भएर	ददामि	=	दिन्छु
प्रीतिपूर्वकम्	=	प्रेमपूर्वक	येन	=	जसद्वारा
भजताम्	=	भजन गर्ने	ते	=	तिनीहरू
तेषाम्	=	ती भक्तलाई	माम्	=	ममा
तम्	=	त्यो	उपयान्ति	=	प्राप्त हुन्छन्
बुद्धियोगम्	=	बुद्धियोग			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

नित्य-निरन्तर मैमा मन लगाएर प्रेम पूर्वक मेरो भजन गर्ने ती भक्तलाई म बुद्धियोग (समत्वज्ञान) दिन्छु जसद्वारा ती उपासकले मलाई पाउँदछन् ।

तात्पर्य

पूर्वोक्त एकाग्र चित्त भएका मननशील उपासकहरू तन्मय भावले उपासना गर्दागर्दै अन्तमा भगवान्द्वारा बुद्धियोग पाउँदछन् । विषम सृष्टिमा आत्माको समत्वज्ञान अर्थात् जसद्वारा योगी योगारूढ भएर बाह्य द्वन्द्व पदार्थमा समेत सम देख्नथाल्दछ, यस्तो ज्ञानलाई यहाँ 'बुद्धि' भन्नेको छ । हृदय-मा यस्तो बुद्धिको उदय हुनु 'बुद्धियोग' हो । यही बुद्धियोग आफ्ना अत्यन्त प्रेमी भक्तलाई दिने प्रतिज्ञा भगवान्ले गर्नुभएको छ । किनकि देवताहरूको कृपा नै यस्तै किसिमको हुन्छ, उनीहरू जसलाई रक्षा गर्नुछ उसको बुद्धिविकाश-द्वारा रक्षा गर्दछन् जसद्वारा ऊ भावी अनिष्ट परिणामबाट बच्नसक्तछ । शास्त्रमा लेखिएको छ—

न देवा दण्डमादाय रक्षन्ति पशुपालवत् ।
यं हि रक्षितुमिच्छन्ति बुद्ध्या संयोजयन्ति तम् ॥

देवताहरूले आफ्ना भक्तहरूलाई रक्षा गर्दा पशुपाल झैं हातमा लट्ठी लिएर गोठालो लाग्दैनन् , किन्तु उनीहरू जसको रक्षा गर्नुछ त्यसलाई त्यस्तै किसिमको सामयिक बुद्धि दिएर रक्षा गर्दछन् । अतएव परमेश्वरको कृपा नभई बुद्धि उत्तम विचारमा परिवर्तन हुनसक्दैन । यो कुरा प्रत्यक्ष अनुभवसिद्ध छ कि—मनुष्य पहिले अलि २ विचार गर्दा-गर्दै पछि विचारवान् तथा बुद्धिमान् पनि हुँन्छ ॥ १० ॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तेषाम्	=	तिनीहरूलाई	भास्वता	=	तेजस्वी
अनुकम्पार्थम् एव	=	कृपा गर्नका निम्ति नै	ज्ञानदीपेन	=	ज्ञानरूपी बत्तीले
			अज्ञानजम्	=	अज्ञानद्वारा उत्पन्न
अहम्	=	म	तमः	=	अन्धकारलाई
आत्मभावस्थः	=	बुद्धिमा बसेर	नाशयामि	=	नाश गर्दछु

सरलार्थ

ती एकान्त भक्तलाई कृपागर्नको निम्ति नै म तिनीहरूका बुद्धिमा रहेर प्रकाशमान ज्ञानरूपी बत्तीद्वारा अज्ञान-अन्धकारलाई नाश गर्दछु ।

तात्पर्य

श्रीभगवान् आपना एकान्त-भक्तलाई आँफूले दिएको बुद्धियोगको "विनियोग" पनि आँफै गर्नुहुन्छ । यही कुरा यस श्लोकमा वर्णन भएको छ ।

स्वप्रकाश चैतन्यानन्दरूप परमात्मा न उपासक भक्तका अन्तःकरणका वृत्तिमा रहेर ज्ञानदीपद्वारा अज्ञानजन्य आवरणलाई त्यसको मूलकारण अज्ञानको नाशद्वारा नाश गर्नुहुन्छ । किनभने यो नियम सर्वत्र प्रसिद्ध छ कि उपादान कारणको नाश भएपछि कार्य स्वतः नाश हुन्छ, त्यसलाई अलग प्रयत्न गर्नपर्दैन । निखिल भ्रमको उपादान (मूलकारण) अविद्या या अज्ञानलाई नाश गर्न एकमात्र ज्ञानै समर्थ छ । ज्ञानद्वारा अज्ञानको नाश भएपछि त्यसको परिणाम आवरण-विक्षेप स्वयं नष्ट हुन्छन् । यसपछि साधकलाई साध्य-साधक-भेद आदि सम्पूर्ण भेद-भ्रमलाई एकदम छुटाउने संशय-विपर्ययरहित सम ब्रह्मको अपरोक्ष ज्ञान हुन्छ । जस्तै बत्तीले केवल अन्धकारलाई मात्र नाश गर्दछ, त्यहाँ रहेका कुनै वस्तुलाई बनाउँदैन ; किनकि अन्धकारमा पनि तो त्यस्तै थिए, केवल अन्धकारले छोपिएका थिए । बत्ती बाल्नासाथ तिनलाई छोप्ने अन्धकार नष्ट भएपछि स्वयं प्रत्यक्ष रूपले देखिए । त्यस्तै आध्यात्मिक साम्यभाव पहिलेदेखि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै मौजूद थियो, केवल अज्ञानजन्य आवरणले त्यसको अस्तिता, भातिता नष्ट-प्राय जस्तो भएको थियो। ज्ञानद्वारा अज्ञानको नाश भएपछि आत्माको साम्य-भाव स्थिर-स्थायी रूपले सर्वत्र देखिनथाल्दछ। यही भगवान्‌को अपार अनु-कम्पा हो ॥११॥

संक्षेपले वर्णन गरिएको विभूति विस्तारपूर्वक जान्ने इच्छाले अर्जुन श्रीभगवान्‌को स्तुति गर्दै श्लोकद्वारा आफ्नू भाव व्यक्त गर्दछन्—

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

अन्वयार्थः

भवान्	=	तपाईं	ऋषयः	=	ऋषिगण
परम् ब्रह्म	=	परम् ब्रह्म	त्वाम्	=	तपाईंलाई
परम्	=	परम	दिव्यम्	=	दिव्य
धाम	=	आश्रय	शाश्वतम्	=	सनातन
परमम्	=	परम	पुरुषम्	=	पुरुष
पवित्रम्	=	पवित्र (हुनुहुन्छ)	आदिदेवम्	=	आदिदेव
देवर्षिः	=	देवर्षि	अजम्	=	जन्मरहित
नारदः	=	नारद	विभुम्	=	व्यापक
तथा	=	तथा	आहुः	=	भन्दछन्
असितः	=	असित	स्वयम् च एव	=	औ आँफै पनि
देवलः	=	देवल	मे	=	मलाई
व्यासः	=	व्यास	ब्रवीषि	=	भन्नुहुन्छ
सर्वे	=	सबै			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुन भन्दछन्—तपाईं परब्रह्म, परम धाम, परम पवित्र हुनुहुन्छ, किनभने देवर्षि नारद तथा असित, देवल, व्यास आदि सबै महर्षिगण तपाईंलाई दिव्य, शाश्वत, पुरुष, आदिदेव, अज तथा विभु भन्दछन् औ तपाईं आँफै पनि मलाई त्यही कुरा भन्दै हुनुहुन्छ ।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ! ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

अन्वयार्थः

केशव !	=	हे केशव !	मन्ये	=	मान्दछु
माम्	=	मलाई	भगवन् !	=	हे भगवन् !
यत्	=	जो	ते	=	तपाईंको
वदसि	=	भन्नुहुन्छ	व्यक्तिम्	=	आविर्भावलाई
एतत्	=	यो	न दानवाः	=	न दानव
सर्वम्	=	सबै	न देवाः हि	=	न देवता नै
ऋतम्	=	सत्य	विदुः	=	जान्दछन्

सरलार्थ

हे केशव ! मलाई तपाईं जो भन्नुहुन्छ त्यो सबै सत्य मान्दछु। हे भगवन् ! तपाईंको जन्म-रहस्यलाई देव-दानव कसैले पनि जान्दैनन् ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ! ।
भूतभावन ! भूतेश ! देवदेव ! जगत्पते ! ॥१५॥

अन्वयार्थः

पुरुषोत्तम !	=	हे पुरुषोत्तम !	त्वम्	=	तपाईं
भूतभावन !	=	हे जगत्स्रष्टा !	स्वयम् एव	=	स्वयं नै
भूतेश !	=	हे भूतनियन्ता !	आत्मना	=	आँफूले
देवदेव !	=	हे देवका देव !	आत्मानम्	=	आँफूलाई
जगत्पते !	=	हे विश्वपालक !	वेत्थ	=	जान्नुहुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे पुरुषोत्तम ! हे भूतभावन ! हे भूतेश ! हे देवदेव ! हे जगत्पते ! तपाईं स्वयं नै आँफूले आँफूलाई जान्नुहुन्छ ।

अतः—

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

अन्वयार्थः

याभिः	=	जो	दिव्याः हि	=	अलौकिक
विभूतिभिः	=	विभूतिहरूद्वारा	आत्मविभूतयः	=	आफ्ना विभूतिहरूलाई
त्वम्	=	तपाईं	अशेषेण	=	विस्तारपूर्वक
इमान्	=	यी	वक्तुम्	=	भन्न
लोकान्	=	लोकहरूलाई	अर्हसि	=	योग्य हुनुहुन्छ
व्याप्य	=	व्याप्त गरेर			
तिष्ठसि	=	रहनुहुन्छ			

सरलार्थ

जुन् विभूतिहरूद्वारा तपाईं सम्पूर्ण लोकहरूलाई व्याप्त गरेर रहनुभएको छ तो आफ्ना दिव्य विभूतिहरूलाई विस्तारपूर्व भन्नुहोस् ।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

अन्वयार्थः

योगिन् !	=	हे योगेश्वर !	भगवन् !	=	हे भगवन् !
सदा	=	निरन्तर	मया	=	मैले
परिचिन्तयन्	=	चिन्तन गर्दै	केषु केषु च	=	औ कुन कुन
कथम्	=	कसरी	भावेषु	=	भावहरूमा
अहम्	=	म	चिन्त्यः	=	चिन्तनगर्नयोग्य
त्वाम्	=	तपाईंलाई	असि	=	हुनुहुन्छ
विद्याम	=	जानूँ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे योगेश्वर ! निरन्तर चिन्तन गरेर म तपाईंलाई कसरी जान्नसक्तछु । हे भगवन् ! मैले तपाईंलाई कुन-कुन भावमा चिन्तन गर्न मनासिब छ ।

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ! ।
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

अन्वयार्थः

जनार्दन !	=	हे जनार्दन !	हि	=	किनभने
आत्मनः	=	आफ्नू	अमृतम्	=	अमृत
योगम्	=	योगलाई	शृण्वतः	=	श्रवण गर्ने
विभूतिं च	=	तथा विभूतिलाई	मे	=	मेरो
विस्तरेण	=	विस्तारसहित	तृप्तिः	=	तृप्ति
भूयः	=	फेरि	न अस्ति	=	छैन
कथय	=	भन्नुहोस्			

सरलार्थ

हे जनार्दन ! आफ्नू योगैश्वर्य र विभूतिलाई विस्तारपूर्वक फेरि पनि भन्नुहोस्, किनभने तपाईंको अमृतरूपी वाणीलाई सुनेर मलाई तृप्ति कहिल्यै हुँदैन ।

तात्पर्य

अर्जुनले ऋषिहरूका मुखबाट भगवान्को महत्त्व सुनेका छन् औ भगवान्कै मुखारविन्दबाट पनि उहाँको महत्त्व सुने । यसैले सप्तम अध्याय ८-११ सम्म र दशम अध्याय ४-६ सम्म जो संक्षेपले विभूतिको तत्त्व बताउनुभएको थियो त्यसैको विस्तार पूर्वक सुन्ने उत्कण्ठा अर्जुनलाई भएको छ । अतः पुरुषोत्तम, भूतभावन, भूतेश, देवदेव, जगत्पते आदि संबोधनद्वारा प्रार्थना गर्दछन् । परमेश्वर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्त भूतवर्गलाई उत्पन्न गर्ने हुनाले भूतभावन अर्थात् जगत्पिता हुनुहुन्छ। पिता पनि कोही पुत्रलाई शिक्षा दिने हुँदैनन्, किन्तु भगवान् 'भूतेश' अर्थात् निखिल विश्वको शासनकर्ता हुनुहुन्छ। शासनकर्ता पनि कोही लोक-आराध्य हुँदैन, किन्तु भगवान् 'देवदेव' अर्थात् देवताका पनि देवता हुनाले सबैको आराध्य हुनुहुन्छ। आराध्य भएर पनि कोही आराधन गर्नेलाई तृप्त गराउन सक्तैनन्, किन्तु भगवान् 'जगत्पति' अर्थात् जगत्पालक हुनाले सबैलाई तृप्त गराउनुहुन्छ। यी सम्पूर्ण विशेषण-युक्त हुनाले भगवान् 'पुरुषोत्तम' हुनुहुन्छ।

भगवान्का विभूतिहरूलाई कुन्-कुन् भावले चिन्तन गर्ने भन्ने अर्को पनि एउटा प्रश्न छ, किनकि समस्त विभूतिमा एउटै भगवत्तत्त्व देख्नु र भिन्न-भिन्न विभूतिमा भिन्न-भिन्नै स्वतन्त्र देवता मान्नु यस्ता दुई पक्ष हुनसक्दछन् ॥१२-१३-१४-१५-१६-१७-१८॥

अर्जुनको प्रश्नानुसार भगवान्द्वारा विभूतिको वर्णन—

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः।
प्राधान्यतः कुरुश्रेष्ठ! नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

अन्वयार्थः

हन्त !	=	हुन्छ, हे अर्जुन !	कथयिष्यामि	=	भन्दछु
ते	=	तिमीलाई	कुरुश्रेष्ठ !	=	हे अर्जुन !
दिव्या	=	दिव्य	मे	=	मेरा
हि	=	प्रसिद्ध	विस्तरस्य	=	विस्तारको
आत्मविभूतयः	=	आफ्ना विभूतिहरू	अन्तः	=	समाप्ति
प्राधान्यतः	=	मुख्य-मुख्यमात्र	न अस्ति	=	छैन

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हुन्छ त, हे अर्जुन ! तिमीलाई म अलौकिक आफ्ना विभूतिहरू मुख्य-मुख्य छाँटेर सुनाउनेछु, किनकि हे कुरुश्रेष्ठ ! मेरा विस्तृत विभूतिहरूको अन्त छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जुन् केन्द्रमा भगवान्का कलाहरूको या शक्तिको विशेष विकाश हुन्छ त्यसैलाई यहाँ 'विभूति' भनिएको छ। अनन्त जीव-जगत्मा भगवान्का विभूति-हरूको अन्त छैन। अर्जुनलाई केवल मुख्य २ विभूतिको मात्रै दिग्दर्शन गराइन्छ, जसबाट विभूति भनेको यस्तो रहेछ भनेर चिनेपछि यही युक्तिले [1]अनुक्त स्थलमा पनि कल्पना गर्नसक्लान्। श्लोकमा 'हन्त' शब्द स्वीकार सूचक सम्बोधन हो ॥१९॥

समस्त विभूतिको केन्द्र—

अहमात्मा गुडाकेश ! सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

अन्वयार्थः

गुडाकेश !	=	हे अर्जुन !	आदिः च	=	उत्पत्ति र
अहम्	=	म	मध्यम् च	=	स्थिति पनि
सर्वभूताशयस्थितः	=	सम्पूर्ण प्राणीका हृदयमा रहेको	अन्तः च	=	तथा नाश पनि
आत्मा	=	आत्मा हुँ	अहम् एव	=	म नै
भूतानाम्	=	भूतहरूको	अस्मि	=	हुँ

सरलार्थ

हे आलस्यहीन अर्जुन ! सकल प्राणीका हृदयमा अन्तर्यामी-रूपले रहेको प्रत्यक् चैतन्य आत्मा म हुँ, तथा भूतवर्गको आदि, मध्य औ अन्त पनि मै हुँ।

तात्पर्य

सकल भूतमा रहेको आत्मा भगवानै हुनुहुन्छ। यही अद्वैत आत्मा समस्त विभूतिको केन्द्र हो। आत्मा अविनाशी छ। भूतहरूको उत्पत्ति, स्थिति, प्रलय

---

१ यस अध्यायको विभूतिवर्णनमा नाम नआएको।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भइरहन्छन् । भूतहरूमा भएका यी उत्पत्ति, स्थिति, प्रलय पनि भगवान्‌कै विभूति हुन् । किनकि भूतहरूको यो उत्पन्न हुनु र केही काल रहेर फेरि नाश हुनु स्वाभाविक र मुख्य धर्म हो, यिनमा यही उत्कृष्टता छ ॥२०॥

स्थूल विभूतिहरू—

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

अहम्	=	म	मरुताम्	=	वायुहरूमा
आदित्यानाम्	=	सूर्यहरूमा	मरीचिः	=	मरीचि
विष्णुः	=	विष्णु	नक्षत्राणाम्	=	नक्षत्रहरूमा
ज्योतिषाम्	=	ज्योतिहरूमा	शशी	=	चन्द्रमा
अंशुमान्	=	किरणयुक्त	अस्मि	=	हुँ
रविः	=	सूर्य			

सरलार्थ

म द्वादशादित्यमा विष्णु, ज्योतिहरूमा सूर्य, ४९ वायुमा मरीचि, नक्षत्रहरूमा चन्द्रमा हुँ ।

तात्पर्य

विष्णु, शक्र, अर्यमा, धाता, त्वष्टा, पूषा, विवस्वान् , सविता, मित्र, वरुण, अंश तथा भग यी द्वादशादित्य हुन् ॥२१॥

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

अन्वयार्थः

वेदानाम्	=	वेदहरूमा	इन्द्रियाणाम्	=	इन्द्रियहरूमा
सामवेदः	=	सामवेद	मनः	=	मन
अस्मि	=	हुँ	अस्मि	=	हुँ
देवानाम्	=	देवताहरूमा	भूतानाम् च	=	तथा प्राणीहरूमा
वासवः	=	इन्द्र	चेतना	=	चैतन्य
अस्मि	=	हुँ	अस्मि	=	हुँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

म वेदहरूमा सामवेद, देवताहरूमा इन्द्र, इन्द्रियहरूमा मन, तथा प्राणीहरूमा चेतना हुँ ।

तात्पर्य

गायनात्मक सामवेद भगवान्को गुणकीर्तन-रूप हुनाले वेदहरूमा विभूति हो । एवं इन्द्र अरू देवताका राजा हुनाले विभूति हुन् । दशै इन्द्रिय मनको वशमा रहेर काम गर्दछन्, अतएव सबैको अध्यक्ष हुनाले इन्द्रियमा मनै मुख्य छ । समस्त प्राणीका शरीरमा श्रेष्ठ भाग चेतना हो, चेतनाहीन शरीर माटाको मूर्तिवराबर छ, अतः प्राणीहरूमा चेतना नै मुख्य छ ; यही विभूति हो ॥२२॥

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥

अन्वयार्थः

अहम्	=	म	अस्मि	=	हुँ
रुद्राणाम् च	=	रुद्रहरूमा	वसूनाम्	=	वसुहरूमा
शङ्करः	=	शङ्कर	पावकः	=	अग्नि
यक्षरक्षसाम्	=	यक्ष र राक्षसहरूमा	शिखरिणाम् च	=	तथा पर्वतहरूमा
			मेरुः	=	सुमेरु पर्वत
वित्तेशः	=	कुवेर	अस्मि	=	हुँ

सरलार्थ

म एघार रुद्रमा शङ्कर, यक्ष-राक्षसहरूमा कुवेर, अष्ट वसुमा अग्नि, पर्वतहरूमा सुमेरु पर्वत हुँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

वीरभद्र, शंभु (शङ्कर), गिरीश, अज, एकपाद, अहिर्बुध्न्य, पिनाकी, भवानीश, कपाली, दिक्पति तथा स्थाणु यी एघार रुद्र हुन् । यिनमा 'शं सुखं करोतीति शङ्करः' भन्नाले शङ्कर (शम्भु) परमेश्वरको विभूति हुन् । यक्ष-राक्षस आदि सबैका अधिपति कुबेर हुन्, अष्ट वसुमा मुख्य रूप अग्निको छ । ध्रुव, अध्वर, अप, सोम, अनल, अनिल, प्रत्युष तथा प्रभासि यी अष्ट वसु हुन् । देवताहरूको निवासस्थान भएकोले सुमेरु पर्वत परमेश्वरको विभूति हो । मेरु पर्वतका विषयमा लेखिएको छ—'सर्वेषामेव वर्षाणां मेरुत्तरतः स्थित'—सबै खण्डहरूमा मेरुपर्वत उत्तरमा छ । अतः उत्तरी ध्रुव सुमेरुपर्वत होला भन्ने विद्वान्हरूको अनुमान छ ॥२३॥

पुरोधसां च मुख्यं मां विद्धि पार्थ ! बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अहम्	=	म
पुरोधसाम् च	=	औ पुरोहितहरूमा	सेनानीनाम्	=	सेनापतिहरूमा
मुख्यम्	=	मुख्य	स्कन्दः	=	कार्तिक स्वामी
बृहस्पतिम्	=	बृहस्पति	सरसाम्	=	जलाशयहरूमा
माम्	=	मलाई	सागरः	=	समुद्र
विद्धि	=	जान	अस्मि	=	हुँ

सरलार्थ

हे अर्जुन ! पुरोहितमा म मुख्य (देव पुरोहित) बृहस्पति हुँ, सेनापतिमा स्कन्द कुमार तथा जलाशयहरूमा समुद्र हुँ ।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अहम्	=	म	यज्ञानाम्	=	यज्ञहरूमा
महर्षीणाम्	=	महर्षिहरूमा	जपयज्ञः	=	जपरूपी यज्ञ
भृगुः	=	भृगु	स्थावराणाम्	=	अचल पदार्थ-हरूमा
गिराम्	=	वचनहरूमा			
एकम्	=	एक	हिमालयः	=	हिमालय
अक्षरम्	=	अक्षरी			
अस्मि	=	हुँ	अस्मि	=	हुँ

सरलार्थ

म महर्षिहरूमा भृगु, वचनहरूमा एकाक्षरी (प्रणव), यज्ञहरूमा जपयज्ञ तथा अचल पदार्थहरूमा हिमालय हुँ ।

तात्पर्य

सप्तर्षिहरूमा अति तेजस्वी हुनाले र विरोधीहरूलाई दमन गर्नशक्ने हुनाले भृगु परमेश्वरको विभूति हुन्, जसको परिचय भगवान्ले पनि भृगु-लाञ्छनद्वारा दिनुभएको छ । ॐकार एकाक्षरी शब्द हो । यही आदि नादबाट सकल शब्दको सृष्टि भएको छ । अतः शब्दहरूमा प्रणव नै विभूति हुन योग्य छ । हिंसादि दोष-रहित हुनाले अन्तःकरणलाई निर्मल गराउने जपयज्ञ नै यज्ञहरूमा श्रेष्ठ छ ।

जस्तै—

ये पाकयज्ञाश्चत्वारो विधियज्ञसमन्विताः ।
सर्वे ते जपयज्ञस्य कलां नार्हन्ति षोडशीम् ॥

(मनु० २-८६)

दर्श-पौर्णमासादि विधियज्ञ र बलि-वैश्वदेवादि पाकयज्ञ अर्थात् श्रौत-स्मार्त जो-जति यज्ञ छन् ती सबै जपयज्ञको सोह्रौं हिस्सामा पनि पुग्नसक्तैनन् । जप वाचनिक, उपांशु तथा मानसिक तीन प्रकारको हुन्छ । उच्चा स्वरले जप्नु वाचनिक, केवल ओठ मात्र चलाएर जप्नु उपांशु तथा मन-मनै बाट मात्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जप्नु मानसिक कहिन्छ । वाचनिक भन्दा उपांशु, उपांशुभन्दा मानसिक जपको महत्त्व ठूलो छ । अचल स्थावरहरूमा अनन्त वनौषधिको भण्डार—जसबाट निक्लेका अनन्त नद-नद्यादि अजस्रधारा समस्त भारतमण्डललाई सिञ्चित गराइरहेका छन्—त्यो हिमालय पर्वत परमेश्वरको विभूति हो । हिमालयहरू अरू देशमा पनि छन , तर हाम्रो हिमालय जस्तो सर्वोच्च र महत्त्वपूर्ण संसारमा छैन ॥ २५ ॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

अन्वयार्थः

सर्ववृक्षाणाम्	=	सकल वृक्षहरूमा	चित्ररथः	=	चित्ररथ
अश्वत्थः	=	पीपलको वृक्ष	सिद्धानाम्	=	सिद्धहरूमा
देवर्षीणाम् च	=	तथा देवर्षिहरूमा	कपिलः मुनिः	=	कपिल मुनि
नारदः	=	नारद	(अस्मि)	=	हुँ
गन्धर्वाणम्	=	गन्धर्वहरूमा			

सरलार्थ

सबै वृक्षहरूमा पीपल, देवर्षिहरूमा नारद, गन्धर्वहरूमा चित्ररथ तथा सिद्ध-हरूमा कपिल मुनि हुँ ।

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

अन्वयार्थः

अश्वानाम्	=	घोडाहरूमा	उच्चैःश्रवसम्	=	उच्चैश्रवा
अमृतोद्भवम्	=	अमृतबाट उत्पन्न	गजेन्द्राणाम्	=	हात्तीहरूमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐरावतम्	= ऐरावत	माम्	= मलाई
नराणाम् च	= तथा मनुष्यहरूमा	विद्धि	= जान
नराधिपम्	= राजा		

सरलार्थ

मलाई घोडाहरूमा अमृतका निम्ति समुद्र मथन गर्दा निस्केको उच्चैश्रवा, हात्तीहरूमा ऐरावत तथा मनुष्यहरूमा राजा जान ।

तात्पर्य

नराणां च नराधिपम्—जसरी जगत्पिता ईश्वरका अपेक्षा समस्त विश्वका प्राणी समान भएर पनि उहाँबाट दुष्टको निग्रह र सज्जनको अनुग्रह भई नै रहन्छ त्यसगरी राष्ट्रपिता राजाबाट पनि आफ्नू राष्ट्रभरी समानताको व्यवहार गरेर पनि दुष्टलाई दण्ड र सज्जनलाई पुरस्कार मिलिरहन्छ । यसैले राष्ट्रव्यवस्थापक आफ्नू प्रतिनिधिलाई यहाँ भगवान्ले 'मनुष्यमा राजा म हुँ' भन्नुभएको छ । वस्तुतः राजाको उत्पत्ति भएको पनि यिनै कामका निम्ति हो । महाभारत शान्तिपर्वमा 'राजा किन चाहियो' भन्ने युधिष्ठिरको प्रश्नको उत्तरमा भीष्मले शरशैय्याबाट ऐतिहासिक वक्तव्य दिनुभएको छ—

न वै राज्यं न राजासीन्न दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम् ॥

(५८-१४)

भीष्मजी भन्नुहुन्छ—हे युधिष्ठिर ! सृष्टिको आदिकालमा राज्य पनि थिएनन्, राजा पनि थिएनन्; दण्ड पनि थिएन, दण्डधारी पनि थिएनन् ; किनकि त्यसवेला सबै प्रजाहरू धर्मले नै आपुस्मा सबैको रक्षा गर्दथे अर्थात् सबै पूर्ण धर्मात्मा हुनाले राज्य र राजाको केही आवश्यकता थिएन । कालान्तरमा पारस्परिक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहार बढ्दै गएपछि सबैमा 'खेद' भन्ने एउटा मनोविकार उत्पन्न भयो, त्यसबाट मोह, मोहबाट लोभ, लोभबाट विषयको अभिलाषा, यसबाट काम, कामबाट राग, रागबाट अविवेक (कर्तव्य-ज्ञान-शून्यता), अविवेकबाट फेरि मोह, मोहबाट फेरि लोभ, एवं प्रकार मनुष्यका हृदयमा दुर्वासना-चक्र घुम्नथाल्यो। अनि परस्परमा तेरो र मेरो भएर ताना-तानी पनि बढ्दै गयो। अन्तमा यहाँसम्म भयो कि— दुर्बललाई बाँच्ने अधिकार पनि रहेन।

अराजकाः प्रजाः पूर्वं विनेशुरिति नः श्रुतम्।
परस्परं भक्षयन्तो मत्स्या इव जले कृशान्॥
(म. भा. शां. ६७-९७)

हामीहरूले सुनेका छौं कि—त्यसवेला राजा नहुनाले प्रजाहरूमा 'मात्स्य न्याय' चलिरहेको थियो अर्थात् पानीमा जसरी ठूलो माछोले सानू माछोलाई निल्दछ त्यसैगरी बलियाले दुर्बललाई, त्यो बलियोलाई फेरि त्यसभन्दा पनि बलिष्ठले सिद्धयाउन थाल्यो र स्वयं नाश हुन लागे। अति भएपछि मनुष्य एउटा बुद्धिजीवी प्राणी हुनाले उसले विचार गऱ्यो कि—एउटा यस्तो बलियो होस् जसलाई अरू बलियाले पनि जित्न नसकुन् औ उसले हामीलाई रक्षा गरोस् औ हामी उसलाई मद्दत गरौं। यस्तो विचार गरेर दुःखले व्याकुल भएका शान्तिप्रिय सबै प्रजाहरूले ब्रह्माकहाँ गएर निवेदन गरे—

सहितास्ता स्तदा जग्मुरसुखार्ताः पितामहम्।
अनीश्वरा विनश्यामो भगवन्नीश्वरं दिश॥
यं पूजयेम संभूय यश्च नः प्रतिपालयेत्।
ततो मनुं व्यादिदेश मनुर्नाभिननन्द ताः॥

मनुरुवाच—

विभेमि कर्मणः पापाद्राज्यं हि भृशदुस्तरम्।
विशेषतो मनुष्येषु मिथ्यावृत्तेषु नित्यदा॥

भीष्मउवाच—

तमब्रुवन्प्रजा मा भैः कर्तृनेनोगमिष्यति।
पशूनामधिपश्चाशद्धिरण्यस्य तथैव च॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धान्यस्य दशमं भागं दास्यामः कोशवर्धनम् ।
कन्यां शुल्के चारुरूपां विवाहेषूद्यतासु च ॥
मुखेन शस्त्रपत्रेण ये मनुष्याः प्रधानतः ।
भवन्तं तेऽनुयास्यन्ति महेन्द्रमिव देवताः ।
स त्वं जातबलो राजा दुष्प्रधर्षः प्रतापवान् ।
सुखं धास्यसि नः सर्वान्कुबेर इव नैर्ऋतान् ॥
यं च धर्मं चरिष्यन्ति प्रजा राज्ञा सुरक्षिताः ।
चतुर्थं तस्य धर्मस्य त्वत्संस्थं वै भविष्यति ॥
तेन धर्मेण महता सुखं लब्धेन भावितः ।
पाह्यस्मान् सर्वतो राजन्देवानिव शतक्रतुः ॥
विजयाय हि निर्याहि प्रतपन् रश्मिवानिव ।
मानं विधम शत्रूणां जयोऽस्तु तव सर्वदा ॥

(६७।१८-२७)

प्रभो ! हाम्रो ईश्वर (रक्षक) नभएकोले हामी नाश हुनलाग्यौं, मनुष्य-जाति मासिने भयो, त्यस कारण कोही रक्षक दिएर हामीलाई बचाउनुहोस् । जसलाई हामी जम्बा भएर मान-मर्यादापूर्वक पूजा गर्नेछौं उसले हाम्रो ज्यान-धन-मालको र अधिकारको रक्षा गरेर हामीलाई पालन गरोस् । प्रजाका यस्ता आर्त वचन सुनेर ब्रह्माले झट् मनुलाई आज्ञा दिनुभयो—तिमी जाऊ र मनुष्यको व्यवस्था गर तिम्रो नाम 'राजा' हुनेछ । परन्तु मनुले यो कुरा स्वीकार गर्नुभएन र दुई हात जोडेर भन्न लाग्नुभयो—प्रभो ! कृपा गर्नुहोस् , मलाई पाप-देखि डर लाग्दछ, राज्य चलाउनु अत्यन्तै कठिन कुरो हो, त्यसमा पनि यी सदा ढाँट्ने र छल्ने मान्छेका जातको राजा हुन त मलाई बिल्कुलै मन छैन । मनुका यति कुरा सुन्नासाथ उत्पीडित मानव-समाज मनुपट्टि फर्केर आर्त पुकार गर्न-थाल्यो—प्रभो ! हामी तपाईंकै सन्तान हौं दया गर्नुहोस् , तपाईंले पापदेखि डराउन पर्दैन, पाप जसले गर्ला त्यसैले बेहोर्नेछ, तपाईंलाई लाग्ने छैन । गाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भैंसी, भेडा-बाख्राहरू सैकडा दुईको दरले तपाईंलाई दिउँला, अन्न पनि उब्जनी-बाट दशांश तपाईंको धुकुडीमा जम्मा गरिदिनेछौं, जसबाट तपाईंको कोश-वृद्धि हुनेछ। तपाईंको विवाह गर्न परेमा सबैभन्दा राम्री कन्या र त्यसमा लाग्ने खर्च पनि हामी दिउँला। जसरी इन्द्रको अघि-पछि देवताहरू हिंड्दछन् त्यसैगरी तपाईंको अघि-पछि सशस्त्र अङ्गरक्षकहरू रहनेछन्। तपाईं शक्तिशाली, प्रतापी भएर कसैले दबाउन सक्नेछैनन्। तपाईंले हामी सबैलाई कुबेरले यक्ष-राक्षसगण-हरूलाई झैं पालन गर्नुहुनेछ। एवं प्रकार सुरक्षित प्रजाहरूले जो धर्म गर्नेछन् त्यसबाट चतुर्थांश तपाईंलाई मिल्नेछ। त्यस धर्मले तपाईं धर्मात्मा बनेर इन्द्रले देवताहरूलाई झैं हाम्रो पालन गर्नुहोस्। तपाईं दिग्विजय गरेर राष्ट्रका दुष्ट दस्यु-हरूलाई सूर्यले अन्धकार नाश गरे झैं निर्मूल पार्नुहोस् तथा शत्रुहरूको पनि मान-मर्दन गर्नुहोस्, तपाईंको सदा-सर्वदा जयहोस्।

मानव समाजको यो आर्त प्रार्थना सुनेर उक्त कबोल बमोजिं मनुले मनुष्यको राजा भएर जान मञ्जूर गर्नुभयो। भीष्मजी भन्नुहुन्छ—हे युधिष्ठिर! त्यहाँदेखि यिनै कारणबाट राजा र राज्यको उत्पत्ति भयो। यही किसिमको वर्णन पाराशर-स्मृतिमा पनि लेखिएको छ—

नासृक्ष्यदि राजानं नापि दण्डं व्यधास्यत।
नामंस्यतो यदा चैषा का भविष्यज्जगत्स्थितिः॥
नाग्रहिष्यन्पुरोडाशान्मनुष्य-पितृ-देवताः।
नाभविष्यत्श्व-काकानां भागधेयं हुतं हविः॥

(१२-५६)

यदि ब्रह्माले राजालाई सृष्टि गरेर दण्डनीति उसको हातमा नदिएको भए धर्म-नीतिको अभावले जगत्को रक्षा हुने थिएन, मनुष्य-पितृ-देवताहरूले आफ्नू-आफ्नू भाग पनि लिन पाउने थिएनन्, पकाएको भोजन पनि काग र कुकुरले खाने थिए अर्थात् रक्षक नभएपछि दुष्टहरूको यथेच्छाचार हुने थियो र सज्जनहरूले जीवन-निर्वाह गर्न पनि कठिन पर्ने थियो। एवं प्रकार मनुस्मृतिमा पनि लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अराजके हि लोकेऽस्मिन्सर्वतो विद्रुते भयम् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः ॥
इन्द्रानिलयमार्काणामग्नेश्च वरुणस्य च ।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः ॥
यस्मादेषां सुरेन्द्राणां मात्राभ्यो निर्मितो नृपः ।
तस्मादभिभवत्येष सर्वभूतानितेजसा ॥

(७।३, ४, ५)

राजा नभएपछि बलियाले निर्बलियालाई दुःख दिन थाल्दछन्, सर्वत्र पशुबलकै प्रधानता हुन्छ, धर्मनीति रहँदैन, त्यसकारण जगत्-रक्षाको निम्ति प्रभुले अष्ट दिक्पालको अंशबाट राजाको सृष्टि गर्नुभयो ।

उपर्युक्त सबै शास्त्रीय ऐतिहासिक विवरणबाट स्पष्ट हुन्छ कि—राज्य र राजाको उत्पत्ति केको निम्ति भएको हो, भगवान्ले मनुष्यमा राजा म हुँ किन भन्नुभएको हो, कस्तो राजा ईश्वरको विभूति हुनसक्दछ तथा राजा र प्रजाको पारस्परिक कर्तव्य के हो ।

राजाको कर्तव्य के हो, यस विषयमा कलिको धर्म बताउने महर्षि पराशर-ले पनि भन्नु भएको छ—

स्वकर्मस्थान्नृपो लोकानव्यात्पुत्रानिवौरसान् ।
शिक्षयेद्धर्मविद्दण्डैरधर्मकारिणश्च तान् ॥

(बृ. पा. स्मृ. १०-९)

राजा स्वधर्मनिष्ठ, कर्तव्यपरायण प्रजाहरूलाई औरस पुत्रलाई झैं पालन गरोस् तथा अधर्मी अत्याचारीहरूलाई दण्डद्वारा शिक्षा देओस् । याज्ञवल्क्यले पनि भन्नुभएको छ—

चाट-तस्कर-दुर्वृत्त-महासाहसिकादिभिः ।
पीड्यमानाः प्रजा रक्षेत्कायस्थैश्च विशेषतः ॥

(याज्ञ. स्मृ. १३-३३६)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाले ठग, चोर, डाँकु, दुष्ट, दस्यु तथा विशेष गरेर जाली-फटाहाबाट पीडित भएका प्रजा वर्गलाई ती-ती बाधाहरू हटाएर रक्षा गरोस् । उपर्युक्त सबै कार्यमा सफल हुन स्वयं राजाले कस्तो हुनपर्दछ, यस विषयमा मनु भन्नुहुन्छ—

इन्द्रियाणां जये योगं समातिष्ठेद् दिवानिशम् ।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥

(७-४४)

राजा आफ्ना इन्द्रियहरूलाई जित्न सदा प्रयत्नशील रहोस्; किनभने जितेन्द्रिय राजाले मात्र प्रजाहरूलाई अनुशासनमा राख्नसक्तछ । एवंप्रकार गान्धारीले पनि दुर्योधनलाई उपदेश गरेकी छन्—

नह्यजयेन्द्रियो राज्यमश्नीयाद्दीर्घमन्तरम् ।
विजितात्मा तु मेधावी स राज्यमपि पालयेत् ॥
वश्येन्द्रियं जितामात्यं धृतदण्डं विकारिषु ।
परीक्ष्यकारिणं धीरमत्यर्थं श्रीर्निषेवते ॥

(म. भा. उ. १२९-१३-३०)

जसका इन्द्रिय वशमा छैनन् उसले धेरै कालसम्म राज्य भोग्नसक्तैन, जो जितेन्द्रिय तथा बुद्धिमान् छ उसैले मात्र राज्यलाई धेरै दिनसम्म भोगेर राष्ट्रलाई पनि समुन्नत पार्नशक्तछ । इन्द्रियलाई वशमा गरेको, [1]मन्त्रीहरूभन्दा बुद्धिमान्, दुष्टहरूको निम्ति उग्र-दण्डधारी, राज्यका हरेक विभागमा राम्ररी विचार गरेर मात्र काम गन, जस्तै दुःख-आतङ्कमा पनि नहड्बडाइकन काम गर्न जान्ने राजालाई लक्ष्मीले खुब सेवा गर्दछिन् ।

संसारको इतिहास हेऱ्यो भने पनि अहिलेसम्म भएको राजाको पतनका मूल कारणहरू बाहिर थिएनन्, किन्तु राजाकै मनभित्र रहेका अनुचित अभिलाषा

---

१. मन्त्रीहरूको सल्लाहलाई स्वयं अ फुले विचार गरेरमात्र प्रयोगमा ल्याउने ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा दुर्व्यसनहरू नै थिए । जसको फलस्वरूप राजाले विवश आफ्नू कर्तव्यबाट च्युत हुँनपर्दथ्यो । जसमा दुर्व्यसन र स्वार्थ छैनन्, प्रजाको वास्तविक हितचिन्तक छ त्यो राजा ईश्वरकै अंश हो । जसमा यी गुणहरूको उल्टा दुर्गुणहरू हुन्छन् त्यसमा ईश्वरीय अंश रहँदैन, यसैले ऊ पराजित हुन्छ । श्रीमद्भागवत ४।१४ मा राजा वेनको कथा छ । त्यसमा लेखिएको छ–राजा वेन ज्यादै अधर्मी, अत्याचारी राजा थियो । उत्पीडित प्रजाहरू ऋषि-महर्षि हरूका आश्रममा पुकारा गर्न गए । ऋषिहरू आएर राजा वेनलाई धर्मोपदेश गरे । किन्तु वेनले भृगु आदि ऋषिहरूको धर्मोपदेशलाई खिल्ली उडाएर हाँसो गऱ्यो । यो देखेर ऋषिहरूले तत्काल योगशक्तिले वेनलाई भस्म गरेर उसैको दक्षिणाङ्गबाट राजा पृथुलाई उत्पन्न गरे । जुन पृथुले सर्वतोमुखी उन्नति गरेर पालन गरिएकी हुनाले त्यस दिनदेखि भूमीको नाम 'पृथिवी' भन्ने अहिलेसम्म प्रसिद्ध छ ।

उच्च लोकतन्त्रमा पनि उपर्युक्त गुणविशिष्ट एउटा मुख्य व्यक्ति अवश्य हुन्छ, चाहे उसको नाम राजा नहोस्, तथापि प्रजाहरूलाई रञ्जन-(आनन्द) गराएर स्वयं सर्वतः प्रकाशित अर्थात् ख्यातिप्राप्त भएको हुन्छ । त्यही ईश्वरीय विभूति हो । जहाँ ईश्वरीय विभूतिको अभाव छ त्यहाँ लोकतन्त्र पनि सफल हुँदैन अर्थात् जुन राज्य-शासन, शास्त्रमा बताएका जुन कल्याणकारी भावना भएका त्यागी व्यक्तिहरूको हातमा नभएर उच्छृङ्खल, अनाचारी, स्वार्थपरायण व्यक्तिहरूको हातमा हुन्छ, त्यो प्रजातन्त्र पनि अगाडि बढ्नको सट्टा पछाडि नै खस्कन्छ । अतः राष्ट्रलाई समुन्नत पार्न ईश्वरीय विभूति नै चाहिन्छ ॥२७॥

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

अन्वयार्थः

अहम्	=	म	वज्रम्	=	वज्र
आयुधानाम्	=	अस्त्रहरूमा	धेनूनाम्	=	गाईहरूमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कामधुक्	=	कामधेनु	अस्मि	=	हुँ
अस्मि	=	हुँ	सर्पाणाम्	=	सर्पहरूमा
प्रजनः च	=	तथा उत्पत्तिगर्ने	वासुकिः	=	वासुकि
कन्दर्पः	=	काम	अस्मि	=	हुँ

सरलार्थ

म अस्त्रहरूमा वज्र, गाईहरूमा कामधेनु, उत्पत्तिगर्ने काम तथा सर्पहरूमा वासुकि हुँ ।

तात्पर्य

शस्त्र र अस्त्र दुई प्रकारका हतियार हुन्छन् । हातमा लिएको-लियै केवल चोट मात्रै छोड्ने, तरवार आदि 'शस्त्र', हातबाट कुनै साधनद्वारा छोडने प्राचीनकालका बाण, अहिलेका गोला-गोली 'अस्त्र' कहिन्छन् । 'आयुध' नाम अस्त्रको हो, अस्त्रहरूमा वज्र (हिरा) सबैभन्दा बलियो हुन्छ । पुराणमा कथा छ—तपस्याका प्रभावले दधीचि ऋषिको हाड यस्तो बलियो भैसकेको थियो, वृत्रासुरलाई मार्न इन्द्रले त्यसैको वज्र बनाए । गाईहरूमा कामधेनु, जसका एक-एक रोमावलिबाट सहस्रौं सैन्य निस्केर सहस्रबाहुको सैन्य निर्बल भएको थियो । उत्पत्ति गर्नेहरूमा काम मुख्य छ अर्थात् भगवान् काम भएर पनि प्रजासृष्टिको निम्ति प्रयुक्त काम हुनुहुन्छ, केवल विषय-विलास निम्ति प्रयुक्त काम हुनुहुन्न । नाग र सर्प दुई जातमा सर्पमा मुख्य वासुकिनाग हुन् ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

अन्वयार्थः

अहम्	=	म	अनन्तः	=	शेषनाग
नागानाम्	=	नागहरूमा	यादसाम् च	=	औ जलचरहरूमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरुणः	=	वरुण	अर्यमा	=	अर्यमा
अस्मि	=	हुँ	संयमताम् च	=	औ दण्डधारीहरूमा
अहम्	=	म	यमः	=	यमराज
पितणाम्	=	पितृहरूमा	अस्मि	=	हुँ

सरलार्थ

म नागहरूमा शेषनाग, जलचरहरूमा वरुण, पितृहरूमा अर्यमा तथा दण्ड-धारीमा यमराज हुँ ।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

अन्वयार्थः

अहम्	=	म	अहम्	=	म
दैत्यानाम्	=	दैत्यहरूमा	मृगाणाम् च	=	मृगहरूमा
प्रह्लादः	=	प्रह्लाद	मृगेन्द्रः	=	सिंह
कलयताम् च	=	आक्रमणकारी हरूमा	पक्षिणाम् च	=	औ पक्षीहरूमा
			वैनतेयः	=	गरुड
कालः	=	काल	(अस्मि)	=	हुँ
अस्मि	=	हुँ			

सरलार्थ

म दैत्यहरूमा प्रह्लाद, आक्रमण गर्नेहरूमा काल, पसुहरूमा सिंह तथा पन्छीहरूमा गरुड हुँ ।

कालःकलयतामहम्—धेरै टीकाकारहरूले 'कलयताम्'को अर्थ 'गणनाग-र्नेहरूमा' यस्तो गरेका छन् , किन्तु 'परमार्थप्रपा' टीकाकारले 'आक्रमणगर्नेहरूमा'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो गरेका छन् । वास्तवमा यही अर्थ ठीक छ, किनकि काललेआक्रमण गरे-पछि कसैलाई पनि छोड्दैन । उता गणना गर्नेहरूमा भन्ने अर्थ 'काल' शब्दसँग ठीक-ठीक सम्बन्ध खाँदैन ॥३०॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥

अन्वयार्थः

अहम्	=	म	झषाणाम् च	=	औ माछाहरूमा
पवताम्	=	पवित्र गर्नेहरूमा	मकरः	=	ग्राह
पवनः	=	बायु	अस्मि	=	हुँ
शस्त्रभृताम्	=	शस्त्रधारीमा	स्रोतसाम्	=	नदीहरूमा
रामः	=	राम	जाह्नवी	=	गङ्गा
अस्मि	=	हुँ	अस्मि	=	हुँ

सरलार्थ

म पवित्र गर्नेहरूमा वायु, शस्त्रधारीमा राम, माछाहरूमा ग्राह तथा नदी-हरूमा गङ्गा हुँ ।

तात्पर्य

पवनः पवतामस्मि—संसारमा पवित्र गर्ने वस्तु धेरै छन्, किन्तु वायु जस्तो पवित्रकारक कुनै चीज पनि छैन । मनुष्य जतिसुकै साबुन लगाएर स्नान गरोस्, शुद्ध सफा वस्त्र पहिरोस् तथा घरको भित्री भाग जतिसुकै शुद्ध पारोस्, किन्तु सहरभित्र साँहुरो गल्लीमा उसको घर छ भने पवित्र गर्ने स्वच्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायुको अभावले त्यहाँ सदा अपवित्रता रहिरहन्छ। यसैले त्यस घरमा बस्ने-हरूलाई भयानक रोगहरूले आक्रमण गर्दछन्। यद्यपि सुन-पानी छर्केर, जौ-तिल छरेर हामी त्यस ठाउँलाई पवित्र मान्दछौं, परन्तु यी हाम्रो मनलाई मात्र पवित्र गराउने हुन्, वास्तविक स्वास्थ्यकर पवित्रता तिनमा छैन। हाम्रा पूर्वजहरूलाई पनि वायुमा रहेको पवित्र गर्ने शक्तिको पत्ता लागेको थियो, यसैले नग्न शरीरमा खुला हावा लगाउनुलाई पनि वायवीय स्नान भनेर मानेका छन्।

स्रोतसामस्मि जाह्नवी—गङ्गानदीलाई नजान्ने संसारमै छैनन् भने पनि हुन्छ। गङ्गा-उत्पत्तिको कथा पनि सबैले प्रायः सुनेकै छन्। संस्कृत साहित्यमा गङ्गास्तुति, गङ्गाष्टक, गङ्गालहरी आदि अनेक प्राचीन र अर्वाचीन विद्वान्हरूका कृतिहरू छन्। आधुनिक पदार्थतत्त्ववेत्ताहरूले पनि जाँच गरेर भनेका छन् कि—गङ्गा नदीको पानीमा कुनै हिमालयको अज्ञात तत्त्व मिसिएको छ, यसैले जति राखे पनि यसमा किटाणुहरू पर्दैनन्, यसको जोडा पानी संसारमा अझसम्म पत्ता लागेको छैन। अनुमान हुन्छ—यही अदृश्य शक्ति नै गङ्गाजीको पापनाशक गुण होला ॥ ३१ ॥

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन !।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	अहम्	=	म
अहम	=	म	विद्यानाम्	=	विद्याहरूमा
सर्गाणाम्	=	सृष्टिको	अध्यात्म विद्या	=	अध्यात्म विद्या
आदिः	=	सिरान	प्रवदताम्	=	बोल्नेहरूमा
अन्तः च	=	पुछार	वादः	=	वाद
मध्ययम् एव च	=	तथा माझ	(अस्मि)	=	हुँ
(अस्मि)	=	हुँ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! म सृष्टिहरूमा उत्पत्ति, स्थिति, प्रलय, विद्याहरूमा अध्यात्म विद्या तथा शास्त्रार्थ गर्नेहरूमा वाद (तत्त्व-निर्णायक) हुँ ।

तात्पर्य

अध्यात्म विद्या—जुन विद्याबाट प्राणीमात्रको आत्मा र आफ्नू आत्मा एउटै देखिन्छ त्यो 'अध्यात्म विद्या' हो । संसारमा नाना प्रकारका विद्या छन् तापनि प्राणीमात्रको प्रिय 'शान्ति' अध्यात्म विद्या सिवाय तिनबाट हुँदैन, यो अकाट्य सिद्धान्त छ । जसवेला मनुष्य-समाज आध्यात्मिक उन्नतिको पूर्णतामा पुग्ला त्यस वेलाको युग 'सत्य युग' हुनेछ ।

वाद—जल्प, वितण्डा, वाद यी तीन कथाहरू हुन्छन् । अर्काको पक्षलाई खण्डन गरेर आफ्नू पक्षस्थापन गर्नु 'जल्पकथा' हो । यसमा वादी-प्रतिवादी दुवैले आफ्नू२पक्षस्थापन गरेर अर्काको पक्षलाई खण्डन गर्दछन् । आँफ्नू कुनै पक्ष नराखी केवल परपक्ष-खण्डन गर्नु 'वितण्डा कथा' हो । केवल सिद्धान्त निर्णयका निम्ति गुरु-शिष्य भावले भएको प्रश्नोत्तर 'वादकथा' हो । यी तीनमा तत्त्व निर्णय लक्ष्य भएकोले वादकथा भगवद्विभूति हो ॥ ३२ ॥

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

अन्वयार्थः

अहम्	=	म	अहम् एव	=	म नै
अक्षराणाम्	=	अक्षरहरूमा	अक्षयः	=	नाश रहित
अकारः	=	अकार	कालः	=	काल
सामासिकस्य च	=	औ समासहरूमा	विश्वतोमुखः	=	चतुर्मुख
द्वन्द्वः	=	द्वन्द्व समास	धाता	=	ब्रह्मा
अस्मि	=	हुँ	(अस्मि)	=	हुँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अक्षरहरूमा अकार, समासहरूमा द्वन्द्व तथा अक्षय काल र चतुर्मुख ब्रह्मा पनि मै हुँ।

तात्पर्य

अकार—वेदमा लेखिएको छ—"अकारो वै सर्वावाक्" (ऐ. ३-६-७) अर्थात् सकल वर्णहरूको मूल अकार हो। यही अकार कण्ठ, तालु आदि स्थानमा ठक्कर खाएर अनेक वर्ण-वाक्यरूप हुनजान्छ ॥ ३३ ॥

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

अन्वयार्थः

अहम्	=	म	श्रीः	=	शोभा
सर्वहरः	=	सबैलाई हरणगर्ने	वाक्	=	मधुर वचन
मृत्युः च	=	मरण र	स्मृतिः	=	सम्झना
भविष्यताम् च	=	तथा पछि हुनेहरूमा	मेधा	=	धारण शक्ति
उद्भवः	=	उत्पत्ति	धृतिः	=	धैर्य
नारीणाम् च	=	औ स्त्रीहरूमा	क्षमा	=	सहनशीलता
कीर्तिः	=	कीर्ति	(अस्मि)	=	हुँ

सरलार्थ

म सबैलाई संहारगर्ने मृत्यु, पछि जन्मनेहरूमा उत्पत्ति तथा स्त्रीहरूमा कीर्ति, शोभा, वाङ्माधुर्य, स्मरणशक्ति, धारणशक्ति, धैर्य तथा क्षमा हुँ।

तात्पर्य

कीर्ति, स्मृति, मेधा, धृति यी दक्षका कन्याहरू थिए। 'वाक्' नाम गरेकी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आम्भृण ऋषि की छोरी ऋषि थिइन् जसको ऋग्वेदमा देवीसूक्तछ। यी सबै स्त्रीहरूमा सर्वश्रेष्ठ थिए ; यसैले ईश्वरका विभूति मानिएका छन्। यतिमात्र स्त्रीहरू ईश्वरका विभूति होइनन्, उपर्युक्त गुण-धर्मद्वारा वर्तमान र भविष्यमा पनि स्त्रीहरू विभूति हुनसक्तछन्। अहिले पनि जुन स्त्रीमा कीर्ति अर्थात् कुनै कलङ्क लागेको छैन, श्री—शरीरको शोभा अर्थात् सुन्दरता, वाक्—मधुर वाणी, स्मृति—एकपटक देखेको र सुनेको कुरा नविर्सने सम्झना शक्ति, मेधा—कुशाग्रबुद्धि, धृति—जस्तै दुःख र आपत्तिमा पनि नहड्बडाई धैर्य राख्ने शक्ति, क्षमा—समर्थ भएर पनि अपराधीको अपराधलाई क्षमा गर्ने वानी यी गुणहरू छन् त्यो ईश्वरीय विभूति हो ॥ ३४ ॥

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

अन्वयार्थः

अहम्	=	म	अहम्	=	म
साम्नाम्	=	सामसन्त्रहरूमा	मासानाम्	=	महीनाहरूमा
बृहत्साम	=	बृहत्साम	मार्गशीर्षः	=	मंसिर
छन्दसाम्	=	छन्दहरूमा	ऋतूनाम्	=	ऋतुहरूमा
गायत्री	=	गायत्री छन्द	कुसुमाकरः	=	वसन्त
(अस्मि)	=	हुँ	(अस्मि)	=	हुँ
तथा	=	त्यस्तै			

सरलार्थ

म सामहरूमा बृहत्साम, छन्दहरूमा गायत्री, महीनाहरूमा मंसिर तथा ऋतुहरूमा वसन्त हुँ।

तात्पर्य

साममन्त्रहरूमा "त्वां इन्द्रोहवामहे" इत्यादि बृहत्साम कहिन्छन्, यसमा सर्वेश्वर रूपले इन्द्रको स्तुति हुन्छ। "गायन्तं त्रायते इति गायत्री"-अर्थात् जप गर्नेलाई रक्षा गर्ने हुनाले 'गायत्री कहिन्छ। अतएव उष्णीक्, जगति, पंक्ति, बृहती

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि वैदिक छन्दहरूमा गायत्री छन्द सबैभन्दा श्रेष्ठ छ। अनेक रोगादिभययुक्त चतुर्मासापछि धन-धान्यपूर्ण, निर्मल जलयुक्त, शीतोष्ण बाधारहित मार्गशीर्ष महीना वाहै महीनामा सर्वोपरि उत्तम छ। एवं प्रकार ऋतुका दृष्टिबाट ऋतुराज वसन्त पनि शीतोष्ण बाधारहित, कोमल सहकारपल्लव, कोकिलकलरव तथा अनेक सुमधुर सुगन्धित पुष्पयुक्त हुनाले परमेश्वरको विभूति हो ॥३५॥

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

अन्वयार्थः

अहम्	=	म	अहम्	=	म
छलयताम्	=	छल गर्नेहरूमा	जयः	=	जय
द्यूतम्	=	जुवा	व्यवसायः	=	उद्योग
तेजस्विनाम्	=	तेजस्वीहरूमा	अस्मि	=	हुँ
तेजः	=	तेज	सत्त्ववताम्	=	सात्त्विकहरूमा
अस्मि	=	हुँ	सत्त्वम्	=	सत्त्वगुण
			अस्मि	=	हुँ

सरलार्थ

म छलीहरूमा जुवा, तेजस्वीमा तेज, विजयीमा विजय, उद्यमीमा उद्योग, सात्त्विकहरूमा सत्त्वगुण हुँ।

तात्पर्य

द्यूतं छलयतामस्मि—छली या परवञ्चक-(ठग)-को काम के हो भने—अरूलाई छलद्वारा ठगेर उसको सर्वस्व हरण गर्नु। द्यूत-क्रीडा-(जूवाको खेल)-बाट मनुष्यको सर्वस्व विना परिश्रम अकैंले पाउँछ। विना परिश्रम मिलेको धनको सदुपयोग पनि हुँदैन, दुरुपयोगै हुन्छ; जसले गर्दा जित्नेलाई पनि अनेकौं अनर्थ सिवाय अरू लाभ केही छैन। हार्नेवालाको हरतरहबाट पतन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ । प्राचीन कालमा राजा नलको र राजा युधिष्ठिरको जुवाको परिणामबाट भएको दुःख-दर्दको कथा प्रायः सबैले थाहा पाएका छन् । पाठकहरूले यो नठान्नुहोला कि जुवा परमेश्वरको विभूति हुनाले उपास्य रहेछ । यो त केवल छलीहरूको छल्ने साधनमा सर्वश्रेष्ठ हुनाले त्यस विषयको उत्कृष्टताबोधक मात्र हो, उपास्यबोधक होइन । पुराणहरूमा जुवा खेल्ने विधान गरेको सर्वत्र हर-हालतमा प्राप्त या प्रचार भएको जूवाको अनर्थलाई हटाउनको निम्ति काल सीमित गरेर लक्ष्मीपूजा आदिमा खेल्नु भनेको हो । शास्त्रीय पद्धतिबाट यस्तो विधिलाई 'परिसंख्या विधि' भन्न सकिन्छ । जसको तात्पर्य अनर्थकारी त्यस कामलाई समाजबाट हटाउनमा हुन्छ, बढाउनमा हुँदैन । यसैले जुवालाई सबै शास्त्रकारहरूले निषेध गरेका छन् ।

जस्तै :—

न श्रियस्तत्र तिष्ठन्ति द्यूतं यत्र प्रवर्तते ।
न वृक्षजातयस्तत्र विद्यन्ते यत्र पावकः ॥
(सूकावली १२-२)

जहाँ जुवाको निवास छ त्यहाँ धर्म, अर्थ, काम कुनै पनि रहँदैनन् , किनकि जहाँ अग्निको निवास हुन्छ त्यहाँ वृक्षहरू हुँदैनन् ।

द्यूतमेतत्पुराकल्पे दृष्टं वैरकरं नृणाम् ।
तस्माद्द्यूतं न सेवेत हास्यार्थमपि बुद्धिमान् ।
(म. भा. अ. ९ श्लो. २२७)

पहिलेका कल्पमा जुवाले गर्दा आपुसमा वैरभाव भएको देखियो, त्यसकारण बुद्धिमान् पुरुष यसलाई हास-विलासका निम्ति पनि सेवन नगरोस् । श्रुतिको पनि आदेश छ—'अक्षैर्मा दीव्येत्' जुवा नखेलोस् ॥ ३६ ॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अहम्	=	म	मुनीनाम् अपि	=	मुनिहरूमापनि
वृष्णीनाम्	=	यादवहरूमा	व्यासः	=	व्यास
वासुदेवः	=	वासुदेव	कवीनाम्	=	कविहरूमा
पाण्डवानम्	=	पाण्डवहरूमा	उशना कविः	=	शुक्राचार्य कवि
धनञ्जयः	=	अर्जुन	अस्मि	=	हुँ

सरलार्थ

म यादव हरूमा वासुदेव, पाण्डवहरूमा अर्जुन, मुनि हरूमा व्यास तथा कविहरूमा शुक्राचार्य हुँ ।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

अन्वयार्थः

अहम्	=	म	अस्मि	=	हुँ
दमयताम्	=	दमनगर्नेहरूमा	गुह्यानाम्	=	गोपनीयहरूमा
दण्डः	=	दण्ड	मौनम्	=	मौन
अस्मि	=	हुँ	ज्ञानवताम् च	=	तथा ज्ञानीहरूमा
जिगीषताम्	=	जित्न इच्छा गर्ने-हरूमा	ज्ञानम् एव	=	ज्ञान नै
नीतिः	=	नीति	अस्मि	=	हुँ

सरलार्थ

म दमन गर्नेहरूमा दण्ड, जित्न इच्छा गर्नेहरूमा नीति, गोप्यहरूमा मौन तथा ज्ञानीहरूमा ज्ञान हुँ ।

तात्पर्य

नीतिरस्मि जिगीषताम्—नीतिको विशेष आधार नली केवल युद्धले विजय-प्राप्ति हुँदैन । अथवा जुन्सुकै कुरामा पनि जित्नलाई नैतिक बलै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहिन्छ । किनकि पशुबलको विजय कदाचित् भए पनि क्षणिक हुन्छ, स्थायी हुँदैन ॥३८॥

१-१ यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ! ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	विना	=	रहित
अहम्	=	म	यत्	=	जो
यत् च अपि	=	जे पनि	स्यात्	=	होस्
सर्वभूतानाम्	=	समस्तभूतको	तत्	=	त्यो
बीजम्	=	बीज छ	चराचरम्	=	चराचर
तत्	=	त्यो	भूतम्	=	सृष्टि
(अस्मि)	=	हुँ	न अस्ति	=	छैन
मया	=	मैले			

सरलार्थ

हे अर्जुन ! म जो जति समस्त भूतवर्ग छ त्यसको मूल कारण हुँ, म विना चराचर भूत केही पनि छैन ॥

तात्पर्य

बीजबाट वृक्षको उत्पत्ति र वृद्धि समेत हुन्छ । भगवान्को व्यापक सत्ता नभई सृष्टिका उत्पत्ति र वृद्धि हुँदैनन् । माया जगत्को परिणामी उपादान कारण हुनाले माया शबलित ईश्वर चराचर जगत्को बीज सिद्ध हुन्छ । यसैलाई लिएर यहाँ भगवान्ले 'अहम्' को प्रयोग गर्नुभएको छ ॥३९॥

विभूति वर्णनको उपसंहार—

१-१ नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ! ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

परन्तप !	=	हे अर्जुन !	मया	=	मैले
मम	=	मेरा	विभूतेः	=	विभूतिको
दिव्यानाम्	=	दिव्य	एष	=	यो
विभूतीनाम्	=	विभूतिहरूको	विस्तरः	=	विस्तार
अन्तः	=	अन्त	उद्देशतः	=	संक्षेपले
न अस्ति	=	छैन	प्रोक्तः	=	भनें
तु	=	परन्तु			

सरलार्थ

हे अर्जुन ! मेरा दिव्य विभूतिहरूको अन्त छैन, अहिले गरेको विभूतिको वर्णन त केवल दिग्दर्शन मात्र हो ।

तात्पर्य

यो कुरा बिल्कुल ठीक हो कि—परमेश्वरका अनन्त कोटि ब्रह्माण्डभित्र रहेका विभूतिहरू सय-करोड कल्पसम्म पनि वर्णन गरेर सकिंदैनन् , किनकि एकबाट अनेकमा आउनु नै विभूति-विस्तार हो । एकताको अनेकता मायाद्वारा सिद्ध छ । त्यसकारण ईश्वरीय विभूतिको अन्त छैन । यहाँसम्म जो वर्णन भयो त्यो केवल अर्जुनलाई अनेक भावबाट एक भावमा ल्याउनको निमित्त उपास्य रूपले गरेको दिग्दर्शन मात्र हो ॥ ४० ॥

यहाँ नबताइएका विभूतिहरूलाई पनि जान्ने उपाय—

९-९ यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥

अन्वयार्थः

त्वम्	=	तिमी	सत्वम्	=	वस्तु छ
यत्यत्	=	जुन-जुन,	तत् तत् एव	=	त्यस-त्यसैलाई नै
विभूतिमत्	=	ऐश्वर्ययुक्त	मम	=	मेरो
श्रीमत्	=	श्रीयुक्त	तेजोंश-सम्भवम्	=	तेजका अंशबाट उत्पन्न भएको
वा	=	अथवा			
ऊर्जितम् एव	=	प्रभावशाली नै	अवगच्छ	=	जान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

तिमी जो-जो ऐश्वर्यवान्, श्रीयुक्त अथवा विशेष प्रभावशाली वस्तु संसारमा देख्दछौ, त्यस-त्यसैलाई मेरा तेजका अंशबाट उत्पन्न भएको जान।

तात्पर्य

संसारमा प्रभावशाली सबै प्रकारबाट पूर्ण भएको जड या चेतन जुन-सुकै वस्तु देखे पनि विचारशील व्यक्तिले यस वर्गमा यसैबाट परमेश्वरको कला विकसित भएको रहेछ भनेर विभूतिरूपले जान्नुपर्दछ। किनकि पहिलेका उदाहरणरूप दिग्दर्शनबाट पनि यही कुरा सिद्ध भएको छ। अतः यही सूक्ष्म विज्ञान अर्थात् निखिल विश्वका विभूतिहरू जान्ने सुगम उपाय प्रिय सखा अर्जुनका प्रति भगवान्ले उपदेश गर्नुभयो ॥ ४१ ॥

अवयवीरूप अपरिच्छिन्न विभूति—

१-१ अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ! ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विभूतियोगो नाम दशमोऽध्यायः ॥ १० ॥

अन्वयार्थः

अथवा	=	अथवा	अहम्	=	म
अर्जुन !	=	हे अर्जुन !	इदम	=	यो
एतेन	=	यति	कृत्स्नम्	=	सम्पूर्ण
बहुना	=	धेरै	जगत्	=	जगत्लाई
ज्ञातेन	=	जान्नाले	एकांशेन	=	एक अंशले
तव	=	तिमीलाई	विष्टभ्य	=	व्याप्त गरेर
किम्	=	के हुन्छ	स्थितः	=	रहेको छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अथवा हे अर्जुन ! यी धेरै भिन्न २ विभूतिहरू जानेर तिमीलाई केहुन्छ, म यो समस्त विश्वलाई एक अंशले व्याप्त गरेर रहेको छु ।

तात्पर्य

परमात्माले समस्त विश्वलाई आफ्ना चारपाउमध्ये एकपाउले व्याप्त गरेर धारण गर्नुभएको छ । वेदमा लेखिएको छ—'पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि' (ऋ० वे० १०-१०-३, छां० ३-३-१२-६) परमात्माका एकपाउमा समस्त विश्व छ, तीन पाउ निर्मल तथा स्वयं प्रकाश छन् । अतः भगवान् भन्नुहुन्छ—धेरै भिन्न २ विभूति जान्नाले के हुन्छ ? । तात्पर्य यो हो कि—समस्त विश्वका अणु-अणुमा परमेश्वर व्याप्त हुनाले जगतै परमेश्वरदेखि भिन्न छैन, 'हरिरेव जगत् जगदेव हरिः'-- हरि नै जगत् हुनुहुन्छ, जगतै हरि हो । त्यसकारण सर्वत्र परमेश्वरबुद्धि गरेर विश्वका हर-एक जीवलाई जनार्दनै मानेर तिनको यथायोग्य आराधन गर्नु भगवद्भक्तको परम कर्तव्य हो औ यही विभूति विज्ञानको फल हो ॥ ४२ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये विभूतियोग नाम गरेको दशौं अध्याय समाप्त भयो ॥ १० ॥

ॐ तत्सत्



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विराट रूप-प्रदर्शन

सुब्बा होमनाथ केदारनाथ
वाराणसीकी सौजन्यताबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

एघारौं अध्याय

पूर्वाध्यायमा भगवान्‌ले अर्जुनलाई आफ्ना विभूतिहरू बताएर अन्तमा भन्नुभयो—'यो विश्वलाई मैले व्याप्त गरेको छु, मेरो एक अंशमा यो विश्व छ।' यसबाट अर्जुनलाई विश्वरूप देख्ने इच्छा उत्पन्न हुन्छ। जुन विश्वरूप भगवान्‌ले अर्जुनलाई दिव्य दृष्टि दिएर आफ्नू स्वरूप देखाउनुभयो त्यसको सरस वर्णन यस अध्यायको प्रतिपाद्य विषय हो। विराट्‌रूपले प्रत्यक्ष सबैलाई चबाएको देखेर ममार्दछु, यो मर्दछन् भन्ने अर्जुनका हृदयको शंका निर्मूल भएर उनमा कर्तव्यको उदय हुनु यसको फल हो। प्रथम ४ श्लोकले पहिलेको उपदेशलाई अभिनन्दन गर्दै अर्जुन आफ्नू भाव व्यक्त गर्दछन्।

अर्जुन उवाच—

मदनुग्राहाय परमं गुह्यमध्यात्मसंज्ञितम्।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

अन्वयार्थः

मदनु ग्रहाय	=	मेरा उपर अनुग्रह गर्नलाई	त्वया	=	तपाईंले
			उक्तम्	=	भन्नुभयो
परमम्	=	अत्यन्त	तेन	=	त्यसले
गुह्यम्	=	गोपनीय	मम	=	मेरो
अध्यात्मसंज्ञितम्	=	अध्यात्मसंज्ञक	अयम्	=	यो
यत्	=	जो	मोहः	=	मोह
वचः	=	वाणी	विगतः	=	गयो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुन भन्दछन्—मेरा उपर अनुग्रह गर्नलाई अत्यन्त रहस्यमय अध्यात्म सम्बन्धी जो वचन भन्नुभयो त्यसबाट यो मेरो मोह गयो ।

तात्पर्य

श्रीभगवान्‌ले द्वितीय अध्यायका 'अशोच्यानन्वशोचस्त्वं'-देखि लिएर बीच २ मा जो आत्म-अनात्म सम्बन्धी उपदेश गर्नुभयो त्यसद्वारा आत्मालाई अकर्ता मानेका हुनाले 'यिनीहरूलाई म मार्दछु, यिनीहरू मर्दछन्' भन्ने अविद्या सम्बन्धी मोह नष्टप्राय भएकै छ, औ अगाडिको प्रत्यक्ष घटना-(११।२६, ३०)-बाट पनि हुनेछ ।

आत्मा चैतन्यस्वरूप छ, निर्विकार हुनाले कर्ता-भोक्ता आदि धर्म त्यसमा छैनन्, किन्तु यी धर्म प्रकृतिजन्य शरीर, इन्द्रिय तथा अन्तःकरणकै हुन् । चैतन्य मात्र आत्मा हो, त्यसदेखि भिन्न निखिल वस्तु अनात्मा हो । इत्यादि वाक्य 'अध्यात्म संज्ञित' हुन् ॥ १ ॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष ! माहात्म्यमपि चाव्ययम् ॥२॥

अन्वयार्थः

हि	=	किनभने	विस्तरशः	=	विस्तार पूर्वक
कमलपत्राक्ष !	=	हे कमलनयन !	श्रुतौ	=	सुने
मया	=	मैले	अव्ययम्	=	अविनाशी
त्वत्तः	=	तपाईंबाट	माहात्म्यम् अपि च	=	माहात्म्य पनि
भूतानाम्	=	प्राणीहरूको	(श्रुतम्)	=	सुने
भवाप्ययौ	=	उत्पत्तिप्रलय			

सरलार्थ

किनकि हे कमलनेत्र ! मैले प्राणीहरूको उत्पत्ति-प्रलय तपाईंबाट विस्तार-पूर्वक सुनें तथा तपाईंको अविनाशी माहात्म्य पनि सुनें ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

भगवान्‌का नेत्र कमलदल झैं अति सुन्दर छन्, अतः उहाँ 'कमलनयन' (पुण्डरीकाक्ष) हुनुहुन्छ। उहाँलाई यस्तो संबोधन दिएबाट अर्जुनको श्रीभगवान्‌का प्रति प्रेमातिशय प्रकट हुन्छ ॥२॥

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ! ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ! ॥३॥

अन्वयार्थः

परमेश्वर !	=	हे परमेश्वर	पुरुषोत्तम !	=	हे पुरुषोत्तम !
त्वम्	=	तपाईंले	ते	=	तपाईंको
आत्मानम्	=	आफूलाई	ऐश्वरम्	=	ईश्वरीय
यथा	=	जस्तो	रूपम्	=	रूपलाई
आत्थ	=	भन्नुभयो	द्रष्टुम्	=	देख्न
एतत्	=	यो कुरा	इच्छामि	=	चाहन्छु
एवम्	=	यस्तै हो			

सरलार्थ

हे परमेश्वर ! तपाईंले आफूलाई जस्तो बयान गर्नुभयो त्यो बिल्कुल अक्षरशः सत्य हो, यसमा संशय छैन; तथापि हे पुरुषोत्तम ! तपाईंको त्यो विभूतियुक्त दिव्य रूपलाई दर्शन गर्ने मेरो तीव्र इच्छा छ ।

तात्पर्य

अर्जुनका 'परमेश्वर' 'पुरुषोत्तम' यी दुई संबोधनले भगवान् सर्वज्ञ, सर्वान्तर्यामी हुनाले उहाँका वचनमा वास्तविक यथार्थता छ भन्ने कुरा सूचित गराउँछन् ॥ ३ ॥

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ! ।
योगेश्वर ! ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

प्रभो !	=	हे प्रभो !	ततः	=	त्यसो भए
यदि	=	यदि	योगेश्वर !	=	हे योगेश्वर
तत्	=	त्यो (रूप)	त्वम्	=	तपाईंले
मया	=	मैले	मे	=	मलाई
द्रष्टुम्	=	देख्न	अव्ययम्	=	अविनाशी
शक्यम्	=	सकिने	आत्मानम्	=	आफूलाई
इति	=	यस्तो	दर्शय	=	देखाउनुहोस्
मन्यसे	=	ठान्नुहुन्छ			

सरलार्थ

हे प्रभो ! यदि तपाईंको विचारमा त्यो रूप म देख्न सकूछु भन्ने छ भने हे योगेश्वर ! मलाई त्यो अविनाशी आफ्नू रूप देखाउनुहोस् ।

तात्पर्य

श्रीभगवान् सकल प्राणीवर्गका स्वामी हुनाले 'प्रभु', समस्त योग र योगी-हरूका ईश्वर हुनाले 'योगेश्वर' हुनुहुन्छ । अर्जुनलाई दिव्यदृष्टि दिएर आफ्न समस्त विभूतिमय विराट्लाई करामलकवत् प्रत्यक्ष देखाउनु बिना योगशक्ति असंभव छ । अतः यहाँ अर्जुनले भगवान्लाई 'योगेश्वर' सम्बोधन दिएका छन् । 'योग' भन्नाले यहाँ अष्टाङ्गयोग होइन, किन्तु 'अघटित-घटन-युक्ति' हो ॥४॥

यहाँदेखि ८ श्लोकसम्म भगवान् अर्जुनलाई विश्वरूप देखाउनको निम्ति सावधान गराउनुहुन्छ—

श्रीभगवानुवाच

पश्य मे पार्थ ! रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	शतशः	=	शयकडौं
मे	=	मेरा	अथ	=	अथवा
दिव्यानि	=	दिव्य	सहस्रशः	=	हजारौं
नानाविधानि	=	अनेक प्रकारका	रूपाणि	=	रूपहरूलाई
नानावर्णाकृतीनि च	=	तथा अनेक वर्ण र आकारका	पश्य	=	हेर

सरलार्थ

श्री भगवान् भन्नुहुन्छ— हे अर्जुन ! तिमी मेरा नाना प्रकारका तथा नाना वर्ण र आकृति भएका सयकडौं या हजारौं दिव्य रूपहरूलाई हेर ।

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ! ॥६॥

अन्वयार्थः

भारत !	=	हे अर्जुन !	मरुतः	=	४९ वायुहरूलाई
आदित्यान्	=	१२ सूर्यहरू	पश्य	=	हेर
वसून्	=	अष्ट वसुहरू	बहूनि	=	धेरै
रुद्रान्	=	११ रुद्रहरू	अदृष्टपूर्वाणि	=	पहिले कहिल्यै नदेखेका
अश्विनौ	=	अश्विनि कुमार	आश्चर्याणि	=	आश्चर्यहरूलाई
तथा	=	तथा	पश्य	=	हेर

सरलार्थ

हे भारत ! बाह आदित्य, आठ वसु, एघार रुद्र, दुई अश्विनिकुमार तथा उनपचास वायुलाई हेर औ अरू पनि धेरै आश्चर्यदायक कुराहरू हेर जसलाई तिमीले पहिले कहिले पनि देखेका थिएनौ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

१२ आदित्य ८ वसु, ११ रुद्र २ अश्विनिकुमार जम्मा ३३ वैदिक देवता 'लोकपाल' कहिन्छन् ॥ ६ ॥

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश ! यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

अन्वयार्थः

गुडाकेश !	=	हे अर्जुन !	जगत्	=	जगत्
मम	=	मेरो	अन्यत् च	=	अरू पनि
इह	=	यस	यत्	=	जो
देहे	=	शरीरमा	द्रष्टुम्	=	देख्न
एकस्थम्	=	एकै ठाउँमा रहेको	इच्छसि	=	इच्छा गर्दछौ
कृत्स्नम्	=	सम्पूर्ण	अद्य	=	अहिले
सचराचरम्	=	चर-अचरसहित	पश्य	=	हेर

सरलार्थ

हे आलस्यहीन अर्जुन ! मेरो शरीरमा एकत्रित समस्त चराचर जगत्लाई हेर तथा अरू पनि जे-जे हेर्ने इच्छा छ त्यो पनि हेर ।

तात्पर्य

जुन कुरा देख्नलाई अनेकौं वर्ष भ्रमण गर्नुपर्दछ औ कोही कुरा यस्ता छन् कि— जो हजारौं वर्ष भ्रमण गरेर पनि देख्न पाइँदैनन् , ती सबै स्थावर-जङ्गम सृष्टिका वस्तुहरू भगवान्का विराट् शरीरमा एकत्रित छन् । एवंप्रकार अरू पनि संसारका जे-जे काम्य वस्तुहरू छन् ती पनि सबै विराट् शरीरमा सम्मिलित छन् । जो कुरा विराट् शरीरमा छैन त्यो कुरा विश्वमा पनि छैन औ जो कुरा विराट् शरीरमा छ त्यो विश्वमा पनि छ । अर्जुनले दोश्रो अध्यायमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेका छन्—'यद्वा जयेम यदि वा नो जयेयुः' यसको प्रत्यक्ष घटनात्मक उत्तर यही अध्यायका २६,२७,२८ मा दिनुभएको छ कि—जित कसको हुनेरहेछ। यसैलाई लिएर यहाँ 'यच्चान्यद्रष्टुमिच्छसि' भन्नुभए जस्तो बुझिन्छ ॥ ७ ॥

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुसा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

अन्वयार्थः

तु	=	किन्तु	दिव्यम्	=	दिव्य
अनेन एव	=	यही	चक्षुः	=	दृष्टि
स्वचक्षुषा	=	आफ्ना नेत्रले	ददामि	=	दिन्छु
माम्	=	मलाई	मे	=	मेरो
द्रष्टुम्	=	देख्न	ऐश्वरम्	=	ईश्वर सम्बन्धी
न सक्यसे	=	सक्दैनौ	योगम्	=	योगलाई
ते	=	तिमीलाई	पश्य	=	हेर

सरलार्थ

किन्तु यिनै आफ्ना चर्मचक्षुले तिमी मलाई देख्नसक्नेछैनौ, त्यसकारण म तिमीलाई दिव्य दृष्टि दिन्छु, त्यसद्वारा ईश्वरीय योग अर्थात् अघटित-घटन-सामर्थ्यलाई हेर ।

तात्पर्य

जुन अलौकिक दृष्टिद्वारा सर्वसाधारणको आँखाले देख्न नसकिने पदार्थको प्रत्यक्ष ज्ञान हुन्छ त्यसको नाम 'दिव्यदृष्टि' हो । यो दृष्टि आध्यात्मिक हो, दूर्वीन जस्तो भौतिक होइन । देवताहरूको रूप र अनन्त कोटि ब्रह्माण्डमय भगवान्को विराट्रूप लौकिक दृष्टिगोचर छैन; अतः भगवान्ले अर्जुनको प्रार्थना सफल गराउनलाई दिव्यदृष्टि दिनुभयो । यहाँ पनि 'योग' शब्दले माया-शक्तिलाई नै लिएको छ ॥ ८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संजय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥

अन्वयार्थः

राजन् !	=	हे राजन् !	पार्थाय	=	अर्जुनलाई
महायोगेश्वरः	=	महायोगेश्वर	परमम्	=	श्रेष्ठ
हरिः	=	कृष्णले	ऐश्वरम्	=	ईश्वरीय
एवम्	=	यस्तो	रूपम्	=	रूपलाई
उक्त्वा	=	भनेर	दर्शयामास	=	देखाउनुभयो
ततः	=	त्यस पछि			

अर्जुनले देखेको विराट् रूपको वर्णन—

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥
दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

अन्वयार्थः

अनेकवक्त्रनयनम्	=	अनेकौं मुख र आँखा भएको	दिव्यगंधानुलेपनम्	=	दिव्य चन्दनहरू लगाएको
अनेकाद्भुतदर्शनम्	=	अनेकौं अद्भुत दृश्यले युक्त	सर्वाश्चर्यमयम्	=	सकल आश्चर्यले पूर्ण
अनेकदिव्याभरणम्	=	अनेकौं दिव्य अलंकार सजाएको	देवम्	=	दीप्तिमान
दिव्यानेकोद्यतायुधम्	=	अनेकौं दिव्य अस्त्रहरू उजाएको	अनन्तम्	=	आदि-अन्त्य-मध्य रहित
दिव्यमाल्याम्बरधरम्	=	दिव्य मालावस्त्रहरू धारण गरेको	विश्वतोमुखम्	=	चारैतिर मुखभएको
			(रूपम्)	=	रूपलाई
			(दर्शयामास)	=	देखाउनुभयो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सञ्जय धृतराष्ट्रलाई भन्नुहुन्छ—हे राजन् ! महायोगेश्वर कृष्णले यतिकुर भनेर अर्जुनलाई आफ्नू ईश्वरीय रूप अर्थात् विराट् स्वरूप देखाउनुभयो, जसमा अनगिन्ति मुख र आँखा थिए, अनेकौं अद्भुत दृश्यहरू देखिन्थे, अनेकौं दिव्य गहनाहरू सजाइएका थिए, अनेकौं दिव्य आयुधहरू उजाइएका थिए, दिव्य माला र वस्त्रहरू पहिरिएका थिए, दिव्य चन्दनहरू लगाइएका थिए तथा जो रूप सम्पूर्ण आश्चर्यले पूर्ण, प्रकाशमान, अनन्त एवं सर्वतोमुख थियो ।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

अन्वयार्थः

यदि	=	यदि	सा	=	त्यो तेज
दिवि	=	आकाशमा	तस्य	=	त्यस
सूर्यसहस्रस्य	=	हजार सूर्यको	महात्मनः	=	विश्वरूपको
भाः	=	तेज	भासः	=	तेजको
युगपत्	=	एकै चोटि	सदृशी	=	तुल्य
उत्थिता	=	प्रकाशित	स्यात्	=	होला
भवेत्	=	होला			

सरलार्थ

यदि कदाचित् आकाशमा हजार सूर्य एकै पटक उदाए भने त्यो तेज विराट् स्वरूपको तेजको उपमा कदाचित् होला ॥ १३ ॥

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तदा	=	त्यसबेला	प्रविभक्तम्	=	बांडिएको
पाण्डवः	=	अर्जुनले	कृत्स्नम्	=	सम्पूर्ण
देवदेवस्य	=	देवाधिदेवको	जगत्	=	जगत्
तत्र	=	त्यस	एकस्थम्	=	एकै ठाउँमा रहेको
शरीरे	=	शरीरमा	अपश्यत्	=	देखे
अनेकधा	=	अनेक प्रकारले			

सरलार्थ

त्यसवेला अर्जुनले अनेक भागमा बाँडिएको समस्त विश्वलाई विराट् पुरुषको देहमा एकत्रित भएको देखे ।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनंजयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

अन्वयार्थः

ततः	=	त्यस पछि	देवम्	=	विश्वरूपलाई
विस्मयाविष्टः	=	आश्चर्यमग्न	शिरसा	=	शिरले
हृष्टरोमा	=	रोमाञ्चयुक्त	प्रणम्य	=	नमस्कार गरेर
सः	=	ती	कृताञ्जलिः	=	दुई हातजोडेर
धनञ्जयः	=	अर्जुन	अभाषत	=	बोले

सरलार्थ

जब अर्जुनले विश्वरूप देखे त्यसवेला ती महान् आश्चर्यमा परे, तिनका शरीरमा रोमाञ्च भयो, विश्वरूपलाई अञ्जलिपुट बाँधेर शिर झुकाई नमस्कार गरेर भन्नलागे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

विराट्रूप-दर्शनका विषयमा विद्वान्हरूका दुई पक्ष छन् । कोही भन्दछन्— परमात्माको अनन्त कोटि ब्रह्माण्डमय विराट् देह छँदैछ, जसका अन्तर्गत प्रत्येक ब्रह्माण्डमा ब्रह्मा, विष्णु, रुद्र, वसु, इन्द्र, आदित्य आदि देवताहरू पनि छँदैछन्; किन्तु यी हाम्रा नेत्रको गति स्वल्प हुनाले र देवताहरूको रूप सूक्ष्म हुनाले दृष्टि-गोचर हुदैनन् । कोही भन्दछन्—बाललीला गर्दा माता यशोदालाई जसरी मुखैमा अनन्त लोकालोकमय ब्रह्माण्ड देखाइदिनुभएको थियो त्यसैगरी यहाँ पनि माया-शक्तिद्वारा अर्जुनलाई सानै शरीरमा सबै ब्रह्माण्ड देखाइदिनुभएको हो; किनकि मायाधीश्वर ईश्वरमा सानो तृणलाई विराट् र विराट्लाई सानो तृण गराउने सामर्थ्य छँदैछ,इत्यादि । यी दुई पक्षमा 'इहैकस्थं ममदेहे' (११-७)—"यहाँ मेरो शरीरमा" भनेर भगवान्ले भन्नु भएको र 'अपश्यद्देवदेवस्य शरीरे' (११-१३) —"देवाधिदेवको शरीरमा अर्जुनले देखे" भनेर सञ्जयले भनेका तथा 'पश्यामि देवांस्तव देव देहे'—"हे देव ! तपाईंको शरीरमा देवताहरूलाई देख्दछु" भनेर अर्जुनले भनेका हुनाले द्वितीय पक्ष नै मान्य ठहर्छ ।

वाहौं श्लोकमा असम्भव अर्थलाई निश्चय गरेर उपमा दिएको छ; किनकि एकै चोटि हजारौं सूर्यको उदय कहिले पनि हुँदैन । अतएव यो अभूतोपमारूप अतिशयोक्तिले विराट् ज्योतिलाई सर्वथा उपमारहित सिद्ध गराउँदछ ॥९-१०॥ ११-१२-१३-१४॥

यहाँदेखि ४४ सम्म अर्जुन विराट्रूप दर्शनमा आँफूलाई जो-जो अनुभव भयो त्यो भगवान्मा निवेदन गर्दछन्—

अर्जुनउवाच—

पश्यामि देवांस्तव देव ! देहे
सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ-
मृषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

देव !	=	हे देव !	कमलासनस्थम्	=	कमलको आसनमा बसेका
तव	=	तपाईंका	ईशम्	=	देवताका स्वामी
देहे	=	शरीरमा	ब्रह्माणम्	=	ब्रह्मालाई
सर्वान्	=	सम्पूर्ण	सर्वान्	=	सबै
देवान्	=	देवताहरूलाई	ऋषीन् च	=	ऋषिहरूलाई
तथा	=	तथा	दिव्यान्	=	दिव्य
भूतविशेषसंघान्	=	नाना भूतसमुदायहरूलाई	उरगान् च	=	तथा सर्पहरूलाई
			पश्यामि	=	देख्दछु

सरलार्थ

अर्जुन भन्दछन्—हे देव ! तपाईंका विराट् शरीरमा सम्पूर्ण देवता, नाना प्रकारका चल-अचल जीवहरूको समुदाय, कमलको आसन गरी बसेका सृष्टिकर्ता ब्रह्मा, सम्पूर्ण ऋषिहरू तथा दिव्य नागहरूलाई देख्दछु ।

तात्पर्य

'कमल' भनेको भूलोक हो, भागवतमा पनि यसलाई 'लोकपद्म' भनेको छ । (३।८।१५) यसको मध्यकर्णिका मेरु पर्वत हो, जहाँ ब्रह्मा बस्नुभएको छ । सृष्टिकर्ताका चार मुख वर्णन गर्नाको तात्पर्य चारैतिर एकसाथ सृष्टि-विस्तार हो । प्राणीहरूको आद्य सृष्टि यहींबाट भएर पछि संसारमा फैलिएको हो ॥ १५ ॥

अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर ! विश्वरूप ! ॥१६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

विश्वेश्वर !	=	हे विश्वेश्वर !	पश्यामि	=	देख्दछु
विश्वरूप !	=	हे विश्वरूप !	पुनः	=	फेरि
अनेकबाहूदर-वक्त्रनेत्रम्	=	अगणित हात, पेट, मुख तथा नेत्रहरूले युक्त	तव	=	तपाईंको
			न अन्तम्	=	न पुछार
अनन्तरूपम्	=	अनन्त रूप	न मध्यम्	=	न माझ
त्वाम्	=	तपाईंलाई	न आदिम्	=	न सिरान
सर्वतः	=	चारैतिरबाट	पश्यामि	=	देख्दछु

सरलार्थ

हे जगदीश्वर ! हे विश्वरूप !! अनेकौं हात, पेट, नेत्रले युक्त तपाईंलाई चारैतिर देख्दछु; किन्तु तपाईंको आदि, अन्त्य, मध्य केही पनि देख्दिन ।

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

अन्वयार्थः

किरीटिनम्	=	मुकुट पहिरेको	दुर्निरीक्ष्यम्	=	हेर्न नसकिने
गदिनम्	=	गदा धारण गरेको	दीप्तानलार्कद्युतिम्	=	प्रज्वलित अग्नि र सूर्यजस्तै तेजस्वी
चक्रिणम् च	=	तथा हातमा चक्र लिएको	अप्रमेयम्	=	अपरंपार
सर्वतः	=	सबैतिरबाट	त्वाम्	=	तपाईंलाई
दिप्तिमन्तम्	=	प्रकाशमान	समन्तात्	=	चारैतिरबाट
तेजोराशिम्	=	तेजपुञ्ज	पश्यामि	=	देख्दछु

सरलार्थ

किरीट, गदा औ चक्र धारण गर्नुभएको, सबैतिरबाट प्रकाशमान, प्रखर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेज-पुञ्जले गर्दा आँखाले हेर्न नसकिने बलेको अग्नि र सूर्य जस्तै तेजस्वी तथा अपरिमित रूप तपाईंलाई मात्र म सर्वत्र देख्दछु ।

तात्पर्य

भगवान् विश्वरूप हुनाले अर्जुनले भगवान्लाई मात्र सर्वत्र देखिरहेकाछन् । किनकि पहिले जो आँफू र आँफूदेखि भिन्न विश्व देखिएको थियो त्यो अहिले सबै एउटै विराट्को अङ्गमा विभक्त भएको देखिएको छ ॥१६।१७॥

विराट्लाई देखेर कृष्णको विषयमा अर्जुनको अनुभव—

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

अन्वयार्थः

त्वम्	=	तपाईं	त्वम्	=	तपाईं
वेदितव्यम्	=	जान्नयोग्य	अव्ययः	=	नित्य वस्तु
परमम्	=	परम	शाश्वतधर्मगोप्ता	=	नित्य धर्मको रक्षक
अक्षरम्	=	ब्रह्म	त्वम्	=	तपाईं
त्वम्	=	तपाईं	सनातनः	=	चिरन्तन
अस्य	=	यस	पुरुषः	=	पुरुष
विश्वस्य	=	विश्वको	मे	=	मेरो
परम्	=	ठूलो	मतः	=	मानिनुभएको छ
निधानम्	=	आधार			

सरलार्थ

तपाईं नै जान्न योग्य परब्रह्म, तपाईं नै यस विश्वको अन्तिम आधार, तपाईं नै नित्य धर्मको रक्षक तथा तपाईं नै सनातन पुरुष हुँनुहुन्छ, यस्तो मेरो विचार छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनादिमध्यान्तमनन्तवीर्य-
मनन्तबाहुं शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

अन्वयार्थः

अनादिमध्यान्तम्	=	आदि-मध्य-अन्त-रहित	स्वतेजसा	=	आफ्नू तेजले
अनन्तवीर्यम्	=	अनन्त पराक्रमी	इदम्	=	यो
अनन्त बाहुम्	=	अनन्त बाहुयुक्त	विश्वम्	=	विश्वलाई
शशिसूर्यनेत्रम्	=	चन्द्र र सूर्य नेत्र भएको	तपन्तम्	=	तपाइरहेको
दीप्तहुताशवक्त्रम्	=	बलेको अग्नि जस्तै मुख भएको	त्वाम्	=	तपाईलाई
			पश्यामि	=	देख्दछु

सरलार्थ

आदि-मध्य-अन्तरहित, अनन्त पराक्रमी, अनन्त हात भएको, चन्द्र र सूर्य नेत्र भएको, बलेको अग्नितुल्य मुख भएको तथा स्वकीय तेजले यो विश्वलाई तपाइरहेको तपाईलाई म देख्दछु ।

विराट्को भयावहरूप वर्णन—

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ! ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

महात्मन् !	=	हे महात्मन् ।	तव	=	तपाईंको
द्यावापृथिव्योः	=	आकाश र पृथिवीको	अद्भुतम्	=	अद्भुत
इदम्	=	यो	इदम्	=	यो
अन्तरम्	=	बीच	उग्रम	=	उग्र
एकेन हि	=	एउटै	रूपम्	=	रूपलाई
त्वया	=	तपाईंले	दृष्ट्वा	=	देखेर
व्याप्तम्	=	व्याप्त छ	लोकत्रयम्	=	तीनै लोक
सर्वाः	=	सम्पूर्ण	प्रव्यथितम्	=	पीडित छ
दिशः च	=	दिशा पनि व्याप्तछन्			

सरलार्थ

हे महात्मन् ! आकाश तथा पृथ्वीको अन्तरालस्थान औ दशै दिशाहरूलाई एकाकी तपाईंले नै सर्वतः व्याप्त गरिराख्नुभएको छ । तपाईंको यो अद्भुत र उग्र रूपलाई देखेर तीनै लोकनिवासी जीवगण भयले व्याकुल भइरहेका छन् ।

अमी हि त्वां सुरसङ्घा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

अन्वयार्थः

अमी हि	=	यी	स्वस्ति	=	स्वस्ति
सुरसंघाः	=	देवगण	इति	=	यस्तो
त्वाम्	=	तपाईंमा	उक्त्वा	=	भनेर
विशन्ति	=	प्रवेश गर्दछन्	पुष्कलाभिः	=	अनेकौं
भीताः	=	डराएका	स्तुतिभिः	=	स्तुतिहरूद्वारा
केचित्	=	कोही	त्वाम्	=	तपाईंलाई
प्राञ्जलयः	=	दुई हात जोडेर	स्तुवन्ति	=	स्तुति गर्दछन्
गृणन्ति	=	स्तुति गर्दछन्			
महर्षिसिद्धसङ्घाः	=	महर्षि र सिद्धका संघहरू			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यी देवताहरू धमाधम तपाईंमा प्रवेश गरिरहेका छन् तथा डराएका कोही दुई हात जोडेर खडा प्रार्थना गर्दछन् । महर्षि र सिद्धका झुण्डका झूण्डहरू 'स्वस्ति-स्वस्ति' भन्दै अनेकौं अर्थ-गम्भीर स्तुतिहरूद्वारा तपाईंको स्तुति गर्दछन् ।

रुद्रादित्या वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसङ्घा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

अन्वयार्थः

रुद्रादित्याः	=	रुद्र र सूर्य	गन्धर्वयक्षासुर-सिद्धसंघाः च	=	गन्धर्व, यक्ष, असुर औ सिद्ध-गणहरू पनि
वसवः	=	वसु	सर्वे	=	सबै
ये च	=	औ जो	विस्मिताः	=	आश्चर्य भएर
साध्याः	=	साध्यगण	त्वाम् एव	=	तपाईंलाई नै
विश्वे	=	विश्वेदेव	वीक्षन्ते	=	हेर्दछन्
अश्विनौ	=	अश्विनीकुमार			
मरुतः च	=	मरुद्गण			
उष्मापाः च	=	पितृ र			

सरलार्थ

एकादश रुद्र, द्वादश आदित्य, अष्ट वसु, साध्यगण, तेह विश्वेदेव, दुई अश्विनीकुमार, उनपचास वायु, तथा गन्धर्व-यक्ष-असुर-सिद्धगण सबका सब चकित भएर तपाईंलाई नै हेरिरहेका छन् ॥

तात्पर्य

रुद्र, आदित्य, वसु तथा साध्य आदि वैदिक देवता हुन् । विश्वेदेव देवता-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूमा वैश्य जातिका देवता मानिएको छ। यिनलाई नित्य तृप्त गराउनाले गृहस्थको धन-धान्य सदा पूर्ण रहन्छ भनेर गृहस्थका नित्य-कर्मका अन्तर्गत बलि-का साथ विश्वेदेवको पूजा समेत विधान गरेको छ। "उष्मभागा हि पितरः" यस श्रुति-अनुसार पितृहरू श्राद्धमा अन्नको उष्म ग्रहण गर्दछन्, अथवा तातो खाने हुनाले पितृहरूलाई 'उष्मपा' भनेको हुनपर्दछ, किनकि मनुस्मृतिमा लेखिएको छ—यावदुष्णं भवत्यन्नं, पितरस्तावदश्नन्ति (३।२३७)—जहाँसम्म अन्न तातो रहन्छ तहींसम्म पितृहरू खान्छन् ॥१८।१९।२०।२१।२२॥

रूपं महत्ते बहुवक्त्रनेत्रं
महाबाहो! बहुबाहूरुपादम्।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

अन्वयार्थः

महाबाहो!	=	हे महाबाहो!	ते	=	तपाईंको
बहुवक्त्रनेत्रम्	=	धेरै मुख र आँखा भएको	महत्	=	विशाल
			रूपम्	=	रूपलाई
बहुबाहूरूपादम्	=	धेरै हात-जाङ-पयर भएको	दृष्ट्वा	=	देखेर
			लोकाः	=	लोकहरू
बहूदरम्	=	धेरै पेट भएको	प्रव्यथिताः	=	भय-व्याकुलभए
बहुदंष्ट्राकरालम्	=	धेरै दाह्रा निस्केर विकराल भएको	तथा	=	त्यस्तै
			अहम्	=	म पनि भएँ

सरलार्थ

हे महाबाहो! अनेकौं मुख, आँखा, हात, गोडा, पेट भएको तथा धेरै दाहा-हरू निस्केर दन्तविकराल भएको तपाईंको विशाल रूपलाई देखेर लोकहरू भय-व्याकुल भए, म पनि त्यस्तै डराएँ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

पुरुषसूक्तमा जो 'सहस्र शीर्षा पुरुषः' (शु. यजु. ३१-१) इत्यादि लेखिएको छ त्यो ईश्वरको यही विराट् भावको वर्णन हो। विश्वमा जति हस्त-पादादि अवयव छन् ती सबै विराट्कै अङ्ग-प्रत्यङ्ग हुन्, तथा जति सौम्य र भयानक रूप छन् ती पनि सबै विराट् रूपदेखि भिन्न छैनन्। विश्वका विभिन्न अङ्गहरू मिलेरै ईश्वरको विराट् देह बनेको छ ॥२३॥

नभःस्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम्।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ! ॥२४॥

अन्वयार्थः

विष्णो !	=	हे भगवन्	त्वाम् हि	=	तपाईंलाई
नभस्पृशम्	=	आकाश छुने	दृष्ट्वा	=	देखेर
दीप्तम्	=	प्रकाशमान	प्रव्यथितान्तरात्मा	=	विशेष व्यथित चित्त भएको म
अनेकवर्णम्	=	अनेक रङ्गयुक्त			
व्यात्ताननम्	=	उघारिएको मुख भएको	धृतिम्	=	धैर्य
			शमम् च	=	औ शान्तिलाई
दीप्तविशालनेत्रम्	=	प्रज्वलित विशाल नेत्रयुक्त	न विन्दामि	=	पाउँदिन

सरलार्थ

हे विष्णो ! गगनचुम्बी, प्रकाशमान, नाना रङ्ग-विरङ्ग भएको, आँगरेको मुख, राँकिएका ठूला २ आँखा भएको तपाईंलाई देखेर मेरो मन भयले व्याकुल भयो, धैर्य र शान्ति पाएको छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश ! जगन्निवास ! ॥२५॥

अन्वयार्थः

दंष्ट्राकरालानि च	=	दाह्राहरूले विकराल	दिशः	=	दिशाहरू
			न जाने	=	जान्दिन
कालानलसंनिभानि	=	प्रलयकालका अग्नि तुल्य	शर्म च	=	सुख पनि
			न लभे	=	पाउँदिन
ते	=	तपाईंका	देवेश !	=	हे देवाधिदेव !
मुखानि	=	मुखहरूलाई	जगन्निवास !	=	हे जगन्निवास !
दृष्ट्वा एव	=	देखेर नै	प्रसीद	=	प्रसन्न हुनुहोस्

सरलार्थ

दन्तविकारल कालाग्नितुल्य तपाईंका मुखहरूलाई देखेर मलाई दिग्भ्रम भै-रहेछ, सुख-शान्ति पनि छैन; हे देवेश ! हे जगन्निवास !! प्रसन्न हुनुहोस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

अन्वयार्थः

अवनिपालसंघैः सह	=	राजा हरूका झुण्ड-का साथ	धृतराष्ट्रस्य	=	धृतराष्ट्रका
			पुत्राः	=	छोराहरू
अमी च	=	यी	तथा	=	तथा
सर्वेएव	=	सबै	भीष्मः	=	भीष्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रोणः	=	द्रोण	योधमुख्यैः सह	=	मुख्य-मुख्य योद्धाहरूका साथ
असौ	=	त्यो			
सूतपुत्रः	=	कर्ण	त्वाम्	=	तपाईंमा
अस्मदीयैः अपि	=	हाम्रापक्षका पनि	(विशन्ति)	=	प्रवेश गर्दछन्

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

अन्वयार्थ

त्वरमाणाः	=	अति वेगले	केचित्	=	कोही
दंष्ट्राकरालानि	=	दाह्राले विकराल भएका	चूर्णितैः	=	चूर्ण भएका
			उत्तमाङ्गैः	=	शिरहरूले
भयानकानि	=	डरलाग्दा	दशनान्तरेषु	=	दाँतहरूका अन्तरमा
ते	=	तपाईंका			
वक्त्राणि	=	मुखहरूमा	विलग्नाः	=	टाँसिएका
विशन्ति	=	प्रवेश गर्दछन्	संदृश्यन्ते	=	देखिन्छन्

सरलार्थ

युद्धमा सहायता दिन आएका राजाहरूका झुण्डका साथै यी धृतराष्ट्रका छोरा दुर्योधनादि र भीष्म, द्रोण, कर्ण तथा हाम्रा पक्षका पनि मुख्य २ लडाका वीरहरू धडाधड दाह्राले विकराल भएका भयानक तपाईंका मुखमा पसिरहेका छन् । कोही खप्पर चूर-चूर भएका योद्धाहरू दाँतका अन्तरमा गएर टाँसिएका देखिन्छन् ।

तात्पर्य

विराट् मुखका भयङ्कर दाह्रादलनले धुलो-पिठो परेर गिदी निस्केका खप्पर-सहित दाँतमा अड्किरहेका परिचित वीर योद्धाहरूलाई देखेर अर्जुनलाई थाहा भयो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि—यस युद्धमा को-को मर्ने रहेछन्, को-को बाँच्ने रहेछन् औ विजय कसको हुने रहे छ। यो कुरा पनि बुझे कि—भीष्म-द्रोण आदि सबै कालानुसार स्वयं मृत्युको ग्रास भैसकेका छन्, कसैले मारेर मर्ने भन्ने कुरा झुट्टा हो। महाभारत उद्योगपर्वमा लेखिएको छ—'कालपक्वमिदं मन्ये सर्वं क्षत्रं जनार्दन' (उ० १२७।३२) सन्धिका सबै प्रस्ताव व्यर्थ भएपछि भीष्मले कृष्णसँग भनेका छन्—हे जनार्दन ! यी सब क्षत्रियहरू कालले परिपक्व भएका छन्, यिनीहरूले कुनै प्रकारले पनि मर्नु अवश्य छ। यही दृश्य भगवान्ले कालरूप धारण गरेर अर्जुनलाई देखाइदिनु-भयो ॥२४-२५-२६-२७॥

संहारकालीनि दृश्यका विषयमा दृष्टान्त—

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

अन्वयार्थः

यथा	=	जस्तै	अमी	=	यी
नदीनाम्	=	नदीहरूका	नरलोकवीराः	=	मनुष्यलोकका वीरहरू
बहवः	=	धेरै			
अम्बुवेगाः	=	जलप्रवाहहरू	अभिविज्वलन्ति		सर्वतः प्रज्वलित भएका
समुद्रम् एव	=	समुद्रै तिर			
अभिमुखाः	=	सन्मुख भएर	तव	=	तपाईंका
द्रवन्ति	=	बग्दछन्	वक्त्राणि	=	मुखमा
तथा	=	त्यस्तै	विशन्ति	=	प्रवेश गर्दछन्।

सरलार्थ

जस्तै नदीहरूका सम्पूर्ण प्रवाह समुद्रमै गएर मिल्दछन्, त्यस्तै दुनियाँका सम्पूर्ण योद्धाहरू सर्वतः प्रज्वलित भएका तपाईंका मुखमा पस्दछन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोका-
स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

अन्वयार्थः

यथा	=	जस्तै	तथा एव	=	त्यस्तै
समृद्धवेगाः	=	अत्यन्त वेगले	समृद्ध वेगाः	=	अत्यन्त वेगले
पतङ्गाः	=	पुतलीहरू	लोकाअपि	=	लोकहरूपनि
नाशाय	=	नाश हुनलाई	नाशाय	=	नाश हुनलाई
प्रदीप्तम्	=	बलेको	तव	=	तपाईंका
ज्वलनम्	=	अग्निमा	वक्त्राणि	=	मुखमा
विशन्ति	=	प्रवेश गर्दछन्	विशन्ति	=	प्रवेश गर्दछन्

सरलार्थ

जस्तै पुतलीहरू बलेको अग्निमा मर्नलाई वेगले फाल्हाल्दछन् , त्यस्तै यिनीहरू पनि तपाईंको मुखमा मर्नलाई दौडेर पस्न आउँदछन् ।

तात्पर्य

श्रीभगवान्को विराट् शरीरमा सबै घटना देखिसकेपछि अर्जुनका हृदयमा एक आलङ्कारिक विचार-स्फुरण भयो । उनले हेर्दा जस्तै सबै नदीहरू अति वेगले दौडेर गएर समुद्रमा पुग्नासाथ हराउँदछन्, अथवा जस्तै बलेको बत्तीमा फाल्हालेर पुतलीहरू भस्म हुन्छन्, त्यस्तै योद्धाहरूलाई विराट्को मुखमा लय भएको देखे ॥२८-२९॥

लेलिह्यसे ग्रसमानः समन्ता-
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो ! ॥३०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

विष्णो !	=	हे विष्णो !	तव	=	तपाईंका
ज्वलद्भिः	=	बलेका	उग्राः	=	उग्र
वदनैः	=	मुखहरूद्वारा	भासः	=	प्रभाहरू
समग्रान्	=	सम्पूर्ण	तेजोभिः	=	तेजहरूद्वारा
लोकान्	=	लोकहरूलाई	समग्रम्	=	सम्पूर्ण
समन्तात्	=	चारैतिरबाट	जगत्	=	विश्वलाई
ग्रसमानः	=	ग्रास गरेर	आपूर्य	=	व्याप्त गरेर
लेलिह्यसे	=	चाटिरहनुभएको छ	प्रतपन्ति	=	तपाउँदछन्

सरलार्थ

हे भगवन् ! धप्-धपि बलेका मुखहरूद्वारा चारैतिरबाट सबैलाई ग्रास गरेर स्वाद लिनुभएको छ। तपाईंका उग्र कान्तिहरू आफ्ना तेजले समस्त विश्वलाई व्याप्त गरेर तीव्र ताप गराइरहेका छन्।

तात्पर्य

परमेश्वर जसरी सृष्टिकर्ता र पालनकर्ता हुनुहुन्छ, त्यसैगरी संहारकर्ता पनि हुनुहुन्छ। अनन्त जीव-जगत्मा ईश्वरका सृष्टि-स्थिति-प्रलय शक्ति व्याप्त छन्, जो संहार शक्तिको प्रत्यक्ष घटना हो, त्यो अर्जुनले भगवान्का विराट् शरीरमा देखिरहेका छन्। यसबाट अर्जुनले आफूलाई मार्नेवाला नठानेर कर्तव्यपालनमा अग्रसर हुनेछन्। यसको स्पष्टीकरण भगवान्कै मुखबाट ३२ देखि ३४ सम्म भएको छ ॥३०॥

आख्याहि मे को भवानुग्ररूपो
नमोऽस्तु ते देववर ! प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तवप्रवृत्तिम् ॥३१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थ

उग्ररूपः	=	डर लाग्दो रूप भएको	प्रसीद	=	प्रसन्न हुनुहोस्
भवान्	=	तपाईं	आद्यम्	=	आदिपुरुष
कः ?	=	को हुनुहुन्छ ?	भवन्तम्	=	तपाईंलाई
मे	=	मलाई	विज्ञातुम्	=	जान्न
आख्याहि	=	भन्नुहोस्	इच्छामि	=	इच्छा गर्दछु
ते	=	तपाईंलाई	हि	=	किनभने
नमः अस्तु	=	नमस्कार छ	तव	=	तपाईंको
देववर !	=	हे देवश्रेष्ठ !	प्रवृत्तिम्	=	चेष्टालाई
			न प्रजानामि	=	जान्दिन

सरलार्थ

उग्ररूपधारी तपाईं को हुनुहुन्छ ? मलाई भन्नुहोस् । तपाईंलाई नमस्कार छ । हे देवश्रेष्ठ ! प्रसन्न हुनुहोस् । आदि पुरुष तपाईंलाई म जान्न चाहन्छु, किनकि तपाईंको के गर्ने विचार छ, मलाई थाहा छैन ।

तात्पर्य

यद्यपि श्रीभगवान् अर्जुनका बाल-सखा हुनुहुन्थ्यो तथापि भयङ्कर रूपलाई देखेर उनलाई भारी सन्देह भयो । किनकि विश्वव्यवस्थाक प्रभुको भू-भार-हरण चेष्टालाई उनले बुझेका थिएनन् , यसैले तपाईं को ? भनेर सोध्दछन् ॥३१॥

भगवान् अर्जुनका प्रश्नको उत्तर दिनुहुन्छ—

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थ

(अहम्)	=	म			
लोकक्षयकृत्	=	लोकलाई क्षयगर्ने	त्वाम्	=	तिमी
प्रवृद्धः	=	बढेको	ऋतेऽपि	=	विनापनि
कालः	=	काल	प्रत्यनीकेषु	=	शत्रुका सैन्यमा
अस्मि	=	हुँ	ये	=	जो
लोकान्	=	लोकहरूलाई	योद्धाः	=	योद्धाहरू
समाहर्तुम्	=	संहार गर्न	अवस्थिताः	=	रहेका छन्
इह	=	यहाँ	सर्वे	=	सबै
प्रवृत्तः	=	तयार छु	न भविष्यन्ति	=	हुँने छैनन्

सरलार्थ

श्रीभगवान्‌ले भन्नुभयो—म लोकलाई क्षय गर्ने उत्कट काल हुँ, सबैलाई नाशगर्न यहाँ अघि सरेको छु, तिमी नभए पनि शत्रु-सैन्यका यी योद्धागणहरू कुनैलाई पनि बाँकि राख्ने छैन ॥

तात्पर्य

वस्तुतः संसारमा जे-जे कार्य हुन्छन्, तो सबै परमेश्वरका प्रेरणाद्वारा हुन्छन्, मनुष्यले आँफूलाई कर्ता मान्नु व्यर्थ छ (१८-६१) ॥३२॥

सिद्धान्त बताएर अब कर्तव्योपदेश गर्नुहुन्छ—

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ! ॥३३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तस्मात्	=	त्यसकारण	भुङ्क्ष्व	=	भोग
त्वम्	=	तिमी	मया एव	=	मैले नै
उत्तिष्ठ	=	उठ	एते	=	यिनीहरू
यशः	=	यशलाई	पूर्वम् एव	=	पहिले नै
लभस्व	=	पाऊ	निहताः	=	मारिएका छन्
शत्रून्	=	शत्रुहरूलाई	सव्यसाचिन् !	=	हे अर्जुन !
जित्वा	=	जितेर	निमित्तमात्रम्	=	निमित्त मात्र
समृद्धम्	=	धनधान्यपूर्ण	भव	=	होऊ
राज्यम्	=	राज्यलाई			

सरलार्थ

त्यसकारण तिमी उठ, विजयको जस लेऊ, शत्रुहरूलाई जितेर ऐश्वर्यपूर्ण राज्यलाई भोग। मैले नै पहिले यिनीहरूलाई मारिसकेकोछु, हे अर्जुन ! तिमो केवल निमित्त मात्र बन।

तात्पर्य

परोक्षमा बसेर गर्ने-गराउने अर्कै भएर अरूले हेर्दा बाहिरबाट अर्कै देखाहा परेकोलाई 'निमित्त मात्र' भन्दछन्। जस्तै भीष्मपितामहलाई मार्ने अर्जुन थिए, शिखण्डी निमित्त मात्र थियो।

"सव्यसाचिन्" अर्थात् बायाँ हातले पनि दाहिने हातले जस्तै शर चलाउन कुशल हुनाले अर्जुनलाई यो सम्बोधन दिनुभएको छ ॥३३॥

अर्जुनलाई जित्नमा जुन-जुनमा विशेष शङ्का थियो, त्यस-त्यसको नाम लिएर अर्जुनका हृदयको शङ्का हृदयमै मेटिदिनुहुन्छ—

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथान्यानपि योधवीरान्।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

द्रोणम् च	=	द्रोण	हतान्	=	मारिएकालाई
भीष्मम् च	=	भीष्म	त्वम्	=	तिमी
जयद्रथम् च	=	जयद्रथ	जहि	=	मार
तथा	=	तथा	मा व्यथिष्ठा	=	शोक नगर
कर्णम्	=	कर्ण	युद्ध्यस्व	=	युद्ध गर
अन्यान् अपि	=	अरू पनि	रणे	=	युद्धमा
योधवीरान्	=	योद्धा वीरहरू	सपत्नान्	=	शत्रुहरूलाई
मया	=	मैले	जेतासि	=	जित्नेछौ

सरलार्थ

द्रोण, भीष्म, जयद्रथ, कर्ण तथा अरू पनि जो-जो लडाका वीरहरू छन्, ती सबैलाई मैले मारिसकेको छु, उनैलाई तिमी मार, शोक नगर, युद्ध गर, समर-क्षेत्रमा विजयी हुनेछौ ।

तात्पर्य

धनुर्वेदाचार्य गुरु द्रोण यस्ता हुनुहुन्छ कि–जसका हातमा धनु छन्जेल उहाँलाई जित्ने संसारमै पैदा भएको छैन । भीष्म स्वतन्त्र मरण भएकाले त्यसै पनि अजेय हुनुहुन्छ । फेरि जयद्रथ यस्तो छ—जसको बाबु "जसले मेरा पुत्रको शिर पृथ्वीमा गिराउँदछ उसको शिर पनि पृथ्वीमा गिरोस्" भनेर समन्त पञ्चक क्षेत्रमा घोर तपस्या गरिरहेको छ, यस कारणबाट र स्वयं पनि दिव्यास्त्रसंपन्न महारथी योद्धा हुनाले जयद्रथ दुर्जय अवश्य छ । कर्ण पनि स्वयं महारथी हुनाको साथै अमोघ (अचुक) अस्त्रले समेत युक्त छ । एवं प्रकार अरू पनि कृपाचार्य, अश्वत्थामा तथा भूरिश्रवादि निष्णात धनुर्धारी वीरहरू युद्धमा असामान्य परा-क्रम देखाउन सक्ने छन् । अर्जुनलाई पनि यी एकभन्दा एक वीरहरू छन् भन्ने थाहा थियो, त्यसकारण श्रीभगवान्ले मुख्य २ को नाम लिएर ती सबै मरिसके भन्ने सूचना दिनुभएको छ । यतिमात्र होइन, प्रत्यक्ष घटनाद्वारा पनि यी सब क्षत्रि-यहरू कालपक्व भएका छन् भन्ने स्पष्ट देखाइदिनुभयो । अतः काललेनै आफ्ना-आफ्ना कर्मानुसार सबलाई मारिसकेको छ, अर्जुन केवल निमित्त मात्र हुन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उनले अहंकारद्वारा आँफूलाई मार्नेवाला ठहऱ्याउनु व्यर्थ छ, कर्तव्य-पालन-बुद्धिले धर्मयुद्धमा नै प्रवृत्त हुनु उचित छ ॥ ३४ ॥

सञ्जय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य॥३५॥

अन्वयार्थः

केशवस्य	=	कृष्णको	कृष्णम्	=	कृष्णलाई
एतत्	=	यो	नमस्कृत्वा	=	नमस्कार गरेर
वचनम्	=	वचन	भीतः भीतः	=	डराई-डराई कन
श्रुत्वा	=	सुनेर	प्रणम्य	=	निहुरेर
कृताञ्जलिः	=	दुई हात जोडेका	भूयः एव	=	फेरि पनि
वेपमानः	=	कम्पमान	सगद्गदम्	=	गद्-गद् भएर
किरीटी	=	अर्जुनले	आह	=	भने

सरलार्थ

संजय भन्नुहुन्छ—श्रीभगवान्को यस्तो वचन सुनेर डरले थर-थर कामेका अर्जुन दुई हात जोडेर श्रीकृष्णलाई नमस्कार गरेर डराई २ कन निहुरेर फेरि पनि गद्-गद् स्वरले भन्न थाले ।

तात्पर्य

श्री भगवान्को आश्चर्यमय कालरूप दर्शन तथा युद्धको भावी-सूचक अपूर्व-वचनलाई सुनेर अर्जुन कम्पमान भए, भय, विस्मय तथा भक्तिले विह्वल हुँनाले तिनको कण्ठावरोध हुनलाग्यो औ यही गद्-गद् भावमा श्रीभगवान्को स्तुति गर्न थाले । किन्तु यो कुरा धृतराष्ट्रले पनि संजयद्वारा सुनिरहेका छन्, अतएव पराजयको सूचना पनि अवश्य पाए, तथापि सन्धिको प्रस्ताव गरेनन्, यसमा ईश्वरको [२]जिहीर्षा नै बलवान् भवितव्य बुझिन्छ ॥ ३५ ॥

२ संहार गर्ने इच्छा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान्‌को विराट् शरीरलाई देखेर अर्जुनको हृदयमा जो भाव उत्पन्न भयो, त्यसको उद्गार ४६ सम्मका स्तुतिद्वारा व्यक्त भएको छ—

अर्जुन उवाच

स्थाने हृषीकेश ! तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च ।
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥

अन्वयार्थः

हृषीकेश !	=	हे हृषीकेश !	दिशः	=	दिशाहरूमा
तव	=	तपाईंको	द्रवन्ति	=	भाग्दछन्
प्रकीर्त्या	=	गुणकीर्तनले	सर्वे	=	सबै
जगत्	=	जगत्	सिद्धसंघाः	=	सिद्धका समुदायहरू
प्रहृष्यति	=	प्रसन्न हुन्छ			
अनुरज्यते च	=	तथा अनुरक्त हुन्छ	नमस्यन्ति च	=	नमस्कार गर्दछन्
भीतानि	=	डराएका	स्थाने	=	यो कुरा उचित छ
रक्षांसि	=	राक्षसहरू			

सरलार्थ

हे हृषीकेश ! सबै जगत् तपाईंको गुण-कीर्तनले प्रसन्न हुन्छ औ त्यसैमा अनुरक्त पनि हुन्छ । राक्षसहरू तपाईंका डरले दश दिशामा भाग्दछन्, सिद्ध पुरुषहरूका संघहरू तपाईंलाई नमस्कार गर्दछन् , यो सब तपाईंमा यथा योग्य नै छ ।

यो श्लोक रक्षोघ्न मन्त्ररूपले मन्त्रशास्त्रमा प्रसिद्ध छ । प्रपञ्चसारतन्त्रमा पनि लेखिएको छ—

पूर्व[1] 'स्थाने हृषीकेश' मन्त्रयुक्तं विधानवित् ।
विश्वरूपात्मकं जप्याद्वैष्णवं मूलमन्त्रकम् ॥
(२५-४६)

१ यसको विधान मूल ग्रन्थमा हेर्नु अथवा सिद्धगुरुद्वारा जान्नु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो जपित्वा जपेत्पश्चाच्चक्रादिषु यथाक्रमम् ।
चतुर्षु चतुरः पादान् गीतात्रिष्टुप् समुद्भवान् ॥
(२५-४)

मन्त्रशास्त्रको रहस्य यो हो कि—शक्तिशाली महान् देवताको उपासना-द्वारा अनुष्ठानकर्तामा एउटा अलौकिक अध्यात्म शक्तिको संचय हुन्छ, जसबाट ऊ आँफूलाई र अरूलाई समेत रक्षा गर्न सक्तछ ॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन् !
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।
अनन्त ! देवेश ! जगन्निवास !
त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

अन्वयार्थः

महात्मन् !	=	हे महात्मन् !	जगन्निवास !	=	हे जगदाश्रय !
ब्रह्मणः अपि	=	ब्रह्माभन्दा पनि	त्वम्	=	तपाईं
गरीयसे	=	ठूला	सत् असत्	=	सत् र असत्
आदिकर्त्रे च	=	औ आदि कर्ता	तत्परम्	=	ती दुवैदेखि पर
ते	=	तपाइलाई	यत्	=	जो
कस्मात्	=	के कारणले	अक्षरम्	=	अक्षर ब्रह्म छ
न नमेरन्	=	नमस्कार नगरून्	(तत्)	=	त्यो
अनन्त !	=	हे अनन्त !	(असि)	=	हुनुहुन्छ।
देवेश !	=	हे देवेश !			

सरलार्थ

हे महात्मन ! तपाइ ब्रह्माभन्दा पनि ठूला औ उनका पनि आदि कर्ता हुनुहुन्छ, अतएव तिनीहरू तपाईंलाई नमस्कार किन नगरून् ?। हे अनन्त ! हे देवेश !! हे जगन्निवास !!! सत् र असत् तपाईं नै हुनुहुन्छ तथा यी दुईदेखि परको जुन अक्षर ब्रह्म हो, त्यो पनि तपाईं नै हुनुहुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यहाँ 'सत्' भन्नाले दृश्य (कार्य-जगत्), 'असत्' भन्नाले अदृश्य-(कारण-जगत्को)-ग्रहण छ, त्यसकारण 'सत्' र 'असत्' शब्दले व्यक्त र अव्यक्त लिनुपर्छ। व्यक्त भनेको यो देखिएको विश्व हो, 'अव्यक्त' भनेको यसको मूल कारण प्रकृति हो ॥३७॥

त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम्।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ! ॥३८॥

अन्वयार्थः

त्वम्	=	तपाईं	वेत्ता	=	ज्ञाता
आदिदेवः	=	आदि देव	वेद्यम् च	=	ज्ञेय
पुराणः	=	चिरन्तन	परम्	=	श्रेष्ठ
पुरुषः	=	पुरुष	धाम च	=	स्थान
त्वम्	=	तपाईं	असि	=	हुनुहुन्छ
अस्य	=	यस	अनन्तरूप !	=	हे अनन्त रूप !
विश्वस्य	=	विश्वको	त्वया	=	तपाईंले
परम्	=	ठूलो	विश्वम्	=	जगत्
निधानम्	=	आधार	ततम्	=	व्याप्त छ

सरलार्थ

तपाईं आदिदेव, तपाईं यस विश्वको परम आधार, ज्ञाता, ज्ञेय तथा श्रेष्ठ स्थान हुनुहुन्छ। हे अनन्त रूप ! तपाईंद्वारा विश्व व्याप्त छ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

वायुः	=	वायु	ते	=	तपाईंलाई
यमः	=	यम	सहस्रकृत्वः	=	हजार पल्ट
अग्निः	=	अग्नि	नमो नमः	=	बार-बार नमस्कार
वरुणः	=	वरुण	अस्तु	=	छ
शशाङ्कः	=	चन्द्रमा	पुनः च	=	औ फेरि
प्रजापतिः	=	ब्रह्मा	भूयः अपि	=	फेरि पनि
प्रपितामहः च	=	तथा जिजु-बाजे	ते	=	तपाईंलाई
त्वम्	=	तपाईं	नमोनमः	=	बार-बार नमस्कार छ
(असि)	=	हुनुहुन्छ			

सरलार्थ

वायु, यम, अग्नि, वरुण, चन्द्रमा, ब्रह्मा तथा ब्रह्माका पनि पिता तपाईं नै हुनुहुन्छ। तपाईंलाई सहस्र बार नमस्कार छ, फेरि पनि बार-बार नमस्कार छ।

तात्पर्य

पुराणका अनुसार ब्रह्माका सात मरीचि आदि मानस पुत्रहरूबाट जगत्का प्राणीहरू उत्पन्न भएका छन्, त्यसकारण मरीचि आदि सबैका बाबु, ब्रह्मा बाजे तथा ब्रह्मालाई जसले उत्पन्न गऱ्यो ऊ जिजुबाजे हुन सक्तछ ॥ ३५ ॥

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ! ।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सर्व !	=	हे विश्वरूप !	अस्तु	=	छ
ते	=	तपाईंलाई	अनन्तवीर्य !	=	हे अनन्त पराक्रमी
पुरस्तात्	=	अगाडिबाट	अमितविक्रम !	=	हे अतुल पराक्रमी
अथ	=	तथा	त्वम्	=	तपाईंले
पृष्ठतः	=	पछाडिबाट	सर्वम्	=	सबैलाई
नमः	=	नमस्कार छ	समाप्नोषि	=	व्याप्तगर्नुभएको छ
ते	=	तपाईंलाई	ततः	=	त्यसकारण
सर्वतः एव	=	सबैतिरबाट	सर्वः	=	सर्वरूप
नमः	=	नमस्कार	असि	=	हुनुहुन्छ

सरलार्थ

हे विश्वरूप ! तपाईंलाई अगाडिबाट, पछाडिबाट, चारैतिरबाट, सबैतिरबाट नमस्कार छ । हे अनन्तवीर्य ! तपाईं आफ्ना अमित शक्तिले निखिल ब्रह्माण्ड-लाई व्याप्त गर्नुभएको छ, अतएव तपाईं सर्वरूप कहलाउनुभएको छ ।

तात्पर्य

अर्जुनले जुन अवस्थामा विराट् रूप देखे, त्यसबेला उनले विराट् भगवान्-लाई केवल आफ्नू अगाडि मात्र देखेका छैनन्, किन्तु चारैतिर परिपूर्ण रूपमा देखेका छन् (११-२०)। यसैले उनी विराट् भगवान्लाई अगाडि-पछाडि चारैतिरबाट नमस्कार गर्दछन् । वास्तवमा व्यापक भगवान्को प्रणाम यही किसिमको हुन पर्दछ । मुंडक श्रुतिमा पनि लेखिएको छ । "ब्रह्मैवेदममृतं पुरस्तात् ब्रह्म पश्चात् ब्रह्म दक्षिणतश्चोत्तरेण अधश्चोर्ध्वं च प्रसृतं ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम्"— सर्वश्रेष्ठ अमृतरूप ब्रह्म नै अगाडि, पछाडि, दक्षिण, उत्तर, तल र माथि फैलिएको छ, यो विश्व नै ब्रह्म हो । (मुं० २-२-११, छां ७-२५) अतएव तुलसीदासजीले पनि भन्नुभएको छ—

सियाराम मय सब जग जानी ।
करहूँ प्रणाम जोरि युगपानी ॥

—यो सबै जगत्लाई सीताराम-रूप देखेर दुई हात जोडी प्रणाम गर्दछु ॥ ४० ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्जुन अज्ञान अवस्थामा गरेको अपराधको क्षमा-माग्दछन्—

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण ! हे यादव ! हे सखेति ।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु ।
एकोऽथवाप्यच्युत ! तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

अन्वयार्थः

अच्युत !	=	हे अच्युत !	यत्	=	जो
तव	=	तपाईंको	उक्तम्	=	भनें
इदम्	=	यो	विहारशय्यासन भोजनेषु च	=	औ आहारा-विहार शय न-आसन आ-दिमा
महिमानम्	=	महिमालाई			
अजानता	=	नजान्ने	एकः	=	एक्लै
मया	=	मैले	अथवा	=	अथवा
प्रमादात्	=	प्रमादबाट	तत्समक्षम् अपि	=	ती साथीका सन्मुख पनि
वा	=	अथवा			
प्रणयेन अपि	=	प्रेमभावले भएपनि	अवहासार्थम्	=	हाँसो गर्नको निम्ति
सखा	=	साथी	यत्	=	जो
इति	=	यस्तो	असत्कृतः असि	=	निरादर गरिनु-भयो
मत्वा	=	मानेर			
हे कृष्ण !	=	हे कृष्ण !	अहम्	=	म
हे यादव !	=	हे यादव !	तत्	=	त्यो
हे सखे !	=	हे साथि !	अप्रमेयम्	=	अचिन्त्यप्रभाव
इति	=	यस्तो	त्वाम्	=	तपाईंसँग
प्रसभम्	=	हठपूर्वक	क्षामये	=	क्षमा माग्दछु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अच्युत ! तपाईंको विश्वरूप महिमालाई नजानेर अज्ञानवश सर्वसाधारण जस्तै ठानेर सखाभाववाट मैले प्रमाद या प्रेमभावले हे कृष्ण ! हे यादव ! हे साथि ! इत्यादि जो-जो संबोधन हठपूर्वक गरें तथा खाँदा, हिंड्दा-डुल्दा, सुत्दा-उठ्दा एकान्तमा या अरू मित्रहरूका अगाडि उपहासरूपले तपाईंको जो-जो निरादर गरें त्यसको निम्ति म तपाईंसँग क्षमा माग्दछु ।

तात्पर्य

अर्जुनलाई यो थाहा थिएन कि—कृष्ण साक्षात् माया-मनुज-रूपधारी जगदीश्वर हुनुहुन्छ, यसैले उनी कृष्णलाई मामाका छोरा र आँफूलाई उनकी फुपुको छोरो मानेर परस्परमा दाजु-भाइ जस्तै सखा-भावले रहन्थे । अहिले जब भगवानले अर्जुनलाई विराट् रूप देखाउनुभयो, जुन विराट् लीलाभित्र उनले प्रलयङ्कारी घटनाहरूलाई समेत देखे ; जसद्वारा उनलाई मर्ने र मार्ने भन्ने कुरा विराट् नियमद्वारा सञ्चालित रहेछ भन्ने बोध पनि भयो ; यसैले आँफूले पहिले कौटुम्बिक र सखाभाववाट गरेको वर्तावलाई संझेर ज्यादै संकोच मानिरहेकाछन् ; अतः उनी बार-बार क्षमा माग्दैछन् ॥४१-४२॥

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेप्यप्रतिमप्रभाव ! ॥४३॥

अन्वयार्थः

अप्रतिमप्रभाव !	=	हे अतुलप्रभाव !	अस्य	=	यस
त्वम्	=	तपाईं	चराचरस्य	=	चराचर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकस्य	=	लोकको	असि	=	हुनुहुन्छ
पिता	=	पिता	लोकत्रये अपि	=	तीनैलोकमा पनि
पूज्यः च	=	औ पूज्य	त्वत्समः	=	तपाईंको बराबर
			न अस्ति	=	छैन
गुरुः	=	गुरु	अन्यः	=	अर्को
गरीयान्	=	गुरुभन्दा पनि ठूला	अभ्यधिकः	=	बढ्ता
			कुतः ?	=	कहाँबाट होला ?

सरलार्थ

हे अतुलप्रभाव ! तपाईं यस चराचर विश्वको पिता, पूजनीय गुरु तथा गुरुका पनि गुरु हुनुहुन्छ, तीनै लोकमा तपाईंको बराबर छैन भने तपाईंभन्दा बढ्ता अर्को कहाँबाट होला ?

तात्पर्य

योग दर्शनमा लेखिएको छ—'स पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्'(१।२५)-कालपरिमित नहुनाले परमात्मा ब्रह्मादिका पनि गुरु हुनुहुन्छ, परमात्माको बराबर कोही छैन। यस विषयमा वेदको वचन छ—न तस्य प्रतिमा अस्ति यस्य नाम महद्यशः (श्वे ४-१७ वा० सं० ३२-३)—जसको नाम र यश ठूलो छ त्यस-(परमात्मा)-को बराबर संसारमा छैन ॥ ४३ ॥

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव ! सोढुम् ॥४४॥

अन्वयार्थः

देव !	=	हे देव !	अहम्	=	म
तस्मात्	=	त्यसकारण	कायम्	=	शरीरलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रणिधाय	=	झुकाएर	पुत्रस्य इव	=	पुत्रको झैं
प्रणम्य	=	नमस्कार गरेर	सखा	=	साथिले
ईड्यम्	=	स्तुति गर्न योग्य	सख्युः इव	=	साथिको झैं
ईशम्	=	समर्थवान्	प्रियः	=	पतिले
त्वाम्	=	तपाईंलाई	प्रियायाः इव	=	प्रिय स्त्रीको झैं
प्रसादये	=	प्रसन्न गराउँदछु	सोढुम्	=	(अपराध) सहन
पिता	=	पिताले	अर्हसि	=	योग्य हुनुहुन्छ

सरलार्थ

त्यसकारण हे देव ! म साष्टाङ्ग प्रणाम गरेर स्तुत्य, समर्थवान् तपाईंलाई प्रसन्न हुनको निम्ति प्रार्थना गर्दछु.। जस्तै पिताले पुत्रको, साथीले साथीको, पतिले प्रिय-स्त्रीको अज्ञानवश भएको अपराधलाई क्षमा गर्दछन्, त्यस्तै मेरो पनि अपराध क्षमा गर्नुहोस् ।

तात्पर्य

यहाँ 'प्रियायार्हसि'मा इव शब्दको लोप र सन्धिकार्य छान्दस प्रयोग मानिएको छ । किनकि यद्यपि छन्दहरू हेर्दा इन्द्रवज्रा, उपेन्द्रवज्रा जस्तै देखिन्छन्, तर गणको नियम केही पनि छैन । जस्तै वेदमा एकादशाक्षरी त्रिष्टुप् छन्द हुन्छन्, त्यस्तै यी छन् । अतः बुझिन्छ कि—यी श्लोकहरूको रचना लौकिक छन्दहरूको आविष्कार हुनुभन्दा पहिले नै भएको रहेछ । यसबाट गीताको प्राचीनता समेत स्वतः सिद्ध हुन्छ ॥४४॥

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देव ! रूपं
प्रसीद देवेश ! जगन्निवास ! ॥४५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अदृष्टपूर्वम्	=	पहिले नदेखेको	देव !	=	हे देव !
दृष्ट्वा	=	देखेर	मे	=	मलाई
हृषितः	=	हर्षित	तत् एव	=	त्यही
अस्मि	=	छु	रूपम्	=	रूपलाई
भयेन च	=	डरले पनि	दर्शय	=	देखाउनुहोस्
मे	=	मेरो	देवेश !	=	हे देवदेव !
मनः	=	मन	जगन्निवास !	=	हे जगत्को आधार
प्रव्यथितम्	=	व्याकुल भयो	प्रसीद	=	प्रसन्न हुनुहोस्

सरलार्थ

पहिले कहिल्यै नदेखेको रूपलाई देखेर मलाई हर्ष भयो, डरले पनि व्याकुल भएँ। हे देव ! मलाई त्यही रूप देखाउनुहोस्। हे देवाधिदेव ! हे जगदाधार ! प्रसन्न हुनुहोस्।

कुनचाहिं रूप ?—

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छामि त्वां द्रष्टुमहं तथैव।
तेनैव रूपेण चतुर्भुजेन
सहस्रबाहो ! भव विश्वमूर्ते ! ॥४६॥

अन्वयार्थः

अहम्	=	म	इच्छामि	=	चाहन्छु
तथा एव	=	त्यस्तै	सहस्रबाहो !	=	हे सहस्रबाहो !
किरीटिनम्	=	मुकुट पहिरेको	विश्वमूर्ते !	=	हे विश्वरूप !
गदिनम्	=	गदाधारणगरेको	तेन एव	=	त्यही
चक्रहस्तम्	=	हातमा चक्र लिएको	चतुर्भुजेन	=	चतुर्भुज
			रूपेण	=	रूपले
त्वाम्	=	तपाईलाई	भव	=	हुनुहोस्
द्रष्टुम्	=	देख्न			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

म त्यस्तै किरीट र गदाधारण गर्नुभएको, हातमा चक्र लिनुभएको तपाईं-लाई देख्न चाहन्छु ; अतएव हे सहस्रबाहो ! हे विश्वमूर्ते ! त्यही चतुर्भुज रूपले प्रकट हुनुहोस् ।

तात्पर्य

यहाँ "त्यही चक्र-गदाधारी चतुर्भुज रूपमा प्रकट हुनुहोस्" भन्ने अर्जुनको प्रार्थनाबाट उनले पहिले कृष्णको चतुर्भुजरूप देखेका रहेछन् भन्ने कुरा बुझिन्छ । किन्तु शङ्का हुन्छ कि—अर्जुनले कृष्णको चतुर्भुजरूप देखेको भए कृष्णलाई मनुष्य ठानेर सर्वजनसाधारण व्यवहार गरेकोमा क्षमा माग्नु (११।४१, ४२) बन्न सक्दैन । किनकि चतुर्भुज रूप दैव हो, मानुष होइन । यो कुरा सत्य हो कि—वसुदेवका पुत्ररूपमा कृष्ण द्विभुजमै प्रकट हुनुभएको हो, चतुर्भुजमा होइन । द्विभुज मानेमा मात्र यो कुरा पनि सुसंगत हुन्छ—'अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् (९।११) । अर्जुनले पनि-(११।५१)-मा भनेका छन् 'दृष्ट्वेदं मानुषं रूपम्' । त्यसकारण 'तेनैव रूपेण चतुर्भुजेन' यसको तात्पर्य बुझ्न कठिन पर्दछ । परन्तु 'स्थितस्य गतिश्चिन्तनीया' यस न्यायले अनुमान गर्नुपर्दछ—दिव्य दृष्टि पाउनासाथ अर्जुनले भगवान् कृष्णको चर्तुभज रूप देखेका रहेछन्,' अथवा आँफूले पुराणादिमा सुनेको भगवान्को बैकुण्ठनिवासी चतुर्भुज रूपलाई लिएर पनि अर्जुन "त्यही तपाईंको चतुर्भुज रूप" भन्न सक्दछन् । भगवान्ले पनि त प्रार्थनाको अनुरूपै ४८ मा 'तदेव मे रूपमिदं प्रपश्य' भन्नुभएको छ ! ॥ ४६ ॥

अर्जुनलाई विराट् भगवान्बाट आश्वासन—

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं
रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	मे	=	मेरो
प्रसन्नेन	=	प्रसन्न भएका	परम्	=	श्रेष्ठ
मया	=	मैले	विश्वम्	=	विश्व
आत्मयोगात्	=	आफ्नू योगबाट	रूपम्	=	रूप
तव	=	तिमीलाई	दर्शितम्	=	देखाएँ
इदम्	=	यो	यत्	=	जो
तेजोमयम्	=	ज्योतिर्मय	त्वदन्येन	=	तिमी सिवाय अरूले
अनन्तम्	=	अन्तरहित	न दृष्टपूर्वम्	=	पहिले देखिएको थिएन
आद्यम्	=	आद्य			

सरलार्थ

श्रीभगवान् आज्ञा गर्नुहुन्छ—हे अर्जुन ! मैले प्रसन्न भएर आफ्ना योग-शक्तिद्वारा तेजोमय, अनन्त, आद्य विराट्रूप तिमीलाई देखाएँ; यसलाई तिमी सिवाय पहिले अरू कसैले पनि देखेका थिएनन् ।

न वेदयज्ञाध्ययनैर्न दानै-
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ! ॥४८॥

अन्वयार्थः

कुरुप्रवीर !	=	हे कुरुवीरश्रेष्ठ !	एवम् रूपः	=	यस्तो रूप भएको
न वेदयज्ञाध्ययनैः	=	न वेद-यज्ञ-अध्ययनहरूले	अहम्	=	म
न दानैः	=	न दानहरूले	त्वदन्येन	=	तिमी बाहेक
न क्रियाभिः	=	न कर्महरूले	नृलोके	=	मनुष्य लोकमा
न च उग्रैः	=	न कठिन	द्रष्टुम्	=	देख्न
तपोभिः	=	तपस्याहरूले	शक्यः	=	सकिन्छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे कुरुवीरमा श्रेष्ठ अर्जुन ! वेद, यज्ञ, अध्ययन, दान, क्रिया या उग्र तपस्या कुनैले पनि मनुष्य लोकमा तिमी सिवाय अरू कसैले पनि मेरो यो रूपलाई देख्न पाउँदैनन् ।

तात्पर्य

श्लोकमा व्याकरणका रीतबाट "शक्योऽहं" हुनुपर्ने हो, सो नभएर विसर्ग-कै लोप भएकोबाट गीता प्रकट भएपछि मात्र पाणिनीय व्याकरण बनेको रहे-छ भन्ने कुरा बुझिन्छ । यस्ता प्रयोगहरू गीताको अरू स्थलमा पनि धेरै छन्॥४८॥

तिम्रै प्रसन्नताका निम्ति देखाएको रूपबाट तिमीलाई नै यदि ताप हुन्छ भने मेरो उही रूप हेर जसबाट तिमीलाई शान्ति होस् भन्ने विश्वरूपको अर्जुनका प्रति अन्तिम वचन—

मा ते व्यथा मा च विमूढभावो
दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

अन्वयार्थः

इदम्	=	यो	मा	=	नहोस्
घोरम्	=	डरलाग्दो	व्यपेतभीः	=	निर्भय भएर
ईदृक्	=	यस्तो	प्रीतमनाः	=	प्रसन्न चित्तले
मम	=	मेरो	त्वम्	=	तिमी
रूपम्	=	रूपलाई	पुनः	=	फेरि
दृष्ट्वा	=	देखेर	मे	=	मेरो
ते	=	तिमीलाई	इदम्	=	यो
व्यथा	=	कष्ट	तत् एव	=	त्यही
मा	=	नहोस्	रूपम्	=	रूपलाई
विमूढभावः च	=	मूढता पनि	प्रपश्य	=	हेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

मेरो यो डर लाग्दो रूपलाई देखेर तिमी आफ्नू चित्तमा व्यथा उत्पन्न हुन नदेऊ, मूढ पनि नवन, किन्तु निडर भएर प्रसन्न मनले फेरि मेरो त्यही रूपलाई हेर ।

तात्पर्य

शास्त्रमा लेखिएको छ—"भक्तभावानुसारेण जायते भगवानजः"—भगवान् भक्तको भावानुसार प्रकट हुनुहुन्छ । अतः भक्त अर्जुनले भगवान्को विश्वतोमुख भावलाई प्रत्यक्ष हेर्न इच्छा गरेका हुनाले भक्तवत्सल भगवान्ले पनि उनलाई विराट् रूपको दर्शन दिनुभयो । अब त्यसदेखि पनि अर्जुन अघाएर चतुर्भुज रूप हेर्न इच्छा गरेका हुनाले भगवान् खुसीसाथ त्यही रूप देखाउनुहुन्छ, यही भगवान्को 'भक्तवत्सलता' हो ॥ ४९ ॥

सञ्जय धृतराष्ट्रलाई अगाडिको घटना सुनाउँदछन्—

संजय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

अन्वयार्थः

वासुदेवः	=	वासुदेवले	पुनः	=	फेरि
अर्जुनम्	=	अर्जुनलाई	महात्मा	=	भगवान्ले
इति	=	यस्तो	सौम्यवपुः	=	शान्तरूप
उक्त्वा	=	भनेर	भूत्वा	=	भएर
तथा	=	त्यस्तै	भीतम्	=	डराएका
स्वकम्	=	आफ्नू	एनम्	=	अर्जुनलाई
रूपम्	=	रूपलाई	आश्वासयामास च	=	आश्वासन पनि दिनुभयो
भूयः	=	फेरि			
दर्शयामास	=	देखाउनुभयो			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सञ्जय धृतराष्ट्रलाई भन्नुहुन्छ—श्रीकृष्णले अर्जुनलाई यस्तो भनेर आफ्नू (चतुर्भुज) रूप फेरि देखाउनुभयो औ पुनः विराट् भगवान्ले शान्तरूप (मनुष्याकृति) धारण गरेर डराएका अर्जुनलाई शान्त्वना पनि दिनुभयो ।

भगवान्को शान्तरूपलाई देखेर अर्जुन भन्दछन्—

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ! ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

अन्वयार्थः

जनार्दन !	=	हे जनार्दन !	इदानीम्	=	अहिले
तव	=	तपाईंको	सचेताः	=	सचेत
इदम्	=	यो	संवृत्तः	=	भएँ
सौम्यम्	=	शान्त	प्रकृतिम्	=	प्रकृतिमा
मानुषम्	=	मनुष्यसम्बन्धी	गतः	=	प्राप्त भएको
रूपम्	=	रूपलाई	अस्मि	=	छु
दृष्ट्वा	=	देखेर			

सरलार्थ

अर्जुन भन्दछन्—हे जनार्दन ! तपाईंको यो शान्त मनुष्याकृति रूपलाई देखेर मेरो होस ठेगानामा आयो औ पहिले जस्तै सावधान भएँ ।

विश्वरूपको महत्त्व—

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सुदुर्दर्शम्	=	देख्न दुर्लभ	अस्य	=	यस
मम	=	मेरो	रूपस्य	=	रूपको
इदम्	=	यो	देवाः अपि	=	देवताहरू पनि
यत्	=	जो	नित्यम्	=	सधैं
रूपम्	=	रूप	दर्शनकाङ्क्षिणः	=	दर्शनाभिलाषी छन्
दृष्टवान् असि	=	देख्यौ			

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हे अर्जुन ! मुस्किलले देख्न पाइने जो यो मेरो विश्वरूपलाई तिमीले देख्यौ, त्यसलाई देख्नको निम्ति देवताहरू पनि निरन्तर लालायित रहन्छन् ।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवं विधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

अन्वयार्थः

यथा	=	जस्तो	न तपसा	=	न तपस्याले
माम्	=	मलाई	न दानेन	=	न दानले
दृष्टवान् असि	=	देख्यौ	न च इज्यया	=	औ न यज्ञले
एवम् विधः	=	यस्ता प्रकारको	द्रष्टुम्	=	देख्न
अहम्	=	म	शक्यः	=	सकिन्छु
न वेदैः	=	न वेदहरूले			

सरलार्थ

जस्तो तिमीले मलाई देख्यौ, यस्तो रूपलाई वेदपाठ, तपस्या, दान तथा यज्ञ कुनै उपायले पनि कसैले देख्न पाउँदैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

भगवान्‌को सगुण-साकाररूपको दर्शन खालि यज्ञ, तप, दानबाट मिल्दैन, किन्तु त्यसका लागि प्रेमपूर्ण तीव्र दर्शन-लालसा चाहिन्छ, अनिमात्र भगवान्‌ले भक्तलाई जुन रूपमा प्रेम छ त्यही रूपबाट दर्शन दिनुहुन्छ। तीव्र दर्शन-लालसा कस्तो हुन्छ, यसको उदाहरण भागवतमा लेखिएको छ—

अजातपक्षा इव मातरं खगाः
स्तन्यं यथा वत्सतरा क्षुधार्ताः।
प्रियं प्रियेव व्युषितं विषण्णा
मनोऽरविन्दाक्ष ! दिदृक्षते त्वाम्।
(६।११।२६)

राम्ररी प्वाँख उम्रिनसकेका चराका बच्चाहरू आफ्नू माउको निम्ति, गाईका बाच्छा आफ्नी आमाको दुध खानको लागि, विरहिणी स्त्री आफ्नू पतिको निम्ति जसरी दर्शनार्थ उत्सुक भइरहन्छन्, उसैगरी हे कमल-नयन ! हाम्रो मन तपाईंलाई देख्न चाहन्छ। यस्तै किसिमले जब भक्तमा दर्शन-लालसा तीव्र हुन्छ अनि भगवान्‌ले सगुण-साकारूपमा दर्शन दिनुहुन्छ॥ ५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन !।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप !॥५४॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन।	तत्त्वेन	=	परमार्थरूपले
तु	=	किन्तु	ज्ञातुम्	=	जान्न
अनन्यया	=	अनन्य	द्रष्टुम् च	=	औ देख्न
भक्त्या	=	भक्तिले	परन्तप !	=	हे अर्जुन !
एवंविधः	=	यस्ताप्रकारको	प्रवेष्टुम् च	=	प्रवेश गर्न पनि
अहम्	=	म	शक्यः	=	सकिन्छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! केवल अनन्य भक्तिले नै यसरी मेरो ज्ञान हुन, मलाई देख्न तथा ममा परमात्मार्थ रूपले प्रवेश हुन संभव छ ।

तात्पर्य

अनन्य भक्तिद्वारा असाध्य केही पनि छैन । यसद्वारा रिझिएका भगवान् भक्तले मागे २ का कुरा दिनुहुन्छ ; किन्तु जहाँसम्म भेद-भक्ति (उपास्य-उपासक भाव) रहन्छ त्यहाँसम्म भगवान्को साकार मूर्तिकै दर्शन हुन्छ । यही उपासना परिपक्व भएपछि भक्ति 'परा' भएर अभेद हुन्छ, अनि भक्त भगवान्को वास्तविक रूपलाई तत्त्वतः जान्न र सर्वत्र व्यापक रूपले देख्न तथा उहाँमा तन्मय भावले प्रवेश गर्न समर्थ हुन्छ, यही भक्तिको अन्तिम भूमि हो ॥ ५४ ॥

अब यस अध्यायको उपसंहारमा भगवान्ले समस्त गीता-शास्त्रलाई निचरेर लघुरूपमा उपदेश गर्नुभएको छ—

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ! ॥५५॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे विश्वरूपदर्शनयोगो नाम एकादशोऽध्यायः ॥ ११ ॥

अन्वयार्थः

पाण्डव !	=	हे अर्जुन !	निर्वैरः	=	वैरभावरहित
यः	=	जो	(अस्ति)	=	छ
मत्कर्मकृत्	=	मेरो निम्ति कर्म गर्ने	सः	=	त्यो
मत्परमः	=	ममा परायण	मद्भक्तः	=	मेरो भक्तले
सङ्गवर्जितः	=	आसक्तिरहित	माम्	=	मलाई
सर्वभूतेषु	=	सम्पूर्ण प्राणीमा	एति	=	पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जो मेरो निम्ति कर्म गर्ने, ममा परायण, सङ्गरहित तथा प्राणी मात्रमा वैरभाव रहित छ, त्यो मेरो भक्तले मलाई पाउँदछ ।

तात्पर्य

तात्पर्य के हो भने भगवान्का भक्तले जगत्का समस्त व्यवहारहरू सङ्ग त्यागेर ईश्वरार्पण बुद्धिले गर्नैपर्दछ । किनकि प्राणीमात्रमा मैत्रीभाव राखेर निःस्वार्थ भावले गरिएका कर्मद्वारा जगत्को धारण-पोषण हुन्छ ; त्यस कारण साँचो भगवद्भक्तले कर्तव्यलाई त्याग्दैन । जसले "हरिरेव जगज्जगदेवहरिः"—हरि नै जगत्, जगतै हरि, यस दृष्टिले जगत्को आराधनै हरिको आराधना ठान्दछ, त्यही साँचो भगवद्भक्त हो । भागवतमा लेखिएको छ—

"सर्वभूतेषु यः पश्येद्भगवद्भावमात्मनः।
भूतानि भगवत्यात्मन्येष भागवतोत्तमः ॥"

(११।२।४५)

जो संपूर्ण भूतहरूमा भगवान् , भगवान्मा संपूर्ण भूतहरूलाई देख्दछ, त्यो सबैभन्दा उत्तम भगवद्भक्त हो । अतः केवल 'कृष्ण-कृष्ण' भने पुग्दछ, अरू केही पनि गर्नपर्दैन भन्ने र यस्तो प्रचार गर्ने ती भगवान्को अनुमति-विरुद्ध चल्ने हुन् । जस्तैः—

अपहाय नीजं कर्म कृष्ण-कृष्णेति वादिनः ।
ते हरेर्द्वेषिणः पापा धर्मार्थं जन्म यद्धरेः ॥

आफ्नू कर्तव्यलाई त्यागेर खालि 'कृष्ण-कृष्ण', मात्र भन्ने ती कृष्णका द्वेषीहरू हुन्, पापी हुन्, किनकि हरिको (राम-कृष्णादि रूपमा) जन्म भएको धर्म-(जसबाट जगत्को धारण-पोषण हुन्छ, त्यस्तो लोक-संग्रह-कर्म)-शिक्षा दिनाको निम्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको हो। अतः समत्वबुद्धिपूर्वक कर्तव्यपरायण भएको भगवद्भक्त नै भगवत्तत्त्वप्राप्तिमा सफल हुन्छ, यसमा अणुमात्र पनि सन्देह छैन। यही कर्म र उपासनाको सुन्दर सामञ्जस्य हो। यही गीताको आफ्नू विशेषता हो ॥५५॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये विश्वरूपदर्शनयोग
नाम गरेको एघारौं अध्याय समाप्त भयो ॥ ११ ॥

ॐ तत्सत्



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

बाह्रौं अध्याय

भगवान्‌ले ठाउँ-ठाउँमा कहीं अव्यक्तोपासनालाई श्रेष्ठ र कहीं व्यक्तोपासनालाई श्रेष्ठ बताउनुभएको छ। यी दुईमा कुन श्रेष्ठ हो ? यसको अधिकारानुसार निर्णय गरेर उपासनाको रहस्य बताउनु यस अध्यायको प्रतिप्राद्य विषय हो। यसमा पहिले अर्जुनका प्रश्नको उत्तर रूपले व्यक्त (सगुण-साकार) र अव्यक्त -(निर्गुण-निराकार)-को व्यावहारिक तुलना गरेर कर्म र उपासनाको सरस समन्वय गरेको छ र साथै उपासना काण्डको अन्तिम अध्याय हुनाले उपासना-धर्म-रूपी अमृतको अविरल धारा बगाएर अन्तमा यसको उच्चस्थितिमा पगेका ज्ञानी भक्तका आदर्श गुणहरूको वर्णन गरेको छ। सर्वप्रथम यी सब विषयको प्रस्तावना 'भक्त श्रेष्ठ छ कि ज्ञानी' भन्ने अर्जुनको प्रश्नद्वारा भएको छ।

अर्जुन उवाच—

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

अन्वयार्थः

एवम्	=	यस्ता प्रकारले	ये च अपि	=	तथा जो
सततयुक्ताः	=	निरन्तर युक्त	अव्यक्तम्	=	अव्यक्त
ये	=	जो	अक्षरम्	=	अक्षरलाई
भक्ताः	=	भक्तहरू	(पर्युपासते)	=	भज्दछन्
त्वाम्	=	तपाईंलाई	तेषाम्	=	तिनीहरू मध्ये
पर्युपासते	=	भज्दछन्	के	=	को
			योगवित्तमाः	=	योग जान्ने हुन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुन सोध्दछन्—यस्ता प्रकारले सदा योगयुक्त भएर अर्थात् निरन्तर अनन्य भावले जो भक्त तपाईंको सगुण-साकार रूपको उपासना गर्दछन् तथा जो अव्यक्त (मन-वाणीको अविषय) अक्षर-(अविनाशी ब्रह्म)-को उपासना गर्दछन् , यी दुईमा योगवेत्ता कुन हो ? ।

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

अन्वयार्थः

ये	=	जो	उपेताः	=	युक्त भएका
मयि	=	ममा	माम्	=	मलाई
मनः	=	मन	उपासते	=	भज्दछन्
आवेश्य	=	लगाएर-	ते	=	तिनीहरू
नित्युयुक्ताः	=	सदा युक्त भएर	युक्ततमाः	=	श्रेष्ठ योगी
परया	=	अत्यन्त	मे	=	मेरो विचारमा
श्रद्धया	=	श्रद्धाले	मताः	=	मानिएका छन्

सरलार्थ

श्रीभगवान् आज्ञा गर्नुहुन्छ—हे अर्जुन ! जो भक्त मेरो सगुण-साकार रूपमा मन लगाएर तथा निरन्तर योगयुक्त भएर श्रद्धा-भक्ति पूर्वक मेरो भजन गर्दछन् , ती योगीहरूमा विशेषज्ञ हुन् , यस्तो मेरो विचार छ ।

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	अचिन्त्यम्	=	अचिन्तनीय
ये	=	जो	सर्वत्रगम्	=	सर्वत्र व्याप्त
इन्द्रियग्रामम्	=	इन्द्रियसमूहलाई	कूटस्थम्	=	एकनाश रहने
संनियम्य	=	रोकेर	अचलम्	=	अचल
सर्वत्र	=	सबैमा	ध्रुवम्	=	नित्य
समबुद्धयः	=	समबुद्धि राखेर	अक्षरम्	=	अविनाशी तत्त्वको
सर्वभूतहिते	=	सम्पूर्ण भूतको हितमा	पर्य्युपासते	=	उपासना गर्दछन्
			ते	=	तिनीहरूले
रताः	=	लागेका	माम् एव	=	मलाई नै
अनिर्देश्यम्	=	देखाउन नसकिने	प्राप्नुवन्ति	=	पाउँदछन्
अव्यक्तम्	=	अप्रकट			

सरलार्थ

परन्तु जो प्राणीमात्रमा सम बुद्धि भएका तथा प्राणीमात्रको हितमा लागेका निर्गुणोपासकहरू 'यो-त्यो' भनेर देखाउन नसकिने, अव्यक्त, अचिन्त्य, सर्वव्यापक, कूटस्थ, (सुनारको सुन ठटाउने लिही जस्तै निर्विकार) अचल, सत्य तथा अविनाशी ब्रह्मको उपासना गर्दछन्, तिनीहरूले मलाई नै पाउँदछन् ।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

अन्वयार्थः

तेषाम्	=	ती	हि	=	किनभने
अव्यक्तासक्तचेतसाम्	=	निर्गुणनिराकारमा आसक्त चित्तभएकालाई	देहवद्भिः	=	देहाभिमानीले
			अव्यक्ता	=	अव्यक्त
अधिकतरः	=	अत्यन्त	गतिः	=	गति
क्लेशः	=	कष्ट	दुःखम्	=	दुःखले
(अस्ति)	=	छ	अवाप्यते	=	पाइन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

ती अव्यक्त अर्थात् निगुर्ण-निराकारका उपासकलाई सगुण-साकारका उपासकलाईभन्दा दुःख छ, किनकि देहाभिमानीहरूलाई अव्यक्तको उपासना कष्टसाध्य छ।

तात्पर्य

पहिले अर्जुनले सोधेका छन् कि—तपाईंको सगुण-साकार रूपको भजन गर्ने र निर्गुण-निराकार ब्रह्मको उपासना गर्ने यी दुईमा कुन चाहिं योगवेत्ता अथवा श्रेष्ठ हो ?। उत्तरमा भगवान्‌ले भन्नुभएको छ—मेरो सगुण-साकार रूपमा मन लगाएर जसले श्रद्धाभक्तिपूर्वक मलाई अनन्य भावले भज्‌दछ, त्यो नै सर्वोत्तम योगी हो। यद्यपि निर्गुण-निराकार ब्रह्मको उपासना गर्ने पनि अन्तमा मैमा आएर मल्दछन्, तथापि त्यो मार्ग अति कठिन भएकोले देहमा अभिमान भएकालाई कष्टसाध्य छ।

वास्तवमा सगुण-साकारको उपासना र निर्गुण-निराकारको उपासना भक्तिमार्ग र ज्ञानमार्ग हुन्, यी दुईमा यो सानू र यो ठूलो भन्ने भेद छैन, केवल रुचि र प्रकृति अनुसार कसैलाई व्यक्तोपासना (भक्तिमार्ग) र कसैलाई अव्यक्तोपासना (ज्ञानमार्ग) लाभकारी हुन्छ। कुनै कुरा पनि आफ्नू प्रकृति-विरुद्ध या अधिकारमा नभएको श्रेष्ठ पनि कनिष्ठ नै हुन्छ। औषधि जतिसुकै मूल्यवान् किन नहोस्, यदि रोगीको प्रकृति विरुद्ध छ भने त्यसका निम्ति त्यो महत्त्वको चीज हुँदैन। अतएव यहाँ पनि भगवान्‌ले ज्ञानको अपेक्षा भक्तिलाई श्रेष्ठ भन्नुभएको—अन्धा, लुला, लँगडा सबै किसिमका मनुष्यहरूले हिड्न सक्ने राजमार्ग-(मूलसडक)-जस्तै आत्म-कल्याण गर्न चाहने सबैका निम्ति सरल र सरस तथा पक्षपातरहित हुनाले हो; भक्तिका अपेक्षा ज्ञान हेय र निकृष्ट छ भन्ने तात्पर्यले होइन। तुलसीदासजीले भन्नुभएको छ—

"ज्ञानहीं भक्ति नहीं कछु भेदा, उभय हरहीं भव संभव खेदा।"

किनभने सगुण-साकार र निर्गुण-निराकार भन्नु एउटै ईश्वरका दुई भाव हुन्। वस्तुतः जो सगुण ईश्वर हो त्यही निर्गुण ईश्वर हो, जो निर्गुण ईश्वर हो त्यही सगुण ईश्वर हो, सगुण र निर्गुणमा भेद छैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तैः—

"जो सगुण सोही निर्गुण कैसे, जल हिम उपल विलग नहीं जैसे।"

(तुलसी)

निर्गुणोपासक र सगुणोपासकमा भेद केवल यत्ति छ कि—निर्गुणोपासक प्राणीमात्रको आत्मालाई आफ्नै आत्मा मानेर आत्महित जस्तै अरूको हित गर्दछ तथा समस्त विश्वको हित गर्नु नै त्यसको आत्मकल्याणको साधन हुन्छ। यसका निम्ति ऊ कसैको भर पर्दैन, कसैको आशा गर्दैन, स्वयं परिश्रम गर्दछ तथा स्वावलम्बी रहन्छ। अतएव यसमा महान् धैर्यशाली र दृढ साहसी तथा देहाध्यास शिथिल भएको व्यक्ति मात्रै अधिकारी हुन सक्तछ, यसैले ज्ञानमार्ग कठिन पनि छ।

तुलसीदासजी भन्नुहुन्छ :—

"ज्ञानके पंथ कृपाणके धारा, परत खगेश न लागहीं वारा।"

कठ श्रुतिमा पनि लेखिएको छ—"क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति" (१-३-१४)—छुराको तीखो धार जस्तै दुर्गम मार्ग छ भनेर कविहरू भन्दछन्। किन्तु सगुणोपासक भक्त परमेश्वरका कुनै एउटा साकार व्यष्टि रूपमा अनन्यभावले दत्तचित्त भएर आफ्ना सम्पूर्ण करचरणादिद्वारा नवधा सेवा गर्दछ र आफ्नू सम्पूर्ण आत्मकल्याणको बागडोर भगवान्को हातमा सुम्पन्छ। यसैले माताका निम्ति दुवै पुत्र बराबर भए तापनि कुमारका अपेक्षा स्तन पान गर्ने शिशुका प्रति जस्तो विशेष प्रेम हुन्छ, त्यस्तै अनन्य भक्तका प्रति भगवान्को विशेष कृपा-दृष्टि हुन्छ। वस्तुतः जसरी साधनमा ज्ञान र भक्तिको भेद छैन, त्यस्तै साध्य ईश्वर सगुण र निर्गुणमा पनि भेद छैन ॥१,२,३,४,५॥

भक्तका प्रति भगवान्को कृपादृष्टि—

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्।
भवामि नचिरात्पार्थ ! मय्यावेशितचेतसाम् ॥७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	उपासते	=	उपासना गर्दछन्
ये	=	जो	पार्थ !	=	हे अर्जुन !
सर्वाणि	=	सम्पूर्ण	मयि	=	ममा
कर्माणि	=	कर्महरूलाई	आवेशितचेतसाम्	=	चित्त लगाएका
मयि	=	ममा	तेषाम्	=	तिनीहरूलाई
संन्यस्य	=	समर्पणगरेर	अहम्	=	म
मत्पराः	=	ममा परायण भएर	मृत्युसंसारसागरात्	=	मृत्युसंसारसमुद्र-बाट
अनन्येन एव	=	अनन्य नै			
योगेन	=	भक्तियोगले	नचिरात्	=	चाँडै
माम्	=	मलाई	समुद्धर्ता	=	उद्धार गर्ने
ध्यायन्तः	=	ध्यान गरेर	भवामि	=	हुन्छु

सरलार्थ

किन्तु जो भक्त मेरो सगुण-साकार भावलाई लिएर समस्त कर्महरू मलाई अर्पण गरेर मलाई नै परम प्राप्तव्य वस्तु मानेर निरन्तर अव्यभिचारी भक्तियोग-द्वारा चिन्तन गर्दै मेरो उपासना गर्दछन्, हे अर्जुन ! ममा चित्त लगाएका ती भक्तलाई म मृत्युले व्याप्त भएको संसार-सागरबाट चाँडै नै पार लगाइदिन्छु ।

भगवान्‌को आदेश—

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवशिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

अन्वयार्थः

मयि एव	=	मैमा	अतः	=	यसदेखि
मनः	=	मनलाई	ऊर्ध्वम्	=	पछि
आधत्स्व	=	राख	मयि एव	=	मैमा
मयि	=	ममा	निवसिष्यसि	=	निवास गर्नेछौ
बुद्धिम्	=	बुद्धिलाई	न संशयः	=	संशय छैन
निवेशय	=	लगाऊ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

तिम्रो संकल्प-विकल्प गर्ने मन र निश्चय गर्ने बुद्धिलाई मेरो सगुण-साकार रूपमै लगाइराख, त्यसो भएपछि आखिर यस देहको अन्तमा मेरो शुद्ध रूपमै गएर मिल्नेछौ, यसमा सन्देह छैन ।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनंजय ! ॥९॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	न शक्नोषि	=	सक्तैनौ
अथ	=	यदि	ततः	=	त्यसोभए
मयि	=	ममा	अभ्यासयोगेन	=	अभ्यासयोगले
चित्तम्	=	चित्त	माम्	=	मलाई
स्थिरम्	=	स्थिर	आप्तुम्	=	पाउन
समाधातुम्	=	राख्न	इच्छ	=	इच्छा गर

सरलार्थ

हे अर्जुन ! यदि ममा चित्त एकाएक स्थिर राख्न सक्तैनौ भने अभ्यासद्वारा (शनैः-शनैः) मलाई पाउने इच्छा गर ।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

अन्वयार्थः

अभ्यासे अपि	=	अभ्यासमा पनि	मदर्थम्	=	मेरो निम्ति
असमर्थः	=	असमर्थ	कर्माणि	=	कर्महरू
असि	=	छौ भने	कुर्वन् अपि	=	गरेर पनि
मत्कर्मपरमः	=	मेरो कर्ममा तत्पर	सिद्धिम्	=	सिद्धिलाई
भव	=	होऊ	अवाप्स्यसि	=	पाउनेछौ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यदि तिमी अभ्यासमा पनि टिक्न सक्तैनौ भने मेरा निम्ति कर्म गर अर्थात् समस्त कर्म मलाई अर्पण गर, यसरी कर्म गर्दैरह्यौ भने अन्तमा तिमीलाई सिद्धि (मोक्ष) मिल्नेछ ।

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

अन्वयार्थः

अथ	=	यदि	असि	=	छौ
मद्योगम्	=	मेरो योगमा	ततः	=	त्यसो भए
आश्रितः	=	रहेर	यतात्मवान्	=	चित्तलाई स्वाधीन गरेर
एतत् अपि	=	यो पनि	सर्वकर्मफलत्यागम्	=	सम्पूर्ण कर्मफलको त्याग
कर्तुम्	=	गर्न			
असक्तः	=	असमर्थ	कुरु	=	गर

सरलार्थ

यदि ममा युक्त भएर समस्त कर्मलाई "मदर्थ" गराउने शक्ति पनि तिमीमा छैन भने चित्तलाई आफ्नू अधीनमा राखेर यावत् कर्मफलको त्याग गर अर्थात् शरीरबाट अनायास भएका शुभाशुभ कर्मको फलमात्र त्याग ॥

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

अन्वयार्थः

हि	=	किनभने	ध्यानात्	=	ध्यानभन्दा
अभ्यासात्	=	अभ्यासभन्दा	कर्मफलत्यागः	=	कर्मफलको त्याग
ज्ञानम्	=	ज्ञान	(विशिष्यते)	=	श्रेष्ठ छ
श्रेयः	=	श्रेष्ठ छ	त्यागात्	=	त्यागबाट
ज्ञानात्	=	ज्ञानभन्दा	अनन्तरम्	=	पछि
ध्यानम्	=	ध्यान	शान्तिः	=	शान्ति
विशिष्यते	=	श्रेष्ठ छ	(भवति)	=	हुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

किनभने अभ्यासभन्दा ज्ञान, ज्ञानभन्दा ध्यान, ध्यानभन्दा समस्त कर्मफल-को त्याग श्रेष्ठ छ। समस्त कर्मफलको त्यागका अनन्तर जीवलाई शान्ति मिल्दछ।

तात्पर्य

छैटौं र सातौं श्लोकमा आफ्नू आत्मकल्याणको बागडोर आफ्नू हातमा सुम्पने भक्तलाई भगवान्‌ले कसरी उद्धार गर्नुहुन्छ, त्यो कुरा लेखिएको छ। १०।१०,११ मा पनि भन्नुभएको थियो—तो प्रीतिपूर्वक मेरो भजन गर्ने भक्तलाई म अन्तमा बुद्धियोग दिन्छु जसद्वारा ममा प्राप्त हुन्छन्। यसका निम्ति म पहिले प्रज्वलित ज्ञान दीपद्वारा तिनका हृदयको अज्ञान-अन्धकारलाई नाश गराइदिन्छु। यही भगवान्‌को भक्तका प्रति कृपादृष्टि हो, जुन दृष्टि पर्नासाथ भक्तका हृदयका समस्त कल्मषहरू छुटेर ज्ञानरूपी बत्तीका आधारमा भक्त आँफूमा विश्वका समस्त प्राणीमा 'वासुदेवः सर्वम्' यस्तो अनुभव गर्नलाग्दछ। सर्वतः आफ्नूमात्र भरोसा गर्ने भक्तको जसरी कल्याण हुन्छ, त्यो कुरा स्वयं भगवान्‌ले सम्पादन गर्नुपर्दछ (९-२२), यसका निम्ति भक्त भगवान्‌सँग भक्तिसिवाय अरू केही पनि माग्दैन। प्रह्लादको वचन छ—

नाथ ! योनिसहस्रेषु येषु-येषु व्रजाम्यहम्।
तेषु तेष्वचला भक्तिरच्युतास्तु सदा त्वयि ॥

(पा० गी० ४१)

हे नाथ ! हजारौं सूकर-कुकुर जुनसुकै योनिमा जाऊँ तापनि त्यसको मलाई केही चिन्ता छैन, किन्तु प्रार्थना यो छ कि—ती-ती योनिमा पनि मेरो तपाईंका प्रति अचल भक्ति सदा रहोस्।

भगवान् "भक्तिप्रियो माधवः" हुनुहुन्छ, उहाँलाई भक्तिजत्तिको प्रिय अरू केही छैन। भागवतमा उद्धवका प्रति भन्नुभएको छ—जसरी पतिव्रता स्त्रीले सज्जन पतिलाई वश गर्दछे, त्यस्तै भक्तहरू मलाई भक्तिद्वारा वश गर्दछन्। यसैले भक्त पनि भगवान्‌सँग भक्तिकै वर माग्दछ, अरू केही माग्दैन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमेश्वरका भक्तले पनि देश, काल र आफ्नू अधिकार अनुसार नियत भएको कर्तव्यलाई त्याग्न हुँदैन, किनकि भगवान्‌को आज्ञा पालन गर्नु पनि सबैभन्दा ठूलो भक्ति हो। भगवान्‌को आज्ञा छ—कुरु कर्मैव (४।१५), मत्कर्मकृत् (११।५५), कर्मण्येवाधिकारस्ते (२।४७), सहजं कर्म कौन्तेय ! (१८।४८), स्वकर्मणा तमभ्यर्च्य (१८।४६), कर्मण्यकर्म यः पश्येत् (४।१८), नियतं कुरु कर्म त्वं (३।८), श्रेयान् स्वधर्मो विगुणः (१८।४७) इत्यादि। भगवान्‌को आदेशलाई अनादर गरेर केवल प्रतिमाको पूजा गर्ने भक्त 'मूढ' भक्त हो। यो कुरा भन्न कठिन छ कि—उहाँको आदेशलाई अनादर गरेर गरेको स्तुति, नमस्कार, पूजाबाट उहाँ कतिसम्म खुसी हुनुहुन्छ। अस्तु, कर्तव्य च्युत भएपछि उसका निम्ति कुनै पुरुषार्थका द्वारहरू पनि त खुल्दैनन्। अतएव कर्मयोगीको जति कार्य क्षेत्र छ उत्ति नै भक्तको पनि छ। कर्मयोगी र भक्तमा केवल फरक यत्ति छ कि—कर्मयोगी समत्व बुद्धिको आश्रय लिएर समस्त कर्महरूको फललाई त्याग्दछ, भक्त यिनै त्याज्य कर्म-फलहरूलाई परमेश्वरमा समर्पण गरेर यिनको सदुपयोग गर्दछ अर्थात् कर्मफलरूपी फलोपहार-द्वारा उहाँको सेवा गर्दछ।

आठौं श्लोकमा भक्तका प्रति भगवान्‌ले यो आदेश दिनुभएको छ—लोक-व्यवहारका जुनसुकै कर्म गर्दा पनि मन र बुद्धि ममा लगाइराख। ११।५५-मा पनि यही किसिमको उपदेश दिनुभएको थियो, अहिले त्यही कुरा प्रकारान्तर-बाट पुनः उपदेश गरेर दृढ गराउनुभएको छ।

९ देखि १२ सम्म भिन्न-भिन्न आत्मकल्याणका साधनहरूको तारतम्य देखाएर अन्तमा कर्मफलको त्यागलाई सर्वोपरि श्रेष्ठ देखाउनुभएको छ। यद्यपि "न हि ज्ञानेन सदृशं" (४।३८) "सर्वकर्माखिलं पार्थ !" (४।३३) "तेषां ज्ञानी नित्ययुक्तः" (७।१७) "ज्ञानीत्वात्मैव मे मतम्" (७।१८) इत्यादि वचनले र "ऋते ज्ञानान्न मुक्तिः"। यस श्रुतिले ज्ञानै सबैभन्दा श्रेष्ठ हुनपर्ने, छ पनि; तर व्यावहारिक उपयोगिता र सरलताको दृष्टिले जाँच गऱ्यो भने ज्ञानभन्दा अभ्यास (योगाभ्यास), अभ्यास-भन्दा ध्यान (उपासना), ध्यानभन्दा कर्तव्यको पालन गरेर फलको त्याग गर्नु नै सबैभन्दा उत्तम ठहरिन्छ। वस्तुतः गीताको प्रवृत्ति भएको पनि कर्तव्यको शिक्षा दिनको निम्ति नै हो। अझ यही यसको प्रधान प्रतिपाद्य विषय हो भने पनि अत्युक्ति हुने छैन। किन्तु अविस्मरणीय यो छ कि—गीता ज्ञानलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मस्तिष्कमा, भक्तिलाई हृदयमा तथा कर्मलाई शरीरका अङ्ग-प्रत्यङ्गमा राखेर साथै प्रयोग गराउन चाहन्छ ; कोरा शुष्क ज्ञान र खालि मूढ भक्ति तथा केवल काम्य कर्मका साथ यसको घोर विरोध छ ॥ ६, ७, ८, ९, १०, ११, १२ ॥

पूर्वोक्त क्रमले सिद्धावस्थामा पुगेका भक्तको प्रशान्त स्थिति—

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥१३॥
संतुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

अन्वयार्थः

सर्वभूतानाम्	=	समस्त प्राणीको	योगी	=	योग गर्ने
अद्वेष्टा	=	द्वेष नगर्ने	यतात्मा	=	चित्तलाई जितेको
मैत्रः	=	मित्रता	दृढनिश्चयः	=	दृढ निश्चय भएको
करुणः एव च	=	औ करुणा गर्ने	मयि	=	ममा
निर्ममः	=	ममता रहित	अर्पितमनोबुद्धिः	=	मन र बुद्धि अर्पण गरेको
निरहङ्कारः	=	अहङ्कार रहित	यः	=	जो
समदुःखसुखः	=	सुख-दुःख बराबर भएको	मद्भक्तः	=	मेरो भक्त हो
क्षमी	=	क्षमाशील	सः	=	त्यो
सततम्	=	निरन्तर	मे	=	मेरो
सन्तुष्टः	=	सन्तुष्ट	प्रियः	=	प्रिय
			(अस्ति)	=	छ

सरलार्थ

कुनै जीवमात्रका प्रति द्वेष नगर्ने, किन्तु सबका प्रति मैत्री र करुणाको वर्ताव गर्ने, ममता रहित, अहंता रहित, सुख-दुःखमा एकनास, क्षमाशील, सदा सन्तोषी, चञ्चल चित्त नभएको, संयमी, दृढ निश्चय भएको तथा मन र बुद्धि ममा अर्पण गरेको जो मेरो भक्त हो त्यो मेरो प्रिय छ ।

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यस्मात्	=	जसबाट	हर्षामर्षभयोद्वेगैः	=	हर्ष, अमर्ष-भय-उद्वेगबाट
लोकः	=	लोक	मुक्तः	=	मुक्त छ
न उद्विजते	=	सन्तापित हुँदैन	सः	=	त्यो
यः च	=	औ जो	मे	=	मेरो
लोकात्	=	लोकदेखि	प्रियः	=	प्रिय
न उद्विजते	=	सन्तापित हुँदैन	(अस्ति)	=	छ
यः च	=	औ जो			

सरलार्थ

जसलाई देखेर दुनियाँमा कसैलाई क्लेश उत्पन्न हुँदैन, औ जो न अरू कसैबाट स्वयं क्लेशित हुन्छ, तथा जो हर्ष, ईर्ष्या, भय, [1]उद्वेगबाट मुक्त भएको छ त्यो भक्त मेरो प्रिय छ ।

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

अन्वयार्थः

अनपेक्षः	=	अपेक्षा रहित	यः	=	जो
शुचिः	=	शुद्ध	मद्भक्तः	=	मेरो भक्त हो
दक्षः	=	कुशल	सः	=	त्यो
उदासीनः	=	पक्षपात रहित	मे	=	मेरो
गतव्यथः	=	कष्ट रहित	प्रियः	=	प्रिय
सर्वारंभपरित्यागी	=	सम्पूर्ण फलारंभक कर्मलाई त्यागेको	(अस्ति)	=	छ

सरलार्थ

कामना रहित, भित्र बाहिर शुद्ध भएको, कर्तव्य-अकर्तव्यको निर्णयमा कुशल, शत्रु-मित्र-भाव नभएको, दुःखको कारण उत्पन्न भएमा पनि दुःख नमान्ने तथा समस्त फलारंभक कर्मलाई त्यागेको जो मेरो भक्त हो त्यो मेरो प्रिय छ ।

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

---

१ मनको व्याकुलता ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	यः	=	जो
न हृष्यति	=	हर्षित हुँदैन	भक्तिमान्	=	भक्त हो
न द्वेष्टि	=	द्वेष गर्दैन	सः	=	त्यो
न शोचति	=	शोक गर्दैन	मे	=	मेरो
न कांक्षति	=	इच्छा गर्दैन	प्रियः	=	प्रिय
शुभाशुभपरित्यागी	=	शुभ र अशुभ-लाई त्यागेको	(अस्ति)	=	छ

सरलार्थ

जो न हर्षित हुन्छ, न द्वेष गर्दछ, न शोक गर्दछ, न इच्छा गर्दछ तथा जसले कर्मका सम्पूर्ण शुभ र अशुभ फललाई त्यागिदिएको छ, त्यो भक्तिमान् पुरुष मेरो प्रिय छ ।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥
तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

अन्वयार्थ

शत्रौ च	=	शत्रुमा र	मौनी	=	मितभाषी
मित्रे च	=	मित्रमा पनि	येन केनचित्	=	अनायास प्राप्त वस्तुले
समः	=	सम	सन्तुष्टः	=	सन्तुष्ट
तथा	=	तथा	अनिकेतः	=	घरमा ममता रहित
मानापमानयोः	=	मान र अपमानमा	स्थिरमतिः	=	स्थिर बुद्धि भएको
शीतोष्णसुखदुःखेषु	=	जाडो, गर्मी, सुख, दुःखमा	भक्तिमान्	=	भक्तिमान्
समः	=	सम	नरः	=	मनुष्य
सङ्गविवर्जितः	=	आसक्ति रहित	मे	=	मेरो
तुल्यनिन्दास्तुतिः	=	निन्दा स्तुतिमा एकरस	प्रियः	=	प्रिय
			(अस्ति)	=	छ

सरलार्थ

शत्रु-मित्रमा, मान-अपमानमा, जाडो-गर्मी, सुख-दुःखमा तथा निन्दा-स्तुतिमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम, आसक्ति रहित, चाहिएको मात्र थोरै शब्दमा बोल्ने, यथालाभमा सन्तुष्ट, घरमा ममता रहित, स्थिर बुद्धि भएको जो भक्तिमान् मनुष्य हो त्यो मेरो प्रिय छ।

तात्पर्य

उपासना या भक्तिमा अग्रसर हुँदै गएपछि अन्तमा भक्तलाई जो अत्युत्तमा स्थिति प्राप्त हुन्छ, त्यसको वर्णन यी श्लोकहरूमा गरिएको छ। दोस्रो अध्यायमा बताएको स्थितप्रज्ञको स्थिति र यो स्थिति बिल्कुल बराबर छ। वस्तुतः कर्मयोगी र उपासनायोगीको आरोहण-क्रम मात्र भिन्न-भिन्न हो, प्राप्य स्थान दुवैको एउटै हो। कर्मयोगी समस्त कर्मको फललाई त्यागेर जुन उच्च स्थितिमा पुग्दछ, उपासक योगी पनि परमेश्वरको अनन्य भक्तिद्वारा समस्त कर्मलाई परमेश्वरमा अर्पण गरेर त्यही स्थितिमा पुग्दछ। जसमा यी गुणहरू स्वाभाविक भइसक्तछन् त्यो भगवान्‌को अत्यन्तै प्रिय हुन्छ। लोकमा पनि गुणी व्यक्ति नै सबैको प्रिय हुन्छ। आँफूले प्रेम गर्नुभन्दा कामबाट अरूको प्रिय हुनु विशेष महत्त्वको कुरो हुन्छ। ईश्वरको प्रिय हुनलाई यिनै उदात्त गुणहरूको अभ्यास गर्नुपर्दछ। यिनै गुणहरू साधकका साधनहरू हुन्, सिद्धका लक्षणहरू हुन्। अतएव सिद्धावस्थामा यी गुणहरू स्वाभाविक हुन्छन्, बृहदारण्यक-वार्तिककार सुरेश्वराचार्यको [1]वचन छ—

आत्मबोध उत्पन्न भइसकेका पुरुषमा १३ देखि १९ सम्म बताइएका अद्वेष्टृत्वआदि गुणहरू बिना प्रयत्नै अर्थात् स्वाभाविकरूपले हुन्छन्, किन्तु साधन अवस्थामा हुँदैनन्। ज्ञान, कर्म, उपासना जुनसुकै मार्गबाट पनि अन्तिम स्थितिमा पुगेपछि बाँकि दुइटैको पनि फलबाट वंचित हुनपर्दैन, यही गीताको सिद्धान्त छ ॥१३,१४,१५,१६,१७,१८,१९॥

प्रकरणको उपसंहार—

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगोनाम द्वादशोऽध्यायः ॥१२॥

---

१ यो वार्तिक गी० तात्पर्य पृ० ९७ मा छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ये तु	=	जो	धर्म्यामृतम्	=	धर्मरूपी अमृतलाई
श्रद्दधानाः	=	श्रद्धायुक्त	पर्य्युपासते	=	अनुष्ठान गर्दछन्
मत्परमाः	=	ममा परायण	ते	=	ती
भक्ताः	=	भक्तहरू	मे	=	मेरा
इदम्	=	यो	अतीव	=	अत्यन्त
यथोक्तम्	=	यथोक्त	प्रियाः (सन्ति)	=	प्रिय छन्

सरलार्थ

जो श्रद्धालु ममा परायण भएर माथि बताएको धर्मरूपी अमृतलाई अनुष्ठान गर्छन्, ती मेरा अत्यन्तै प्रिय हुन् ।

तात्पर्य

वस्तुतः सच्चिदानन्द स्वरूप भगवान् सर्व-सम भए तापनि सगुण-साकारका अनन्य भक्तका प्रति विशेष प्रेम गर्नुहुन्छ, यसमा केही पक्षपात छन (९-२९), किनकि भगवान्को यही भक्तवत्सल भाववाटै भक्त शनैः-शनैः भगवान् तिर आकर्षित हुन्छ र अन्तमा शुद्ध सम भावमा पुग्दछ ॥२०॥

यस्ताप्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
श्रीकृष्ण र अर्जुनको संवादमध्ये भक्तियोग नाम गरेको
बाह्रौं अध्याय समाप्त भयो ।। १२ ।।



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान काण्ड

३

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

तेह्रौं अध्याय

अन्तःकरणशुद्धि, विवेक-वैराग्यादि ज्ञानका चार साधन, ज्ञान, मोक्ष यी चार कुरा हरिकृपा नभएसम्म दुर्लभ छन् एवं जगद्व्यामोहकारिणी, दुरत्यया, वैष्णवी मायामहोदधिबाट पार हुन पनि विना हरिकृपा दुर्लभ छ। जो जति संसार (नाम रूपात्मक प्रपञ्च) देखिन्छ त्यो "हरिरेवजगज्जगदेवहरिः" अर्थात् हरिदेखि भिन्न छैन; त्यस कारण प्रकृतिका दुःखमय जालबाट मुक्त हुनलाई सर्व-दुःख-हरणकर्ता हरिकै आराधना श्रेयस्कर छ, इत्यादि उपासना काण्डद्वारा वर्णन भयो। यसमा प्रमाणीभूत स्वयं श्रीहरिको प्रतिज्ञा छ—"तेषामहं समुद्धर्ता" १२।७ इत्यादि। यही प्रतिज्ञाको पूर्तिसूचक विषय अब यस अध्यायदेखि प्रारम्भ हुन्छ; किनकि "ऋतेज्ञानान्नमुक्तिः" अर्थात् ज्ञान विना मुक्ति हुँदैन भन्ने वेदको अकाट्य सिद्धान्त छ। यद्यपि कर्म र उपासना दुवै मुक्तिका साधन हुन्, तथापि यी दुई योग परंपरा-साधन हुनाले ज्ञानरूपी अन्तिम श्रेणीसम्म साधकलाई पुऱ्याएर मात्र ज्ञानद्वारा परमपदमा पुऱ्याउँदछन्, साक्षात् अथवा स्वतन्त्र मुक्तिका साधन छैनन्; त्यस कारण श्रीभगवान् आफ्ना एकान्त भक्तलाई उद्धार गर्नुहुन्छ भन्ने कुरा पनि ज्ञान-प्रदानद्वारा बुझ्नपर्दछ। जस्तैः—"तेषां सततयुक्तानां, तेषामेवानुकम्पार्थम्" (१०।१०, ११)। जुन जस्तो ज्ञानले मृत्युसंसारबाट उद्धार हुने हो तथा जुन ज्ञानले युक्त ज्ञानीहरू पूर्व अध्यायमा बताएका अद्वेष्टृत्वादि गुणले युक्त हुन्छन्, त्यही अद्वैत आत्मतत्त्वज्ञानको विशेष विवेचन यस काण्डबाट भएको छ, यही यसको प्रतिपाद्य विषय हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवहरू प्रतिक्षेत्र (शरीरै पिछे) नाना (अनेक) देखिएका हुनाले अद्वितीय ब्रह्मका साथ यिनीहरूको अभेद कसरी हुनसक्ला ? यस्तो शंका उठ्नुभन्दा प्रथम "जीव नित्य, शुद्ध, बुद्ध, मुक्त, प्रतिक्षेत्रमा एक, अद्वितीय ब्रह्मरूप छ, कर्ता, भोक्ता, संसारी, प्रतिव्यक्ति नाना देखिएको केवल भ्रान्ति मात्र हो" भन्नलाई 'क्षेत्र-क्षेत्रज्ञ' नाम गरेको तेह्रौं अध्याय प्रारम्भ हुन्छ ।

अब पहिले सातौं अध्यायमा अपरा र परा जो दुई प्रकृतिको वर्णन भएको थियो, तिनैको विशेष विवेचनद्वारा तत्त्वनिरूपण गर्ने विचारले श्रीभगवान् आज्ञा गर्नुहुन्छ—

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय ! क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

अन्वयार्थः

हे कौन्तेय !	=	हे अर्जुन !	एतत्	=	यसलाई
इदम्	=	यो	वेत्ति	=	जान्दछ
शरीरम्	=	शरीर	तम्	=	त्यसलाई
क्षेत्रम् इति	=	'क्षेत्र' शब्दले	तद्विदः	=	क्षेत्र-क्षेत्रज्ञको तत्त्व जान्नेहरू
अभिधीयते	=	कहिन्छ	क्षेत्रज्ञः इति	=	क्षेत्रज्ञ भनेर
यः	=	जो	प्राहुः	=	भन्दछन्

सरलार्थ

श्रीभगवान् आज्ञा गर्नुहुन्छ—हे कुन्तिपुत्र ! यो शरीर 'क्षेत्र' हो, जो यसलाई जान्दछ त्यसलाई क्षेत्र-क्षेत्रज्ञको तत्त्वजान्नेहरू 'क्षेत्रज्ञ' भन्दछन् ।

तात्पर्य

सातौं अध्यायमा जसलाई 'अपरा प्रकृति' भनेको थियो, उसैलाई यहाँ 'क्षेत्र' भनेको छ । 'क्षेत्र' नाम खेतको हो, जस्तै खेतमा खेती उत्पन्न हुन्छ, बढ्दछ, त्यस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरबाट पनि कर्महरू उत्पन्न हुन्छन् र त्यसद्वारा जन्म, जन्मद्वारा कर्म, एवं प्रकार क्रियात्मक सृष्टि बढ्दैजान्छ। खेतमा बीज-अनुसार र परिश्रम-अनुसारको फल फल्दछ, यस्तै शरीररूपी क्षेत्रमा पनि काम-कर्मानुसार सुख-दुःखरूपी फलहरू फल्दछन्; त्यसकारण यो शरीर शास्त्रमा 'क्षेत्र' शब्दले व्यवहार भएको छ। जसलाई सातौं अध्यायमा 'जीवभूता परा' प्रकृति भनेको थियो, त्यसैलाई यहाँ 'क्षेत्रज्ञ' भनेको छ, किनकि यस क्षेत्रलाई यसले 'म हुँ, मेरो हो' भनेर बराबर जानेको छ। यही कुरा क्षेत्र-क्षेत्रज्ञको तत्त्व-निर्णय गर्नेहरू भन्दछन् ॥१॥

यस्ता रीतले देह-इन्द्रियदेखि भिन्न स्वप्रकाश क्षेत्रज्ञको स्वरूप देखाएर अब त्यसैको पारमार्थिक (सत्य) स्वरूप र अद्वितीय ब्रह्मका साथ अभिन्नता देखाइन्छ—

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ! ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

अन्वयार्थः

हे भारत !	=	हे अर्जुन !	क्षेत्र-क्षेत्रज्ञयोः	=	क्षेत्र र क्षेत्रज्ञको
सर्वक्षेत्रेषु अपि	=	सम्पूर्ण क्षेत्रमा पनि	ज्ञानम्	=	ज्ञान हो
क्षेत्रज्ञम्	=	क्षेत्रज्ञ	तत्	=	त्यो
माम् च	=	मलाई नै	ज्ञानम्	=	ज्ञान
विद्धि	=	जान	मम	=	मेरो
यत्	=	जो	मतम्	=	मानिएको छ

सरलार्थ

हे अर्जुन ! तिमी मलाई नै निखिल क्षेत्रमा क्षेत्रज्ञ (जीव) जान, क्षेत्र र क्षेत्रज्ञ-को जो ज्ञान हो त्यही मेरो मन्तव्य ज्ञान हो।

तात्पर्य

समष्टि रूपले सर्वत्र व्याप्त जो ब्रह्मसत्ता हो त्यसैको प्राणीका शरीरमा रहेको भाग 'क्षेत्रज्ञ', 'जीव', 'पुरुष' आदि शब्दले कहिन्छ। वास्तवमा नित्य,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुद्ध, मुक्त-स्वभाव भए तापनि अज्ञानले क्षेत्रका धर्महरू आँफूमा ठहऱ्याएर आँफूले आँफैलाई कर्ता, भोक्ता, संसारी मान्दछ, तथा समस्त क्षेत्रमा अद्वितीय ब्रह्मस्वरूप आँफुलाई नजानेर प्रतिक्षेत्रमा भिन्न देख्दछ। यो नै यसको बन्धन-दशामा क्षेत्रका साथ झुट्टा सम्बन्ध मानिन्छ। विवेकद्वारा भ्रान्ति नष्ट भएपछि आफ्नू असली सच्चिदानन्दरूपमा स्थित हुन्छ। अतः भगवान् उपदेश गर्नुहुन्छ—समस्त क्षेत्रमा मलाई (ब्रह्मलाई) 'क्षेत्रज्ञ' (जीव) जान। यस्तो विभिन्न क्षेत्रमा अभिन्न रूपले क्षेत्रभिन्न क्षेत्रज्ञको ज्ञान कैवल्य-पदको हेतु हुनाले सर्वश्रेष्ठ छ, यही गीताको मुख्य ज्ञान हो ॥ २ ॥

प्रस्तावित क्षेत्र-क्षेत्रज्ञको वर्णन—

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु ॥३॥

अन्वयार्थः

तत्	=	त्यो	सः च	=	त्यो क्षेत्रज्ञ पनि
क्षेत्रम्	=	क्षेत्र	यः	=	जो हो
यत्	=	जो हो	यत्प्रभावः च	=	औ जुन प्रभावले युक्त छ
यादृक्च	=	औ जस्तो छ	तत्	=	त्यो
यद्विकारि च	=	तथा जुन विकारले युक्त छ	समासेन	=	संक्षेपले
यतः च	=	औ जहाँबाट उत्पन्न भएको छ	मे	=	मबाट
यत्	=	जुन भेदले भिन्न छ	शृणु	=	सुन

सरलार्थ

त्यो क्षेत्र के हो ? कस्तो छ ? कुन-कुन विकारले युक्त छ ? कहाँबाट उत्पन्न भएको छ ? औ कति-कति भेदले युक्त छ ? यो र क्षेत्रज्ञ के हो ? औ त्यसमा के प्रभाव छ ? यो सबै मबाट संक्षेपले सुन ॥ ३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

वास्तवमा अपरा प्रकृति नै 'क्षेत्र' पदवाच्य हुनाले माया र मायाको कार्य सबै क्षेत्र हो ; किन्तु प्रकृतिको कार्य शरीर-सम्बन्धद्वारा नै काम-कर्मादिहरू प्रकट भएर बन्धन झन्-झन् कसिंदै जाने हुनाले यहाँ शरीरलाई नै 'क्षेत्र' भनेको छ। जड, दृश्य, इच्छा, द्वेष आदि धर्मले सम्पन्न, इन्द्रिय आदि विकारले युक्त, प्रकृति-पुरुष संयोगजन्य, स्थावर-जङ्गमादि अनेक भेदविशिष्ट हुनु क्षेत्रको लक्षण हो। क्षेत्रको द्रष्टा, उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता, नित्य, शुद्ध, बुद्ध, मुक्त क्षेत्रज्ञको लक्षण हो। पहिले २ श्लोकमा बताएभन्दा पछि गरिने क्षेत्र-क्षेत्रज्ञको विवेचन विस्तृत भए पनि साङ्ख्य दर्शन आदिका अपेक्षा संक्षेप छ ॥ ३ ॥

यहाँ 'संक्षेपले सुन' भन्नुभएको हुनाले यसको विस्तार कहाँ छ, त्यो कुरा पनि देखाउनुहुन्छ—

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥ ४ ॥

अन्वयार्थः

ऋषिभिः	=	ऋषिहरूले	विनिश्चितैः	=	निश्चय गरिएका
बहुधा	=	नाना प्रकारबाट	हेतुमद्भिः	=	युक्तियुक्त
विविधैः	=	अनेक	ब्रह्मसूत्रपदैः च एव	=	ब्रह्मसूत्रका पद-द्वारा पनि
छन्दोभिः	=	वेदमन्त्रहरूद्वारा			
पृथक	=	भिन्नभिन्न प्रकारले	गीतम्	=	वर्णन गरिएको छ

सरलार्थ

यो विषय ऋषिहरूले नाना प्रकारबाट, भिन्न-भिन्न वेदले छुट्टा-छुट्टै रीतबाट तथा निश्चय गराउने युक्तिपूर्ण ब्रह्मसूत्रका पदहरूले बयान गरिएको छ ॥४॥

तात्पर्य

यस क्षेत्र-क्षेत्रज्ञका विषयमा व्यास, वसिष्ठ, पराशर, कपिल आदि महर्षिहरूले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन आदि शास्त्रमा अनेक प्रकारले वर्णन गरेका छन्, एवं कर्म-ब्रह्मप्रतिपादक ऋक् आदि वेद-मन्त्रले पनि धेरै प्रकारबाट बताएका छन् । उपक्रमोपसंहारद्वारा निश्चय गराउने युक्तियुक्त उपनिषद्वाक्यद्वारा पनि यस विषयमा धेरै निर्णय भएको छ । श्लोकमा 'ब्रह्मसूत्रपद' शब्दको अर्थ व्यासकृत वेदान्त-दर्शन पनि हुनसक्दछ, तर शाङ्करभाष्यानुसार 'यतो वा इमानि भूतानि जायन्ते' इत्यादि वाक्य तटस्थ लक्षणद्वारा ब्रह्मलाई सूचना गर्ने हुनाले ब्रह्मसूत्र —'सत्यं ज्ञानमनन्तं ब्रह्म' इत्यादि वाक्य स्वरूप-लक्षण हुनाले 'ब्रह्मसूत्रपद' शब्दले कहिन्छन् । अतः ब्रह्मसूत्रको अर्थ 'ब्रह्मप्रतिपादक उपनिषद्वाक्य' यस्तो गरिएको छ, तर अरू टीकाकारहरूले 'ब्रह्मसूत्र' पदले वेदान्त-सूत्रै मानेका छन् । लोकमान्य तिलकले यस विषयमा उपपत्ति दिनुभएको छ— 'हेतुमद्भिः' यो विशेषण ब्रह्मसूत्रकै हुनसक्तछ, उपनिषद्को हुनसक्दैन । "योगिनः प्रति च स्मर्यते स्मार्ते चैते"-(ब्र.सू. ४,२,२१)-मा 'स्मृति' शब्दले गीता लिएको र गीतामा स्पष्टै 'ब्रह्मसूत्र' शब्द हुनाले काल-निर्णयमा यद्यपि विरोध पर्दछ, तथापि मूल गीताका पछि ब्रह्मसूत्रको काल, त्यस पछि महाभारत सहित गीताको पुनः संस्करण हुँदा 'ब्रह्मसूत्र' पदको निवेश भएको मानेर व्यवस्था गर्नुभएको छ' । परन्तु यतिको कल्पना गरेर पनि गीताको स्थिरतामा धक्का लाग्ने हुनाले गीता-तात्पर्यकारको विचारमा शाङ्कर भाष्य-अनुसारै अर्थ ठीक छ ।

क्षेत्रको लक्षण—

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

अन्वयार्थः

महाभूतानि	=	महाभूत	इन्द्रियाणि	=	इन्द्रिय
अहंकारः	=	अहंतत्त्व	दश	=	दश
बुद्धिः	=	महत्तत्त्व	एकम् च	=	औ एउटा (मन)
अव्यक्तम् एव च	=	औ मूल प्रकृति	पञ्च च	=	तथा पाँच

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियगोचराः	=	इन्द्रियका विषयहरू	धृतिः	=	धैर्य
इच्छा	=	राग	सविकारम्	=	विकारले सहित
द्वेषः	=	द्वेष	एतत्	=	यो
सुखम्	=	सुख	क्षेत्रम्	=	क्षेत्र
दुःखम्	=	दुःख	समासेन	=	संक्षेपले
संघातः	=	शरीर	उदाहृतम्	=	वर्णन भयो
चेतना	=	प्राण			

सरलार्थ

आकाश, वायु, तेज, जल, पृथ्वी, यी पञ्च महाभूत समष्टि अहंकार, समष्टि-बुद्धि, मूल प्रकृति, मन सहित एघार इन्द्रिय, शब्द, स्पर्श, रूप, रस, गन्ध, पाँच ज्ञानेन्द्रियका विषय, इच्छा द्वेष, सुख, दुःख, शरीर, प्राणशक्ति, धैर्य यी ३१ धर्मले युक्त सविकार 'क्षेत्र' कहिन्छ ।

तात्पर्य

यो क्षेत्र समष्टि-व्यष्टि भेदले दुई प्रकारको छ, मूल प्रकृतिदेखि लिएर चतुर्दश भूवन-विराट् 'समष्टि' कहिन्छ, अज्ञानदेखि लिएर व्यक्तिको स्थूल शरीर पर्यन्त 'व्यष्टि' कहिन्छ; तर समष्टिदृष्टिकोण हेर्दा व्यष्टिभाव पृथक् देखिंदैन, जस्तै समुद्रमा तरङ्गको उत्पत्ति, स्थिति, प्रलय पनि अभिन्नै रूपले हुन्छ त्यस्तै समष्टि-क्षेत्रभित्र व्यष्टि-क्षेत्रको जन्म-स्थिति-नाश पनि अभिन्नै रूपले हुन्छ । अतः श्रीभगवान्‌ले यहाँ क्षेत्रत्वसामान्य रूपले दुवैको निर्देश गर्नुभएको छ ।

साङ्ख्य सिद्धान्तानुसार प्रथम प्रधान प्रकृतिबाट महत्तत्त्व, महत्तत्त्वबाट अहंकार उत्पन्न हुन्छ । अहंकार तामस-राजस-सात्त्विक तीन प्रकारको छ । तामस अहंकारबाट पञ्च तन्मात्रा, पञ्च तन्मात्राबाट पञ्च महाभूत उत्पन्न हुन्छन्; राजस अहंकारबाट एघार इन्द्रिय, सात्त्विक अहंकारबाट इन्द्रियका अधिदेवताहरू उत्पन्न हुन्छन्। यिनै २४(चौबीस) तत्त्वले युक्त 'क्षेत्र' कहिन्छ, २५(पच्चीसौं) पुरुष 'क्षेत्रज्ञ' कहिन्छ; किन्तु वेदान्त सिद्धान्तमा माया परमेश्वरको शक्ति हो, त्यसैलाई 'अव्यक्त' भनेको छ । यही अव्यक्त-(माया)-ले शवलित (युक्त) ईश्वरको सृष्टि गर्ने इच्छालाई श्लोकमा रहेको 'बुद्धि' शब्दले देखाएको छ । यही बुद्धि 'तदैक्षत' (छां. ६-२-३)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस श्रुतिमा बताएको सृष्टिको आद्य 'ईक्षण' हो, यस पछि 'बहु स्यां प्रजायेय'–'धेरै हूँ, उत्पन्न हूँ' भन्ने एकबाट अनेक हुने सङ्कल्पलाई श्लोकमा 'अहंकार' शब्दले देखाएको छ। अब 'तस्माद्वा एतस्मादात्मन आकाशः संभूतः, आकाशाद्वायुः, वायोरग्निः, अग्नेरापः, अद्भ्यः पृथ्वी, (तै. २–१–१) (ना. उ. ता. १–५) यस श्रुति-अनुसार परमेश्वरका सत्य सङ्कल्पबाट पहिले आकाश उत्पन्न भयो, आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल, जलबाट पृथ्वी उत्पन्न भइन्। आकाशको गुण शब्द, वायुको शब्द र स्पर्श, तेजको शब्द-स्पर्श-रूप, जलको शब्द-स्पर्श-रूप-रस, पृथ्वीको शब्द-स्पर्श-रूप-रस-गन्ध, यस्ता प्रकारले पूर्व-पूर्व कारण द्रव्यका गुणहरू उत्तर-उत्तर कार्य द्रव्यमा बढ्दै गएका छन्। यी पाँच महाभूतको परिणामी उपादान कारण त्रिगुणात्मिका प्रकृति (माया) हुनाले प्रत्येक भूतहरू पनि त्रिगुणात्मक अर्थात् सात्त्विक, राजस, तामस तीन गुणवाला छन्, त्यसकारण यी पञ्च महाभूतका व्यष्टि सात्त्विक अंशबाट क्रमैले श्रोत्र (कान), त्वक् (छाला), चक्षु (आँखा), रसना (जिभ्रो), घ्राण (नाक), यी पाँच ज्ञानेन्द्रिय उत्पन्न भए। शब्द, स्पर्श, रूप, रस, गन्ध यी ५ क्रमैले यिनका विषय हुन्। दिक्, वायु, सूर्य, वरुण, अश्विनिकुमार यी इन्द्रियका अधिदेव कहिन्छन्; जसका अधीनमा तत्तद्विषयको ज्ञान छ। एवं प्रकार सबैका भिन्न-भिन्न राजस अंशबाट क्रमशः वाक् (बोली), पाणि (हात), पाद (पाउ), पायु (गुदा), उपस्थ (जननेन्द्रिय), यी पाँच कर्मेन्द्रिय उत्पन्न भए। बचन (बोल्नु), आदान-प्रदान (लिनु-दिनु), गमन (हिंड्नु), विसर्ग (मलत्याग), आनन्द (सन्तानोत्पादक कर्म) यी पाँच विषय कहिन्छन्। अग्नि, इन्द्र, विष्णु, यम, प्रजापति यी अधिदेव कहिन्छन्। व्यष्टि (भिन्न-भिन्न) कार्य बताएर अब समष्टि (सम्पूर्ण) कार्य बताइन्छ। यी पञ्च महाभूतका समष्टि सात्त्विक अंशका मिश्रणबाट अन्तःकरण उत्पन्न भयो, जो एउटा भएर पनि वृत्तिभेदले मन, बुद्धि, चित्त, अहंकार यी चार प्रकारको मानिएको छ। सङ्कल्प, निश्चय, चञ्चलता, अहंता यी चार विषय हुन्। चन्द्रमा, ब्रह्मा, वासुदेव, रुद्र, यी अधिदेव हुन्। फेरि पञ्च महाभूतका समष्टि राजस अंशबाट प्राण उत्पन्न भयो, यसको मूल निवासस्थान हृदय हो, तहींबाट अनेक स्थानमा कार्यवश बाँडिएर प्राण, अपान, समान, उदान, व्यान यी पाँच नाम यसका हुन्छन्। मुख र नाकबाट २४ घन्टामा २१६०० (एकाईस हजार छ सय) पल्ट श्वासोच्छ्वास (स्वां-फ्वाँ) गर्ने प्राण, वस्ति देशमा रहेर मलमूत्रलाई तल खसाल्ने अपान,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाभिमा रहेर जठराग्निलाई प्रदीप्त गराउने 'समान', कण्ठमा रहेर खाएको आहारालाई आमाशयमा धकेल्ने र विकृत वस्तुलाई वमन गराउने 'उदान', समस्त शरीरव्यापी ७२००००००० (बहत्तर करोड) नाडीमा व्याप्त भएर अङ्ग-प्रत्यङ्गलाई क्रियाशील बनाउने 'व्यान' कहिन्छ। सद्योजात, वामदेव, अघोर, तत्पुरुष, ईशान यी पाँच प्राणादि पाँच वायुका अधिदेवता हुन् ।

भूत-व्यष्टि-सात्त्विक-कार्य

भूत	आकाश	वायु	तेज	जल	पृथ्वी
गुणविकाश	शब्द	शब्द-स्पर्श	शब्द-स्पर्श-रूप	शब्द-स्पर्श-रूप-रस	शब्द-स्पर्श-रूप-रस-गन्ध
ज्ञानेन्द्रिय	श्रोत्र (कान)	त्वक् (छाला)	चक्षु (आँखा)	रसना (जिउरो)	घ्राण (नाक)
देवता	दिशा	वायु	सूर्य	वरुण	अश्विनि कुमार
प्रधान विषय	शब्द	स्पर्श	रूप	रस	गन्ध

भूत-व्यष्टि-राजस-कार्य

भूत	आकाश	वायु	तेज	जल	पृथ्वी
कर्मेन्द्रिय	वाक् (वाणी)	पाणि (हात)	पाद (पाउ)	पायु (गुदा)	उपस्थ (जननेन्द्रिय)
देवता	अग्नि	इन्द्र	वामन	यम	प्रजापति
विषय	बोल्नु	लिनु-दिनु	हिंड्नु	मल-त्याग	विषयानन्द

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूत-समष्टि-सात्त्विक-कार्य

भूतसमुदाय	पृथ्वी —	जल —	तेज —	वायु —	आकाश
अन्तःकरण	मन	बुद्धि	चित्त	अहङ्कार	०
देवता	चन्द्रमा	ब्रह्मा	वासुदेव	रुद्र	०
विषय	सङ्कल्प	निश्चय	चञ्चलता	अहन्ता	०

भूत-समष्टि-राजस-कार्य

भूतसमुदाय	पृथ्वी —	जल —	तेज —	वायु —	आकाश
पञ्च प्राण	प्राण	अपान	समान	उदान	व्यान
स्थान	हृदय	वस्ति	नाभि	कण्ठ	सर्वाङ्ग
कार्य	श्वासोच्छ्वास	विसर्ग	आहारा, परिपाक	अन्ननिस्सरण	रक्तसञ्चार
देवता	सद्योजात	वामदेव	अघोर	तत्पुरुष	ईशान

इच्छा, द्वेष आदि अन्तःकरणका धर्मलाई अन्यान्य दार्शनिकहरूले आत्माका धर्म मानेका छन्; तर श्रुतिमा 'कामः सङ्कल्पो विचिकित्सा' (बृ.१-५-३) (मैत्रा. ६-३०) इत्यादिले समस्त हृदयवर्ती उत्तम-अधम भावहरूलाई दिग्दर्शन गराएर अन्तमा 'सर्वं मन एव'—सबै मन मात्र हुन् अर्थात् अन्तःकरणदेखि भिन्न छैनन् भनेको हुनाले क्षेत्रज्ञ आत्माका धर्म हुनसक्तैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस कारण श्रीभगवान्ले पनि इच्छा द्वेष, सुख, दुःख उपलक्षित समस्त अन्तःकरणका धर्महरूको गणना क्षेत्रैतिर गर्नुभएको छ। माथि कहिएका पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण, चार अन्तःकरण यी सब १९ (उन्नाईस) तत्त्व मिलेर जीवको सूक्ष्म शरीर हुन्छ। यिनैलाई माण्डुक्योपनिषद्मा 'एकोनविंशति मुख' अर्थात् एक कम वीस मुख जीवका छन् भनेको छ।

सोपाधिक-व्यष्टि-समष्टि चेतन

शरीर	व्यष्टि (जीव)	समष्टि (ईश्वर)	अवस्था	कोश
स्थूल शरीर	विश्व	विराट्	जाग्रत्	अन्नमय—भौतिक शरीर
सूक्ष्म शरीर	तैजज	हिरण्यगर्भ	स्वप्न	प्राणमय—५ प्राण, ५ कर्मेन्द्रिय मनोमय—मन र ५ ज्ञानेन्द्रिय विज्ञानमय—बुद्धि र ५ ज्ञानेन्द्रिय
कारण शरीर	प्राज्ञ	ईश्वर	सुषुप्ति	आनन्दमय—इष्टदर्शन, इष्टप्राप्ति, इष्ट-संभोगजन्य प्रिय-मोद-प्रमोद वृत्ति

यहाँसम्म जो पञ्च महाभूतको वर्णन भयो त्यो अपञ्चीकृत (सूक्ष्म) पञ्च महाभूतको हो। संघात अर्थात् स्थूल शरीरको सृष्टि पञ्चीकृत पञ्च महाभूतबाट भएको छ। पञ्चीकरण गर्ने रीति माथि कहिएका सूक्ष्म पञ्च महाभूतलाई २-२ भाग गर्नु, फेरि १-१ भागलाई ४-४ भाग लगाउनु, यसलाई आफ्नू भाग छोडेर अरू ४ भूतलाई १-१ बाँडिदिनु, सबै ५-५ प्रकारका हुन्छन् अर्थात् सबै भूतलाई आधा-आधा भाग आफ्नू हुन्छ, आधा-आधा भाग चार भूतको हुन्छ, त्यसमा एउटा स्थूल भूतलाई आफ्नू आधा अरूको अष्टमांश पर्दछ। यो पञ्चीकरण गर्ने रीति हो। यसबाट स्थूल भौतिक जगत्को सृष्टि हुन्छ। यसैबाट समस्त भूवनवर्ती प्राणीका स्थूल शरीरहरू बन्दछन्। शास्त्रमा स्थूल शरीरलाई चार विभाग गरेको छ। जस्तैः—अण्डज, स्वेदज, उद्भिज, जरायुज। फुलबाट पैदा हुने पक्षीहरू 'अण्डज', पसिनाबाट पैदा हुने जुम्राहरू 'स्वेदज', पृथिवीलाई चिरेर पैदा हुने वृक्षहरू 'उद्भिज', गर्भवेष्टन-चर्म-(झिल्ली)-बाट पैदा हुने 'जरायुज' कहिन्छन्। जम्मा गरेर योनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८४००००० (चौरासी लाख) छन् । माता-पितालै खाएका अन्नको परिणाम—रज-शुक्रको संयोगद्वारा उत्पन्न, एवं गर्भमा पनि आमालै खाएका अन्नका रसद्वारा पुष्ट हुन्छ, पैदा भएपछि पनि अन्नै खाएर यावत् आयु पर्यन्त जीवित रहन्छ, फेरि आयु सकिएपछि अन्नरूप पृथ्वीमै लय हुन्छ, त्यस कारण यो स्थूल क्षेत्र 'अन्नमय कोश' कहिन्छ । अस्ति, जायते, वर्धते, विपरिणमते, अपक्षीयते, विनश्यति यी ६ विकार; त्वक्, मांस, रुधिर, मेदा, मज्जा, अस्थि यी ६ कौशिक; शिशुत्व, बाल्य, यौवन, कौमार, तारुण्य, वार्द्धक्य यी ६ अवस्था अन्नमय कोशमै रहन्छन् । माथि कहिएका पाँच प्राण र पाँच कर्मेन्द्रिय यी १० मिलेर 'प्राणमय कोश' हुन्छ । पाँच ज्ञानेन्द्रिय र एक मन यी ६ मिलेर 'मनोमय कोश' हुन्छ । मनका सङ्गमा बुद्धिलाई लिएपछि तिनै ज्ञानेन्द्रिय 'विज्ञानमय कोश' कहलाउँछन् । यी तीन कोश सूक्ष्म क्षेत्रमा वर्तमान छन् । इष्टदर्शन, इष्टप्राप्ति, र इष्टसंभोग हुँदा जो प्रिय, मोद, प्रमोद वृत्ति उत्पन्न हुन्छ, त्यही 'आनन्दमय-कोश' कहिन्छ । यो कोश स्थूल-सूक्ष्म दुवैको कारण, अनिर्वचनीय-अनादि-अविद्या-रूप कारण-क्षेत्रमा रहन्छ । क्षेत्रज्ञ आत्मालाई ढाक्ने हुनाले 'कोश' भनिएको छ । यहाँसम्म स्थूल-सूक्ष्म कारण समुदायरूपी क्षेत्रको वर्णन भयो । यही स्थूल क्षेत्रको परिमाण हो ॥ ५, ६ ॥

ज्ञानका वीस साधन—

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

अन्वयार्थः

अमानित्वम्	=	मानहीनता	आचार्योपासनम्	=	गुरुसेवा
अदम्भित्वम्	=	दम्भहीनता	शौचम्	=	पवित्रता
अहिंसा	=	अहिंसा	स्थैर्यम्	=	अचञ्चलता
क्षान्तिः	=	क्षमा	आत्मविनिग्रहः	=	मनोनिरोध
आर्जवम्	=	सरलता			

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

इन्द्रियार्थेषु	=	इन्द्रियका विषयमा	जन्ममृत्युजरा-व्याधिदुःखदोषानुदर्शनम्	=	जन्म, मरण, वृद्धावस्था, रुग्णावस्थालाई बार-बार दुःखरूपी दोषले भरिएको देख्नु
वैराग्यम्	=	वैराग्य			
अहङ्कार एव च	=	तथा अहंकार नहुनु			

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

अन्वयार्थः

पुत्रदारगृहादिषु	=	पुत्र, स्त्री, गृह आदिमा	इष्टानिष्टोपोपत्तिषु	=	इष्ट या अनिष्ट प्राप्तिमा
असक्तिः	=	ममता नहुनु	नित्यम्	=	सर्वदा
अनभिष्वङ्गः	=	अहंता नहुनु	समचित्तत्वम्	=	हर्ष-विषाद-रहित हुनु

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

अन्वयार्थः

मयि च	=	औ ममा	विविक्तदेशसेवित्वम्	=	एकान्त निवासशीलता
अनन्ययोगेन	=	अनन्य भावले			
अव्यभिचारिणी	=	अविचल	जनसंसदि	=	जन समुदायमा
भक्तिः	=	भक्ति	अरतिः	=	अरुचि

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अध्यात्मज्ञान-नित्यत्वम्	=	केवल अध्यात्म ज्ञाननिष्ठा	यत्	=	जो
			अतः	=	यसदेखि
तत्त्वज्ञानार्थदर्शनम्	=	तत्वज्ञानको सिद्धान्त परिशीलन	अन्यथा	=	विपरीत छ
			(तत्)	=	त्यो
एतत्	=	यो	अज्ञानम्	=	अज्ञान
ज्ञानम् इति प्रोक्तम्	=	'ज्ञान' शब्दले कहिएको छ	(उच्यते)	=	कहिन्छ

सरलार्थ

१ मान नखोज्नु, २ देखाउनलाई धर्म नगर्नु, ३ हिंसाको नाममा मनमा कसैको द्वेष नराख्नु, ४ अर्काले आफ्नू अपराध गरे तापनि क्षमा गर्नु, ५ बोल्-चाल्को मिजाज सरल राख्नु—जसमा कसैलाई पनि आँफूसँग बात-चित र व्यवहार गर्न गाहो नहोस्; ६ ज्ञान दिने गुरुको सेवा गर्नु, ७ भित्र छल-कपट छोडेर बाहिर जल, माटो, साबुनले सुद्ध राख्नु, ८ चञ्चल प्रकृति त्याग्नु, ९ मनलाई क्षणिक सुख विषयबाट रोक्नु, १० इन्द्रियका विषयमा वैराग्य हुनु, ११ अहङ्कार नगर्नु, १२ जन्म-मरण-वृद्धावस्था तथा रुग्णावस्थालाई दुःख र दोषले भरिएको देख्नु, १३ स्वास्नी, छोरा-छोरी, घर, खेत आदि सम्पत्तिमा ममता नहुनु, १४ तिनै वस्तुमा [1]अहम्ता नहुनु, १५ इष्ट-अनिष्ट जे परिआए पनि सधैं समभाव राख्नु, १६ औ ममा अनन्य भावले अटल भक्ति राख्नु, १७ एकान्त स्थानमा बस्नु, १८ सर्वसाधारण जनसमुदायमा बस्न रुचि नहुनु, १९ अध्यात्म ज्ञानमा निष्ठा तथा २० तत्त्वज्ञानको खोजी यिनलाई 'ज्ञान' भन्दछन्, यसदेखि भिन्न (उल्टा) सबै अज्ञान कहिन्छन् ।

तात्पर्य

यी पाँच श्लोकमा वर्णन गरिएका बीस लक्षण ज्ञानका होइनन्, किन्तु ज्ञान-पथमा अग्रसर हुने सज्जनका हुन् । किनकि ज्ञान भएपछि यी सब लक्षणहरू स्वाभाविकै हुन्छन् । तर ज्ञान हुनुभन्दा पहिले साधकले यी गुणयुक्त हुने चेष्टा गर्नुपर्दछ । यी गुणहरूको अभ्यास गर्दागर्दै परिपक्व भएपछि शुद्धान्तःकरणमा क्षेत्रज्ञ आत्माको ज्ञान-उदय हुन्छ । अतः ज्ञानका असाधारण साधन हुनाले

---

१ स्त्री-पुत्रादिलाई कष्ट हुँदा आँफैलाई कष्ट भएको ठान्नु तथा घर र धनको क्षति हुँदा आँफै क्षति भएको ठान्नु 'अभिष्वङ्ग' हो औ यहाँ यसैलाई 'अहंता' भनेको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनलाई साध्य-साधनका अभेद दृष्टिले ज्ञानै भनिएको छ, वास्तवमा ज्ञान होइनन्, किन्तु ज्ञानका साधन हुन् ॥७-११॥

अब यहाँदेखि लिएर १७ श्लोकसम्म माथि कहिएका ज्ञानद्वारा ज्ञेय (जान्नयोग्य) वस्तुको उपदेश हुन्छ—

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

अन्वयार्थः

यत्	=	जो	अश्नुते	=	पाउँदछ
ज्ञेयम्	=	ज्ञेय हो	तत्	=	त्यो
तत्	=	त्यो	अनादिमत्	=	आदिरहित
प्रवक्ष्यामि	=	भन्दछु	परम् ब्रह्म	=	परं ब्रह्म
यत्	=	जसलाई	न सत्	=	न सत्
ज्ञात्वा	=	जानेर	न असत्	=	न असत्
अमृतम्	=	मोक्ष	उच्यते	=	कहिन्छ

सरलार्थ

जो जान्नयोग्य या जान्नुपर्ने वस्तु हो त्यो म भन्दछु । जसलाई जानेर मानव अमर हुन्छ, त्यो ज्ञेय तत्त्व सत्-असत्-विलक्षण अनादि परब्रह्म हो ॥१२॥

तात्पर्य

प्रथम (१३।१)-मा जसलाई क्षेत्रज्ञ भनेर (१३।२)-मा "क्षेत्रज्ञं चापि मां विद्धि" क्षेत्रज्ञ पनि मलाई नै जान भन्नुभएको थियो, त्यसैलाई अब यहाँ ज्ञेय (जान्न योग्य) वस्तु यही हो भनेर उपदेश गर्नुहुन्छ । यही क्षेत्रज्ञ व्यष्टि अज्ञान उपाधिले 'जीव', समष्टि अज्ञान (माया) उपाधिले 'ईश्वर' कहिन्छ। यी दुई उपाधिले युक्त भएको व्यक्त, उपाधिरहित अव्यक्त छ । वास्तवमा व्यक्त र अव्यक्त यी दुवै रूप ज्ञेयरूप ब्रह्मकै हुन् ।

द्वे रूपे वासुदेवस्य व्यक्तं चाव्यक्तमेव च ।
अव्यक्तं ब्रह्मणो रूपं व्यक्तमेतच्चराचरम् ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीभगवान् वासुदेवका व्यक्त र अव्यक्त दुई रूप छन् , जो निर्विशेष ब्रह्म-रूप हो त्यो अव्यक्त (इन्द्रिय-प्रमाण-अगोचर) छ ; जो व्यक्त हो त्यो यही चराचरको रूपमा देखिएको छ । अस्तु, यहाँ निर्गुण, निर्विशेष, अव्यक्त स्वरूपको वर्णन भएको छ । जो वस्तु उत्पन्न हुन्छ त्यो सादि हुन्छ ; जसको उत्पत्ति छैन, जो चिरन्तन छ त्यसलाई अनादि भन्दछन् । एवं जो वस्तु विधिमुखद्वारा प्रति-पादन हुन्छ त्यो 'सत्' तथा जो निषेधमुखाद्वारा प्रतिपादन हुन्छ त्यो 'असत्' कहिन्छ । प्रकृत ज्ञेय वस्तु ती दुवैदेखि विलक्षण छ । किनकि संसारका यावत् वस्तुहरू-लाई व्यक्त गराउने वाचक शब्द चार कोटिमा विभक्त (बाँडिएका) छन्— [1]जातिबोधक, गुणबोधक, क्रियाबोधक, सम्बन्धबोधक । यी चारमा कुनैले पनि निर्विशेष ज्ञेय वस्तु व्यक्त हुनसक्दैन । तात्पर्य के भने जाति, गुण, क्रिया, सम्ब-न्धको व्यवस्था केवल प्रकृतिको रचना मात्र हो, प्रकृतिदेखि पर परमात्मामा यिनीहरूको गति छैन । अतः श्रीभगवान्को उपदेश छ—परब्रह्म सत् पनि होइन, असत् पनि होइन ॥१२॥

संसारमा जसको अस्तित्व हुन्छ त्यसलाई व्यक्त गराउने शब्द पनि केही न केही अवश्य हुनुपर्ने ? यस शङ्काको उत्तररूपले यहाँदेखि पाँच श्लोक सम्म जिज्ञासुको निम्ति सविशेष र निर्विशेष भावले पूर्वोक्त ज्ञेय वस्तुको वर्णन हुन्छ—

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

अन्वयार्थः

तत्	=	त्यो ज्ञेय वस्तु	श्रुतिमत्	=	कान भएको
सर्वतः	=	चारैतिर	लोके	=	लोकमा
पाणिपादम्	=	हातपाउ	सर्वम्	=	सबैलाई
सर्वतः	=	चारैतिर	आवृत्य	=	व्याप्त गरेर
अक्षिशिरोमुखम्	=	नेत्र-शिर-मुख	तिष्ठति	=	रहन्छ
सर्वतः	=	चारैतिर			

१ यसको विशेष विवरण २।१८ को तात्पर्यमा छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

त्यो ज्ञेय तत्त्व (परमात्मा) सर्वत्र हात, खुट्टा, आँखा, टाउको, मुख, कान भएको छ तथा लोकमा समस्त जगत्लाई व्याप्त गरेर रहेको छ ।

तात्पर्य

यद्यपि परमात्मा निरिन्द्रिय, निरवयव हुनाले उहाँका हस्त-पादादि इन्द्रिय वास्तवमा छैनन् ; तथापि समस्त अचेतनलाई सत्ता-स्फुर्ति दिएर आध्यासिक सम्बन्धले सर्वत्र व्याप्त हुँनाले व्याप्य जगत् व्यापक परमात्माको शरीर कहिन्छ । अतः समस्त जगत्मा जति हस्त-पादादि इन्द्रिय देखिन्छन् ती सबै समस्त पिण्डमा क्षेत्रज्ञ-रूपले विराजमान परमात्माकै हुँन् । यसमा प्रमाण शुक्लयजुर्वेदको ऋचा छ— सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्, (३१-१) इत्यादि । पुरुष (परमात्मा) हजारौं शिर-नेत्र-चरणवाला छ तथा समस्त चराचरलाई दशांशले व्याप्त गरेर रहेको छ॥१३॥

मायाद्वारा परमात्मामा परस्पर विरुद्ध सत्ताको समन्वय देखिन्छ—

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

अन्वयार्थः

सर्वेन्द्रियगुणाभासम्	=	सम्पूर्ण इन्द्रियका गुणरूपले भासमान	सर्वभृत् च एव	=	सबैलाई धारण-पोषण गर्ने
सर्वेन्द्रियविवर्जितम्	=	सम्पूर्ण इन्द्रियदेखि रहित	निर्गुणम्	=	गुण रहित
असक्तम्	=	सबैदेखि अलग	गुणभोक्तृ च	=	तथा गुणको भोक्ता पनि
			(अस्ति)	=	छ

सरलार्थ

जो ज्ञेय वस्तु समस्त इन्द्रियका गुण-(धर्म)-रूपले देखिए र पनि समस्त इन्द्रियदेखि रहित छ, सबैदेखि अलग भएर पनि सबैलाई पालन गर्नेवाला छ, तथा निर्गुण भएर पनि गुणहरूको भोक्ता छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

परमेश्वर मायाका पर्दाबाट हेर्दा सम्पूर्ण इन्द्रियदेखि रहित भएर पनि सम्पूर्ण इन्द्रियका वृत्तिमा प्रतिविम्बित, एवं निर्गुण भएर पनि गुणको भोक्ता, असङ्ग भएर पनि ससङ्ग देखिनुहुन्छ ॥ १४ ॥

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

अन्वयार्थः

तत्	=	त्यो ज्ञेय	सूक्ष्मत्वात्	=	सूक्ष्म हुनाले
भूतानाम्	=	भूतवर्गको	तत्	=	त्यो
बहिः	=	बाहिर	अविज्ञेयम्	=	दुर्विज्ञेय
अन्तः च	=	तथा भित्र	दूरस्थम् च	=	टाढा बसेको र
अचरम्	=	स्थावर	अन्तिके च	=	नजिकमा पनि
चरम् एव च	=	तथा जङ्गमरूप छ	(अस्ति)	=	छ

सरलार्थ

त्यो ज्ञेय आत्मा सकल भूतवर्गमा भित्र र बाहिर पनि रहेको छ तथा चराचर जगत्को रूपमा पनि प्रकट भएको छ, त्यो सूक्ष्म हुनाले जान्न कठिन छ औ टाढा पनि छ, नजिक पनि छ ।

तात्पर्य

त्यो ज्ञेय वस्तु सकल भूत-भौतिक वर्गको अधिष्ठान हुनाले सबमा व्याप्त छ, त्यसदेखि भिन्न केही पनि छैन ; तथापि अति सूक्ष्म हुनाले र रूपादिरहित हुनाले दुर्विज्ञेय (जान्न कठिन) छ । अतः आत्मज्ञानपराङ्मुखहरूका प्रति करोडौं वर्षमा पनि अप्राप्य हुनाले अनन्त योजन पर छ । ज्ञान-साधनसम्पन्न पुरुषका प्रति अत्यन्त समीप छ । श्रुतिमा लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बृहच्चतद्दिव्यमचिन्त्यशक्ति सूक्ष्माच्च तत्सूक्ष्मतरं विभाति ।
दूरात्सुदूरे तदिहान्तिके च पश्यत्स्विहैव निहितं गुहायाम् ॥
(मुं. उ. ३-१-७)

त्यो ब्रह्म संसारका सब वस्तुभन्दा बृहत् (महान्) छ । सबैभन्दा सूक्ष्म परमाणु हो, त्यसभन्दा पनि अति सूक्ष्म छ । स्वयंप्रकाश अचित्यरूप छ । त्यही अनेक सूर्य-चन्द्रादि रूपमा देखिएको छ । टाढामा सबैभन्दा टाढा, नगिचमा सबैभन्दा नगिच छ । तत्त्वदर्शीका निम्ति आफ्नै बुद्धिरूपी गुहामा विराजमान छ ॥ १५॥

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

अन्वयार्थः

तत्	=	त्यो	स्थितम्	=	रहेको
ज्ञेयम्	=	ज्ञेय	भूतभर्तृ च	=	भूतहरूलाई पालन गर्ने
भूतेषु	=	भूतवर्गमा			
अविभक्तम्	=	नबाँडिएको	ग्रसिष्णु	=	संहार गर्ने
विभक्तम् इव च	=	बाँडिए जस्तै भएर	प्रभविष्णु च	=	उत्पत्ति गर्ने पनि छ

सरलार्थ

त्यो ज्ञेय वस्तु समस्त भूतमा अभिन्न छ तापनि देह-भेदले भिन्न-भिन्न जस्तो देखिएको छ तथा भूतहरूलाई सृष्टि, स्थिति संहार गर्नेवाला छ ।

तात्पर्य

जस्तै एउटै आकाश अवयव रहित र व्यापक हुनाले वास्तवमा खण्ड-खण्ड भएर बाँडिएको छैन या बाँडिनसक्तैन, तथापि उपाधि-दृष्टिले घटाकाश-मठाकाश रूपमा व्यवहार हुन्छ, त्यस्तै अद्वितीय अखण्डानन्द चैतन्य स्वरूप परमात्मा निरवयव, निरंश, सर्वगत छन् तापनि अविवेक दृष्टिले हेर्दा देहैपिछे भिन्नाभिन्नै जस्तो देखिन्छन् । फेरि जस्तै माकुरो जालका प्रति चेतन अंशबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्त र जड अंशबाट उपादान आँफै छ, त्यस्तै निखिल [1]जीव-[2]जगत्का प्रति सृष्टि, स्थिति, प्रलयको अभिन्न निमित्तोपादान (चेतन अंशबाट निमित्त र प्रकृति अंशबाट उपादान) ब्रह्म नै छ, ब्रह्म नै ज्ञेय वस्तु हो ॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

अन्वयार्थः

तत्	=	त्यो ज्ञेय वस्तु	ज्ञेयम्	=	जान्न योग्य
ज्योतिषाम् अपि	=	सूर्यादि ज्योतिहरूको पनि	ज्ञानगम्यम्	=	ज्ञानद्वारा पाउन योग्य
ज्योतिः	=	ज्योति	सर्वस्य	=	सबैका
तमसः	=	अन्धकारदेखि	हृदि	=	हृदयमा
परम्	=	टाढा	विष्ठितम्	=	रहेको
ज्ञानम्	=	ज्ञान स्वरूप	उच्यते	=	कहिन्छ

सरलार्थ

त्यो ज्ञेय वस्तु सूर्यादि ज्योतिको पनि प्रकाशक, चैतन्य ज्योति तथा अज्ञान-अन्धकारदेखि पर, ज्ञानरूप, ज्ञानद्वारा प्राप्य, सबैका हृदयमा विराजमान छ ।

तात्पर्य

ज्योतिषामपि तज्ज्योतिः—'येन सूर्यस्तपति तेजसेद्धः (कठ. २-५-१६) 'तज्ज्योतिषां ज्योतिः' 'तस्य भाषा सर्वमिदंविभाति,—'जसका प्रकाशले प्रकाशित भएर सूर्य लोकलाई प्रकाश गर्दछन् ; त्यो जोतिको पनि जोति हो ; उनै परमात्मा-का चैतन्य प्रकाशले यी सबै प्रकाशित छन्'—इत्यादि श्रुतिद्वारा त्यो ज्ञेय वस्तु प्रकाशक, आदित्यादि ज्योतिको पनि ज्योति छ । १५।१२-मा भगवान्ले पनि यही कुरा भन्नुभएको छ ।

---

(१) चेतन (२) जड ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तमसः परम्—तम अर्थात् स्वतः प्रकाशशून्य प्रकृति (माया), त्यस-देखि पर। श्रुतिमा लेखिएको छ—'अक्षरात्परतः परः (मुं० २-१-४)—अक्षरात् = प्रकृतिदेखि परमात्मा पर छन्।

ज्ञानम्—ज्ञानस्वरूप अर्थात् प्रत्यक्षादि प्रमाणजन्य अन्तःकरणका तत्त्वाकार वृत्तिमा प्रतिबिम्बित चैतन्य 'ज्ञान' कहिन्छ।

ज्ञेयम्—जो पूर्वोक्त ज्ञान हो त्यही 'ज्ञेय' हो, केवल वृत्तिरूप उपाधिले मात्र 'ज्ञान' भएको छ, यही संवित् चैतन्य ब्रह्म नै ज्ञेय (जान्नयोग्य) तत्त्व हो।

ज्ञानगम्यम्—पूर्वोक्त अमानित्वादि ज्ञान-साधनसम्पन्न अधिकारीद्वारा प्राप्य हुनाले त्यो ज्ञेय वस्तु 'ज्ञानगम्य' कहिन्छ। अथवा 'ज्ञानादेव तु कैवल्यम्'—केवल ज्ञानद्वारा कैवल्यरूप परमात्मा प्राप्त हुनुहुन्छ ; यस श्रुति-वचनानुसार ज्ञान अर्थात् अखण्ड ब्रह्माकार मनोवृत्तिद्वारा मात्र प्राप्त हुने त्यो ज्ञेय वस्तु हो।

हृदि सर्वस्य विष्ठितम्—यद्यपि त्यो ज्ञेय वस्तु ब्रह्म समस्त चराचरमा एक रसले पूर्ण छ, तथापि अति स्वच्छ बुद्धिमा, जलादिमा सूर्यको प्रतिबिम्ब परे झैं, विशेष रूपले उपलब्ध प्राप्त) हुन्छ। यसैले श्रीभगवान् भन्नुहुन्छ—'अहमात्मा गुडाकेश ! सर्वभूताशयस्थितः'—हे आलस्यहीन अर्जुन ! म समस्त प्राणिका हृदय-देशमा वर्तमान छु १०।२० ॥ १७ ॥

एवं प्रकार ५ देखि ६ सम्म क्षेत्रको, ७ देखि ११ सम्म ज्ञानको, १२ देखि १७ सम्म ज्ञेयको वर्णन भयो। अब यस विषयमा अधिकार र फलको वर्णन हुन्छ—

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

अन्वयार्थः

इति	=	यस्ता प्रकारले	समासतः	=	संक्षेपले
क्षेत्रम्	=	कार्यकारण सहित जडवर्ग	उक्तम्	=	भनें
तथा	=	तथा	मद्भक्तः	=	मेरो भक्त
ज्ञानम्	=	ज्ञान	एतत्	=	यसलाई
ज्ञेयम् च	=	औ ज्ञेय	विज्ञाय	=	जानेर
			मद्भावाय	=	मेरो स्वरूपलाई
			उपपद्यते	=	पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

एवं प्रकार क्षेत्र, ज्ञान तथा ज्ञेयको रहस्य संक्षेपले तिमीलाई मैले भनें, मेरो भक्त यसलाई जानेर मेरो स्वरूपलाई पाउँदछ ।

तात्पर्य

माथि कहिएका क्षेत्र, ज्ञान तथा ज्ञेयादिको तत्त्व जान्ने अधिकार भगवान्को एकान्त भक्तलाई मात्र छ । श्वेताश्वतर श्रुतिमा लेखिएको छ—

'यस्य देवे पराभक्तिर्यथा देवे तथा गुरौ ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ॥
(श्वे. ६-२३)

जसको परमेश्वरमा एकान्त भक्ति छ तथा जस्तो परमेश्वरमा छ त्यस्तै गुरुमा छ, त्यही उत्तम साधकलाई उपनिषद् प्रतिपाद्य (उपनिषद्ले बताएका) विषयहरू प्रकाशित हुन्छन् (जानिन्छन् । अतएव द्वादशाध्यायमा वर्णन भएको भगवान्को प्रिय भक्त नै यसमा योग्य अधिकारी छ, यही भक्त क्षेत्र-क्षेत्रज्ञ आदिको तत्त्वलाइ यथार्थ जानेर 'भ्रमर-कीट' न्यायले परमेश्वरको असली स्वरूपमा तन्मय हुनसक्तछ; यसैको नाम "भगवद्भावको प्राप्ति" हो ।

प्रकृति-पुरुषको विवेचनारम्भ—

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ॥१९॥

अन्वयार्थः

प्रकृतिम्	=	प्रकृति	गुणान् च एव	=	गुणहरूलाई पनि
पुरुषम् च	=	तथा पुरुष	प्रकृतिसंभवान्	=	प्रकृतिबाट उत्पन्न भएका
उभौ अपि	=	दुवैलाई	विद्धि	=	जान
अनादी एव	=	अनादि नै			
विद्धि	=	जान			
विकारान् च	=	औ भूतविकार हरू र			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

प्रकृति र पुरुष दुवैलाई अनादि जान, विकार र गुणहरू प्रकृतिबाट उत्पन्न भएका जान ।

तात्पर्य

पहिले सप्तमाध्यायमा जो 'यतद्योनीनि भूतानि'—भनेर समस्त भूतवर्गको कारण परा प्रकृति र अपरा प्रकृतिलाई देखाउनुभएको थियो, तिनैलाई यहाँ साङ्ख्य सिद्धान्तानुसार निर्णय गर्ने विचारले पूर्व प्रस्तावित विषयकै विशेष वर्णन 'प्रकृति-पुरुष' शब्दबाट गर्नुहुन्छ ।

संसारमा जम्मा दुइटा मात्र पदार्थ छन्—एउटा चेतन, अर्को जड । चेतन पुरुष हो, जड प्रकृति हो । यिनै दुईका काल्पनिक सम्बन्धबाट सत्त्व-रज-तमो-गुणका परिणाम—पाँच महाभूत, एघार इन्द्रिय, सोह विकार औ सुख-दुःखादि उत्पन्न भएका छन् । प्रकृतिबाट उत्पन्न भएको स्थूल-सूक्ष्म जगत् बारम्बार उत्पन्न हुन्छ, बारम्बार नष्ट हुन्छ । स्थितिकालमा पनि एकरूप रहँदैन, यसको आकार फेरिंदै रहन्छ । त्यस कारण भूत-भौतिकवर्ग देह इन्द्रिय आदि सबै 'विकार' कहिन्छन् । परन्तु प्रकृति र पुरुष यी दुवै अनादि छन् अर्थात् यिनको उत्पत्ति छैन । किनभने समष्टि जगत्को कारण हुनाले प्रकृति अनादि छ । यदि यसको पनि कारण मान्ने हो भने कारणको पनि कारण मान्नुपर्ला, पुनः कारणको पनि कारण एवं प्रकार मान्दै जाँदा अनवस्था [स्थितिरहित] दोष होला । त्यस कारण प्रकृति नै सबैको अनादि कारण सिद्ध हुन्छ । एवं प्रकार पुरुषको अनादि भाव पनि प्रकृतिका धर्म—हर्ष, शोक, भय आदिलाई देखेर अनुमान गर्न-सकिन्छ; अन्यथा [पुरुष अनादि नभए] 'अकृताभ्यागम' अर्थात् गर्दैनगरे-का कर्मको भोग-प्राप्तिरूपी दोष हुन्छ । किनकि पुरुषको उत्पत्ति हुनुभन्दा पहिले पुरुषको सत्ता नभएको हुनाले त्यसबाट गरिएका भावीमा सुख-दुःख दिने कर्मको अभाव हुन्छ; कर्मको अभाव भएपछि जन्मको अभाव हुन्छ । परन्तु जन्म र सुख-दुःखादिको भोग समस्त जीवलाई अनुभव भएको छ र बीजाङ्कुर जस्तै देखिएको पनि छ । यसैले जीव या पुरुष पनि अनादि नै सिद्ध हुन्छ ॥ १९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकारहरूको आरम्भक कारण र पुरुषको संसारदशा—

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

अन्वयार्थः

कार्यकारणकर्तृत्वे	=	शरीर र इन्द्रियलाई उत्पन्न गर्ने विषयमा	सुखदुःखानाम्	=	सुख-दुःखहरूको
प्रकृतिः	=	प्रकृति	भोक्तृत्वे	=	भोगका विषयमा
हेतुः	=	कारण	पुरुषः	=	पुरुष
उच्यते	=	कहिन्छ	हेतुः	=	कारण
			उच्यते	=	कहिन्छ

सरलार्थ

शरीर र इन्द्रियको उत्पत्तिमा प्रकृति, सुख-दुःखको भोगमा पुरुष कारण छ ।

तात्पर्य

साङ्ख्य दर्शनका अनुसार प्रकृति सत्य छ, उसको नाश कहिले पनि हुँदैन । प्रलय र सृष्टि संकोच र विकाशमात्र हुन् । जसरी माटोबाट गाग्रो बन्दछ, गाग्रो फुटेपछि फेरि माटै हुन्छ, माटोको नाश कुनै अवस्थामा पनि हुँदैन, त्यस्तै प्रकृति नै कार्य-जगत्को रूपमा प्रकट हुन्छ, फेरि कार्यको नाश भएपछि प्रकृति कारणरूपले नै रहन्छ । प्रकृति यद्यपि जड छ तथापि जस्तै–चुम्बकको सत्तालाई पाए र फलाममा क्रिया उत्पन्न हुन्छ त्यस्तै–पुरुषको सत्तालाई पाएर चेतन जस्तै भएर समस्त विश्वको सृष्टि गर्दछे, यसरी प्रकृतिलाई कर्ता मानेर पुरुषलाई भोक्ता मानिएको छ । किनकि सुख-दुःख मध्ये कुनै एकको अनुभव 'भोग' हो, यो अनुभव ज्ञान-शून्य प्रकृति जड हुँनाले हुनसक्तैन ; यसैले पुरुषलाई भोक्ता मानिएको छ । किन्तु गीताको अनुसार चैतन्य कर्ता पनि छैन, भोक्ता पनि छैन । केवल प्रकृतिको सान्निध्यले स्फटिकमणिमा जपाकुशुमको आभा परे झैं प्रकृतिका कर्तृत्व र सुख-दुःख-मोहादिगुणहरूको चैतन्यमा प्रतिबिम्ब पर्दछ र अज्ञानवश

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्ता-भोक्तापनाको भाव उदय हुन्छ। यसैले श्लोकमा प्रकृतिलाई कर्तापनामा कारण र पुरुषलाई भोक्तापनामा कारण मानिएको छ, यो कारण केवल निमित्त कारणमात्र हो, यस श्लोकमा 'कार्य' शब्दले शरीर र शरीरारम्भक पञ्चमहाभूत तथा शब्दादि विषय औ 'करण' शब्दले दश इन्द्रिय, मन, बुद्धि, अहंकार लिएको छ ॥२०॥

वास्तवमा असङ्ग पुरुष सुख-दुःखको भोक्ता संसारी हुनमा निमित्त—

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

अन्वयार्थः

हि	=	किनभने	भुङ्क्ते	=	भोग्दछ
प्रकृतिस्थः	=	प्रकृतिमा रहेको	अस्य	=	पुरुषको
पुरुषः	=	पुरुष	सत्असत्योनि-जन्मसु	=	उत्तम-अधम योनिमा जन्मनलाई
प्रकृतिजान्	=	प्रकृतिबाट उत्पन्न भएका	गुणसङ्गः	=	गुणको आसक्ति
गुणान्	=	गुणहरूलाई	कारणम्	=	कारण छ

सरलार्थ

किनभने प्रकृतिमा तादात्म्यभावले रहेको पुरुष प्रकृतिजन्य सुख-दुःख-मोहादि गुणहरूलाई भोग्दछ। यसलाई उत्तम-अधम योनि मिल्नमा कारण प्रकृतिकै गुण शब्दादिको आसक्ति अथवा तादात्म्य अभिमान हो।

तात्पर्य

देह-इन्द्रिय अन्तःकरणरूपमा परिणत प्रकृतिका साथ तादात्म्य हुनाले पुरुषलाई म ब्राह्मण हुँ, म मनुष्य हुँ, कालो छु, गोरो छु, कानो छु, बहिरो छु, सुखी छु दुःखी छु, इत्यादि प्रकृतिका धर्महरूको अध्यास-(भ्रान्ति)-रूप अनुभव हुनलाग्दछ। प्रकृतिका गुणभोगमा लम्पट पुरुष प्रकृतिबाट पैदाभएका शब्द-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्श आदि गुणरूप विषयमा अत्यन्तै आसक्त हुन्छ। यही आसक्तिरूप बन्धन यसलाई देव, मनुष्य तथा पशु आदि योनिमा जन्माउने कारण हुन्छ। यद्यपि स्वभावैले नित्य मुक्त पुरुषलाई कुनै पनि बन्धन थिएनन्, तथापि स्वच्छ आत्मामा प्रतिबिम्बित प्रकृतिका गुणाभासलाई अविवेकले आफ्नै ठहर्‍याएर आँफैले कल्पना गरेका बन्धनले आफै बाँधिन्छ। जस्तै सुगा पक्डनेहरूले धान-खेतमा जहाँ पानी छ, त्यहाँ बाँसका साना २ ढुङ्ग्रा फलामको तारमा उनेर पानी-माथि टाँगेका हुन्छन्। सुगाहरू उड्दै आएर त्यहीं तार उनिराखेको बाँसको ढुङ्ग्रामा बस्दछन्। सुगा बस्नासाथ बाँसको ढुङ्ग्रो घुम्दछ र सुगाको टाउको तल, गोडा माथि हुन्छन् अनि उसले पानीमा आँफू झुण्डिएको प्रतिबिम्ब देखेर मलाई व्याधाले पाशोमा पारेछ भन्ने भ्रान्तिले झुण्डिइरहन्छ। यसपछि व्याधाले सजिलै सँग १-१ गरेर समात्छ। यही दशा जीवको छ। यसरी बाँधिएको पुरुष प्रकृतिका गुणहरूको भोक्ता कहिन्छ। भोगैले गर्दा अज्ञान-दशामा जीवको जन्म-मरण-चक्र अविराम गतिले घुमिरहन्छ। यसैलाई "सांसारिक अवस्था" भन्दछन् ॥२१॥

प्रकृतिका साथ मिथ्या तादात्म्यले गर्दा पुरुष संसारी जस्तो देखिन्छ तापनि वास्तवमा असङ्ग छ—

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

अन्वयार्थः

अस्मिन	=	यस	भर्ता	=	धारण गर्ने
देहे	=	देहमा	भोक्ता	=	उपभोग गर्ने
पुरुषः	=	जीवात्मा	महेश्वरः	=	महेश्वर
परः	=	प्रकृतिका गुणदेखि निर्लिप्त	परमात्मा च	=	तथा परमात्मा
उपद्रष्टा	=	नजिकमा वसेर हेर्ने	इति अपि	=	यस्तो पनि
अनुमन्ता च	=	तथा अनुमोदन गर्ने	उक्तः	=	कहिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यस शरीरमा पुरुष शरीरदेखि पर तथा निर्लिप्त भएर समस्त शारीरिक क्रियाहरूलाई देख्ने, ती कर्ममा आफ्नू राय दिने, धारण र प्रकाश गर्ने, महेश्वर-रूप छ, त्यही 'परमात्मा' (उत्तमपुरुष) कहिन्छ ।

तात्पर्य

यस श्लोकमा वेदान्तशास्त्रको अन्तिम लक्ष्य—जीवात्मा-परमात्माको एकता-विज्ञान स्पष्टतर रूपले वर्णन भएको छ। साङ्ख्य सिद्धान्तानुसार विवेकका सह-योगबाट पुरुषले आँफूलाई असङ्ग ठहऱ्याए पछि त्यसका समस्त बन्धनहरू काटि-न्छन् , त्यो स्वतन्त्र एवं मुक्त हुन्छ। प्रकृति पनि पुरुषलाई मोक्ष दिइसके पछि मुक्त-भोगा (भोग सकिएकी) भएर छुट्दछे । वेदान्त-सिद्धान्तानुसार यही विवेकी असङ्ग पुरुष विशुद्ध 'त्वं' पदार्थ कहिन्छ । तत्त्वमस्यादि महावाक्यका भागत्याग-लक्षणाद्वारा विशुद्ध 'तत्पदार्थ'-(ब्रह्म)-का साथ उक्त त्वंपद लक्ष्य—आत्मा-(असङ्ग पुरुष)-को अभिन्नता वर्णन गरिएको छ; अतः जो 'पुरुष', 'जीव', 'आत्मा', 'क्षेत्रज्ञ', 'परा प्रकृति' आदि शब्दले कहिएको छ त्यही परमात्मा, उत्तम-पुरुष, महे-श्वर, ब्रह्म हो। यही व्यापक ब्रह्मचैतन्य प्रकृतिका विकार देह-इन्द्रिय आदि उपाधिमा साक्षीरूपले रहेर उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता भएको छ, परन्तु वास्तवमा पुरुषो-त्तम हुनाले ब्रह्मादि देवताको पनि अधिपति छ। श्रीभगवान्ले १५ अध्यायमा भन्नु-भएको छ 'उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः'—क्षराक्षरविलक्षण उत्तम पुरुष परमात्मा कहिन्छ । महेश्वरका विषयमा महर्षि पतञ्जलिको सूत्र छ—'स पूर्वेषामपि गुरुः कालेना-नवच्छेदात्' (१।२६)—उनी परमात्मा ब्रह्मादिका पनि उपदेशक छन् ; किनभने उनीमा कालकृत परिच्छेद (अन्त) छैन ॥२२॥

मुक्तिको साधन ज्ञान—

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यः	=	जो	सः	=	त्यो
एवम्	=	यस्ता प्रकारले	सर्वथा	=	सब प्रकारले
पुरुषम्	=	पुरुषलाई	वर्तमानः अपि	=	रहेर पनि
गुणैःसह	=	गुणहरूका साथ	भूयः	=	फेरि
प्रकृतिं च	=	प्रकृतिलाई पनि	न अभिजायते	=	जन्मदैन
वेत्ति	=	जान्दछ			

सरलार्थ

जो एवं प्रकार पुरुष र गुणसहित प्रकृतिलाई जान्दछ त्यसले जस्तोसुकै व्यवहार गरे तापनि फेरि जन्मदैन ॥२३॥

तात्पर्य

१३।२२ मा बताए अनुसार पुरुषलाई परमात्मा, पुरुषोत्तम, क्षेत्रज्ञ र प्रकृतिलाई त्रिगुणात्मिका समस्त विकारको कारण, मिथ्या क्षेत्ररूपा जान्नु प्रकृति-पुरुषको विवेक हो। जस्तोसुकै व्यहार गरे तापनि भन्नाको तात्पर्य के भने तत्त्वज्ञानी पुरुष कर्म-विकर्म, विधि-निषेध-रूपी द्वन्द्वबाट पर हुनाले प्रारब्ध वेगबाट यदि उसद्वारा केही शास्त्रनिषिद्ध या लोकगर्हित कर्म हुनगए तापनि उसका मोक्ष-पथमा त्यस कर्मले बाधा दिनसक्तैन। यस विषय मा एउटा श्लोक पाइन्छ—

"भेदाभेदौ सपदि गलितौ पुण्यपापे विशीर्णे।
मायामोहौ क्षयमधिगतौ नष्टसन्देहवृत्तेः॥
शब्दातीतं त्रिगुणरहितं प्राप्य तत्त्वावबोधम्।
निस्त्रैगुण्ये पथि विचरतः को विधिः को निषेधः॥

भेद र अभेद दुइटै नष्ट हुन्छन्, न पुण्य रहन्छ न पाप, माया र मोहको नाश हुन्छ, सन्देहजनक चित्तका वृत्तिहरूको समाप्ति हुन्छ। जुन अवस्थामा मनुष्य शब्दातीत, त्रिगुण रहित ब्रह्मतत्त्वलाई पाउँदछ त्यस दशामा त्रिगुण रहित (गुणातीत) पथका पथिकलाई विधि-निषेध केही पनि रहँदैनन्। एवं प्रकार १९ देखि यहाँ-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्म सांख्य दर्शनका उपपत्ति बाट क्षेत्र-क्षेत्रज्ञको विचार गरेर अन्तमा उपनिषद् को अद्वैतज्ञानमा समन्वय गरेको छ। यही सांख्यदर्शनका साथ गीताको समन्वय हो ॥ २३ ॥

आत्मतत्त्वसाक्षात्कारका विविध उपायहरू—

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना।
अन्ये साँख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

अन्वयार्थः

केचित्	=	कोही साधक	अन्ये	=	अरू कोही साधक
ध्यानेन	=	ध्यानले	सांख्येन योगेन	=	सांख्य योगले
आत्मनि	=	बुद्धिमा	अपरे च	=	तथा अरू साधक
आत्मानम्	=	आत्मालाई	कर्म योगेन	=	निष्काम कर्मयोग द्वारा
आत्मना	=	अन्तःकरणका वृत्तिद्वारा	पश्यन्ति	=	देख्दछन्

सरलार्थ

कोही साधक आफ्नै बुद्धिमा ध्यानका सहायताले शुद्धअन्तःकरणका वृत्ति-द्वारा आत्मालाई देख्दछन्, कोही सांख्ययोगका अभ्यासले, कोही कर्मयोगद्वारा देख्दछन् ॥ २४ ॥

तात्पर्य

साध्य एउटै भए तापनि साधन भिन्न-भिन्न हुनाको तात्पर्य के भने—मनुष्य-को प्रकृति भिन्न-भिन्न छ। प्रकृति-अनुकूल साधन मिल्यो भने साधक पनि चाँडै साध्यतिर लम्कनसक्तछ, नत्र उसलाई साध्य सधैं असाध्य नै भैरहन्छ। यसैले यहाँ आत्मज्ञानका मुख्य तीन उपाय बताइएका छन्—ध्यानयोग, सांख्ययोग, तथा कर्मयोग। यी मध्ये जुन्सुकै मार्गबाट पनि साधकलाई परमात्माको ज्ञानद्वारा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा मुक्ति मिल्दछ । कुनै सानु र कुनै ठूलो भन्ने भाव पनि यिनमा छैन, जसलाई जुन अनुकूल हुन्छ, त्यसका निम्ति त्यही ठूलो हो ॥२४॥

अति मन्दाधिकारिका निम्ति ज्ञानसिद्धिको उपाय—

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

अन्वयार्थः

तु	=	किन्तु	उपासते	=	अनुष्ठान गर्दछन्
अन्ये	=	अरू	श्रुतिपरायणाः	=	श्रवणमा परायण
एवम्	=	यस्तो	ते अपि च	=	तिनीहरू पनि
अजानन्तः	=	नजान्नेहरू	मृत्युम्	=	मृत्युलाई
अन्येभ्यः	=	अरूद्वारा	अति तरन्ति एव	=	अवश्य तर्दछन्
श्रुत्वा	=	सुनेर			

सरलार्थ

किन्तु यस्ता रीतले आँफै-आँफ ज्ञान जसलाई हुँदैन तिनीहरूले अरूबाट सुनेर खालि सुनेका भरले पनि मृत्युलाई तर्दछन् ।

तात्पर्य

अतिकारुणिक श्रीभगवान् आनन्दकन्द श्रीकृष्णचन्द्र सर्वजनसाधारणका निमित्त सरल उपायको उपदेश गर्नुहुन्छ—जो शास्त्र-संस्कारशून्य, अति मन्द बुद्धि भएका मनुष्यहरू छन्, ती पनि ब्रह्मनिष्ठ श्रोत्रिय गुरुद्वारा 'तिमीले यस्तै प्रकारको साधन या भजन गर' भन्ने आफ्नू अधिकारानुसारको उपदेश पाएर त्यसैको श्रद्धा-भक्तिद्वारा अनुष्ठान गरेपछि ती पनि भवसागर पार हुन्छन् । एवं प्रकार केवल श्रवण मात्रले आत्मपथमा प्रवृत्त साधकलाई परमात्मा प्राप्त हुन्छन् भने स्वयं विचारवान् पुरुषहरू,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो तत्त्वज्ञानका सहयोगले पूर्वोक्त योगमा प्रवृत्त भएका छन् यस्ता साधकलाई परमात्मा अवश्यै मिल्दछन्, यसमा अणुमात्र पनि सन्देह छैन। यही भाव श्लोकमा रहेको 'अपि' शब्दले जनाउँद छ ।।२५।।

जो अनादि अविद्या हो त्यही संसारको कारण हो; अतः विद्या त्यसको विरोधी हुनसक्दछ; त्यस कारण अब यहाँदेखि लिएर अध्याय समाप्तिपर्यन्त बन्धनरूप संसारलाई तोड्ने ज्ञानको विशेष विस्तार साङ्ख्य र वेदान्तका सिद्धान्तको समन्वयद्वारा हुन्छ—

यावत्संजायते किंचित्सत्त्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ! ॥२६॥

अन्वयार्थः

हे भरतर्षभ !	=	हे अर्जुन !	सञ्जायते	=	उत्पन्न हुन्छ
यावत्	=	जो	तत्	=	त्यो
किञ्चित्	=	केही	क्षेत्रक्षेत्रज्ञसंयोगात्	=	क्षेत्र र क्षेत्र संयोगबाट
स्थावरजङ्गमम्	=	चराचर			
सत्त्वम्	=	वस्तु	विद्धि	=	जान

सरलार्थ

हे भरतवंशमा श्रेष्ठ अर्जुन ! तिमी संसारमा जो-जति चल-अचल सृष्टि देख्दछौ, त्यो सब प्रकृति-पुरुषका संयोगबाट बनेको जान ।।२६।।

तात्पर्य

यद्यपि क्षेत्ररूपा प्रकृति अनादि अविद्यारूप हुनाले जड, अनिर्वचनीय छ, पुरुष यसदेखि भिन्नै चालको—स्वप्रकाश, चैतन्य, असंग, उदासीन छ; त्यसकारण यी दुईको परस्पर संयोगसम्बन्ध घट्नसक्तैन, तथापि अघटितघटनापटीयसी मायाद्वारा या प्रकृति-पुरुषको अविवेक निमित्तबाट मिथ्या तादात्म्याध्यास हुन्छ। यही अध्यास श्लोकमा रहेको 'संयोग' शब्दको विवक्षित अर्थ हो। घट र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पटको जस्तो संयोग होइन । भागवतमा पनि लेखिएको छ— 'उभययुजाभवन्त्य-सुभृतो जलबुद्बुदवत् (१०।८७।३१) जड-चेतनको मिथ्या पारस्परिक सम्बन्धबाट पानीका हाँडा जस्तै प्राणीहरूको सृष्टि हुन्छ । समस्त विश्वको कारणै यही हो, त्यसकारण संसारमा कुनै पनि चल-अचल यस्तो वस्तु छैन, जो प्रकृति-पुरुषको संयोगबाट पैदा न भएको होस् ॥२६॥

सम्यक्दर्शनको स्वरूप—

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

अन्वयार्थः

सर्वेषु	=	समस्त	अविनश्यन्तम्	=	अविनाशीरूपले स्थित
भूतेषु	=	भूतवर्गमा	परमेश्वरम्	=	परमेश्वरलाई
समम्	=	एक रसले	यः	=	जो
तिष्ठन्तम्	=	विराजमान	पश्यति	=	देख्दछ
विनश्यत्सु	=	सबैभूतको नाश भएमा	सः	=	त्यो
			पश्यति	=	देख्दछ

सरलार्थ

सम्पूर्ण भूतमा एकनासले रहेको तथा सबै भूतको नाश हुँदा पनि जसको नाश हुँदैन, यस्तो परमेश्वरलाई जसले देख्दछ, त्यसले सत्य तत्त्वलाई देखेको ठहर्छ ॥ २६ ॥

तात्पर्य

संसारमा जे जति स्थावर जङ्गम वस्तुहरू छन्, ती सबै विषम दोषले ग्रस्त छन्, किनभने प्राकृतिक गुण-वैषम्यको नामै सृष्टि हो । जहाँसम्म सृष्टि छ त्यहाँसम्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसको विषमता हट्दैन । किन्तु परमात्मा यसदेखि विलक्षण 'सम' छन् । एवं जगत्का समस्त वस्तुहरू क्षण-परिणामी छन, परमेश्वर अचल छन् । निखिल विश्ववर्ती सकल व्यक्ति विनाशशील छन्, परमेश्वर अविनाशी छन् । अतः विषम प्रकृतिका भित्र समरूपले विराजमान, चल वस्तुका भित्र अचल, दृष्ट-नष्ट वस्तुका भित्र स्थिरस्थायी रूपले रहेका परमेश्वरलाई जो देख्दछ, त्यही वास्तवमा सम्यक्-दर्शी (यथार्थ देख्ने) हो, यसदेखि विपरीत देख्ने भ्रान्तदर्शी हुन् ॥२७॥

सम्यक्दर्शनको फल—

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम्।२८।

अन्वयार्थ

सर्वत्र	=	सबै ठाउँमा	आत्मानम्	=	आँफूलाई
समवस्थितम्	=	समभावले रहेको	न हिनस्ति	=	घात गर्दैन
ईश्वरम्	=	ईश्वरलाई	ततः	=	त्यसपछि
समम्	=	सम	पराम् गतिम्	=	उत्तम गतिलाई
पश्यन् हि	=	देखेर नै	याति	=	पाउँदछ
आत्मना	=	आँफूले			

सरलार्थ

सर्वत्र समभावले रहेको ईश्वरलाई समदृष्टिले देखेपछि आँफूले आँफूलाई घात गर्दैन अनि परमगति पाउँदछ ॥ २८ ॥

तात्पर्य

पूर्वोक्त सम्यक्दर्शी, समरस आत्मालाई सर्वत्र जानेपछि आत्मघाती हुँदैन, परमगति पाउँदछ । जसले दुर्लभ मानव-जन्म पाएर परम गतिका निमित्त पुरुषार्थ गर्दैन, त्यो आत्मघाती हो, श्रीमद्भागवतमा लेखिएको छ—

'नृदेहमाद्यं सुलभं सुदुर्लभं प्लवं सुकल्पं गुरुकर्णधारम् ।
मयानुकूलेन नभस्वतेरितं पुमान्भवाब्धिं न तरेत्स आत्महा ॥'
(११-२०-१७)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुण्यात्मालाई सुलभ, पापात्मालाई दुर्लभ, संसार-समुद्र तर्नलाई दीर्घनौका (जहाज), सद्गुरु नै जस नौकालाई पार लगाउनेवाला कर्णधार (माझी) छन् , परमेश्वरका अनुकूल वायुद्वारा प्रेरित, यस्तो मनुष्य शरीररूपी श्रेष्ठ नौकालाई पाएर जो संसार-समुद्र तर्दैन, त्यो आत्मघाती हो । उपनिषद्मा पनि लेखिएको छ—

असूर्या नाम ते लोका अन्धेन तमसावृताः ।
तांस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनोजनाः ॥
(ईशावा० ३)

आत्मघाती बद्ध जीवहरू मृत्युका अनन्तर अज्ञान-आवृत असुरलोकमा जान्छन् , एवंप्रकार महाभारतको शकुन्तला वचनरूपा स्मृति पनि छ—

योऽन्यथा सन्तमात्मानं योऽन्यथा प्रतिपद्यते ।
किं तेन न कृतं पापं चौरेणात्मापहारिणा ॥ ५ ॥

जो अन्य प्रकार-(निर्विकार)-ले रहेको आत्मालाई अन्यप्रकार-(सविकार)-रूपले जान्दछ, त्यो आत्मापहारी (आत्मालाई सत्य पथबाट खसाल्ने) चोरले के पाप गरेन ? अतः आत्मोद्धारै परम कर्तव्य हो, आँफूलाई जान्नु नै सबैभन्दा ठूलो पुण्य हो, आँफूलाई नजान्नु नै सबैभन्दा ठूलो पाप हो ॥ २८ ॥

क्रियाशील प्रकृतिभित्र निर्विकार आत्मा—

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

अन्वयार्थः

यः	=	जो पुरुष	आत्मानम्	=	आत्मालाई
सर्वशः	=	सबै प्रकारबाट	अकर्तारम्	=	केही पनि नगर्ने
कर्माणि	=	कर्महरूलाई	पश्यति	=	देख्दछ
प्रकृत्या एव च	=	प्रकृतिद्वारा नै	सः	=	त्यो
क्रियमाणानि	=	गरिएका	पश्यति	=	देख्दछ
तथा	=	तथा			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जसले सबै कर्महरू सबै तरहबाट प्रकृतिद्वारा नै हुन्छन् , आत्मा अकर्ता छ भन्ने जान्दछ त्यसले सत्य तत्त्वलाई देखेको ठहर्छ ।

तात्पर्य

देह-इन्द्रियबाट जे जति कर्महरू हुन्छन्, ती सबको कर्ता प्रकृति नै हो , आत्मा अकर्ता छ भनेर जान्ने नै यथार्थ जान्ने हो । किनभने दृश्य संसारको समस्त चाञ्चल्य प्रकृतिद्वारा नै उत्पन्न हुन्छ, चेतन यी सबदेखि पर, निश्चल, कर्तृत्व-भोक्तृत्व-धर्मदेखि रहित छ । यस सिद्धान्तमा सांख्य र वेदान्त दुवैको पूर्ण सहमत छ, तर पूर्व श्लोकमा बताएको निखिल क्षेत्रमा आत्माको एकता सांख्य दर्शनलाई मान्य छैन ; किन्तु सांख्य दर्शनमा बताएका प्रकृति-पुरुष विभागादि वेदान्त दर्शनमा अमान्य छैनन् ॥२९॥

विभिन्न क्षेत्रको अभिन्न आधार—

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ॥३०॥

अन्वयार्थः

यदा	=	जब	विस्तारम्	=	फैलिएको
भूतपृथक्भावम्	=	भूतहरूको भिन्नता	अनुपश्यति	=	देख्दछ
एकस्थम्	=	एकै ठाउँमा रहेको	तदा	=	त्यस दशामा
ततः एव च	=	औ तहींबाट	ब्रह्म	=	ब्रह्मलाई
			सम्पद्यते	=	पाउँदछ

सरलार्थ

जसबेला समस्त भूतहरूको विभिन्नता एउटै आत्मामा रहेको तथा यही एउटै आत्माबाट सकल भूतहरूको विस्तार भएको देख्दछ त्यसबेला ब्रह्मलाई पाउँदछ ॥३०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

समस्त भूत-भौतिक जगत्को विभिन्नभाव एउटै—अद्वितीय आत्मामा आध्यासिक सम्बन्धले रहेको, त्यही अधिष्ठान सत्ताका आधारमा मिथ्या भ्रमात्मक जगत्को स्वप्न प्रपञ्च गन्धर्व नगरादि झैं सृष्टिविस्तार भएको देख्ने पुरुष ब्रह्म-रूपै हुन्छ। श्रुतिमा लेखिएको छ—

"यस्मिन् सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः।
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः॥
(ईशावा० ७)

समस्त भूत-भौतिक जगत्लाई आफ्नू आत्मादेखि अभिन्न जान्ने अद्वैतदर्शी पुरुषलाई त्यस दशामा के शोक ? के मोह ?। पूर्व श्लोकमा आत्मभेदको, यसमा अनात्मभेदको पनि खण्डन भएको छ ॥३०॥

आत्मा निर्लिप्त हुनमा कारण—

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः।
शरीरस्थोऽपि कौन्तेय ! न करोति न लिप्यते ॥३१॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	निर्गुणत्वात्	=	गुणरहित हुनाले
अयम्	=	यो	शरीस्थः अपि	=	शरीरमा रहेर पनि
अव्ययः	=	अविनाशी	न करोति	=	गर्दैन
परमात्मा	=	परमात्मा	न लिप्यते	=	लिप्त हुँदैन
अनादित्वात्	=	आदिरहित हुनाले			

सरलार्थ

हे अर्जुन ! यो अविनाशी परमात्मा अनादि र निर्गुण हुनाले शरीरमा रहेको छ तापनि केही गर्दैन, कुनै कर्मद्वारा पनि लिप्त हुँदैन ॥ ३१ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

संसारमा जो-जो वस्तुको व्यय (नाश) देखिन्छ, त्यो धर्मीको या धर्मको नाश-द्वारा देखिन्छ, परन्तु परमात्मा अनादि हुनाले धर्मीरूप शरीर भैं उत्पाद्य (उत्पन्न हुन योग्य) छैनन्, जो सादि (उत्पत्तिवाला) पदार्थ हुन्छ त्यही धर्मी हुन्छ। एवं प्रकार परमात्मा निर्गुण हुनाले त्यहाँ कुनै पनि धर्म छैनन्, किनकि जो सगुण हुन्छ त्य- सैमा धर्महरू रहन्छन्। यस्ता प्रकारले धर्म र धर्मी दुवैको निषेध भए-पछि यी दुईद्वारा हुने 'व्यय पनि आँफै निषिद्ध हुन्छ।

हुनत अनादि पदार्थ भए तापनि 'प्रागभाव' को नाश देखिन्छ, तथापि परमात्मा अभावरूप हुनुहुन्न, भावरूप हुनुहुन्छ ; त्यसकारण 'अनादि भावत्वम् अव्ययत्वम्' अर्थात् जो अनादि भावरूप पदार्थ हुन्छ त्यही अव्यय हो, यस्तो अ-व्ययको लक्षण हुन्छ। तर यत्तिमात्र लक्षण गर्दा यो लक्षण अविद्यामा पनि जान्छ, किनकि अविद्या पनि अनादि भाव पदार्थ हो ; तर ज्ञानद्वारा अविद्या को नाश हुन्छ, त्यस कारण 'अनादिभावत्वे सति ज्ञाननिवर्त्यत्वम्' (अनादि भावरूप भएर ज्ञा-नद्वारा निवृत्त हुने) यस्तो अविद्याको लक्षण हुन्छ। अतः श्रीभगवान्ले अव्ययको अर्को विशेषण दिनुभएको छ—'निर्गुणत्वात्', अब लक्षणको आकार यस्तो भयो—निर्गुणत्वे सति अनादि भावत्वम् अव्ययत्वम्' (निर्गुण भएको अनादि भाव अव्यय कहिन्छ)। अब अविद्यामा लक्षणको अतिव्याप्ति छैन, किनकि अविद्या त्रिगुणा-त्मिका छ, परमात्मा निर्गुण, निर्विकार, अव्यय, एकरस हुनुहुन्छ, उहाँ प्रकृतिका भित्र विराजमान भएर पनि प्रकृतिका समस्त परिणाम निखिल कार्य कुनैमा पनि लिप्त हुनुहुन्न ॥ ३१ ॥

निर्लिप्तताका विषयमा आकाशको दृष्टान्त—

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यथा	=	जस्तै	सर्वत्र	=	समस्त
सर्वगतम्	=	सर्वत्र व्याप्त	देहे	=	शरीरमा
आकाशम्	=	आकाश	अवस्थितः	=	रहेको
सौक्ष्म्यात्	=	सूक्ष्म हुनाले	आत्मा	=	आत्मा
न उपलिप्यते	=	लिप्त हुँदैन	न उपलिप्यते	=	लिप्त हुँदैन
तथा	=	त्यस्तै			

सरलार्थ

जस्तै आकाश चारैतिर फैलिएर पनि सूक्ष्म हुनाले कहीं पनि लिप्त भएको छैन अर्थात् छोइएको छैन। त्यस्तै सम्पूर्ण शरीरमा रहे तापनि आत्मा लिप्त छैन ॥ ३२ ॥

तात्पर्य

प्रकृति तमोमयी छ, परमात्मा प्रकाशमय छन्। प्रकृति गुणदोषले युक्त छ, परमात्मा गुणदोष दुवैदेखि पर छन्। त्यसकारण परमात्मा प्रकृति-सम्बन्धी समस्त व्यापारबाट निर्लिप्त छन्। यसमा दृष्टान्त आकाश छ। जस्तै—आकाश अवयवरहित हुनाले जाती-न-जाती सब वस्तुमा व्याप्त भएर पनि तिनीहरूका गुणदोषले निर्लिप्त छ, त्यस्तै परमात्मा पनि अवयवरहित हुनाले उत्तमाधम सकल विश्वका परमाणु तक व्याप्त भएर पनि लिप्त छैनन्, यही आत्माको असङ्गता हो ॥३२॥

सूर्यको दृष्टान्त—

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत! ॥३३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

हे भारत !	=	हे अर्जुन !	प्रकाशयति	=	प्रकाश गर्दछन्
यथा	=	जस्तै	तथा	=	त्यस्तै
एकः	=	एउटा	क्षेत्री	=	क्षेत्रज्ञले
रविः	=	सूर्यले	कृत्स्नम्	=	समस्त
इमम्	=	यो	क्षेत्रम्	=	क्षेत्रलाई
कृत्स्नम्	=	समस्त	प्रकाशयति	=	प्रकाश गर्दछ
लोकम्	=	संसारलाई			

सरलार्थ

हे अर्जुन ! जस्तै एउटै सूर्यले समस्त संसारलाई प्रकाश गर्दछन् त्यस्तै क्षेत्रज्ञ परमात्माले पनि समस्त क्षेत्र-(शरीर)-लाई प्रकाश गर्दछन् ।

तात्पर्य

सूर्यको दृष्टान्त दिनाले, जसरी सूर्य ऊँच-नीच समस्त जगत्लाई प्रकाश गरेर पनि त्यसबाट सदा असम्बद्ध रहन्छन , त्यस्तै परमात्मा पनि समस्त स्थूल-सूक्ष्म प्रकृति-विकृतिरूप पिण्ड-ब्रह्माण्डमय जगत्लाई सत्ता-स्फूर्तिप्रदानद्वारा प्रकाश गरेर पनि प्रकाश्य जगत्का धर्मदेखि सदा असम्बद्ध हुनुहुन्छ भन्ने सिद्ध हुन्छ, कठ श्रुतिमा लेखिएको छ—

सूर्यो यथा सर्वलोकस्य चक्षुर्न लिप्यते चाक्षुषैर्बाह्यदोषैः ।
एकस्तथा सर्वभूतान्तरात्मा न लिप्यते लोकदुःखेन बाह्यः ॥

(कठो० २।५।१२)

जस्तै सूर्य समस्त जगत्को नेत्ररूप भएर पनि नेत्रका बाह्यदोषले लिप्त छैनन्, त्यस्तै अद्वितीय परमात्मा सर्वभूतवर्गका भित्र रहेर पनि बाह्य लौकिक दुःखले लिप्त छनन् ॥३३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समग्र अध्यायको फल-वर्णनपूर्वक प्रसंगको उपसंहार—

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे क्षेत्रक्षेत्रज्ञविभागयोगो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

अन्वयार्थः

ये	=	जो	तप्रकृतिमोक्षम् च	=	तथा भूतहरूको कारण अविद्या-बाट छुटने उपाय
ज्ञानचक्षुषा	=	ज्ञानरूपी नेत्रले	विदुः	=	जान्दछन्
क्षेत्रक्षेत्रज्ञयोः	=	प्रकृति र पुरुषको	ते	=	ती
एवम्	=	यस्तो	परम्	=	परम पदमा
अन्तरम	=	परस्पर वैलक्षण्य	यान्ति	=	जान्छन्

सरलार्थ

जो ज्ञानरूपी नेत्रले प्रकृति र पुरूषको पूर्वोक्त प्रकारको अन्तर तथा भूतहरू-को [1]उपादान कारण अविद्याबाट छुट्ने उपायलाई जान्दछन् ती परमपदमा जान्छन् ॥ ३४ ॥

तात्पर्य

क्षेत्र जड तथा विकारी छ, क्षेत्रज्ञ यसदेखि विलक्षण चैतन्य औ निर्विकार छ भनेर जान्नु, 'क्षेत्र-क्षेत्रज्ञको अन्तर जान्नु हो । समस्त जीव-वर्गकी जननी प्रकृति अनादि, अविद्या, अव्यक्तरूपा मायालाई पारमार्थिक आत्मविज्ञानद्वारा निस्तत्त्व-स्वरूप ठहऱ्याउनु 'भूत प्रकृतिमोक्ष', कहिन्छ, किनभने वेदान्त शास्त्रमा लेखिएको छ

१ दहीको कारण दुध जस्तै ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

—'अधिष्ठानावशेषो हि नाशः कल्पितवस्तुनः' केवल अधिष्ठान मात्र रहनु नै कल्पित वस्तुको नाश हो, अतः ज्ञान-नेत्रद्वारा अधिष्ठानको ज्ञान भएपछि कल्पित प्रकृति रहँदैन । अब अन्तमा यस अध्यायको सारांश—अमानित्वादि गुणले युक्त भएर क्षेत्र-क्षेत्रज्ञको विवेक गर्ने पुरुषलाई सम्पूर्ण अनर्थ-निवृत्तिपूर्वक परम पुरुषार्थ-सिद्धि हुन्छ भन्ने निक्लन्छ ॥ ३४ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये क्षेत्रक्षेत्रज्ञविभागयोग नाम गरेको तेह्रौं अध्याय समाप्त भयो ॥ १३ ॥

ॐ तत्सत्



Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

चौथौं अध्याय

पूर्वाध्यायमा विवेक गरिएका क्षेत्र-क्षेत्रज्ञका विषयमा जो वक्तव्य शेष रहेको थियो, यस अध्यायमा विशेष स्पष्ट रूपले त्यसैको पूर्णता गरिएको छ। त्यसको संक्षेप यस्तो छ–'जो जति चराचर जगत् छ त्यो क्षेत्र-क्षेत्रज्ञका संयोगबाट उत्पन्न हुन्छ (१३।२६)' यस तत्त्वको विस्तार निरीश्वर सांख्यवाद को खण्डन र प्रकृति-पुरुष-संयोग-संचालक ईश्वरको मण्डनद्वारा गरिएको छ। एवं 'प्रकृतिमा रहेका गुणहरूमा आसक्त हुनु नै ऊँच-नीच योनिमा जन्म लिनाको मुख्य कारण हो (१३।२१)' यस वचनको विशेष व्याख्यान गुणहरूको स्वरूप र बन्धनको रहस्य-वर्णनद्वारा भएको छ। तथा 'समस्त जीवको उपादान—अविद्याबाट छुट्ने उपाय जो जान्दछन् ती परम पदमा जान्छन् (१३।१४), यसको विस्तृत वर्णन 'भूत-प्रकृति' शब्दवाच्य त्रिगुणात्मिका प्रकृतिबाट छुट्ने उपाय र गुणातीत पुरुषको लक्षण-वर्णनको प्रसंगबाट गरिएको छ। यिनै यस अध्यायका प्रतिपाद्य विषय हुन्। यिनै पूर्वाध्यायका प्रसंगोपात्त विषयको विशेष वर्णनार्थ चतुर्दशाध्याय प्रारम्भ हुन्छ। अब सर्वप्रथम श्रोता अर्जुनलाई सावधान गराउनको निम्ति श्रीभगवान् दुई श्लोकले पछि वर्णन गरिने विषयको प्रशंसा गर्नुहुन्छ—

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ज्ञानानाम्	=	ज्ञानहरूमा	ज्ञात्वा	=	जानेर
परम्	=	श्रेष्ठ	सर्वे	=	सबै
उत्तमम्	=	उत्तम	मुनयः	=	मुनिहरू
ज्ञानम्	=	ज्ञान	इतः	=	यहाँबाट
भूयः	=	फेरि	पराम्	=	परम
प्रवक्ष्यामि	=	भन्दछु	सिद्धिम्	=	सिद्धिमा
यत्	=	जसलाई	गताः	=	गए

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—तिमिलाई म फेरि ज्ञान मध्येमा श्रेष्ठ ज्ञान भन्दछु जसलाई जानेर सबै मुनिहरू यहाँबाट मुक्त भए ।

तात्पर्य

यहाँ 'ज्ञान' शब्दले 'ज्ञायते अनेन इति ज्ञानम्' यस करण-व्युत्पत्तिद्वारा साधनज्ञान (वृत्तिज्ञान) मा अभिप्राय छ । यसैले 'परं, उत्तमं', यी दुई विशेषण पनि यही ज्ञानका सार्थक हुन सक्तछन् । जस्तै—परमात्मविषयक हुनाले यो ज्ञान 'परम्' अर्थात् श्रेष्ठ छ, तत्त्वसाक्षात्कारमा बहिरङ्ग साधन यज्ञादिभन्दा विशेष फलप्रद हुनाले उत्तम पनि छ ॥ १ ॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

अन्वयार्थः

इदम्	=	यो	आगताः	=	आएका
ज्ञानम्	=	ज्ञानलाई	सर्गे अपि	=	सृष्टिकालमा पनि
उपाश्रित्य	=	आश्रयगरेर	न उपजायन्ते	=	उत्पन्नहुँदैनन्
मम	=	मेरो	प्रलये च	=	प्रलयकालमा पनि
साधर्म्यम्	=	समानधर्ममा	न व्यथन्ति	=	कष्ट पाउँदैनन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

यो ज्ञानको आश्रय लिएर मेरो वास्तविक स्वरूपमा तन्मय भएका ज्ञानीहरू सृष्टिकालमा पनि जन्मदैनन् तथा प्रलयमा पनि मर्दैनन् ।

तात्पर्य

सृष्टिकालमा स्वकर्मानुसार नाम, आकृति, जात्यादिरूपले प्रकट हुनु, प्रलयकालमा यी सबैलाई छोडेर प्रकृतिमा लीन हुनु, फेरि सृष्टिकालमा प्रकट हुनु, प्रलयकालमा लय हुनु, एवं प्रकार सृष्टि-प्रलय-चक्रमा बार-बार घुमिरहनु; अज्ञानको फल हो । किन्तु ब्रह्मको ज्ञान भएपछि 'ब्रह्मविद्ब्रह्मैव भवति' यस वेदवचनानुसार मुक्तात्मा ब्रह्मरूपै हुन्छ । यही ब्रह्मज्ञानको फल तथा 'साधर्म्य' शब्दको अर्थ हो । मुक्तात्माको स्थिति प्रकृतिका परिणाम कोटिबाट पर हुनाले सृष्टि या प्रलय कुनैको पनि प्रभाव उनका उपर पर्दैन, त्यसकारण ती जन्म-मरण-चक्रबाट छुटेर परमात्मामै तन्मय हुन्छन् । 'न स पुनरावर्त्तते (निरा० ३३)' अनावृत्ति शब्दात् (ब्र० सू० ४-४-२२) इत्यादि श्रुति-सूत्रका वचनानुसार उसलाई फेरि संसारमा फर्कन पर्दैन ॥ २ ॥

ईश्वराधीन प्रकृति-पुरुष संयोगबाट संसार-सृष्टिवर्णन—

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
संभवः सर्वभूतानां ततो भवति भारत ! ॥३॥

अन्वयार्थः

हे भारत!	=	हे अर्जुन	गर्भम्	=	गर्भलाई
महद्ब्रह्म	=	प्रकृति	दधामि	=	राख्दछु
मम	=	मेरो	ततः	=	त्यसबाट
योनिः	=	योनि हो	सर्वभूतानाम्	=	समस्त भूतको
तस्मिन्	=	त्यसमा	सम्भवः	=	उत्पत्ति
अहम्	=	म	भवति	=	हुन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! प्रकृति मेरो गर्भाधान स्थान हो, त्यसमा म चित्सत्तारूपी गर्भ-धारण गराउँदछु, त्यस संयोगबाट सन्पूर्ण भूतहरूको उत्पत्ति हुन्छ ॥ ३ ॥

तात्पर्य

श्रीभगवान्‌ले पूर्वाध्यायमा सांख्यदर्शनानुसार केवल प्रकृति-पुरुषका संयोगबाट सृष्टितत्त्व वर्णन गर्नुभएकोमा जो वक्तव्य शेष थियो, त्यसैको पूर्ति अब यी दुई श्लोकबाट भएको छ । सांख्य दर्शनमा सृष्टिका साथ ईश्वरको केही पनि सम्बन्ध मानिएको छैन, केवल प्रकृति-पुरुषका संयोगबाट सृष्टि हुन्छ, त्यस संयोगमा ईश्वर निमित्त (कारण) छैन, किन्तु स्वभावै छ, तथा प्रकृति नै सबै गर्ने-गराउने मानिएको छ । परन्तु यहाँ प्रकृति-पुरुषका संयोगबाट सृष्टि-विस्तार गरे तापनि अन्तमा ईश्वरको सत्तालाई कारण मानिएको छ । जस्तै लोक-प्रसिद्ध पिताको आहाराको परिणाम-(वीर्य)-रूपले आँफूमा लीन भएको पुत्रलाई स्त्री-योनि-संयोगद्वारा गर्भरूपमा परिणत गराँउँदछ, अनि महीनैंपिछे बुद्बुद, पिण्डादि रूपले क्रमशः बढ्दै गएर १० महीनामा पुत्ररूपले पदा हुन्छ । त्यस्तै प्रलयकालमा माया शवलित (मायाविशिष्ट) ईश्वरमा लीन भएका अविद्या-काम-कर्मयुक्त क्षेत्रज्ञ-(जीव)-हरूलाई सृष्टिकाल आएपछि कार्य-कारण समुदाय-रूप भोग्यक्षेत्र-(शरीर)-का साथ संयुक्त गराउनको निम्ति 'महद्ब्रह्म' शब्दवाच्य जड प्रकृतिमा चिदाभास-(चित्-छायाँ)-रूप वीर्य-प्रदानद्वारा "एकोऽहं बहुः स्यां प्रजायेय" (एकबाट अनेक हूँ, पैदा हूँ) यस्ता प्रकारको माया वृत्तिरूपी गर्भधारण हुन्छ, अनि गर्भस्थ पिण्ड जसरी क्रमशः बढ्दै गएर १० महीनामा सम्पूर्णाङ्ग भएर पैदा हुन्छ, त्यस्तै ईश्वरको यो इच्छा पनि सूक्ष्मबाट स्थूल भएर क्रमशः आकाश, वायु, तेज जलरूपमा परिणत हुन्छ र हिरण्यगर्भदेखि लिएर पिपीलिका पर्यन्त-को जीव-जगत्‌को सृष्टि हुन्छ । यही ईश्वरनिर्मित जगत्-रचनाको तत्त्व तथा सांख्य दर्शनका अपेक्षा गीताको विशेषता हो । प्रकृति समस्त कार्यका अपेक्षा श्रेष्ठ हुनाले 'महत्' सृष्टि-वृद्धि गर्ने शक्ति हुनाले 'ब्रह्म' कहिन्छ ॥ ३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वयोनिषु कौन्तेय ! मूर्तयः संभवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	महद्ब्रह्म	=	प्रकृति
सर्वयोनिषु	=	समस्त योनिमा	योनिः	=	योनि
याः	=	जो	अहम्	=	म
मूर्तयः	=	शरीरहरू	बीजप्रदः	=	बीजदाता
संभवन्ति	=	उत्पन्न हुन्छन्	पिता	=	पिता
तासाम्	=	तिनीहरूको	(अस्मि)	=	हुँ

सरलार्थ

हे अर्जुन ! सम्पूर्ण मनुष्य, पशु, पक्षी, कृमि, कीट आदि योनिमा जति शरीरहरू उत्पन्न हुन्छन्, ती सबकी आमा प्रकृति, बाबु म हुँ ।

तात्पर्य

संसारको समस्त चलाचल सृष्टि त्रिगुणात्मिका प्रकृतिबाट उत्पन्न हुनाले ब्रह्मादेखि लिएर स्थावर पर्यन्तको शरीर-विभाग प्रकृतिकै कार्य हो । त्यस कारण ब्रह्मभिन्न वस्तु कुनै पनि प्राकृतिक गुण-सम्बन्धबाट छुटेको छैन । अतएव समस्त जगत्को पिता परमात्मा, माता प्रकृतिदेवी हुन् ॥ ४ ॥

गुण-बन्धन-रहस्य वर्णन—

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः ।
निबध्नन्ति महाबाहो ! देहे देहिनमव्ययम् ॥५॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	रजः	=	रजोगुण
सत्त्वम्	=	सत्त्वगुण	तमः	=	तमोगुण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति	=	यी	अव्ययम्	=	निर्विकार
प्रकृतिसंभवाः	=	प्रकृतिबाट उत्पन्न	देहिनम्	=	जीवात्मालाई
गुणाः	=	गुणहरू	निबध्नन्ति	=	बाँधूदछन्
देहे	=	शरीरमा			

सरलार्थ

हे अर्जुन ! प्रकृतिबाट उत्पन्न भएका सत्व, रज, तम यी तीन गुणहरूले निर्विकार आत्मालाई देहमा बाँधूदछन् ।

तात्पर्य

आत्मा या क्षेत्रज्ञ वास्तवमा एउटै हो । केवल प्रकृतिका साथ रहनाले गुणद्वारा बाँधिए जस्तो देखिन्छ, किन्तु यो बन्धन वास्तविक छैन । यसैले जब साधकलाई आत्माको वास्तविक मुक्तता र केवल प्रकृति-सम्बन्धबाट भएको बन्धनको मिथ्यात्व अनुभव हुन्छ, त्यस दशामा त्यो स्वस्वरूपमा स्थित हुन्छ । किन्तु यस्तो अनुभव हुनुभन्दा पहिले आत्मा त्रिगुणबन्धनले बाँधिएकै देखिन्छ ॥ ५ ॥

प्रत्येक गुणहरूको बाँध्ने भिन्न-भिन्न तरीका—

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ! ॥६॥

अन्वयार्थः

हे अनघ !	=	हे निष्पाप अर्जुन !	सत्त्वम्	=	सत्वगुण
तत्र	=	ती गुणहरूमा	सुखसङ्गेन	=	सुखका सम्बन्धले
निर्मलत्वात्	=	निर्मल हुनाले	ज्ञानसङ्गेन च	=	तथाज्ञानका सम्बन्धले
प्रकाशकम्	=	प्रकाश गर्ने	बध्नाति	=	बाँधूदछ
अनामयम्	=	दुःखरहित			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! तीन गुणमा सत्त्वगुण निर्मल, प्रकाशक तथा दुःखरहित हुनाले सुखको आसक्ति र ज्ञानको अहंकारद्वारा बाँधूदछ ।

तात्पर्य

सत्त्वगुण निर्मल छ, त्यस कारण निर्मल जलमा सूर्यको प्रतिबिम्ब परे झैं त्यसमा परमात्माको आनन्दस्वरूप तथा ज्ञानस्वरूपको आभास पर्दछ । यही आनन्द तथा ज्ञानलाई म सुखी छु, म ज्ञानी छु; भन्ने अभिमानद्वारा आँफूमा ठहऱ्याउनु 'सङ्ग' हो, यसैले आत्मा बाँधिएको देखिन्छ । तात्पर्य के भने आँफू सुखरूप, ज्ञानरूप हुनु 'मुक्ति' हो, आँफूलाई सुखी र ज्ञानी ठान्नु 'बन्धन' हो, किनकि यसमा अहंता छ । यही सत्त्वगुणद्वारा आत्माको बन्धन मानिएको छ ॥६॥

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय ! कर्मसङ्गेन देहिनम् ॥७॥

अन्वयार्थः

हे कौन्तेय !	=	हे अर्जुन !	विद्धि	=	जान
तृष्णासङ्गसमुद्भवम्	=	तृष्णा र आसक्तिलाई उत्पन्नगर्ने	तत्	=	त्यो रजोगुण
			कर्मसङ्गेन	=	कर्ममा आसक्तिद्वारा
रजः	=	रजोगुणलाई	देहिनम्	=	जीवात्मालाई
रागात्मकम्	=	विषयकामनारूप	निबध्नाति	=	बाँधूदछ

सरलार्थ

हे अर्जुन ! तृष्णा र आसक्तिलाई उत्पन्न गर्ने रजोगुण रागात्मक (रागस्वरूप) छ, त्यसले जीवात्मालाई कर्मासक्तिद्वारा बाँधूदछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

रजोगुण रागस्वरूप छ, त्यस कारण अप्राप्त वस्तु का प्रति आकांक्षारूपी तृष्णा, प्राप्त वस्तुका प्रति आसक्तिरूपी आसंग, यी दुईको उत्पत्ति पनि यसैबाट हुन्छ, जसले गर्दा आत्मा कर्मासक्तिद्वारा बाँधिन्छ। किनभने रजोगुण रञ्जनात्मक पनि छ, त्यस कारण आफ्ना रङ्गले आत्मालाई समेत रँगाउँदछ र त्यही रङ्गमा रँगिएर यो दृष्टादृष्ट सम्बन्धि कर्महरूमा कर्ता-भोक्तापनाको आग्रह अर्थात् म यस्तो कर्म गर्दछु, यस्तो फल भोगूँला इत्यादि अप्राप्त विषयका प्रति तृष्णा र प्राप्त विषयका प्रति आसक्ति द्वारा बाँधिन्छ। यही रजोगुणद्वारा आत्माको बन्धन हो ॥ ७ ॥

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ! ॥८॥

अन्वयार्थः

तु	=	किन्तु	विद्धि	=	जान
भारत !	=	हे अर्जुन !	तत्		त्यो
सर्वदेहिनाम्	=	समस्तप्राणीलाई	प्रमादालस्यनिद्राभिः	=	प्रमाद, आलस्य, निद्राद्वारा
मोहनम्	=	मोह गराउने			
तमः	=	तमोगुण	निबध्नाति	=	बाँधूदछ
अज्ञानजम्	=	अज्ञानद्वारा उत्पन्न			

सरलार्थ

हे अर्जुन ! समस्त देहधारीलाई मोह गराउने तमोगुणलाई अज्ञानद्वारा उत्पन्न भएको जान, त्यसले आत्मालाई प्रमाद, आलस्य, निद्राद्वारा बाँधूदछ।

तात्पर्य

तमोगुणमा अज्ञान र मोह दुई शक्ति छन्, जसले गर्दा आत्मा प्रमाद, आलस्य, निद्रारूपमा बाँधिन्छ। अज्ञान या अविचारकृत दोषलाई 'प्रमाद' भन्द-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् , यो प्रकाशमय सत्त्वगुणको विरोधी छ। प्रवृत्तिमा समर्थ भएर पनि निश्चेष्ट रहनु 'आलस्य' हो, यो प्रवृत्तिमय रजोगुणको विरोधी छ। एवंप्रकार तीनगुणका सम्बन्धले निर्विकार नित्यमुक्त आत्मा पनि बाँधिए जस्तो देखिन लाग्दछ। यही जीवात्माको 'अवास्तविक बन्धन' कहिन्छ ॥ ८ ॥

गुण-अनुसारको कार्य—

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत! ।
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

अन्वयार्थः

हे भारत !	=	हे अर्जुन !	तु	=	परन्तु
सत्त्वम्	=	सत्त्वगुण	तमः	=	तमोगुण
सुखे	=	सुखमा	ज्ञानम्	=	ज्ञानलाई
रजः	=	रजोगुण	आवृत्य	=	ढाकेर
कर्मणि	=	कर्ममा	प्रमादे उत	=	प्रमादमा
सञ्जयति	=	लगाँउदछ	सञ्जयति	=	लगाँउदछ

सरलार्थ

हे अर्जुन ! सत्त्वगुण सुखमा, रजोगुण कर्ममा आसक्त गराउँदछ। परन्तु तमोगुण ज्ञानलाई ढाकेर प्रमाद अर्थात् कर्तव्यमूढतामा आसक्त गराउँदछ।

तात्पर्य

यद्यपि प्रत्येक व्यक्तिमा तीनै गुण विद्यमान हुन्छन् तथापि जुन गुणको प्रबलता हुन्छ, त्यही गुणको कार्य हुन्छ। तीनै गुण भएर पनि १–१ गुणको प्रबलता कसरी हुन्छ ? यो अगाडिको श्लोकमा वर्णन गरिएको छ ॥ ९ ॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ! ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

हे भारत !	=	हे अर्जुन !	सत्त्वम्	=	सत्त्वगुण
सत्त्वम्	=	सत्त्वगुण	तमः च	=	तथा तमोगुणलाई दबाएर
रजः	=	रजोगुण	तथा एव	=	त्यस्तै प्रकारले
तमः च	=	औ तमोगुणलाई	तमः	=	तमोगुण
अभिभूय	=	दबाएर	सत्त्वम्	=	सत्त्वगुण
भवति	=	प्रबल हुन्छ	रजः	=	रजोगुणलाई दबाएर
रजः	=	रजोगुण	(भवति)	=	प्रबल हुन्छ

सरलार्थ

हे अर्जुन ! रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण प्रबल हुन्छ, सत्त्वगुण र तमोगुणलाई दबाएर रजोगुण प्रबल हुन्छ, एवंप्रकार सत्त्वगुण र रजोगुणलाई दबाएर तमोगुण प्रबल हुन्छ ।

तात्पर्य

दुई गुणलाई एउटा जुन गुणले दबाएर आँफू प्रबल हुन्छ, त्यसैको उदय जान्नुपर्दछ । वस्तुतः गुण-व्यवहार पनि त्यसैमा हुन्छ, जुन प्रबल हुन्छ । अर्थात् त्रिगुणमय संसारमा सबैका भित्र हरहालतमा सबै गुणभए तापनि जुन अवस्थामा जुन गुणले अरू गुणलाई दबाएर आँफू प्रबल हुन्छ, मनुष्य त्यही गुणले गुणी अर्थात् सत्त्वगुण प्रबल भए सत्त्वगुणी, रजोगुण, तमोगुण प्रबल भए रजोगुणी, तमोगुणी हुन्छ ॥१०॥

दुई गुणलाई दबाएर एक गुण प्रबल भएको परिचय—

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

अन्वयार्थः

यदा	=	जब	सर्वद्वारेषु	=	सबै इन्द्रियरूपी द्वारमा
अस्मिम्	=	यस			
देहे	=	देहमा	ज्ञानम्	=	ज्ञान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशः	=	प्रकाश	विवृद्धम्	=	बढेको छ
उपजायते	=	उत्पन्न हुन्छ	इति उत	=	यस्तो
तदा	=	त्यस दशामा	विद्यात्	=	जानोस
सत्त्वम्	=	सत्त्वगुण			

सरलार्थ

जब यस देहरूपी गेह-(घर)-का सम्पूर्ण ढोका अर्थात् इन्द्रियहरूमा निर्मल ज्ञान प्रकाशित हुन्छ, त्यसवेला बुझनु कि—अहिले सत्त्वगुण बढेको छ ।

तात्पर्य

समस्त ज्ञानेन्द्रियमा जब निर्मल ज्ञानरूपी प्रकाश उत्पन्न हुन्छ, अर्थात् सबै ज्ञानेन्द्रियमा आफ्नू आफ्नू विषयको ज्ञानशक्ति बढ्दछ, त्यसवेला अहिले सत्त्व-गुणले रजोगुण र तमोगुणलाई दबाएर आँफू प्रबल भएको छ भनेर जान्नुपर्दछ । धर्म, प्रकाश, ज्ञानको उदय गराउने सत्त्वगुणको स्वभाव हो । सुख-उत्पादक हुनाले जबतक त्यसको स्वभाव रहन्छ तबतक मुख मलीन पनि हुँदैन—प्रसन्नै रहन्छ । यिनै लक्षण-(चिह्न)-हरू सत्त्वगुणी पुरुषका परिचायक हुन् ॥११॥

रजोगुणको स्वभाव—

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमःस्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ! ॥१२॥

अन्वयार्थः

भरतर्षभ !	=	हे अर्जुन !	स्पृहा	=	तृष्णा
लोभः	=	लोभ	एतानि	=	यी लक्षण
प्रवृत्तिः	=	कर्मचेष्टा	रजसि	=	रजोगुण
कर्मणाम्	=	कर्महरूको	विवृद्धे	=	बढेमा
आरम्भः	=	आरम्भ	जायन्ते	=	प्रकट हुन्छन्
अशमः	=	अतृप्ति			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! लोभ, कर्ममा प्रवृत्ति, कर्मको आरम्भ, असन्तोष, लाल्चा, यी लक्षणहरू रजोगुण बढेमा प्रकट हुन्छन् ।

तात्पर्य

लोभ, चञ्चलता, कर्मारम्भ, अशान्ति, लाल्चा यी सब लक्षण रजोगुण बढेमा देखिन्छन् । अतः रजोगुणी पुरुष लाल्चाको वशीभूत भएर यो काम गर्दछु, यसबाट मलाई यति लाभ होला, यतिसम्म मिल्यो, अरू यति मिल्नुपर्दछ, यस्ताप्रकारले रातोदिन इतस्ततः विक्षिप्तचित्त भएर कर्मचक्रमा घुमिरहन्छ ॥१२॥

तमोगुणको स्वभाव—

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ! ॥१३॥

अन्वयार्थः

कुरुनन्दन !	=	हे अर्जुन !	मोहः च	=	औ अविवेक
अप्रकाशः	=	अँध्यारो	एतानि	=	यी लक्षण
अप्रवृत्तिः	=	केहीपनि कामगर्न मन नलाग्नु	तमसि	=	तमोगुण
			विवृद्धे एव	=	बढेमा मात्रै
प्रमादः	=	मूढता	जायन्ते	=	प्रकट हुन्छन्

सरलार्थ

हे अर्जुन ! अन्धकार, आलस्य, कर्तव्य-विस्मृति तथा अविवेक यी चिह्नहरू तमोगुण बढेमा प्रकट हुन्छन् ।

तात्पर्य

अविवेक, निश्चेष्टता, प्रमाद औ मूढपना यी सब लक्षण तमोगुण बढेमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकट हुन्छन्, अतएव तमोगुणी पुरुषका चित्तमा अन्धकारै-अन्धकार भरिएको हुन्छ। लौकिक, पारमार्थिक कुनै विचार पनि गर्नसक्तैन, किन्तु मूढता, अविवेक, जडता तथा प्रमाद आदिम फँसिरहन्छ। यीनै जीवलाई जीवित कालमा त्रिगुण-मय बन्धन हुन् ॥१३॥

मरणकालीन प्रबल गुणानुसार गति—

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत्।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

अन्वयार्थः

यदा तु	=	जब	तदा	=	त्यसबेला
देहभृत्	=	प्राणी	अमलान्	=	निर्मल
सत्त्वे	=	सत्त्वगुण	उत्तमविदान्	=	उत्तम तत्त्व जान्नेवालाका
प्रवृद्धे	=	बढेमा			
प्रलयम्	=	मृत्युमा	लोकान्	=	लोकलाई
याति	=	प्राप्त हुन्छ	प्रतिपद्यते	=	पाउँदछ

सरलार्थ

सत्त्वगुण बढेका वेलामा यदि प्राणी मऱ्यो भने त्यसले सगुण ब्रह्मोपासकले पाउने निर्मल ब्रह्मलोकादिलाई पाउँदछ ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

अन्वयार्थः

रजसि	=	रजोगुण बढेमा	तथा	=	त्यस्तै
प्रलयम्	=	मरणमा	तमसि	=	तमोगुण बढेमा
गत्वा	=	प्राप्त भएर	प्रलीनः	=	प्राणत्याग गर्ने
कर्मसङ्गिषु	=	कर्मासक्त मनुष्यहरूमा	मूढयोनिषु	=	मूढ योनिमा
जायते	=	जन्मन्छ	जायते	=	जन्मन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

रजोगुण बढेको वेलामा प्राणी मऱ्यो भने कर्ममा आसक्त भएका मनुष्य-हरूका समाज-(स्वर्गादि)-मो जन्मन्छ, तमोगुण बढेका वेलामा मर्ने प्राणी मूढ पशुयोनिमा जन्मन्छ ॥१५॥

तात्पर्य

सत्त्वगुण बढेका वेलामा मऱ्यो भने ब्रह्मलोक, रजोगुण बढेका वेलामा मऱ्यो भने मनुष्यलोक, तमोगुण बढेका वेलामा मऱ्यो भने पशुलोक आदिमा जन्म लिन्छ। किनभने मृत्युकालीन प्रबल संस्कारका अनुसार जीवलाई आगामी जन्म मिल्दछ। सत्त्वगुण बढेका अवस्थामा रजोगुण र तमोगुण दबेका हुन्छन्, त्यस अवस्थामा जस्तो स्वभाव-संस्कारको प्रबलता हुन्छ, त्यसैका स्वाभाविक सम्बन्धले तिनै सत्त्वप्रधान देवादि लोकमा आकर्षित हुन्छ। यही नियमानुसार रजोगुण र तमोगुणको प्रबलतामा मनुष्यलोक र पशु आदि योनि मिल्दछन् ॥१४-१५॥

गुणानुसार कर्मका भिन्न २ फल—

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम्।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

अन्वयार्थः

सुकृतस्य	=	सात्त्विक	दुःखम्	=	दुःख
कर्मणः	=	कर्मको	फलम्	=	फल
सात्त्विकम्	=	प्रकाशमय	तु	=	परन्तु
निर्मलम्	=	कालुष्यरहित	तमसः	=	तमोगुणको
फलम्	=	फल	अज्ञानम्	=	अज्ञान
रजसः	=	रजोगुणको	फलम्	=	फल
			आहुः	=	भन्दछन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सात्त्विक कर्मको फल निर्मल प्रकाशमय, राजस कर्मको फल दुःख, तामस कर्मको फल अज्ञान हुन्छ ।

तात्पर्य

'यत्कर्म कुरुते तदभिसंपद्यते' (बृ० ४-४-५) यस श्रुति अनुसार जसले जस्तो कर्म गर्दछ, त्यसले त्यस्तै फल पाउँदछ । लोकमा पनि कर्मानुसारको फल प्रसिद्ध छ । अतएव सात्त्विक कर्म गर्नेलाई ज्ञान, राजसिक कर्म गर्नेलाई दुःख, तामसिक कर्म गर्नेलाई अज्ञानरूपी फल अनिवार्य छ ॥१६॥

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

अन्वयार्थः

सत्त्वात्	=	सत्त्वगुणबाट	तमसः	=	तमोगुणबाट
ज्ञानम्	=	ज्ञान	अज्ञानम्	=	अज्ञान
संजायते	=	उत्पन्न हुन्छ	प्रमादमोहौ एव च	=	प्रमाद तथा मोहमात्र
रजसः	=	रजोगुणबाट	भवतः	=	उत्पन्न हुन्छन्
लोभ एव च	=	लोभमात्र पैदा हुन्छ			

सरलार्थ

सत्त्वगुणबाट ज्ञान उत्पन्न हुन्छ, रजोगुणबाट लोभ, तमोगुणबाट खालि मूढता र अविवेक तथा अज्ञान मात्रै उत्पन्न हुन्छ ।

तात्पर्य

सत्त्वगुणको परिणाम ज्ञान, रजोगुणको लोभ, तमोगुणका अज्ञान, प्रमाद, मोह हुन् । सत्त्वगुण आत्मप्रकाशयुक्त हुनाले आनन्दमय तथा ज्ञानमय छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रजोगुण रागात्मक हुनाले प्रवृत्तिकारक छ। विषय-भोगादिद्वारा प्रवृत्ति झन्-झन् बढ्दछ, घट्दैन। त्यसकारण रजोगुणी पुरुष निरन्तर प्रवृत्तिकै दास भएर दुःख पाउँदछन्। वस्तुतः विषय-प्राप्तिद्वारा झन्-झन् बढेको आन्तरिक प्रवृत्ति नै 'लोभ' हो। तमोगुण स्थूल भूत-भौतिक जगत्को कारण हुनाले गहौं छ, यसैले प्रमाद, मूढता आदि धर्महरू यसैबाट उत्पन्न हुन्छन् ॥१७॥

गुण-सम्बन्धद्वारा हुने प्राणीको स्थिति—

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

अन्वयार्थः

सत्त्वस्थाः	=	सत्त्वगुणमा रहेका	जघन्यगुणवृत्तिस्थाः	=	निकृष्ट गुणका वृत्तिमा रहेका
ऊर्ध्वम्	=	माथि	तामसाः	=	तमोगुणी
गच्छन्ति	=	जान्छन्	अधः	=	तल
राजसाः	=	रजोगुणी	गच्छन्ति	=	जान्छन्
मध्ये	=	माझमा			
तिष्ठन्ति	=	रहन्छन्			

सरलार्थ

सत्त्वगुणी पुरुष माथि (स्वर्गादि लोकमा) जान्छन्, रजोगुणी माझमा (मनुष्यलोकमा) रहन्छन्, निकृष्ट गुणका वृत्ति निद्रादिमा रहने तामसी मनुष्य तल (नीच पशुआदियोनिमा) जान्छन् ॥ १८ ॥

तात्पर्य

आफ्ना-आफ्ना ज्ञान र कर्मका तारतम्यले सात्त्विक, राजस, तामस जीवहरू सबैभन्दा माथि र बीचमा अनि सबैभन्दा तल तीन विभागले रहन्छन्। यो स्थिति उनका गुण-स्वभाव बाट भएको हो। किनभने सत्त्वगुण सबैभन्दा हल्का छ। तमोगुण सबैभन्दा गहौं छ। रजोगुण मध्यम छ। जस्तै काँटामा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तौलँदा हल्का माथि जान्छ, गहौं तल बस्तछ, मध्यम माझमा रहन्छ। यस्तै सात्त्विकी पुरुष माथि सत्यलोकादिमा, राजसी बीच मनुष्यलोकमा, तामसी अधम कोटिका मनुष्य, पशु या स्थावरयोनिमा जान्छन् ॥ १९ ॥

(१) क्षेत्र-क्षेत्रज्ञको संयोगलाई ईश्वराधीन वर्णन गर्नु, (२) गुण भनेका के हुन्, कसरी बाँध्दछन्? यो कुरा स्पष्टरूपले देखाउनु, (३) त्रिगुण-बन्धनबाट छुट्ने उपायको उपदेश गर्नु, यी तीन यस अध्यायमा वर्णन गर्नुपर्ने विषय थिए, यिनमा दुई विषय—प्रकृति-पुरुषको संयोग र गुणबन्धनका कुरा यहाँसम्म वर्णन भइसके, अब बाँकि रहेको त्रिगुण-बन्धनबाट छुट्ने उपाय अध्याय-समाप्तिपर्यन्त वर्णन हुन्छ—

त्रिगुणको स्वरूप-ज्ञानद्वारा बन्धन-मुक्तिको रहस्य—

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

अन्वयार्थः

यदा	=	जब	गुणेभ्यः	=	गुणदेखि
द्रष्टा	=	विवेकी पुरुष	परम्	=	पर
गुणेभ्यः	=	गुणदेखि	वेत्ति	=	जान्दछ
अन्यम्	=	अतिरिक्त	सः	=	त्यसले
कर्तारम्	=	गर्नेवाला	मद्भावम्	=	मेरो स्वरूपलाई
न अनुपश्यति	=	देख्दैन	अधिगच्छति	=	पाउँदछ
(आत्मानम्) च	=	औआँफूलाई			

सरलार्थ

जब विवेकी पुरुषले प्रकृतिका गुणसिवाय अरूलाई कर्ता देख्दैन तथा आत्मालाई गुणदेखि पर जान्दछ, त्यसवेला त्यसले मेरोभाव-(भगवद्भाव)-लाई पाउँदछ।

तात्पर्य

प्राकृतिक तीन गुणद्वारा नै समस्त कार्यहरू हुन्छन्। आत्मा यसदेखि पर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदासीन द्रष्टा मात्र हो, यस्तो जब विवेकको पुरुषलाई अनुभव हुन्छ, त्यस दशामा त्यो ब्रह्मभावमा प्राप्त हुन्छ। किनकि बन्धनदशामा जीव समस्त त्रिगुणपरिणामलाई आँफैमा कल्पना गरेर आँफूलाई तीन गुणका परिणाम सुख-दुःख, मोहका अधीनमा देख्दछ। किन्तु जब पुरुषले विवेकद्वारा सम्पूर्ण कर्मजाल केवल तीन गुणबाट बनेका रहेछन्, म त्यसदेखि पर उदासीन रहेछु भन्ने आफूलाई ठहऱ्याउँछ, अनि त्यसका सबै बन्धनहरू छुट्दछन्। परमेश्वरको असली स्वरूप-(सच्चिदानन्द)-मा मिल्दछ। यही पुरुषको परमात्मभावहो औ सांख्य शास्त्रभन्दा विलक्षण गीतोक्त गति हो ॥ १९ ॥

कसरी परमात्मभाव हुन्छ, यसको खुलासा वर्णन—

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान्।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

अन्वयार्थः

देही	=	जीव	जन्म-मृत्यु-जरा-दुःखैः	=	जन्म, मरण, जरादुःखबाट
देहसमुद्भवान्	=	देह-उत्पत्तिका कारण	विमुक्तः	=	छुटेको
एतान्	=	यी	अमृतम्	=	परमानन्दलाई
त्रीन्	=	तीन	अश्नुते	=	अनुभव गर्दछ
गुणान्	=	गुणहरूलाई			
अतीत्य	=	नाघेर			

सरलार्थ

जीव देह-उत्पत्तिका कारण यी तीन गुणहरूलाई नाघेपछि जन्म, मृत्यु, जरा तथा आध्यात्मिकादि तीनै तापबाट छुटेर मुक्त हुन्छ।

तात्पर्य

किनभने वास्तवमा आत्मा प्रकृतिका कुनै गुणद्वारा पनि बद्ध छैन; किन्तु जो बन्धनको अनुभव हुन्छ, त्यो केवल अविवेकमूलक हो। विवेकको उदय हुना-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथ अविवेक नष्ट भएपछि पुरुष आँफूलाई सदा असंग, उदासीन, नित्यमुक्त ठहऱ्याउँछ। एवं प्रकार स्वरूपस्थित पुरुषलाई पुनः जन्म-जरा-मृत्युका चक्रमा आउनपर्दैन। यही पुरुषको गुणबाट अतीत, स्वरूपस्थित, अमृतमय, सर्वोत्तम दशा हो ॥ २० ॥

अब अर्जुन प्रसंगद्वारा प्राप्त गुणातीत-(मुक्तात्मा)-को लक्षण, आचार, गुणातीत हुने उपाय सोद्धछन्—

अर्जुन उवाच—

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ! ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

अन्वयार्थः

प्रभो !	=	हे प्रभो !	किमाचारः	=	त्यसको आचार कस्तो हुन्छ
एतान्	=	यी	कथम् च	=	औ कसरी
त्रीन्	=	तीन	एतान्	=	यी
गुणान्	=	गुणहरूलाई	त्रीन्	=	तीन
अतीतः	=	नाघे	गुणान्	=	गुणहरूलाई
कैः	=	कुन	अतिवर्तते	=	नाघ्दछ ?
लिङ्गैः	=	लक्षणले			
भवति	=	युक्त हुन्छ			

सरलार्थ

अर्जुन सोद्धछन्—हे प्रभो ! यो तीन गुणदेखि अलग भएको कुन चिन्हले युक्त हुन्छ, त्यसको आचार कस्तो हुन्छ, तथा कसरी यी तीन गुणहरूलाई नाघ्दछ ? ।

तात्पर्य

अर्जुन प्रश्न गर्दछन् हे प्रभो ! गुणातीत पुरुषका के-के लक्षण हुन्छन् ? उनको आचार कस्तो हुन्छ ? गुणातीत हुने उपाय के छ ? यी तीन प्रश्नको उत्तर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगाडिका श्लोकदेखि २६ सम्म श्रीभगवान्‌ले क्रमशः दिनुभएको छ। श्रीभगवान् 'प्रभु' अर्थात् समर्थवान् हुनुहुन्छ, यसैले आफ्ना सेवकहरूको सन्देह-दुःख निवारण गर्ने कृपा गर्नुहुनेछ। अर्जुनका 'प्रभो' यस सम्बोधनबाट यही कुरा विदित हुन्छ ॥ २१ ॥

दोस्रो अध्यायमा जो स्थितप्रज्ञका विषयमा प्रश्नोत्तर भएको थियो, प्रायः उही विषयको प्रसङ्ग अहिले पनि उठेको छ। किन्तु समाधान पहिले नै भइसकेको थियो तथापि अर्जुनको यस विषयमा प्रकारान्तर-(ज्ञानमार्ग)-बाट जान्ने इच्छा देखेर श्रीभगवान् उत्तर दिनुहुन्छ।

लक्षणविषयक प्रश्नको उत्तर—

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ! ।
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

अन्वयार्थः

पाण्डव !	=	हे अर्जुन	संप्रवृत्तानि	=	प्राप्त भएकालाई
प्रकाशम् च	=	प्रकाश	न द्वेष्टि	=	द्वेष गर्दैन
प्रवृत्तिम् च	=	प्रवृत्ति	निवृत्तानि	=	निवृत्त भएकालाई
मोहम्एव च	=	तथा मोहलाई पनि	न काङ्क्षति	=	इच्छा गर्दैन

आचारविषयक दोस्रो प्रश्नको उत्तर—

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

अन्वयार्थः

यः	=	जो	वर्तन्ते	=	व्यवहार गर्दछन्
उदसीनवत्	=	उदासीन जस्तै	इति	=	यस्तो विचारले
आसीनः	=	रहेको	यः	=	जो
गुणैः	=	गुणहरूद्वारा	अवतिष्ठति	=	स्थिर रहन्छ
न विचाल्यते	=	विचलित हुँदैन	न इङ्गते	=	चञ्चल हुँदैन
गुणाः एव	=	गुणहरू नै			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

अन्वयार्थः

समदुःखसुखः	=	सुखदुःख दुवैमा एक रस	तुल्यप्रियाप्रियः	=	प्रिय-अप्रिय दुवैमा एकभाव
स्वस्थः	=	आफ्नै स्वरूपमा स्थित	धीरः	=	धैर्यशाली
समलोष्टाश्मकाञ्चनः	=	माटो, ढुङ्गा, सुनमा समानबुद्धि	तुल्यनिन्दात्म-संस्तुतिः	=	आफ्नू निन्दा-स्तुतिमा समभाव

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

अन्वयार्थ

मानापमानयोः	=	मान-अपमानमा	सर्वारम्भपरित्यागी	=	समस्त कर्मारम्भ-लाई त्यागेको
तुल्यः	=	बराबर	सः	=	त्यो
मित्रारिपक्षयोः	=	शत्रु-मित्रमा	गुणातीतः	=	गुणातीत
तुल्यः	=	एकदृष्टि	उच्यते	=	कहिन्छ

सरलार्थ

श्री भगवान् उत्तर दिनुहुन्छ—हे अर्जुन! जो सत्त्वगुणको कार्य प्रकाश र रजोगुणको कार्य प्रवृत्ति तथा तमोगुणको कार्य मोहलाई प्राप्त भएमा द्वेष गर्दैन, प्राप्त नभएमा इच्छा गर्दैन ; त्यो गुणहरूको परिवर्तनमा उदासीन जस्तै रहेको पुरुष कुनै गुणद्वारा विचलित हुँदैन, केवल प्रकृतिका गुणहरू आ-आफ्नू काम गरिरहेका छन् भन्ने विचारले स्थिर रहन्छ, चञ्चल हुँदैन एवं जसलाई सुख-दुःख बराबर छ, जो आँफैमा स्थित छ, माटो, ढुङ्गा तथा सुन जसलाई समान छ, प्रिय-अप्रिय, आफ्नू निन्दा र स्तुति जसलाई एकनास छ, जो सदा धैर्यले युक्त छ, मान र अपमानमा एकभाव, शत्रु-मित्रमा एकदृष्टि तथा सम्पूर्ण आरम्भलाई त्यागेको त्यो पुरुष 'गुणातीत' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

तीनै गुणका परिणाम—सुख-प्रकाश, दुःख-द्वेष, मोह-जडता आदि मध्ये आँफूलाई प्रतिकूल हुने गुणहरू प्राप्त भएमा पनि जो पुरुष द्वेष गर्दैन, तथा अनुकूल हुने गुणहरू निवृत्त भएमा पनि फेरि पाउने इच्छाले राग गर्दैन, त्यो 'गुणातीत' कहिन्छ अर्थात् यही गुणातीतको लक्षण हो। वस्तुतः कर्मयोगको अनुष्ठानबाट योगारूढ भइसकेका स्थितप्रज्ञ मुनिको लक्षण र भगवान्को भक्तियोगद्वारा पराभक्तिलाई पाएका उच्च कोटिका भगवान्का अत्यन्त प्रिय भक्तको लक्षण तथा आत्मानात्मविवेचनद्वारा सिद्ध दशामा पुगेका गुणातीत महात्माको स्थिति एउटै हो, केवल कर्मयोग, भक्तियोग, ज्ञानयोग यी साधन मात्र भिन्न-भिन्न हुन्, साध्यमा भेद छैन। अतएव जो गुणातीत हो त्यही भगवद्भक्त हो, औ त्यही स्थितप्रज्ञ मुनि हो। गुणहरू आफ्नै स्वभावले कहिले आउँदछन्, कहिले जान्छन् भन्ने जानेर जो तीन गुणका आवागमनद्वारा विचलित हुँदैन, किन्तु उदासीन (वादि-प्रतिवादि दुवैको पक्ष नलिने) जस्तै निर्लिप्त रहन्छ, त्यो 'गुणातीत' कहिन्छ, अर्थात् जो स्वभावैले प्राप्त अन्तःकरणका धर्म सुख-दुःख-मोहादिको आगमापायलाई तटस्थरूपले स्वयं निष्कम्प भएर हेरिरहन्छ, जो सुखदुःखमा राग-द्वेषरहित छ, जसका दृष्टिमा माटाका डल्ला, ढुङ्गा, सुन एकै छन्, सर्वत्र समबुद्धि हुनाले यो प्रिय, यो अप्रिय भन्ने पनि केही छैन, कसैले निन्दा गरून् या स्तुति गरून्, त्यसको पनि पर्वाह राख्तैन, आफ्नै सच्चिदानन्द स्वरूपमा स्थित धैर्यशाली महात्मा प्राकृतिक गुण-परिणाम-जन्य समस्त विषमभावमा सम भावै रहन्छन्। मान-अपमानमा जसलाई विषाद छैन, तथा मित्रपक्षमा र शत्रुपक्षमा प्रेम र द्वेष पनि छैन एवं समस्त विषय-वासना रहित हुनाले स्वयं कुनै कर्मको पनि प्रारम्भ गर्दैन, किन्तु दैवगतिले स्वतः प्राप्त कर्मलाई वायुवेगले उडाएको जीर्ण-पर्ण (पुरानो पात) जस्तै भएर निष्काम भावले गर्दछ, यस्तो गुणातीत मुक्तात्मा पुरुषको दिव्य आचार हुन्छ ॥२२।२३।२४।२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसरी यी तीन गुणलाई नाघ्दछ ? यो तृतीय प्रश्नको उत्तर—

श्रीभगवानुवाच

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

अन्वयार्थ

यः	=	जो	एतान्	=	यी
माम् च	=	मलाई	गुणान्	=	गुणहरूलाई
अव्यभिचारेण	=	एकान्त	समतीत्य	=	राम्ररी नाघेर
भक्तियोगेन	=	भक्तियोगद्वारा	ब्रह्मभूयाय	=	ब्रह्मरूप हुनलाई
सेवते	=	सेवा गर्दछ	कल्पते	=	समर्थ हुन्छ
सः	=	त्यो			

सरलार्थ

जो मलाई एकाग्र भक्तियोगद्वारा सेवा गर्दछ, त्यो यी तीन गुणहरूलाई सजिलैसँग नाघेर ब्रह्मरूप हुन्छ ।

तात्पर्य

संसारका भोग्यवस्तुमा शतधा, सहस्रधा विभक्त भएको जीवको प्रेम जब सबैतिरबाट फर्केर वासुदेवमै पर्यवसित हुन्छ, त्यस दशामा भक्ति 'अव्यभिचारिणी' हुन्छ । यस्तो भक्तिरूपी योग 'भक्तियोग' कहिन्छ । जसका सहायताले पुरुष गुणमयी मायाबाट पार हुन्छ । श्रीभगवान्ले भन्नुभएको छ—मेरो शरणमा जो आउँदछ, त्यो दुस्तर माया तर्दछ (७।१४), जो अनन्य भक्तियोगद्वारा मलाई भजदछ, त्यसलाई म संसार सागरबाट पार उतार्दछु (गी० १२।६–७) । अतः पूर्वोक्त साधनसहित निरन्तर भगवच्चिन्तन गर्नु गुणातीत हुने उपाय हो । त्रिगुणात्मिका प्रकृतिदेखि पुरुषले आँफूलाई असङ्ग ठहऱ्याएपछि प्रकृतिले त्यस विवेकी पुरुषका अगाडि आफ्नू नाच देखाउन बन्द गर्दछे, पुरुष उदासीन हुन्छ । यसै अवस्थालाई सांख्यहरू 'गुणातीत' भन्दछन् । तर गीतालाई प्रकृति-पुरुषको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो द्वैत मान्य छैन । त्यस कारण सांख्यको उक्त सिद्धान्त गीतामा आएर रूपान्तर हुन्छ अर्थात् प्रकृतिदेखि पर निर्गुण ब्रह्मका साथ एकरूप हुनु 'गुणातीत' कहिन्छ। जो सिद्ध योगिका नैसर्गिक (स्वाभाविक) लक्षण हुन् तिनै साधकले प्रयत्नद्वारा अभ्यास गर्नुपर्दछ भन्ने कुरा पहिले नै बताएको छ ॥२६॥

श्रीकृष्णको सेवाद्वारा ब्रह्मरूप-प्राप्तिमा कारण—

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे गुणत्रयविभागयोगोनाम चतुर्दशोऽध्यायः ॥१४॥

अन्वयार्थः

हि	=	किनभने	धर्मस्य	=	धर्मको
अमृतस्य	=	नाशरहित	ऐकान्तिकस्य च	=	औ आत्यन्तिक
अव्ययस्य च	=	निर्विकार	सुखस्य	=	सुखको
ब्रह्मणः	=	ब्रह्मको	अहम्	=	म
शाश्वतस्य च	=	तथा नित्य	प्रतिष्ठा	=	आश्रय
			(अस्मि)	=	हुँ

सरलार्थ

किनभने म अमृत अव्यय ब्रह्मको, सनातन धर्मको तथा आत्यन्तिक सुखको आश्रय हुँ ।

तात्पर्य

भगवान् श्रीकृष्णको वंशीधर विग्रह (शरीर) हाम्रो जस्तो पाप पुण्यद्वारा बनेको पाञ्चभौतिक होइन, किन्तु शुद्ध सत्त्वगुण प्रधानमायाद्वारा बनेको हो (४–६) । उहाँ वस्तुतः शुद्ध सच्चिदानन्द ब्रह्मरूपै हुनुहुन्छ । अतएव अमृत अव्ययरूप ब्रह्म, समस्त जगत्लाई धारण-पोषण गर्ने, नित्यधर्म तथा निरतिशय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुखरूप उहाँ नै हुनुहुन्छ । केवल भक्तहरूको भाव-(भक्ति)-लाई चरितार्थ गरा-उनको निम्ति र जगत्को स्थितिका निम्ति निर्गुण-निराकार ब्रह्मको सगुण-साकाररूप भगवान् श्रीकृष्ण हुनुहुन्छ । श्रीमद्भागवतमा ब्रह्माले पनि श्रीकृष्ण-लाई ब्रह्मभावले स्तुति गर्नुभएको छ ।

जस्तै :—

एकस्त्वमात्मा पुरुषः पुराणः सत्यः स्वयं ज्योतिरनन्त आद्यः ।
नित्योऽक्षरोऽजस्रसुखोनिरञ्जनः पूर्णोऽद्वयो मुक्त उपाधितोऽमृतः ॥

१०।१४।२३)

तपाईं सबैको एक आत्मरूप, पुरुषोत्तम, पुराण, सत्य, स्वयंप्रकाश, अनादि, अनन्त, नित्य, अविनाशी, अखण्डसुख, निरञ्जन, पूर्ण, अद्वैत, नित्यमुक्त, उपाधिरहित तथा अमृतस्वरूप हुनुहुन्छ । त्यस कारण भगवान् कृष्णको सेवा-भक्ति गर्नु नै परमेश्वर या ब्रह्मको सेवा हो । यही पूर्व श्लोकका साथ यसको सामञ्जस्य छ ॥२७॥

यस्ताप्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
श्रीकृष्ण र अर्जुनको संवादमध्ये 'तीन गुणको विभाग' नाम गरेको
चौधौं अध्याय समाप्त भयो ॥ १४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

पन्ध्रौं अध्याय

पूर्वाध्यायमा श्रीभगवान्‌ले जीवका बन्धन गुणहरूको विशेष विवेचन गरेर अन्तमा 'मां चयोऽव्यभिचारेण भक्तियोगेन सेवते' (१४।२६)। इत्यादिले परमेश्वरलाई एकान्त भक्तियोगद्वारा सेवा गर्नाले मनुष्य समस्त गुणमयी प्रकृतिका बन्धनबाट छुटेर स्वतन्त्र ब्रह्मरूप हुन्छ भन्ने उपदेश गर्नुभएको थियो। परन्तु विना वैराग्य भगवच्चरणमा अनुराग उत्पन्न हुँदैन, अतः भक्तवत्सल श्रीभगवान्‌ले अर्जुनको मनोरथ जानेर उनीले प्रश्न गर्न नसके तापनि कृपया भक्तको चित्तमा वैराग्य उत्पन्न गराउनको निम्ति पहिले संसारलाई वृक्षरूपकद्वारा वर्णन गर्नुहुन्छ। यही विश्ववृक्षको मूल, सबैलाई धारण-पोषण गर्ने तथा क्षराक्षर विलक्षण उत्तम पुरुष परमात्मा यस अध्यायको प्रतिपाद्य विषय हो।

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित्॥१॥

अन्वयार्थः

ऊर्ध्वमूलम्	=	माथि जरा भएको	छन्दांसि	=	वेदहरू
अधःशाखम्	=	तल हाँगा भएको	(सन्ति)	=	छन्
अश्वत्थम्	=	पीपलको रुखलाई	यः	=	जो पुरुष
अव्ययम्	=	नाशरहित	तम्	=	त्यसलाई
प्राहुः	=	भन्दछन्	वेद	=	जान्दछ
यस्य	=	जसका	सः	=	त्यो
पर्णानि	=	पातहरू	वेदवित्	=	वेदलाई जान्ने हो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—जरा माथि, हाँगाहरू तल भएको (उभिएडो परेको) अश्वत्थ अर्थात् क्षणभङ्गुर संसाररूपी वृक्षलाई (वेदहरू प्रवाहरूपले) अविनाशी भन्दछन्, जुन वृक्षका पातहरू (कर्मकाण्डकोटिका) वेद छन्, त्यस मायामय संसार-वृक्षलाई जसले (समूल) जान्दछ, त्यही असली वेदवेत्ता हो ॥१॥

तात्पर्य

यस श्लोकमा आँधीले आधा उखेलिएर जरा माथि, हाँगा तल भएर नदीका तीरमा पछारिएको पीपलको रूखको उपमा राखेर रूपक कल्पना गरेको छ। जस्तै वृक्षमा मूल, स्कंध, शाखा, उपशाखा, पत्र, पुष्प, फल आदि अनेक अवयवहरू हुन्छन्, त्यस्तै संसारवृक्षका पनि तत्त्व-विचारबाट हेर्दा अव्यक्त-मूल, महत्तत्त्व-अङ्कुर, अहंकार-स्कन्ध, पंचतन्मात्रा-शाखा, ४ वेद-पात, धर्म र अधर्म-फूल, सुख र दुःख-फल इत्यादि अन्यान्य अवयवहरू देखिन्छन्।

ऊर्ध्वमूलम्—सबैभन्दा श्रेष्ठ स्वप्रकाश परमानन्दस्वरूप तथा समस्त चराचरको बाध हुँदा पनि जसको बाध हुँदैन, त्यही परब्रह्म सर्वोच्च हुनाले 'ऊर्ध्व' शब्दले कहिन्छ'। यस्तो सर्वोच्च उन्नत निर्विशेष ब्रह्म मायाद्वारा जगत्को मूल अर्थात् कारण हुनाले संसारवृक्षलाई 'ऊर्ध्वमूल' भनेको छ।

अधःशाखम्—त्यही मूलभूत ब्रह्मको शक्ति-(माया)-बाट समस्त सृष्टिधारा चलेको छ, मूल-(ब्रह्म)-भन्दा निम्न कोटिको हुनाले महत्तत्त्व, अहङ्कार, पञ्चतन्मात्रा, पञ्च महाभूत, एकादश इन्द्रिय, एवं स्थूल देहपर्यन्तका कार्य-उपाधिहरू 'अधः' शब्दले कहिन्छन्। हिरण्यगर्भादि देवतादेखि लिएर जड योनि, स्थावर-वृक्षादि जीवपर्यन्त रूखका हाँगा जस्तै भएर चारैतिर फैलिएका हुनाले 'शाखा' कहिन्छन्।

अश्वत्थम्—'श्व अपि न स्थाता' अर्थात् भोलिसम्म पनि रहन्छ कि रहँदैन ? यो पनि जसको निश्चय छैन, यस्तो 'अश्वत्थ' कहिन्छ। ठीक हो, प्रबल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेगवती नदीका तटमा रहेको अश्वत्थ (पीपल-वृक्ष) भोलिसम्म रहन्छ कि रहन्न के ठेकान छ ? त्यस्तै क्षणभङ्गुर या प्रतिक्षण परिणामी हुनाले संसारलाई यस्तो अश्वत्थ वृक्षका साथ तुलना गरेको छ ।

अव्ययम् प्राहुः—यद्यपि संसार दृष्ट-नष्ट स्वभाववाला तथा क्षणभङ्गुर छ, तथापि 'बीजाङ्कुर' न्यायले अनादि-अनन्त जन्म-कर्मको आश्रय हुनाले प्रवाह-रूपले नित्य छ । किनभने एक-एक स्थूल शरीर नष्ट भए तापनि पुनर्जन्मको कारण कर्म नष्ट हुँदैन । त्यस कारण 'पुनरपि जननं पुनरपि मरणं पुनरपि जननीजठरे शयनम्'—बार-बार जन्मनु, बार-बार मर्नु, बार-बार आमाको पेटमा शयन गर्नु, यो आवागमन-चक्र चलिरहन्छ । अधिकन्तु प्रत्येक जीवको आत्यन्तिक प्रलय (मुक्ति) हुँदै गए पनि अनन्त संसारको व्यावहारिक समष्टि-सृष्टिप्रवाह कहिले पनि टुट्दैन, रूपान्तरमा मात्रै बदलिन्छ । त्यस कारण संसार-वृक्षलाई श्रुति-स्मृति-हरूले 'अव्यय' विशेषण दिएका छन् । 'अश्वत्थ' भएर पनि 'अव्यय' हुनु यही यसको अद्भुत चमत्कार हो ।

छन्दांसि यस्य पर्णानि—जस्तै पात वृक्षलाई तथा वृक्षका दोषलाई ढाकेर त्यसलाई र वृक्षनिवासी पक्षीहरूलाई रक्षा गर्दछ तथा वृक्षलाई आपात-रमणीय तुल्याउँदछ, त्यस्तै वेदले पनि धर्माधर्मको निर्णय गर्ने मन्त्र र कर्मकाण्ड-द्वारा जगत्को अनादि स्थितिलाई सुरक्षित राखेको छ । एवं प्रकार विधिशेष रोचक अर्थवाद वाक्यद्वारा संसार-वृक्षका जन्म, मरण, दुःख, शोक, वियोग, क्षय, अतिशय आदि दोषलाई ढाकेर वस्तुतः अरमणीयलाई पनि आपातरमणीय (बाहिरबाट हेर्दा राम्रो जस्तो) बनाएकोले वेदलाई संसारवृक्षका पात भनेको छ ।

सर्वोपनिषद्का दोहनकर्ता श्रीभगवान्ले कठोपनिषद्को 'ऊर्ध्वमूलोऽवाक्शाख एषोऽश्वत्थः सनातनः'—माथि जरा, तल हाँगा भएको यो संसार-वृक्ष स्वरूपतः क्षण-भङ्गुर, प्रवाहरूपले नित्य छ (कठ० २-६-१), यही श्रुतिलाई लिएर यस प्रसंग-को उपदेश गर्नुभएको छ । एवं प्रकार अन्यान्य स्मृतिहरूमा पनि भिन्न-भिन्न-रूपको संसार-वृक्षको वर्णन पाइन्छ । त्यहाँ धर्माधर्मरूपी फल, सुख दुःखरूपी फल समेत लेखिएको छ (भा० १२-११-२२) । किनकि जस्तै—फल-फूल हुनु प्रायः वृक्षको स्वाभाविक धर्म हो, त्यस्तै धर्म-अधर्म पनि संसारका स्वाभाविक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्म हुन् । एवं जस्तै फूलको परिणाम प्रायः फल हुन्छ, त्यस्तै धर्माधर्मको परिणाम पनि प्रायः सुख-दुःख हुन्छन् । मुंडकोपनिषद् (३–१)-मा लेखिएको 'द्वासुपर्णा' मन्त्र पनि यही संसार-वृक्षकै वर्णन हो । त्यहाँ यस वृक्षमा परस्पर सखा भावले रहेका दुईटा पक्षी छन् , यी दुईमा एउटा पीपलका स्वादु फललाई खान्छ, अर्को हेरीमात्र रहन्छ, यस्तो लेखिएको छ । दुई पक्षीहरूको वर्णन भोक्ता र अभोक्ताका रूपमा जीव र ईश्वरको हो । एवंप्रकार संसार-वृक्षको भिन्न-भिन्न तरीकाको वर्णन वेद, पुराण, महाभारत सबैमा छ ।

यस्तं वेद स वेदवित्—अर्थात् यस्तो संसार-वृक्षलाई जो जान्दछ त्यो वेदवेत्ता हो । श्रुतिमा पनि लेखिएको छ—'ऊर्ध्वमूलोऽवाक्शाख वृक्षं यो वेद संप्रति' —माथि जरा, तल हाँगा भएको वृक्षलाई जो जान्दछ त्यही ब्रह्मलाई जान्दछ । भागवतमा यस प्रसङ्गमा लेखिएको छ 'मायामयं वेद स वेद वेदम्'—यो संसार-वृक्षलाई मायामय जान्नेवाला वेदवेत्ता हो ।

शङ्का—जड मिथ्यारूप यो संसार-वृक्षलाई जान्नाले जान्नेवाला वेदवेत्ता हुनु आश्चर्यको कुरो हो । किनभने विषय नै भिन्न हुनाले जसरी घटवेत्ता, पटवेत्ता हुनसक्दैन, त्यस्तै वृक्षवेत्ता वेदवेत्ता हुनसक्दैन । घटवेत्ता हुनलाई घटैको ज्ञान चाहिन्छ, पटवेत्ता हुनलाई पटैको ज्ञान चाहिन्छ, वृक्षवेत्ता हुनलाई वृक्षकै ज्ञान चाहिन्छ, वेदवेत्ता हुनलाई वेदकै ज्ञान चाहिन्छ । यस्तो नियम भएपछि वृक्षवेत्ता कसरी वेदवेत्ता हुनसक्दछ ? ।

समाधान—सर्वत्र पूर्ण अखिल ब्रह्माण्डाधिनायक सर्वज्ञ ईश्वरको अनन्त ज्ञानराशिको नामै 'वेद' हो, जसका भित्र समस्त ज्ञानमात्रको अन्तर्भाव छ, जसका सहयोगले जीवलाई 'यस संसार वृक्षको मूल ब्रह्म हो, हिरण्यगर्भादि जीव यसका शाखा हुन्, यो स्वरूपले क्षणभङ्गुर र प्रवाहरूपले नित्यछ, वेदोक्त कर्मले सिञ्चित हुन्छ, ब्रह्मज्ञानले काटिन्छ यस्तो ज्ञान हुन्छ । वस्तुतः यत्तिकै मात्र समस्त वेदको संक्षेपार्थ हो । औ यही संसार-वृक्षको समूल ज्ञान हो । अतः वेदवेत्तामा र वृक्षवेत्तामा केही पनि फरक नभएको हुनाले समूल अश्वत्थ वृक्षवेत्ता नै वेदवेत्ता हो भन्नामा केही पनि अत्युक्ति छैन ॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्वत्थ वृक्षका अरू अवयवहरू—

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः ।
अधश्च मूलान्यनुसंततानि
कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

अन्वयार्थः

गुणप्रवृद्धाः	=	तीनगुणले बढेका	प्रसृताः	=	फैलिएका छन्
विषयप्रवालाः	=	विषयरूपी पालुवा भएका	मनुष्यलोके	=	मर्त्यलोकमा
तस्य	=	संसार-वृक्षका	कर्मानुबन्धीनि	=	पछि हुने कर्मद्वारा बाँध्ने
शाखाः	=	हाँगा	मूलानि	=	मसिना जरा
अधः च	=	तल र	अधः च	=	तल र माथि पनि
ऊर्ध्वम् च	=	माथि पनि	अनुसंततानि	=	व्याप्त छन्

सरलार्थ

यस वृक्षमा तीन गुणका जल-सेचनद्वारा बढेका विषयरूपी पालुवाहरू छन्, तल पशु र स्थावरयोनिदेखि लिएर माथि सत्यलोकसम्म फैलिएका हाँगाहरू छन् । एवं प्रकार मनुष्यलोकमा भावी कर्मारम्भक राग-द्वेषादि वासनारूप यसका अवान्तर मूल-(मसिना जरा)-हरू पनि तल र माथि चारैतिर फैलिएका छन् ।

तात्पर्य

पूर्व श्लोकमा कार्योपाधि हिरण्यगर्भहरू संसार-वृक्षका शाखारूपले बयान गरिएका थिए, अब त्यसैमा रहेको विशेषता यस श्लोकबाट वर्णन हुन्छ ।

शुभ कर्मका तारतम्यले माथि सत्यलोक ब्रह्मासम्म र अशुभ कर्मका तारतम्यले तल जड, पशु आदि योनिपर्यन्त यसका जीवरूपी शाखाहरू फैलिएका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् , तीन गणका तारतम्यले जीव कहिले माथि कहिले तल घुमिरहन्छ । त्यस-कारण जल-सिञ्चनद्वारा बढेका वृक्ष-शाखा जस्तै संसार-वृक्षका जीव-शाखा, हरू-लाई 'गुणप्रवृद्धाः' (त्रिगुणरूपी जल-सेचनद्वारा बढेका) भनेको छ । जस्तै वृक्ष-शा-खाका अग्रभाग-(अगाडि)-मा प्रवाल (पालुवा) चढ्दछ, त्यस्तै शब्दादि वि-षय पनि संसार-वृक्षका पल्लवस्थानीय हुन् । किनभने शाखाग्र भाग (हाँगाका टुप्पा) जस्तै इन्द्रियका वृत्ति छन् , तिनका साथ पालुवा जस्तै शब्दादि विषयको सम्बन्ध छ । यसदेखि बाहेक संसार-वृक्षमा अरू वृक्षका झैं प्रधान मूलका वरी-परी अवान्तर मूल-(मसिना जरा)-हरू अरू पनि अगणित रूपले फैलिएका छ-न् । विषय-भोगद्वारा उत्पन्न भावनारूप संस्कार या भावी रागादि-उत्पादक विष-य-वासना नै संसार-वृक्षका अवान्तर मूल हुन् । जस्तै वृक्ष अवान्तर मूलहरूले चा-रैतिरबाट कसिएको हुन्छ, त्यस्तै संसार पनि सर्वतः विषय-वासनाले बाँधिएको छ । यी जराहरूको सम्बन्ध खास गरेर मनुष्य लोकसित छ । किनभने तल अथवा मा-थिका लोकको भोग समाप्त गरेर मनुष्यलोकमा आएका प्राणीलाई पूर्व भोग-वा-सनानुसार कर्ममा प्रवृत्ति हुन्छ । कार्यक्षेत्र या कर्मभूमि केवल मनुष्यलोकै हो, अ-रू सब भोगभूमि हुन् । यहींबाट शुभ या अशुभ कर्म गरेर मनुष्य ऊर्ध्व या अ-धोलोकमा जान्छ । त्यस कारण नित्य, नैमित्तिक, प्रायश्चित्त, काम्य, निषिद्ध क-र्महरू, जो भावीमा नाना प्रकारका शरीरारम्भक छन्, ती सब कर्महरू गराउन-को निम्ति जीवलाई मनुष्यलोकमा प्रकट गराउने भूतपूर्व कर्मवासना 'कर्मानुब-न्धी' अर्थात् पुण्य-पापरूपी कर्मलाई भावीमा उत्पन्न गराउने मानिन्छन् । यी वि-षय वासनारूपी अवान्तर मूल 'अधः'–अधोलोक स्थावर जीवपर्यन्त, 'च' शब्दले उर्ध्वलोक देवादिपर्यन्त विस्तृत भएका छन् ॥ २ ॥

संसार-वृक्षको अनिर्वचनीयता तथा यसलाई छेदन गर्ने उपाय र छेदन गरि-सके पछि गर्ने कर्तव्य—

न रूपमस्येह तथोपलभ्यते
नान्तो न चादिर्न च संप्रतिष्ठा ।
अश्वत्थमेनं सुविरूढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

इह	=	यहाँ	सुविरूढमूलम्	=	अति बलियो जरा भएको
अस्य	=	संसारवृक्षको	एनम्	=	यस
रूपम्	=	स्वरूप	अश्वत्थम्	=	अश्वत्थ वृक्षलाई
तथा	=	त्यस्तो	दृढेन	=	बलियो
न उपलभ्यते	=	भेटिंदैन	असंगशस्त्रेण	=	अनासक्तिरूपी शस्त्रले
अन्तः न	=	अन्त छैन	छित्त्वा	=	काटेर
आदिःच न	=	आदि पनि छैन			
संप्रतिष्ठा च न	=	स्थिति पनि छैन			

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये
यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

अन्वयार्थः

ततः	=	त्यसपछि	पुराणी	=	अनादि
तत्	=	त्यस	प्रवृत्तिः	=	सृष्टि
पदम्	=	पदलाई	प्रसृता	=	फैलिएको छ
परिमार्गितव्यम्	=	खोज्नु	तम् एव च	=	औ तिनै
यस्मिन्	=	जहाँ	आद्यम्	=	आदि
गताः	=	गएका	पुरुषम्	=	पुरुषको
भूयः	=	फेरि	शरणम्	=	शरणमा
न निवर्तन्ति	=	फर्कदैनन्	प्रपद्ये	=	प्राप्त हुन्छु
यतः	=	जसबाट			

सरलार्थ

परन्तु यहाँ पहिले वर्णन गरे जस्तो त्यस वृक्षको रूप देखिंदैन, यसको आदि, अन्त तथा मध्य केही पनि छैन । अत्यन्त गहिरिएर गएका जरा भएको यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्वत्थ वृक्षलाई अनासक्ति-(वैराग्य)-रूप खड्गले काटेर अनि त्यस पदलाई खोज्नुपर्दछ जहाँ पुगेपछि फेरि फर्कन पर्दैन । खोज्दाखेरि "जसबाट यो अनादि मायामय सृष्टिधारा चलेको छ म उही आदिपुरुषका शरणमा जान्छु" यस्तो भावना राख्नुपर्दछ ।

तात्पर्य

स्वप्नका पदार्थ जस्तै मिथ्या मायिक सृष्टि हुनाले संसार-वृक्षको स्थूल आकार बयान गरेबमोजिम देखिंदैन । किनकि अनन्त वासनामय अवान्तर मूल भएको सृष्टि-वृक्ष अनिर्वचनीय छ; जसका वासनामय जराहरू समस्त ब्रह्माण्डवर्ती जीवका हृदयमा अनादिकालदेखि धसिएका छन् , यसैले संसार-वृक्ष अनादि छ । किनकि सांसारिक कर्मवासनाले जीव संसारमै प्रवृत्त हुन्छ औ प्रवृत्तिद्वारा जीवका हृदयमा वासना बन्नजान्छन् , वासनानुसार कर्म हुन्छ । पुनः कर्मद्वारा वासना, वासनानुसार कर्म, एवं प्रकार कर्म र वासनाको पर्यायधारा कहिल्यै पनि टुट्दैन । यसैले संसार-वृक्ष अनन्त (समाप्तिरहित) कहिन्छ । एवं प्रकार वासना र कर्मको प्रवाह बीजाङ्कुर न्याय जस्तै हुनाले संसार-वृक्ष अनादि छ अर्थात् कुनै निपुण व्यक्तिले पनि यसको प्रारम्भ फेला पार्नसक्तैन । जसको आदि-अन्त हुन्छ त्यसको मध्य पनि हुन्छ, जसको आदि-अन्त हुँदैन त्यसको मध्यभाग पनि हुँदैन । अतः यो प्रतिष्ठा-(स्थिति)-रहित छ । विषय-वासनामूल भएको रागद्वेषमय संसार हुनाले यसको विरोधी असङ्ग (सङ्ग = आसक्ति, यसदेखि विरुद्ध असङ्ग = अनासक्ति) अर्थात् वैराग्य नै हुनसक्तछ । अतः परमात्मतत्त्व बुझ्ने उत्सुकताले अति दृढ तथा बारम्बार अभ्यासद्वारा अत्यन्त तीक्ष्ण (धारिलो) भएको वैराग्यरूपी बन्चरो नै संसार-वृक्ष काट्नलाई भनेजस्तो शस्त्र छ । श्रीमद्भागवतमा पनि भगवान्ले उद्धवलाई यस्तै किसिमको उपदेश दिनुभएको छ—

एवं गुरूपासनयैकभक्त्या विद्याकुठारेण शितेन धीरः ।
विवृश्च्य जीवाशयमप्रमत्तः सम्पद्य चात्मानमथत्यजास्त्रम् ॥ (११-१२-२४)

एवं प्रकार सावधान भएको धीर पुरुष परमेश्वरका भक्तिद्वारा अति तीक्ष्ण भएको विद्यारूपी कुठार-(बन्चरो)-ले जीवाशयरूप यो संसार-वृक्षलाई छेदन गरेर आत्मालाई भेटाएर अनि वृत्तिज्ञानरूपी कुठारलाई त्यागोस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुतिमा लेखिएको छ 'सोऽन्वेष्टव्यः, स विजिज्ञासितव्यः' (छां० ८-७-१) अर्थात् परमात्मालाई खोज्नुपर्दछ, जान्नुपर्दछ । अतः संसार-वृक्षको छेदन गरेपछि परमात्मरूप परमपदको खोजी गरोस् । जुन पदमा ज्ञानद्वारा पुगेका मुनिहरू पुनः जन्म-कर्म-चक्रमा आउँदैनन्, जरा-मरण-दुःखबाट सदाको निम्ति मुक्त हुन्छन्, त्यही 'परमपद' हो । जसद्वारा यो अनादि मायामय संसार-वृक्षको प्रवृत्ति (उत्पत्ति) भएको छ, म उनै आदि परम पुरुषका शरणमा जान्छु, यही भावना मनमा राखेर खोज्नुपर्दछ । किनभने यो सृष्टिधारा जसबाट चलेको छ, त्यसैका शरणमा नगै सृष्टि टुट्दैन । जब यसको मूल भेटिन्छ अनि त्यसबेला सृष्टिप्रवाहबाट छुटेर पुरुष स्वतन्त्र हुन्छ । जस्तै—"मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते"—जो मेरो शरणमा आउँदछ त्यो यस मायाबाट पार हुन्छ (गी० ७।१४) । अतः भगवत्-शरणगति नै संसार-वृक्षबाट छुट्ने श्रेष्ठ साधन ठहरिन्छ ॥३।४॥

कस्ता मनुष्यहरू पूर्वोक्त पदमा जान्छन् ?

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

अन्वयार्थः

निर्मानमोहाः	=	मान र मोह देखि रहित	द्वन्द्वैः	=	द्वन्द्वहरू बाट
जितसङ्गदोषाः	=	सङ्गदोषलाई जितेका	विमुक्ताः	=	छुटेका
अध्यात्मनित्याः	=	अध्यात्मचिन्तामा तत्पर	अमूढाः	=	विवेकी जन
विनिवृत्तकामाः		कामनादेखि निवृत्त भएका	तत्	=	त्यो
सुखदुःखसंज्ञैः	=	सुख, दुःख आदि नाम गरेका	अव्ययम्	=	अविनाशी
			पदम्	=	पदमा
			गच्छन्ति	=	जान्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अभिमान र मोहदेखि रहित, अध्यात्मतत्त्व-विचारमा परायण, समस्त विषय-कामनादेखि रहित, सुखदुःखादि द्वन्द्वहरूबाट मुक्त विवेकी जन त्यो अव्यय पदलाई पाउँदछन् ।

तात्पर्य

संसाररूपी वृक्षलाई काटेपछि जुन पदलाई खोज्नु भनेको छ त्यस मार्गका पथिकले के-के नियम पालन गर्नुपर्दछ, त्यो कुरा भन्नुहुन्छ—

निर्मानमोहाः—जसमा मान (अभिमान) छैन औ मोह (अविवेक) पनि छैन तिनै परमपदका अधिकारी हुन्छन् । पञ्चमहाभूतले बनेको शरीरलाई लिएर "मै हुँ" भनेर घमण्ड गर्नु 'अभिमान' हो, संसारका वस्तु र कुटुम्ब-परिवारको रहस्य नबुझेर "यी मेरै हुन्" भन्नु 'मोह' हो । जहाँसम्म अज्ञान रहन्छ त्यहाँसम्म यी जाँदैनन् ।

जितसङ्गदोषाः—सङ्ग अर्थात् विषयासक्तिरूपी दोषलाई जितेका । किनकि जहाँसम्म विषय-भोगासक्ति रहन्छ त्यहाँसम्म ज्ञानै हुँदैन, विनाज्ञान मुक्ति हुँदैन ।

अध्यात्मनित्याः—जहाँसम्म अध्यात्मचिन्तन-श्रवण-मनन-निदिध्यासन बराबर हुँदैनन् त्यहाँसम्म तत्त्वज्ञान हुन दुर्लभ छ । अतः अध्यात्मचिन्तन ज्ञानको अन्तरङ्ग साधन मानिएको छ ।

विनिवृत्तकामाः—जसका हृदयबाट विषय-वासनारूपी अशुद्धि साफ भैसकेको छ, तिनै परमपदका अधिकारी हुन्छन् ।

द्वन्द्वैर्विमुक्ता—सुख-दुःख, लाभ-हानि, जय-पराजय, आदि द्वन्द्वहरू मनुष्यलाई कर्तव्य-पथबाट विचलित पार्ने हुन् । जहाँसम्म साधक उक्त द्वन्द्व-भावमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फँसिरहन्छ त्यहाँसम्म उसलाई परम-पदको मार्ग प्रशस्त हुनसक्दैन । अतएव द्वन्द्व-भावलाई जित्नुपर्दछ । साधक यी सबै साधनले सम्पन्न भएपछि ज्ञानका ४ साधन (१) विवेक, (२) वैराग्य, (३) शमादि षट्सम्पत्ति र (४) मुमुक्षुत्वले पूर्ण हुन्छ अनि उसलाई परमपदको साक्षात् साधन (ज्ञान) उत्पन्न हुन्छ, जसद्वारा ऊ अगाडि-को श्लोकमा बताएको पदमा पुग्दछ ॥५॥

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

अन्वयार्थः

तत्	=	त्यस पदलाई	यत्	=	जहाँ
सूर्यः	=	सूर्यले	गत्वा	=	गएर
न भासयते	=	प्रकाश गर्दैनन्	न निवर्तन्ते	=	फर्कदैनन्
शशाङ्कः	=	चन्द्रमाले	तत्	=	त्यो
न	=	प्रकाश गर्दैनन्	मम	=	मेरो
पावकः	=	अग्निले	परमम्	=	श्रेष्ठ
न	=	प्रकाश गर्दैनन्	धाम	=	स्थान हो

सरलार्थ

जुन पदलाई सूर्य, चन्द्रमा, अग्निले प्रकाशित गर्नसक्तैनन्, जसलाई पाएर पाउनेवाला फेरि फर्कदैन त्यो मेरो परम धाम हो ।

तात्पर्य

यस विश्वलाई कहिले सूर्यले, कहिले चन्द्रमाले, कहिले अग्निले प्रकाशित गरे-का छन्, तर विवेकी जहाँ पुगेर फेरि फर्कदैन त्यो नित्य धामसम्म यी मध्ये कसै-कोपनि प्रकाश पुग्नसक्दैन । तात्पर्य यो हो कि—त्यो अध्यात्म-ज्योतिर्मय धाम हो, उसलाई यी भौतिक जोतिहरूको केही आवश्यकता पर्दैन, बरू उही चित्जो-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिको सत्तालाई पाएर यी सूर्यादि जोतिहरू प्रकाशित भएका छन् । यही अध्याय-को बाह्रौं श्लोकमा सूर्य, चन्द्रमा तथा अग्निमा रहेको तेज मेरो जान भन्नुभएको छ । उपनिषद्मा पनि लेखिएको छ—

न तत्र सूर्यो भाति न चन्द्रतारकं
नेमा विद्युतो भान्ति कुतोऽयमग्निः ।
तमेव भान्तमनुभाति सर्वं
तस्य भासा सर्वमिदं विभाति ॥

(कठ० ५-१५, मुं० २-२-१० गुह्यको० ४५, श्वे० ६-१४)

परमात्मालाई सूर्य, चन्द्रमा, तारा, विजुली, अग्नि कसैले पनि प्रकाशित गर्न सक्तैनन् , किन्तु उही परमात्माको प्रकाशले यी सबै प्रकाशित हुन्छन्, यही धाम भगवान्को स्थान हो, मोक्षपद हो । एक पटक ज्ञानद्वारा अज्ञान नष्ट भएपछि फेरि अज्ञान उत्पन्न हुँदैन, यसैले त्यहाँ पुगेको योगी फेरि फर्कंदैन ॥ ६ ॥

पूर्व श्लोकमा श्रीभगवान्ले भन्नुभएको थियो "यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम" यसमा यस्तो शङ्का हुन्छ—

"सर्वे क्षयान्ता निचयाः पतनान्ताः समुच्छ्रयाः ।
संयोगा विप्रयोगान्ता मरणान्तञ्च जीवितम् ॥

प्राकृतिक जगत्मा समस्त वृद्धिको अन्तमा क्षय छ, उत्थानको अन्तमा पतन छ, संयोगको अन्तमा वियोग छ, जीवनको अन्तमा मरण छ । यस अटुट नियमले जो जान्छ त्यो अवश्यै फर्कन्छ, जो जाँदैन त्यो फर्कंदा पनि फर्कंदैन । किनकि जगत् चल, अनित्य छ, यस भित्रका वस्तुहरू पनि चल र अनित्य छन् । यस्ता वस्तुको परिवर्तन न भई न रहनु स्वाभाविक हो । यही शंकाबोजलाई लिएर श्रीभगवान् जीव र ईश्वरको अंशांशी भाव वर्णन गर्नुहुन्छ—

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

मम एव	=	मेरै	प्रकृतिस्थानि	=	शरीरमा रहेका
सनातनः	=	चिरन्तन	मनःषष्ठानि	=	मनसहित ६
अंशः	=	अंश	इन्द्रियाणि	=	इन्द्रियहरूलाई
जीवलोके	=	संसारमा	कर्षति	=	तान्दछ
जीवभूतः	=	जीव भएर			

सरलार्थ

मेरै सनातन अंश संसारमा जीवरूप भएर पूर्व शरीरमा रहेका मन सहित छ इन्द्रियहरूलाई तान्दछ ।

कहिले आकर्षण गर्छ ?

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

अन्वयार्थः

ईश्वरः	=	जीवले	वायुः	=	वायुले
यत्	=	जुन	आशयात्	=	आश्रयबाट
शरीरम्	=	शरीर	गन्धान् इव	=	गन्धलाई झैं
अवाप्नोति	=	पाउँदछ	एतानि	=	यिनीहरूलाई
यत् च अपि	=	औ जुन शरीरलाई	गृहीत्वा	=	लिएर
उत्क्रामति	=	छोडेर बाहिर निकलन्छ	संयाति	=	जान्छ

सरलार्थ

देहको स्वामी जीवले जुन शरीरलाई लिन्छ औ जुन शरीरलाई छोड्दछ, त्यस बेला छोड्ने शरीरमा रहेका मन सहित छ ईन्द्रियहरूलाई वायुले फूल आदि-बाट सुगन्धलाई उडाए झैं भावी शरीरमा लैजान्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

वास्तवमा जीव नै ब्रह्म हो, ब्रह्म नै जीव हो। केवल जपाकुशुमका संसर्गले स्फटिक रातो देखिए झैं अज्ञान-अन्तःकरण आदि उपाधिका संसर्गाध्यासले मात्र परमात्मा-जीव देखिएको छ। जब जीवलाई विवेकद्वारा 'म नित्यमुक्त सनातन ब्रह्म हुँ' यस्तो करामलकवत् बोध हुन्छ त्यस अवस्थामा ऊ आफ्नू असली स्वरूपमा पुग्दछ। यही निवृत्तिलाई लिएर भगवान्‌ले 'यद्गत्वा न निवर्तन्ते' भन्नुभएको हो। अतः जान्छ भन्ने कुरा घट फुटेर घटाकाश महाकाशमा जान्छ भने झैं भनाइ मात्र हो, वस्तुगत्या जस्तै महाकाश नै घटाकाश हो त्यस्तै जीव नै ईश्वर हो। श्रुतिमा लेखिएको छ—"न तस्य प्राणा उत्क्रामन्ति, अत्रैव समविलीयन्ते प्राणाः" (बृ० ४-४-६) "ब्रह्मैव सन् ब्रह्माप्येति"—ज्ञानीका प्राणहरू निक्लेर कहीं जाँदैनन्, किन्तु यहीं आफ्ना-आफ्ना तत्त्वमा विलीन हुन्छन्, ऊ ब्रह्म नै भएर ब्रह्म मै मिल्दछ ; इत्यादि।

यद्यपि सर्वत्र व्याप्त तथा निरवयव परमात्मामा अंशांशी भाव छैन, तथापि जलमा परेको प्रतिबिम्ब आकाशका सूर्यको अंश अथवा घट उपाधिद्वारा कल्पित घटाकाश महाकाशको अंश भए झैं माया-उपाधिद्वारा भएको काल्पनिक अंशलाई लिएर यहाँ अंशांशी भावको वर्णन गरिएको छ। यही काल्पनिक अंशांशी भाव र काल्पनिक मिथ्या बन्धनद्वारा बद्ध भएको जीवात्मा प्राण-प्रयाणकालमा मन र पाँच ज्ञानेन्द्रियलाई पूर्व शरीरबाट पश्चात् भावी शरीरमा लैजानका निम्ति तान्दछ। जस्तै कोही प्रवासी महाजन एउटा धर्मशालाबाट अर्को धर्मशालामा प्रस्थान गर्दा आफ्ना परिवार, मालमत्ता सबै लिएर निक्लन्छ, ठीक त्यस्तै अनन्त प्रवासी जीवात्मा पनि वर्तमान शरीरलाई त्यागेर भावी शरीरमा प्रस्थान गर्दा आफ्ना-आफ्ना स्थानमा रहेका जीर्ण शरीरनिवासी मन र पाँच ज्ञानेन्द्रियलाई साथमा लिएर निक्लन्छ, पुरानो शरीरलाई त्यागेर कर्मफल भोग्नको निम्ति पूर्वसंचित वासनानुसार नवीन शरीर लिन्छ।

श्लोकमा 'मनःषष्ठानीन्द्रियाणि' यो सूक्ष्म शरीरको जनाउमात्र हो। त्यसकारण जीवका साथ प्राणप्रयाण (मरण) कालमा ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय, ५ प्राण, ४ अन्तःकरण जम्मा १९ तत्त्वहरू साथमा जान्छन् ॥ ७।८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इन्द्रियहरूको नाम र प्रयोजन—

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

अन्वयार्थः

अयम्	=	यो जीव	मनः च	=	तथा मनलाई
श्रोत्रम्	=	कान	अधिष्ठाय एव	=	आश्रय लिएरै
चक्षुः	=	आँखा	विषयान्	=	शब्दादि विषयलाई
स्पर्शनम् च	=	छाला	उपसेवते	=	भोग्दछ
रसनम्	=	जिभ्रो			
घ्राणम् च	=	नाक			

सरलार्थ

कान, आँखा, छाला, जिभ्रो, नाक, तथा मन (यी नै मन सहित ६ इन्द्रिय हुन्) यिनको आश्रय लिएर मात्र जीवले विषयहरूलाई भोग्दछ ।

तात्पर्य

काठ-कर्मी-(सिकर्मी)-का बसिला आदि सामग्री जस्तै यी इन्द्रियरूपी करण-सामग्री जीवका विषय भोग्ने साधन हुन् । त्यस कारण जहाँ गए पनि यिनीहरूलाई साथै लिएर जान्छ । यिनैका सहायताले रूप-रसादि विषयमा मुग्ध रहन्छ । जीर्ण शरीरलाई त्यागेर भोगको निम्ति नयाँ शरीर लिन्छ । त्यसलाई पनि जीर्ण भए-पछि त्यागेर फेरि नयाँ लिन्छ । एवंप्रकार परमपदमा नपुगन्जेल जीवको यही तमासा भइरहन्छ ॥ ९ ॥

जीवको स्वरूप केवल ज्ञाननेत्रले मात्र देखिन्छ—

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

उत्क्रामन्तम्	= शरीरबाट निक्लेको	गुणान्वितम् अपि	= गुणले युक्त भएको पनि
वा	= अथवा	विमूढाः	= अविवेकी पुरुष
स्थितम्	= शरीरमा रहेको	न अनुपश्यन्ति	= देख्दैनन्
वा	= अथवा	ज्ञानचक्षुषः	= ज्ञान दृष्टि भएका पुरुषहरू
भुञ्जानम्	= विषयलाई भोगिरहेको	पश्यन्ति	= देख्दछन्

सरलार्थ

आत्मालाई सुख-दुःख-मोहादि गुणले युक्त भएको, शरीरबाट निक्लेको या शरीरमा रहेको अथवा विषय भोगिरहेको तथा गुणले युक्त भएको, मूढ-जनहरू देख्दैनन् , ज्ञानीहरू ज्ञान-दृष्टिबाट देख्दछन् ।

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

अन्वयार्थः

यतन्तः	= यत्नशील	अकृतात्मानः	= मलिनचित्त भएका
योगिनः च	= योगीहरू मात्रै	अचेतसः	= अविवेकी जन
आत्मनि	= हृदयमा	यतन्तः अपि	= यत्न गरेर पनि
अवस्थितम्	= रहेको	एनम्	= जीवात्मालाई
एनम्	= जीवात्मालाई	पश्यन्ति	= देख्दैनन्
पश्यन्ति	= देख्दछन्		

सरलार्थ

यत्नशील योगीहरूमात्रै यस आत्मालाई आफ्नै हृदयमा रहेको देख्दछन्, मलिन चित्त भएका अविवेकीहरू यत्न गरेर पनि यसलाई देख्न सक्तैनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

विषयले विक्षिप्त चित्त भएका मनुष्य दर्शन योग्य स्थूल आकार भएको वस्तुलाई त देख्दैनन् भने सूक्ष्मातिसूक्ष्म जीवात्मालाई कसरी देख्नसल्कान् ! यी बाहिरका चर्मचक्षुको गति त्यहाँसम्म पुग्दैन । किन्तु प्रयत्नशील योगीहरू मात्र विज्ञान-दृष्टिबाट सदा आफ्नू हृदयमा रहेको त्यसलाई देख्दछन्, यसमा मलिन चित्त भएका [1]पामरहरूको अधिकार छैन । यस्ताले यसमा जति प्रयत्न गरे पनि सबै निस्फल भएर जान्छन्, अर्थात् विना योगद्वारा विज्ञान-नेत्र नखुली आत्मदर्शन हुँदैन ॥ १०।११ ॥

जुन पदलाई सर्वजगत्प्रकाशक आदित्यादि ज्योतिले पनि प्रकाशित गर्नसक्तैनन्, जुन पदलाई पाएर मुमुक्षु फेरि संसारमा फर्कदैनन्, जसको अंश शुद्ध-स्वरूप जीव अन्तःकरणका तादात्म्याध्यासले जन्म, मरण, सुख, दुःख, मोहादिको अनुभव गर्दछ, त्यसैलाई निखिल विश्वको आत्मा, समस्त व्यवहारको आश्रय देखाउनको निम्ति पूर्वाध्यायमा उपदेश भएको 'ब्रह्मणोहि प्रतिष्ठाहं' यसैको विस्ताररूपमा यहाँदेखि १५ श्लोकसम्म संक्षेपले आफ्नू विभूति-वर्णन गर्नुहुन्छ ।

संक्षिप्तविभूति—

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

अन्वयार्थः

यत्	=	जो	चन्द्रमसि	=	चन्द्रमामा
आदित्यगतम्	=	सूर्यमा रहेको	यत् च	=	तथा जो तेज
तेजः	=	तेज	अग्नौ	=	अग्निमा
अखिलम्	=	समस्त	(अस्ति)	=	छ
जगत्	=	संसारलाई	तत्	=	त्यो
भासयते	=	प्रकाश गर्दछ	तेजः	=	तेज
यत्	=	जो तेज	मामकम्	=	मेरो
			विद्धि	=	जान

१ शास्त्रको संस्कार नभएका ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सूर्यमा रहेको जो तेज सम्पूर्ण जगत्लाई प्रकाश गर्दछ तथा जो तेज चन्द्रमा र अग्निमा छ, त्यो तेज मेरो जान ॥ १२ ॥

तात्पर्य

यद्यपि परमात्माको चैतन्य-ज्योतिरूपको प्रकाश सर्वत्र एक रसले व्याप्त छ तथापि सत्त्वगुणको विशेषताले आदित्यमा जगत्लाई प्रकाश गर्ने शक्ति प्रकट हुन्छ ; यो शक्ति ब्रह्म-चैतन्यकै हो, सूर्यको होइन । एवं प्रकार चन्द्रमामा रहेको प्रकाशिका शक्ति र अग्निमा रहेको प्रकाशिका शक्तिपनि ब्रह्मचैतन्यकै हो । सूर्य र चन्द्र, अग्निमा कुनैमा ज्यादा र कुनैमा कम प्रकाश हुनाको कारण चैतन्य होइन, यिनै सूर्य, चन्द्र, अग्नि हुन् ; किनकि पात्रको स्वच्छताको तारतम्यले प्रतिबिम्ब पर्दछ । जस्तै स्वच्छ धातुमाभन्दा पानीमा, पानीमाभन्दा ऐनामा ज्यादा प्रतिबिम्ब पर्दछ । त्यस्तै अग्निमाभन्दा चन्द्रमा, चन्द्रमाभन्दा सूर्यमा ज्यादा चित्-ज्योतिको प्रतिबिम्ब परेको छ । अतः जो जति ज्योतिर्मय पदार्थ छन् ती सबै जोतिको मूल परमात्म-जोति हो । यसैले उपनिषद्मा लेखिएको छ— "तच्छुभ्रं ज्योतिषां ज्योतिः" (मुण्ड २-२-९)—प्रकाशमय त्यो (ब्रह्म) जोतिको पनि जोति हो ॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

अन्वयार्थः

अहम्	=	म	रसात्मकः च	=	औ रसरूप
गाम्	=	पृथिवीमा	सोमः	=	चन्द्रमा
आविश्य	=	पसेर	भूत्वा	=	भएर
ओजसा	=	बलले	सर्वाः	=	समस्त
भूतानि	=	चराचर जीवलाई	औषधीः	=	औषधीहरूलाई
धारयामि	=	धारण गर्दछु	पुष्णामि	=	पुष्ट पनि पार्दछु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

म पृथ्वीमा पसेर आफ्ना बलले चराचर जीवलाई धान्दछु तथा रसरूप चन्द्रमा भएर सम्पूर्ण औषधीहरूलाई पुष्ट पनि पार्दछु।

तात्पर्य

श्रुतिमा लेखिएको छ 'स दधार पृथिवीम्'—पृथिवीलाई परमात्माले धानेका छन् अर्थात् यो भूगोल परमात्माका चैतन्य-सत्तामा अडिएको छ। यदि यसलाई परमेश्वरले आफ्ना शक्तिद्वारा नथामेको भए पानी या आकाशमा माटोको डल्लो फ्याँक्दा त्यसको जो दशा हुन्छ त्यस्तै यसको पनि हुने थियो। ग्रहहरूको परस्परमा विद्यमान चुम्बक-(आकर्षण-शक्ति)-द्वारा आपुस्मा आश्रय लिएर सबै अडिएका छन् भन्ने सिद्धान्त पनि—निराधार आकाशमा दुईटाको परस्परमा उसको ऊ, उसको ऊ आश्रय लिएर अडिनु 'अन्योन्याश्रय' दोष जस्तै हुन्छ। उसको त्यो आश्रय, त्यसको अर्कै, अर्कोको पनि अर्कै एवंरीत्या ग्रहहरूमा आधार-आधेयभाव मान्दै जाँदा अनवस्था दोष हुन्छ। यसभन्दा अर्कै अनिर्वचनीय धारकशक्ति मान्ने हो भने बलात् ईश्वरीय शक्ति सिद्ध हुन्छ। किनकि विना शक्तिमान्को केवल शक्ति हुँदैन, यस्तो सर्वशक्तिमान् ईश्वर नै हुँन्छ। अतः परिशेषात् शुद्ध चैतन्यरूप परमात्मा नै माया-शक्तिका संसर्गबाट सूत्रात्मा भएर समस्त ब्रह्माण्डलाई धारण गर्नुभएको छ भन्ने कुरा नै युक्तिसङ्गत ठहर्छ। यही गीतोक्त सर्ववेद-सम्मत सिद्धान्त नै मान्न योग्य छ। तात्पर्य के भने वस्तुहरूको मौलिक आकर्षण पनि ईश्वरीय शक्ति नै हो। ईश्वरीय शक्तिभिन्न मौलिक आकर्षण छैन।

संसारमा जति अन्न, फल, मूल, वनौषधीमा रस-स्वाद उत्पन्न हुन्छ ती सबैको मूल चन्द्रमा हुन्। चन्द्रमा आफ्ना जलमय किरणद्वारा सबै रसलाई पूर्ण गराउँदछन्; परमेश्वरै चन्द्रमा हुन् अर्थात् चन्द्रमाको रूपमा सम्पूर्ण औषधीहरूलाई परमेश्वरले नै पुष्ट गर्नुभएको छ। अतः पृथिवीमा जो समस्त चराचरलाई धान्ने शक्ति छ त्यो परमेश्वरको शक्ति हो। तथा चन्द्रमामा जो औषधीलाई पुष्ट गर्ने शक्ति छ त्यो सबै परमेश्वरकै हो। पृथिवी र चन्द्रमा विश्वम्भर परमेश्वरका विभूति हुन् ॥ १३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

अन्वयार्थः

अहम्	=	म	प्राणापानसमायुक्तः	=	प्राण र अपानले युक्त भएर
वैश्वानरः	=	जठराग्नि	चतुर्विधम्	=	चार प्रकारका
भूत्वा	=	भएर	अन्नम्	=	अन्नलाई
प्राणिनाम्	=	जीवहरूका	पचामि	=	पचाउँदछु
देहम्	=	देहमा			
आश्रितः	=	रहेर			

सरलार्थ

म वैश्वानर (जठराग्नि) भएर प्राणीहरूका देहमा रहन्छु तथा प्राण र अपानले युक्त भएर चार प्रकारका अन्नहरूलाई पचाउँदछु ।

तात्पर्य

श्रुतिमा लेखिएको छ—'अयमग्निर्वैश्वानरो यो ऽयमन्तः पुरुषे येनेदमन्नं पच्यते' (बृ० ५-९ मैत्रा० २-८)—जो पुरुषका भित्र विद्यमान छ, जसद्वारा खाएका अन्नको परिपाक हुन्छ, त्यो अग्नि वैश्वानर हो। अतः परमात्मा समस्त प्राणीका भित्र विद्यमान भएर भक्ष्य, भोज्य, लेह्य, चोष्य (चबाइने, निलिने, चाटिने, चुसिने) यी ४ प्रकारका अन्नहरूलाई पचाउनुहुन्छ अर्थात् जठराग्निमा जो अन्न-पाचक शक्ति छ त्यो परमात्माकै शक्ति हुनाले जठराग्नि परमेश्वरको विभूति हो ।

जो पुरुष भोक्ता भोग्यरूप जगत्लाई भोक्ता-वैश्वानर, भोज्य सोम हो भनेर अग्नि-सोमीयरूपले देख्दछ, त्यसलाई अन्न-दोषहरू लाग्दैनन् । यसैले परमहंस परिव्राजकहरूका मण्डलीमा भोजनको पहिले सबैले यस अध्यायलाई एक स्वरले पाठ गरेपछि मात्र 'ब्रह्मार्पणं' गर्ने चलन छ ॥ १४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वस्य चाहं हृदि संन्निविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

अन्वयार्थः

अहम् च	=	औ म	(भवति)	=	हुन्छ
सर्वस्य	=	समस्त प्राणीका	सर्वैः च	=	सम्पूर्ण
हृदि	=	हृदयमा	वेदैः च	=	वेदद्वारा पनि
सन्निविष्टः	=	बसेको छु	अहम् एव	=	म नै
मत्तः	=	मबाटै	वेद्यः	=	जान्ने योग्य छु
स्मृतिः	=	स्मृति	वेदान्तकृत्	=	वेदान्तको कर्ता
ज्ञानम्	=	अनुभव	वेदवित् च	=	तथा वेदको ज्ञाता पनि
अपोहनम् च	=	तथा ती दुवैको नाश	अहम् एव	=	मै नै
			(अस्मि)	=	हुँ

सरलार्थ

म सम्पूर्ण प्राणीका हृदयमा बसेको छु, मबाटै स्मृति र अनुभव ज्ञान तथा ती दुवैको नाश पनि हुन्छ । सम्पूर्ण वेदहरूद्वारा केवल मै जान्न योग्य छु । वेदान्तको कर्ता र वेदको परिज्ञाता पनि मै हुँ ।

तात्पर्य

श्रुतिमा लेखिएको छ 'स एष इह प्रविष्ट आनखाग्रेभ्यः' (बृ० १-४-७) । 'अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरोत्' (छां० ६-३-२)—परमात्माले सबैमा आत्मरूपबाट प्रवेश गरेर यथा सङ्कल्पित नामरूपलाई व्यक्त गराउनुभयो । अतः परमात्मा समस्त प्राणीका हृदयमा चैतन्यरूपले विराजमान हुनुहुन्छ । पूर्वानुभूत विषयको स्मृति र विषय इन्द्रिय-संयोगजन्य वर्तमानकालिक अनुभव परमात्माकै चैतन्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिद्वारा प्रकट हुन्छन् । तथा काम-क्रोधले व्याकुल भएका अवस्थामा स्मृतिको विस्मृति तथा ज्ञानको अज्ञान पनि परमात्माबाटै हुन्छ । किनकि स्मृति र ज्ञानलाई प्रकट र नाश गर्ने दुवै प्रकृति-शक्ति परमात्माकै हुन् । 'एकं सद्विप्रा बहुधावदन्त्यग्निं यमं मातरिश्वानमाहुः'—एउटै परमात्मालाई वेदवेत्ताहरू अग्नि, यम, तथा वायु आदि रूपमा धेरै प्रकारको वर्णन गर्दछन्; इत्यादि मन्त्र-वर्णले परमात्मालाई अनेक रूपमा वर्णन गरेको हुनाले त्यस-त्यस स्थलका इन्द्र, अग्नि आदि देवता-प्रतिपादक मन्त्रहरू पनि त्यस-त्यस रूपमा रहेका परमात्माका प्रतिपादक हुन् । त्यसकारण निखिल वेदराशिद्वारा वेद्य (ज्ञेय) एउटै परमात्मा हुनुहुन्छ । कठ-श्रुतिमा पनि लेखिएको छ 'सर्वे वेदा यत्पदमामनन्ति' समस्त वेदले जुन पदको बयान गर्दछन् (कठ० १–२–१५)। यिनै परमात्मा वेदव्यासादि रूपमा प्रकट भएर वेदान्त–(वेदको ज्ञानकाण्ड)–को प्रवर्तक (प्रचारक) हुनुहुन्छ तथा तीन काण्ड भएको वेदको यथार्थ अर्थ पनि आफैले जान्नुहुन्छ ॥ १५ ॥

यहाँसम्म सोपाधिक आत्माको निरूपण भयो । अब यी श्लोकले निरुपाधिक आत्माको निरूपण हुन्छ--

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

अन्वयार्थः

लोके	=	लोकमा	सर्वाणि भूतानि	=	सम्पूर्ण भूत
क्षरः	=	क्षर	क्षरः	=	क्षर
अक्षरः एव च	=	तथा अक्षर	कूटस्थः च	=	औ प्रकृति
इमौ	=	यी	अक्षरः	=	अक्षर
द्वौ	=	दुई	उच्यते	=	कहिन्छ
पुरुषौ	=	पुरुष छन्			

सरलार्थ

लोकमा क्षर तथा अक्षर यी दुई पुरुष छन्, सम्पूर्ण भूत-भौतिक जगत् 'क्षर', कूटस्थ (मूल प्रकृति) 'अक्षर' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

महत्तत्त्वदेखि लिएर स्थूल भूतपर्यन्तको समस्त नाशवान् परिणामशील वस्तु 'क्षर' कहिन्छ। श्रीभगवान्को मायाशक्ति (मूल प्रकृति) 'अक्षर' कहिन्छ। यथार्थ वस्तुलाई छोपेर नभएको कुरा देखाउने वस्तु 'कूट' कहिन्छ। यही कूट अर्थात् आवरण-विक्षेप-शक्तिरूपले रहेको माया या मूलप्रकृति 'कूटस्थ' कहिन्छ। संसारको बीज हुनाले यो अनन्त छ, त्यस कारण 'अक्षर' कहिन्छ।

यस श्लोकमा धेरै टीकाकार विद्वान्हरूले कूटस्थ अक्षरलाई 'जीवात्मा' भनेर व्याख्यान गरेका छन्, तर शङ्कराचार्य र मधुसूदनसरस्वती जस्ता संस्कृत दर्शनका प्रकाण्ड पण्डितहरूले संसारको बीज मायालाई नै 'अक्षर' मानेका छन्। किनकि जीवात्मालाई अक्षर मानेमा 'क्षेत्रज्ञं चापि मां विद्धि'—क्षेत्रज्ञ अर्थात् जीवात्मा पनि मलाई नै जान; यो र 'उत्तमः पुरुषस्त्वन्यः' उत्तम पुरुष क्षर-अक्षरदेखि भिन्न छ, जसलाई 'परमात्मा' भन्दछन्। यी दुई वाक्यको परस्पर विरोध हुन्छ र शङ्का उठ्नथाल्दछ कि—अक्षर पुरुषलाई परमात्मा मान्ने कि, क्षर-अक्षरदेखि भिन्नलाई परमात्मा मान्ने ?, त्यस कारण यस श्लोकमा 'कूटस्थ-अक्षर' शब्दल अनादि प्रकृति नै लिन मनासिब पर्दछ। यो कुरा अवश्य हो कि—प्रायः दर्शन र उपनिषद्हरूमा पनि 'अक्षर' शब्दको प्रसिद्धि परमात्मामा छ, तथापि गीतामा सम्पूर्ण उपनिषद् र दर्शनको समन्वयात्मक सार हुनाले 'अक्षर' शब्द कहिले (८-२१) परमात्मवाचक, कहिले प्रकृतिवाचक भएको छ (१५-१८)। एवंप्रकार 'अव्यक्त' शब्द पनि कहिले परमात्मवाचक, (८-२०) कहिले प्रकृतिवाचक (८-१८) भएको छ। यद्यपि यहाँ क्षर, अक्षर दुईटै प्रकृति हुन्, पुरुष होइनन्; तथापि पुरुषका उपाधि हुनाले 'पुरुष' मानिएका छन् ॥ १६ ॥

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

अन्वयार्थः

तु	=	परन्तु	उत्तमः	=	उत्तम
अन्यः	=	अर्को	पुरुषः	=	पुरुष

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमात्मा	=	परमात्मा	ईश्वरः	=	इश्वर
इति	=	यस्तो	लोकत्रयम्	=	तीनै लोकमा
उदाहृतः	=	कहिएको छ	आविश्य	=	पसेर
यः	=	जो	बिभर्ति	=	धारण-पोषणगर्दछ
अव्ययः	=	अविनाशी			

सरलार्थ

किन्तु जसलाई 'परमात्मा' भन्दछन् त्यो उत्तम पुरुष अक छ, जो अविनाशी ईश्वर तीनै लोकमा भित्र पसेर सबैलाई पालन गरेको छ ॥ १७ ॥

तात्पर्य

श्रुतिमा पनि लेखिएको छ 'स उत्तमः पुरुषः' (छां ८। १२।३)। क्षर, अक्षर, उत्तम पुरुष जम्मा ३ पुरुषमा क्षर र अक्षर दुई पुरुष जड हुन्, यो दुईदेखि भिन्न अत्यन्त विलक्षण उत्तम पुरुष चेतन हो। उसैलाई परमात्मा भनेको छ। सबैभन्दा पर प्रकृति, प्रकृतिभन्दा पनि पर हुनाले 'परमात्मा' कहिन्छ। सबैलाई भरण-पोषण गर्ने हुनाले 'विश्वम्भर' पनि यसैको नाम हो।

अब 'पुरुषोत्तम' यस नामको अर्थ लगाएर भक्तलाई आफ्नू परिचय दिनुहुन्छ—

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

अन्वयार्थः

यस्मात्	=	किनभने	(अस्मि)	=	छु
अहम्	=	म	अतः	=	यसैले
क्षरम्	=	क्षरदेखि	लोके	=	लोकमा
अतीतः	=	फरक	वेदे च	=	वेदमा पनि
अक्षराद् अपि च	=	अक्षरदेखि पनि	पुरुषोत्तमः	=	पुरुषोत्तम
उत्तमः	=	उत्तम	प्रथितः	=	प्रख्यात
			अस्मि	=	छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

किनभने म क्षरदेखि फरक र अक्षरदेखि पनि उत्तम छु, त्यसकारण लोकमा र वेदमा 'पुरुषोत्तम' नामले प्रसिद्ध छु ।

तात्पर्य

लोक व्यवहारमा कविहरूका काव्यादिमा 'हरिर्यथैकः पुरुषोत्तमः स्मृतः '(रघुवंश ३।४९ इत्यादि लेखिएको छ । वेदमा—अक्षरात्परतः परः (मुं० २-१-४) स उत्तमः पुरुषः (छां० ८-१२-३) भनेर लेखिएको छ, त्यस कारण लोक, वेद सब ठाउँमा क्षराक्षरदेखि पर हुनाले परमात्मालाई उत्तमपुरुष भन्दछन् ॥१८॥

पुरुषोत्तम नामको अर्थ गर्नाको फल—

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ! ॥१९॥

अन्वयार्थः

हे भारत !	=	हे अर्जुन !	जानाति	=	जान्दछ
यः	=	जो	सः	=	त्यो
एवम्	=	यस्ता प्रकारले	सर्ववित्	=	सर्वज्ञ
असम्मूढः	=	विवेकी जन	माम्	=	मलाई
माम्	=	मलाई	सर्वभावेन	=	सबै भावबाट
पुरुषोत्तमम्	=	पुरुषोत्तम	भजति	=	भज्दछ

सरलार्थ

हे अर्जुन ! एवंप्रकार जो विवेकी जन मलाई 'पुरुषोत्तम' जान्दछ त्यो विवेकी पुरुषले मलाई सबै भावबाट भज्दछ ।

तात्पर्य

श्रीभगवान्‌लाई ब्रह्मरूपले चिनेपछि साधक 'सर्वज्ञ' हुन्छ । श्रुतिमा लेखिएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ 'यद्विज्ञानात्सर्वं विज्ञातं भवति'—जसलाई जान्नाले अरू सबै जानिएकै हुन्छन् (छां० ६-१-४)। यसैले भगवान्को ज्ञानी भक्त निखिल चराचर-(देव, आसुर, मानुष जगत्)-मा एउटै परमात्मालाई ओत-प्रोत भावले देखेर ब्रह्मा, विष्णु, महेश्वर र इन्द्रादि समस्त भावबाट परमात्माकै भजन गर्दछ। यही संसारवृक्ष-छेदन गर्नाको अन्तिम फल हो ॥ १९ ॥

अब यस अन्तिम श्लोकबाट अध्यायको माहात्म्य वर्णन हुन्छ—

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ! ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ! ॥२०॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे पुरुषोत्तमयोगो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

अन्वयार्थः

अनघ !	=	हे निष्पाप अर्जुन !	हे भारत !	=	हे अर्जुन !
इति	=	यस्ताप्रकारले	एतत्	=	यसलाई
मया	=	मैले	बुद्ध्वा	=	जानेर
गुह्यतमम्	=	अति गुह्य	बुद्धिमान्	=	आत्मज्ञानी
इदम्	=	यो	कृतकृत्यः च	=	तथा कृतार्थ
शास्त्रम्	=	शास्त्रलाई	स्यात्	=	होला
उक्तम्	=	भनें			

सरलार्थ

हे अर्जुन ! यसरी अतिगोप्य यो शास्त्र मैले तिमीलाई भने, हे भारत ! यसलाई जानेपछि मनुष्य ज्ञानी र कृतकृत्य पनि हुन्छ।

तात्पर्य

भगवत्तत्त्व-(ब्रह्म)-साक्षात्कार भएपछि साधकका सकल कर्तव्यहरू एकै-चोटि समाप्त हुन्छन्। पञ्चदशीमा लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ऐहिकामुष्मिकव्रातसिद्धये मुक्तेश्चसिद्धये ।
बहुकृत्यं पुरास्याऽभूत्तत्सर्वमधुना कृतम् ॥ (प० द० ७–२५३)

पुरुषका यसलोक, परलोक तथा मुक्ति-सिद्धिका निमित्त पहिले धेरै कर्तव्यहरू थिए, अहिले ती सबै ब्रह्मज्ञानद्वारा कृतप्राय भइसके । किनभने ब्रह्मतत्त्वको ज्ञान सब साधनको पराकाष्ठा हुनाले ज्ञानी पुरुषका आफ्ना निम्ति कर्तव्यहरू केही पनि बाँकि रहँदैनन् । अर्जुन अनघ =अव्यसनी हुनाले यस कार्यमा प्रमाद गर्ने छैनन्, एवम् भारत=उच्च कुलमा पैदा भएका हुनाले यही उच्च सिद्धान्तको अनुसरण गरेर आफ्नू जीवन आदर्शमय बनाउनेछन् ॥ २० ॥

चिदानन्दाकारं जलदरुचिसारं श्रुतिगिरां
व्रजस्त्रीणां हारं भवजलधिपारं कृतधियाम् ।
विहन्तुं भूभारं विदधदवतारं मुहुरहो
महो बारंबारं भजत कुशलारम्भकृतिनः ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्रूपी ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये पुरुषोत्तमयोग नाम गरेको पन्ध्रौं अध्याय समाप्त भयो ॥ १५ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

सोह्रौं अध्याय

पूर्वाध्यायमा संसार-वृक्षका अवान्तर मूलरूपले जो निखिल प्राणीका हृदय-वर्ती विषय-वासनाको वर्णन भयो त्यसैका अनुसार नवमाध्यायमा सूचित गरिएका—दैवी, आसुरी, राक्षसी, तीन प्रकारका प्रकृतिहरू हुन्छन् । किनभने वर्तमान जन्ममा विषय-वासनारूपले अभिव्यक्त प्रकट भएको जन्मान्तरीय धर्माधर्मको संस्कार नै 'प्रकृति' हो । यसैका अनुसार मनुष्यको शुभ या अशुभ मार्गमा प्रवृत्ति हुन्छ । परमात्मतत्त्व-प्राप्तिका निमित्त शास्त्रीय विधिमा प्रवृत्त गराउने सात्त्विक शुभ वासना 'दैवी'कहिन्छ, शास्त्र-विधिलाई लङ्घन गराएर राग, द्वेष आदि अनर्थमा प्रवृत्त गराउने 'राजसी', तामसी अशुभ वासना 'आसुरी' तथा 'राक्षसी' कहिन्छन् । यी दुईमा विषयभोगको प्रधानताले राग प्रबल भएको 'आसुरी',हिंसा-दोषको प्रधानताले द्वेष प्रबल भएको 'राक्षसी' संपदा कहिन्छ । परन्तु अहिले शास्त्र-विधिको त्याग दुईटै प्रकृतिमा बराबर देखिएको हुनाले यसैको समानताबाट राजस-तामस प्रकृतिलाई एउटै गराएर 'दैवासुरसंपद्विभाग' नाम गरेको सोह्रौं अध्याय प्रारम्भ हुन्छ ।

दैवी प्रकृतिको लक्षण द्वितीय, द्वादश, त्रयोदश आदि अध्यायमा मुक्तात्माको लक्षण-वर्णनको प्रसङ्गबाट प्रायः भइसकेको छ । त्यस कारण यस अध्यायमा पहिले तीन श्लोकले संक्षेपमा दैवी संपदाको लक्षण बताएर विस्ताररूपले आसुरी संपदाकै लक्षण-वर्णन गरिएको छ, औ अन्तका चार श्लोकबाट अध्यायको सार-रूप कर्तव्योपदेश भएको छ । यिनै यस अध्यायका प्रतिपाद्य विषय हुन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दैवी संपदाका गुणहरू—

श्रीभगवानुवाच

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

अन्वयार्थः

अभयम्	=	निर्भय	दमः च	=	इन्द्रियसंयम
सत्त्वसंशुद्धिः	=	अन्तःकरणको शुद्धि	यज्ञः च	=	यज्ञ
ज्ञानयोगव्यवस्थितिः	=	ज्ञान र योगमा निष्ठा	स्वाध्यायः	=	शास्त्रको अभ्यास
दानम्	=	दान	तपः	=	तपस्या
			आर्जवम्	=	सरलता

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

अन्वयार्थः

अहिंसा	=	अहिंसा	अपैशुनम्	=	चुक्ली नगनु
सत्यम्	=	सत्य			
अक्रोधः	=	अक्रोध	भूतेषु	=	प्राणीहरूमा
त्यागः	=	त्याग	दया	=	दया
अलोलुप्त्वम्	=	तृष्णा नहुनु	ह्रीः	=	लाज
मार्दवम्	=	कोमलता	अचापलम्	=	अचञ्चलता
शान्तिः	=	शान्ति			

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति संपदं दैवीमभिजातस्य भारत ! ॥३॥

अन्वयार्थः

तेजः	=	आत्मबल	धृतिः	=	धर्य
क्षमा	=	क्षमा	शौचम्	=	पवित्रता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अद्रोहः	=	द्रोह नगर्नु	संपदम्	=	संपद्मा
नातिमानिता	=	ज्यादा मान नखोज्नु	अभिजातस्य	=	उत्पन्न भएका मनुष्यका
भारत !	=	हे अर्जुन !			
दैवीम्	=	दैवी	भवन्ति	=	हुन्छन्

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—हे भारत ! निर्भय, शुद्धविचार, ज्ञानयोग र कर्मयोगमा निष्ठा, दान, दम, यज्ञ, स्वाध्याय, सरलता, अहिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, छुल्याहा नहुनु, जीवहरूमा दया, अतृष्णा, कोमल स्वभाव, कुकर्ममा लज्जा, अचंचलता, तेज, क्षमा, धैर्य, पवित्रता, अद्रोह, धेरै मान नखोज्नु; यी गुणहरू दैवीसंपद्मा उत्पन्न भएका पुरुषलाई प्राप्त हुन्छन् ।

तात्पर्य

सत्त्वगुणको दैवी सम्पत्ति, रजोगुणको आसुरी, तमोगुणको राक्षसी यी तीन गुणका अनुसार जगत्मा सम्पत्ति हुन्छन् । यहाँ सत्त्वगुण-सम्बन्धी दैवी सम्पत्तिका सम्पूर्ण २६ प्रकारको गुणहरू सबैका निम्ति हुन् । यी मध्ये अभय, सत्त्वसंशुद्धि, ज्ञान-योगव्यवस्थिति; यी तीन परमहंसका असाधारण धर्म हुन् । दान, दम, यज्ञ, गृहस्थका; स्वाध्याय, ब्रह्मचारीको असाधारण धर्म हो । तप वानप्रस्थको; अहिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, अपैशुन, दया, अलोलुप्त्व, मार्दव, ह्री, अचापल, आर्जव; यी १२गुण ब्राह्मणका असाधारण धर्म हुन् । तेज, क्षमा, धृति यी तीन क्षत्रियका; शौच, अद्रोह, यी २ वैश्यका; नातिमानिता यो एउटा शूद्रको असाधारण धर्म हो । यस्ता प्रकारबाट पुण्यमय प्राक्तन कर्मका सम्बन्धले दैवी संपद्मा उत्पन्न भएका मनुष्यका आफ्ना २ गुण-कर्मानुसार यी असाधारण धर्महरू प्रकट हुन्छन्, किन्तु दैवी संपद्का पूर्णावस्थामा यी सबै गुणहरू एउटै व्यक्तिमा पनि विकाश हुनसक्दछन् ॥ ३ ॥

आसुरी संपद्का गुणहरू—

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ ! संपदमासुरीम् ॥४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अज्ञानम् च	=	औ अविवेक
दम्भः	=	ढ्वाङ्	आसुरीम्	=	आसुरी
दर्पः	=	सेखी	संपदम्	=	संपदामा
अभिमानम् च	=	अभिमान	अभिजातस्य	=	उत्पन्न भएका मनुष्यका
क्रोधः	=	रिस	भवन्ति	=	हुन्छन्
पारुष्यम् एव च	=	तथा सदा रूखो वचन			

सरलार्थ

हे अर्जुन ! दम्भ, दर्प, अभिमान, क्रोध, रुख्याइँ तथा अविवेक यी गुण आसुरी संपदामा उत्पन्न भएका मनुष्यका हुन्छन् ।

तात्पर्य

अघि प्राचीन युगमा देवता र असुर दुई किसिमका प्राणीहरू थिए, तो आपुस्मा लडिरहन्थे, तिनीहरूको मेल थिएन । कुनै कुरामा कहिले केही आपुस्मा सम्झौता पनि हुन्थ्यो, किन्तु दुवैथरी विरुद्ध प्रकृतिका हुनाले त्यो सम्झौता धेरै दिन स्थायी नभएर फेरि संघर्ष प्रारम्भ हुन्थ्यो । यही कुरा उपनिषद्मा लेखिएको छ—'द्वया ह प्राजापत्या देवाश्चासुराश्च ततः कनीयसा एव देवा ज्यायसा ह्यसुराः त एषु लोकेष्व स्पर्द्धन्त (बृ० १-३-१) —प्रजापतिका देवता र असुर दुई प्रकारका सन्तानहरू थिए, तीमध्ये असुरहरू पहिले जन्मेका थिए, देवताहरू पछाडि । आपुस्मा दुवैथरीको प्रतिस्पर्धा थियो । वर्तमान युगमा ती देवता र असुर भन्ने जातका प्राणी कोही पनि यो विश्वमा देखिंदैनन् , किन्तु तिनको गुण-स्वभाव-आचार-चरित्रमा मिल्ने मनुष्यहरू नै दुई थरीका अवश्य छन् । यिनैलाई यहाँ 'दैवी सम्पदा' र 'आसुरी सम्पदा' भनेको छ । जसरी अघि देवता र असुरहरूको बरावर युद्ध हुन्थ्यो, अहिले पनि त्यसैगरी दुई थरीको युद्ध भइरहेको हुन्छ । दैवी सम्पदामा समस्त विश्वको मूलमा सत्य आधाररूप चेतन तत्त्व मानिएको छ; किन्तु आसुरी संपदामा स्थायी तत्त्व केही पनि मानिएको छैन । प्राणीहरूको सृष्टिकर्ता कामलाई मानेर परमेश्वरलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमान्नु, चैतन्यलाई भूतहरूको संयोगविशेषबाट उत्पन्न हुने, भूतहरूको वियोग-द्वारा नाश हुने संयोगज वस्तु मान्नु, संसारका यावत् वस्तुहरूको उपयोग केवल मनुष्यको काम-वासना-तृप्तिको लागि मान्नु यी सिद्धान्त आसुरी संपदाका हुन् । यही सिद्धान्तानुसार यिनीहरूको शील-स्वभाव हुन्छ । किनकि मनुष्यको जस्तो दृष्टिकोण हुन्छ त्यस्तै चरित्र हुन्छ ।

जस्तै—

दम्भ—परोपकार, दया, कर्तव्यपालन, भ्रातृभाव आदि केवल अरूलाई आँफूमा विश्वास उत्पन्न गराउनलाई मात्र बाहिरी देखाउरूपमा गर्नु ।

दर्प—देह, धन, जाति, कुल, बल, विद्या, रूप आदिलाई लिएर म जस्तो अरू कोही छैन भनेर खूब सेखी गर्नु ।

अभिमान—उपर्युक्त कुरालाई लिएर 'मैं हुँ' भनेर घमण्ड गर्नु ।

क्रोध—ज्यादा रिसाउनु ।

पारुष्य—अरूको चित्त दुख्ने कठोर वचन बोल्नु ।

अज्ञान—कर्तव्याकर्तव्यको विवेक नहुनु । इत्यादि लक्षणबाट बाहिरबाट हेर्दा सुन्दर मानवको आकारमा भए पनि विचारवान् पुरुषले उसलाई प्रच्छन्न (गुप्त) दानवको रूपमा देख्दछन् ॥ ४ ॥

दुवै सम्पदाको विभिन्न परिणाम—

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुच सम्पदं दैवीमभिजातोऽसि भारत ! ॥५॥

अन्वयार्थः

दैवी	=	दैवी	भारत !	=	हे अर्जुन !
सम्पत्	=	संपदा	दैवीम्	=	दैवी
विमोक्षाय	=	मोक्षको निम्ति	सम्पदम्	=	संपद्मा
आसुरी	=	आसुरी सम्पत्ति	अभिजातः	=	उत्पन्न
निबन्धायः	=	बन्धनका निम्ति	असि	=	भएका छौ
मता	=	मानिएका छन्	मा शुच	=	शोक नगर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

दैवी संपदा मोक्षदायक औ आसुरी संपदा बन्धनकारक मानिएको छ। हे अर्जुन ! तिमी दैवी सम्पदामा उत्पन्न भएका छौ, त्यस कारण शोक नगर।

तात्पर्य

दैवी सम्पदामा बताएका २६ गुण र १३ अध्यायमा बताएका ज्ञानका साधन-हरू प्रायः एकै किसिमका छन्। अतएव दैवी सम्पदा ज्ञानको साधन, ज्ञान मुक्तिको साधन हो। एवंप्रकार आसुरी संपदा अज्ञानको कारण, अज्ञान बन्धनको कारण हो। यही सिद्धान्तले दैवी सम्पदा मोक्षको कारण, आसुरी सम्पदा बन्धनको कारण हुन्छ ॥ ५ ॥

जम्मा संपदा दुईटै मात्र छन्—

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ ! मे शृणु ॥६॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	(अस्ति)	=	छ
अस्मिन्	=	यस	दैवः	=	दैव
लोके	=	लोकमा	विस्तरशः	=	विस्तारपूर्वक
दैवः	=	दैव	प्रोक्तः	=	भनें
आसुरः च	=	तथा आसुर	आसुरम्	=	आसुरी
द्वौ एव	=	दुईथरीमात्र	मे	=	मबाट
भूतसर्गौ	=	प्राणीको सृष्टि	शृणु	=	सुन

सरलार्थ

हे अर्जुन ! यस लोकमा दुई कोटिको प्राणीहरू उत्पन्न हुन्छन्, एउटा दैव, अर्को आसुर। दैव कोटिको वर्णन विस्तारपूर्वक गरिसकें, अब आसुर कोटिको वर्णन मबाट सुन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

श्रुतिमा 'द्वया ह प्राजापात्या देवाश्चासुराश्च' भनेको हुनाले समस्त जगत्मा दैवी र आसुरी दुईटै मात्र सृष्टि हुन्छन् । यसदेखि अधिक राक्षसी र मानुषी यिनैका भित्र अन्तर्गत छन् । राक्षसी सम्पदा आसुरी कोटिमै अन्तर्भूत छ । मनुष्य तिनीहरूकै गुण-स्वभावद्वारा देवता या असुर कहिन्छ । जो मनुष्य शास्त्र-संस्कारका प्रबलताले स्वभावसिद्ध राग-द्वेषलाई दबाएर स्वधर्मपरायण हुन्छ त्यो 'देवता' कहिन्छ । किन्तु जब स्वभावसिद्ध राग-द्वेषका प्रबलताले शास्त्र-संस्कारहरू दबिएर मनुष्य अधर्मपरायण हुन्छ त्यो 'असुर' तथा 'राक्षस' कहिन्छ । यस्ता रीतले धर्ममार्गबाट दैवी र अधर्ममार्गबाट आसुरी सम्पदा हुन्छन् । धर्म र अधर्मदेखि तृतीय कोटि छैन । त्यस कारण सम्पदा पनि दुईटा मात्र छन् । दैवी सम्पदाको द्वितीय, द्वादश, त्रयोदश आदि अध्यायमा वर्णन भइसकेकोले श्रीभगवान्बाट पनि 'दैवो विस्तरशः प्रोक्तः' भनेर भन्नुभएको छ ॥६॥

आसुरी संपदाको विस्तृत वर्णन—

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

अन्वयार्थः

आसुराः	=	असुर	तेषु	=	तिनीहरूमा
जनाः	=	जनहरू	न शौचम्	=	न पवित्रता
प्रवृत्तिम् च	=	प्रवृत्ति र	न आचारः	=	न आचार
निवृत्तिम् च	=	निवृत्तिलाई पनि	न च अपि सत्यम्	=	औ न सत्यता नै
न विदुः	=	जान्दैनन्	विद्यते	=	देखिन्छ

सरलार्थ

आसुरी जनहरूलाई के गर्नुहुन्छ, के गर्नु हुँदैन, यो केही विवेक हुँदैन ; तिनीहरूमा शौच, आचार, सत्यता पनि हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जगत्मा आसुर जनहरू घोर नास्तिक हुन्छन् । धर्ममा प्रवृत्त हुन र अधर्ममा निवृत्त हुन तिनीहरूले जानेका हुँदैनन् । कुन प्रवृत्तिबोधक वाक्य हो, कुन निवृत्तिबोधक, यो पनि केही थाहाहुँदैन । केवल स्वेच्छाचार-विहार मात्र हुन्छ । अतः अशुची, अनाचारी, मिथ्यावादी असुरहरू मायावादी (छली) हुन्छन् भन्ने लोकमा प्रसिद्ध छ ॥७॥

असत्यमप्रतिष्ठन्ते जगदाहुरनीश्वरम् ।
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम् ॥८॥

अन्वयार्थः

ते	=	तिनीहरू	कामहैतु म्	=	केवल कामै कारण भएको
जगत्	=	जगत्लाई	आहुः	=	भन्दछन्
असत्यम्	=	असत्य	अन्यत्	=	अरू
अप्रतिष्ठम्	=	निराधार	किम्	=	के छ ?
अनीश्वरम्	=	विना ईश्वरको	(इति)	=	यस्तो
अपरस्परसंभूतम्	=	स्त्री-पुरुषका संसर्गबाट उत्पन्न	आहुः)	=	भन्दछन्

सरलार्थ

ती असुर जनहरू "जगत्लाई असत्य अर्थात् मूलमा अविनाशी तत्त्व नभएको, निराधार, ईश्वर-सत्ता-शून्य, स्त्री-पुरुषको संसर्गबाट उत्पन्न भएको हुनाले काम नै जगत्को कारण हो, अरू ईश्वर आदि केहो पनि छैन" यस्तो भन्दछन् ।

तात्पर्य

असुर जीवहरू रजोगुणी, विषयलम्पट हुन्छन् । त्यस कारण तिनीहरूको चित्तवृत्ति र विचार पनि विषयमूलक र काममूलक नै हुन्छ । ती अनीश्वरवादी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नास्तिकहरू जगत्मा र जगत्-उत्पत्तिका मूलमा फगत् कामै-काम मात्र देख्दछन् । अर्थात् स्त्री-पुरुष-संसर्गको प्रेरक कामलाई नै प्रवाहरूपले जगत्कर्ता मान्दछन् । यस-देखि भिन्न ईश्वरलाई जगत्कर्ता मान्दैनन् । यसैले तिनीहरूका आचारचरित्रहरू पनि यही दृष्टिकोण-अनुसार हुन्छन् ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

अन्वयार्थः

एताम्	=	यस	उग्रकर्माणः	=	उग्रकर्म भएका
दृष्टिम्	=	विचारलाई	अहिताः	=	दुष्टहरू ।
अवष्टभ्य	=	लिएर	जगतः	=	संसारको
नष्टात्मानः	=	आत्मनाश भएका	क्षयाय	=	नाशका निमित्त
अल्पबुद्धयः	=	मन्दमति	प्रभवन्ति	=	उत्पन्न हुन्छन्

सरलार्थ

यस्तो विचारलाई लिएर आत्मनाश अर्थात् आत्मकल्याणको साधन भ्रष्ट भएका, मन्दमति, उग्रकर्म गर्ने दुष्टहरू जगत्लाई क्षय (नाश) गराउन जन्म लिन्छन् ॥९॥

तात्पर्य

पूर्व श्लोकमा बताएअनुसार ईश्वर, अदृष्ट (धर्माधर्म) आदि केही पनि नमान्नु, स्वभावैले जगद्वैचित्र्य मानेर भूतवर्ग-उत्पत्तिको कारण स्त्री-पुरुष-संसर्गको प्रेरक कामलाई मात्र मान्नु, यो शास्त्र-संस्कार-रहित (पामर) लोकहरूको मनमानी कल्पना हो । यसलाई शास्त्रमा 'लोकायतिक दृष्टि' भनेको छ । यिनीहरूका विचारमा परलोक छँदैछैन । त्यस कारण यो [illegible]-(मूर्ख)-हरू आफ्नै विचार-अनुसार जनतालाई पनि अनीश्वरवादका कण्टकमय पथमा लगेर फँसाइदिन्छन् । यसैले यिनीहरूलाई 'शत्रु' भनेको छ । यस्ता आसुरी जीवहरू संसारमा धर्मनाशका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेतु (कारण) भएर जगत्को शान्तिलाई समेत नाश पार्दछन् । यिनका उग्र कर्म-ले संसारको उन्नति-वृद्धि केही पनि हुँदैन, उल्टो क्षयमात्र हुन्छ । अथवा पुनर्जन्म नमान्ने नास्तिकहरू यही जगत् अमङ्गलकारी संस्कारले गर्दा मरेपछि फेरि पनि प्राणि-हिंसक व्याघ्र-सर्पादि योनिमा जगत्शत्रु नै भएर पैदा हुन्छन् ॥ ९ ॥

आसुरी जीवको कामावस्था—

कामामाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहित्वाऽसद्ग्राहान् प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

अन्वयार्थः

दुष्पूरम्	=	पूर्ण हुन कठिन	असद्ग्राहान्	=	अशुभ निश्चयलाई
कामम्	=	कामनालाई	गृहित्वा	=	लिएर
आश्रित्य	=	लिएर	अशुचिव्रताः	=	अपवित्र नियममा लागेका
दम्भमानमदान्विताः	=	दम्भ, मान, मदले युक्तभएका असुरहरू	प्रवर्तन्ते	=	प्रवृत्त हुन्छन्
मोहात्	=	अविवेकले			

सरलार्थ

कहिल्यै पुर्ण हुननसक्ने विषय-तृष्णालाई लिएर दम्भ, मान, मदले युक्त भएका आसुरी जन अविवेकले खराब विचारलाई लिएर अशुद्ध नियमपट्टि लाग्दछन् ।

तात्पर्य

आसुरी संपदामा विषय-वासना-तृप्ति [illegible] अन्तिम ध्येय हुनाले तिनीहरू संसारका हरेक वस्तुको उपयोग त्यसै[illegible]न्ति [illegible]र्दछन् । यद्यपि कामरूपी अग्नि विष-यरूपी घिउको आहुतिले कहिल्यै तृप्त हुँदैन, तथापि यस्तो दुष्पूर कामलाई परम परुषार्थ माने र तिनीहरू त्य[illegible]ा सदा तन्मय रहन्छन् ; यसैले तिनीहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तविक सुख र शान्ति कहिल्यै पनि हुँदैन । तिनका हरेक धार्मिक, सामाजिक, नैतिक कार्यहरू सबै ढवाङ्मात्र हुन्छन्, ती सदा अहङ्कारका नसामा चूर-चूर भै-रहेका हुन्छन् । मोहले गर्दा तिनको विचारै उल्टो हुन्छ; यसैले जति सन्मार्ग-को उपदेश गरे पनि आफ्नू हठ छोड्दैनन् । अनुचित पद्धतिबाट धन-संग्रह गर्नु, त्यसद्वारा अनुचित तरीकाबाट विषय भोग्नु, यही उनीहरूको मुख्य विधान हुन्छ ॥ १० ॥

चिन्तामपरिमेयाञ्च प्रलयान्तामुपाश्रिताः
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

अन्वयार्थः

प्रलयान्ताम्	=	मरणपर्यन्त रहने	एतावत्	=	यत्तिकै हो
अपरिमेयाम्	=	अनन्त	इति	=	यस्तो
चिन्ताम्	=	चिन्तालाई	निश्चिताः	=	निश्चय गरेका
उपाश्रिताः	=	आश्रय लिएका	(भवन्ति)	=	(हुन्छन्)
कामोपभोगपरमाः	=	कामभोगलाई परमपुरुषार्थ मानेका			

सरलार्थ

मरणपर्यन्त पूर्ण नहुने अगणित चिन्तालाई लिएर केवल काम-भोगलाई सर्वोपरि मानेका, त्यसैलाई यत्तिकै हो, यहाँदेखि अर्को पुरुषार्थ छैन भन्ने निश्चय गरेका हुन्छन् ।

तात्पर्य

वार्हस्पत्य सूत्रमा यी चारवाकहरूको सिद्धान्त लेखिएको छ, जस्तैः—'चैतन्य विशिष्टकायः पुरुषः'—चैतन्ययुक्त शरीरै 'पुरुष' हो, अर्थात् 'आत्मा' हो । 'काम एवैकः पुरुषार्थः,—कामै एउटामात्र परम पुरुषार्थ हो । अतः यस सिद्धान्तमा धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थमध्ये, धर्म र मोक्ष [illegible]नन् विना अर्थ इष्टसिद्धि नहुने हुनाले 'अर्थ' पनि आवश्यक छ, किन्तु अर्थको उद्देश्य कामनापूर्तिमात्र हुनाले मुख्य पुरुषार्थ 'काम' नै हो, अर्थ 'गौण' पुरुषार्थ हो । जस्तैः—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"न स्वर्गो नापवर्गो वा नैवात्मा पारलौकिकः ।
नैव वर्णाश्रमादीनां क्रिया च फलदायिका ॥

वास्तवमा न स्वर्ग छ, न अपवर्ग (मोक्ष) छ, न कोही परलोकमा जाने आत्मा छ । वर्णाश्रम सम्बन्धी कुनै क्रिया पनि पारलौकिकरूपी फललाई दिनेवाला छैनन् । यसैले यिनीहरूको विचार यस्तो हुन्छ—

यावज्जीवेत्सुखं जीवेदृणंकृत्वा घृतं पिबेत् ।
भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥

जहाँसम्म बाँच्नुछ, सुखपूर्वक जीवन बिताओस् । कसरी जीवन सुखमय हुन्छ ? भन्दा ऋण गरेर पनि घिउ खाओस् । ऋण कसरी तिर्नु ? भन्दा देहै आत्मा हो, देहै भस्म भएपछि ऋण दिने-लिने कोही पनि रहँदैनन्, पुनर्जन्म कहाँबाट हुन्छ ।

यस सिद्धान्तमा "आत्मा 'भूतचतुष्टय-(पृथ्वी, जल, तेज, वायु)-संयोग-जन्य'-(संयोगबाट भएको) मानिएको छ । यी सब जड भूतवर्गको संयोगबाट मात्र बनेको आत्मा भए अचल मूर्ति सालिक जस्तो मात्र हुनुपर्ने, चैतन्य कहाँबाट आयो ? भन्दा यस्तो उत्तर दिन्छन्—दुई चीजको संयोग भएपछि तेस्रो चीज आँफै उत्पन्न हुन्छ । जस्तैः—चुन, खयर, पान एक-एकमा रातो छैन, तीनै चीज मिलेपछि चौथो रातो चीज आँफै उत्पन्न हुन्छ; यस्तै पृथ्वी, जल, तेज, वायु एक-एकमा चैतन्य छैन तापनि यी चारैको संयोग भएपछि पाँचौ चैतन्य आँफै उत्पन्न हुन्छ । संयोगजन्य हुनाले यी चार भूतको वियोग हुनासाथ आँफै नाश हुन्छ । चैतन्य भन्ने स्वतन्त्र तत्त्व होइन, किन्तु संयोगज वस्तु हो" भन्दछन् ।

यस्ता प्रकारले आसुरी सिद्धान्तमा स्थायी आत्मा नभएकोले धर्म, मोक्ष, स्वर्ग, नरक, परलोक, परमेश्वर कुनै पनि छैनन् । केवल कामरूप परम पुरुषार्थ-प्राप्तिका निम्ति मरणपर्यन्त अपरिमेय चिन्तारूपी चिताका प्रचण्ड ज्वालामा रात-दिन जलिरहनु मात्र छ ॥११॥

लोभावस्था—

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थम्-न्यायेनार्थसञ्चयान् ॥१२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

आशापाशशतैः	= सैकडौं आशारूपी पाशाले	कामभोगार्थम्	= कामभोगका निम्ति
बद्धाः	= बाँधिएका	अन्यायेन	= अन्यायले
कामक्रोधपरायणाः	= काम र क्रोधमा परायण	अर्थसञ्चयान्	= धनसञ्चयलाई
		ईहन्ते	= चेष्टा गर्दछन्

सरलार्थ

सैकडां आशारूपी पाशाले बाँधिएका, काम क्रोधमा तत्पर असुर जनहरू विषयभोगका निमित्त अन्यायबाट खूब धन बटुल्नचाहन्छन् ।

तात्पर्य

जसरी पाशोमा परेर बाँधिएको पन्छी मनमनै उड्ने अभिलाषा गर्दछ, तदनुसार चेष्टा पनि गर्दछ । ठीक त्यही दशा सैकडौं आशारूपी पाशाले बाँधिएका असुर जीवको छ । यही आशा-बन्धनका भित्र परेर परधन, परस्त्रीमा कामना गर्दछ । त्यसमा प्रतिबन्ध (रोकावट) हुँदा क्रोधित हुन्छ । जति-जति विषयभोग मिल्दछ उति-उति आगोमा घिउ राखे झैं काममाथि कामै बढेर जान्छ । जति-जति काम बढ्यो उति-उति क्रोध पनि बढ्दछ । किनकि क्रोध कामैको परिणाम हो । अतः असुर जीव कामभोगका निमित्त अन्यायपूर्वक धन कमाउने विचारले गरीब, सोझा जनताका ऊपर अनेकौं वञ्चनावृत्ति (ठग व्यवहार) चलाउँदछन् , यो कुरा लोकमा प्रसिद्ध छ; किनकि अमर्यादित कामवासना पूर्तिको निम्ति न्याय बाट कमाएको धनले कदापि पुग्दैन ॥१२॥

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

अन्वयार्थः

मया	= मैले	इदम्	= यो
अद्य	= अहिले	लब्धम्	= पाएँ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदम्	=	यो	पुनः	=	फेरि
मनोरथम्	=	मनोरथ	इदम् अपि	=	यो पनि
प्राप्स्ये	=	पाउनेछु	धनम्	=	धन
इदम्	=	यो धन	मे	=	मेरो
अस्ति	=	छ	भविष्यति	=	हुनेछ

सरलार्थ

अहिले मैले यो पाएँ, यो मनोरथ पछि पूर्ण हुनेछ, ऐले यो धन छ, फेरि यो धन पनि मेरो पछि हुनेछ ।

तात्पर्य

यस्तै प्रकारका धन-तृष्णा सम्बन्धी मनोराज्यले असुर जीवहरूको हृदय सदा व्याकुल भइरहेको हुन्छ । त्यस कारण अन्त्य कालमा पनि आँफूले अन्याय-पूर्वक कमाएको धनलाई छोड्नपर्दा तिनीहरूलाई ठूलो दुःख हुन्छ । जस्तो औरङ्ग-जेबलाई भएको थियो । फलतः आफ्ना मनोवृत्ति-अनुसार सर्पादि तिर्यक् योनिमा जन्म लिन्छन्[1] ॥ १३ ॥

क्रोधावस्था—

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥

अन्वयार्थः

असौ	=	त्यो	ईश्वरः	=	सबैभन्दा ठूलो
शत्रुः	=	शत्रु	अहम्	=	म
मया	=	मैले	भोगी	=	भोगनेवाला
हतः	=	मारें	अहम्	=	म
अपरान् अपि च	=	तथा अरूलाई पनि	सिद्धः	=	सिद्ध
हनिष्ये	=	मार्नेछु	बलवान्	=	बलियो
अहम्	=	म	सुखी	=	सुखी हुँ

१. यस श्लोकको सम्बन्ध 'पतन्ति नरकेऽशुचौ' यो सोह्रौं श्लोकसँग भएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

त्यो शत्रु मैले मारें, अरूलाई पनि मारूला। मै ईश्वर हुँ, मै भोगी हुँ, मै बलवान् छु, मै सुखी छु; इत्यादि, इत्यादि।

तात्पर्य

यस्तै किसिमका आत्मगौरव सम्बन्धी अनेकौं व्यर्थ कल्पनाले आँफूले आँफैलाई सर्वेसर्वा मानेर असुर जीवहरू निरन्तर अहङ्कारले फुलिरहेका हुन्छन् ॥१४॥

मोहावस्था—

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

अन्वयार्थः

आढ्यः	=	धनी	अस्ति	=	छ
अभिजनवान्	=	कुलीन	यक्ष्ये	=	यज्ञ गरूला
अस्मि	=	छु	दास्यामि	=	दान गरूला
मया	=	मैले	मोदिष्ये	=	मोज गरूला
सदृशः	=	तुल्य	ति	=	यस्ता प्रकारका
अन्यः	=	अर्को	अज्ञानविमोहिताः	=	अविवेकले मोहित भएका
कः	=	को			

सरलार्थ

म धनी तथा कुलीन हुँ, म जस्तो अर्को को छ ? यज्ञ गरूला, दान गरूला, मोज गरूला; यस्ता किसिमका अज्ञानले मोहित भएका हुन्छन्।

तात्पर्य

असुर जनहरूका भित्र भक्ति-भाव, शास्त्र-विश्वास केही पनि हुँदैन; त्यस कारण तिनीहरू केवल धर्मको ध्वजा फहराउनको निम्ति यज्ञ गर्दछन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नू गुण बखान गर्ने नट, भाटहरूलाई दान दिन्छन्, तथा क्षणभङ्गुर संसारका अनित्य वस्तुहरूलाई पाएर अभिमान गर्दछन् । जो धन-ऐश्वर्य-बलको तारतम्य क्रमशः बढ्दै गएको इन्द्रपद्वीलाई समेत नाघेर ब्रह्मासम्म पुगेको छ त्यस्ता सापेक्षिक वस्तुलाई लिएर पृथ्वीका एउटा कुनामा बस्ने, उनीहरूका अपेक्षाले निमेषभर आयु भएको यस्तो प्राणीले यत्तिको हदभन्दा ज्यादा घमण्ड राख्नु आश्चर्यको कुरो हो । यसैले श्लोकमा 'अज्ञानविमोहिताः' भनेको छ; किनकि मोहावस्थामा जीवलाई केही पनि होस रहँदैन ॥ १५ ॥

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

अन्वयार्थः

अनेकचित्तविभ्रान्ताः	=	अनेकौं दुष्ट सङ्कल्प द्वारा भ्रान्तचित्त	प्रसक्ताः	=	लम्पट
			अशुचौ	=	अपवित्र
मोहजालसमावृताः	=	मोहरूपी जालले ढाकिएका	नरके	=	नरकमा
			पतन्ति	=	खस्दछन्
कामभोगेषु	=	विषयभोगमा			

सरलार्थ

अनेकौं दुष्ट सङ्कल्पले भ्रान्त विचार भएका, मोहजालले ढाकिएका, कामभोगमा लम्पट असुर जनहरू अपवित्र नरकमा खस्दछन् ।

तात्पर्य

जस्तै जालमा परेको पन्छी सर्वतः बद्ध हुन्छ त्यस्तै कार्याकार्य, हिता-हित, सारा-सार, त्याज्य-ग्राह्यको अविवेकरूपी मोहजालले छोपिएको जीव स्थायी, कल्याणकारी विचारबाट वंचित रहन्छ । तस्य कारण पूर्व श्लोकानुसार अनेकौं मलिन तथा खोटा सङ्कल्प-विकल्पले असुर जीवको चित्त सदाकाल भ्रान्त भइरहन्छ । यी हर-हालत विषय-भोगमै तत्पर रहन्छन् । यसको परिणाम अर्थात् स्वरूप स्थिति यिनीहरूलाई घोर नरकमा हुन्छ ॥ १६ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनीहरूमा पनि कोही-कोही वैदिक याग-दानादि कर्ममा प्रवृत्त भएका देखिन्छन्, के ती पनि नरकमै जान्छन् ? यस शङ्काको उत्तर आँफै दिनुहुन्छ—

आत्मसंभाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

अन्वयार्थः

आत्मसंभाविताः	= आँफूले आँफैलाई ठूलो मानेका	नामयज्ञैः	= नाममात्रका यज्ञ-हरूद्वारा
स्तब्धाः	= अनम्र	अविधिपूर्वकम्	= शास्त्रविधिरहित
धनमानमदान्विताः	= धन र मानका मदले युक्त	दम्भेन	= दम्भले
ते	= ती असुर जीवहरू	यजन्ते	= यज्ञ गर्दछन्

सरलार्थ

आत्मप्रशंसा गर्ने, ठर्रा, धन र मानका मदले चूर-चूर भएका ती असुर जीवहरू शास्त्रविधिरहित नाममात्रका यज्ञले खालि नामको निम्ति देखाउ यज्ञ गर्दछन् ।

तात्पर्य

प्रकृत यज्ञ गीता १७।१२–१३ मा वर्णन हुने राजस र तामस यज्ञ हो । यस्तो असुर-यज्ञ गर्ने जीवलाई 'अशुचि नरक-पतन' अनिवार्य छ । किनभने केवल यज्ञ भन्ने नाममात्रकाले हुँदैन, किन्तु साङ्गोपाङ्ग इति-कर्तव्यता आदि यज्ञविधि र यजमानको श्रद्धा-भक्ति समेत हुनपर्दछ । श्रद्धारहित भएको यज्ञ 'तामसी यज्ञ' हुन्छ । यसबाट दुवैलोकमा कल्याण छैन ॥ १७ ॥

अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥
तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

अहङ्कारम्	=	अहङ्कार	अहम्	=	म
बलम्	=	बल	द्विषतः	=	द्वेष गर्ने
दर्पम्	=	सेखी	क्रूरान्	=	क्रूरकर्मी
कामम्	=	काम	अशुभान्	=	अनिष्टाचार भएका
क्रोधम् च	=	औ क्रोधलाई	तान्	=	ती
संश्रिताः	=	आश्रय लिएका	नराधमान्	=	अधम मनुष्य-हरूलाई
आत्मपरदेहेषु	=	आफ्ना र अरूका शरीरमा	संसारेषु	=	संसारमा
माम्	=	मलाई	आसुरीषु	=	आसुरी
अभ्यसूयकाः	=	निन्दकहरू	योनिषु एव	=	योनिमा मात्रै
प्रद्विषन्तः	=	द्वेष गर्नेवालाहुन	अजस्रम्	=	बारम्बार
			क्षिपामि	=	खसाल्दछु

सरलार्थ

अहंकार, बल, घमण्ड, काम तथा क्रोधले युक्तभएका आफ्नू र अरूका शरीरमा रहेको अन्तर्यामी मलाई द्वेष गर्ने, निन्दक, द्वेषी, क्रूरकर्म गर्ने, अनिष्टाचारी, अधम मनुष्यहरूलाई म संसारमा बार-बार आसुरी योनिमा मात्रै खसाल्दछु ।

तात्पर्य

यद्यपि परमात्मा दैव, आसुर समस्त जीवका हृदयमा निरतिशय प्रेमास्पद (अत्यन्त प्रेमको आश्रय)-रूपले विराजमान हुनुहुन्छ, तथापि अहङ्कारादि दोषले ग्रस्तचित्त भएका असुर जीवहरूलाई यो रहस्य थाहा छैन; त्यसकारण परमेश्वरसँग द्वेष गर्दछन् । वस्तुतः त्यो द्वेष आँफूमा र आफ्नै प्रिय शेष-स्त्री-पुत्रादिमा गरेको ठहर्छ । किनकि सबैको आत्मा परमात्मा नै हुनुहुन्छ ।

आसुरी सम्पदाको फल—बार-बार सिंह-व्याघ्रादि योनिमा जन्मनु, मर्नु; बस यत्तिकै मात्र हो । त्यस कारण श्रीभगवान् भन्नुहुन्छ—यस्ता क्रूरमति अशुभकर्मी जीवलाई म बारम्बार आसुरी योनिमै पैदा गराउँदछु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्का—यदि परमेश्वर आफ्ना भक्तलाई मात्र उद्धार गर्ने, अभक्तलाई सजाँय गर्ने भए उनीमा पनि विषमता (पक्षपात) र निर्दयिता दोषहरू देखिन्छन् ?

समाधान—परमेश्वर दयालु मात्र छैनन्, किन्तु न्यायकारी पनि छन्। लोकमा पनि जसले जस्तो उग्र कर्म गर्दछ त्यसले त्यस्तै राज-दण्ड पनि पाउँदछ। यदि यसलाई दयाले दण्ड नगर्ने हो भने राष्ट्रमा व्यवस्था रहँदैन। यसैले कसुरदारलाई गरेको दण्ड उचित ठहर्छ। श्रुतिमा पनि लेखिएको छ–'अथ य इह कपूयचरणा अभ्याशोह यत्ते कपूयां योनिमापद्येरन्, श्वयोनिं वा शूकरयोनिं वा चाण्डालयोनिं वा,'–कुकर्मी जीव चाँडै नै शूकर, कुकुर, चाण्डाल योनिमा पैदा हुन्छन् (छां० ५–१०–७)। यस्तो ईश्वरीय सार्वजनिक नियम छँदाछँदै यसको अवहेलना गरेर जसले काम गर्दछ त्यसलाई सजाँय अवश्य हुनपर्दछ। यस विषयमा आचार्य बादरायण लेख्नुहुन्छ 'वैषम्यनैर्घृण्ये न सापेक्षत्वात्, तथाहि दर्शयति' (ब्र.सू. २-१-१४)—ईश्वरमा पक्षपात र निर्दयिता यी दुईटै दोष छैनन्। किनभने श्रुतिले देखाएको छ–'पुण्यो वै पुण्येन कर्मणा भवति पापः पापेन'—पुण्य कर्मले पुण्यात्मा र पाप कर्मले पापात्मा आँफै हुन्छ (बृ. ३-२-१३)। अतः न्यायकारी ईश्वर निर्दोष छन्। ईश्वरलाई दोष दिनु अज्ञान हो ॥ १८-१९ ॥

यिनीहरूको अनेक जन्म-जन्मान्तरमा पनि उद्धार हुन कठिन छ। किनभने—

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि।
मामप्राप्यैव कौन्तेय ! ततो यान्त्यधमां गतिम् ॥२०॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन	माम्	=	मलाई
जन्मनि जन्मनि	=	जन्म-जन्मान्तरमा	अप्राप्य एव	=	नपाएर नै
आसुरीम्	=	आसुरी	ततः	=	त्यसभन्दा पनि
योनिम्	=	योनिमा	अधमाम्	=	अधम
आपन्नाः	=	प्राप्तभएका	गतिम्	=	गतिमा
मूढाः	=	मूढ जनहरू	यान्ति	=	जान्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! जन्म-जन्मान्तरसम्म आसुरी योनिमा प्राप्त भएका मूढहरू मलाई नपाएर त्यसभन्दा पनि अत्यन्त अधम गतिमा जान्छन् ।

तात्पर्य

आसुरी योनिमा प्राप्त भएका मूढ जनहरूको उद्धार हुन कठिन मात्र होइन, असंभव पनि छ; किनकि जन्मैपिछे झन्-झन् अधमभन्दा पनि अधम योनि—स्थावर या पिशोचादिमा पग्दछन् । जति-जति जन्म लिंदैजान्छन् उति-उति तिनीहरूको अधःपतन हुँदै जान्छ । त्यस कारण मानव शरीर पाएर आत्मोद्धार गर्नसकेन भने त्यसको ठूलो हानि बुझ्नपर्दछ । जस्तैः—

इहैव नरकव्याधेश्चिकित्सां न करोति यः ।
गत्वा निरौषधं स्थानं सरुजः किं करिष्यति ॥

अहिले नै (मनुष्य शरीर पाएका वेलामा) नरकरूपी रोगको जो मनुष्य औषधी गर्दैन, पछि औषधी नै नभएको ठाउँमा पुगेपछि त्यो रोगीले के गर्ला ? अतः दुर्लभ यो मनुष्य शरीर पाएका वेलामा प्रकृति-बन्धनबाट मुक्त भएर स्वतन्त्र हुनको निमित्त तुरुन्तै सत्सङ्ग गरेर दैवी सम्पत्तिको अनुसरण लिन उचित छ ॥२०॥

आसुरी सम्पदाको फलरूप अन्तिम काष्ठा बताएर अब जसका भित्र अनन्त भेदवती आसुरी सम्पदा विद्यमान छ औ जसलाई त्याग्नाले समस्त आसुरी संपदा स्वयं त्यक्त हुन्छन्, तिनै समस्त आसुरी संपदाका मूल तत्त्वहरू नाम निर्देशद्वारा बताइन्छन्—

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

अन्वयार्थः

कामः	=	काम	नाशनम्	=	नाश गराउने
क्रोधः	=	क्रोध	नरकस्य	=	नरकको
तथा	=	तथा	द्वारम्	=	ढोका हो
लोभः	=	लोभ	तस्मात्	=	त्यस कारण
इदम्	=	यो	एतत्	=	यो
त्रिविधम्	=	तीन प्रकारको	त्रयम्	=	तीनलाई
आत्मनः	=	आत्माको	त्यजेत्	=	त्यागोस्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

काम, क्रोध तथा लोभ यी तीन, नरकका ढोका हुन् । यिनले आत्मालाई अधःपतन गराउँदछन्, त्यस कारण यी तीनलाई त्यागोस् ।

तात्पर्य

"सर्वं पदं हस्तिपदे निमग्नम्" यस न्यायले आसुरी प्रकृतिका जीवहरूमा जति-जति अवगुणहरू पाइन्छन् ती सबका मूलमा काम, क्रोध औ लोभ यिनै तीन विद्यमान हुन्छन्, यिनैका भित्र समस्त आसुरी संपदा छ । यिनीहरूको उदय भएपछि ज्ञानका साधन विवेक-वैराग्यादि सबै अस्त हुन्छन् । यसैले आत्मालाई उन्नतिपथमा यी कहिल्यै पनि जान दिंदैनन् । अतः 'नरकका द्वार' कहिएका छन् । काम, क्रोध औ लोभ यी तीनमध्ये जुन ढोका खोले पनि नरकमा जाने मनुष्यलाई राजमार्ग खुला छ । यसैले यो 'द्वार' (साधन) कहलाउँछन् । यसमा फसेको जीव जन्म-जन्मान्तरमा पनि छुट्नसक्तैन । भव-सिन्धुमा परेका जीवका निम्ति यी तीन ग्राह जस्तै छन् । यसैले 'आत्मनः नाशनम्'—आत्मनाशका कारण मानिएका छन् । अतः आत्मकल्याण चाहने मनुष्यले जुक्तिसँग यी तीनदेखि फरकै रहोस् ॥२१॥ यी तीनबाट छुटेपछि के हुन्छ ?

एतैर्विमुक्तः कौन्तेय ! तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	आत्मनः	=	आफ्नू
एतैः	=	यी	श्रेयः	=	कल्याण
त्रिभिः	=	तीन	आचरति	=	गर्दछ
तमोद्वारैः	=	नरकका द्वारबाट	ततः	=	त्यस पछि
विमुक्तः	=	छुटेको	पराम्	=	परम
नरः	=	मनुष्य	गतिम्	=	गतिलाई
			याति	=	पाउँदछ

सरलार्थ

हे अर्जुन ! तीन नरकका द्वारबाट छुटेपछि मनुष्यले आफ्नू कल्याण गर्दछ, अनि परम गतिलाई पाउँदछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जस्तै अमावस्याका तमोमयी रात्रिमा नेत्रद्वारा कुनै वस्तुको पनि ज्ञान हुँदैन, त्यस्तै काम, क्रोध, तथा लोभले आच्छन्न हृदयमा आत्मसम्बन्धी श्रेय-साधन कुनै पनि स्फुरण हुँदैनन् । अतएव यी तीन तमोद्वार 'नरकका द्वार' हुन्, यसबाट मुक्त भएपछि मात्रै जीव आफ्नू कल्याण गर्न समर्थ हुन्छ । तदनन्तर क्रमैले परम पदको भागी पनि हुन्छ ॥ २२ ॥

अशास्त्रीय विधि त्याज्य छ—

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

अन्वयार्थः

यः	=	जो मनुष्य	सः	=	त्यो
शास्त्रविधिम्	=	शास्त्रको आज्ञालाई	न सिद्धिम्	=	न सिद्धि
उत्सृज्य	=	त्यागेर	न सुखम्	=	न सुख
कामकारतः	=	मनमानीबाट	न पराम् गतिम्	=	न परमगतिलाई
वर्तते	=	काम गर्दछ	अवाप्नोति	=	पाउँदछ

सरलार्थ

जो मनुष्य शास्त्र विधिलाई छोडेर मनमानी चल्दछ, त्यसले सिद्धि, सुख तथा परमगति केही पनि पाउँदैन ।

तात्पर्य

'शिष्यते, अनुशिष्यते, अपूर्वः अर्थः बोध्यते अनेन इति शास्त्रम् ।' अर्थात् जसले अपूर्व अर्थ बताउँदछ त्यो 'शास्त्र' कहिन्छ । सबै शास्त्रको मूल वेद हो । यसैका उपजीवी धर्मशास्त्र, पुराणादि मिलेर 'चतुर्दश विद्या' (चौध विद्या) कहिएका छन् । जस्तै—

"पुराणन्यायमीमांसा धर्मशास्त्राङ्गमिश्रिताः ।
वेदास्थानि विद्यानां धर्मस्य च चतुर्दश' ॥'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८ पुराण, न्याय, मीमांसा, धर्मशास्त्र, यी चार र शिक्षा, कल्प, व्याकरण, छन्द, निरुक्त, ज्योतिष यी ६ अङ्गसहित ऋक्, यजु, साम, अथर्व यी ४ वेद मिलेर १४ चतुर्दश विद्या हुन्छन्। समस्त उपपुराणको महापुराणमा, वैशेषिक दर्शनको न्याय दर्शनमा, वेदान्त दर्शनको मीमांसामा, महाभारत, सांख्य, पातञ्जलादिको धर्मशास्त्रमा अन्तर्भाव गर्दा विद्या र धर्मका चौध १४ स्थान कहिन्छन्।

यी सबको उद्देश्य जीवलाई प्रकृति-बन्धनबाट छुटाएर स्थायी शांति प्राप्त गराउनमा छ। परन्तु अविवेकी जीवलाई शास्त्रको विधिमा रुचि हुँदैन। त्यस कारण स्वाभाविक रागद्वेषका वशमा परेर बारम्बार नरकको ढोका घच्घच्याउन पुग्दछ। यसैले यसलाई सिद्धि, शान्ति, परमगति केही पनि मिल्दैन, 'जायस्व, म्रियस्व',—पुनः पुनः क्रूर योनिमा जन्म, मर औ संसारमा धक्का खाऊ; उसलाई यही शास्त्रको आज्ञा छ ॥२३॥

कर्तव्याकर्तव्यको संदेहमा शास्त्रप्रमाणको प्रबलता—

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे दैवासुरसंपद्विभागयोगोनाम षोडशोऽध्यायः ॥१६॥

अन्वयार्थः

तस्मात्	=	त्यस कारण	इह	=	यहाँ
कार्याकार्यव्यवस्थितौ	=	कर्तव्य र अकर्तव्यको व्यवस्थामा	शास्त्रविधानोक्तम्	=	शास्त्र विधानले भनेको
ते	=	तिमीलाई	ज्ञात्वा	=	जानेर
शास्त्रम्	=	शास्त्र	कर्म	=	कर्म
प्रमाणम्	=	प्रमाण छ	कर्तुम्	=	गर्न
			अर्हसि	=	योग्य छौ

सरलार्थ

त्यस कारण तिमीलाई कुन कर्तव्य हो, कुन अकर्तव्य; यसको निर्णयमा शास्त्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमाण छ, तथा शास्त्रमा जे बताएको छ त्यसलाई जानेर यस लोकमा कर्म गर्न तिमीले मनासिब छ ।

तात्पर्य

अनादि कालदेखि पथभ्रष्ट भएर भवाटवी-(संसाररूपी जङ्गल)-मा अल्मलिएको जीवलाई परम शान्ति पदको पथप्रदर्शक केवल शास्त्रै छ । त्यस कारण कुन गर्ने, कुन नगर्ने; यस्तो कर्तव्याकर्तव्यको सन्देह भएमा यसको निर्णय शास्त्र-द्वारा गरेर मात्र कार्यमा प्रवृत्त हुनु अर्जुन तथा समस्त जीवको परम कर्तव्य हो । यही अन्तमा श्रीभगवान्‌को अत्यन्त रहस्यमय उपदेश छ ॥२४॥

यस्ताप्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत
श्रीकृष्ण र अर्जुनको संवादमध्ये 'दैवासुर सम्पद्विभाग' नाम गरेको
सोह्रौं अध्याय समाप्त भयो ।। १६ ।।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सत्

सत्रौं अध्याय

संसारमा कर्मकर्ता मनुष्यको दुई कोटि छ। यसमा कोही शास्त्रविधिलाई जानेर तदनुसार कर्म गर्दछन्, कोही शास्त्रविधिलाई जानि-जानिकन पनि स्वाभाविक राग-द्वेषका वशमा परेर शास्त्रविरुद्ध कर्म गर्दछन्। प्रथम कोटि समस्त पुरुषार्थको योग्य हुनाले 'दैवी,' द्वितीय कोटि कुनै पुरुषार्थको पनि योग्य नहुनाले 'आसुरी' कहिन्छ। यसको विशद वर्णन पूर्वाध्यायमा भयो। अब यस विषयमा यस्तो सन्देह उत्पन्न हुन्छ कि—कोही मनुष्यको शास्त्रविधिमा श्रद्धा त छ, तर आलस्य आदिले गर्दा शास्त्रविधि-अनुसार कर्म नगरेर केवल कुल-परंपरा-प्राप्त आचारानुसार मात्र कर्म गर्दछन्, तिनमा श्रद्धारूपी दैवी गुण र शास्त्रविधि-त्यागरूपी आसुरी गुण दुईटै देखिएकोले ती मनुष्यको कोटि 'दैवी' हो या 'आसुरी'? "द्वौ भूतसर्गौ लोकेऽस्मिन् दैव आसुर एव च" भनेर पूर्वाध्यायमा भनेको हुनाले तृतीय कोटि छैन। यही आशयका अर्जुनका प्रश्न-मूलबाट सत्रौं अध्याय प्रारम्भ हुन्छ। यस अध्यायमा प्रासङ्गिक विषयका साथ गुणभेद-प्रकरणमा आहारा, यज्ञ, तप, दानको पनि तीन गुण-अनुसार भेद-वर्णन भएको छ तथा अन्तमा समस्त कर्मको साङ्गता-सिध्यर्थ त्रिगुणदेखि पर परमात्माको त्रिभाव वर्णन 'ॐ, तत्, सत्' यस मन्त्रको रहस्य-वर्णनद्वारा भएको छ। यिनै यस अध्यायका प्रतिपाद्य विषय हुन्।

अब सर्वप्रथम पूर्वोक्त आशयानुसार अर्जुन प्रश्न गर्दछन्—

अर्जुन उवाच—

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः।
तेषां निष्ठा तु का कृष्ण! सत्त्वमाहो रजस्तमः॥१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कृष्ण !	=	हे कृष्ण !	तेषाम् तु	=	तिनीहरूको
ये	=	जो	निष्ठा	=	स्थिति
श्रद्धया	=	श्रद्धाले	का ?	=	के हो ?
अन्विताः	=	युक्त भएका	सत्त्वम्	=	सात्त्विक हो कि
शास्त्रविधिम्	=	शास्त्रविधिलाई	आहो	=	अथवा
उत्सृज्य	=	त्यागेर	रजः तमः	=	राजस-तामस हो ?
यजन्ते	=	पूजा गर्दछन्			

सरलार्थ

अर्जुन सोध्दछन्—हे कृष्ण ! जो श्रद्धाले भने युक्त भएका, तर शास्त्रविधिलाई छोडेर केवल बूढी-रूढी-अनुसार पूजन गर्दछन्, तिनको स्थिति (अवस्था) कस्तो हो ? सात्त्विक हो या राजस-तामस हो ?

तात्पर्य

अर्जुनले जो प्रश्न गरे, आजकल लोकमा बहुधा (धेरैजस्तो) त्यस्तै देखिन्छ । प्रायगरेर अझ ग्रामीण जन-समुदायमा कुल-परम्पराप्राप्त आचारकै प्रबलता रहन्छ । कोही विद्वान्ले शास्त्रीय पथको उपदेश गर्दा पनि रूढीवादमै कट्टर भएका हुनाले कुलको कुप्रथालाई सुधार गर्नसक्तैनन् । अस्तु, यहाँ अर्जुनको आशय के छ भने—यदि त्यो सात्त्विक भए दैवी संपद् होला, अनि दैवी संपद्वाला मनुष्य 'दैवीसंपद्विमोक्षाय' यस सिद्धान्तानुसार यथोक्त ब्रह्मविद्याको अधिकारी पनि होला, अन्यथा राजस, तामस श्रद्धाको आसुरी कोटिमा समावेश हुनाले पुरुषार्थको योग्य हुनेछैन ॥ १ ॥

स्वाभाविक श्रद्धाको तीन विभाग—

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

देहिनाम्	=	प्राणीहरूको	तामसी च	=	औ तामसी
सा	=	त्यो	इति	=	यस्ता रीतले
स्वभावजा	=	स्वभावैले उत्पन्न	त्रिविधा एव	=	तीनै प्रकारको
श्रद्धा	=	श्रद्धा	भवति	=	हुन्छ
सात्त्विकी	=	सात्त्विकी	ताम्	=	त्यसलाई
राजसी च	=	तथा राजसी	शृणु	=	सुन

सरलार्थ

श्रीभगवान् भन्नुहुन्छ—प्राणीहरूको स्वाभाविक श्रद्धा[1] सात्त्विक, राजस, तामस यस्ता रीतले तीन प्रकारको हुन्छ, त्यसलाई सुन ।

तात्पर्य

जो शास्त्रविधिलाई त्यागेर श्रद्धापूर्वक देव-पूजादि गर्दछन् , त्यो श्रद्धा पूर्व जन्ममा गरेका शुभाशुभ कर्मसंस्कारद्वारा उत्पन्न हुनाले 'स्वभावजा' (स्वभाव-जन्य, स्वाभाविक या स्वभावसिद्ध) कहिन्छ । यसैले यो पूर्वसंस्कारका तारतम्य-बाट सात्त्विक, राजस, तामस तीन प्रकारको हुन्छ । किन्तु यसै जन्मका शास्त्र-संस्कारले उत्पन्न भएको श्रद्धा भने केवल 'सात्त्विक' कहिन्छ ॥ २ ॥

पूर्व श्लोकमा वासना (निमित्त कारण) अनुसार श्रद्धा को तीन भेद भएको थियो, अब अन्तःकरण (उपादान कारण) अनुसार श्रद्धाको तीन भेद हुन्छ—

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ! ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

---

१. यस अध्यायमा यो जन्मको शास्त्र संस्कारको अपेक्षा नराखिकन केवल सर्व-साधारण मनुष्यमात्रमा हुने स्वाभाविक श्रद्धाको विवेचन हुनेछ, जो प्रत्येक मनुष्यको प्रकृतिसिद्ध छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

भारत !	=	हे अर्जुन !	पुरुषः	=	मनुष्य
सर्वस्य	=	समस्त प्राणीको	श्रद्धामयः	=	श्रद्धामय छ
श्रद्धा	=	श्रद्धा	यः	=	जो
सत्त्वानुरूपा	=	अन्तःकरण-अनुसार	यच्छ्रद्धः	=	जुन श्रद्धा भएको हुन्छ
भवति	=	हुन्छ	सः	=	त्यो
अयम्	=	यो	स एव	=	त्यही हो

सरलार्थ

हे अर्जुन ! सबैको श्रद्धा आफ्नू अन्तःकरण-अनुसारको हुन्छ, मनुष्य श्रद्धामय छ। जसको जस्तो श्रद्धा हुन्छ त्यो त्यस्तै हुन्छ।

तात्पर्य

अपञ्चीकृत पञ्चमहाभूतका समष्टि सात्त्विक अंशबाट उत्पन्न तथा प्रकाशशील हुनाले अन्तःकरण 'सत्त्व' कहिन्छ। यो प्रतिव्यक्तिमा भिन्न-भिन्न प्रकारको छ। देवताहरूमा सत्त्वगुणका प्रधानताले रज, तम बिल्कुल दबेका हुन्छन्। असुरहरूमा रजोगुणका प्रधानताले सत्त्व, तम, दबेका हुन्छन्। राक्षस आदिमा तमोगुणका प्रधानताले रज, सत्त्व दबेका हुन्छन्। किन्तु मनुष्यहरूका अन्तःकरणमा भने प्रायः तीनै गुण मिश्रित भएका हुन्छन्। सत्सङ्ग, शास्त्रीय संस्कार एवं सात्त्विक आहार-विहारद्वारा रज, तम दबिएर जान्छन्, सत्त्व प्रधान रहन्छ। परन्तु शास्त्रीय विवेक-विज्ञानशून्य, स्वभावसिद्ध स्वेच्छाचार-विहार गर्ने मनुष्यको अन्तःकरण पूर्वजन्मार्जित संस्कारकै अनुरूप सत्त्वप्रधान या रजःप्रधान अथवा तमःप्रधान हुन्छ। यसैले जीव श्रद्धामय छ अर्थात् जो जस्तो श्रद्धा गर्दछ त्यो त्यही हुन्छ। सात्त्विक श्रद्धा भएको मनुष्य पनि 'सात्त्विक,', राजसी श्रद्धा भएको 'राजसी', तामसी श्रद्धा भएको 'तामसी' कहिन्छ॥ ३ ॥

अन्तःकरणमा रहेको सात्त्विक, राजस, तामस भावहरू देवपूजनादि कार्य-लिंगानुमानद्वारा जानिन्छन्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यजन्ते सात्त्विका देवान् यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

अन्वयार्थः

सात्त्विकाः	=	सात्त्विक मनुष्यहरू	तामसाः	=	तामसी
देवान्	=	देवताहरूलाई	जनाः	=	जनहरू
यजन्ते	=	पूजा गर्दछन्	प्रेतान्	=	प्रेतगण
राजसाः	=	राजसी मनुष्यहरू	भूतगणान् च	=	तथा भूतगणहरूलाई
यक्षरक्षांसि	=	यक्ष, राक्षसहरूलाई	यजन्ते	=	पूजा गर्दछन्
अन्ये	=	अरू			

सरलार्थ

सात्त्विक मनुष्यहरू देवतालाई, राजसी मनुष्यहरू यक्ष, राक्षसहरूलाई तथा अरू तामसी जनहरू प्रेत र भूतगणहरूलाई पूजा गर्दछन् ।

तात्पर्य

पूर्व संस्कारका तारतम्यले जीवहरूका हृदयमा भिन्न-भिन्न प्रकारको रुचि हुन्छ । यसैले सात्त्विक श्रद्धा भएका देवोपासनामा, राजसी श्रद्धा भएका यक्ष-राक्षसोपासनामा, तामसी श्रद्धा भएका भूत-प्रेतोपासनामा प्रवृत्त हुन्छन् । किनभने 'योग्यं योग्येन युज्यते' यस न्यायले जसको जसमा योग्यता हुन्छ त्यसको त्यसैमा स्वाभाविक प्रवृत्ति हुन्छ । यही प्रवृत्तिरूप कार्यद्वारा सात्त्विक, राजस, तामस मनुष्यको परिचय हुन्छ ॥ ४ ॥

प्रकारान्तरबाट असुर जीवको परिचय—

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

अन्वयार्थः

दम्भाहंकारसंयुक्ताः	=	दम्भ र अहंकारले युक्त	माम् च एव	=	मलाई पनि
			कर्षयन्तः	=	कष्ट दिंदै
कामरागबलान्विताः	=	विषयासक्तिबलले सहित भएका	अशास्त्रविहितम्	=	शास्त्रले विधान नगरेको
ये	=	जो	घोरम्	=	डर लाग्दो
अचेतसः	=	अविवेकी	तपः	=	तपस्या
जनाः	=	मनुष्यहरू	तप्यन्ते	=	गर्दछन्
शरीरस्थम्	=	शरीरमा रहेको	तान्	=	तिनीहरूलाई
भूतग्रामम्	=	पृथ्वी आदि तत्त्वलाई	आसुरनिश्चयान्	=	आसुरी बुद्धि भएका
अन्तःशरीरस्थम्	=	शरीरका भित्र रहेको	विद्धि	=	जान

सरलार्थ

जो अज्ञानी मनुष्यहरू दम्भ र अहंकारले युक्त भएर विषयासक्तिका बलले शरीरमा रहेका पृथ्वी आदि तत्त्वलाई तथा शरीरभित्र अन्तर्यामीरूपले रहेको मलाई पनि कष्ट दिंदै अशास्त्रीय घोर तपस्या गर्दछन्, तिनलाई आसुरी बुद्धि भएका जान ।

तात्पर्य

पूर्व जन्मका संस्कारानुसार राजस-तामस प्रकृतिमा प्राप्त भएका मनुष्यहरू पनि फेरि सत्सङ्गद्वारा शास्त्रीय पथमा आएर आत्मसुधार गर्न सक्तछन् । तर जो हठले राजस, तामस भावलाई छोड्दैनन्, महापुरुषको संसर्गबाट पनि टाढै रहन्छन्, तिनका यो लोक र परलोक दुईटै दुःखदायी हुन्छन् । यस्ता मनुष्यहरू अर्कालाई दुःख दिनु, आँफूलाई धर्मात्मा तपस्वी देखाउनु, धन-सम्पत्ति जम्मा गर्नु इत्यादि अनेकौं स्वार्थ-सिद्धिका निमित्त फलामका काँडामा सुत्नु, खाल्टा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भित्र पस्नु, खुट्टा रूखमा बाँधेर उभिएडो झुलिरहनु, महिनौं अनशन गर्नु, तप्त शिलामा आसन लगाउनु यस्तै अनेक अशास्त्रीय कठिन तपश्चर्याहरू गर्दछन् । तपस्याबाट सिद्धि प्राप्त गरेर त्यसका बलले संसारका जीवहरूलाई नाना प्रकारको दुःख दिन्छन् । यो घोर तपस्याले आफ्ना शरीरका भौतिक तत्त्वहरू र शरीर-सञ्चालक अन्तर्यामी तथा समस्त जगत्का प्राणीहरूलाई समेत दुःख हुन्छ । हिरण्यकशिपु, रावण, तारकासुर, वृत्रासुरहरूको यस्तो घोर तपस्या पुराणमा प्रसिद्ध छ । अतएव यस्तो प्रकृति भएका मनुष्यहरू पनि नररूपधारी प्रत्यक्ष असुरै हुन्छन् ॥५।६॥

सात्त्विक प्रकृतिका 'नरदेव', राजस प्रकृतिका 'नरासुर' तथा तामस प्रकृतिका 'नरराक्षस' हुन् । अतः श्रेयकामनार्थी मनुष्य राजस, तामस भावहरूलाई त्यागेर सात्त्विक भावलाई ग्रहण गरोस् भन्नको निमित्त आहारा, यज्ञ, तप, दानको पनि तीन गुणबाट भएको भेद-वर्णन हुन्छ—

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रिय ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥

अन्वयार्थः

आहारः तु अपि	=	औ भोजन पनि	दानम्	=	दान पनि
सर्वस्य	=	सबैको	तथा	=	तीनै प्रकारको हुन्छ
त्रिविधः	=	तीन प्रकारको	तेषाम्	=	तिनीहरूको
प्रियः	=	प्रिय	इमम्	=	यो
भवति	=	हुन्छ	भेदम्	=	भेदलाई
यज्ञः	=	यज्ञ	शृणु	=	सुन
तपः	=	तपस्या			

सरलार्थ

आहारा पनि सबैलाई तीन प्रकारको प्रिय हुन्छ, यज्ञ, तप, दान पनि तीनै प्रकारको छ, तिनीहरूको भेद म भन्दछु, सुन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

समस्त संसार त्रिगुणात्मिका प्रकृतिबाट उत्पन्न हुनाले त्यस भित्रका सबै वस्तुहरू त्रिगुणात्मकै हुनपर्दछ। अतएव जसरी दृष्ट आहारा भिन्न-भिन्न रुचि-अनुसार तीन प्रकारको छ, त्यस्तै अदृष्ट यज्ञ, तप, दान पनि आफ्ना-आफ्ना प्रकृति-अनुसार तीन-तीन प्रकारका छन्। यिनीहरूको विस्तार-वर्णन अघिल्ला श्लोकबाट २२ श्लोकसम्म भएको छ ॥ ७ ॥

सात्त्विक आहारा—

आयुःसत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥८॥

अन्वयार्थः

आयुःसत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः	=	आयु, सात्त्विक वृत्ति, बल, आरोग्य, सुख, रुचिलाई बढाउने	स्थिराः	=	स्थिर
रस्याः	=	रसिला	हृद्याः	=	हृदयलाई हित हुने
स्निग्धाः	=	स्वाभाविक स्नेहले युक्त	आहाराः	=	खाद्य वस्तुहरू
			सात्त्विकप्रियाः	=	सात्त्विक मनुष्यलाई प्रिय हुन्छन्

सरलार्थ

आयु, सात्त्विक वृत्ति, बल, आरोग्य, सुख तथा प्रीतिलाई बढाउने, रसिला, स्निग्ध, स्थिर, मनलाई आनन्द दिने आहारा सात्त्विक मनुष्यलाई प्रिय हुन्छन्।

राजस आहारा—

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥

अन्वयार्थः

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः	=	ज्यादा पिरो, खमिलो, नुनिलो, तातो, रूखो, तेजिलो, दाहकारक	दुःखशोकामयप्रदाः	=	दुःख, शोक, रोगलाई उत्पन्न गर्ने
			आहाराः	=	खाद्य वस्तुहरू
			राजसस्य	=	राजस पुरुषका
			इष्टाः	=	प्रिय हुन्छन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

पिरो, अमिलो, नुनिलो, ज्यादा तातो, रुखो, तेजिलो, दाहकारक तथा दुःख, शोक, रोगलाई दिने आहारा राजस मनुष्यलाई प्रिय हुन्छन् ।

तामस आहारा—

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

अन्वयार्थः

यत्	=	जो	उच्छिष्टम्	=	जूठो
भोजनम्	=	भोजन	अमेध्यम् अपि च	=	तथा अपवित्र पनि छ
यातयामम्	=	पकाएर एक प्रहर नाघेको	(तत्)	=	त्यो
गतरसम्	=	रसहीन	तामसप्रियम्	=	तामसी मनुष्यलाई प्रिय हुन्छ
पूति	=	दुर्गन्धो			
पर्युषितम् च	=	बासी			

सरलार्थ

जो भोजन पकाएर ३ घन्टा नाघेको, रस नभएको, गह्राउने, बासी, जूठो र अपवित्र पनि छ, त्यो भोजन तामसी जनलाई प्रिय हुन्छ ।

तात्पर्य

यी तीन श्लोकमा पूर्व जन्मका संस्कार-(प्रकृति)-अनुसार सात्त्विक, राजस, तामस; तीन प्रकारका आहाराहरूको वर्णन गरिएको छ । मनुष्य जस्तो-जस्तो आहारा सेवन गर्दैजान्छ, तदनुसार त्यसको आचार, विचारमा पनि त्यस्तै-त्यस्तै प्रभाव पर्दैजान्छ । छान्दोग्योपनिषद्-(६।१–२)-मा महर्षि उद्दालक आफ्ना पुत्र श्वेतकेतुलाई भन्नुहुन्छ—

दध्नः सौम्य ! मथ्यमानस्य योऽणिमा स ऊर्ध्वः समुदीषति तत्सर्पिर्भवति ॥ १ ॥
एवमेव खलु सौम्यान्नस्याश्यमानस्य योऽणिमा स ऊर्ध्वः समुदीषति तन्मनो भवति ॥२॥

(छां ६–६)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सौम्य ! जसरी दही मथन गर्दा त्यसको सूक्ष्म अंश (घिउ) माथि उत्रेर गोलाकार हुन्छ, त्यस्तै हामीले भोजन गरेका अन्नको सूक्ष्म अंश पनि माथि हृदयमा आएर मनलाई पुष्ट गर्दछ । 'अन्नमयं हि सौम्य ! मनः (छां. ६-५-४)— अतः हे सौम्य ! यो मन अवश्य पनि अन्नका विकार हो ।

हामीले सेवन गरेका जुनसुकै आहाराको पनि तीन परिणाम हुन्छन्—सूक्ष्म, मध्य, स्थूल । पहिले अन्नादि स्थूल पदार्थ घाँटीबाट क्रमशः ग्रहणी-स्थानमा गएर परिपाक हुन्छ ; यही परिपाक मथन क्रिया हो । यसको सूक्ष्म परिणाम र मध्यम परिणाम दुईटै रसरूपले हृदयमा आउँदछन् । जो सूक्ष्म अंश हो त्यसले मन पुष्ट भएर मानसिक शक्ति उत्पन्न हुन्छ । मध्यम अंशले रस-रक्तादिद्वारा धातुहरू पुष्ट भएर शारीरिक शक्ति उत्पन्न हुन्छ । सबैभन्दा स्थूल अंश मल-मूत्ररूपमा बाहिर निस्कन्छ । यही सूक्ष्म विज्ञानबाट सात्त्विक आहाराले मनुष्यको अन्तः-करण सात्त्विक, राजस, तामस आहाराले राजस, तामसै हुन्छ भन्ने प्रमाणित हुन्छ ।

विशेष वक्तव्य—अन्याय, छल, कपटद्वारा कमाएका धनमा पनि राजस, तामस भावहरू प्रविष्ट भएका हुन्छन् । यसैले त्यस धनद्वारा सात्त्विक खाद्य वस्तु (शुद्ध अन्न, दूध, फल आदि) बजारबाट किनेर खाए तापनि त्यस द्रव्यको सूक्ष्म प्रभाव खाद्य वस्तुमै पर्दछ । अनि त्यसद्वारा मन प्रभावित भएर साथ-साथै त्यस-का आचार-विचारमा पनि प्रभाव पर्दछ । एवंप्रकार दुराचारी, अत्याचारीको अन्न खानाले पनि तिनै गुणहरूले आक्रमण गर्दछन् । जस्तै दुर्योधनको तामसी अन्नको प्रभावले भीष्म, द्रोण जस्ताको बुद्धि पनि कुण्ठित भएको थियो । यसैले द्रौपदीलाई बिइजेत गर्दा हेरिरहे, विराट् राजाका गाई चोर्न गए, पाण्डवहरूले पाउनुपर्ने पैतृक दाय-भाग दुर्योधनले बेहक गराउँदा पनि अझ उसैको पक्षबाट युद्ध गर्न आए । अतएव, राजसी, तामसी आहाराको तत्त्व बुझेर तथा त्यसलाई सर्वतः त्यागेर सात्त्विक आहाराको सेवन गर्नु साधकको परम कर्तव्य हो । छान्दो-ग्योपनिषद्-(७।२६–२)-मा सनत्कुमारले नारदका प्रति भन्नुभएको छ—

> आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां
> विप्रमोक्षस्तस्मै मृदितकषायाय तमसस्पारं दर्शयति भगवान् सनत्कुमारः ।

पवित्र, शुद्ध आहाराले अन्तःकरणका सात्त्विक भावहरू प्रबल हुन्छन्, त्यसबाट अचल स्मृति प्राप्त हुन्छ । अनि समस्त अज्ञान-ग्रन्थीहरू छुट्दछन्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्त (स्वतन्त्र) हुन्छ। अतः सबैभन्दा प्रथम आवश्यक शुद्ध चित्तसम्पादन गर्नको निमित्त शुद्ध आहाराको आवश्यकता छ, त्यस कारण खाद्याखाद्यको विवेचन पहिले गरेर मात्र भोजनमा प्रवृत्त हुनु मनुष्यको प्रथम कर्तव्य बुझिन्छ ॥ ८। ९।१० ॥

सात्त्विक यज्ञ—

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

अन्वयार्थः

अफलाकाङ्क्षिभिः	=	फलकामनारहित पुरुषले	विधिदृष्टः	=	विधि-अनुसार
यष्टव्यम् एव	=	यज्ञ गर्नैपर्दछ	यः	=	जो
इति	=	यस्ता भावले	यज्ञः	=	यज्ञ
मनः	=	मनलाई	इज्यते	=	गरिन्छ
समाधाय	=	एकाग्र गरेर	सः	=	त्यो
			सात्त्विकः	=	सात्त्विक
			(उच्यते)	=	कहिन्छ

सरलार्थ

फलाकाङ्क्षा त्यागेर यज्ञ गर्नु मेरो कर्तव्य हो भन्ने विचारले मनलाई एकाग्र गरेर शास्त्रविधि-अनुसार जो यज्ञ हुन्छ त्यो यज्ञ 'सात्त्विक' कहिन्छ।

राजस यज्ञ—

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत्।
इज्यते भरतश्रेष्ठ! तं यज्ञं विद्धि राजसम् ॥१२॥

अन्वयार्थः

तु	=	किन्तु	अभिसंधाय	=	उद्देश्य राखेर
भरतश्रेष्ठ!	=	हे अर्जुन!	इज्यते	=	यज्ञ गरिन्छ
यत्	=	जो	तम्	=	त्यस
दम्भार्थम् एव	=	केवल आँफूलाई धर्मात्मा देखाउनको निमित्त	यज्ञम्	=	यज्ञलाई
			राजसम्	=	राजस
फलम् अपि च	=	अथवा फललाई	विद्धि	=	जान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

किन्तु हे अर्जुन ! जो यज्ञ केवल दम्भका निमित्त अथवा फलको उद्देश्यले गरिन्छ त्यो 'राजस' कहिन्छ ।

तामस यज्ञ—

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

अन्वयार्थः

विधिहीनम्	=	विधिरहित	श्रद्धाविरहितम्	=	श्रद्धाले रहित भएको
असृष्टान्नम्	=	अन्नदानशून्य	यज्ञम्	=	यज्ञ
मन्त्रहीनम्	=	मन्त्रहीन	तामसम्	=	तामस
अदक्षिणम्	=	दक्षिणारहित	परिचक्षते	=	कहिन्छ

सरलार्थ

जुन यज्ञमा शास्त्रविधि छैन, अन्नदान गरिंदैन, स्वर-वर्ण भ्रष्ट वैदिक मन्त्रको उच्चारण हुन्छ, दक्षिणा हुँदैन तथा गर्नेवालाको श्रद्धा छैन त्यो यज्ञ 'तामस' कहिन्छ ।

तात्पर्य

अग्निहोत्र, दर्शपूर्णमास आदि यज्ञहरू अनुष्ठानकर्ताका भावनानुसार 'काम्य' र 'नित्य'-का भेदले दुई प्रकारका हुन्छन् । स्वर्गादि फलको उद्देश्यले गरिएका यज्ञहरू 'काम्य' कहिन्छन्, यस लोक, परलोक सम्बन्धी कुनै कामना नराखिकन केवल चित्त शुद्धिका निमित्त आफ्नू कर्तव्य ठानेर अनुष्ठान गरिएका यज्ञहरू 'नित्य' कहिन्छन् । नित्य कर्मद्वारा अनुष्ठानकर्ताका हृदयमा रहेका समस्त दुर्भावना, मलिनताहरू क्रमशः निवृत्त हुँदैजान्छन् र आत्मा पवित्र हुँदैजान्छ, उज्ज्वल सात्त्विक भावना जागृत हुन्छ, तत्त्वज्ञानको अरुणोदय हुन लाग्दछ । यसैले शिष्ट पुरुषहरू यसलाई 'सात्त्विक' यज्ञ भन्दछन् । परन्तु राजस यज्ञ 'काम्य' हुनाले यसलोक, परलोक सम्बन्धी कामनाले यजमानको हृदय सदा मलिन रहन्छ । तामस यज्ञमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उन्नतिको सट्टा अवनति नै हुन्छ। किनकि यस यज्ञमा पुण्य-उत्पत्तिको बदला पाप उत्पन्न हुन्छ ॥ ११।१२।१३ ॥

शारीरिक तप—

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

अन्वयार्थः

देवद्विज-गुरु-प्राज्ञ-पूजनम्	=	देवता, ब्राह्मण, विद्वान्को सेवा	अहिंसा च	=	तथा अहिंसा
शौचम्	=	पवित्रता	शारीरम्	=	शरीर संबन्धी
आर्जवम्	=	सरलता	तपः	=	तपस्या
ब्रह्मचर्यम्	=	ब्रह्मचर्य	उच्यते	=	कहिन्छ

सरलार्थ

देवता, ब्राह्मण, गुरु औ विद्वान्को सत्कार, शौच, सरलता, ब्रह्मचर्य तथा अहिंसा यी शरीर सम्बन्धी अर्थात् 'कायिक तप' कहिन्छन् ।

वाङ्मय तप—

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

अन्वयार्थः

यत्	=	जो	स्वाध्यायाभ्यसनम् च	=	तथा स्वाध्यायको अभ्यास
वाक्यम्	=	वचन	वाङ्मयम् एव	=	वाणी सम्बन्धी
अनुद्वेगकरम्	=	मनमा दुःख उत्पन्न नगराउने	तपः	=	तपस्या
सत्यम्	=	साँचो	उच्यते	=	कहिन्छ
प्रियहितम् च	=	प्रिय र हितकारक छ			

सरलार्थ

कसैको चित्त नदुखाउने, साँचो, प्रिय र हित वचन तथा स्वाध्याय-(आ-आफ्ना धर्मग्रन्थहरूको अध्ययन)-लाई वाङ्मय अर्थात् 'वाचनिक तप' भन्दछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानस तप—

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

अन्वयार्थः

मनःप्रसादः	=	मनको प्रसन्नता	इति	=	यति
सौम्यत्वम्	=	शान्तभाव	एतत्	=	यो
मौनम्	=	मौन	मानसम्	=	मन सम्बन्धी
आत्मविनिग्रहः	=	मनोवृत्तिनिरोध	तपः	=	तपस्या
भावसंशुद्धिः	=	पवित्र भावना	उच्यते	=	कहिन्छ

सरलार्थ

मनलाई प्रसन्न राख्नु, शान्तभावले रहनु, मुनिको जस्तो वृत्ति लिनु, मनलाई चञ्चल नगराउनु तथा शुद्ध भावना राख्नु ; यिनलाई मानस अर्थात् 'मानसिक तप' भन्दछन् ।

तात्पर्य

स्वभावतः उच्छृङ्खल प्रवृत्ति भएका शरीर, मन, वाणीलाई शास्त्रीय नियमका भित्र ल्याउनु 'तप' कहिन्छ । स्वतन्त्र रहेर हिंसादि उग्र कर्म गर्ने शरीरको स्वाभाविक धर्म हो । अप्रिय र असत्य बोल्ने तथा स्वाध्याय आदि नियममा नरहेर जथाभावी बकवाद गर्ने वचनको स्वाभाविक धर्म हो । विषय-लोलुपता र अपवित्र भावले रहने मनको स्वाभाविक गति हो । विनासत्सङ्ग शास्त्र-शिक्षा त्यसै स्वभावैबाट जो धर्म प्रकट हुन्छन् तिनलाई 'स्वाभाविक' भन्दछन् । यिनै स्वाभाविक प्रवृत्तिलाई निरोध गरेर श्लोकमा बताएका नियममा राख्नु,'तपस्या' कहिन्छ । अतएव देव, द्विज, गुरु, विद्वान् आदिको सेवा, सबैमा सरलता, आँफूमा शौच, प्राणीमा अहिंसा इत्यादि नियममा शरीरलाई राखेपछि शरीर नियमको अनुकूल र निरोग रहन्छ । परंपरया उन्नति गर्दैजाँदा त्यसको शरीरले त्यसलाई बराबर मद्दत् दिंदैजान्छ । जसमा शारीरिक तपस्या छैन त्यो शरीर केवल पृथ्वीको भार हो; त्यस-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट संसारमा कुनै पनि प्रशंसनीय कार्यहरू हुन सक्तैनन् । एवंप्रकार जसका वचनमा सरलता, माधुर्यता, प्रियता र सत्यता छन्, त्यही मनुष्य त्रिभुवनविजयी हुन्छ औ जसमा यी भावहरू विपरीत छन्, त्यसले संसारमा आएर केही पनि काम गर्न सक्तैन, लौकिक पारमार्थिक दुईटै त्यसका भ्रष्ट हुन्छन् । तथा जसको मन सधैं प्रसन्न छ, कहिले पनि क्रूरता आदि दुष्ट भावहरू आउँदैनन्, समस्त इन्द्रियलाई स्वाधीन गरेको हुनाले मन सदा पवित्र छ, परस्त्री मातृतुल्य, परधन लोष्टबराबर, समस्त भूतवर्ग आत्मसम देख्दछ, त्यस्तो मुनि (मनलाई संयम गरेको) पुरुष संसारमा प्रथम श्रेणिको अपराजित वीर हो । यसैले गीता भाष्यकार[1] भन्नुहुन्छ—'जितं जगत्केन मनो हि येन'—समस्त जगत्मा विजयी को हो ? जसले मनलाई जितेको छ । अतः जसको मन रज, तमका संसर्गले सदा अप्रसन्न र व्याकुल रहन्छ तथा अपवित्र भावनारूपी लहरीहरू उठिरहन्छन्, त्यो मनुष्य सबै शत्रुबाट पराजित भएको मन्दभागी, नरकगामी कहिन्छ ॥ १४।१५।१६ ॥

सात्त्विक तप—

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

अन्वयार्थः

अफलाकांक्षिभिः	=	फलकामनारहित	तत्	=	पूर्वोक्त
युक्तैः	=	संयमी	त्रिविधम्	=	तीन प्रकारको
नरैः	=	मनुष्यले	तपः	=	तपस्या
परया	=	अत्यन्त	सात्त्विकम्	=	सात्विक
श्रद्धया	=	श्रद्धाले	परिचक्षते	=	कहिन्छ
तप्तम्	=	अनुष्ठान गरिएको			

सरलार्थ

कायिक, वाचिक, मानसिक ; यो तीन प्रकारका तपस्याहरूमा जुन फलकामना त्यागेर संयम र अत्यन्त श्रद्धापूर्वक गरिन्छ, त्यो 'सात्त्विक' कहिन्छ ।

---

१. श्रीशङ्कराचार्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजस तप—

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसञ्चलमध्रुवम् ॥१८॥

अन्वयार्थः

सत्कारमानपूजार्थम्	=	सत्कार, मान पूजाका निमित्त	तत्	=	त्यो तपस्या
दम्भेन च एव	=	तथा केवल धर्म-ध्वजी पनाले	इह	=	शास्त्रमा
यत्	=	जो	चलम्	=	चञ्चल
तपः	=	तपस्या	अध्रुवम्	=	अस्थिर
क्रियते	=	गरिन्छ	राजसम्	=	राजस
			प्रोक्तम्	=	कहिएको छ

सरलार्थ

जुन तपस्या आफ्नू सत्कार, मान, पूजाका निमित्त अथवा केवल देखा-उनका निमित्त गरिन्छ, त्यसलाई शास्त्रमा चञ्चल र अस्थिर 'राजस' तपस्या भनेको छ ।

तामस तप—

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥१९॥

अन्वयार्थः

मूढग्राहेण	=	मूढआग्रहले	यत्	=	जुन
आत्मनः	=	आँफूलाई	तपः	=	तपस्या
पीडया	=	दुःखदिएर	क्रियते	=	गरिन्छ
वा	=	अथवा	तत्	=	त्यो
परस्य	=	अर्कालाई	तामसम्	=	तामस
उत्सादनार्थम्	=	नाश गर्नको निमित्त	उदाहृतम्	=	कहिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जुन तपस्या मूढ हठले आँफूलाई दुःख दिएर अथवा अर्कालाई दुःख दिनको निमित्त गरिन्छ, त्यो 'तामस' कहिन्छ ।

तात्पर्य

पूर्वोक्त कायिक, वाचिक, मानसिक तप गर्ने मनुष्यमा यदि आस्तिक बुद्धि विशेष छ र त्यस तपको उद्देश्य सांसारिक विषय-प्राप्ति छैन, तथा स्वयं अनुष्ठान-कर्ता संयमी छ भने त्यो तप 'सात्त्विक' कहिन्छ । मान, बढाइका निमित्त, दम्भ, पाखण्डपूर्वक गरिएको तप 'राजस' कहिन्छ । यसबाट कर्तालाई यस लोकसम्बन्धी चञ्चल, क्षणिक फलमात्र प्राप्त हुन्छ । त्यो पनि 'अध्रुवम्' अर्थात् फल उत्पन्न हुन्छ कि हुँदैन ? केही नियम छैन । तामस तपमा अनुष्ठान कर्ताको हृदय अवि-वेकले ढाकिएको हुन्छ, यसैले उसमा मूढपना दुराग्रहहरू रहन्छन् । फलतः के हुन्छ भने परपीडाका निमित्त अनेकौं अभिचार कर्म (मारण, मोहन, उच्चाटन), वीर-वेतालादि-सिद्धि र अनेकौं अनुचित कर्तव्यमा सदा अस्त-व्यस्त भइरहन्छ । यसैका अनुसार अनुष्ठानकर्तालाई फल पनि प्राप्त हुन्छ ॥१७।१८।१९॥

सात्त्विक दान—

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

अन्वयार्थः

दातव्यम्	=	दिनुपर्दछ	काले च	=	उत्तम कालमा
इति	=	यसता विचारले	पात्रे च	=	तथा सत्पात्रमा
यत्	=	जो	दीयते	=	दिइन्छ
दानम्	=	दान	तत्	=	त्यो
अनुपकारिणे	=	प्रत्युपकार नगर्ने मनुष्यलाई	दानम्	=	दान
			सात्त्विकम्	=	सात्त्विक
देशे	=	उत्तम देशमा	स्मृतम्	=	कहिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

दान गर्नु कर्तव्य हो भन्ने विचारले ठाउँ, समय तथा पात्रको विचार गरेर उपकारको बदला नचुकाउने मनुष्यलाई जो दान दिइन्छ त्यो दान 'सात्त्विक' कहिन्छ ।

राजस दान—

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

अन्वयार्थः

यत् तु	=	औ जो दान	पुनः	=	फेरि
परिक्लिष्टम्	=	खिन्न चित्त भएर	दीयते	=	दिइन्छ
प्रत्युपकारार्थम् च	=	तथा प्रत्युपकार गराउनको निमित्त	तत्	=	त्यो
वा	=	अथवा	दानम्	=	दान
फलम्	=	फललाई	राजसम्	=	राजस
उद्दिश्य	=	उद्देश्य राखेर	उदाहृतम्	=	कहिएको छ

सरलार्थ

औ जो दान चित्त दुखाएर तथा आँफूलाई प्रत्युपकार गराउनको निमित्त अथवा फलको उद्देश्य राखेर अनि दिइन्छ त्यो दान 'राजस' कहिन्छ ।

तामस दान—

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

अन्वयार्थः

अदेशकाले	=	अयोग्य देश-कालमा	अपात्रेभ्यः च	=	तथा कुपात्रलाई
			असत्कृतम्	=	सत्कारशून्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवज्ञातम्	=	तिरस्कारपूर्वक	तत्	=	त्यो
यत्	=	जो	तामसम्	=	तामस
दानम्	=	दान	उदाहृतम्	=	कहिएको छ
दीयते	=	दिइन्छ			

सरलार्थ

जो दान ठाउँ, अवस्था नहेरी, पात्रको विचार नगरी, विनासत्कार, तिरस्कार-पूर्वक दिइन्छ त्यो दान 'तामस' कहिन्छ ।

तात्पर्य

"स्वस्वत्वनिवृत्तिपूर्वकपरस्वत्वोत्पादनं दानम्" कोही वस्तुमा रहेको आफ्नू ममता छुटाएर त्यसमा अर्काको ममत्व उत्पन्न गराउनु 'दान' कहिन्छ । दानले मनुष्य मा त्याग वृत्ति उत्पन्न हुन्छ, हृदयमा सदा लोकोपकारक उदार भावनाहरू जागृत रहन्छन् । यसैले शास्त्रमा दानको महत्त्व लेखिएको छ ।

वस्तुतः दान एकै प्रकारको छ तापनि दानकर्ता व्यक्तिका भावना-भेदले सात्त्विक, राजस, तामस तीन प्रकारको भएको छ । सात्त्विक दानमा दाताको हृदय कर्तव्यपरायण, फलकामनाशून्य तथा प्रत्युपकारको आशारहित हुन्छ । अतएव 'स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्' यस भगवद्वचनानुसार एकै पैसा, एक मुठी अन्न भए तापनि दाताको परंपरा परम पदको हेतु हुनजान्छ ।

जस्तै—

"पात्रे दानं स्वल्पमपि काले दत्तं युधिष्ठिर !!
मनसा हि विशुद्धेन प्रेत्यानन्तफलं स्मृतम् ॥

(म० भा० वन २५९-३४)

हे युधिष्ठिर ! देश, काल, पात्रको विचार गरेर विशुद्ध मनले दिएको दान परलोकमा अनन्त फलप्रद हुन्छ। स्कन्द पुराणको माहेश्वर खण्डमा पनि लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"पात्रेभ्यो दीयते नित्यमनपेक्ष्य प्रयोजनम् ।
केवलं त्यागबुद्ध्या यद्धर्मदानं तदुच्यते ॥"

(स्कं० पु० माहे० एवं १ कौ० खं० ३।३-५६)

प्रत्युपकार, फलकामना, आदि कुनै पनि प्रयोजन नराखिकन केवल त्यागबुद्धिले जो दान हुन्छ त्यो 'धर्मदान' कहिन्छ । पात्र-कुपात्रको विवेक सुभाषितरत्नमा लेखिएको छ—

"पात्रापात्रविवेकोऽस्ति धेनुपन्नगयोर्यथा ।
तृणात्संजायते क्षीरं क्षीरात्संजायते विषम् ॥

(पृ० १६४-श्लो०-२०३)

सुपात्र र कुपात्रको उदाहरण गाई र सर्प छन् । जस्तै :—गाईलाई दान गरेको तृण पनि दूधरूपमा परिणत हुन्छ । सर्पलाई दान गरेको दूधै पनि जहर हुन्छ । अतः पुण्यक्षेत्र या अनिकाल परेको देश दानको उचित देश हो । ग्रहण आदि काल या दुःखीहरू भोकले मरिरहेको समय दानको उचित काल हो । तपस्वी, ज्ञानी, विद्वान्, ब्राह्मण या निर्धन भिखारीहरू योग्य पात्र हुन् । यिनै देश, काल, पात्रको विचार गरेर दिएको दान 'सात्त्विक' कहिन्छ । स्वर्गादि फलकामनाले या यसले मलाई पछि दान गरेको बदला उपकारको प्रत्युपकार संझेर उपकार गर्नेछ, यस्ता विचारले अथवा भित्रबाट दान गर्ने इच्छा छैन, कुनै सामाजिक नियममा बाध्य भएर अतएव चित्त दुखाएर जो दान दिइन्छ त्यो 'राजसदान' कहिन्छ । राजस दानमा देश, काल, पात्रहरू योग्य भए तापनि प्रत्युपकारको आशा, फलोद्देश्य आदि कृपण-भावले दाताको अन्तरात्मा उदार हुन पाउँदैन । अतएव परिक्लिष्ट भएर चित्त दुःखाएर दान दिन्छ भनेको छ । प्रत्युपकार, आशा, फल, कामना, दुःखित चित्त यी तीनमा एउटा मात्र भए पनि दान 'राजस' हुन जान्छ । देश, काल, पात्र केही पनि विचार नगरिकन अन्धाधुन्ध दिएको अथवा देश, काल, पात्र योग्य भए तापनि तिरस्कार र अपमानपूर्वक तथा श्रद्धारहित भएर गरेको दान 'तामस' कहिन्छ । यस दानबाट देशमा धर्मको हानि र विपरीत परिणाम हुने हुनाले दाता पनि स्वयं नरकमा जान्छ । स्कन्दपुराणमा लेखिएको छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधिहीनं तथाऽपात्रे यो ददाति प्रतिग्रहम् ।
न केवलं हि तद्याति शेषं तस्य च नश्यति ॥

(स्कां० पु० स्कां एवं पू० ४०-२६)

देश-कालको नियम-विधि विचार नगरिकन कुपात्रमा जो व्यक्ति दान गर्दछ, त्यसको त्यो दान गरेको वस्तुमात्र जाँदैन, किन्तु यश, पुण्य, धन सबै नष्ट हुन्छन् । अतः विचारवान् पुरुषले तामस दानबाट बचेर रहन उचित छ । तर भोकालाई अन्न दिन र नाङ्गालाई वस्त्र दिन कुनै देश, काल, पात्रको विचार आवश्यक छैन । जस्तै :—

"नात्र पात्रपरीक्षा स्यान्नकालनियमस्तथा ।
न च देशपरीक्षाऽत्र देयमन्नं सदैव तत् ॥

(विष्णुधर्म खं० ३-३१५-२)

अन्नदानमा पात्रको परीक्षा पनि छैन, कालको नियम पनि छैन, देशको विचार पनि छैन; अतः भोकालाई अन्न-दान सधैं गरोस् । अतः श्रेयोर्थी मनुष्यले राजस, तामस दानलाई त्यागेर सात्त्विक दान गर्न उचित छ भन्ने यस दान-प्रसङ्गको तात्पर्य हो ॥२०।२१।२२॥

यज्ञ, तप, दानहरूको पूर्व संस्कारानुसार तीन-तीन-प्रकारको भेद-वर्णन गर्नाले राजस, तामसलाई त्यागेर केवल सात्त्विक ग्रहण गर्नु भन्ने शिक्षा हर-एक व्यवहारका विषयलाई प्रमाणित भयो । किनकि गी० १८।४०-का अनुसार त्रिगुण-देखि अतिरिक्त (भिन्न) वस्तु प्राकृतिक जगत्मा छैन ।

परन्तु सात्त्विक कार्यमा पनि अनुष्ठानकर्ताका प्रमादले कुनै अङ्गहरू हीन हुन जान्छन् । त्यस कारण परम दयालु श्रीभगवान् त्रुटित समस्त कर्म तथा उपासनाको सामान्य प्रायश्चित्त 'ॐ तत्सत्' यो भगवन्नामोच्चारणद्वारा हुन्छ भन्ने जनाउनलाई यसको रहस्य-वर्णन गर्नुहुन्छ—

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

ॐ तत्सत्	=	ॐ, तत्, सत्	तेन	=	त्यसद्वारा
इति	=	यी तीन पदयुक्त वाक्य	पुरा	=	अघि (सृष्टि कालमा)
ब्रह्मणः	=	परमात्माको	ब्राह्मणाः	=	ब्राह्मण (कर्ता)
त्रिविधः	=	तीन प्रकारको	वेदाः च	=	औ वेद (करण)
निर्देशः	=	नाम	यज्ञाः च	=	तथा यज्ञ (कर्म)
स्मृतः	=	कहिएको छ	विहिताः	=	बनाइए

सरलार्थ

'ॐ, तत्, सत्' यी तीन पदले युक्त भएको वाक्य परमात्माको वाचक (नाम) हो, यसबाट अघि ब्राह्मण, वेद तथा यज्ञहरू प्रकट भए ।

उक्त मन्त्रको प्रत्येक पदको रहस्य तथा विनियोग—

तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

अन्वयार्थः

तस्मात्	=	त्यस कारण	यज्ञदान-तपःक्रियाः	=	यज्ञ, दान, तपरूप कर्महरू
ॐ इति	=	ॐ यस्तो			
उदाहृत्य	=	उच्चारण गरेर	सततम्	=	निरन्तर
ब्रह्मवादिनाम्	=	ब्रह्मवादीहरूका			
विधानोक्ताः	=	शास्त्रले विधान गरेका	प्रवर्तन्ते	=	चल्दछन्

तदित्यनभिसंधाय फलं यज्ञतपःक्रियाः ।
दानक्रियाश्च विविधाःक्रियन्ते मोक्षकाङ्क्षिभिः ॥२५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तत्	=	तत्	विविधाः	=	अनेक प्रकारका
इति	=	यस्तो उच्चारण गरेर	यज्ञतपःक्रियाः-	=	यज्ञ तपरूप कर्महरू
फलम्	=	फललाई	दानक्रियाः च	=	तथा दानरूप कर्महरू
अनभिसंधाय	=	इच्छा नगरेर	क्रियन्ते	=	गरिन्छन्
मोक्षकाङ्क्षिभिः	=	मोक्षको इच्छा भएका पुरुषले			

सरलार्थ

'तत्' यस्तो उच्चारण गरेर अर्थात् 'तत्' शब्दवाच्य परमेश्वरको उद्देश्यले फलकामना त्यागेर मुक्तिको इच्छा भएका पुरुषहरू यज्ञ, तपरूप कर्म र दानरूप कर्म गर्दछन् ।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ ! युज्यते ॥२६॥

अन्वयार्थः

सद्भावे	=	अस्तित्वमा	पार्थ !	=	हे अर्जुन !
साधुभावे च	=	औ असल अर्थमा	तथा	=	त्यस्तै प्रकारले
सत्	=	सत्	प्रशस्ते	=	असल
इति	=	यस्तो	कर्मणि	=	काममा पनि
एतत्	=	यो शब्द	सत्	=	सत्
प्रयुज्यते	=	प्रयोग गरिन्छ	शब्दः	=	शब्द
			युज्यते	=	प्रयुक्त हुन्छ

सरलार्थ

हे अर्जुन ! कुनै वस्तुको सद्भावमा र साधु भावमा 'सत्' यस्तो शब्द प्रयोग हुन्छ तथा असल काममा पनि 'सत्' शब्दको प्रयोग हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥

अन्वयार्थः

यज्ञे	=	यज्ञ	तदर्थीयम्	=	त्यसका निमित्त गरिएको
तपसि	=	तप			
दाने च	=	औ दानमा	कर्म च	=	कर्म पनि
स्थितिः एव	=	एकान्त निष्ठा पनि	सत्	=	सत्
सत्	=	सत्	इति एव	=	यस्तो नै
इति	=	यस्तो	अभिधीयते	=	कहिन्छ
उच्यते	=	कहिन्छ			

सरलार्थ

यज्ञ, तपस्या तथा दानमा स्थिति अर्थात् स्थिर भावनालाई पनि 'सत्' भन्दछन् ; तथा यज्ञ-तप-दान या परमेश्वर-प्रीत्यर्थ गरिएको कर्म पनि 'सत्' नै कहिन्छ ।

तात्पर्य

'ॐ, तत्, सत्' यो मन्त्र परमात्माको वाचक (नाम) हो । यसका प्रत्येक पद-बाट क्रमशः परमात्माको अध्यात्म, अधिदैव, अधिभूत भावको निर्देश भएको छ । श्रुतिमा लेखिएको छ—ॐ इति ब्रह्म (तै० १-८- १२।प० ८-२) तत्त्वमसि, (छां०६ -८-७ शु० र० २-३ पैङ्ग० ३-१) सदेव सौम्य, (छां० ६-२-१ पैङ्ग० १-१) इत्यादि । अतः सृष्टिका आदि कालमा प्रजापतिले यही मन्त्रलाई उच्चारण गरेर कर्ता, करण, कर्मरूप—ब्राह्मण, वेद, यज्ञहरूलाई प्रकट गर्नुभयो । परमात्मा समस्त प्रपञ्चका मूलमा विद्यमान सत् अर्थात् अविनाशी तत्त्व हुनुहुन्छ, त्यस कारण उहाँको नामोच्चारण मात्रले पनि समस्त कर्महरू साङ्ग तथा सम्पूर्ण हुन्छन्, यसमा केही पनि सन्देह छैन । धर्मशास्त्रमा लेखिएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमादात्कुर्वतां कर्म प्रच्यवेताध्वरेषु यत् ।
स्मरणादेव तद्विष्णोः सम्पूर्णं स्यादिति श्रुतिः ॥

कार्यकर्ताका प्रमादबाट यज्ञमा जो कर्म च्युत (भ्रष्ट) हुन्छ त्यो व्यापक परमात्माको स्मरणमात्रले सम्पूर्ण हुन्छ, यस्तो श्रुतिको वचन छ । यस मन्त्रको प्रथम अवयव 'ॐ' यस अक्षरलाई आदि र अन्त्यमा उच्चारण गरेर वैदिक पुरुष प्रमादले अङ्ग भ्रष्ट भएका यज्ञहरूलाई पनि साङ्ग तथा सम्पूर्ण बनाउँदछन् तथा द्वितीय अवयव 'तत्' यस पदलाई उच्चारण गरेर निष्कामी मुमुक्षुगण तदर्थ (परमेश्वर-प्रित्यर्थ) यज्ञ, दान, तपरूप कर्म गर्दछन् । एवं तृतीय अवयव 'सत्' यस पदलाई उच्चारण गरेर परलोकको उन्नति चाहने मनुष्यहरू विवाह आदि माङ्गलिक कार्य गर्दछन् ॥ २३।२४। २५।२६।२७॥

शास्त्रीय विधिलाई त्यागेर केवल कुल-परंपराप्राप्त आचारानुसार श्रद्धापूर्वक गरिएका यज्ञ, तप, दानादि कर्म 'ॐ-तत्-सत्' यो महामन्त्रको आदि-अन्तमा उच्चारण गर्नाले सबै दुर्गुण शान्त भएर साङ्ग तथा सन्पूर्ण हुन्छन् भने मन्त्रमा अपरिमित शक्ति हुनाले आसुरी यज्ञलाई पनि यसको उच्चारणले सात्त्विक बनाउन सकिन्छ, यसको निम्ति श्रद्धाको आवश्यकता के छ ? यसैको उत्तररूपमा अध्यायको उपसंहार हुन्छ—

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ ! न च तत्प्रेत्य नो इह ॥२८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अन्वयार्थः

अश्रद्धया	=	अश्रद्धाले	दत्तम्	=	दिइएको दान
हुतम्	=	गरिएको हवन	तप्तम्	=	गरिएको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपः	=	तपस्या	उच्यते	=	कहिन्छ
यत् च	=	अरू पनि जो जति	पार्थ !	=	हे अर्जुन !
			तत्	=	त्यो
कृतम्	=	गरिएको कार्य	न च प्रेत्य	=	न परलोकमा
असत्	=	असत्	न इह	=	न यसलोकमा
इति	=	यस्तो	(भवति)	=	हुन्छ

सरलार्थ

अश्रद्धाले गरेको हवन, दान, तपस्या तथा अरू पनि जे-जे गरिएको छ त्यो सबै 'असत्' कहिन्छ । किनभने हे अर्जुन ! त्यो न यस लोकमा, न परलोकमा मिल्दछ ।

तात्पर्य

जसका हृदयमा श्रद्धा छैन ती 'असुर' हुन् । तिनीहरूले गरिएका दम्भाचार युक्त यज्ञादि सबै 'असत्' कहिन्छन् । किनकि सज्जनहरू द्वारा निन्दित हुनाले त्यस कर्मको यो लोक पनि छैन, धर्मको अभाव हुनाले परलोक पनि हुँदैन । अतः मुमुक्षुजनले अन्तःशुद्धिका निमित्त सात्त्विक आहाराको सेवन गरेर तथा सात्त्विक श्रद्धाले युक्त भएर सात्त्विकै यज्ञ-दानादि कर्म गरोस्, यसमा दैवात् भ्रष्ट भएका अङ्गहरूलाई साङ्ग र सम्पूर्ण बनाउनको निमित्त 'ॐ तत्सत्' यो महामन्त्र भगवन्नामको उच्चारण गरोस् । यही यस प्रसङ्गको तात्पर्य हो ।

अब आलस्यले शास्त्रविधिलाई त्यागेर केवल वृद्ध-व्यवहारानुसार कर्ममा प्रवृत्त भएका मनुष्यमा शास्त्रविधि-त्यागरूपी आसुरी गुण र श्रद्धारूपी दैवी गुण दुईटै हुनाले यी असुर हुन् कि देवता हुन् ? भन्ने अर्जुनको प्रश्नको उत्तर यस्तो भयो—राजस-तामस श्रद्धापूर्वक राजस-तामस यज्ञादि गर्नेवाला 'असुर, सात्त्विक श्रद्धापूर्वक सात्त्विक यज्ञ गर्नेवाला 'देवता' हुन् । यही सिद्धान्त स्वाभाविक श्रद्धा-विवेचन-प्रसङ्गबाट निर्णय भयो ।

भगवान् भाष्यकार[1] भन्नुहुन्छ—"श्रद्धापूर्वकमसात्त्विकमपि यज्ञादिविगुणं ब्रह्मणो नामनिर्देशेन सात्त्विकं सगुणं च संपादितं भवति"—श्रद्धापूर्वक गरिएको रा-

१. श्रीशङ्कराचार्य ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस, तामस, यज्ञादिको विगुण पनि ब्रह्मको नाम निर्देश–(ॐ तत्सत्)–ले सात्त्विक तथा सगुण हुन्छ । यसमा विचारशील पाठकगण स्वयं मन्त्रमा अपरिमित शक्तिको अनुमान गर्नुहोस् ॥ २८ ॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये श्रद्धात्रयविभागयोग नाम गरेको सत्रौं अध्याय समाप्त भयो ॥ १७ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्सत्

अठारौं अध्याय

पूर्वाध्यायमा मुमुक्षुलाई त्याज्य-ग्राह्यको विवेक गराउनको निमित्त श्रद्धा, आहारा, यज्ञ, तप तथा दानको त्रिगुणानुसार दैवी र आसुरी भेदको वर्णन भयो। अब यस अन्तिम अध्यायमा समस्त गीताशास्त्रको कर्म, उपासना, ज्ञानसम्बन्धी सिद्धान्त एउटै रहस्यमय सूत्रमा उनेर वर्णन गरिएको छ। यही यस अध्यायको संक्षिप्त प्रतिपाद्य विषय हो।

सर्वप्रथम गत अध्यायहरूका विभिन्न स्थलमा संन्यास तथा त्यागको चर्चा चलेको हुनाले त्यसैको तत्त्व जान्ने इच्छाले अर्जुन प्रश्न गर्दछन्—

अर्जुन उवाच

संन्यासस्य महाबाहो ! तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश ! पृथक्केशिनिषूदन !! ॥१॥

अन्वयार्थः

केशिनिषूदन !	=	हे केशिदैत्य-संहारक !	त्यागस्य च	=	तथा त्यागको
महाबाहो !	=	हे विपुलबाहो !	तत्त्वम्	=	यथार्थ स्वरूप
हृषीकेश !	=	हे इन्द्रियप्रेरक भगवन् !	पृथक्	=	भिन्न-भिन्न
संन्यासस्य	=	संन्यासको	वेदितुम्	=	जान्न
			इच्छामि	=	चाहन्छु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

अर्जुनले भने—हे केशी दैत्यलाई मार्ने आजानुबाहु ऋषिकेश ! म संन्यास र त्यागको यथार्थ स्वरूपलाई भिन्न-भिन्न रीतबाट जान्न चाहन्छु ।

तात्पर्य

'मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा' (३-३०) 'ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः' (१२-६) 'संन्यासयोगयुक्तात्मा' (९-२८) इत्यादिमा संन्यासको चर्चा र 'त्यक्त्वा कर्मफलासङ्गम्' (४-२०) 'सर्वकर्मफलत्यागम्' (१२-११) इत्यादिमा त्यागको चर्चा चलिसकेको छ ; तर 'त्याग' र 'संन्यास'-शब्दको तत्त्व-निर्णय भएको छैन । अतः यही संशय-बीजलाई लिएर संन्यास र त्यागको तत्त्व बुझ्ने इच्छा अर्जुनले गरे । प्रश्नको तात्पर्य के भने पूर्वाध्यायानुसार संन्यासको पनि त्रिगुणानुसार सात्त्विक, राजस, तामस भेद हुनपर्ने ! भन्ने एउटा र अर्को संन्यास र त्याग भनेको केवल शब्दको मात्र भेद हो कि अर्थको पनि भेद छ ? केवल शब्दमात्रको भेद हो भने त्यसको अवान्तर भेद कति छ ? यदि अर्थैको पनि भेद छ भने संन्यास र त्यागको तत्त्व पृथक्-पृथक् (बेग्ला-बेग्लै) जान्न चाहन्छु । अर्जुनका यिनै दुई प्रश्न छन् ।

केशी नामगरेको घोडाको आकार भएको दैत्यलाई युद्धमा त्यसका मुखमा आफ्नू वाम बाहु प्रवेश गराएर प्रचण्ड बाहुबलद्वारा मार्नुभयो, यसैले श्रीकृष्णको नाम 'केशिनिषूदन' तथा 'महाबाहु' रहेको छ । एकै चोटि तीन संबोधन दिनाले अर्जुनको श्रीकृष्णमा अत्यन्त अनुराग व्यक्त हुन्छ ॥ १ ॥

एवंप्रकार अर्जुनले प्रश्न गरेपछि श्री 'भगवान् सूचिकटाहन्यायको आश्रय लिएर अन्तिम प्रश्नको उत्तर पहिले दिनुहुन्छ—

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणः ॥२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

कवयः	=	ज्ञानीहरू	विचक्षणाः	=	सूक्ष्मदर्शीहरू
काम्यानाम्	=	सकाम	सर्वकर्मफल-त्यागम्	=	समस्त कर्मको फलत्यागलाई
कर्मणाम्	=	कर्मको	त्यागम्	=	त्याग
न्यासम्	=	त्यागलाई	प्राहुः	=	भन्दछन्
संन्यासम्	=	संन्यास			
विदुः	=	जान्दछन्			

सरलार्थ

ज्ञानीहरू समस्त कर्मको त्यागलाई 'त्याग' मान्दछन्, बुद्धिमान् जन समस्त कर्मको फल-त्यागलाई 'त्याग' भन्दछन् ।

तात्पर्य

यद्यपि त्याग र संन्यास दुवै क्रियाको अर्थ 'छोड्नु नै हो' तथापि प्रसिद्ध संन्यासीमा रहने संन्यासका वास्तविक तत्त्वलाई देखाएर कर्मयोगीका आचरणका साथ तुलना गर्नलाई संन्यास र त्यागको भिन्न-भिन्न व्याख्या भएको छ । आयुको ४ भाग लगाएर मोटामोटी १०० वर्षको कल्पनाले २५ वर्षसम्म ब्रह्मचर्य, ५० वर्ष सम्म गृहस्थ ७५ वर्षसम्म वानप्रस्थ, शेष जीवन संन्यासको निम्ति मानिएको छ । पहिलेका युगमा यस क्रमले चतुर्थावस्थामा संन्यासी हुनु ब्राह्मणको निम्ति अनिवार्य थियो, विरक्त[1]र त्यागीको निम्ति जुनसुकै आश्रमबाट पनि संन्यासी हुनलाई अधिकार थियो, उनको निम्ति आश्रम-क्रमको प्रतिबन्ध थिएन । ब्रह्मचर्यबाट संन्यासी भएका शुक-सनकादिको उदाहरण पुराणमा छ । संन्यासीको कर्तव्य हो कि—समस्त कर्मलाई र घर-धन-कुटुम्बलाई समेत त्यागेर ओडारमा, रूखमनि गएर बस्नु, शरीर-निर्वाहको निम्ति भिक्षा माग्नु, बाँकि समयमा आत्मानात्मविवेचन गर्नु या सर्वत्र ब्रह्मदृष्टि गरेर "नैव कुर्वन्न कारयन्" (५-१३) भएर संसारबाट उपराम हुनु । परन्तु यसमा विचारणीय कुरो यो छ कि—समाजका रत्न ज्ञानीहरूले कर्म त्यागेर यसरी संसारबाट उपराम भएपछि समाज अज्ञानका अन्धकारमा

---

१. यदि वेतरथा ब्रह्मचर्यादेव प्रव्रजेद्गृहाद्वावनाद्वा, यदहरेव विरजेत्तदहरेव प्रव्रजेत् (ना० प० ३-७७, याज्ञ० १, जावा० ४, प० हं० प० १—२) ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डुब्न जान्छ, पथप्रदर्शक नभएपछि दिशा छुट्याउने यन्त्र (कम्पास) नभएको समुद्रका माझको जहाज जस्तै भएर घोर संकटमा पर्दछ। जहाँसम्म ज्ञानीले स्वयं आदर्श बनेर व्यवहार गर्दैन, त्यहाँसम्म केवल ज्ञानोपदेशले जनताको कल्याण हुँदैन। यसैले पछि केवल संन्यासको मुख्य तत्त्वलाई लिएर गौण संन्यासको महत्त्व बढ्न थाल्यो। प्राचीन कालदेखि नै संन्यासका ऊपर जनताको विशेष आदर छ, किनकि शास्त्रले संन्यासलाई आत्मकल्याणको सर्वोच्च साधन मानेको छ। यसैले गीताशास्त्रमा कर्मयोगीलाई संन्यासीका साथ समता गर्ने प्रयत्न भएको छ। संन्यासका मुख्य तत्त्व कर्मत्याग र तृष्णात्याग हुन्; अरू गेरुवावस्त्र-दण्ड-कमण्डल-जटा-भस्म आदि गौण तत्त्व हुन्। किनकि उक्त दुई त्यागको अभावमा यी सब बाह्याडम्बर मात्र हुन्छन्। यसैले उक्त दुई त्यागको तत्त्व काम्यकर्मको त्याग र फलतृष्णात्यागलाई लिएर कर्मयोगीमा संन्यासीको योग्यता देखाएको छ। अतएव समस्त काम्यकर्मको त्याग नै संन्यास हो, समस्त कर्मफलको त्याग नै वास्तविक त्याग हो। यही कुरा मूलमा स्पष्ट भएको छ। यद्यपि कर्मयोगीले संन्यासीका झैं भेष बदलेर सबै कर्मलाई त्याग्दैन तथापि संन्यासका वास्तविक तत्त्वलाई पालन गर्दछ; त्यस कारण संन्यासी र योगीमा केही पनि फरक छैन (६।२)। अधिकन्तु समाज-हितका दृष्टिले कर्मयोगी नै विशेष मानिएको छ (५।२, ३।७) यही कुरा गीताका अरू स्थलमा पनि सर्वत्र पाइन्छ। गृहत्यागी होस् अथवा गृहस्थ होस्, गीतामा बताएका गुणधर्मानुसार गृहस्थ भएर पनि संन्यासी र संन्यासी भएर पनि योगी दुवै हुन सक्तछन्। अतः संन्यासीको पनि कर्तव्य हो कि—उनीहरूले पनि युगानुसार लोक-संग्रह-कर्म गरून् जसबाट समाजको परंपरा-कल्याण हुँदै जाओस्। असलमा जति व्यापक रूपमा संन्यासीले जगत्-कल्याण गर्न सक्तछन्, त्यति गृहस्थले गर्न सक्तैनन्। किनकि संन्यासीको कार्यक्षेत्र ठूलो छ, गृहस्थको सीमित हुन्छ। यसको कारण गृहस्थलाई धनोपार्जन र परिवारको चिन्ता हुन्छ, यसैले ऊ प्रायः आफ्नै क्षेत्रमा मात्र प्रभाव पार्न सक्तछ; किन्तु संन्यासीलाई उक्त कुनै कुराको पनि बन्धन हुँदैन; यसैले ऊ सर्वत्र भ्रमण गरेर आजीवन प्राणीमात्रको कल्याण गर्न सक्तछ। यही कारणले संन्यासीलाई शास्त्रले 'परिव्राजकः' (सर्वं परित्यज्य व्रजति इति परिव्राजकः) भनेको छ। प्राचीनकालदेखि नै नारद-शुक-सनकादिदेखि लिएर पछिसम्म पनि विश्वलाई ज्ञानको ज्योति देखाउने शंकराचार्य-बुद्ध-महावीर-क्राइष्ट आदि गृहत्यागी संन्यासी नै थिए ॥२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यागमा मत-मतान्तर—

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥

अन्वयार्थः

एके	=	कोही	प्राहुः	=	भन्दछन्
मनीषिणः	=	विद्वान्हरू	अपरे	=	अरू विद्वान्हरू
कर्म	=	कर्म	यज्ञदानतपःकर्म	=	यज्ञ-दान-तपरूपकर्म
दोषवत्	=	दोष युक्त छ	न त्याज्यम्	=	त्याग्न उचित छैन
इति	=	यस कारण	इति	=	यस्तो
त्याज्यम्	=	त्याग्न उचित छ	(प्राहुः)	=	भन्दछन्

सरलार्थ

कोही विद्वान्हरू दोषयुक्त हुनाले कर्महरू त्याज्य छन्, यस्तो भन्दछन्; अरू कोही विद्वान् यज्ञ, दान, तपरूप कर्म त्याग्न उचित छैनन्; यस्तो भन्दछन् ।

तात्पर्य

यस विषयमा साङ्ख्याचार्यको यस्तो सिद्धान्त छ—

"दृष्टवदानुश्रविकः स ह्यविशुद्धिक्षयातिशययुक्तः ।
तद्विपरीतः श्रेयान् व्यक्ताव्यक्तज्ञविज्ञानात् ॥"
(सांख्यकारिका २)

मणि, मन्त्र, औषधि आदिको प्रयोगले आध्यात्मिक (मानसिक र शारीरिक), आधिदैविक (भूकम्प-वज्रपात आदि-जन्य), आधिभौतिक (व्याघ्र-सर्पादि-जन्य) यी तीन तापलाई समूल (कारणसहित), आत्यन्तिक (फेरि कहिले नउब्जने गरेर) निवृत्ति गर्न (हटाउन) कसैले सक्तैन । एवंप्रकार वैदिक यागादि कर्म पनि क्षणिक स्वर्गादि सुखका मात्र उत्पादक छन् । तथा यागमा पशुको आलम्भन-(बध)-द्वारा उत्पन्न प्रचुर अपवित्रता रहन्छ । एवं प्रकार स्वर्ग-फल-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोगका अन्तमा अधःपतनपनि अनिवार्य छ। फलभोग-कालमा पनि आँफूभन्दा विशेष पुण्यवान्को सुखलाई देखेर ताप, कनिष्ठ पुण्यको सुखलाई देखेर अहङ्कार उत्पन्न हुन्छ। अतएव समस्त वैदिक यागादि कर्म यिनै दोषले दूषित छन्। त्यस कारण यसदेखि विपरीत प्रकृति-पुरुषको विज्ञानै श्रेयस्कर छ ; इत्यादि। यही साङ्ख्यदृष्टिलाई लिएर श्लोकमा 'एके' शब्दको प्रयोग भएको छ।

यसदेखि उल्टो मीमांसाचार्यको सिद्धान्त छ। 'अग्निसोमीयं पशुमालभेत'— अग्निसोमीय पशु-(अग्नि र सोमदेवताको बलि)-लाई आलम्भन गरोस् : इत्यादि वेद-विधिले पुरुषार्थको निम्ति मनुष्यलाई उपदेश दिएको हुनाले यागीय (यज्ञसम्बन्धी) हिंसा अधर्मको जनक (पाप उत्पन्न गराउनेवाला) छैन। त्यस कारण 'मा हिंस्यात्सर्वा भूतानि,—कुनै प्राणीमात्रलाई हिंसा नगरोस्। यो सामान्य हिंसा-निषेधवाक्य यज्ञभिन्न पशुबधमा मात्रै चरितार्थ हुन्छ (लाग्छ) भन्ने इत्यादि मीमांसक दृष्टिलाई लिएर 'अपरे' शब्दको प्रयोग भएको छ ॥३॥

एवंप्रकार त्यागका विषयमा आचार्यहरूको वादविवादका अनन्तर भगवान्-को निर्णय—

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ! ।
त्यागो हि पुरुषव्याघ्र ! त्रिविधः संप्रकीर्तितः ॥४॥

अन्वयार्थः

भरतसत्तम !	=	हे अर्जुन !	शृणु	=	सुन
तत्र	=	त्यस	पुरुषव्याघ्र !	=	हे पुरुषसिंह !
त्यागे	=	त्यागका विषयमा	त्यागः हि	=	त्याग
मे	=	मेरो	त्रिविधः	=	तीन प्रकारको
निश्चयम्	=	निश्चय	संप्रकीर्तितः	=	कहिएको छ

सरलार्थ

हे अर्जुन ! त्यस त्यागका विषयमा मेरो निश्चय (सिद्धान्त) सुन। हे पुरुषसिंह ! त्याग तीन प्रकारको कहिएको छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

अन्वयार्थः

यज्ञदानतपःकर्म	= यज्ञ-दान-तपरूप कर्म	यज्ञः दानम् तपः च एव	= यज्ञ, दान तथा तपरूप कर्महरू पनि
न त्याज्यम्	= त्याग्न योग्य छैन	मनीषिणाम्	= बुद्धिमान् पुरुषलाई
तत्	= त्यो	पावनानि	= पवित्र गराउने हुन्
कार्यम् एव	= गर्नैपर्दछ		

सरलार्थ

यज्ञ, दान, तथा तपरूप कर्मलाई त्याग्न उचित छैन ; यिनलाई गर्नैपर्दछ। यज्ञ, दान, तपरूप कर्म बुद्धिमान् पुरुषलाई पनि चित्तशुद्धिकारक छन् ।

तात्पर्य

कर्म गर्नु या त्याग्नु ? यस विषयमा मतभेद भए तापनि श्रीभगवान्को अन्तिम निर्णयबाट गर्नै उचित ठहरियो । अब कस्तो प्रकारको कर्म गर्नु भन्ने प्रश्न भएमा यज्ञ, दान, तपरूप धर्मका तीनै अङ्ग मुख्य [1]ठहरिए । कर्मै गर्नुपर्दछ भन्ने विषयमा पहिले पनि उपदेश भएको छ। जस्तै— "आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते" (गी० ६-३)—योगारूढ हुनको इच्छा भएका पुरुषलाई कर्मै कारण छ। अतः चित्त शुद्धिद्वारा जबतक आत्मजिज्ञासा उत्पन्न हुँदैन, तबतक निष्काम बुद्धिले कर्मै गर्न उचित छ ॥४-५॥

यज्ञ, दान, तपरूप कर्म कस्तो भावनाले गर्नु, यसको उत्तर—

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ ! निश्चितं मतमुत्तमम् ॥६॥

---

१ त्रयो धर्मस्य स्कन्धा यज्ञोऽध्ययनं दानमिति । (छां० २-२३-१)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	कर्तव्यानि	=	गर्न उचित छन्
पार्थ !	=	हे अर्जुन !	इति	=	यस्तो
एतानि	=	यी	मे	=	मेरो
कर्माणि अपि	=	कर्महरू पनि	निश्चितम्	=	निश्चय गरिएको
सङ्गम्	=	आसक्ति	उत्तमम्	=	श्रेष्ठ
फलानि च	=	तथा फललाई	मतम्	=	मत छ
त्यक्त्वा	=	त्यागेर			

सरलार्थ

किन्तु हे अर्जुन ! यी कर्महरूलाई पनि आसक्ति र फललाई त्यागेर गर्नु पर्दछ, यस्तो मेरो निश्चित तथा श्रेष्ठ सिद्धान्त छ ।

तात्पर्य

काम्यकर्ममा पनि केही न केही शुद्धि गर्ने सामर्थ्य छ, तथापि त्यो केवल विषय-भोगका निमित्त मात्र उपयुक्त या पर्याप्त छ, ज्ञान-सिद्धिका निमित्त छैन । वार्तिककार सुरेश्वराचार्यको वचन छ ।

काम्येऽपि शुद्धिरस्त्येव भोगसिद्ध्यर्थमेव सा ।।
विड्वराहादिदेहेन नह्यैन्द्रं भुज्यते फलम् ।।

यद्यपि काम्यकर्ममा पनि शुद्धि गर्ने शक्ति छ, तथापि त्यो केवल अल्पभोग-बाट अधिक भोग-प्राप्तिको निम्ति मात्र काम लाग्दछ । किनकि सुँगुरका शरीरले कहीं इन्द्रलोकको फल भोगिंदैन । अतः त्यस-त्यस लोकको भोगयोग्य शरीर दिनुमात्र काम्य कर्मसम्बन्धी शद्धि हो । त्यस कारण मुमुक्षु पुरुषले यज्ञ, दान, तपरूप कर्मको आसक्ति र फलकामनालाई त्यागेर अवश्य गर्नुपर्दछ । यही श्री-भगवान्को निश्चित सिद्धान्त छ ।

यज्ञ, दान, तपरूप कर्म नत्याग्नु, त्यसको फलमात्र त्याग्नु भन्ने आफ्नू सि-द्धान्त पक्षलाई मण्डन गरेर अब कर्म दोषयुक्त हुनाले त्याज्य छन् भन्ने पक्षलाई खण्डन गर्नको निम्ति त्यागको सात्त्विक, राजस, तामस भेद वर्णन गर्नुहुन्छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामस त्याग—

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

अन्वयार्थः

तु	=	औ	मोहात्	=	अविवेकबाट
नियतस्य	=	तोकिएको	तस्य	=	त्यसको
कर्मणः	=	कर्मको	परित्यागः	=	परित्याग
संन्यासः	=	त्याग	तामसः	=	तामस
न उपपद्यते	=	हुनसक्तैन	परिकीर्तितः	=	कहिएको छ

सरलार्थ

तोकिएको कर्मको त्याग हुनसक्तैन, अविवेकबाट भएको त्याग 'तामस त्याग' कहिन्छ ।

तात्पर्य

प्रकृति-अनुसार शास्त्रले विधान गरेको या देश, काल तथा व्यक्तिका अधिकारानुसार प्राप्त कर्तव्य 'नियतकर्म' कहिन्छ । यसैलाई विभिन्न स्थलमा 'स्वधर्म' 'स्वभावजकर्म' 'सहजकर्म' तथा 'स्वभाव-नियत' कर्म भनेको छ, जसको अर्थ हो—नगरी न हुने या गनै पर्ने काम । अतः पुरुषार्थी मनुष्यले आफ्नू आवश्यकीय कर्तव्यलाई त्याग्न उचित छैन, जो अविवेकले यसलाई अपुरुषार्थ ठानेर त्याग्दछ, त्यो त्याग मूढ बुद्धिद्वारा उत्पन्न हुनाले 'तामस त्याग' कहिन्छ ॥ ७ ॥

राजस त्याग—

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

अन्वयार्थः

यत्	=	जो	दुःखम् एव	=	दुःखरूप मात्र छ
कर्म	=	कर्म छ	इति	=	यस्तो ठानेर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कायक्लेशभयात्	=	शारीरिक कष्टका भयले	त्यागम्	=	त्यागलाई
त्यजेत्	=	त्याग्ला	कृत्वा एव	=	गरेर पनि
सः	=	त्यो पुरुष	त्यागफलम्	=	त्यागको फललाई
राजसम्	=	राजस	न लभेत्	=	पाउने छैन

सरलार्थ

कर्म गर्नु दुःख छ भन्ने ठानेर शरीरलाई कष्ट हुन्छ भन्ने डरले जो कर्मलाई त्याग्दछ त्यो त्याग 'राजस' कहिन्छ । त्यो त्याग गरेर पनि त्यागीले त्यागको फल पाउँदैन ।

तात्पर्य

अनिष्टमा इष्टबुद्धि गराउने पूर्वोक्त मोह (विपरीत-ज्ञान) नभए तापनि शास्त्रीय नियममा रहेर स्नान, सन्ध्या, वन्दना गर्दा र अरूको उपकार गर्दा शरीर-को स्वतन्त्रता नष्ट होला भन्ने डरले देहाभिमानी जीव नित्य कर्ममा प्रवृत्त हुँदैन। अतः यस्ता प्रकारबाट भएको त्याग 'राजस त्याग' कहिन्छ । राजस त्यागी लाई त्यागद्वारा हुने चित्तशुद्धि तथा ज्ञाननिष्ठा कदापि मिल्न सक्तैन ॥ ८ ॥

सात्त्विक त्याग—

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ! ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥

अन्वयार्थः

अर्जुन !	=	हे अर्जुन !	नियतम्	=	तोकिएको
कार्यम् एव	=	गर्नैपर्दछ	कर्म	=	कर्म
इति	=	यस्तो विचारले	क्रियते	=	गरिन्छ
सङ्गम्	=	आसक्ति	सः	=	त्यो
फलम् च एव	=	तथा फललाई पनि	त्यागः	=	त्याग
त्यक्त्वा	=	त्यागेर	सात्त्विकः	=	सात्त्विक
यत्	=	जो	मतः	=	मानिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! कर्म गर्नै पर्दछ भन्ने यस्तो कर्तव्य-बुद्धिले आसक्ति र फललाई त्यागेर जो नियत कर्म गरिन्छ त्यो आसक्ति र फलको त्याग 'सात्त्विक त्याग' कहिन्छ ।

तात्पर्य

आसक्ति र फललाई त्यागेर नियत कर्मलाई कर्तव्य मानेर गर्नु सात्त्विक त्याग हो, सात्त्विक त्याग नै वास्तविक संन्यास हो, यही संन्यास विशुद्ध कर्मयोग हो, जसको वर्णन विशेष रीतबाट पहिले भइसकेको छ । यहाँ केवल गुण-विभाग-का परिभाषाबाट त्यसलाई सात्त्विक त्याग गराएर त्यही त्यागांशबाट संन्यास सिद्ध गरेको छ ॥ ९ ॥

सात्त्विक त्यागद्वारा परिपक्व विचार भएका महापुरुषको लक्षण —

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

अन्वयार्थः

सत्त्वसमाविष्टः	=	सत्त्वगुणले युक्त	कर्म	=	कर्मलाई
मेधावी	=	बुद्धिमान्	न द्वेष्टि	=	द्वेष गर्दैन
छिन्नसंशयः	=	संशयरहित	कुशले	=	कुशल कर्ममा
त्यागी	=	त्यागी	न अनुसज्जते	=	आसक्त हुँदैन
अकुशलम्	=	अकुशल			

सरलार्थ

सात्त्विक, ज्ञानवान्, संशयरहित त्यागी पुरुष अकुशल कर्मलाई द्वेष गर्दैन, कुशल कर्ममा आसक्त हुँदैन ।

तात्पर्य

कल्याणकारक अथवा हितकारी कर्म 'कुशल,' अकल्याणकारक अथवा अहित-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारी कर्म 'अकुशल' कहिन्छन्, त्यागीले यी दुवैलाई सम देख्दछ, अर्थात् सत्त्वशील, संशयरहित तथा समबुद्धि भएको नै साँचो संन्यासी हो भन्ने यसको आशय हो ॥ १०॥

साँच्चैको त्यागी—

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

अन्वयार्थः

हि	=	किनभने	यः	=	जो
देहभृता	=	देहाभिमानीद्वारा	कर्मफलत्यागी	=	कर्मफलको त्यागी हो
कर्माणि	=	कर्महरू			
अशेषतः	=	निःशेषरूपले	सः	=	त्यो
त्यक्तुम्	=	त्याग्न	त्यागी	=	त्यागी
न शक्यम्	=	सकिंदैनन्	इति	=	यस्तो
तु	=	किन्तु	अभिधीयते	=	कहिन्छ

सरलार्थ

देहधारी प्राणीले समस्त कर्मलाई त्याग्न मुस्किल छ, किन्तु जसले कर्मफललाई त्याग्दछ त्यही असली त्यागी कहिन्छ ।

तात्पर्य

मनुष्य हुँ, ब्राह्मण हुँ, गृहस्थ हुँ; इत्यादि देहाभिमानले युक्त जीवमा कर्मप्रवृत्तिको मूल राग-द्वेष हुनाले समस्त कर्मको त्याग हुन सक्दैन । किनकि 'सत्यां कारणसामग्र्यां कार्यत्यागस्याशक्यत्वात्' अर्थात् कार्य उत्पन्न गर्ने कारण-सामग्री छँदाछँदै कार्यको त्याग हुन सक्दैन । अतः नियत कर्ममा परायण भएर जो त्यसको फललाई मात्र त्याग्दछ, त्यही साँचो त्यागी कहिन्छ । अथवा ज्ञानी, अज्ञानी जसले पनि देह छन्जेल कर्म त्याग्न सक्तैन (३।४।३३) । त्यस कारण त्याग भने-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कै कर्मफलको त्याग हो। निःशेष कर्मको त्याग असंभव छ। किनकि खानु, पिउनु, सुत्नु, सास फेर्नु इत्यादि पनि, त कर्मै हुन्! यी कर्म ज्ञानीका पनि उसै गरी भइरहन्छन् जसरी अज्ञानीका हुन्छन्। अतः कर्मफलको त्यागै साँचो त्याग हो, यसमा सन्देह छैन ॥ ११ ॥

त्यागी र अत्यागीको भेद—

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम्।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित्॥१२॥

अन्वयार्थः

अत्यागिनाम्	=	अत्यागीहरूको	प्रेत्य	=	मरेपछि
अनिष्टम्	=	अशुभ	भवति	=	हुन्छ
इष्टम्	=	शुभ	तु	=	किन्तु
मिश्रम् च	=	औ शुभाशुभ	संन्यासिनाम्	=	त्यागीहरूको
त्रिविधम्	=	तीन प्रकारको	क्वचित्	=	कहीं पनि
कर्मणः	=	कर्मको	न	=	हुँदैन
फलम्	=	फल			

सरलार्थ

शुभ, अशुभ औ शुभाशुभ यी तीन प्रकारका कर्मको फल अत्यागीहरूलाई मरेपछि मिल्दछ, परन्तु संन्यासी-(त्यागी)-लाई कहिल्यै पनि मिल्दैन।

तात्पर्य

मनुष्यले मरणपर्यन्त जे-जति कर्म गर्दछन् ती सब कर्मको परिणाम स्वर्ग, नरक, मनुष्यलोक यी ३ श्रेणी तयार हुन्छन्। पुण्य कर्म बढ्ता भएका मनुष्यलाई स्वर्गलोक, पाप बढ्ता भएका मनुष्यलाई नरक या तिर्यक् योनि, पाप-पुण्य बराबर भएका मनुष्यलाई नरलोक-प्राप्ति हुन्छ। परन्तु यी तीन प्रकारको फल केवल कर्मत्यागी र सकामकर्मीलाई मात्र मिल्दछ। काम्य कर्म र कर्मको फल

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यागिएका संन्यासीलाई कुनै कर्मफल पनि बन्धनकारक हुँदैनन् । षष्ठाध्याय-को पहिलो श्लोकमा कर्मफललाई त्यागेर कर्तव्यपरायण भएको मनुष्य नै संन्यासी तथा योगी हो, अग्निहोत्रादि कर्मलाई त्याग्नेवाला होइन भनेको हुनाले यस श्लोकमा वर्णन भएको संन्यासी पनि पूर्वोक्त सात्त्विक त्यागी हो, प्रसिद्ध संन्यासी होइन । किनभने सात्त्विक त्यागशील पुरुषका पापकर्महरू उत्पन्न हुँदैनन्, पुण्य कर्महरू फल त्यागिएका हुन्छन् । पाप-पुण्य दुईटै नभएपछि मिश्रित कर्म पनि हुँदैनन् । अतः श्लोकमा रहेको 'अत्यागी' शब्दले सकामकर्मीको, 'संन्यासी' शब्दले निष्काम कर्मीको ग्रहण हुन्छ । पूर्वप्रसंगबाट पनि यही कुरा सिद्ध भएको छ कि—वास्तवमा जो कर्मफलको त्यागी हो त्यही त्यागी अर्थात् संन्यासी हो (१८।११) । तर भाष्यकारको [1] भने आशय यस्तो छ—"वर्तमान जन्मका कर्म-को फल त्यागे तापनि भावी जन्मको हेतु (कारण) संचित कर्म ब्रह्मज्ञान न-हुन्जेल बाँकि रहेकै हुन्छ । किनभने भर्खर कर्मफल त्यागेर नियत कर्ममा प्रवृत्त भएका साधकलाई पूर्ण चित्त-शुद्धि भएको हुँदैन । शुद्ध चित्त नभई ब्रह्मजिज्ञासा कहाँ ? विना ब्रह्मजिज्ञासा ज्ञान कहाँ, विना ज्ञान पूर्वकृत संचित कर्मको क्षय कहाँ? 'क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे (मु०उ० २-२-८) ज्ञानाग्निः सर्वकर्माणि भस्म-सात्कुरुतेऽर्जुन !' (गी० ४।३७) इत्यादि श्रुति-स्मृतिहरू ज्ञान भएपछि मात्र समस्त कर्मको क्षय हुन्छ भन्दछन् । त्यस कारण फलाफल परमेश्वरलाई अर्पण गरेर चित्त-शुद्धिका निमित्त नित्य-नैमित्तिक-प्रायश्चित्त कर्म गर्दागर्दै बीचैमा शरीर त्याग्ने-वाला मनुष्यलाई पूर्वार्जित कर्मद्वारा तीन प्रकारको फल अनिवार्य छ । यही अभिप्रायले षष्ठाध्यायमा योग भ्रष्ट भएका विविदिषु संन्यासीको जन्म पवित्र श्रीमान्का घरमा हुन्छ भन्नुभएको हो" इत्यादि । यसबाट ब्रह्मज्ञान भएपछि मा-त्र पुरा संन्यासी हुन्छ र अनिमात्र तीनै प्रकारका कर्मफलहरू उसलाई हुँदैनन् भन्ने आशय निक्लन्छ ॥ १२ ॥

अहङ्कारले गर्दा फलमा ममता दृढ हुन्छ र पुरुष सकाम कर्ममा प्रवृत्त हुन्छ । अतः फलकामना शिथिल पार्नलाई अहंकार शिथिल पार्नुपर्दछ । यसैले अब कर्म-उत्पत्तिका पाँच कारण बताउनुहुन्छ—

---

१. श्रीशंकराचार्य ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चैतानि महाबाहो ! कारणानि निबोध मे ।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

अन्वयार्थः

महाबाहो !	=	हे अर्जुन !	एतानि	=	यी
साङ्ख्ये	=	साङ्ख्य	पञ्च	=	पाँच
कृतान्ते	=	सिद्धान्तमा	कारणानि	=	कारणहरू
सर्वकर्मणाम्	=	समस्त कर्मको	मे	=	मबाट
सिद्धये	=	सिद्धिका निम्ति	निबोध	=	जान
प्रोक्तानि	=	कहिएका			

सरलार्थ

हे अर्जुन ! साङ्ख्य सिद्धान्तमा कुनै पनि कर्म उत्पन्न हुनको निम्ति (समस्त कर्म-उत्पत्तिका) यी पाँच कारणहरू बताइएका छन्, मबाट सुन ।

तात्पर्य

यस श्लोकमा भाष्यदेखि लिएर सबै टीकाकारहरूले 'साङ्ख्य' शब्दले वेदान्त मानेका छन्, तर कापिल साङ्ख्य मानेमा पनि केही आपत्ति छैन । किनकि सबै कर्म प्रकृतिबाटै हुन्छन्, आत्मा अकर्ता, असङ्ग छ भन्ने सिद्धान्त उभय पक्षमा मान्य छ । खालि के भने वेदान्त पक्षमा 'कृतान्त' शब्द 'साङ्ख्य' शब्दको विशेषण भएर 'कृतस्य अन्तः – कृतान्तः' (कर्मसमाप्ति) यस्तो अर्थ हुन्छ, साङ्ख्य पक्षमा 'कृतान्त'-को अर्थ केवल 'सिद्धान्त' मात्र हुन्छ ॥ १३ ॥

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

अन्वयार्थः

अधिष्ठानम्	=	शरीर	पृथग्विधम् च	=	औ विभिन्न प्रकारका
तथा	=	तथा			
कर्ता	=	अहंकार	करणम्	=	इन्द्रियहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विविधाः च	=	एवंअनेकप्रकारका	अत्र च	=	औ यी चार मध्येमा
पृथक्	=	भिन्न-भिन्न	पञ्चमम्	=	पाँचौं
चेष्टाः	=	चेष्टाहरू	दैवम् एव	=	दैव नै हो

सरलार्थ

शरीर, मन, इन्द्रिय, प्राणादि पाँच वायु यी चार तथा पाँचौं दैव यी पाँच, कर्मका कारण हुन् ।

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

अन्वयार्थः

नरः	=	मनुष्यले	प्रारभते	=	आरम्भ गर्दछ
शरीरवाङ्मनोभिः	=	मन-वाणी-शरीरद्वारा	तस्य	=	त्यसका
न्याय्यम् वा	=	उचित	एते	=	यी
विपरीतम् वा	=	अथवा अनुचित	पञ्च	=	पाँच
यत्	=	जो	हेतवः	=	कारण
कर्म	=	कर्म	(भवन्ति)	=	हुन्छन्

सरलार्थ

मनुष्य शरीर, वाणी, मनद्वारा उचित-अनुचित जो कर्म गर्दछ, त्यसका यी पाँच कारण हुन्छन् ।

तात्पर्य

१ शरीर, २ अहंभाव, ३ इन्द्रिय, ४ प्राण-अपान-समान-उदान-व्यान यी ५ वायुका भिन्न-भिन्न क्रिया, ५ इन्द्रियका अधिष्ठाता सूर्यादि देवता—जसको सहायता नभई इन्द्रियहरू आफ्नू-आफ्नू काम गर्न सक्तैनन्—यिनै पाँचद्वारा मनुष्यका समस्त कायिक, वाचिक, मानसिक शुभाशुभ कर्महरू हुन्छन् । यीदेखि बाहेक कर्मकर्ता अरू कोही पनि छैन । यी सब केवल प्रकृतिका व्यक्तावस्थाका भिन्न २ रचना

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र हुन्, प्रकृतिदेखि भिन्न छैनन्। यसैले सांख्य शास्त्रमा प्रकृतिलाई नैकर्ता मानेको छ। 'दैव' शब्दको व्याख्यानमा विभिन्न आचार्यहरूले आफ्नू-आफ्नू दृष्टिकोण उपस्थित गरेका छन्। अभिनव[1]गुप्ताचार्य भन्नुहुन्छ—'दैव' शब्दले धर्म-अधर्म तथा बुद्धिमा रहेका खराब-असल सबै किसिमका भावहरू लिनुपर्दछ। अरू शास्त्रकारले पनि भनेका छन्—'पूर्वजन्मार्जितं कर्म तद्दैवमिति कथ्यते'—पूर्वजन्ममा गरेको पाप-पुण्य नै यस जन्ममा 'दैव' कहिन्छ। अतएव लोकमा पनि कर्मानुसार जीवनमा भएका मर्मस्पर्शी घटनाहरूलाई दैवले पारेको या दैवको खटन भन्ने चलन छ। त्यस कारण आफ्नू कर्म नै 'दैव' हो, जसले गर्दा मनुष्य बारम्बार शुभ-अशुभ कर्ममा प्रेरित हुन्छ। [2]नीलकण्ठाचार्यको मतानुसार दैव भनेको आफ्नू-आफ्नू पाप-पुण्य हो तापनि त्यो इन्द्रियका देवता सूर्यादिरूपमा स्वकर्मानुसार प्रेरक बनेको छ। एवंप्रकार कसैले 'दैव' भनेर ईश्वरलाई पनि मानेका छन्। यिनीहरूको सिद्धान्तानुसार सबै गर्ने-गराउने ईश्वरबाहेक अरू कुनै पनि नभएकोले ईश्वरदेखि भिन्न अर्को दैव छैन। कसैका मतमा 'दैव' भन्ने एउटा बेग्लै स्वतन्त्र देवता मानिएको छ, जो कहिले अनुकूल र कहिले प्रतिकूल हुन्छ। परन्तु शङ्कराचार्यदेखि लिएर मधुसूदन सरस्वती आदि सबै विद्वान्हरूले 'दैव' शब्दले इन्द्रिय-अन्तःकरण-प्राणका देवताहरूलाई नै मानेका छन्, जसको विवरण पृष्ठ ५१३-५१४ को कोष्ठमा भएको छ। गीता शङ्करानन्दी व्याख्याले यी सबैको समन्वयात्मक रूप लिएको छ। यसको अनुसार माथि लेखिएका सबै मतहरू ठीक हुन् र त्यस-त्यस विषयमा शास्त्र-प्रमाण पनि पाइन्छन्। किन्तु भगवान्ले ५ देखि बढ्ता कर्मप्रेरक छैनन् भन्नुभएको रहस्य गम्भीर छ। किनकि निर्गुण, निराकार ईश्वर अकर्ता हुनाले कर्मप्रेरक छैन, सगुण ईश्वर समस्त भूत-भौतिकको अन्तर्यामी, कर्मप्रेरक सूर्यादिको पनि प्रेरक हुनाले उसको सूर्यादिका भित्र अन्तर्भाव हुन्छ। दैव भनेको 'कर्म' नै हो, यसमा केही सन्देह छैन। यो पनि कर्मको स्वतन्त्र प्रेरक हुँदैन, किन्तु कर्ताको आश्रयमा रहेर कर्म-प्रवृत्तिको कारण हुन्छ। कर्ता, कर्मप्रेरक ५ भित्र आइसकेको छ, अतः कर्मको पनि कर्तामा अन्तर्भाव भएको छ। यस कारण 'पाँचभन्दा बढ्ता कर्मका प्रेरक छैनन्' भन्ने गीताको घोषणा युक्ति-सङ्गत ठहर्छ।

---

(१) दैवशब्देन धर्माधर्मौ ताभ्यां च बुद्धिगताः सर्वेऽपि भावा लक्षिताः।

(२) दैवं पुण्यपापरूपं तत्तत्करणानुग्राहकसूर्यादिदेवतारूपम्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

अन्वयार्थः

तु	=	परन्तु	आत्मानम्	=	आँफूलाई
एवम् सति	=	यस्तो भए तापनि	कर्तारम्	=	कर्ता
तत्र	=	त्यस विषयमा	पश्यति	=	देख्दछ
अकृतबुद्धित्वात्	=	पामर बुद्धि हुनाले	सः	=	त्यो
यः	=	जो	दुर्मतिः	=	मलिन बुद्धिले
केवलम्	=	केवल	न पश्यति	=	देख्दैन

सरलार्थ

परन्तु वास्तविक स्थिति यस्तो भए तापनि त्यस विषयमा असंस्कृत बुद्धि हुनाले जो मनुष्य केवल आँफूलाई 'कर्ता' देख्दछ, त्यो अज्ञानीले यथार्थ देख्दैन ।

तात्पर्य

शरीर, मन, इन्द्रिय प्राण आदि कर्मकर्ता हुन्, आत्मा यी सबलाई प्रकाश गर्नेवाला, केवल, असङ्ग, उदासीन, अकर्ता, अविक्रिय, अद्वितीय छ ; परन्तु शास्त्र तथा सत्सङ्गदेखि सदा वञ्चित भएका पामर जीवलाई यो रहस्य बुझ्ने सौभाग्य प्राप्त भएको हुँदन । यसैले जलको चञ्चलता जलमा प्रतिबिम्बित चन्द्रमामा देखेझैं देहादिको कर्तृत्व आत्मामा देख्दछ । अतएव दुर्मति अर्थात् विवेक-प्रतिबन्धक पाप-मलले मलिन चित्त हुनाले उदाएका सूर्यलाई लाटोकोसेराले नदेखे झैं असङ्ग, अकर्ता आत्मालाई देख्दैन । यही जीवको अज्ञानले गराएको आवरण (पर्दा) हो ॥१६॥

आत्मालाई अकर्ता देख्नाको फल—

यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यस्य	=	जसको	सः	=	त्यो पुरुष
अहङ्कृतः	=	म कर्ता हुँ भन्ने	इमान्	=	यी
भावः	=	भावना	लोकान्	=	लोकहरूलाई
न	=	छैन	हत्वा अपि	=	मारेर पनि
यस्य	=	जसको	न हन्ति	=	मार्दैन
बद्धिः	=	बुद्धि	न निबध्यते	=	बाँधिदैन
न लिप्यते	=	लिप्त हुँदैन			

सरलार्थ

जसमा 'म कर्ता हुँ' भन्ने अहंकार छैन तथा जसको बुद्धि शुभाशुभ कर्ममा लिप्त हुँदैन, त्यो यी सब लोकहरूलाई मारेर पनि मर्दैन, बद्ध पनि हुँदैन ।

तात्पर्य

मनुष्यको बन्धनै अहङ्कार हो, ज्ञानद्वारा अहङ्कार नष्ट भएपछि ऊ आफ्नू आत्मालाई अकर्ता, असङ्ग, उदासीन तथा निर्विकार देख्दछ । अज्ञानीको अहङ्कार नष्ट भएको हुँदैन, यसैले उसको विचार ठीक यस देखि विपरीत हुन्छ । तृतीय अध्याय श्लोक २७, २८ मा अज्ञानी र ज्ञानीका विपरीत दृष्टिकोणको विवेचना गरिएको छ ।

अज्ञानीको विचार—

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥ २७ ॥

केवल प्रकृतिका तीन गुणद्वारा संसारमा समस्त कर्महरू हुन्छन् । किन्तु अहङ्कारले मूढ बुद्धि भएको पुरुष 'म गर्नेवाला हुँ' यस्तो ठान्दछ ।

ज्ञानीको विचार—

तत्त्ववित्तु महाबाहो ! गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥ २८ ॥

किन्तु हे अर्जुन ! गुण-कर्मविभागको तत्त्व जान्नेवाला अर्थात् गुण-कर्म-देखि आत्मालाई पृथक् देख्नेवाला तत्त्ववेत्ता पुरुष गुणहरू गुणमा रहन्छन्, यस्तो जानेर आसक्त हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतएव यस्ता अद्वैतदर्शी महामुनिको बुद्धि कुनै जाती या न जाती कर्ममा लिप्त हुँदैन । यस्ता सिद्ध योगीबाट कुनै उग्र कर्म भए तापनि खालि अज्ञानीका दृष्टिबाट मात्र देखिएको हुन्छ । वास्तवमा त्यो कार्य त्यसबाट भएको हुँदैन, किन्तु व्यावहारिक जगत्मा ईश्वरका इच्छाले भएको हुन्छ । अतएव व्यावहारिक मनुष्यका चर्म-चक्षुबाट हेर्दा व्यवहार गरेको अवश्य देखिन्छ, तर जस्तै कमलपत्रमा जल लिप्त हुँदैन, त्यस्तै उनीहरूमा शुभाशुभ कर्म लिप्त हुँदैनन् ; किनकि उनको विचार यस्तो हुन्छ—

निद्राभिक्षे स्नानशौचे नेच्छामि न करोमि च ।
द्रष्टारश्चेत्कल्पयन्ति किं मे स्यादन्यकल्पनात् ॥

गुञ्जापुञ्जादि दह्येत नान्यारोपितवन्हिना ।
नान्यारोपितसंसारधर्मानेवमहं भजे ॥

(पञ्चद ७।२५८-५९)

शयन, भोजन, स्नान, शौच आदि कर्मको इच्छा मलाई छैन, गर्दा पनि गर्दिन; यदि देख्नेवाला मैले गरेको कल्पना गर्दछन् भने अरूले कल्पना गर्नाले मलाई के हुन्छ ! जस्तै अबोध प्राणीले संझेको 'गुञ्जापुञ्ज'-(रत्तिको थुप्रा)-ले पोल्दैन, त्यस्तै अज्ञानी जनले आरोपित (कल्पना) गरेका संसारका यावत् धर्महरूलाई म मान्दिन अर्थात् ती धर्मदेखि म असङ्ग छु । श्रुतिले पनि भनेको छ—'असङ्गोह्ययं पुरुषः'—यो आत्मा असङ्ग (निर्लिप्त) छ । तथा अन्य शास्त्रमा पनि लेखिएको छ—

कुशलाचरिते नैषामिह स्वार्थो न विद्यते ।
विपर्यये न वाऽनर्थो निरहंकारिणां प्रभोः ॥

कर्मका प्रति अहंभाव नहुनाले श्रीकृष्ण जस्ता मुक्तात्माहरूलाई शुभाशुभ कर्मका फलले स्पर्श गर्नसक्तैनन् ; किनकि उनी हरूलाई कुनै इष्ट कर्मद्वारा स्वार्थ-सिद्धि पनि छैन, औ अनिष्ट कर्मद्वारा अनर्थ पनि छैन । यसको तात्पर्य आत्मा-लाई अकर्ता देख्ने निष्कामी पुरुषले जे गरे पनि पाप लाग्दैन भन्ने होइन, किन्तु साधारण मनुष्यको जस्तो स्वार्थ बुद्धि नभएकोले कुनै काम लोक-दृष्टिबाट विपरीत देखिए तापनि शुद्ध नीतिको दृष्टिबाट त्यस कामको जवाफदेही ती हुन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्तैनन् भन्ने आशय हो। किनकि सबै दोषहरूको मूल स्वार्थ हो, यसैबाट संसारमा नाना दोषहरू उत्पन्न हुन्छन्। स्वार्थ नभएपछि उसले जे-जे कर्म गर्ला, त्यो केवल लोकहितकै दृष्टिले गर्नेछ। यहाँतक कि उसले बाँच्नु पनि लोकहितकै निम्ति हुनेछ ॥ १७ ॥

कर्मका प्रेरक र आश्रय—

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

अन्वयार्थः

ज्ञानम्	=	ज्ञान	कर्म	=	कर्म
ज्ञेयम्	=	जानिने वस्तु	कर्ता	=	कर्ता
परिज्ञाता	=	जान्नेवाला	इति	=	यस्ता प्रकारले
त्रिविधा	=	तीन प्रकारका	त्रिविधः	=	तीन प्रकारका
कर्मचोदना	=	कर्मका प्रेरक छन्	कर्मसंग्रहः	=	कर्मका आश्रय छन्
करणम्	=	करण			

सरलार्थ

ज्ञान, ज्ञेय, ज्ञाता यी तीन कर्मका प्रेरक हुन्; करण, कर्म कर्ता यी तीन कर्मका आश्रय हुन्।

तात्पर्य

कुनै काम पनि गर्नुभन्दा पहिले गर्नेलाई गरिने वस्तुको विषयमा विचार उत्पन्न हुन्छ, यस विचारको नाम 'ज्ञान', जुन विषयमा विचार भयो त्यो 'ज्ञेय', विचार गर्ने 'ज्ञाता' कहिन्छ। यिनै तीनले कर्म गर्ने इच्छा उत्पन्न हुन्छ, यही आन्तरिक प्रेरणाको नाम 'कर्मचोदना' हो। एवंप्रकार कर्म-प्रवृत्ति भएपछि जुन साधन-सामग्रीद्वारा कर्म हुन्छ, त्यो 'करण', यी साधनलाई काममा लगाउने 'कर्ता', जे गरिन्छ त्यो 'कर्म' यी तीन 'कर्मसंग्रह' अर्थात् क्रियाका आश्रय कहिन्छन्। पहिले 'कर्मचोदना' अनि 'कर्मसंग्रह' हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा अकर्ता छ भन्ने विषयलाई पहिले अधिष्ठानादि प्रसङ्गबाट निर्णय गरेर अहिले ज्ञान-ज्ञेयादि प्रसङ्गबाट निर्णय गर्नुभयो। अतः यस प्रसङ्गबाट आत्मा निखिल क्रिया-कारकदेखि फरक (असङ्ग) छ भन्ने सिद्ध हुन्छ ॥ १८ ॥

क्रिया, कारक तथा फलको आत्माका साथ केही पनि सम्बन्ध छैन भन्ने देखाउन उपर्युक्त ती सबैको त्रिगुणानुसार भेद-वर्णन—

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

अन्वयार्थः

गुणसङ्ख्याने	=	साङ्ख्य शास्त्रमा	त्रिधा एव	=	तीनै प्रकारको
ज्ञानम्	=	ज्ञान	प्रोच्यते	=	कहिन्छ
कर्म च	=	औ कर्म	तानि अपि	=	तिनलाई पनि
कर्ता च	=	तथा कर्ता	यथावत्	=	जस्ताको तस्तो
गुणभेदतः	=	गुणका भेदबाट	शृणु	=	सुन

सरलार्थ

साङ्ख्य शास्त्रमा ज्ञान-कर्म-कर्ता यी तीन, तीन गुणका भेदले तीनै प्रकारका कहिएका छन्, तिनीहरूलाई पनि जस्तो त्यहाँ बताएकोछ त्यस्तै सुन।

तात्पर्य

गुणातीत पुरुषको जीवन्मुक्त दशा वर्णन गर्नको निम्ति केही गुण-विवेचन चतुर्दशाध्यायमा भयो, फेरि आसुर राजस, तामस भावलाई छोडेर सात्त्विक आहाराको सेवन गर्नु र त्यसद्वारा दैवी सात्त्विक भावको संपादन गर्नु भन्ने देखाउनको निम्ति केही गुण-विवेचन सत्रौं अध्यायमा भयो। अब यहाँ स्वभावतः गुणातीत आत्मामा कर्ता, कर्म, करण कुनैको पनि सम्बन्ध छैन भन्ने देखाउनलाई केही गुण-विवेचन हुन्छ ॥ १९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब त्रिगुणानुसार ज्ञानका तीन भेद वर्णन हुन्छन् , तीनमा पहिलो अद्वैतवादीको सात्त्विक ज्ञान—

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

अन्वयार्थः

येन	=	जसद्वारा	भावम्	=	भावलाई
विभक्तेषु	=	भिन्न-भिन्न	ईक्षते	=	देख्दछ
सर्वभूतेषु	=	समस्त भूतवर्गमा	तत्	=	त्यो
अविभक्तम्	=	अभिन्न	ज्ञानम्	=	ज्ञानलाई
एकम्	=	एउटा	सात्त्विकम्	=	सात्त्विक
अव्ययम्	=	अविनाशी	विद्धि	=	जान

सरलार्थ

मनुष्य जुन ज्ञानद्वारा विभिन्न भूतवर्गमा अभिन्न एउटै अविनाशी भावलाई देख्दछ, त्यो ज्ञान सात्त्विक जान ।

तात्पर्य

उत्पत्ति-विनाशशील विभिन्न व्यक्तिमा एक रसले परिपूर्ण अद्वितीय अविनाशी सत्ता ब्रह्मलाई देख्ने ज्ञान यथार्थदर्शन हुनाले 'सात्त्विक' कहिन्छ । यही आत्माको अनुभव हो औ यही सत्य ज्ञान हो, जसलाई पाएपछि योगी कृतकृत्य हुन्छ । श्रीभगवान्ले पहिले पनि भन्नुभएको छ 'यदा भूतपृथग्भावमेकस्थमनुपश्यति । तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा (१३।३०) । जब भूतवर्गको भिन्नता एउटै आत्मामा कल्पित भएको तथा यही आत्माबाट द्वैतको विस्तार भएको देख्दछ अनि पछि ब्रह्मभावमा प्राप्त हुन्छ ॥ २० ॥

द्वैतवादीहरूको राजस ज्ञान—

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

तु	=	किन्तु	नानाभावान्	=	अनेक भावहरूलाई
यत्	=	जो	पृथक्त्वेन	=	पृथक्-पृथक्रूपले
ज्ञानम्	=	ज्ञानले	वेत्ति	=	जान्दछ
सर्वेषु	=	समस्त	तत्	=	त्यो
भूतेषु	=	भूतवर्गमा	ज्ञानम्	=	ज्ञान
पृथग्विधान्	=	भिन्न-भिन्न प्रकारका	राजसम्	=	राजस
			विद्धि	=	जान

सरलार्थ

किन्तु जुन ज्ञानबाट समस्त प्राणीमा विभिन्न—अनेक भाव छन् भन्ने यस्तो पृथक्पनाको बोध हुन्छ, त्यस ज्ञानलाई राजस ज्ञान जान ॥ २१ ॥

तात्पर्य

यो ज्ञान सात्त्विक ज्ञान जस्तो विशाल छैन, किन्तु संकुचित छ । किनकि यसद्वारा स्त्री, पुरुष, पशु, पन्छी आदि भिन्न-भिन्न भावमा आत्मा पनि भिन्ना-भिन्नै भएको देखिन्छ । त्यस कारण यस ज्ञानद्वारा योगी कृतकृत्य हुन पाउँदैन । तात्पर्य के भने भेद-दृष्टि राजस ज्ञान हो । जहाँसम्म भेद-दृष्टि रहन्छ त्यहाँसम्म जन्म-मरण-दुःखको प्रवाह चलिरहन्छ ॥ २१ ॥

मूर्खहरूको तामस ज्ञान—

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

अन्वयार्थः

तु	=	परन्तु	अहैतुकम्	=	युक्ति-प्रमाण-शून्य
यत्	=	जो	अतत्त्वार्थवत्	=	निस्तत्त्व
एकस्मिन्	=	एउटा	अल्पम् च	=	एवं तुच्छ छ
कार्ये	=	कार्यमा	तत्	=	त्यो ज्ञान
कृत्स्नवत्	=	सम्पूर्ण झैं	तामसम्	=	तामस
सक्तम्	=	आसक्त	उदाहृतम्	=	कहिएको छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

किन्तु जुन ज्ञानको आधारमा विनाकारण असली मर्मलाई नजानिकन एउटै कुरामा यही हो भनेर हठ हुन्छ त्यो ज्ञान 'तामस' कहिन्छ ॥२२॥

तात्पर्य

शिल्पकारले बनाएको एउटा कुनै धातु या पाषाणको प्रतिमालाई मात्र ईश्वर मानेर त्यसदेखि बाहेक कहीं पनि ईश्वर छैन, जे-जति ईश्वरको तत्त्व हो त्यो यही मूर्ति नै हो, मूर्ति नै सर्वेसर्वा हो भनेर ठान्नु, अथवा ईश्वरका अनेकौं अवतार-हरूमा एउटै अवतार या विभूतिलाई मात्र ईश्वर मानेर अरूलाई नमान्नु या अनादर गर्नु ईश्वरका विषयमा 'तामस-ज्ञान' कहिन्छ। एवं प्रकार शरीरलाई अथवा मन, बुद्धि, प्राणमध्ये कुनै एउटालाई मात्र यही आत्मा हो भनेर हठ गर्नु आत्माको विषयमा 'तामस-ज्ञान' हो। यही रीतले आफ्नू धन, स्त्री, कुटुम्बलाई मात्र सर्वेसर्वा ठान्नु ; अरूका पनि धन, स्त्री, कुटुम्ब, जस्तै मेरा प्रिय छन् उस्तै उनीहरूका पनि तिनीहरू प्रिय छन् भनेर समभावले नदेख्नु अथवा आँफूलाई सुख मिल्यो भने अरूको सुख-दुःखको वास्ता नगर्नु इत्यादि 'तामस-ज्ञान' कहिन्छ। तात्पर्य यो हो कि—जुनसुकै वस्तुको पनि संकुचित दृष्टिकोणबाट भएको ज्ञान 'तामस' हुन्छ। किनकि यस्तो ज्ञान या अनुभव संकीर्ण हुनाले यस विषयमा न कुनै शास्त्र प्रमाण छ, न कुनै व्यावहारिक प्रमाण छ ; यसैले यसलाई डोरीमा देखिएको सर्प जस्तै 'अयथार्थ (भ्रम) ज्ञान' भनेको छ। व्यापक भावनाले देख्नुपर्ने विषयलाई एकदेशीरूपले देखेको हुनाले यस्तो ज्ञान 'अल्प' अर्थात् 'तुच्छ' कहिन्छ ॥२२॥

सात्त्विक कर्म—

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

नियतम्	=	नित्य	यत्	=	जो
सङ्गरहितम्	=	अभिमानरहित	कर्म	=	कर्म हो
अरागद्वेषतः	=	राग-द्वेषशून्य भएर	तत्	=	त्यो
अफलप्रेप्सुना	=	फलकामना नभएका व्यक्तिले	सात्त्विकम्	=	सात्त्विक
			उच्यते	=	कहिन्छ
कृतम्	=	गरिएको			

सरलार्थ

जो नित्य कर्म फलकामना नभएका व्यक्तिले अभिमान तथा राग-द्वेष-रहित भएर गरिएको छ त्यो 'सात्त्विक' कहिन्छ ।

तात्पर्य

यस श्लोकमा वर्णन भएका १-१ लक्षणहरू कर्मयोगका खारिएका सिद्धान्तहरू हुन् । गीताशास्त्रका विभिन्न स्थलमा कहीं (३।९) "तिमी नियत कर्म गर", कहीं (३।१९) "आसक्तिलाई त्याग," कहीं (३।३४) "राग-द्वेषको वशमा नपर," कहीं (२।४७) "फलको आशा नराख" भन्ने उपदेश भएको छ । अहिले ती सबै तत्त्वहरूलाई एउटै सूत्रमा उनेर त्रिगुणका सिद्धान्तबाट 'सात्त्विक कर्म' भन्ने नामकरण भएको छ। 'नियत'-को अर्थ हो—तोकिएको अर्थात् यसले यही काम गर्नपर्दछ भनेर किटान भएको; जसमा काम गर्नेको अभिरुचि अनुसार 'म यो काम गर्दछु, यो गर्दिन, मलाई यसबाट लाभ छ, यसबाट छैन' आदि प्रश्न गर्ने ठामै रहँदैन । यसरी विकल्प नभैकन नित्यप्राप्तहुनाले यस्ता कर्मलाई पनि 'नित्यकर्म' भन्दछन् । कसैले आ-आफ्ना विभागमा तोकिएको काम गर्दा पनि अनुचित लाभ चाहन्छन् र साथै यो आफ्नू,यो पराई भनेर पक्षपात पनि गर्दछन्, त्यस कारण नियत कर्म गर्दा फलासक्ति र राग-द्वेषलाई त्याग्नु भनेको छ। फेरि कसैले यस्तो विचार गर्दछन् कि—फलासक्ति र राग-द्वेष छैन भने जे कर्म गरे पनि हुन्छ, त्यसकारण यिनलाई त्यागेर नियत कर्म गर्नु भनेको छ । वस्तुतः यी सबै अवगुणहरू त्यागिएपछि कर्म स्वयं नियत हुँदै जान्छ, कर्म नियत भएपछि पनि अवगुणहरू स्वयं छुट्दै जान्छन् । एवंप्रकार उक्त अवगुणहरू छन् भने कर्म कुनै हालतमा पनि 'नियत'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन पाउँदैन, कर्म नियत छैन भने पनि अवगुणहरूले हृदयमा डेरा जमाउँदछन्। यसरी नियत कर्मको र राग-द्वेष-फलासक्तिको परस्परमा-अभाव सापेक्षता छ। यसैले व्यवहारमा पनि काम गराईको ढाँचाबाट मानिसको असल र खराब १नियतको अनुमान गर्ने चलन छ।

राजस कर्म—

यत्तु कामेप्सुना कर्म साहङ्कारेण वा पुनः।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

अन्वयार्थ

तु	=	परन्तु	यत्	=	जो
कामेप्सुना	=	फलकामना भएको व्यक्तिले	कर्म	=	कर्म
			क्रियते	=	गरिन्छ
वा पुनः	=	औ फेरि	तत्	=	त्यो
साहङ्कारेण	=	अहङ्कारले सहित	राजसम्	=	राजस
बहुलायासम्	=	धेरै परिश्रमपूर्वक	उदाहृतम्	=	कहिएको छ

सरलार्थ

किन्तु फलकामना भएको व्यक्तिद्वारा अहङ्कार लिएर धेरै परिश्रमसाथ जो कर्म हुन्छ त्यो 'राजस' कहिन्छ।

तात्पर्य

राजस कर्ममा कर्तालाई फलकामना हुन्छ तथा सकाम हुनाले समस्त साङ्गोपाङ्ग विधिपूर्वक गर्दा कर्तालाई विशेष परिश्रम पनि हुन्छ। किनकि अलिकति मात्र पनि अङ्गहीन भयो भने गरेको सबै व्यर्थ हुन्छ। फेरि यसमा कर्तालाई पनि म जस्तो कर्मज्ञाता या कर्ता कोही छैन, मैले खूब गरें भन्ने अभिमान पनि हुन्छ ॥२४॥

---

१ कर्तव्य र अकर्तव्यमा प्रवृत्त गराउने सत्-असत् भावनालाई व्यवहारमा 'नियत' भन्ने चलन छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तामस कर्म—

अनुबन्धं क्षयं हिंसामनपेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

अनुबन्धम्	= भावी अशुभफल	यत्	= जो
क्षयम्	= शक्तिनाश	कर्म	= कर्म
हिंसाम्	= जीवघात	आरभ्यते	= आरम्भ गरिन्छ
पौरुषम् च	= औआफ्नू पुरुषार्थलाई	तत्	= त्यो
अनपेक्ष्य	= अपेक्षा नगरिकन	तामसम्	= तामस
मोहात्	= अविवेकले	उच्यते	= कहिन्छ

सरलार्थ

म जो कर्म गर्दछु त्यसको भावी परिणाम के होला ? यसमा आफ्नू शक्तिको नाश तथा जीव-हिंसा हुन्छ कि हुँदैन ? सबैभन्दा मुख्य कुरा यस कामलाई पार लगाउने शक्ति ममा छ कि छैन ? इत्यादि कुराको विचारै नगरी अविवेकले सहसा प्रारम्भ गरेको कर्म 'तामस' कहिन्छ ।

तात्पर्य

तामसी प्रकृति भएका पुरुषको बुद्धि जड हुन्छ, त्यस कारण आँफूले प्रारम्भ गरेको कार्यको भावी परिणाम र आत्मशक्तिका विषयमा केही पनि शोच-विचार गर्न सक्तैनन् । अतएव अन्तमा धन, इज्जेत, बल, धर्म, कुटुम्ब, सबको नाश पारेर पश्चात्ताप भोगिरहन्छन् । जस्तो रावण र दुर्योधनलाई अन्तमा भएको थियो ॥२५॥

क्रमप्राप्त कर्ताका तीन भेदमध्ये सात्त्विक कर्ता—

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

---

१ वास्ता

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

मुक्तसङ्गः	=	फलकामना त्यागेको	निर्विकारः	=	हर्ष र शोकरहित
अनहंवादी	=	म गर्नेवालाहुँ यस्तो नभन्ने	कर्ता	=	कर्ता
धृत्युत्साहसमन्वितः	=	धैर्य र उत्साहले युक्त	सात्त्विकः	=	सात्त्विक
सिद्ध्यसिद्ध्योः	=	सिद्धि र असिद्धिमा	उच्यते	=	कहिन्छ

सरलार्थ

फलकामना त्यागेको, अहंकाररहित, धैर्य र उत्साहले युक्त तथा सिद्धि र असिद्धिमा समभाव भएको कर्ता 'सात्त्विक' कहिन्छ ।

तात्पर्य

मनमा फलको गन्ध नराखिकन त्यस कायमा जति विघ्न परे पनि म यस कार्यलाई अवश्यै पार लगाउँदछु भन्ने धैर्य र उत्साहलाई साथ लिएर बराबर कर्तव्य-परायण तथा कार्यसिद्धि भएमा मुख विकाश र कार्यहानि भएमा मुख मलिन नपारिकन कर्म गर्ने व्यक्ति 'सात्त्विक कर्ता' कहिन्छ । यस्ता सात्त्विक कर्ताहरू ठूला-ठूला कार्यहरू गरेर पनि मैले यस्तो गरें भन्न लजाउँदछन् ॥ २६ ॥

राजस कर्ता—

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

अन्वयार्थः

रागी	=	विषयासक्त	हर्षशोकान्वितः	=	हर्ष र शोकले युक्त भएको
कर्मफलप्रेप्सुः	=	कर्मफलको इच्छुक	कर्ता	=	कर्ता
लुब्धः	=	लोभी	राजसः	=	राजस
हिंसात्मकः	=	हिंसा गर्ने	परिकीर्तितः	=	कहिएको छ
अशुचिः	=	अशुद्ध			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

विषयमा आसक्त, कर्मफलको विशेष इच्छा भएको, लोभी, हिंसक स्वभाव भएको, शास्त्रोक्त शौचरहित तथा कार्य सिद्ध भएमा हर्ष र कार्य सिद्ध नभएमा शोक गन 'राजस कर्ता' कहिन्छ ।

तात्पर्य

राजस कर्ताको मन सदा काम्य वस्तुका इच्छाले आकुल-व्याकुल भइ-रहन्छ । तिनीहरूको निश्चल गृद्ध-दृष्टि प्रत्येक कर्मका फलमा मात्रै रहन्छ । आफ्नू अभिप्राय प्रकट गरेर अर्काको वृत्ति-छेदन गर्नु यहाँ 'हिंसा' कहिएको छ । मनमा हिंसावृत्ति, शरीरमा अपवित्रता, भने जस्तो भए हाँस्नु, नत्र रूनु, यिनै सब राजस कर्ताका लक्षण हुन् ॥ २७ ॥

तामस कर्ता—

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

अन्वयार्थः

अयुक्तः	= अस्थिरचित्त (कुयोगी)	अलसः	= अल्छी
प्राकृतः	= पामर (असभ्य)	विषादी	= अप्रसन्नचित्त
स्तब्धः	= अनम्र	दीर्घसूत्री च	= तथा दीर्घसूत्री
शठः	= स्वाँठ	कर्ता	= कर्ता
नैष्कृतिकः	= अर्काको वृत्ति-छेदन गर्ने	तामसः	= तामस
		उच्यते	= कहिन्छ

सरलार्थ

चञ्चल चित्त, गँवार बुद्धि, ठर्रो स्वभाव, स्वाँठपना भएको तथा अर्काको वृत्ति-छेदन गर्ने, अल्छी, खिन्नचित्त एवं ढीलो काम गर्ने कर्ता 'तामस' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

अज्ञान र अविवेक तथा मोहको प्रधानता तामस कर्तामा रहन्छ । यसैले ती आफ्नू कर्तव्यमा सावधान रहन सक्तैनन्, चित्त सदा व्यामोहित भइरहन्छ । सत्सङ्ग, शिक्षाको अभाव हुनाले शास्त्रको संस्कार—विनय, सरलता, परोपकारिता आदि कुनै सद्गुणको पनि विकाश भएको हुँदैन, सदा असन्तुष्ट स्वभाव हुनाले 'विषादी', जड प्रकृति हुनाले 'दीर्घसूत्री' (क्षणभरको कामलाई दिनभरी, दिनभरीको कामलाई महिनौं लगाउने) हुन्छन् । यिनै तामस कर्ताका आचार-चरित्र हुन् ।२९।

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ! ॥२९॥

अन्वयार्थः

धनञ्जय !	=	हे अर्जुन !	त्रिविधम् एव	=	तीनै प्रकारको
पृथक्त्वेन	=	भिन्न-भिन्न	बुद्धेः	=	बुद्धिको
अशेषेण	=	निःशेषरूपले	धृतेः च	=	तथा धैर्यको
प्रोच्यमानम्	=	कहिएको	भेदम्	=	भेदलाई
गुणतः	=	गुणबाट भएको	शृणु	=	सुन

सरलार्थ

हे अर्जुन ! विस्ताररूपले भिन्न-भिन्न प्रकारबाट बताइएको गुणद्वारा भएको तीन प्रकारको बुद्धि र धैर्यको भेद सुन ।

तात्पर्य

यद्यपि माथि तीन भेद वर्णन भएको कर्ता र बुद्धि वेदान्त-सिद्धान्तानुसार फरक छैनन्, त्यसकारण कर्ताको गुणकृत भेद देखाइसकेपछि फेरि बुद्धिको पनि देखाउँदा पुनरुक्ति दोष हुन्छ, तथापि बुद्धि-उपहित (उपाधिवाला) चिदाभास-(चैतन्यको छाँया)—लाई कर्ता, उपाधिरूप बुद्धिलाई करण मानेर भिन्न-भिन्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहार भएको छ । 'धनञ्जय' यो सम्बोधनद्वारा दिग्विजयमा प्रसिद्ध भएको महिमा सूचित गराएर अर्जुनलाई उत्साहित गराउनुहुन्छ ॥ २९ ॥

सात्त्विकी बुद्धि—

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ ! सात्त्विकी ॥३०॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	मोक्षम् च	=	तथा मोक्षलाई
प्रवृत्तिम्	=	प्रवृत्ति	या	=	जुन
निवृत्तिम् च	=	औ निवृत्ति	बुद्धिः	=	बुद्धिले
कार्याकार्ये च	=	कर्तव्य र अकर्तव्य	वेत्ति	=	जान्दछ
भयाभये	=	भय र अभय	सा	=	त्यो
बन्धम्	=	बन्धन	सात्त्विकी	=	सात्त्विक
			(उच्यते)	=	कहिन्छ

सरलार्थ

हे अर्जुन ! असल काममा प्रवृत्ति र खराब काममा निवृत्ति तथा कर्तव्य र अकर्तव्य, भय र अभय, बन्धन र मोक्ष यिनलाई ठीक-ठीक जुन बुद्धिले जान्दछ त्यो बुद्धि 'सात्त्विक' कहिन्छ ।

तात्पर्य

जसको बुद्धि शुद्ध छ, ती कुन काममा अगाडि बढ्ने, कुन काममा पछि हट्ने ? यो कुरा आफ्नू बुद्धिद्वारा बराबर जान्दछन् । अघि सर्नुपर्नेमा पछि हट्ने र पछि हट्नुपर्नेमा अघि सर्ने मलिन बुद्धि भएको लक्षण हो । यस्तो धोका सात्त्विक बुद्धिमान्लाई हुँदैन । वास्तवमा सात्त्विक बुद्धि नै 'व्यवसायात्मिका' बुद्धि हो । अतएव जसको बुद्धि 'सात्त्विक' छ ती आफ्नू भावी परिणामलाई कुशाग्र बुद्धिद्वारा यथार्थ जान्दछन् औ तदनुसारै उनको प्रवृत्ति-निवृत्ति हुन्छ। एवंप्रकार आफ्नू निर्मल बुद्धिद्वारा कुन काम गर्न उचित छ, कुन छैन, कुन कुराबाट डराउनपर्ने हो, कुन कुराबाट डराउन पर्दैन, बन्धन भनेको के हो, कसबाट हुन्छ, तथा मुक्ति भनेको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि के हो, कसबाट हुन्छ ? यी सब कुराको वास्तविक रहस्यलाई जस्ताको तस्तो जान्दछन् । यही सबैभन्दा श्रेष्ठ बुद्धि हो जसको सहयोगलाई पाएर मनुष्य बुद्धिमान्, मनिषी कहलाउँछ । अरू राजस-तामस बुद्धि भएर पनि निर्बुद्धि अथवा मन्दबुद्धि, मूढबुद्धि कहिन्छ ॥ ३० ॥

राजसी बुद्धि—

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ ! राजसी ॥३१॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	अयथावत्	=	अयथार्थरूपले
यया	=	जुन बुद्धिद्वारा	प्रजानाति	=	जान्दछ
धर्मम्	=	धर्म	सा	=	त्यो
अधर्मम् च	=	तथा अधर्म	बुद्धिः	=	बुद्धि
कार्यम् च	=	कर्तव्य र	राजसी	=	राजसी
अकार्यम् एव च	=	तथा अकर्तव्यलाई पनि	(उच्यते)	=	कहिन्छ

सरलार्थ

हे अर्जुन ! मनुष्य जुन बुद्धिद्वारा धर्म-अधर्म तथा कर्तव्य-अकर्तव्यलाई अयथार्थरूपले जान्दछ त्यो बुद्धि 'राजसी' कहिन्छ ।

तात्पर्य

रजोगुणको विशेष प्रभाव पर्नाले मनुष्यको बुद्धि सदा कामादि दोषले विक्षिप्त (चञ्चल) रहन्छ । यसैले धर्म-अधर्म, कर्तव्य-अकर्तव्य आदिको असली तत्त्वको निर्णय गर्न सक्तैन ॥ ३१ ॥

तामसी बुद्धि—

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ ! तामसी ॥३२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	विपरीतान्	=	उल्टा
तमसावृता	=	तमले ढाकिएको	मन्यते	=	मान्दछ
या	=	जो बुद्धिले	सा	=	त्यो
अधर्मम्	=	अधर्मलाई	बुद्धिः	=	बुद्धि
धर्मम् इति	=	धर्म भनेर	तामसी	=	तामसी
सर्वार्थान् च	=	तथा समस्त विषयलाई	(उच्यते)	=	कहिन्छ

सरलार्थ

हे अर्जुन ! तमोमय अन्धकारले छोपिएको जुन बुद्धिले अधर्मलाई धर्म, धर्मलाई अधर्म तथा सबै कुराहरू उल्टा देख्दछ त्यो बुद्धि 'तामसी' हो ।

तात्पर्य

जस्तै अन्धकारले आँखा छोपिएका मनुष्यलाई स्थाणु-(ठूटो)-मा भूतको मिथ्या ज्ञान हुन्छ त्यस्तै तमोगुणले बुद्धि छोपिएको व्यक्ति लाई समस्त विषयमा उल्टै-उल्टो मात्र ज्ञान हुन्छ । महर्षि पतञ्जलिको सूत्र छ—"अनित्याशुचिदुःखानात्मसु नित्यशुचिसुखात्मख्यातिरविद्या (८-५)" अर्थात् संसारका अनित्य—क्षणभङ्गुर वस्तुमा नित्य बुद्धि, अशुचि देहादिमा शुचि (पवित्र) बुद्धि, दुःखरूप विषय-भोगमा सुख-बुद्धि, अनात्मा देह-इन्द्रिय आदिमा आत्मबुद्धि हुनु 'अविद्या' कहिन्छ । यही कारणले तामसी बुद्धि भएका अज्ञानी जीवहरू अधर्मलाई धर्म, धर्मलाई अधर्म मानेर सदा उन्मार्गमा प्रवृत्त भइरहन्छन् ॥ ३२ ॥

सात्त्विकी धृति—

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ ! सात्त्विकी ॥३३॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	धारयते	=	धारण गर्दछ
योगेन	=	चित्तको एकाग्रताद्वारा	सा	=	त्यो
अव्यभिचारिण्याः	=	निश्चल भएका	धृतिः	=	धारणा
यया	=	जुन	सात्त्विकी	=	सात्त्विक
धृत्या	=	धारणाले	(उच्यते)	=	कहिन्छ
मनःप्राणेन्द्रियक्रियाः	=	मन, प्राण तथा इन्द्रिका कर्मलाई			

सरलार्थ

हे अर्जुन ! अखण्ड योगयुक्त जुन धारणाले मन, प्राण तथा इन्द्रियका उच्छृङ्खल प्रवृत्तिहरू रोकिन्छन् त्यो धारणा 'सात्त्विकी' हो ।

तात्पर्य

धारण गर्ने या धान्ने शक्तिको नाम हो--धृति ; जसको सहायताले मनुष्य एक न एक अभीष्ट भावनालाई समातिरहन्छ, छोड्दैन । 'योगश्चित्तवृत्तिनिरोधः' यस योगसूत्रानुसार चित्तको एकाग्रतारूपी योगद्वारा अखण्ड समाहित भएका धारणाले मनका असत् सङ्कल्प र प्राण तथा इन्द्रियका चाञ्चल्यहरू रोकिएपछि हर्ष-शोकादि विकारका कारण इष्टानिष्ट विषय संमुख हुँदा पनि चित्तमा विकार उत्पन्न हुँदैन । यस्तो सात्त्विक धृतिको लक्षण हुन्छ ॥ ३३ ॥

राजसी धृति—

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ! ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ ! राजसी ॥३४॥

अन्वयार्थः

तु	=	परन्तु	यया	=	जुन
अर्जुन !	=	हे अर्जुन !	धृत्या	=	धृतिद्वारा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मकामार्थान्	= धर्म, अर्थ, कामलाई	पार्थ !	= हे अर्जुन !
धारयते	= धारण गर्दछ	सा	= त्यो
प्रसङ्गेन	= प्रसङ्गानुसार	धृतिः	= धारणा
फलाकाङ्क्षी	= { फलको अभिलाषा गर्दछ	राजसी	= राजसी
		(उच्यते)	= कहिन्छ

सरलार्थ

हे अर्जुन ! जुन धारणाद्वारा मनुष्यले धर्म, अर्थ तथा कामलाई धारण गर्दछ औ यिनैको निम्ति फलको अभिलाषा पनि गर्दछ त्यो धारणा राजसी कहिन्छ ।

तात्पर्य

कर्तापनाको अभिमान र फलकामना यी दुई धर्म राजस पुरुषमा रहन्छन् । अतएव राजसी पुरुषको जुन धारणा हो त्यही 'राजसी-धारणा' हो । यसैले चार पुरुषार्थका मध्येमा मोक्षलाई छोडेर केवल धर्म, अर्थ, कामलाई मात्र धारण गर्दछ ॥३४॥

तामसी धृति—

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ ! तामसी ॥३५॥

अन्वयार्थः

पार्थ !	= हे अर्जुन !	मदम् एव च	= औ दुर्व्यसनलाई
दुर्मेधा	= दुष्टबुद्धि मनुष्य	न विमुञ्चति	= त्यागदैन
यया	= जुन धृतिद्वारा	सा	= त्यो
स्वप्नम्	= निद्रा	धृतिः	= धारणा
भयम्	= डर	तामसी	= तामसी
शोकम्	= चिन्ता	(उच्यते)	= कहिन्छ
विषादम्	= खेद		

सरलार्थ

हे अर्जुन ! जुन धृतिद्वारा मन्दमति पुरुष निद्रा, भय, शोक, विषाद, तथा दुर्व्यसनलाई कदापि त्याग्दैन त्यो धृति 'तामसी' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

अविवेकले कुनै कुवृत्तिमा फँसिरहनु तामस धृतिको परिचय हो। यस्ता भ्रष्ट बुद्धि भएका मनुष्यहरू केवल निद्रा, भय, शोक आदि तामस भावमा मात्र सदा मग्न रहन्छन्, विषयप्रेमरूपी मद-(नशा)-को उन्माद चढिरहेको हुन्छ। अतएव तिनलाई रात-दिन गएको पनि पत्ता हुँदैन। भर्तृहरिले भन्नुभएको छ—

"आदित्यस्य गतागतैरहरहः संक्षीयते जीवितं,
व्यापारैर्बहुकार्यभारगुरुभिः कालो न विज्ञायते।
दृष्ट्वा जन्म-जरा-विपत्ति-मरणं त्रासश्च नोत्पद्यते,
पित्वा मोहमयीं प्रमादमदिरामुन्मत्तभूतं जगत्॥

(वै० श० ८)

आइतवार, सोमवार, मङ्गलवार इत्यादि क्रमले फेरि आइतवार, एवंप्रकार दिनदिनै आयु घट्दै गएको छ। व्यावहारिक अनेकौं कामधन्दामा फसिरहनाले काल व्यतीत भएको थाहा पाइँदैन। अरू जन्मेको, बूढो भएको, दुःख परेको, मृत्यु भएको देखेर यो सबै प्राकृतिक जगत्को नियम मेरा ऊपर पनि क्रमैले लागेको छ, एक दिन म पनि अवश्य मर्दछु भन्ने थाहा पाएको छ तापनि डराउँदैन। किनकि यो समस्त जगत् मोहरूपी प्रमाद-मदिरालाई पिएर उन्मत्त (बौलाहा) भएको छ॥ ३५॥

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ!।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति॥३६॥

अन्वयार्थः

भरतर्षभ!	=	हे अर्जुन!	यत्र	=	जसमा
इदानीम्	=	अहिले	अभ्यासात्	=	अभ्यासबाट
सुखम् तु	=	सुख पनि	रमते	=	खेल्दछ
त्रिविधम्	=	तीन प्रकारको	दुःखान्तम् च	=	दुःखको नाश-लाईपनि
मे	=	मबाट			
शृणु	=	सुन	निगच्छति	=	पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

हे अर्जुन ! सुख पनि तीन प्रकारको मबाट सुन, जुन सुखमा अभ्यास-द्वारा रमेपछि दुःखको अन्त हुन्छ ।

तात्पर्य

यस सुखमा आरूढ हुनलाई साँच्चै नै योगारूढ हुनपर्दछ । अतः यस सुखको पिपासु विषयसुखीका झैं क्षणिक सुखी हुँदैन, किन्तु जति-जति अभ्यास-वैराग्यरूप साधन बढ्दै जान्छन् उति-उति सुखको मात्रा पनि बढ्दै जान्छ । अन्तमा सुखाम्बुधिमा गएर साधक पनि सुखमय हुन्छ । यसैको नाम असीम सुख या 'ब्रह्मसुख' हो ॥ ३६ ॥

सात्त्विक सुख—

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥

अन्वयार्थः

यत्तत्	=	जो सुख	आत्मबुद्धि-प्रसादजम्	=	आत्मनिष्ठ बुद्धिको प्रसन्नताद्वारा उत्पन्न
अग्रे	=	अगाडि	सुखम्	=	सुख
विषम् इव	=	विष जस्तै	सात्त्विकम्	=	सात्त्विक
परिणामे	=	परिणाममा	प्रोक्तम्	=	कहिएको छ
अमृतोपमम्	=	अमृत जस्तै छ			
तत्	=	त्यो			

सरलार्थ

जो सुख पहिले साधन-अवस्थामा परिश्रम गर्नुपर्ने हुनाले विष जस्तै, साधन परिपक्व भएपछि परिणाममा अमृत जस्तै छ तथा जो आत्मोन्मुख (आत्मातिर फर्केको) बुद्धिका प्रसन्नताबाट उत्पन्न छ त्यो सुख 'सात्त्विक' कहिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

जुन सात्त्विक सुख प्राप्त गर्नलाई प्रथम साधनावस्थामा विवेक-वैराग्यादि तथा ध्यान-समाधि एवं मिताहार, यम, नियम आदि साधनहरूको आवश्यकता रहन्छ, ती साधनहरू अत्यन्त कष्टसाध्य हुनाले सुखाभिलाषी जीवलाई पहिले विष जस्तै हुन्छन्; किन्तु यी सब साधनहरू परिपक्व भएपछि त्यही विष पछि अमृत पल्टन्छ। लय, विक्षेप, कषायादि दोषले रहित भएर आत्मामा स्थिर भएका बुद्धिका सात्त्विक वृत्तिमा जो सुखरूप आत्माको आभास पर्दछ, त्यही आत्मबुद्धि-प्रसादजन्य सुख 'सात्त्विक' सुख कहिन्छ ॥३७॥

राजस सुख—

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥

अन्वयार्थः

यत्	=	जो सुख	परिणामे	=	अन्तमा
विषयेन्द्रिय-संयोगात्	=	विषय र इन्द्रिय-को सम्बन्धबाट	विषम् इव	=	विषजस्तै छ
(भवति)	=	उत्पन्न हुन्छ	तत्	=	त्यो
तत्	=	त्यो सुख	सुखम्	=	सुख
अग्रे	=	आरम्भावस्थामा	राजसम्	=	राजस
अमृतोपमम्	=	अमृततुल्य	स्मृतम्	=	कहिएको छ

सरलार्थ

जो सुख विषय र इन्द्रियका सम्बन्धबाट उत्पन्न हुन्छ तथा पहिले अमृत जस्तै भएर पछि विष जस्तै हुन्छ, त्यो सुख 'राजस' कहिन्छ ।

तात्पर्य

सुख चाहे आत्मप्रसादजन्य होओस्, चाहे विषयेन्द्रिय-संयोगजन्य होओस्, सुखमात्र आत्माको स्वरूप हो। तात्पर्य के भने आत्मा सुखरूप छ, यही सुखरूप आत्माको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेश-सुख समस्त ब्रह्माण्डका जीवहरूमा बाँडिएको छ। त्यस कारण विषयी जीवहरू पनि अभीष्ट (इच्छित) वस्तुलाई पाएर केही क्षण स्थिर भएका चित्तमा दर्पणमा सूर्यको प्रतिबिम्ब परे झैं आत्माको सुखाभास-(छायाँसुख)-लाई पाउँदछन्। यही 'विषय-सुख' या 'राजसी सुख' कहिन्छ। परन्तु यो क्षणभङ्गुर छ, तथापि विषयका साथ जीवको भोगाध्यास जन्मजन्मान्तरदेखिको छ, यसैले उसको चित्तवृत्ति स्वभावतः विषयसुखमै निमग्न रहन्छ। एवंप्रकार जीवको विषयतिर स्वाभाविक प्रवृत्ति हुनाले राजसी सुख पहिले अमृत जस्तै, अन्तमा रोग, शोक उत्पन्न गराउने हुनाले विष जस्तै हुन्छ। यसैले भर्तृहरिले भन्नुभएकै छ—"भोगे रोगभयम्" विषय-भोगमा रोग उत्पन्न हुने डर छ ॥ ३८ ॥

तामस सुख—

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

अन्वयार्थः

यत्	=	जो	निद्रालस्यप्रमादोत्थम्	=	निद्रा, आलस्य, प्रमादद्वारा उत्पन्न भएको छ
सुखम्	=	सुख			
अग्रे च	=	आरम्भमा र			
अनुबन्धे च	=	पछाडि पनि	तत्	=	त्यो सुख
आत्मनः	=	अन्तरात्मालाई	तामसम्	=	तामस
मोहनम्	=	मोह गराउने	उदाहृतम्	=	कहिएको छ।

सरलार्थ

जो सुख अगाडि पनि, पछाडि पनि आत्मालाई मोह गराउने तथा निद्रा, आलस्य एवं प्रमादद्वारा उत्पन्न भएको छ त्यो सुख 'तामस' कहिन्छ।

तात्पर्य

यो सुख न आत्मबुद्धिप्रसादजन्य छ, न विषयेन्द्रियसंयोगजन्य छ; किन्तु तमःप्रधान प्रकृतिको प्रधानताद्वारा उत्पन्न निद्रा, आलस्य, तथा प्रमाद-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट उत्पन्न भएको छ अर्थात् जब निद्रा, आलस्य आदिमा चित्तवृत्ति स्थिर रहन्छ, त्यस वेला तामसिक सुखको अनुभव हुन्छ। तमोगुणले अन्तरात्मालाई मूढ गराएर मनुष्यलाई जड बनाइदिन्छ ; त्यस कारण यो सुख सबैभन्दा निकृष्ट छ। सात्त्विक सुख नित्य छ, राजस सुख क्षणभङ्गुर छ, तामस सुख जड छ। अतएव विचारशील व्यक्तिले राजस-तामस सुखलाई त्यागेर सात्त्विक सुखकै सम्पादन गर्नु भन्ने उपदेश सुख-विवेचन-प्रसङ्गबाट हुन्छ ॥ ३९ ॥

यहाँसम्म प्रसङ्गोपयोगी वस्तुहरूको त्रिगुणात्मक भाव-वर्णन गरेर अब यस प्रकरणका उपसंहारमा यावत् प्राकृतिक वस्तुहरूको त्रिगुणात्मक भाव एकै श्लोकबाट वर्णन हुन्छ--

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

अन्वयार्थः

प्रकृतिजैः	=	प्रकृतिजन्य	सत्त्वम्	=	वस्तु
एभिः	=	यो	पृथिव्याम्	=	पृथिवीमा
त्रिभिः	=	तीन	वा	=	अथवा
गुणैः	=	गुणहरूद्वारा	दिवि	=	स्वर्गमा
मुक्तम्	=	छुटेको	वा	=	अथवा
यत्	=	जो	पुनः	=	फेरि
स्यात्	=	होला	देवेषु	=	देवताहरूमा
तत्	=	त्यो	न अस्ति	=	छैन

सरलार्थ

जो वस्तु प्रकृतिका सत्त्व, रज, तमोगुणदेखि रहित भएको होला, त्यो वस्तु पृथ्वी, स्वर्ग या देवताहरूमा कहीं पनि छैन अर्थात् यस्तो चीज कुनै संसारमा पनि हुँदैन जो त्रिगुणदेखि रहित होओस्।

तात्पर्य

समस्त विश्व र विश्वभित्रका यावत् चर-अचर वस्तुहरू त्रिगुणात्मक हुनाको कारण यो हो कि—वस्तुमात्र त्रिगुणात्मिका प्रकृतिका गुणवैषम्यबाट बनेका छन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः प्रकृतिको कार्य जगत्का वस्तुहरूलाई कारण-गुणानुसार त्रिगुणात्मक सिद्ध-गर्नु बिल्कुल युक्तिसङ्गत छ। प्रकृतिदेखि पर परमात्मा र परमात्मादेखि अभिन्न मुक्तात्मा मात्रै त्रिगुणदेखि फरक छन्, अरू सबै त्रिगुणकै घेराभित्र छन् ॥४०॥

गुणत्रय-विभागको परिशिष्ट विषय समाप्त भयो, अब तीनै काण्डको कर्म-भूमिदेखि लिएर ज्ञानभूमिपर्यन्तको [1]पर्यवेक्षणको निम्ति अगाडिको प्रकरण प्रारम्भ हुन्छ।

चार वर्णका कर्महरू—

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप !।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

अन्वयार्थः

परन्तप !	=	हे अर्जुन !	स्वभावप्रभवैः	=	स्वभावद्वारा उत्पन्न
ब्राह्मणक्षत्रियविशाम्	=	ब्राह्मण, क्षत्रिय, वैश्यका	गुणैः	=	गुणहरूद्वारा
			कर्माणि	=	कर्महरू
शूद्राणाम् च	=	तथा शूद्रका	प्रविभक्तानि	=	बाँडिएका छन्

सरलार्थ

हे अर्जुन ! ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्रका स्वभावजन्य गुणहरूद्वारा कर्महरू विभक्त भएका छन्।

जस्तै—

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

अन्वयार्थः

शमः	=	मनको संयम	शौचम्	=	शुद्धि
दमः	=	इन्द्रियको निरोध	क्षान्तिः	=	क्षमा
तपः	=	तपस्या	आर्जवम्	=	सरलता

१ एक-एक गरेर हेर्नु।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानम्	=	ज्ञान	ब्रह्मकर्म	=	ब्राह्मणको कर्म
विज्ञानम्	=	अनुभव	स्वभावजम्	=	स्वभावजन्य
आस्तिक्यम् एव च	=	तथा आस्तिक भाव	(उच्यते)	=	कहिन्छ

सरलार्थ

शम, दम, तप, शौच, क्षमा, सरलता, ज्ञान, विज्ञान तथा आस्तिक भाव यी ९ ब्राह्मणका कर्महरू स्वाभाविक प्रकृतिबाट उत्पन्न भएका छन् ।

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

अन्वयार्थः

शौर्यम्	=	शूरता	दानम्	=	दान
तेजः	=	तेज	ईश्वरभावः च	=	तथा ईश्वरभाव
धृतिः	=	धैर्य	क्षात्रम्	=	क्षत्रियको
दाक्ष्यम्	=	कुशलता	कर्म	=	कर्म
युद्धे च अपि	=	युद्धमा पनि	स्वभावजम्	=	स्वभावजन्य
अपलायनम्	=	नभाग्नु	(उच्यते)	=	कहिन्छ

सरलार्थ

शूरता, तेज, धैर्य, कर्मकुशलता, युद्धमा पराङ्मुख नहुनु, दान तथा ईश्वर-भाव अर्थात् प्रजारञ्जनगुणद्वारा प्रजामाथि आफ्नू प्रभुता सदा स्थायी राख्नु (यी ७ कर्म) क्षत्रियका स्वाभाविक कर्म हुन् ।

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

अन्वयार्थः

कृषिगोरक्ष्य-वाणिज्यम्	=	खेती, पशुपालन, वेपार	वैश्यकर्म	=	वैश्यको कर्म
			स्वभावजम्	=	स्वभावजन्य हो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिचर्यात्मकम्	=	सेवारूप	स्वभावजम्	=	स्वभावजन्य
कर्म	=	कर्म	(उच्यते)	=	कहिन्छ
शूद्रस्य अपि	=	शूद्रको पनि			

सरलार्थ

खेती, पशुपालन, वेपार यी ३ वैश्यका स्वाभाविक कर्म हुन् । सबैको सेवा-रूप कर्म शूद्रको पनि स्वाभाविक कर्म हो ।

तात्पर्य

यद्यपि आजकल वर्णाश्रम धर्मलाई कसैले अन्यथासिद्ध (नभए पनि काम चल्ने) ठहऱ्याएका छन् , तर अघि दीर्घदर्शी महर्षिहरूले यो मर्यादा सबैतिर-बाट समाजको सुव्यवस्था र धारण-पोषण राम्ररी होओस् भनेर चलाएको हो । मनुले भन्नुभएको छ—

सर्वस्यास्य तु सर्गस्य गुप्त्यर्थं स महाद्युतिः ।
मुखबाहूरुपज्जानां पृथक्कर्माण्यकल्पयत् ॥ (१।८७)

महातेजा ब्रह्माले यो सम्पूर्ण सृष्टिको रक्षाका निम्ति ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रका भिन्न-भिन्न कर्महरू बनाउनु भयो ।

तात्पर्य

कसैले भन्दछन् कि—चार वर्णको रिवाज केवल हिन्दूहरूमा मात्र हो, अरू देशमा छैन; किन्तु विचार-दृष्टिले हेऱ्यो भने यो कुटुम्बरूपले नभए तापनि व्यवसायरूपले मनुष्यमात्रमा छ । किनकि जुनसुकै देश या समाजमा पनि शिक्षा-विभागको काम गर्ने, रक्षा-विभागको काम गर्ने, वाणिज्य विभाग-(साहु, महाजनी, दोकान्दारी)-को काम गर्ने तथा कलाकौशलको काम गर्ने यी चार वर्ग सर्वत्र पाइन्छन् । जुन मनुष्य-समाजमा यी चार वर्ग छैनन् त्यो जंगली पशु समाज हो । वैदिक आर्यजाति प्राचीन कालदेखिका सभ्य हुनाले यिनीहरूमा यो व्यवस्था प्राचीन कालदेखि नै सुव्यवस्थितरूपले चलेको थियो । बाबु-बाजेले गरेको कामको संस्कार छोरा-नातीमा पर्ने हुनाले यसैका आधारमा जन्मना जाति-व्यवस्था समेत पछि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खडा भएको हुनपर्दछ । वस्तुतः चातुर्वर्ण्यव्यवस्था पहिले स्वभावजन्य गुणभेद-बाटै बनेको हो, यसैले यहाँ यसलाई 'स्वभावज कर्म' भनेको छ । यसको अर्थ हो— स्वभाव-अनुसार भएको कर्म । यसको विशेष विवरण गत ४।१३ को तात्पर्यका पृष्ठ १८० देखि १८७ सम्म छ ॥४४॥

स्व-स्वकर्मको अनुष्ठान द्वारा सिद्धि-प्राप्ति—

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥ ४५ ॥

अन्वयार्थः

स्वे स्वे	=	आफ्नू-आफ्नू	स्वकर्मनिरतः	=	आफ्नू कर्ममा तत्पर भएको मनुष्यले
कर्मणि	=	कर्ममा			
अभिरतः	=	तत्पर	यथा	=	जसरी
नरः	=	मनुष्यले	सिद्धिम्	=	सिद्धिलाई
संसिद्धिम्	=	सम्यक् सिद्धिलाई	विन्दति	=	पाउँदछ
लभते	=	पाउँदछ	तत्	=	त्यो
			शृणु	=	सुन

सरलार्थ

आफ्नू-आफ्नू कर्ममा तत्पर भएका मनुष्यले राम्रो सिद्धिलाई पाउँदछ, यस्तो मनुष्यले जसरी सिद्धि पाउँदछ, त्यो कुरो सुन ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

अन्वयार्थः

मानवः	=	मनुष्यले	प्रवृत्तिः	=	सृष्टि भएको छ
यतः	=	जसबाट	येन	=	जस द्वारा
भूतानाम्	=	भूतहरूको	इदम्	=	यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वम्	=	सबै	अभ्यर्च्य	=	पूजा गरेर
ततम्	=	व्याप्त छ	सिद्धिम्	=	सिद्धिलाई
तम्	=	त्यसलाई	विन्दति	=	पाउँदछ
स्वकर्मणा	=	आफ्ना कर्मले			

सरलार्थ

जसद्वारा समस्त जगत्को सृष्टि भएको छ तथा जो सम्पूर्ण विश्वमा व्याप्त छ, उसलाई आफ्नू स्वभावजन्य कर्मले पूजा गरेपछि मनुष्यले सिद्धि पाउँदछ ।

तात्पर्य

विना ईश्वरको कृपा मानवलाई सिद्धि प्राप्त हुन कठिन छ । ईश्वर खुशी नभै ईश्वरको कृपा हुँदैन । ईश्वरलाई प्रसन्न गराउने उपायहरूमा कर्तव्य-पालन सबैभन्दा मुख्य उपाय छ । किनकि कर्तव्यपालन गर्नु नै ईश्वरको आज्ञापालन गर्नु हो । ईश्वरको आज्ञा छ—'सबै आफ्नू-आफ्नू कर्तव्यमा तत्पर रहनु ।' कर्तव्यनिष्ठ-मानव ईश्वरको त्यत्तिकै प्रिय हुन्छ जत्तिको स्वामीको आज्ञाकारी भृत्य[1] । अतः कर्तव्यलाई त्यागेर ईश्वरलाई खुशी गराउनको निम्ति उपायान्तरको अन्वेषण गर्नु व्यर्थ छ । आफ्नू कर्तव्य-पालनरूपी पुष्पोपहारद्वारा उहाँको पूजा गरेपछि मानवलाई समग्र सिद्धिहरू अनायासै प्राप्त हुन्छन् । भाष्यकार शङ्करको वचन छ—

स्ववर्णाश्रमधर्मेण तपसा हरितोषणात् ।
साधनं प्रभवेत्पुंसां वैराग्यादिचतुष्टयम् ॥

आफ्ना वर्ण र आश्रमका धर्मले तथा तपस्याद्वारा परमेश्वरलाई खुशी गराएपछि मनुष्यलाई वैराग्यादि (विवेक, वैराग्य, शमादि षट् सम्पत्ति, मुमुक्षुत्व) चार साधनहरू प्रकट हुन्छन्, जसद्वारा मनुष्य मुक्तिरूपी सिद्धिलाई पाउँदछ॥४५।४६॥

स्वभाव-नियत कर्म गरेर कसैलाई पनि पाप लाग्दैन—

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥४७॥

---

१ सेवक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

सु अनुष्ठितात्	=	राम्ररी अनुष्ठान गरिएको	स्वभावनियतम्	=	स्वभावसिद्ध
परधर्मात्	=	अर्काको धर्मभन्दा	कर्म	=	कर्मलाई
विगुणः	=	गुणरहित	कुर्वन्	=	गरेर
स्वधर्मः	=	आफ्नू धर्म	किल्बिषम्	=	पापलाई
श्रेयान्	=	श्रेष्ठ छ	न आप्नोति	=	पाउँदैन

सरलार्थ

जतिसुकै सरल र निर्दोष तथा राम्ररी अङ्ग पुऱ्याएर गरिएको किन नहोओस्, पर-धर्मभन्दा गुणहीन र सदोष भए पनि स्वधर्म नै कल्याणकारी हुन्छ, किनभने प्रकृतिसिद्ध कर्म-पथमा यात्रा गर्ने मनुष्य पापको भागी हुँदैन।

स्वभाव-नियत-कर्म सदोष भए पनि अत्याज्य छ—

सहजं कर्म कौन्तेय ! सदोषमपि न त्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ॥४८॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	हि	=	किनभने
सहजम्	=	स्वभावजन्य	सर्वारम्भाः	=	समस्त कर्महरू
कर्म	=	कर्म	धूमेन	=	धुआँले
सदोषम् अपि	=	दोषयुक्त भए पनि	अग्निः इव	=	आगो झैं
न त्यजेत्	=	नत्यागोस्	दोषेण	=	दोषले
			आवृताः	=	ढाकिएका छन्

सरलार्थ

हे अर्जुन ! प्रकृतिसिद्ध कर्मलाई दोषयुक्त भए तापनि नछोडोस्, किनकि कर्म जति सबै धुआँले आगो ढाकिएझैं दोषले ढाकिएका छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

स्वधर्म होओस् या परधर्म, संसारका यावत् धर्महरू निर्दोष कुनै पनि छैनन्, केही न केही दोष सबैमा छ। किनकि तीन गुणबाट बनेका वस्तुमा दोष हुनु स्वाभाविक हो, स्वधर्म-परधर्म—धर्ममात्र प्रकृतिकै धर्म हुन्, प्रकृति त्रिगुणात्मिका छ। तात्पर्य यो हो कि—आफ्नू गुण-कर्म या प्रकृति-अनुसार प्राप्त व्यवसायहरू-मा कुनै असल र कुनै कंसल छैनन्, एउटा गुण र एउटा दोष सबैमा छ। त्यस कारण आफ्नू व्यवसायलाई कंसल र अर्काको व्यवसायलाई असल ठहऱ्याउनु भूल हो। अतएव वैश्य-शूद्रले ब्राह्मण-क्षत्रियको कर्मलाई असल ठहऱ्याउनु र उनीहरूले वैश्य-शूद्रको कामलाई कंसल ठहऱ्याउनु पनि एकदम भूलै हो। अर्को एउटा यस विषयमा अविस्मरणीय कुरो यो छ कि—आफ्नू स्वभावजन्य व्यवसाय गर्दा कुनै दोष या पापहरू हुन गए तापनि तिनको गणना हुँदैन, किनकि उसको त्यो धर्म आगोको पोल्ने धर्म र बाघको हिंसा गर्ने धर्म जस्तै स्व-भाव-नियत हुन्छ। अन्तमा आफ्ना-आफ्ना स्वभाव-नियत कर्मबाट भौतिक, आध्यात्मिक दुवै उन्नति भएर सबै वर्गले मोक्ष पाउँदछन्। यस विषयमा महा-भारत वनपर्व अ० २०६ देखि २१६ सम्मको कौशिक ब्राह्मण र धर्मव्याधको संवाद मिल्दो दृष्टान्त छ—

"कुनै कौशिक नाम गरेका विद्वान्, तपस्वी ब्राह्मण वृक्षको छायाँमा बसेर वेदपाठ गरिरहेका थिए; माथिबाट बकुलीले बिष्ट्याई, ब्राह्मणको शिरमा पऱ्यो। के हो भनेर माथि फर्केर हेर्दा तपस्वीको क्रोध-दृष्टि बकुलीमा पऱ्यो, ऊ तत्काल महादेवको क्रोधदृष्टिले कामदेव भस्म भए झैं भस्म भएर तल खसी। यो देखेर तपस्वीलाई केही अपशोचका साथै आफ्नू तपस्याको गौरवको पनि अनुभव भयो। कालान्तरमा नगरमा भिक्षा गर्न जाँदा एउटी पतिव्रता स्त्री पति-सेवामा परायण थिई, यसैले तपस्वीलाई एक क्षण पर्खाएर भिक्षा लिएर आई। तपस्वीले क्रोधित भएर राता आँखा तर्दै भने—तैंले मलाई चिनेकी छस् ? म अरू सर्वसाधारण साधु जस्तो होइन ! स्त्रीले भनिन्—चिनेकी छु साधु बाबा ! तपाईंले पनि मलाई बकुली जस्तै नदेख्नुहोला, जसलाई तपाईंले यस्तै क्रोध-दृष्टिले भस्म पार्नुभयो; जो तपाईं जस्तो तपस्वीको निम्ति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एउटा ठूलो कलङ्कको कुरो थियो । यो कुरो सुनेर तपस्वी अचम्ममा परे औ लज्जित पनि भए, साथै उनको तपस्याको घमण्ड पनि चूर-चूर भयो, उनी त्यसै जिल्ल परिरहे । उनी विचार गर्दै थिए कि जंगलको एकान्तस्थलमा भएको वृत्तान्त यो नागरिक स्त्रीलाई कसरी थाहा भयो ! यत्तिकैमा स्त्रीले भनिन्—हे ब्राह्मण देवता ! जुन वेला तपाईं पान्नुभयो त्यसवेला म पतिको अति आवश्यक सेवामा व्यग्र थिएँ; जुन सेवा-कर्म त्यही समयमा मेरो निम्ति नियत भएको थियो । यसैले मैले तपाईंलाई पर्खाएँ । म सदा आफ्नू स्वधर्मानुकूल कर्तव्यमा तत्पर रहन्छु, त्यस-लाई कहिले पनि त्याग्दिन । यही मेरो तप, मन्त्र, विद्या तथा साधना हो जसको प्रभावले मलाई आवश्यक सबै कुराको ज्ञान हुन्छ । तपाईं त्यस्तो विद्वान् तपस्वी भएर पनि धर्मलाई जान्नुभएको रहेनछ, यसको निम्ति मिथिलामा धर्मव्याध-(कसाई)-सँग धर्मोपदेश लिन जानुहोस् । यो कुरा सुनेर ब्राह्मण स्त्रीलाई 'मात-र्नमस्ते' भनेर वन्दना गरी मनमनै उनको सराहना गर्दै मिथिलापुरी धर्मव्याधकहाँ पुगे । धर्मव्याध मासुको थुप्रो अगाडि राखेर एक हातमा तराजु र अर्को हातमा ढक लिएर बसेको थियो । तपस्वीलाई देख्ना-साथ ढक-तराजु राखेर उठ्दछ र उहाँलाई आसन दिन्छ, ब्राह्मण संकोच मान्दै बस्तछन् । धर्मव्याधले उस स्त्रीले पठाएको वृत्तान्त उनले भन्न नपाउँदै स्वयं बताइदिन्छ । यहाँ पनि ती तपस्वी आश्चर्यमा पर्दछन् । परन्तु कसाईखाना देखेर रुमालले नाक-मुख छोप्दै भन्नलागे—हरे ! बाबु, तिमीले यो के काम गरेको ? तिमी जस्तो धर्मात्मालाई सुहाउने त यो घोर कर्म होइन ! धर्मव्याध भन्दछ—पण्डित बाजे ! यो सबै कुरा मलाई थाहा छ, तर के गर्नु; यो काम मेरा बाबु-बाजेदेखि गरेर आएको हो । यो काम छोडौं र अर्को धन्दा-रोजगार गरौं भने पनि यहाँका राजा जनक विदेह यस्ता छन् कि—आफ्ना-आफ्ना वर्ण-धर्मबाट राज्यभरका रैती कसैलाई पनि विचलित हुन दिंदैनन् । आफ्नू परंपरा-प्राप्त कर्म (व्यवसाय) छोड्नेले कठोर राज-दण्ड सहन पर्दछ । केवल आफ्नू शरीरको निम्ति भए म जे पनि गर्न सक्दथें ; किन्तु घरमा मेरा वृद्ध माता-पिता पनि छन्, यसैले मैले बाध्य (लाचार) भएर यो काम गर्न परिरहेछ । म स्वयं मासु खान्न, स्वयं पशुको बध गर्दिन ; किन्तु यस रोजगारबाट आएको आयले वृद्ध माता-पिताको सेवा र अतिथि-अभ्यागतको सेवा गर्दछु । पण्डित बाजे ! बाहिरबाट हेर्दा कर्म खराब देखेर हुँदैन, भावना असल हुन पर्दछ । वास्तवमा आफ्नू नियत (तोकिएको) कर्म गरेर कसैलाई पनि पाप

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्दैन। एवंप्रकार मेरो पनि यो स्वधर्म नियत-कर्म हुनालें मलाई पाप छैन; इत्यादि। धर्मव्याधका यस्ता धर्मोपदेशहरूलाई सुनेर कौशिक ब्राह्मण ज्यादै नै प्रभावित भए र त्यस दिनदेखि आफ्नू स्वभाव-नियत कर्मपट्टि मन लगाए ॥४७।४८॥

स्वभाव-नियत कर्म गर्दै जाँदा अन्तमा साधक नैष्कर्म्य-स्थितिमा पुग्दछ—

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ॥ ४९ ॥

अन्वयार्थः

सर्वत्र	= सबैमा	संन्यासेन	= कर्मफलत्यागद्वारा
असक्तबुद्धिः	= आसक्त बुद्धि नभएको	परमाम्	= सर्वश्रेष्ठ
जितात्मा	= मनलाई जितेको	नैष्कर्म्य-सिद्धिम्	= निष्कर्मता-रूपी सिद्धिलाई
विगतस्पृहः	= तृष्णारहित पुरुषले	अधिगच्छति	= पाउँदछ

सरलार्थ

समस्त वस्तु या कर्मफलमा जसको बुद्धि आसक्त छैन तथा जसले मनलाई जितेको छ एवं जो तृष्णादेखि रहित छ यस्तो योगी कर्मफलको त्यागरूप संन्यासद्वारा परम नैष्कर्म्य सिद्धिलाई पाउँदछ।

तात्पर्य

'स्वकर्मणा तमभ्यर्च्य'-को पूर्ति यो श्लोकमा भएको छ। समस्त कर्मफलको त्यागरूप संन्यास-(गी० १८।२)-द्वारा जति-जति देहादिमा अहंता, धन-कुटुम्बमा ममता घट्दै जान्छ, उति-उति कर्तव्यनिष्ठ-योगीका हृदयमा स्वार्थ-त्यागको विशाल भावना बढ्दै जान्छ; हृदयका समस्त कामादि दोषहरू मार्जित हुँदै जान्छन्। कर्मको परिपक्वावस्था हुनाले योगी जलमा कमलदल लिप्त नभए झैं कर्मबाट निर्लिप्त रहन्छ। यही निर्लिप्तावस्था नैष्कर्म्य सिद्धिको स्थिति हो। नैष्कर्म्यको विशेष विवरण गी० ता० पृष्ठ १२४ मा छ ॥ ४९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मविद्या-उत्पत्तिमा साधनक्रम—

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय ! निष्ठा ज्ञानस्य या परा ॥ ५० ॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	समासेन एव	=	संक्षेपैले
सिद्धिम्	=	सिद्धिमा	मे	=	मबाट
प्राप्तः	=	पुगेकोले	निबोध	=	जान
यथा	=	जसरी	या	=	जो
ब्रह्म	=	ब्रह्मलाई	ज्ञानस्य	=	ज्ञानको
आप्नोति	=	पाउँदछ	परा	=	सर्वश्रेष्ठ
तथा	=	त्यस्तै	निष्ठा	=	स्थिति हो

सरलार्थ

हे अर्जुन ! पूर्वोक्त नैष्कर्म्य सिद्धिलाई पाएकोले जसरी ब्रह्मभावलाई पाउँदछ, त्यो मबाट जान अर्थात् सुन, जो ज्ञानको सर्वश्रेष्ठ अवस्था हो ।

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥ ५१ ॥
विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥ ५२ ॥
अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥ ५३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

विशुद्धया	=	निर्मल	नित्यम्	=	निरन्तर
बुद्धया	=	बुद्धिले	ध्यानयोगपरः	=	ध्यानयोगमा परायण
युक्तः	=	युक्त भएर	वैराग्यम्	=	वैराग्यलाई
धृत्या	=	धैर्यले	समुपाश्रितः	=	आश्रय गरेको
आत्मानम्	=	अन्तःकरणलाई	अहङ्कारम्	=	अहङ्कार
नियम्य च	=	संयम गरेर	बलम्	=	दुराग्रह
शब्दादीन्	=	शब्द आदि	दर्पम्	=	घमण्ड
विषयान्	=	विषयहरूलाई	कामम्	=	काम
त्यक्त्वा	=	त्यागेर	क्रोधम्	=	क्रोध
रागद्वेषौ च	=	राग र द्वेषलाई पनि	परिग्रहम्	=	परिग्रह
व्युदस्य	=	हटाएर	विमुच्य	=	त्यागेर
विविक्तसेवी	=	एकान्तसेवी	निर्ममः	=	ममतारहित
लघ्वाशी	=	मिताहारी	शान्तः	=	शान्त योगी
यतवाक्कायमानसः	=	मन, वाणी, शरीरलाई संयम गरेको	ब्रह्मभूयाय	=	ब्रह्म हुनलाई
			कल्पते	=	समर्थ हुन्छ

सरलार्थ

कर्मयोगका अनुष्ठानले विशेष निर्मल भएको निश्चयात्मिका बुद्धिले सहित भएर धैर्यले अन्तःकरणलाई संयम गरेर, शब्दादि विषयलाई त्यागेर, रागद्वेषलाई पन्छाएर, एकान्तमा बसेको, मिताहारी, मन-वाणी-शरीरलाई संयम गरेको, निरन्तर ध्यानयोगमा परायण, वैराग्यलाई आश्रय लिएको तथा अहङ्कार, हठ, घमण्ड, काम, क्रोध, परिग्रहलाई त्यागेर ममतारहित भएको शान्त योगी ब्रह्मभाव पाउनलाई समर्थ हुन्छ।

तात्पर्य

तत्त्वसाक्षात्कारको प्रथम भूमी कर्म नै हो, किनकि निष्काम-कर्मद्वारा बुद्धि शुद्ध भएपछि मात्र निर्मल बुद्धिमा विवेक-वैराग्यादि साधनहरूको उदय हुन्छ। यसका पछि क्रमशः श्रवण, मनन, निदिध्यासन यी ज्ञानका अन्तरङ्ग-साधनहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन्, यी तीनमा पनि निदिध्यासन अर्थात् ध्यानयोग तत्त्वज्ञानको मुख्य साधन हो, तर श्रवण नभै मनन हुँदैन, मनन नभै ध्यानयोग हुँदैन। सम्पूर्ण उपनिषद्वाक्यको अद्वितीय ब्रह्ममा तात्पर्य-निर्णयानुकूल, न्यायविचारात्मक, तत्त्वविषयक, शाब्दबोधरूप अन्तःकरणको वृत्तिविशेष 'श्रवण' कहिन्छ। शास्त्र-अविरुद्ध तर्करूप या तत्त्वको अनुमतिरूप अन्तःकरणको वृत्तिविशेष 'मनन' कहिन्छ। विजातीय प्रत्ययले नछेकिएको, सजातीय वृत्ति-प्रवाहरूप अन्तःकरणको वृत्तिविशेष 'निदिध्यासन'कहिन्छ। अर्थात् (वेदान्त) वाक्यलाई तात्पर्यपूर्वक सुननु 'श्रवण',सुनेको अर्थलाई युक्तिद्वारा विचार गर्नु 'मनन', यो दुईबाट दृढ भएको विषयलाई एकाग्र वृत्तिले चिन्तन गर्नु 'निदिध्यासन' कहिन्छ। अज्ञानी जीवका अन्तःकरणमा अनादि कालदेखि तत्त्वज्ञानका प्रतिबन्धक 'संशय', 'असंभावना', 'विपरीत भावना' यी तीन दोषहरूले डेरा जमाएका छन्। श्रवणले संशय, मननले असंभावना, निदिध्यासनले विपरीतभावनाको निवृत्ति भएपछि कुहिरो फाटेर सूर्यको प्रकाश भए झैं अबाध तत्त्वज्ञानको उदय हुन्छ। ब्रह्मरूप हुन्छ भन्नाको तात्पर्य पहिले नभएको ब्रह्म पछि साधनद्वारा हुन्छ भन्ने होइन, किन्तु पहिलेदेखि नै ब्रह्मरूप भएको आँफूलाई अज्ञानले नचिनेर अरू नै ठहऱ्याइराखेकोमा तत्त्वज्ञानको सहायताले आँफूलाई 'म ब्रह्मै रहेंछु' भनेर यथार्थ जान्नु हो ॥ ५० ॥ ५१॥ ॥ ५२ ॥ ५३ ॥

पराभक्तिको उत्पत्ति—

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥५४॥

अन्वयार्थः

ब्रह्मभूतः	= ब्रह्मरूप भएको	भूतेषु	= भूतहरूमा
प्रसन्नात्मा	= प्रसन्नचित्त योगी	समः	= समदृष्टि भएर
न शोचति	= शोक गर्दैन	पराम्	= परा
न काङ्क्षति	= इच्छा गर्दैन	मद्भक्तिम्	= मेरो भक्तिलाई
सर्वेषु	= सम्पूर्ण	लभते	= पाउँदछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

ब्रह्मरूप भैसकेको प्रसन्नचित्त योगीले नष्ट वस्तुको शोक र अप्राप्त वस्तुको इच्छा गर्दैन औ समस्त भूतहरूमा सम भएर मेरो पराभक्तिलाई पाउँदछ ।

पराभक्तिको फल—

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

अन्वयार्थः

भक्त्या	=	भक्तिद्वारा	ततः	=	त्यसपछि
यावान्	=	जत्रो	तत्त्वतः	=	तात्त्विकरूपले
यः च	=	औ जो	ज्ञात्वा	=	जानेर
अस्मि	=	छु	तदनन्तरम्	=	जाने पछि
माम्	=	मलाई	माम्	=	ममा
तत्त्वतः	=	यथार्थरूपले	विशते	=	प्रवेश गर्दछ
अभिजानाति	=	जान्दछ			

सरलार्थ

मेरो भक्तले भक्तिद्वारा म जस्तो किसिमको छु उस्त मलाई यथार्थरूपले जान्दछ औ मलाई वास्तविकरूपले जानेपछि अन्तमा मैमा आएर मिल्दछ ।

तात्पर्य

कर्मफलको त्यागद्वारा नैष्कर्म्य सिद्धिलाई पाएपछि र पूर्वोक्त ध्यानयोगको परिपक्वता भएपछि ब्रह्मात्मतत्त्वको बोध हुन्छ; जसद्वारा योगी समस्त विश्वमा आफ्नू आत्मा र परमात्मालाई अभिन्न रूपले देख्न लाग्दछ; यही साम्यभाव 'ब्रह्मभूत' अवस्था हो । यस अवस्थामा भक्ति पनि आर्त, जिज्ञासु, अर्थार्थी यी तीन कोटिलाई नाघेर चतुर्थ कोटि-(ज्ञानी)-मा पुग्दछ, यसैले यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवस्थामा भक्तिको विशेषण हुन्छ 'परा', जसले गर्दा भक्तले पनि 'सकलमिदमहञ्च वासुदेवः', 'वासुदेवः सर्वम्' यस प्रकारबाट सबै ठाउँमा भगवान्‌लाई फेला पार्दछ, उसका अनेक जन्मका स्तुति, नमस्कार, पूजाहरू सफल हुन्छन्, दर्शन-लालसा पूर्ण हुन्छ, अन्तमा भक्त नदीहरू समुद्रमा मिले झैं भगवान्‌का व्यापक स्वरूपमा मिलेर कृत-कृत्य हुन्छ। एवंप्रकार कर्म र उपासना दुवैबाट अन्तमा तत्त्वज्ञानै हुन्छ औ तत्त्वज्ञानै सबैको अन्तिम समन्वय-स्थान हो। यो परम सिद्धावस्था भक्तिमार्गबाट 'पराभक्ति', ज्ञानमार्गबाट 'ब्रह्मज्ञान', कर्ममार्गबाट 'नैष्कर्म्यसिद्धि' कहिन्छ, किन्तु नामै मात्र भिन्न-भिन्न हो, स्वरूपमा भेद छैन। उपेय (साध्य) एउटै भएपछि उपाय-(कर्म, उपासना, ज्ञान)-लाई परस्पर नितान्त विरुद्धगामी ठहऱ्याउनु भारी भूल हो। शास्त्रमा भिन्न-भिन्न उपायको वर्णन गरेको पनि केवल मनुष्यहरूको भिन्न-भिन्न प्रकृतिलाई लिएर मात्र हो, अतएव यिनमा कुनै प्रधान र कुनै गौण छैनन्। अन्तमा जसरी तीर्थराज प्रयागमा गंगा, यमुना, सरस्वतीको संगम भएर 'त्रिवेणी' परेको छ, त्यस्तै गीतामा पनि ज्ञानरूपी गंगा र कर्मरूपी यमुना तथा यी दुईको मध्यपाती उपासनारूपी सरस्वतीको संगम, भएर 'त्रिवेणी' परेको छ। यस त्रिवेणीमा आएर जसले स्नान-पान-अवगाहन गर्दछ त्यो समस्त कालुष्य तथा तीन तापबाट छुटेर चिरशान्तिको भागी हुन्छ ॥ ५४।५५ ॥

कर्तव्यको अन्तिमोपदेश—

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

अन्वयार्थः

सर्वकर्माणि	= सम्पूर्ण कर्महरूलाई	शाश्वतम्	= नित्य
सदा	= निरन्तर	अव्ययम्	= अविनाशी
कुर्वाणः अपि	= गरेर पनि	पदम्	= पदलाई
मद्व्यपाश्रयः	= मेरो आश्रयमा रहेको	अवाप्नोति	= पाउँदछ
मत्प्रसादात्	= मेरो अनुग्रहबाट		

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

समस्त कर्महरूलाई सधैं गरिरहेको छ तापनि मेरो आश्रयमा रहेको (कर्म-योगी भक्त) मेरो कृपाबाट शाश्वत अव्यय पदलाई पाउँदछ ।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥५७॥

अन्वयार्थः

मत्परः	= ममा परायण (तिमी)	बुद्धियोगम्	= बुद्धियोगलाई
चेतसा	= मनले	उपाश्रित्य	= आश्रय लिएर
सर्वकर्माणि	= सम्पूर्ण कर्महरूलाई	सततम्	= निरन्तर
मयि	= ममा	मच्चित्तः	= ममा चित्त लगायेको
संन्यस्य	= अर्पण गरेर	भव	= होऊ

सरलार्थ

त्यस काण समस्त कर्महरूलाई मनैले ममा अर्पण गरेर, ममा परायण भएर तथा समत्वबुद्धियोगको आश्रय लिएर निरन्तर मैमा चित्त लगाएको होऊ ।

तात्पर्य

विना तत्त्वसाक्षात्कार जीवको आत्मकल्याण कदापि हुँदैन, यसको निम्ति अनेक उपायहरू छन् ; तर धर्म त्यही हो जो साथै समाजको धारण-पोषण गराएर अन्त-मा आचरणकर्ताको आत्मालाई चिरशान्ति देओस् । यस्तो बुद्धियोग अर्थात् कर्मयोगै छ । समस्त कर्मफललाई त्यागेर औ सुख-दुःख, लाभ-हानि, जय-पराजय आदिमा समबुद्धि राखेर नियत कर्मलाई गर्दै रहनु 'बुद्धियोग' हो, जसको चर्चा २।४९ मा भएको थियो, त्यसैको यहाँ उपसंहार भएको छ । किन्तु स्मरणीय यो छ कि—अहिले केवल कर्मयोग मात्र छैन, यसमा भक्तियोगको समेत मिश्रण भएको छ, यसैले यसमा ती त्याज्य कर्मफलहरू परमेश्वरमा समर्पण हुन्छन् । कर्तव्यको अन्तिम सारांश यो हो कि—मनुष्यले सम बुद्धि भएर कर्तव्य कर्महरूलाई परमेश्वर प्रीत्यर्थ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवनपर्यन्त गर्दै रहनुपर्दछ । "कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतँ समाः" (ई० २) कर्म गरेरै १०० वर्ष बाँच्ने इच्छा गरोस् । यसैबाट उसलाई अन्तमा अविनाशी, सनातन पद प्राप्त हुन्छ, यसको निम्ति उपायान्तरको अन्वेषण गर्नुपर्दैन । यही गीताको कर्मविषयमा अन्तिम सिद्धान्त छ ॥ ५६।५७ ॥

प्रकृतितन्त्रका विचारबाट पनि स्वभाव-नियत कर्महरूलाई त्याग्न उचित छैन, किन्तु परमेश्वरमा युक्तचित्त भएर गर्नै उचित छ—

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥ ५८ ॥

अन्वयार्थः

मच्चित्तः	=	ममा चित्त लगाएको	तरिष्यसि	=	तर्नेछौ
त्वम्	=	तिमी	अथचेत्	=	किन्तु यदि
मत्प्रसादात्	=	मेरो अनुग्रहबाट	अहंकारात्	=	अहंकारले
सर्वदुर्गाणि	=	सम्पूर्ण संकट-हरूलाई	न श्रोष्यसि	=	सुन्ने छैनौ
			विनङ्क्ष्यसि	=	नष्ट हुनेछौ

सरलार्थ

ममा चित्त लगाएको तिमी मेरो अनुग्रहले सम्पूर्ण दुस्तर विपत्तिहरूबाट पार हुनेछौ, परन्तु यदि अहङ्कारले मेरा कुरा सुनेनौ भने तिम्रो नाश हुनेछ ।

यदहङ्कारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥ ५९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यत्	=	जो	ते	=	तिम्रो
अहङ्कारम्	=	अहङ्कारलाई	व्यवसायः	=	निश्चय
आश्रित्य	=	आश्रय लिएर	मिथ्या	=	झुट्टो छ
न योत्स्ये	=	म युद्ध गर्दिन	प्रकृतिः	=	प्रकृति
इति	=	यस्तो	त्वाम्	=	तिमीलाई
मन्यसे	=	मान्दछौ	नियोक्ष्यति	=	लगाउनेछ
एषः	=	यो			

सरला

जो अहङ्कारलाई लिएर 'म युद्ध गर्दिन' भन्ने ठान्दछौ भने तिम्रो यो निश्चय झुट्टो छ ; किनकि तिम्रो राजसी प्रकृतिले तिमीलाई अवश्य पनि युद्धमा लगाउनेछ ।

स्वभावजेन कौन्तेय ! निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ॥६०॥

अन्वयार्थः

कौन्तेय !	=	हे अर्जुन !	स्वभावजेन	=	स्वभावजन्य
मोहात्	=	अविवेकले	स्वेन	=	आफ्नू
यत्	=	जो	कर्मणा	=	कर्मले
कर्तुम्	=	गर्न	निबद्धः	=	बाँधिएर
न इच्छसि	=	चाहँदैनौ	अवशःअपि	=	परतन्त्र भएर पनि
तत्	=	त्यो	करिष्यसि	=	गर्नेछौ

सरलार्थ

हे अर्जुन ! तिमी जुन कुरा अज्ञानले गर्न चाहँदैनौ त्यही कुरा क्षत्रिय-प्रकृति-बाट उत्पन्न आफ्ना राजसी कर्मले बाँधिएर परवश भएर गर्नेछौ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

कर्म गर्नमा परुष स्वतन्त्र भए तापनि अनादि कालदेखि क्रमबद्ध भएर आएको प्रकृतिको कर्म-चक्रलाई देख्दा थाहा हुन्छ कि—मनुष्यले कर्म-बन्धनमा परेर गर्न मन नलागेको कुरा पनि गर्न परेको छ । यस्ता किसिमका घटनाहरू मनुष्यका जीवनमा अनेकौं पल्ट आएका छन् कि—जुन कुरा जसले 'म यो काम गर्दैगर्दिन' भनेर घमण्ड गर्दछ, आखिर त्यसले त्यही काम लाचार भएर गर्न परेको छ। यो कुरा लोकमा पनि प्रसिद्ध छ। यसैले भगवान्‌ले पहिले नै ३।३३ मा भन्नुभएको थियो—"प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति"। अर्जुनले पनि यो अनुभव सुनाएका छन्—"अनिच्छन्नपि वार्ष्णेय ! बलादिव नियोजितः (३।३६)"। अतः अर्जुनले पनि 'गर्न-नगर्नमा म स्वतन्त्र छु' भनेर यस युद्धमा नकारात्मक विचार गरे भने आखिर जन्मान्तरदेखि क्रमबद्ध भएर आएको प्रकृतिले उनलाई यस काममा अवश्य पनि नघोक्र्याई छाड्ने छैन, किनकि शास्त्रको सिद्धान्त छ—"स्वभावो दुरतिक्रमः"। तात्पर्य के भने प्राणीमात्रमा आगन्तुक र स्वाभाविक दुई प्रकारका गुणहरू हुन्छन्। संसर्गद्वारा भएको 'आगन्तुक', आफ्नू प्रकृति-अनुसार भएको निजी गुण 'स्वाभाविक' कहिन्छ। जब मनुष्यका प्रकृतिमा कुनै किसिमको धक्का पर्दछ, त्यस वेला आफ्नू स्वाभाविक गुण अकस्मात् लुकाइराखेको चोरीको माल पक्रिए झैं भएर प्रकट हुन्छ; त्यत्नी खेर आगन्तुक गुणहरू कमजोर हुन्छन्। अर्जुन पनि जहाँसम्म तिनका वीरता, कुलीनता आदिमा कलङ्क लाग्ने शत्रुका तिरस्कार-वचन सुनोइनन्, त्यहाँसम्म शान्त रहलान्; आखिर राजसी प्रकृतिले असहिष्णुतारूपी स्वाभाविक गुण प्रकट गराएर अवश्यै युद्ध गराउनेछ। अतः बरू उचित यो छ कि—परमेश्वरमा चित्त लगाएर समबुद्धिले प्रकृतिसिद्ध कर्महरूलाई गर्दै रहनु। यही कर्मको अन्तिम सिद्धान्त अर्जुनलाई निमित्त बनाएर भगवान्‌ले जगत्‌का प्रति उपदेश गर्नुभएको छ ॥ ५८ ॥ ५९ ॥ ६० ॥

जगत् केवल प्रकृतिको मात्र अधीनमा छैन, किन्तु प्रकृतिको संचालक ईश्वरको अधीनमा पनि छ—

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन ! तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थ

अर्जुन !	=	हे अर्जुन !	मायया	=	मायाद्वारा
ईश्वरः	=	ईश्वर	भ्रामयन्	=	घुमाउँदै
यन्त्रारूढानि	=	यन्त्र-(मसीन)-मा चढेका	सर्वभूतानाम्	=	सम्पूर्ण भूतका
			हृद्देशे	=	हृदय देशमा
सर्वभूतानि	=	सम्पूर्ण भूतहरूलाई	तिष्ठति	=	रहन्छ

सरलार्थ

हे अर्जुन ! ईश्वर देहरूपी यन्त्रमा रहेका सम्पूर्ण भूतलाई ([1]सूत्रधारले कठपुतली नचाए झैं) मायाद्वारा नचाउँदै समस्त प्राणीका हृदय-देशमा रहन्छ ।

तमेव शरणं गच्छ सर्वभावेन भारत ! ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

अन्वयाथः

भारत !	=	हे अर्जुन !	पराम्	=	परम
सर्वभावेन	=	सबै भावले	शान्तिम्	=	शान्ति
तमेव	=	उनैको	शाश्वतम्	=	नित्य
शरणम्	=	शरणमा	स्थानम्	=	स्थानलाई
गच्छ	=	जाऊ	प्राप्स्यसि	=	पाउनेछौ
तत्प्रसादात्	=	उनैका कृपाबाट			

सरलार्थ

हे अर्जुन ! सबै भावले तिमी उनै ईश्वरका शरणमा जाऊ, उनैका कृपाबाट परम शान्ति तथा नित्यस्थान-(ब्रह्मपद)-लाई पाउनेछौ ।

---

१. तमासा देखाउनेले जसरी आँफू लुकेर धागाले बाँधेका कठपुतलीहरूलाई आफ्नू इच्छानुसार धागो चलाएर नचाउँदछ, ठीक त्यसैगरी अन्तर्यामी ईश्वरले पनि आँफू अदृश्य भएर सम्पूर्ण विश्वलाई आफ्नू इच्छानुसार नचाइरहेको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तात्पर्य

यद्यपि सामान्य भौतिक दृष्टिबाट हेर्दा समस्त भूतवर्ग केवल प्रकृतिको वशमा रहेर तदनुकूल चेष्टा गरे जस्तो देखिन्छ, तथापि अध्यात्म दृष्टिले हेर्दा प्रकृति जड छ, जड हुनाले नै ऊ कसैलाई वश गर्न र प्रेरणा दिन सक्तैन। त्यस-कारण वायुयान आकाशमा उडेको देखेर त्यसलाई हाँक्ने चालकको अनुमान गरे झैं जड प्रकृतिको चेष्टालाई देखेर पनि यसलाई चेतना दिने संचालक कुनै चेतन पुरुषको अनुमान हुन्छ। यसैलाई उपनिषद्मा 'अन्तर्यामी ईश्वर' भनेको छ। बृहदारण्यक अन्तर्यामी ब्राह्मणमा यस्तो प्रसङ्ग आएको छ—राजा जनकका सभामा उद्दालक ऋषिले याज्ञवल्क्यसँग सूत्रात्मा अन्तर्यामी भनेको के हो? यस्तो प्रश्न गरेका छन्। याज्ञवल्क्य ले दिएको विस्तृत उत्तरको सारांश यस्तो छ—अधिदैव, अधिभूत र अध्यात्मरूप समस्त चर-अचर जगत्भित्र आत्मरूपले रहेर सबैलाई आफ्नू-आफ्नू प्रकृति-अनुसार प्रेरणा गर्ने 'अन्तर्यामी' हो (३-७)। अतएव यस श्लोकमा वर्णन भएको ईश्वर पनि उक्त अन्तर्यामी नै हो।

हुनत अन्तर्यामी ईश्वर समस्त चर-अचरका अणु-अणुमा व्याप्त छन्, तथापि अन्तःकरणमा प्रतिबिम्बित चिदाभासको विशेषताले यहाँ समस्त प्राणीका हृदय-देशमा देखाएको छ। वस्तुतः प्रेरणाहरू पनि प्रथम हृदयबाटै उठेर पछि-मात्र क्रियात्मक रूप लिन्छन्।

यस श्लोकको व्याख्यान स्वामी विद्यारण्यले यस्तो गर्नुभएको छ—

देहादिपञ्जरं यन्त्रं तदारोहोऽभिमानिता।
विहितप्रतिषिद्धेषु प्रवृत्तिर्भ्रमणं भवेत्॥
(प० द० ६।१७३)

देहादि पञ्जर (पिञ्जरा) 'यन्त्र' हो, यसमा अभिमान गर्नु 'यन्त्रमा सवार हुनु' हो, कर्तव्य र अकर्तव्यमा प्रवृत्ति हुनु 'भ्रमण' हो। श्रुतिमा पनि लेखिएको छ—"एष ह्येव साधु कर्म कारयति यमूर्ध्वं निनीषते, एष ह्येवासाधु कर्म कारयति यमधो निनीषते" (कौ० ३।९)। यही शासक ईश्वर त्यस व्यक्तिबाट शुभ कर्म गराउँदछ जसलाई उन्नतिमा लैजान चाहन्छ तथा त्यसबाट अशुभ कर्म गराउँदछ जसलाई अवनतिमा लैजान चाहन्छ। यो कुरा दुर्योधनको उक्तिबाट पनि स्पष्ट बुझिएको छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तैः—

जानामि धर्मं न च मे प्रवृत्ति-
र्जानाम्यधर्मं न च मे निवृत्तिः ।
केनापि देवेन हृदि स्थितेन
यथा नियुक्तोऽस्मि तथा करोमि ॥

धर्म भनेको यस्तो हो भन्ने मलाई थाहा छ, तर त्यसमा मेरो प्रवृत्ति हुँदैन; यस्तो गर्नु अधर्म हो भन्ने पनि जान्दछु, किन्तु त्यसबाट हट्ने इच्छा हुँदैन । मेरो हृदयमा कुनै देवता (अन्तर्यामी) ले मलाई जुन काममा लगाउँदछन् , म त्यही काम गर्दछु ।

उक्त दृष्टिबाट शुभ र अशुभ कर्म गर्नलाई पनि मनुष्य स्वतन्त्र छैन, ईश्वरको अधीनमा छ ; विना ईश्वरको इच्छा कसैले पनि आफ्नू हित-अहित केही पनि गर्न सक्तैन ; संसारमा जो-जति कामहरू हुन्छन् तो सबै ईश्वरका प्रेरणाबाट हुन्छन् ; ईश्वरको इच्छाविरुद्ध एउटा सानु तृण पनि कसैले तोड्न सक्तैन भन्ने सिद्ध हुन्छ। अब यस दशामा मनुष्यको कर्तव्य केवल यत्ति बाँकि रहन्छ कि—गर्ने-गराउने सबै परमेश्वरलाई नै मानेर, अहङ्कार त्यागेर तथा आफ्नू जीवनको बागडोर समेत उहाँलाई नै सुम्पेर सर्वतः उहाँकै शरणागत हुनु । यसरी आफ्नू शरणागत भएको भक्त-द्वारा ईश्वर जो कार्य गराउनुहोला, त्यसबाट जगत्को हित भएर अन्तमा कार्यकर्ता-को समेत आत्मकल्याण हुनेछ ॥ ६१ ॥ ६२ ॥

गीताशास्त्रको उपसंहार—

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ॥६३॥

अन्वयार्थः

इति	=	यस्ता प्रकारले	एतत्	=	यसलाई
मया	=	मैले	अशेषेण	=	सम्पूर्ण
गुह्याद्गुह्यतरम्	=	गुप्तभन्दा पनि अति गुप्त	विमृश्य	=	विचार गरेर
ज्ञानम्	=	ज्ञान	यथा	=	जस्तो
ते	=	तिमीलाई	इच्छसि	=	चाहन्छौ
आख्यातम्	=	भनें	तथा	=	त्यस्त
			कुरु	=	गर

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

मैले यसरी अत्यन्त रहस्यमय ज्ञान तिमीलाई भनें, यसलाई राम्ररी विचार गरेर जस्तो इच्छा हुन्छ त्यस्तै गर ।

तात्पर्य

भगवान्‌ले अर्जुनलाई 'यो मैले भनेको सबै विचार गरेर जे मन लाग्दछ त्यही गर' भन्नाको तात्पर्य के भने मस्तिष्क शक्तिहीन भएका अति साधारण या पामर मनुष्यलाई मात्र पशुलाई झैं कार्यमा नियुक्त गराउन पर्दछ, किन्तु विशाल बुद्धि भएका विचार-निपुण व्यक्तिलाई त्यस्तो गर्न पर्दैन, उनीहरू केवल प्रसङ्ग सुन्नासाथ त्यसको रहस्य बुझेर आफ्नू हिताहित निर्णय गर्न स्वयं सक्तछन् । अतएव अर्जुनले पनि यो सबै सुनेको भगवान्‌को वचनलाई पूर्वापर विचार गरेर जो कार्य प्रारम्भ गर्लान्, त्यो अवश्य पनि अनुचित हुने छैन । किनभने ज्ञान या भक्तिका सहयोगले जब बुद्धिमा समत्वभावको उदय हुन्छ, त्यस दशामा अनुचित विचारहरू उत्पन्न नै हुँदैनन् ॥ ६३ ॥

गुह्यतर ज्ञानको उपदेश गरेर अब अन्तिम उपसंहारमा समस्त गीता-शास्त्रको साररूप, गुह्यतम ज्ञानको उपदेश गर्नुहुन्छ—

सर्वगुह्यतमं भूयः शृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ॥६४॥

अन्वयार्थः

सर्वगुह्यतमम्	=	सबैभन्दा अत्यन्त गोप्य	दृढम्	=	अत्यन्त
मे	=	मेरो	इष्टः	=	प्रिय
परमम्	=	श्रेष्ठ	असि	=	छौ
वचः	=	वाणी	इति	=	यस प्रकार
भूयः	=	फेरि	ततः	=	त्यसो हुनाले
शृणु	=	सुन	ते	=	तिमीलाई
मे	=	मेरो	हितम्	=	हित
			वक्ष्यामि	=	भन्दछु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

गोप्यभन्दा पनि अत्यन्त गोप्य मेरो मुख्य कुरा फेरि सुन। तिमी मेरा अत्यन्त प्रिय छौ, त्यस कारण तिमीलाई म हित कुरो भन्दछु।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ॥६५॥

अन्वयार्थः

मन्मना	=	ममा मन लगाएको	एष्यसि	=	पाउनेछौ
मद्भक्तः	=	मेरो भजन गर्ने	ते	=	तिमीलाई
मद्याजी	=	मेरो पूजा गर्ने	सत्यम्	=	सत्य
भव	=	होऊ	प्रतिजाने	=	प्रतिज्ञा गर्दछु
माम्	=	मलाई	मे	=	मेरो
नमस्कुरु	=	नमस्कार गर	प्रियः	=	प्रिय
माम् एव	=	मलाई नै	असि	=	छौ

सरलार्थ

ममा मन लगाऊ, मेरो भजन गर, मेरो पूजा गर औ मलाई नमस्कार गर, म तिमीसँग सत्य प्रतिज्ञा गर्दछु कि—यसबाट तिमी अन्तमा मैमा आएर मिल्नेछौ, किनकि तिमी मेरा प्रिय भक्त छौ।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

अन्वयार्थः

सर्वधर्मान्	=	सम्पूर्ण धर्मलाई	अहम्	=	म
परित्यज्य	=	छोडेर	त्वा	=	तिमीलाई
एकम्	=	एक	सर्वपापेभ्यः	=	सम्पूर्ण पापबाट
माम्	=	मेरो	मोक्षयिष्यामि	=	छुटाउनेछु
शरणम्	=	शरणमा	मा शुच	=	शोक नगर
व्रज	=	आऊ			

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

सम्पूर्ण धर्मलाई छोडेर केवल एक मेरो शरणमा आऊ। म तिमीलाई समस्त पापबाट छुटाइदिनेछु, शोक नगर।

तात्पर्य

यस अन्तिम गुह्यतम उपदेशको सारांश यो हो कि—संसारमा प्रचलित जति सामान्य-विशेष धर्महरू छन् ती सबैलाई त्यागेर अर्थात् [1]'अन्धगोलाङ्गुल' न्यायले कुनै धर्मको कट्टर पक्षपाती नबनिकन तथा सबै धर्ममा एउटै तत्त्व छ भन्ने विचारले अरू धर्मका साथ विरोध पनि नगरिकन मन, कर्म, वचन सब प्रकारबाट भगवान्‌को शरणागत हुनु। यही शरणागति नै भक्तलाई प्रारम्भिक अवस्था-देखि लिएर समाप्ति-पर्यन्त साथ दिएर अन्तमा स्वयं सिद्धावस्थारूपमा परिणत हुन्छ, यसैमा गीताका प्रधान विषय—कर्म, उपासना, ज्ञान यी तीनको क्रमशः अन्तर्भाव हुन्छ। यसैले शरणागति पनि तीन प्रकारको छ—

तस्यैवाहं ममैवासौ स एवाहमिति त्रिधा।
भगवच्छरणत्वं स्यात्साधनाभ्यासपाकतः॥

भगवान्‌कै म हुँ, मेरा भगवान् हुन्, भगवानै म हुँ; यस्ता प्रकारले तीन किसिमको भगवत्शरणागति साधन र अभ्यासका परिपाकबाट उत्पन्न हुन्छ। यी मध्ये पहिलो 'मृदु', दोस्रो 'मध्य', तेस्रो 'तीव्र' छ। पहिलो मृदुरूप शरणागतिको उदाहरण गीता-भाष्यकार शंकराचार्य हुनुहुन्छ, उहाँले भन्नु-भएको छ।

---

१ कुनै अन्धाले गाउँमा जाने बाटो खोजेको थियो, त्यसलाई एउटा उट्टङ्ग्याहाले साँढेको पुच्छर समात्न लगाएर भन्यो 'यसलाई नछोड्नू, तिमीलाई गाउँमा पुऱ्याइ-दिनेछु। विचरा अन्धो साँढेले लात हाने पनि, लतार-पतार पारे पनि पुच्छर छोड्दैनथ्यो। त्यस दिनदेखि विनाविचारको कट्टर पक्षपातमा यो न्याय लाग्न थाल्यो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यपि भेदापगमे नाथ ! तवाहं न मामकीनस्त्वम् ।
सामुद्रो हि तरङ्गः क्वचन समुद्रो न तारङ्गः ॥
(षट्पदीस्तोत्र)

हे नाथ ! तपाईंमा र ममा रहेको भेद (द्वैत) नष्ट भए तापनि म तपाईंको हुँ, तपाईं मेरो हुनुहुन्न । किनभने समुद्रको तरङ्ग हुन्छ, तरङ्गको समुद्र हुँदैन । दोस्रो 'मध्य' शरणागतिको उदाहरण भक्त सूरदास छन्—उनी कुनै दिन हिंड्दा-हिंड्दै इनारमा खस्न लागे, भगवान्ले उनको हात समातेर बचाउनुभयो । सूर-दासले पनि चिनेर मेरै भगवान् हुन् भन्ने विचारले अब म छोड्दिन भनेर हात समाते । भगवान् बलपूर्वक हात फुत्काएर भाग्नुभयो । यसरी भागेको देखेर सूरदास भन्दछन्—

हस्तमुत्क्षिप्य यातोऽसि बलात्कृष्ण ! किमद्भुतम् ।
हृदयाद्यदि निर्यासि पौरुषं गणयामि ते ॥

हे कृष्ण ! बलपूर्वक मेरो हात फुत्काएर भाग्नुहुन्छ, यसमा के आश्चर्य छ ! यदि मेरो हृदयबाट पनि यसैगरी भाग्न सक्नुभयो भने अनि म तपाईंलाई बलवान् ठान्नेछु । तेस्रो 'तीव्र' शरणागतिको उदाहरणमा दूतका प्रति यमराज-को वचन छ—

सकलमिदमहञ्च वासुदेवः
परमपुमान्परमेश्वरः स एकः ।
इति मतिरचला भवत्यनन्ते
हृदयगते व्रज तान् विहाय दूरात् ॥
(विष्णुपुराण)

"यो सम्पूर्ण जगत् र म वासुदेवदेखि भिन्न छैनौं, उनी परम पुरुष, परमेश्वर, एक अर्थात् अद्वैत हुनुहुन्छ'; यस्तो दृढ बुद्धि, वासुदेवको हृदयमा बोध भएपछि हुन्छ; यस्तो विचार भएका प्राणीहरूलाई तिमीहरूले टाढैबाट छोडेर जानू ।

शरणागतिको यो तेस्रो अन्तिम अवस्था नै गी० ७।१६ मा बताएको भक्तको चतुर्थ श्रेणी हो, यही उपासनाको पराकाष्ठा, ज्ञानको परानिष्ठा तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मको नैष्कर्म्य सिद्धि हो। यस अवस्थामा पुगेपछि योगीले जनार्दनलाई जगत्-रूपमा, जगत्लाई आत्मरूपमा देख्न लाग्दछ। यस्तो अद्वैत आत्मज्ञानै सम्पूर्ण धर्मको मूल हो ; किनकि आफ्नू आत्मा र अरूको आत्मालाई एउटै देखिसके-पछि धर्मका विषयमा सुन्नुपर्ने केही पनि बाँकि रहँदैन (७।२)। याज्ञवल्क्य मुनिले भन्नुभएको छ—'अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम्' (१-८)—यो नै सबैभन्दा परम धर्म हो जो योगद्वारा आत्माको दर्शन गर्नु हो। त्यो धर्मात्मा होइन जो आफ्नू आत्मा र अरूको आत्मालाई भिन्न दृष्टिले व्यवहार गर्दछ। यसैले गीता ६।३२ मा सर्वश्रेष्ठ योगी उसैलाई मानेको छ जसको प्राणीमात्रको सुख-दुःखमा आत्मौपम्य बुद्धि छ। यही आत्मौपम्य बुद्धि नै सम्पूर्ण धर्माचरणको र विशुद्ध सामाजिक नीतिको आधारशिला हो औ अपरिवर्तनीय सनातन धर्मको मूल हो। यसैका आधारमा युगानुसार बनेका समाजका विभिन्न आचारहरू शाखा-धर्म हुन्, यिनको परिवर्तन समय-समयमा भइरहन्छ। अतएव भिन्न-भिन्न सांप्रदा-यिक धर्महरू मुख्य होइनन्, गौण हुन्, मुख्य धर्म भगवत्शरणागतिद्वारा प्राप्य आत्मौपम्य बुद्धि नै हो। यसैले भगवान् कृष्णले अर्जुनद्वारा विश्वमा यो अन्तिम घोषणा दिनुभएको छ—'सबै धर्मलाई छोडेर मेरो शरणमा आऊ' अर्थात् भिन्न-भिन्न धार्मिक समाजका एकदेशी नीति-नियमरूप गौण धर्ममा नअल्झिकन आत्मौपम्य बुद्धिरूप मुख्य धर्मकै आश्रय लेऊ। इति शम् ॥६४।६५।६६॥

गीताशास्त्र समाप्त भयो, अब यसलाई परम्पराप्रचार गराउनको निम्ति शास्त्रसंप्रदाय विधि सुनाउनुहुन्छ—

इदं ते नातपस्काय नाभक्ताय कदाचन।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

अन्वयार्थः

इदम	=	यो (मोहनाशको निम्ति मैले बताएको ज्ञान)	ते	= तिमीले
			अतपस्काय	= तपस्या नगरेकोलाई
			न	= नभन्नू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभक्ताय	=	अभक्तलाई	यः च	=	औ जो
कदाचन	=	कहिल्यै	माम्	=	मलाई
न	=	नभन्नू	अभ्यसूयति	=	निन्दा गर्दछ
अशुश्रूषवे च	=	सुन्ने इच्छा नभएकोलाई पनि	(तस्मै)	=	त्यसलाई पनि
न वाच्यम्	=	नभन्नू	न	=	नभन्नू

सरलार्थ

यो मैले तिमीलाई सुनाएको ज्ञान तपस्या नगरेको, अभक्त तथा श्रवण गर्ने रुचि नभएको मनुष्यलाई कदापि नभन्नू, औ जो मेरो निन्दा गर्दछ त्यसलाई पनि नभन्नू।

गीता-प्रचारको महत्त्व—

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

अन्वयार्थः

यः	=	जसले	पराम्	=	परम
इमम्	=	यो	भक्तिम्	=	भक्तिलाई
परमम्	=	परम	कृत्वा	=	गरेर
गुह्यम्	=	गोप्यलाई	माम् एव	=	मैमा
मद्भक्तेषु	=	मेरा भक्तहरूमा	एष्यति	=	प्राप्त हुनेछ
अभिधास्यति	=	भन्नेछ	असंशयः	=	संशय छैन
मयि	=	ममा			

सरलार्थ

जसले यो अत्यन्त रहस्यमय गीताशास्त्रलाई मेरा भक्तहरूमा गएर सुनाउनेछ, त्यसले मेरा ऊपर परम भक्ति गरेर निःसन्देह मैमा प्राप्त हुनेछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

अन्वयार्थः

तस्मात्	=	त्यसभन्दा	तस्मात् च	=	औ त्यसभन्दा
मे	=	मेरो	अन्यः	=	अर्को
प्रियकृत्तमः	=	अधिक प्रियकारी	मे	=	मेरो
मनुष्येषु	=	मनुष्यहरूमा	प्रियतरः	=	अत्यन्त प्रिय
कश्चित्	=	कोही	भुवि	=	पृथिवीमा
न	=	छैन	न च भविता	=	हुने पनि छैन

सरलार्थ

गीताशास्त्रको प्रचार गर्ने त्यो भन्दा मेरो अधिक प्रियकारी मनुष्यहरूमा कोही छैन, औ पछि पनि त्यसभन्दा मेरो अत्यन्त प्रिय अर्को कोही पृथ्वीमा हुनेछैन ।

गीता-अध्ययनको फल—

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

अन्वयार्थः

यः	=	जो	अहम्	=	म
आवयोः	=	हामी दुईको	ज्ञानयज्ञेन	=	ज्ञानयज्ञले
इमम्	=	यो	इष्टः	=	पूजा गरिएको
धर्म्यम्	=	धर्मयुक्त	स्याम्	=	होउँला
संवादम्	=	वार्तालापलाई	इति	=	यस्तो
अध्येष्यते च	=	पढ्नेछ	मे	=	मेरो
तेन	=	त्यसद्वारा	मतिः	=	विचार छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सरलार्थ

जसले हामी दुईको यो धर्मयुक्त संवाद-(गीताशास्त्र)-लाई अध्ययन गर्ला, त्यसले मलाई ज्ञानयज्ञद्वारा पूजा गरेको मान्नेछु ।

गीता-श्रवणको फल—

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

अन्वयार्थः

यः	=	जो	सः अपि	=	त्यो पनि
नरः	=	मनुष्य	मुक्तः	=	मुक्त भएर
श्रद्धावान्	=	श्रद्धायुक्त	पुण्यकर्मणाम्	=	पुण्य कर्म गर्नेहरूका
अनसूयः च	=	औ दोषदृष्टिरहित भएर	शुभान्	=	शुभ
			लोकान्	=	लोकहरूलाई
शृणुयात् अपि	=	सुन्दछ भने पनि	प्राप्नुयात्	=	पाउला

सरलार्थ

जो मनुष्यले (यो गीताशास्त्रलाई) श्रद्धापूर्वक दोषबुद्धिलाई त्यागेर केवल सुन्दछ मात्र भने पनि त्यसले पनि समस्त पापबाट छुटेर पुण्यात्माहरूले पाउने शुभ लोकलाई पाउला ।

तात्पर्य

पुण्यलोक-प्राप्तिरूप फल सकाम श्रवणको हो, निष्काम श्रवणको होइन । निष्काम श्रवणको फल चित्त-शुद्धि परंपरया मुक्ति नै हुन्छ । यो व्यवस्था पनि केवल वर्णात्मक-शब्दको श्रोत्रेन्द्रियद्वारा साक्षात्कारको मात्र हो, शाब्दी प्रमाको होइन । शाब्दी प्रमा तत्त्वज्ञानै हो, जसको फल मुक्तिद्वारा आत्माको चिर शान्ति नै हुन्छ ॥ ६७।६८।६९।७०।७१ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता सुनेर अर्जुनलाई तत्त्वज्ञान भयो कि भएन, यसको जाँच—

कच्चिदेतच्छ्रुतं पार्थ ! त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनंजय ! ॥७२॥

अन्वयार्थः

पार्थ !	=	हे अर्जुन !	कच्चित्	=	के ?
एतत्	=	यसलाई	धनञ्जय !	=	हे अर्जुन !
त्वया	=	तिमीले	ते	=	तिम्रो
एकाग्रेण	=	एकाग्र	अज्ञानसंमोहः	=	अज्ञानजनित मोह
चेतसा	=	चित्तले	प्रनष्टः	=	नाश भयो
श्रुतम्	=	सुन्यौ	कच्चित्	=	के ?

सरलार्थ

हे पार्थ ! के तिमीले यस-(गीताशास्त्र)-लाई राम्ररी चित्त लगाएर सुन्यौ ? हे धनञ्जय ! के तिम्रो अज्ञानद्वारा उत्पन्न भएको (यी मेरा हुन्, म मार्दछु भन्ने) मोह नष्ट भयो ?

तात्पर्य

दयालु गुरुको यो स्वभावै हो कि—जहाँसम्म शरणागत शिष्यको अज्ञान पूर्ण रूपले नष्ट हुँदैन, त्यहाँसम्म उपदेश दिंदै रहनु । यसैले श्रीभगवान् अर्जुनलाई सोध्नुहुन्छ—हे पार्थ ! यो ज्ञान तिमीले ठीकसँग सुन्यौ कि सुनेनौ ? तिम्रो अज्ञानजनित मोह नष्ट भयो कि भएन ? उपदेशका अन्तमा यस्तो किसिमको उद्बोधक वचन भगवान्ले उद्धवलाई पनि भन्नुभएको छ—

अप्युद्धव ! त्वया ब्रह्म सखे ! समवधारितम् ।
अपि ते विगता मोहः शोकश्चासौ मनोभवः ॥
(श्री० भा० ११।२९।२९)

हे उद्धव ! के तिमीले ब्रह्मलाई निश्चय गऱ्यौ ? हे सखे ! के तिम्रो मोह र मनको शोक गयो ? ॥ ७२ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्जुनको सफल उत्तर—

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ! ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

अन्वयार्थः

अच्युत !	=	हे भगवन्	लब्धा	=	पाएँ
त्वत्प्रसादात्	=	तपाईंको कृपाबाट	गतसन्देहः	=	सन्देह-नाश भएको (म)
			स्थितः	=	खडा
मोहः	=	मोह	अस्मि	=	छु
नष्टः	=	नाश भयो	तव	=	तपाईंको
मया	=	मैले	वचनम्	=	वचनलाई
स्मृतिः	=	ज्ञान	करिष्ये	=	गर्नेछु

सरलार्थ

हे अच्युत ! तपाईंको कृपाले मेरो मोह नष्ट भयो, औ मैले स्मृति (ज्ञान) पाएँ । म अब सन्देहरहित खडा भएको छु । तपाईंकोवचनलाई पालन गर्नेछु अर्थात् आज्ञानुसार युद्ध गर्नेछु ।

तात्पर्य

आपस्त कुटुम्ब तथा गुरुजनहरूलाई देखेर अर्जुनलाई मोहान्धकारले छोपेको थियो, यसैले उनी आफ्नू कर्तव्यबाट पराङ्मुख भएका थिए । २।७ मा भनेका छन्—"पृच्छामि त्वां धर्मसंमूढचेताः"—आफ्नू कर्तव्य धर्मको निर्णय गर्न नसकेर म तपाईंसँग सोद्धछु' । अहिले श्रीभगवान्का उपदेशले तिनको मोहरूपी निशा हरायो, कर्तव्य धर्मको अचल स्मृति सूर्य झैं हृदयाकाशमा उदायो, सन्देहरूपी निशाचरहरू भागे । श्रुतिमा पनि लेखिएको छ—स्मृतिलम्भे सर्वग्रन्थिनां विप्रमोक्षः' —स्मृति प्राप्त भएपछि समस्त ग्रन्थि-(संशयरूपी गाँठा)-हरू फुक्दछन् । फलतः अब अर्जुन भगवान्को उपदेशानुसार फलाफल परमेश्वरमा अर्पण गरेर उदार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिले स्वभाव-नियत कर्तव्य-(युद्ध)-मा प्रवृत्त हुने निश्चय गरेका छन्। अर्जुनका उक्त सन्तोषपूर्ण एवं सफल प्रतिवचन-(उत्तर)-द्वारा गीताशास्त्रको श्रवण, मनन तथा अध्ययन गर्ने व्यक्तिलाई पनि कर्तव्य धर्मको ज्ञान भैकन अन्तमा चिरशान्ति मिल्दछ भन्ने कुरा सूचित हुन्छ ॥ ७३ ॥

अर्जुन र कृष्णको शास्त्रसम्बन्धी संवाद समाप्त भयो। अब सञ्जय र धृतराष्ट्र-को संवाद प्रारम्भ हुन्छ—

संजय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

अन्वयार्थः

इति	=	यस्तो	अद्भुतम्	=	अद्भुत
अहम्	=	मैले	रोमहर्षणम्	=	रोमाञ्चकारी
वासुदेवस्य	=	वासुदेवको र	इमम्	=	यो
महात्मनः	=	महात्मा	संवादम्	=	वार्तालापलाई
पार्थस्य च	=	अर्जुनको	अश्रौषम्	=	सुनें

सरलार्थ

संजय भन्दछन्—यस्तो यो श्रीभगवान् वासुदेवको र महात्मा अर्जुनको अद्भुत एवं रोमाञ्चकारी संवादलाई मैले सुनें।

तात्पर्य

सञ्जयले श्रीभगवान्को विराट् रूपलाई देखे औ समस्त वेदराशिको निचोड व्याख्या पनि सुने, यसैले उनका हृदयमा एउटा अवर्णनीय अवस्था प्रकट भए-को छ, त्यसैको परिचय 'अद्भुत' र 'रोमहर्षण' शब्दद्वारा दिएका छन् ॥ ७४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हस्तिनापुर-(वर्तमान दिल्ली)-मा बसेका संजयले कुरुक्षेत्रका रणक्षेत्रमा भएको वृत्तान्त जान्नाको कारण—

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम् ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

अन्वयार्थः

अहम्	=	मैले	साक्षात्	=	साक्षात्
एतत्	=	यो	स्वयम्	=	आँफै
परम्	=	अत्यन्त	योगेश्वरात्	=	योगेश्वर
गुह्यम्	=	गुह्य	कृष्णात्	=	कृष्णबाट
योगम्	=	योगलाई	कथयतः	=	भन्नुभएको
व्यासप्रसादात्	=	व्यासका कृपाबाट	श्रुतवान्	=	सुनें

सरलार्थ

व्यासजीका अनुग्रहले मैले यो परम गोप्य योगलाई साक्षात् स्वयं योगेश्वर कृष्णका मुखबाट भनेको सुनें ।

तात्पर्य

सञ्जयलाई व्यासले दिव्य दृष्टि दिएको कुरा गीताको 'पूर्व-प्रसङ्ग'-मै लेखिएको छ । दिव्य दृष्टिको अर्थ केवल नेत्रको ज्ञान मात्र होइन, किन्तु एक प्रकारले ज्ञानेन्द्रियका सबै विषयको ज्ञान हो । यसो भए मात्र कुरुक्षेत्रमा भएको कृष्णार्जुन-संवादलाई कानले पनि सुनेको कुरा युक्तिसङ्गत ठहर्छ । योगेश्वरको अर्थ ११।४ मा छ ॥ ७५ ॥

संजयको गीता-श्रवणजन्य आत्माभिनन्दन—

राजन् ! संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

राजन् !	=	हे राजन् !	संवादम्	=	वार्तालापलाई
इमम्	=	यो	संस्मृत्य संस्मृत्य	=	संझी-संझीकन
केशवार्जुनयोः	=	कृष्ण र अर्जुनको	मुहुः मुहुः	=	बारम्बार
अद्भुतम्	=	अद्भुत	हृष्यामि च	=	हर्षित हुन्छु,
पुण्यम्	=	पुण्य			

सरलार्थ

हे राजन् ! श्रीभगवान् कृष्णको र अर्जुनको यो अद्भुत तथा पुण्यमय वार्त्तालापलाई क्षण-क्षणमा सम्झेर म बारम्बार हर्षले प्रफुल्लित हुन्छु ।

तात्पर्य

अत्यन्त रहस्यमय कर्म-उपासना-ज्ञान सम्बन्धी अश्रुतपूर्व संवादलाई सुनेर संजय कृतकृत्य भए, उनका हृदयमा यो घटना पूर्णिमाको समुद्रको लहरी उर्लें झैं बार-बार उम्लेर आउन थाल्यो, ती हर्षका मदले विह्वल भए । यस अवस्थामा मनुष्यका आँखा प्रायः अश्रुपूर्ण, वाणी गद्-गद्, शरीर रोमाञ्चित हुन्छ । यो संभ्रम श्लोकमा दुई पटक उच्चारण भएको 'संस्मृत्य' शब्दद्वारा व्यक्त भएको छ ।

'केशव' अर्थात् क = ब्रह्मा, ईश = शङ्कर, यी दुवैलाई जसले वाति = अनुकम्पाद्वारा रक्षा गर्दछ, त्यो 'केशव' कहिन्छ ।

जस्तै :—

क इति ब्रह्मणो नाम ईशोऽहं सर्वदेहिनाम् ।
आवां तवाङ्गसंभूतौ तस्मात् 'केशव' नामवान् ॥

(हरिवंशपुराण)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्कर भन्नुहुन्छ—

'क' यो ब्रह्माको नाम हो, म समस्त प्राणीको ईश्वर हुँ । हामी दुवै तपाईंको अङ्गबाट उत्पन्न भएका हौं, त्यस कारण तपाईंको नाम 'केशव' रहेको छ ॥७॥

सञ्जयको विराट्-दर्शनजन्य आत्माभिनन्दन—

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान् राजन् ! हृष्यामि च पुनः पुनः ॥७७॥

अन्वयार्थः

राजन् !	=	हे राजन् !	मे	=	मलाई
तत् च	=	त्यो	महान्	=	ठूलो
अति अद्भुतम्	=	अत्यन्त अद्भुत	विस्मयः	=	आश्चर्य हुन्छ
हरेः	=	हरिको	पुनः पुनः	=	बारम्बार
रूपम्	=	रूपलाई	हृष्यामि च	=	हर्षित पनि हुन्छु
संस्मृत्य संस्मृत्य	=	सम्झी-सम्झीकन			

सरलार्थ

हे राजन् ! त्यो अत्यन्त अद्भुत श्रीहरिको रूपलाई क्षण-क्षणमा सम्झेर मलाई महान् आश्चर्य हुन्छ तथा बारम्बार हर्षले प्रफुल्लित हुन्छु ।

अब अन्तमा संजय धृतराष्ट्रको अन्तर्दुराशा बुझेर आफ्नू विचार व्यक्त गर्दछन्—

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे मोक्षसंन्यासयोगो नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्वयार्थः

यत्र	=	जहाँ	श्रीः	=	राज-लक्ष्मी
योगेश्वरः	=	योगेश्वर	विजयः	=	विजय
कृष्णः	=	कृष्ण छन्	भूतिः	=	ऐश्वर्य
यत्र	=	जहाँ	नीतिः	=	नीति
धनुर्धरः	=	धनुर्धारी	ध्रुवा	=	अवश्यम्भावी छन्
पार्थः	=	अर्जुन छन्	मम	=	मेरो
तत्र	=	त्यहाँ	मतिः	=	विचार छ

सरलार्थ

मेरो विचारमा जहाँ योगेश्वर श्रीकृष्ण हुनुहुन्छ तथा जहाँ धनुर्धारी पार्थ छन्, त्यहीं राज-लक्ष्मी, विजय, ऐश्वर्य औ नीति अवश्यंभावी छन् ।

तात्पर्य

'यतो धर्मस्ततो जयः' यस वचनानुसार धर्म जुन पक्षमा रहन्छ, त्यही पक्ष विजयी हुन्छ । श्रुतिमा पनि लेखिएको छ—'सत्यमेव जयते नानृतम्' (मु. ३-१-६)—सत्यकै विजय हुन्छ, झुट्टाको हुँदैन । प्रथमतः पाण्डवहरू स्वयं धर्मको रेखा नाघ्न चाहँदैनन्, त्यसमा पनि सर्वधर्मको मूल भगवान् कृष्णका सहयोगले त्यो पक्ष झन् धर्मसंगत भएको छ । विशेषतः श्रीभगवान् पनि धर्मकै पक्षपाती हुनुहुन्छ, महाभारतका उद्योगपर्वमा लेखिएको छ—'यतोधर्मस्ततः कृष्णः यतः कृष्णस्ततो जयः' —जता धर्म उतै कृष्ण, जता कृष्ण उतै विजय । राज-लक्ष्मी, विजय-लक्ष्मी, धर्म-सम्पदा तथा नैतिकता आदि सद्गुण पनि सबै धर्मकै अनुयायी हुन्छन् । अधिकन्तु वीर अर्जुन र नीतिमान् कृष्ण हुँदाहुँदै कौरवहरूले विजय पाउनु असंभव-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को कुरो छ। त्यस कारण धृतराष्ट्रको विजयाशा केवल दुराशा मात्र हो, बरू पाण्डवका साथ सन्धि नै गर्न उचित थियो ॥७७।७८॥

यस्ता प्रकारले श्रीमद्भगवद्गीतारूपी उपनिषद्मा ब्रह्मविद्याका अन्तर्गत योगशास्त्रमा श्रीकृष्ण र अर्जुनको संवादमध्ये मोक्षसंन्यासयोग नाम गरेको अठारौं अध्याय समाप्त भयो ॥ १८ ॥

ॐ तत्सत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमाऊँ भाषा में द्वि शब्द

(श्री १०८ स्वामी वासुदेवानन्दजी महाराज न्यायवेदान्तादि पञ्चतीर्थं)

गित पढ़िवेर जोगी हैजानि गलत बात छू, मरण बखत सुणुँल योलै झुठि बात छू, अर्जुन, श्रीकृष्ण जोगी निभया, तब आपूँ कसिक होला ! युद्ध मैदान में गीतक उपदेश कृष्णैल कुरुक्षेत्राक भूमि में करौ यदुक बात खूब प्रसिद्धै छू। शुद्ध ज्ञान-भक्ति-निष्कामकर्म-योगक विवेचन यमें छू।

श्रीवाजी ईश्वरानन्द स्वामी विद्वान् छन्, उनोंले नैपाली भाषा में सरल तात्पर्य्य-निरूपण करीवेर गीताको रहस्य भल वर्णन करी हालो छ। कुमाऊँ, गढ़वाल, भोटान इत्यादि पर्वतीय-भाई बहन समझी सकनी। पुस्तक घर-घर संग्रह करणीय छू। कठिन पोथिक विद्वत्ता-पूर्ण प्राञ्जल मधुर मातृभाषा में सफल यत्न देखीवेर धन्यवाद करण लायक छू, पर्वतीय बोली में यो प्रथम प्रयास छू। पर्वतीय सज्जन भाई-बहन गीताक खूब लाभ उठैवेर अर्जुन जसा वीर कर्मयोगी अवश्य हौला। ॐ नमो नारायणाय

जोगी ताको जानिए जो गीताको जान।
जोगी ता ना जानिये जो गीता ना जान॥

— भवदीय :—वासुदेवानन्द :

श्रीः

हिमालयको टाकुरो !

श्री १०८ स्वामी महेश्वरानन्दजी महाराज (महन्त) वाराणसी

हिमालय पर्वतको गगनचुम्बी उत्तुङ्ग शिखरको आरुरुक्षु पहिले साना-ठूला धेरै नै पर्वतहरू नाघेर गएपछि मात्र गिरिराजको पदपङ्कजमा उपस्थित हुन्छ। जस्तै—अनेक जन्मका कर्मोपासनाले मात्र भगवद्भक्ति प्राप्त हुन्छ। जति-जति क्रमशः पर्वतारोही अगाडि बढ्दै जान्छ, उति-उति शीतल पवनको स्पर्श गर्दै, दिव्य पुष्पहरूको गन्ध लिंदै, सुरम्य घाटीहरू-को दृश्य हेर्दै, अरण्यानीका खगहरूको सुमधुर कलरव सुन्दै जान्छ। जस्तै-उपासक योगीलाई योगमार्गका सोपानमा प्रगति हुँदै जाँदा दिव्य गन्ध, दिव्य स्पर्श तथा अनाहत ध्वनि आदि-को अभिव्यक्ति हुँदै जान्छ। एकभन्दा एक सोझै आकाशतिर गएका सुगन्धित सुन्दर देवदारुका वृक्षहरूले म जस्तै सरल र कीर्तिमान् भयौ भने तिम्रो निम्ति केही दुर्गम छैन भन्ने उपदेश पथिकलाई दिइरहेका छन्। अलिक पर पुगेपछि भुर्जपत्रको वन आँउद-छ, मनुष्यहरू भुर्जपत्र काम लाग्दछ भन्दै धमाधम बोक्रा झिक्न लाग्दछन्; तर भुर्ज-पत्र 'मेरो छाला किन तर्दछौ ?' भन्दैन, झन् सुन्दर देखिएर चम्कन थाल्दछ र शिक्षा दिन्छ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि–सरल र कीर्तिमान् भएर मात्र हुँदैन, मौकामा आफ्नू छाला तरेर भए पनि खुशीसाथ अर्काको उपकार गर्न सक्नुपर्दछ। ठाउँ-ठाउँमा अति उच्च हिमालयका पाषाण-सम्पुट-बाट झरेका लम्बायमान छहराहरू प्रकृति देवीले आफ्ना करसम्पुटबाट उस परात्पर दिव्य-ज्योतिलाई अर्घ दिइरहेका जस्ता देखिन्छन्। किन नदिऊन्? प्रकृतिको यो आँखै तिरी-मिरी पार्ने दिव्य वैभव, भव्य सजावट जति छन्, ती सबै चेतन विना मुर्दाको साज-शृङ्गार जस्तै व्यर्थ छन्। फेरि अगाडि बढ्दै जाँदा विशाल दुर्गम चट्टानहरू र धारिला गेगरे ढुङ्गाको विषम पन्थाले "क्षुरस्य धारा निशिता दुरत्यया" भन्ने वचन सम्झाउँदछन्। जब यात्री यी सबै कुराहरूको पर्वाह नगरी केवल शिखरको लक्ष्य गरेर अगाडि नै लम्कन्छ त्यस वेला त्यो शम-दमादि साधनसम्पन्न मुमुक्षु जस्तै देखिन्छ। यो कष्ट काटिसकेपछि यस पुण्यको फलरूप जस्तै स्थान आइपुग्दछ; जहाँ रङ्ग-विरङ्गका पुष्पोद्यान, विचित्र वर्णका कमल-पुष्प, शीतल-विमल-अनुपम-मधुर जलका कुण्डहरू, आसनयोग्य सुन्दरतम शिलापट्टिका, निवासयोग्य सुरक्षित रम्य गह्वर, हिमाच्छादित पर्वतमालाको धवल-सौधावली स्वागतका निम्ति तयार छन्। मानौं सत्यलोकका पथिकलाई लोभ्याउने स्वर्ग नै हो कि जस्तो देखिन्छ। प्रकृतिको यो अनेकता, सुरम्यता, विशालता, पावनता, गम्भीरता, सुकुमारता तथा नैसर्गिक सुन्दरता वर्णनातीत वैभव, कर्मातीत भव्य रचना सुनियन्त्रित व्यवस्थालाई देखेर मानवीय कृत्रिम सुन्दरता केवल सुन्दरताका व्यङ्ग्य चित्रमात्र बाँकि रहन्छन् र साथै अनुमान हुन लाग्दछ कि–यस दिव्य वटिकाको माली कोही न कोही अवश्य होला। यही भावमा अतिमुग्ध भएका महर्षि याज्ञवल्क्यको उद्गार छ—"आराममस्य पश्यन्ति न तं पश्यति कश्चन"—उसको बगैंचालाई सबैले देख्दछन्, उसलाई कसैले देख्दैन। किनकि ऊ एकदम् हिकालयको टाकुरैमा बसेको छ, त्यहाँ कोही जान सक्तैन। कुनै हजारौं, लाखौं, करोडौंमा एक बगैंचाको रसमा नभुलेर शिखरमै पुग्दछ र यस विश्व-वटिकाको मालीलाई भेटी अवाङ्मनसगम्य, अनुपम सुखलाई पाउँदछ। यसैले गीता भन्दछिन्—

"मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः॥ ७-३॥

हजारौं मनुष्यमा कोही एउटा जीवन-साफल्यको निम्ति यत्न गर्दछ औ यत्न गर्ने हजारौंमा कोही एउटाले मात्र मलाई यथार्थ जान्दछ।

स्वदेश-निवासी प्रिय बन्धु हो! मनुष्य-जीवनको लक्ष्य र त्यो हिमालयको टाकुरामा केही अन्तर (फरक) छैन। जसमा चढ्नलाई त्याग, तपस्या र तत्परता; यी तीन 'तकार'-लाई पहिले खूब पढेर अनि त्यसलाई आफ्नू दैनिक जीवनमा उतार्ने चेष्टा गर्नुपर्दछ। म आफ्नू दृष्टिकोणबाट समग्र गीतालाई यिनै तीन तकारको व्याख्यान मान्दछु। विश्वमा ज्ञानको ज्योति जगाएर अज्ञान-अन्धकारमा अल्मलिएको मनुष्य-जीवनको लक्ष्यलाई सुस्पष्ट गराइदिने केवल गीता नै छ। अतः तपाईंहरू सबका प्रति मेरो अनुरोध छ कि—"सर्वशास्त्रमयी गीता" एउटा पढ्न सक्नुभयो भने अरु धेरै शास्त्र पढिरहन पर्नेछैन। परन्तु—"गीता सुगीता कर्तव्या"—गीतालाई सुगीता गर्नुपर्दछ। सुगीताको अर्थ हो—राम्ररी पढ्नु। राम्ररी पढ्नलाई आफ्नू भाषामा राम्रो अर्थ चाहिन्छ। अहिलेसम्म प्रकाशित भएका नेपाली भाषामा गीताका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MJDF- Delhi

अनुवादहरू सरलार्थ र पद्यानुवाददेखि अगाडि वढ्न सकेका थिएनन्। अहिले आनन्दकन्द-व्रजेन्द्र-श्रीकृष्णचन्द्र भगवान्को हाम्रा ऊपर असीम अनुग्रह भएर श्रीमत्परमहंस-परिव्राजकाचार्य्य-श्रोत्रिय-ब्रह्मनिष्ठ श्री १०८ स्वामी ईश्वरानन्दजी महाराजबाट हाम्रो राष्ट्रभाषामा गीता-तात्पर्य लेख्नुभयो; जसबाट अलि-अलि अक्षरमात्र पढेकाले पनि 'सुगीता'-गर्न सक्तान् भन्ने मलाई विश्वास छ। यसमा समस्त दर्शन-श्रुति-स्मृति-पुराण-इतिहासका उद्धरणहरू दिएर हर-एक विषयको पाण्डित्य पूर्ण शंका-समाधान गरिएको छ। यसको मुद्रणकालमा श्रीस्वामीजी चैतन्यमठ वाराणसीमै निवास गर्नुभएको थियो, त्यस कारण गीताका सबै फाइलहरू हेर्ने सुअवसर मलाई पनि मिल्यो।

मेरा प्रिय बन्धु हो ! जस्तै समुद्रको खारा पानी पिउन सकिंदैन, त्यही पानी वादलले ल्याएर वर्षा गरेको अत्यन्तै सुमधुर हुन्छ, त्यस्तै समुद्रझैं गम्भीर दुरूहार्थ गीता उही भए तापनि स्वामीजीका प्रबचन-लेख आदि मधुर पेय जस्तै हुनाले सर्वसाधारण-देखि विद्वान् सम्मलाई हृदयग्राही र उपादेय छन्; यो कुरो तपाईंहरू सबैले अनुभव गर्नुभएकै छ। यो हाम्रो निम्ति ठूलो सौभाग्यको कुरो हो कि नेपालमा पनि उहाँजस्ता महापुरुषले गीता-ज्ञान-प्रसारको निम्ति गीताध्ययन-मण्डलद्वारा ठाउँ-ठाउँमा गीताप्रवचन र शान्ति-पत्रिकाद्वारा अध्यात्म-ज्ञानको सन्देश दिनुभएको छ।

अन्तमा म पुनः आफ्ना देशका दिदी-बहिनी तथा बन्धुहरूसँग अनुरोध गर्दछु कि सबैका घर-घरमा गीता, सबैका हात-हातमा गीता, सबैका मुख-मुखमा गीता तथा बालक-बालिकाहरूका पाठशाला-स्कूल-कालेजका पाठ्यक्रममा पनि गीता रहोस् जसबाट भावीमा अर्जुन जस्तै धीर-वीर, कर्तव्य-परायण तथा देशभक्त होऊन्। श्रीगीता-माताको जय ! 'ॐ तत्सत्'

सर्वेषां सज्जनानां शुभाकाङ्क्षी

महेश्वरानन्द

वैक्रमाब्द १५ भा० शु० हरिकोलटी ११

श्री

दृढ धारणा

विश्वका सबै सभ्य भाषामा श्रीमद्भगवद्गीताको अनुवाद भएको छ, यसैबाट गीताको उपयोगिता र महत्ता सिद्ध छ। नेपाली भाषामा पनि गीताको व्याख्या धेरै प्रकारबाट भएको छ। परन्तु 'गीतातात्पर्य'-को स्थान सब भन्दा ऊँचो छ। वेद र उपनिषद् दुहेर भगवान् गोपालनन्दनले निकाल्नुभएको गीतादुग्ध मथेर गीताध्ययनमण्डलका प्रवर्तक स्वामी श्री ईश्वरानन्दजीले नौनीको रूपमा यो 'गीतातात्पर्य' निकाल्नुभएको छ भन्दा कुनै अत्युक्ति हुने छैन। यस नौनीको उपयोग गरेर नेपालीमात्रले तापत्रयबाट आत्तिएको मस्तिष्कलाई शान्त गराउन सक्नेछन् भन्ने दृढ धारणा छ।

नेपाल राष्ट्रिय पुस्तकालय,
सिंहदरवार,
२७ सौर चैत्र, सं० २०१४

गङ्गाधरपराजुली
न्याय-वैशेषिक-दर्शनाचार्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्गार

श्री पं० बदरीनाथ भट्टराई धर्मशास्त्राचार्य नेपाल

गीता पढे बहुलाइन्छ भन्ने कुरा सानै हुँदा मेरो कानमा परेको थियो, तर त्यसको कारण मलाई थाहा थिएन। त्यही ऐतिह्य आभासको आधारमा साहित्यशास्त्री प्रथम खण्ड दिउन्जेल गीताको पुस्तक खोलेको थिइनँ। त्यही ताक कलकत्ताको वेदान्त तीर्थ परीक्षा दिने विचार उठ्यो, अनि पाठ्यक्रम-अनुसार गीता पढ्नुपर्ने देखिएकोले विहान-विहान पाठ गर्न शुरू गरें। ६ अध्यायसम्म पाठ गरिसक्दा भाषा ज्यादै सरल र मीठो लाग्यो। शरीर आफु होइन रहेछु, किन्तु यस्ता लुगा धेरै फेरें हुँला जस्तो मलाई लाग्यो। गेरुवाल लुगा लाउने जोगी हो भन्ने धारणा हट्यो। फलको वास्ता नराखेर काम गर्ने पो योगी ठहरिंदो रहेछ। योगको अर्थ 'जोडिनु' हुँदा परमात्मासँग जुट्न सङ्कल्प अर्थात् मनका कुरा नछाडी हुँदो रहेनछ भन्ने पत्ता लाग्यो। "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन। मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥" इत्यादि मन्त्रहरूको प्रभाव मनमा पऱ्यो। यो कर्मयोगलाई प्रयोगात्मक रूपमा ढालेर 'त्वं' पदको शोधन गर्न नसके पनि सकेसम्म फलको इच्छा नराखेर उचित कर्म गर्नुपर्ने रहेछ भन्ने बुझें अनि निधो गरें, (के शिक्षक, के रक्षक, के कर्षक, के सेवक, के वैज्ञानिक, के राजनीतिक अथवा जो सुकै होस् अर्थात् मनुष्य मात्रले गीता पढ्नै पर्ने रहेछ।)

क्रमशः बाह्र अध्याय सिद्धिएपछि विक्षेप हटाउनाको लागि उपासनाको आवश्यकता देखें। इष्टको नजीकमा वस्तु उपासनाको अर्थ हो अर्थात् शास्त्र मुताविक उपास्य अर्थको विषय गरी नजीकमा पुगेर तेलको धारा जस्तै उही स्थितिमा धेरै बेरसम्म रहिरहनु उपासना रहेछ भन्ने ठानें। सातौंदेखि बाह्रौंसम्ममा छैटौं अध्यायको 'आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत्' को व्याख्या गरे जस्तो लाग्यो। व्यष्टिभाव छोड्नु, कुरा नफुराउनु, अनि आनन्दरूप हुनु नै उपासनाको स्वरूप सम्झें। अन्त मन नलगाएर सधैं हरबखत परमात्मालाई सम्झिरहनु भक्ति हो; अथवा आफ्नो स्वरूपको अनुसन्धान गर्नु नै भक्ति हो भन्ने भनाइमा र उपासनामा फरक देखिएन। फेरि कर्मयोग र भक्तियोगको भेद खोतल्दा पहिलोमा कर्मको प्राधान्य र दोस्रोमा उपासनाको भन्ने ठहऱ्याएँ। छोट्करीमा भन्ने हो भने नाम, र रूपलाई त्यागेर चित्त चढाउनु नै भक्ति रहेछ। 'तत्'पदको शोधन थाहा नभए पनि 'पुरुषः स परः पार्थ ! भक्त्या लभ्यस्त्वनन्यया' भन्ने मन्त्रलाई ग्रहण गरें।

तेह्रौं अध्याय त अझ गीताको मुटु जस्तै रहेछ। क्षेत्र र क्षेत्रज्ञको विभाग, तथा ज्ञान र ज्ञेयको लक्षण इत्यादिले निकै सचेत गराऱ्यो। यसै गरी गुणत्रय विभाग-योग, पुरुषोत्तम-योग, संपत्तिको विभाग, श्रद्धात्रय विभाग र मोक्ष-संन्यास योगहरूले ज्ञानको स्वरूप अझ औंल्याए। 'तमेव शरणं गच्छ' को आशय 'सर्वधर्मान् परित्यज्य' मा खुलेको जस्तो लाग्यो। तर पूर्णतया चित्त शुद्धि नभई यी कुरा असंभव हुने नै भयो। वासनाको पर्दा निर्मूल नपारी शरण परेको ठहरिने रहेनछ। 'असि' पदबाट हुने एकता प्रत्यक्ष नभए पनि भक्तियोगमा प्रयत्नपूर्वक हुने आनन्दको अनुभव ज्ञानयोगमा अप्रयत्नपूर्वक हुने रहेछ भन्ने पनि देखियो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाधिको अभ्यास नगरी वासनाको अत्यन्ताभाव नहुने हुँदा अस्ति, भाति, प्रिय, नाम, रूप यी पाँचमा अगिल्ला तीन ब्रह्मरूप र पछिल्ला दुई मायारूप भन्ने चिनेपछि कल्पित नाम र रूपलाई त्यागेर सच्चिदानन्द रूप कैवल्य पदमा रहने अभ्यास गर्नुपर्ने देखियो। तथा असङ्ग, नित्य, शुद्ध, चिद्रूप इत्यादि उपनिषद्का शब्दको पद र तात्पर्यको चिन्तनद्वारा हुने शब्दानुविद्ध समाधिद्वारा पनि हुने अननुविद्ध समाधि नै यहाँ औंल्याइएको रहेछ भने जस्तो लाग्यो।

गीता सारा वेदको सार हो भन्ने कुरामा शंका रहेन। फेरि समुद्रमा पुगेपछि खोलाहरू झैं सबै सम्प्रदाय, मत, मतान्तरले एकतामा प्राप्त हुने देखियो। अरू अलौकिक कर्महरू भन्दा यिनै ज्ञानमय विचारद्वारा नै श्रीकृष्णलाई अवतार स्वरूप मानेको हो भन्ने झल्का पनि पऱ्यो। यसरी उत्तम विचारको खानी भएकोले नै अन्ताराष्ट्रिय धर्मबाट माथि चढी विश्व सिद्धान्तको रूपमा परिणत हुने आशा पनि गरियो। तै पनि गीतालाई अनुभवात्मक रूपमा ल्याउन सकिनँ। कर्मका फलको इच्छा उब्जि नै रह्यो। विश्वको अत्यन्त विस्मृति-रूप मोक्ष त कता हो कता! संसार झूटो हो भन्ने दृढ निश्चय पनि हुन सकेन। राग, द्वेष उठि नै रहे। 'त्यागाच्छान्तिरनन्तरं' भन्ने कुरा त सपना जस्तै भयो। अनि यसको कारण के हो भनी एक सज्जनसँग प्रश्न गर्दा उनले भने, 'भात पकाएको कसौंडीको कालो एकै मस्कोमा कहीं जान्छ र? हो, जनकलाई एक पटक सिद्धगीता सुन्दैमा भएको थियो, तर त्यो अपवादको कुरो हो। कम से कम हजार आवृत्ति गीतापाठका साथ-साथै त्यसको दश-गुना मनन नगरी गीताको अर्थ खुल्ला र? साँच्चि भन्ने हो भने दैवी सम्पत्ति श्रद्धा, तत्परता, र चिन्तनको ज्यादै आवश्यकता छ। जति श्रद्धा बढी भयो उति चाँडो ज्ञान हुन्छ। तत्परता र चिन्तन पनि उही किसिमका हुन्। फेरि उपनिषद् र ब्रह्मसूत्रको अध्ययन नगरी गीताको रहस्य पत्ता लाग्दैन। फेरि यो पनि भनिदिन्छु—गीता बुझेपछि अरू कुनै कुराको आव-श्यकता रहदैन। उसैले श्रीधरको वचन दोहऱ्याउँछु, "गीता सुगीता कर्तव्या किमन्यैः शास्त्र-विस्तरैः, या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥"

गीताको दोस्रो आवृत्ति शुरू भयो, तर बीच-बीचमा शंका उठे। पहिले सँग्लिएको अर्थ पनि धमिलिन लाग्यो। पूर्वापर प्रसङ्ग मिलाउन खोज्दा पनि अल्मलिएँ। तेस्रो आवृत्तिमा त झन् मकैका फूल झैं शंकाहरू उठें। यसरी आवृत्ति पिछे शंका बढ्दै गए अनि सारा शंका-समाधान गर्ने गरी कुनै विद्वान्ले नेपालीमा टीका लेखिदिए बेस हुन्थ्यो जस्तो लागिरहेको थियो।

एकासि श्री १०८ स्वामी ईश्वरानन्दज्यूको गीतातात्पर्य देख्न पाएँ। यसमा मूल, अन्वयार्थ र तात्पर्य समेत रहेछ। अन्वयार्थ र सरलार्थले सोझो बाटो औंल्याउनेछन् र तात्पर्यले भित्री आशय खुलाएर जिज्ञासु नेपालीहरूको हृदयलाई शान्ति दिनेछ भने जस्तो मलाई लाग्यो। आदिदेखि अन्त्यसम्म पढेपछि स्वामीजीको विद्वत्ता, विचार र अनुभव पाठकहरूलाई थाहा हुन्यै छ।

बदरीनाथ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मति

–विद्यार्थी भेषजराज शर्मा व्याकरणाचार्य, प० ४ नं० गह्रौंकोट पेखु–

परमादरणीय श्री १०८ स्वामी ईश्वरानन्दज्यूले विस्तारपूर्वक लेख्नुभएको 'गीता-तात्पर्य' नामक टीका नेपाली भाषा र साहित्यका प्रेमीहरूका निम्ति अमूल्य उपहारस्वरूप छ, र गीता-प्रेमी धार्मिक सज्जनहरूका निम्ति त यो झन् उपादेय छ। किनभने एक त नेपाली भाषामा यत्तिको विस्तृत टीका आजसम्म निक्लेको छैन, त्यसमा पनि स्वामीज्यूले ठाउँ-ठाउँमा श्रुति-स्मृति-पुराणहरूको अर्थसहित प्रमाण दिएर यसलाई अत्यन्त रोचक र प्रामाणिक बनाइदिनुभएको छ। वस्तुतः स्वामीज्यूको यो प्रयास गीताको टीका लेख्नुमा मात्र नभएर नेपाली भाषा र साहित्यको विकाश-क्षेत्रमा पनि अत्यन्त सराहनीय छ। कारण, हिजो-आज नेपाली भाषामा मौलिक, अनूदित या व्याख्यानकै रूपमा भए पनि–जस्तोसुकै विचारधाराको होस्–साहित्यको ठूलो माँग छ, त्यसबाट पाठकहरू सत्य, शिव र सुन्दर बाटो पैल्याउन र मत-भेद भएमा ऊहापोह गरेर आफ्नो मत व्यक्त गर्न सक्दछन्, जो भाषा र साहित्यको विकाश-क्रम हो। यस कुरामा स्वामीज्यू स्वयं उदार हुनुहुन्छ, उहाँ माघको वचन—"भवद्भिरामवसरप्रदानाय वचांसि नः"—लाई हार्दिक स्वागत गर्नुहुन्छ। यहाँ भन्नुपर्ने आवश्यकता छैन कि आज समाजमा जो अकर्मण्यता, वैराग्य र व्यक्तिवादको भयङ्कर प्राबल्य छ, यस विषयमा कर्मयोगको व्याख्यानमा आफ्नो मौलिकता समेत थपेर स्वामीज्यूले मानिसलाई संसारप्रेमी, कर्तव्यपरायण योगी (कर्मयोगी) हुनतिर जोर दिनुभएको छ। यस कारण पाठकहरूले रुचि राखेको पक्षमा हाम्रो अपढ, अन्धविश्वासी नेपाली समाज विस्तार-विस्तार ज्ञान र कर्तव्यको सिंढीमा पाइला राख्दै जानेछ भन्नुमा केही अत्युक्ति छैन॥ शम्॥

११–१०–१९५८ ई०

वाराणसी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री 'गीता-तात्पर्य' प्रकाशनार्थ अर्थदान-द्वारा सहयोग दिने सज्जन तथा भद्र-महिलाहरूको नामावली–

काठमाडौं नेपाल

श्री सुप्रदिप्त मान्यवर जनरल प्रताप शम्शेर ज०वा०रा० को कनिष्ठा पुत्री स्वर्गीया राजकुमारी दुर्गा-दिव्येश्वरीको पुण्य-स्मृतिमा-श्रीमती प्रतापरानी साहेबज्यूबाट- भा. रु. ५०१)

श्रीराजा तारकबहादुरशाहज्यू, कालीमाटी (बडा हाकिम विराटनगर) भा. रु. ५००)

„ लक्ष्मीकुमारी देवी हलवाइनी ल० पु० मो. रु. ४००।

„ सुब्बा हरिबहादुर श्रेष्ठ, धावाछें सुनधारा ल. पु. मो. रु. १२५।

„ गोविन्ददास श्रेष्ठ, केलटोल भा. रु. १००)

„ ज० गेहेन्द्र सम्शेर थापा भा. रु. ५०)

„ ज्यान काजी श्रेष्ठ, मरुटोल मो. रु. १०१।

„ कृष्णनारायण, झोछेटोल मो. रु. १०१।

„ गोपालराम रञ्जितकार, मरुटोल मो. रु. १०१।

„ सूर्यलाल बिज्कुछें, असन मो. रु. १०१।

„ कालुराम श्रेष्ठ, असन मो. रु. १०१।

„ डा० सूर्यलक्ष्मी, यटखाटोल ल० पु० मो. रु. १०१।

„ मेजर पूर्णचन्द्र ठकुरी, डिल्लीबजार मो. रु. ९९।

„ रामबहादुर थापा, बानेश्वर भा. रु. ५१)

„ डि० गणेशबहादुर, डल्लो टोल मो. रु. ५४।

„ केदारप्रसाद, विश्वनाथ प्रसाद, रौनीहार इन्द्रचोक मो. रु. २५।

„ चित्रबहादुर थापा, भ०पु०इ० ठेचो मो. रु. ५।

„ सु० उपेन्द्रबहादुरसिंह, नैकाप् मो. रु. ५।

„ जम्० टेकप्रसाद राना मगर, ल० पु० इ० सिपाडोल मो. रु. २।

श्री गणेशबहादुर थापा, ल० पु० मत्तेगाउँ मो. रु. १।

श्री रुद्रमान श्रेष्ठ, असन मो. रु. १०।

श्रीमती विमलकुमारी देवी, जाउला खेल मो. रु. १५।

श्रीमती काली तता, ढोकाटोल „ „ २०।

पाल्पा-तानसेन

श्रीमती कृष्णकुमारी देवी, मार्फत-किस्मत-बहादुरश्रेष्ठ,भीमसेन टोल भा. रु. ५०)

„ ख० यादवेन्द्रध्वज जोसी मो. रु. २५।

„ सो० ले० भोजेन्द्रबहादुर खाण् मो. रु. ५०।

„ ख० गजेन्द्रबहादुर अधिकारी क्षेत्री मो. रु. २५।

„ ख० दुर्गाबहादुर हमाल मो. रु. २५।

„ क०प० कुलविक्रम शाहज्यू मो. रु. ६१।

„ सु० शेरमान मो. रु. ५१।

„ सु० इन्द्रलाल भारती मो. रु. २५।

„ डि० हरिदत्त मो. रु. ३१।

„ मेषनाथ मो. रु. १५।

श्रीमती रुद्रकुमारी मो. रु. ५।

श्री इवनाथ पाँडे भा. रु. १०)

„ ख० हरिबाहादुर पाण्डेय मो. रु. २५।

„ डम्बरबहादुर थापा क्षेत्री मो. रु. ५।

„ सूर्यप्रसाद गैंडे मो. रु. १५।

„ वि० त्रिलोचन उपाध्याय मो. रु. १०।

„ नरप्रतापजङ् राणा काभ्रे मो. रु. ५।

„ वि० कृष्णराज मो. रु. १०।

„ भीमलाल उपाध्याय मो. रु. ३।

„ मु० प्रेमनारायण मो. रु. ५।

„ उमानाथ शर्मा असनटोल मो. रु. २।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीगोविन्दबहादुर श्रेष्ठ, नारायण टोल मो. रु. १।
,, ईश्वरबहादुर श्रेष्ठ, नारायण टोल मो. रु. १।
,, भीमनाथ जोंगजु, भीमसेन टोल मो. रु. ५।
,, टेक प्रसाद उदास, नारायण टोल मो. रु. १०।
,, चन्द्रमान वज्राचार्य नारायण टोल मो. रु. ३।५०
,, ख. मोतिप्रसाद उदास, बडीगान टोल म्ले. रु. २।
,, डि० प्राणप्रसाद उदास, बडीगान टोल मो. रु. १।
,, मेहरमान क्षेत्री मो. रु. १०।
,, मे० चक्रबहादुर राय माझी मो. रु. २५।
,, डिल्लीजङ् राय माझी मो. रु. ३३।
,, डि० केशवराज, मेहल धारा मो. रु. २५।
,, ना० डि० तुलसीराम उपाध्याय मो. रु. १५।
,, ताम्रजङ् शाह मो. रु. १०।
,, ले० भुवनसिंह खँड्का क्षेत्री मो. रु. ५।
,, क० प० रेवतसिंह राणा मो. रु. २०।
,, रा० लीलानाथ उपाध्याय, सुरतुङ् मो. रु० ५।
,, होम बहादुर खँड्का क्षेत्री, गैरा गाउँ मो. रु. ५।
,, भरतदेव पन्त, ठूली हुँगी मो. रु. ५।
,, पं० हरिप्रसाद शर्मा मो. रु. ५।
,, हेमराज तथा गणबहादुर अमात्य मो. रु. १०।
,, नारायण प्रसाद वस्न्यात्, बरांदी टिमुरे मो. रु. ५।
,, इन्द्रजङ् रायमाझी, टेफुल डाँडा मो. रु. ५।
,, मा० हरिश्चन्द्र श्रीवास्तव मो. रु. १०।

वीरगंज

श्रीमती दुर्गाकुमारी उपाध्यायी भा. रु. १००)
श्रीमती गङ्गादेवी भा. रु. १७)
,, इन्द्रमान भा. रु. १०)

विराट नगर

श्रीमती गिन्नीलाल शर्मा- रानी बस्ती, जोगवनी भा. रु. २००)
,, जगन्नाथ डेडराज भा. रु. १०१)
श्री सु०नारायण प्रसाद रिजाल भा. रु. १००)
,, मीनराज पाण्डेय भा. रु. १००)
,, एन० घोष भा. रु. १००)
,, सूरजभान मल भा. रु. १००)
,, अ० सु० रामप्रसाद भा. रु. १०)
,, अ० ना० सु० पशुपति भा. रु. ७)
,, से० पद्मबहादुर पाण्डेय भा. रु. ६)
,, ख० कृष्णबहादुर भा. रु. ५)
,, मुन्शी लक्ष्मीकुमार भा. रु. ५)
,, वि० मदनमान भा. रु. ४)
,, मु० शिवदत्त भा. रु. ४)
,, ना० मु० गोविन्द प्रसाद भा. रु. ३)
,, ना० रा० नन्दप्रसाद भा. रु. २)
,, नौ० रेखबहादुर भा. रु. २)
,, सु० मेघबहादुर भा. रु. २)
,, ऐं० बलराम भा. रु. २)
,, जु० क० नारायाण प्रसाद भा. रु. २)
,, सि०क०विष्णुप्रसाद शर्मा भा. रु. ३)
,, डा० इन्द्रबहादुर भा. रु. ६)
,, ना० मु० माणिकलाल भा. रु. ३)
,, ख० जगत्लाल भा. रु. ५)
,, ओ० सि० रमाकान्त झा भा. रु. ८)
,, जु० क० ज्वाला प्रसाद भा. रु. २)
,, जु० क० आत्माराम भा. रु. २)
,, जु० क० भोजराज भा. रु. २)
,, सु० वे० मुक्तबहादुर भा. रु. २)
,, सु० वे० सुरथ बहादुर भा. रु. २)
,, का० मु० ना० सु० खरदार पूर्णलाल भा. रु. ७)
,, अपीलका कारिन्दाहरू भा. रु. १०)
,, मि० सु० शेरमान भा. रु. २०)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री गगनवीर पाँडे-जेलका मेजर मो. रु. १०।
,, सुब्बा दामोदर रोडसेस भा. रु. १०)
मालअड्डा भा. रु. ३५)
अमिनी भा. रु. ५०)
,, रा० विष्णुप्रसाद भा. रु. १०)
,, टीकाबहादुर भा. रु. ५०)
,, डि० कुलप्रसाद भा. रु. १०)
,, दानालाल चौधरी भा. रु. ५०)
,, पं० शोभाचन्द्र भा. रु. ३१)
,, टेकबहादुर मधुमारा भा. रु. ५)
,, अरिमर्दन भा. रु. १०)
,, ख०चक्रबहादुर चेतबहादुर भा. रु. १०)
,, डि० दीपबहादुर भा. रु. ५१)
,, डि० रामप्रसाद भा. रु. १०)
,, साहु मोहनकृष्ण भा. रु. ५१)
,, मु. हरिनारायण भा. रु. १०)
,, महारत्न भीमवाइन कम्पनी भा. रु. १०)
,, अर्जुन बाबु भा. रु. १५)
,, मु. गोविन्द बहादुर भा. रु. ३१)
,, बुद्धु मुखिया भा. रु. १०)
,, डि. ज्ञानचन्द्र भा. रु. २५)
,, प्रतापनिधि भा. रु. १५)
,, जिम्दार दण्डीराज भा. रु. १०)
,, जिमिदार ध्रुवनरसिंह थापा भा. रु. ५१)
,, भक्तबहादुर थापा भा. रु. १५)
,, तुलसीजङ्ग कार्की भा. रु. १५)
,, ठे० चन्द्र प्रसाद जैसी भा. रु. १०)
,, रामवरणलाल भा. रु. १०)
,, ख. गजराज भक्त भा. रु. १५)
,, ले० तिलविक्रम भा. रु. २५)
,, डि० रामजी प्रसाद,
काली प्रसाद,
,, गङ्गा प्रसाद भा. रु. १५)
,, चन्द्रिका प्रसाद लोहनी भा. रु. ३१)
,, रघुपति जुटमिल भा. रु. ३००)
,, विराट नगर जुटमिल भा. रु. ३००)
,, मैच फैक्टरी भा. रु. २००)
,, सुकर मिल भा० रु. २००)
,, कटन मिल भा. रु. २००)

श्री गुह्येश्वरी राइश मिल भा. रु. २००)
,, हाइड्रो इलेक्ट्रीक भा. रु. २००)
,, भगवती राइश मिल भा. रु. १०)
,, जलजला सिनेमा भा. रु. ३५)
,, हिमालय टाकीज भा. रु. ३१)
,, हरिबहादुर मानन्धर भा. रु. २१)
,, ख० मथुरालाल भा. रु. १०)
,, सु० राधाकृष्ण भा. रु. १०)
,, ठे० उत्तीमलाल भा. रु. १०)
,, तिलकराम विश्वास भा. रु. २५)
,, ख० गजेन्द्रमान सिंह भा. रु. १०)
,, शंकटा प्रसाद भा. रु. १००)
,, डि० बलबहादुर भा. रु. १०)
,, ठे० पशुपति भा. रु. १०)
,, रघुनाथ रिजाल भा. रु. ५१)
,, रुद्र प्रसाद भा. रु. २५)
,, रुद्रबहादुर थापा भा. रु. २०)
,, सुब्बामाधवप्रसाद रिजाल भा. रु. २५)
,, चैनु चौधरी भा. रु. ५०)
,, जिमिदार कालीप्रसाद-
ढकाल भा. रु. २५)
,, जिमिदार इन्द्रबहादुर भा. रु. २५)
,, ठे० गोविन्द राज भा. रु. ११)
,, डम्बर बहादुर श्रेष्ठ भा. रु. १०)
,, डि० गङ्गाप्रसाद भा. रु. २०)
,, मुन्शी काजी भा. रु. १५)
,, हीरा बाबु भा. रु. २५)
,, सु० प्रेमराज मास्के भा. रु. ५१)
,, शिवहरि भा. रु. २५)
,, लक्ष्मीभक्तराज भा. रु. १०)
,, ले० रेवतीरमण भा. रु. १०)
,, विजय कुमार जयप्रकाश भा. रु. ७५)
,, रामकिसन गंगाविशन भा. रु. ७५)
,, चाँदमल लूनकरण भा. रु. ६१)
,, कृष्ण जुट कम्पनी भा. रु. ६१)
,, पन्नालाल भँवरलाल भा. रु. ३५)
,, पद्मचन्द्र हनुमानमल भा. रु. ३५)
,, चैनसिंह भाटी भा. रु. ३५)
,, मालचन्द भीखमचन्द भा. रु. ३५)
,, विराट नगर ट्रेडिङ्ग भा. रु. ३५)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री भगवान्दासजी कल्याणी भा. रु. ३५)
,, मोतिलाल माणिक चन्द भा. रु. ३५)
,, वंशीधर रामानन्द भा. रु. ३५)
,, सागरमल शुभकरण भा. रु. २५)
,, दूलीचन्द सोहनलाल भा. रु. २५)
,, दीनदयाल जयप्रकाश भा. रु. २५)
,, गणपतराय विश्वनाथ भा. रु. २५)
,, आशुलाल बोहरा भा. रु. २५)
,, ताराचन्द विश्वनाथ भा. रु. २५)
,, रामरिछपाल सावरमद भा. रु. २५)
,, रामप्रताप पूरनमद भा. रु. २५)
,, राधाकृष्ण अग्रवाल (कैल टेक्स) भा. रु. २५)
,, मैंहदान जी राढी भा. रु. २१)
,, हनुमान बकस शङ्करलाल भा. रु. २१)
,, मैरुदान नेमचन्द्र भा. रु. २१)
,, जगन्नाथ कन्हैयालाल भा. रु. २१)
,, मदनलाल रामेश्वरलाल भा. रु. २१)
,, रूपचन्द्र घासीराम भा. रु. २१)
,, किसनलाल जगदीश प्रसाद भा. रु. १५)
,, मोहनलाल गुलाब चन्द भा. रु. १५)
,, गोविन्दराम गौरीशंकर भा, रु. १५)
,, आशाराम विष्णुदयाल भा. रु. १५)
,, रघुनाथराय केदारमल भा. रु. १५)
,, सीताराम सत्यनारायण भा. रु. १५)
,, ख० धन प्रसाद श्रेष्ठ मो. रु. २५।

धरान

श्री क० भक्तबहादुर बस्नेत भा. रु. १००)
,, ले० नरेन्द्र बहादुर बस्नेत गी. अ. मं. सं. भा. रु. ५५)
,, लक्ष्मी प्रसाद श्रेष्ठ गी०अ०मं०सं०स० भा. रु. ५०)
,, कैलासमान श्रेष्ठ भा. रु. २१)
,, रामजी श्रेष्ठ फुस्त्रे भा. रु. २१)
,, चन्द्रप्रसाद आचार्य भा. रु. ११)
,, कालीप्रसाद श्रेष्ठ भा. रु. २५)
,, मेघराज सुरेश कुमार भा. रु. २१)
,, मगन्तराम लक्ष्मणदास भा. रु. २१)
,, चन्दुलाल सोहनलाल भा. रु. ११)
श्री वंशीधर सीताराम भा. रु. २१)
,, पीसलाल रामस्वरूप भा. रु. २१)
,, चन्दगीराम रामशरण भा. रु. २१)
,, चिरंजीलाल मातूराम भा. रु. २१)
,, अग्निधर पुष्पलाल घिमिरे भा. रु. २१)
,, सुरजमल सोनी भा. रु. ११)
,, शिवकरण दास मोहनलाल भा. रु. ३१)
,, दन्तकाली राईश मिल भा. रु. ११)
,, मु० पुण्य प्रसाद आचार्य भा. रु. ११)
,, नाथू लाल राम बक्स भा रु. २१)
,, रामेश्वर लाल कल्याणमल भा. रु. ११)
,, गयाप्रसाद, चन्द्रपुर भा. रु. ११)
,, महाप्रसाद रिजाल भा. रु. २१)
,, तारचन्द्र डालचन्द्र भा. रु. ११)
,, मागेंलाल गोपीलाल भा. रु. ११)
,, रामस्वरूप गोबर्धन दास भा. रु. ४१)

धनकूटा

श्री मु० डिल्लीनाथ श्रेष्ठ, भीमसेन स्थान मो. रु. १२५।
श्रीमती लक्ष्मी माया श्रेष्ठिनी भा. रु. १०)

विभिन्न ठाउँ

श्रीमति चन्द्र कुमारी आचार्य वाराणसी भा० रु० १००)
श्री सु० लक्ष्मी बहादुर राना, पूर्व २ नं० भा. रु. ५)
,, ह० ललितबहादुर पाँडे, पू० २ नं० चिसापानी भा. रु. ५)
,, ह० शेष बहादुर थापा मगर, पू० २ नं० पलुम् भा. रु. ५)
,, ज० वीरबहादुर बस्नेत, पू० २ नं० चरिकोट भा. रु. १)
,, सु० पूर्ण बहादुर बस्नेत, पू० १ नं० कपिलास भा. रु. ५)
,, नरबहादुर, पश्चिम सल्यान भा. रु. १)

लेखिएभन्दा अतिरिक्त एक कुनै उदार श्रीमति तथा कुनै एक उदार सज्जनले पनि आफ्नू योग्यता अनुसार यसमा सहयोग दिएर पनि आफ्नू नाम र अंकलाई गुप्त राख्नुभएको छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीताध्ययन-ग्रन्थमालामा प्रकाशित पुस्तकहरू –

(१)	भक्तिरत्नमीमांसा	आ० रु०	९)
(२)	भजनावली	"	।)॥०
(३)	वेदस्तुति	आ० रु०	१)
(४)	गीता-दर्शन	सजिल्द "	७)
	"	सादिर "	५)

पुस्तकहरू पाउने ठेगाना –

(१) श्रीगीताध्ययन [illegible]

(२) [illegible] हिन्दीभाग—[illegible]

(३) [illegible]

(४) [illegible]

(५) श्री० दीननाथ—[illegible]

(६) श्री० [illegible]—[illegible]

(७) [illegible]

[illegible] गली, [illegible]

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal